# भ्रष्टविरोधी शास्त्रका प्रवर्तक : नवीन दर्शनका दार्शनिक

(कालजयी व्यक्तित्व भरत जङ्गम : दोस्रो भाग)


सम्पादक

हरि मञ्जुश्री

प्रकाशक
**कालजयी व्यक्तित्व भरत जङ्गम**
**हीरक महोत्सव मूल समारोह समिति**

**कृति**

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक : नवीन दर्शनका दार्शनिक
(कालजयी व्यक्तित्व भरत जङ्गम : दोस्रो भाग)

**सम्पादक**

हरि मञ्जुश्री

**सङ्कलक-संयोजक**

ज्ञानेन्द्र गदाल (अमेरिका)
खगेन्द्र पन्त (बेलायत)
क्रन्दन चापागाई (अस्ट्रेलिया)
प्रकाश पौडेल (जापान)
देवी पन्थी (विराटनगर)
ज्योति जङ्गम (भक्तपुर)

**प्रकाशनकाल**
१० मङ्सिर २०७८

**प्रकाशनसन्दर्भ**
ग्रन्थनायक भरत जङ्गमको ७५ औँ जन्मदिवस

**संस्करण**
प्रथम

**अक्षराङ्कन**
गीता मञ्जुश्री

**मुद्रण**
सनातन प्रेस, बिजुलीबजार, काठमाडौँ

**मूल्य**
रु. २,०००।- (US$ 17.00)

ISBN: 978-9937-0-9908-0

# समर्पण

यो ग्रन्थ
सादर समर्पित छ
समुन्नत, सभ्य, सुसंस्कृत र
भ्रष्टाचाररहित मानव-समाजको
परिकल्पना गरी साहित्य, पत्रकारिता,
राजनीतिक चिन्तन, प्रशासन, अध्यात्म, कानुन,
समाजसेवा, इतिहास, पुरातत्त्वसम्बन्धी अनुसन्धान,
भ्रष्टाचारविरोधी अभियान तथा भ्रष्टाचारविरोधी विज्ञान
आदि विविध क्षेत्रबाट सर्वतोमुखी मानव-कल्याणका लागि
समर्पित विश्ववाङ्मयका अमूल्य निधि भ्रष्टविरोधी शास्त्रका
प्रवर्तक एवं नवीन दर्शनका दार्शनिक श्री भरतमणि जङ्गममा ।

**कालजयी व्यक्तित्व भरत जङ्गम**
**हीरक महोत्सव मूल समारोह समिति**

# कालजयी व्यक्तित्व भरत जङ्गम
# हीरक महोत्सव मूल समारोह समिति

**सल्लाहकार**

डा. सत्यमोहन जोशी
प्रा. डा. सुरेशराज शर्मा
प्रा. डा. लोकविक्रम थापा
प्रा. डा. तीर्थराज खनियाँ
प्रा. डा. खगेन्द्रप्रसाद भट्टराई
प्रा. डा. कुलप्रसाद कोइराला
श्रीमती सावित्री जङ्गम थापा

**संयोजक**

प्रा. डा. वासुदेव त्रिपाठी

**सहसंयोजक**

प्रा. डा. माधव भट्टराई

**सदस्य सचिव**

हरि मञ्जुश्री

**सदस्य**

| | |
|---|---|
| पूर्वमन्त्री दीनबन्धु अर्याल | पूर्वमन्त्री प्रा. डा. कान्ता भट्टराई |
| प्रदेश सांसद गणेश दुलाल | प्रदेश सांसद दीपेन्द्र श्रेष्ठ |
| प्रा. डा. देवमणि भट्टराई | प्रा. डा. शैलेन्दुप्रकाश नेपाल |
| प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठ | प्रा. डा. उत्तमकृष्ण कर्माचार्य |
| प्रा. डा. वीणा पौड्याल | प्रा. डा. गार्गी शर्मा |
| प्रा. डा. बेनी जङ्गम रावल | डा. सावित्री मैनाली |
| डा. माधुरी सिंह | कलाधर काफ्ले |
| टीकाराम अर्याल | हिरण्यकुमारी पाठक |
| पद्मावती सिंह | भागीरथी श्रेष्ठ |
| राधेश्याम लेकाली | अर्जुन बाँस्तोला |
| सुरजचन्द्र लामिछाने | अस्मिता भण्डारी |

# विषयसूची

## प्रारम्भ


१. उपराष्ट्रपतिको शुभकामना / १३
२. जगद्गुरु बालसन्त मोहनशरण देवाचार्यको शुभकामना / १४
३. स्वामी श्रीरामकृष्णाचार्यजी महाराजको शुभकामना / १५
४. बागमती प्रदेश प्रमुखको शुभकामना / १६
५. लुम्बिनी प्रदेश प्रमुखको शुभकामना / १७
६. नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपतिको शुभकामना / १८
७. नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका कुलपतिको शुभकामना / १९
८. त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको शुभकामना / २०
९. काठमाडौं विश्वविद्यालयका उपकुलपतिको शुभकामना / २१
१०. पोखरा विश्वविद्यालयका उपकुलपतिको शुभकामना / २२
११. त्रि. वि. सुशासन तथा भ्रष्टाचार निवारण अध्ययन स्नातकोत्तर कार्यक्रमका संयोजकको शुभकामना / २३
१२. शैक्षिक शिरोभूषण डा. सुरेशराज शर्माको शुभकामना / २४
१३. हीरक महोत्सव मूल समारोह समितिबाट समर्पण गरिने अभिवन्दनापत्र / २५
१४. प्रकाशकीय / २७
१५. सम्पादकीय / २८


## पहिलो खण्ड (क)


१६. अविस्मरणीय डोलेश्वर सहयात्रा — अरुणकुमार पाण्डे / ३३
१७. नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण नियाल्दा — आशाकुमार चिकँबन्जार / ३६
१८. भरत जङ्गमसँगको पहिलो भेट — इन्द्रकुमार श्रेष्ठ / ३९
१९. साधारण व्यक्ति असाधारण व्यक्तित्व — इन्दिरा जङ्गम / ४४
२०. सुपरिचित व्यक्तित्व — डा. इन्दुल केसी / ५९
२१. प्रेरणादायी व्यक्तित्व — ईश्वर देवकोटा / ६२
२२. भरतमणि : भ्रम, तथ्य र निराकरण — डा. उद्धव पुरी / ६४
२३. चम्किलो तारा — एसपी आशा / ६६

२४. भरतमणि अर्थात् नेपाली मणि — कमल ढकाल / ६८
२५. ऐतिहासिक भ्रममाथि भ्रमण गर्दा — कमल रिजाल / ७३
२६. बहुमुखी प्रतिभाका धनी — कुमार पोखरेल / ८२
२७. प्रेमपत्र भरतजीलाई — कृष्ण प्रधान / ८९
२८. खोजी गर्छन्, रोजा लेख्छन् — प्रा. डा. कृष्णप्रसाद दाहाल / ९६
२९. भरत जङ्गमसँग जम्काभेट — कृष्णहरि बास्कोटा / १०२
३०. देशभक्ति र निष्ठाको सङ्गम — केदार शाक्य / १०५
३१. एक नक्षत्र चारुमती स्कुलका — केशर भण्डारी / १०८
३२. देशले बिर्सिएको व्यक्ति — केशव पुरी / ११२
३३. अथक योद्धासँगको सान्निध्यको कथा — केशव मरहट्टा / ११४
३४. पशुपतिका प्रिय भक्त — गणेश गुरु / ११९
३५. भ्रष्टाचारविरोधी नेता — गणेश ठकुराठी / १२३
३६. भरतमणि जङ्गमको सङ्क्षिप्त परिचय — गीता मञ्जुश्री / १२५
३७. सहयोगी व्यक्तित्व — गोपाल श्रेष्ठ / १२९
३८. 'भ्रष्टाचारविरुद्धको विज्ञान' दर्शनका दार्शनिक — डा. गोविन्दसिंह रावत / १३१
३९. प्रतिभाशाली व्यक्तित्व — डा. चण्डिकाप्रसाद भट्टराई / १३८
४०. सक्षम व्यक्तित्व — चन्द्रबहादुर खड्का / १४१
४१. नेपाल आमाका सच्चा सपूत — ज्ञानेन्द्र गदाल / १४५
४२. विश्वचर्चित सिद्धान्तका सिद्धान्तकार — तारा बराल / १४९
४३. उहाँलाई मेरै दृष्टिकोणले हेर्छु — तीर्थराज अधिकारी / १६०
४४. परमात्मा तत्त्वको लीला अनौठो — तुलसी भारद्वाज / १६३
४५. उनीसँगको पहिलो भेट — तेजविनोद पोखरेल / १६५
४६. दृढ अलौकिक व्यक्तित्व — प्रा. डा. त्रिरत्न मानन्धर / १६७
४७. भ्रष्टाचारविरोधी अभियन्ता — दस्तुरसिंह बस्नेत / १७१
४८. विविध कार्यका सङ्गम — दामोदर घिमिरे / १७३
४९. नेपाल आमाका सपूत — पं. दिवाकर भण्डारी / १७५
५०. नेपाली माटोमै उम्री मलजल पाएको अभियानको सम्झना — दीपक ज्ञवाली / १७८
५१. राष्ट्रिय चेतका धनी — प्रा. डा. देवमणि भट्टराई / १८२
५२. 'कालो सूर्य' मा चम्किएका उज्यालो जङ्गम — डा. देवी क्षत्री दुलाल / १८७

५३. बानेश्वरका गौरव धनञ्जय पौड्याल / १८९
५४. कोभन्दा के कम ! नवराज कार्की / १९२
५५. भरत जङ्गम, म र मेरी आमा नवीना श्रेष्ठ / १९४
५६. अग्रज समाजसेवी नारायण पौडेल / १९७
५७. देशभक्त, सशक्त कलमजीवी
र प्रखर वक्ता निमकान्त पाण्डे / २००
५८. विद्वान् लेखक भरत जङ्गम र बानेश्वर
महादेवस्थान डा. निरञ्जनमानसिंह बस्न्यात / २०४
५९. बुबाको हीरक महोत्सव निशा केसी जङ्गम / २०७
६०. सांस्कृतिक धन्वन्तरि नेमसिंह नकर्मी / २१०
६१. तिखो कलमका
हिमायती साहित्यकार पदम विश्वकर्मा / २१४
६२. भिंद्यः को हुन् ? डा. पुरुषोत्तमलोचन श्रेष्ठ / २१७
६३. आफ्नासँग आफ्नै कुरा पुष्पप्रसाद लुइटेल / २४१
६४. नेपालमा भ्रष्टाचारको चिरफार र अवस्था पुष्पा खरेल / २४६
६४. बहुआयामिक व्यक्तित्वका धनी प्रकाशप्रसाद उपाध्याय / २५२
६६. महान् कर्मयोगी प्रजापति तिमिल्सिना / २५६
६७. म के भनौँ र खै ? प्रतीक ढकाल / २५९
६८. भ्रष्टाचारविरोधी महानायक प्रीतबहादुर विष्ट / २६९
६९. विशिष्ट अभियन्ताको
व्यक्तित्वका विविध आयाम प्रा. प्रेमकुमार खत्री / २७१
७०. एक व्यक्ति अनेक आयाम प्रेमप्रसाद चौलागाईं / २७७
७१. यात्रा 'कालो सूर्य' देखि भ्रष्टाचारविरोधी
अध्ययनसम्मको डा. बलबहादुर भण्डारी / २८०
७२. एक दृष्टिकोण भरत जङ्गमप्रति डा. बेनी जङ्गम रावल / २८३
७३. जोसँग झूटहरू डराउँछन् भक्तिनारायण घिमिरे / २८७
७४. चीनमा भरत जङ्गमको चर्चा भरत शर्मा / २८९
७५. अद्वैत व्यक्तित्वका धनी
धन्य जङ्गम भरतमणि मच्छेश्वर सापकोटा / २९५
७६. 'निर्बन्ध बन्धन' भित्र नारी मनोभाव मधु पोखरेल / २९७
७७. प्रयास गर्नुहोस् भरत जङ्गमजी ! महेश्वर जुजु / ३०१

७८. सदाचारका उपासक मानसाग्नि / ३०६
७९. ऐतिहासिक महादेवस्थान
र भरत जङ्गम मुकुन्दराज सत्याल / ३०९
८०. बानेश्वर महादेवस्थान
र भरत जङ्गम मुरारिविनोद पोखरेल / ३१३
८१. भ्रष्टाचारविरोधी अभियन्तालाई बधाई राजन कार्की / ३२३
८२. बानेश्वर महादेवस्थान परिसर
र भरत जङ्गम राजेन्द्रप्रसाद मराठा / ३३४
८३. विसङ्गतिका विरोधी रामकृष्ण कर्माचार्य / ३४८
८४. नाम एक विशेषता अनेक रामप्रसाद खनाल / ३५०
८५. प्रकृति र संस्कृतिको रक्षाम रोमलाल गिरी / ३५२
८६. 'कालो सूर्य' र 'कालार्कः' को
अन्तरालको भावानुभूति रोहिणीराज तिमिल्सिना / ३५५
८७. अविस्मरणीय व्यक्तित्व लालगोपाल सुवेदी / ३६१
८८. स्वच्छ समाज निर्माणमा
समर्पित अविश्रान्त यात्री विजय चालिसे / ३६४
८९. भरत जङ्गमबाट
डोलेश्वरको कायापलट विदुरमानसिंह बस्नेत / ३६९
९०. सहयोगी छिमेकी विन्दिया प्रधान / ३७१
९१. पूर्वीय धरोहरका संरक्षक विमल अर्याल / ३७५
९२. भीमसेनसम्बन्धी समालोचना विष्णुराज कार्की / ३७९
९३. लिभिङ लेजेन्ड वैकुण्ठविक्रम थापा / ३८२
९४. सङ्लो विचारका धनी सङ्लो व्यक्तित्व शङ्कर भारती / ३८६
९५. ख्वपदेशमा भरत जङ्गमको विचरण शशी थापा पण्डित / ३९१
९६. आध्यात्मिक चिन्तक शालिग्राम न्यौपाने / ३९८
९७. बधाई र शुभकामना शेषराज सिवाकोटी / ४००
९८. भरत जङ्गमको व्यक्तित्व श्याम केसी / ४०२
९९. गौरवान्वित भादगाउँले श्यामसुन्दर धौभडेल / ४०५
१००. नथाकेका पाइलाहरू सावित्री जङ्गम थापा / ४०६
१०१. सहपाठी मित्र सुदर्शन केसी / ४१७
१०२. बहुआयामिक व्यक्तित्व सुनील सापकोटा / ४२३

१०३. कुशल प्रभावशाली व्यक्तित्व सुरेशकुमार पुडासैनी / ४२४
१०४. भित्तामा टकराइरहने आवाज हरिप्रसाद ओझा / ४२६
१०५. विश्वलाई नै उपहार दिने दाता हरिशरण महाराज / ४३०

## पहिलो खण्ड (ख)

१०६. ब्ल्याक मनिप्लान्ट अर्चना कर्ण / ४३४
१०७. उहाँ मामाघर नेपालमा अर्पण पराजुली / ४३७
१०८. उनका सपनाका सन्दर्भमा आरके श्रेष्ठ / ४३९
१०९. शुभकामनाका शब्दहरू किरण थापा / ४४३
११०. पशुपति क्षेत्र र पशुपतिनाथका परम भक्त केदारमान भण्डारी / ४४६
१११. साहित्यका सङ्गम च्वःसाःपासा केशरी बज्राचार्य / ४५०
११२. मेरो अनुभवमा कृष्णमणि कुइकेल / ४५३
११३. भरत जङ्गमको व्यक्तित्व खगेन्द्र पाठक / ४५४
११४. भरत जङ्गम र नागरिक आयोगको आवश्यकता गङ्गाप्रसाद शर्मा / ४५७
११५. साहसी स्रष्टा गीता खत्री / ५७४
११६. टिपोटमा भरत जङ्गम गोविन्दबाबु तिवारी / ४७६
११७. एक संस्मरण चण्डी श्रेष्ठ / ४७९
११८. सांस्कृतिक सम्पदा संरक्षणमा भरत जङ्गमको योगदान चन्द्रप्रसाद त्रिपाठी / ४८२
११९. 'भरतेन्दु' जस्केलोबाट हेर्दा चूडाप्रसाद चौलागाई / ४८७
१२०. देशमा कैयौँ भरत जङ्गमको आवश्यकता छ चेतनाथ आचार्य / ४९५
१२१. रूप एक क्रिया अनेक जनक वाग्ले / ५०१
१२२. बानेश्वर महादेवस्थानको उन्नयनमा भरत जङ्गमको भूमिका डा. जनार्दनराज लामिछाने / ५०४
१२३. भ्रष्टाचारविरोधी अभियन्ता जनार्दन शर्मा अधिकारी / ५११
१२४. कुण्डलीका चूडामणि टेकराज ढुङ्गेल शास्त्री / ५१४
१२५. पहिलो भेटका छोटा कुरा दयाराम रेग्मी / ५१५
१२६. अजस्र प्रेरणास्रोत दीनबन्धु अर्याल / ५१८

१२७. अविच्छिन्न बगिरहने
नपत्याउँदो खोला — दीर्घराज प्रसाई / ५२४
१२८. भरत जङ्गम र भ्रष्टाचार — दुर्गा दङ्गाल / ५३३
१२९. कुरो ५२ वर्षअघिको — देवराज अधिकारी / ५३९
१३०. भरत जङ्गमको सुकीर्ति — द्रोणप्रसाद श्रेष्ठ / ५४४
१३१. समाजोपयोगी सक्रियता — ध्रुवहरि अधिकारी / ४५०
१३२. हलिपटका विषयमा — डा. नयनाथ पौडेल / ५५४
१३३. युगपुरुषसमक्ष पत्रम्-पुष्पम् — पदम दाहाल / ५६०
१३४. बोल्ने पशुपतिनाथ — प्रकाश आचार्य / ५६५
१३५. मानव जीवन, धनदौलत
र भरत जङ्गम — भरतबहादुर खड्का / ५६८
१३६. डोलेश्वर महादेव र भ्रष्टाचारविरुद्ध
अभियानका अभियन्ता — भुवनेशकुमार प्रधान / ५८१
१३७. शताब्दी पुरुष — डा. भोला रिजाल / ५८६
१३८. निष्ठावान् व्यक्तित्व — माधव खनाल / ५८८
१३९. देशका सच्चा सपूत — मोहन अधिकारी / ५९०
१४०. भ्रष्टविरोधी शास्त्रका प्रवर्तक — प्रा. डा. मोहन लोहनी / ५९६
१४१. अर्थनीति र भ्रष्टाचार अभियान — यज्ञप्रसाद घिमिरे / ५९९
१४२. पारदर्शिता र भरत जङ्गम — इ. रामकुमार ठाकुर / ६०५
१४३. भरत जङ्गमका बहुआयाम — रामकुमार श्रेष्ठ / ६१२
१४४. जङ्गम युगको खाका — स्वामी राममणि दास / ६१५
१४५. इतिहासको पानाभित्र
देखिएको पात्र — लवकुमार नेपाल / ६२०
१४६. 'रातो घाम' सरसरती पढ्दा — विजय सागर / ६३०
१४७. ख्वपदेश : सङ्क्षिप्त चर्चा — प्रा. डा. विष्णु सापकोटा / ६३७
१४८. भरत र भीमसेन — प्रा. डा. वीणा पौड्याल / ६४१
१४९. भरत जङ्गमको
जन्मकुण्डलीको विवेचना — डा. वीरेन्द्रप्रसाद कायस्थ / ६४५
१५०. उन्नत एवं विशुद्ध सामाजिक आचरण — शिव अधिकारी / ६५३
१५१. भ्रष्टाचारविरुद्धको अभियानमा
'कारी सुरुज' — शिवनारायण 'सिङ्गल' / ६६२

१५२. भरत जङ्गम र मौन संवाद — श्यामराज ढुङ्गेल / ६६६
१५३. त्यस बेलाको कुरो — डा. श्रीराम बास्कोटा / ६६९
१५४. मेरा गुरुको जय होस् — सानुराज गजुरेल / ६७३
१५५. कर्मयोगीसँग जम्काभेट — सानुराजा पुरी / ६७६
१५६. पुरानो सम्बन्ध — प्रा. सुरेशराज चालिसे / ६८२
१५७. त्रिगुणात्मक व्यक्तित्व — प्रा. सुवर्ण शाक्य / ६८३
१५८. ठूलो योगदान — .................... / ६८८

## दोस्रो खण्ड

१५९. भ्रष्टाचारविरोधी अभियान के नायक — दीपक गोस्वामी 'चिराग' / ६९०
१६०. अन्तर्राष्ट्रिय जङ्गम सम्मेलनके मुख्यातिथि — प्रा. डा. रामनिवास जङ्गम / ६९२
161. Bharat Jangam: A name synonymous to anti-corruption — Devi Panthi / 694
162. Bharat Jangam, an Anti-corruption Social Activist in Nepal — Dr. Ghaman Singh Khadka / 696
163. On the auspicious occasion of 75th birthday of Bharat Mani Jangam — Dr. Guru Giri / 700
164. Bharat Jangam: An Institution of Anti-corruption — Kedar Khadka / 702
165. A role model indeed — Roshan Manjushree / 704
166. A Man With A Purpose — Roshan Thapa / 709
167. A symbol of Karnataka Veerashiva heritage - Bharat Jangam in Nepal — Shobha HG / 713
168. A Great Visionary — Dr. C. Somasekhara / 716
169. A Crusader for Protecting the Nepalese Civilization — Dr. Surendra Bhandari / 719
170. Kappu Soorya — T. S. Dakshinamurthy / 725
171. The father of Anticorruption Campaign of the World — Dr. Uttam K. Karmacharya / 728
172. Birthday Wishes — Vijaya V Bhat / 733
173. About Bharat Jangam — Vijay Jangam / 734

## तेस्रो खण्ड

१७४. शुभकामना — असफल गौतम / ७३७

१७५. शुभकामना डा. कृष्णप्रसाद भट्टराई / ७३८
१७६. शुभकामना डा. कृष्ण भण्डारी 'मुमुक्षु' / ७३९
१७७. को हुन् भरत जङ्गम ? डा. घनश्याम न्यौपाने परिश्रमी / ७४१
१७८. श्रद्धा-सम्मान जीविका अश्रु / ७४२
१७९. भरत जङ्गम तिला लेकाली / ७४३
१८०. मेरा लागि भरत जङ्गम पुष्पलता आचार्य / ७४४
१८१. भरत जङ्गम जिन्दावाद ! प्रेम सन्जेल / ७४५
१८२. देश सुन्दर बनाउनुपर्छ भवानीप्रसाद पोखरेल / ७४९
१८३. जङ्गम-सङ्गम भुवनहरि सिग्देल / ७५०
१८४. को हुन् भरत जङ्गम ? माधव वियोगी / ७५४
१८५. अभिनन्दन रामनाथ अधिकारी सँगी / ७६०
१८६. ज्योतिपुञ्ज ज्यो. पं. लोकहरि घिमिरे / ७६४
१८७. मङ्गलवाणी शारदाप्रसाद शर्मा / ७६५
१८८. विशेष व्यक्तित्वको हीरक महोत्सव श्रीधर पौडेल / ७७०
१८९. गजल सिर्जना खनाल / ७७२
१९०. जङ्गमो जयतात् सदा प्रा. हरिप्रसाद अधिकारी / ७७३

## चौथो खण्ड

१९१. प्रश्न हरि मञ्जुश्रीको उत्तर भरत जङ्गमको / ७७६

## अवशिष्ट खण्ड

१९२. 'ख्वपदेश' उपन्यासमा विचरण गर्दा – डा. कान्ता भट्टराई / ८४५
१९३. नेपाली इतिहासका भ्रमबारे भरत जङ्गमको पुस्तकभित्र एक जमर्को – खेमराज पोखरेल / ८६३
१९४. भरत बाबु भरत जङ्गम – तेजेश्वरबाबु ग्वङ्ः / ८७३
१९५. वाम चस्माले निष्कपट सक्रियता नियाल्दा – नरेन्द्रजङ्ग पिटर / ८७८
१९६. भरत जङ्गमको छोटो चिनारी .................. / ८८०
197. Bharat Jangam and Anti-Corruption Mission - Pancha Kumari Manandhar / 885
198. Dedicated to a True Anti-Corruption Activists - Dr. Rabin Acharya / 889

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

उपराष्ट्रपतिको कार्यालय लैनचौर, काठमाडौं, नेपाल

## शुभ-कामना

सामाजिक विसंगति तथा भ्रष्टाचारविरुद्ध आवाज उठाउने अभियान्ता श्री भरत जंगमज्यूको ७५ औं शुभजन्मोत्सवको अवसरमा भरत जंगम हीरक महोत्सव मूल समारोह समितिले ***'कालजयी व्यक्तित्व भरत जंगम'*** नामक अभिनन्दन ग्रन्थको दोस्रो भाग प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई ज्यादै खुशी लागेको छ । भ्रष्टविरोधी शास्त्रका प्रवर्तक भरत जंगमज्यूको ७५ औं शुभजन्मोत्सवको अवसरमा हार्दिक बधाई सहित सु-स्वास्थ्य, दीर्घायुको कामना गर्दछु । अभिनन्दन ग्रन्थ, दोस्रो भाग प्रकाशनको शुभकामना व्यक्त गर्दछु ।

भरत जंगमज्यूको व्यक्तित्व र भ्रष्टाचारविरुद्धको अभियानमा उहाँले पुऱ्याउनुभएको योगदानका बारेमा त मैले यहाँ धेरै चर्चा गरिरहनु परेन । उहाँले २०७३ सालमा विश्वप्राज्ञिक समाजलाई नेपालको तर्फबाट 'भ्रष्टविरोधी शास्त्र' उपहार दिनुभएसँगै विश्वले पहिलोपटक भ्रष्टविरोधी शास्त्रको रुपमा भ्रष्टाचारविरोधी विज्ञान पाइसकेको छ । हामी नेपालीका लागि यो ज्यादै गौरवको विषय हो । भ्रष्टाचारविरोधी विज्ञानका पिताको रुपमा स्थापित भरत जंगमज्यूप्रति म उच्च सम्मान व्यक्त गर्दछु ।

हामीले नेपालबाट विश्वलाई भ्रष्टविरोधी शास्त्र दिइरहँदा हाम्रै देशमा भ्रष्टाचारको अवस्था के छ भन्ने विषयमा भने सबैले ध्यान दिनुपर्ने बेला आएको छ । विगतदेखि वर्तमानसम्म हाम्रो देशमा भ्रष्टाचार व्याप्त छ भन्ने गुनासा जनताले गरिरहेका छन् । जनताले यी गुनासा गर्ने अवस्था रहिरहेसम्म समुन्नत र समृद्ध नेपाल निर्माणको सपना पूरा गर्न कठिन हुन्छ । किनकी भ्रष्टाचार र अनियमितता विकास, प्रगति र समृद्धिका प्रमुख बाधक हुन् ।

हाम्रो देशमा भ्रष्टाचार निवारणका लागि विभिन्न निकायहरु छन् । ती निकायले काम कति प्रभावकारी गरिरहेका छन् ? यसमा जनगुनासाहरु अवश्य छन् । भ्रष्टाचार निवारण गर्ने निकायहरुले आफ्ना कामलाई प्रभावकारी बनाउनुपर्छ । साथ साथै भ्रष्टाचार निवारणका लागि आम जनतामा जनचेतना फैलाउनुपर्दछ ।

नेपालमा भ्रष्टाचार नियन्त्रण र निवारणका लागि भरत जंगमज्यूद्वारा प्रतिपादित भ्रष्टविरोधी शास्त्र मार्गदर्शन बन्ने मैले अपेक्षा लिएको छु । भ्रष्टाचारविरुद्धको विषयमा त्रिभुवन विश्वविद्यालयमा अध्ययन अध्यापन प्रारम्भ भइसकेको र अन्य विश्वविद्यालयहरुले समेत तयारी गरिरहेकाले यसबाट भ्रष्टाचार निवारणमा ठूलो योगदान पुग्ने मेरो विश्वास छ ।

भरत जंगमज्यूको ७५ औं जन्मोत्सवको अवसरमा प्रकाशित हुने यस पुस्तकले भ्रष्टविरोधी शास्त्र, भ्रष्टाचारविरुद्धको अभियान र यस अभियानमा उहाँले पुऱ्याउनुभएको योगदानबारे आम मानिसलाई जानकारी दिने र भ्रष्टाचार नियन्त्रणमा सघाउ पुग्ने मैले वश्वास लिएको छु । यो महत्वपूर्ण ग्रन्थ प्रकाशनका लागि भरत जंगम हीरक महोत्सव मूल समारोह समितिप्रति धन्यवाद व्यक्त गर्दछु ।

उपन्यासकार, पत्रकार, लेखक तथा भ्रष्टाचारविरुद्धका अभियान्ता श्री भरत जंगमज्यूको सु-स्वास्थ्य एवम् दीर्घायूको कामना ।

धन्यवाद !

*६ मंसिर २०७८*

नन्दबहादुर पुन 'पासाङ'

# भरत जङ्गमप्रति शुभकामना
## – जगद्‌गुरु बालसन्त मोहनशरण देवाचार्य



तिमी ठूला मान्छे निडर बनि हिँड्छौ जगतमा
अहो ! लड्छौ, भिड्छौ पशुपति समाल्छौ विपदमा
लड्यौ मुद्दा राखी शिरउपरमा श्री पशुपति
गर्‍यौ ठूलो छाती समरविजयी ह्वौ दृढ अति
॥ १ ॥

विधर्मी दौडन्थे पशुपतितिरै गर्वित बनी
यहीँ गाड्छौ मूर्दा पशुपतिनजीकै अब भनी
न ता नेता वोल्थे न त जन थिए साथ तिमिमा
थियो योटै तिम्रो प्रखर प्रतिभा राष्ट्रभरिमा
॥ २ ॥

कृपा पायौ ठूलो हरिहर सबै देवगणको
बडा ज्ञानी ध्यानी अमल मनका सन्तजनको
पुनः तिम्रै भित्री प्रबल मनका शक्तिहरुको
त्यसैले चम्कन्छौ धवल बनिई स्वच्छ मनको
॥ ३ ॥

न ता डर्छौ कैल्यै न त मलिन पार्छौ मन कतै
न ता निन्दा गर्छौ अरु मनुजको गर्वित हुँदै
न ता कैल्यै हार्‍यौ न त पछि कुद्यौ 'दास' बनिदै
सधैँ दौडेका छौ भरत ! रणमा शूर बनिदै
॥ ४ ॥

राष्ट्रकै हितमा देख्छौ सदा सङ्घर्षको पथ
हे हे ! जङ्गम लौ हाँक कृष्णझैँ धर्मको रथ
छौँ तिम्रा साथमा हामी धर्मको गर्न रक्षण
राष्ट्रका, धर्मका लागि साहसी अगुवा बन
॥ ५ ॥

●

# आशीर्वचांसि
## – स्वामी श्रीरामकृष्णाचार्यजी महाराज

(वाचन : हरि मञ्जुश्री)

रमन्ते ये शरीरादौ केवलाः सन्ति भोगिनः ।
ये साधनारताः सन्ति सदा जीवन्ति योगिनः ॥१॥

भस्त्रिकेव श्वसन्रे रे जीवनं नैव जीवितम् ।
प्राणिनां रक्षणायैव देहस्योत्सर्जन भवेत् ॥२॥

मुमुक्षु सैव सिद्धोऽस्ति योनौ न भ्रमति क्वचित् ।
स जीवो यस्य भोगेच्छा नास्ति योगस्य हेतुतः ॥३॥

पश्यति निहितं गूढं, धारयन्नाचरं महत् ।
व्यतति यः नरः ह्यत्र धन्यं तदीयजीवनम् ॥४॥

जानाति स्वेच्छया जीवो विश्वस्य कार्यकारणम्
अतो घृणामहङ्कारं त्यक्त्वा भवति निर्मलः ॥५॥

प्राणिमात्रस्य कल्याणं कर्मणः सार एष नः ।
इत्थं निष्कामभावस्य जीवः शोचति वै सदा ॥६॥

जडवन्नैव शक्नोति स्थातुं केवल-चेतनः ।
तर्तुं सागरसंसारं स शोचति प्रतिक्षणम् ॥७॥

यस्य प्रज्ञा, कार्यशैली ह्यस्ति त्यागस्य भावना ।
स समर्थकसिद्धोऽस्ति सफलं तस्य जीवनम् ॥८॥

जङ्गमः जङ्गमायते, भरताख्यः विचारवान् ।
शिवस्य चिन्तनं कृत्वा रममाणो हि सर्वदा ॥९॥

नैरुज्यं कामये नित्यं कीर्तिर्विस्तारिता भवेत् ।
शतञ्जीवतु भरत ! लोककल्याणहेतवे ॥१०॥

●

# Government of Nepal

**Chief of the Province**
Bagamati Province
Hetauda, Makawanpur, Nepal

15 November 2021

## Greeting message

I am in a state of ecstasy for being privileged to write couple of sentences in honor to Mr. Bharat Jungam on launching a rave review in connection to his 75th anniversary; in another word, we may say 'Diamond Jubilee'. Mr. Bharat Jungam, to whom I know a grey hair, is an ever energetic, active, feisty with young heart, and full of verdant thought. His courage on illustrating outsiders' micro management in our internal affairs, impact of traitors on our society and intruders' maneuvering the upper crust of our system through **KALO SURYA** 'the black sun' has been a book of inspiration for me. His method of social compassing is not only typical but also perfect and wonderful.

At the same time, he can decorate his fabrication of thought with both the potential and kinetic metaphors. If we elaborate his narrative putting in a big canvas and understand in a big picture's term, the life of a brave race, the fate of an ever-sovereign state and Himalayan conquerors is being switched into a chicken in the eagle's claw or a carcass of dead animal surrounded by the swarm of vultures.

We may say millennium, century or year, this all are fragmentation of time. Mr. Jungam has given account about the atrocities of outsiders in prowling our national wealth during Sunday to Saturday, the one week. Therefore, I like to accolade him for his contribution to our society, for his vivacity and courage to demonstrate the impact and magnitude of outsiders' encroachment.

Yadav Chandra Sharma
Chief of the Province

नेपाल सरकार

प्रदेश प्रमुख
लुम्बिनी प्रदेश
मुकाम बुटवल, रुपन्देही

पत्र संख्या:-
चलानी नं.:-

मितिः....... ................. .....

## शुभकामना

बौद्धिक ब्यक्तित्व भरत जंगमजीको ७५ औं जन्मदिवसको अवसरमा नागरिक अभिनन्दन गर्ने कार्यक्रम तय भएको खवरले खुशी लागेको छ ।

तत्कालीन सामन्ति राजतन्त्रात्मक कालदेखि गणतन्त्रात्मक कालसम्मं संस्थागत रुपले मौलाउदै आएको कमिशनतन्त्र र भ्रष्टाचारबाट जनता गरीवीको रेखामुनि पर्दै मुस्किलले सासफेर्न बाध्य भएका छन् । यसप्रकारको अवस्थाबाट मुक्त नगरी देशको समृद्धि संभव छैन । भ्रष्टाचार देशको एक नम्वरको दुश्मन हो । भरत जंगमजी जस्ता हजारौं हजार पाकाहरु र लाखौंलाख युवाहरुबाट भ्रष्टाचार बिरुद्धको संघर्षमा सक्रिय योगदानको आवश्यकता छ । तपाइले केही दशकदेखि भ्रष्टाचार बिरुद्धको संघर्षमा संलग्न हुनु भएको छ । त्यसलाई अझ अगाडि बढाइरहनु होस मेरो सुभेच्छा छ ।

भरत जंगमज्यूको ७५ औं जन्मदिवसलाई हिरक महोत्सवका रुपमा सम्पन्न गर्ने र जंगमजीको जीवनीको आधारमा स्मारिका प्रकाशन गर्ने समारोह समितिले निर्णय गरेको थाहा पाएँ त्यसको सफलताको कामना गर्दै भरत जंगमजीलाई जन्मदिवसको शुभकामना र बधाई दिन चाहन्छु ।

अमिक शेरचन
प्रदेश प्रमुख

२०७८/०८/०१

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २३०५८, काठमाडौं, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np

पत्र सङ्ख्या
चलानी नं.

## शुभकामना

भरत जङ्गम लेखक, कवि, सामाजिक कार्यकर्ता र विचारकका रूपमा सुपरिचित नाम हो । उहाँसँग पत्रकारिता, कानुन एवम् प्रशासनिक क्षेत्रको पनि राम्रो अनुभव छ । २०२७ सालदेखि भ्रष्टाचारविरुद्धको अभियानमा समर्पित हुँदै आउनुभएका जङ्गमले २०७३ सालमा भ्रष्टाचारविरोधी शास्त्र 'एन्टिकरप्टोलोजी' प्रकाशन गरेसँगै भ्रष्टाचारविरोधी विज्ञानका पिताका रूपमा समेत उहाँ परिचित हुनुभएको छ ।

भक्तपुरको टौमढी टोलमा २००४ साल मङ्सिर १० गते जन्मिनुभएका जङ्गमको २०३६ सालमा प्रकाशित 'कालो सूर्य' उपन्यास निकै चर्चित छ । यसबाहेक उहाँका 'चक्रव्यूह', 'रातो घाम' र 'ख्वपदेश' शीर्षकका उपन्यासहरूका साथै कथा, कविता र गीतका पनि भिन्नाभिन्नै पुस्तक प्रकाशित छन् । उहाँबारे स्नातकोत्तर र विद्यावारिधिको शोधपत्रका अतिरिक्त अन्तर्वार्ता सङ्ग्रह, अभिनन्दन ग्रन्थ, महाकाव्य र समीक्षा पनि प्रकाशित छन् ।

यसै क्रममा उहाँको ७५ औं शुभ जन्मोत्सवमा आयोजना गर्न लागिएको हीरक महोत्सवका अवसरमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' शीर्षकको अभिनन्दन ग्रन्थको दोस्रो भाग प्रकाशन गरी सार्वजनिक गर्न लागेको थाहा पाउँदा मलाई निकै खुसी लागेको छ । ग्रन्थ प्रकाशन एवम् उहाँको अभिनन्दनका लागि गठित भरत जङ्गम हीरक महोत्सव मूल समारोह समितिका संयोजक प्रा.डा. वासुदेव त्रिपाठी, सहसंयोजक प्रा.डा. माधव भट्टराई, सदस्य सचिव हरि मञ्जुश्री, व्यवस्थापक सुशीलकुमार शर्मा लगायतको पहल निकै नै प्रशंसनीय छ ।

यस अवसरमा म अभिनन्दित हुन लाग्नुभएका व्यक्तित्व भरत जङ्गमको सुस्वास्थ्य एवम् दीर्घ जीवनको कामना गर्दै प्रस्तुत अभिनन्दन ग्रन्थ प्रकाशन कार्यको पनि उच्च सफलताको कामना गर्दछु ।

गङ्गाप्रसाद उप्रेती
कुलपति
वि.सं. २०७८ मङ्सिर

फोन : ४४३०२५१
: ४४११७२९

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान
NEPAL ACADEMY OF FINE ARTS

सीताभवन, नक्साल, काठमाडौं, नेपाल
Sita Bhawan, Naxal, Kathmandu, Nepal
Tel.: 4430251, 4411729, E-mail: info@nafanepal.org

च.नं./Ref २४।०६८-०६९

## शुभकामना

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक एवम् कालजयी व्यक्तित्व भरज जङ्गमको ७५ औं जन्मदिवसको अवसरमा विशेष कार्यक्रमको आयोजना गरी सार्वजनिक रुपमा उहाँको हीरक महोत्सव भव्यताका साथ सम्पन्न गर्न "कालजयी व्यक्तित्व भरज जङ्गम" नामक अभिनन्दन ग्रन्थको दोस्रो भाग प्रकाशन गरी "भरज जङ्गम हीरक महोत्सव मूल समारोह समिति" मा सार्वजनिक गर्ने जानकारी पाउँदा म ज्यादै हर्षित भएको छु।

साँच्चै भरज जङ्गम बहुमुखी प्रतिभाको धनी हुनुहुन्छ । समाजमा समय-समयमा देखिने विसङ्गति, असत्य, अत्याचार र भ्रष्टाचार हटाउने विषयमा गहिरो चिन्तन गर्दै वि.सं.२०२७ सालदेखि भ्रष्टाचारविरुद्धको अभियानमा निरन्तर समर्पित रहँदै सक्रिय र क्रियाशील हुँदै आउनुभएका उहाँलाई अनेक व्यक्तित्व भएको एक कुशल व्यक्तित्वको रुपमा लिन सकिन्छ । भरज जङ्गमको विषयमा नजान्ने र नबुझ्ने व्यक्ति सायद कमै होलान् । उहाँ पत्रकार, साहित्यकार, कुशल अभियन्ता, कुशल प्रशासक, कानुनका ज्ञाता, संस्कृति र इतिहास विषयका मर्मज्ञ समेत हुनुहुन्छ । उहाँले स्वेदशमा मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत ख्याति कमाइसक्नुभएको छ । मुलुकले हरक्षेत्रमा सफल यस्तो व्यक्तित्व पाउनु सबैको लागि गौरवको विषय हो ।

भरज जङ्गमका विभिन्न कृतिहरु "भरज जङ्गम : विचार र दृष्टिकोण"(अन्तर्वार्ता सङ्ग्र), " कालजयी व्यक्तित्व भरज जङ्गम" (अभिनन्दन ग्रन्थ), "भरतेन्दु" (महाकाव्य), "कालो सूर्यका उज्याला किरण" (समीक्षा), "भरतांशु" (महाकाव्य) प्रकाशित भइसकेका छन् भने उहाँकै प्रयासमा त्रिभुवन विश्वविद्यालयबाट १८ जनालाई स्नातकोत्तर तहको शोध र नेपाल संस्कृत विश्वविद्यालयबाट एक जनालाई विद्यावारिधि गराइएको र विश्वविद्यालयहरुमा भ्रष्टाचारविरुद्धका विषयमा अध्ययन-अध्यापन प्रारम्भ भइसकेको कुरा थाहा पाउँदा म गौरवान्वित भएको छु ।

अन्तमा, विश्वलाई नेपालको तर्फबाट " भ्रष्टचार विरोधी" विज्ञान उपाहार दिने कुशल व्यक्तित्व भरज जङ्गमको हीरक महोत्सव पूर्णरुपमा सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

के.के.कर्माचार्य
कुलपति

त्रिभुवन विश्वविद्यालय
## उपकुलपतिको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या च. नं.

## शुभकामना

भ्रष्टाचारविरोधी दक्ष जनशक्ति उत्पादन गरी समतामूलक समाजको निर्माण गर्नमा सघाउ पुऱ्याउने उद्देश्यले त्रिभुवन विश्वविद्यालयले यसै वर्षदेखि भ्रष्टाचारसँग सम्बन्धित नयाँ विषय स्नातकोत्तर तहको पाठ्यक्रममा समावेश गराएको छ । 'एन्टिकरप्सन एकेडेमी' सँगको सहकार्यमा पाठ्यक्रम निर्माणलगायतका कार्यहरू सम्पन्न गरिएका थिए । यसका लागि भ्रष्टाचारविरोधी अभियन्ता श्री भरत जङ्गमको महत्त्वपूर्ण योगदान रहेको थियो । त्यस विषयमा अध्ययन गर्न पहिलो वर्षमा नै पचासजना विद्यार्थी भर्ना भइसकेका छन् । यसबाट भरत जङ्गमको मोती महोत्सवका अवसरमा उहाँका लागि अभिनन्दनग्रन्थमा प्रयोग गरिएको 'कालजयी व्यक्तित्व' शब्दले सार्थकता पाएको अनुभूत भएको छ ।

यसै वर्ष भरत जङ्गमको हीरक महोत्सव मनाउन लागेको परिप्रेक्षयमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' अभिनन्दनग्रन्थको दोस्रो भागका रूपमा 'नवीन दर्शनका दार्शनिक' नामक अर्को अभिनन्दनग्रन्थ प्रकाशन हुन लागेको जानकारीले मलाई अर्को सुखद अनुभूति दिलाएको छ । भ्रष्टविरोधी शास्त्रले उहाँलाई पहिचान गरिसकेको हुँदा यस ग्रन्थले पनि विशेष महत्त्व राख्ने कुरामा म विश्वस्त छु ।

त्रिभुवन विश्वविद्यालयका तर्फबाट उहाँको सुस्वास्थ्य, दीर्घायु र सक्रियताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा. धर्मकान्त बास्कोटा
उपकुलपति

फोन: ५३३०४३३/५३३०४३४, फ्याक्स: ९७७-१-५३३१९६४, E-mail: vcoffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं. ८२१२

काठमाडौं विश्वविद्यालय
उपकुलपतिको कार्यालय

२०७८ कार्तिक १५ गते

# हार्दिक शुभकामना

पुरातात्त्विक सम्पदाले भरिपूर्ण ऐतिहासिक नगरी भक्तपुरमा जन्मेर काठमाडौँको बानेश्वरमा बसोवास गर्ने साहित्यकार तथा भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गमको हीरक महोत्सवका अवसरमा म उहाँप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

उहाँका विषयमा हरि मञ्जुश्रीले सम्पादन गर्नुभएको 'नवीन दर्शनका दार्शनिक' नाउँको यस ग्रन्थले भरत जङ्गमका विविध व्यक्तित्व, कृतित्व, कर्तृत्व र योगदानका विषयमा साङ्गोपाङ्ग जानकारी दिनेछ भन्ने मलाई लागेको छ ।

भरत जङ्गमले विश्वको प्राज्ञिक क्षेत्रलाई नवीन दर्शनका रूपमा उपहार दिनुभएको 'भ्रष्टविरोधी शास्त्र' (एन्टिकरप्टोलोजी) ले उहाँलाई दार्शनिकको स्थान दिलाएको छ । यस दर्शनलाई त्रिभुवन विश्वविद्यालयले भ्रष्टाचारविरोधी विज्ञानका रूपमा स्वीकार गरी स्नातकोत्तर तहको पाठ्यक्रममा समावेश गरेकाले उहाँको महत्त्व झन् बढ्न गएको छ ।

यस्ता व्यक्तित्वको सम्मानस्वरूप महासमालोचक प्रा. डा. वासुदेव त्रिपाठीको संयोजकत्वमा गठित 'कालजयी व्यक्तित्व भरत जङ्गम हीरक महोत्सव समारोह समिति' ले सार्वजनिक रूपबाट हीरक महोत्सव मनाउनु हाम्रा लागि गौरवको कुरा हो । यस कार्यका लागि सम्बद्ध सबैप्रति म धन्यवाद ज्ञापन गर्दछु ।

......................
प्रा. डा. भोला थापा
उपकुलपति
काठमाडौँ विश्वविद्यालय

# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref. No.

मिति : २०७८/०७/२४

## शुभकामना

भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गमको ७५ औं जन्मदिवसलाई हीरक महोत्सवका रूपमा जनस्तरबाट मनाउने, त्यस अवसरमा विभिन्न सङ्घसंस्थाहरूले उहाँलाई सामूहिक अभिनन्दन गर्ने र उहाँका विषयमा करिब दुई सय व्यक्तिले लेखेका लेख-संस्मरणको सङ्गहका रूपमा 'नवीन दर्शनका दार्शनिक' नामक विशालकाय अभिनन्दनग्रन्थलाई सार्वजनिक गराउने जानकारी पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ। .

भरत जङ्गमले 'भ्रष्टविरोधी शास्त्र' नामक नवीन दर्शन प्रतिपादन गरी विश्वविद्यालयजस्तो प्राज्ञिक निकायबाट समेत अनुमोदन गराएर पहिलोपटक विश्वसमक्ष प्रस्तुत गर्नुभएको छ । उहाँकै कारणबाट विश्वले पहिलो पटक भ्रष्टविरोधी शास्त्रका रुपमा भ्रष्टाचारविरोधी विज्ञान पाएको छ । अब भ्रष्टाचारविरुद्धका विषयमा पनि विश्वविद्यालयहरुमा अध्ययन-अध्यापन हुने भएको जानकारी पाउँदा अत्यन्तै खुशि लागेको छ । उहाँले नेपालका तर्फबाट विश्वमा प्रस्तुत गर्नुभएको 'भ्रष्टविरोधी शास्त्र' बाट नेपालीहरू अहिले पनि नवीन दर्शन दिन सक्षम छन् भन्ने प्रमाणित भएको छ । नेपालका लागि यो गौरवको विषय हो।

साहित्यकार, पत्रकार, अन्वेषक र पूर्वीय निधिका संरक्षकका रूपमा सुपरिचित व्यक्तित्व भरत जङ्गमलाई उहाँका यी सत्कर्मका लागि हार्दिक बधाई ज्ञापन गर्दछु र हीरक महोत्सवको अवसरमा उहाँलाई विशेष शुभकामना प्रदान गर्दछु ।

प्रा. डा. प्रेम नारायण अर्याल
उप-कुलपति
पोखरा विश्वविद्यालय


P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: www.pu.edu.np, Tel.:+977-61-504046/504039

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र संकाय
सुशासन तथा भ्रष्टाचार निवारण अध्ययन
स्नातकोत्तर कार्यक्रम
कीर्तिपुर, काठमाण्डौ, नेपाल

Ref. No.

२०७८ मार्ग २

# शुभकामना

नेपालमा सु-शासनको विकास एवं भ्रष्टाचार निवारण सम्बन्धि अध्ययन अध्यापनको महत्व र आवश्यकता महशुस गरि त्रिभुवन विश्वविद्यालयले यसै वर्ष देखि स्नातकोत्तर तहमा सु-शासन तथा भ्रष्टाचार निवारण सम्बन्धि अध्ययन अध्यापन शुभारम्भ गरेको छ । यस कार्यका लागि प्रथम सर्जकको रुपमा भ्रष्टाचार विरोधी अभियन्ता श्री भरत जङ्गमज्यूलाई लिन सकिन्छ । यस बिषयको अध्ययन अध्यापनले देशमा सु-शासनको विकास भई भ्रष्टाचारको मात्रा क्रमश घट्दै जाने अपेक्षा गर्न सकिन्छ ।

यसै वर्ष ७५ औं वसन्त पार गर्नु भएका श्री भरत जङ्गमज्यूको हीरक महोत्सव जनस्तरबाट मनाउन पाउंदा हामीलाई अत्यन्त खुसी लागेको छ । त्यसै अवसरमा "नवीन दर्शनका दार्शनिक" नामक ग्रन्थको दोश्रो संस्करण प्रकासन हुन लागेकोमा पनि हामी अत्यन्तै खुसी भएका छौं ।

त्रि.वि.द्धारा संचालित यस अध्ययन अध्यापन कार्यक्रम अन्तर्गत व्यवस्थापन एवं पठन-पाठन कार्यमा संलग्न हुनुहुने सम्पूर्ण परिवार लगायत मेरो व्यक्तिगत तर्फबाट वहांको सु-स्वास्थ्य एवं दीर्घायुको कामना गर्दै भ्रष्टाचार विरोधी कार्यमा अझै सक्रिय रुपमा निरन्तर लाग्न अधिक उर्जा एवं प्रेरणा मिलोस् भन्ने कामना गर्दै हार्दिक मँगलमय शुभकामना व्यक्त गर्दछौं ।

डा.योगेश रञ्जित
कार्यक्रम संयोजक

Ph. No. 01-4333616 Email: gacs@tu.edu.npP.O.Box: ...........................Web:http//www:.......................

# शुभकामना

नेपाली समाजमा सुपरिचित व्यक्तित्व भरत जङ्गमका विषयमा 'भ्रष्टविरोधी शास्त्रका प्रवर्तक : नवीन दर्शनका दार्शनिक' नामक अभिनन्दनग्रन्थको प्रकाशन हुन लागेको कुराले मलाई अत्यन्त हर्ष लागेको छ । यसअघि पनि उहाँको सम्मानमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थको सम्पादन-प्रकाशन गरिएको थियो । त्यो ग्रन्थ भरत जङ्गमको ६० औँ जन्मोत्सवमा प्रकाशन गरिएको थियो भने यो ग्रन्थ उहाँको ७५ औँ जन्मोत्सवमा प्रकाशन हुन लागेको छ । यसका लागि उहाँलाई म हार्दिक बधाई दिन चाहन्छु ।

भरत जङ्गम बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्छ । उहाँ साहित्य र पत्रकारिता क्षेत्रमा मात्र नभई इतिहास र पुरातत्त्वसम्बन्धी विषयको अनुसन्धानमा र विभिन्न मन्दिरहरूको पुनर्निर्माण एवं पुनरुद्धारका क्षेत्रमा पनि सक्रिय हुनुहुन्छ । यीबाहेक उहाँको योगदान कानुन, प्रशासन र समाजसेवा क्षेत्रमा पनि रहेको छ ।

पछिल्लो चरणमा उहाँले भ्रष्टविरोधी शास्त्रका रूपमा भ्रष्टाचारविरोधी विज्ञान प्रतिपादन गर्नुभएको छ । उहाँले प्रतिपादन गर्नुभएको त्यही विषयलाई त्रिभुवन विश्वविद्यालयले सुशासन तथा भ्रष्टाचार निवारण अध्ययन नामबाट छुट्टै विभाग खडा गरेर स्नातकोत्तर तहमा अध्ययन-अध्यापन गराउन थालेको जानकारी मैले पाएको छु । यो हाम्रा लागि खुसीको कुरा हो । यसबाट सुशासनका क्षेत्रमा योगदान पुग्न सक्ने अपेक्षा राख्न सकिन्छ ।

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक कालजयी व्यक्तित्व भरत जङ्गम हीरक महोत्सव मूल समारोह समितिको प्रकाशकत्व र ग्रन्थसम्पादक हरि मञ्जुश्रीको सम्पादकत्वमा प्रकाशन हुन लागेको यस ग्रन्थले भरत जङ्गमका विषयमा शोध गर्न चाहने शोधार्थीहरूलाई पर्याप्त सामग्री प्रदान गर्न सक्ने विश्वास व्यक्त गर्दै भरत जङ्गमको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु ।

**– डा. सुरेशराज शर्मा**

# भ्रष्टविरोधी शास्त्रका प्रवर्तक कालजयी व्यक्तित्व भरत जङ्गम हीरक महोत्सव मूल समारोह समिति

# अभिवन्दनापत्र

हे कालजयी व्यक्तित्व !

काठमाडौँ उपत्यकाको प्राचीन नगर भक्तपुरस्थित टौमढी टोलमा २००४ साल मङ्सिर १० गते जन्मनुभएका र काठमाडौँको बानेश्वरमा बस्नुभएका तपाईं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त व्यक्ति हुनुभएकाले तपाईंका बारेमा र तपाईंले गर्नुभएका कार्यहरूका बारेमा विश्वप्रसिद्ध विकिपिडिया, सर्च इन्जिन गुगल र विभिन्न वेबसाइटले उल्लेख गरेका छन् । तपाईंका बारेमा 'भरत जङ्गम : विचार र दृष्टिकोण' (अन्तर्वार्तासङ्ग्रह), 'कालजयी व्यक्तित्व भरत जङ्गम' (अभिनन्दनग्रन्थ), 'भरतेन्दु' (महाकाव्य), 'कालो सूर्यका उज्याला किरण' (समीक्षा), 'भरतांशु' (महाकाव्य), 'भरत' (महाकाव्य) र 'भ्रष्टविरोधी शास्त्रका प्रवर्तक : नवीन दर्शनका दार्शनिक' (कालजयी व्यक्तित्व भरत जङ्गम : दोस्रो भाग' जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् भने तपाईं र तपाईंको सिर्जनाका विषयमा त्रिभुवन विश्वविद्यालयबाट १८ जनालाई स्नातकोत्तर तहको शोध र नेपाल संस्कृत विश्वविद्यालयबाट एकजनालाई विद्यावारिधि गराइएको छ ।

हे भ्रष्टविरोधी शास्त्रका प्रवर्तक !

तपाईंले २०७३ सालमा विश्वप्राज्ञिक समाजलाई नेपालका तर्फबाट भ्रष्टविरोधी शास्त्र (एन्टिकरप्टोलोजी) उपहार दिनुभएको हुँदा तपाईंकै कारणबाट विश्वले पहिलोपटक भ्रष्टविरोधी शास्त्रका रूपमा भ्रष्टाचारविरोधी विज्ञान पाएको छ । तपाईंले प्रतिपादन गर्नुभएको भ्रष्टाचारविरुद्धका विषयमा नेपालको त्रिभुवन विश्वविद्यालयमा अध्ययन-अध्यापन प्रारम्भ भइसकेको छ । त्यसैले तपाईं भ्रष्टाचारविरोधी विज्ञानका पिता (अ फादर अफ एन्टिकरप्सन साइन्स) हुनुहुन्छ ।

हे नवीन दर्शनका दार्शनिक !

तपाईंलाई अनेक व्यक्तित्व भएका एक व्यक्ति मानिन्छ । समाजमा फैलिएका र फैलिरहने अनेक विकृतिहरू हटाउने विषयमा चिन्तन गर्दै २०२७ सालदेखि भ्रष्टाचारविरुद्धको अभियानमा समर्पित भएर नेपाली समाजमा क्रियाशील रहनुभएका तपाईं सफल पत्रकार, शीर्षस्थ साहित्यकार, कुशल अभियन्ता, कडा प्रशासक, कानुनका ज्ञाता, कर्तव्यमा समर्पित कर्मयोगी, इतिहास र संस्कृतिका मर्मज्ञ तथा भ्रष्टविरोधी विज्ञानका प्रवर्तक एवं विश्वप्राज्ञिक क्षेत्रमा भ्रष्टविरोधी शास्त्रका पिताका रूपमा स्थापित हुनुभएको छ । तपाईंको व्यक्तित्वका यिनै बहुआयामहरूले तपाईंलाई नवीन दर्शनका दार्शनिकका रूपमा स्थापित गराएका छन् ।

हे जङ्गम कुलका नायक !

तपाईंको ७५ औं जन्मदिवसका अवसरमा विशेष कार्यक्रमको आयोजना गरी सार्वजनिक रूपमा हीरक महोत्सव सम्पन्न गर्न, 'भ्रष्टविरोधी शास्त्रका प्रवर्तक : नवीन दर्शनका दार्शनिक' नामक कालजयी व्यक्तित्व भरत जङ्गम अभिनन्दनग्रन्थको दोस्रो भाग सार्वजनिक गर्न र विभिन्न संस्थाहरूको सहभागितामा जनस्तरीय अभिनन्दन गर्न राष्ट्रका ख्यातिप्राप्त व्यक्तित्वहरूबाट गठित 'भरत जङ्गम हीरक महोत्सव मूल समारोह समिति' जङ्गम कुलका नायक तपाईंलाई नेपाल राष्ट्रका सम्माननीय उपराष्ट्रपति श्री नन्दबहादुर पुन 'पासाङ' को समुपस्थितिमा हार्दिकतापूर्वक अभिनन्दन गर्दै यो अभिवन्दनापत्र सादर समर्पण गर्दछ ।

| | | |
|---|---|---|
| हरि मञ्जुश्री | प्रा. डा. माधव भट्टराई | प्रा. डा. वासुदेव त्रिपाठी |
| सदस्य सचिव | सहसंयोजक | संयोजक |

दिनाङ्क : सप्तमी, शुक्रबार, १० मङ्सिर २०७८
(२६ नोभेम्बर सन् २०२१)

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक कालजयी व्यक्तित्व
भरत जङ्गम हीरक महोत्सव मूल समारोह समिति

# प्रकाशकीय

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक कालजयी व्यक्तित्व भरत जङ्गमको ७५ औँ जन्मोत्सव हीरक महोत्सवका रूपमा भव्यताका साथ सार्वजनिक रूपमा मनाउन २५ सदस्यीय मूल समारोह समिति र सात सदस्यीय सल्लाहकार समितिको निर्माण भएको थियो । त्यही समितिले शब्दसारथि हरि मञ्जुश्रीलाई भरत जङ्गमका विषयमा एउटा अभिनन्दनग्रन्थ सम्पादन गर्ने जिम्मा दियो । अभिनन्दनग्रन्थका लागि सामग्रीहरू सङ्कलन गर्न अर्को समिति पनि बनाइदियो । त्यसपछि हरि मञ्जुश्रीले आफ्नो जिम्मेवारीअनुसार काम अगाडि बढाउनुभयो । फलस्वरूप ‘भ्रष्टविरोधी शास्त्रका प्रवर्तक : नवीन दर्शनका दार्शनिक’ नामक कालजयी व्यक्तित्व भरत जङ्गम अभिनन्दनग्रन्थको दोस्रो भाग प्रकाशन हुन सकेको हो ।

मूल समारोह समितिले यही २०७८ साल मङ्सिर १० गते शुक्रबार भरत जङ्गमको हीरक महोत्सव काठमाडौँको राष्ट्रिय सभागृहमा उपराष्ट्रपति नन्दबहादुर पुनको समुपस्थितिमा भव्यताका साथ सम्पन्न गर्ने योजना बनाएको छ । त्यस बखत भरत जङ्गमलाई मूल समारोह समितिबाट मानव कदको ताम्रपत्र प्रदान गरिनेछ भने विभिन्न सङ्घसंस्थाबाट छुट्टाछुट्टै सम्मानपत्रहरू पनि प्रदान गरिने कार्यक्रम छ । त्यही समारोहमा भरत जङ्गमका विषयमा लेखिएर शब्दयात्रा प्रकाशनबाट प्रकाशित ‘भरतांशु’ र ‘भरत’ नामक दुई महाकाव्यलाई पनि सार्वजनिक गरिनेछ ।

मूल समारोह समितिको आग्रह स्वीकार गरेर अभिनन्दनग्रन्थमा प्रकाशन गर्नका लागि शुभकामना, लेख, संस्मरण, समालोचना, कविता आदि उपलब्ध गराउने सम्पूर्ण व्यक्तित्वहरूप्रति यो समिति हार्दिक आभार व्यक्त गर्दछ । सम्पादक, सहयोगी, सम्मानपत्र प्रदान गर्ने संस्था आदिलाई पनि यो समिति धन्यवाद ज्ञापन गर्दछ ।

**– भ्रष्टविरोधी शास्त्रका प्रवर्तक कालजयी व्यक्तित्व**
**भरत जङ्गम हीरक महोत्सव मूल समारोह समिति**

# सम्पादकीय

'भ्रष्टविरोधी शास्त्रका प्रवर्तक कालजयी व्यक्तित्व भरत जङ्गम हीरक महोत्सव मूल समारोह समिति' गठन हुने क्रममा मलाई सदस्य-सचिवको काम गर्ने र अभिनन्दनग्रन्थको सम्पादन गर्ने गरी दुई पक्षको जिम्मेवारी दिइयो । भरत जङ्गमको ६० औँ जन्मदिवसलाई मोती महोत्सवका रूपमा मनाउनका लागि गठित समितिमा पनि मलाई नै सदस्य-सचिव बनाइएको थियो र मैले नै अभिनन्दनग्रन्थको सम्पादन गरेको थिएँ । म यस्तो भाग्यमानी व्यक्ति परेछु – एउटै व्यक्तिलाई एउटै व्यक्तिका सन्दर्भमा एउटै काम गर्ने जिम्मेवारी पन्ध्र वर्षपछि फेरि प्राप्त भयो ।

भरत जङ्गमसँग जोडिएको मोती महोत्सव र हीरक महोत्सवको सन्दर्भ भएकाले मसँग पनि यो सन्दर्भ जोडिन आउनुको कारण के होला भन्ने प्रश्न मेरो मनमा उठ्यो । सँगसँगै अन्य प्रश्नहरू पनि उठे ।

- नेपालमा एउटै व्यक्तिका बारेमा दुईपटक सार्वजनिक रूपमा जनस्तरीय अभिनन्दन गर्न राष्ट्रका विशिष्ट व्यक्तित्वहरू सम्मिलित समारोह समिति बनेको र दुवैपटक करिब नौ-नौ सय पृष्ठको अभिनन्दनग्रन्थ निस्केको व्यक्ति को होला ?
- नेपालमा पहिलोपल्ट कसको ६० औँ जन्मोत्सवलाई मोती महोत्सवका रूपमा मनाइएको होला ?
- आफ्नो ७५ वर्षको उमेरमा आफ्नै विषयमा १८ वटा शोधप्रबन्ध तयार पारी त्रिभुवन विश्वविद्यालयका छात्रछात्राले स्नातकोत्तर तह उत्तीर्ण गरेको देख्ने लेखक को होला ?
- नेपालको कुन जीवित लेखकको कृतिमाथि पूर्वमन्त्रीले शोधप्रबन्ध लेखी नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि उत्तीर्ण गरेको होला ?
- आफ्नै जीवनकालमा आफ्ना विषयमा लेखिएका तीनवटा महाकाव्य पढ्न पाउने र दुईवटा महाकाव्य लेखिँदै गरेको जानकारी पनि पाउने नेपाली लेखक को होला ?

- आफ्नो पहिलो साहित्यिक कृति नै विश्वका १४ वटा भाषामा अनूदित भई धेरै भाषामा अनूदित हुने कृतिका रूपमा स्थापित भएको देख्ने नेपाली लेखक को होला ?
- आफ्नो विधामा ख्याति आर्जन गरेका विभिन्न अनुसन्धाताहरूले अनेकौँ अनुसन्धान गरी स्थापित गरिसकेको ऐतिहासिक मान्यतालाई छुट्टै प्रमाण र तर्क दिएर एकैपटक गलत सावित गर्न आँट गर्ने व्यक्ति को होला ?
- नेपालको कुन साहित्यकारले पत्रकारका रूपमा, इतिहासकारका रूपमा, कानुनविद्का रूपमा, समाजसेवीका रूपमा, आध्यात्मिक अभियन्ताका रूपमा, सामाजिक अभियन्ताका रूपमा, दार्शनिकका रूपमा, व्यवसायीका रूपमा, प्रशासकका रूपमा, अनुसन्धाताका रूपमा र चिन्तकका रूपमा पनि प्रसिद्धि पाएको होला ?
- पचास वर्षसम्म एउटै अभियानमा निरन्तर र अथक रूपमा लागिरहने र त्यसको सफलताका लागि वाङ्मय क्षेत्रका अनेकौँ विधालाई माध्यम बनाउने व्यक्ति को होला ?
- आफू पूर्णकालीन राजनीतिकर्मी नभएर पनि सडक-आन्दोलन र विद्युतीय सञ्चार माध्यमबाट राजनीतिक खबरदारी गरिरहने नेपाली लेखक को होला ?
- एक्काइसौँ शताब्दीको विश्वलाई नेपालका तर्फबाट नवीन दर्शन र सिद्धान्त उपहार दिई विश्वमानचित्रमा नेपालको गौरव बढाउने र त्यही सिद्धान्तलाई विश्वविद्यालयको स्नातकोत्तर कार्यक्रमको पाठ्यक्रममा स्वीकृत गराई विश्वविद्यालयभित्र त्यसैका लागि छुट्टै विभाग खोलेर नियमित रूपमा अध्ययन-अध्यापन गराउन सक्ने व्यक्ति को होला ?

यी सबै प्रश्नको उत्तर दिनुपर्दा 'भरत जङ्गम हो' भन्नुपर्ने हुन्छ । भरत जङ्गम भनेको को हो भन्ने प्रश्न कतैबाट उठ्यो भने यी सबै पक्षको उल्लेख गरी त्यो व्यक्ति भरत जङ्गम नै हो भन्न सकिन्छ । यिनै एघार प्रश्नको सेरोफेरोमा रहेर नौ-नौ सय पृष्ठका दुई अभिनन्दनग्रन्थ तयार भएका हुन् । मोती महोत्सवकमा प्रकाशित अभिनन्दनग्रन्थलाई पहिलो भाग र हीरक महोत्सवमा प्रकाशित अभिनन्दनग्रन्थलाई दोस्रो भाग मानिएको छ ।

मोती महोत्सवको अवसर पारी अभिनन्दनग्रन्थ सम्पादन गर्ने क्रममा भरत जङ्गमका विषयमा ६० जनाको अभिव्यक्ति राख्ने सोच राखिएको थियो । त्यसैअनुरूप लेख-संस्मरणका लागि आग्रह गरियो । सामग्री ६० वटा जम्मा भए । सम्पादनको काम सुरु गरियो । तर सामग्री थपिँदै गए । त्यसपछि १०८ वटा लेख पुऱ्याऊँ न त भन्ने विचार गरियो । हुँदाहुँदा १०८ पनि पुग्यो । अब त टुङ्ग्याऊँ भन्न लागेको, फेरि सामग्री थपिए । भैगो त, १६० वटा लेख राखौँला भन्ने भयो । त्यति राखियो । तैपनि लेख आउने क्रम रोकिएन । अनि ६० सङ्ख्या मिलाउनका लागि २६० जनाको अभिव्यक्ति राख्नुपर्ने भयो । सामग्री धेरै भइसकेको हुनाले लेखकहरूलाई 'निर्धारित दिनमै समारोहको आयोजना गर्नुपर्ने भएकाले अभिनन्दनग्रन्थमा अरू सामग्री अटाउन सकिँदैन, त्यसैले कृपया भरत जङ्गमका बारेमा अहिले नलेखिदिनोस्, बरू उहाँका बारेमा पछि अर्को ग्रन्थ प्रकाशन गर्दा हजुरहरूका सामग्री राख्छौँ' भनेर आग्रह नै गर्नुपऱ्यो । यसरी ६० औँ वर्षमा मनाइएको मोती महोत्सवमा प्रकाशित 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थमा २६० जनाको अभिव्यक्ति समेटियो । प्राप्त भएकामध्ये केही सामग्री पछि छापौँला भनेर थन्क्याइयो ।

भरत जङ्गमका विषयमा अर्को अभिनन्दनग्रन्थ प्रकाशन गर्ने भनी त्यस बेला मैले दिएको वचनबद्धताले मलाई नै पिरोलिरहेको थियो । उहाँको हीरक महोत्सवमा पनि अभिनन्दनग्रन्थ प्रकाशन गर्ने भनी मलाई नै सम्पादन कार्यको जिम्मा दिइएकाले मलाई आफ्नो वचनबद्धता पूरा गर्ने सौभाग्य प्राप्त भयो । मैले १५ वर्ष पुरानो झोला निकालेँ र त्यसमा रहेका सामग्रीको अक्षराङ्कन गराएँ । नयाँ लेखहरूका लागि पनि आग्रह गरेँ । लेख, समालोचना र कविताहरू प्राप्त हुन थाले । हीरक महोत्सवको अवसर भएको हुनाले यसपटक मैले ७५ जनाको अभिव्यक्ति राख्ने सोच बनाएँ । तर पहिलेकै जस्तो अभिव्यक्तिहरू थपिँदै गए । अभिव्यक्तिहरू १०० पुगे, १२५ पुगे, १५० पुगे, १७५ पुगे । अबचाहिँ थेग्न नसक्ने भएँ भन्ने लागेर ग्रन्थलाई टुङ्ग्याउन लागेको, फेरि सामग्रीहरू थपिए । यसरी यसपटक पनि म खुम्चिएँ । अनि शुभकामना र सम्पादकीयसहित १९५ वटा सामग्री समावेश गरेर २० जनाका अभिव्यक्तिहरू भने अर्को ग्रन्थमा प्रकाशन गर्नका लागि थन्क्याउन बाध्य भएँ । अभिनन्दनग्रन्थ सम्पादन गर्दा यति चर्को मानसिक दबाब मैले

कहिल्यै खप्नुपरेको थिएन । जसजसका लेखहरू मैले यस ग्रन्थमा समावेश गर्न सकिनँ, उहाँहरूप्रति म क्षमा माग्दछु । प्राप्त भइसकेका लेखहरू अर्को ग्रन्थका लागि भनेर थन्क्याउनुपर्दा मलाई असाध्यै दुःख लागेको छ । खुसीचाहिँ केमा लागेको छ भने अभिनन्दनग्रन्थको पहिलो भागमा परेका लेखकहरूमध्ये परिवारभित्रका दुईजना र विषयविज्ञ दुईजनाबाहेक अरूलाई भरत जङ्गमकै बारेमा लेख लेख्नका लागि फेरि अनुरोध गरेर मैले दुःख दिनुपरेन र कुनै पनि लेख अभिनन्दनग्रन्थको दोस्रो भागमा दोहोऱ्याउनुपरेन ।

भरत जङ्गमका विषयमा लेख्न चाहने व्यक्तिहरूको सङ्ख्या धेरै रहेछ भन्ने कुरामा विश्वस्त बनिसकेको अवस्थामा निर्धारित दिनमा नै अभिनन्दनग्रन्थलाई सार्वजनिक गर्नुपर्ने बाध्यताका कारण करिब २०० पृष्ठको सामग्री अझै बाँकी राख्नुपरेकाले मैले यस ग्रन्थलाई पूर्णता दिन सकिनँ भन्ने कुराले मलाई सधैँभरि झस्काइरहने स्थिति बनेको छ ।

यस ग्रन्थको सम्पादन गर्ने क्रममा मैले के गरेँ भन्ने प्रश्नको उत्तर यही ग्रन्थको विषयसूचीले दिने भएकाले मैले त्यसका बारेमा केही लेख्नु आवश्यक देखिनँ । मोती महोत्सव मनाइसकेपछि भरत जङ्गमले प्राप्त गर्नुभएका उपलब्धिहरूका आधारमा अभिनन्दनग्रन्थको यो दोस्रो भागमा मैले ग्रन्थको नाउँमा 'भ्रष्टविरोधी शास्त्रका प्रवर्तक : नवीन दर्शनका दार्शनिक' शब्दावलीचाहिँ थपेको छु ।

अन्त्यमा, भरत जङ्गमका विषयको यो ग्रन्थ भरत जङ्गमलाई नै समर्पण गर्दछु –

अनेकौँ सृष्टिका एक स्रष्टा भरत जङ्गम !
तिम्रै विषयको ग्रन्थ तिमीमै छ समर्पण ।

**– हरि मञ्जुश्री**

# पहिलो खण्ड (क)

# अविस्मरणीय डोलेश्वर सहयात्रा

## – अरुणकुमार पाण्डे

धार्मिक क्षेत्रमा चर्चित र सक्रिय व्यक्तित्व आदरणीय भरत जङ्गमसँग मेरो परिचय र सान्निध्य वि. सं. २०६५ सालपछि भएको हो । भ्रष्टाचारविरुद्धको अभियन्ता र नेपाली साहित्यका सशक्त हस्ताक्षर भरत जङ्गमको नामसँग त धेरै पहिलेदेखि नै जानकार थिएँ, तथापि उहाँसँगको साक्षात्कार भने राष्ट्रिय धर्मसभा नेपाल र 'ॐकारवाणी' धार्मिक पत्रिकाका माध्यमले भएको हो । राष्ट्रिय धर्मसभाद्वारा आयोजना हुने धेरै कार्यक्रममा उहाँले आतिथ्य गर्ने र उहाँको आयोजनामा हुने कार्यक्रममा पनि धर्मसभालाई आमन्त्रण गर्नुहुन्थ्यो र म तिनै कार्यक्रममार्फत सन्निकट अनुभूत हुन्थेँ । मिति याद भएन, भरत दाइकै सक्रियतामा भारतबाट केदारनाथका लिङ्गशिवाचार्य भीमाशङ्कर महाराजको नेपाल आगमन भएको र श्री पशुपतिनाथ वनकालीमा एउटा धार्मिक अनुष्ठान आयोजना भएको थियो । त्यो कार्यक्रममा प्रा. डा. माधव भट्टराईसँगै म पनि गएको थिएँ । त्यहाँ भरत दाइको सक्रियता धेरै थियो र स्वामीजीसँगको सन्निकटता पनि ।

भक्तपुरको डोलेश्वर महादेव मन्दिर नै शिवपुराणमा वर्णित केदारनाथको शिरोभाग हो भनेर उहाँले निकै मिहिनेतसाथ प्रचारप्रसार गर्न लाग्नुभयो । त्यो कुराको धार्मिक जगत्मा निकै चर्चा हुन थाल्यो । केदारनाथको शिरोभाग भनेर घोषणा हुनुपूर्व नै त्यसबारेमा 'ॐकारवाणी' धार्मिक पत्रिकाले भरत दाइको एउटा अन्तर्वार्ता प्रकाशन गरेको थियो । त्यो अन्तर्वार्ता छापेपछि 'ॐकारवाणी' का केही निकट शुभचिन्तकहरूले नै राम्रो मान्नुभएन । उहाँहरूको भनाइ राष्ट्रदेव पशुपतिनाथ नै शिरोभाग रहेको हुँदा अन्यत्रको दावीलाई 'ॐकारवाणी' ले प्रचार नगरिदिएको भए हुन्थ्यो भन्ने थियो । पछि भरत दाइले स्वयं केदारनाथका पीठाधीश भीमाशङ्कर महाराजजीलाई नै ल्याएर औपचारिक रूपमा केदारनाथको शिरोभाग डोलेश्वर नै हो भनेर घोषणा गराउनुभयो ।

भरत दाइसँगको अर्को महत्त्वपूर्ण सन्निधि पशुपतिनाथ पुजारी प्रकरणमा हुन गयो । २०६५ पुसमा पुष्पकमल दाहाल नेतृत्वको सरकारका संस्कृतिमन्त्री गोपाल राईले पशुपतिनाथका तत्कालीन मूल भट्ट महाबलेश्वरलाई हटाएर विष्णुप्रसाद दाहाललाई मूल भट्ट र सालिकराम

ढकाललाई वासुकीको भट्ट नियुक्त गरेपछि पशुपतिनाथ पुजारी प्रकरणको धार्मिक द्वन्द्व सुरु भएको थियो । पशुपतिनाथमा धर्ना, नारा-जुलुस, हातपात, कुटपिटको घटना हुन पुग्यो । एक हप्ता पशुपतिनाथको पूजा नै रोकियो । सो घटनामा पशुपतिनाथको पुजारी परम्परागत रूपमा नियुक्ति हुनुपर्ने माग राखी सर्वोच्च अदालतमा भरत दाइले मुद्दा दायर गरेपछि अदालतले परमादेश जारी गऱ्यो र परम्पराअनुसारको भारतीय भट्ट पुजारी नै पुनर्स्थापित हुनुभयो । त्यसपछि उहाँको चर्चा झन् चुलियो । त्यससम्बन्धी विरोध, बैठक, धर्ना आदि कार्यक्रममा हामी भट्ट नियुक्तिको परम्परा र भरत दाइकै साथमा रह्यौँ । भट्ट पुजारी पुनर्स्थापित भएपछि पशुपति क्षेत्रमा उहाँ धार्मिक लौहपुरुषकै रूपमा चर्चित हुनुभयो । यसले गर्दा पशुपति क्षेत्रका साधुसन्त, पुजारी, भट्ट, भण्डारी सबैको प्रिय हुनुभयो ।

पशुपति क्षेत्र शङ्कराचार्य मठमा बस्नुहुने नेपालका चर्चित सन्त स्वामी डा. रामानन्द गिरी महाराजजी पनि भरत जङ्गम दाइले भट्ट नियुक्ति प्रकरणमा गर्नुभएको शुभकार्यबाट प्रसन्न हुनुभएको रहेछ । डोलेश्वर महादेव मन्दिर नै केदारनाथको शिरोभाग हो भन्ने कुरा चर्चामा रहेको बेला थियो । त्यसै क्रममा भरत दाइले देशकै प्रथम स्तरका सर्वमान्य स्वामी डा. रामानन्द गिरिलाई डोलेश्वरको अवलोकन गराउने मनसायले कार्यक्रम तय गर्नुभएको रहेछ । २०६६ पुस २२ गते सोमबारको दिन थियो । दिउँसो भरत दाइ र म एउटा धार्मिक कार्यक्रममा सँगै थियौँ । उहाँले 'ए पाण्डेजी ! तपाईं तीन बजेतिर शङ्कराचार्य मठमा आउनोस् है, रामानन्द स्वामीलाई लिएर तपाईं र म डोलेश्वर जानुपर्छ' भन्नुभयो । मैले 'हुन्छ दाइ' भनेँ र उहाँले भनेकै समयमा पशुपतिनाथ परिसरमा रहेको शङ्कराचार्य मठमा पुगेँ । केही बेरको प्रतीक्षापछि रामानन्द गुरु तयार भएर आश्रमबाट तल झर्नुभयो । भरत दाइले उहाँलाई कारमा अगाडि सिटमा राखेर कार आफैँले हाँक्नुभयो । म पछाडि सिटमा एक्लै बसेँ । गाडीमा बसेपछि स्वामीज्यूले मेरा बारेमा जानकारी माग्नुभयो । मैले आफ्नो नाम र काम बताएँ । 'पत्रकारका अगाडि धेरै कुरा गर्नु हुँदैन' भनेर ठट्टा पनि गर्नुभयो । स्वामीज्यूले बाटोमा भरत दाइसँग धेरै कुरा गर्नुभयो । 'ए भरत ! तिमी त धेरै तगडा छौ । अदालतमा मुद्दा हाल्न पनि सक्छौ । पशुपति क्षेत्रमा म बसेको शङ्कराचार्य मठ भत्काउने भन्दैछन् । मेरो आश्रमबाट मलाई हटाउन सक्छन् । तिमीले बोलिदिनुपर्छ है ! बोल्छौ नि ?' भन्नुभयो । भरत दाइले स्वामीज्यूलाई आश्वस्त पार्नुभयो । स्वामीज्यूसँग रमाइला कुरा गर्दै जाँदा बाटो कटेको पत्तै भएन ।

हामी भक्तपुरको सिपाडोलमा रहेको डोलेश्वर महादेव मन्दिर पुग्यौँ । पहाडको फेदीको खोचमा रहेको गुम्बज शैलीको दिव्य शिवमन्दिर, आँगनमा

कलकल बगेकी विमला गङ्गाको दिव्य धारा देखेर स्वामीज्यू पुलकित हुनुभयो । स्वामीज्यूको डोलेश्वरमा यो पहिलो पदार्पण थियो । भगवान्‌को नाम पुकार्दै उहाँ मन्दिरमा प्रवेश गर्नुभयो । विशालकाय स्वयं उत्पन्न शिवलिङ्ग देख्ता स्वामीजी अत्यन्तै हर्षित हुनुभयो । केही प्रार्थना गर्दै भगवान्‌मा जलार्पण गर्नुभयो । त्यो बेलामा भरत दाइले सोध्नुभयो – 'ए स्वामीजी ! हजुर त केदारनाथ जानुभएको छ । हेर्नुहोस्, उताको धड र यताको शिरको अवस्थिति ठ्याक्कै मिल्छ कि मिल्दैन त ?' स्वामीजीले शिवलिङ्गको निकै गम्भीर अवलोकन गर्नुभयो, 'यताबाट केदारनाथ कतापट्टि पर्छ ?' भन्नुभयो । भरत दाइले हातको इसाराले 'यतापट्टि पर्छ' भनेर भन्दिएपछि 'त्यसो हो भने शिवलिङ्गको अवस्थिति त मिल्छ भरत' भन्नुभयो । 'निकै सुन्दर ठाउँ पो रहेछ त भरत' भनेर मन्दिरको प्रशंसा पनि गर्नुभयो । भरत दाइले 'ए स्वामीज्यू ! यो केदारनाथको शिरोभाग हो भन्दा केही फरक पर्छ त ?' भनेर सोध्नुभयो । स्वामीज्यू निकै बेर मौन बस्नुभयो । केदारनाथको शिर यो होइन भनेर पनि भन्नुभएन, यही हो भनेर पनि भन्नुभएन । निकै बेरपछि 'यहाँको र त्यहाँ केदारनाथको के-के कुरा मिल्दोजल्दो छ, भन त' भनेर भरत दाइलाई सोध्नुभयो । भरत दाइले जङ्गम पुजारी हुने परम्परादेखि अरू धेरै कुराको बेलिबिस्तार लगाउनुभयो ।

मन्दिर दर्शन गरेर हामी छेवैको सत्तलमा रहेको चालिसे गुरुको कोठामा गएर केही बेर कुराकानी गर्‍यौं । तातो पानी, चियापान पनि गर्‍यौं । साँझ पर्न लागेको थियो । त्यसपछि हामी फर्कियौँ । म गट्ठाघरमा उत्रिएँ । भरत दाइ स्वामीज्यूलाई लिएर पशुपतिनाथतर्फ लाग्नुभयो ।

भरत दाइ, स्वामी डा. रामानन्द गिरी र मेरो त्यो सोमबारको डोलेश्वर महादेवको दर्शन अविस्मरणीय र दुर्लभ संयोग ठानेको छु ।

●



अरुणकुमार पाण्डे विश्व हिन्दू महासङ्घ (बाँसबारी, काठमाडौं) का महासचिव, 'ॐकारवाणी' (धार्मिक पत्रिका) का प्रकाशक तथा सम्पादक र राष्ट्रिय धर्मसभा नेपालका सचिव हुनुहुन्छ । काभ्रेपलान्चोक जिल्लाको दाप्चा श्यामपाटीमा जन्मेर स्नातकोत्तर तहसम्मको अध्ययन गर्नुभएको श्री पाण्डे हाल भक्तपुरको गट्ठाघरमा घर बनाई बसेर आध्यात्मिक जागरणको कार्यमा लाग्नुभएको छ ।

# नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण नियाल्दा

## – आशाकुमार चिकँबन्जार

'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिक काल)' पुस्तक भरतमणि जङ्गमको खोजमूलक, अनुसन्धानमूलक लेखहरूको सँगालो हो । म इतिहास र संस्कृतिको जिज्ञासु व्यक्तिलाई यस पुस्तकले नयाँ-नयाँ ज्ञान दियो र कतिपय भ्रमहरू हटाउन सहयोग मिल्यो र खुसी लाग्यो । भरतमणि जङ्गमलाई धन्यवाद दिन चाहन्छु ।

भक्तपुर सांस्कृतिक, ऐतिहासिक स्थलहरूको जीवन्त म्युजियमजस्तै भएकाले यहाँका प्रत्येक दोबाटो-चौबाटोका ढुङ्गाहरूमा समेत जीवन्त इतिहास लुकेर बसेको रहेछ अनि त्यस स्थलको एउटा शिक्षाप्रद किम्वदन्तीसमेत रहेछ । यस्ता रहस्यमय कुराहरू नयाँ पुस्ताका व्यक्तिहरूलाई बुझाउन पाए यस ठाउँको महत्त्व अझ उच्च हुने कुरा पुस्तकले प्रत्यक्ष र अप्रत्यक्ष भन्न खोजेको महसुस गरेँ ।

प्राचीन वर्षामापन यन्त्र तालो दम्फोको भैलगःचाका बारेमा पढ्दा त्यो समयमै यस्ता वैज्ञानिक विधि भइसकेको प्रमाणले मन प्रफुल्ल भयो । '१८ इन्च गहिरो रेक्टेङ्गुलर खाल्डो उत्तर-दक्षिण १० फिट लम्बाइ र पूर्व-पश्चिम ४ फिट चौडाइ भएको चालीस स्क्वायर फिटमा फैलिएको खाल्डोको दक्षिण भागमा पानीमापन ढुङ्गा छ ।'

म सानो छँदा मेरी हजुरआमाले कौसीमा परेवालाई पानी ख्वाउन भनी एउटा माटोको त्यस्तै आकारको भाँडो राखिराखेको याद दिलायो, वर्षाको समयमा मेरी हजुरआमाले बेलुका सबै पानी फालेर रातिको पानी पर्दा कति जम्मा भयो भनी सुनाउने याद दिलायो । जाडोमा पानी राखेर दिनभरि घाममा राखेको पानी बिहान कति बरफ जम्यो (ख्वपीख्वइगु नेवारीमा) र कति जाडो हुन्छ भन्ने नाप्ने कुरा पनि कतै त्यस्तै ठाउँ छ कि खोज-अनुसन्धानको विषय हो कि भन्ने लाग्यो ।

त्यही माथि रहेको गोरखनाथको मन्दिर कपाली (कुस्ले) जातिका कापालिक सम्प्रदाय (शैवमार्गीहरू) हरूको मूल देवताका रूपमा पूजा गर्ने चलन, जहाँ भैरवको पूजा सुँगुर बलि दिएर र गोरखनाथको सात्विक पूजा

गर्ने चलन पनि धेरैलाई थाहा नहोला । यस पुस्तकले त्यस कुराको जानकारी गराउँदै त्यसमा पानी भरिएर बाहिर बगेमा सबैको धान रोपिसकेको निश्चित गर्ने काम शासक-प्रशासकहरूले गर्छन् भन्ने कुरा पनि स्मरणीय लाग्यो । अनावृष्टि भएमा त्यस खाल्डोमा पानी भरी ईशान कोणसम्म बग्न दिई बुल्चा भैरवको पूजा गरी सूर्यविनायकको डाँडामा रहेको 'धल्चोबासी' लाई र तालो दम्फोको बासीलाई पूजा गरेमा पानी पर्छ भन्ने विश्वास रहेकाले आजसम्म त्यही गर्दै आइएको छ ।

जनमानसमा किम्वदन्तीका रूपमा बिस्केट जात्रालाई एक महत्त्वपूर्ण जात्राका रूपमा लिन सकिन्छ । यस बेला उठाइने लिङ्गोमा राखिने हलिपटलाई नागनागिनीका रूपमा लिइरहेकोमा विभिन्न तथ्यहरूबाट त्यो शिवध्वजा हो भनी लेखिएको कुरा सान्दर्भिक छ । त्यसमा अङ्कित विभिन्न चित्र र हरपट – हरिपट – हलिपट भएको हुनुपर्छ, त्यो नागनागिनी नभई शिवध्वजा हो भन्ने प्रमाणित गर्नुभएको ज्ञानवर्द्धक लाग्यो ।

भिंद्यो महाभारतकालीन भीमसेन होइनन् भन्ने लेख पढ्दा भिंद्यो महादेवको अंश वा अवतार भन्ने कुरा सुनेको र जनबोलीमा प्रचलित भएको सुन्दै आएको किम्वदन्ती सम्झिएँ । कतै भीमसेनको मन्दिरमा द्रौपदी भनेर मूर्ति (भीमफेदीमा) राखेको पाइन्छ । यस कुराले मनमा अझै कौतूहल भने जागेकै छ । तर भिंद्यो व्यापारीहरूले पुज्ने र उनको आकृतियुक्त मूर्तिमा सोही महाभारतकालीन भीमसेनको हुबहु मिल्ने गरी बनाइराखेको देख्ता अझै मनमा प्रश्न उठेको छ । साथै आफू सानो छँदा तचपाल टोलको भीमसेन (भिंद्यो) को मन्दिरअगाडि 'किचकबध' नाटक देखाउने दिनमा किचक मार्न भीमसेन मान्छेमा डुबेर आई साँच्चिकै मार्छ भनेर पुतला राखेको त्यति बेलाको दृश्यले अझ पनि झकझकाउँछ ।

जे होस्, पुस्तक ज्ञानवर्द्धक नै लाग्यो । आफू सांस्कृतिक क्षेत्रको एक विद्यार्थी, इतिहासका कम ज्ञान भएका व्यक्तिका लागि धेरै सिक्ने अवसर प्रदान गर्नुभएकोमा भरतमणि जङ्गमलाई धन्यवाद नदिई रहन सकिनँ । शिवका परम भक्त भरतमणि जङ्गमले आफ्नो तन, मन, धन लगाई विभिन्न ठाउँ जस्तै अनन्तलिङ्गेश्वर, डोलेश्वर, बानेश्वर, प्रकाशेश्वर, बागेश्वर, धनेश्वर, शब्दसाधक तीर्थ आदि स्थलहरूको संरक्षणमा गर्नुभएको योगदान पनि सम्मानयोग्य नै छ ।

त्यस क्षेत्रका धार्मिक, ऐतिहासिक कुराहरूसमेत ऐतिहासिक प्रमाणद्वारा प्रमाणित गरी देखाउनुभएको उहाँको पुस्तक स्मरणीय र पठनीय छ ।

जङ्गम जातिको इतिहासले उहाँहरूले गर्दै आएका कामहरूसमेत बुझ्न पाउँदा थप ज्ञान पाएको महसुस गरेको छु । भक्तपुरमा विभिन्न थर (नेवार जातिमा पनि) भएकाहरूको भिन्नभिन्न कामहरू हुँदो रहेछ भन्ने कुराको झल्को र यहाँका विशेष गरी चाँगुनारायण, डोलेश्वर, अनन्तलिङ्गेश्वरलगायत बिस्केट जात्राजस्ता महत्त्वपूर्ण स्थल र जात्राका विषयमा मजस्ता नयाँ पुस्ताका विद्यार्थीहरूका लागि एउटा नयाँ स्तम्भजस्तै, मार्गनिर्देशजस्तै भएको अनुभवका साथ यस्तै नयाँ कृतिहरूको अपेक्षा गर्दछु ।

●



आशाकुमार चिकँबन्जार 'ख्वपपौ' पत्रिकाका सम्पादक हुनुहुन्छ ।

# भरत जङ्गमसँगको पहिलो भेट
## – इन्द्रकुमार श्रेष्ठ

ज्ञान र सूचना प्रशस्त पाइने भएकाले सदुपयोग गर्नेका लागि फेसबुक ज्यादै उपयोगी माध्यम हो । आजकल यो धेरैको अभिन्न अङ्गजस्तै भएको छ ।

२०७७ फागुनको पहिलो हप्ता यसैमा मैले पनि एउटा जानकारी पढेँ – पुस्तकको नाम नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण, लेखक भरत जङ्गम, प्रकाशक शब्दयात्रा प्रकाशन, बनेपा, काभ्रे, सम्पर्क फोन नं. ९८५१०४९३८५, ०१-४४७०४८८ ।

यति कुरा पढ्नासाथ मलाई त्यो किताब छिटै पढ्न पाए हुन्थ्यो भन्ने लागेर आयो । किताबको नामै बडो चाखलाग्दो छ – 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' ।

इतिहासमा मेरो पहिलेदेखि नै गहिरो रुचि हो । स्नातक तहसम्म इतिहास नै पढियो । इतिहास स्रोत, प्रमाण, तर्क, अध्ययन, विश्लेषण र अनुमानका आधारमा लेखिने भएको हुँदा यसमा धेरै भ्रम र मतभिन्नताहरू भने रहेका हुन्छन् । त्यसैले इतिहासलाई विश्वासको नभएर विश्लेषणको वस्तु भनिन्छ । जे होस्, अनुसन्धाताहरूले दुःख र मिहिनेत गरेर पत्ता लगाई लेखिएका कुराहरू पढ्न भने साह्रै मजा हुन्छ ।

मनमा निकै उकुसमुकुस भयो । उल्लिखित नम्बरमा फोन गरिहाल्नुपर्‍यो भन्ने पनि लाग्यो । तर फेरि झट्ट आँट पनि आएन । के भन्ने ! आफूलाई कसरी चिनाउने ! त्यत्रा ठूला मान्छेसँग कसरी बोल्ने ! यस्तै प्रश्नहरू मनमा खेलिरहे ।

भरत जङ्गम । यो नाम मेरा लागि सुपरिचित हो । कमलाले निकै पहिले नै मलाई 'कालो सूर्य' उपन्यास उपहार दिएकी थिइन् । उक्त उपन्यास पढेपछि जङ्गमका बारेमा थप चासो राख्ता उहाँ वरिष्ठ कानुनविद्, सुशासनका अभियन्ता र योद्धा तथा इतिहासकारसमेत भएको थाहा पाइयो । उहाँ ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वका क्षेत्रको भ्रमण, अध्ययन र अनुसन्धानमा विशेष रुचि राख्नुहुँदो रहेछ । संस्कृतिको रक्षाका लागि तनमनधन दिएर लागिपर्नुहुँदो रहेछ ।

२०६५ सालमा तात्कालिक माओवादी सरकारले पशुपतिनाथमा नेपाली पुजारी राख्ता त्यसको विरोधको नेतृत्व गरी कानुनी उपचारसमेत खोजेर सरकारलाई पछि हट्न लाउने उहाँ नै हुनुहुन्थ्यो । भक्तपुरको सिपाडोलस्थित डोलेश्वर महादेव केदारनाथको शिरोभाग भएको कुरा प्रचारप्रसारका साथ प्रमाणित गराउने सूत्रधार पनि उहाँ नै हुनुहुन्थ्यो । भक्तपुर क्षेत्रका अन्य धेरै मठमन्दिरको संरक्षण, जीर्णोद्धार र व्यवस्थापनमा पनि उहाँ सक्रिय रहनुभएको कुरा पनि सुनेको र पढेको थिएँ ।

निकै दिन दोधार-दोधार गर्दागर्दै २०७७ चैत २८ गते शनिबारको दिन बल्लबल्ल आँट गरेर फोन गरेँ । उहाँ शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष हरि मञ्जुश्रीको मोती महोत्सवमा आयोजित बनेपाको समारोहमा हुनुहुँदो रहेछ । सायद कार्यक्रम चल्दै थियो होला । मान्छेहरूको कल्याङमल्याङका बीचमा पनि उहाँले फोन त उठाउनुभयो, तर बोली बुझिने वातावरण नभएको हुँदा एक-दुई वाक्य बोलेपछि ‘अर्को दिन फोन गर्छु’ भनेर कुरा टुङ्ग्याउनुपर्‍यो । त्यतिले पनि ममा उहाँसँग बोल्ने थोरै साहसको उदय भयो ।

भोलिपल्टै फोन गरेर हिजोको कुरा सम्झाएँ । अनि ‘हजुरको हालै प्रकाशित किताबबारे थाहा पाएर फोन गरेको हुँ, त्यो किताबको मोल कति हो, कुन पसलमा पाइन्छ, मलाई साह्रै पढ्न मन लाग्यो, किनेर पढ्छु’ भन्दा उहाँले ‘विद्या बेच्नु हुँदैन, जिज्ञासु हुनुहुँदो रहेछ, म तपाईंलाई दिउँला नि ! तपाईं काठमाडौँतिर आउनुहुँदो हो, तपाईं तत्काल नआए र पढ्न मन लागिहाले काठमाडौँमा तपाईंका कोही न कोही आफन्त या साथीभाइ बस्ता हुन्, मकहाँ पठाइदिनू, म बानेश्वरमा बस्छु, यही नम्बरमा फोन गरेर जान भन्नुहोला, म किताब दिएर पठाइदिउँला, अनि तपाईंले पढ्न पाउनुहोला, गाडी दिनहुँ ओहोरदोहोर गरिहाल्छ, के भयो र !’ भन्नुभयो । मैले एक वचन भन्दैमा कति सजिलै र तत्कालै मलाई त्यस्तो अमूल्य किताब दिने हुनुभयो ! म छक्कै परेँ ।

अनि मैले केही दिनपछि फेरि फोन गरेर उही कुरा गरी झिझ्याएँ । मेरो छोरो र उसकी आमा भक्तपुरतिर बस्छन् पनि भनेँ । त्यसपछि उहाँ झन् खुसी भएर छोरो कतिमा पढ्ने, कहाँ पढ्ने भनेर आत्मीयता प्रकट गर्नुभयो । ‘तपाईंकी श्रीमती र छोरा यता भएपछि त आधा घर त यतै रहेछ नि !’ पनि भन्नुभयो । उहाँ ओखलढुङ्गा पनि आउनुभएको रहेछ । कुराकानीका क्रममा उहाँले ‘घर ओखलढुङ्गा बजारमै हो कि ?’ भन्ने जिज्ञासा पनि राख्नुभयो । मैले ‘होइन, मेरो घर त सदरमुकामबाट निकै पूर्व पर्छ’ भनेँ ।

हामी स्कुलमा पढ्दा भोलामानसिंह थापालाई चिन्थ्यौँ । उहाँ माननीय हुँदै एकताका त मन्त्री पनि हुनुभएको थियो । उहाँले धेरै समाजसेवाका कामहरू गर्नुभएको पनि थाहा थियो । अनि दीपक जङ्गम भन्ने सङ्गीतकार थापाका साला हुन् रे भन्ने पनि सुनेका थियौँ । त्यही भएर मैले शङ्कानिवारणका लागि 'भोलामानसिंह थापालाई चिनिबक्सिन्छ ? उहाँकै आसपास पर्छ हाम्रो गाउँ पनि' भनेँ । त्यसपछि उहाँले खुसी भएर 'उहाँ त हाम्रो भिनाजु हो' भन्नुभयो । अनि मैले पनि उहाँले स्थापना गर्नुभएकै विद्यालयमा पढाउने कुरा बताएँ । केही वर्षयता माननीयज्यू बिरामी हुनुभएको कुरा पनि सुनेको थिएँ । जङ्गम सरले सोही कुराको पुष्ट्याइँ गर्दै 'भिनाजुलाई पनि भेटे हुने तपाईंले, त्यस क्षेत्रमा त्यस्तो योगदान गरेको व्यक्तिलाई, तर उहाँ त अहिले केही पनि थाहा पाउनुहुन्न, टुलुटुलु हेर्ने मात्रै, बोल्नेचाल्ने केही छैन, घर यहाँ मेरोबाट नजिकै छ, म तपाईंलाई पुऱ्याइदिउँला' भन्नुभयो ।

माननीयज्यूको स्वास्थ्यस्थितिबारे पहिले पनि सुनेको हो । फेरि सम्झेर मन भारी भयो । राष्ट्रसेवाका क्रममा सुरुमा हुलाकको डाकसमेत बोक्नुभएका माननीय थापाले खानीभज्याङ क्षेत्रमा विद्यालय, हुलाक र स्वास्थ्य चौकीको स्थापना गर्नमा उल्लेख्य भूमिका निर्वाह गर्नुभएको थियो । हालको सरस्वती माध्यमिक विद्यालय खानीभज्याङलाई २०६४ सालमा दस जोड दुई बनाउने क्रममा जग्गादानसमेत गर्नुभएको थियो ।

यसैबीच विशेषतः जङ्गम सरलाई भेट्नकै लागि २०७८ वैशाख ९ गते काठमाडौँ जाने योजना बनाएँ मैले । उक्त दिन आफू उपत्यका आइपुगेको सूचना दिएर भेट्नका लागि समय मागेँ । ११ गते शनिबारका दिन ११ बजे तय भयो ।

त्यस दिन बिहान बेलैमा खाना खाएर तोकिएकै समयमा सोध्दै-खोज्दै बानेश्वरस्थित 'जङ्गम निवास' पुगेँ । मोटोघाटो जीउडाल, पहिरन कमिज-सुरुवाल, भव्य व्यक्तित्वका धनी । उहाँ आफैँ ढोकामा आएर मलाई भित्र लानुभयो । धुपी र रुद्राक्षका बोटसहित विभिन्न थरिका फूलहरू । अनि भुइँमा बाक्लो गलैँचासरि हरियो दुबो । कम्पाउन्डभित्रको वातावरण अति नै आकर्षक लाग्यो । कुर्सीमा बसेर हामी डेढ घन्टाजति गफियौँ । उहाँले मेरो पढाइ, घरपरिवार, शिक्षण पेसा र लेखाइका बारेमा जिज्ञासा राख्नुभयो । नेवारी भाषा र नेवारी संस्कृतिका बारेमा पनि कुरा गर्नुभयो । उहाँको जन्मस्थल भक्तपुर रहेछ । हामीले हाम्रो भाषा र संस्कृतिलाई बचाउनुपर्छ भन्नुभयो । पहाडमा थोरै सङ्ख्यामा बसेका हामीले हाम्रो भाषा त जानेनौँ नै, संस्कृति पनि बिस्तारै भुल्दै गएकोमा मलाई साह्रै खेद लाग्यो । हाम्रो आफ्नोपन भनेको ब्वा,

मा, तता, निनी, धमा जस्ता केही नाताबोधक शब्द र बेलविवाह, म्हपूजा जस्ता केही संस्कारमा मात्र बाँकी रहेको छ । यो निकै दुःखलाग्दो कुरो हो । उहाँले त्यो समाजमा आफ्नो संस्कार जोगाउने कामको नेतृत्व तपाईंले गर्नुपर्छ भनेर हौसला पनि दिनुभयो ।

उहाँजस्ता बहुआयामिक प्राज्ञिक व्यक्तित्वसँग मैले गर्ने कुरा के नै थियो र ! मलाई त उहाँका कुरा सुनेरै आनन्द भइरहेको थियो । चीनका सबैजसो प्रान्त घुमेर उहाँले चिनियाँ संस्कृतिका विषयमा आधारित 'रातो घाम' भन्ने उपन्यास पनि लेख्नुभएको रहेछ । त्यो उपन्यास चिनियाँहरूले पढेपछि चीन जाने उहाँको भिसा नै रद्द गरिदिएको रोचक र सनसनीपूर्ण कुरा पनि उहाँले सुनाउनुभयो ।

कुराहरू गर्न बाँकी नै थिए । माननीय मन्त्रीज्यूलाई हेर्न जान पनि त्यत्तिकै थियो । तर जङ्गम सरले नै 'भिनाजु हिजै छोरीकहाँ गाम्चा जानुभएछ' भन्नुभयो । जङ्गम सरका भाइ गायक तथा सङ्गीतकार दीपक जङ्गमको घर पनि नजिकै रहेछ ।

धेरै बेर भइसकेको थियो । उहाँको कार्यतालिकामा बाधा पर्ला भनेर मैले कुराकानीलाई टुङ्ग्याउने विचार गरेँ । म रित्तै गएको थिइनँ । हाम्रै गाउँको कान्लातिर पाइने दुई मुठीजति टिम्मुरचाहिँ झोलामा बोकिराखेको थिएँ । त्यो औषधि र मसला दुवै हो । असनतिर निकै महँगोमा बिक्री भएको देखेर केही वर्षयता हरेक साल सिजनमा टिम्मुर टिपी सहरतिर बस्ने साथीभाइलाई एकेक मुठी लगिदिने गरेको छु । त्यो दिऊँ कि नदिऊँ भन्ने लागिरह्यो । अनि आँट गरेर 'यो टिम्मुर हो हाम्रै गाउँतिर पाइने' भनेर पोको समातेको हात उहाँतर्फ बढाएँ । सुदामाको कनिका कृष्णजीले स्वीकारेजस्तो उहाँले त्यो सहर्ष स्वीकार्नुभयो । मेरो बालकवितासङ्ग्रह 'बालसौगात' पनि थमाउन पाउँदा म धन्य भएँ ।

'अब म तपाईंलाई किताब ल्याइदिन्छु' भनेर भित्र जानुभएपछिको शून्य समयमा म एकछिन त्यतैतिर टहलिएँ । कमला फूलको सौखिन भएकी हुँदा उनलाई देखाउनका लागि मोबाइलबाट केही फोटाहरू खिचेँ । उहाँ किताब लिएर आइपुग्नुभयो । 'रातो घाम', 'ख्वपदेश', 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण', 'उर्लिएका लहरहरू', 'पचास प्रसङ्ग', 'भरत जङ्गम विचार र दृष्टिकोण' जस्ता किताबहरू थमाएर मलाई तिनका बारेमा छोटो परिचय पनि दिनुभयो । अनि बिदा लिनुअघि उहाँसँग बसेर तस्बिर लिन बिर्सिनँ ।

ढिलै भए पनि भरत जङ्गम जस्ता सफल पत्रकार, असल साहित्यकार, कानुनविद्, भ्रष्टाचारविरोधी अथक अभियन्ता, इतिहास र संस्कृतिका मर्मज्ञ

तथा नेपाली समाजको चौतर्फी उन्नतिमा समर्पित उच्चतम व्यक्तित्वसँग भेट गर्न पाउँदा मेरो मन प्रफुल्लित भइरहेको थियो । उहाँजस्ता कालजयी व्यक्तित्वबाट नेपाली समाजले धेरै सिक्नुछ । उहाँको हीरक महोत्सव सफल होस् र उहाँको बाँकी जीवन स्वस्थ र सिर्जनात्मक बन्न सकोस्, यही हार्दिक शुभकामना टक्र्याउँछु ।

●



इन्द्रकुमार श्रेष्ठ लेखक हुनुहुन्छ । उहाँ शिक्षणसेवा पनि गर्नुहुन्छ । उहाँका फुटकर लेखरचनाहरू बेलाबखत विभिन्न पत्रिकाहरूमा प्रकाशित भइरहेका हुन्छन् ।

# साधारण व्यक्ति असाधारण व्यक्तित्व

## – इन्दिरा जङ्गम

मेरो विवाह वि. सं. २०३२ साल आषाढ २६ गतेका दिन परम्परागत विधिविधानद्वारा बानेश्वरनिवासी भरतमणि जङ्गमसँग भएको हो । डिल्लीबजार निवासी यज्ञबहादुर केसी र माता अम्बिका केसीकी जेठी छोरी हुँ म । विवाहअघि केसी लेखे पनि विवाहपश्चात् नामको पछाडि जङ्गम लेख्ने हाम्रो चलनअनुसार म इन्दिरा जङ्गमको नाउँले चिनिन थालेँ । विवाह भएको पनि ४३ वर्ष बितिसकेछ । यत्रो वर्ष कति सजिलै र चाँडै बित्यो, सम्झँदा अचम्म लाग्छ । २०७८ सालको यो वर्षमा उहाँको हीरक महोत्सव मनाउन लागेको जानकारी पाएँ, खुसी लाग्यो । उहाँका बारेमा केही लेखिदिनुस् भन्ने समारोह समितिबाट भएको आग्रहलाई टार्न सकिनँ । लेख्न बसेँ – के लेख्ने ? उहाँको जीवनको कुन पाटोलाई हेर्ने र लेख्ने, बिलखबन्दमा परेँ । २०६४ सालमा 'भरतेन्दु' महाकाव्यको पुस्तक सार्वजनिक गर्ने कार्यक्रममा उहाँका मित्र वरिष्ठ अधिवक्ता विश्वकान्त मैनालीज्यूले मञ्चमा उभिएर एकछिन घोरिएर भन्नुभएको थियो – 'भरत जङ्गमका बारेमा के बोलूँ खै ? उहाँको व्यक्तित्वका यति धेरै पाटा छन् जो सम्झनै सकिँदैन । त्यसैले यो भन्नु उपयुक्त होला – भरत जङ्गम यो-यो हो भन्नुभन्दा भरत जङ्गम के होइनन् भन्नु वेश होला ।' उहाँको यो उद्‌गारबाट पूरा सभा दङ्ग परेर हाँसेको थियो । मलाई अहिले त्यस्तै परेको छ ।

भक्तपुर टौमढी टोलमा मूल घर भए पनि बानेश्वरमा पनि घरबास थियो, तर सुरुका दिन अर्थात् मेरो विवाहको समयमा न्युरोडको चोककै टोलमा डेरा गरेर बस्नुभएको थियो । उहाँको स्वभावले हो वा कामले, उहाँ घरमा नबसी डेरामा बस्नुभएको थियो । बानेश्वर घरमा मोटर चल्ने बाटो थिएन भने भक्तपुर टाढा थियो होला, त्यो म भन्न सक्तिनँ वा उहाँको स्वभाव कसैसँग मिल्न नसक्ने थियो ? बत्तीसपुतलीनिवासी श्रीराज शर्माको घरको तल्लो तलाको दुई कोठा लिएर बसेको अवस्थामा मेरो विवाह भयो । करिब तीन हप्तापछि न्युरोडको डेरामा नै गएर हामी बस्न थाल्यौँ । म त्यस बखत पद्मकन्या कलेजमा बीएको विद्यार्थी थिएँ । दुईजना मात्र डेरामा बस्ता त्यति गाह्रो थिएन ।

केही महिनामा उहाँले व्यापारमा हात हाल्नुभयो गृह मन्त्रालयको 'नागरिकता प्रमाणपत्र' छाप्ने काम । एक वर्षभित्र १० लाख प्रति छापेर

बुझाउनुपर्ने । एकको मूल्य ५३ पैसा मात्र । त्यस बखत पैसाको पनि मूल्य थियो । काम सम्पन्न गर्नका लागि गृह मन्त्रालयले अग्रिम पेस्की रु. २ लाख दिएको थियो । उहाँले पनि त्यो काम गर्न ४५ पैसामा नागरिकता छपाई बुझाउन शिवकुमार अग्रवाललाई जिम्मा लगाउनुभएको थियो । छपाइ सामग्री लिन मुम्बई गएका शिव भनेको जस्तो र चाहिएको परिणाममा सामान नपाएपछि १ लाख रुपियाँ लिएर मुम्बई आउन आग्रह गरे । सरकारी काम जसरी पनि सम्पन्न गर्नुपर्ने । त्यसैले उहाँ पनि पैसा लिएर मुम्बई जानुभयो । त्यहीँबाट शिवकुमारसँग विवाद बढ्दै गयो । काम बिग्रने सम्भावना टड्कारो देखिन थाल्यो । मारवाडीसँगको काम, विदेशमा लेनदेन । सरकारले शिवकुमारलाई नचिन्ने । काम गर्न नसक्ता सरकारी कारवाहीमा उहाँ पर्ने । यस्तो सङ्कटपूर्ण अवस्थामा पनि धैर्यधारण गरी बल्लबल्ल दुई वर्षमा कार्य समाप्त गरेर सरकारी कारवाहीबाट मुक्त हुनुभयो । त्यस बखत उहाँ ज्यादै नै चिन्तित र 'रेस्टलेस' देखिनुहुन्थ्यो । म सबै कुरा बुझ्थेँ । केही नबोली उहाँको कष्टपूर्ण समयमा साथ दिन्थेँ । त्यसताका रात, साँझ, बिहान, दिन कुन बेला घर पस्ने, टुङ्गो थिएन । ती दिनहरू सम्झँदा आज पनि अत्यास लाग्छ ।

त्यसै बखत हामीले रु. ७ हजारमा पुरानो भक्सवागन किनेका थियौँ । त्यसो त मोटरसाइकल पनि थियो । बानेश्वर घरमा गाडी जाँदैनथ्यो । गाडी विशालबजारको पार्किङमा वा मेरो माइती डिल्लीबजारमा राख्ने गरेका थियौँ ।

२०३४ सालमा महाबौद्धमा डेरा सर्‍यौँ । तल पसल कवल र माथिको पूरा सडकतर्फको लङ भाडामा लिएका थियौँ । त्यो घर नेपालका प्रधानमन्त्री पं. रङ्गनाथ पौडेलको थियो । प्रतिमहिना रु. ३०० तिरेर बसेको घरमा तल्लो पसल कवलमा हार्डवेयरको पसल खोल्ने र देवर पुष्करले हेर्ने सहमतिमा हार्डवेयरको दोकान खोलियो । पुष्कर बाबु नै पसलमा हेर्ने भएको हुँदा म अथवा उहाँ पसलमा बस्नुपर्ने थिएन । उहाँको माथि तलामा नै एक अफिस कोठा थियो, जहाँबाट व्यापार-व्यवसायको काम हुने गर्दथ्यो । एक दिन उहाँले भन्नुभयो – "इन्दु ! तिमी पसलमा गएर बस्ने गर न ! कोठामा एक्लै बस्नुपर्दा गाह्रो हुन्छ ।" मैले तुरुन्त जवाफ दिएँ – "म पसलमा बसेँ भने जीवनभर बस्छु । केही महिना, केही वर्षका लागि मात्र म कोठाबाट निस्किन्नँ ।"

यस्तो कुरा सुनेपछि मलाई पसलमा बस र बस्नैपर्छ भनेर कहिल्यै भन्नुभएन । त्यसपछि म पसलको काम र कारोवारमा पनि सम्मिलित भइनँ । यसरी मेरो भावनालाई बुझ्नुहुन्थ्यो ।

बानेश्वर घरमा जान मोटरबाटो नभए पनि २०३२ सालमा नै घर निर्माण सुरु गर्ने काम भयो । हार्डवेयरको पसलको सामान नै प्रयोग गरेको हुँदा २०३४ सालमा भुइँतले घर बन्यो । त्यसै साल बनारस जाँदा मार्बलको प्लेटमा 'जङ्गम निवास' भन्ने नेपाली र अङ्ग्रेजी लेखाएर ल्याइयो, गेटको दायाँ-बायाँ राख्नका लागि, यद्यपि हाम्रो 'बङ्गलो' मा त्यस समयसम्म मोटर पुग्दैनथ्यो । ती दिनमा नै 'जङ्गम निवास' निर्माणको सपना उहाँको मस्तिष्कमा फुरेको थियो, जुन 'जङ्गम निवास' हाल यस क्षेत्रकै प्रतिनिधिका रूपमा स्थापित भएको छ ।

छोरी रक्षा जन्मेपछि बानेश्वरको पुरानो घरमा आएर बस्यौँ । नयाँ घर निर्माणाधीन अवस्थामै थियो । त्यस बखत मेरा दिन कष्टपूर्ण भए । बस्ती थिएन । उत्तरतर्फ एक-दुई ढकालहरूको घर, अलि पर दक्षिणतर्फ सार्कीहरूको घर । मोटरसाइकल बडो मुस्किलले छिर्न सक्ने गोरेटो बाटो । दिउँसो झिँगा र राति लामखुट्टेको बिगबिगी । अनकन्टार ठाउँ । टेलिफोनको लाइन हुने कुरै थिएन । चुलोमा ढोड र दाउराको प्रयोगले खाना फोहोर हुने आदिले गर्दा त्यस समयको बानेश्वर बसाइले मेरो मनमा दिग्दारी र खिन्नताले डेरा जमाएको थियो । जस्तोसुकै स्थितिको पनि सम्झौता गर्नैपर्ने भएकाले धैर्यधारण गरी आफूलाई त्यस्तो अप्ठ्यारो स्थितिमा समाहित गराउन समाहित भएँ । तर मैले उहाँलाई यस्ता दुःखपूर्ण भोगाइका बारेमा एक शब्द पनि बोलिनँ र भनिनँ ।

त्यसै वर्ष २०३४ साल फागुनमा ससुरा बुबा बित्नुभयो । तीन दिनपछि नन्द गायत्रीको विवाहको तयारी भइसकेको थियो । विवाह रोकियो । उहाँहरू पशुपति राजराजेश्वरी घाटमा क्रियामा बस्नुभयो । प्रत्येक दिन खाली खुट्टा पशुपति क्षेत्र जानुपर्ने, त्यसमा पनि छोरा ज्योतिलाई बोकेर, ती दिनहरू पनि अविस्मरणीय छन् । घरकी जिम्मेवार बुहारीका रूपमा म स्थापित भइसकेकी हुँदा जतिसुकै दुःख भए पनि आफ्नो कर्तव्यलाई शिरोधार्य गर्दै उहाँलाई साथ दिएँ ।

ससुरा बुबाको ४५ दिनपछि नन्द गायत्रीको गुह्येश्वरी मन्दिरमा विवाह हुने निश्चित भयो । त्यो विवाह सम्पन्न गर्नुपर्छ भन्ने जिम्मेवारीको बोध उहाँलाई र मलाई थियो । बाइस दिनकी छोरी एकातिर सुताएर विवाह कार्यक्रममा मूल कर्ताका रूपमा काम गर्ने अवसर पनि मलाई नै प्राप्त भयो । उहाँ विवाह मण्डपमा नआए पनि बाहिर बाटोमा मोटरमा बसेर मैले माग गरेका सबै सामग्री परिपूर्ति गर्दै जानुभयो । यसरी हामीबीच समझदारी कायम हुन्थ्यो ।

हाम्रो जीवनमा दुःखपूर्ण दिन धेरैपटक आयो । त्यस्ता विपदलाई हामी दुवैको प्रयत्नबाट सम्हाल्ने काम गर्थ्यौं । यस्ता समयमा मैले उहाँको अनुहार, श्वासप्रश्वास र थकित शरीरबाट सहयोगको आशा राखेको देख्थें भने मेरो सहयोगलाई उहाँले धन्यवाद नभने पनि व्यवहारबाट कृतज्ञता व्यक्त गरेको म राम्ररी बुझ्थें । उहाँ कुनै किसिमको औपचारिकता निर्वाह गर्न जान्नुहुन्न । कसैलाई मन पर्ने चिप्लो बोलेर रिझाउन पनि जान्नुहुन्न । त्यो स्वभाव, प्रस्ट बोली र अनौपचारिक व्यवहारका कारण परिवारका अन्य सदस्यहरू उहाँलाई घमन्डी भएको र अव्यावहारिक भन्ने गर्छन् । तर उहाँ नरम, स्थिति बुझेर कामको जिम्मेवारी लिन सक्ने, निडर र दयालु हुनुहुन्छ भन्ने कुरा बल्ल परिवारका सदस्यहरूले बुझ्न थालेका छन् ।

**गृहस्थ जीवन :**

उहाँ पूर्ण गृहस्थी व्यक्ति हो भन्ने मलाई लाग्छ । असल गृहस्थ त्यो हो, जो घर-परिवारको संरक्षण र विकासका लागि समर्पित हुन्छ । धेरै समय घरमा दिएको नदेखिए पनि गृहस्थ जीवनबाट विचलित भने हुनुभएजस्तो लाग्दैन । आफ्नो घर-परिवारको उन्नति र विकासका लागि दत्तचित्तका साथ लाग्ने उहाँको बानी छ । उहाँ असल लोग्ने, असल बाबु र घरको जिम्मेवार अभिभावक हुनुहुन्छ । घरमा परिआउने सबैजसो कामको जानकारी छ र काम गर्न पनि रुचाउनुहुन्छ ।

घरमा भइपरिआउने कुनै पनि समस्याको सरल ढङ्गले समाधान गर्ने उहाँमा क्षमता छ । उहाँ कुशल प्लम्बर, जानकार इलेक्ट्रिसियन, सिपालु शिल्पकार र मेकानिकल आइडिया भएको सक्षम मेकानिक्स हुनुहुन्छ । घरको बाहर वा भित्र बाथरुममा पानी चुहियो, रसायो वा पाइप फुट्यो, ढल जाम भयो भने उहाँ आफैं खटिएर मर्मत कार्य गर्नुहुन्छ । कुनै पनि बिजुलीसम्बन्धी र टेलिफोन कनेक्सनसम्बन्धी अवरोध आएमा बाहिरको मान्छे बोलाउनुपर्ने आवश्यक पर्दैन । काठको काम, ठोक्ने, टाँस्ने र जोड्ने काम पनि आफैं गर्नुहुन्छ । ती सबै कार्य गर्ने औजार पनि घरमै छन् । मोटर र मोटरसाइकल बनाउन त सिपालु नै हुनुहुन्छ । त्यसैले उहाँले पुराना मोटर, मोटरसाइकल सस्तोमा किनी प्रयोग गर्ने गर्नुहुन्छ ।

घरमा २-३ वटा मोटर, मोटरसाइकल राखे पनि ३० वर्षको लामो अवधिमा नयाँ मोटर किन्नुभएन । उहाँको सस्तो किन्ने बानी मलाई पटक्कै मन पर्दैन । नयाँ मोटर नचढी म मर्दिनँ भनेर घुर्क्याएपछि २०६४ सालमा एउटा नयाँ जिप किन्नुभयो । पछिका गाडीहरू छोरा अनुपले किन्न थाल्यो ।

मलाई सम्झना छ २०३५-३६ सालमा सानो, पुरानो रु. १८ हजारले किनेको सुचारु कार थियो, बिग्रि मात्र रहने । सेवा दिनुभन्दा आफैँले बढी सेवा लिने कार भएको हुँदा ठाउँ-बिठाउँ थचक्कै बस्थ्यो । सानोतिनो मर्मत गरेपछि फेरि चल्थ्यो । 'यो दुःख दिने कार फालिदिनोस्' भन्दा 'काम दिएकै छ, किन फाल्नु' भनेर जवाफ पाउँथेँ । त्यस बखत घर मोटर-कारखानाजस्तो थियो । उहाँ कारमुनि छिरेर मर्मत गर्न थालेपछि विभिन्न साइजका रेन्चो, पिलास र स्क्रु ड्राइभर लिएर म मोटरछेउमै बस्नुपर्थ्यो । अर्थात् उहाँको मागअनुसार औजार दिएर सँगसँगै मर्मत कार्यमा सघाउनुपर्थ्यो । त्यो कारका लागि ग्यारेज थिएन । घामपानीले गर्दा कारको रङ्ग खुइलिएर पछि दुई दिन लगाएर कारमा रङ्ग लगाउने काम गऱ्यौँ । पुरानो रङ्ग खुइलिएको कारलाई नयाँ जीवन दिन समर्थ भएपछि हामी दुवै दङ्ग परेका थियौँ ।

वर्तमानको जङ्गम निवासको निर्माण कार्य २०३२ सालमा सुरु गरे तापनि पूर्ण रूपमा आजको अवस्थामा आउन, ल्याउन दस वर्ष लागेको थियो । जगको नापजाँच, जग हाल्ने र घर बनाउने काममा कुनै आर्टिटेक्ट वा इन्जिनियरको सल्लाह-सुझाव लिने काम भएन । किनभने उहाँ नै त्यस कार्यमा पोख्त हुनुहुन्थ्यो । थापाथलीनिवासी रत्न राजभण्डारी घर बनाउने ठेकेदार र उहाँका बीच प्रत्येक दिनजसो विवाद हुन्थ्यो । दिनभरि गरेको काम साँझ आएर भत्काउन भन्नुहुन्थ्यो । लागिसकेको गारो भत्काउनुपर्दा रत्नदाइ रिसाउँथे । पछि रत्नदाइले भने भरतबाबुले नभनेसम्म एउटा इँटा पनि नलगाउने प्रण गरे । घर निर्माणमा लाग्न एक-एक इँटाको नापजाँच गर्दै उहाँको आफ्नै प्रविधि र किसिमबाट घर निर्माण कार्य समाप्त भइसकेपछि वडा कार्यालयले नक्सापासको कागज माग गरेपछि मात्र इन्जिनियर लगाई निर्मित घरको नक्सा बनाई घरको नक्सा पास गर्ने काम भयो । यद्यपि यो काम गैरकानुनी थियो, तर पनि घरको नक्सापास भयो । आधा शताब्दी बित्न लाग्दा पनि घरको लुक सुन्दर र भित्री कोठा कम्फर्टेबल छ । यो बासस्थान अझ ५० वर्ष कायम रहन्छ भन्ने विश्वास छ । बिजुलीबजारको घर पनि निर्माणपछि मात्र नक्सा पास भएको हो । यस मानेमा उहाँ एक कुशल आर्टिटेक्ट इन्जिनियर हो । नन्द गायत्री र सविताको घर पनि उहाँकै डिजाइन, निरीक्षण र निर्देशनमा बनेका हुन् ।

**परिवारमुखी :**

सार्वजनिक व्यक्तित्व निर्वाह गरेका उहाँ सार्वजनिक मात्र नभएर परिवारमुखी पनि हो । परिवारले चाहेको आवश्यकताको परिपूर्ति गर्नु उहाँको पहिलो कार्य देखिन्छ । परिवारको पहिलो घेरामा हामी र छोराछोरी पर्छौं,

दोस्रोमा दाजुभाइ, दिदीबहिनी तथा मेरो माइतीका परिवार पर्छौं भने तेस्रो घेरामा जङ्गम दाजुभाइका परिवार पर्छन् । यसरी प्राथमिकताका आधारमा सहयोग उपलब्ध गर्ने-गराउने उहाँको बानी छ ।

यसैअनुसार आफ्नो घरको हेरचाह, अर्थव्यवस्था, वर्तमान र भविष्यका लागि कार्ययोजनासमेत होसियारीपूर्वक बनाउने क्षमता उहाँमा छ । केटाकेटीको पढाइमा विशेष ध्यान दिने गरेकाले नै जेठी छोरी मेडिकल डाक्टर बनिन्, अर्की छोरी इलेक्ट्रिकल इन्जिनियर र छोरा मेकानिकल इन्जिनियर हुँदै व्यवस्थापनमा स्नातकोत्तर उत्तीर्ण हुन समर्थ भए । जीवनमा शिक्षाको महत्त्वका बारेमा सबैलाई सम्झाउने-बुझाउने गर्नुहुन्छ । त्यसैको परिणामस्वरूप गरिब, निमुखा र आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई 'जङ्गम छात्रवृत्ति कोष' खडा गरी दर्जनौँ व्यक्तिहरूलाई त्यसअन्तर्गत शिक्षा प्रदान गर्नुभयो ।

परिवारका सदस्यहरूमा आएको कुनै पनि सङ्कटमा उहाँले आफैँलाई परेको सङ्कट सम्झी सङ्कट समाधान गरेका धेरै उदाहरणहरू छन् । परिवारका सदस्यलाई मात्र होइन, परिवारबाहिरका व्यक्तिहरूलाई पनि मद्दत गर्ने उहाँको बानी छ । उहाँ भन्नुहुन्छ – 'समस्या लिएर मकहाँ आउने जोकोहीलाई सहयोग गर्छु ।'

वास्तवमा धेरै मान्छेलाई ठूलो-सानो सहयोग गर्नुभएको छ । त्यसैले उहाँ सबैको आदरको पात्र बन्नुभएको छ । 'कुनै व्यक्ति जङ्गम निवासको शरणमा आएको छ भने उसलाई जसरी पनि बचाउनु मेरो धर्म हो' भन्नुहुन्छ । तर उहाँको यो भनाइ मलाई कत्ति पनि मन पर्दैन । घरपरिवारका सदस्यहरूलाई सल्लाह-सुझाव र सहयोग गर्नु मनासिब हो, तर जोकोहीलाई यसरी सहयोग गर्न खोज्दा वा गर्दा आफू फसिने सम्भावना हुन्छ । यो कुरा मैले धेरैपटक भनेँ, सुनेको नसुन्यै गरी बसिदिनुहुन्छ । यो राम्रो बानी होइन ।

**जङ्गम मठसँगको अन्तरसम्बन्ध :**

जङ्गम मठसँग उहाँको अन्तरसम्बन्ध गजबको छ । जीवनको आधा समय त जङ्गम मठको समस्या समाधानमा बितेको देखेकी छु । मेरो विवाहअघि करिब तेह्र वर्ष केकति र कसरी गर्नुभयो, थाहा भएन । तर २०३२ सालपछि आजसम्म त मैले प्रत्यक्ष देखेकी र भोगेकी छु । ससुराबुबा गोविन्दहरि जङ्गम जङ्गम मठको मठाधीश भए पनि उमेरका कारणले उहाँ कमजोर भइसक्नुभएको हुँदा अड्डा-अदालतको तारेख र पेसीमा बुबाका साथ उहाँको उपस्थिति अनिवार्य थियो । ससुराबुबाका विरुद्धमा नातिनी सुमित्राले

मुद्दा हालेकी थिइन् । मुद्दा चलिरहेको हुँदा समस्या आइरहन्थ्यो । उहाँ मात्र एक ससुराबुबाको सहयोगी हुनुहुन्थ्यो । यो कुरा परिवारका सबै सदस्यलाई जानकारी छ ।

कुनै पनि समय जङ्गम मठप्रतिको स्नेह टुटेको वा छुटेको छैन । उहाँको विश्वास र आस्थाको घर हो जङ्गम मठ । टाउको मात्र दुखे पनि मठमा रहेका कुलदेवता वीरभद्रलाई पूजा गर्नुपर्ने विश्वास मस्तिष्कभरि जमेर बसेको छ । केही सानो वा ठूलो काम बिग्रिएमा वा सप्रिएमा पनि पूजाको भाकल गर्ने काम जारी छ । महाशिवरात्रिमा लक्षदीप प्रज्ज्वलन गर्ने र कोजाग्रत पूर्णिमामा वार्षिक पूजा गर्नुका अतिरिक्त समय-समयमा रुद्राभिषेक गर्ने हुँदा पनि हामी सबै परिवारको जङ्गम मठसँग सम्बन्ध जुटेको छ ।

२०७२ साल वैशाखमा गएको महाभूकम्पबाट क्षतिग्रस्त भएपछि मठको नवनिर्माणका लागि उहाँ एक्लै धेरै नै खट्नुभएको छ । मठ पुनर्निर्माण कार्यको गुहार माग्न हामी दुवै भारत बेङ्लोर पनि पुग्यौं । त्यहाँका सम्बन्धित धर्मगुरुहरूलाई पनि भेट्यौं । कर्णाटक राज्यका वर्तमान र पूर्वमन्त्रीहरूलाई भेटेर सहयोगको माग गऱ्यौं । ठूलो प्रोजेक्ट भएको हुँदा कार्यसम्पादनमा गाह्रो परेको छ । रु. २१ करोडको लागतमा भारतीय सहयोगमा जङ्गम मठ बन्ने भएको नीतिगत निर्णय भएको उहाँबाट जानकारी पाएकी छु । कहिले निर्माण पूरा हुने हो, हामी प्रतीक्षारत छौँ ।

उहाँ जङ्गम मठमै जन्मनुभएको हुँदा जङ्गम मठ उहाँको जन्मघर भएकाले पनि उहाँको भावनात्मक सम्बन्ध जुटेको हो भन्ने लाग्छ ।

**साधारण पहिरन मन पर्ने :**

पहिले पहिले सुट वा सफारी लगाउने गरे पनि हाल २५ वर्षयता आएर कुर्ता-सुरुवाल गर्मीमा र जाडोमा दौरा-सुरुवाल लगाउन मन पराउनुहुन्छ । मैले जोड गरेँ भने कहिलेकाहीँ पाइन्ट लगाए पनि प्रायः सबै दिन ज्वारिकोट र कुर्ता नै उहाँको प्रिय पोसाक भएको छ । त्यो कुर्ता-सुरुवाल पनि आफूले किनेर लगाउने होइन, मैले कपडा किनी सिलाएर राखिदिनुपर्छ । यसरी कपडा किन्न मन नपराउने बानी मलाई पटक्कै मन पर्दैन । किनभने म लगाउनको सौखिन छु । उहाँले पनि राम्रा कपडाहरू लगाएर हिँड्दा म खुसी हुन्छु । तर उहाँ भन्नुहुन्छ – 'पहिरनले मान्छे ठूलो हुने होइन ।' धेरैपटक भनिसकेँ, राम्रो कपडा नै लगाउन नमानेपछि अब भन्नै छाडेकी छु ।

उहाँ सुनका गहना, जस्तै : सिक्री, औँठी, ब्रासलेट लगाउनुहुन्न । मैले सबै बनाइदिएका ती उहाँका सुनका सामग्री थन्किएका छन् । त्यति मात्र

होइन, उहाँले लिङ्गधारण गर्ने आसन पनि सुनको बनाइदिएकी छु । तीस वर्ष भयो, थन्किएको छ । वर्षौं जुत्ता नफेर्ने र चप्पल लगाउन रुचाउने उहाँ साधारण पहिरनमा नै जीवन चलाइरहनुभएको छ, जो मेरो इच्छाविरुद्ध छ ।

**समाजसेवी चिन्तन :**

समाजको विकृति र समस्या राम्ररी बुझ्नुभएका उहाँ समाजसेवामा पूर्ण समर्पित हुनुहुन्छ । मलाई लाग्छ यो उहाँको जन्मँदैको गुण हो । जोसुकै अर्थात् जो उहाँसँग सम्पर्कमा आउँछ, उसलाई सल्लाह-सुझाव र सहयोग गर्ने बानी छ ।

यसरी सहयोग गर्दा तनले, मनले र धनले नै सहयोग गर्ने बानीले नै गर्दा समाजसेवीका रूपमा नेपाली समाजमा स्थापित हुनुभएको छ । धेरैले उहाँलाई समाजसेवीका रूपमा चिन्छन् ।

**राजनीतिक व्यक्तित्व :**

प्रजातान्त्रिक विचार राख्ने उहाँ कम्युनिस्ट विचारको विरोधी कित्तामा उभिनुभएको छ । प्रजातान्त्रिक सिद्धान्तलाई राम्ररी अवलम्बन गर्न सके मात्र मानव-समाजको हित हुन्छ र समाजमा सचेत नागरिक उत्पादन हुन्छन् भन्ने सिद्धान्तलाई अङ्गिकार गर्नुभएका उहाँलाई नेपालको राजनीतिमा देखिएका सानादेखि ठूलासम्मले राम्ररी चिनेका छन् । राजादेखि रङ्कसम्म उहाँको राम्रो सम्पर्क छ । काङ्ग्रेस र कम्युनिस्टका सबै नेतासँग उहाँको प्रत्यक्ष सम्बन्ध छ । सबै नेताहरूले उहाँलाई राम्रो दृष्टिले हेर्ने गरेको कुरा पनि बुझेकी छु । राजनीतिक वृत्तमा उहाँको नाउँ राष्ट्रवादी समूहको पहिलो पङ्क्तिमा राखेको बुझेकी छु । किनभने उहाँको क्रियाकलाप र बोली स्पष्ट छ ।

मौकाखोरको प्रवृत्ति उहाँमा नभएकाले पनि नेपालको राजनीतिक क्षेत्रमा उहाँको छुट्टै अस्तित्व कायम भएको जस्तो लाग्छ ।

**भ्रमण :**

पद्मकन्या क्याम्पसमा पढ्दा कलेजबाट सोसल टुरमा म पाल्पा र पोखरा गएकी थिएँ । त्यो विवाहअघिको भ्रमण थियो । विवाह गरेको तुरुन्तै २०३२ साल भदौमा पोखरा गइयो । त्यसै क्रममा उहाँका साथी केबी गुरुङ बसेको ठाउँ दमौलीमा जाँदा छाब्दीवराह जाने मौका पनि मिलेको थियो । चार दिनको त्यो यात्रा अति नै रमाइलो थियो । आज पनि सम्झना आउँछ, त्यो भ्रमण हिजोजस्तै लाग्छ ।

२०३४ सालमा दार्जिलिङ हुँदै कलकत्ता गएका थियौँ । मेरो पहिलो विदेश भ्रमण । रेल, बस चढ्दै कलकत्ता पुगियो । ३-४ दिन कलकत्ताको बसाइपछि जहाजबाट काठमाडौँ फर्कियौँ । मलाई सम्झना छ एकतर्फी जहाजको भाडा रु. ४८० मात्र थियो । उहाँले त्यस बेला सडक विभागका लागि चाहिने अलकत्रा सप्लाई गर्नुहुन्थ्यो । त्यसैले समय-समयमा कलकत्ता गइ नै रहनुपर्थ्यो । त्यसताका म धेरै खेप नै कलकत्ता पुगेकी थिएँ ।

एकपटक कलकत्ताबाट फर्कदा आरएनएसीको प्लेनमा चरा पसेपछि प्लेन क्यान्सिल भयो । हप्ताको दुई दिन मात्र चल्ने प्लेन भएको हुँदा अरू थप तीन दिन बस्नुपर्ने भयो । उहाँले निर्णय गर्नुभयो रेलबाट जाने । हाम्रो ४० हजार (४ बन्डल) नगद थियो । त्यो कहाँ राख्ने भन्ने प्रश्न उठेपछि म राख्छु भनेर मैले जिम्मा लिएँ । रेलमा यात्रा गर्दा सामान हराउने, हाते ब्याग चोरले थुत्ने आदि समस्या भएको कुरा उहाँले बताएपछि त्यो रकम छातीमा राख्ने निर्णय लिएँ । रेल्वे स्टेसनमा गयौँ, रिजर्भेसन टिकट पाइएन । कुल्लीले जसरी पनि डिब्बामा राखिदिने, रु. ५०० लिन्छु भनेपछि साधारण टिकट लियौँ । स्टेसनमा रेल त आयो, डिब्बामा बत्ती बलेको थिएन र ढोका र झ्याल पनि खुलेका थिएनन् । कुल्लीले अर्को कुल्लीलाई पहिले नै डिब्बामा पठाइसकेको रहेछ । कुल्लीले जाऊँ-जाऊँ भन्यो । हामी रेलको डिब्बातर्फ लाग्यौँ । सबै यात्रुहरू झ्यालबाट चढ्न थाले । मान्छेमाथि मान्छे डिब्बामा कोच्चै गयो । मलाई कुल्लीले जुरुक्क केटाकेटी उठाएजस्तो गरी झ्यालबाट डिब्बामा हुलिदियो । उसको अर्को कुल्ली साथीले मलाई तानेर सिटतर्फ लग्यो । मलाई आफ्नो ज्यानभन्दा छातीमा रहेको चालीस हजारको पीर थियो । दुवै हातले छाती कसेर समाएपछि म पनि एक डल्लो भएँ । अँध्यारोमा कता पुऱ्यायो, उहाँ कहाँबाट छिर्नुभयो, दुइटा सुटकेस थिए, त्यो डिब्बाभित्र पसे कि पसेनन् ! १५-२० मिनेटसम्म कोलाहल भइरह्यो ।

त्यही कोलाहलको बीचमा मलाई उहाँले बोलाएजस्तो लाग्यो । बत्ती बल्दा त एक कुल्ली मेरै छेउमा बसी पैसा माग्दै थियो । 'पख, मेरा मान्छे आएर दिन्छन्' भनें । छातीभित्र रहेको पैसा लुट्ला कि भन्ने त्रासमा थिएँ । यस्तै त्रास र अन्योलबीच उहाँलाई भेट भयो । कबोल गरेको रु. ५०० दिँदा एकजनाको ५०० हो, दुईजनाको हजार भन्न लाग्यो । त्यो घटना कहिल्यै बिर्सन नसकिने घटना घटेको थियो मेरो जीवनमा । कुल्लीलाई प्लेनको भाडा बुझायौँ ।

त्यही वर्ष अर्को खेप कलकत्ता गएको बेलामा दिल्ली जाने कार्यक्रम बन्यो । दिल्लीमा एक स्वामीजीले एउटा ग्रुपलाई हृषीकेश यात्राको तयारी

गर्नुभएको रहेछ । हामी पनि त्यही यात्रामा सम्मिलित भयौँ । यात्राका लागि एयर कन्डिसन बसको व्यवस्था थियो । उहाँलाई बढी चुरोट खानुपर्ने, तर बसभित्र चुरोट खान नहुने । उहाँका लागि यो यात्रा अत्यन्तै कठिन भयो । चिया पिउन कतै झर्दा २-३ खिल्ली चुरोट पिउनुहुन्थ्यो । के फिल भयो कुन्नि, हरिद्वारको हरकी पौडी गङ्गातटमा गएर बाँकी भएको २-३ खिल्ली चुरोट पिउनुभयो र भन्नुभयो 'म आजदेखि चुरोट पिउँदिनँ' भनेर सल्किरहेको चुरोट गङ्गामा फ्याँक्नुभयो । साँच्चै नै त्यस दिनदेखि उहाँले चुरोटमा हातै लगाउनुभएन । उहाँको इच्छाशक्तिको मापन मैले त्यसै बेलादेखि गरेकी हुँ ।

उहाँ पत्रकार र समाजसेवी भएको हुँदा आरएनएसी बेलाबेलामा कम्प्लिमेन्ट्री टिकट दिन्थ्यो । हामी सिङ्गापुर र थाइल्यान्ड गयौँ । त्यहाँको बजार र सामान हेरेपछि उहाँले सिङ्गापुर, हङकङ र थाइल्यान्डबाट सामान झिकाएर काठमाडौँको बजारमा सप्लाई गर्न थाल्नुभयो । त्यसपछि मैले पनि धेरैपटक थाइल्यान्ड र हङकङको भ्रमण गर्ने मौका पाएँ ।

२०४० साल (सन् १९८३) मा जापान जाने मौका पाएँ । ओसाका, कोवे र टोकियोको भ्रमण गरियो । यो नितान्त प्लिजर ट्रिप (भ्रमण) थियो । अति रमाइलो भयो । ग्यास बाल्न नजानेर एक छाक भोकै परियो भने कहिल्यै नसुतेको इलेक्ट्रीजडित डसना र सिरक तातेपछि निद्रा नलागेको घटना र बाथरुममा कार्पेट भएको हुँदा सजिलै दिसा बस्न नसकेको सम्झँदा आज पनि हाँसो लाग्छ । त्यस यात्राको करिब दस वर्षपछि दुईपटक जापान भ्रमण गर्ने अवसर प्राप्त भयो ।

२०४९ सालमा अमेरिका जाने क्रममा ५ दिन स्वीजरल्यान्ड बसियो । बहिनी मनको घर ज्युरिच वासलमा भएको हुँदा ज्युरिचलगायत सेन्ट ग्यालेन आदि रमणीय स्थानमा घुम्ने अवसर प्राप्त भयो । पछि पनि २-३ पटक स्विटजरल्यान्ड जाने मौका मिल्यो । पहिलोपटक अमेरिकाको भ्रमण २०४९ सालमा नै भएको हो । २०४४ सालमा अमेरिकामा इन्भेटर भिसा पाएपछि भने ६ महिना बसियो । न्युयोर्कको म्यानहटनको ब्रोडवे, ट्वेन्टिनाइन स्ट्रिट हाउनस नं. ११८६ मा बस्यौँ । अमेरिका, त्यसमा पनि न्युयोर्क, न्युयोर्कमा पनि म्यानहटन, म्यानहटनमा पनि ब्रोडवे । यो स्थान टाइम स्क्वायर नजिकै थियो । यो बसाइ मेरा लागि विशेष थियो ।

२०४५ सालमा लन्डन भ्रमणको मौका मिल्यो । लन्डन अर्थात् बेलायत सात दिन बसेर बकिङ्घम प्यालेसलगायत धेरै भ्रमणयोग्य स्थानहरू घुमियो । पछि फेरि २०४९ सालमा रुस जाने सिलसिलामा ४ दिन बेलायत बसियो ।

रुसको ७ दिने भ्रमणमा मस्को र सेन्ट पिटर्सवर्ग घुमियो । त्यतिखेर सेन्ट पिटर्सवर्गमा जेठी छोरी मेडिकलको विद्यार्थी थिइन् ।

२०५८ सालमा पाकिस्तानको भ्रमणमा गइयो । दिल्लीसम्म जहाजमा र त्यहाँबाट अमृतसर हुँदै बागाबन्दरबाट लाहोर गइयो । त्यहाँ रक्षा छोरी इन्जिनियरिङ पढ्दै थिइन् । ७ दिनको बसाइ बडो रमाइलो भएको थियो ।

२०७० सालमा अमेरिकाको हुस्टन बन्दरगाहबाट मेक्सिकोसम्म ५ दिनको समुद्री (क्रुज) यात्रा गर्ने मौका पाएँ । त्यो यात्रामा मैलेभन्दा बढी उहाँले रमाइलो मान्नुभयो । भन्नुहुन्थ्यो – 'त्यो साँच्चिकै स्वर्गीय यात्रा हो ।' वास्तवमा त्यहाँको आनन्दको वर्णन नै गर्न सकिन्न । दुई वर्षपछि अर्को क्रुज यात्रा पनि गऱ्यौँ । त्यो तीनदिने यात्रा थियो नयाँ मुलुक बाबहामको ।

छोरी रक्षाको विवाह (२०६१) पछि प्रत्येक वर्षजसो अमेरिका जान थालियो । टेक्ससको युलिसमा धेरै समय जाने र बस्ने काम भयो । पछि साउथ लेकमा सरेपछि पनि तीनपटक गइयो । अमेरिकाको न्युयोर्क, वासिङटन, भर्जिनिया, मेरिल्यान्ड, बोस्टन, फिलाडेल्फिया र नर्थ भर्जिनिया त न्युयोर्क बस्ता नै घुमिएको थियो । पछि डालासबाट पटक-पटक भ्रमण हुँदा लसभेगास, लसएन्जेल्स, क्यालिफोर्निया र कोलोराडोको भ्रमण गर्ने मौका मिलेको थियो ।

२०७४ सालमा अस्ट्रेलियाको भ्रमणमा गयौँ । सिडनी र मेलबर्न राज्यका घुम्नुपर्ने स्थान घुमियो । प्रसिद्ध जिलोङ पार्क, फिलिप्स आइल्यान्ड र ग्रेट ओसन ड्राइभ आदि स्थान घुमियो । साथमा बहिनी वर्षा, मन र छोरी रक्षाका साथ ज्वाइँ वैकुण्ठ थापा हुनुहुन्थ्यो ।

२०७५ सालमा विश्वप्रसिद्ध पर्यटकीय क्षेत्र मेक्सिकोको क्यानकुनमा चार रात बिताउने मौका पायौँ । समुद्री तटमा जोडिएको विशाल प्याराडाइज नामको होटलभित्रै विभिन्न किसिमका स्विमिङ पुलहरू भएको र जोडिएको सीबीचमा जलक्रिडा गर्न सकिन्थ्यो । सूर्योदय र सूर्यास्तको समय नै त्यस ठाउँको महत्त्वपूर्ण समय रहेछ । त्यस दृश्यलाई हामीले बसुन्जेल हेरेर आनन्द लियौँ । यही भ्रमणको सिलसिलामा बोस्टन पुग्यौँ । त्यहाँ पनि अनेक सीबीचमा जाने मौका पायौँ । यो भ्रमणमा मन र पौल साथमा थिए भने भाइ भरतसमेत सम्मिलित थिए ।

माथि उल्लिखित भ्रमण उहाँको साथमा भएको हो । यसरी हामीले भ्रमणलाई निरन्तरता दिइरहेका छौँ ।

**साहित्यिक रचनाको पहिलो पाठक :**

२०३५ सालदेखि आजसम्म उहाँको साहित्यिक रचनाको पहिलो पाठक हुँ अर्थात् श्रोता हुँ । 'कालो सूर्य' (विश्वप्रसिद्ध उपन्यास) लेख्ता या लेख्तालेख्तै मलाई सुनाउनुहुन्थ्यो । उहाँ त्यतिखेरसम्म साहित्यकारमा दर्ज नभइसकेकाले पनि आफ्नो रचनाको पाठक आफ्नै घरमा खोज्नुभयो । मैले 'कालो सूर्य' पढेकी छैन, तर सबै सुनेकी छु । कविता लेख्ता पनि लेखिसकेपछि मलाई सुनाएर मात्र थन्क्याउनुहुन्थ्यो । कविता र गीतहरू उहाँले ठूलो-सानो टुक्रा कागजमा लेख्नुहुन्थ्यो । ती लेखेका कविता, गीत, मुक्तक कहिल्यै पल्टाएर पढ्ने वा खोज्ने गर्नुभएन ।

२०६२ सालमा प्रा. प्रयागराज वाशिष्ठले सोधखोज गरेपछि मैले टिपनटापन गरेर राखेका हस्तलिखित कागजको बन्डल प्रा. प्रयागराजजीलाई दिएपछि त्यहाँबाट छनोट गरी दुई कवितासङ्ग्रह 'उर्लिएका लहरहरू' र 'छचल्किएका रहरहरू' नामक पुस्तक प्रकाशन भए ।

पछि 'व्यूहचक्र', 'रातो घाम' र 'ख्वपदेश' उपन्यासहरू लेख्ता पनि मलाई प्रत्येक दिनको लेखन प्रगति सुनाउन भुल्नुभएन । त्यसैले उहाँको साहित्यको पहिलो पाठक मै हुँ भन्ने दावी गरेकी हुँ ।

**धार्मिक विचार :**

धर्ममा अति नै निष्ठा राख्ने व्यक्ति हुनुहुन्छ उहाँ । यो सम्पूर्ण सृष्टि परमात्मा परमेश्वर अर्थात् भगवान्ले गरेका हुन्, हाम्रो जन्म पनि उनकै इच्छाअनुसार भएको हो, हामीलाई विशेष काम दिएर यो पृथ्वीलोकमा पठाइएको हो, हामीले त्यो काम गर्नुपर्छ, निर्देशित काम नसकुन्जेल मात्र हामी यस भूतलमा बस्न पाउँछौं, जुन दिन काम सकिन्छ, त्यही दिन उनले बोलाउँछन् । उहाँको भनाइ हो यो । जे हुनुपर्ने हो, त्यो भएरै छाड्छ र त्यो राम्रोका लागि हुन्छ भन्ने उहाँको मान्यता हुँदा कुनै दुःखपूर्ण घटनामा पनि उहाँ त्यति पीर र चिन्ता लिने गर्नुहुन्न ।

उहाँ दैनिक १ घन्टा पाञ्चायन (कुलदेवतासहित) पूजा गर्नुहुन्छ । जप-ध्यान पनि बिहानको कार्यक्रममा समावेश हुने गर्छ । दैनिक व्यायाम तथा प्राणायाम पनि गर्नुहुन्छ । ३.३० बजे बिहान उठ्ने उहाँ मौसमअनुसार घरबाहिर र घरभित्र मर्निङवाक गर्नुहुन्छ । २०४३ सालदेखि २०६५ सालसम्म त ३ बजे बिहान उठेर ४ बजे पशुपति दर्शन गर्न पुग्नुहुन्थ्यो । पशुपति पुजारी काण्ड भएपछि भने सोमबार मात्र पशुपति जाने गर्नुभएको छ, त्यो पनि बिहान ९.३० बजे मात्र ।

सबैजसो धार्मिक क्षेत्रलाई सक्दो आर्थिक सहयोग गर्ने गर्नुहुन्छ उहाँ । साथै त्यहाँ मूर्तिहरू पनि वितरण गर्ने र आफैँले स्थापना गर्ने पनि गर्नुभएको छ । हामीकहाँ (जङ्गम निवासमा) आज पनि केही मूर्ति रहेका छन् । परिवारका कसैमा कुनै रोगव्याध लाग्यो भने पहिले पूजा उठाउनुहुन्छ, त्यसपछि मात्र औषधि-उपचार सुरु हुन्छ । यस मानेमा उहाँलाई अन्धविश्वासी भने पनि हुन्छ ।

**परम्परागत र आयुर्वेदिक उपचार :**

जुनसुकै रोग लागे पनि पहिले परम्परागत उपचारलाई प्राथमिकता दिने उहाँको बानी छ । घरमा अनेक जडिबुटीसँग सम्बन्धित औषधि-उपचार गर्ने र सेवन गर्ने गर्नुहुन्छ । मरिच, जिरा, लसुन, अदुवा, बेसार, कागती, बिरेनुन जस्ता घरेलु दैनिक उपभोगका वस्तु नै उहाँका औषधि हुन् । चिराइतो, मेथी, टिम्मुर, ज्वानोजस्ता जडिबुटीको उहाँ नियमित सेवन गर्नुहुन्छ र हामीलाई पनि सेवन गर्न सल्लाह दिने गर्नुहुन्छ ।

मेरो जीवनमा घटेका दुई घटनालाई उल्लेख गर्न चाहन्छु । २०४४ सालको कुरा हो । मलाई पेट असह्य दुखेपछि जचाउँदा किडनीमा पत्थरी देखियो । एक्सरे गर्दा ६ मिलिमिटरको ढुङ्गो देखियो । त्यसको उपचार गर्न हामी दिल्ली (भारत) जाने निर्णय भयो । टिकट पनि लिइसकेका थियौँ । कसैले होमियोप्याथी उपचार गर्ने सल्लाह दिएको रहेछ । दिल्ली जाने यात्रा रोकी होमियोप्याथी डाक्टर भरतबहादुर वैद्यकहाँ गयौँ । जम्मा रु. १५०।- को औषधि दिई 'यो तीन महिनाका लागि' भने । मलाई विश्वास नहुँदानहुँदै पनि १ महिना खाएर औषधि खान बन्द गरेँ । दुख्न कम भएको थियो । उहाँकै आग्रहमा एक्सरे गरियो । किडनीबाट पत्थरी हटिसकेको रिपोर्ट आयो । त्यसपछि जब दुख्न थाल्थ्यो, कहिले होमियोप्याथी त कहिले आयुर्वेदिक औषधि खाँदै गइयो । पछिका वर्षहरूमा भने पशुपति वनकालीमा पाइने फुल ल्याएर उहाँले नै उमालेर औषधि तयार गर्ने काम हुन थाल्यो । आज ३३ वर्ष भइसक्यो, किडनीको पत्थरीलाई रोकथाम गर्दै आएका छौँ ।

त्यस्तै मलाई घुँडा दुख्ने रोग लाग्यो । मेडिकल औषधिमा धेरै पैसा खर्च भयो । अन्तमा घुँडाको जोर्नी नै फेर्नुपर्ने डाक्टरले सल्लाह दिए । त्यही सिलसिलामा दिल्लीको मेदान्त अस्पतालमा पुगियो । त्यसै दिन एकजना उहाँका साथी शिवचरण गौतमको घरमा बास बस्न पुगियो । दिल्ली आएको र आउनुपरेको कुरा उनलाई भन्यौँ । उनी आयुर्वेदिक औषधि बनाउने र बेच्ने काम गर्दा रहेछन् । उनले 'आजै साँझदेखि औषधि खुवाउँछु' भनेर एक मात्रा तुरुन्त खानदिए र सात दिनका लागि उनले उत्पादन गरेको औषधि दिए ।

भोलिपल्ट हामीलाई कुरुक्षेत्र जानु थियो । उनको औषधि सेवन गर्दै गएँ । मेरो घुँडा हल्का भयो । दुख्न पनि छाड्यो । छ दिनपछि बेङलोर जानु थियो । छ महिनाका लागि औषधि लिएर हिँड्यौँ । पैसा पनि लिएनन् । यो २०७३ सालको कुरा हो । हालसम्म उनकै औषधि खाएकी छु । पाँच वर्ष भयो, राम्रै छ ।

**देवस्व र राजस्वबाट टाढा :**

देवताको सम्पत्तिलाई देवस्व भनिन्छ भने राज्यको सम्पत्तिलाई राजस्व भनिन्छ । यी दुवै सम्पत्ति गरिब, धनी, असहाय र दुःखी-दरिद्रीबाट दानदातव्य वा भेटीबाट सञ्चित भएको हुन्छ । त्यस्तो सम्पत्ति ठीक-ठीक किसिमबाट खर्च गर्नुपर्ने हुन्छ । राजस्वको रकम काम नगरीकन कुनै व्यक्तिले व्यक्तिगत धनमा परिवर्तित गर्छ भने राज्यको कानुनद्वारा त्यसलाई दण्डसजाय गरिन्छ । त्यस्तै देवताको सम्पत्तिलाई देवकार्य नगरी देवस्वलाई व्यक्तिको सम्पत्तिमा मिश्रण गर्छ भने त्यो व्यक्ति, परिवार र शाखासन्तानलाई हानिनोक्सानी हुन्छ ।

यसरी राजस्व बचाउने कार्यमा लाग्दा भ्रष्टाचारविरोधी आन्दोलक हुनुभयो भने देवस्वको जगेर्ना गर्दा धर्मसंरक्षण अभियन्ता हुनुभयो ।

**सरल स्वभाव :**

भनिन्छ धेरै मान्छेलाई 'घरको सिंह वनको स्याल' । धेरै मान्छेको घरमा कडा स्वभाव हुन्छ र बाहिर नम्र स्वभाव हुन्छ । तर उहाँ ठीक उल्टो हुनुहुन्छ । कडा बोली, प्रस्ट भनाइ र निडर स्वभाव भएको हुँदा घरबाहिरको काममा उहाँ कडासँग प्रस्तुत हुने गर्नुहुन्छ । उहाँको लेखाइ, बोलाइ र कामगराइदेखि धेरै मान्छे खुसी हुँदैनन् । प्रशासनिक क्षेत्रमा त उहाँ बाघजत्तिकै भएर प्रस्तुत हुने उहाँको बानी भएको हुँदा कुनै पनि काममा लामो समय टिक्नुहुन्न । आफू पनि अनुशासनमा बस्ने र अर्कालाई पनि त्यत्तिकै अनुशासनमा राख्ने उहाँको कार्यशैलीको धेरैले विरोध र कमैले प्रशंसा गर्छन् । २०५९-६० सालमा बागमती र नारायणी अञ्चलको दौडाहा हुँदा पूरा देशका कर्मचारी कामेका थिए । उहाँको एउटै शब्दमा कर्मचारीहरूले दौरा, सुरुवाल र टोपी लगाएर आदेशको पालना गरेका थिए । एकै दिनमा एकपटक २० कार्यालयहरूमा छड्के गरेपछि कर्मचारीहरू त्रसित भएर समयमा नै कार्यालयमा उपस्थित हुने गरेका थिए । अहिलेसम्म पनि उहाँको नाउँलाई प्रशासनमा भएका व्यक्तिहरूले सम्मानपूर्वक धारण गर्ने गरेको पाएकी छु । कुनै पनि सरकारी कार्यालयमा हाकिमलाई हाकिमकै कोठामा राखेर काम सम्पन्न गर्ने गर्नुहुन्छ ।

घरबाहिरका मान्छेहरूले उहाँलाई बाघ वा सिंह भन्ने गरेको मैले सुनेकी छु । तर घरमा भने ठीक उल्टो छ उहाँको आनीबानी र स्वभाव । नम्र बोली, लाए-अह्राएको काम गर्ने, घरपरिवारको सानादेखि ठूलासम्मको भनाइ र आग्रहलाई शिरोधार्य गरी काम समाप्त गर्ने गर्नुहुन्छ । त्यसैले उहाँ अति नै सरल, विनम्र र सजिलो प्रकृतिको हुनुहुन्छ ।

अन्त्यमा, सबै पाठकहरूलाई सुसूचित गर्न उहाँका दिव्य भनाइलाई उद्धृत गर्न चाहन्छु ।

- बिहान देवसमय हो भने राति राक्षसी समय हो । त्यसैले बेलुका चाँडो सुत्ने र बिहान चाँडो उठ्ने गर्नुपर्छ । सूर्य उदयभन्दा २ घन्टाअगाडि नै उठ्नु उचित हुन्छ ।
- बिहान खाली पेटमा दुई लिटर मनतातो पानी पिउने बानी बसाल्नुपर्छ ।
- घरेलु तथा आयुर्वेदिक औषधिको सेवन गर्नुपर्छ । एन्टिबायोटिक औषधिलाई सकेसम्म निषेध गर्नुपर्छ ।
- व्यायाम, प्राणायाम, ध्यान र जपलाई दैनिक कार्यतालिकामा समावेश गराउनुपर्दछ ।
- ईश्वरको सर्वशक्तिवान् शक्तिलाई स्वीकार गर्दै सकारात्मक सोचको बानी बसाउँदै प्रकृतिमय हुने कोसिस गर्नुपर्छ ।

●



काठमाडौँको डिल्लीबजारनिवासी यज्ञबहादुर केसी र अम्बिका केसीकी सुपुत्रीका रूपमा इन्दिरा जङ्गम जन्मनुभएको हो । उहाँको विवाह बानेश्वरनिवासी भरतमणि जङ्गमसँग सम्पन्न भएको हो । पद्मकन्या कलेजबाट स्नातक गर्नुभएकी उहाँले जागिर खानुभएन । असल गृहिणीका रूपमा स्थापित उहाँ दुई छोरी र एक छोराकी माता हुनुहुन्छ । भरत जङ्गमकी अर्धाङ्गिनी उहाँ भरत जङ्गमको उन्नति र अवनतिमा सधैँ साथ रहनुभएको छ । उहाँमा असल विचार र सहयोगी भाव भएकै कारण घर तथा माइतीका आफूभन्दा साना परिवारको अभिभावकका रूपमा स्थापित हुन समर्थ हुनुभएको छ ।

# सुपरिचित व्यक्तित्व
## – डा. इन्दुल केसी

कुनै व्यक्तिलाई चिन्ने माध्यम अनेकौं हुन्छन् । परिवारजन, टोल, छिमेकी, नाताकुटुम्ब, साथीभाइको नाताले मान्छेलाई चिनिन्छ । परिचित हुनुको अर्को पक्ष कुनै व्यक्तिले गरेका कामकुरा, सेवा, निर्माण, संघ-संस्थाहरूमा आबद्धता, उसको पेसा, व्यवसाय, लवाइ, खवाइ, बोलाइ, चालचलनहरू हुन् । यसरी नै कुनै व्यक्तिले लेखेका लेखरचना, पुस्तक आदिका माध्यमले पनि व्यक्तिलाई चिनिन्छ । भरत जङ्गम स्वदेश तथा विदेशसमेतका हजारौंजनाले चिनेका सुपरिचित व्यक्ति हुनुहुन्छ । म पनि उहाँलाई विभिन्न नाताबाट चिन्दछु ।

सर्वप्रथम हामी दुवै भक्तपुर सहरमा जन्मेका । अझ भन्नुपर्दा केवल पाँच मिनेटको हिँडाइको दूरीमा पर्ने टोलछिमेकीको नाता । भक्तपुर टौमढी टोलको जङ्गम मठका महन्त गोविन्दहरि जङ्गम (कान्छा महन्त) का छोरा भरत जङ्गम, मङ्गलाछे टोलका पं. केदारनाथ झाको छोरो म इन्दुल । उहाँहरू दुवै एक-आपसमा मिल्ने साथीका हामी छोरा हौं । भरतजीकी दिदी सावित्री जङ्गम थापा र म भक्तपुरको श्रीपद्म हाइस्कुलमा २००८ सालमा एउटै कक्षामा पढ्ने सहपाठी थियौं । उक्त जङ्गम मठमा म स्कुले विद्यार्थी छँदा सहपाठीको घरमा पढाइको सिलसिलामा जाने-आउने भइरहन्थ्यो । सावित्रीजीका भाइ मभन्दा ६ वर्षले कान्छा भरत जङ्गम मलाई पनि सानैदेखि चिन्नुहुन्छ । समय बित्दै गएपछि भरतजीले भक्तपुरका विभिन्न सामाजिक क्षेत्रमा गर्नुभएका क्रियाकलापहरूलाई मैले नजिकबाट देखेको थिएँ । कतिपय सामाजिक कामहरूमा हामी सहयात्री पनि भएका थियौं ।

यस लेखका माध्यमबाट भरतजीका बारे मैले केही कुराको चर्चा गर्ने प्रयास गरेको छु । भरतजीले पनि मलाई कसरी कुन रूपमा चिन्नुभयो भन्ने कुराको केही चर्चा गर्दा उहाँकै लेख 'कलासंस्कृतिका अनुभवी डा. इन्दुल' को निम्न अंश यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ भन्ने मलाई लागेको छ ।

उहाँ लेख्नुहुन्छ, – "मैले भक्तपुर सल्लाघारीमा धान्याचल महायज्ञको एक धार्मिक कार्य सम्पन्न गरेको थिएँ । सो कार्यको उद्घाटन भारत उत्तराखण्ड जोशी मठका जगद्गुरु १००८ श्री शङ्कराचार्यबाट भएको थियो । उक्त धान्याचल समारोहको मूल आयोजक समितिको एक सक्रिय संयोजक

डा. इन्दुलजी त्यहाँ ७ दिनसम्म भजनकार्य तथा स्वास्थ्यसेवामा संयोजक भई विभिन्न डाक्टरहरू तथा स्वास्थ्यसम्बनेध सहायकहरूसमेतलाई ल्याई आफू महायज्ञमा आउनुभएका हजारौँजनालाई स्वास्थ्यसेवा डा. इन्दुल केसीले गर्नुभएको सेवाकार्यलाई म बिर्सनै सक्तिनँ ।

उक्त महायज्ञको जगद्गुरु श्री शङ्कराचार्यलाई बिदाइ गर्न त्रिभुवन विमानस्थलमा तत्कालीन भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी र म स्वयम्समेत ४ सदस्य मात्रको उपस्थितिमा श्री गुरुज्यूलाई डा. इन्दुलले भक्तपुरको कटुन्जेमा एक योग तथा प्राकृतिक चिकित्सालयको विद्यालय स्थापना गर्ने आफ्नो योजना प्रस्तुत गरी जगद्गुरुको सहयोगको याचना गर्नुभएको मैले ध्यानपूर्वक सुनिरहेको थिएँ । खुसीको कुरा, जगद्गुरु श्री शङ्कराचार्यले इन्दुल केसीको योजनालाई सकारात्मक रूपमा लिई सक्दो सहयोग गर्ने वचन दिनुभएको थियो ।”

भरत जङ्गमको अगुवाइमा सरस्वतीदेवीको सुन्दर कलात्मक मूर्ति भक्तपुरको टौमढी टोलदेखि भक्तपुरमा शोभायात्रा गरी वागेश्वरी डाँडा (ल्हासापा सरस्वती) मा स्थापना गर्न लागेको बेला भक्तपुरका विभिन्न नाचगान, बाजागाजा र भजनटोलीहरूलाई मैले अगुवाइ गरी सो कार्यमा मैले सहयोग गर्न पाएको कुरा अहिले मलाई याद आइरहेको छ ।

भरत जङ्गमले लेख्नुभएका किताबहरू (१) कालो सूर्य उपन्यास, (२) व्यूहचक्र उपन्यास, (३) रातो घाम उपन्यास, (४) ख्वपदेश उपन्यास (५) भरत जङ्गमका कथा - निर्बन्ध बन्धन, (६) नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्यम र आधुनिक काल), (७) भ्रष्टाचार वैचारिक आन्दोलन हुन् । यसरी नै हरि मञ्जुश्रीले सम्पादन गर्नुभएको ‘भरत जङ्गम : विचार र दृष्टिकोण’ पुस्तक र हरि मञ्जुश्रीले नै सम्पादन गर्नुभएको र भरत जङ्गम मोती महोत्सव समारोह समितिबाट प्रकाशित ‘कालजयी व्यक्तित्व भरत जङ्गम’ नामको ९४४ पृष्ठको किताबका साथै उहाँले बेलाबेलामा लेख्नुभएका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरू पनि मैले पढ्ने मौका पाएको छु ।

भरत जङ्गमले लेख्नुभएका किताबहरूमध्ये ख्वपदेश उपन्यासबारे मात्र यहाँ म केही चर्चा गर्न गइरहेको छु । उहाँले आजभन्दा ४२ वर्षपहिले वि. सं. २०३६ सालमा लेख्नुभएको ‘कालो सूर्य’ उपन्यास, उहाँले नै २०४१ सालमा लेख्नुभएको ‘व्यूहचक्र’ उपन्यास र ‘रातो घाम’ उपन्यासले उहाँ एक सफल उपन्यासकार हुनुहुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । उक्त ‘ख्वपदेश’ उपन्यासमा भक्तपुरको ज्यापू जातिको गौरवमय इतिहास, संस्कृति, सामाजिक

व्यवहारलाई उजागर गर्नुभएको छ । उपन्यासमा रहेका १८ जना विभिन्न पात्रहरू सबै भक्तपुरका नेवारहरू नै हुन् । उपन्यासमा भक्तपुरका विभिन्न स्थानहरूमा रहेका १४ वटा पोखरीहरू, विभिन्न स्थानमा रहेका नगर प्रवेश गर्ने ५ वटा ढोकाहरूका बारे र किताबको सुरुमा नै झन्डै २५० वटा स्थानीय नेवारी शब्दहरूको नेपाली भाषा शब्दार्थ राख्नुभएकाले स्थानीय नेवारी शब्द नबुझेका पाठकहरूले पनि उक्त उपन्यास बुझ्न सरल पारिएको छ । यस उपन्यासमा भक्तपुरमा मनाइने विभिन्न जात्राहरू, पर्वमेलाहरूमा गाइने गीतहरू, बजाइने बाजाका बोलहरूसमेत उल्लेख गरिएको पाइन्छ । साथै भक्तपुर नगरमा प्रसिद्ध रहेका विभिन्न ८ वटा गणेशका नामहरू पनि उल्लेख गरिएको छ ।

यस उपन्यासकी मुख्य पात्रा चकना नामकी एक ज्यापुनी केटीको एक उच्च जातका ब्राह्मणपुत्र स्कुलका सहपाठीसँग प्रेम हुन्छ । तर जातीयताका कारण पछि तिनीहरूका बीचमा विवाह हुन सकेन । यसरी यस 'ख्वपदेश' उपन्यास २०७ पृष्ठको किताबले भक्तपुरका बारेमा ज्यादै रोचक ढङ्गले लेखिएको पठनीय उपन्यास उहाँले पाठकसमक्ष प्रस्तुत गर्नुभएको छ । यस किताबको प्रकाशक नेपाली आवाज प्रकाशन प्रा. लि. बिजुलीबजार काठमाडौँ हो भने यसको मूल्य रु. २५०।- मात्र रहेको छ ।

●



डा. इन्दुल केसी भक्तपुर जिल्लामा जन्मेका पूर्वप्रशासक, लेखक, अनुसन्धाता, प्राकृतिक चिकित्सक, समाजसेवी आदि विविध क्षेत्रका ख्यातिप्राप्त व्यक्ति हुनुहुन्छ । उमेरको तुलनामा उहाँ अत्यन्त सक्रिय सामाजिक जीवन बिताउनुहुन्छ । शब्दयात्रा प्रकाशनका आजीवन सदस्य रहनुभएका उहाँका विषयमा दुई पुस्तक प्रकाशित छन् । उहाँका विषयमा पूर्ण जानकारी sypublication.com.np बाट पाउन सकिन्छ ।

# प्रेरणादायी व्यक्तित्व
## – ईश्वर देवकोटा

विश्वव्यापी सङ्कटको बेला छ, तापनि स्रष्टा सम्मान र अभिनन्दन थाती रहनुपर्छ जस्तो मलाई लाग्दैन । श्रद्धेय भरतमणि जङ्गम ७५ वर्षको हुँदै गर्दा उहाँको सम्मानमा हीरक महोत्सव आयोजना भइरहेको अवसरमा हार्दिक अभिनन्दन गर्न पाउँदा गर्व महसुस गरेको छु ।

समष्टिमा हेर्दा वैदिक आस्थालाई शिरोपर गरी समाजमा सदाचार होस्, सुशासन होस्, समान न्याय स्थापित होस् भनी समर्पित अभियन्ताका रूपमा जङ्गमजीको योगदान स्मरण हुन्छ । वास्तविक उहाँले सनातन धर्मको उत्थानमा दिनुभएको महत्त्वपूर्ण योगदान र राष्ट्रवादप्रतिको समर्पण अग्रपङ्क्तिमा आउँछ र अविस्मरणीय रहेको मलाई लाग्दछ । उहाँको अर्को योगदान नेपाली साहित्यप्रतिको हो ।

लोकले बुझेको कुराबाहेक केही कुरा व्यक्तिगततर्फ पनि उल्लेख गर्न चाहेँ । हालसालै श्रीमती र अन्य परिवारका सदस्यहरूसहित डोलेश्वर महादेवको र आशापुरी महादेवको दर्शन गर्ने सौभाग्य पाएको थिएँ । जङ्गमजीले डोलेश्वर महादेवको मन्दिरलाई केदारनाथको शिरोभागका रूपमा प्रमाणित एवं घोषणा गर्न अगुवाइ गरेको स्थलगत जानकारी पाएँ । पूज्य पिजाजी राजेश्वर देवकोटा र जङ्गमजीमा आपसी सौहार्द्रता त छँदै थियो, थप पिताजीले उहाँलाई स्नेहसम्मान गर्नुहुन्थ्यो ।

यसै सिलसिलामा निम्नानुसारको अर्को आफ्नै प्रासाङ्गिक लिखत उद्धृत गर्न चाहेँ – "पशुपति आर्यघाटमा प्रधानमन्त्रीज्यूले राष्ट्रिय झण्डा ओढाइ बिदाइ सम्मान गर्नुभयो । दाहसंस्कार गरेँ । त्यतिखेर दरै घामपानी हुने देखियो र भो पनि । अनि आफैँ बिदा भो । साउने सोमबारको व्रत लिने व्रतालुहरू पशुपतिको दर्शन गर्न आउँदै थिए । यसपालि पाँचौं सोमबार परेकाले भीड अधिक धेरै बढ्दै थियो । थप सन्ध्याकालीन आरतीमा भाग लिन र आरती सुन्न आउने भक्तजनको आर्यघाटपारि खचाखच थियो । म आफ्नो कर्ममा थिएँ । मुण्डन गरेँ, स्नान गरेँ र कोरा बसेँ ।

त्यतिखेर दिन सन्ध्यामा परिणत हुँदै थियो । स्रष्टा भरत जङ्गमजीले प्रवचन दिइरहनुभएको रहेछ । ठूलो आवाजमा भरखरै मात्र राष्ट्रका सच्चा पुत्र

राजेश्वर देवकोटाको आर्यघाटमा अन्त्येष्टि भएको र देशमा उहाँजस्ता इमानदार र राष्ट्रवादी नेता १० जना मात्र भएको भए हाम्रो देशको स्थिति धन्य हुने थियो आदि-आदि प्रतिध्वनि पशुपति क्षेत्रमै गुन्जँदै गरेको सुनेँ । ती ध्वनिहरूमा केही ढाडस केही गौरवका भावहरू सन्निहित थिए । परिस्थितिले तेजोबध गरिदिएको थियो । फेरि शून्य महसुस गरेँ ।”

●



ईश्वर देवकोटा लेखक तथा राजनीतिकर्मी राजेश्वर देवकोटाका सुपुत्र, लेखक तथा समाजसेवी हुनुहुन्छ ।

# भरतमणि : भ्रम, तथ्य र निराकरण
## – डा. उद्धव पुरी

भरतमणि जङ्गमका बारेमा केही लेख्ने अवसर प्राप्त भएकै दिन मात्र मैले उहाँलाई प्रत्यक्ष भेट्न पाएको हुँ । सहजातीय हिसाबले उहाँले भेटलाई भाइबन्धुमा परिणत गराउनुभयो । दुवैले दुवैका बारेमा थोरबहुत बुझेका र सुनेका थियौँ भन्ने यथार्थतालाई लियौँ र भलाकुसारी गऱ्यौँ । उहाँको राष्ट्रियताप्रतिको विभिन्न कोणबाट चलिरहेको निरन्तर अभियान उमेर ढल्किँदा पनि उत्तिकै जाँगरिलो देख्ता त्यो प्रेरणाका रूपमा लिन सक्नु जन्मभूमिका लागि जीवनकै सार्थकता लाग्यो । उहाँको दीर्घ सुस्वास्थ्यको कामनासहित अझै कर्मयोगी बन्न सक्नुहोस् ।

भरत जङ्गमको लामो समयदेखि भष्टाचारविरोधी अभियान, सुशासन, इतिहास र संस्कृतिको उजागरलगायतका कार्य राष्ट्रिय महिमाका विषय हुन् । त्यसका लागि उहाँले आफूलाई विभिन्न विधामार्फत परिचित गराउनुभएको छ । विशेषतः इतिहास र संस्कृतिका सम्बन्धमा सो अध्ययन र खोजी जाँगरिलो लाग्यो । लामो समयदेखि शासकीय वर्गको आशा र भरोसामा नेपालको इतिहास तोडमरोड गर्ने र इतिहास र नेपाली संस्कृतिको प्राचीन अध्ययन र अनुसन्धानलाई हालको राजधानीकेन्द्रित बनाउनेहरूको भीडले नेपालको क्षेत्रीय इतिहासलाई अन्धकारमय बनाएको छ । उनीहरूले आधुनिक नेपालको इतिहास र त्यसको शासक वर्गलाई नै केन्द्र बनाएर सम्पूर्णता देखाउन खोजेका छन् । त्यसैले नेपालको इतिहास तथा संस्कृति र त्यसको प्राचीनता जान्न वास्तवमै धेरै काम गर्न बाँकी छ । यो मौनतालाई योगी नरहरिनाथजस्ताको योगदानलाई भने भुल्न सकिँदैन ।

परधर्मीको उक्साहटमा चलेको अभियानले र त्यसलाई प्रभावित पारेको राष्ट्रिय राजनीतिबाट यो देवभूमिलाई जोगाउन अनि सनातन र बौद्ध परम्परा र त्यसको वास्तविकतासँग जोडिएको मूल मर्म विश्व सभ्यता, विकास र शान्तिको जननी हो भन्ने उजागर गर्न तथा हर नेपालीलाई गौरवान्वित नागरिक बनाउन सके नेपाल देश आफैँमा समृद्ध बन्नेछ । यस वास्तविकतामा भरत जङ्गमको एकल प्रयास र उनको निरन्तर क्रियाशीलता भोलिका लागि प्राथमिक स्रोत बन्नेछन् ।

तथ्य, सत्य र भ्रमको निराकरण खोज्दा र प्रस्तुत गर्दा विगतका धेरै कुराहरू गलत सावित हुन्छन् । त्यो केहीका लागि अपाच्य हुन्छन् र कथित विज्ञका नाममा त्यसको विरोध हुन्छ र त्यसलाई कमजोर सावित गराउन खोजिन्छ । यो भरत जङ्गममाथि पनि कतै-कतै लादिएको देखिन्छ । तर उहाँको आँट र अन्वेषण भोलिका दिनमा सबैका लागि स्वीकार्य र थप अध्ययन र अनुसन्धानको विषय बन्न सक्तछ । विशेष गरी इतिहास, धर्म र संस्कृतिका विषयमा उहाँले प्रस्तुत गर्नुभएको र मैले अध्ययन गर्न पाएका पुस्तकहरूमा समावेश भएका कतिपय कुराहरू अनुसन्धानविधिको पूर्णतामा समेटिन सकेका छैनन् । विषय प्रस्तुतिले त्यसका थप प्रमाणहरू उहाँसँग छन् भन्ने देखाए पनि त्यसलाई यथास्थानमा सङ्ग्रह गरिएको छैन । उहाँको बौद्धिकता र सक्रियता यसतर्फ पनि सान्दर्भिक हुनुपर्छ भन्ने लाग्दछ ।

अन्त्यमा, भरतमणि जङ्गमको ७५ औं जन्मदिवस वा हीरक महोत्सव उहाँको विगतका कर्म नेपालका लागि गौरवमय एवम् राष्ट्रहितैषीका लागि प्रेरणा बन्न र उहाँका लागि पनि थप सुमार्गको सौभाग्य सावित गर्ने महोत्सव भइरहोस् ।

●



डा. उद्धव पुरी लेखक तथा पत्रकार हुनुहुन्छ । उहाँ विश्वविद्यालयमा इतिहास विषयमा प्राध्यापन पनि गर्नुहुन्छ ।

# चम्किलो तारा
## – एसपी आशा

भरत जङ्गमजीको बिम्ब हो काव्यरूप
अटुट कलमी उपन्यासमा सिद्धहस्त
जीवन पनि जङ्गमको सत्य रोमाञ्चकारी
शरीर कद र बोली व्याप्त भै पद्यकारी

– भरतेन्दु महाकाव्य

यो मालिनी छन्दमा व्यक्त गरिएको भरत जङ्गमको चरित्र चित्रणबाट प्रारम्भ गरूँ जस्तो लाग्यो

भरत जङ्गम नेपालका सुप्रसिद्ध उपन्यासकार भन्ने मलाई उहाँले लेखेको 'कालो सूर्य' आजभन्दा सम्भवतः ३० वर्ष अगाडिदेखि नै लागेको थियो । उहाँको यसभन्दा अगाडि प्रकाशित 'कालजयी व्यक्तित्व' भन्ने स्मृतिग्रन्थमा मैले लेखेको लेखबाट पनि बुझ्न सकिन्छ । अहिले मलाई गर्दनको हड्डी खिएर मेरो छोरीको घर बानेश्वरमा बसाइँ सरेपछि एक दिन अचानक भरत जङ्गम र राजेन्द्र मराठा आएर मलाई एउटा पुस्तक दिएर 'मेरो चाँडै नै अर्को सम्मानग्रन्थ तयार हुँदैछ । त्यसमा दाइको लेख नराखीकन म छाप्तिनँ' भन्नुभयो । मैले भनेँ, 'म हाल लेख्न सक्ने हालतमा छैन, तपाईंले दिनुभएको पुस्तक पनि मलाई पढ्न गाह्रो हुन्छ, यस्तो अवस्थामा म कसरी तपाईलाई लेख्न सकौँला ।' उहाँले भन्नुभयो, 'त्यसो नभन्नु दाइ, जसरी भए पनि दाइको लेख चाहिन्छ-चाहिन्छ ।'

यो कुरा कवयित्री केशरी बज्राचार्यले पनि भन्नुभएको थियो । गुरुको लेख नरहीकन भरत जङ्गमले अहिले प्रकाशित हुन लागेको पुस्तक नछाप्ने र मैले यही कुरा सम्झेर भने म यो पुस्तक बिस्तारै अध्ययन गर्छु, तपाईं मलाई लेख्ने मान्छे पठाइदिनोस्, म भन्छु, उहाँले लेख्नुहुन्छ, यसो गरेरै भए पनि जे-जस्तो हुन्छ, एउटा संस्मरणात्मक तयार गरूँला ।

उहाँहरू त्यति बेला हुन्छ दाइ भनेर जानुभयो । मैले सकी-नसकी भरत जङ्गमले लेख्नुभएको 'नेपालको इतिहासमा रहेको भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिककाल)' भन्ने प्राचीन इतिहासमा आधारित पुस्तक भएकाले मेरो पनि ध्यान खिचिरहेको थियो । किनभने म पनि इतिहासकै

विद्यार्थी भएको र मैले इतिहासमा आधारित १४ वटाजति ऐतिहासिक साहित्य प्रकाशित गरिसकेकाले मेरो ध्यान त्यतातिर जानु स्वाभाविक नै थियो ।

मैले भरत जङ्गमलाई सफल उपन्यासकारपछि भ्रष्टाचार अभियन्ताका रूपमा चिनेको थिएँ । उहाँ भ्रष्टाचारका विरूद्धमा सङ्घर्षशील जागरुक तथा कर्मठ व्यक्तित्व हुनुहुन्छ भन्ने लागिरहेको थियो । तर यो पुस्तक देखेपछि उहाँ त्यतिमा मात्र सीमित नभएर प्राचीन इतिहासको धूलो उठ्ने बोराभित्र छिरेर आजसम्म इतिहासमा नाम कमाएका प्रसिद्ध शिरोमणिहरूलाई अकाट्य प्रमाणका आधारमा खण्डन गर्न सफल हुनुभएको रहेछ । मेरो चिनारीमा अर्को एउटा अध्याय पनि थपियो । भरत जङ्गम प्रसिद्ध साहित्यकार, उपन्यासकार तथा भ्रष्टाचारका कठोर अभियन्ता मात्र नभएर इतिहासका छिद्र-छिद्र केलाएर इतिहासमा रुचि भएका पाठकहरूलाई सत्यतथ्य बताउने वक्ता, द्रष्टा पनि हुनुहुँदो रहेछ । अनि त झन् उहाँका विषयमा सकी-नसकी केही न केही भन्न मन लाग्यो र मेरो अन्तस्करणले पनि मलाई घचघच्याइरह्यो ।

तर म स्वास्थ्यका कारणले विवश थिएँ । के गरूँ, कसो गरूँ भइरहेको बेलामा अचानक राजेन्द्र मराठाले 'भरतांशु' (महाकाव्य) को केही अंशको अध्ययनपश्चात् झनै अन्तस्करणले प्रेरित गरिरहेको थियो मेरो अशक्त अवस्थाको अभिव्यक्तिलाई साकार तुल्याउन सहयोगीका रूपमा एउटा भाइ सुशील अधिकारी पाएँ र मेरो मुखारविन्दबाट जे निस्कियो, त्यहीबमोजिम यो छोटो लेख तयार भयो ।

भरत जङ्गमका विषयमा यो एउटा कनिकाजस्तो मात्रै हो । मलाई पनि उहाँको जीवनचरित्रलाई बासमती चामलजस्तो झल्काउने विचार थियो । तर फेरि मेरो अन्तस्करणले भन्यो, भरत जङ्गम आफैँ हीराजस्ता चम्किला हुन् भने तेरो बासमती चामलको जस्तो चमकले के गर्छ ? त्यसकारण भरत जङ्गमलाई कसैले पालिस लगाएर चम्काउनुपर्दैन । उनी आफैँ कर्मले चम्किलो भएर यो राष्ट्रमा जति पछि भयो त्यति नै चम्किलो ताराका रूपमा बाँचिरहनेछन् ।

●



एसपी आशा प्रसिद्ध ऐतिहासिक उपन्यासकार हुनुहुन्छ ।

# भरतमणि अर्थात् नेपाली मणि
## – कमल ढकाल

एक समयको कुरा हो । हरेक कथाहरू यसरी नै सुरु हुन्छन् । म पनि यहाँ कथात्मक रूपमा एक मान्छेको जीवन जोड्न खोज्दैछु । उहाँका बारेमा लेखेको कुरा प्रस्ट्याउन खोज्दैछु ।

एक समयको कुरा हो । जङ्गबहादुर राणा बेलायत जाँदाको कुरा हो । उहाँको स्वागत-सत्कारमा बेलायतमा एक नाटक देखाइएछ । सेक्सपियरको नाटक हेर्दा जङ्गबहादुर राणाले हल नै थर्काउने गरी हाँसेपछि उहाँलाई सोधिएछ – “तपाई के बुझेर हाँस्नुभयो ? तपाईं अङ्ग्रेजी भाषा त बुझ्नुहुन्न क्यारे ।”

उही दोभाषेमार्फत जङ्गबहादुर राणाले भन्नुभएछ – “थेम्स नदीको छेउमा कराउने कोइलीको भाषा तिम्री रानीले पनि बुझ्दिनन् नि ! म पनि बुझ्दिनँ । तर रानीलाई र मलाई पनि रमाइलो लाग्दैन र ?”

यसबाट बुझिन्छ साहित्य प्रस्तुत हुँदा त्यसको आफ्नै भाषा बन्छ । साहित्यको मानवीय भाषा हुन्छ । साहित्य-सङ्गीतको आफ्नो आवाज हुन्छ । त्यसलाई संसारको भाषा चाहिँदैन । राम्रो साहित्यले मुख यसै हाँस्तछ र आँखा संसारको सबैभन्दा महँगो पानीले चिसो हुन्छ । प्रस्तुत भएको साहित्य बुझ्न कुनै भाषा चाहिँदैन । यसै भनेर त होला साहित्यमा लागेर भरत जङ्गमले पनि उधुम मच्चाउनुभयो । कृतिपछि कृति लेखेर बबाल गर्नुभयो ।

एक मान्छे कति क्षेत्रमा बाँडिन सक्छ ? एक मान्छेले एक जीवनमा के-के गर्न सक्छ ? भरत जङ्गमलाई भेटेपछि अनायासै यस्तो प्रश्न आइहाल्दछ । कति मान्छे हुन्छन् एक जागिर खायो, रिटायर्ड भयो, जिन्दगी चेट भयो, सकियो । कति मान्छे हुन्छन् सामान्य जीवन व्यतीत गर्‍यो, यो धर्तीबाट बिदा भयो । तर भरत जङ्गमलाई भेट्ता यो उमेरमा पनि सक्रियता देखेर डाह नै लाग्ने । कसरी एकै मान्छे साहित्यको हरेक क्षेत्रमा लाग्न सक्नुभएको होला ?

कवि पनि उहाँ नै, कथाकार, प्रबन्धकार, निबन्धकार, सम्पादक, उपन्यासकार अनेक-अनेक उहाँ एकजना नै हुनुहुन्छ । लेखक-पत्रकार पनि उहाँ नै । उहाँ त शब्दलाई नै विजय गर्ने शब्दविजयी हुनुहुँदो रहेछ । अनि फेरि धार्मिक, आध्यात्मिक, सामाजिक, कानुन, भ्रष्टाचारको एन्टिकरेन्ट,

सोसियल इन्जिनियर पनि उहाँ नै । देशभक्त, प्रशासन, इतिहास, पुरातत्त्व र अनुसन्धानका क्षेत्रमा पनि उहाँ नै । एक मान्छे अनेक आयाम हुनुहुँदो रहेछ उहाँ । बहुआयामिक व्यक्तित्व हुनुहुँदो रहेछ उहाँ ।

यो पढिरहँदा उहाँको भजन गाएछु भन्नैं लाग्ला । एक हजार पेजको 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक पुस्तक मेरो हातमा हेरेर नेपालका होनहार २ सय ६० जनाले लेखेको पुस्तक पढेर, गुगल, यु-ट्युबलगायत सामाजिक सन्जाल हेरेर यो भनिरहेछु ।

नचिनेका, चिनेका, देखेका, नदेखेका कति व्यक्तिहरूले उहाँका बारेमा लेख्नुभएको छ । यसो भनेर नकरात्मक मन भएकाले के उहाँको कमजोरी नै छैन त पनि भन्न सक्छन् । यसले के पाउन भजन गायो पनि भन्लान् । म भन्न चाहन्छु पहिले आफ्नै कमजोरीलाई जित्दै नै मान्छे अनेक आयाममा जाने हो । उहाँका पनि कमजोरी थिए र छन्, जो मान्छे हुन्जेल रहन्छन् ।

आफ्नै अन्धकाररूपी कमजोरीलाई जितेर उज्यालो प्रकाशको कुरा यहाँ गर्न खोज्दैछु, जुन सबै मान्छेलाई काम लाग्दछन् ।

यसो सोचेँ, मैले भरत जङ्गमलाई कहाँ भेटेँ । प्रश्नको भटारोले जब आफूलाई हान्छ, उत्तर आफैँबाट निक्लन्छ । सम्भेँ, मैले उहाँलाई लेखनकुञ्जमै धेरैपल्ट भेटेको रहेछु । उहाँले हामीले निकालेको पुस्तक लोकार्पण गर्नुभएको छ । साहित्यकार पुष्पलता आचार्यको पुस्तक 'किताबयात्रा' उहाँले नै लोकार्पण गर्नुभयो । कुञ्ज नाटकघरमा चलेको 'लिलामे माइलो' उहाँ माइलो भएकाले एक दिन उहाँलाई प्रमुख अतिथि बनाएर नाटक देखाइयो । हेर्नुभयो । बेलामौका यसै पनि बाँसको घर, जहाँ अक्षरहरू जीवित रहेका छन्, हेर्न आउनुहुन्छ । भलाकुसारी र एक कप चिया खाएर बिदा हुनुहुन्छ । उहाँले दिएको प्रोत्साहन र प्रेरणाले म प्रेरणार्थक भएको छु ।

म पनि मान्छेका बारेमा अनुसन्धान गरौँ, मान्छेका कथा यो धर्तीमा मर्न नदिऊँ, मान्छे यो धर्तीको सर्वप्रिय चीज हो, ऊ यो धर्तीमा आएदेखि फूलको परिभाषा र रङ्गको परिभाषा अनि सूर्यचन्द्रको परिभाषा बन्यो, एक मान्छेले आफ्नो जीवनमा बनाएको इतिहासको दस्तावेजीकरण गर्नैपर्दछ भनेर लागेको छु । घोस्ट राइटिङ विश्वमा सर्वव्यापी प्रख्यात लेखनको विधा हो । यहाँ यसलाई संस्थागत गरेर पुर्खाको इतिहासले नयाँ पुस्ता बदल्नुपर्दछ भनेर लागिपरेको छु । नेपालमा एकै ठाउँमा कथा, कविता, नाटक, खाजा, आर्ट, साहित्यका सेलिब्रेटी बस्ने ठाउँ छैन । ती सबैलाई व्यवस्थित गरेर हामी हजारौँ नेपाली जनमनका कथा लेखेर यो धर्तीमा राख्ने ध्येयले आएका हौँ ।

लेखनलाई आफ्नो सर्वप्रिय वस्तु ठान्ने प्रिय भरत जङ्गमलाई लेखनकुञ्जमै भेट धेरैपल्ट भयो । उहाँको घरमा भेट भयो । उहाँका बारेमा बुझ्दै जाँदा चाल पाएँ, मान्छे हुनु त यस्तो पो भनेझैँ लाग्यो ।

मेरो ६० वर्ष कटेका मान्छेसँग प्रायः भेट हुन्छ । हामीले लेखिरहेको ५ सय प्लस मान्छेहरूमा ४० नकटेका त एक-दुई पनि हुनुहुन्न होला । म आजकल जीवनदर्शनभन्दा पनि मृत्युदर्शन खोज्ने ६० देखि १०२ वर्षसम्मको मान्छेसँगको सङ्गतमा छु । उहाँलाई लेखिरहेछु, पढिरहेछु र अनुसन्धान गरिरहेछु । यसरी हेर्दा वि. सं. २००४ साल मङ्सिर १० गते यो धर्तीमा पर्दापण हुनुभएका भरत जङ्गम पनि ७० कट्नुभयो । उहाँसँगको पटकपटकको भेट र उहाँको कृतिको चाङ अनि आजकल यु-ट्युबमा उहाँको सारगर्भित भनाइले म द्रवीभूत भएको छु ।

नयाँ पुस्तालाई आकर्षण गर्ने प्रविधि मैत्री उहाँले आजकाल दिएको भाइरल अन्तर्वार्ताले नयाँ पुस्तामा उहाँ चिनिनुभएको छ । नेताहरूका भित्री कुरा निर्धक्कले भन्न सक्ने आँटिलो भरत जङ्गम नेपाली जनमनको एक प्रिय नाम बनिसकेको छ । उहाँसँग कुरा गर्दा यस्तो लाग्दछ ठूलो र सफा तलाउमा नुहाएर निस्केको छु । ज्ञानको पुञ्ज उहाँले गरेको व्यवहारले मलाई प्रभावित पारेको छ । हरेक क्षेत्र, धर्म, वर्ण, लिङ्ग, जातको ज्ञान राख्ने उहाँले भन्ने शैली पनि विशिष्ट लाग्दछ । समयको असाध्यै ख्याल राख्ने भएर नै होला 'काम गर्नेलाई समय पुग्दैन' लाई उल्टाउनुभएको छ । परिवार, घर, समाज, देश सबैतिर फिँजारिएर काम गर्ने उहाँको बानी त्यही काम गर्नेलाई समय सदैव पुग्दछ भन्ने भनाइमै आधारित होला ।

हामी कुरा गर्दछौँ, र नै हामीलाई समय पुग्दैन । काम गर्ने हो भने समय पुग्दछ भन्ने कुरा मैले अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाबाट पनि देखेँ । संसारको शक्तिशाली राष्ट्रको राष्ट्रपतिलाई हालको सुपर हिरो भने पनि हुन्छ । हरेक महादेशमा उसले आफ्नो देश बनाएको छ । अफगानिस्तान, पाकिस्तान वा इरान, क्युवा वा चाइना वा अफ्रिका, हरेक देशमा केही परिवर्तन हुँदा अमेरिकाले गर्दा हो भनिन्छ । त्यत्रो सिङ्गो विश्व हेर्ने मान्छे ओबामालाई कसरी फुर्सद होला र भन्ने कतिपय मान्छेलाई लाग्दो हो । यहाँ सामान्य काम गरिरहेकालाई त फुर्सद निकाल्न गाह्रो हुन्छ । तर ओबामाले आफ्नो पुर्खा आएको देश हेर्ने भनेर केन्या गए । त्यहाँ गएर उनले भने, "I am not busy person , its all about our priority ."

हामी सामान्य देशका सामान्य जनता भने सधैँ समय नै पुग्दैन भन्छौँ । यही कुरालाई उल्टाउँदै बाराक ओबामालाई नभेटीकनै हाम्रो देशका

देशभक्त भरत जङ्गमले समय सधैँ आफैँसँग हुन्छ, नपुग्ने कुरै हुँदैन, काम गर्नेका लागि भनेको कुरा उनै ओबामासँग मिलेको छ । संसारका सबै लब्धप्रतिष्ठित व्यक्तिहरूका कुरा यिनै हुन् ।

हरेक बोली महावाणीझैँ लाग्ने भरत जङ्गमका कुरा सुनिरहूँ झैँ लाग्छ । लेखाइ पढिरहूँ झैँ लाग्दछ । यु-ट्युब हेरिरहूँ झै लाग्दछ । यस्तै भएर नै होला उहाँले बोलेका कुरामा आजकल टिकटक बन्न थालेको छ । यु-ट्युबमा भ्युअर बढेको छ । फेसबुक, इन्स्टाग्राममा उहाँ देखिनुहुन्छ । सामाजिक सन्जालको यो युगमा उहाँ त्यतातिर पनि छाइसक्नुभएको छ । गुगलमा पनि उहाँलाई प्रशस्त भेटिन्छ । विकिपेडियामा उहाँका बारेमा लेखिएको छ । भरत जङ्गम एक लेखक, पत्रकार, हिन्दूवादी, विचारक भनेर कालो भादगाउँले टोपीमा सर्लक्क मुस्कुराइरहेको फोटो हालेको छ ।

भ्रष्टाचार गर्दिनँ र गर्न दिन्नँ भन्ने प्रधानमन्त्री केपी ओली त्यही भ्रष्टाचारमा रङ्गिएर प्रधानमन्त्रीबाट बिदा भएको समय हामीले देखेका छौँ । भरत जङ्गम भने भ्रष्टाचारले देशलाई जुकाले पेट खाएझैँ कुटुकुटु खायो भनेर भ्रष्टाचारको विरोधमा लागेको धेरै भयो । सार्वजनिक सरोकारका मुद्दा दायर गरेर विभिन्न समयमा विभिन्न निर्णय गराउन अहम् भूमिका खेल्नुभएका भरत जङ्गम धेरै ऐतिहासिक काम गर्ने एक ऐतिहासिक मान्छे बन्नुभएको छ ।

उहाँले राज्यले गरेको नीतिगत भ्रष्टाचारको विरोध गर्दै २०५५ सालदेखि कानुनी जेहाद छेडिरहनुभएको छ । २०५२ सालमा भूतपूर्व संसदले पेन्सन खान पाउने गरी बनाएको ऐनलाई २०५७ सालमा मुद्दा लडेर बन्द गराउनुभयो । सरकारी पदाधिकारीहरूले दोहरो सुविधा लिन नहुने भन्ने पनि २०५८ सालमा सर्वोच्च अदालतबाट आदेश भयो । प्रधानमन्त्री डा. बाबुराम भट्टराईले २०६९ सालमा भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश र गृहमन्त्रीले विशेष सुविधा पाउने गरी ल्याएको अध्यादेश खारेज गराउन भूमिका खेलेको कारण राज्यको ५० करोड राजस्व खर्च हुने कार्य रोकिएको जनाइएको छ । एन्टिकरप्सनमा लागेर उहाँ एक मान्छेले संस्थाझैँ गरेको कार्य इतिहासमा दर्ज भइसकेको छ । एक मान्छेका कारण संसारमा नभएको पढाइ नेपालको विश्वविद्यालयमा हुनु भनेको भरत जङ्गमले कहिल्यै नमर्ने बाटो लिएको मैले बुझेको छु । जसले जति इतिहास छोप्न खोजोस्, ‘कालो सूर्य’ लेख्ने उहाँ सेतो सूर्य भएर उदाउनुभएको छ । नेपालामा एन्टिकरप्सन त्रिभुवन विश्वविद्यालयमा पढाउने विषयभित्रको विषय बन्नु भनेको एक मान्छेको जीवन सफल हुनु हो । अब जति जो जसले जहाँबाट एन्टिकरप्सन पढ्दछन्, त्यो जस भरत जङ्गमलाई जान्छ ।

भ्रष्ट आचरण भ्रष्टाचारबाट सुरु हुन्छ वा भ्रष्टाचारबाट भ्रष्ट आचरण सुरु हुन्छ । यी दुवै एक-अर्काका पूरक भएका छन् । समाज बिगार्न यसको ठूलो हात छ । फुर्मासी कमाएको पैसा फुर्मासी सक्ने हुनाले समाज विकृतितिर जान्छ । हुने विकास हुँदैन । नहुने काम हुन्छ । त्यसैले भ्रष्टाचार र विकास एक-अर्काका शत्रु नै बनेका छन् । समाजमा भ्रष्टाचार रोक्ने, भ्रष्टाचार गर्न नदिने, भ्रष्टाचारको दोहोलो काढेर समाजको सभ्यतालाई जीवित राख्न खोज्ने र त्यसको पढाइ सुरु गराउने भरत जङ्गम वास्तवमै नेपाली समाजको असल सोसियल इन्जिनियर हुनुहुन्छ । सोसियल इन्जिनियरले समाजको संरचना निर्माणका लागि उल्लेखनीय भूमिका खेलेको हुन्छ । उहाँले भोलिको समाज बनाउन आजको समाजमा खेलेको भूमिका त्यही कुशल सोसियल इन्जिनियरको जस्तै छ ।

उहाँलाई भरत जङ्गम भनेर चिनिन्छ । तर उहाँको बीचको मणि अहिले उडेको छ वा उडाउनुभएको छ । तर उहाँको पूरा नाम भरतमणि जङ्गम हो । अत्यन्त मूल्यवान् चम्किलो पत्थर मानिने मणि उहाँले बीचको नाम त हो भनेर काटेर भरत जङ्गम मात्र भने पनि सारा नेपालीले भने उहाँले काटेको मणि थाहै नपाई उहाँलाई सुयोग्य र श्रेष्ठ व्यक्तिका रूपमा, मणिका रूपमा चिनेका छन् भरतमणि अर्थात् नेपाली मणि भनेर । देशको कसरी हित हुन्छ ? गर्न सकिन्छ ? भनेर सोचिरहने, गरिरहने भरतमणि साँच्चै नेपालको मणि हुनुहुन्छ । युगयुग यो नाम नेपाली जनताले बिर्सन सक्तैनन्, बिर्सन मिल्दैन ।

वि. सं. ३००५ सालमा उहाँ जन्मेको एक हजार वर्ष पुग्दछ । मलाई त लाग्दछ उहाँ एक हजार वर्ष बाँच्नुस् र यो पृथ्वीमा आफ्नो कर्मबाट सारा मान्छेलाई सुसूचित गरिरहनुस् । तर त्यो सम्भव छैन । हाम्रो वेदका ऋचाले दिएको आशीर्वाद छ जीवेम शरदः शतम् । एक सय शरद पार गर्ने आशीषअनुसार उहाँ भर्खरै ७४ वर्ष पुगेको मान्छेको अझै वि. सं. २१०४ पुग्न गधापच्चिसे उमेर पार गरेर पनि एक वर्ष बाँकी नै छ । त्यसैले आउँदो २६ वर्ष पनि मान्छेलाई आफ्ना अनेक कार्यद्वारा अलौकिक आनन्द प्रदान गरिरहने शुभकामनासहित यो लेख यहीँ बन्द गरेँ ।

●



कमल ढकाल घोस्ट राइटिङ क्लबसँग सम्बन्धित लेखक तथा सञ्चारकर्मी हुनुहुन्छ ।

# ऐतिहासिक भ्रममाथि भ्रमण गर्दा
## – कमल रिजाल

एकाबिहानै अप्रत्याशित फोन आएको थियो केही दिनअघि । फोन गरेका रहेछन् भ्रष्टाचार निवारणका कुशल अभियन्ता भरत जङ्गम (भरतमणि जङ्गम) ले । पहिलो वाक्यमै सोधे 'बसाइ कता हो ?' भनेर । 'बसाइ त ललितपुर भैँसेपाटीतिर हो, तर किन होला ?' प्रतिप्रश्न गर्दै उत्तर दिएँ मैले पनि । तत्कालै उनले थपे, 'त्यस्तो खासै केही होइन । तपाईंलाई काम लाग्न सक्छ कि जस्तो लागेकाले एउटा किताब दिऊँ कि भनेर मात्र हो ।'

पछिल्लो अवस्थामा भ्रष्टाचार निवारणका क्षेत्रमा अभियानै चलाउँदै आएका भरत जङ्गम एउटा ब्रान्ड नै बनिसकेका छन् । धर्मसंस्कृति, संस्कार र इतिहासका क्षेत्रमा अतुलनीय देन छ उनको । उनीसँग प्रत्यक्ष भेट्ने अवसर पाएको छैन अहिलेसम्म, तर नाम भने बीसौँ वर्षपूर्वदेखि सुन्दै र पढ्दै आएको हुँ मैले । नयाँ पुस्तक भनेपछि हुरुक्कै हुने बानी, त्यसमाथि कामका हुन सक्छन् भन्ने सुनेपछि 'भैगो पर्दैन' भन्ने कुरो कहाँ आउँथ्यो र । सहर्ष उत्तर दिएँ, 'यो त खुसीको कुरा हो । तर पाउने पो कसरी ? न स्वास्थ्यका कारणले आफैँ आउन सक्ने अवस्थामा छु, न तत्कालै पठाउन सकिने मानिस नै । त्यसैले लोकान्तर डटकमको कार्यालय कुपन्डोलसम्म पठाइदिनुभए आभारी हुने थिएँ ।'

सोही दिन साँझ पुस्तक हात पऱ्यो । पुस्तक रहेछ उनी आफैँले लेखेको 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' शीर्षकको । शीर्षकमुनि सानो अक्षरमा 'प्राचीन, मध्य र आधुनिक काल' पनि लेखिएको रहेछ । पुस्तक हात पर्नासाथ पढ्न सुरु गरेँ, नसकी उठ्नै मन लागेन । जति पढ्यो उति पढ्न मन लाग्ने, एकपछि अर्को प्रकरणले तान्दै लाने, कस्तोकस्तो, स्वादिलो त्यत्तिकै, रसिलो त्यत्तिकै । मध्यरातसम्म लगाएर एकै बसाइमा पढेर भ्याएँ तर धित मरेन र भोलिपल्ट पुनः पढेँ । चियाको टेबलमा पढेँ, चमेनाको समयमा पढेँ । पढ्दै जाँदा कतै इतिहासको पुनर्भ्रमण गर्दैछु जस्तो लाग्यो, कतै नयाँ इतिहास नै पढिरहेको छु जस्तो लाग्यो, कतैकतै यस्तो इतिहास पहिले नै पढ्न पाइएको भए जाने-अनजाने दिमागमा घुसेका भ्रम चिर्न पाइने रहेछ जस्तो पनि नलागेको होइन । लेख्नु राम्रो हो, लेख्नुपर्छ तर लेख्नु मात्र सबैथोक भने होइन पक्कै पनि । कहिल्यै पनि सत्यलाई बङ्ग्याउनु हुँदैन,

मिल्दैन लेखकले । त्यसमा पनि इतिहासजस्तो सार्वभौम विषयलाई बङ्ग्याएर लेख्नु त झनै हुँदैन । यो भनेको घोर अन्याय हो समाजप्रति पनि र भावी पुस्ताप्रति पनि । तर विडम्बना, लामो समयदेखि यस्तैमा बाँच्न र रमाउन विवश छौँ हामी । यस्तो अवस्थामा थोरै भए पनि इतिहासमा रहेका वा राखिएका कतिपय भ्रम चिर्ने काम गरेको छ जस्तो लागेको छ यस पुस्तकले ।

एक दर्जनभन्दा बढी शीर्षकका प्रकरणहरू छन् यस पुस्तकमा । तिनमा 'भिँद्यो महाभारतकालीन भीमसेन होइनन्', 'चाँगुनारायणको नाउँ दोलाशिखर स्वामी होइन', 'अंशुवर्माको राजधानी सहर हंसगृह', 'शैवदेवता अनन्तलिङ्गेश्वर', 'डोलेश्वर महादेव : परिवर्तित नाउँ', 'बानेश्वर महादेवको सङ्क्षिप्त परिचय', 'प्रकाशेश्वर प्राचीन पर्यटकीय क्षेत्र', 'वागेश्वर महादेव एक परिचय', 'हलिपट शिवध्वजा हो, नागनागिनी होइन', 'प्राचीन वर्षामापन यन्त्र तालोदम्फो', 'भक्तपुर वागेश्वरीको सरस्वतीस्थान', 'धनेश्वर महादेव र त्यसको ऐतिहासिक पृष्ठभूमि' आदि पर्छन् । अन्त्यमा आएका छन् 'धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका' र सम्बन्धित चित्रावली सम्बन्धी प्रकरण । यी सबै प्रकरण उत्तिकै महत्त्वका छन् । तिनमा पनि 'भिँद्यो महाभारतकालीन भीमसेन होइनन्', 'चाँगुनारायणको नाउँ दोलाशिखर स्वामी होइन', 'अंशुवर्माको राजधानी सहर हंसगृह' र 'हलिपट शिवध्वाजा हो, नागनागिनी होइन' शीर्षकका प्रकरण अब्बल दर्जाका लागे मलाई ।

सुरु गरौँ 'भिँद्यो महाभारतकालीन भीमसेन होइनन्' भन्ने प्रकरणबाटै । हामीले जानेको, मानेको र बुझेको दोलखाको भीमसेनकै नाम हो अहिलेसम्म पनि । कतिले कुलदेवता नै मानेर गोठधूप गर्दै आएका छन् उनलाई । पङ्क्तिकार आफ्नै पनि शुभकार्य गर्दा वा घरमा चोखो, मीठो पाकेको बेला सम्झना गर्ने देवतामा पर्छन् उनी । महाभारतका पात्र कुन्तीपुत्र भीमसेन कसरी हाम्रा कुलदेवता हुन पुगे होलान् जस्तो पनि नलागेको होइन, तर यसतर्फ अहिलेसम्म कसैले पनि सोधखोज गरेको पाइएको थिएन र आफैँले पनि भ्याएको थिइनँ । यस पुस्तकबाट भने राम्रै उत्तर पाएँ जस्तो लागिरहेको छ अहिले । कारण हामीले मान्ने गरेको र भन्ने गरेको दोलखाका भीमसेन कुन्तीपुत्र भीमसेन नभई भीमेश्वर महादेव रहेछन् । यस कुराको यथेष्ट प्रमाण दिएका छन् भरतजीले पुस्तकमा ।

भीमेश्वर महादेवलाई कहिले, कसले, कुन उद्देश्यले भीमसेनमा परिणत गरिदिए, त्यतातिर नजाऊँ । यसका पछाडि धेरै कारण हुन सक्छन्, तर उनी दोलखाबाट उपत्यका प्रवेश गर्नुपूर्व नै भीमेश्वरबाट भीमसेनमा परिवर्तन भइसकेको भने प्रस्टै बुझिन्छ । त्यति मात्र होइन, महादेवका साथमा रहेका

गणेश, कुमारसमेत कुन्ती र द्रौपदीका नाममा परिणत भइसकेका रहेछन् उति बेलै । उपत्यकाका मल्ल राजाहरूले क्रमशः भक्तपुर, कान्तिपुर र ललितपुरमा मन्दिर बनाई स्थापना गरेपछिको कुरा गर्ने हो भने इतिहासले अर्कै मोड लिएको देखिन्छ । दोलखाबाट भक्तपुर र कान्तिपुर हुँदै ललितपुरसम्म पुग्दा कुन्ती र द्रौपदीका साथमा भीमसेनपत्नी हिडिम्बाको समेत मूर्ति थपिन पुगेको छ भीमसेनको मूर्तिका साथमा । यसको पछाडि कसैको पनि उद्देश्य नराम्रो नहोला । जानीबुझीकनै त्यस्तो हुन पुगेको हो भन्न पनि हुँदैन होला, मिल्दा पनि मिल्दैन होला । तथापि इतिहास बाङ्गिएर आनकोतान हुन पुगेको भने प्रस्टै अनुभूत गर्न सकिन्छ । यस अर्थमा भरत जङ्गमको प्रयासको प्रशंसा गर्नैपर्ने भएको छ, जसले भीमेश्वर शब्द नै अपभ्रंश भई भीमसेन हुन पुगेका हुन् भन्ने यथेष्ट प्रमाण दिएका छन्, बटुलेका छन् ।

यसलाई प्रस्ट पार्न लेखकले यति बलिया प्रमाण प्रस्तुत गरेका छन् कि जसको खोज गर्न लर्तरो प्रयास र अनुसन्धानले भ्याउन सक्छ जस्तो लाग्दैन । थाहा छैन कति समय लाग्यो वा लगाए खोज-अनुसन्धानमा । महिनौँ पनि लाग्यो होलान्, हुन सक्छ वर्षौं नै पनि लाग्यो होला, तर जति लागे पनि मिहिनेत कडै गरेका छन्, पसिना निकै बगाएका छन् । भीमसेन शब्दको मूल खोज्दै जाँदा लेखक भिंद्यो शब्दसम्म पुगेका छन् । भिंद्यो विशुद्ध नेवारी भाषाको शब्द हो भनेका छन् उनले । नेवारी भाषामा भिंको अर्थ असल वा शुभ र द्योको अर्थ देवता भन्ने हुन्छ भन्ने उनको अभिमत छ । नेवारी भाषा बुझ्ने क्षमता नभएकाले पङ्क्तिकार यसै भन्न सक्ने अवस्थामा छैन यस बारेमा । भरतजी नेवारी भाषाका पनि ज्ञाता छन् । उनले भनेपछि होला अर्थ त्यही नै । यसको अर्थ हुन्छ शुभमङ्गल गर्ने देवता । अहिले पनि नेवारी समुदायमा भीमसेनलाई बढी मान्ने चलन छ । अधिकांशले आफ्ना इष्टदेवता नै मानेका छन् भन्दा पनि हुन्छ । जे होस्, भीमेश्वरलाई बोल्न सजिलो होस् भनेर भीँ भन्न थालियो भने नेवारी भाषामा शिवलाई सिँ भनिन्छ । यसैको आधारमा भीँसीँ हुँदै भीमेश्वर शब्द भीमसेनको नाममा परिणत हुन पुगेको हो भन्ने लेखकको जिकिर छ । यसै शब्दबाट नै महाभारतका पात्र भीमसेनको नाम तानिन पुगेको अनुमान गर्न सकिने प्रशस्त स्थान भेटिन्छ भनेका छन् उनले ।

दोस्रो प्रकरण छ 'चाँगुनारायको नाम दोलाशिखर स्वामी होइन' भन्ने । आउनुस् एकछिन यसैलाई नियाल्नतिर लागौँ । लिच्छविकालमा दोलाशिखर स्वामी भन्ने शब्दले निकै चर्चा पाएको बुझिन्छ । जहाँसम्म त्यो भनेको के हो भन्ने कुरा छ, त्यो भने अनुत्तरित नै पाइन्छ । यसमा नेपालका जानेमाने इतिहासकारहरूसमेत भ्रममै रहेका देखिन्छन् । किनभने उनीहरूले दोलाशिखर

स्वामी भनेको चाँगुनारायण नै हुन् भन्दै आएका छन्, तर त्यो भनेको चाँगुनारायण होइनन् भन्ने कुराको प्रस्ट प्रमाण दिएका छन् भरतजीले यस प्रकरणमा । यद्यपि त्यसो भए लिच्छविकालमा दोलाशिखर स्वामी भन्ने गरिएको कसलाई हो त ? गम्भीर प्रश्न खडा हुन्छ यहाँनेर । यसबारेमा भने भरतजी आफैँ पनि प्रस्ट हुन सकेका देखिँदैनन् । थप अनुसन्धानको आवश्यक भएकाले इतिहासका विज्ञ अनुसन्धाता र अन्वेषकहरूले ध्यान दिनुपर्ने देखिएको छ भनेर पन्छिन खोजेजस्तो देखिन्छ यसबारेमा । तथापि दोलाशिखर स्वामी चाँगुनारायणको नाम होइन भन्ने बारेमा भने प्रस्टै बोलेका छन् । यस निम्ति पनि निकै मिहिनेत गरेका छन्, प्रशस्तै पसिना बगाएका छन्, अनेक शिलालेखहरू पढेका छन्, अभिलेखहरू केलाएका छन् । मानदेवको अभिलेखमा पनि पुगेका छन्, अंशुवर्माको अभिलेखमा पनि पुगेका छन्, जिष्णु गुप्तको अभिलेख पनि केलाएका छन्, स्वदेशी तथा विदेशी विद्वान्हरूका भनाइ र उनीहरूले तयार पारेका ग्रन्थहरूमा डुबुल्की मार्न पनि पुगेका छन् ।

अब जाऔँ 'अंशुवर्माको राजधानी सहर हंसगृह' शीर्षकको तेस्रो प्रकरणमा । अंशुवर्मा लिच्छविकालीन इतिहासका विश्वप्रसिद्ध राजा हुन् । उनको शासनकाललाई आज पनि लिच्छविकालको स्वर्णयुग भनेर मुक्तकण्ठले प्रशंसा गर्छन् इतिहासकारहरू । उनले बनाएका कैलाशकुट भवनले देशविदेशमा समेत चर्चा पाएको थियो त्यति बेलै । यस भवनको चर्चा चिनियाँ यात्री हुयेन साङले समेत गरेका छन् । तर त्यति ठूलो भवन रहेको हंसगृह द्रङ अर्थात् हंसगृह नामक सहर आफैँ कहाँ थियो भन्ने कुरो भने अहिलेसम्म प्रस्ट छैन, प्रस्ट पार्न सकेका छैनन् कसैले पनि । इतिहासका जानेमाने लेखकहरूसमेत कुहिराको काग बन्दै आएका देखिन्छन् । यस्तो अवस्थामा त्यो भवन रहेको सहर हंसगृह द्रङ भनेको हालको हाँडीगाउँ नै हो भन्ने ठोकुवा गरेर नयाँ तरङ्ग ल्याइदिएका छन् भरतजीले । चानचुने हिम्मत र अध्ययनले भ्याउने कुरा होइन यो । यति ठूलो दावी प्रस्तुत गर्न लामै अध्ययन आवश्यक हुन्छ । अध्ययनमा खारिनुपर्छ, इतिहासमा गहिरिनुपर्छ । यसनिम्ति उनले अनेक तथ्य अघि सारेका छन्, विचारलाई मन्थन गरेका छन्, जानेमाने इतिहासकारहरूको भनाइ केलाएका छन्, ऐतिहासिक अभिलेखहरू देखाएका छन् । द्रङ शब्दको व्याख्यामा जति डुबेका छन् तिनलाई प्रस्ट पार्न पनि त्यति नै घुमेका छन् र अन्त्यमा निचोड निकालेका छन् ।

अब आउनुस् 'हलिपट शिवध्वजा हो, नागनागिनी होइन' शीर्षकको प्रकरणतिर लागौँ । जस्तो हामीलाई थाहा छ, भक्तपुरमा लाग्ने बिस्केटजात्रा विश्वप्रसिद्ध जात्रा हो । हरेक वर्ष वैशाख एक गते लाग्ने यस जात्रामा अघिल्लो दिन अर्थात् चैत मसान्तमा ठड्याइएको लिङ्गो ढालिन्छ । यस

जात्राको विशेषता भनेकै यहाँ ठड्याएको लिङ्ग र त्यहाँ टाँगिएको विशाल आकृतिको युगल ध्वजा हो, जसलाई स्थानीय भाषामा हलिपट भन्ने गरिएको छ । यसैलाई कसैकसैले नागनागिनी भन्ने गरिएको पनि पाइन्छ । यसका पछाडि अनेक किम्वदन्ती, जनश्रुति र लोककथाले काम गरेका छन् । यसैका आधारमा नै त्यसलाई स्थानीय भाषामा नागनगिनी भन्ने गरिएको हो भन्ने बुझिन्छ । तर ती सबै काल्पनिक कथा हुन् र काल्पनिक कथा भएकैले तिनले इतिहास बोक्न सक्तैन भन्नेमा प्रस्ट देखिन्छन् भरतजी । उनी भन्छन्, वास्तवमा त्यो ध्वजा नागनगिनी नभई शिवध्वजा हो । यसका पछाडि अनेक प्रमाण दिएका छन् उनले । उनका अनुसार संस्कृत भाषामा ध्वजालाई पट र शिवलाई हर भनिन्छ । यसको अर्थ त्यो शिवध्वजा हो, अर्थात् हरपट हो । यही हरपट शब्द नै अपभ्रंश भई स्थानीय जनजिब्रोले हलिपट भन्न थालेका हुन् । यति बेला जुन लिङ्ग ठड्याइन्छ, त्यसले समेत शिवलिङ्गकै सङ्केत गरेको छ । बिस्केटजात्राको अर्थ नै विश्वजात्रा हो । यही विश्वजात्रा नै अर्थात् विश्वकल्याणको कामना गरेर मनाइने जात्रा नै बिस्केटजात्रा हो । जब शिव विश्वकल्याणकारी देवता हुन् भने उनकै लिङ्ग (बिस्केट जात्राको लिङ्ग) ठड्याएर मनाइने जात्रालाई विश्वजात्रा भन्न नमिल्ने प्रश्नै आउन्न ।

अन्य शीर्षकका प्रकरण पनि उत्तिकै अब्बल छन् । उदाहरणका लागि 'डोलेश्वर महादेव : परिवर्तित नाउँ' शीर्षकको प्रकरणलाई नै लिन सकिन्छ । हाल डोलेश्वर महादेवलाई केदारनाथको शिर भन्ने र मान्ने गरिएको छ । यसलाई भारत उत्तराञ्चल केदारपीठका पीठाधीश श्री १००८ जगद्गुरु भीमाशङ्कर लिङ्गम् शिवाचार्य आफैँले प्रस्ट पारेका छन् । हाल सो स्थान विशिष्ट धार्मिक पर्यटकीय स्थल बन्न पुगेको छ । साउन महिनाभरि ठूलो मेला लाग्छ । निकै टाढादेखिका भक्तजन दर्शन गर्न आउँछन् । अघिपछि पनि पर्वपर्वमा दर्शनार्थीहरूको भीड ठूलै हुन्छ । नित्यपूजा तथा साँझबिहान आरतीको व्यवस्था गरिएको छ । पहिले डोलेश्वरलाई विमलेश्वर महादेव भनिन्थ्यो । स्थानीय नेवारी भाषामा सिपारे मद्यो भन्ने गरिएको पाइन्थ्यो तर हाल डोलेश्वर महादेवको नामले देशविदेशमा परिचित हुन पुगेको छ । यसमा पनि लेखकले उत्तिकै पसिना बगाएका छन् । 'नेपाल महात्म्य' देखि मल्लकालीन इतिहाससम्म सोधखोज गरी अनेक तथ्य र प्रमाणका आधारमा डोलेश्वर महादेव भनी केदारनाथको शिरका रूपमा परिचय दिएका छन् । यसबारे सुरुमा निकै विरोध भएको थियो व्यक्तिविशेष र धार्मिक सङ्घ-सङ्गठनहरूकै तर्फबाट पनि । डोलेश्वरलाई केदारनाथको शिर भन्ने प्रचार गराएर आदिज्योतिर्लिङ्ग पशुपतिनाथलाई ओझेलमा पार्न खोजियो पनि भनिएकै हो, यसमा कसको के स्वार्थले काम गरेको छ भन्नेजस्ता आरोप पनि

लागेकै हो । पङ्क्तिकार आफैंले पनि त्यति बेला असन्तुष्टि व्यक्त गरेको थियो, जुन 'गोरखापत्र' को पानामा अहिले पनि सुरक्षित छ । यसबारे अरूको अवस्था के छ थाहा छैन तर कम्तीमा पङ्क्तिकार आफैँ भने हाल आफ्नो भनाइलाई रिजर्भ राख्ने पक्षमा पुगेको छ । अन्य शीर्षकका प्रकरणहरूमा पनि यस्तैयस्तै केही न केही नयाँ तथ्य भेटिन्छन्, नयाँ कुरा पाइन्छन् ।

नेपालको इतिहास लेखनक्रम खासै लामो छैन । त्यस्तै सवा सय, डेढ सय वर्षको हाराहारीमा हुनुपर्छ । त्यो पनि विदेशी विद्वान्हरूले लेखेका कुरामा चित्त बुझाउनुपर्ने अवस्था थियो । नेपाली विद्वानहरूको ध्यान जान थालेको निकै पछि मात्र हो । तर उनीहरू पनि कतिपय विषयमा विदेशी विद्वान्हरूको भनाइमा निर्भर भइदिँदा अवस्था नाजुक हुन पुग्यो । नेपालको इतिहास सधैँ अपूरो-अधुरो रहने अवस्था आयो भन्दै यसतर्फ चासो देखाउनुपरेको कुरा लेखकीय मन्तव्यमै प्रस्ट पारेका छन् जङ्गमजीले । कारण जे भए पनि यसतर्फ लागेर सह्राहनीय काम गरेका छन् उनले । एउटै पुस्तकमा निकै ठूलो भ्रम निवारण गरी सानै भए पनि आशाको दियो जगाएका छन् भन्नुपर्छ । यसमा अरूले थप होस्टेहैंसे गर्दै जानुपर्छ भन्नु मनासिब हुनेछ । एउटै व्यक्तिको प्रयासमा यति बढी तथ्य उजागर भएको छ भने सामूहिक प्रयासबाट थप तथ्य उजागर नहोला भन्न सकिने अवस्था नै छैन । इतिहास जस्तो हो, त्यस्तै जानकारी पाउनुपर्छ भावी पुस्ताले । अन्यथा भावी पुस्ताप्रतिको अन्याय मात्र होइन, मातृभूमिप्रति पनि बेइमानी ठहर्छ, जसको सङ्केत माथि पनि कतै भएको छ । यसमा इतिहास संशोधन मण्डलले समेत थप चासो दिनुपर्ने हो कि जस्तो लाग्छ ।

हो, आफूले लेखेको कुरा खण्डन हुँदा नराम्रो लाग्न सक्छ कतिपय विद्वान्लाई । अहिलेसम्म मानिदै आएको कुरालाई होइन भन्ने को हो ? यसमा कसको के स्वार्थ छ ? जस्ता आरोप आयो भने पनि अस्वाभाविक नहोला । तथापि सत्य के हो भने यथार्थ कुरा यथार्थ नै हुन्छ । प्रमाणित भएका कुरा सत्य हुन् भने स्वीकार्नुपर्दछ, होइन भने थप तथ्यका आधारमा खण्डन गर्नुपर्दछ । यसले अन्ततः फाइदा नै गर्नेछ सबैलाई । सबैभन्दा बढी फाइदा इतिहासलाई हुनेछ । आखिर आपसी छलफल र विश्लेषणबाटै तथ्य उजागर हुने हुन्, सत्य कुरा बाहिर आउने हुन् । 'वादेवादे जायते तत्त्वबोधः' भन्ने त नीतिमै उल्लेख छ । आफूले कोठामा बसेर लेखेको र लेखाइएको इतिहास नै सत्य हो, यसमा अल्पविराम, अर्धविराम, पूर्णविराम केही पनि चलाउन पाइन्न, संशोधन गर्न हुँदैन, मिल्दैन भनेको भरमा कहीँ पनि पुगिँदैन । अनुसन्धान भन्ने कुरा निरन्तर चल्ने प्रक्रिया हो । जेजति कुरा आएका छन्, भरतमणि जङ्गमको एक्लो प्रयासमा आएका छन् । उनका पनि आँखा चिप्लेका हुन

सक्छन्, उनी पनि कहीँकतै तथ्यको नजिक नपुगेका हुन सक्छन् । यस्तोमा अन्य अन्वेषकले देखाइदिनुपर्छ, बताइदिनुपर्छ । थप तथ्य कुरो आयो वा प्रमाणले अर्कै सिद्ध गऱ्यो भने उनले पनि स्वीकार्नुपर्ने हुन्छ ।

सरसर्ती हेर्दा पुस्तक नेपालको इतिहास नभई सांस्कृतिक इतिहास हो कि जस्तो लाग्न पनि सक्छ कतिपयलाई । तर यो आधा मात्र सत्य हो, पूर्ण सत्य होइन । हो, रूपमा देखिने त्यही हो, त्यस्तै देखिन्छ । प्रायः देवीदेवता, मठमन्दिर तथा तिनका व्यवस्थापन र तिनमा आएको वैचारिक एवं व्यावहारिक विचलनमा आधारित भएर नै लेखिएको छ । तर सारमा भन्ने हो भने त्यतिमा मात्र सीमित छैन पुस्तक । शिलालेख, अभिलेख, धार्मिक, सामाजिक, ऐतिहासिक ग्रन्थहरू र विभिन्न विद्वान्हरूका लेख तथा टिप्पणीहरू नै हुन् इतिहास बोक्ने मूल आधार भनेका, जसलाई कतै खोतलिएको छ, कतै केलाइएको छ, कतै त्यसमा चुर्लुम्म डुबिएको छ । यस अर्थमा उचित नै हुन पुगेको छ भन्नुपर्छ इतिहास शब्द यहाँनेर । उसलाई सांस्कृतिक शब्दको विशेषणको आवश्यकता पर्छ जस्तो लाग्दैन । पुस्तकले हालसम्म कायम रहेको भनाइलाई खण्डन गरेको मात्र छैन, मण्डन पनि गरेको छ प्रमाणले भेटेका स्थानहरूमा ।

जे होस् भरत जङ्गमले जति गरेका छन्, निकै गरेका छन् । तीर्थका लागि गरेका छन्, तीर्थस्थल संरक्षणका लागि गरेका छन्, धर्मका लागि गरेका छन्, धार्मिक स्थल संरक्षणका लागि गरेका छन्, समाजका लागि गरेका छन्, सामाजिक हितका लागि गरेका छन्, शान्ति र सदाचारका लागि गरेका छन्, अशान्ति र भ्रष्टाचार निवारणका लागि गरेका छन्, समग्रमा देशवासीका लागि गरेका छन्, देशका लागि गरेका छन्, देशहितका लागि गरेका छन् । जङ्गम जाति आफैँ तीर्थसित सम्बन्धित जाति हो । तीर्थका अनेक भेद छन् । स्थावर तीर्थ, जङ्गम तीर्थ, मानस तीर्थ यस्तैयस्तै । यिनमा जङ्गम तीर्थ भनेका चल्ने-फिर्ने तीर्थ हो, जसमा वेदादि शास्त्रका ज्ञाता, ठूलाठूला ऋषिमुनि, सन्त-महन्त तथा महापुरुषहरू पर्छन् । खास गरी वीरशैव दर्शनका अनुयायी हुन् यी जाति, जसलाई लिङ्गायत पनि भनिन्छ । शैव आगमअन्तर्गत पाशुपत, शैव, कालामुख र कापालिक दर्शन पर्छन् । वीरशैव तिनै शैवदर्शनका अन्तर्गत पर्ने दर्शन हो, जसले कर्मप्रधान शक्तिविशिष्टाद्वैत अर्थात् जीव र शिवलाई एउटै हुन् भन्ने अभिमत राख्छन् । त्यसैले पनि हुनुपर्छ तीर्थस्थल, देवस्थल, मठमन्दिर, धर्मसंस्कृति तथा धार्मिक स्थलहरूको विकास र संरक्षणमा जङ्गम वंशको विशेष योगदान देखिन्छ अन्तर्राष्ट्रिय स्तरमै हेर्ने हो भने पनि ।

दक्षिण भारतको कर्णाटक प्रान्ततिर मानिएको छ जङ्गमहरूको उद्‌गम थलो । सन् ११ औं शताब्दीको सुरुतिरै त्यतैबाट नेपाल प्रवेश गरेका हुन् उनीहरू । सुरुको बासस्थान मिथिला प्रान्तको सिम्रौनगढतिर रहेको देखिन्छ, जहाँ भारतबाटै आएका कर्णाटकवंशी राजाहरूले राज्य गर्दै आएका थिए । सिम्रौनगढमाथि दिल्लीका तत्कालीन सुल्तान गयासुद्दिनले हमला गरेपछि त्यहाँका राजा हरिसिंह देव भादगाउँमा आएर बस्न लागेका रहेछन् सुरक्षाका लागि । उनी भादगाउँ आउँदा इष्टदेवी तुलजा भवानी र राजगुरु शैवाचार्य (जङ्गम) लाई समेत साथै ल्याएका रहेछन् । त्यति बेलादेखि नै यहीँको माटोमा जन्मीहुर्की धर्मसंस्कृतिको संरक्षण र मठमन्दिर विकासमा समर्पित हुँदै आएको यस जातिको विशेषता देखेर हुनुपर्छ यहाँका मल्लराजाहरूले आफ्नै दरबार छेउ टौमढीटोलमा स्थायी बासस्थानको व्यवस्था मिलाइदिएका रहेछन् ।

हाल जङ्गम मठको नामले परिचित छ यो स्थान । तत्कालीन भादगाउँ राज्य अन्तर्गत पर्ने अधिकांश मठमन्दिरको पूजा व्यवस्थापन यहीँबाट हुँदै आएको देखिन्छ अहिले पनि । त्यहाँका पुजारीहरूसमेत यसै वंशका देखिन्छन् । आफ्ना कुलदेवता वीरभद्रको बासस्थान भनेकै यही जङ्गम मठ हो भन्ने मान्यता छ जङ्गमहरूको । यसको व्यवस्थापनमा तत्कालीन मल्ल राजा तथा रानीहरू आफैँले गुठी राख्ने र त्यसको सम्वर्द्धनमा सहयोग पुऱ्याउने काम हुँदै आएका रहेछन् तर हाल गुठीको अधिकांश जमिन हिनामिना भएको उल्लेख गरेका छन् भरतजीले ।

तिनै जङ्गमवंशका उत्तराधिकारी हुन् भरत जङ्गम । पितापुर्खाको बिँडो थाम्दै धर्मसंस्कृति संरक्षण तथा मठमन्दिरको विकासमा निरन्तर लाग्दै आएका छन् उनी पनि । उनी एक्लैले जे-जति गरेका छन्, निकै गरेका छन् यस क्षेत्रमा । कम्तीमा एउटा व्यक्तिले गर्ने र गर्न सक्नेभन्दा धेरै नै गरेका छन् भन्नुपर्छ । समग्र जानकारीका लागि सम्बन्धित पुस्तककै पाना पल्टाउनुपर्ने हुन्छ । यति सानो स्थानमा ती सबैको उल्लेख सम्भव पनि छैनन् र खोज्नु पनि हुँदैन भन्ने मेरो ठम्याइ छ ।

जाँदाजाँदै यति भन्न चाहेँ – पुस्तक गहन छ, गहन मात्र होइन, निकै गहन छ, अर्थपूर्ण छ । जहाँसम्म पूर्णको कुरा छ, त्यो भने एउटै पुस्तक र एउटै व्यक्तिबाट आशा गर्नु हुँदैन र मिल्दैन पनि । पूर्ण भन्ने कुरा आफैँमा पूर्ण हुने पनि होइन । जति पूर्ण भने पनि त्यसमा केही न केही अपूर्णता रहेकै हुन्छ । पूर्ण त ईश्वर मात्र हुन्छन्, जो पूर्णबाट पूर्ण निकाल्दा पनि पूर्ण नै बाँकी रहन्छ । 'पूर्णस्यपूर्णमादाय पूर्णमेवावशिष्यते ।'

जे होस्, भरतजीबाट जेजति भएको छ, धेरै नै भएको छ । कम्तीमा एउटा व्यक्तिबाट हुन सक्नेभन्दा बढी नै भएको छ । बाँकीमा होस्टेहैसे गर्ने अरू पनि लाग्नुपर्छ, उनका पुस्ताले पनि चासो देखाउनुपर्छ, देखाउँदै आएका पनि होलान् । जहाँसम्म नेपालमा जङ्गम वंशले गरेका काम र दिएका योगदानको कुरा छ, त्यसमा भने थप केही भन्न मन लागेको छ । पुर्खाले गरेको देनको उल्लेख गर्नु राम्रो हो, उल्लेख हुनुपर्छ, गर्नुपर्छ । आफ्नो पुर्खाको योगदानको चर्चा पुस्ताले नगरे कसले गर्ने, तर आफैँले गरेको कामको चर्चा भने अरूलाई गर्न दिएर आफू मौन बसिदिएका भए राम्रो हुन्थ्यो जस्तो लाग्छ । यसको अर्थ भरतजी बढी बोले भन्ने होइन । मात्र आशय नबोलिदिएको भए हुन्थ्यो भन्नेसम्म हो । यस्तैयस्तै केही झिनामसिना कमीकमजोरीबाहेक पुस्तक आफैँमा एउटा ग्रन्थ हो, ग्रन्थ नै हुन पुगेको छ । कसले कति लिने, कसरी लिने, लिने कि नलिने, त्यो व्यक्तिविशेषमा भर पर्ने कुरा हो, हेर्ने आँखामा भर पर्ने कुरा हो । ऐतिहासिक तथ्य खोज गर्न चाहनेका लागि नयाँ ढोका उघ्रिएको छ । बाँकी बिस्तारै हुँदै जाने कुरा हो, आशा गरौँ हुँदै जाला पनि । अन्त्यमा 'स्वकर्मणातमभ्यर्च्य सिद्धि विन्दन्ति मानवाः' भन्ने गीता वाक्य उल्लेख गर्दै कलमलाई विश्राम दिन चाहन्छु ।

●



कमल रिजाल धादिङमा जन्मेर हाल काठमाडौँमा बसोवास गर्नहुन्छ । विगत ३१ वर्षदेखि निरन्तर पत्रकारिता क्षेत्रमा समर्पित उहाँ छापा र विद्युतीय दुवै सञ्चार माध्यमसँग आबद्ध हुनुहुन्छ । विभिन्न संस्थाहरूसँग संलग्न उहाँ ८ पुस्तकका लेखक पनि हुनुहुन्छ । उहाँले विभिन्न पुरस्कार तथा सम्मानहरू पाउनुभएको छ ।

# बहुमुखी प्रतिभाका धनी
## – कुमार पोखरेल

स्थानीय टोलवासी आत्मीय मित्र तथा भ्रष्टविरोधी शास्त्रका प्रणेता, विभिन्न सामाजिक तथा शैक्षिक सङ्घसंस्थाका सदस्य, ज्येष्ठ नागरिक कल्याण समाज बानेश्वरका संरक्षक सदस्य भरतमणि जङ्गमको ७५ औँ शुभजन्मोत्सवको अवसर पारेर विशेष कार्यक्रमको आयोजना गरी सार्बजनिक रूपमा उहाँको हीरक महोत्सव मनाउने र 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थको दोस्रो भाग प्रकाशन गरी सार्वजनिक गर्ने कार्यक्रम भएकाले सो कार्यका लागि समितिका तर्फबाट मिति २०७७।११।१ मा लेखरचनाका निम्ति अनुरोध भई आएअनुसार उहाँले समाजका विविध क्षेत्रमा पुऱ्याउनुभएको योगदानको विवेचना गर्दै उहाँको विविध आयामका साथै 'कालो सूर्य' उपन्यासका बारेमा सङ्क्षिप्त चर्चा गर्ने जमर्को गरेको छु ।

उहाँसँगको मेरो परिचय त्यति पुरानो होइन । उहाँ भ्रष्टाचार निर्मूलका निम्ति अभियान सञ्चालन गर्नुहुने अग्रपङ्क्तिका अथक योद्धा भएकाले उहाँजस्ता राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय जगत्मा समेत ख्याति कमाएका व्यक्तिको नाम नसुन्ने कुरै भएन । तर पनि हाम्रो सन्निकटता भने मैले जन्मघर ओखलढुङ्गा चार्खुबाट काठमाडौँ – ३१ बानेश्वरमा आई बस्न थालेपछि मात्र भएको हो ।

भ्रष्टाचारविरुद्धका अभियन्ता एवं सामाजिक व्यक्तित्व भरतमणि जङ्गमको जन्मस्थान प्राचीन एवं पुरातात्त्विक नगरी भक्तपुरको टौमढीमा भए पनि जीवनको ऊर्जाशील समय काठमाडौँको मुटु बानेश्वरमा गृह निर्माण गरी बसोवास गरेर बिताउँदै आउनुभएको छ । उहाँ बहुमुखी प्रतिभाका धनी एवं बहुआयामिक व्यक्तित्व हुनुहुन्छ । उहाँलाई कुनै एक विधा वा क्षेत्रमा सीमित गरी राख्नु भनेको सूर्यका अगाडि दियो बाल्नुजस्तै हो । खास गरेर भरतमणि जङ्गम भन्नेबित्तिकै भ्रष्टाचारविरोधी आन्दोलनका प्रवर्तक, विविध विधामा कलम चलाउने क्षमता भएका सिद्धहस्त साहित्यकार, सफल पत्रकार, आध्यात्मिक चिन्तक, धर्मसंस्कृतिका अनुयायी, हिन्दूदर्शनका जानकार तथा विश्लेषक, इतिहासविद्, पुरातात्त्विक विषयका मर्मज्ञ एवं अन्वेषक, ख्यातिप्राप्त अनुसन्धानकर्ता, कानुन तथा न्याय क्षेत्रका विद्वान् व्यक्तित्व,

सार्वजनिक तथा सामान्य प्रशासनका विशिष्ट अनुभवी, राजनीतिक क्षेत्रमा सहभागी भई अनुभवप्राप्त एवं खारिएका राजनीतिज्ञ भन्ने बुझिन्छ ।

उहाँ भ्रष्टाचारविरुद्धको अभियानमा लामो समयदेखि क्रियाशील भएर लडिरहनुभएको छ । जुनसुकै वाद-व्यवस्था आए पनि व्याप्त भ्रष्टाचारले गर्दा यहाँको सामाजिक परिवेशमा चाकडीमुखी संस्कार छ । परिवारवादको बाहुल्य छ । भ्रष्ट एवं मनपरीतन्त्रमा चलेको प्रशासनिक संयन्त्रले समाजलाई जर्जर र खोक्रो बनाई रसातलमा पुऱ्याएको अवस्था विद्यमान छ । नेपालमा मात्र नभएर विश्व मानव समुदायमा समेत अवमूल्यन हुँदै गएको नैतिक धरातल र ह्रासोन्मुख मूल्यमान्यताको खडेरीबाट बचाउन उहाँ सबै किसिमका भ्रष्टाचारीहरूको विरोधमा खरो रूपमा उभिनुभएको छ, जसले गर्दा उहाँ स्वदेशमा मात्र नभई अन्तर्राष्ट्रिय जगत्मा समेत ख्याति कमाउन सफल हुनुभएको छ ।

उहाँ यस उमेरसम्म समाजमा जकडिएर रहेको, धमिराका रूपमा जर्जर भएर फैलिएको भ्रष्टाचाररूपी महारोगलाई जरैदेखि उखेलेर फाली निर्मूल बनाई भ्रष्टाचाररहित समाजको परिकल्पना साकार बनाउने उद्देश्यका साथ निरन्तर सक्रिय भएर लागिरहनुभएको छ । भ्रष्टाचार भनेको त्यो महारोग हो, जसले समाजलाई विखण्डित बनाउँदछ । हत्या, हिंसा, चोरी, डकैती, बलात्कार जस्ता जघन्य कुकृत्यहरू सञ्चालन गरी समाजलाई भयातुर बनाउँदछ । भ्रष्टाचारले समाजमा क्रूरता निम्त्याई विकृत, विरूपित मनपरीतन्त्र र कुसंस्कारलाई प्रश्रय दिन्छ । फलस्वरूप यसले समाजमा चीत्कार, क्रन्दन, रोदन, आँसु र हाँसोको सिकार बनाई आफ्नो वीभत्स रूप देखाउँदछ । उहाँले चाल्नुभएको भ्रष्टाचारविरोधी कदमले सार्थकता पाएमा सर्वजनको हित भई समाजको चौतर्फी विकास हुन्छ । मुलुक अग्रगमनतिर अगाडि बढ्दछ । उहाँ समाजलाई भ्रष्ट आचरणबाट अलग राखी सभ्य, सुसंस्कृत, विभेदरहित, सम्पन्न र शिष्ट समाजको परिकल्पनालाई मूर्त रूप दिने कार्यमा जुटिरहनुभएको छ । यसका निम्ति एक्लैले कानुनी लडाइँ लडी गैरसंवैधानिक, गैरराजनीतिक निर्णय र काम-कार्वाहीका विरुद्धमा खरो रूपमा उत्रिएर सडक आन्दोलनसमेत गरी समाजलाई ठूलो गुन लगाउनुभएको छ । भ्रष्टाचारविरुद्धको अभियानमा उहाँले देखाउनुभएको बाटो नेपालमा मात्र नभएर विश्व मानचित्रमा समेत अमूल्य उपहारका रूपमा रहेको छ । उहाँले भ्रष्टाचार भन्ने शब्दलाई वैज्ञानिक ढङ्गले परिभाषित गरी विश्वविद्यालयको शोधकार्यमा र विद्यालयको पाठ्यक्रममा समेत समावेश गराएर सोको अध्ययन-अध्यापनका माध्यमबाट भ्रष्टाचारविरोधी जनशक्ति उत्पादन गरी विश्वव्यापीकरण गर्न लागिपर्नुभएको छ । यो उहाँको विशिष्ट योगदान हो ।

यिनै उल्लेखनीय सामाजिक कार्यले गर्दा उहाँ विश्व प्राज्ञिक क्षेत्रमा भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तक एवं भ्रष्टाचारविरोधी शास्त्रका पिताका रूपमा स्थापित हुन सफल हुनुभएको छ, जो अत्यन्त सह्राहनीय कार्य हो ।

साहित्यिक क्षेत्रमा उहाँको कलम धाराप्रवाह रूपमा प्रवाहित भएर अगाडि बढेको देखिन्छ । साहित्यका विविध विधामा उहाँको कलम चलेको पाइन्छ । उहाँका बारेमा 'भरतेन्दु' तथा 'भरतांशु' जस्ता महाकाव्य प्रकाशित भएका छन् भने 'कालो सूर्य', 'व्यूहचक्र' र 'रातो घाम' उपन्यासका रूपमा रहेका छन् । 'पचास प्रसङ्ग' र 'भ्रष्टाचार वैचारिक आन्दोलन' प्रबन्धसङ्ग्रह र 'भरत जङ्गम विचार र दृष्टिकोण' जस्ता अन्तर्वार्ता र विचारहरूको सङ्ग्रहले नेपाली साहित्याकाशमा जाज्वल्यमान् ताराका रूपमा प्रतिष्ठापित भएर रहनुभएको छ । उहाँका विचार, लेखरचना र साहित्यिक कृतिहरू विभिन्न भाषाहरूमा अनूदित भएका छन् । तिनमा 'कालो सूर्य' उपन्यास १३ भाषामा अनूदित भई अन्तर्राष्ट्रिय जगत्मा ख्याति कमाउन सफल भएको छ ।

अन्य प्रकाशित पुस्तकहरूमा नेपालको इतिहासको प्राचीन, मध्य र आधुनिक कालमा लेखिएका तथ्यहरूका विषयमा उहाँले उठान गर्नुभएका भ्रम र सोको निराकरणका सन्दर्भमा सत्य र तथ्य केकति परिमितमा छ भन्ने कुरा विद्वान् इतिहासकारहरूले निर्क्योल गर्लान्, त्यो भविष्यले बताउनेछ । उहाँले उठान गर्नुभएका सवालहरू र जवाफलाई तौलेर हेरी मनन गर्दा वास्तवमा इतिहासकार र इतिहासको अँध्यारो पाटो त्यो थियो कि भन्ने जिज्ञासा जाग्रत हुनु कुनै अनौठो होइन जस्तो लाग्दछ । यसका अतिरिक्त उहाँका धर्मदर्शन, कलासंस्कृति, आध्यात्मिक चिन्तनसम्बन्धी असङ्ख्य पुस्तक, लेखरचना, दस्तावेज सङ्ग्रहीत भएका छन । तिनमा विशेष गरेर धेरै भाषामा अनूदित भएको 'कालो सूर्य' उपन्यासका बारेमा सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरेको छु ।

लेखकको 'कालो सूर्य' उपन्यास अमर कृति हो । यसमा लेखकले विश्वब्रह्माण्डका रक्षक, कर्मसाक्षीका द्योतक, विश्वजगत्लाई झलमलाकार बनाउने सौर्यमण्डलका पिता, उज्यालो किरण भएका तेजस्वी एवं ज्योतिपुञ्जको स्रोतलाई उपन्यासको नाम नै 'कालो सूर्य' भनेर नामकरण गरेका छन् । त्यो कुरा उपन्यासभित्रको गहिराइमा पसेपछि त्यसको भावभङ्गी र औपन्यासिकताले प्रस्ट पार्नेछ । लेखकले आफ्नो भावना 'कालो सूर्य' मार्फत सात दिन र सात बारमा हुने समाजमा व्याप्त अन्याय, अत्याचार, विकृति, हत्या, हिंसा, भ्रष्टाचार जस्ता कार्यले समाजलाई जर्जर बनाई अधोगतितिर लगेको हुँदा ती सात दिन र सातै बारमा रगत चुस्ने जुकाहरूबाट छुटकारा दिलाउन 'कालो सूर्य' को शङ्खनाद गर्दै शान्तिको बिगुल फुकेर खबरदारी गरेको प्रस्ट हुन्छ ।

सामान्यतया कालो भन्नेबित्तिकै निस्पट्ट औँसीको रात भन्ने बुझिन्छ । कालो सूर्य हुन ग्रहण लाग्नुपर्दछ, तब मात्र सूर्य कालो हुन्छ । ग्रहण दैनिक लाग्ने पनि होइन । यो त ऋतु परिवर्तनका कारण पृथ्वीले सूर्यको परिक्रमा गर्दै जाँदा सूर्य, चन्द्रमा र पृथ्वी एउटै सरल रेखामा पर्दा सूर्यको प्रकाश छेकिन जान्छ र ग्रहण लाग्दछ । फलस्वरूप पृथ्वीमा अँध्यारो अर्थात् कालो हुन्छ । अन्यथा सूर्यको ज्योति उज्यालो हुन्छ । चम्किलो हुन्छ । सूर्यको किरणले अन्धकारलाई निर्मूल बनाउँदछ । सूर्य कालो भइदिने हो भने सधैँ रात मात्र हुन्छ । दिनको अभ्युदय हुन सक्तैन र सधैँ औँसीको रात हुन्छ ।

उपन्यासकारले 'कालो सूर्य' नामकरण गरेर प्रतीकात्मकता प्रकट गरेका छन् । उज्यालो सूर्य भनिदिएका भए त्यसको नालीबेली खोतल्न जरुरी हुने थिएन । तर कालो भनिदिएकाले यसमा व्यङ्ग्य विधाको झझल्को प्रतिबिम्बित हुन्छ । यो उपन्यासले सामाजिक न्यायको उपहास गरेको र समाजमा देखिएको अन्तर्विरोधी कुण्ठालाई दर्साएको छ । यहाँ लेखकले सूर्यको उदयलाई सात दिन र सात बारमा विभक्त गरी प्रत्येक बार र दिनमा हुने अन्याय र अत्याचारको फेहरिस्त बडो बुद्धिमत्तापूर्ण तरिकाले सरल भाषामा पाठकसामु पेस गरेका छन् ।

आइतबारका पात्रहरू सरकारी संयन्त्रका सचिव, उपसचिव, नासु र पियन (कार्यालय सहयोगी) आदिका कर्तुतहरू उदाङ्गो पारी तिनले समाजलाई कसरी चुसेका छन् भन्ने कुरा प्रस्ट हुन्छ । सचिवले सेवाग्राहीबाट पैसा कमाउने नीति निर्माणको माखेसाङ्लो बुन्दछ भने उपसचिवले जी-हजुरीको भूमिका निर्वाह गरी माखेसाङ्लोभित्र हुल्दछ । नायब सुब्बाको भूमिका कुण्ठित र अन्तर्विरोधको देखिन्छ भने पियनको दीनदुःखी र कारुणिक चरित्र उदाङ्गो पारेको देखिन्छ । तर पनि यी सबैको मिलिभगत र कालो कर्तुतबाट समाजलाई कुन रसातलमा पुऱ्याएका छन् भन्ने कुराले पाठकमा बेग्लै किसिमको निराशा र विद्रोही भावनालाई निम्त्याएको प्रस्ट हुन्छ ।

सोमबारका पात्रहरू स्वदेशभित्रका कमिसनखोर, चोर व्यापारी, नापतौल ठगी गर्ने, दुर्गम तथा पहाडका कुनाकन्दरामा बस्ने गरिब, निर्धा र अबोध नेपाली दाजुभाइ र दिदीबहिनीहरूमा कालोबजारी गरी महँगी बढाएर सरकारी संयन्त्रका संस्थान र सेवा दिने कार्यालय आदिले गरेका काला कर्तुतहरूका अगाडि ऐन-नियमहरूलाई रमिते बनाएर उदाङ्गो पारी समाजको अवनतिको चरित्र चित्रण गरेका छन् ।

मङ्गलबारका पात्रहरू सोमबारका भन्दा ठूला व्यावसायिक घरानाका छन्, जसको यस देशका नियम र कानुनप्रति प्रतिबद्ध कर्मचारीहरू र देशप्रति कुनै

जिम्मेवार नभएका खुङ्खार व्यापारीहरूको बलियो साँठगाँठ हुन्छ । उनीहरूको स्वार्थपूर्तिमा बाधक बनेर तगारो बन्नेलाई हटाउन कुनै कसर बाकी नराख्ने हैसियत राख्तछन् । यहाँसम्म कि शासनको उच्च बागडोर सम्हालेर बसेकालाई समेत परिवर्तन गर्न सक्तछन् । यिनीहरू आफ्नो स्वार्थका लागि जस्तोसुकै अन्याय, अत्याचार र अपराध गर्न पछि पर्दैनन् । भएका नियम-कानुनलाई पुस्तकमा मात्र सीमित राखी देश डुबाउने कार्य गर्दछन् ।

बुधबारका पात्रहरू पूर्व तथा बहालवाला मन्त्री र उच्चपदस्थ कर्मचारीहरूले गरेका काला कर्तुतहरूको पर्दाफास गराउने, धाकधम्की दिएर नियम-कानुनको धज्जी उडाउने, समझदारी तथा सहभागितामा सम्भव नभए ब्ल्याकमेल गरी आफ्नो स्वार्थ परिपूर्ति गराउनेतर्फ उद्यत अन्तर्राष्ट्रिय स्तरका खेलाडी हुन्छन्, जसका काला कर्तुतले देशलाई नै पाताल पु¥याउने काम गर्दछन् ।

बिहीबारका पात्र तस्करी, कालोबजारी, स्मग्लिङ गर्ने खुङ्खार डुक्पा लामा जस्ताले दिन दुई गुणा रात चौगुणा व्यापार-व्यवसाय गरेको देखाई डुक्पाबाट रातोरात दोर्जेसाहेब बनेको कुराले यो मुलुकको वास्तविक चेहरालाई उदाङ्गो पारेको प्रतीत हुन्छ ।

शुक्रबारको पात्र र परिवेशलाई हेर्दा नेपालको प्रशासन र सरकारी संयन्त्र कुन किसिमको कागजी घोडा हो, जसले कसरी देशलाई डुबाएका छन्, तिनीहरूको मपाइँतन्त्र र काला कर्तुतहरूको यथार्थ चित्रण गरिएको छ ।

शनिबारका पात्रले नेपाली ऐन, नियम, कानुन, परिपत्रसम्बन्धी कथा-कहानी र परिवेशलाई व्याख्या गरी आफू अनुकूल बनाएर कानुनको धज्जी उडाएका छन्, जुन कुरालाई स्वीकार्न प्रत्येक नेपालीहरू निरीह बनेर आफ्नो विवशता र बाध्यता देखाइरहेका छन्, जसले गर्दा कानुनको उपहास हुन गई मनपरीतन्त्र हावी भएको प्रतीत हुन्छ ।

'कालो सूर्य' का पात्रहरूको आआफ्नै वेदना, छटपटी र उत्पीडन छ । नीतिनियमदेखि सामान्यभन्दा अति सामान्य चीजमा पनि चरम भ्रष्टाचारको गन्ध छ । यसका पात्र र प्रवृत्तिहरूका बीचमा सामन्जस्य छैन । तर पनि यसमा भएका कथ्य वस्तु र पात्रको सामान्य जानकारी दिने प्रयत्न गरेको छु ।

डुक्पा लामा तिबेतियन हो । ऊ सामान्य व्यापार-व्यवसाय सञ्चालन गरेको मानिस दोर्जेसाहेब बनेर इन्टरपोल जस्तो सङ्गठनलाई समेत हाँक दिन सक्ने हैसियत राख्तछ । जनताको नजरमा ऊ खुङ्खार व्यापारी भएको छ । नेपालका महेशकुमार, किसुनलाल, शान्तरामहरूभन्दा पछाडि तिब्बती

शरणार्थी बनेर ८ वर्षअगाडि नेपाल छिरेको डुक्पा दोर्जेसाहेब भएर बसेको छ । यहाँका अमूल्य मूर्तिहरू चोरेर विदेशमा पठाउँदछ । गाँजा-चरेसको स्मग्लिङ गरी अकुत सम्पत्ति कमाउँछ र बाहिर जङ्गलमा सडेर जाने वस्तु भनी मिडियामा समेत प्रचार गराउन खप्पिस छ । उसलाई भेट्न राजासाहेब जस्तो उच्च खानदानी व्यक्तित्वसमेत आउँछ र मनाङवासी भएको पुस्ट्याइँ गर्दछ, जसले गर्दा उसलाई नेपाली नागरिकता दिलाउन मद्दत पुगोस् भन्ने चाहना राख्तछ ।

बहालवाला तथा पूर्वमन्त्री र उच्चपदस्थ व्यक्तिहरू एकै रातमा सगरमाथाको उचाइलाई माथ गर्ने गरी मदिरापान गरेर समाजमा वाहवाही कमाउँदछन् । अकुत सम्पत्ति कमाएर गरेको खर्चको फेहरिस्तले चरम अन्याय, अत्याचार र भ्रष्टाचार भएको कुरा उनीहरूबाटै पुस्ट्याइँ हुन्छ ।

कृष्णबहादुर र तोपबहादुरको कथा र व्यथा कारुणिक र टीठलाग्दो छ । यी दुवै निर्दोष र मायालाग्दा पात्रहरू हुन् । यिनीहरूको जस्तो नियति अहिले पनि तमाम सर्वसाधारणले व्यहोरिरहेका छन् ।

निर्माण व्यवसायमा भएको चरम लापर्वाहीको सिकार यो मुलुक अहिले पनि बनिरहेको छ । ठेकेदारले कामै नगरी रकम खाएको र भ्रष्टाचार गरेको नमुना कर्णाली अञ्चलको एउटा विकट गाउँमा झोलुङ्गे पुल निर्माणको ठेक्का बन्दोबस्त भएको हुन्छ । तर निर्माणस्थलमा निर्माण सामग्री पुग्नु त परै जाओस्, ठेकेदार र प्राविधिकसमेत नपुगी निर्माण सम्पन्न गरेको भनी बिल बन्दछ । बिल बनेर रकम भुक्तानी लिएको ४ महिनापछि बाढीले सो पुल पूरै बगाएको कुरा सञ्चार माध्यमबाट प्रचारप्रसार हुन्छ । यसरी कागजी लुटको कथाव्यथालाई बडो सटिक ढङ्गले लेखकले देखाएका छन् ।

नेपाली न्यायव्यवस्थाको सजीव चित्रण एडभोकेट विष्णुकान्तले लडेको मुद्दामा देख्न सकिन्छ । एउटी अबला नारी पुरुषको सिकार भएर जन्माएको छोराको न्वारान गराउन वकिलमार्फत न्यायको ढोका ढकढक्याउन पुग्छिन् । उनी १३ वर्ष पछाडि मुद्दा जितेर लोग्ने पाई छोराको न्वारन गराउन सफल हुन्छिन् । तर पुनः अंशका लागि ५ वर्ष मुद्दा लड्दा सोही अदालतबाट हार्दछिन् । यो कस्तो न्यायव्यवस्था हो भनी लेखकले न्यायालयमा हुने बेथिति र विसङ्गतिको चिरफार गरी सामाजिक सचेतनाको व्यङ्ग्यवाण चलाएका छन् ।

यसका अतिरिक्त अवकाश जीवन व्यापारमा बिताउने, पत्रकार जगत्मा चिनिएका शर्माजी शान्तरामको कारिन्दाका रूपमा देखिन्छन् भने उसकै कार्यालयमा काम गर्ने शिक्षित महिला सुश्री शशी राणाको कथा भने

स्वच्छन्दताको धरातलमा उभिएको देखिन्छ । यसरी 'कालो सूर्य' ले नेपाली जनमानसलाई सजग रहनका निम्ति यहाँ हुने र भएका काला कर्तुतलाई छर्लङ्ग पारिदिएर ठूलो गुण लगाउने काम गरेको छ ।

अन्तमा, सिद्धहस्त कलमका पारखी, भ्रष्टविरोधी शास्त्रका प्रवर्तक, नेपाली साहित्यका चम्किला तारा, कलासंस्कृतिका ज्ञाता, इतिहासका धुरन्धर अन्वेषक, राजनीतिक क्षेत्रका चलायमान योद्धा तथा कालजयी सामाजिक व्यक्तित्व भरतमणि जङ्गमको सुस्वास्थ्य, दीर्घायु एवं निरन्तर सुखमय जीवनयापनका निम्ति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै उहाँको हीरक महोत्सवको पूर्ण सफलताको कामना गर्दछु ।

●



कुमार पोखरेल ज्येष्ठ नागरिक कल्याण समाज काठमाडौं ३१ का महासचिव हुनुहुन्छ ।

# प्रेमपत्र भरतजीलाई
## – कृष्ण प्रधान

स्नेही भरतजी, चरण स्पर्श ।

लु, हजुरको चरण स्पर्श गरेँ भन्दा छक्क पर्नुहुन्छ होला । हजुरको चरण स्पर्श नगरेर ऐरे-गैरे-नत्थुहरूको चरण स्पर्श गर्ने कुरै आएन क्यारे ! सर्वप्रथम हजुरले मलाई चिन्नुभयो कि भएन कोनि ? तर हजुरलाई म राम्ररी चिन्छु ।

सर्वप्रथम हजुरलाई एउटा कुरो सोध्न के मन लागेको छ भने हजुरको भित्र्यांशभित्र के-के कस्ता-कस्ता कलपुर्जाहरू छन् हँ ! भित्र मुटु, कलेजो, फोक्सो, किडनी, सानो आन्द्रा, तिते आन्द्रा, बोसे आन्द्रा, पानी पेट, आगो पेट, पित्त त पक्कै छ । रावणको पनि भित्र्यांशभित्र तपाईंकै जस्ता कलपुर्जाहरू थिए नि ! तर यी सबै कलपुर्जाबाहेक पनि तपाईंको भित्र्यांशभित्र अर्कै विशेष प्रकारको, अभूतपूर्व पुर्जा थियो भन्ने मैले लख काढ़ेको छु हजुर । तपाईंभित्र यी जम्मै कलपुर्जाहरूबाहेक अतिरिक्त पुर्जा के छ, सायद हजुरलाई पनि याद नहोला । तपाईंको भित्र्यांशभित्र मुटुकै सिरानमा र चित्तकै कुनामा सद्‌गुण र असद्‌गुण अड़ेस लाएर बसेको देख्छु म । सद्‌गुण र असद्‌गुण हुन त रावणसित पनि थियो । तर रावणको सद्‌गुण र असद्‌गुण भने उनको पित्तमा तुर्लुङ्ङै झुन्डेर बसेको हुनुपर्छ, र त रावणलाई उनको असद्‌गुणले सद्‌गुणलाई मिचेर रावणले उपद्रो गरेर लङ्का स्वाहा पारी पठाए । अनि मेरो हजुर भरतजीको मुटुको सिरानमै अनि चित्तको आँतमै बसेका यी सद्‌गुणले असद्‌गुणको ह्याकुला मिचेर, असद्‌गुणलाई लछारपाटो लाएर सद्‌गुयणको धनी बनाएको हो । तपाईंभित्र सद्‌गुणको खानी छ, र त हजुरलाई इन्द्रेका बाबु चन्द्रेसमेत छुलछुल भएको देख्छु म ।

हन, हजुरले मलाई अझसम्म पनि ठिम्याउनु भएन क्यारे ! म चाहिँ भ्रष्टाचार हुँ । यी भ्रष्टाचारीहरूले मलाई उम्किनै दिएका छैनन् । मेरो आङमा बुइँ चढ़ेर यिनीहरूले देश लुटिसके । ठूल्ठूला योजनाको निम्ति आएका रड मरक्-मरक् चपाइसकेँ । सिमेण्ट बुकाएर केही राख्या छैनन् । हजुर भ्रष्टाचार विरोधी अभियन्ता नहुँदो हो त यो देशलाई यी भ्रष्टाचारीहरूले लुछेर-लुछेर खङरङ्ङै पारिसक्या हुन्थे । हजुरले मनमनै भन्दै हुनुहुन्छ होला, खै मैले त भ्रष्टाचारलाई आँखाले देखिनँ भनेर । अब हेनतेन नभनी हजुरलाई एउटा कथा सुनाउन चाहन्छु ।

सुन्नोस् कथा यस्तो छ - एउटा राज्यमा निकै भ्रष्टाचार फैलियो भन्ने हल्ला मच्चियो । अहिलेको फेसबुके भाषामा भन्नु हो भने भाइरल । राजाले एक दिन तिनका समस्त प्रजाहरूलाई भने, "अहिले मेरो राज्यभरिका प्रजाहरूले भ्रष्टाचार जताततै फैलियो भनी हल्ला गर्दैछन् । खै मैले त आजसम्म भ्रष्टाचारलाई देखेकै छैन । तिमीहरूमध्ये भ्रष्टाचार कसैले देखेका छौ भने नहिचकिचाइ मलाई भन ।"

प्रजाहरू एकमुख भएर बोले, "महाराजले त भ्रष्टाचारलाई देख्नुभएको छैन भने हामीले कसरी देख्ने ?"

राजा गम्भीर मुद्रामा बोले, "यस्तो होइन । मैले नदेखेको कुरा तिमीहरू त देख्न सक्छौ नि ! जस्तो म नराम्रो सपना ठ्याम्मै देख्तिनँ । तर तिमीहरू देख्न सक्छौ, होइन ता ?"

एकजना बोले - "हजुर, भ्रष्टाचार हामी देख्तैनौँ । सुनेको छु, भ्रष्टाचार यति सानो हुन्छ त्यसलाई यो सामान्य आँखाले देख्न सकिन्न । विशेष कुरो, हाम्रा आँखाहरूलाई तपाईको विराटता, महानता देख्ने यति धेरै बानी भइसकेको छ कि हामी ससाना भुसुनाहरूलाई देख्नै सक्तैनौँ । कथङ्कल हामीले भ्रष्टाचार देखिहाल्यौँ भने त्यस भ्रष्टाचारमा तपाईकै छवि देख्छौँ । तर तपाईंको राज्यमा एक विशेष जाति छ र तिनलाई विशेषज्ञ भनिन्छ । तिनको आँखामा काजल हुन्छ । काजल आँखामा हालेर उनले भुसुनाजस्तो चीजलाई पनि छर्लङ्ङै देख्न सक्छन् । महाराजलाई म के अनुरोध गर्छु भने यी विशेषज्ञ जातिलाई भ्रष्टाचार खोज्ने काम सुम्पिनोस् हजुर ।"

राजाले ती प्रजाको प्रस्ताव स्वीकार गरेर विशेषज्ञ जातिका पाँचजनालाई बोलाएर भने - "सुन विशेषज्ञहरू ! सुनेको छु हाम्रो राज्यमा भ्रष्टाचार छ रे । तर त्यो कहाँ छ, त्यसको पत्तो लगाऊ । भेटियो भने त्यसलाई सोभ्कै मकहाँ लिएर आउनू । भक्कु छन् पनि नमुनाका निम्ति सामान्य मात्र लिएर आउनू ।"

राजाको आदेशबमोजिम भ्रष्टाचार खोज्न विशेषज्ञहरूले काइँयो अभियान (Combing Operation) चलाए । दुई महिनापछि ती विशेषज्ञहरू दरबारमा उपस्थित भए । राजाले सोधे - "तिमीहरूको छानबिन पूरा भयो ?"

समवेत स्वर - "हजुर महाराज !"

"अनि भ्रष्टाचार भेट्यौ ?"

"थुप्रै पायौँ महाराज !"

राजाले हात थाप्दै भने - "खै यता लेऊ । मलाई देखाऊ । हेरूँ कस्तो हुँदो रहेछ भ्रष्टाचार ?"

विशेषज्ञहरूको जवाफ - "होइन महाराज ! त्यसलाई हातले पक्रिन सकिन्न । त्यो स्थूल होइन सूक्ष्म छ, अगोचर छ । तर त्यो यत्रतत्रसर्वत्र व्याप्त छ । त्यसलाई देख्न सकिन्न, अनुभव गर्न सकिन्छ ।"

राजा गम्भीर सोचमा डुबे । भने, "विशेषज्ञहरू ! तिमीहरू भन्दैछौ भ्रष्टाचार सूक्ष्म छ, अगोचर छ । तर यत्रतत्रसर्वत्र सर्वव्यापी छ भन्दैछौ । यो गुण त ईश्वरसित मात्रै हुन्छ । त्यसो भए के भ्रष्टाचार ईश्वर हुन् ?"

विशेषज्ञहरू एकमुख भएर भने - "हजुर महाराज, अब भ्रष्टाचार ईश्वर भएका छन् ।"

एकजना प्रजाले सोधे - "तर भ्रष्टाचार कहाँ छ त हजुर ? भ्रष्टाचार कस्तो हुन्छ ?"

विशेषज्ञहरूको जवाफ – "हामीले अघि नै भन्यौं यो सर्वत्र छ भनेर । त्यो यो राजमहलमा छ । त्यो महाराजको सिंहासनमै छ ।"

सिंहासनको कुरा सुनेर महाराज आफू बसेको सिंहासनबाट उफ्रेर टाढ़ा गई उभिए । विशेषज्ञहरू समवेत स्वरमा बोले - "हजुर महाराज ! भ्रष्टाचार सिंहासनमै छ । यो सिंहासनलाई रङ-पचेरा गर्न जुन बिल भुक्तान गरिएको छ, त्यो ढाँट बिल हो । त्यो बिलमा रङ-पचेरा गर्न जति खर्च लागेको थियो, त्यसको दोबर बिल गरिएको छ । आधा पैसा रङ-पचेरा गर्न लाउने ठेकेदारले आफ्नो गोजीमा हाले । तपाईको सिङ्गो शासनभरि भ्रष्टाचारै-भ्रष्टाचार छ महाराज । भ्रष्टाचारभित्र घुस पनि मुछिएको छ हजुर ।"

विशेषज्ञको कुरा सुनेर महाराजा बिलखबन्द परे । उपस्थित प्रजाहरूका कान ठाडा भए, आँखा गोल्भिँड़ाजत्रा भए । महाराज गम्भीर भावमा बोले - "यो त सुठीसाह्रै चिन्ताको कुरो हो । म भ्रष्टाचार निमिट्यान्नै पार्न चाहन्छु । भ्रष्टाचारलाई कसरी निमिट्यान्नै पार्न सकिन्छ, बताउन सक्छौ ?"

विशेषज्ञहरू बोले - "हजुर महाराज । हामीले त्यसको पनि योजना तयार गरेका छौं । भ्रष्टाचार निमिट्यान्नै पार्ने हो भने व्यवस्थामा परिवर्तन गर्नुपर्छ । जस्तै ठेक्का छ, र नै ठेकेदार छ । ठेकेदार छ, र नै अधिकारीहरूका निम्ति घुस छ । ठेक्का बन्द भए तिनको घुस पनि बन्द । यस्तै प्रकारले अरू धेरै चीजहरू छन् । कुन कारणले मान्छेले घुस लिन्छ, यो पनि विचारणीय नै छ ।"

महाराज बोले - "अच्छा । तिमीहरूको सम्पूर्ण योजना मलाई बताऊ । म र मेरो दरबारले सोबारे विचार गर्नेछौँ ।"

आफ्ना विचारको खेस्रा छोड़ेर विशेषज्ञहरू प्रस्थान भए । महाराजले सम्पूर्ण योजना आद्योपान्त पढ़े । त्यसमाथि घोत्लिए । विचार गर्दागर्दै दिन, महिना, वर्ष बित्यो । महाराजको स्वास्थ्य दिन-प्रतिदिन बिग्रँदै गयो । एक दिन एकजना प्रजाले भने - "महाराज ! सुर्ताले तपाईंको स्वास्थ्य दिनदिनै बिग्रँदैछ । विशेषज्ञहरूले तपाईलाई झ्याउलामा पारे ।"

राजा बोले - "हो, अचेल मलाई राति निद्रै लाग्दैन ।"

अर्का प्रजा बोले - "यस्तो रिपोर्टलाई त आगोमा झोस्नुपर्छ । महाराजको निद्रै बिच्काउने योजना के योजना ?"

राजाको जिज्ञासा - "तर गर्नु पनि के ? तिमीहरूले पनि भ्रष्टाचार निमिट्यान्नै पार्ने योजना वृत्तान्त पढ्यौ । तिमीहरूको विचार के छ ? के त्यो योजनालाई काममा लाउनुपर्छ ?"

प्रजाहरू एकै मुख लाएर बोले - "महाराज त्यो योजना कार्यान्वयन गर्नु हो भने कति उलटफेर गर्नुपर्छ । कति अप्ठ्यारो छ । जे भइरहेको छ त्यसलाई परिवर्तन गर्नाले थुप्रै नयाँ-नयाँ सोच्नै नसकिने असुविधाहरू उत्पन्न हुन सक्छन् । हामीलाई त यस्तो उपाय चाहिन्छ, केही नगरी भ्रष्टाचार निमिट्यान्नै होओस् ।"

महाराज बोले - "म पनि यस्तै चाहन्छु । तर यो कसरी सम्भव होला ? मेरा हजुरबा जादुगर हुन् । मलाई त त्यो पनि आउँदैन । तिमीहरू नै केही उपाय खोज प्रजाहरू हो !"

भोलिपल्टै एकजना प्रजाले महाराज सामु एकजना साधुलाई उपस्थित गराउँदै भने - "महाराज, कन्दरामा तपस्या गरिरहेका यी महान् साधकलाई हजुरसमक्ष उपस्थित गरेका छौँ । यिनले सदाचारको बुटी (ताबिज) बनाएका छन् । यो ताबिज यी महान् साधकको घोर तपस्याद्वारा आर्जन गरेको मन्त्र सिद्ध छ । त्यो ताबिज बाँध्नाले जस्तै मान्छे पनि सदाचारी बन्छन् बन्छ । यसमा शङ्का गर्ने कतै ठाँवै छैन महाराज !"

साधुले आफ्नो ठूलो झोलीबाट एउटा ताबिज निकालेर महाराजलाई दिए । राजाले त्यो ताबिज पल्टाई-पल्टाई, फर्काई-फर्काई हेरे । भने - "हे साधक बाबा ! यस ताबिजबारे मलाई विस्तारपूर्वक बुझाऊ । यो ताबिज लाएपछि मान्छे कसरी सदाचारी हुन्छ ?"

साधु गम्भीर भावमा बोले - "महाराज ! भ्रष्टाचार अनि सदाचार मान्छेको आत्माबाट हुन्छ । बाहिरबाट हुन्न । जब विधाताले कुनै मनुष्य निर्माण गर्छन्, त्यति बेलै तिनको आत्मामा इमानदारको पुर्जा वा यन्त्र फिट गरिदिन्छन् भने कसैको आत्मामा बेइमानीको पुर्जा फिट गरिदिन्छन् । यस पुर्जाबाट इमानदार र बेइमानीको स्वर शङ्खघोष हुन्छ । जसलाई 'आत्माको पुकार' भनिन्छ हजुर । आत्माको पुकारअनुसारले नै मान्छेले काम गर्छन् । अब प्रश्न के छ भने जसको आत्मामा बेइमानीको स्वर गुन्जिन्छ, त्यसलाई नाघेर इमानदारको स्वर कहाँबाट निस्किन्छ महाराज ? म कैयौँ वर्षदेखि यसैको सोचमा छु, र नै मैले यो सदाचारको ताबिज बनाएको हुँ । जुन मान्छेको पाखुरामा यो बाँधिन्छ, तिनी सदाचारी भइहाल्छन् । मैले कुकुरमाथि यो ताबिज प्रयोग गरेको छु । यो ताबिज कुकुरको घिच्रामा बाँधिदिनाले कुकुरले पनि रोटी चोर्दैन । कुरा के हो भने ताबिजमा सदाचारको स्वर प्रतिध्वनित हुन्छ । जब कसैको आत्माले बेइमानीको स्वर निकाल्छ, तब यस ताबिजको शक्तिले आत्माको घाँटी अँठ्याउँछ अनि मान्छेको ताबिजबाट इमानको स्वर गुन्जिन्छ । यी स्वरलाई आत्माको आवाज ठानी सदाचारका निम्ति प्रेरित हुन्छ । यो ताबिजको गुण हो महाराज ।"

राजदरबारमा हलचल मच्चियो । उपस्थित सबै प्रजाहरू ट्वाल्लै परेर ताबिज हेर्न थाले ।

खुसी हुँदै राजा बोले - "मेरो राज्यमा यस्ता चमत्कारी साधु पनि रहेछन् भन्ने मलाई थाहा थिएन । महात्माजी ! म तपाईंसित भक्कुचुर खुसी भएको मात्र होइन, अत्यन्तै आभारी पनि छु । तपाईंले मेरो सङ्कट निमिट्यान्नै पार्नुभो । म सर्वव्यापी भ्रष्टाचारदेखि चिन्तित थिएँ । तर मलाई लाखौँ होइन, करोड़ौँको सङ्ख्यामा ताबिज चाहिन्छ । राज्यका तर्फबाट ताबिजको कारखाना खोलिदिन्छु । तपाईं त्यस कारखानाका मुख्य प्रबन्धक हुनोस् । अनि तपाईंकै निरीक्षणमा राम्रो न राम्रो ताबिज बनोस् ।"

एकजना मन्त्री बीचैमा बोले - "महाराज ! राज्य किन यस्तो झ्याउलामा पर्नु ? मेरो के अनुरोध छ भने यिनै साधुबाबालाई ताबिज बनाउने ठेक्का दिइयोस् । यिनले आफ्नै गुफामा ताबिज तयार पारेर राज्यलाई सप्लाई गर्नेछन् ।"

मन्त्रीको प्रस्ताव स्वीकार्दै महाराजले ती साधुबाबालाई ताबिज कारखाना खोल्ने पाँच करोड़ पेस्कीस्वरूप प्रदान गरे । राज्यभरिका समाचारपत्रहरूतिर खबर छापियो - "खोलियो ! खोलियो ! खोलियो ! ताबिज बनाउने कारखाना खोलियो !"

लाखौँ ताबिज बनिए । राज्यभरिका सरकारी कर्मचारीका पाखुरा-पाखुरामा ताबिज बाँधिए । भ्रष्टाचारको समस्याको यस्तो सरल समाधान निकाल्ने महाराजका साथसाथै समस्त प्रजाहरू पनि खुसी । यो ताबिजले कसरी काम गर्छ भन्ने एक दिन राजाको मनमा प्रश्न जाग्यो । भेष बदलेर उनी ताबिज कारखानामा पुगे । त्यस दिन २ तारिख थियो । एक दिनअघि १ तारिखमै कारखानाका कर्मचारीले तलब पाइसकेका थिए । महाराज एकजना कर्मचारीकहाँ गए अनि काम बताएर तिनलाई ५ रुपियाँको नोट दिए ।

कर्मचारी अग्निशर्मा भएर महाराजलाई हपार्दै भने - “यहाँबाट निस्किहाल । घुस लिनु पाप हो । तिमीलाई थाहा छैन ?”

ताबिजले कर्मचारीलाई इमानदार बनाएको थियो । महाराज भक्कुचुर खुसी भएर महल फर्के ।

केही दिनपछि फेरि भेष बदलेर तिनै कर्मचारीकहाँ पुगे । त्यो दिन महिनाको अन्तिम दिन अर्थात् ३१ तारिख थियो । महाराजले यसबाजि तिनलाई ५० रुपियाँको नोट देखाएका मात्र के थिए, ती कर्मचारीले हत्त न पत्त महाराजको हातबाट नोट थुतेर आफ्नो गोजीमा घुसार्न के थालेका थिए, महाराजले तिनको हात च्याप्पै समात्दै बोले - “म तिम्रो महाराजा हुँ । के आज तिमीले सदाचारको ताबिज बाँधेर आएनौ ?”

नियास्रो स्वरमा बोले कर्मचारी - “बाँधेको छु सरकार, (पाखुरामा बाँधिएको ताबिज देखाउँदै) यी हेर्नोस् ।”

राजा बिलखबन्द परे । कसरी यस्तो भयो ? भन्ने प्रश्नले तिनलाई कोपऱ्यो । उनले ताबिजमा कान थापे । ताबिजबाट स्वर निस्केर कारखानाभरि रुमलियो - “अरे ! आज ३१ तारिख हो । आज त थाप-थाप चल्छ ।”

मेरो हजुर ! तपाईसित इमानदारी, सदाचारको ताबिज छ । यो ताबिज प्रत्येक भ्रष्टाचारीको पाखुरामा बाँध्ने तपाईंको अभियान अझ जोडदार होस्, ताकि नदीका बाँधहरू कसैले चपाउन नसकून् । बनिँदै गरेको सड़क मरक-मरक चबाउन नसकोस् ।

ढाँट बोल्ने, फटाहाहरूको पाखुरामा इमानदारीको ताबिज बाँधिनुपर्छ । हामीलाई घरभित्रै पानीको पाइपमा मह, दूध ल्याइदिन्छु भनेर, घरकै आँगनमा हवाइजहाज ल्याइदिन्छु भनेर आश्वासनको लिङ्गेपिङमा हुऱ्याउनेहरूले हुऱ्याएको युगौँ बितिसक्यो हजुर । यी ढाँट, बगम्फुसे, फटाहाहरूलाई हजुरको ताबिज कन्दनी बनाएर बाँध्नु आवश्यक देखिएको छ । हुन त हजुरको नाम सुन्दै यी भ्रष्टाचारीहरूको सातोपुत्लो उडिरहेको छ ।

तपाईंको आत्मामा रहेको इमानदारीको ताबिज सिङ्गो देशवासीको पाखुरीमा बाँध्न सकिए हाम्रो देशको सड़क सुनको बनिनेछ । नयाँ-नयाँ योजनामा सुनको बर्सिनेछ ।

भ्रष्टाचार मुर्दावाद ! भ्रष्टाचारविरुद्ध गर्जिने भरत जङ्गम जिन्दावाद !
भरत जङ्गमको जय होस् ! भ्रष्टाचारीहरूको नाश होस् !

उही
इमानदारको ताबिज बाँध्न काकाकुली छटपटिने
अपरिचित इमानदार ताबिजपिपासु ।

●



कृष्ण प्रधानले कविता, हास्यव्यङ्ग्य, निबन्ध, नाटक, जीवनी र उपन्यास विधाका अढाइ दर्जन कृति लेख्नुभएको छ । विभिन्न ९ वटा पत्रिकाको सम्पादन गर्नुभएका उहाँ भारतको खरसाङ आकाशवाणीसँग आबद्ध हुनुहुन्छ । उहाँले ९ पुरस्कार र १९ सम्मान पाउनुभएको छ ।

# खोजी गर्छन्, रोजा लेख्छन्
## – प्रा. डा. कृष्णप्रसाद दाहाल

**१. परिचय**

भरतमणि जङ्गम पूरा नाम । छोटकरीमा भमज हुन् भरत जङ्गम । म भएका मठमन्दिर, ज जतन गर्ने व्यक्तिको नाम हो भमज अर्थात् भरतमणि जङ्गम । नेपालभित्र भएका जति पनि मठमन्दिर, देवालयहरू छन्, ती सबैको खोजी गर्दै जतन र जगेर्ना गर्नुपर्छ भन्ने मान्यताबाट उत्प्रेरित भई उनी लागिरहेका छन् । वश, यिनको नामको सार्थकता यही नै हो । मैले बुझेको भरतमणि जङ्गम छोटकरीमा यही नै हो ।

भरत आयामिक छन् । जुन आयामबाट हेऱ्यो, त्यही आयाममा पूर्ण छन् । विविध आयामलाई एकै ठाउँमा राखेर हेऱ्यौं भने त्यहाँबाट फेरि छुट्टै अर्को आयाम फेला पर्दछ । यही विशेषता नै भरत जङ्गमको व्यक्तित्वको मुख्य पहिचान हो ।

बन्दाकोपीजस्तै गाँठिएका छन् भरत जङ्गम । बोक्रा छोडाएर गुदीमा भेटिँदैन ऊ । ऊ बोक्रामा गुदी र गुदीमा बोक्रा बनेर बस्न मन पराउँछ । ऊ के हो ? के होइन ? भनेर पछि लागेर साध्य छैन । ऊ हेर्दा जे हो, त्यो नै हो । उसले आफूलाई लुकाएको छैन । ऊसले आफूलाई लुकाउन चाहेर पनि लुकाउन सक्तैन । आगोले आफ्नो तातोपन लुकाएर लुक्छ र ? हिमालले आफ्नो चिसोपन आगो तापेर तताउन सक्छ र ? वृक्षले आफ्नो छहारी आफूभित्र नै सीमित गरेर राख्न सक्छ र ? सक्तैन । त्यसैले भरत जङ्गम आफूभित्रको स्वीकृति र विकृति लुकाएर राख्नै सक्तैन । यदि लुकाउनतिर लाग्यो भने भरत जङ्गम भरत जङ्गम नै हुन सक्तैन ।

हो, यदि लुकाउन सक्थ्यो भने २०३६ सालको आन्दोलनमा उनी 'कालो सूर्य' उपन्यास लिएर आउने हिम्मत नै गर्न सक्ने थिएनन् । क्रान्तिले देश धपक्क बलेको बेलामा त गोपालप्रसाद रिमालले जस्तै बिहानको सूर्य लिएर आउनुपर्थ्यो, तर उनले त्यसो गरेनन् । उनले त त्यस बेलाका आततायीहरूको उछितो काढ्न राहुले खाएर कालो पारेको सूर्य ल्याएर अर्को क्रान्तिको बिगुल फुके, जसबाट प्रभावित भएर राजनेता अनि मूर्धन्य आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाले 'कालो सूर्य' को पाठकीय समीक्षा नै गरिदिए । अब भरत जङ्गमलाई के चाहियो र ? ऊ एकाएक चर्चाको शिखरमा

पुगिहाल्यो । पहिलो पुस्तकाकार कृतिबाटै ऊ नेपाली जनजनका मनमा बस्न सफल भयो । पञ्चायती कालरात्रिलाई लक्षित गरी लेखिएको 'कालो सूर्य' को लोकप्रियतामा पञ्चहरूले गरेको हिसाबकिताबमा उत्तर भरत जङ्गमको पोल्टामा नआइदिएको थियो भने ऊ कुनचाहिँ नदीको बगरमा एकादेशको कथा भइसक्ने थियो र आज हामी उसको पचहत्तरौँ शुभजन्मोत्सव होइन, पचहत्तरौँ जन्मजयन्ती मनाइरहेका हुने थियौँ । यही सटिक परिचयभित्र हामीले सिङ्गो भरत जङ्गमलाई खोज्ने प्रयत्न गर्नुपर्छ ।

उनको जन्म भक्तपुरको टौमढीटोल जङ्गम मठमा वि. सं. २००४ साल मङ्सिर १० गते पिता गोविन्दहरि र माता इन्द्रकुमारीको कोखबाट भएको थियो ।

## २. खोजी गर्छन् लेख्छन् भरतमणि जङ्गम

भरत जङ्गमले 'कालो सूर्य' उपन्यासपछि थुप्रै रोजा-रोजा कृतिहरू लेखिसकेका छन्, तर 'कालो सूर्य' ले जति धेरै पाठक उनका अन्य कृतिहरूले कमाउन सकेका छैनन् । सायद 'कालो सूर्य' बाट नै उनी अन्तर्धान हुन्छन् होला । 'कालो सूर्य' ले पाठकका हृदयमा ठूलो झट्का दिएको छ । अब सोभन्दा दह्रो झड्का दिने कृति उनले ल्याउनुपरेको छ ।

हुन त 'व्यूहचक्र', 'रातो घाम' पनि उनका झड्कादार कृति नभएका होइनन्, तर यिनले पाठकको हृदयमा बस्ने अवसर त्यति राम्ररी पाएका छैनन् । 'ख्वपदेश' पनि राम्रो कृति हो । यसले केही चर्चा पाएको पाइन्छ । पछिल्लो प्रकाशित 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' उल्लेख्य कृति हो । यस कृतिका सम्बन्धमा प्रकाश पार्ने प्रयत्न भएको छ ।

## ३. 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' कृतिको सर्वेक्षण

वि. सं. २०७७ साल मङ्सिर १० गते शब्दयात्रा प्रकाशन बनेपाद्वारा प्रकाशित 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' धार्मिक, सांस्कृतिक र ऐतिहासिक विषयले सुसज्जित कृति हो । भरत जङ्गमले आफ्नो सिर्जनात्मक शक्तिलाई थाती राखेर यस कृतिभित्र शोध, खोज र अन्वेषण गरेका छन् । यस कृतिभित्र उनको अनुसन्धानात्मक व्यक्तित्व छताछुल्ल भएको छ । लेखकले यहाँ नेपालको प्राचीन, मध्य र आधुनिक कालका पुरातात्त्विक सम्पदाको उत्खनन गरेका छन् । पुर्खाले गरेको सत्कर्म आज संरक्षणको अभावमा चपरीमुनि परेका छन् । यसैको खोजी गर्ने काम जङ्गमले गरेका छन् ।

यस कृतिभित्र चौधवटा मूल शीर्षकभित्र भिन्नाभिन्नै विषयको खोज तथा अन्वेषण गरिएको छ । शङ्का र विवाद भएका कुरालाई लेखकले निम्नलिखित शीर्षकद्वारा स्पष्ट पारेका छन् –

१. भिँद्यो महाभारतकालीन भीमसेन होइनन्,
२. चाँगुनारायणको नाउँ दोलाशिखर स्वामी होइन,
३. अंशुवर्माको राजधानी सहर हंसगृह,
४. शैवदेवता अनन्तलिङ्गेश्वर,
५. श्री डोलेश्वर महादेव : परिवर्तन नाउँ,
६. बानेश्वर महादेवको सङ्क्षिप्त परिचय,
७. प्रकाशेश्वर प्राचीन पर्यटकीय क्षेत्र,
८. वागेश्वर महादेव एक परिचय,
९. हलिपट शिवध्वजा हो नागनागिनी होइन,
१०. प्राचीन वर्षामापन यन्त्र तालोदम्फो,
११. भक्तपुर वागेश्वरीको सरस्वतीस्थान,
१२. धनेश्वर महादेव र त्यसको ऐतिहासिक पृष्ठभूमि,
१३. धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका,
१४ सम्बन्धित चित्रावली ।

यहाँ अक्षरले बोल्न नसकेका कुरालाई चित्रद्वारा वाचाल गराइएको छ । दुर्लभ विषय र दुर्लभ चित्रहरूको समायोजन गरेर लेखक जङ्गमले यो कृतिलाई बढीभन्दा बढी विश्वसनीय र भरपर्दो गराएका छन् । यहाँ कपोलकल्पित कुरा गरेर भ्रमको खेती गर्नेहरूको खेदो गरिएको छ । लेखक स्वयं भन्छन् – "नेपालको प्राचीन इतिहास स्पष्ट नलेखिएको र लेखिए पनि गलत व्याख्या भएका कारण कतिपय घटना र विवरण तथ्यपरक नरहेका हुँदा पूर्ण विश्वास गर्ने ठाउँ रहेको छैन । विभिन्न समयमा घटेका घटना र परिवर्तित समयलाई पनि अनुमानकै भरमा व्याख्या-विश्लेषण गर्ने चलन चलेको देखियो । समयकाल, भौतिक पूर्वाधार र भूगोलले प्रस्ट्याएको विषयवस्तुलाई पनि बेवास्ता गरिएको किटानी र व्याख्या गरिएको विवरणलाई पत्याउने अवस्था रहेन (लेखकीय : क) ।"

यस्तै निराधार र कपोलकल्पित कुराको खण्डनका रूपमा यो कृति आएको छ । लेखक सूक्ष्मभन्दा सूक्ष्म विषयलाई प्रमाणका साथ प्रस्ट्याउन पछि परेका छैनन् । हामीले जुन भ्रम पालेर बसेका थियौँ, त्यो भ्रमलाई केस्रा-केस्रा चिरेर सही मार्ग प्रदर्शन गरेका छन् । ऐतिहासिक अभिलेखहरूलाई उनले कतै पनि नबिगारीकन जस्ताको तस्तै हाम्रा सामु राखेका छन् ।

धेरैजसो इतिहासकारहरूले नेपालको इतिहास आफ्नो अनुकूलताअनुसार लेखेको पाइन्छ । त्यसैले हामीलाई एकजनाले मात्रै लेखेको इतिहास पढेर वास्तविकता बुझ्न कठिन भइरहेको छ ।

मूलतः इतिहास भनेको "सत्य र प्रमाणिक विषय हो । यदि इतिहासमा असत्य र अप्रामाणिक व्यहोरा उल्लेख भएका छन् भने त्यो इतिहास भनिए पनि इतिहास हुन सक्तैन (लेखक : ग)" । लेखकका यी भनाइबाट इतिहासको पुनर्लेखन गर्नुपर्ने भएको छ, जसको थालनीको सिलसिलामा भरत जङ्गम पनि जोडिन आएका छन् ।

'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' भन्ने यो पुस्तकमा लेखक भरत जङ्गमले नेपालको मौलिक सांस्कृतिक पहिचानलाई खोतलेका छन् । विगत केही वर्षयता भरत जङ्गम नेपालको धार्मिक र सांस्कृतिक सम्पदाको अध्ययन र अनुसन्धानमा केन्द्रित छन् । विश्वमा नेपालको मौलिकता भन्नु नै प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधता नै हो । यी दुई कुरालाई ओझेलमा पारियो भने नेपाललाई कुनै पनि हालतमा विश्वरङ्गमञ्चमा चिनाउन सकिँदैन । अतः यसबारे हामी सबै नै सजग र सतर्क हुनु जरुरी छ । भरत जङ्गम यस अर्थमा धेरै नै धन्यवादका पात्र भएका छन् ।

लेखक भरत जङ्गमले यस कृतिका माध्यमबाट ओझेलमा परेका हाम्रा ऐतिहासिक र सांस्कृतिक मूल्य र महत्त्व बोकेका सम्पदाहरूलाई जनसमक्ष ल्याइदिएका छन् । यसको उदाहरणका रूपमा भक्तपुरको डोलेश्वर धाम, कैलालीको प्रकाशेश्वर शिवलिङ्ग आदिलाई लिन सकिन्छ । लिच्छविकालीन राजा अंशुवर्माको इतिहासलाई समेत खोतल्ने कार्य गरेका छन् । बनेपाको धनेश्वर महादेवका सम्बन्धमा विस्तृत सूचना प्रदान गरेका छन् । त्यति मात्र होइन, शिवपूजन कसरी गर्नुपर्दछ, त्यसको विधिविधान पनि यहाँ प्रस्तुत गरेका छन् ।

यो कृतिको अध्ययन गरिसकेपछि कुनै पनि पाठक नेपालको सांस्कृतिक सम्पदाबारे विमुख भएर बस्न सक्तैन । आफ्नो प्राचीन गौरवलाई लिएर ऊ पनि क्रियाशील भई राष्ट्रको अस्तित्व जोगाउनतिर लाग्दछ । यसमा कुनै दुई मत नै छैन । जतिसुकै विदेशको वैभवताले हामीलाई तान्ने गरेको भए तापनि आपत् परेका बखतमा सुरक्षाको छहारी दिने काम आफ्नै राष्ट्रले गरेको हुन्छ । त्यसैले राष्ट्रलाई माया गर्नुपर्दछ । हो, यो सन्देश जङ्गमको विवेच्य कृतिबाट प्राप्त गर्न सकिन्छ । 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' को मुख्य प्राप्ति भन्नु यही नै हो ।

## ३. यस कृतिका सम्बन्धमा लेखकीय स्पष्टोक्ति

भरत जङ्गमको गहन प्रस्तुतिका रूपमा 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' कृति आएको छ । यहाँ कृतिकारले इतिहासको अध्ययन परम्परालाई मूल आधार बनाएर आफ्नो खोजको निष्कर्ष दिएका छन् । उनी भन्दछन् - "नेपालको इतिहासलाई देखाउने, निर्माण गर्ने, स्थापना गर्ने र प्रमाणित रूपमा प्रस्तरमा कुँद्ने कार्य लिच्छविकालमा नै सुरु भएको हो । लिच्छवि राजा मानदेवको समय सम्वत् ३८६ ज्येष्ठ शुक्ल प्रतिपदा भनिएको चाँगुनारायण मन्दिरको पश्चिमतर्फ रहेको शिलालेख वि. सं. ७६२ को हो भन्ने अनुमान गरिएको छ । सो शिलालेखमा राजा मानदेवको स्तुति गरिएको पद्यमा उन्नाइस श्लोक प्रस्तरको खम्बामा कुँदिएका छन्, जसलाई प्रथम शिलालेखका रूपमा इतिहासविद्हरूले स्वीकार गरेका छन् । देशी-विदेशीले प्राचीन इतिहासको अध्ययन-अनुसन्धान र अन्वेषण सुरु गरे पनि नेपालको प्राचीन र मध्यकालीन इतिहासमा धेरै नै भ्रम रहेको पनि देखिन आयो (लेखकीय : ग) ।"

यसका बारेमा अझ विस्तृत किसिमले प्रामाणिक तथ्यहरू जुटाएर 'चाँगुनारायणको नाउँ दोलाशिखर स्वामी होइन' शीर्षकमा स्पष्ट पारेका छन् । यो कृतिको मूल प्रयोजन भन्नु नै धार्मिक सांस्कृतिक र ऐतिहासिक विषयको वैज्ञानिक खोज अन्वेषण हुनुपर्छ भन्ने हो । ऐतिहासिक सामग्री बिटुलिएर आयो भने त्यसले मान्छेको मस्तिष्क नै भुटिदिन्छ । त्यसैले लेखक भन्छन् – "इतिहासको कुनै पनि राम्रो वा नराम्रो घटनाको उपज वर्तमान भएर हाम्रा सामु खडा भएको हुन्छ । भूतकालमा बितेका घटना र अवस्था मानवोचित भएको खण्डमा हाम्रो वर्तमान स्वस्थ, शान्तिमय र समृद्ध बनेको हुन्छ भने मानवोचित व्यवहार र घटनाको विपरीत भए वर्तमान पनि अनिश्चित, भयावह र दुःखग्रस्त बन्न पुग्छ । वर्तमानको अवस्थालाई न्याय प्रदान गर्ने कही भूतकालको कार्यपद्धति वा घटनामा निर्भर हुन्छ । त्यसैले इतिहासको सही तथा तथ्य जानकारीले मात्र वर्तमानको अवस्थाको मूल्याङ्कन हुन्छ भने भविष्यको कार्ययोजनाको तर्जुमा पनि त्यसैमा गर्दछ । (जङ्गम २०७७ : १११) ।"

यस किसिमको दृढोक्ति र स्पष्टोक्तिले यो पुस्तक सम्पन्न भएको छ । इतिहासको स्वादले किताबको गरिमा बढाएको छ ।

## ४. निष्कर्ष

बहुआयामिक पहिचानका धनी भरतमणी जङ्गमको 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' कृति ऐतिहासिक शोधखोजका क्षेत्रमा

एउटा गहकिलो पाइला बनेर आएको छ । यस कृतिले नेपालको प्राचीन, मध्य र आधुनिक कालका केही महत्त्वपूर्ण ऐतिहासिक अभिलेखलाई पारदर्शी तुल्याइदिएको छ । सत्यको अन्वेषण गरेर लेखकले असत्य प्रस्तुतिको खण्डन गरी तात्त्विक कुराको बोध गराएका छन् । कृतिको गुणवत्ता भन्नु नै यही हो । लेखकलाई धेरै-धेरै साधुवाद दिँदै निम्नलिखित कविताद्वारा यो आलेख सम्पन्न गर्दछु ।

खोजी गर्छन्, रोजा लेख्छन्
पोचाहरूको जरा उखेल्छन्
भ्रष्टाचारको जालो बढार्छन्
जङ्गम आफ्नो नाम जगाउँछन्
मठमन्दिरका देवता खोज्छन्
पुजारी बनी आरती गर्छन्
अक्षरका अलग-अलग बेर्ना उमार्छन्
सत्य-तथ्यको खेती गर्छन् ।

●



कृष्णप्रसाद दाहाल नेपाली विषय प्राध्यापन गर्नुहुन्छ । उहाँ समालोचक पनि हुनुहुन्छ । उहाँले विभिन्न पुस्तकहरू लेख्नुभएको छ भने विभिन्न पुरस्कार तथा सम्मानहरू पनि प्राप्त गर्नुभएको छ ।

# भरत जङ्गमसँग जम्काभेट

## – कृष्णहरि बास्कोटा

जुन बखत म प्रधानमन्त्री कार्यालयको सचिव थिएँ, सो बखत भक्तपुरको डोलेश्वर महादेवको महिमा मसमक्ष आइपुग्यो । केदारनाथको शिरभागको प्रचारप्रसार हुन नसकेको लगायतका माग लिएर एउटा सानो टोली मेरो कार्यकक्षमा प्रवेश गर्‍यो । सो बखत म 'हेलो सरकार' को इन्चार्ज थिएँ । सायद उनीहरू गुनासो टिपाउन पनि आएका थिए ।

डोलेश्वर महादेवका पक्षमा आएको प्रतिनिधिमण्डलको सबै कुरा सुनेपछि आउँदो शनिबार म स्वयं सो स्थानमा स्थलगत भ्रमणमा आउने वचन दिएँ । तोकिएको दिन म त्यहाँ पुग्दा केही मानिस मलाई पर्खेर बसेका रहेछन् । सानो मन्दिर, मन्दिरभित्र एउटा ठूलो ढुङ्गा देखेँ । 'यही हो डोलेश्वर महादेव' भने । प्रणाम गरेँ । पुजारीले रुद्राक्षको माला लगाइदिए ।

अब हामी गम्भीर छलफलमा जुट्यौँ । सधैँझैँ मैले डायरीको पाना खोलेँ । पाइलट पेनको बिर्को उघारेँ । शिरको टोपी भुइँमा बजारेँ । डोलेश्वर महादेवको भव्य मन्दिर निर्माण गर्ने, जग्गाजमिन थप गर्ने, लामो सत्तल बनाउने, पिउने पानीको प्रबन्ध गर्ने, आशापुरी जाने र डोलेश्वरसम्म पुग्ने बाटो पिच गर्ने, प्रहरी चौकी स्थापना गर्नेलगायतका दर्जनौँ माग मेरा डायरीमा टिपिए । मानिसको भीड बाक्लो हुँदै गयो ।

जब म डोलेश्वरबाट हिँड्न खोजेँ, तब डोलेश्वर महादेव जीर्णोद्धारका अगुवाहरूले मसँग प्रतिबद्धता खोजेको 'बडी ल्याङ्ग्वेज' प्रस्तुत गरे । मैले पुनः आगामी हप्ता सम्बन्धित जिम्मेवार पदाधिकारीहरूसहित फर्किने कबुल गरेँ । सबै मानिसले खुसी भएर हात जोडे । मैले पनि बिदाइको दसऔँला उठाएँ । मोटरमा चढ्नै लाग्दा कसैले 'सचिवले टिपेअनुसार काम त हुन्छ नि ?' भनेझैँ सुनेँ । तत्काल मेरो मुखबाट जवाफ फर्कियो – 'यी डोलेश्वर महादेव साक्षात् भए टिपिएको काम हुन्छ, अन्यथा हुँदैन ।' यति भनिसक्ता नसक्तै मेरो मोटरको ढोका बन्द भयो र मोटर धूलो उडाउँदै काठमाडौँतिर लाग्यो ।

मेरो वचनको पक्कास्वरूप सरकारी कर्मचारीको दलबल लिएर अर्को शनिबार डोलेश्वर महादेव मन्दिर पुगेँ । सिँचाईका कर्मचारीले खोल्सो

नियन्त्रणको योजना बनाए । वनका कर्मचारीले बृक्षारोपणको योजना सुनाए । डोलिडारका कर्मचारीले आशापुरीसम्मको पिच चाँडै बन्ने आश्वासन दिए । पुरातत्त्व विभागका कर्मचारीले मन्दिरको जीर्णोद्धारमा बजेट निकासा गर्ने भए । भक्तपुरका प्रहरीले मन्दिरमा अस्थायी प्रहरी पोस्ट खडा गर्ने वचन दिए । सिडिओले सबै कामको समन्वय गर्छु भने । यसरी डोलेश्वर महादेव अब ढलिमलीपूर्ण हुने भए भनेर मैले मनमनै उनलाई जिस्क्याएँ ।

समय बित्दै गयो । डोलेश्वरमा मेरो आवागमन बाक्लिँदै गयो । त्यहाँ अनेकौँ काम हुन थाले । बिस्तारै मन्दिरको करोडौँ रुपियाँको लगत इस्टमेट बन्यो । १२-१५ रोपनी जग्गा दान गर्ने दाता अगाडि आए । अब म डोलेश्वर महादेवको महाभक्तका रूपमा प्रकट भई पटक-पटक टीभीमा देखिन थालेँ । डोलेश्वर महादेवको सट्टा सो क्षेत्रमा मेरो प्रख्याती बढ्दै गयो ।

त्यस क्षेत्रमा मेरो भ्रमण घटेको थिएन । एक दिन गम्भीर कुराकानी गर्ने गरी म डोलेश्वर पुग्दा छोटा कदका, डम्म परेका, हँसिलो अनुहारका, हेर्दै केही गरौँ जस्तो भाव प्रकट गर्ने व्यक्तिसँग जम्काभेट भयो । डोलेश्वर क्षेत्रमा भेटघाट हुने प्रायः सबैले मलाई ‘सचिवज्यू, सर, हजुर’ भनेर सम्बोधन गर्थे । सम्भवतः डोलेश्वर परिसरमा भेट्ता मलाई ‘बास्कोटाजी’ भनी सम्बोधन गर्ने व्यक्ति उहाँ नै हुनुहुन्थ्यो । उहाँले ‘तपाईंले यस क्षेत्रमा देखाउनुभएको दिलचस्पीका लागि धन्यवाद दिन आजको छलफलमा म पनि सहभागी भएको छु’ भन्नुभयो । साथै उहाँले आफ्नो परिचय दिँदै ‘म भरत जङ्गम हुँ’ भनेको हिजोजस्तै लाग्छ । तर यो जम्काभेट करिब एक दशक पुरानो हो ।

भरत जङ्गमलाई टीभीमा भ्रष्टाचारविरोधी कार्यक्रम सञ्चालन गरेको देखेको थिएँ । ‘कालो सूर्य’ लगायतको पुस्तक पढेर उहाँप्रति आदरभाव बढाएको थिएँ । सामाजिक अभियन्ताका रूपमा उहाँ मेरा लागि चिरपरिचित हुनुहुन्थ्यो, तथापि हाम्रो औपचारिक भेटघाट र चिनजान थिएन । डोलेश्वर महादेवले यो अवसर जुराइदिएकोमा मनमनै उहाँप्रति नमन गरेको छु ।

सो पहिलो भेटमा डोलेश्वर महादेवका विषयमा भरत जङ्गमले मलाई धैरै कुरा बताउनुभयो । उहाँले जङ्गम परिवारको योगदानका विषयमा चर्चा गर्नुभयो । त्यसपछिको हाम्रो घनिष्टता, आत्मीयता झाङ्गिदै गयो । हामी थुप्रै विषयमा टेलिफोनमा वार्ता गर्न थाल्यौँ । धेरैपटक डोलेश्वर महादेव मन्दिर परिसरमै हाम्रो भेटघाट भयो । यी महादेव साक्षात् हुनुभएकाले नै हाल भव्य मन्दिर बनेको छ । लामो सत्तल निर्माण भएको छ । साउनको सोमबार लाखौँ भक्तहरू त्यहाँ पुग्न थालेका छन् । यसैमा आफ्नो पूर्ववचन चरितार्थ भएको प्रति गर्व गरेको छु ।

म पनि प्रधानमन्त्री कार्यालयको सचिवबाट अवकाश भएपछि प्रशासन सुधार अनुगमन समितिको संयोजक हुँदै प्रमुख सूचना आयुक्त पदमा पुगें । यसलाई एक दिन मन्तव्य दिँदा डोलेश्वर महादेवको आशीर्वाद हो भनेको थिएँ । सो बखत राम्रैसँग तालीको समर्थन पाएको स्मरण पनि ताजा नै छ । डोलेश्वर महादेवको जय होस् ।

धर्म र संस्कृतिका मर्मज्ञ भरत जङ्गमले म राष्ट्रिय सूचना आयोगको प्रमुख आयुक्त हुँदा सूचना माग गर्नुभयो । उहाँले काठमाडौँको बानेश्वरमा रहेको रत्नराज्य माध्यमिक विद्यालयको परिसरभित्र रहेका महादेवलाई भक्तहरूले निर्बाध पूजाआजा गर्न आउनुपर्छ भन्ने वकालत गर्नुभएको थियो । यस विषयमा तत्तत् स्कुलबाट उहाँलाई सूचना उपलब्ध गराइयो । हाल उहाँ यस विषयमा आफ्नो अभियान सफल भएकोमा खुसी हुनुहुन्छ ।

केही समयपछि उहाँले टेकु दोभानमा रहेको जगन्नाथ मन्दिरको जीर्णोद्धारलगायतको काममा आफ्नो ध्यान लगाउनुभयो । यस कार्यमा मलाई पनि सल्लाहकार बनाउनुभयो । मेरा ९५ वर्षका पिताजीलाई उहाँले सधैँ सम्झना गरेर सोधपुछ गर्नुभएको छ। भरत जङ्गमसँगका यस्ता कथा थुप्रै छन् ।

भक्तपुरमा २००४ सालमा जन्मिनुभएका भरत जङ्गमको ७५ औँ जन्मदिवसका दिन उहाँको सम्झनामा केही लेखौँ भनी कम्प्युटरको किबोर्डमा औँलाहरूलाई क्रियाशील तुल्याइरहेको छु । यस पुनीत अवसरमा भरत जङ्गमको दीर्घायु, सुस्वास्थ्य र प्रगतिको कामना गर्दछु । उहाँको भ्रष्टाचारविरोधी अभियान सफल होस् । उहाँको पत्रकारिता र साहित्यिक यात्रामा पूर्णविराम नलागोस् । मुलुकको धर्म, संस्कृति, पहिचान र राष्ट्रियताप्रतिको उहाँको अनुराग अझ झाङ्गियोस् । नेपाल माताको एक सपूत भरत जङ्गम हामी सबैको प्रेरणाको स्रोत बनिरहन सफल हुनुहोस्, जन्मदिनको यही लाखलाख शुभकामना छ ।

●



कृष्णहरि बाँस्कोटा पूर्व प्रमुख सूचना आयुक्त एवं नेपाल सरकारका पूर्वसचिव तथा लेखक हुनुहुन्छ ।

# देशभक्ति र निष्ठाको सङ्गम
## – केदार शाक्य

भरत जङ्गमको बहुचर्चित सामाजिक उपन्यास 'कालो सूर्य' पढेपछि जननेता बीपी कोइरालाले बधाई र शुभकामना दिनुभएको रहेछ । हालै नइ प्रकाशनका साहित्यकार नरेन्द्रराज प्रसाईले सामाजिक सन्जालमा लेख्नुभएको छ । मैले पनि त्यसैमा कमेन्ट दिएँ । त्यो उपन्यासको अङ्ग्रेजी अनुवाद मनोविज्ञानविद् साहित्यकार सरोजकुमार शाक्य हाम्रा दाइले उति बेलै गर्नुभएको थियो । अङ्ग्रेजी भाषामा अनुवाद भएपछि बङ्गाली भाषालगायत अन्य तेह्रवटा भाषामा अनुवाद भएको छ । नेपाली भाषा-साहित्यका लागि यो ठुलै उपलब्धि हो । समाजमा व्याप्त अनेकथरिका विकृति-विसङ्गतिलाई प्रहार गर्ने र सही दिशाबोधका लागि जागृति ल्याउने उहाँको लेखनशैली राम्रो छ ।

उहाँको लेखन र साहित्य सिर्जना सरल छ । गहन पनि छ । भाषा-संस्कृतिप्रति अध्ययन छ । अनुसन्धानमा लेखकीय निष्ठा छ । जीवनको पचहत्तर वसन्तमा पनि सक्रिय हुनुहुन्छ । गुणको कदर गर्न सिपालु हुनुहुन्छ । स्पष्टवक्ता हुनुहुन्छ । उहाँ पक्का अनुसन्धान र अध्ययनविना आफ्नो विचार सार्वजनिक गर्नुहुन्न । आफूलाई मनमा लागेको कुरा निर्धक्कसँग सार्वजनिक गर्नुहुन्छ । यही विशेषताका कारण मानिसहरू उहाँका कुरा सुन्न मन पराउँछन् ।

'कालो सूर्य' उपन्यासले अन्तर्राष्ट्रिय साहित्यमा राम्रो स्थान पाएकोमा उपन्यासका अनुवादकलाई कृतज्ञताभाव देखाउनुभएको छ । कतिपय मानिसहरू आफूलाई लेखक-साहित्यकार भनाउने रहर गर्छन् । तर यथार्थ नबुझीकन कलम चलाउँदा मूल रचनाकारमाथि अन्याय गर्छन् । त्यस्ता अवाञ्छित काम मानिसहरू कसरी गर्छन्, भन्न गाह्रो छ । अनुवादक साहित्यकार सरोजकुमार शाक्यप्रति हालै एकजना लेखकले उहाँको कालजयी रचनाको 'तिरिरी मुरली बज्यो वनैमा' गीत-सङ्गीतको अनुसन्धानविना नै गायकलाई मात्र भऱ्याङ चढाउनुभएको थियो । जङ्गमजीले उपन्यासका अङ्ग्रेजी अनुवादकप्रति देखाउनुभएको श्रद्धाभाव वास्तवमा अनुकरणीय छ ।

उहाँलाई मानिसहरू भ्रष्टाचारविरुद्धका अभियन्ता भनेर चिन्दछन् । मैले चाहिँ उहाँलाई 'कालो सूर्य' उपन्यासका लेखक-साहित्यकार भनेर नै चिनेको हुँ । उहाँले भक्तपुरमा प्रचलित नेवार समुदायको रीतिस्थिति, चाडपर्व र

विविध संस्कृति अध्ययन गरी पुस्तक लेख्नुभएको छ । पुस्तक मलाई पनि दिनुभएको छ । मैले पढेको छु । पुस्तक राम्रो छ ।

उहाँको भ्रष्टाचारविरुद्ध अभियानले त्यस बेला प्राथमिकता पायो, जुन बेला राजा ज्ञानेन्द्र सक्रिय शासनमा थिए । राजनीतिक दलका नेताहरू भाषणमा भ्रष्टाचारको विरोध गर्छन्, यथार्थमा विपरीत गतिविधिमा लागेको पनि गन्ध आउने गर्छ । प्रशासनिक गतिविधिमा कामको प्रकृतिअनुसार अदृश्य लेनदेन रहनु अस्वाभाविक लाग्दैन । तर उच्च तहमा नै संविधानप्रदत्त पदहरूको नियुक्तिमा अदृश्य रूपमा लेनदेन हुनु भ्रष्टाचार हो भन्ने परिभाषामा उहाँ खुलस्त हुनुहुन्छ । यसरी समाजमा व्याप्त भ्रष्टाचारलाई मेटाउन उहाँ अभियानमा लाग्नुभएको धेरै भयो । सफलता पनि मिलिरहेको छ । तर पनि भ्रष्टाचारविरुद्ध अभियानलाई छद्मभेषीहरूले कमजोर पार्न अभियन्ताको नक्कली रूप धारण गरेकोमा उहाँ चिन्तित हुनुहुन्छ । भ्रष्टाचारको गन्ध आउने आशङ्कामा कतिपय कानुनलाई अदालती मुद्दा लडेर सफलता हासिल गर्नुभएको छ । सांसद पेन्सन अनुपयुक्त छ भनी सर्वोच्चमा दिनुभएको रिटमा उहाँलाई सफलता मिलेको छ ।

त्रिभुवन विश्वविद्यालय Faculty of Humanity and Social Sciences ले Governance and Anti Corruption Studies Master's Programme विधिवत स्नातकोत्तर तहको कक्षा सञ्चालन गर्ने भएको छ । यस कार्यमा उहाँहरूको अभियानलाई सफलता मिलेको छ । भ्रष्टाचारविरुद्ध उच्च स्तरमा नै शिक्षादीक्षा हुनुपर्छ भनी चलाइएको अभियानमा सफलता मिल्नु वास्तवमा अभियानले भविष्यको पुस्तालाई सुसूचित गराउनु नै हो । यस कार्यमा उहाँको विशेष सक्रियता रहेको छ । जापानमा बालबालिकालाई अनुशानको जग नर्सरी र केजीदेखि नै दिलाइन्छ । त्यसरी नै विश्वविद्यालयको उच्चस्तरीय शिक्षादीक्षामा नै भ्रष्टाचारविरुद्ध मनस्थिति बनाउन जरुरी हुने विश्वासका आधारमा नैतिक दायित्वको पाठ्यक्रम तयार गर्ने कार्यमा पनि अभियानलाई सफलता मिलेको देखिन्छ ।

नेपालमा चर्चित भ्रष्टाचारहरूमा अध्ययन-अनुसन्धानसँग सम्बन्धित प्रतिवेदनका दस्तावेजहरू उहाँले प्रमाणका लागि सुरक्षित राख्नुभएको छ । राजनीतिक व्यक्तिविशेष संलग्न पाइएका सुनकाण्ड आदिको आधिकारिक प्रतिवेदन दस्तावेजहरू पनि उहाँले सुरक्षित राख्नुभएको छ । त्यसमाथि कारबाही हुनुपर्छ भन्ने उहाँको अडान पनि कायम छ । निर्भीकताका साथ स्पष्ट भएर भ्रष्टाचारविरुद्ध अभियानमा धेरै कम मानिसलाई मात्र सफलता मिल्छ भन्ने लाग्छ । त्यसका लागि निरन्तर कानुनी लडाइँ लड्न सक्ने धैर्य चाहिन्छ । उहाँमा यो धैर्य, साहस र निरन्तरता कायम छ ।

जङ्गमजी सक्रिय साहित्यकार हुनुहुन्छ । संस्कृतिविद् हुनुहुन्छ । अनुसन्धाता हुनुहुन्छ । निरन्तर लगाव भएका व्यक्ति हुनुहुन्छ । उहाँको विचार असल छ । उहाँका गतिविधि र क्रियाकलापबाट प्रभावित व्यक्तिहरू निःस्वार्थ भावले भ्रष्टाचारविरुद्ध अभियानमा लागेको देखिन्छ । उहाँ टेलिभिजनमा पनि ‘कालो सूर्य’ नाममा भ्रष्टाचारविरुद्ध अभियानमा जनतासँग प्रत्यक्ष जोडिनुभएको छ । श्रोताको जिज्ञासालाई सहज ढङ्गले जवाफ दिनुहुन्छ । कानुनी आधारमा दिनुभएको उत्तर सहज पनि लाग्छ ।

उहाँ नेपालको समसामयिक राजनीतिको सटिक विश्लेषण गर्नुहुन्छ । उहाँको विश्लेषण राजनीतिक आग्रह र पूर्वाग्रहबाट टाढा देखिन्छ । तथापि नेपालका राजनीतिक दलका केही भ्रष्ट प्रवृत्तिका मानिसहरूको क्रियाकलापलाई खुलेआम सार्वजनिक टिप्पणी गर्दै उछित्तो काढ्नुहुन्छ । यसरी उहाँले सार्वजनिक रूपमा गर्नुभएको आलोचना र टिप्पणी यथेष्ट प्रमाणका आधारमा भएको देखिन्छ । अन्यथा व्यक्तिगत दुस्मनी हुन सक्ने कुराबाट पनि उहाँ सचेत हुनुहुन्छ ।

उहाँ धार्मिक स्वभाव र प्रकृतिका हुनुहुन्छ । अरूले खास गरी राजनीतिक नेताहरूले मन्दिर जाने ढोङ रचेकोमा सटिक व्यङ्ग्य पनि गर्नुहुन्छ । वास्तवमा मन्दिर जानु आ-आफ्नो धार्मिक आस्था र विश्वासको कुरा हो । तर राजनीतिक दाउपेच र निहित स्वार्थका लागि मन्दिर जानु ढोङ हो भन्ने उहाँको सोच छ । संसारका मार्क्सवादी सिद्धान्तका कम्युनिस्टहरू धर्मलाई अफिम मान्छन् । मन्दिर जानु र मूर्तिपूजा गर्नु उनीहरूको शास्त्रमा कुनै अर्थ छैन । नेपालका कम्युनिस्टहरू कार्ल मार्क्सको सिद्धान्तलाई एकातिर पन्छाएर पशुपति मन्दिर गएकोमा कटाक्ष गर्दै ढोंगी भन्नुहुन्छ । उहाँ देश र जनताका लागि निःस्वार्थ सेवामा लागिपर्नुभएको छ । उहाँ समुन्नत समाजका लागि सच्चाइका साथ अहोरात्र खटिने अभियन्ता हुनुहुन्छ ।

●



केदार शाक्य सङ्खुवासभा चैनपुरमा जन्मिई हाल काठमाडौंमा बस्नुहुन्छ । पत्रकारिता, लेखन र सम्पादन उहाँको पेसा हो । लुम्बिनी, बौद्धधर्म, बौद्धसाहित्यमा कलम चलाउने उहाँ विभिन्न पुरस्कार तथा सम्मानबाट पुरस्कृत तथा सम्मानित हुनुहुन्छ । उहाँ लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिस्ट्रार पनि हुनुभएको थियो ।

# एक नक्षत्र चारुमती स्कुलका
## – केशर भण्डारी

चाबहिल पुरानो स्थान र नाम हो काठमाडौँको । चारुमती विहारको नामबाट बनेको चाबहिललाई नेपाल भाषामा 'चा बहि' भनिन्छ । एकै रातमा निर्माण गरिएकाले 'चा बहि' (चा भनेको रात र बहि भनेको विहार) नाउँ रहेको कहावत पनि छ ।

बडामहाराजाधिराज पृथ्वीनारायण शाहले उपत्यका विजय गरेको बखत पनि चाबहिल एक प्रमुख बस्तीको नाउँ थियो । २०४० अघिसम्म पनि पूर्वी क्षेत्रका बासिन्दाहरूको एक प्रमुख बजार नै थियो । पशुपति तथा गुह्येश्वरी मन्दिर नजिकको चाबहिललाई काठमाडौँ उपत्यकाको केन्द्रस्थान पनि मानेको छ स्थानीयको परम्परागत गुठीले ।

चारुमती विहारको उत्तर-पश्चिम करिब ३ सय मिटरको दूरीमा प्रख्यात चन्द्रविनायक गणेशको मन्दिर छ भने पूर्व करिब १ सय मिटरमा भव्य धन्द्यो बुद्धको स्तुप छ, जसलाई बौद्ध स्तुप भनेर झुक्किन्छन् नयाँ आगन्तुकहरू । धन्द्यो स्तुपको परिसरको पश्चिममा सरस्वतीको आकर्षक मूर्तिसहितको सरस्वतीस्थान छ । धन्द्यो बुद्ध स्तुप परिसरको ठीक उत्तरमा अवस्थित छ पशुपति उच्चमाध्यमिक विद्यालय, जुन पशुपति आधार स्कुल हुँदै पशुपति हाइस्कुलको पछिल्लो रूपान्तरित नाउँ र रूप हो ।

२००४ सालमा पशुपति बज्रघरमा स्थापित पशुपति आधार स्कुल स्थानान्तरणका क्रममा गौशाला हुँदै चाबहिलमा स्थापना भएको हो मित्रमण्डल भवनमा । भव्य सभाहलसहितको सेतो भवन चाबहिल स्थानीय बासिन्दाहरूको आर्थिक, भौतिक तथा श्रमदानबाट निर्माण भएको थियो भने यसको समुद्घाटन २००७ सालमा तत्कालीन युवराजाधिराज सरकार महेन्द्रवीरविक्रम शाहबाट भएको थियो । यही मित्रमण्डल भवनमा स्थानीय युवाहरूले मित्र वाचनालय नाउँको पुस्तकालय पनि सञ्चालन गरेका थिए, जुन पछिसम्म थियो, मित्रमण्डललाई २०६३ सालपछिको व्यवस्थाले जीर्ण भयो भनेर भत्काउन नलाउन्जेल पनि । मित्रमण्डलको नाउँका कारण चाबहिलमा स्थापना भएका र हुने कतिपय सङ्घ-संस्थाको नाउँमा कतै न कतै 'मित्र' शब्द जोडिएको पाइन्छ । मित्रमण्डललाई मोहडा बनाई पछाडिपट्टि एकतले टायलको छाना भएका कक्षाहरू सञ्चालन हुन्थे कक्षा १ देखि १० सम्म ।

कक्षा १० चाहिँ मित्रमण्डलभित्रकै एक कोठामा सञ्चालित थियो भने स्कुलचाहिँ सभाहलमा नै थियो । बेलाबखत सोही हलमा विभिन्न कार्यक्रमहरू पनि हुने गर्दथे । 'मित्रमण्डल' लाई पछि फेरि अगाडिको ठूलो चौरमा बनाइएको थियो । चौरको उत्तरमा एउटा पोखरी थियो, सायद स्कुलको निर्माण गर्ने क्रममा काँचो इँटा बनाउन खनिएको हुन सक्छ । यो भव्य परिवेश भएको पूर्वी भागको एक मात्र स्कुल पशुपति हाइस्कुलमा सुन्दरीजल तथा साँखुनजिकका बस्तीबाट पढ्न आउने विद्यार्थीको सङ्ख्या ठूलो थियो । अहिले नयाँ निर्मित भवन र सडक ठूलो व्यापारिक पसल कवलभित्र रहेको स्कुलको पुरानो भव्यता मासिएको छ भने अर्को माहोल सिर्जना भएको छ ।

त्यस बेला स्कुलहरूको स्तर मानक भनेको एसएलसीको नतिजामा कतिजना बोर्डमा आउने तथा कति सङ्ख्यामा फर्स्ट डिभिजन (प्रथम श्रेणी भन्ने खासै चलन थिएन) ल्याउने भन्ने नै हुन्थ्यो । गाउँ पञ्चायतको स्कुल भए पनि यस स्कुलले विविध क्षेत्रमा अनेकौँ प्रतिभाहरू उत्पादन गर्ने गरेको छ । एसएलसीमा प्रथम श्रेणीमा उत्तीर्ण हुनेमध्ये भोला चालिसे नेपाल सरकारको सचिव भए भने ऋषि नेपाल र भोलामानसिंह बस्नेत कृषि क्षेत्रका स्थापित विज्ञ तथा मुकुन्द अर्याल अमेरिकाबाट भूमण्डलीय भौतिक विज्ञानमा विज्ञता हासिल गरी धेरै वर्ष उतै काम गरेर नेपालको त्रिभुवन विश्वविद्यालयमा प्राध्यापकसमेत भए । चाबहिल स्कुलबाट उत्पादन भएका कतिपय विद्यार्थीहरू नेपाल सरकारका विभिन्न क्षेत्रमा जर्नेल, कर्नेल, इन्जिनियर, व्यवस्थापक तथा उच्च कर्मचारीका हैसियतमा पुगे भने नयाँ पुस्ताहरू त अझ के-के भए होलान् !

यिनै मेधावी विद्यार्थीहरूमध्येबाट उदाएका एक नक्षत्र हुन् श्री भरतमणि जङ्गम, सर्वाधिक चिनिएका र स्थापित विषयविज्ञ विद्वान्का रूपमा । बहुआयामिक प्रतिभा भएका भरतमणि जङ्गम वरिष्ठ पत्रकार, लेखक, साहित्यकार, इतिहासविद् तथा संस्कृतिविद्, कानुनविद् तथा संविधानविद्का रूपमा सुपरिचित नाम हो । भ्रष्टाचारविरोधी अभियन्ता तथा राष्ट्रवादी चिन्तकका रूपमा र भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तकका रूपमा चिनिएका व्यक्तित्व हुन् भरत । समाजमा 'एन्टिकरप्टोलोजी' विधाको प्रवेश गराउने उनको विषयले त्रिभुवन विश्वविद्यालयमा मान्यता पाई अध्ययन-अध्यापन समेत सुरु भइसकेको छ ।

२०३६ सालमा 'कालो सूर्य' नामक उपन्यासबाट चर्चित एवं ख्याति प्राप्त गर्ने भरत जङ्गम विदेशी भाषामा समेत पढिने, विदेशमा समेत सुपरिचित व्यक्तित्व भए । उनीद्वारा रचित अन्य उपन्यास, निबन्ध, कथा, कविता, गीत तथा प्रबन्धसङ्ग्रहहरू पनि उत्तिकै चर्चित छन् ।

खराब कामका विरुद्ध निडर प्रस्तुत हुन सक्ने एक सशक्त अभियन्ता तथा समाजसेवी भरत जङ्गमको नेपालका संस्कृति र संस्कारहरू जोगाउनमा ठूलो योगदान छ । विभिन्न विधा र क्षेत्रमा अभिनन्दित उनको मुख्य चोटिलो विषय र क्षेत्र अहिले आएर भ्रष्टाचारविरोधी विचारक र अभियन्ताका रूपमा स्थापित छ । भ्रष्टाचारविरुद्धको लडाइँमा उनले सर्वोच्च अदालतमा मुद्दा दायर गरी राष्ट्रको ढुकुटीबाट दुरुपयोग हुन सक्ने ठूलो धनराशी जोगाउनुका साथै देशमा विधिको शासन कायम गर्नमा समेत ठूलो योगदान पुऱ्याएको नजिर तथा प्रमाणहरूबाट उनी एक अथक योद्धा समेत भएका छन् ।

भरतमणि जङ्गम (भरत दाइ) मभन्दा २ कक्षा अगाडि हुनुहुन्थ्यो चाबहिल स्कुलमा, र मेरा दाजु स्व. विदुरबहादुर भण्डारीका घनिष्ट साथी र सहपाठी । मेरो घर चारुमती विहार परिसर छेउमै भएको र स्कुलबाट धेरै नजिकसमेत भएकाले भरत दाइको मेरो घरमा आवतजावत बाक्लै हुन्थ्यो । भरत दाइका भाइ दीपक जङ्गमचाहिँ मेरा सहपाठी र नेपालका एक स्थापित वरिष्ठ सङ्गीतकार हुन् अहिले । त्यति बेलाका एकाध रोचक क्षण र घटना भरत दाइबारे अहिले सम्झँदा रमाइलो पनि लाग्छ ।

मेरो घर नेवारी बस्ती, विशेषतः बाँडा र ज्यापूहरूको बाहुल्य भएको टोलमा भएकाले स्थानीय नेवारहरूको भोजभतेरमा हामी व्रतबन्ध नगरेका दाइभाइलाई बोलाउने प्रचलन थियो, अनि नेवारी भेजका सबैथोक खाइन्थ्यो । एक दिन दिउँसोभन्दा पनि स्कुल सकेपछिको साँझ अगाडि भरत दाइ दाजुसँग घरमै हुनुहुन्थ्यो । दाजुले भरत दाइलाई कुनै बाँडाको घरबाट ल्याएको रक्सी खान दिनुभएछ । कहिल्यै रक्सी नखाएका भरत दाइले तीनतारा देख्नुभएछ । छाती समाती 'ओहो, ओहो' भन्दै घाँटी मुसार्दै अलि रातो-रातो मुख लगाएर आलसतालस पो हुनुभएछ । सायद पछि रमाइलो भएछ कि, मलाई चाहिँ फुच्चे भनेर दाजुले लखेट्नुभयो ।

स्कुल समयको अलि सुरुको घडी यस्तै ११ बजेतिर होला, दाजुको कोठामा भरत दाइ र दाजुलाई अलि अत्तालिएको हाउभाउमा देखेँ मैले । भरत दाइ अलि पीडामा हुनुभएको पाएँ । कुरा बुझिनँ । अनि दाजुले एउटा औषधि मलमको ट्युब र केही कपास ल्याउनुभयो । भरत दाइले कमिज खोल्नुभयो । अनि देखेँ मैले भरत दाइको ढाडभरि नीला-नीला सुम्ला । लट्ठीले हानेर बसेका सुम्ला केही सुन्निएर राता-नीला भएका र अलिअलि रगतसमेत भएको देखिएको थियो । दाजुले घाउमा औषधि दल्दा धेरै दुखेछ क्यारे भरत दाइ रुनुभयो । सायद स्याहार गरेकोमा भावविह्वल भएर पनि होला । अझै पनि त्यो दृश्य झलझली मेरो आँखामा आउँछ । एकजना माड्साबको अलि पिटेर

सजाय दिनेमा नाम कहलिएको थियो । उहाँले नै काँडा भएको लट्ठीले पिट्नुभएको रहेछ ।

उमेरअनुसार उटपट्याङ गर्ने शिवलीलामा उनीहरू मलाई अलि धपाउँथे । एक दिन उटपट्याङकै सिलसिलामा झन्डै हाम्रा बुबाले भेट्नुभएको रहेछ । 'बचियो बाबा' भन्दै थिए । यी र यस्तै तीतामीठा घटनाहरूको सिलसिलामा भरत दाइसँग मेरो नजिकको सम्बन्ध रहेको थियो ।

स्कुलपश्चात् बीचमा आआफ्ना कर्मक्षेत्रका कारण भेटघाट पातलिँदै गयो । अचानक उहाँ सरकारी दौडाहा टोलीको नेतृत्व गरिहिँड्नुहुँदा चाबहिल गणेशस्थानपछाडि सरकारी गाडीमा भेट भयो । ठूलो मान्छे भइसक्नुभएको रहेछ । 'कालो सूर्य' को विख्यातिपछिको भेट थियो त्यो । उहाँको प्रख्याति पनि बढ्दै थियो । विभिन्न परिवेश र कार्यक्रममा बेलाबेलामा उहाँसँग भेट हुन्थ्यो । मृदुभाषी र स्नेही स्वभावका भरत दाइ आफ्नै पौरखले समाजमा यो उचाइमा पुग्न सफल चाबहिल स्कुलका सीमित पराक्रमीहरूमध्येमा पर्नुहुन्छ भन्ने मलाई लाग्छ । चौहत्तर वर्षको उमेरमा पनि ४७ वर्षको जोस-जाँगरका साथ क्रियाशील र सशक्त अभियन्ता भरत दाइलाई सलाम भाइ केशरका तर्फबाट ।

•



केशर भण्डारी निवृत्त सहायक रथी तथा समाजसेवी हुनुहुन्छ ।

# देशले बिर्सिएको व्यक्ति

## – केशव पुरी

धेरै पछि एक महत्त्वपूर्ण व्यक्तिका बारेमा उहाँको काम, विचार एकाग्र भई सानो उमेरदेखि नै देश, धर्म, संस्कृति, रीतिरिवाज परम्परालाई आत्मसात गर्दै हिँड्नुहुने आदरणीय दाजु भरत जङ्गमका बारेमा लेख्तैछु । उमेरमा मभन्दा धेरै पाको भएर पनि काम गर्ने प्रबल चाहनुहुने व्यक्तिलाई उमेरले छेक्तो रहनेछ भन्ने प्रमाणित गर्नुहुने भरत दाइको कामप्रतिको इमानदार चाहना र दूरदृष्टिका कारणले कतिपय उहाँको निर्णय गर्ने क्षमताले बताउँछ । उहाँका विषयमा लेख्ने कोसिस गर्दा कुन पाटोबाट सुरु गरौँ, अलमलमा परेको छु । उहाँको व्यक्तित्व व्यापक छ । हुन पनि महान् व्यक्तिहरू हेर्दा सरल, सहज, निडर पाइन्छ भन्छन्, उहाँसँगको परिचयले पनि त्यो प्रमाणित गरेको छ ।

मेरो उहाँसँगको परिचय २०६६ साल श्रावण महिनामा भक्तपुर डोलेश्वर महादेव मन्दिरमा धार्मिक अनुष्ठानको समयमा भएको हो । उहाँलाई नामका कारणले पहिले नै चिन्थेँ । मैले उहाँलाई चिन्दा उहाँ भगवान् डोलेश्वर महादेव मन्दिरलाई केदारनाथ महादेव मन्दिरका रूपमा घोषणा गराउन अहोरात्र खटिई उत्तराखण्डको केदारनाथ मन्दिरका पीठाधीश्वर श्रीश्रीश्री भीमाशङ्करलाई नेपाल ल्याएर उहाँकै मुखारविन्दबाट घोषणा गराउने तयारीमा लाग्नुभएको थियो । जब डोलेश्वर महादेव केदारनाथको शिरोभाग नै हो भनेर घोषणा गराउन उहाँ सफल हुनुभयो, तब दिन-प्रतिदिन त्यसको प्रचार-प्रसारमा लागेर कसरी त्यसको निर्माण र विकासमा सहयोग पुऱ्याउने भनी त्यस्ता व्यक्तिको खोजीको क्रममा हाम्रो सम्पर्क र सम्वाद सुरु भयो ।

यसरी मैले उहाँसँग परिचित हुने अवसर प्राप्त गरेँ । डोलेश्वर महादेव केदारनाथको शिरोभागको सेवा गर्ने अवसर मैले उहाँबाटै पाएको थिएँ ।

आदरणीय व्यक्तित्व भरत जङ्गमलाई म दाइ भनेर सम्बोधन गर्छु । त्यसपछि मैले उहाँलाई नजिकबाट चिन्ने अवसर पाएँ लाग्छ । उहाँ जिउँदो इतिहास हुनुहुन्छ । दूरदृष्टि भएको व्यक्ति, साक्षात भगवान्को शक्ति छ उहाँसँग । जीवन सहज रूपले बिताउन सक्ने क्षमता र हैसियत भएर पनि उहाँले कहिल्यै त्यो चाहना राख्नुभएन । बहुप्रतिभाशाली व्यक्तित्व, हरेक विधामा अध्ययन भएका र निर्बाध रूपमा कुनै पनि विषयमा प्रतिवाद गर्न सक्ने क्षमताको धनी भरत दाइका अनगन्ती कृतिहरू छन् । उहाँ नै पूरै

पुस्तकालय हुनुहुन्छ । उहाँको क्षमता भनेकै अरूले नसकेका कार्यहरूलाई सहज रूपमा सल्टाउने र जनचाहना के छ र अन्याय कसलाई परेको छ, निर्क्योल गरी त्यसका विरुद्ध आँधीबेहरी ल्याउनु हो । भरत दाइको बहुआयामिक व्यक्तित्वबारे म वर्णन गर्न त सक्तिनँ, कोसिस अवश्य गर्नेछु ।

नेपालमा धर्मसंस्कृति, रीतिरिवाज, चाडपर्व, मठमन्दिर, पुरातात्त्विक सम्पदाको संरक्षण, भ्रष्टाचारको विरोधमा अहम् भूमिका निर्वाह पुऱ्याउने भरत दाइको रौद्र रूप यस्ता विषयमा सङ्कट आउँदा देख्न पाइन्छ । हाम्रा आराध्यदेव भगवान् पशुपतिनाथको ढुकुटी खोल्न दबाब दिँदा वा मन्दिर व्यवस्थापनका विषयमा उहाँ अग्रपङ्क्तिमा उभिनुभएको छ । पशुपति क्षेत्रमा दशनामीहरूको मृत्युपछि त्यस क्षेत्रमा गरिने संस्कारको जग्गा अतिक्रमण कृस्चियन समूहले गर्दा विरोधमा प्रमुख भूमिका निर्वाह गर्नुभएको थियो । उहाँले विभिन्न समुदाय, जातजातिका विरोधका बारेमा पनि उल्लेखनीय कार्य गर्नुभएको छ । उहाँले धेरै यस्ता कुरीतिहरू हटाई आउँदो पुस्ताका लागि दस्तावेजका रूपमा तयार पार्दा भावी पुस्ताले यिनै पुस्तकका माध्यमले पूर्वज, कला, धर्म, जातजाति, भाषा, भेष, रहनसहन र इतिहासको मुहान पाउनेछन् ।

उहाँका दमदार प्रखर अभिव्यक्तिहरूले त ठूलाठूलाका मुटु काम्ने खरो शब्दवाणले थेग्न नसक्ने बनाइदिने क्षमताले विद्यमान् विकृतिहरू भ्रष्टाचार, अनियमिता, अन्यायका विरुद्ध लड्ने क्षमता राख्नुहुने भरत दाइको क्षमतालाई सलाम गर्नैपर्छ । यस्ता व्यक्तिहरू युगयुगमा पाउन मुस्किल हुन्छ । उहाँका बारेमा लेख्न पाउनु पनि गौरवको अनुभूति महसुस भएको छ ।

यस्ता कालजयी व्यक्तित्व आदरणीय भरत जङ्गमको ७५ औं जन्मदिवसका अवसरमा विशेष कार्यक्रमको आयोजना गरी सार्वजनिक रूपमा हीरक महोत्सव मनाइँदैछ, मेरो उहाँप्रति हार्दिक सम्मान तथा बधाई छ । भगवान् पशुपतिनाथले सदा रक्षा गरून् । जय होस् !



●

केशव पुरी अभिभावक सङ्घ नेपालका अध्यक्ष, नेपाल तेक्वान्दो सङ्घ बागमती प्रदेशका अध्यक्ष र केदारनाथको शिरोभाग डोलेश्वर महादेव संरक्षण तथा विकास समितिका सदस्य हुनुहुन्छ ।

# अथक योद्धासँगको सान्निध्यको कथा
## – केशव मरहट्टा

उमेरमा मभन्दा १३ महिना ७ दिन जेठा तर विद्वत्ता एवं आध्यात्मिक चिन्तनमा कैयौँ वर्ष जेठा भरत जङ्गम अर्थात् भरतमणि जङ्गमलाई म जीवनका विविध आयामद्वारा उद्बोधित, प्रकाशित र नियोजित गर्न सक्ने क्षमतामा योग्य मानिसमा गन्ती हुनेछ । कुनै एक-दुई पाटो कोट्याएर मेरो दृष्टिको भरत जङ्गमलाई चिनाउने प्रयास पनि होइन यो । तथापि मैले फगत् आफूले जानेको, आफ्नो क्षमताको बुद्धिले फेला पारेको जीवनका सोपानमा पाएको यात्राका कथाभित्रको एउटा कथा हो यो । जसले भऱ्याङ चढेर वा सिँढी उक्लिएर उच्च स्थानबाट जति पर दृष्टि फैलाउन सक्तछ, उसले देखेको दृश्य पहाडको फेदीमा या भुइँतलामा बसेर शिखरमा रहेको अनुमान गर्दै आलेखलाई अगाडि बढाउँदैछु ।

म मेरो जीवनको उत्तरार्द्धमा छु । मेरा पूर्वका जीवनयात्राका सोपानहरू सुदूर भविष्यसम्मका अन्तिम विन्दुमा पुग्नुअघिको क्षणमा ममा आएको अध्यात्म चेतले भरत जङ्गमसँग भेट गराएको मेरो अनुमान छ । यस्तै आफ्नै मानसिक छटपटीको भ्रष्टाचारविरोधी अभियानले पनि मलाई भरत जङ्गमसँग जोडेको हुन सक्ने मेरो सोचाइ छ ।

वि. सं. २०६६ सालमा विश्व हिन्दू महासङ्घद्वारा आयोजित एउटा रामनवमीको कार्यक्रममा पशुपतिनाथको श्रीखण्ड चन्दन लगाएका, उच्च शिर भएका, तेजिला व्यक्तित्वले मलाई कहाँबाट कसरी चिने र गायत्रीको नामोच्चारण गर्दै मलाई मेरो नाउँले बोलाएर आफ्नो परिचय दिए । यही नै उनीसँगको मेरो पहिलो भेट थियो । यसअघि उनले मलाई कसरी चिनिसकेका थिए, यसबारे म अझै अनभिज्ञ नै छु र थप जानिरहनुपर्ने आवश्यकता पनि देखिनँ । जब जङ्गमजीसँग भेट र परिचय भयो, तब मलाई मैले खोजेको दुई व्यक्तित्व एकै व्यक्तिमा पाएको अनुभव भयो – देशमा व्याप्त धार्मिक विचलनप्रति पूर्ण सचेतनाका साथ कटिबद्ध योद्धा र सर्वत्र व्याप्त भ्रष्टाचार समूल नष्ट गर्न दृढताका साथ समर्पित सच्चा, इमानदार र कृतसङ्कल्पित व्यक्तित्व ।

म इतिहासको वास्तविक सत्यता जान्न चाहने इच्छुक मानिस अवश्य हुँ, तर अनुसन्धाता होइन । तसर्थ तथ्यातथ्यको ज्ञान छैन ममा । यसबारे

जङ्गमजीले मबाट के पाउनु र ! राजनीतिशास्त्रको विद्यार्थीका हैसियतले म मेरो राष्ट्रियताका आधारमा विश्वराजनीति नियाल्ने गर्दछु । राष्ट्र र राष्ट्रियतामा स्पष्ट, कञ्चन व्यक्ति मेरो प्रिय व्यक्ति बन्दछ । यिनै सन्दर्भमा मेरा लागि प्रिय व्यक्तिको नाउँ लिनुपर्दा म भरत जङ्गमलाई छुटाउन्नँ ।

राष्ट्र केवल ढुङ्गा, माटो र राजनीतिक सीमारेखामा आबद्ध भूमि मात्र होइन । यसमा त यसभित्र आश्रित प्राण र चैतन्ययुक्त जीवन्त मानिसको संवेदनशील ढुकढुकीले जीवन भरेको हुन्छ । ऐतिहासिक पुरुषहरूले राष्ट्रियताको सचेतनतालाई जीवन्त मानेरै राष्ट्रलाई आमाको स्थानमा स्थापित गरेका हुन् भन्ने मेरो मान्यता हो । निर्दिष्ट भूभागभित्र रहने सचेत व्यक्तिहरूले नै राष्ट्रियताको जगेर्ना गरेका हुन्छन् । युगयुगमा जन्म लिने राष्ट्रिय युगपुरुष नै राष्ट्रका प्राण हुन् । हामीसँग यिनै युगपुरुषहरूले निर्माण गरी हस्तान्तरण गरेको राष्ट्र हुन्छ र यसको संरक्षण गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्ने हाम्रो कर्तव्य बन्छ । यो बुझ्नु अत्यन्त जरुरी छ कि पुस्ता हस्तान्तरणमा विघ्नबाधारहित स्वच्छ समाजसहितको राष्ट्रियता बुझाउनुपर्छ । जसको नाम वर्तमान हो, यसमा हामी छौँ र हामी भोलि निर्माण गर्दैछौँ । भोलि निर्माण गर्दा निष्कलङ्क भावनासहितको भूमि तयार गर्नु एउटा सचेत नागरिकको कर्तव्य हो । अहिलेको हाम्रा लागिको चुनौती भन्नु नै स्वच्छ चैतन्ययुक्त व्यक्तित्व निर्माण गर्नु हो ।

अहिले राज्यसत्ताको दुरुपयोग गरी समाजमा व्याप्त अन्याय-अत्याचार र सत्ताधारीहरूको मनपरीतन्त्रबाट उब्जिएको भ्रष्टाचार राष्ट्रका लागि ठूलो रोग बनेको छ । यस्तै अवस्थालाई पूर्णरूपेण समाप्त गर्न लाग्ने प्राणवान् व्यक्तित्वको आवश्यकता छ । आजभन्दा झन्डै चार दशक अघिदेखि सूक्ष्म रूपमा देखिएको भ्रष्टाचारले विशाल विषवृक्षको आकार बनाएको छ । यस दुरवस्थाबाट राष्ट्रको उद्धार गर्न कटिबद्ध एक प्राणवान् व्यक्तिको नाउँ हो भरत जङ्गम । समाजमा भएका विकृति र विसङ्गति अनि यसलाई दुरुपयोग गर्ने व्यक्ति र बढ्दै गएको कुकर्मी समूहमा प्रहार गर्न हरबखत सजग र सचेत रहने गुण भएकैले 'कालो सूर्य' को उदयकालदेखि हालसम्म भएको विरोधमा निडरताका साथ स्वार्थरहित आवाज बुलन्द गर्नु जङ्गमको पटकथा हो ।

वित्तेषणा, कामेषणा र लोकेषणामध्ये जटिल लोकेषणालाई लोभ नराख्नु जङ्गमको थप विशेषता हो । 'बरू अरूहरूलाई नै यसको जस जाओस्, म त छँदैछु नि' भन्ने मानसिकताले उज्यालिएका जङ्गम आफूद्वारा अरूलाई प्रकाशित गर्दछन् ।

राष्ट्रलाई भ्रष्टाचाररहित बनाउनुपर्दछ, चाहे यसका लागि हामी सच्चा नागरिकले जुनसुकै पीडा भोग्नुपरोस्, तयार रहनुपर्दछ । यस विश्वासमा म जङ्गमको अनुयायी बन्न सक्तछु । यो अभियानलाई म मेरो अभियान भनी आत्मसात गर्न सक्तछु । यो मेरो पहिलो चाहनाको जङ्गम चरित्र हो । राष्ट्रप्रतिको सम्मान गुणगानले होइन, बरू यसमा ल्याइएका विकृतिहरू निर्मूल गर्नु हो । यसका लागि पूर्णरूपेण समर्पित व्यक्तित्व खास राष्ट्रवादी हो । यिनै राष्ट्रवादीका प्रतिरूप हुन् भरत जङ्गम ।

अब अर्को पाटो ।

मैले आलेखको प्रारम्भमै लेखेँ – जङ्गमजीसँगको मेरो भेटको थलो सनातन हिन्दूधर्मसम्बन्धी विशेष कार्यक्रम थियो । कार्यक्रमका वक्ता जङ्गमजीको उद्‌बोधनबाटै म प्रभावित भएको थिएँ । थाहा छैन जङ्गमजीले मप्रति बनाएको दृष्टिकोण केकस्तो थियो ! देशका झन्डै ९८ प्रतिशत जनताले नचाहेको धर्मनिरपेक्षताको संविधान बनाउन संसदले गरेको निर्णयमा तत्कालीन सत्तासीन गिरिजाप्रसाद कोइराला र जङ्गलमा रहेर बैङ्कदेखि जनताको सम्पत्तिसमेत लुटेर उनै गिरिजाको तुच्छ आकाङ्क्षाका पृष्ठपोषक बन्न तयार प्रचण्ड भनिने पुष्पकमल दाहालको प्रमुख हात भएको धर्मनिरपेक्षताका सन्दर्भमा रहेको विमति मेरो र जङ्गमजीको समान रह्‍यो । जनताको बिलकुलै मतलब नरहेको यो निर्णयमाथि न त जङ्गमजी, न म, न अन्ठान्नब्बे प्रतिशत जनता कसैको पनि समर्थन छैन, थिएन र हुँदैन पनि । तर सत्र हजारका लासमा जङ्गलबाट सहर हुँदै सत्तामा प्रवेश गरेकाहरू अनि सत्तालोलुपतामा र पदलोलुपताका तुच्छ आकाङ्क्षाका प्रतीकबीच भएको दिल्लीको बाह्रबुँदे सम्झौतावालाको वर्चस्व अकस्मात् हावी बनाइयो । अनि यसैको रक्तश्राव बन्यो नेपालको संविधान । यिनै विसङ्गतिप्रतिको प्रहारलाई जनताको आवाज बनाएर बुलन्द स्वरमा खुलेर चिच्याउने व्यक्तित्वको खोजमा थिएँ म । मैले यो व्यक्तित्वको खोजीमा प्राप्त गरेको प्राणवान् शक्ति पनि हुन् जङ्गम ।

विश्वनिर्माणकालको धार्मिक इतिहासले स्पष्ट पारेको सुयोग्य मार्ग वैदिक सनातन मार्ग हो । यसमा जङ्गमजीलाई पूर्ण विश्वास छ, जुन मेरो पनि विश्वासको शाश्वत सत्यसमानको समर्थित विश्वास हो । चाहे जुनसुकै सम्प्रदाय र समुदायमा विभक्त भएको ॐकार समूह वा सम्प्रदाय किन नहोस्, हाम्रो मान्यता यही वैदिक सनातन धर्मसँग आबद्ध छ ।

पश्चिमी समुदायका अर्थहीन धार्मिक व्याख्या जति गरे पनि अन्ततः हाम्रो पूर्वीय दर्शन नै धर्म र संस्कृतिको मूल हो भन्ने कुरा अहिले पश्चिमेली

विद्वान्हरूले स्वीकारेको अवस्थामा द्रव्यपिशाच, द्रव्यलोलुप यी दुई नेता भनिएका कुपात्रहरू राष्ट्रका ऐंजेरु हुन् भन्ने मेरो ठम्याइ छ । यसको भरपुर उदाहरण र उपमा मसँग मौजुद छन् । यो मेरो अन्तर्वेदनालाई छोएर मलम लगाउने क्षमता त त्यस्तै व्यक्तिसँग हुन्छ, जसले विश्वराजनीतिलाई अध्ययन गर्दै आफ्नो भूराजनीतिमा दलत राख्तछ । यी सद्‌गुण मैले जङ्गमजीमा पाएँ । तसर्थ मेरा ससाना कलमका टुक्रासरहका भावनाहरूलाई जङ्गमको चुम्बकले तान्यो । म आकर्षित भएँ, तानिएँ, जोडिएँ । मलाई तसर्थ जङ्गम मन पऱ्यो ।

म गायत्री परिवारसँग आबद्ध छु । मेरो अन्तर्हृदयले स्थापना गरेको धर्म भन्नु अनुशासन हो – सामाजिक अनुशासन, विवेकयुक्त अनुशासन, चेतनायुक्त अनुशासन, आत्मबोधयुक्त अनुशासन । यिनै अनुशासनलाई शाश्वत सत्य मान्दै वैदिक अनुशासनभित्रको सनातनी भएको नाताले हुन सक्छ या जङ्गमजीको उच्च सोचले नियालेको पात्र भएर हुन सक्छ, मप्रति जङ्गमजीले खै कहाँ, कसरी र किन स्नेह दिनुभएको छ, यो उहाँकै पाटो हो । समाजमा द्वन्द्वविहीन सहिष्णुतामा उभिएको हाम्रो हिन्दूराष्ट्र पातकीहरूलाई घाँडो बन्यो र यसलाई पैसामा बेचे । यो नीच स्वार्थको घृणित नरपशुले आफ्नै आमालाई वेश्यालयमा बेच्न गाह्रो हुँदैन । यसप्रति सबै सचेत नागरिक चनाखो हुनैपर्छ । तसर्थ मैले हाम्रा परम्पराका आस्थालाई आफ्नो जीवन्तताको पहिलो आधार मानेको छु ।

सम्भवतः जङ्गमजीलाई मेरो यही दृढतालाई माया गर्ने भावना उदायो । जब-जब विशेष धार्मिक कार्यक्रम बन्थ्यो, मलाई बोलाउनुहुन्थ्यो । म पनि यसमा लालायित छु । २०७२ साल वैशाख ९ गते मेरो संस्थाको मूल केन्द्र शान्तिकुञ्ज हरिद्वारबाट संस्थाका सङ्गठन प्रमुख कालीचरणजी नेपालको आप्रवासमा हुनुहुन्थ्यो । धर्म र विज्ञानका विषयमा धुरन्धर व्याख्याकर्ता, अध्येता भएका कारण कालीचरणजीले केदारनाथको शिरको परिचर्चा मसँग गर्नुभयो । यसै सन्दर्भमा मैले जङ्गमजीलाई फोन गरेँ । जङ्गमजी पुलकित हुँदै हामीलाई स्वागतार्थ तयार भएको बताउनुभयो । धर्म र विज्ञानको चर्चा-परिचर्चामा डोलेश्वरमा भएको दुई घन्टाको बसाइ अझै मेरो मानसपटलमा शिष्ट चित्रका रूपमा स्थापित छ । तीन दिनको प्रवास समाप्त गरी कालीचरणजी फर्कनुभयो । जाँदै गर्दा विमानस्थलमा बिदाइकै समयमा कालीचरणजीले वर्तमानमा नेपालमा भएको धर्मनिरपेक्षतालाई सङ्केत गर्दै 'विपद आनेवाला है' भन्नुभएको र त्यसैको भोलिपल्ट महाभूकम्प आउनुको के-कस्तो सान्निध्य छ, यसबारे म केही भन्न सक्तिनँ । तर यो कुरा जङ्गमजीको आतिथ्यमा भएको डोलेश्वरको कार्यक्रमको उपज थियो । म बिस्तारै-बिस्तारै जङ्गमजीसँग नजिकिन लालायित भएँ ।

२०७२ साल भदौको कुरा हो, दक्षिण गोदावरीको । शिखरापुर गाउँको सानो गहिरो खोलाको कलकल बगेको स्वच्छ जल प्रवाहित किनारमा शिखरेश्वर महादेवको स्थापना र प्राणप्रतिष्ठाको योजना रहेछ जङ्गमजीको निर्देशनमा । मलाई एक दिनअघि फोन गरेर त्यहाँ जानका लागि समय निर्धारण गर्नुभयो । म घरमा तयार भएर बसेँ । भ्रष्टाचारविरोधी अभियानको मोटरले दक्षिणकाली जाने बाटोको झन्डै ५ किलोमिटर वरबाट कच्चा बाटो समात्यो र २० मिनेट गुडेपछि झन्डै १००-१५० जति समुदायको भीडमा पुऱ्यायो । खटसहित जम्मा भएका जनसमुदायले म, भारतबाट आएका स्वामी डा. विश्वासानन्द र जङ्गमजीको भव्य स्वागत गरेर शिखरेश्वर शिवलिङ्गलाई रथारोहण गरायो । बाजागाजाका साथ दक्षिण गोदावरी किनारमा स्थापना गरेपछि मैले प्राणप्रतिष्ठा गर्ने सुअवसर पाएँ । यसरी ममाथि जङ्गमजीले गरेको विश्वास नै मैले मेरो ममाथिको अनुकम्पा मानेको छु । सम्भवतः जङ्गमजीको अध्यात्म-चिन्तनका हिमायतीहरूलाई आफ्नो बनाउने गुण छ ।

राजनीतिक केही उद्वेलन र आध्यात्मिक चिन्तनका चिन्तकबाहेक इतिहासका अध्येता-अनुसन्धाताका बारेमा समाजले जङ्गमजीलाई खोज्दा अनर्थ हुने छैन भन्ने मेरो दृढ विश्वास हो । भ्रष्टाचाररहित सदाचारयुक्त समाज नै जङ्गमजीको चाहना हो । यही दृढताले जङ्गमजीलाई युगान्तकारी जीवन प्रदान गर्दछ भन्ने मेरो मान्यता हो । यो जङ्गमजीभित्रको पूर्ण कथामध्येको एउटा छोटो कथा हो, कथाभित्रको कथा ।

●



२००५ पुस ३ गते गोरखामा जन्मनुभएका केशव मरहट्टा हाल ललितपुरमा बस्नुहुन्छ । उहाँका पुस्तक 'डोमा (उपन्यास)' र 'नेपाली काङ्ग्रेस : हिजो, आज र भोलि (राजनीतिक समीक्षा)' हुन् । एमए (राजनीतिशास्त्र) सम्मको अध्ययन गर्नुभएका उहाँ अखिल विश्वगायत्री परिवार, गायत्री चेतनाकेन्द्र नेपाल, शेषमुक्त अध्ययन प्रतिष्ठान, शम्भु स्मृति प्रतिष्ठान, लायन्स क्लब अन्तर्राष्ट्रिय, नेपाल रेडक्रस सोसाइटी आदि धार्मिक तथा सामाजिक संस्थामा संलग्न हुनुहुन्छ ।

# पशुपतिका प्रिय भक्त
## – गणेश गुरु

श्रीको दर्शनका लागि पशुपतिनाथमा आउने लाखौँ भक्तजनमध्ये एक प्रिय भक्त हुन् भरत जङ्गम ।

आराध्यदेव पशुपतिनाथको मन्दिरमा दर्शन गर्नका लागि आउने विभिन्न प्रकारका भक्त हुन्छन् । कोही भक्त बिहान चार बजे मन्दिर खुल्नेबित्तिकै ६ बजेसम्म आउने, दर्शन र भजनमा सहभागी हुने गर्दछन् । कोही भक्तजन मन्दिरका चारै ढोका खुल्ने समय नौ बजेदेखि ११:३० बजेको समयमा भगवान्को नित्य अभिषेकहरूको दर्शन र कामनासहितको पूजा गर्न आउने हुन्छन् । केही भक्तजन दर्शनका लागि मात्र आउने नियम छ ।

बिहानदेखि दिउँसो २ बजेसम्म खुल्ने मन्दिरमा भक्तजन आफ्नो अनुकूल समयमा आउने गर्छन् । सबैलाई छुट छ । साँझ आरती दर्शनका लागि भक्तजन पछिल्लो समय बढी आउने गरेका छन् ।

भरत जङ्गम दुई दशकसम्म नियमित बिहान दर्शन गर्ने भक्तजन थिए । पछिल्लो केही वर्षदेखि उनी आफ्नो अनुकूल समयमा दर्शन गर्न आउने भक्तजनको कोटिमा पर्दछन् । हँसिलो मुहार, सबैलाई नमस्कार भन्दै मन्दिर प्रवेश गर्ने जङ्गमलाई मैले देखेको दुई दशक भयो । म पशुपतिनाथको अर्चक भएदेखि नै देखिरहने पात्र हुन् उनी । पछिल्लो समय श्री पशुपतिनाथको प्रधान अर्चकको जिम्मेवारी सम्हालेपछि जङ्गम र मेरो सम्बन्ध पनि अलि बाक्लो भयो ।

पशुपतिनाथ, धर्म-संस्कृति र परम्पराको संरक्षणमा लागिरहने जङ्गम कानुन व्यवसायी र सनातन संस्कृति र न्यायका लागि लड्ने व्यक्ति हुन् । पशुपतिनाथका बारे कुनै विवाद हुँदा उनी न्यायका कुरा गर्ने र अदालतसम्म पुगेर न्यायको पक्षमा लड्ने गरेकाले पशुपतिनाथमा सबै भण्डारी, ब्राह्मण र हामीहरूका परिचित पात्र हुन् उनी । भरत जङ्गमलाई जहिले भेटेको छु, उनको निधारमा पशुपतिनाथको अर्पण गरिएको चन्दनको टीका लगाएको देख्ता सच्चा भक्त हुन् भन्ने लाग्छ ।

एक दिनको कुरा हो, जङ्गमको जीवनी, व्यक्तित्व र कृतित्वका बारे निकै ठूलो पुस्तक प्रकाशित गर्ने तयारी भएपछि मलाई पनि सम्झेर मेरा

तर्फबाट पनि उहाँ बारे केही कुरा लेख्नुपर्ने भयो भन्ने अनुरोध आएपछि पशुपतिनाथको प्रसादका रूपमा केही कुरा लेखौँ भनेर लागेको पहिलो कुरा याद आयो ।

उनी पशुपतिनाथका प्रिय भक्त हुन् । त्यसैले मेरो कुरा पनि यहीँबाट सुरु भयो ।

पछिल्लो केही वर्षयता उमेर पाको भएर पनि होला, भरत सातामा एक दिन वा पूर्णिमा, पर्वको अवसरमा पशुपतिनाथ आउँदा पशुपतिनाको दर्शन गरी मैले पूजा गर्ने श्रीको गर्भगृहको दक्षिण ढोकामा आइपुगेर अनुहार मात्र देखाउँदैनन्, श्रद्धापूर्वक 'जय पशुपतिनाथ' भन्छन् । नजिकै रहेका अन्य भक्तजन, भण्डारी, ब्राह्मण र प्रहरीले समेत भरतलाई सहयोग गर्दै दर्शनको व्यवस्था मिलाइदिन्छन् । मन्दिरमा आउँदा कसैलाई पनि दुःख नहोस् भन्दै मन्दिर दर्शन गर्ने भरतको बानी भक्त र भगवान्को प्रेम भएको जस्तो लाग्छ । हरेकपटक भरत मन्दिरमा आउँदा प्रसाद र माला दिएपछि उनको अनुहारको 'मुस्कान' देख्ता मलाई पनि 'प्रिय भक्त' आएको भन्ने लाग्छ ।

हामी सबै भगवान् श्रीका भक्त हौँ । हामीले हरेक दिन नित्य पूजामा गर्ने भनेको पनि भगवान्को सेवा हो । भक्त र भगवान्का बीचको सम्बन्ध जोड्ने काममा हामी अर्चकहरूको केही भूमिका अवश्य छ । भरत नाम पनि सरल छ । भक्तिभाव, बोलीमा मीठो र स्पष्ट बोल्ने वक्ता जस्तो लाग्छ । उनी पशुपतिनाथ मन्दिर, त्यसमा हुने परम्पराका बारेमा वकालत गर्ने आध्यात्मिक वकिल हुन् । राम्रो कुरालाई ठीक छ, गलत काम गर्नेलाई खबरदार गरी यो भरत जङ्गमले न्यायको पक्षमा लड्छ भन्ने भन्दै पशुपतिमा सेवा गर्ने भण्डारी र ब्राह्मणका परिचित अनुहार हुन् उनी । यसभन्दा अघि पशुपतिनाथमा मूलतः केही परम्पराविरोधी काम हुँदा जङ्गमले अदालतको ढोकामा निवेदन लिएर गए । सत्यको विजय हुन्छ भनेजस्तै परम्पराअनुसारका नै काम हुनुपर्ने भन्ने निर्णय दिलाए उनले ।

हामी त भक्त र भगवान्बीचको सम्बन्धको सेतु भएर सेवा गर्ने अर्चक हौँ । हाम्रो आफ्नो जिम्मेवारी, दायित्व, नियमअनुसार हामीले आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्छ । मन्दिरमा आउने सबै भक्तहरू श्रीको आश्रयमा आउने सबैको भलाइको कामना गर्छौं । कैयौँ भक्तजन कामना र समस्या लिएर आउँछन् । भरत जङ्गमले जहिले भेट्ता र दर्शन गर्न आउँदा देशमा शान्ति, सद्भाव र सनातन धर्म-संस्कृतिका लागि श्री पशुपतिनाथसँग प्रार्थना गर्दछु भनेर अनुरोध गर्दछन् ।

उनले लेखेको 'धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका' पुस्तिका पढ्दै थिएँ, उनले पशुपतिनाथका बारेमा लेखेका रहेछन् । पढ्दै गएँ, सरल र मीठो भाषामा यसरी लेखेका रहेछन् – 'आराध्यदेव श्री पशुपतिनाथलाई राष्ट्रदेव भन्ने गरिन्छ । अर्थात् नेपाल राष्ट्रका पालकका रूपमा स्थापित नेपाली मात्रका अभिभावक देवता हुन् । जो हामी यस भूभागमा जन्म लिएका छौँ, उनका हामी सन्तान हौँ । हाम्रो पालनपोषण उनै राष्ट्रदेव नैं गर्छन् भन्ने मेरो दृढ विश्वास छ ।'

राष्ट्रदेव, सनातनी मात्रका अभिभावक देवता पशुपतिनाथका सन्तान र पालनपोषण गर्ने यस्तो आस्था भएका भक्तको दृढ विश्वास पढ्दा कति खुसी भएँ, त्यसको कुनै शब्द नै छैन । उनले सोही पुस्तकमा अगाडि लेखेका छन्, – 'बाल्यकालदेखि नै पशुपतिनाथको लिङ्गको दर्शन पाएको म सात दशक पार गरिसकेँ । सबै समय सबै दर्शनका क्षण ममित्र एउटा आनन्दको अनुभूति हुन्छन् । त्यही प्राप्तिका लागि मन त्यसतर्फ खिचिएको हुन्छ । साँझ, सबेर र दिन समयको कुनै निश्चित हुँदैन, श्रीको दर्शन अभिलाषा मेटिँदैन । श्रीबाट मैले सबैथोक पाएको छु, त्यसैले म धन्य छु ।'

त्यसैले मात्र मैले श्रीका प्रिय भक्त भनेको होइन, उनले लेखेका हरेक शब्दहरूमा कर्म, ज्ञान र भक्तिधारा रहेको छ ।

पशुपतिनाथको दर्शन गर्न आउने कैयौँ भक्तजनका अनेक मागहरू हुन्छन् । छोराछोरी भएनन्, छोराछोरीले राम्रो पढेनन्, विवाह भएन, घरमा परिवारका सदस्य बिरामी भइरहे, कैयौँ प्रयास गर्दा पनि धन आर्जन भएन, लौन गुरुजी भगवान्सँग प्रार्थना गर्नुपऱ्यो भनेर अनेक समस्या लिएर आउने भक्तजन छन् । आजसम्म मैले श्रीको दर्शनबाट सबैथोक पाएको छु भन्ने भक्तजन सयको सङ्ख्यामा पनि भेटेको छैन ।

तर भरत जङ्गमले आफ्नो पुस्तकमार्फत नै श्रीबाट मैले सबैथोक पाएको छु, त्यसैले म धन्य छु भन्ने लेख्नु भनेको यो श्रीको सच्चा भक्तका सबै मनोकामना पूरा भएका भक्त हुन् ।

पुस्तकमा अगाडि लेखिएको छ, 'श्री पशुपतिनाथको नित्य दर्शनार्थी समूहको म एक सदस्य हुँ । वि. सं. २०४२ सालदेखि अर्थात् करिब २३ वर्षदेखि बिहान ४ बजे पशुपतिनाथ प्राङ्गणमा पुग्ने र पश्चिम ढोका खुलेपछि दर्शन गर्ने गरियो । यो कार्य वि. सं. २०६५ साल पुससम्म कायम रह्यो । अनेक बाधा-व्यवधानका कारण नित्य दर्शन रोकिए पनि प्रत्येक सोमबार भने आजसम्म पनि श्रीको दर्शन गर्दै आएको छु ।

२०६५ साल श्रावण महिनाको पहिलो हप्ताको एक दिन मन्दिरको प्रवेशको पहिलो ढोकामा मध्य भागमा बसेर मन्दिरको गजुरलाई आँखाको केन्द्र बनाई ओम्को उच्चारण गर्दै गर्दा अनायास श्रीबाट आज्ञा भयो, 'विपत पर्दैछ, तिमी सतर्क रहनू ।' म झस्किएँ र ॐ को उच्चारण बन्द गर्दै जिज्ञासा राखें, 'के विपत प्रभु ?'

तुरुन्त जवाफ पाएँ, 'धर्म-संस्कृति र परम्परा टुटने अवस्था सृजना हुन सक्छ । चनाखो भएर हेर्दै जाऊ ।'

प्रभुको आज्ञा पालन गर्ने निर्णय गर्दै मन्दिर परिक्रमा गरेँ र पश्चिमतर्फको ढोकाबाट श्रीको दर्शन गरेँ । तर्कविहीन मस्तिष्कले श्रीको आज्ञालाई शिरोधार्य गर्दै घर फर्किएँ ।'

●

गणेश गुरु पशुपतिनाथका अर्चक मूल भट्ट हुनुहुन्छ ।

# भ्रष्टाचारविरोधी नेता
## – गणेश ठकुराठी

भरत जङ्गमको नाउँ पहिलेदखि नै सुनको हुँ । म पनि भष्टाचारविरुद्धमा धरै समयदेखि आफ्नो जिल्लामा क्रियाशील व्यक्ति थिएँ । २०६८ साल माघ महिनाको कुरा हो । भ्रष्टाचारविरोधी अभियानको सिलसिलामा भरत जङ्गम बैतडीको पाटनमा आइपुग्नुभयो भन्ने सुनें । बैतडीको सदरमुकाम बैतडी गढीमा कहिले आइपुग्नुहोला भन्नेमा प्रतीक्षारत थिएँ । तीन दिनपछि मात्र मेरो प्रतीक्षा पूरा भयो ।

एउटा टाटा मोबाइल पिकअप गाडीमा 'भ्रष्टाचारविरुद्धको अभियान' माथि टाउकोमा लेखेको र त्यसमुनि 'भेटघाट कार्यक्रम' लेखिएको गाडीमा भरत जङ्गमसित अन्य पाँचजना आउनुभएको रहेछ । हामी केही साथीहरू बसपार्कमा उहाँहरूलाई कुरेर बसेका थियौं । करिव २ बजे उहाँहरू पुग्नेबित्तिकै हामीले उहाँहरूलाई फूलमालाले स्वागत गऱ्यौं । हामीले सोचेका थियौं आज आराम गर्नुहुन्छ र भोलिदेखि मात्र कार्यक्रम गर्नुहुन्छ भन्ने । तर उहाँहरू बसपार्कको एक कुनामा मोटर रोकेर त्यही मोटरको पछाडिको स्थानमा मञ्च तयार गर्न थाल्नुभयो । हेर्दाहेर्दै दस मिनेटभित्र मोटरको पछिल्लो भाग भाषण गर्ने मञ्चमा परिवर्तन भयो । माइक फिट भयो र वक्ता माथि गएर भ्रष्टाचारविरोधी कार्यक्रम सञ्चालन गर्न उद्घोष गर्नुभयो । पार्कमा स्पिकरको आवाज सुन्नेबित्तिकै दस-बीस मिनेटमै करिब २०० मान्छेहरूको तुरुन्त जमघट भयो ।

हामीले बोल्ने विषयमा केही सल्लाह गर्न पाएका थिएनौं । विषय बुझेपछि स्नेह र विश्वास बढ्दै गयो । सुरुका तीन वक्ताले बोलेपछि एकजना स्थानीयले बोल्नुभयो । उहाँहरूले ती अपरिचित स्थानीय व्यक्तिलाई आफ्नो मञ्च प्रयोग गर्न दिनुभयो । वक्ताले काठमाडौ सँगसँगै आएजस्तो गरी बोल्न थालेपछि हामी दुवैथरिमा विश्वासको वातावरण पैदा भयो । त्यहाँको समूहले बोल्ने बोली, भरत जङ्गमको अभियान र बैतडीका जनताको आवाज एकै थियो । अन्तमा भरत जङ्गमले बोल्नुभयो । सुदूरपश्चिम उपेक्षित भएको कारणले भ्रष्टाचारविरोधी अभियान सुदूरपश्चिमबाट सुरु गरी मेची पुग्ने कार्यक्रम रहेको कुरा बताउनुभयो । उहाँले २०६८ पौषमा महेन्द्रनगरको छेउमा रहेको महाकाली नदीको जलघडा लिएर सबै जिल्लामा जलसेचन गर्दै

मेची पुग्ने कुरा बताउँदा यो यात्रामा धार्मिक आस्थाका साथै नेपालीहरूको भाषामा एकरूपता ल्याउन खोजेको भान भयो । मैले तुरुन्त भरत जङ्गमलाई भनेँ 'म पनि तपाईंहरूसँग सहभागी भएर देशका सबै जिल्लाको भ्रमण गर्छु' भनेर । उहाँले तुरुन्त उत्तर दिनुभयो, 'तपाई आफ्नै जिल्लामा बसेर हाम्रो प्रतिनिधिका रूपमा काम गर्नुहोस् ।' सुनेर म खुसी भएँ ।

भोलिपल्टदेखि कार्यक्रम मिलाउने काम गरेँ । समिति गठन गर्दा मलाई अध्यक्ष र उपाध्यक्षमा धनीराम लोहरलाई राख्नुभयो । सचिवमा मानबहादुर चन्द, सदस्यहरूमा पुष्प जोशी, अनुसिंह भण्डारी र सल्लाहकारमा प्रताप ठगुन्ना बस्नुभयो । यी सबै कार्यमा गोरखापत्रका स्थानीय सम्वाददाता गोकर्ण दयाल र पत्रकार केशरसिंह कार्कीले साथ दिनुभयो । भ्रष्टाचारविरुद्धको समिति बैतडीले त्यसै समयदेखि सक्रिय रूपमा काम गर्न थाल्यो । दशरथ चन्द नगरपालिकाका अधिकृत भ्रष्टाचारी भएकाले उनलाई हटाउन सफल भयौँ । चन्द्रनारायण साह नाउँका ओभरसियरले सिँचाईको काममा ८ लाख हिनामिना गरको कार्यमा उक्त रकम कार्यालयलाई नै फिर्ता गरायौँ ।

प्रत्येक वर्ष अन्तर्राष्ट्रिय भ्रष्टाचार दिवसकै दिन जिल्ला सदरमुकामका सबै कार्यालयप्रमुखलाई जिल्ला विकास समितिको भवनमा जुटाई भ्रष्टाचार दिवस मनाउने गरेका छौँ । त्यस समारोहमा काठमाडौँमा रहनुहुने हाम्रा मूल नेता भरत जङ्गमबाट सभालाई टेलिफोनमार्फत शुभकामना दिने गरिएको छ । दस वर्षको अवधिमा हामीले भ्रष्टाचार नियन्त्रण सम्बन्धमा धेरै काम गर्न सफल भयौँ । त्यसको सम्पूर्ण श्रेय हाम्रा नेता भरत जङ्गममा जान्छ । हामी केवल उहाँको निर्देशनमा चल्ने कार्यकर्ता मात्र हौँ ।

उहाँको हीरक महोत्सवका अवसरमा दुई शब्द लेख्ने अवसर दिनुभएकोमा भरत जङ्गम हीरक महोत्सव समारोह समितिलाई हार्दिक धन्यवाद दिँदै हाम्रो हृदयमा रहनुभएका नेता भरत जङ्गमको दीर्घायुका लागि भगवान्सँग प्रार्थना गर्दछु ।

●



गणेश ठकुराठी भ्रष्टाचारविरोधी अभियान समिति बैतडीका अध्यक्ष हुनुहुन्छ ।

# भरतमणि जङ्गमको सङ्क्षिप्त परिचय
## – गीता मञ्जुश्री

भरतमणि जङ्गम वा भरत जङ्गम राष्ट्रिय समाजमा सुपरिचित नाम हो । उहाँलाई विभिन्न समय तथा क्षेत्रमा भिन्नाभिन्नै किसिमले चिन्ने गरिएको छ । उहाँ राष्ट्रवादी चिन्तक, पत्रकार, लेखक, साहित्यकार, समाजसेवी, इतिहास तथा संस्कृतिविद्, कानुन तथा सम्विधानविद् र भ्रष्टाचारविरोधी अभियन्ताका साथै भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तकका रूपमा परिचित हुनुहुन्छ । काठमाडौँ उपत्यकाको प्राचीन नगर भक्तपुरस्थित टौमढी टोलमा २००४ साल मङ्सिर १० गते (सन् १९४७) जन्मनुभएका उहाँ काठमाडौँको बानेश्वरमा बस्नुहुन्छ । उहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त व्यक्ति हुनुहुन्छ । त्यसैले उहाँलाई जान्नका लागि विश्वप्रसिद्ध Wikipedia मा https://en.wikipedia.org/wiki/Bharat Jangam हेरेर जान्न सकिन्छ । अर्को विश्वप्रसिद्ध Search Engine Google मा Bharat Jangam टाइप गरेर पनि उहाँका बारेमा अध्ययन गर्न सकिन्छ । यसका अतिरिक्त निम्नलिखित website हरूबाट पनि उहाँका र उहाँले गरेका कार्यका बारेमा जानकारी लिन सकिन्छ – www.jangam.com.np, www.anticorruption.org.np, www.jangamacademy.org, www.doleshwor.org.np, www.anticorruptology.wordpress.com । उहाँले नेपाल र नेपाली समाजका लागि गर्नुभएको अथक मिहिनेत र परिश्रमका कारणले निम्नलिखित उपलब्धि हासिल गर्नुभएको छ –

**वरिष्ठ पत्रकार :**

२०२७ साल (सन् १९७०) देखि पत्रकारिता क्षेत्रमा प्रवेश गर्नुभएका भरतमणि जङ्गमको कलम हालसम्म (५० वर्ष) रोकिएको छैन । यसबीच उहाँले विभिन्न पत्रिका, जस्तै : गोरखापत्र, कान्तिपुर, समाचारपत्र, हिमालय टाइम्स, लोकपत्र र राजधानीजस्ता दैनिक पत्रिकामा लेख र टिप्पणी लेख्नुका साथै 'नेपाली आवाज साप्ताहिक' को सम्पादक तथा प्रकाशकका रूपमा काम गरेर पत्रकारिता क्षेत्रमा वरिष्ठ स्थान ओगट्न समर्थ हुनुभएको छ ।

**वरिष्ठ साहित्यकार :**

२०३६ साल (सन् १९७९) मा 'कालो सूर्य' नामक उपन्यास लेखेर साहित्य क्षेत्रमा प्रवेश गर्नुभएका भरतमणि जङ्गम छोटो अवधिमा नै

विश्वविख्यात हुनुभयो । वर्तमान अवस्थासम्म 'कालो सूर्य' उपन्यास विश्वका अन्य भाषा, जस्तै : अङ्ग्रेजी, हिन्दी, उर्दू, कन्नड, असमी, बङ्गाली, जापानी, चिनी, रुसी, मैथिली, भोजपुरी, डोट्याल, नेवारी तथा संस्कृत भाषामा अनुवाद भएको छ । 'व्यूहचक्र र 'रातो घाम' पनि अन्य भाषामा अनुवाद भएका छन् । उहाँका 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' र 'ख्वपदेश' चार उपन्यास छन् भने 'निर्बन्ध बन्धन' कथासङ्ग्रहका अतिरिक्त 'छचल्किएका लहरहरू' (कवितासङ्ग्रह) र 'उर्लिएका रहरहरू' (गीतसङ्ग्रह) पनि प्रकाशित छन् । यसै गरी 'पचास प्रसङ्ग' र 'भ्रष्टाचार : वैचारिक आन्दोलन' नामक दुई प्रबन्धसङ्ग्रह र 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' नामक पुस्तक पनि प्रकाशित छन् । नेपाली साहित्यलाई विश्वसाहित्यमा परिचय गराउने कार्यले गर्दा नेपाली साहित्य क्षेत्रमा उहाँको नाम अग्रपङ्क्तिमा रहेको छ । त्यसैले उहाँ वरिष्ठ साहित्यकारका रूपमा परिचित हुनुहुन्छ ।

**समाजसेवी :**

२०२७ साल (सन् १९७०) देखि समाजसेवामा संलग्न हुनुभएका भरतमणि जङ्गमले 'जङ्गम छात्रवृत्ति' स्थापना गरेर सयौँ अनाथ तथा जेहन्दार विद्यार्थीहरूलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्नुभयो । २०६५ सालमा पशुपतिनाथको पूजा-अर्चनामा भएको सरकारी हस्तक्षेपका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरी परम्परादेखि चलिआएको रीतिस्थिति र संस्कृति कायम गर्नुभयो, सरकारले पशुपतिनाथको मन्दिरभित्र रहेको मूल ढुकुटी खोल्न खोजेको कार्य बन्द गराउनुभयो, साथै पशुपति क्षेत्रस्थित मृगस्थलीमा क्रिस्चियनहरूको चिहान बनाउनबाट रोकी प्राकृतिक सम्पदा (हरियो जङ्गल) को रक्षा गर्नुभयो । काठमाडौँ उपत्यका तथा उपत्यकाबाहिर रहेका मठ-मन्दिर, पाटी-पौवा, धर्मशालाहरूको संरक्षण गर्दै नयाँ मठ-मन्दिरको समेत भरतमणि जङ्गमद्वारा नवनिर्माण भएका छन् ।

**कानुन तथा संविधानविद् :**

भरतमणि जङ्गम २०५५ साल (सन् १९९८) देखि सर्वोच्च अदालतमा सार्वजनिक सरोकारका मुद्दा दायर गरेर विभिन्न समयमा विभिन्न निर्णय गराउन समर्थ हुनुभयो । तीमध्ये निम्नलिखित मुद्दाहरू महत्त्वपूर्ण र उल्लेखनीय छन् –

१. २०५२ सालमा भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने गरी ऐन बनाई पेन्सन खाने कार्यलाई २०५७ साल (सन् २००१) मा बन्द गराएको ।

२. २०५८ (सन् २००२) सालमा संसदीय निर्वाचन विकास कोषलाई सर्वोच्च अदालतबाट खारेज गराएको । तर पछि ऐन नै नबनाई २०६५ सालदेखि गैह्रकानुनी तरिकाले सांसदहरूले विकास कोषको रकम खर्च गरिरहेका ।

३. सरकारी पदाधिकारीहरूले दोहोरो सुविधा लिन नहुने भनी सर्वोच्च अदालतबाट २०५८ (सन् २००२) सालमा आदेश गराउन सफल भएको ।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुनरावेदन दिने अधिकार कटौती भएकोमा पुनरावेदन दिने अधिकार पुनर्स्थापना गराएको ।

५. भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र गृहमन्त्रीले विशेष सुविधा पाउने गरी तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ल्याएको अध्यादेश २०६९ सालमा खारेज गराई प्रतिवर्ष रु. ५० करोड राजश्व खर्च हुने कार्य रोक्न सकेको ।

६. पहिलो संविधान सभाले गैह्रसंवैधानिक तरिकाले म्याद थप्तै आफ्नो कार्यकाल बढाएकोमा २०६९ साल जेठ १४ गतेसम्ममा संविधान जारी गर्नुपर्ने अनिवार्य अवस्था सिर्जना भएपछि सोही दिन प्रथम संविधान सभा विघटन भएको ।

यी सबै मुद्दाहरूको रिट-निवेदक भरतमणि जङ्गम हुनुभएकाले यी मुद्दाहरूका कारणले सर्वसञ्चित कोषबाट खर्च हुनुपर्ने रकममा प्रतिवर्ष करिब २ अर्ब रुपियाँ बचत हुन पुगेको छ ।

**मन्दिरका संरक्षक :**

श्री डोलेश्वर महादेव (केदारनाथको शिर भाग) मन्दिरका विशेष संरक्षक, श्री पशुपतिनाथ सेवक सङ्घका मुख्य सल्लाहकार, अनन्तलिङ्गेश्वर महादेव मन्दिरका प्रमुख संरक्षक, शिखरेश्वर महादेव फर्पिङका प्रमुख संरक्षक, वागेश्वरी सरस्वतीस्थानका मुख्य संरक्षक हुनुभएका भरतमणि जङ्गमका अनेकौं कार्यबाट श्री पशुपतिनाथ मन्दिर लगायत अन्य देवीदेवताका मन्दिरहरूमा शङ्ख-घण्ट बज्न रोकिने अवस्थाबाट पुनर्जीवन प्राप्त भएको छ । उहाँकै कारणले शब्दयात्रा प्रकाशनबाट बनेपामा शब्दयात्रा शारदा मन्दिरको निर्माण भएको छ ।

**नागरिक अभिनन्दन :**

भरतमणि जङ्गमका अन्तर्वार्ताहरूको सङ्ग्रहका रूपमा हरि मञ्जुश्रीको सम्पादनमा 'भरत जङ्गम : विचार र दृष्टिकोण' प्रकाशित भएको छ । २०६३

सालमा 'भरत जङ्गम मोती महोत्सव समारोह समिति' ले हरि मञ्जुश्रीकै सम्पादनमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थ प्रकाशन गरी उहाँलाई नागरिक अभिनन्दनसमेत गरेको थियो । त्यसै गरी २०६४ सालमा उहाँलाई नायक बनाएर पं. याज्ञवल्क्यले रचना गरेको 'भरतेन्दु' नामक महाकाव्यद्वारा सम्मान गरिएको थियो ।

भरतमणि जङ्गमको लोकप्रिय टीभी कार्यक्रम 'कालो सूर्य' का विभिन्न episode लाई Youtube को Link https://www.youtube.com/user/agnipu/videos मा हेर्न सकिन्छ । उहाँको यस कार्यक्रमलाई सरकारी सङ्घ-संस्था र अन्य सम्बन्धित निकायले हार्दिकताका साथ स्वीकार गरेका छन् ।

२०२७ (सन् १९७०) सालदेखि भ्रष्टाचारविरुद्धको अभियानमा समर्पित हुनुभएका भरतमणि जङ्गमले २०७३ (सन् २०१६) सालमा विश्वप्राज्ञिक समाजलाई भ्रष्टविरोधी शास्त्र (Anticorruptology) नेपालका तर्फबाट उपहार दिन समर्थ हुनुभएको छ । Anticorruptology भनेको A Science of Anticorruption हो । विश्वको प्राज्ञिक क्षेत्रमा Anticorruptology को पहिलो प्रवेश यही नै हो । अब भ्रष्टाचारविरुद्धको विषयमा पनि विश्वविद्यालयहरूमा अध्ययन-अध्यापन हुने भएको छ र त्रिभुवन विश्वविद्यालयबाट यसको प्रारम्भ भइसकेको छ । यो नयाँ विधाको चिनारी भरतमणि जङ्गमबाट भएको हुँदा उहाँ भ्रष्टाचारविरोधी विज्ञानका पिता अर्थात् A father of Anticorruption Science को उपाधि प्राप्त गर्न सफल हुनुभएको छ । यसमा हामी सवै नेपालीले गर्व गर्नुपर्छ ।

●



गीता मञ्जुश्री मकवानपुरमा जन्मिई हाल काभ्रेपलान्चोकमा बसोवास गर्ने लेखिका हुनुहुन्छ । उहाँले केही पुस्तकको लेखन तथा सम्पादन गर्नुभएको छ ।

# सहयोगी व्यक्तित्व
## – गोपाल श्रेष्ठ

२०७२ साल वैशाख १२ तथा २९ गतेको भूकम्पपछि काठमाडौँका तहसनहस भएका सांस्कृतिक, धार्मिक एवं पुरातात्त्विक महत्त्वका भवनहरू मर्मत, सम्भार र पुनर्निर्माण गर्ने लगायत त्यस्तै अन्य दैवी एवं प्राकृतिक प्रकोप आएमा सुरक्षित रहने उपायसमेत विषय समेटेर २०७२ साल चैतको दोस्रो सातातिर त्रिपुरेश्वर टोल सुधार तथा विकास समितिले एउटा गोष्ठी आयोजना गरेको थियो ।

त्रिपुरेश्वर टोल सुधार तथा विकास समितिका तत्कालीन अध्यक्ष कुवेरबहादुर राउत क्षत्रीको सभापतित्वमा सञ्चालित उक्त गोष्ठीमा प्रमुख अतिथि शताब्दी वाङ्मयपुरुष श्रद्धेय सत्यमोहन जोशी हुनुहुन्थ्यो भने विशेष अतिथिका रूपमा आदरणीय भरत जङ्गम लगायत अन्य विद्वान् व्यक्तित्वहरू हुनुहुन्थ्यो । उक्त कार्यक्रम सञ्चालन गर्ने जिम्मा तत्कालीन त्रिपुरेश्वर टोल सुधार तथा विकास समितिको सचिवको नाताले मलाई सुम्पिएको थियो । कार्यक्रम सुचारु रूपले सञ्चालन भइरह्यो । विभिन्न विद्वान्हरूले आ-आफ्ना धारणाहरू प्रस्तुत गर्नुभयो ।

आदरणीय भरत जङ्गमले उक्त गोष्ठीमा पुरातात्त्विक, सांस्कृतिक एवं धार्मिक महत्त्वका विभिन्न मठमन्दिर एवं गुठीसम्बन्धी बृहत् धारणा प्रकट गर्दै सारगर्भित रूपमा प्रस्ट भनाइहरू राख्नुभयो । उहाँको विचार सुनेपछि मलाई अनायास उहाँप्रति श्रद्धा बृद्धि भयो ।

प्रथमतः मैले  आदरणीय भरत जङ्गमलाई पहिलोपटक भेटेको थिएँ । उहाँका बारेमा धेरथोर जानकारी त थियो नै । भ्रष्टाचारविरोधी अभियन्ता सांस्कृतिक, पुरातात्त्विक र धार्मिक स्थलको संरक्षणमा निरन्तर प्रयत्नरत व्यक्ति भन्ने त ज्ञात नै थियो । तर उहाँले प्रस्तुत गर्नुभएको तर्क र तथ्य उक्त गोष्ठीमा सुनेपछि अझ गहिरो छाप ममाथि परेको हो ।

हँसिलो मुहार जुन बेला पनि असहाय र निर्बललाई सहयोग गर्न तत्पर देखिने उहाँका व्यक्तित्वले जोकोहीलाई पनि आकर्षित गर्छ ।

समयक्रममा उहाँले गुठी सम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासमा गर्नुभएको बहस-पैरवी पनि सुन्ने मौका

पाएको थिएँ । त्रिपुरेश्वर टोल सुधार तथा विकास समितिले गुठी संस्थानलाई विपक्षी बनाई दायर गरेको मुद्दामा उहाँको तथ्यपूर्ण बहस, तर्कपूर्ण बहस, सारगर्भित बहस सुनेर मन्त्रमुग्ध भएको थिएँ । त्रिपुरेश्वर टोल सुधार तथा विकास समितिको कुनै पनि समस्या समाधान गर्न सदैव तत्पर रहनु र उपलब्ध हुनाले त्रिपुरेश्वर टोल सुधार तथा विकास समिति सदैव उहाँको ऋणी रहनेछ ।

मोहक मुस्कानका साथ मलाई सधैँ माया गर्नुहुने आदरणीय अग्रज भरत जङ्गमको हीरक जन्मोत्सवको उपलक्ष्यमा उहाँलाई लाख-लाख शुभकामना टक्र्याउन चाहन्छु । उहाँको सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक कामना गर्दछ ।

आदरणीय अग्रज भरत जङ्गमको हीरक जन्मोत्सवमा सरिक भई वहाँको शताब्दीयौं जन्मोत्सवमा पनि सरिक हुने आशा एवं विश्वास गर्दछु । उहाँ सय वर्षसम्म सक्रिय जीवन व्यतीत गर्नुहोस् भन्ने कामना गर्दछु । अनि म यो पनि चाहन्छु कि मेरो शताब्दीयौं जन्मोत्सवमा उहाँबाट आशीर्वाद लिन म प्रतीक्षारत रहनेछु ।

हीरक जन्मोत्सवको हार्दिक मङ्गलमय शुभकामना आदरणीय अग्रज भरत जङ्गमप्रति ।

●



गोपाल श्रेष्ठ काठमाडौँको त्रिपुरेश्वर टोलसुधार समितिका अध्यक्ष तथा समाजसेवी हुनुहुन्छ ।

# ‘भ्रष्टाचारविरुद्धको विज्ञान’ दर्शनका दार्शनिक
## – डा. गोविन्दसिंह रावत

“मान्छेलाई सन्तुष्ट पार्ने काम पैसाले होइन, कामले हो ।”

यो भनाइ मैले भरत जङ्गमको एउटा अन्तर्वार्तामा सुनेको थिएँ । भनाइमा शाश्वत सत्यता छ । राम्रो काम गर्दै गए नामले आफैँ मान्यता पाउँदै जान्छ । त्यसको उदाहरण इतिहासमा अङ्कित महापुरुषहरूको नामसँगै भरत जङ्गम आफैँ बनेका छन् ।

भरत जङ्गम बग्रेल्ती खोलिएका कुनै सामाजिक संस्थाको अध्यक्ष भएर चिनिने नाम होइनन् । कुनै सरकारी पदमा बसी जागिरे भएर वा राजनीतिक कृपाले पाएको उच्च ओहदामा बसेर चिनिने नाम पनि होइनन् । निःस्वार्थ काम गर्दै गएपछि समाजले आफैँ चिन्ने, अझ भनौँ भ्रष्टाचारविरुद्ध निडर भएर बुलन्द आवाज उठाउने नामको पर्यायवाची बनेका छन् भरत जङ्गम । जङ्गमले नेपालमा एकतन्त्रीय शासनकालदेखि नै जनताको पक्षमा आवाज बुलन्द गर्दै आएका छन् । उनले जनताको नाममा राजनीति गरेर आफ्नो स्वार्थ पूरा गर्ने नेताहरूभन्दा धेरै माथि उभिएर विभिन्न तरिकाबाट आपसी मिलेमतोमा राष्ट्रको ढुकुटी भोगचलन गर्ने कार्यलाई भ्रष्टाचार भनी यसको विरोध गर्दै आएका छन् ।

भ्रष्टाचार भनेको के हो ? आफूले नियमानुसार पाउने पारिश्रमिकबाहेक अन्य स्रोतबाट आय आर्जन गर्ने कमाइलाई भ्रष्ट तरिकाबाट गरिएको कमाइ भनिन्छ र यस्तै कमाइलाई भ्रष्टाचार भनिन्छ । हामीले समाचारमा सुन्दै आएका छौँ कतै अचानक पुल भत्किएको, बिल्डिङ खसेको, बाटोको कालोपत्र उक्किन थालेको, कागजमा मात्र नहर बनेको, हेल्थपोस्ट नखोलीकनै बजेट निकासा हुँदै आएको आदि सबै भ्रष्टाचारका कारण भएका उदाहरणहरू हुन् । राष्ट्रको ढुकुटीबाट खरिद गरिने सामानहरूमा मोल बढाएर खाने कमिसनबाट लिएर शासकको मिलेमतोमा शासन गरिरहेकाहरूको व्यक्तिगत फाइदाका लागि गरिने निर्णयहरू पनि भ्रष्टाचार हो ।

उच्च ओहदामा (मन्त्री, सचिव, अध्यक्ष, महाप्रबन्धक) बसेर आफन्तलाई नियुक्ति दिने, अझ आफ्नै श्रीमतीलाई स्वकीय सचिव बनाएर तलब, भत्ता र सुविधा कुम्ल्याउने आदि यस्ता धेरै भ्रष्टाचारका उदाहरणहरू

हाम्रो समाजमा देखिने गरिन्छ, जसलाई हामी नबुझ्रेर नजरअन्दाज गरिदिन्छौं । तर भरत जङ्गमले तीसको दशकदेखि नै नेपालमा भ्रष्टाचारका विरुद्ध खबरदारी गर्दै जनचेतना जगाउँदै आएका छन् ।

सन् १९९० मा ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) को नामबाट एउटा संस्था जन्मेको थियो । यसले विश्वका विभिन्न राष्ट्रमा हुने गरेको भ्रष्टाचारका बारेमा पर्यवेक्षण गरी वार्षिक प्रतिवेदन निकाल्ने काम गर्दै आएको छ । यसको शाखा नेपालमा पनि रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको नेपाल शाखाले प्रत्येक वर्ष भ्रष्टाचारी मुलुकहरूको फेहरिस्तमा नेपालको क्रमसङ्ख्या देखाउँदै आएको छ । यस वर्ष १८० भ्रष्ट देशहरूको फेहरिस्तमा नेपाल ३४ औं भ्रष्ट राष्ट्रका रूपमा अङ्कित भएको छ । भर्खर मात्रै (२०२१ अप्रिल) ट्रान्सपरेन्सी इन्टरनेसनलले १७ वटा एसियाली मुलुकमा गरेको सर्वेक्षणमा नेपाललाई सबैभन्दा बढी भ्रष्ट राष्ट्रका रूपमा चर्चा गरेको छ । यस प्रतिवेदनमा लेखिएअनुसार नेपालमा मन्त्रीदेखि कर्मचारीसम्म सबैले भ्रष्टाचार गर्ने गरेको देखाएको छ ।

नेपालमा भ्रष्टाचारलाई संस्थागत रूपमा स्थापना गर्ने पहिलो व्यक्ति भरत जङ्गम नै हुन् । नेपाली जनतालाई वास्तवमा भ्रष्टाचारका बारेमा केही पनि थाहा थिएन । शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि सांसदहरूलाई भन्सार छुटमा मोटर आयात गर्ने नयाँ बिल पास गराएपछि सबै सांसद्हरूले भन्सार छुटमा मोटर मगाएर त्यसमा पचहत्तर प्रतिशत भन्सार आफूले लिएर पच्चीस प्रतिशत भन्सार छुट दिएर व्यापारीहरूका लागि मोटर आयात गरेका थिए । त्यस्तै सबै सांसदलाई एकपटक सांसद भएपछि कर्मचारीले जस्तै जीवनभर पेन्सन पाउने बिल पास गराइएको थियो । यसैको देखासिकी नेपाल प्रज्ञाप्रतिष्ठानका पार्टीका हनुमान प्राज्ञहरूले पनि आजीवन पेन्सन पाउने बिल पास गराएका थिए । भ्रष्टाचारका विभिन्न तरिकाहरूको पहिचान गरेर त्यसका विरुद्ध अड्डा-अदालतबाट लिएर जनमानसमा समेत गएर विरोध गर्ने काम भरत जङ्गमबाट भएकाले उनलाई भ्रष्टाचार अभियानका अभिभावक पनि भनिन्छ । अझ्र विदेशमा त उनलाई त एन्टिकरप्सन इन्जिनियर भनी सम्बोधन गर्ने गरिन्छ ।

भरत जङ्गम एक प्रजातान्त्रिक योद्धा हुन् । उनले प्रारम्भदेखि नै प्रजातन्त्रका पक्षमा लेख्ने बोल्ने र जनपरिचालन गर्ने काम गर्दै आएका छन् । उनले जे बोले, भ्रष्टाचारका विरुद्धमा बोले, जे लेखे भ्रष्टाचारका विरुद्धमा लेखे र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भ्रष्टाचारविरुद्ध अभियान चलाएर यसको अभियन्ता बनेर सबैलाई सचेत गर्दै अगाडि बढ्दै गएका छन् ।

साहित्य लेखनमा बेग्लै उचाइ बनाएका जङ्गमको ‘कालो सूर्य’ ले पनि भ्रष्टाचारलाई विषयवस्तु बनाएको छ । ‘व्यूहचक्र’ ले पनि पञ्चायतकालीन नेपालको भ्रष्टाचारलाई उजागर गर्ने काम गरेको छ । उनका विचार, निबन्ध, प्रबन्ध र लेखहरूले पनि भ्रष्टाचारका हरफहरू ओकल्ने काम गर्दै आएको छ । त्यसैले भ्रष्टाचारलाई सही ढङ्गबाट परिभाषित गर्न र यसका विरुद्ध जनचेतना फैलाउन उनले समाजको उत्थान र सद्भावका लागि भ्रष्टाचारलाई पनि विषयगत रूपमा शैक्षिक कार्यक्रमअनुरूप विकास र विस्तार गराएर व्यवस्थित रूपमा अध्ययनका लागि पाठ्यक्रममा समावेश गराउन सफल भएका छन् । भ्रष्टाचारविरुद्धको विज्ञान अर्थात् साइन्स अफ एन्टिकरप्सन विषयलाई अध्ययन-अध्यापनका लागि शैक्षिक संस्थाहरूमा यसको अनुमोदन गराएर भ्रष्टाचारलाई पाठ्यक्रममा राख्न सफल भएका छन् ।

गत जून २०२० देखि त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहमा अध्ययन पनि सुरु भइसकेको छ । यहाँसम्म पुऱ्याउन अझ भनौं भ्रष्टाचारलाई पाठ्यक्रममा समावेश गराउन उनले एसिया, युरोप र अमेरिकाका विभिन्न विश्वविद्यालयमा गएर अनुमोदन गराएका थिए । नेपालबाट अध्ययन-अध्यापनको थालनी भएको साइन्स अफ एन्टिकरप्सन विषयको अध्ययन गर्न भोलिका दिनहरूमा विदेशी विद्यार्थीहरूको आगमनको अपेक्षा गर्न सकिन्छ भने नेपालबाहिर पनि साइन्स अफ एन्टिकरप्सनको अध्ययन-अध्यापन सुरु हुने विश्वास लिन सकिन्छ ।

नेपालमा पञ्चायत कालको थालनीसँगै भ्रष्टाचारले गति पाउँदै गएको देखिन्छ । दुई हजार छयालीस सालको आन्दोलनपछि स्थापित बहुदलीय व्यवस्थाको स्थापनासँगै भ्रष्टाचारले संस्थागत रूपमा विकास गर्दै गएको सर्वविदितै छ । पञ्चायत कालदेखि लोकतन्त्र कालसम्म आइपुग्दा २६ जना प्रधानमन्त्री आए । सबैको शासन कालमा भ्रष्टाचारले आश्रय पाउँदै आएको छ । अपवादमा कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी र सुशील कोइराला परे तापनि भट्टराईलाई उनकै पार्टीका नेताहरूले काम गर्न दिएनन्, अधिकारीले काम गर्ने मौका पाएनन् र कोइरालाले पनि निरन्तर काम गर्न पाएनन् । पहिलो संविधान सभाको चुनावपछि पाँच वर्षमा चारजना कम्युनिस्ट प्रधानमन्त्रीहरूले आफ्नो समय भ्रष्टाचारको रत्यौली खेल्दै बिताएका थिए ।

नेपालको राजनीतिमा सुशील कोइराला त्यस्तो व्यक्ति भएर देखापरे, जसले आफू प्रधानमन्त्री भएको ९ महिनामा नै देशलाई नयाँ संविधान दिन सक्षम भए । भर्खर नेपालमा ४३ औं प्रधानमन्त्रीका रूपमा केपी ओलीले

सपथ लिएका छन् र सपथग्रहणकै क्रममा उनीबाट भएको अव्यावहारिक प्रसङ्गबाट सम्पूर्ण नेपाली साक्षी छन् । ओलीअघिका प्रधानमन्त्रीहरूले सपथग्रहणका लगत्तै आफ्नो पहिलो वक्तव्यमा सुगारटाइ वाणी 'मेरो सरकारमा भ्रष्टाचारीलाई कुनै स्थान छैन' फेरि सुनियो । हुन त यसअघि पनि म भ्रष्टाचारीलाई कुनै पनि हालतमा छोड्ने छैन भनेर शासन सुरु गरेको केही समयपछि नै आफ्नै प्रिय पात्र सत्तरी करोडको भ्रष्टाचारमा मुछिएको आलै छ ।

आफूलाई सुकुम्बासी बनाएर सरकारी जग्गामा आँखा गाड्ने नेताहरू भएको देशमा राजनीति आफैँ व्यापार बनेको छ । त्यसैले चुनावमा लगानी गरेर राजनीति गर्न आएका नेताहरू लगानीसँगै मुनाफा खोज्दै भ्रष्टाचारी बन्दै गएको उदाहरण एउटा खोजे सयौँ पाइन्छ । पञ्चायत कालमा नै पञ्चायतका शासकहरूका विरुद्ध भ्रष्टचारको आवाज बुलन्द गर्न थालेका जङ्गमको प्रयासबाटै २०३४ सालमा तत्कालीन राजाका माध्यमबाट 'अख्तियार दुरुपयोग निवारण आयोग' को स्थापना गराउन सफल भएका थिए । यही भ्रष्टाचार दुरुपयोग निवारण आयोय बहुदलको आगमनसँगै 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग' बनेर नयाँ नाम पाएपछि सत्तामा बसेकाहरूबाट प्रमुखको नियुक्ति हुने र प्रमुखले शासकलाई जोगाउने काम गर्दै आएको छ भन्दा अत्युक्ति नहोला । यसका बारेमा जङ्गमले धेरैपटक धेरै ठाउँमा आफ्ना ओजपूर्ण कुराहरू राख्तै आएका छन् । पञ्चायत कालमा अख्तियार दुरुपयोग अर्थात् भ्रष्टाचार गर्नेहरूको निवारण अर्थात् रोक लगाउने काम गरिन्थ्यो भने बहुदलीय कालमा अनुसन्धान अर्थात् खोजतलास मात्र हुने गरिन्छ । यस्तालाई कडा सजायको व्यवस्था नै गरिएको छैन । 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग' का पूर्वआयुक्त दीप बस्नेतलाई गत डिसेम्बर २०२० मा झन्डै दस करोडको भ्रष्टाचारको अभियोगमा एउटा अदालतले थुनामा राख्ने आदेश दिन्छ भने त्यसको ३ महिनामा नै अर्को अदालतले मात्र पाँच लाखको धरौँटीमा छोडिदिन्छ । यस्ता धेरै अदालती दाउपेचका भ्रष्टाचारका बारेमा आवाज बुलन्द पर्ने व्यक्ति हुन् भरत जङ्गम ।

२०४६ सालको जनआन्दोलनले स्थापना गरेको प्रजातन्त्र र २०६४ सालको दोस्रो जनआन्दोलनले स्थापित गरेको लोकतन्त्रपछि पनि राष्ट्रको नेतृत्व गर्ने वर्गहरूबाटै स्वार्थको होडबाजी चल्न थाल्यो । पहिलो संविधानसभाको चुनावपछि आएको पहिलो माओवादी सरकारले पार्टीको स्वार्थका लागि देशको सुरक्षा निकायलाई नै आफ्नो अधीनमा राख्ने असफल प्रयासपछि पाँच वर्षको अन्तरालमा अविकसित र गरिब देशले पाँचजना प्रधानमन्त्री र मन्त्रीहरू खेप्नुपरेको थियो ।

यसरी जबर्जस्ती संविधानसभाको म्याद थप्तै प्रधानमन्त्रीको खेलमा रमाउँदै गएको अवस्थाका विरुद्धमा जङ्गमले रीट हालेका थिए । आजको मितिमा नेपालमा आठजना भूतपूर्व प्रधानमन्त्री र तिनको नेतृत्वमा बनेका बथानका बथान मन्त्रीहरू छन् । यी सबै भूतपूर्वहरूले राज्यबाट लिन सकिने भत्ता, गाडी, इन्धन, सुरक्षा कर्मचारी आदि सबै सुविधा पाउने हकदावी गर्दै आएका छन् । जनताको करले उठेको राजस्वको दुरुपयोग हुन नदिन जङ्गमले रीट हालेर एक्लै यसको विरोधमा उभिएका थिए ।

आज मुलुकमा लोकतन्त्र आएको छ । तीन करोड नेपालीलाई सात प्रदेशमा बाँडिएको छ । सात राज्यमा स्थानीय सरकार छन् । तीन करोड नेपाली जनताको टाउकोमा आजको मितिमा १०० मन्त्री, ८०० सांसद, ३६०० स्थानीय जनप्रतिनिधि, ९००० सेना, १३०००० कर्मचारी, १५०००० प्रहरी र २००००० शिक्षकलाई पाल्ने जिम्मा आएको छ । यसमा फेरि समय-समयमा संसद अवरोध, विश्वास र अविश्वासको रत्यौली, आफ्नो स्थान बलियो बनाउन पार्टीको तोडफोड, चुनावको नौटङ्की, अनावश्यक जुलुस, घेराउ र वादविवादको अन्योलताको वातावरणमा संसद्को बहुमूल्य समय खेर जानु भनेको पनि भ्रष्टाचार नै हो । विकासको बहस हुने संसद् भवनमा २०५२ सालदेखि जनचाहना र देशविकासको बहस कम र सत्ताको अङ्क गणितमा नै रुमल्लिरह्यो ।

यस्तै क्रियाकलापलाई जङ्गमले भ्रष्टाचारको परिभाषामा राखेर यसको विश्लेषणसमेत गरेका छन् । यसरी भ्रष्टाचारको विरोध गर्दै, अदालत धाउँदै रीट हालेर बाधा खडा गर्दै आउँदा सत्ता र विपक्षमा रहेका राजनीतिक दलहरू मिलेर यसको विरोध गर्दै आएका छन् । देशको अस्थिर राजनीति, नेताको सत्तामोह, स्वार्थको खिचातानीले गर्दा देशको शासन व्यवस्था कमजोर भएकाले कुनै पनि दलले पाँच वर्ष लगातार शासन गरेको छैन र गर्न पाएको छैन । देशमा सत्तामा पुगेका नेताले आफू सत्तामा टिकिरहन राजनीति दाउपेचको खेलमा रमाइरहँदा जङ्गमले जनताको पसिनाले कमाएको करको भरमा राजनीति गरेको विरोधमा त्यसको कानुनी अडचन सिर्जना गरेर राष्ट्रिय ढुकुटीको संरक्षणार्थ सरकारकै विरुद्ध रीट निवेदन गर्दै आएका छन् ।

जङ्गम थर बोकेका भरत को हुन् भनेर जिज्ञासा सबैले राख्तै आएका छन् । राणाकालमा नगरको दर्जा पाएको उपत्यकाको भक्तपुरका पहिलो नगरप्रमुख (मेयर) का सुपुत्र बालक भरत जङ्गमले २०१७-१८ सालतिर रेडियो नेपालमा धर्मराज थापाद्वारा सञ्चालित बाल कार्यक्रममा धर्मराज थापाले 'कविता खै ?' भनेर बारम्बार सोधेकाले कविता लेख्न थालेपछि कथा, निबन्ध,

लेख हुँदै पत्रकारिता (नेपाली आवाज) को लेखनयात्रामा निरन्तर अघि बढिरहेका भरत जङ्गमको 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' र 'ख्वपदेश' चार उपन्यास छन् भने 'निर्बन्ध बन्धन' कथासङ्ग्रहका अतिरिक्त कविता तथा गीतका भिन्नाभिन्नै पुस्तक प्रकाशित भएका छन् । यसै गरी 'विचार तथा दृष्टिकोण', 'पचास प्रसङ्ग' तथा 'भ्रष्टाचारविरुद्धको आन्दोलन' नामक प्रबन्धसङ्ग्रह पनि प्रकाशित भएका छन् । नेपाली साहित्यलाई विश्वसाहित्यमा परिचय गराउने कार्यले गर्दा नेपाली साहित्य क्षेत्रमा उनको नाम अग्रपङ्क्तिमा रहेको छ ।

मैले उनको नाम २०३६ सालमा स्नातकोत्तरमा अध्ययनरत रहँदा पहिलोपटक सुनेको थिएँ । त्यस बेला भरत जङ्गम र उनको पहिलो उपन्यास 'कालो सूर्य' को चर्चा चल्दै थियो । यो उपन्यासले चर्चा पाउनुका कारण यसले समेटेको पृष्ठभूमि र यसको शैलीसँगै कालान्तरमा नेपाली साहित्यमा अहिलेसम्म सबैभन्दा बढी भाषामा अनुवाद भएको कृतिका रूपमा बेग्लै चर्चा पाएको छ । मैले 'कालो सूर्य' का माध्यमबाट सुनेको नाम हो भरत जङ्गम । आज भरत जङ्गमभन्दा उपन्यासकार, निबन्धकार, गीतकार, अन्वेषक, आध्यात्मिक अभियन्ता, पत्रकार, कानुनविद् एवम् भ्रष्टाचारविरोधी शास्त्र विश्वलाई दिएर विश्वकै प्राज्ञिक जगत्मा भ्रष्टाचारविरोधी विज्ञानका प्रतिपादकका रूपमा चिन्ने गरिन्छ । सामाजिक अभियन्ता भएर उनले भ्रष्टाचारका विरुद्ध सन् १९७० देखि निरन्तर काम गर्दै आएको खबरदारीले देशमा सत्ताधारीहरूमाथि कुनै प्रभाव नपरे तापनि उनले प्रतिपादन गरेको भ्रष्टाचारविरुद्धको अभियानले अन्तर्राष्ट्रिय मान्यता पाइसकेको छ । साथै धेरथोर मात्रामा भए पनि जनता सतर्क भएका छन् ।

यसभन्दा पनि माथि गएर जङ्गमले नेपाली जनतालाई देशमा हुने गरेका भ्रष्टाचारका प्रमाणहरू र गर्ने व्यक्ति र संस्थाका बारेमा लिखित र मौखिक जानकारी गराउँदै आएका छन् । तर यसको अलिकति पनि असर न त सत्तापक्षलाई परेको छ न त विपक्षीलाई नै कुनै असर परेको छ । आजका विपक्षी भोलिका सत्ताधारी भएकाले भ्रष्टाचारको मुद्दामा एक-अर्काको कहिल्यै विरोध भएको सुनिएन । अझ जनताको शासनमा जनताको करबाट भरिएको राष्ट्रको ढुकुटी जनताका सेवकको मुखौटोमा आएकाहरूले रित्याउँदा पनि जनता आफैँ मौन छन् । उनले नेपालमा भ्रष्टाचार भएका विभिन्न उदाहरण प्रस्तुत गर्दै विश्वमा भ्रष्टाचारका कारण हुने गरिएका राष्ट्रिय प्रभाव र त्यसको परिणाममा देशको रुग्ण बन्दै गएको अवस्थाका फेहरिस्तलाई आफ्ना लिखित र मौखिक अभिव्यक्तिबाट विश्वसामु देखाइदिएका छन् । उनकै प्रयासबाट भ्रष्टाचारको विषयलाई अध्ययन, अध्यापन तथा अनुसन्धानको

विषयवस्तु बनेको छ । भ्रष्टाचारविरुद्ध भरत जङ्गमले चलाएको चार दशक लामो अभियानले सार्थकता पाएको छ । एन्टिकरप्टोलोजी विश्वले नेपालबाट पाएको छ ।

भरत जङ्गमको अथक प्रयास र लगनशीलताको प्रतिफल भ्रष्टविरोधी शास्त्रले अन्तर्राष्ट्रिय मान्यता पाउनु भनेको नै हाम्रा लागि गर्वको कुरा हो । जनतालाई सुसूचित र खबरदारी गर्ने एन्टिकरप्टोलोजी शास्त्रले विश्वभरिका मानव जातिलाई शिक्षित पार्दै राष्ट्रको विकासमा अड्चन आउने भ्रष्टाचारलाई निर्मूल पार्न सहयोग गर्ने विश्वास लिन सकिन्छ ।

●



डा. गोविन्दसिंह रावत भारतको सिलाङमा जन्मेर हाल क्यानाडाको टोरोन्टोमा बसोवास गर्नुहुन्छ । उहाँले नेपालमा प्राध्यापन पनि गर्नुभएको छ । उहाँ नाट्यकलाकार, लेखक, निर्देशक, अनुवादक र दोभाषे पनि हुनुहुन्छ । उहाँले विभिन्न पुस्तकहरू लेख्नुभएको छ भने विभिन्न पत्रिकाहरूको सम्पादन गर्नुभएको छ । विभिन्न संस्थाहरूसँग आबद्ध उहाँले धेरैवटा पुरस्कार तथा सम्मान प्राप्त गर्नुभएको छ ।

# प्रतिभाशाली व्यक्तित्व
## – डा. चण्डिकाप्रसाद भट्टराई

कुनै पनि व्यक्तिको नेपालको भूमिमा जन्म हुन्छ भने त्यस व्यक्तिले जन्मभूमिप्रति केही ऐतिहासिक संरचनाको महिमा बोक्तछ । त्यसकारण राष्ट्रप्रेमीहरू आफ्नो देशमा भएका अत्याचार, अपराध र राष्ट्रमा भएको शोषणयुक्त शासनलाई स्वीकार्दैनन् ।

बागमती अञ्चल भक्तपुर टौमढीटोलमा मिति २००४ साल मार्गशीर्ष १० गते जन्मनुभएका राष्ट्रभक्त, राष्ट्रप्रेमी, धार्मिक विचारका, समाजका अनुयायी, कुशल व्यक्तित्व भएका, राष्ट्रको चिन्तन बोकेका व्यक्ति भरत जङ्गमको ७५ औं शुभजन्मोत्सवका अवसरमा चिरायुको शुभकामना दुई शब्द लेख्न पाउँदा अत्यन्त खुसी लागेको छ ।

यो भूमिकामा लेखिएका प्रतिभाशाली कुशल व्यक्तित्व भरत जङ्गमको व्याख्या गर्नु सूर्यको, चन्द्रमाको र पृथ्वीको व्याख्या गर्नुजस्तै हो । उहाँको जीवनचक्र र शैली हेर्दा उहाँ शिक्षा, धर्म, राष्ट्रप्रतिको ममता, संस्कार, संस्कृति, समाज, पारिवारिक ममता आदिमा अत्यन्त महत्त्वपूर्ण र गहन सोचाइ भएका दूरदर्शी व्यक्तित्व हुनुहुन्छ । उहाँको नित्यकर्ममा देवभक्ति, मठमन्दिरमा श्रद्धाभावना, सदासर्वदा आत्मभाव भइ नै रहेको पाइन्छ । उहाँ सदासर्वदा धर्म-संस्कारमा चिन्तित भएको व्यक्तित्व मानिनुहुन्छ । उहाँ बाल्य अवस्था अथवा विद्यार्थी जीवनमा नै धर्मका भक्त हुनुहुन्थ्यो ।

भरत जङ्गमलाई पत्रकारिता र साहित्यका क्षेत्रमा ज्यादै प्रतिभाशाली व्यक्तित्वमा लिइन्छ । राष्ट्रमा भएका विसङ्गति र भ्रष्टाचारहरूको समय-समयमा विरोध गर्दै राष्ट्रमा कुशल र न्यायिक शासनका लागि योद्धाको काम गर्ने, कडा शासनका रूपमा देशमा कानुनी रूपमा अगुवाको भूमिका खेल्ने व्यक्तित्व हुनुहुन्छ उहाँ । टौमढीटोलमा जन्मिए तापनि उहाँ काठमाडौंको बानेश्वरमा बस्नुहुन्छ ।

भरत जङ्गम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त व्यक्तित्व हुनुहुन्छ । उहाँको स्वभाव सबैमा आदर गर्ने एवं मीठा कुराले प्रभाव पार्ने छ । मानवीय गुणअनुसार हुनुपर्ने राष्ट्र, समाज, धर्म, कानुन, मर्यादा, अनुशासनको पालन गर्ने, कुशल व्यक्तित्व भएको व्यक्ति उहाँलाई मानिन्छ ।

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक, युगबोधक, समयका पारखी र व्यक्तिवादी विचारबाट माथि उठेका राष्ट्रप्रेम गर्ने भरत जङ्गमको कुण्डली हेर्दा जन्ममिति, तिथिबाट नक्षत्र, योग, विचार बलियो रहेको कुण्डलीले बताएको छ । भरत जङ्गमको वस्तुक्रम ज्ञानयोगी, पुण्य कर्मयोगी, पितृ, मातृ, बन्धु, पत्नीको उज्ज्वल भविष्य र सबै परिवारको उत्तम फलदायक छ । शास्त्र भन्दछ –

पुण्येन जायते विद्या पुण्येन जायते सुतः ।
पुण्येन सुन्दरी नारी पुण्येन लभते श्रियम् ॥

अतः भरत जङ्गमले विद्या, पुत्र, सुन्दरी स्त्री, सम्पत्ति, पुण्य सबैथोक प्राप्त गर्नुभएको छ ।

अतः पापेन जायते व्याधिःपापेनेणा सुतो भवेत् ।
पापेन जायते मूर्खः पापेनैव दरिद्रता ॥

अतः बिरामी हुनु, सन्तानबाट हीन हुनु, मूर्ख हुनु, दुष्कर्म गर्नु, दरिद्र हुनु सबै पापको कारण भोग्नुपर्दछ । उपर्युक्त सम्पूर्ण कुराबाट मुक्त भएको व्यक्ति भरत जङ्गम मानिन्छ ।

कुनै व्यक्तिको अतीतका कुराहरूको सङ्कलनबाट इतिहास बन्दछ । इतिहास विभिन्न थरिका हुन्छन् । भरत जङ्गमको इतिहास राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्न सकिन्छ । शास्त्र भन्दछ –

आयु कर्म च वित्तं च विद्यानिधनमेव च ।
पञ्चैतानि हि सृज्यन्ते गर्भस्थास्यैव देहिनाम् ॥

मानिसको आयु कर्म अर्थात् भाग्य, धनसम्पत्ति, विद्या, मृत्यु यति पाँचथोक मानिसहरूले गर्भदेखि लिएर आएका हुन्छन् । उपर्युक्त कुराबाट पूर्ण हुनुहुन्छ भरत जङ्गम ।

१. प्रथम भावको शनि मङ्गल साहसी बालक अवस्थामा वा कुनै समयमा चोटपटक लाग्दछ ।
२. द्वितीय भावमा पैतृक सम्पत्तिभन्दा आफ्नो आयमा वृद्धि हुनु ।
३. तृतीय भावको केतु बुध भाइबहिनीहरूमा राम्रो व्यवस्था हुनु ।
४. चतुर्थ भाव सूर्य वृहस्पति मातृ पिताको पूर्ण आशीर्वाद छ ।
५. पञ्चम भावको शुक्र पढाइलेखाइ, सन्तान, पुत्रपुत्री सुख ।
६. छैटौँ भाव शत्रु पराजय ।
७. सप्तम भाव पत्नीसुख, निरोगी ।
८. अष्टम भाव स्वास्थ्यमा पेट, खुट्टा, टाउकोमा केही समस्या ।

९. नवौं भाव राहु, चन्द्रमा जुनसुकै कर्ममा समाजसेवामा राष्ट्रप्रति सक्रिय समाजसेवी बनाउँदछ ।

१०. दशम भाव कर्मक्षेत्र हो । आफूले आँटेको कुरा प्रथम भावको मङ्गल र शनिबाट सिद्ध हुन्छ ।

११. एकादश भाव लेखन, पठन, उद्योग गराउँदछ ।

भरत जङ्गम निर्भीक, साहसिक, निर्णय लिन सक्ने क्षमता भएकाले सत्ताको शीर्ष ठाउँमा पुग्नुपर्ने व्यक्ति हुनुहुन्छ । ७४ वसन्त पार गरिसक्नुभएका भरत जङ्गमको बाँकी जीवन सुखमय, शान्तिमय र सुस्वास्थ्य चल्छ भन्नेमा म विश्वस्त छु । उहाँको यो महोत्सवको अवसरमा शुभकामना व्यक्त गर्दछु ।

●



डा. चण्डिकाप्रसाद भट्टराई बानेश्वर भीमसेनगोलाका समाजसेवी हुनुहुन्छ ।

# सक्षम व्यक्तित्व
## – चन्द्रबहादुर खड्का

भरतमणि जङ्गम सम्पदा नै सम्पदाले भरिपूर्ण भक्तपुर सहरका निवासी हुनुहुन्छ । उहाँ त्यहीँको नेवारी समाजमा हुर्किनु-बढ्नुभएको हो । प्रारम्भिक शिक्षा पनि त्यहीँबाट प्राप्त गर्नुभएको रहेछ । उहाँका पूर्वजहरूलाई भक्तपुर सहरको बीच भागमा स्थापित प्रख्यात दत्तात्रय मठमन्दिरको गुठी सञ्चालनको जिम्मा दिइएको रहेछ । गुठी सञ्चालनार्थ भक्तपुर र काभ्रे जिल्लालगायतमा प्रशस्त गुठी जमिन राखिएको रहेछ । त्यसैको आयस्ताबाट दत्तात्रयको नित्य पूजा, भोज-भण्डारा र जात्रापर्व आदि सञ्चालन हुँदै आएको रहेछ ।

भरतमणि जङ्गम र मेरो चिनजान २०३७-३८ सालताका मात्र भएको हो । संयोगवश हामी दुवैजना एकै समयमा एकै किसिमको कामका लागि एकै साथमा भेटिएका रहेछौँ । त्यो संस्थाको नाम थियो जाँचबुझ केन्द्र । त्यो केन्द्र श्री ५ महाराजाधिराज सरकारको प्रत्यक्ष रेखदेख र निगरानीमा रहेछ । त्यस केन्द्रमा देशका विविध योजना, आयोजना र कार्यक्रमहरूबारे छलफल, अध्ययन, मनन र छानबिन गरिँदो रहेछ । सो कार्यका लागि विविध विषयका विशेषज्ञ, विज्ञ, विश्लेषक र अनुभवी प्रोफेसरहरूलाई जिम्मा लगाइँदो रहेछ । सञ्चालित महत्त्वपूर्ण कार्यक्रमहरू ठीकसँग कार्यान्वयनमा आएका छन् कि छैनन् भन्ने सम्बन्धमा जाँचबुझ गराइँदो रहेछ । त्यसका लागि त्यहीँबाट विशेष खालको टोली खटाई पठाइएको रहेछ । जाँचबुझ केन्द्रमा गठित विभिन्न समूहमध्ये कुनै समूहलाई 'थिङ्क ट्याङ्क' कार्य गर्ने गरी जिम्मेवारी दिइँदो रहेछ ।

७५ औँ वर्षारम्भसँगै हीरक महोत्सव मनाउने चरणमा पुग्नुभएका भरतमणि जङ्गम झट्ट हेर्दा ६०-६५ वर्षका हट्टाकट्टा देखिनुहुन्छ । यो उहाँको स्वास्थ्यप्रतिको सचेतना मान्नुपर्दछ । जीवन र जगत्बारे राम्रो दखल राख्नुहुने भरतजीको अनुभव र लगनशीलताको वर्णन गर्न सजिलो छैन । साहित्यिक क्षेत्रमा सिद्धहस्त जङ्गमका कृतिहरू समाजमा उथलपुथल ल्याउने खालका छन् । 'कालो सूर्य' नामक उहाँको कृतिले साहित्यिक क्षेत्रमा राम्रो चर्चा पाएको छ । उहाँका बारेमा यसअगाडि प्रकाशित ग्रन्थ 'कालजयी व्यक्तित्व भरत जङ्गम' पठनीय छ । त्यसै गरी हीरक महोत्सवका अवसरमा प्रकाशनमा

आउँदै गरेको 'कालजयी व्यक्तित्व भरत जङ्गम' दोस्रो भाग पनि महत्त्वपूर्ण ग्रन्थ हुने ठानेको छु । यसले भरतजीको बहुआयामिक प्रतिभाको अझै उजागर गर्नेछ ।

भ्रष्टाचारविरुद्धका अभियन्ता देशविकासको बाधक भ्रष्टाचार नै हो भन्ने मान्यता राख्नुहुने भरतजीले केही वर्षका लागि क्षेत्रीय प्रशासकको जिम्मेवारी पाउनुभएको थियो । सो कार्यकालले उहाँ एक कुशल प्रशासक पनि हुनुहुन्छ भन्ने प्रमाणित गरिदिएको छ । भ्रष्ट मनोवृत्तिका कर्मचारीविरुद्ध उहाँ खरो उत्रनुभयो । राष्ट्रसेवक कर्मचारीहरूले नेपाली गौरवको प्रतीक मयलपोस, सुरुवाल र टोपी लगाउनुपर्ने विषयलाई आफ्नो प्रशासनिक कार्यालयभरि अनिवार्य गराउनुभएको थियो । भ्रष्टाचारको मुद्दालाई ठाउँका ठाउँ कार्वाहीमा ल्याउनुभयो । यसलाई केही-केहीले नकारात्मक हिसाबले हेरे भने धेरैले प्रशंसा गरे । उहाँ भ्रष्टाचारविरुद्धका ठूला-ठूला घोटाला र काण्डका विरुद्धमा अझै लागिरहनुभएको छ । यसलाई उहाँले आफ्नो जीवनपद्धति नै बनाउनुभएको छ । भ्रष्टाचारविरुद्ध बोल्ने र कलम मात्र चलाउने नभएर कार्वाहीका लागि आफैं र अन्य सहयोगीसहित भई अग्रपङ्क्तिमा देखापर्नुभएको छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि जनताका प्रतिनिधिहरूले निर्लज्ज ढङ्गमा आफ्ना लागि सेवा, सुविधा र सहुलियत बढाउँदै लान थाले । हुँदाहुँदा प्रशासनिक कर्मचारीहरूले झैं सांसद पेन्सन खान पाउनेसम्मको निर्णय गर्न पछि परेनन् । देशको ढुकुटीमा ब्रह्मलुट गर्ने गरी गरिएको निर्णयविरुद्ध पनि जङ्गमजी आफैं अग्रसर भई सो गैरनिर्णय २०५७ सालमा सर्वोच्चद्वारा बदर गराउनुभयो ।

भ्रष्टाचार जघन्य अपराध हो भन्ने मान्यता राख्नुहुने भरतजीले भ्रष्टविरोधी शास्त्रको आफैंले प्रतिपादन गर्नुभएको छ । सो विषयको स्नातकोत्तर तहको पठनपाठन त्रिभुवन विश्वविद्यालयमा सञ्चालनमा ल्याइसकिएको छ । यसलाई उहाँको उल्लेखनीय योगदान मान्नुपर्दछ ।

हाम्रो धर्म-संस्कृति, पुरातात्त्विक मठमन्दिर र सम्पदाको संरक्षणमा भरतमणिजी खुलेर लाग्नुभएको छ । भक्तपुर जिल्ला सूर्यविनायक न. पा. को ८ नं. वडामा परापूर्वकालमा निर्मित महादेवको मन्दिर र मूर्ति रहेको पाइयो । सो मन्दिरमा भक्तपुरनिवासी खास गरेर नेवार समुदाय र अन्यले श्रद्धापूर्वक पूजाआजा गर्दै आउने गरेका रहेछन् । कालान्तरमा उक्त मन्दिर र त्यहाँ स्थापित मूर्ति भग्नावशेषमा परिणत भइसकेको रहेछ । लामो अन्तरालपछि केही जिज्ञासु र श्रद्धालुद्वारा सो मन्दिरको खोजिनिती भएको बुझियो । त्यहाँ

स्थापित मूर्ति र मन्दिरको वास्तविक मान्यता र पहिचान पत्ता लगाउनका लागि त्यहाँको समाजले भरतजीलाई जिम्मा लगाइएको रहेछ । अन्य सहयोगीहरूको समेत साथ-सहयोग लिई यसबारे गहिरिएर अनुसन्धान गर्ने गराउने कार्यमा भरतजीको समूह अग्रसर भएको बुझियो । भग्नावशेषमा परिणत भइसकेको मन्दिरको मूर्ति भारत उत्तराखण्डस्थित केदारनाथको आकार र शालिग्राम शिलाबाट निर्मित उस्तै-उस्तै भेटिएछ । तर डोलेश्वर मूर्तिको साइज भने केदारनाथको भन्दा केही ठूलो र अल्को रहेछ । यो मूर्तिको मान्यता र महत्त्व के-कस्तो रहेछ भन्ने विषयमा ठूलै खुलदुली भएछ । यसको निदानका लागि भारत केदारनाथका मुख्य मठाधीशको सहयोग लिनुपर्ने ठानिएछ । त्यसपछि उहाँहरूसँग सम्पर्क गरी काठमाडौंमा झिकाउनका लागि भरतमणि जङ्गमले ठूलो प्रयत्न गरेको पाइयो । भरतजी र सहयोगीहरूको आमन्त्रणपछि केदारनाथ मठका मुख्य मठाधीश र योगसाधकहरूको प्रतिनिधि टोली काठमाडौँमा आएछ । झन्डै एक महिना उहाँहरू पशुपतिनाथ परिसरमा बसी विभिन्न किसिमको अध्ययन-अनुसन्धानपछि यो मूर्ति उत्तराखण्डस्थित केदारनाथको शिर रहेछ भन्ने प्रमाणित गरिदिनुभएछ । तत्पश्चात् यसको महत्त्व चर्चामा आयो । भग्न मन्दिर र मन्दिर परिसरको आमूल व्यवस्थापनका लागि एक सशक्त व्यवस्थापन समिति गठन भएको पाइयो । सोपछि दैनिक पूजाआजा मेलापर्वको प्रबन्ध मिलाउँदै आउने गरेको पाइयो । हाल आएर डोलेश्वर मन्दिर विकासको गुरुयोजनाअनुरूप यसको विस्तार गरिँदैछ । केही दाताहरूबाट मन्दिर परिसर विस्तारका लागि आवश्यक जग्गा दान गर्नुभएको छ । त्यहाँको समाजले यो सबैको जस भरतमणिजीलाई दिएका छन् । यसका लागि उहाँप्रति मेरो पनि नमन छ ।

भरतजीमा धर्मसंस्कृतिप्रति गहिरो चासो रहिआएको छ । भक्तपुर वागेश्वरी क्षेत्रका जनताको मागअनुसार वागेश्वरी मन्दिर परिसरमा सरस्वतीको मूर्तिसहित मन्दिर राख्नुपर्ने आवश्यकता ठानी सोका लागि जङ्गमजीसँग सहयोगको मात्र माग गरिएको रहेछ । वागेश्वरी भन्नु विद्याकी धनी श्री सरस्वती नै हुन् भन्ने मान्यताका साथ आफ्नै पहलमा ठीक भव्य सरस्वतीको मन्दिर खडा गराउन उहाँले ठूलो भूमिका निभाएको पाइयो ।

त्यसै गरी काभ्रेपलान्चोक जिल्ला बनेपा नगरपालिका – ६ स्थित शब्दसाधक तीर्थमा पनि भरतजीले एक सुन्दर सरस्वती माताको मूर्ति स्थापना गरिदिनुभएको छ । शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष हरि मञ्जुश्रीको पहलमा उहाँबाट यो योगदान भएको हो । यो २०७५ सालको कुरा हो । देवाधिदेव श्री पशुपतिनाथको मूल भट्ट परिवर्तन गरिएको सम्बन्धमा

ठूलो विवाद उत्पन्न भएको थियो । हाम्रो परम्परादेखि मान्यता पाइआएको विषयदेखि विपरीत माओवादी नेतृत्वको सरकारबाट हुन गएको उक्त निर्णयलाई भरतजीले सर्वोच्च अदालतबाट बदर गराइदिनुभएको थियो । यी र यस्ता भ्रष्टाचारविरुद्धका कतिपय मुद्दामा उहाँ आफैँले पनि पैरवी गर्दै आउनुभएको छ ।

भरतमणि जङ्गमका जीवनका भोगाइ र अनुभवबारे चर्चा गर्न सजिलो छैन । जे होस्, लगनशील एवम् श्रृजनशील प्रतिभाका धनी जङ्गमजीको हिरक महोत्सवका अवसरमा उहाँको सुस्वास्थ्य दिर्घायुको कामना गर्दछु । साथै अझ बढी उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

●



चन्द्रबहादुर खड्का पूर्वप्रशासक, समाजसेवी तथा शब्दयात्रा प्रकाशनद्वारा सम्मानित संस्था सुभाष स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष हुनुहुन्छ । काभ्रेपलान्चोकको पनौतीमा जन्मनुभएका उहाँ हाल काठमाडौँको नयाँबानेश्वरमा बसोवास गर्नुहुन्छ । उहाँका 'रोएको मन' र 'बटुलबाटुल' नामक दुईवटा साहित्यिक कृति प्रकाशित भएका छन् ।

# नेपाल आमाका सच्चा सपूत

## – ज्ञानेन्द्र गदाल

सेवाको बदलामा पैसाको लेनदेन वा पक्षपात गर्ने भावनाको जागृतिले नै भ्रष्टाचारको जन्म हुन्छ । सार्वजनिक पदमा रहेकाहरूले आफूमा रहेको शक्ति र अधिकार व्यक्तिगत हितका निम्ति प्रयोग गर्नु भ्रष्टाचार हो ।

अर्को शब्दमा, हामी भ्रष्टाचारलाई निजी स्वार्थका लागि आफूलाई सुम्पिएको शक्तिको दुरुपयोगका रूपमा लिने गर्दछौँ । भ्रष्टाचारले सार्वजनिक हितका निम्ति स्थापित निकायहरूप्रतिको भरोसा गुमाउँछ, लोकतन्त्रलाई कमजोर बनाउँछ, मुलुकको आर्थिक विकासमा बाधा पुऱ्याउँछ र असमानता, गरिबी, सामाजिक विभाजनलाई निम्त्याउँदै वातावरणीय सङ्कटलाई समेत बढाउँछ । अर्थात् भ्रष्टाचार समग्र उन्नतिको बाधक हो, बेथिति र विसङ्गतिको जड हो । विश्वका धेरै मुलुकहरू यसबाट प्रताडित छन्, जहाँ व्यक्ति मालामाल छन्, देश कङ्गाल छ । यही वा यसैको एक ज्वलन्त उदाहरण हो नेपाल । यहाँ कानुन र विधान गौण छन्, सत्ता र शक्तिलाई स्वार्थसँग साटिएको छ; हरेक राजनीतिक दलको साझा तर मौन सिद्धान्त यही हो अहिले नेपालमा । यहाँ देशको मात्रै कुरा हुन्न; व्यक्तिको आचरण भ्रष्ट भएपछि भ्रष्टाचार फैलिने हो । यो हरेक व्यक्तिबाट सुरु भएर परिवार, घर, समाज र देशलाई नै दूषित वा प्रभावित पार्ने एक किसिमको सङ्क्रमण हो । आफूले भ्रष्टाचार नगरे पनि भ्रष्टाचारी वृत्तिका विरुद्धमा आवाज नउठाउनु पनि भ्रष्टाचार हो, यस्ता भ्रष्टाचारले भ्रष्टाचारीलाई झन् प्रश्रय दिन्छ । नेपालमा भ्रष्टाचारको बिगबिगी छ । यो सबैका निम्ति जगजाहेर विषय हो । हरेक राजनीतिक परिवर्तनले नेपालमा भ्रष्टाचार मात्रै बढाएको निर्क्योल कसैले निकाल्यो भने त्यो हदैसम्म सत्यमा आधारित हुन्छ । हर क्षेत्रमा बढेको भ्रष्टाचारले हाम्रो राष्ट्रियता नै कमजोर पारिसकेको तथ्य केही विशुद्ध विद्वान्हरूले बेलाबेला आफ्ना अभिव्यक्तिहरूमा उजागर गर्दै आएका छन् । कोही वातावरणलाई हेरेर सतही रूपमा भ्रष्टाचारका विरुद्धमा बोल्छन्, कोही अध्ययन र अनुसन्धानका आधारमा कुरा उठाउनेहरू पनि छन् । आफू स्वयं इमानदार आचरणमा रहेर बेथितिविरुद्ध आवाज उठाउन आँट र हिम्मत राख्ने साहस नेपालमा कसै-कसैले राखेको पनि देखिएको छ । यस्ता इमानदार र हिम्मतिला नेपाली देशभक्तहरूमध्ये अग्रपङ्क्तिमा रहेका एक विद्वत् महोदयको नाम हो भरतमणि जङ्गम अर्थात् भरत जङ्गम ।

भ्रष्टाचारको पर्दाफास र यसको लेखाजोखा राख्ने काम तब मात्र सम्भव हुन्छ, जब भ्रष्टाचार गर्ने बाटो र यो गरिने प्रणालीबारे बुझिन्छ । यस मानेमा भरत जङ्गम योग्य मानिस हुन् । उनले आफूलाई सदाचारको बाटोमा हिँडाएर बेथिति, विसङ्गति, अन्याय, अत्याचार र गलत आचरणका बारेमा सूक्ष्म अध्ययन र अनुसन्धान गरी त्यस्ताको सार्वजनिक रूपमा भण्डाफोर गरेका छन् । यसप्रति ज्यादै चनाखो रही न्यायालयमार्फत त्यस्ता कुकृत्यलाई रोक्ने काम पनि गरेका छन् । मुलुकको ढुकुटीबाट राजनीतिकर्मी (सांसदहरू) जीवनभर पालिने नीतिगत निर्णयविरुद्ध मुद्दा दायर गरेर सर्वोच्च अदालतबाटै फैसला गराई देशलाई अरबौं रकमको घाटाबाट जोगाएका छन्, पशुपतिनाथको मन्दिरलाई आतङ्ककारी राजनीतिक जत्थाहरूको कब्जाबाट बाहिर निकाल्न अनसनसहित न्यायिक उपचार दिलाएर हाम्रो सांस्कृतिक र धार्मिक आस्थाको धरोहर बचाएका छन् । यी त प्रमुख केही उदाहरणहरू मात्र हुन् । यसको अलावा सयौं मुद्दाहरूमा रखवाली गरी भरत जङ्गमले राष्ट्र र राष्ट्रियतालाई भ्रष्टहरूको चङ्गुलमा परी नाश हुनबाट जोगाएका छन् ।

नेपालको हरेक क्षेत्रमा भ्रष्टाचार मौलाउनुको मूल कारण राजनीतिक भ्रष्टाचार नै हो भन्ने तथ्यलाई भरत जङ्गमले राम्ररी बुझेका छन् । पञ्चायतकालमा हुने गरेको व्यक्तिगत भ्रष्टाचारदेखि २०४६ सालको परिवर्तनपछि हुन थालेको सामूहिक भ्रष्टाचार र गणतन्त्रमा आएर विकास भएको संस्थागत भ्रष्टाचारको नालीबेली भरत जङ्गमलाई थाहा छ । त्यसैले उनी यी र यस्ता गतिविधिविरुद्ध छाती फुकाएर वा डटेर बोल्ने र लेख्ने हिम्मत राख्तछन् । उनको लेखाइ वा मौखिक अभिव्यक्तिबाट यसमा संलग्न व्यक्ति, समूह र राजनीतिक दलहरूसमेत नाङ्गिएका छन् । भ्रष्टाचारविरुद्ध यिनको हुङ्कार नेपालका केही भ्रष्टाचारीहरूको होसहवास उडाउने बनेको छ ।

भरत जङ्गम एक व्यक्तिभित्र अनेक व्यक्तित्व भएका मानिस हुन् । धार्मिक तथा सांस्कृतिक अभियन्ता, सामाजिक सेवामा समर्पित भएका कुशल समाजसेवी र बेथितिविरुद्ध आफ्नो साहसिक कदम उठाउने भ्रष्टाचारविरुद्ध अभियानका अग्रणी यिनका प्रमुख व्यक्तित्व हुन् । उनले न्यायलाई वास्तविक न्यायको तराजुमा राखेर निरूपण गर्ने आँट र खुबी देखाएका छन् । यसका अलावा उनी एक कुशल साहित्यकार हुन्, जसले पञ्चायतकालमै पनि केही अख्तियारप्राप्त अधिकारीहरूले गरेको गलत आचरण र भ्रष्टाचारविरुद्ध उनको प्रसिद्ध उपन्यास 'कालो सूर्य' मार्फत कटाक्ष गरेका छन् । भ्रष्टाचारविरुद्ध आगो ओकलिएको यही पुस्तकका कारण यिनी तत्कालीन शासनमा पदासीन भ्रष्टहरूका आँखाको कसिँगर बनेका थिए भने यही कृति पढेर राजा वीरेन्द्र यिनका प्रशंसक पनि बनेका थिए । भ्रष्टाचार न्यूनीकरण गर्न के-कस्ता कदम

चाल्नु उपयुक्त हुन्छ भन्नेबारे बेलाबखतको भेटमा राजा वीरेन्द्रले भरत जङ्गमसँग सल्लाह र सुझाव पनि लिएको कुरा उनकै मुखबाट सुनेको छु ।

देशका निम्ति अहोरात्र चिन्तित रहने, बेथितिविरुद्ध हरपल चनाखो रही लेखेर होस् वा बोलेर सचेतना फैलाउने देशभक्त नागरिक भरत जङ्गमसँग मेरो प्रत्यक्ष चिनजान सन् २००९-१० देखि भएको हो । उहाँको जीवनका धेरै पाटाहरूमध्ये मैले उहाँलाई समाजको यथार्थ वस्तुस्थितिलाई निडर ढङ्गबाट साहित्यमा उतार्न सक्ने एक साहसिक एवं इमान्दार लेखकका रूपमा चिनेको हुँ । सन् २०१०-१२ को अवधिमा म अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय नेतृत्वमा अध्यक्ष रहेको बेला काठमाडौँमा सम्पन्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्य सम्मेलनहरूमा हाम्रो भेट भइरहन्थ्यो ।

त्यसै बेलाको एउटा रोचक कहानी छ उहाँसँग । अनेसासले हरेक दुई वर्षमा प्रदान गर्ने सम्मान तथा पुरस्कार समारोह सन् २०११ मा काठमाडौँमा सम्पन्न हुँदै थियो । नेपाल च्याप्टरका तत्कालीन अध्यक्ष साहित्यकार राधेश्याम लेकालीलाई उक्त समारोहको संयोजनको जिम्मा दिएको थिएँ । त्यस बेला पुरस्कृत एवं सम्मानित कृति तथा व्यक्तिहरूमध्ये भरत जङ्गमको नेवारी परम्परागत संस्कृति र इतिहासमा आधारित उपन्यास ‘ख्वपदेश’ का लागि भरत जङ्गम पनि पुरस्कृत एवं सम्मानित हुँदै हुनुहुन्थ्यो । कार्यक्रमको भव्य तयारी थियो । २५ भन्दा बढी नेपाली भाषामा लेखिएका साहित्यिक कृति र कृतिकारलाई पुरस्कृत तथा सम्मानित गरिने उक्त समारोहको प्रमुख अतिथि तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङलाई राखिएको रहेछ । यो कुरा थाहा पाउनासाथ भरत जङ्गमले समारोहको गरिमाप्रति प्रश्न तेर्स्याउनुभएछ । त्यस्तो भ्रष्टाचार, बेथिति र दलालीपनले चुर्लुम्म डुबेको राजनीति र त्यसैको एक प्रमुख पात्र सभामुख नेम्वाङको हातबाट कुनै हालतमा नलिने अडान भरत जङ्गमले लिनुभएपछि कार्यक्रम संयोजकलाई नै आपत परेछ । अन्तमा, अरूले प्रमुख अतिथिबाट लिनु तर मचाहिँ कार्यक्रमको सभापति, केन्द्रीय अध्यक्ष ज्ञानेन्द्र गदालबाट नै लिन्छु भनेर संयमित बनिदिनुभएछ ।

यो वृत्तान्त लेकालीजीबाट सुनेपछि मेरो मनमा भरत जङ्गमप्रतिको सम्मान अझ चुलिएर गयो । मानिसहरू मुखले जे बोल्छन्, त्यो व्यवहारमा गर्न सक्तैनन् । बाहिर-बाहिर भ्रष्टाचारको विरोध गर्छन्, तर प्रायः मानिसहरू भ्रष्टाचारी नै भए पनि शक्तिका सामु लुरुक्क पर्ने खालका हुन्छन् । यसको ठीक विपरीत जुन व्यक्ति र प्रवृत्तिका विरुद्धमा आफूले अभियान हाँकेको छ, तिनैद्वारा लिने सम्मान मेरा लागि घोर अपमान हो भनेर सोहीअनुरूप अडानमा बस्न सक्ने आदरणीय भरत जङ्गमको यही व्यक्तित्व र स्वभावलाई मैले सम्मान एवं कदर गरेको हुँ । उहाँको समग्र जीवनलाई मैले त्यसै

बेलादेखि नै नियाल्दै र पछ्याउँदै आएको छु । आजसम्म उहाँको आचरण र व्यवहारबाट कहिल्यै निराश हुनुपरेको छैन । एक दशकभन्दा बढी समयको चिनजान र सम्बन्धले हामीबीच गाडा आत्मीयता स्थापितसमेत भएको छ ।

भ्रष्टाचार आफू पनि गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ भन्ने तर भ्रष्टाचारीहरूकै वरिपरि आफू बस्न रुचाउने ओली प्रवृत्ति, आफू पनि भ्रष्टाचारमा चुर्लुम्म डुब्ने र अरूले गरेको भ्रष्टाचारमा पनि आँखा र मुख नखोल्ने छविलाल प्रवृत्ति, आफू चोखो देखिने तर श्रीमती वा आसेपासेबाट अकुत भ्रष्टाचार गराउने भट्टराई-देउवा प्रवृत्ति, आफ्नो हातपर्दा जतिसक्दो सोहोर्ने खनाल, सिटौला प्रवृत्ति नै हुन् नेपालमा भ्रष्टाचारलाई संस्थागत बनाउने र भ्रष्टाचारीलाई राजनीतिक ढाकछोप गर्ने पात्रहरू । यस्तो भयावह अवस्थामा पनि नैतिक बलका आधारमा निडर भएर धर्म-संस्कृति जोगाउन, स्वच्छ प्रशाशन कायम राख्न र सामाजिक सद्भाव खलल हुन नदिन सचेत गराउनुका साथै समाज र राष्ट्रमा हुने विसङ्गतिका विरुद्धमा बुलन्द आवाज निकाल्ने एक साहसी नागरिक नेपाल आमाका सच्चा सपूत विशिष्ट साहित्यकार भरत जङ्गमलाई उहाँको हीरक महोत्सवको पावन अवसरमा सुस्वास्थ्यसहित दीर्घजीवनका निम्ति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै उहाँप्रति उहाँकै नाममा निम्न ६ पङ्क्तिको कविता अर्पणसमेत गर्दछु ।

भक्त हुन् मातृभूमिको, देश बचाऊँ भन्दछन्  
रहस्य खोली भ्रष्टको, सारा उदाङ्ग पार्दछन् ।  
तरै काटेर देशको, आफ्नो परिवार पोस्नेलाई  
जङ्गली ती पशुले झैँ, धर्मसंस्कृति मास्नेलाई ।  
गरौँ भन्छन् बहिष्कार, देशनिकाला गरौँ भन्छन्  
मर्नु नै छ भने आखिर, देशकै लागि मरौँ भन्छन् ।

•



ज्ञानेन्द्र गदाल गीतकार हुनुहुन्छ । उहाँका गीतसङ्ग्रह र सीडीहरू प्रकाशित छन् । उहाँले विभिन्न पुरस्कार तथा सम्मान पाउनुभएको छ । उहाँ हाल अमेरिकामा बसोवास गर्नुहुन्छ ।

# विश्वचर्चित सिद्धान्तका सिद्धान्तकार
## – तारा बराल

भरत जङ्गमलाई चिनेको धेरै भएको छैन । तर जुन मिनेटदेखि उहाँलाई मैले भेटेर चिनेँ, त्यस दिनदेखि एक प्रेरणादायी गुरुका रूपमा लिन थालेँ ।

विक्रम सम्वत् २०७३ सालतिरको कुरा होला, गणतन्त्रको जरा बलियो हुँदै जाँदा जताततै भ्रष्टाचारले आतङ्क मच्चाउन थाल्यो ! समाचार सुन्यो कि जताततै, जेमा पनि अनियमितता । तर जनताको कुरा सुन्यो कि जताततै 'आई एम विथ केपी ओली, आई एम विथ शेरबहादुर, आई एम विथ प्रचण्ड' सुनिने । झन् तनावमाथि तनाव । सबै जनता नेताका र नेता कार्यकर्ताका । देशका लागि को छ त ? यो प्रश्न र खोजी मेरो मनले गरिरहेको थियो । देशकै कारणले पारिवारिक मायाममता, चिन्ता हराउँदै अर्धपागल भनिनेजस्तो अवस्थामा म समाचार नसुनी पनि नछोड्ने, सुन्यो कि पारो तातेर आइहाल्ने, नेताका रवैया र देशको स्थिति देखेर समाचार भन्ने टीभी नै फुटाइदिनुजस्तो लाग्ने हुन थालेको थियो ।

त्यत्तिकैमा एउटा हल्का बुढा मान्छे फेसबुकमा लाइभ आएर सबैले जयजयकार गरिरहेका नेताहरूका कुकृत्यलाई एक-एक केलाउँदै देश लुटिरहेका छन् भन्दै एउटा मात्रै नभएर धेरै विषयमा दिनहुँजसो खण्डन गरेर सार्वजनिक गरेको देखेँ । त्यस्तो कोही नबोलेको, टुलुटुलु भ्रष्टहरूको रमिता हेरिरहेको समाजमा यति खुलेर बोल्ने यो बुढो को होला हँ ? कति आँटिलो रहेछ, कानुनी कुरा पनि गरेको छ, हचुवामै उफ्रेको त पक्कै छैन, धेरै तथ्यहरू बटुलेर बोलिरहेको छ भनेर मेरा श्रीमान्लाई देखाएँ । उहाँले पनि तीन-चारवटा भिडियो हेरेपछि प्रोफाइल र अन्य पत्रकारजस्ता केही कुराबाट उहाँको परिचय भेट्टाएँ । आफूलाई देशको उँधोगति देखेर मुटु पोलिरहेको बेला यतिको दम भएको मान्छेसँग एकपटक बोल्दा मात्रै पनि केही सित्तल हुने थियो कि भन्ने लागिरहेको थियो ।

केही समयपछि गुठी विधेयकको लडाइँ सुरु भयो । सार्वजनिक, सरकारी जग्गाहरूको खोजी गरेर कानुनी लडाइँ लडिरहनुभएका अधिवक्ता हुनुहुन्थ्यो कोषराज काफ्ले । उहाँलाई 'गुठी विधेयकमा पनि मुद्दा हाल्न मिल्दैन सर ?' भनेर फोन गरेर सोधेँ । उहाँले भन्नुभयो – "गुठीको खोजी भरत जङ्गमले गरिरहेका छन् । उनलाई भेट्नुस् न !"

त्यो सुनेर आफूलाई 'के खोज्छस् काना ? आँखो' भनेझैं मनले खोजिरहेको व्यक्तिको नाम पाएँ र भनें – "उहाँको फोन नम्बर छ भने दिनुस्, नत्र खोजेर भए पनि दिनुस् न त सर !"

उहाँसँग नम्बर रहेछ, तुरुन्तै दिनुभयो । मैले तुरुन्त भरत गुरुलाई फोन गरेँ, मनमनै डराउँदै उहाँ त ठूलो मान्छे हामीजस्ताको फोन उठाउने हो कि होइन, उठाए पनि काटिदिने हो कि, दुईचार वाक्यचाहिँ बोल्न पाए हुने थियो जसरी पनि भन्ने लाग्दै । उहाँले यति राम्रो रेस्पोन्स दिनुभयो कि मैले त गुठी विषय मात्रै राखेथेँ, उहाँले त सुरुमै भन्नुभयो – "सम्भव हुने ठाउँमा छ्यौ भने यहाँ मेरो अफिसमा आऊ, यो विषयमा त आन्दोलन नै नगरी हुन्न, सडकमै जाने हो, आउन सक्छ्यौ ?"

'ए, कति जाँगरिलो बुढा मान्छे होला हँ' भन्दै मनमनै अचम्म लाग्दै यतिको उमेरको व्यक्ति त सडकमा लड्न निस्कौं भन्छ भने मैले कसरी सम्भव छैन भन्ने ! त्यसमाथि भेट्न मन लागेको मान्छेले भेट्न आऊ भनिदिएको छ । अब के बहाना पारेर काठमाडौं जाऔँ, भेट्नचाहिँ म यो मान्छेलाई भेटेरै छाड्छु यतिको मौका मिलेको बेलामा भन्ने लागेर मामाघर काठमाडौंमै भएको र माइजू अलिअलि बिरामी भएको थाहा पाएर घरमा डाक्टर माइजू धेरै बिरामी भन्ने सुनें, राति नाइटमा भए पनि गएर भेटेर आइहाल्छु है भन्दै परिवारलाई नै भनौं ढाँटेर काठमाडौं आएँ । तर माइजू भेट्न होइन, भरत गुरुलाई भेट्न भनेर ।

उहाँले राम्ररी स्नेहपूर्वक चियाखाजा खुवाएर यति धेरै प्रेरणा दिनुभयो कि उहाँको देशप्रेम देखेर मेरा आँखा रसाए । मनमनमा लाग्यो – यस्तो पो हो त मानव भनेको त ! उहाँले मलाई गरेको सद्भाव, सम्मान देखेर मनमनै डराएँ पनि 'कतै यो मान्छेले मलाई कुनै ठुलै मान्छेजस्तो पो ठानिरहेको छ कि ! म त यति मान्य मान्छे त होइन, मलाई एउटा सर्वसाधारण हो भन्ने नचिनेर यति सम्मानपूर्वक व्यवहार गरेको भए त भोलि मेरो सबै गरिबी, बेरोजगारी, अति नै कमजोर आर्थिक स्थिति, न त कुनै परिचयको पद, एउटा सर्वसाधारणको दिनचर्या बुझिसकेपछि कतै झसङ्ग हुने त होइन यो सारा कुराले पूर्ण र ठूलाठूला मानसम्मान पाएको उच्चकोटिको व्यक्ति ? भन्ने लागेर उहाँलाई म एक साधारण मान्छे भएकी तर उहाँको विचार देखेर एकपटक दर्शन मात्रै गर्न आएकी, मलाई अरू विशेष केही नठानिदिन आग्रह गरेँ । उहाँले 'तिमी मान्छे होइनौ र त्यस्तो कुरा गरेकी ? मचाहिँ को हुँ त ? मेरो चाहिँ कुन संसार छ त ? पैसापैसा भनेको भए म पनि जति पनि थुपार्न सक्थेँ । सम्पत्ति नै संसार होइन । तिमी मलाई भेट्न भनेर त्यहाँबाट आयौ

नि, यसरी एउटा विचार भेट्न खोज्नु नै ठूलो कुरा हो । तिमी सम्पत्ति भेट्न भनेर आएकी भए त पक्कै मकहाँ आउने थिइनौ । धनीधनी नेताहरू भेट्न जान्थ्यौ होला नि त !”

त्यसपछि मलाई पनि गरिब भएकोमा ढुक्क लाग्यो । भोलिपल्टै गुठी विधेयकको आन्दोलन रहेछ । उक्त आन्दोलनमा म पनि सहभागी भएर फर्किएँ । त्यसपछि भरत गुरुसँगको सम्बन्ध र सम्पर्क अति नै प्रगाढ बनेर आयो । मैले उहाँलाई एउटा समादरणीय गुरुकै रूपमा लिइरहेकी छु । अहिले त लाग्छ यी सारा सामाजिक विकृतिहरू, एक-अर्कामा दोषारोपण, चरित्रहत्याजस्ता अभियान देख्ता धन्न भरत गुरु उमेरले अलि पाको भइदिनाले मैले यतिको धेरै सम्पर्कमै रहँदा पनि समाजले नकारात्मक दोष थुपार्न नसक्ला कि ? उहाँले भ्रष्टाचारविरुद्धको सिद्धान्त प्रतिपादन गरेर नेपालको मुख्य शिक्षालय त्रिभुवन युनिभर्सिटीलगायत देशभर र विश्वमा नै लागू गराइरहनुभएकाले म अब झनै उहाँकै चेली भएर हिँड्ने बाचा गर्दैछु ।

## मैले किन गुरु भनेँ ?

जन्मिएदेखि जीवनमा आमाबुबा, दाजुदिदी, नातागोता, छरछिमेकी हरेकलाई कुनै न कुनै कुरामा गुरु बनाइएकै हुन्छ । विद्यालयदेखि कलेजका विभिन्न लेभल पार गर्दै जाँदा सयौँ शिक्षकहरूलाई औपचारिक गुरुहरू मानियो । प्रायः सबैले ठगी नगर्नू, नढाँट्नू, छलकपट नगर्नू भन्नेजस्ता शिक्षा दिनुहुन्थ्यो । दस वर्षको उमेरदेखि तीन फन्के सारी लगाएर कुनै न कुनै पार्टीलाई भोट हाल्न कानुन बनाउंने र लागू गराउने नेताले घरमै आएर उक्साए । भोट हाल्ने उमेर नपुग्दै दर्जनौँ भोट दर्जनौं पार्टीलाई दिइएछ । कारण हरेक पार्टीका घोषणापत्रका प्रमुख एजेन्डा नै ‘भ्रष्टाचार नियन्त्रण’ भन्ने हुन्थ्यो र यस शब्दलाई हाइलाइट गरिएको हुन्थ्यो । तर घरपरिवार र शिक्षालयका गुरुहरू, भोट हालेका पार्टीहरूले भ्रष्टाचार, ठगी नगर्नू भने पनि कसरी नगर्नू, कसरी गरिन्छ, भए के गर्ने, भ्रष्टाचार भए के हुन्छ, कसरी निराकरण गर्ने भनेर सिकाउनुभएनछ ।

अझ दलगत स्वार्थले त यस्तो सस्तो लोकप्रियता सिकाएको रहेछ कि चुनाव जितेपछि घोषणापत्रअनुसारको सदाचारी, सुशासित समाज बनायो भने अर्को चुनावमा ‘भ्रष्टाचार नियन्त्रण’ भन्ने एजेन्डै बिक्तैन, बरू हातमा साँचो र डाडुपन्यु लिएको बेला मजाले सम्पत्ति थुपार्ने र जनतालाई आक्रान्त पार्ने, नत्र त अर्को चुनावमा ‘भ्रष्टाचार नियन्त्रण’ भन्ने एजेन्डा बिक्तैन भनेझैँ तरिकाले निर्धक्क चलिरहेका छन् ।

भरत गुरुले औपचारिक रूपमै शिक्षक, पण्डित आदिजस्ता गुरु मानिने पद धारण गर्नुभयो कि भएन, मलाई थाहा छैन । तर उहाँले अरूले जस्तो चर्को नभुकीकनै भ्रष्टाचार भनेको के हो, कसरी हुन्छ, कस्तो असर पार्छ, कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने नालिबेलीसहितको विश्वलाई पढाउने दर्शनशाश्त्र नै प्रतिपादन गरिदिनुभयो । उहाँको सफलता व्यक्तिगत सफलता नभएर विश्वले आफ्नो मुलुक सफल पार्ने सूत्रका रूपमा आत्मसात गरेकोमा हामी यही देशका नागरिकले यसको खुसीमा सहभागिता जनाउन रहर नहुने भ्रष्टहरूले पनि बाध्यतापूर्वक मान्नैपरेको छ ।

मेरो जीवनभरकै रोजाइको विषय यही क्षेत्र भएकाले र ठगी तथा भ्रष्टाचारलाई असफल पार्न के गर्नुपर्छ भन्ने सबैभन्दा ठूलो ज्ञान नै जीवनभरका गुरुहरूमध्येमा उहाँका क्रियाकलाप, अभियान र सिद्धान्तबाट सर्वोत्कृष्ट ज्ञान पाएकी हुनाले मैले उहाँलाई निर्धक्क रूपमा निर्विवाद विशेष गुरु मानेर हरेक ठाउँमा बारम्बार गुरु भनेर सम्बोधन गर्दैछु ।

## भ्रष्टाचारीहरू उहाँका गुरु :

नेपालको भ्रष्टाचारले भरत गुरुलाई कति तनाव दियो होला, कति प्रेसर बढाइदियो होला, कतिपटक छटपटी दियो होला । कति दुःख र दौडधुप गर्नुपऱ्यो होला । तर भूकम्प, हात्ती र चोरले घर पक्की बनाउन सिकाउँछ । बाढीपहिरोले भूमि चिन्न सिकाउँछ । हुरीबतासले छानो कस्न सिकाउँछ । नेपालको चरम भ्रष्टाचार पनि भरत गुरुका लागि प्रमुख सैद्धान्तिक आधार बन्यो । उहाँले यति धेरै ज्ञान सङ्कलन गर्नमा यी र ती भ्रष्टहरू नै उहाँका प्रमुख गुरु बनेका देखिन्छन् । त्यो गरेका थिएनन् भने त्यो चोखो मस्तिष्कमा यो ज्ञान कहाँबाट घुस्न पाउँथ्यो र ? यसैले उहाँले यो विषयमा अब ज्यानै लाने गरी बढी तनाव नलिई गौरव गर्न पनि सक्नुपर्छ कि उहाँ वेलायत, जर्मनी, क्यानडा, चीन, खाडी मुलुकजस्ता समृद्ध, शान्त, स्वच्छ तरिकाले चलेका देशका कुनै गर्भबाट जन्मिनुभएको भए यो सिद्धान्त निस्कने थिएन । कहीँ-कतै आरामले कमाउने र खाने जीवनमा मस्त हुनुहुन्थ्यो होला । विश्वले उहाँलाई चिन्ने थिएन । गुरु मान्ने थिएन ।

त्यसैले जसले उहाँलाई यति ठूलो संसार जित्ने विद्या दिए, जसले सरकारी हेलिकोप्टरलाई निजी पारेर डुलाए तर इज्जतमा एउटा क्षितिज काट्न सकेन, तिनैबाट निचोरेर निकालिएको ज्ञानरूपी उहाँको सिद्धान्त आफ्नो मात्रै नभएर अरू देशका लागि पनि आदर्श बन्न सक्नेछ । कसैलाई घाटा हुने छैन दलालहरूबाहेक । ती भ्रष्टहरूलाई हामी सरापौँला बरू, उहाँले

त जीवनकै ठूला गुरु मान्नुपर्छ । सिद्धान्त बनेको छ, सुधार त गर्दै जाउँला । भ्रष्टाचारलाई शत्रुका रूपमा मात्रै नमान्नुहोला, हजुरले त योगदान र वरदान पनि माने हुने रहेछ । बढी तनावले जीवन खतम गराउन पनि सक्छ । अबको ख्याल देशलाई मात्रै नदिई आफ्नो स्वास्थ्यलाई पनि दिन अनुरोध गर्न चाहन्छु ।

**वास्तविक अभियन्ताका रूपमा गुरु :**

वास्तवमै अभियन्ता कहलिनका लागि कुनै न कुनै विषयमा आमूल परिवर्तनकारी सोचका साथ लिखित अवधारणा लिएर हिँडेको व्यक्ति हुनुपर्छ । कुनै विषयको विशेषज्ञ हुनुपर्दछ । तर आजको नेपालमा कुनै समाचारले खोजी गरेर बजारमा ल्याइदिएका समाचारपत्र हातमा बोकेर सडकमा दुई-चारवटा क्यामेरा लिई आएर आफ्नो व्यक्तिगत स्वार्थ र घुमाउरो तरिकाले राजनीतिक मूल बाटो बनाउन बुरुकबुरुक उफ्रिँदै आफैँलाई 'भ्रष्टाचारविरोधी अभियन्ता' को परिचय मपाइँ बन्दै दिलाउने सडके अभियन्ताको कमी छैन ।

अर्कातिर कोही यही एजेन्डाले १० जना भेला हुने पार्टी खोल्ने र अर्को प्रतिस्पर्धीले अरू १० जना बनाएर समाजकल्याण परिषद्मा दर्ता गर्ने, नेतासँग मिलेर दुई-चार पैसा बजेट पनि तान्ने र आफू दर्तावाला भएर अरूभन्दा आधिकारिक हामी हौँ भ्रष्टाचारविरोधी अभियन्ता भन्नेहरूको पनि सयौँ झुन्ड देखिन्छ मानौँ नेपालमा जनताभन्दा बढी भ्रष्टाचारविरोधी अभियन्ता भएर यो गति भइरहेको हो । उनीहरू सबै को हुन् ? के काम गरे ? कहाँ गरे ? कस्ता छन् त ? तथ्यगत आधार केही छैन । तर भरत गुरु न त पार्टी, न त संस्था, न त समाजकल्याणको बजेट । गुपचुप, चुपचाप के गरिसक्नुभएको रहेछ र कहाँ पुग्नुभएको रहेछ भन्ने कुरा युटुबका अभियन्ता हेरुन्जेल थाहै थिएन ।

उहाँले अफिस पुग्नेबित्तिकै भारी हालिदिएका किताब सुरुमा समाउनै अल्छी लाग्दैथ्यो । तर किताब दिँदा नसमाउने कस्तो विद्यार्थी भन्नुहोला कि भन्दै जब समाएर घर लगेँ, पढ्ने सुरले होइन, विषयवस्तु बुझ्ने सुरले यसो दुई-चार पाना उठाएर हेरिहेरेको त घरको काम नै छलेर पढ्न बाध्य गराए ती पुस्तकहरूले । अनि पो झसङ्ग भएँ । लाग्यो मैले त फेसबुकबाटै कति न ठूलो ठानेको भरत जङ्गम त पुस्तकालय पो हुनुहुँदो रहेछ । यति धेरै ज्ञानसहित भ्रष्टाचारविरुद्धमा सोच किताब मात्रै होइन, कानुनी लडाइँ लडेको र सिद्धान्त नै प्रतिपादन गरेको व्यक्तिको नाम । सम्मान खै ? अभियन्ता भरत गुरु नभनिएर अरू सडकमा आएर आफ्नो फोटो तँछाडमछाड गर्दै युटुबमा

देखाउन सडकमै एक-अर्कामा हानाहान गर्दै, लफडा गर्दै प्रहरीलाई हैरानी दिनेहरू कसरी अभियन्ता कहलिँदैछन् यहाँ ? अभियन्ता भनेको के हो या को हो ? मस्तिष्कमा खातमाथि खात प्रश्न थुप्रिरहेछन् । आजकल जब भरत गुरु एउटा कोठाबाट मुसुमुसु हाँस्तै चियाइरहनुभएको होला, ती अभियन्ताहरूलाई हेर्दै स्वयम्भूले गिज्याइरहेको होला भरत गुरु र सडकबाटै स्वघोषित अभियन्ताहरूको तुलना गरेर । यो एउटा मननयोग्य र गम्भीर प्रश्न गर्दैछ मेरो मनले ।

वास्तवमै नेपालको भ्रष्टाचारविरोधी अभियन्ता को हो त ? विश्वमै भ्रष्टाचारविरोधी सिद्धान्त बनाएर पढाउने, राज्यका हरेक तहतप्कालाई कानुनी लडाइँ लडी दण्ड दिलाउने, धेरै पाठ्यसामग्री बनाउने भरत जङ्गम वास्तविक अभियन्ता कि सडकमा भाषण गर्नेहरू ?

धेरैले भन्छन् केही कुरामा सफल हुनुछ भने दसतिर हात हाल्ने होइन, एउटै कामलाई निरन्तरता दिए पो सफल भइन्छ । तर धेरैलाई एउटै बाटो लिएर हिँडे पनि म त्यति सफल देख्तिनँ, जति भरत गुरु दसै दिशामा सफल भइरहनुभएको छ ।

- न त जीवन नै साहित्यमा बिताउने नेपालीले आफ्नो एउटा कृति विश्वमै पुऱ्याउन सफल भएका छन्, जसरी उहाँको 'कालो सूर्य' विश्वका अनेक भाषामा दौडिँदै चम्किरहेको छ ।

- न त जीवन नै प्राध्यापन पेसामा बिताउने नेपाली प्रोफेसरले कुनै एउटा पाठ्यसामग्री तयार गरेर अन्तर्राष्ट्रिय बनाउन सकेको छ, जसरी भरत गुरुको सिद्धान्तले उहाँलाई 'फादर अफ एन्टिकरप्टोलोजी' जुन अझ फादर थेवरी अफ द थेवरिज नै भएको छ ।

- न त जीवन नै पण्डित्याइँ गरेर बिताएका नेपाली धर्मगुरुहरूले समाजलाई सदाचार, धर्मसहिष्णुता, धर्मसंस्कृतिको महत्त्व, प्रवर्द्धन, सम्वर्द्धन र संरक्षण गर्न पढाउन सकेको छ, जति भरत गुरुले धार्मिक र सांस्कृतिक क्षेत्रको संरक्षण, महत्त्व आदिमा योगदान दिनुभएको छ भन्ने तथ्य देशकै प्रमुख तीर्थस्थलहरू पशुपति, वागेश्वरी, गोदावरी, डोलेश्वर, नीलकण्ठेश्वर, शब्दयात्रा शारदा, धनेश्वर, उग्रेश्वर आदि मन्दिरहरूको संरक्षण गरी धार्मिक जीवनको महिमा बढाउने यात्रामा दौडिरहनुभएको छ ।

- जीवनको पेसा नै अधिवक्ता मात्रै बनेर बिताउँछु भन्ने हजारौँ अधिवक्ताहरू जसले धेरैले व्यक्तिलाई न्याय-अन्याय दिलाएर भरत गुरुलाई कमाइमा जित्नुभयो होला, तर देशलाई नै न्याय दिने काममा भरत गुरुले झैँ उपलब्धि पाएको धेरैले त्यति देखिएन ।

- जीवन नै पत्रकारितामा बिताउने धेरैले विभिन्न दलगत राजनीतिक सङ्घ-सङ्गठनका सदस्य बनेर अध्यक्ष, उपाध्यक्ष, सम्पादक आदि पनि बनेका दर्जनौँ तीता तथ्य छन् । तर भरत गुरुले झैँ देशका अग्रस्थानमा मानिएका कान्तिपुर, गोरखापत्र, समाचारपत्र, हिमालय टाइम्ससमेत हरेकमा जतातत्तै राम्रो स्थान लिएको पाइन्छ, भनौं जेमै नाम आए पनि 'भरत जङ्गम' देखेपछि एकपटक आँखा र मस्तिष्कले त्यो लेख पढ्ने चाहना गर्छ । मतलब पत्रकारितामा पनि उहाँको जीवन उच्चतम सफल देखिन्छ, हरेक पाठकमा रोजाइमा परेकै देखिन्छ ।

## चुच्चे ढुङ्गो उहीँ टुङ्गो :

चाहे समाचार, कविता, गजल, उपन्यास, निबन्ध, गद्य, पद्य जेसुकै विषयमा होस्, उहाँले चलाएको कलमलाई फरक भाव, फरक उमेर, फरक रहर, फरक परिस्थितिले अरूलाई झैँ फरक समयमा फरक भावमा डुबाएको पाइँदैन ।

उपन्यासले कसैको व्यक्तिगत पीडा देखाएर रुवाउला, कथाले विविध मनोरञ्जन दिएर हँसाउला । निबन्धले 'मेरो देश राम्रो छ' भनेर देशलाई फुर्क्याउला, गजलले प्रेमालाप गाउला, तर भरत गुरुका लेख जुनसुकै विधामा किन नहुन् के भावार्थ आउला भनेर पढ्दै गयो, आखिर यौवनदेखि बुढेसकालसम्म नै जहिल्यै, जेमै मनोरञ्जन लिन्छु, खुसी बाँड्छु, आराम लिन्छु भनेर भाव दर्साएको भेटिएन, घुमाइफिराइ कविता, गजल, निबन्ध, उपन्यास वेमै होस् चुच्चे ढुङ्गो उहीँ टुङ्गो भनेझैँ भ्रष्टाचारकै बारेमा छ, देशप्रेमले नै खटपटी दिएको छ ।

## मूल्यविहीन गुरु :

भरत गुरुलाई 'नेपालमै मूल्य नभएको एक मात्रै व्यक्ति' भनैँ भने म गाली खान्छु होला । तर आजसम्मका राष्ट्र चलाउने उच्च ओहदाका प्रधानमन्त्री, मन्त्री, सांसद, स्थानीय जनप्रतिनिधिदेखि ठेकेदार, व्यापारी आदि धेरै ठाउँमा धेरै अवस्थामा अति चरणको मूल्यसहित किनबेच भएका समाचार पढियो, सुनियो । सरकार बनाउने र ढलाउने बेलामा संसदहरूको बजारमूल्य सर्वाधिक हुने गरेको पाइयो । सरकारी जग्गा, कलकारखाना निजीकरण गर्दा कर्मचारीहरूको मूल्य सर्वाधिक, विदेशी सम्झौता पास गराउने बेला प्रधानमन्त्री, मन्त्रीहरूको मूल्य सर्वाधिक । मन्त्री बन्न प्रधानमन्त्री नै किन्नुपर्ने, संसदको टिकट पाउन पार्टी अध्यक्ष किन्नुपर्ने र निर्वाचनताका जनताको एक

भोटको मोलमोलाइ झनै चानचुनेले टेन्डर पार्नै नसकिने मार्कसिट भर्ने बेला पनि काका कर्मचारी छोइनसक्ना भएर महँगिने, अन्यायमा परी मुद्दा लड्दा वकिलहरू पूर्वजन्मकै साहु भइदिने, लोकसेवाको १ सिटका लागि घरबारी नै बेचेका रे भन्नेजस्ता समाचार छ्यापछ्याप्ती पढियो, सुनियो ।

भरत गुरुलाई आजसम्म कसैले किनबेचका लागि मोलमोलाइ गरेको देखिएन, सुनिएन । अलि त उहाँको हुर्काइ नै उष्ण राजनीतिक व्यवस्थामा भएर होला, करोडौँले आजको भोलि सिजनल छेपाराले झैँ रङ फेर्दा उहाँ सदावहार उस्तै, एउटै रङ्गमा मूल्यविहीन भएर माथिका बजारमूल्यका विरुद्दमा पो होमिइरहनुभएको छ ।

## टोक्ने कुकुरले भुक्तैन :

आजसम्म धेरै दलगत नेताहरूले हजारौँ, लाखौँ, करोडौँ ताली पाए । केवल 'म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचारीलाई हेर्न पनि सक्तिनँ' भन्ने आफ्नो कोटेसन बनाए । त्यत्तिकै आधारमा हरेक चुनावमा भोट पनि बटुलिरहे तर वर्षको खरबौँ बजेट बेरुजु पारिरहे, सरकारी संस्थानहरूलाई निजीकरण गरिरहे, देश टाट पल्टाइरहे, व्यापारीका कर पार्टीले उठाउने फेसन नै चलाए, वैदेशिक ऋणमा जनतालाई उठ्नै नसक्ने गरी डुबाइदिए, चाहे प्लेन खरिद होस् चाहे महामारीको नाममा होस् जनतासँग नेताले व्यापार गरे, नाफा कमाए, खाए तर पनि भुक्न छाडेनन् 'हामी भ्रष्टाचारविरोधी हौँ' भनेर ।

तर भरत गुरुले त्यसरी भुकेको कहिल्यै भेटिएन । उहाँलाई पनि त्यस्ता मूर्ख जनता थुप्रिएका स्टेजहरू पक्कै जुर्थे होलान् । उहाँले भुक्नु त भएन तर उहाँका हरेक क्रियाकलापबाट आजका उपलब्धि, सरकारविरोधी मुद्दाहरूको सफलताबाट थाहा भयो उहाँले नभुकी कति धेरैलाई टोकिसक्नुभएको रहेछ भित्रभित्रै । अझ उहाँको सैद्धान्तिक रेबिजले त विश्वमै आतङ्क फैलाइसकेको छ अहिले ।

## यो मानेमा पनि उहाँ महान् नै हो :

भरत गुरुलाई नेपालकै सर्वोत्कृष्ट व्यक्तित्व भनेर अर्थ्याएँ भने यहाँ धेरै मपाइँहरूका कन्सिरी तात्लान् भन्ने टाउकोदुखाइ पनि छ । किनकि न त उहाँले कहिल्यै चुनाव जित्नुभएको छ, न त लोकतान्त्रिक सरकारबाट विभूषित नै हुनुभएको छ, न त कुनै शासकहरूले हाइहेलो नै गर्छन्, न त विदेशी विशेष दूतहरूले भेटघाट नै गर्छन् । तर म गर्वका साथ भन्न सक्छु उहाँलाई विवेक हुने, बुद्धिजीवी, शिक्षाप्रेमी, गरिब जनताले अति रुचाउँछन्

भनेर । हरि मञ्जुश्रीद्वारा सम्पादित 'कालजयी व्यक्तित्व भरत जङ्गम' का अनुसार –

- भरत जङ्गम एकजना सशक्त, बौद्धिक व्यक्तित्व हुनुहुन्छ (प्रेमप्रसाद काफ्ले, पेज १९०)
- देश र समाजलाई कुनै न कुनै रूपबाट सेवा गरिरहने राष्ट्रसेवक, कर्तव्यनिष्ठ, प्रखर व्यक्तित्व भरत जङ्गम (जनरल रवि शमशेर जबरा, पेज १९४)
- हाम्रो समाजलाई अग्रगामी दिशातर्फ डोहोऱ्याउंन र भ्रष्टाचारका कारण अन्धो र लङ्डो भइसकेको प्रशासनिक संयन्त्रलाई मर्मतसम्भार गर्न सफल समयले आवश्यकताअनुसार जन्माएका व्यक्तित्व भरत जङ्गम (शङ्कर पौडेल, पेज १९६)
- सामाजिक स्थितिका मर्मज्ञ भरत जङ्गम (कृष्णलाल प्रधान, पेज २१४)
- सबै क्षेत्रमा अघि (ध्रुव सापकोटा, पेज १२६)
- विविधतापूर्ण सक्रियताका पर्याय (नरहरि आचार्य, पेज ५४५)
- आदर्श नेपालका परिकल्पनाकार भरत जङ्गम (माया ठकुरी, पेज ५६६)
- बालबालिकाहरूका असल साथी भरत जङ्गम (रश्मि मञ्जुश्री अधिकारी, पेज ५६७)
- नेपाल आमाका सपूत भरत जङ्गम (विद्यादेवी देवकोटा, पेज ५७४)
- भ्रष्टाचारविरोधी साधक भरत जङ्गम (डा. पन्नाकाजी अमात्य, पेज ४५०)
- भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गम (रामचन्द्र न्यौपाने, पेज ४६४)
- भ्रष्टाचारविरुद्धको विज्ञानको विकासमा भरत जङ्गम (डा. विहारीविनोद पोखरेल, पेज ४७०)
- ऐतिहासिक महत्त्वका व्यक्तित्व भरत जङ्गम (पासाङ गोपर्मा, पेज ४०७)
- भ्रष्टाचार विरोधी अभियानकर्ता भरत जङ्गम (जीवराम भण्डारी, पेज ३९१)
- वैचारिक आन्दोलनका जागरुक र निडर लेखक भरत जङ्गम (डा. सुरेन्द्र केसी, पेज ३००)
- कटिबद्ध समाजसेवी भरत जङ्गम (डा. स्वामी प्रपन्नाचार्य, पेज २०७)

- धेरै क्षमता र क्रियाशीलताका उदाहरण भरत जङ्गम (विनोद पौडेल, पेज ४३)
- लोकप्रियताले विशिष्ट स्थानमा भरत जङ्गम (ईश्वर वल्लभ, पेज ७६०)
- विसङ्गति र असमान व्यवहारको भन्डाफोर गर्ने व्यक्ति भरत जङ्गम (डा. अरुणा उप्रेती, पेज ७२८)
- भ्रष्टाचारविरोधी साहित्यकार भरत जङ्गम (प्रमोद प्रधान, पेज ७३५)
- सुधारक र विद्रोही भरत जङ्गम (गणेशबहादुर थापा, पेज ७८०)
- विश्वसाहित्यमा उभिन सफल साहित्यकार भरत जङ्गम पद्मावती सिंह, पेज ८०५)
- साहित्यमा नौलो कीर्तिमानी भरत जङ्गम (राष्ट्रकवि माधवप्रसाद घिमिरे, पेज ८२९)
- प्रेम र सद्भावमा समर्पित व्यक्तित्व भरत जङ्गम (डा. माधव भट्टराई, पेज ८३१)
- साहित्यिक, सामाजिक र राजनीतिक व्यक्तित्वका त्रिवेणी भरत जङ्गम (रामनारायण देव, पेज ८४५)
- राष्ट्रिय चर्चाका व्यक्तित्व भरत जङ्गम (शान्तदेव भट्टराई पेज ८६४)
- Bharat Jangam As Voices against Corruption - Dr. Chuda Bahadur Shrestha, पेज ८८०)

यी माथिका भनाइहरूबाट पनि प्रस्ट छ कि भरत गुरुलाई एक महान् व्यक्तित्व भनेर मैले मात्रै भनेकी होइन, उहाँबाट कुनै फाइदा लुटौँला कि भनेर फुर्क्याएकी पनि होइन र यसो भन्ने मान्छे म एक्लै पनि होइन । त्यहीमाथि उहाँको विश्वकीर्तिमानीको चर्चाले मलाई पनि अति हौसला थप्ने काम गरेको छ । किनभने मैले पनि केही गर्नैपर्छ उहाँको उपलब्धिलाई बचाएर लान निरन्तरता पनि दिनैपर्छ ।

त्यो हाम्रा लागि अब रहर, इच्छा मात्रै नभएर कर्तव्य, जिम्मेवारी र बाध्यता नै हुन आएको छ भन्ने भावना जागृत गराएको छ भन्दै म आफू पनि उहाँले बनाएको एक जटिल, अप्ठ्यारो बाटोमा उहाँकी एक चेली र सेनाका रूपमा उहाँले बारुद भरेको बन्दुकलाई सही ठाउँ ताकेर पड्काउने जमर्कोसम्म गर्नेछु भन्ने बाचासमेत दिलाउन चाहन्छु ।

## मेरा विद्यार्थीका रूपमा भरत गुरु :

अन्त्यमा, म त्रिभुवन विश्वविद्यालयअन्तर्गतको शिक्षक भएझैँ गरी त्यहाँ निर्विवाद चलिरहेको तर समस्या नै समस्याले भरिएको वर्षभरिको कोर्स र सयौँ पाठबाट जम्मा ५ वटा प्रश्नको जवाफ लेखेर सय नम्बर ल्याउंनुपर्ने बाध्यात्मक मोडेलको प्रश्नपत्र तयारी गरी भरत गुरुलाई एक विद्यार्थीलाई झैँ प्रश्न गर्न चाहेँ कि हजुरले आजसम्म के-के गर्नुभयो ? त्यो अनकन्टार काँडाघारीमा एक्लो ज्यानले, कुनै आधारविनाको खाली खुट्टाले पार तरेरै छाड्छु भन्ने आँट, अठोट, तपस्या, दृढ सङ्कल्प कसरी कहाँबाट, केबाट, कोबाट, कहिलेबाट लिएर यो सफलता हात पार्न सफल हुनुभयो, जसले देशलाई कालो सूर्य, रातो सूर्य, नीलो सूर्य हुँदै एक चम्किलो सूर्यतर्फ मोड्ने प्रयास गरिरहेको छ ? हजुरको यो योगदान र अन्तर्राष्ट्रिय कीर्तिमानीबारे हाम्रो सरकारलाई थाहा छ कि छैन ? आफ्नै कलमबाट ३०० शब्दमा नघटाई प्रस्ट पारिदिनुस्, जनता जान्न चाहन्छन् ।

●



तारा बराल भरतपुरनिवासी समाजसेवी हुनुहुन्छ । उहाँ भ्रष्टाचारविरोधी अभियन्ताका रूपमा पनि परिचित हुनुहुन्छ ।

# उहाँलाई मेरै दृष्टिकोणले हेर्छु
## – तीर्थराज अधिकारी

'नेपाललाई फूलबारी बनाउनुछ, सिरुबारी होइन' भन्ने जस्तो आदर्श सोच भएका, चस्माको सबै लेन्सबाट हेर्दा एउटै समाज देखिनुपर्दछ, बौद्धिक वर्गले सही कुरा भन्नुपर्‍यो भनेर वकालत गर्दैमा भरत जङ्गमको ऊर्जाशील जवानी बित्यो । 'पहिचान देख्नुमा छ, पहिचान अनुभवमा छ', यो उहाँको आदर्श हो । यस्तै पवित्र भावना बोकेर झन्डै सात दशक बिताउन लागेका एकजना कर्मशील योद्धाको नाम हो भरतमणि जङ्गम । केही गर्ने उत्कट चाह र निरन्तर त्यही मार्गमा लागिरहने थकानमुक्त चरित्रका धनी हुनुहुन्छ उहाँ । प्रत्यक्ष सङ्गत हुन सकेन तर उहाँका विषयमा मैले धेरै सुनेको छु, पढेको छु ।

उत्कट राष्ट्रवादी, सामाजिक न्यायका प्रखर उद्घोषक, अथक परिश्रमी, अत्याचार र उत्पीडनको डटेर विरोध गर्ने स्वभाव, आडम्बरविहीन गम्भीरता र भ्रष्टाचारको विरोधमा सम्झौताविहीन सङ्घर्षरत सिपाही हुनुहुन्छ जङ्गम । उहाँले राजनीतिमा भन्दा सामाजिक आन्दोलनमा धेरै समय खर्चिनुभयो । उहाँमा झूटो भय र मिथ्या अभिमान कहिल्यै आएन । आवरणमा सजिलै प्रभावित नहुने स्वभावले उहाँमा उच्च मनोभाव पैदा हुँदै गयो । यसैको फलस्वरूप सामाजिक प्रतिष्ठामा कुनै आँच आउन पाएन ।

प्रत्येक व्यक्तिमा आफ्नै विशेषता रहेको हुन्छ । उसको त्यही विशेषतासँग गाँसिएको आचरण, शीलस्वभाव, संवेदनशीलता, चालढाल आदि कुरामा सम्बन्ध रहन्छ । व्यक्तिको आचारविचार, व्यवहार र बोलीसँग उसको व्यक्तित्व झल्किएको हुन्छ । यिनै गुणहरूले गर्दा भरत जङ्गमको प्रतिष्ठाले समाजमा उच्च स्थान प्राप्त गरेको छ ।

नेपाल राष्ट्रको राजतन्त्रात्मक इतिहास बडो गौरवको छ । यहाँ राष्ट्रनिर्माणपछि राजतन्त्र प्राप्त भएको होइन । राजतन्त्रले राष्ट्र प्राप्त गरेको हो । नेपालको राजतन्त्र व्यक्ति नभएर लोकसम्मतिको प्रतीक संस्था हो । यो राष्ट्रको निर्माण, सम्भार र संरक्षण पनि राजनेतृत्वबाटै भएको हो । यस मुलुकको प्रजातन्त्रीकरण र आधुनिकीकरण पनि राजनेतृत्वबाटै भएको हो । यस मुलुकलाई सार्वभौमसत्तासम्पन्न राष्ट्रका रूपमा विश्वसामु परिचय गराउने काम पनि राजनेतृत्वबाटै हुँदै आएको थियो । नेपाल राष्ट्रलाई विखण्डनबाट बचाउन निष्पक्ष, स्थायी र साझा नेतृत्व केवल राजतन्त्रले मात्र दिन सक्छ भन्ने किसिमको धारणा छ उहाँसँग ।

उहाँको विचारमा भ्रष्टाचार हो भ्रष्ट + आचार = भ्रष्टाचार । त्यस्तो आचरण जुन हो सबै किसिमले अनुचित वा अनैतिक आचरण । आफ्नो काम पट्याउन पैसाको लेनदेन गर्नु, परीक्षामा अर्काको नक्कल उतार्नु, कसैलाई झूटो मुद्दामा फसाउनु, सरकारलाई तिर्नुपर्ने कर लुकाउनु, चुनावमा पैसा बाँड्नु, अनुचित लाभ लिएर कसैको पक्षमा फैसला दिनु, साक्षी बस्ता झूटो बयान दिनु आदि भ्रष्टाचारका विषय हुन् ।

किन गरिन्छ भ्रष्टाचार ? राष्ट्रप्रेमको अभाव, अधर्म, अमानवता, संवेदनाको कमी, नातावाद, विनापरिश्रम लखपति हुने चेष्टा, नैतिक मूल्यको कमी आदिले गर्दा ।

'कालो सूर्य' मा के छ ? 'कालो सूर्य' वि. सं. २०३६ (सन् १९७९) मा प्रकाशित एउटा सामाजिक उपन्यास हो । तत्कालीन समाजमा व्याप्त रहेको सामन्तीपनको भण्डाफोर, गरिबीले पछाडि परेको समाज र रुढिवादको यथार्थ चित्रण, तत्कालीन राजनीतिक व्यवस्थामा राज्यको अकर्मन्यताको कारणले सर्वसाधारण जनताले भोग्नुपरेको कठिनाइको पर्दाफास छ 'कालो सूर्य' मा । सन् १९९६ मा 'कालो सूर्य' विश्वप्रसिद्ध पुस्तकालय 'लाइब्रेरी अफ काङ्ग्रेस' मा समावेश भएको छ । 'कालो सूर्य' अनूदित भाषाहरू: अङ्ग्रेजी, हिन्दी, उर्दू, कन्नड, असमी, बङ्गाली, जापानी, चिनी, रुसी, मैथिली ,भोजपुरी, डोट्याल, नेवारी र संस्कृत ।

भरत जङ्गम अनाथ तथा जेहन्दार विद्यार्थीहरूका लागि जङ्गम छात्रवृत्ति प्रदान गर्ने, कानुन र संवैधानिक मर्यादाका लागि कटिबद्ध, संसदको पेन्सन प्रथाका विरोधी, मठमन्दिरको संरक्षणमा पहल गर्ने, पत्रकारिता र कानुनी परामर्श सेवामा अग्रसर व्यक्ति हुनुहुन्छ । उहाँ भ्रष्टाचारविरोधी सिद्धान्तका प्रवर्तक तथा विश्लेषक पनि हुनुहुन्छ । वि. सं. २०२७ देखि भ्रष्टाचारविरुद्धको अभियानमा निरन्तर रूपमा लागिपरेपछि उहाँले भ्रष्टविरोधी शास्त्र लेख्नुभयो । नैतिकता र सकारात्मक सोचले भ्रष्टाचार केही मत्थर गर्न सकिन्छ भन्ने उहाँको धारणा हो । आफ्नो लेखन वा कवितामार्फत संस्कृति, विचारधारा, परम्परा र इतिहास बताउँदै समाजलाई नयाँ दिशा देखाउन भरमग्दुर प्रयास गर्नुहुन्छ उहाँ । उहाँमा दृष्टि, स्थान र समयभन्दा अगाडि हेर्न सक्ने क्षमता भएको हुँदा कसैकसैले उहाँलाई क्रान्तदर्शी पनि भने । उहाँले भ्रष्टाचारविरोधी सिद्धान्तका पिता उपाधि पाउनुभएको छ । विश्वसंस्थाहरू र छिमेकी राष्ट्र भारतले भ्रष्टाचारविरोधी आन्दोलन चलाउनुभन्दा पहिले उहाँले आन्दोलन चलाएर विश्वव्यापी बनाउनुभयो र आफू भ्रष्टाचारविरोधी अभियन्ता कहलानुभयो ।

अन्तर्राष्ट्रिय भ्रष्टाचारविरोधी दिवस हरेक साल ९ डिसेम्बरमा मनाइन्छ । यो प्रचलन सन् २००३ देखि संयुक्त राष्ट्र सङ्घको तत्त्वावधानमा मनाउँदै आइएको हो । यसको उद्देश्य समाजमा जागरुकता फैलाउनु हो । भ्रष्टाचारको दुष्परिणामलाई मध्यनजर राखी यसविरुद्धको लडाइँ चर्किएको हो ।

समाजमा रहेका विसङ्गति र परेसानी हटाउन पहिलो पङ्क्तिमा उभिएर निरन्तर लागिपरी भ्रष्टाचारविरोधी विज्ञानको प्रतिपादन गर्नु लरतरो कुरा होइन । आज यस विज्ञानको विश्वविद्यालयहरूमा पढाइ हुन्छ, पाठ्यक्रममा समावेश भएको छ ।

भरत जङ्गम सधैँ व्यक्तिगत सीमाभन्दा माथि उठेर सोच्नुहुन्छ, महसुस गर्नुहुन्छ र कदम चाल्नुहुन्छ । तसर्थ उहाँ एक सामाजिक नेता मानिनुहुन्छ ।

●



तीर्थराज अधिकारी साहित्यकार तथा सामाजिक अभियन्ता हुनुहन्छ । उहाँले विभिन्न पुस्तकको लेखन-प्रकाशन र सीडीको उत्पादन गर्नुभएको छ । लमजुङमा जन्मनुभएका उहाँ हाल अमेरिकामा बसोवास गर्नुहुन्छ र विभिन्न संस्थाहरूमा आबद्ध हुनुहुन्छ ।।

# परमात्मा तत्त्वको लीला अनौठो
## – तुलसी भारद्वाज निरौला

ऐतिहासिक धरोहरहरू जगेर्ना गर्ने, जनता-नेता सबैलाई नैतिकताको पाठ सिकाउने, इतिहासको भ्रम चिर्ने, अन्याय, भ्रष्टाचार, छल र धर्मविरोधी भरत जङ्गम एक बहुआयामिक व्यक्तित्व हुनुहुन्छ । उहाँ मन र हृदयदेखि नै सफा, खरो वक्ता, देश, समाज, धर्म, परम्पराको जगेर्ना गर्न निरन्तर लागिरहने, यति धेरै गुण भएका व्यक्तिसँग मेरो साक्षात्कार यो जीवनमा न भूतो न भविष्यति जस्तो लाग्छ ।

भरत जङ्गमको सोच, खोज र उपलब्धिमा उहाँका पिता गोविन्द, माता इन्द्र, भक्तपुरको माटो, कुलको आशीर्वाद, पशुपतिनाथको कृपा र भरत जङ्गमकै अथक प्रयास कारक हुन् भने उहाँको यो देन देश र समाजका लागि युगयुगान्तर महत्त्वका रहनेछन अनि उहाँको जीवनी प्रेरणादायी बन्नेछ ।

उहाँ बाल्यकालमै साथीहरू भेला गरेर शिवपूजा गराउने, कर्तव्य सिकाउने, अनुशासनको उपदेश दिने तथा संस्कारको जगेर्नाका लागि बुझ्ने-जानेको बुद्धिको बिउ छर्नुहुन्थ्यो । विद्यालयमा तीक्ष्ण बुद्धि, पठनपाठनमा अग्रणी भरत जङ्गम कीर्तिपुर क्याम्पस प्रवेश गरेकै समयदेखि नेता, कर्मचारी, भ्रष्टाचारी, घुसखोरहरूका विरुद्धमा विद्यार्थीहरूका साथ काठमाडौँका दरबारमार्ग, डिल्लीबजार, बानेश्वर, रत्नपार्कलगायतका ठाउँठाउँमा जुलुस, नाराबाजी गराउँदादेखि नै उहाँलाई समाजका अगुवा, नेता, कर्मचारीहरूले भ्रष्टाचारविरोधी अभियन्ताका रूपमा चिनिसकेका थिए ।

त्यसै बेला भ्रष्टाचारको चित्रण गर्दै लेखिएको ‘कालो सूर्य’ उपन्यासको मर्म बुझी अहिले विश्वका धेरै देशहरूले आ-आफ्नो भाषामा अनुवाद गरेर अध्ययन गर्ने गरेका छन् । यो विषय नेपाल र नेपालीका लागि गर्वको कुरा हो । उहाँका अन्य गहन कृतिहरू ‘रातो घाम’ आदि रहेका छन् । उहाँका बारेमा विद्यावारिधि पनि हुँदैछ ।

उहाँले डोलेश्वर महादेवलगायत १२-१३ वटा धार्मिक स्थलको जीर्णोद्धार, प्रचारप्रसार गर्नुभयो र निरन्तर यस्तै काममा लाग्नुभएको छ । हाल सामाजिक सन्जाल यु-ट्युबमा प्रखर, स्पष्ट र नघुमाईकन ठाडो जवाफ दिने लोकप्रिय वक्ताका रूपमा चिरपरिचित नाम हो भरत जङ्गम ।

पुर्ख्यौली परम्परालाई कायम राख्तै, नक्कली धर्मको विरोध गर्दै, परधर्मबाट लुटिएका मठमन्दिरको उद्धार तथा जीर्णोद्धार गर्दै, हामी नेपालीलाई मार्गदर्शन गराउँदै निरन्तर घचघच्याउने भरत जङ्गम नेपालको राष्ट्रियता, पहिचान जोगाउन अग्रसर नेपालीहरूका रक्षक तथा ऊर्जाका खानी हामीमाझ चम्किरहनुहोस् । उहाँको आरोग्य तथा दीर्घायुको कामना गर्दै उहाँको हीरक महोत्सबको हार्दिक मङ्गलमय शुभकामना ।

अन्त्यमा, यस्ता देशका विभूति भरत जङ्गमलाई चिनेर, देशले सम्मान गरेर कुनै विशिष्ट काम सुम्पने वा उहाँको परामर्शमा काम गर्ने हो भने देशले काँचुली फेर्थ्यो । उहाँको सोच, सक्रियता र मार्गदर्शन देश र जनताका लागि आगामी शतवार्षिकीसम्म प्राप्त होस् । शुभकामना अर्पण गर्दछु ।

●



तुलसी भारद्वाज निरौला ज्योतिषाचार्य हुनुहुन्छ । सगरमाथा टेलिभिजन, रेडियो अन्नपूर्णा, सौर्य दैनिक आदि सञ्चार माध्यमसँग आबद्ध उहाँ सनातन वैदिक विवेचना कार्यक्रमसँग पनि जोडिनुभएको छ ।

# उनीसँगको पहिलो भेट
## – तेजविनोद पोखरेल

नाम सुनेको र दूरदर्शनमा बारम्बार हेरिरहेको अनुहार, साक्षात्कार हुन् नसकेको, संयोग मिल्यो भेट गर्न उनकै कार्यकक्षमा चट्ट दौरा-सुरुवाल, कालो कोट, भादगाउँले टोपी, निधारमा सानो रातो टीका, मिलाएर सपक्क पारेर गुथेको गलबन्दी, भरभराउँदो अनुहार, उमेरको अन्दाजै लगाउन सकिने आकर्षक व्यक्तित्वका धनी रहेछन् भरत जङ्गम ।

सजिएका कार्यकक्षहरू, दराजको खापामा मिलाएर राखेका वजनदार किताबहरू । चारैतिर नजर डुलाएँ । यी व्यक्तिले यी पुस्तक पढ्छन् कि केवल सजावटका लागि राखेका हुन्, म क्षणभर सोच्न बाध्य भएँ । धेरै मान्छेहरू घरमा ठूलाठूला ग्रन्थ सजाएर राख्छन्, तर ग्रन्थका पानासम्म पल्टाउँदैनन् । कहीँ यी पनि त्यही पङ्क्तिमा पर्दैनन् जस्तो लाग्यो । पहिलो संवादमै उनीप्रतिको मेरो भ्रम पखालियो ।

अब कहाँबाट सुरु गरौँ संवाद, के भनेर गरौँ, मसँग के व्यक्तित्व छ, उनलाई नजिकबाट चिनाउने केही पनि छैन । ५-७ पुस्तक लेखेको २-४ देश पुगेको, १ वर्ष बेलायत बस्ता १५-२० नोबेल पुरस्कारविजेता सर्जकहरूको घर-आँगन टेकेको । तिनीहरूमध्ये थोरैका पुस्तक पढेको, धेरैको नाम सुनेको । यत्ति हो मेरो परिचय ।

उनको व्यक्तित्वका अगाडि म केही मुर्झाएँ कि भन्ने अनुभूति भयो । त्यो क्षणमै दूर भयो । म लामो संवाद गर्ने कुनै कोसेली बोकेर गएकी थिइन् । छोटो संवादमै उनीसँग प्रभावित भएँ । जब उनले आफ्नो कार्यव्यवस्था बताउन थाले, मैले सम्झेँ म उनको अमूल्य समय निरर्थक कुरा गरेर बिताइदिँदैछु । जो मान्छे कार्यव्यस्तताले व्यस्त हुन्छ, उसको हरेक पल मूल्यवान् हुन्छ । फेरि भेट्न आउँछु भन्दै मैले उनीसँग बिदा मागेँ । एकछिन भन्दै उनी दराजतर्फ लम्किए । दराजबाट ४ पुस्तक दिए र यी सबै किताब पढ्नुहोला भन्दै मलाई बिदा गरे । सुखद अनुभव महसुस गर्दै म उनीबाट ओझेल भएँ ।

बाटोमा अनेकौँ कुरा सोच्तै हिँडेँ । त्यतिखेर गएर उनका विषयमा सोच्न मसँग कुनै विषयवस्तु थिएन । छोटो समयको पहिलो भेटमै पाएको

आत्मीयताले म अछुतो रहन सकिनँ । मैले उनका विषयमा अखबारमा पढेको थिएँ, मान्छेको मुखबाट सुनेको थिएँ । सुनेको र पढेको भन्दा मैले अलग पहिचान पाएँ ।

कति विधाका ज्ञाता रहेछन् भन्नेचाहिँ उनका पुस्तक पढेपछि मात्र थाहा पाएँ । उनका किताब पढेपछि उनलाई सम्झेर ठिङ्ग चौरस्तामा उभिएँ । उनका बारेमा लेख्न कुन बाटो समात्नु ? प्रशासक भनूँ कि राजनीतिकर्मी भनौँ, सामाजिक अभियन्ता भनौँ कि अन्यायका विरुद्धमा मुद्दाको पैरवी गर्ने वकिल भनौँ ! भगवान्को बासस्थान खोज्दै हिँड्ने अन्वेषक भनौँ ? एकछिन अलमलमा परेँ । गाँठी कुरो छुटेछ । उनी त महान् साहित्यकार पो रहेछन् ।

एउटै व्यक्तिले यति धेरै भारी बोकेर हिँडेको सायदै भेटिएला । एउटा नेता, एउटा कठोर प्रशासक, एउटा वकिल कसरी साहित्यकार हुन्छ भन्ने भ्रम पनि मेरो तोडिदिए भरत जङ्गमले ।

मैले धेरै शब्द खोजेँ उनलाई उपहार दिन ! के नामले पुकारौँ भन्दै भ्वाट्ट मभित्र फुऱ्यो 'इनसाइक्लोपेडिया' । दुनियामा मान्छेमान्छेका बीचमा ईर्ष्या कहाँ छैन र ? कसैका लागि मैले उनलाई उपहार दिएको शब्द अपाच्य पनि होला, यो दुनियाको कुरो भए पनि मेरो कुरो होइन ।

उमेरको गन्ती गर्दा र अझै उनको सक्रियता हेर्दा उनी जब्बर मान्छेको पङ्क्तिमा पर्दछन् । लगनशीलता र निरन्तरताले उनलाई उचाइमा पुऱ्याएको रहेछ । मैले उनलाई नजिकबाट नियाल्दा उनी दुर्लभ पात्र रहेछन् ।

उनको लेखनयात्रा अघि बढिरहोस् । साहित्य साधना अविरल बहिरहोस् । हीरक जन्मोत्सव मनाएजस्तै शताब्दीपुरुष भन्न पाइयोस् । स्वास्थ्यले सधैँ साथ देओस्, सकारात्मक सोच जन्मिरहोस् । उनका विषयमा गहिरो अध्ययन नभएकाले छोटो लेखेर टुङ्ग्याएँ ।

•



तेजविनोद पोखरेल कोटेश्वर काठमाडौँमा बसोवास गर्ने लेखक तथा समाजसेवी हुनुहुन्छ ।

# दृढ अलौकिक व्यक्तित्व
## – प्रा. डा. त्रिरत्न मानन्धर

अपरिचित व्यक्तिको परिचय दिन सजिलो छ, तर चिरपरिचित बुद्धिजीवीलाई चिनाउन धेरै गाह्रो छ । भरतमणि जङ्गमजस्तो आधुनिक युगले चिनेको व्यक्तिका बारेमा लेख्न खोज्नेहरूलाई यही असहजता भएको पाएको छु । किनभने उहाँ देशका हरेक व्यक्तिले चिनेका व्यक्तित्व हुनुहुन्छ ।

भरतमणि जङ्गम असाधारण, बहुआयामिक, निःस्वार्थ समाजसेवी हुनुहुन्छ । उहाँ एउटा सफल साहित्यकार हुनुहुन्छ । उहाँले धेरै उपन्यासहरू लेख्नुभएको छ । तीमध्ये 'कालो सूर्य' को विशिष्ट स्थान छ । विश्वका एक दर्जन भाषामा अनूदित यो उपन्यास सूर्यको अलौकिक किरणले जस्तै विश्वमा नै आफ्नो आधिपत्य कायम गर्न सफल भएको छ । उहाँको अर्को कृति 'ख्वपदेश' ले उहाँलाई एउटा अब्बल कोटिको संस्कृतिकर्मीका रूपमा चिनाउने काम गरेको छ ।

समाजसेवाको क्षेत्रमा उहाँको अपूर्व देन छ । मनोनीत भएर अथवा जुनसुकै तरिकाबाट केही वर्षका लागि संसद बनेकाहरूले जिन्दगीभर पेन्सन खानका लागि गरेको अनैतिक प्रयासलाई उहाँले चकनाचुर पार्नुभएको छ । त्यस्तै प्रकारले संसदीय निर्वाचन विकास कोषको नाउँमा भइरहेको सरकारी ढुकुटीको दुरुपयोगलाई उहाँले कानुनी रूपमा नै रोक्न सफल हुनुभएको थियो । तर पछि ऐन नै बनाएर गैरकानुनी तरिकाले सांसदहरूले यसको चरम दुरुपयोग गरिरहेका छन्, जसका विरुद्ध भरतमणि जङ्गमले आजका दिनसम्म बुलन्द रूपमा आवाज उठाइराख्नुभएको छ । यसका अतिरिक्त सरकारी पदाधिकारीहरूले एक ठाउँमा काम गरी दोहोरो-तेहेरो सुविधा लिने दुस्साहसको पनि उहाँले भन्डाफोर गरी कानुनी रूपमा नै त्यसको अन्त गराउनुभएको छ । तर पनि देश यो समस्याबाट पूर्ण रूपले मुक्त हुन सकेको छैन । अप्रत्यक्ष रूपमा केही क्षेत्रमा हालसम्म पनि यो कुप्रथा जारी नै छ र यसका विरुद्ध भरतमणि जङ्गम हालसम्म पनि सक्रिय रूपमा लाग्नुभएको छ ।

नेपाल मात्र होइन, आज विश्व नै भ्रष्टाचारको महामारीबाट पीडित छ । नेपालका राजनेताहरूले जस्तोसुकै दावी गरे तापनि भ्रष्टाचार अन्त्य हुने कुरा त परै जाओस्, यसमा देखिने गरी कुनै कमी आउन सकेको छैन । सरकारी प्रयासबाट पनि सम्भव नभएको भ्रष्टाचारविरोधी अभियानमा

भरतमणि जङ्गम आजभन्दा ५० वर्ष (वि. सं. २०२७) अगाडिदेखि सक्रिय रूपमा लाग्नुभएको छ र केही क्षेत्रमा उहाँकै प्रयासबाट केही सकारात्मक नतिजा पनि निस्केका छन् । उहाँको यस साहसिक कार्यमा सहयोग गर्नु हामी सबैको कर्तव्य हो ।

यही सिलसिलामा उहाँले भ्रष्टाचारसम्बन्धी एउटा नौलो तर सशक्त अवधारणा अगाडि ल्याउनुभएको छ, जसलाई उहाँले नामकरण गर्नुभएको छ एन्टिकरप्टोलोजी अर्थात् भ्रष्टाचार निवारणसम्बन्धी विज्ञान । नेपाली, अङ्ग्रेजी र हिन्दीमा प्रकाशित उक्त पुस्तकमा भ्रष्टाचारसम्बन्धी विभिन्न पक्षको विवेचना गर्नुका साथै त्यसको अन्त्यका लागि गरिनुपर्ने कार्यहरूको पनि निष्पक्ष रूपमा व्याख्या गरिएका छन् । आज नभए पनि भोलिका हाम्रा सन्ततिले यसबाट नयाँ समाजको निर्माणमा महत्त्वपूर्ण शिक्षा लिन सक्नेछन् भन्ने मेरो धारणा छ । मलाई प्राप्त जानकारीअनुसार विश्वविद्यालयको पाठ्यक्रममा यो पुस्तक समावेश भइसकेको छ र उच्च शिक्षामा यसको अध्ययन-अध्यापन पनि सुरु भइसकेको छ । यो हामी सबैका निम्ति एउटा खुसीको खबर हो । भ्रष्टाचारविरुद्ध आफ्नो अभियानलाई सर्वसाधारणसमक्ष पुऱ्याउन उहाँले ‘कालो सूर्य’ नामक लोकप्रिय टीभी कार्यक्रमको पनि नियमित प्रसारण गर्नुभएको छ र यसबाट भ्रष्टाचार निवारण कार्यमा ठूलो सहयोग पुऱ्याएको विश्वास गर्न सकिन्छ ।

भरत जङ्गमको व्यक्तित्वको एउटा अर्को पक्ष हो नेपालको इतिहास र संस्कृतिप्रति उहाँको एकदमै अभिरुचि र त्यसबारे गहन अध्ययन । हालसालै उहाँद्वारा लिखित एउटा पुस्तक प्रकाशित भएको छ, जसको शीर्षक छ ‘नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण’ । यसमा उहाँले नेपालको इतिहास र संस्कृतिका विषयमा केही धारणाहरूको खण्डन गरी त्यसबारे नयाँ अवधारणाहरू प्रस्तुत गर्नुभएको छ । उहाँका सबै अवधारणा सही नै हुन्छन् भन्ने होइन । तर विभिन्न प्रमाणका आधारमा उहाँले राख्नुभएका विचार र तथ्यलाई सबैले निष्पक्ष ढङ्गबाट मूल्याङ्कन र विवेचना गर्नुपर्छ । उक्त पुस्तकमा लेखकले दिएका केही अवधारणालाई छोटकरीमा प्रस्तुत गर्न चाहन्छु ।

(क) सबैजसो लेखकले जङ्गमलाई दसनामी जोगीअन्तर्गत राखेका छन् र वि. सं. १९१० को नेपालको पहिलो मुलुकी ऐनले पनि त्यस्तै व्याख्या गरेको छ । तर भरतमणि जङ्गमले आफ्नो जातिलाई वीरशैव मतको ब्राह्मण भएको दावी गर्दै त्यसबारे प्रमाण र आधार पनि दिनुभएको छ ।

(ख) बिस्केट जात्रामा फहराइने ध्वजालाई नागनागिनीको प्रतीकका रूपमा व्याख्या गरिन्छ । तर प्रस्तुत पुस्तकमा त्यो धारणालाई खण्डन गरिएको छ । लेखककै शब्दमा 'बिस्केट जात्रामा लिङ्गोमा झुन्ड्याइने लामा-लामा कपडाका पताका कुनै मरेका सर्प, नागनागिनी वा कुनै अजिँगर होइनन् । यी त शिवध्वजा हुन्, जो शिवस्वरूप लिङ्गमा फहराइएका छन्' (पृ. १२९) । आफ्नो वाक्यलाई उहाँले विभिन्न स्रोतबाट प्रमाणित गर्नुभएको छ ।

(ग) धेरैजसो लेखकले लिच्छविकालीन महत्त्वपूर्ण स्थल हंसगृह भक्तपुरको अनन्तलिङ्गेश्वर भेगमा रहेको विश्वास गरेका छन् । तर भरतमणि जङ्गमको पुस्तकमा त्यसको खण्डन गरी सो स्थान हाँडिगाउँमा रहेको धारणा अगाडि ल्याइएको छ ।

(घ) लोकपाल स्वामी वैष्णव देवता हुन् भनी विश्वासका साथ लेखिएको छ, तर प्रस्तुत पुस्तकमा यस धारणाको पनि खण्डन गरिएको छ ।

(ङ) विशेष गरी नेवार व्यापारीहरूले पुज्ने गरेको 'भिँद्यो' लाई लेखकहरूले महाभारतका भीमसेनका रूपमा लिने गरेका छन् । तर भरतमणि जङ्गमले त्यसको खण्डन गर्दै नेवारी भाषामा 'भिँद्यो' को अर्थ शुभलाभ प्रदान गर्ने देवताका रूपमा व्याख्या गरी यसको महाभारतका भीमसेनको सम्बन्ध नभएको निष्कर्ष निकालेका छन्, जुन मेरो दृष्टिकोणमा पनि सही व्याख्या हो । यसबारे नेवारहरूलाई होच्याएर भनिने एउटा कपोलकल्पित कथाबारे विद्वान् लेखक भरतमणि जङ्गमको ध्यान जाओस् भन्न चाहन्छु । विराटनगरका एकजना व्यक्तिले सुनाएको कुराअनुसार आफ्नो गुप्तवासको दौरान पञ्चपाण्डव द्रौपदीका साथ भेष बदलेर राजा विराटको दरबारमा बसेका थिए र त्यहीँ भीमसेनले किचकको बध गरेका थिए । किचकमाथि भीमसेन यति रिसाएका थिए कि उनले किचकका सम्पूर्ण सन्तानलाई नै नष्ट गर्ने प्रण गरे । तर किचकका सन्तानले भीमसेनको पाउ परी माफी मागेर उनलाई देवताका रूपमा पुज्ने वचन दिएपछि भीमसेन शान्त भए । तर पनि उनीहरू राजा विराटको राज्यबाट निष्काशन गरिए र उनीहरू सबै नेपाल उपत्यकामा आई बसे । पछि उनीहरू नै नेवार भनी चिनिए । भीमसेनलाई देवताका रूपमा उनीहरूले पुज्नुको कारण यही नै थियो ।

माथि उल्लिखित लेखकका विचार र धारणासँग हामी सहमत वा असहमत हुन सक्छौँ । तर उहाँले गहिरो चिन्तन र गहन अध्ययन गरी उक्त निष्कर्षहरू निकालेको तथ्यमा भने दुई मत हुन सक्तैन । लेखककै शब्दहरूमा 'लुकेछिपेर रहेका तथ्यलाई इतिहासका मर्मज्ञ तथा ज्ञाताहरूले जनसमक्ष स्पष्ट पार्न सक्नुपर्छ । एक अन्वेषकले गरेको भूललाई अन्य अन्वेषकले मूकदर्शक भएर हेर्न र बस्न मिल्दैन । त्यसैले सत्य र तथ्यलाई उजागर गर्नु नै अनुसन्धाताको कर्तव्य हो ।'

लामो समयसम्म विभिन्न विषयमा महत्त्वपूर्ण योगदान दिँदै आए तापनि राज्यस्तरबाट उहाँलाई यथोचित सम्मान दिइएको छैन । तर यसबाट उहाँ कत्ति पनि विचलित हुनुभएको छैन । देश र समाजप्रतिको आफ्नो जिम्मेवारीप्रति उहाँ सदैव सजग हुनुहुन्छ । आज चौहत्तर वर्ष पार गरिसक्ता पनि उहाँ त्यत्तिकै सक्रिय हुनुहुन्छ । भगवान्सँग उहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु ।

●



प्रा. डा. त्रिरत्न मानन्धर ४० वर्षसम्म त्रिभुवन विश्वविद्यालय इतिहास विभागमा कार्यरत रहनुभयो । उहाँले इतिहास केन्द्रीय विभागको प्रमुखका रूपमा ४ वर्ष र मानविकी सङ्कायको डिनका रूपमा ८ वर्ष कार्य गर्नुभयो । त्यसपछि उहाँ ४ वर्ष लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपति हुनुभयो । एसिया, युरोप र अमेरिकामा भएका अन्तर्राष्ट्रिय गोष्ठीहरूमा भाग लिनुभएका उहाँले नेपालको इतिहास र संस्कृतिसँग सम्बन्धित २० वटा पुस्तक तथा १६० भन्दा बढी लेख राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रिकाहरूमा प्रकाशित गराउनुभएको छ ।

# भ्रष्टाचारविरोधी अभियन्ता
## – दस्तुरसिंह बस्नेत

भरत जङ्गम नेपालको भ्रष्टाचारविरुद्धको अभियानमा छुट्टै पहिचान बनाउन सफल नाम हो । भ्रष्टाचारविरुद्धको अभियान वा अन्य सामाजिक विकृति र विसङ्गतिको विरोधमा उहाँले निरन्तर आवाज उठाइरहनुभएको छ । उहाँको २०३० को दशकतिर प्रकाशित कृति 'कालो सूर्य' मा तत्कालीन नेपाली समाजको विकृति र विसङ्गतिका बारेमा प्रकाश पारिएको छ । नेपाली राजनीतिका शिखरपुरुष बीपी कोइरालाले मन्तव्य लेखिदिएर 'कालो सूर्य' तत्कालीन नेपाली समाजको प्रतिबिम्ब झल्किने कृति हो भन्ने पुष्टि गरिदिनुभएको थियो । सो कृतिमा भरत जङ्गमले अड्डा-अदालतमा हुने चाकडी, अनियमितता र घुसखोरी, नेपाली बजारमा हुने कालोबजारी र नेपाली समाजमा व्याप्त विकृति र विसङ्गतिको कुशलतापूर्वक चिरफार गर्नुभएको छ ।

तत्कालीन नेपाली समाजमा व्याप्त विकृति-विसङ्गतिलाई व्यङ्ग्यात्मक शैलीमा विहङ्गम प्रकाश पारिएको कृति 'कालो सूर्य' का लेखक उहाँसँग मेरो भेट भने २०५० को दशकमा उहाँको बिजुलीबजारस्थित घरमा भएको थियो । पहिलो भेटमा उहाँसँग भ्रष्टाचारविरुद्धको अभियानका बारेमा वार्तालाप भएको थियो भने उहाँले मलाई चर्चित कृति 'कालो सूर्य' उपहारस्वरूप दिनुभएको थियो । त्यसपछि पनि उहाँसँगको पटक-पटकको भेटघाटमा पनि नेपालको राजनीति र भ्रष्टाचारविरोधी अभियानका बारेमा कुराकानी हुने गरेको छ ।

उहाँले २०५२ सालतिर शेरबहादुर देउवा नेतृत्वको संयुक्त सरकारले सांसदलाई पेन्सन दिने व्यवस्था गरेकोमा त्यसका विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो, जुन रिटको सुनुवाई गर्दै सर्वोच्च अदालतले सांसदलाई पेन्सन दिने व्यवस्था खारेज गरिदिएको थियो । जनसरोकारका विषयमा सर्वोच्च अदालतमा रिट दायर गरेर पनि उहाँले अभियन्ताको भूमिका निर्वाह गर्दै आउनुभएको छ । राजा ज्ञानेन्द्रले २०५९ सालमा राज्यसत्ता हातमा लिएपछि गठन गरेको दौडाहा टोलीमा उहाँ पनि नियुक्त हुनुभएको थियो, जुन दौडाहा टोलीलाई जनताका पीरमर्का सुनेर तत्कालै न्याय सम्पादन गर्ने अख्तियारी दिइएको थियो । कतिपय मुलुकमा छिटोछरितो न्याय सम्पादन गर्न यस्तै प्रकृतिका मोबाइल कोर्टको व्यवस्था गरिएको हुन्छ ।

तत्कालीन संसदवादी सात दल र विद्रोही माओवादी मिलेर भएको १२ बुँदे सम्झौता र त्यही सम्झौताको आधारमा भएको २०६२-६३ सालको

आन्दोलनबाट स्थापित संसदले २०४७ सालको संविधानलाई निष्क्रिय बनाएर संविधानसभाबाट नयाँ संविधान जारी गर्ने घोषणा गरेपछि उहाँले त्यसप्रति असहमति जनाउँदै २०४७ सालको संविधान ब्युँताउनुपर्ने अभियान चलाउनु भएको थियो । दुई वर्षभित्र संविधान निर्माण गर्ने भनेर निर्वाचित संविधान सभाले दुईपटक समयावधि थप गर्दा पनि संविधान बनाउन नसकेपछि उहाँले त्यसका विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेर खबरदारी गरिरहनुभएको थियो । दोस्रो संविधानसभाले सङ्घीय गणतन्त्रात्मक व्यवस्थासहितको धर्मनिरपेक्ष संविधान जारी गरेपछि त्यसप्रति असहमति जाहेर गर्दै उहाँले विश्वको एक मात्र हिन्दू राष्ट्रको पहिचान कायम गर्नुपर्नेमा जोड दिनुभएको छ । त्यसनिम्ति उहाँले वैचारिक बहस चलाउनुभएको छ ।

भ्रष्टाचारविरुद्धको अभियान चलाउने क्रममा उहाँले अभियन्ता तयार गर्न त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई भ्रष्टाचारसम्बन्धी विषयमा शोधग्रन्थ तयार गर्न आफ्नै खर्चमा छात्रवृत्तिको व्यवस्था गरिदिनुभएको छ । उहाँको अग्रसरतामा त्रिभुवन विश्वविद्यालयमा भ्रष्टविरोधी शास्त्र पनि पठनपाठन हुने भएको छ । नेपाली समाजमा क्यान्सरका रूपमा फैलिएको भ्रष्टाचारलाई नियन्त्रण गर्न बौद्धिक बहस मात्र होइन, सडक अभियान नै सञ्चालन गर्नुपर्दछ भनेर उहाँले बेलाबेलामा देशदौडाहा गरेर सचेतनामूलक कार्यक्रमहरूसमेत गर्दै आउनुभएको छ ।

नेपाली समाजमा देखापरेका विकृति, विसङ्गति र भ्रष्टाचारका विरुद्ध अभियान सञ्चालन गरेर समाजलाई सफा, स्वच्छ र भ्रष्टाचाररहित बनाउन लाग्नुभएका उहाँलाई आवश्यक साथ र समर्थन जुट्न सकेको देखिँदैन । उहाँको अभियानलाई सबैले साथ र समर्थन गरे मात्र नेपाली समाज भ्रष्टाचाररहित रूपमा अगाडि बढ्न सक्छ ।

●



दस्तुरसिंह बस्नेत 'पुनर्जागरण साप्ताहिक' पत्रिकालगायतका सञ्चार माध्यमसँग सम्बन्धित भक्तपुरका सञ्चारकर्मी हुनुहुन्छ ।

# विविध कार्यका सङ्गम
## – दामोदर घिमिरे

हाम्रो राजनीतिक र सामाजिक स्थिति भनेको काम कम गर्ने र गफ बेसी गर्ने अनि अरूको काममा सघाउने वा उदाहरणीय कार्य गर्नेहरूको प्रशंसा गर्नुको सट्टा आफ्नै लागि दाम कमाउन तल्लीन स्वार्थीहरूको जमातले कुनै पनि राजनीतिक पार्टीदेखि सामाजिक सङ्घ-संस्था पनि अछुता छैनन् । यस्तो परिस्थितिमाा हजारौं ढुङ्गाका बीचमा २-४ वटा शालिग्राम भेटिएजस्तै गरी भेटिने व्यक्ति भ्रष्टाचारविरोधी अभियानका अभियन्ता भरत जङ्गम नेपालका धर्तीपुत्र हुन् ।

वि. सं. २००४ मङ्सिर १० गते भक्तपुरको टौमढी टोलमा जन्मिएका भरत जङ्गमलाई विभिन्न समय अनि क्षेत्रमा अलग-अलग किसिमले अर्थात् पत्रकार, लेखक, साहित्यकार, समाजसेवी, संविधानविद् अनि भ्रष्टाचारविरोधी अभियानका अभियन्ता भनेर हामीले चिन्ने गरेका छौं । वि. सं. २०२७-२८ सालदेखि अर्थात् विद्यार्थीकालदेखि नै विभिन्न पत्रिकाहरूमा लेख र टिप्पणी लेख्नुका साथै 'नेपाली आवाज साप्ताहिक' का प्रकाशकका रूपमा कार्य गर्नुभएका जङ्गमको पत्रकारिता यात्रा ४ दशकभन्दा अधिक देखिन्छ ।

२०३६ सालमा अर्थात् ३२ वर्षको उमेरमा 'कालो सूर्य' नामको उपन्यास लेखेर साहित्यको क्षेत्रमा प्रवेश गर्नुभएका जङ्गमबाट लेखिएको उक्त पहिलो कृति नेपाल र विश्वका एक दर्जनभन्दा बढी भाषामा अनुवाद भएको छ । 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' र 'ख्वपदेश' गरी ४ वटा उपन्यास तथा कथासङ्ग्रह, कवितासङ्ग्रह, गीतसङ्ग्रह र प्रबन्धसङ्ग्रहलगायत 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' जस्ता विभिन्न विधाका करिब १ दर्जन कृतिका कारण नेपाली साहित्यलाई विश्वसमाजमा चिनाउने काम जङ्गमवाट भएको पाइन्छ ।

वि. सं. २०६५ सालमा पशुपतिनाथको पूजा-अर्चनामा भएको सरकारी हस्तक्षेपका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरी परम्परादेखिको रीतिस्थिति कायम गराउन पहल गर्नुभएका जङ्गमले काठमाडौं उपत्यकालगायत आसपासका मठमन्दिर, पाटीपौवा र धर्मशालाहरूको संरक्षण गर्नु-गराउनुभएको छ ।

जङ्गम भ्रष्टविरोधी शास्त्रका प्रणेता हुनुहुन्छ । उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्तको विषयलाई त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर तहको आफ्नो पाठ्यक्रममा समावेश गरी अध्यापन सुरु गराएकाले यसबाट उहाँको अन्तर्राष्ट्रिय सम्मान भएको छ भन्न सकिन्छ ।

भक्तपुर जिल्लाको सिमानामा रहेको हालको डोलेश्वर मन्दिर, जो पहिले विमलेश्वर भनेर स्थानीय स्तरमा मात्र चिनिन्थ्यो, त्यसलाई विशेष गरी भारतभर चिनाउने काम पनि भरत जङ्गमबाटै भएको छ । राजाको शासनकालमा अधिकृत पदमा रही सेवा गर्नुभएका जङ्गमले ज्ञानेन्द्र सरकारको पालामा बागमती एवं नारायणी अञ्चलका लागि दौडाहा टोलीको संयोजक भई कार्य गर्नुभएको थियो ।

निष्कर्षमा भन्नुपर्दा रहनसहन अथवा जिउडाल शासकको जस्तो देखिए तापनि नेपाली भूमि र नेपाली जनताको आवश्यकतालाई महसुस गरी भ्रष्टाचारविरोधी अभियान चलाएर, विभिन्न मठमन्दिरको निर्माण अनि जीर्णोद्धार गराउँदै भ्रष्टविरोधी शास्त्रको प्रतिपादन गर्न सक्नुभएका भरत जङ्गम नेपाल र नेपालीका सच्चा सेवक हुनुहुन्छ ।

●



दामोदर घिमिरे विभिन्न पुस्तकका लेखक, सम्पादक, काठमाडौं विश्वविद्यालयका अधिकृत तथा शब्दयात्रा कर्मशीलता पुरस्कारद्वारा पुरस्कृत व्यक्तित्व हुनुहुन्छ ।

# नेपाल आमाका सपूत
## – पं. दिवाकर भण्डारी

आजभन्दा करिब १० वर्ष अर्थात् २०६९ सालतिरको कुरा हो 'नेपाल भूमिमा वृन्दावनभित्र ज्येष्ठ नागरिक आश्रम' भन्ने मूल नारा बोकेको त्रिनेत्र अध्यात्म चिन्तन केन्द्र भर्खर स्थापना भएको ५ वर्ष बितेको थियो । म यस संस्थाको प्रमुख संरक्षक थिएँ । यस संस्थाको स्थापनाकालका साथीहरू, यस संस्थाका संरक्षकहरू आदरणीय केशर पुरी, केशव पुरी, हालका संरक्षक तर तत्कालीन अध्यक्ष चन्द्रप्रसाद ढकाल, प्रमुख सल्लाहकार केशव आचार्य सबै हामी मिलेर संस्थालाई अगाडि बाहिरी जगत्मा कसरी अगाडि बढाउने कुरा सल्लाह गर्दै थियौँ । तत्कालीन कार्यसमितिका साथीहरू पनि संस्थालाई अगाडि बढाउने कुरामा चिन्तित हुनुहुन्थ्यो । यही सन्दर्भमा केशर पुरी र केशव पुरी त्यतिखेर डोलेश्वर मन्दिरमा प्रायः पुगिरहनुहुन्थ्यो । त्यतिखेरको डोलेश्वर महादेव मन्दिरको भौतिक संरचना एवं महत्त्वका दृष्टिकोणले ओझेलमा परेको थियो । डोलेश्वर महादेवको सर्वाङ्गीण विकासका लागि त्यहाँ श्रावण महिनामा शिवपुराण लगाउने कुरा उहाँहरूले गर्नुभएछ र त्यस शिवपुराणको वाचकमा मलाई प्रस्ताव गर्नुभएछ । एकपल्ट वाचकसँग छलफल गर्नुपर्‍यो भनेर उहाँहरूले सल्लाह गर्नुभई मलाई छलफलमा सहभागी गराउनुभयो । छलफलमा बसिरहँदा सबैको तर्क-वितर्क सुनिरहँदा एकजनाको तार्किक वचन सुन्दा म अति प्रभावित भइरहेको थिएँ । पछि उहाँ को हुनुहुन्छ ? के गर्नुहुन्छ ? भनी प्रश्न गरिरहँदा भरत जङ्गम हुनुहुन्छ, उहाँ भ्रष्टाचारविरुद्धका राष्ट्रिय अभियन्ता हुनुहुन्छ भन्ने थाहा पाएँ ।

मैले धेरै नाम सुनिरहेको तर प्रत्यक्ष देखभेट नभएको व्यक्ति हुनुहुँदो रहेछ उहाँ । मैले पनि आफ्ना विचार राखिरहँदा उहाँले ध्यानपूर्वक सुनिरहनुभएको थियो । सायद मेरो पनि भाग्यले साथ दिएर होला, यो शिवपुराण महायज्ञको प्रमुख वाचकका रूपमा पं. दिवाकर भण्डारीलाई नै राख्ने निर्णय गरौँ भनेर उहाँले भन्नुभयो । उहाँको बोली मलाई केदारनाथ महादेवको बोलीझैँ लागिरहेको थियो । यस्तै बैठकहरू बस्तै गए । अन्ततः मैले नै भगवान् केदारनाथको शिर डोलेश्वर महादेवको काखमा बसेर अध्यात्मको खानी शिवमहापुराण वाचन गर्ने सौभाग्य मिल्यो । हामी त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रका साथीहरू त्रिनेत्रले लिएको अध्यात्मको विस्तारस्वरूप डालेश्वरमा गयौँ । यही मौकामा वृन्दावनको प्रस्ताव कहीँ कतैबाट आओस्

भनेर सबैजना भगवान् भोलेनाथसँग प्रार्थना गरिरहेका थियौँ । महायज्ञको अन्तिम दिन वा साङ्गेको दिन औपचारिक कार्यक्रम गर्दै थियौँ । सबै आ-आफ्नो आसनमा आसीन हुनुहुन्थ्यो । आदरणीय लेखनाथ न्यौपानेसँग बसिरहेका थियौँ । त्यहाँ अचानक भरत जङ्गमले मेरो कानमा आएर खुसुक्क 'गुरु ! त्रिनेत्रको वृन्दावन कहाँ बनाउने भनेर म यही मञ्चबाट बोल्छु है' भन्नुभयो । सायद त्यो दिनजति म खुसी आजसम्म कहिल्यै भएको छैन पनि ।

नभन्दै उहाँको बोल्ने पालो आएपछि भन्नुभयो कि म भगवान् केदारनाथको शिर डोलेश्वर महादेवको आशीर्वादबाट पाएको बोली बोल्दैछु कि त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रले लिएको उद्देश्य जुन नेपाल भूमिमा वृन्दावन, वृन्दावनभित्र ज्येष्ठ नागरिक आश्रम भन्ने नारा भक्तपुरको गुन्डू र दधिकोटको बीचमा रहेको अनन्तलिङ्गेश्वर महादेवको वन परिसरमा बन्नेछ । यति भन्नुभएपछि हामी त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रका तमाम साथीहरू धेरै खुसी भएको पल अझै ताजै छ । आज पनि उहाँले किटान गरेको क्षेत्रमा नै बनाउने त्रिनेत्रको उद्देश्य जीवितै रहिआएको छ । त्यति बेलादेखि नै उहाँले त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रको आजीवन सदस्य हुनुभएर लगातार हाम्रो परिकल्पनालाई साकार बनाउन सल्लाहकारमा रहेर अनवरत संस्थालाई योगदान दिँदै आउनुभएको छ । उहाँ राष्ट्रिय व्यक्तित्व हुनुहुन्छ । देशमा रहेको विकृति, विसङ्गति र भ्रष्टाचारको निर्मूल गर्न उहाँ लगातार हालसम्म पनि लडिरहनुभएको छ । उहाँको भ्रष्टाचारविरुद्धको अभियान साकार पार्न त्रिभुवन विश्वविद्यालयले भ्रष्टाचारविरुद्धको पाठ्यक्रम लागू गरिसकेको छ । मैले भन्नुपर्दा उहाँ भ्रष्टाचारविरुद्धको कलियुगको सूर्य नै हुनुहुन्छ । विसङ्गति र भ्रष्टाचार नै बादल लागेको 'कालो सूर्य' हो, जहाँबाट ताप र प्रकाश आउँदैन भनेर 'कालो सूर्य' नामक पुस्तक लेख्नुभयो, जुन चर्चाको शिखर बन्यो र त्यसैले आज उहाँलाई भ्रष्टाचारविरुद्धको उदाउदो सूर्य भनिन्छ ।

धार्मिक मठमन्दिर आदिमा आफ्नो योगदान दिन चाहनुहुने दाजु भरत जङ्गम पशुपति र डोलेश्वर महादेवको अनन्य भक्त हुनुहुन्छ । पशुपतिमा भट्ट विवाद आउँदा अग्रपङ्क्तिमा बसेर समस्या समाधान गर्नुभयो । त्यसै गरी २०६६ सालमा डोलेश्वरलाई विभिन्न अध्ययन-अनुसन्धान र साधुसन्तको सुझावअनुसार भीमाशङ्कर महाराजको मुखारविन्दबाट केदारनाथको शिरोभाग हो भनेर बोल्न लगाउनुभयो । आजको पुस्ताले त यसलाई अनेक टीकाटिप्पणी गर्लान्, तर यो इतिहास अब चन्द्र र सूर्य रहुन्जेल अकाट्य रूपमा रहनेछ । अनेक ग्रन्थहरूको अध्येता आदरणीय भरत जङ्गमका अनेक लिखित ग्रन्थहरूले अझ उहाँको बौद्धिकताको उचाइ बढिरहेको छ । मलाई लाग्छ समाजसेवा र सच्चा नेपाल आमाका सपूत उहाँजस्तैलाई भनिन्छ ।

अन्त्यमा, सधैँ उज्यालो अनुहार, शालीन व्यक्तित्व, सधैँ सफा पहिरनमा निस्कने भगवान्का अनन्य भक्त, नेपाल आमाको सच्चा सपूत आदरणीय व्यक्तित्व भरत जङ्गम मेरो प्रेरणाका स्रोत बनिरहनुहुनेछ । उहाँको बाँकी जीवन अझै अध्यात्ममय बनिरहोस् भन्दै सुख, शान्ति, ऐश्वर्य एवं सुदृढ स्वास्थ्यलाभको कामनासहित दाजुलाई ॐ श्री हरिशरणम्लाई नमन गर्दछु । जय होस् । सबैको कल्याण होस् ।

●



पं. दिवाकर भण्डारी त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रका प्रमुख संरक्षक, धूम्रवराह मुठीदान सङ्कलन समितिका संरक्षक, गोकर्णेश्वर नगरपालिका धार्मिक समितिका संयोजक, चामुण्डा मा. वि. गोकर्णेश्वर न. पा. - ६ जोरपाटीका सहायक प्रधानाध्यापक हुनुहुन्छ ।

# नेपाली माटोमै उम्री मलजल पाएको अभियानको सम्झना

## – दीपक ज्ञवाली

भरत जङ्गमसँगको मेरो चिनजान भेटघाट र छलफल दुई दशकभन्दा पुरानो हो । तर हाम्रो सामीप्य झन्डै डेढ दशकअघि 'गुठी संरक्षण पुचः' बनेपछि हो । बत्तीसपुतलीस्थित राम मन्दिरको गुठी जग्गामा जग्गा माफियाको आँखा परेको र त्यसमा द्वारिका होटल पनि तानिएकाले श्रीमती अम्बिका श्रेष्ठबाट एक दिन फोन आयो गुठीको जग्गा निजीकरण गरेर मासिन नदिन मद्दत गर्नुपर्‍यो भनेर । त्यस्तै विचार राख्ने केही हामीहरू भेट भयौँ र केदारभक्त माथेमा (पूर्वउपकुलपति र जापानका लागि पूर्वराजदूत) को अध्यक्षतामा 'गुठी संरक्षण पुचः' गठन भयो, जसको म संस्थापक महासचिव थिएँ । गुठी बचाउने अभियान चलायौँ । एउटा किताब पनि निकाल्यौँ । तर मेरो धेरैजसो काम अन्तर्राष्ट्रिय तहको प्राज्ञिक अध्ययन भएको र चुपुरचुपुर हप्ता-दस दिनका लागि विदेश गइरहनुपर्ने भएकाले महासचिव पद छोडेर साधारण सदस्य नै भएर बसेँ । त्यसपछि सो पद भरत जङ्गमले सम्हालिरहनुभएको छ ।

भरत जङ्गमसँग वैचारिक रूपमा नजिकिएको अर्को कारण उहाँको भ्रष्टाचारविरोधी अभियान हो । म आफैँ त्यो अभियानमा प्रत्यक्ष नलागे पनि भ्रष्टाचारपछाडिको अर्थराजनीतिबारे प्राज्ञिक अध्ययन-अनुसन्धानलगायत त्यसलाई प्रचारमा ल्याउने काम गरेको छु । यस विषयमा मेरो पहिलो सार्वजनिक पाइला भन्नुस् पञ्चायतको आखिरीतिर (भारतले नाकाबन्दी लगाउने २ हप्ताअगाडि मार्च सन् १९८९) विजयकुमारको बहुचर्चित टीभी अन्तर्वार्ता थियो नेपालमा बिजुली किन महँगो भन्ने बारे । भुटानले चुखा जलविद्युत करिब ५०० डलर प्रतिकिलोवाटमा बनाउँछ भने हामीले कुलेखानी किन २००० मा भनेर सोद्धा दरबार र सिंहदरबारमा खैलाबैला मच्चिएको थियो । तर दुर्भाग्य, भ्रष्ट अर्थराजनीतिक प्रणालीमा सुधार भने भएन । बहुदलको सुरुमै १००० डलर प्रतिकिलोवाटमा बन्ने अरुण – ३ लाई ५४०० मा बनाउने कोसिस गरियो । धन्न अभियानकारीहरूको प्रयासले विश्व बैङ्कले त्यस कुविकासे योजनाबाट हात झिक्न बाध्य भयो । हिजोआज नेपाल विद्युत् प्राधिकरणले करिब रु. ५ करोड प्रतिकिलोमिटरमा बनाएको ४०० केभी

ट्रान्समिसन लाइन MCC को १६ करोडमा बनाउन लाग्दा ठूला राजनीतिक दलका नेताहरू MCC पास गराउन लँगौटी कसेर लागेका छन् भ्रष्टाचारको कसीमा त्यो लँगौटी फुस्किसकेको हेक्कै नराखी ।

मेरो भ्रष्टाचारसम्बन्धी प्राज्ञिक अनुसन्धान कल्चरल थ्योरीका प्रवर्तक प्रा. मेरी डग्लाससँग सन् १९९० देखिन सुरु भएको हो र त्यसको सारांश हिमाल बुक्सले सन् २००४ मा निकालेको Aid Under Stress किताबमा Governance, Foreign Aid and Corruption बारे लेखेको छु । त्यसमा वन र खानेपानीको संरचनागत भ्रष्टाचारको विश्लेषण गरेको छु । नेपालीहरूले आफैँले बनाएका खानेपानी आयोजनाहरू नेपाल सरकारका निकायहरूले विदेशीको सहयोगमा गरेका भन्दा सालाखाला तीन गुणा कम खर्चमा र गुणस्तरमा खासै फरक नहुने देखाएको थिएँ । त्यसमाथि पनि नेपाली योजनामा सम्पूर्ण खर्चको ६६% सामानमा र ३३% परामर्श तथा प्रशासनमा खर्च हुन्छ भने विदेशीसँग गरेकोमा ठीक उल्टो ६६% परामर्श र प्रशासनमा । यो कुरा त्यसपछिको ग्रामीण विद्युतीकरणमा पनि देखिएको छ । सामुदायिक विद्युतले बनाएका ग्रामीण विद्युतको पनि एसियाली विकास बैङ्क र नेपाल विद्युत प्राधिकरणले बनाएको भन्दा एक तिहाइ सस्तो पाइएको छ । यो कुरा गत वर्ष डा. द्वारिका ढुङ्गेल र (स्व.) डा. मदनकुमार दहालद्वारा सम्पादित र दिल्लीको रूपा प्रकाशनले सन् २०१८ मा निकालेको पुस्तक Nepal – A Country in Transition मा पनि विवरण गरिएको छ ।

भरत जङ्गमको अभियान साँगुरो प्राज्ञिक अनुसन्धानभन्दा धेरै फराकिलो छ, देशव्यापी र राजनीतिसमेतलाई ओगटेको । त्यो कामलाई हामीजस्ताको प्राज्ञिक अनुसन्धानले के कुरामा टेवा दिन्छ भने भ्रष्टाचारको मूल जरो तलका कर्मचारीले खाएको 'चिया खर्च' नभएर माथिल्लै तहमा हुने राजनीतिक भ्रष्टाचार हो, त्यो पनि व्यक्तिगत नेताविशेषभन्दा संरचनागत तवरमा । पुरानो रुसी भनाइ छ, 'माछा कुहिएर गन्हाउने पुच्छरबाट होइन टाउकोबाटै हो ।' झन् डेढ दशकको लोकतन्त्रको अनुभवले के बताउँछ भने देशका पार्टी, चुनावी परिपाटी, त्यसमा हुने पुलिस-प्रशासनको दुरुपयोग, कमिसने व्यापारीसँगको साँठगाँठ भ्रष्टताको जगमा अडेको छ । यस्तो पापकुण्डबाट देशलाई मुक्ति दिलाउने भनेको लर्तरो मुटुले हुँदैन, दह्रै मुटु चाहिन्छ, जुन उहाँ र उहाँका सहयोगीहरूले देखाएका छन् ।

यो कुरा म आफैँले उहाँसँग ओली एमाले-एमाके सरकारले २०७६ सालमा ल्याएको गुठी मास्ने विधेयक विरोध गर्ने क्रममा भोग्नुपऱ्यो । औपचारिक नाम त 'गुठी सम्बन्धित प्रचलित कानुनलाई संशोधन र एकीकृत

गर्नका लागि पेस भएको विधेयक, २०७५' हो क्यार ! सरकारले यस्तो के ल्याउँदैछ भन्ने हल्ला सुनेपछि हामी गुठी संरक्षण पुचःका सदस्यहरू जुर्मुरायौँ । पहिलो छलफल २०७६ जेठ १९ गते द्वारिका होटलमा आयोजना गरियो, जहाँ भरत जङ्गमले चिनेजानेका गुठीका अगुवाहरूलाई पनि खबर गर्नुभयो र आफ्नो सूत्र लगाएर एक प्रति मस्यौदा पनि फेला पार्नुभयो । छलफल घनीभूतै भयो र हामी सबै आत्तियौँ । यो त नीतिगत र राजनीतिक भ्रष्टाचारको अनुपम नमुना भएको प्रस्ट थियो । गुठी र मठमन्दिरका जग्गा पार्टीका कार्यकर्ताले कब्जा गर्ने र जग्गा प्लटिङ गर्ने माफियालाई फाइदा पुऱ्याउने नियत नाङ्गै देखिन्थ्यो ।

छलफलले जेठ २८ गते माइतीघरमा विरोध प्रदर्शन गर्ने निर्णय गऱ्यो । सरकारलाई यसबारे जानकारी दिए पनि छलफल र वार्ता गर्ने चासो देखाएन । 'काग कराउँदै गर्छ, पिना सुक्तै गर्छ' भन्ने नीति अपनाएर जबर्जस्ती विधेयक बहुमतको मुढेबलले पास गर्ने अठोट गऱ्यो । त्यस दिन म पनि भरत जङ्गम र तमाम गुठीका मित्रहरूसँगै सडकमा धर्ना बसेँ । तर भाषणको क्रम चल्दै गर्दा पुलिसले पानीको फोहरा र लाठीचार्जले हामीलाई तितरबितर पार्न थाल्यो । शान्तिपूर्ण विरोधसमेत सहन नसक्ने सरकारको रवैयाले सबै रुष्ट भए ।

फलस्वरूप काठमाडौँका सबै गुठीहरू छलफलमा जुटे । उनीहरूले बुझे कि यो त नास्तिकहरूको सरकारले परम्परा र धर्मसंस्कृति मास्नै खोजेको हो । बागमती सभ्यता गुठीमा आधारित छ । त्यसैले हजारौँ वर्षदेखि आजसम्म मठ-मन्दिर र सांस्कृतिक सम्पदाहरू बचाइराखेका छन् । तिनै गुठीका बाँच्ने स्रोत जग्गा जुन हाम्रा बाजे-बराजुहरूले देवस्वस्वरूप दान दिएका थिए । यसलाई यो पुस्ताले मास्नु भनेको महापाप हो भन्ने हाम्रो समाजमा गहिरो जमेर बसेको मान्यता हो । फलस्वरूप सबै गुठियारहरू आन्दोलित भए । असार ४ गते काठमाडौँ उपत्यकाका गाउँ-सहरबाट विशाल जुलुस उर्लिएर आयो, जुन शायद विगतका राजनीतिक आन्दोलनको जुलुसभन्दा कम थिएन । असार ८ मा सरकारले सो विधेयक फिर्ती गरेको विज्ञप्ती जारी गर्न बाध्य भयो ।

यसले एउटा ठूलो पाठ पढाएको छ । राणाविरोधी आन्दोलनदेखि नै नेपालमा एउटा विश्वासले मान्यता पाएको छ कि प्रजातान्त्रिक अझ भनौँ लोकतान्त्रिक परिपाटी भए जनताले आफूले रुचाएको पार्टीलाई भोट हालेर बनेको सरकारले सुशासनसहित विकास ल्याइहाल्छ । गुठी प्रकरणले के देखायो भने चनाखो र मूल्य-मान्यतामा जरा गाडेको सामाजिक सङ्घ-संस्था

र त्यो मान्यतालाई बचाउने अभियन्ता भएन भने, त्यस्ता संस्थाले बारम्बार सरकार, नेता र पार्टीहरूलाई सचेत गराउन औला ठड्याएन भने भाँडभैलो हुन्छ र दुर्जनहरूले प्रजातान्त्रिक ढङ्गले सत्ता कब्जा गरेर लुट मच्चाउनेछन् ।

यतिका वर्ष यत्रो उमेरसम्म भरत जङ्गमले स्वच्छ समाजहेतु अभियान चलाउनुभयो, चलाइरहनुभएको छ । अब एउटा काम भने उहाँले गर्न बाँकी नै छ अवकाश लिनुअगाडि । त्यो हो अरू पाँचवटा युवा भरत जङ्गम जन्माउनुपर्छ, जसले यो परम्परा जोगाउने भ्रष्टाचार निर्मूलीकरण गर्ने अभियान अझ सशक्त ढङ्गले अगाडि बढाओस् ।

●



दीपक ज्ञवाली नास्टका प्राज्ञ एवं पूर्व जलस्रोत मन्त्री, जलविद्युत इन्जिनियर, स्रोत अर्थराजनीति विज्ञ एवं कल्चरल थ्योरिस्ट हुनुहुन्छ ।

# राष्ट्रिय चेतका धनी
## – प्रा. डा. देवमणि भट्टराई

कुनै पनि मानिसको जन्म एउटा राष्ट्रमा भएको हुन्छ । ऊ त्यहाँ हुर्किन्छ, बढ्छ र त्यहाँ उसको नाभि गाडेको हुन्छ । सबभन्दा प्रिय माटो नाभि गाडेको ठाउँको हुन्छ किनकि ऊ त्यसै माटोको वातावरणमा हुर्किएको हुन्छ र उसलाई त्यस देशका चारवटा कुराको प्रभाव पर्दछ र त्यहाँको हुने गर्दछ । ती हुन् १. धर्म, २. संस्कार, ३. संस्कृति, ४. राष्ट्रप्रेम वा राष्ट्रियता ।

मानव त्यस राष्ट्रको धर्मसँग सम्बन्धित अर्थात् मातापिताले मानिल्याएको धर्मबाट अनुप्राणित हुन्छ भने पैतृक संस्कारबाट संस्कृत हुन्छ । यसै गरी त्यस भूगोलको ऊ प्रतिनिधित्व हुनाले ऋणी भएको हुन्छ । यसरी हेर्दा ऊ त्यस धर्मको एउटा मानव त्यस देशको धर्म, संस्कार, संस्कृति र राष्ट्रियतासँग नङ र मासुकै जस्तो सम्बन्धित भएर हुर्किएको र बढेको हुन्छ । चाहेर पनि मानवले स्वधर्म, स्वसंस्कार, स्वसंस्कृति एवं स्वराष्ट्रियता छोड्न सक्तैन । ऊ विदेशमा रहला, बस्ला तर उसभित्र रहेका यी ४ वटा पक्ष नै उसलाई परिचय दिने खालका रूपमा अगाडि आइरहेका हुन्छन् । तिनीहरूले उसको परिचयका मार्गहरू प्रशस्त गरिरहेका हुन्छन् । मानवले चाहेर पनि स्वधर्म एवं स्वसंस्कृति परिवर्तन गर्न सक्तैन । किनकि उसमा जन्मगत संस्कार एवं राष्ट्रगत राष्ट्रियताको आधार जन्मभूमिबाट भएको हुन्छ ।

मैले धर्म परिवर्तन गरेँ, राष्ट्रियता त्याग गरेँ, स्वसंस्कृति त्यागी परसंस्कृति स्वीकारेँ (अँगालेँ) या पैतृक संस्कारबाट नभई परसंस्कारबाट संस्कृत भएँ भन्नु नितान्त भ्रम हो, धोका हो । किनकि मानव स्वधर्म, संस्कार, संस्कृति र स्वराष्ट्रबाट चाहेर पनि बाहिर हुनै सक्तैन । हुन सक्छ त्यसमा वैराग्य आउला, घृणा वा लज्जाबोध होला, तर त्यो पनि क्षणिक मात्र । जन्मजन्मान्तर स्वधर्म, संस्कृतिको चेत सबैमा सुषुप्त रूपमा रहेको हुन्छ । तर सबैमा जतिखेर पनि व्यक्त नहुन सक्छ । व्यक्त त्यतिखेर हुन्छ, जब उसलाई अन्तरात्माले घचघच्याउँछ, मनले विवेकलाई सत्य बोल्न प्रेरित गर्छ । त्यतिखेर अन्तर्मनले विवेकलाई निर्णय गर्न प्रेरित गरेको हुन्छ । त्यो बेला बाह्य जगत्मा घटेका कुनै न कुनै घटनाले उसलाई प्रेरणा दिन्छ । त्यो प्रेरणा नै उसको हृदयमा गएर बसेको हुन्छ र उसलाई बारम्बार स्वधर्ममा उठ्न, जाग्न प्रेरित गरिरहन्छ र मानव जाग्दछ । यो प्रक्रिया जागिर

खोज्नेदेखि खेतिपाती गर्नेसम्म सबैमा उस्तै रहेको हुन्छ । मात्र अनुभव ठूला-ठूला घटनामा घटित भएर बाहिर आएका हुन्छन् । फरक यति मात्र हो । यसै चेतका प्रतिमूर्ति एवं उदाहरणीय व्यक्तित्व हुन् भरत जङ्गम ।

भरत जङ्गम लेखक एवं धार्मिक अभियन्ताका रूपमा सुपरिचित व्यक्तित्व पनि हुन् । उनका अनेकौं कृतिहरू छन् र ती कृतिहरूमाथि विद्यावारिधिसम्मका शोधप्रबन्ध तयार भइसकेका छन् । उनी परिश्रमी छन्, सहयोगी छन् र मिहिनेती एवं मिलनसार व्यक्तित्व पनि हुन् । सनातन धर्मका विवादित क्षेत्र र धार्मिक अतिक्रमण भएका क्षेत्रमा जनता एवं अदालत जगाएर उनी उदाहरणीय काम गर्छन् । उनका कारण नेपालका अनेकौं धर्म-धरोहरहरू अद्यावधि जीवित छन् । चाहे ती २०७० सालको श्री पशुपतिनाथको पूजाको पूजा-आरतीको अवरोधको विषय होस् या श्री केदारनाथको शिरोभाग डोलेश्वर महादेवको विषय होस्, यी सबैमा धर्मप्राण भरत जङ्गमको योगदान अद्वितीय नै रहेको देखिन्छ । यस्तै अनेकौं कुराहरू सनातन धार्मिक जगत्मा उदाहरणीय एवं अनुकरणीय नै छन्, तथापि मसँग जोडिएका केही प्रसङ्ग मात्र कोट्याउन चाहन्छु ।

**प्रसङ्ग - १ : श्री पशुपतिनाथको पूजा-अर्चना बन्द गरिएको बारेमा ।**

छोराछोरीको बिहे सनातन धार्मिक विधिले गर्छन् र सम्धीभेटको सुन होस् या बुहारीलाई दिने महँगो साडी, यस्ता कुरामा नास्तिक भनाउँदाहरू बिहे-व्रतबन्धमा निकै अगाडि देखिन्छन् । नेपालमा पश्चिमी शासनको प्रभाव र तथाकथित कम्युनिस्ट एवं क्रिश्चियन मानसिकताले नेपाली राजनीति पूरै आक्रान्त रहेको देखिन्छ । टीका-चन्दन लगाएर नास्तिकतावादी पार्टीलाई भोट हाल्छन् र परे कर्मकाण्डको वकालत पनि यिनै गर्छन् । दान लिन्छन् । कुराकानी, सपग्रहणजस्ता कार्यक्रममा भने यी झलक्क उदाङ्गिन्छन् । बाबुआमाको काजक्रिया गर्ने सन्दर्भमा पनि प्रभु खुसी पार्न काजक्रिया नगरी क्रिस्चियन या कम्युनिस्टको हिमायती सदर गर्न र लम्पसार पर्न पछि पर्दैनन्, जसको प्रभाव नेपालका देवालयहरूमा, शिक्षालयहरूमा तोडफोड, आगजनी एवं बमप्रहार गराएर ध्वस्त पार्दछन् । पूजापाठ, धार्मिक क्रियाकलापहरूमा बाधा पार्ने काम नेता स्वयंले कार्यकर्तामार्फत गराउँछन्, जसको परिणाम भने उनीहरूको क्रियाकलापले उनीहरूप्रति नै जनताको वितृष्णा फैलिरहेको हुनछ, जसको एउटा घटना २०६५ पौष १६ गतेदेखि ऐ. २२ गतेसम्म श्री पशुपतिनाथको नित्य पूजा, अर्चना, आरती आदि सबै बन्द गराइयो र देखावटी रूपमा पुजारी पण्डित नियुक्त गरेको भान गरियो, तर जनताले त्यो कुरा पत्याएनन् । तिनीहरूको मुखुन्डो उत्रियो । चुनावका लागि धक्का पुग्ने

कुरामा डराए । त्यतिखेरका प्रधानमन्त्री हुनुहुन्थ्यो पुष्पकमल दाहाल प्रचण्ड, जसले माओवादीको नेतृत्व गरी प्रधानमन्त्री बन्नुभएको थियो ।

यस कार्यको जनमानसमा घोर विरोध भई धार्मिक अभियन्ता भरत जङ्गमको नेतृत्वमा अदालतमा मुद्दा परी 'यथावत् पूजा सञ्चालन गर्नू' भन्ने आदेश प्राप्त भयो र श्री पशुपतिनाथको नित्य पूजालगायत दैनिक धार्मिक कृत्यहरू पूर्ववत् रूपमा सञ्चालन भए । यो सनातन धर्म र नेपाल राष्ट्रमाथिको निकै ठूलो प्रहार थियो । यसको निराकरणमा भरत जङ्गमको निकै ठूलो योगदान रहेको देखिन्छ ।

यसमा एउटा थप रोचक प्रसङ्ग पनि जोडिएको देखिन्छ । बङ्गलादेशका सुल्तान मुसलमानले १३६० मा नेपालमा आएर श्री पशुपतिनाथको लिङ्ग एवं मन्दिर तोडफोड गरेको र त्यसमा तत्कालीन बनेपाका राजा जयराम वर्द्धनको नेतृत्व र जङ्गमहरूका अग्रणी व्यक्तित्व श्रीपति आराध्य शर्मा जङ्गम शैव ब्राह्मणको नेतृत्वमा पशुपतिनाथको हालको शिवलिङ्गको स्थापना भएको र त्यसको पूजा आदि निरन्तर चलिरहेकोमा २०५६ सालमा अचानक पूजा अवरोध भएकोमा ६४० वर्षपछि त्यही जङ्गम परिवारका हालका धार्मिक व्यक्तित्व भरत जङ्गमले २०७५ पौष २३ देखि क्षमापूजासहित नित्य पूजा-आराधनाको सुरुवात गर्ने अवसर पाएको पनि स्मरणीय छ ।

**प्रसङ्ग - २**

२०७० साल असारमा भारतको उत्तराखण्डमा विशाल वर्षातका कारण महाविपत्ति आयो । अथाह पानी पऱ्यो । पैह्रो गयो । विशेष गरेर हरिद्वार उत्तरका गाउँबस्तीहरू उत्तरकाशी, बद्रीनाथ, केदारनाथ, गङ्गोत्री, यमुनोत्तरी लगायतका तीर्थस्थलहरू जाने बाटाघाटाहरू सबै बन्द भए । धेरै मानिसहरू त्यसैमा फसे र मरे । कति बगाए । कहालीलाग्दो गरी मानिसहरूको ज्यानै गयो । गाईबस्तु, भेडाबाखाहरूको पनि उति नै ज्यान गयो । केदारनाथजीको मन्दिरबाहेक सबै ध्वस्त भयो । भगवतकृपा, श्री केदारनाथजीको मन्दिरलाई कुनै क्षति पुगेन । तर नित्यपूजा सञ्चालन गर्ने अवस्था रहेन । यता नेपालमा त्यस्तो विषम परिस्थिति थिएन । पानी परे तापनि यता केही वर्षअघि २०६६ साल भाद्र ६ गते भारत उत्तराञ्चल केदारपीठका मठाधीश भीमाशङ्कर लिङ्ग शिवाचार्य महास्वामीजी आएर पशुपतिनाथ एवं डोलेश्वरलगायत मन्दिरको दर्शनपश्चात केदारनाथको शिर डोलेश्वर महादेव नै हुनुहुन्छ भनेर किटानी गरिसकेको अवस्था थियो र त्यहाँ केदारनाथजीकै शिरका रूपमा डोलेश्वरमा पूजा-अर्चना चलिरहेको थियो । यस वर्ष २०७० सालको त्यो उत्तराखण्डको महाविनाशकारी बाढी-पहिरोले विनाश गरेपछि केदारनाथजीकै इच्छा होला,

यता नेपालमा केदारनाथजीको शिरोभागमा त्यहाँ बन्द भएको पूजालाई सुचारु गर्न नेपाल भारतका पुजारीहरूको टेलिफोन संवाद भयो । त्यसमा विशेष पहल भरत जङ्गमजीको रह्यो । दुवै पक्ष सहमत भएर नेपालस्थित केदारनाथको शिर डोलेश्वरमा केदारेश्वरका रूपमा नेपालमा पूजा-अर्चना प्रारम्भ गरियो । त्यो दिन २०७० असार २१ गते थियो । त्यो सारा कार्यको नेतृत्व धार्मिक अभियन्ता भरत जङ्गमबाट भएको थियो । यता पं. कृष्णप्रसाद खनाल, प्रा. डा. माधव भट्टराई, प्रा. डा. देवमणि भट्टराई, पं. नेत्रविनोद भट्टराई, पं. रवीन्द्र पराजुली, पं. गोपाल वाशिष्ठलगायत करिब २५ जना विद्वान् ब्राह्मणबाट सो अनुष्ठान पूर्ण भएको थियो । अद्यावधि केदारनाथको शिरका रूपमा डोलेश्वर महादेवको पूजा-अर्चना चलिरहेको छ ।

**प्रसङ्ग - ३ : बागेश्वर मन्दिरको जीर्णोद्धार एवं क्षमापूजा र निरन्तरता**

२०७२ साल वैशाखको कुरा हो । पं. कृष्णप्रसाद खनालले मलाई भरत जङ्गमसँग बिजुलीबजारको अफिसमा लिएर जानुभयो । त्यहाँ बानेश्वर क्षेत्रमा रहेका मन्दिरका बारेमा कुरा भयो र जीर्णोद्धार गरी प्राणप्रतिष्ठाका लागि मुहूर्त हेर्ने निधो भयो । वैशाख २९, ३०, ३१ का लागि समय तय गरी सो समयमा प्राणप्रतिष्ठा गर्ने निधो भयो । मेरो व्यस्तताका कारण पहिले जान सकिनँ र उसै दिन जङ्गमजीको गाडीमा पं. कृष्णप्रसाद खनाल, म, पं. प्रसन्न भट्टराई एवं पं. भीमनाथ अधिकारीसहित त्यहाँ हामी पुग्यौं ।

क्षेत्रफल राम्रो भएको, सुन्दर मन्दिरहरू, चौतारो, बीचमा तलाउ लगायतले मन्दिर प्राङ्गण मनोहर रहेछ । नेपाल थरका व्यक्ति त्यहाँका पुजारी हुनुहुँदो रहेछ । उहाँकै आश्रममा हामीले मन्दिरको प्रतिष्ठासम्बन्धी लिङ्ग आदि निर्माण गरी पहिलो दिनको नान्दीमुखी र मन्दिरका शिलाको व्यवस्थापनको कार्य गऱ्यौं । त्यहाँका कतिपय भगवान्का विग्रह, शिवलिङ्ग हराएका रहेछन् । उदारमना, लक्ष्मीप्रिय तथा धर्माधिकारी भरत जङ्गमले नयाँ शिला, शिवलिङ्ग, मूर्तिहरू ल्याएर प्राणप्रतिष्ठाको कार्य गराउने उहाँको योजना रहेछ । ती विग्रहहरू आएपछि यो कार्य प्रारम्भ गरिएको थियो । त्यस क्षेत्रको र त्यस वागीश्वर भगवान्को कृपा पनि भरत जङ्गमजीलाई राम्रै छ भन्ने ठान्दछु ।

**प्रसङ्ग - ४ :**

जङ्गम मठ कमलविनायक भक्तपुरमा चलिरहेको नित्यपूजा भूकम्पका कारण बन्द भयो । पुरानो संरचना भएकाले भूकम्पको असर पऱ्यो नै । त्यसबाट करिब ९-१० महिना बन्द भएको नित्यपूजालाई निरन्तरता दिन पं. कृष्णप्रसादसहित मसँग सल्लाह माग्नुभयो । जीर्णोद्धारको पनि आवश्यक मुहूर्त हेर्नुपर्छ भने पुनः प्रतिष्ठाको पनि मुहूर्त आवश्यक पर्छ । यी दुवै मुहूर्त हेरी

धर्मसिन्धुका आधारमा माघ-फागुनतिर साइत तय गरी कार्य सम्पन्न गर्ने निधो गरियो । मेरो र खनाल गुरुको उपस्थिति अनिवार्य माग्नुभयो । हामीले स्वीकार गऱ्यौं । डोलेश्वरका मुख्य पुजारी बच्चुराम जङ्गमको सान्निध्य एवं मुख्य कर्ताका रूपमा स्थानीय पुजारी कृष्ण सापकोटाका साथै अभिभावकका रूपमा भरत जङ्गम नै रहनुभएको थियो । सातजना योग्य पण्डितहरूको सहकार्यमा क्षमापूजासहित मूर्ति तथा मन्दिरको पुनः प्रतिष्ठा सम्पन्न भयो । मुख्य देवताहरू वागेश्वर महादेव, अर्धनारीश्वर, नारायण, उमामहादेवेश्वर, गणेश आदि देवता छुट्टाछुट्टै मन्दिरमा विराजमान हुनुभएको छ ।

यसरी भरत जङ्गमले मलाई धेरै ठाउँमा धार्मिक कार्यमा सरिक गराउनुभएको छ । दिनहरू अविस्मरणीय छन् । उहाँ मलाई बारम्बार भन्नुहुन्छ तपाईं भएपछि मलाई ढुक्क हुन्छ, तपाईं विधि छोड्नुहुन्न, त्यसैले म तपाईंको नेतृत्व खोज्छु । ठीक छ, भगवान्को नै काम हो भनी म पनि स्वीकार्छु । काम गर्न पक्कै अप्ठ्यारो छ । किनकि योग्य पण्डितहरूको संयोजन, सामग्री सङ्कलन, पूर्वतयारी आदिमा समय जान्छ, खर्च पनि हुन्छ । यी सबै कार्यकर्ताहरू पछि हट्छन्, तर जङ्गमजीले सबैलाई संयोजन गरी अन्तिम दिन धार्मिक सभामार्फत सबैसँग माफी माग्नुहुन्छ । जति कमी-कमजोरी भए पनि, रिसै उठे पनि यसै सभामा सबैले बिसाएर जान्छन् । त्यहीँबाट भरत जङ्गमको महानता बाहिर समाजमा झल्किन्छ । लाग्छ यो उहाँलाई पशुपतिनाथको वरप्राप्त कृपा नै हो । उहाँले धेरै अनुनय गर्दा पनि धनेश्वर महादेवको भूकम्पपछिको क्षमापूजामा सरिक हुन पाइएन भने नातिको व्रतबन्ध एवं लघुरुद्रीको कार्यक्रममा पनि सरिक हुन नपाएकोमा दुःखी छु । यति हुँदाहुँदै पनि वचनको पक्का हामी दुवै हौँ भन्ने विश्वास हामी दुवैमा छ । ॐ नमः शिवाय ।

•



डा. देवमणि भट्टराई नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक तथा लेखक हुनुहुन्छ । उहाँ धार्मिक तथा आध्यात्मिक क्षेत्रका अभियन्ता पनि हुनुहुन्छ ।

# ‘कालो सूर्य’ मा चम्किएका उज्यालो जङ्गम
## – डा. देवी क्षत्री दुलाल

भरत जङ्गम (२००४) भक्तपुर विश्वप्रसिद्ध भ्रष्टाचारविरोधी विचारक र अभियन्ता हुनुहुन्छ । आख्यानकार, स्रष्टा, द्रष्टा हुनुन्छ । उहाँ यस विषयको एउटा व्यक्ति मात्र नभएर संस्था हुनुहुन्छ । जब कुनै व्यक्ति व्यक्तिगत हितलाई गौण ठानेर राष्ट्र र जनताका पक्षमा, विधि, पद्धति र नैतिक आचरणका विषयमा निरन्तर रूपमा लागिरहन्छ, तब त्यो व्यक्ति व्यक्तिबाट माथि उठेर सस्थामा रूपान्तरण हुन्छ । यस्ता व्यक्ति करोडौंमा एक-दुई हुन्छन् । तीन कोटी नेपालीमध्ये एकजना भरत जङ्गम हुनुहुन्छ ।

उहाँ म जन्मनुभन्दा एक वर्षपहिले अर्थात् २०२७ सालदेखि नेपालमा हुने अनेक प्रकारका भ्रष्टाचार, कुशासन, अन्याय, अत्याचार, विकृति, विसङ्गति र बेथिति विरुद्धको अग्रमोर्चामा मसाल बोकेर उभिनुभएका योद्धा हुनुहुन्छ । यिनै विषयमा उहाँले लेखेर, बोलेर सत्ता र समाजलाई सचेतना भर्ने काम निरन्तर रूपमा गरिरहनुभयो । यसैकारण जनताको साथी र सत्ताको शत्रु हुनुभएको हो ।

मैले २०४६ सालको दशकबाट भरत जङ्गमबारे सुन्न थालेको हुँ । त्यसयता उहाँका भ्रष्टाचारविरोधी अभियानबारे निरन्तर सुनिरहेको छु । नेपाल र नेपालीको हित चाहने हरेक नेपालीले मैले जस्तै आदर, सम्मान र भरोसायुक्त अभिभावकका रूपमा बुझेका होलान् । आजका समकालीन राष्ट्रिय-अन्तर्राष्ट्रिय सञ्चार माध्यममा उहाँका कामको यथेष्ट चर्चा-परिचर्चा भइरहेका हुन्छन् । यो हामी सबैका लागि गौरवको विषय हो । उहाँको कामको आलोकमा नै जङ्गमको व्यक्तित्व आज अन्तर्राष्ट्रियकरण भएको हो । अनौठो कुरा, जङ्गमलाई मैले आजसम्म सशरीर भेटेको छैन, छुन पाएको छैन । आमनेसामने भएर नमस्ते भन्न पाएको छैन । टाढाबाट श्रव्यदृश्यमा देखिरहेको हुन्छु । उहाँका काम र कृतिहरूबाट भने उहाँलाई राम्ररी चिन्दछु ।

जङ्गमका धेरै कृति प्रकाशित छन् । तिनको आ-आफ्नै मूल्य, शक्ति र सौन्दर्य आफ्नो ठाउँमा छदैछ । यहाँ म उहाँको उपन्यास ‘कालो सूर्य’ बारे थोरै चर्चा गर्छु । ‘कालो सूर्य’ भ्रष्टाचारजन्य विषयलाई आधार बनाएर नेपाली भाषामा लेखिएको सम्भवतः पहिलो उपन्यास हो । ‘कालो सूर्य’ उपन्यास मैले २०६० को दशकमा पढेको हुँ । विषयगत एबम् पारिभाषिक शब्दहरूको

उचित छनोट र संयोजन गर्दै कथानकको विकास भएको छ । देशका सत्तासिन र अन्य पहुँचवालाहरूले कसरी शक्तिको दुरुपयोग गर्छन् र कानुनलाई हातमा लिएर अख्तियारको उल्लङ्घन कसरी गर्छन् भन्ने दृष्टान्त 'कालो सूर्य' मा देखाइएको छ । आफ्ना पात्रहरूमार्फत आख्यानकारले आफ्ना विचारलाई निडरताका साथ अघि सार्नुभएको छ । यसरी हेर्दा उहाँ कालो सूर्यमा चम्किएको उज्यालो बत्ती हुनुहुन्छ ।

जुन गतिमा जङ्गमको भ्रष्टाचारविरोधी व्यक्तित्वको विकास भइरहेको थियो, 'कालो सूर्य' उपन्यास प्रकाशित भएपछि अझ प्रसिद्धि चुलिँदै गयो । नेपाली वाङ्मयिक मझेरीमा पहिचानका साथ स्थापित हुनुभयो उहाँ । प्रस्तुत 'कालो सूर्य' उपन्यासको विभिन्न संस्करण आइसकेको छ भने विश्वका धेरै भाषामा अनुवाद भएर प्रकाशित भएको छ । भ्रष्टाचारविरोधी मिसन बनाएर नेपाली भाषामा लेखिएको आख्यान अन्य भाषामा अनुवाद भएर प्रकाशित हुनुले उपन्यासको शक्ति र सौन्दर्य कति छ भन्ने कुराको मापन गर्छ ।

यस दृष्टिबाट हेर्दा आख्यानकार भरत जङ्गमको सर्वाधिक शक्तिशाली, पठनीय, लोकप्रिय र कालजयी कृति हो 'कालो सूर्य' उपन्यास । अर्थात् 'कालो सूर्य' उपन्यास उहाँको मास्टरपिस कृति हो । एउटा अभियन्ता, स्रष्टा र चिन्तकका लागि आफ्नो मानस सन्तानले यसरी लोक अदालतबाट निरन्तर अनुमोदन हुनु गौरवको विषय हो । आज आफ्नो जीवनको चौहत्तर वर्ष जिइरहँदा आदरणीय भरत जङ्गमले यी कुरा अनुभूत गरिरहनुभएको हुनुपर्छ । म उहाँको योगदान र कृतित्वका विषयमा धेरै शब्द थोपरेर मेरा शुभेच्छापरक शब्दहरूलाई अनावश्यक भद्दा बनाउन चाहन्नँ । उहाँ भ्रष्टाचारलाई डढाएर खरानी पार्ने आगो हुनुहुन्छ । देशमा न्याय, समानता, सुशासन, विकास र शान्तिको उज्यालो देखाउने बत्ती हुनुहुन्छ । सदाचार र सुशासनमा शक्तिशाली हुनुहुन्छ । कहिल्यै नमर्ने हरियो दुबो हुनुहुन्छ । खुला विश्वविद्यालय हुनुहुन्छ । अन्त्यमा, उहाँको दीर्घ जीवन, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।



●

डा. देवी क्षत्री दुलाल लेखक हुनुहुन्छ ।

# बानेश्वरका गौरव
## – धनञ्जय पौड्याल

आजको दिनमा बानेश्वरका युवा पुस्ताहरूको सम्झना गर्दा भरतमणि जङ्गम अथवा भरत जङ्गमको नाम स्वतः उच्चारण हुन आउँछ । समय फेरिँदै गएपछि, युग बदलिँदै गएपछि कुनै पनि मानिसको गुणदोष जे छ, एउटा अभिलेखका रूपमा रहेको हुन्छ, जुन अभिलेख लिखित नै हुनुपर्छ भन्ने छैन । झन् लेखिएका भन्दा नलेखिएका अभिलेखहरू विश्वसनीय र भरपर्दा हुन्छन्, जसलाई मानिसले सहानुभूतिपूर्वक आत्मसात गरिरहेका हुन्छन् । त्यस्ता अभिलेखहरू सुस्त-सुस्त रूपमा इतिहासका पानामा समावेश हुँदै जान्छन् ।

यसै प्रसङ्गमा बानेश्वरका युवा पुस्ताको अभिलेख केलाउने हो भने अहिलेको बानेश्वरलाई यस रूपमा ल्याउनमा तत्कालीन युवा पुस्ताको देन अति नै महत्त्वपूर्ण रहेको छ । यसको साक्षीका रूपमा करिब ३ दशकभन्दा अगाडिदेखि यस बानेश्वरमा सम्पन्न भएका सामाजिक कार्यहरूको सही चित्र अवलोकनकर्ता र सहभागीका रूपमा संलग्न हुंदै आएकामध्ये लेखक स्वयं पनि रहेको यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

आफैँले प्रत्यक्ष अनुभव गरेका आधारमा युवा पुस्तामध्येका तत्कालीन युवा बानेश्वरवासी भरत जङ्गमको नाम पनि यहाँ उल्लेख गर्नुपर्दछ, जसले आफ्नो युवावस्थामा अन्य साथीहरूका साथमा विभिन्न सामाजिक कार्यहरू, जस्तै पुस्तकालय भवन निर्माण, विद्यालय भवन निर्माण र मन्दिर तथा पाटीपौवाको जीर्णोद्धारमा दिलोज्यानले संलग्न हुनुभयो । मिलनसार, नम्र मिजासका, सहयोगी भावनाका तर अन्याय नसहने हक्की स्वभावका जङ्गम सबै युवाहरूबीच लोकप्रिय हुनुभयो । उहाँले खास गरी त्यस बेलाका गाउँ पञ्चायतहरू महादेवस्थान र भीमसेनगोला (जुन पछि गाउँ विकास समिति हुँदै हाल क्रमशः काठमाडौँ महानगरपालिका वडा नं. १० र वडा नं ३१ भएको छ) मा सामाजिक तथा केही विकास निर्माणका क्षेत्रमा समेत योगदान पुऱ्याउनुभएको छ । गाउँमा घट्ने घटना, गाउँलेबीच हुने विवादलगायत अन्य सामाजिक मुद्दालाई समेत सरल तरिकाले समाधान गर्दै आउनुभएको छ ।

यसरी स्थानीय स्तरमा समाजसेवाका क्षेत्रमा सक्रिय रूपले समर्पित भरत जङ्गम बिस्तारै राष्ट्रिय स्तरमा प्रवेश गर्दै खास गरी देशमा जरा गाढेका भ्रष्टाचार र कुरीतिहरूविरुद्ध वकालत गर्दै धर्म र संस्कृतिका क्षेत्रमा समेत

योगदान पुऱ्याउँदै आउनुभएको छ । खास गरी उहाँले देवाधिदेव महादेवको पूजा-अर्चनाको विधिविधान तथा प्रचार-प्रसार र संरक्षणका क्षेत्रमा आफ्नो अमूल्य योगदान प्रदान गरिरहनुभएको छ । यसका लागि ज्वलन्त उदाहरण भक्तपुर जिल्लामा अवस्थित डोलेश्वर महादेवलाई लिन सकिन्छ, जुन मन्दिर धेरै कालसम्म धर्मपरायण व्यक्तिहरूमाझ पनि प्रायः अन्जान नै थियो । उहाँकै प्रयासमा स्थानीयहरूको सहयोगमा मन्दिरको ऐतिहासिक र धार्मिक महत्त्व उजागर भएपश्चात् हाल त्यस क्षेत्रकै धार्मिक मात्र नभई आर्थिक तथा सामाजिक गतिविधिमै व्यापक सुधार आइसकेको छ । यसरी नै उहाँले काभ्रेपलान्चोक जिल्ला बनेपा नगरपालिकामा रहेको धनेश्वर महादेवको संरक्षण, सम्वर्द्धन र पूजाविधिमा पनि अमूल्य योगदान दिँदै आउनुभएको छ ।

उहाँको कर्मक्षेत्र बानेश्वरमा अवस्थित बानेश्वर महादेवको महत्त्व र धार्मिक क्रियाकलापमा बृद्धि गर्न पनि उहाँले सक्रिय भूमिका निभाउँदै आउनुभएको छ । करिब दुई वर्षअगाडि सुरुवात भएको बानेश्वर महादेव आरती कार्यक्रमपश्चात् देवाधिदेव महादेवलाई प्रसन्न तुल्याउन उहाँले आवश्यकीय विधिपूर्वक गरिने रुद्राभिषेकपूजाको श्रीगणेश गराउनुभयो । यसका लागि रत्न पुस्तकालय र बानेश्वर महादेवस्थान संरक्षण समिति लगायत स्थानीय धर्मपरायण व्यक्तिहरूसँगको औपचारिक तथा अनौपचारिक बैठक तथा अन्तर्क्रियाबाट रुद्राभिषेकपूजाको थालनी गर्ने भन्ने निर्णयअनुसार प्रत्येक दिन उक्त पूजा गरिँदै आएको छ । उक्त पूजा बिहान सबेरै पण्डित ब्राह्मणहरूद्वारा गरिँदै आएको छ । पूजाका लागि महिनादिनभरि प्रत्येक दिन पूजा गराउने प्रायोजकहरूको सूची तयार पारिएको छ र त्यही सूचीअनुरूप महादेवलाई चढाउने पूजासामान, भेटी, नैवेद्य आदिका लागि, पूजा गर्ने गुरुका लागि केही पारिश्रमिक र स्वयं पूजा गराउने प्रायोजक व्यक्तिलाई दिने गरेको नैवेद्य, प्रसाद र सफाइसमेतका लागि हाललाई प्रत्येक प्रायोजकहरूसित जम्मा रु. एक हजार एक सय पूजाशुल्क भेटीका रूपमा प्राप्त हुने गरेको छ । प्रायोजितको सूचीमा नाम परेकाहरूबाहेक विशेष दिनमा अन्य इच्छुकहरूले पनि सोही शुल्क बुझाएर आफ्नो नामबाट पूजा गराउन सक्छन् । बानेश्वरवासीहरूका बीच ज्यादै लोकप्रिय र धार्मिक आस्था जगाउने कार्यक्रम भएकाले यसबाट धर्मपरायण व्यक्तिहरूमा अझ धार्मिक भावना जागृत भएको छ भने पूजा सञ्चालन गराउने बानेश्वर महादेवस्थान संरक्षण गुठीलाई आम्दानीको ठूलो स्रोत भएको छ । यसले गर्दा स्थानीय स्तरमा स्रोत परिचालनमा पनि सहयोग पुग्न गएको छ, जसले गर्दा मन्दिरभित्र सानातिना मर्मत-सम्भारको कार्य गर्न सघाउ पुगेको छ । यसरी रुद्राभिषेकपूजाको थालनीपश्चात महादेव सधैँ प्रसन्न रहून् र बानेश्वरवासी सबैलाई आशीर्वाद

प्रदान गरिरहून् भन्ने उद्देश्यले सबैको सल्लाह र सहमतिमा बानेश्वर महादेवको मन्दिरभित्र उहाँले अखण्ड दीप प्रज्ज्वलनको सुरुवात पनि गराउनुभयो । यसले गर्दा महादेवको मन्दिरभित्र २४ सै घन्टा एउटा दियोमा दीप प्रज्ज्वलित भइरहन्छ ।

कुनै पनि कामको सुरुवात गर्नु-गराउनुभन्दा पनि ठूलो कुरा त त्यसलाई दिगो राख्नु महत्त्वपूर्ण हुन्छ । तर उहाँबाट सुरु गराइएका दुवै पूजा-कार्यक्रमहरू संस्थागत र व्यक्तिगत रूपमा नै आत्मसात गरिसकिएको, यिनैद्वारा महादेवप्रति आस्था र प्रार्थनाका श्लोकहरू गाउन थालिएको अवस्थामा अब उप्रान्त चिरकालसम्म यस्ता कार्यक्रहरू सञ्चालन हुनेमा शङ्का गर्नुपर्ने आवश्यकता देखिँदैन ।

महादेव परिसरमा सञ्चालन भइरहेका आरती, रुद्राभिषेक, अखण्ड दीप प्रज्ज्वलनको प्रभावबाट नै बानेश्वर महादेवस्थान संरक्षण गुठीको सक्रियता र रत्न पुस्तकालयसहितको सहयोगमा अन्य पूजाहरू, जस्तै प्रत्येक एकादशीका दिन जलशायी नारायणको विशेष पूजा, प्रत्येक शनिबार ललितादेवीको मन्दिरमा चण्डीपाठ, माघ महिनामा स्वस्थानी व्रतको अवधिभर स्वस्थानीकथा पाठ गर्ने र दसैँको नौरथा दुर्गापूजाभर दुर्गामातासहित अन्य देवीदेवताहरूको मूर्ति स्थापना गरी पूजा-अर्चना गर्ने कार्य पनि गरिँदै आएको छ ।

अन्त्यमा, भरत जङ्गमको प्रयासबाट सम्पन्न भएका र भइरहेका सामाजिक तथा धार्मिक कार्यहरूका कारण मानिसहरूको सोचविचारमा समेत सकारात्मक परिवर्तन आउन थालेको महसुस हुन्छ । मानिसहरूमा भगवान्प्रति आस्था एवं विश्वास बढ्दै गएको आभास पाइन्छ, जसले गर्दा यस्ता कार्यहरूप्रति अझ बढी उत्प्रेरणा जाग्ने र अन्तमा समाजमा शान्तिस्थापनामा ठूलो सहयोग पुग्ने भएकाले सामाजिक तथा धार्मिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्दै आउनुभएका भरत जङ्गमलाई यस सानो टिप्पणीमार्फत् नै बधाई तथा धन्यवाद प्रदान गर्दै भविष्यमा अझ बढी सक्रियताका लागि शुभकामना पनि व्यक्त गर्दछु ।



धनञ्जय पौड्याल बानेश्वरका सामाजिक अभियन्ता तथा लेखक हुनुहुन्छ ।

# कोभन्दा के कम !
## – नवराज कार्की

अग्लो त उहाँ हुँदै होइन । मोटो भन्न पनि मिल्दैन, दुब्लो त उहाँ हुँदै होइन । गोरो त उहाँ हुँदै होइन, कालो भन्न पनि मिल्दैन । गजबकै व्यक्तित्व रहेछ उहाँको । मैले चिनेको करिब ४० वर्षमा उहाँ झन्डै-झन्डै उस्तै देखिनुहुन्छ । स्वस्थ शरीरजति नै स्वस्थ मस्तिष्क छ उहाँको । आधा लेखक, आधा राजनीतिकर्मी । त्योभन्दा बढी भ्रष्टाचारविरुद्धका अभियन्ता । यही हो उहाँको सङ्क्षिप्त परिचय भन्दा हुन्छ ।

कालो सूर्यको उज्यालो प्रकाशमा उहाँको लेखक व्यक्तित्व यति चहकिलो भयो कि नेपालको सिमाना नाघेर देशदेशान्तरमा पुग्यो । त्यो कित्ताले मेरा लागि भरत दाइ अब मेरा परम मित्र सङ्गीतकार दीपक जङ्गमका दाजु मात्र रहनुभएन, मेरो मित्रमण्डलीमा प्रवेश गर्नुभयो । मैले चालीसको दशकमा उहाँले लेखेका अनेकौँ रचनाहरू मन लगाएर पढेँ । झन्डै एक दशकको सक्रिय लेखनयात्रा पचासको दशक प्रारम्भ हुँदा अचानक मौन भयो । त्यो मोड थियो भ्रष्टाचारविरुद्धको अभियान ।

जनताको मतद्वारा निर्वाचित भएर जनताले तिरेको करमाथि लापर्वाह परिवारझैँ आफ्नै हातले झिक्तै खाँदै गर्ने प्रवृत्ति देखी सायद उहाँभित्रको राष्ट्रप्रेम जुर्मुराएर उठ्यो । मुसा प्रवृत्ति, पजेरो प्रवृत्ति, भागशान्ति प्रवृत्ति, कोटा प्रवृत्ति, अपहरण प्रवृत्ति आदि अनेकौँ रूपरङ्गका विकृति जलकुम्भी भई लड्दै र झाङ्गिँदै गएको दुःख देखेर अब भरत जङ्गमको कलमले मात्र यो लडाइँ जित्न सक्तो रहेनछ भन्ने ठहरमा पुग्नुभएछ क्यारे, कानुनको सहारा लिएर अदालतको ढोका ढकढक्याउन थाल्नुभयो । एकपल्ट कुनै बाटोबाट संसदभित्र छिरेपछि आजीवन पेन्सन खाने विधिवत व्यवस्थाविरुद्ध अदालतमा पुगेर उहाँले त्यो निर्णय उल्टाउनुभयो । त्यो निर्णयले अदालतको साख बढाउने काम गऱ्यो र उहाँको चर्चा बढ्यो ।

त्यसपछि उहाँले राष्ट्रहितका अनेकौँ विषयमा सतर्कता र खबरदारीमा औँला ठड्याउँदै कहिले सडकको पेटीमा बसेर हस्ताक्षर सङ्कलन अभियान सञ्चालन गर्नुभयो, कहिले पत्रपत्रिका र रेडियो-टेलिभिजनमा सचेतना फैलाई लेखेका लेखरचना र अन्तर्वार्ताहरू दिँदै जानुभयो ।

देशको अवस्था दिनानुदिन ओरालो लागेको छ । व्याप्त भएको संस्थागत भ्रष्टाचार मात्र होइन, हामीभित्रको दुर्बल मानसिकता पनि हो । आफूलाई फाइदा पुग्छ भने, फाइदा हुने सम्भावना छ भने, आफ्नो मान्छे भेटेको छ भने हामी आँखा चिम्लने गर्छौं । तर यहाँ मानिसहरू कोही कसैसित सम्झौता गर्दैनन् । हो, तिनैमध्येका एक हुन् भरत जङ्गम ।

मैले पनि तपाईले जस्तै गलत व्यक्ति र प्रवृत्तिसित सम्झौता नगरी यति लेख्न सक्ने मनोबल प्राप्त गरेको छु । आत्मप्रशंसा नठानियोस् । कोही छन् मौका नपाएर भ्रष्टाचार नगरेका तर मौका पाउनासाथ त किताबका माछा पो खानु हुन्न, खोलाका माछा खान त के हुन्छ र ? हात्तीछापबाट पजेरोयात्रामा पुग्ने सदाचारी त हुन्, जसले उच्च पदमा पुगे पनि आफूलाई आफ्नो आदर्शअनुरूप राख्न सके । चाहेका भए भरत जङ्गम पजेरोपथमा दौडन सक्थे । पटकपटक राजदूत आदि केके भइरहन सक्थे । तर अन्तरात्माले त्यो कुरा कहिल्यै स्वीकार गरेन । कतिपय यस्ता पात्रहरू देखियो, आज राम्रो छ भनेर प्रशंसा पायो तर भोलि जात फाल्यो । भरत दाइ सधैँ दृढ अठोटका साथ एकलव्य भएर भ्रष्टाचारमुक्त नेपाल बनाउन खट्नुभएको छ । उहाँको अभियानमा बेलाबेलामा हस्ताक्षर गरेर समर्थन जनाउन पाउँदा मैले पनि खुसी अनुभव गरेको छु । उहाँको यो अभियान एउटा धिपधिप बत्तीजस्तै छ । यो कहिल्यै ननिभोस् । यो मोतीले त्यो अँध्यारो ननिभोस्, शुभकामना ।

शुभकामना छ, भरत दाइको सुस्वास्थ्य र दीर्घायुका लागि मेरो प्रार्थना छ ।

●



नवराज कार्की स्याग्दीमा जन्मनुभएको हो । उहाँ कवि तथा हास्यव्यङ्ग्यकार हुनुहुन्छ । उहाँले साझा प्रकाशन र त्रिभुवन विश्वविद्यालयमा सेवा गर्नुभएको छ ।

# भरत जङ्गम, म र मेरी आमा
## – नवीना श्रेष्ठ

चिनापर्ची नभए पनि कैयौँ व्यक्तिहरूले हामीमा छाप छोडिरहेका हुन्छन् । मेरा लागि भरत जङ्गम त्यस्तै एक परिचित नाम तर अपरिचित व्यक्तित्व हुनुहुन्थ्यो । कहिलेकाहीँ लाग्दथ्यो यस्ता विद्वत् वर्गसँग भेट्न पाए पनि हुन्थ्यो !

तर पुस्तक, घर र अफिसको दिवारभित्र नै समय खर्चिने, बाहिर त्यति खुल्ने मन नभएका कारण म बाहिरी दुनियाँबाट अपरिचित नै थिएँ ।

एक दिन म मेरी आमाकहाँ पुगेको क्षण मेरी आमा टीभीमा 'कालो सूर्य' हेरिरहनुभएको थियो । हेरिरहनुभएकी आमाले भन्नुभयो – "ल एक क्षण बसेर टीभी हेर ! 'कालो सूर्य' आइरहेको छ । कस्तो राम्रो छ ! त्यो भरत जङ्गम भन्ने बोलिरहेको छ । भ्रष्टाचार भयो रे ! देशमा नियम-कानुन पालना भएन रे ! हेर त, साँचो हो नि ! कति राम्रो कुरा !"

भरत जङ्गम को हुन्, आमालाई थाहा थिएन । तर उहाँले भ्रष्टाचारको विरोध गरिरहनुभएको खुब मन पराउनुभयो । 'कालो सूर्य' दैनिक हेर्नुहुँदो रहेछ ।

सूर्य रातो, पहेँलो र चक्किलो हुन्छ, तर भरत जङ्गमको 'कालो सूर्य' न्युज २४ को पर्दाको हिमालयको पृष्ठभूमिमा सरर्र उदाउँछ । भ्रष्टाचारको प्रतीक ।

भ्रष्टाचारको सीमा असीमित छ । आर्थिक भ्रष्टाचार, राजनीतिक भ्रष्टाचार, शैक्षिक भ्रष्टाचार, स्वास्थ्य भ्रष्टाचार, जैविक भ्रष्टाचार, मानसिक भ्रष्टाचार, वैचारिक भ्रष्टाचार, हरेक क्षेत्र आज भ्रष्टाचारले व्याप्त छ । कालो छ भ्रष्टाचार । कालजत्तिकै विश्वमा व्याप्त छ भ्रष्टाचार । चम्किलो सूर्यजत्तिकै छर्लङ्ग छ । यसलाई नियन्त्रण गर्नमा ठूलो चुनौती छ । यस्तो चुनौतीलाई हाँक दिँदै 'सदाचारीको जय होस्, भ्रष्टाचारीको अन्त्य होस्' भन्ने नारासहित अघि बढ्दै हुनुहुन्छ भरत जङ्गम । 'भ्रष्टाचार वैचारिक आन्दोलन' पुस्तकमार्फत विश्वकै प्राज्ञिक जगत्मा भ्रष्टाचारविरोधी विज्ञानका प्रतिपादक नै बन्नुभएको छ उहाँ । त्रिभुवन विश्वविद्यालयले आफ्नो शैक्षिक पाठ्यक्रममा यसलाई समावेश गरेर समाज र संसारमा भ्रष्टाचारको समस्याको गहनतालाई

उजागर गरेको छ । यस्तै खुला विश्वविद्यालयले पनि आफ्नो पाठ्यक्रममा यसलाई भित्र्याएको छ । वास्तवमा यो एउटा विचार विज्ञान पनि हो । समाज र जनजनको मनमनमा सदाचारको विचारको बीजारोपण भई यसको बाहुल्य बढ्न गयो भने भोलि यस आन्दोलनले वटवृक्षको स्वरूप धारण नगर्ला भन्न सकिन्न । संसार नै विचारहरूको अटुट शृङ्खला हो भनिन्छ । आशा गरौं भरत जङ्गमका अभियानहरूले मूर्त स्वरूप धारण गरून् । मूलतः हाम्रो सुन्दर देश, ज्ञानभूमि, तपोभूमि, सगरमाथाको शिरपोष धारण गरेको पृथ्वीको शिरोभाग पवित्र सुन्दर, श्वेत हिमशृङ्खलाको शिखर भई सुशोभित, असङ्ख्य पर्वतमालाहरूमा उनिएको, तराईका सुनौला फाँटहरूले सिँगारिएको नशानशामा असङ्ख्य अमृतमय जलप्रवाहहरूको सङ्गीतले कलकल, छरछर, झरझर गर्दै पृथ्वीको नै प्यास मेट्तै विपुल सम्पन्नताको सम्भावनालाई छातीमा सँगालेर सृष्टिको पहिलो चरणदेखि नै स्वाधीन यो राष्ट्र विवेकहीन, अदूरदर्शी, अत्यन्त पार्टीगत र व्यक्तिगत स्वार्थ यस देशको स्वाधीनता, स्वतन्त्रता, अखण्डता र अस्तित्वमाथि नै प्रश्नचिह्न खडा भएको छ । यो पनि भ्रष्टाचार नै हो । यत्रतत्र सर्वत्र भ्रष्टाचारको विषवृक्ष मौलाएको छ । थाहा छैन सन्तोषजनक अवस्थामा कहिले फर्कन सकौँला !

त्यसैले त राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले 'घुस लिन्या र घुस दिन्या दुवै राष्ट्रका शत्रु हुन्' भनी दिव्य उपदेश दिनुभएको । आशा गरौं भरत जङ्गमजस्ता दिव्य चक्र भएका, पवित्र बुद्धि भएका प्रबुद्ध व्यक्तिले भौतिक सम्पन्नतादेखि आध्यात्मिक जागरणका बाहक, शिवशक्तितत्त्वका जानकार, नेपालको संस्कार, संस्कृति, सम्पदाहरूको सम्मान र संरक्षण र संवेदनशीलताको महत्तालाई बुझ्न-बुझाउन सबैलाई झकझक्याउँदै आउनुभएको छ । देश बर्बाद भयो भन्दै कुम्भकर्णको निद्रा निदाउने हामी नेपालीले अब जाग्नुपरेको छ । जस्तै अन्धकारभित्र पनि उज्यालोको झिल्को लुकेको हुन्छ । उज्यालोभित्र अन्धकार, घाममा छायाँ, छायाँमा घामजस्तै आगोमा पानी र पानीमा आगोजस्तै । निराशामा पनि आशाको झिल्को बलिरहन्छ । त्यो कालोभित्रको उज्यालो पहिल्याउन भरत जङ्गमजस्ता सपूतहरूको खाँचो छ ।

मानिसले चाहे के गर्न नसक्दो रहेछ र ? भन्ने उक्तिका उदाहरण हुनुहुन्छ भरत जङ्गम । उहाँको हीरक महोत्सव मनाइरहेको यस पावन पुनीत अवसरमा म उहाँलाई लाख-लाख वन्दना गर्दछु । लाख-लाख शुभकामना भन्दछु । मानिस मरे पनि अक्षरहरूमा बाँचिरहने उहाँको बहुआयामिक व्यक्तित्वको बयान गर्न खोज्नु सूर्यलाई बत्ती देखाउन खोज्नुजस्तै हो ।

उहाँको हीरक महोत्सवमा अक्षरका केही पुष्प अर्पण गर्ने सुअवसर पाएकीमा म आफूलाई धन्य सम्झन्छु । शब्दयात्रा प्रकाशनमार्फत् उहाँसँग हामी आमाछोरीको व्यक्तिगत चिनापर्ची भएको म स्मरण गर्न चाहन्छु । बनेपामा शब्दयात्रा प्रकाशनको सम्मान समर्पण समारोह तथा पुस्तक सार्वजनिकीकरण कार्यक्रममा आमासहित सहभागी भएको अवसरमा भरत जङ्गमसँग भेट गर्ने सुअवसर प्राप्त भएको थियो । भरत जङ्गमसँग परिचय गराउँदै आमालाई भनेँ – "आमा ! तपाईको 'कालो सूर्य' कार्यक्रमका भ्रष्टाचारविरुद्ध बोल्ने भरत जङ्गम उहाँ नै हुनुहुन्छ ।"

आमाले दङ्ग पर्दै भन्नुभयो – "नमस्ते बाबु ! कस्तो राम्रो दिन ! आज तपाईंसँग भेट्न पाएँ । अति राम्रो लाग्छ मलाई तपाईको कार्यक्रम । देशमा राम्रा मान्छे थोरै छन् । धेरैजना लोभीपापी भए । यो जुनीमा देश राम्रो भएको हेरेर मर्न पाइएला कि नपाइएला ! तपाईंको अभियान सफल होस्, मेरो शुभकामना छ ।"

●



नवीना श्रेष्ठ शब्दयात्रा प्रकाशनबाट प्रशासनिक महिला प्रतिभा सम्मान प्राप्त गर्ने पूर्वप्रशासक तथा लेखिका हुनुहुन्छ । उहाँको घर ललितपुर हो । उहाँका विभिन्न विधाका पुस्तकहरू प्रकाशित छन् ।

# अग्रज समाजसेवी
## – नारायण पौडेल

नेपाली समाजका अग्रज व्यक्ति, व्यक्ति एक व्यक्तित्व अनेक, कडा प्रशासक, कानुनका ज्ञाता, कुशल पत्रकार, वरिष्ठ साहित्यकार, भ्रष्टाचारविरोधी अभियानका अभियन्ता, समाजसुधारक धर्म र संस्कृतिका संरक्षक, विविध विषयका प्रेरणाका स्रोत, अनुकरणीय व्यक्तित्व भरत जङ्गमका बितेका ७४ वर्षका गतिविधिको सँगालो हीरक महोत्सव मनाउने साथै समाजमा उहाँले गर्नुभएको योगदानको कदर गर्दै लेखहरूको सँगालो 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थको दोस्रो भाग प्रकाशन हुन लागेको थाहा पाउँदा अत्यन्तै खुसी लागेको छ । उहाँका बारेमा जानी-नजानी भए पनि दुई-चार शब्द लेख्न अवसर पाउँदा आफूलाई भाग्यमानी भएको महसुस गरेको छु ।

भरत जङ्गमका बारेमा मलाई जरैदेखिको कुरा त खासै थाहा छैन । थाहा होस् पनि कसरी ! उहाँ राजधानीको भक्तपुर जिल्लाको टौमढीटोलमा २००४ सालमा जन्मनुभएको रहेछ भने म पूर्वी नेपालको धनकुटा जिल्लाअन्तर्गत अर्खौले जीतपुर ढाडेमठा लक्ष्मी न. पा. ७ मा २०१८ सालमा पिता छविलाल र माता धनमायाको कोखबाट कान्छो छोराका रूपमा जन्म भएको व्यक्ति । कुरा जे भए तापनि म धनकुटा जीतपुरबाट २०६५ साल पौष ५ गते शनिबारका दिन काठमाडौँ बानेश्वर हाइट पूजा प्रतिष्ठाननेर गुराँस गल्लीमा सपरिवार बस्न आएँ । साथमा आमा श्रीमती, १ छोरी र १ छोरा थिए । म धनकुटाको जीतपुर हुँदा पनि विभिन्न सामाजिक र धार्मिक गतिविधिमा लागि नै रहन्थेँ । जब मेरो काठमाडौँ बसाइको क्रम सुरु भयो, तब मैले यस क्षेत्रका प्राज्ञिक तथा सामाजिक व्यक्तित्वहरू पहिचान गर्ने र त्यस्ता व्यक्तिहरूको खोजी गरी सामाजिक काममा सहभागी हुने क्रममा प्रथमतः मैले भरत जङ्गमलाई पाएँ । उहाँलाई राजनीतिदेखि अन्य सबै क्षेत्रमा ज्ञान राख्न सक्ने ज्ञाताका रूपमा मैले पाउँदा मेरो काठमाडौँको उत्तरार्द्धको बसाइ र समाज परिवर्तनको दिशामा, आधुनिक समाज निर्माणका गतिविधिहरूमा सच्चा व्यक्ति, कर्तव्यनिष्ठ व्यक्ति, अनुकरणीय व्यक्तिका रूपमा पाउँदा र असल अन्तरङ्ग मित्रका रूपमा पाउँदा म अत्यन्तै उत्साहित भएको थिएँ ।

मेरो बानेश्वरको बसाइका क्रममा सामाजिक क्षेत्रमा काम गर्दा मेरा असल मित्र नेपाल औद्योगिक विकास कर्पोरेसनका प्रमुख भक्तबहादुर राईले एक दिन मलाई सोध्नुभयो – 'तपाईं कतिवटा सङ्घसंस्थामा आबद्ध हुनुहुन्छ ?' म छक्क परेँ, तुरुन्तै उत्तर दिन सकिनँ । उहाँले डटपेन र कागज लिएर टिप्न थाल्नुभयो, म भन्दै गएँ । तिनताका जम्मा १३ वटा समितिको जिम्मेवारी सम्हालेको रहेछु । म आफैँ दङ्ग परेँ र आफूलाई भाग्यमानी पनि ठानेँ ।

यस्तै शैक्षिक, धार्मिक, सामाजिक काम गर्ने क्रममा काठमाडौँको मध्यबानेश्वरस्थित प्राचीन देवीकोट वाणेश्वर महादेवको मर्मत, सम्भार, संरक्षण र पुनर्निर्माण गर्ने सिलसिलामा भरत जङ्गमसँग साथमा साथ मिलाएर एक मनका साथ काम गर्ने अवसर मिल्यो । त्यही बानेश्वर मन्दिरको ठीक अगाडि पूर्वपट्टि लगभग आधा रोपनी सडकमा नै जोडिएको सार्वजनिक जग्गामा त्यहाँकै स्थानीय व्यक्तिहरूले विभिन्न बहानामा अतिक्रमण गरेर उपभोग गरिरहेका रहेछन् भन्ने कुरा थाहा हुन आयो । हामीले कुरा उठायौँ । अव्यवस्थित सहरीकरणका कारणले काठमाडौँमा स्थानहरू छैनन् । मध्यबानेश्वरमा घना बस्ती भएका कारणले यो ठाउँलाई सार्वजनिक रूपमा खुला राख्न सकेमा बिहान-बेलुका हिँड्दा-डुल्दा यहाँ बसेर सुस्ताउने वा ज्येष्ठ नागरिक हरित चौतारी निर्माण गर्ने र यस जग्गालाई आइन्दा कसैले अतिक्रमण गर्न नसक्ने गरी खुला पार्क, सार्वजनिक धारा, प्रहरी बिट आदि निर्माण गर्ने योजना बन्यो, जसअनुसार समिति निर्माण गरियो । नेपाल सरकारको सम्बन्धित निकायमा समिति दर्ता गर्ने भेला आयोजना भयो, जसबाट म समितिको सर्वसम्मत महासचिवका रूपमा संस्था दर्ता गरेर का. म. पा. सँगको सहकार्यमा अदालतमा मुद्दा दायर गरियो । जम्मा १८ महिनासम्म पुनरावेदन अदालतमा मुद्दा चल्यो । सो मुद्दामा बहस गर्ने वकिललाई एकपटक बहस गर्दाको रु. ५०००।- सम्म तिर्नुपर्दथ्यो । त्यो रकम हामी आफैँले उठाएर दियौँ । मुद्दा फैसला भयो ।

अदालतबाट आएको फैसलामा सार्वजनिक जग्गाको बारेमा मुद्दा लडिरहनुनपर्ने भन्ने भएपछि हामी उत्साहित भएर हाल त्यो जग्गामा पार्क बनाउने निर्णय भई ज्येष्ठ नागरिक चौतारीका नाममा चौतारी पुनर्निर्माण भयो जसको समुद्घाटनपूर्व प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालको बाहुलीबाट भयो । हो, यस्तै र यही चौतारी निर्माणका हरेक गतिविधिमा आफ्ना सबै निजी समस्याहरूलाई पर्वाह नगरी आफ्ना सबै अवयवहरू चलायमान गरेर अहोरात्र खटेर समितिको सल्लाहकारका रूपमा अभिभावकत्व प्रदान गर्दै उक्त चौतारी निर्माण सम्पन्न गर्न विहङ्गम भूमिका

खेल्नुहुने समितिका आजीवन सदस्य भरत जङ्गम एक ऐतिहासिक र सामाजिक अभियन्ताका रूपमा म ठान्दछु । चौतारी निर्माणपश्चात् चौतारीको रेखदेख सरसफाई आदि गर्नुपर्ने भएकाले सोको जिम्मेवारी समितिको बैठकको निर्णयबाट समितिका महासचिवलाई तोक्ने निर्णय भएबाट मेरो जिम्मेवारी सम्हाल्ने क्रममा सो चौतारी परिसर दैनिक सफासुग्घर बनाउने नियमित काममा म बिहानको ४ बजे चौतारी सफा गरिसक्ता भरत जङ्गम प्रत्येक बिहान ३ बजे नै उठेर आफ्नो निवासबाट विभिन्न मठमन्दिर र देवीदेवताको दर्शन सकेर मछेउ आइपुग्ने महान् व्यक्ति कर्तव्यमा समर्पित कर्मयोगी धर्मसंस्कृति र संस्कारका मर्मज्ञ भ्रष्टाचारविरोधी अभियानका अभियन्ता उहाँ आफैँमा एउटा जिउँदो इतिहास हो भन्ने म ठान्दछु । उहाँजस्तै उच्च सोच बोकेका केही व्यक्तिहरूबाट मात्र समाज परिष्कृत हुन सक्छ, जनता सुखी हुन सक्तछन्, देश सम्बद्ध बन्न सक्तछ । अन्तमा ऐतिहासिक पुरुष भरत जङ्गमको ७५ औँ वर्षको अवसरमा हीरक महोत्सव मनाइरहँदा उहाँका सबै घरपरिवार आफन्तजन, साथीभाइ, इष्टमित्र, सम्पूर्ण शुभेच्छुक र म उहाँको अन्तरङ्ग मित्रका तर्फबाट यो शुभकामना दिन चाहन्छु । पशुपतिनाथका कृपाले अबका दिनहरू सुखपूर्वक बितुन्, आयु आरोग्य होस्, सबैबाट सद्भाव, माया र सहयोग पाइरहन सक्नुहोस्, अझ बढी सक्रियता बढोस्, हार्दिक शुभकामना टक्र्याउन चाहन्छु ।

●

नारायण पौडेल अर्खले जीतपुर धनकुटामा जन्मिई हाल बानेश्वर काठमाडौँमा बस्ने समाजसेवी हुनुहुन्छ ।

# देशभक्त, सशक्त कलमजीवी र प्रखर वक्ता
## – निमकान्त पाण्डे

भरत जङ्गमले 'मेरा बारेमा केही लेखिदिनुपर्‍यो' भनेर मलाई भन्नुभयो । मैले 'सक्तिनँ' भन्न सकिनँ । 'तर के लेख्ने ?' भनेर सोधेँ । उहाँले 'मेरा बारेमा जे जानकारी छ, त्यही लेख्ने' भन्नुभयो ।

भरत जङ्गमका बारेमा मलाई धेरै जानकारी छैन । भरत जङ्गमलाई भ्रष्टाचारविरुद्ध सशक्त आवाज बोल्ने एउटा व्यक्तिका रूपमा मैले चर्चामा सुनेको मात्र हो । त्यसबाहेक भरत जङ्गमका बारेमा मलाई जानकारी नभएको हुँदा मैले के लेख्ने भन्ने बारेमा आफैँ अन्योलमा छु । तैपनि लेख्न बसेपछि भरत जङ्गमलाई चिन्न आवश्यक भयो । मैले भरत जङ्गमलाई चिन्न प्रयास गरेँ । भरत जङ्गम भक्तपुर जिल्लाको टौमढी टोलमा २००४ सालमा जन्मिएका व्यक्ति रहेछन् । मैले भ्रष्टाचारविरोधी अभियन्ताका रूपमा मात्र चिनेका भरत जङ्गमको इतिहास पत्रकारिता पनि रहेछ । पत्रकारितामा पनि भरतले भ्रष्टाचारकै विरुद्ध कलम चलाएको जानकारी प्राप्त भयो । साहित्यिक क्षेत्रमा पनि भरत जङ्गमको स्थान राम्रो पाएँ मैले । धर्म र संस्कृतिका बारेमा पनि भरत जङ्गमको विशेष योगदान रहेको जानकारी पाइयो । भरत जङ्गमलाई एउटै दृष्टिकोणले हेरिरहेको मैले उनकै बारेमा लेख्नुपरेपछि विविध क्षेत्रमा उनको योगदान पाउँदा भरत जङ्गमप्रति झनै आत्मीयता बढेर गएको छ ।

भरत जङ्गम नाम सुन्नेबित्तिकै जङ्गम भन्ने थर सबैलाई नयाँ लाग्छ । भरतको थर उनले जङ्गम लेखे पनि उनका परिवारका अन्य सदस्यहरूले शर्मा, रावल, लाउ र केसी पनि लेख्ने गरेको कुरा भरत जङ्गमबाटै जानकारी प्राप्त भयो । भरतका अनुसार हिन्दूधर्मको प्राचीनता हेर्दा जङ्गमहरू शैव ब्राह्मण हुन् । जङ्गमहरू वीरशैव लिङ्गायत सम्प्रदायअन्तर्गत पर्दछन् ।

भरत जङ्गम भक्तपुरबाट बसाइ सरेर काठमाडौँको बानेश्वरमा २०१४ सालदेखि नै बसोबास गर्दै आइरहेकाले उनको सम्बन्ध केन्द्रीय राजनीतिमा सहजै विस्तार हुन पुगेको बुझिन्छ । पत्रकारितामा 'गोरखापत्र' हुँदै 'जागृति', 'मातृभूमि', 'चर्चा' र 'समीक्षा' नामका साप्ताहिक पत्रिकामा पनि भरत जङ्गमले आफ्ना लेखहरू लेख्तै आएका पाइन्छन् । तीन दशक लामो पत्रकारितामा लेखन अभ्यास भरत जङ्गमले गरेका छन् । पछि आफ्नै नाममा 'साप्ताहिक नेपाली आवाज' दर्ता गरेर सम्पादकको जिम्मेवारी पनि उनले

बहन गरेका छन् । पत्रकारिताबाटै भ्रष्टाचारविरोधी अभियन्ताका रूपमा आफूलाई स्थापित गर्न सफल भएका भरत जङ्गम भ्रष्टाचारका विरुद्ध अहिले पनि त्यत्तिकै कडा रूपमा प्रस्तुत भइरहेका पाइन्छन् ।

भरत जङ्गमले भ्रष्टाचारका विरुद्ध काम गर्ने जिम्मेवारी पनि पाएका हुन् । राजा ज्ञानेन्द्रले राज्यसत्ता आफ्नो पकडमा लिएपछि भ्रष्टाचारविरुद्ध अनुसन्धान र छानबिन गर्ने अधिकारसहित भरत जङ्गमलाई जिम्मेवारी दिएका थिए । भरत जङ्गमले भने जिम्मेवारी पाएर मात्र हुँदो रहेनछ, भ्रष्टाचारविरुद्ध कारवाही गर्ने कानुनको अभावमा आफूले केही काम गर्न नसकेको गुनासो पङ्क्तिकारसँग गरेका छन् । निःसन्देह भ्रष्टाचार नेपालको डरलाग्दो समस्या अहिले पनि सर्वत्र महसुस भइरहेको छ । राजा ज्ञानेन्द्रले भरत जङ्गमलाई भ्रष्टाचारविरुद्ध कारवाही गर्ने अधिकार दिइरहँदा राजनीतिक दलहरूले राजासँग दूरी बढाएको अवस्था थियो । राजनीतिक दलका नेताहरूले भ्रष्टाचारलाई नै आफूहरूको अधिकारजस्तो ठानेर काम गरिरहेकाले आम जनस्तरमा नेताहरूप्रति घृणा पैदा भइरहेको अवस्था थियो । राजाले शासन हातमा लिएपछि नेताहरूका भ्रष्टाचारजन्य कामहरूमाथि कारवाही प्रारम्भ हुने अपेक्षा जनताले गरेका थिए । जनअपेक्षित परिणाम देखिएन । फलतः राजाप्रति मात्र नभएर राजाको नजिक रहेर काम गर्ने भरत जङ्गमजस्ता सबैप्रति जनतामा नकारात्मक प्रभाव पर्न गएको अनुभव गरियो ।

भरत जङ्गमले वि. सं. २०३७-३८ सालतिर राजदरबारमा जाँचबुझ केन्द्रको विशेष अधिकृतका रूपमा काम गर्ने मौका पाएका रहेछन् । त्यस बखत उनले देशका ठूला-ठूला आयोजनाहरू हेर्ने र बुझ्ने मौका पाएका रहेछन् । हेटौडा सिमेन्ट कारखाना त्यस बेला भर्खर स्थापनाकालमा थियो भने कुलेखानी जलविद्युत आयोजना त्यसै बेला तयार भएको हो । त्यस बखत पूर्व-पश्चिम राजमार्गका खण्डहरू निर्माणका चरणमा थिए भने सुदूरपश्चिममा महाकाली सिँचाई आयोजना सुरु भइरहेको थियो । यस्ता आयोजनाको अध्ययन-निरीक्षणमा भरत जङ्गमले राजदरबारको प्रतिनिधि कर्मचारीका रूपमा आफ्नो योगदान पुर्‍याउने अवसर प्राप्त गरेको उनी खुलासा गर्छन् । बहुदल आइसकेपछि पनि राजा ज्ञानेन्द्रको कालमा भ्रष्टाचारविरुद्ध देश दौडाहा गर्ने अवसर भरत जङ्गमले पाए । तर यस कार्यमा लगभग दुई महिना मात्र सक्रियता देखाउन पाएको तर केही परिणाम दिन नसकेको उनको भनाइ छ ।

भरत जङ्गम पञ्चायतकालको अनुभव सुनाउँदै भन्ने गर्छन् – 'त्यो बेला जिम्मेवारीमा बस्ने प्रशासकहरू स्वार्थी र व्यक्तिवादी भएकाले पञ्चायती

व्यवस्थालाई सफल बनाउन नसकिएको हो ।' राजा महेन्द्रको दूरदर्शिताप्रति आफू प्रभावित भएको सुनाउँदै भरत जङ्गमले राजा महेन्द्रजस्तो नेता देशले पाउन नसकेकोमा दुःख व्यक्त गर्छन् ।

भरत जङ्गमले अल्पसङ्ख्यामा रहेका जङ्गम परिवारलाई सङ्गठित बनाउनकै लागि 'जङ्गम प्रतिष्ठान' नामक संस्था पनि स्थापना गरेका छन् । यो संस्थामार्फत पुस्तकहरू प्रकाशित गर्दै जङ्गम परिवारको ऐतिहासिक महत्त्व कायम राख्ने योगदानमा पनि भरत जङ्गमको भूमिका रहेको छ । भरत जङ्गमले जङ्गम छात्रवृत्ति स्थापना गरेर भक्तपुर जिल्लामा बसोबास गर्ने र आर्थिक रूपले कमजोर भएका जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति पनि दिँदै आएका छन् । उनका अनुसार हालसम्म ३५ जना विद्यार्थीलाई प्रवेशिका परीक्षासम्म पढाइको व्यवस्था गरिएको र उनीहरूको उच्च शिक्षामा पनि योगदान गरिएको जनाउँछन् । धार्मिक गतिविधिमा पनि आफ्नो क्रियाशीलता भरतले देखाएका छन् । देवालय र शिवालयहरू निर्माण गर्ने काममा यिनको विशेष भूमिका रहेको छ ।

भ्रष्टाचारविरोधी आन्दोलनका क्रममा भरत जङ्गमले 'स्वतन्त्र विचार मञ्च' नामक संस्था पनि गठन गरेका छन् । यस संस्थामार्फत भ्रष्टाचारविरुद्ध कार्यक्रमहरू गर्दै आएका छन् । भरत जङ्गमले भ्रष्टाचारविरुद्ध काम गर्ने क्रममा भ्रष्टाचारविरोधी कार्यलाई भ्रष्टाचारविरोधी विज्ञानको सङ्ज्ञा पनि दिने गरेका छन् । भ्रष्टाचारविरुद्ध पुस्तकहरू प्रकाशन गरिरहेका छन् यिनले । हालसम्म ६५ वटा लेखरचनाहरू भ्रष्टाचारविरुद्धमा लेखिसकेका र ती सबैको सङ्ग्रह गरेर 'भ्रष्टाचार : वैचारिक आन्दोलन' नामक पुस्तक पनि प्रकाशित गरिसकेका छन् । भ्रष्टाचार नियन्त्रण गर्नका लागि राजनीतिक स्थिरतालाई जङ्गम महत्त्व दिन्छन् । भ्रष्टाचारविरुद्ध कडा कानुन आवश्यक हुने यिनको अनुभव छ । भ्रष्टाचार नियन्त्रणका लागि राज्यव्यवस्थाले नै विशेष योजना सञ्चालन गर्न सक्नुपर्छ भन्ने यिनको सुझाव छ ।

भरत जङ्गमले नेपाली काङ्ग्रेसको सदस्यता पनि प्राप्त गरेका रहेछन् । उनले नेपाली काङ्ग्रेसकै सदस्यको हैसियतमा 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' नामक पुस्तक पनि प्रकाशित गरेका रहेछन् । ज्ञानको अभावले समूहमा भाँडभैलो हुन्छ भन्ने ठानेर आफूले त्यो पुस्तक लेखिएको अनुभव सुनाउँदै पुस्तक बोकेर पचहत्तरै जिल्लामा नेपाली काङ्ग्रेसका कार्यकर्तामाझ पुगेको उनी अनुभव सुनाउँछन् । नेपाली काङ्ग्रेसभित्र भ्रष्टाचार मौलाएको र गिरिजाप्रसाद कोइरालाको भ्रष्ट गतिविधिका विरुद्ध बोल्न र लेख्न थालेपछि आफूलाई प्रजातन्त्रको विरोधी भनेर आरोप लगाइएको प्रति भरत जङ्गम

गुनासो गर्छन् र नेपालको राजनीतिमा राजाहरूजति प्रजातन्त्रवादी, जनपक्षीय र विकासप्रेमी नेपालका कुनै नेता देखापर्न नसकेको दावी पनि गर्छन् ।

भरत जङ्गमलाई मैले बुझेका आधारमा यसभन्दा बढी लेख्न सकिएन । छोटकरीमा भन्नुपर्दा भरत जङ्गम देशभक्त र भ्रष्टाचारविरोधी सशक्त कलमजीवीका साथै प्रखर वक्ता पनि हुन्, सबैलाई चेतना भया ।

●



निमकान्त पाण्डे पत्रकार हुनुहुन्छ । लामो समयसम्म छापा सञ्चार माध्यममा आबद्ध हुनुभएका उहाँ लेखकका रूपमा पनि परिचित हुनुहुन्छ । दाङ जिल्लामा जन्मनुभएका उहाँ 'जनधारणा' साप्ताहिक पत्रिकाका सम्पादक हुनुहुन्छ ।

# विद्वान् लेखक भरत जङ्गम र बानेश्वर महादेवस्थान

## – डा. निरञ्जनमानसिंह बस्न्यात

१० मङ्सिर २०७७ मा भरतमणि जङ्गमले 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' शीर्षकमा एउटा महत्त्वपूर्ण पुस्तक प्रकाशन गर्नुभयो । त्यस पुस्तकमा उहाँले जम्मा १३ वटा आफ्ना लेखहरू तथा पुस्तकको अन्त्यमा लेखहरूसँग सम्बन्धित चित्रहरू प्रकाशन गर्नुभएको छ । पुस्तकमा नेपालको इतिहासको प्राचीन, मध्य र आधुनिक कालका बारेमा प्रकाश पार्ने आजसम्म बाहिर नआएका ऐतिहासिक धेरै तथ्यहरू समावेश छन् । यो लेखक पनि बानेश्वरमा जन्म भई हुर्की बढेको हुँदा र नेपालको इतिहासको विषयमा खास गरी आधुनिक कालखण्डको सम्बन्धमा विशेष चाख राख्ने भएकाले उहाँको पुस्तकमा (पृष्ठ ९४ – १०४) प्रकाशित 'बानेश्वर महादेवको सङ्क्षिप्त परिचय' र सोही पुस्तकको परिशिष्ट ६ (च) मा उल्लेख भएको विषयमा केही विश्लेषण र केही विवेचना गर्ने जमर्को गरेको छु ।

नेपालको इतिहासको समीक्षा गर्दा खास गरी किरातकालका विषयमा कुनै ठोस प्रमाण आजसम्म प्राप्त हुन सकेको छैन । तर लिच्छविकालको प्रमाणहरू प्रशस्त पाइन्छन् । आज जुन हामी पुरानो बानेश्वर, मध्य बानेश्वर र नयाँ बानेश्वर नामकरण गरी बानेश्वरले एउटा ठूलो क्षेत्र ओगटेको भनी भनिरहेका छौँ, त्यसको नामकरण बानेश्वर महादेवस्थान रहेको ठाउँबाट नै भएको हो भन्ने कुरा सर्वविदितै छ । श्री जङ्गमले बानेश्वर महादेवको मन्दिर पशुपति क्षेत्रमा रहेको ६४ महालिङ्गेश्वरमध्येको एक महादेव भनी उल्लेख गर्नुभई यसको महत्त्व दर्साउनुभएको छ । बानेश्वर महादेव आदिज्योतिर्लिङ्ग भएको हुँदा यसको स्थापनाकाल पत्ता लगाउन कठिन हुने उहाँले बताउनुभएको छ । पशुपतिनाथको दक्षिण क्षेत्रतर्फ अवस्थित भएकाले यस महादेवलाई उहाँले महादेवको अघोर रूपको प्रतिमूर्ति भएको पनि उल्लेख गर्नुभएको छ ।

उहाँले लेख्नुभएको पौराणिक कथनअनुसार वाणासुर राक्षसलाई दमन गर्नुका साथै महादेवले धरतीबाट गङ्गाजल उत्पन्न गरी वाणगङ्गा नामले जल बहाउनुभयो र आफू वाणेश्वर महादेवले चिनिनुभयो । त्यस महादेवस्थानको पूर्वपट्टि प्राचीन ढुङ्गेधारा अझै पनि त्यस स्थानमा छ, जुन वाणगङ्गाको नामले

प्रसिद्ध छ । १८ औं शताब्दीमा पाटनका राजा सिद्धिनरसिंह मल्ललाई आफ्नै छोरा श्रीनिवास मल्लले पदच्युत गरी राजा भएपछि उनले विभिन्न देवीदेवता, पाटीपौवा र ढुङ्गेधाराहरूको निर्माण तथा जीर्णोद्धार गरेका थिए । सोही कालमा वाणेश्वर महादेवको मन्दिर र परिसरमा पनि राजा श्रीनिवास मल्लले जीर्णोद्धार गरेको उल्लेख पाइन्छ । मन्दिरको केही हात दक्षिणपट्टि उनले तीन कुण्डहरू निर्माण गरी ललितत्रिपुरादेवीको स्थापना पनि गरेको पाइन्छ । श्री जङ्गमको अनुमानअनुसार उक्त जीर्णोद्धार तथा निर्माण कार्यहरू वि. सं. १७२८ देखि १७४० सम्म भएको हो ।

त्यसपछि श्री जङ्गमले राजा पृथ्वीनारायण शाहको नेपाल एकीकरणपछि यस क्षेत्र केही वर्ष ओझेलमा परेको र शाहकालमा काजी जयमानसिंह बस्न्यातले वि. सं. १८४७ मा उक्त परिसरमा चित्रेश्वर महादेवको मन्दिर स्थापना गरी एउटा गुठीसमेतका लागि जग्गा राखेको बारे लेख्नुभएको छ । यस विषयमा यस लेखकले अनुसन्धान गर्दा उक्त गुठी स्थापना मिति वि. सं. १९४७ मा भएको देखिएको बारे रत्न पुस्तकालय बानेश्वरबाट २०७६ सालमा प्रकाशित 'पूजा' पत्रिकाको अङ्क ३० मा एक लेखद्वारा गरिएको यहाँ स्मरण गराउन चाहन्छु । उक्त गुठीलाई 'पुर्खाले दानपत्र गरी राखिएको बानेश्वर महादेवको दुनियाँ गुठी' भनी वि. सं. १९९८ मा स्थापना भएको श्री पशुपति गोश्वारा अड्डाको किताबमा पनि उल्लेख भएको बारे विद्वान लेखक श्री जङ्गमले महत्त्वपूर्ण तथ्य प्रकाश पार्नुभएको पाइन्छ । उक्त लिखत गरिदिने बानेश्वरनिबासी लोकमानसिंह बस्न्यात गुठी स्थापना गर्ने काजी जयमानसिंह बस्न्यातका आफ्नै पनाति थिए ।

लेखक श्री जङ्गमले यस परिसरमा रहेको अन्य महत्त्वपूर्ण स्थानहरूको वर्णन गर्दै उत्तरमा अवस्थित जलशयन नारायणको पनि वर्णन गर्नुभएको छ । यी जलशयन नारायणको स्थापनाकालका बारेमा उल्लेख भएको कुनै दस्तावेज हालसम्म प्राप्त हुन सकेको छैन भनी उहाँले बताउनुभएको छ । त्यहाँको जलकुण्डलाई प्राकृतिक जलकुण्ड भएको र त्यहाँको जल पूर्वतर्फ अवस्थित वाणगङ्गाको पश्चिमतर्फको अर्को ढुङ्गेधारामा जाने गरेको कुरा उहाँले बताउनुभएको छ । त्यसै गरी श्री जङ्गमले वाणगङ्गा र ललितत्रिपुरादेवीका बारेमा पनि विस्तृत रूपमा व्याख्या गरी इतिहासमा त्यस क्षेत्रको स्थिति कस्तो थियो, त्यसको आकलन गर्नुभएकाले पुस्तकमा वाणेश्वर महादेव मन्दिर क्षेत्रको महत्त्वपूर्ण सूचना तथा तथ्यहरू पाउन सकिन्छ ।

पुस्तकमा प्रकाशित परिशिष्ट १ (पृष्ठ १०१) मा वि. सं. १९९८ मा श्री लोकमानसिंह बस्न्यातले गरिदिनुभएको लिखत कागजसमेत श्री जङ्गमले

प्रकाशित गरिदिनुभएकोमा सबै बानेश्वरवासीले उहाँको यस कार्यलाई सराहना गर्नुपर्दछ । त्यस लिखतमा करिब ८० वर्षपहिले यस प्रकारको गुठी कसरी सञ्चालन हुँदो रहेछ भन्ने कुराको विस्तृत विवरण दिइएकाले स्पष्ट हुन्छ । त्यहाँ दिइएको वैशाख शुक्ल अष्टमीलाई हिसाब गरी हेर्दा आइतबार वैशाख १६ गते वि. सं. १९४७ पर्न आउँछ ।

परिशिष्ट ६ (पृष्ठ २२८) मा पनि श्री जङ्गमले बानेश्वर महादेवका बारेमा पुनः विस्तृत रूपमा लेख्नुभएको छ । उहाँले २०१३-१४ सालतिर भक्तपुरबाट बानेश्वर भीमसेनगोलामा बसाइँसराइ भएपछि आफू यहाँ घुम्न र खेल्न आउने गरेको कुरा बताउनुहुँदै तत्कालीन प्रधानपञ्च फत्यबहादुर पाण्डेले २०१९-२० सालमा महादेवस्थान प्राथमिक विद्यालय र श्री रत्न पुस्तकालय स्थापना गर्न सहयोग गर्नुभएको बारे चर्चा गर्नुभएको छ । साथै वि. सं. २०७१ सालदेखि आफ्नो विशेष प्रयास र सक्रियतामा लेखक श्री जङ्गमले सबै बानेश्वरका सहयोगीहरूको साथ लिई गुठीलाई पुनःर्जीवित गराउनुभएकोमा सबै बानेश्वरवासीहरूको विशेष धन्यवाद तथा कृतज्ञताको पात्र हुनुहुन्छ । उहाँको प्रयास र अरू साथीहरूको पनि ठूलो सहकार्यबाट उत्कृष्ट प्रतिफल प्राप्त भएकोमा सबैलाई साधुवाद ज्ञापन गर्दै यो लेख यहीँ टुङ्ग्याउँछु । जय बानेश्वर महादेव !

●



डा. निरञ्जनमानसिंह बस्न्यात मलेसिया, इन्डोनेसिया र फिलिपिन्सका लागि नेपाली राजदूत र त्यसअघि परराष्ट्र सेवामा संलग्न हुनुहुन्थ्यो । उहाँ न्युयोर्कस्थित नेपालको स्थायी नियोग, हङकङस्थित नेपालको महावाणिज्य दूतावास, नेपाली राजदूतावास पेरिस र सार्क सचिवालय काठमाडौँमा निर्देशक, युनेस्कोको कार्यकारी परिषद्को सदस्य र शिष्टाचार महापाल हुनुहुन्थ्यो । उहाँका दुई पुस्तक 'नेपालको एकीकरणमा श्रीपाली बस्न्यातको भूमिका' र 'राजा पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी तथा दिव्य उपदेश' प्रकाशित छन् ।

# बुबाको हीरक महोत्सव
## – निशा केसी जङ्गम

बुबा नाताका रूपमा मेरा ससुरा भए तापनि मैले कहिल्यै बुबालाई ससुराका रूपमा चित्रण गर्न सकिनँ । 'ससुरा' भन्ने शब्दको शाब्दिक अर्थमा बुबालाई राख्नै सकिनँ । यसका दुई कारण छन् –

प्रथम : 'ससुरा' को नातामा मानसम्मान हुने रहेछ, तर प्रेमपूर्ण भावनाको कमी हुने रहेछ ।

दोस्रो : बुबालाई मेरो अन्तर्मनले सुरुसुरुमा ससुराजस्तो लागे पनि यो परिवारमा भिज्दै गएपछि श्रीमान्पछिको भावनात्मक रूपमा नजिक बुबा नै भइसकेका कारणले गर्दा पनि बुबा 'बुबा' नै हुनुभयो ।

मेरो विवाह हुनुपूर्व मैले नयाँ घरका बारेमा जिज्ञासा राख्ता मेरा हुनेवाला श्रीमान् अनुप जङ्गमले बुबाका बारेमा असाध्यै धेरै प्रशंसा गर्ने हुनाले मैले मनभित्र नै अति साहसिक, निडर र कर्मनिष्ठावान् व्यक्तिका रूपमा प्रथम चित्र कोरियो । बुबाद्वारा रचित कृतिहरू प्रथम भ्यालेन्टाइन गिफ्टका रूपमा पाएकी थिएँ । यसबाट पनि मलाई के थाहा भयो भने बुबाको सबैभन्दा ठूलो प्रशंसक मेरा श्रीमान् अनुप नै हुनुहुँदो रहेछ । गुलाबको गुच्छासँगै बुबाद्वारा लेखिएका किताबहरूको झोला मेरो प्रथम भ्यालेन्टाइन गिफ्टका रूपमा पाउँदा म आश्चर्यचकित भएकी थिएँ । तर पनि मैले ती कृतिहरू विवाहपूर्व नै पढिसकेकी हुनाले बुबाका बारेमा मलाई धेरै कुराहरूको ज्ञान भइसकेको थियो । झन् छोरा नै प्रशंसक भएपछि कुराकानीमा बुबाको जिकिर हुने नै भयो । बुबाद्वारा लेखिएको लेखरचना मैले सबै पढेकी छु । विवाहपश्चात् बुबाले फेरि ती सबै किताबहरू तिमीलाई मेरा तर्फबाट उपहार भनेर दिँदा मैले पहिले नै सबै पढिसकेकी छु भन्दा विश्वास नलागेर आश्चर्यमा पर्नुभएको थियो । एक नारी नयाँ बुहारीका रूपमा भित्रिँदा नयाँ घर, नयाँ परिवेश, नयाँ नाता-सम्बन्ध, नयाँ दायित्व र नयाँ संसारमा पस्ता सहजता महसुस गर्न प्रयास गर्दा बुबाले मेरो एक प्रयासलाई दुई कदम अगाडि बढेर अझ सहज बनाइदिनुभयो ।

घरायसी सल्लाहमा मलाई परिवारको अभिन्न सदस्यझैँ हरेक छलफलमा भागिदार बनाउने बुबाको यो प्रयासले मेरो आत्मबल बढाउन

मद्दत पुऱ्यायो । उहाँको बाल्यकाल र जवानीका कथाहरू, सङ्घर्षको नालीबेली र जीवनका भोगाइहरू अत्यन्त सरल र सच्चा रूपमा मसँग बाँड्ने हुनाले बुबासँग झन् धेरै परिचित हुँदै गएँ ।

पूजापाठमा र धार्मिक क्रियाकलापमा अति झुकाव भएको हुनाले मेरो र बुबाको विचार मिल्ने नै भयो । तर 'भगवान् शिव नै सृष्टि र शिव नै अन्त्य' भन्ने बुबाको मान्यतासँग मेरो मत भिन्न हुनाले सुरुका केही वर्ष हाम्रो वैचारिक मतभिन्नता हुन्थ्यो । म हिन्दू परिवारमा जन्मिए तापनि सबै धर्मलाई उत्तिकै सम्मान र मेरो धार्मिक आस्था एक ईश्वर अथवा एक नाममा मात्र सीमित नभएको हुनाले अझै पनि हामी आ-आफ्ना तर्क राख्छौँ ।

विगत १४ वर्षलाई नियाल्दा धेरै सम्झनाहरू मानसपटलमा आउँछन् तर केही मनमा छाप छोड्न सकेका मीठा घटना र रोचक प्रसङ्गलाई मात्र लेख्न चाहन्छु ।

विवाहपछि केही समयलाई मैले पढाइलाई रोक्नुपरेको थियो । तर बुबाले 'ए, लौन ! तिमीलाई एमबीए गर्नुपर्दैन ? कलेज भर्ना गरिहाल' भन्ने सुझावले गर्दा पढ्नलाई मन बलियो बनाउँदै गएँ र सानो २ वर्षको छोरालाई घर-परिस्थिति मिलाएर पढाइ सुचारु गरेँ ।

बिहान ६:३० बजेको कलेज पुऱ्याउन १२६ नम्बरको पुरानो मोडलको हिरो-होन्डा बाइकमा मलाई पछाडि राखेर, बाटोभरि पढाइलाई हेलचेक्र्याइँ गर्नु हुँदैन भन्दै सम्झाउँदै, कहिले गाली पनि गर्दै, कहिले प्रोत्साहन गर्दै कलेजको गेटमा लगेर छोडिदिनुहुन्थ्यो । एमबीए पनि पुरा गरें । यसका लागि घर-परिवारको ठूलो सहयोग र साथ पाएँ ।

अहिले फेरि त्यही बेलाको झझल्को आउने गरी बुबाले 'ए, लौन ! तिमीलाई भ्रष्टाचारविरोधी शास्त्र अर्थात् एन्टिकरप्सन स्टडिजको पढाइ गर्नुपर्दैन ? मैले यत्रो काम गरेर देखाएको छु, तिमीले यो विषयको पढाइ सुरु गरिहाल' भन्ने हौसलाले त्रिभुवन विश्वविद्यालयबाट मास्टर्स इन गभर्नेन्स र एन्टिकरप्सन स्टडिजको पहिलो ब्याचको विद्यार्थीका रूपमा भर्ना भएकी छु । बुबाले सुरु गरेको यो विशाल भीमकाय अभियानलाई सफल बनाउन आफ्नो सक्दो प्रयास गर्नेछु भन्ने प्रतिज्ञाका साथ दृढ निश्चय बनाएकी छु ।

शिव देवालयसँग अति झुकाव हुनाले शिवालय बनाउने, पूजा गर्ने, जीर्णोद्धार गर्ने, पुजारी नियुक्त गर्ने, मन्दिरमा प्राणप्रतिष्ठा जोगाउने इत्यादि क्रियाकलाप उहाँका अत्यन्त प्रिय छन् । ७५ वर्षको उमेरमा पनि आधुनिक टेक्नोलोजीसँग अभ्यस्त हुन सक्ने खुबी बुबासँग छ । बाहिरबाट हेर्दा धेरै कडा

स्वभाव भए पनि परिवारका लागि धेरै मिलनसार र सहयोगी हुनुका साथै सबै परिवारका लागि आदरको पात्र पनि बन्नुभएको छ । आफूसँग आउने सबैलाई सक्दो सहयोग गर्ने बानीले गर्दा बेलाबेलामा आलोचित भए पनि कसैसँग झुक्न मन नपराउने उहाँको स्वभाव विचित्रको छ ।

धर्ममा आस्था, कर्ममा विश्वास, भाग्यमा झुकाव, घरपरिवारका लागि सहयोग गर्ने तत्परता, नातिहरूलाई अत्यन्त स्नेह, म बुहारी भए पनि घरकी लक्ष्मी हौ र जङ्गम परिवारकी धरोहर हौ भन्ने स्नेहपूर्ण व्यवहारका लागि बुबाप्रति म नतमस्तक छु र यो हीरक महोत्सवमा मेरो लेखले ठाउँ पाएकोमा म आभारी छु ।

●



निशा केसी जङ्गम भरत जङ्गमकी बुहारी हुनुहुन्छ ।

# सांस्कृतिक धन्वन्तरि
## – नेमसिंह नकर्मी

क्यै सोचेझैँ क्यै खोजेझैँ
एकसुरमा डुलफिर गर्ने
साथी हुन् भन्दै
अकस्मात् देखापर्ने
जनहितखातिर हुने सभामा
जान कहीँ चुक्तैन त्यो
धक फुकाली सबका माझ
बोल्ने भरत जङ्गम हो त्यो ।

व्यक्तिगत सान्निध्यमा उनीसँग मेरो खास परिचय छैन । विनाकार्य हुने कुरा पनि भएन । तर पनि उनको शीलस्वभाव एवं ध्यानमग्न मुखमण्डलले गर्दा उहाँको जीवन-जगत्प्रति अभिरुचि हुनुमा मैले एक किसिमको जिज्ञासाका रूपमा प्रस्तुत गरेँ । यसलाई स्वाभाविक अंशको एक हिस्सा मान्दछु ।

हुन त उहाँसँग परिचित हुने अवसर नपाएको भने होइन । धेरैपल्ट त्यस्तो मौका पाएको भए तापनि समयको उपभोग गर्न पाइएन । एक प्रकारले त्यसलाई कमजोरीपन भन्नुपर्दछ । सिधा अर्थमा भन्नुपर्दा बेवास्ता नै सम्झे पनि फरक पर्दैन । कारण उहाँको महत्ता एवं सोच सम्बन्धमा अनभिज्ञता ।

नेपाल भाषा-साहित्य वाङ्मयमा अभिरुचि राख्नुहुने उहाँ उपत्यकाका संस्कृति, सम्पदा, स्मारक भनेपछि भुतुक्कै हुने विलक्षण स्वभावका हुनुहुँदो रहेछ । नेवार समुदाय एवं समाजका चाडपर्व, परम्परा, रीतिरिवाजसँग निकटतम आस्था भएको तथ्य गुठी विधेयक आन्दोलन कहीँकतै पनि नछुटाईकन हुने उहाँको उपस्थिति गैरनेवार जगतमा समेत चर्चा-परिचर्चा भएका थिए र स्थानीय समुदायमाझ थप ऊर्जा प्राप्त भएको तथ्यलाई नकार्न सकिँदैन । उहाँको चिन्ता थियो काठमाडौँ उपत्यकाको संस्कृति र सम्पदा नाश भयो भने नेपालको अस्तित्वमाथि नै ठूलो असर पर्छ । यस तथ्यलाई मुख्य सवालका रूपमा भेला, सभाहरूमा आवाज उठाउनुहुन्थ्यो, विशेष गरीकन युवा पिँढीहरूमा जागरण ल्याउने कार्यमा बोल्नुहुन्थ्यो । काठमाडौँ

उपत्यकाभित्र मात्रै सातवटा सांस्कृतिक सम्पदा हुनु भनेको साधारण कुरो होइन ।

रत्नपार्कमा होस् वा पाटनमा, काठमाडौँ हनुमानढोका परिसरको महादेव-पार्वती डबलीमा मञ्चमा उहाँको उपस्थिति सहभागिताको छुट्टै महत्त्व हुन्थ्यो । कहींकतै कार्यक्रमको सुइँको पाउनेबित्तिकै सभास्थलमा पुगिहाल्ने उहाँको अचम्मको स्वभावलाई मान्नैपर्दछ । श्रोतावर्गमाझ आयोजक सदस्यले देख्नासाथ मञ्चमा आसनग्रहणका लागि उत्तिकै समीपता एवं आस्थायुक्त उहाँको व्यवहारबाट के देखाउँदछ भने उहाँमा भित्री हृदयदेखि नै नेवारपन विद्यमान छ ।

भाषामा जोस र जाँगर, कठोर वाक्य तर मित्रतामा कोमलता, शिष्ट व्यवहारको उहाँको भाइचाराको यस पङ्क्तिकार पनि पारखी हो । यसलाई मैले छुट्टै किसिमको गुणका रूपमा लिएको छु । यसको पहिचान गर्ने क्रममा थोरबहुत समयको सदुपयोग गर्ने अवसर मिलेको थियो । अर्थात् भलाकुसारी गर्न पाएँ । चिनजान भयो । परिचयात्मक केही झल्को लिनु-दिनु भयो । बस्, त्यति नै मेरा लागि काफी भयो । हुन त पहिले पनि उहाँसँग ठाउँठाउँमा, समारोह या कार्यक्रममा भेट नभएको होइन, मुसुक्क हाँस्तथ्यौँ, बस् । सनातन संस्कृति समाज नेपालका सबैजसो कार्यक्रममा उहाँसँग भेट हुने गर्दथ्यो । मेरो विचारसँग उहाँको समावेशी धारणा मिल्दोजुल्दो भएका कारणबाट पनि हुन सक्छ उहाँसँग कुराकानी एवं विचारविमर्श रमाइलो तर गम्भीरताका साथ भएको त्यो क्षणलाई बरोबर सम्झने गर्दछु । हँसिलो पारामा कुरा अघि सार्ने उहाँ विषयको सन्दर्भक्रममा कहींकतै अल्पिएको जस्तो भएको पाएँ । उहाँ राजनीतिमा धर्म हुनुपर्नेमा धर्ममा राजनीति भइरहेको देशको वर्तमान अवस्थाप्रति बडो चिन्तित हुनुहुन्थ्यो ।

यसबाट के बुझिन्छ भने राष्ट्रको उन्नतिका खातिर राष्ट्रले सक्षम निर्लिप्त नेतृत्व खोजिरहेको हुन्छ । तर विडम्बना, देशमा मूर्खताको हालिमुहाली भइदियो । भरत जङ्गम त्यसै कराएका होइनन् । खासमा भन्नुपर्दा देशको सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति नै उहाँको वितृष्णा छर्लङ्ग हुन्छ । अर्को अर्थ नलागेमा वर्तमान शासनव्यवस्था नै बेठीक हो उहाँको बुझाइमा । त्यसैले उहाँ गोपालप्रसाद रिमालको उद्दण्ड ठोकुवा उद्घोषमा विश्वस्त देखिनुहुन्छ ।

आमा ! त्यो आउँछ र ?<br>
हो बा, त्यो आउँछ ।

– गोपालप्रसाद रिमाल

आफूले सिकाएका र हुर्काएका व्यक्तिहरू सरकारको शासनप्रणालीमा पुगेको पाउँदा भरतजीको खुसीको सीमा हुँदैनथ्यो । तर दुःखको कुरो, खोलो तऱ्यो लौरो बिर्सियो । तर पनि उहाँ मात्र हाँस्नुहुन्छ, भन्नुहुन्छ, “सद्बुद्धिले काम गर्न सकोस् ।”

हेर्दा सोझासिधा र सम्पन्न परिवारका सदस्य ठूलो मान्छे हुनुनपर्ने दर्शनशास्त्रको अध्ययनविनाको उहाँको दर्शनबाट बुझिने कुरा हो ।

उपकारी गुणी मान्छे निहुरिन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ॥
– लेखनाथ पौडेल

यस्तै-यस्तै लक्षणले युक्त व्यक्ति हुनुहुन्छ उहाँ । केटाकेटीदेखि बृद्धबृद्धासमेतका मित्र भरत जङ्गमका विषयमा भन्नुपर्दा हिजोका कुरालाई बिर्स, आजका कुराको कुरा गर भविष्यका सन्तान सुखी र समृद्धि छोड्न । बीपी कोइरालादेखि राजपरिवारका सदस्यहरूसँग समयसापेक्ष संलग्नताको प्रत्यक्ष साक्षी हुनुहुँदो रहेछ उहाँ । उहाँका जीवनकृतिका कुराहरू यिनै हुन् । जे होस्, जस्तोसुकै परिवेशमा पनि भरत जङ्गम मन पर्नेका लागि श्रीखण्ड हुन् । नियत नै खराब भएकाहरूका नियतिको कुरा गरेर समय खेर फाल्नुको औचित्य नै के छ र ?

जीवन सङ्लो छ, तर नजाती प्रवृत्तिका कारण धमिलो देखिन्छ । प्रवृत्ति त्यसै उत्पन्न हुँदैन । लोभ, मोह, लिसोको रसायनबाट जडको स्वरूप लिएको हुन्छ । तर त्यो जड जीवन पोखरीको तलसम्म पुगेको हुँदैन । उसको प्रकृति पानीलाई फोहरमैलो गराउनु मात्रै हो । आखिर पानी पानी नै हो, जीवन जीवन नै हो । त्यस्तो पोखरीमा फुलेका कमलका फूल हुन् भरत जङ्गम । हिलोमा माछा मार्नेहरूको कुरा नगरौँ । वास्तवमा उनीहरू माझी होइनन् । यसो भन्दा भरतजीको तारिफ तामेल गरेको जस्तो हुन सक्छ, होस् । जस्तोसुकै अवस्थामा पनि कमल फुल्ने पोखरीलाई कमलको पोखरी अर्थात् कमलपोखरी नै भनिन्छ ।

भरत जङ्गमको पूरा नाम भरतमणि जङ्गम हो । मात्र भरत जङ्गमको नामबाट सम्बोधित र परिचय हुनुहुन्छ हामीमाझ । ‘भिँद्यो महाभारतकालीन भीमसेन होइनन्’, ठोकुवासाथ उहाँ भन्नुहुन्छ । यसबाट नेवार लोकसमाजमा उहाँको सामीप्य एवं नेवार संस्कृति र सभ्यताप्रतिको लगाव छर्लङ्ग हुन्छ । नेवार भाषामा भिँको अर्थ राम्रो असल अर्थात् शुभ हो र द्यः (द्यो) को अर्थ देव (देवता) हो । उहाँद्वारा लिखित ‘नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिक काल)’ ग्रन्थमा उहाँले स्पष्ट रूपमा

नजिर पेस गर्नुभएको छ । उक्त ग्रन्थको 'धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका' खण्डमा भन्नुभएको छ, नेपालमण्डल क्षेत्र नेवार जातिको बस्तीको बाहुल्य भएको क्षेत्र हो । यस क्षेत्रका आदिवासी नेवारभाषी नै हुन् । बाहिरबाट जोसुकै जाति वा धर्म, व्यक्ति वा समुदाय पनि नेवारी भाषाका अनुयायी भएको देखिन्छ । उहाँको विचार एवं सहृदयताको संस्मरण गर्दै ७७ वर्ष ७ महिना ७ दिन ७ हप्तापछाडिको साइतमा नेवारी संस्कृति र परम्पराअनुसार गरिने जङ्को (भीमरथारोहण) बुढो पास्नी होस् भन्ने कामना यो पङ्क्तिकार चाहन्छ ।

अन्तमा, उक्त ग्रन्थमा हरि मञ्जुश्रीले लेख्नुभएको कुरा – "अनुसन्धानको अन्त्य कहिल्यै हुँदैन । यसपछिका अनुसन्धानहरूबाट यस पुस्तकले पुष्टि गर्न खोजेका तथ्यहरूभन्दा पृथक् निष्कर्ष निकाल्न पनि सक्छन् । हालसम्मको पछिल्लो अनुसन्धान यही नै भएकाले त्यस्तो स्थिति नआएसम्मका लागि प्राचीन नेपालको इतिहासमा देखापरेका केही भ्रमहरूको अन्तिम निराकरण यही नै हो भनेर स्वीकार गर्नुपर्ने हुन्छ ।"

●



नेमसिंह नकर्मी लेखक तथा सामाजिक अभियन्ता हुनुहुन्छ ।

# तिखो कलमका हिमायती साहित्यकार
## – पदम विश्वकर्मा

भरत जङ्गम नेपाली समाजका नयाँ नौलो नाम होइन । भरत जङ्गमका विविध आयामिक योगदान सर्वव्यापी, सर्वप्रिय र सर्वशक्तिमान् छन् । विशेष गरी वरिष्ठ पत्रकार, वरिष्ठ साहित्यकार, समाजसेवी, कानुन तथा संविधानविद्, भ्रष्टाचारविरोधी अभियन्ता तथा समाजको प्रणेता भरत जङ्गम नेपाली समाज, नेपाली परिवेश, नेपाली राजनीति र नेपाली राष्ट्रिय गौरवका गौरवशाली व्यक्तित्व हुनुहुन्छ ।

भरत जङ्गम दाइको नाम धेरै पहिलेदेखि सुन्दै आए पनि, उहाँको चर्चा-परिचर्चा जतासुकै भए पनि प्रत्यक्षरूपमा भेट्ने अवसर भने पाएको थिइन् । २०१३-१४ सालतिर पारिवारिक भेटघाटका सिलसिलामा भरत दाइ कोलोराडो आइपुग्नुभयो । भरत जङ्गम दाइ कोलोराडो आउनुहुने खबर सुनेपछि मलाई उहाँसँग भेट्ने खुलदुली तीव्र बढेर आयो । उहाँका बारेमा सुनेका, पढेका भनाइ लेखाइहरूले मलाई भरत दाइलाई कतिखेर भेटौँ जस्तो आतुर बनायो । हुन पनि जुन दिन बिहान भरत दाइ आइपुग्नुभयो भन्ने सुन्नमा आयो, त्यसै दिन अपराह्न भेटघाटको कार्यक्रम आयोजना गरियो । म मात्रै होइन रहेछु उहाँलाई भेट्न आतुर, सुन्नासाथ यहाँका नेपाली समुदायका व्यक्तिहरू उतिखेरै उहाँसँग भेट गर्न आइपुगे । उत्तिखेरै भीडभाडले भेटघाट स्थल भरिभराउ भयो ।

मलाई उहाँको आवाज सुन्न मन लागिरहेको थियो, नजिक पुग्न मन लागिरहेको थियो, उहाँको सामीप्यले तानिरहेको थियो । 'कालो सूर्य' को पाठक पनि भएकाले 'कालो सूर्य' का लेखक कस्ता होलान् भन्ने उत्सुकताले म भरिन पुगेँ । नेपाली साहित्यमा 'कालो सूर्य' एक चर्चित उपन्यास हो, सबैलाई विदितै छ यो कुरा । 'कालो सूर्य' लाई अनुभूत गरेपछि यसका लेखकलाई अनुभूत गर्न झन् सकसक लागिरह्यो । म बाटाभरि उहाँका व्यक्तित्व, उहाँको लेखनी, उहाँको योगदानका अनेक प्रसङ्गहरूले तानिइरहेँ । बाटाभरि यिनै कुराहरूले मलाई झकझक्याइरहे ।

भरत जङ्गम दाइसँग भेटपछि मन शान्त तलाउमा तैरिरहेको डुङ्गाजस्तै बन्यो । तलाउको डुङ्गाजस्तै उहाँ पनि एकदमै शान्त, शालीन, भद्र र बौद्धिक व्यक्तित्व हुनुहुँदो रहेछ । ती कुराहरू सिनेमाको पर्दाजस्तै गरेर उहाँको

मन्तव्यसँगै खुल्दै गए । एक व्यक्तिका विविध आयामले भरिएको थियो भरत जङ्गम दाइभित्र रहेको व्यक्तित्व ।

कार्यक्रम आरम्भ भयो । कार्यक्रम खास गरी उहाँको स्वागत तथा परिचयात्मक खालको थियो । त्यस दिन उहाँकै मुखारविन्दबाट प्रवचन सुन्ने मौका मिल्यो । धाराप्रवाह रूपमा उहाँका भनाइ प्रवाहित भइरहे, हामी भने मौन श्रोता बनिरह्यौँ । हामीले मूकदर्शकका रूपमा सुनिरह्यौँ । साँच्चै नै उहाँले नेपाली समाजमा विशिष्ट योगदान पुऱ्याइसक्नुभएको थियो, समाजसेवी, कानुनविद् र भ्रष्टाचारविरोधी अभियानकर्ताका रूपमा । कार्यक्रम सकियो तर हाम्रो वार्तालाप सकिएन । हामी साँझसम्म दाइसँगको कुराकानीमा झुम्मियौँ । औपचारिक कार्यक्रममा मात्र नभएर अनौपचारिक अवसरमा पनि दाइ उत्तिकै शालीन, सरल र भद्र हुनुहुन्थ्यो । साँझपख छुट्टिनु थियो, तर मन मानिरहेको थिएन । दाइका ज्ञानगुनका कुराहरूबाट टाढिन मन मानिरहेको थिएन । हामी बिदा भयौँ । आज पनि भरत जङ्गम दाइ विविध व्यस्तताका बाबजुद उत्तिकै सम्पर्क र समन्वयमा हुनुहुन्छ । कैयौँ मान्छेहरू बिछोडपछि हराउँछन्, तर दाइ हराउनुभएन ।

एउटा साहित्यिक व्यक्तित्वले देखेको नेपाली समाज, नेपाली धरातल अत्यन्तै फरक खालको थियो । 'कालो सूर्य' ले विश्वभर चर्चा पाइरह्यो । भरत जङ्गम दाइको 'कालो सूर्य' एक दर्जनभन्दा बढी राष्ट्रिय र अन्तर्राष्ट्रिय भाषाहरूमा अनुवाद भइसकेको छ । यसैले पनि भरत जङ्गमका कृतिहरूले अन्तर्राष्ट्रिय मान्यताहरू प्राप्त गरिसकेका छन् र नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय जगत्मा परिचित गराउन यिनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । अङ्ग्रेजी, हिन्दी, उर्दू, बङ्गाली, जापानी, चिनियाँ, रुसी, संस्कृतलगायत मैथिली, भोजपुरी, नेवारी भाषामा पनि 'कालो सूर्य' प्रकाशित भयो । 'कालो सूर्य' बाहेक उहाँका 'व्यूहचक्र', 'रातो घाम' र 'ख्वपदेश' उपन्यास र 'निर्बन्ध बन्धन' कथासङ्ग्रह पनि प्रकाशित छन् ।

भरत जङ्गम दाइ भ्रष्टाचारविरोधी अभियानका विश्वविद्यालय हुनुहुन्छ । अन्तर्राष्ट्रिय जगत्मा उहाँद्वारा प्रतिपादित शास्त्र भ्रष्टविरोधी शास्त्रले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सफल भयो । विश्वको प्राज्ञिक क्षेत्रमा यो पहिलो प्रवेश पनि हो । हाल विश्वका विभिन्न विश्वविद्यालयहरूमा भ्रष्टाचारविरुद्धको विषयमा अध्ययन सुरु भइसकेको छ । यस विज्ञानको नयाँ विधाको चिनारी पनि भरत जङ्गम दाइबाट प्रादुर्भाव भएकाले दाइ स्वयं यस विज्ञानका पिताको उपाधिबाट परिचित हुनुहुन्छ, जुन नेपाल र नेपालीका लागि एउटा गौरवको विषय पनि हो ।

भरत जङ्गम स्पष्टवक्ता हुनुहुन्छ । जे देख्यो, त्यही बोल्नुहुन्छ । कसैसँग दुराशय पनि छैन । कसैबाट गल्ती भएपछि छाड्नुहुन्न । उहाँका कृतिहरू पनि यस्तै स्पष्ट भनाइहरूले सुसज्जित छन् ।

भरत जङ्गम दाइको हीरक जन्मोत्सवका अवसरमा उहाँको दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै उहाँका कलमहरू यस्तै विषयमा निरन्तर चलिरहुन् भनी दाइलाई हार्दिक बधाई र शुभकामना अर्पण गर्दछु ।

●



पदम विश्वकर्मा लमजुङमा जन्मेर हाल कोलोराडो अमेरिकामा बस्नुहुन्छ । विभिन्न साहित्यिक तथा सामाजिक संस्थाहरूमा आबद्ध उहाँले विभिन्न पुस्तकको लेखन तथा विभिन्न पत्रिकाको सम्पादन गर्नुभएको छ । उहाँले विभिन्न पुरस्कार तथा सम्मान पनि प्राप्त गर्नुभएको छ ।

# भिंद्यः को हुन् ?
## – डा. पुरुषोत्तमलोचन श्रेष्ठ

धार्मिक समन्वय र सांस्कृतिक एकता तन्त्रप्रधान नेवार धार्मिक-सांस्कृतिक जीवनको मूल वैशिष्ट्य नै रहिआएको छ । यसो हुँदा कुन देवता कुन सम्प्रदायको हो भनी छुट्याउन मुस्किल पर्छ । यस्तोमा सम्प्रदायभेद गौण हुन पुग्छ । यसैकारण एउटै देवतालाई पनि अनेक अवतारमा र एक सम्प्रदायले मात्र नभएर अनेक सम्प्रदायले साझा रूपमा उच्च सम्मान एवं आस्थाभावले मान्दै र पुज्दै आएको ज्ञात हुन्छ । यस्तै एक लोकप्रिय देवता भिन्द्यः पनि हुन् । नेपाल भाषाको 'भिंद्यः' शब्दले 'असल देवता' भन्ने बोध हुन्छ । भिंद्यःले हामीलाई नेपालमा महाभारतकालीन भीमसेनको अवधारणा प्रचारमा आउनुअघिका पूर्वप्राचीन, भीमकाय देह भएका अति सामर्थ्यवान् यक्षको स्मरण गराउँछ । भिंद्यःमा महाभारतकालीन भीमसेन अवतारको आरोहण, प्रचार र लोकप्रियता निकै पछिको वा उत्तरमध्यकालदेखिको रहेछ भन्ने देखिएको छ । नेपालमा भीमसेन मतको आरम्भ र लोकप्रियतालाई यहाँका रैथाने आदिदेव भिंद्यःमा छामछुम गरी अनुभूत गर्दा सबैको कल्याण गर्ने महाकाल, शिवको स्मरण हुन्छ, उनकै भयानक रौद्र रूपमा अन्याय, अत्याचार र अहङ्कारका घोर विरोधी, सबैको रक्षा गर्ने भीमभैरवको स्मरण हुन्छ, त्यसपछि भने भिसिन्द्यः अर्थात् भीमसेनको स्मरण हुन आउँछ । त्यही भीमसेनमा मत्स्यपुराणमा वर्णित शिवको भयानक 'भीम' रूपको दर्शन मिल्छ ।

शिवको अंश विद्यमान रहेका यी भीमसेन वायुपुत्र हुन् (हरिराम जोशी, अभिनव वेदादि कोष, सत्याल प्रकाशन एन्ड डिस्ट्रिब्युटर्स प्रा. लि., काठमाडौं : २०७६, पृष्ठ ४२८) । उनी पञ्चपाण्डवमध्येका माहिला, दस हजार हात्तीहरूको बल भएका, सबैभन्दा बलिया, वीर योद्धा हुन् । यसैले के बौद्ध, के शैव, सबै नेवार व्यापारीहरूका धनसम्पत्तिको रक्षा गर्ने रक्षक इष्टदेवताका रूपमा उनी मान्यपूज्य रहिआएका छन् । यसो हुँदा पसल-पसलमा, पैसा राख्ने कन्तुर रहेको कुनाको खोपामा भीमसेनको चित्र मात्र नभएर बौद्ध विहारभित्र भीमसेनमन्दिर नै समेत पनि अटाउन पुगेको छ ( पुरुषोत्तमलोचन श्रेष्ठ, सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेन, श्रीसुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेनमन्दिर संरक्षण कार्य समिति, भक्तपुर : २०६९, पृष्ठ २१ - २४) ।

हालै प्रसिद्ध विद्वान् भरतमणि जङ्गमले 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' नामको ग्रन्थ प्रकाशमा ल्याएका छन् (भरतमणि जङ्गम, नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण प्राचीन, मध्य र आधुनिक काल', शब्दयात्रा प्रकाशन, बनेपा : २०७७) । यो ग्रन्थ यथार्थमा उनका चौधवटा लेखहरूको एक सङ्ग्रहमाला हो । सो मालाको प्रथम पुष्प 'भिँद्यो महाभारतकालीन भीमसेन होइनन्' भन्ने शीर्षकको ३२ पृष्ठ लामो लेख रहेको छ । माथिको प्रसङ्ग उनको उक्त पुष्पलेखसित जोड्दै यस सन्दर्भमा आफूलाई लागेका कुरा सङ्क्षेपमा प्रस्तुत गर्ने प्रयास तल गरेको छु ।

एउटै कुरालाई बुझ्ने दृष्टिकोण र विचार फरक-फरक हुन सक्छ । त्यो स्वाभाविक पनि हो । विचार राख्ने कुरामा सबै स्वतन्त्र र समान छन् । प्रस्तुत विचारको दरो प्रमाण एवं त्यसको तर्कपूर्ण वैज्ञानिक विवेचन विश्वसनीय हुन्छ । त्यस्तो तथ्यपरक कुरा सर्वमान्य हुन्छ । लोकले मान्दै आएका कुरा, त्यसप्रतिको आस्थाभाव एवं विश्वास भौतिकवादी सत्यभन्दा पनि अझ उपल्लो कुरा हो । माने देवता, नमाने ढुङ्गा । जातले होइन, कर्मले समाजमा विशेष महत्त्व पाउँदै आउँदो रहेछ भन्ने कुरामा सायद दुई मत नहोला । जुनसुकै वर्ण वा जातको भए तापनि वा जातले शूद्र भएर पनि आफ्नो कर्मविशेषले सबैको भलो गरी साराको मनमा बसेर माथि उठेको उही शूद्र सारा संसारले मान्नुपर्ने देवता बन्न पुग्छ । मच्छिन्द्रनाथ उदाहरणस्वरूप देखापर्छन् ।

आधुनिक कालकै इतिहासको सन्दर्भमा कुरा गर्ने हो भने पनि गोरखाका राजा राम शाहका पालाका, मनकामनाका पुजारी सिद्ध लखन थापा उक्त कुराको थप एक सुन्दर उदाहरण बनेर हाम्रा सामु देखापर्न आउँछन् । आफ्नो सिध्याइले लोकदुनियाँको मन जितेका र मनकामनाको प्रख्याति बढाएका उनै पुजारी लखन थापा आफ्नो सत्कर्मकै कारणले पृथ्वीनारायण शाहको पालामा आइपुग्दा 'श्रीमनकामना' 'श्रीवक्रेश्वर महादेव' सरह 'श्रीसिद्ध' देवताकै रूपमा मान्यपूज्य भइसकेका थिए (धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, शाहकालका अभिलेख, नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०३७, कीर्तिपुर : २०३७, पृष्ठ ६८-६९) भीमसेन पनि यस कुराको अपवाद होइन । अहङ्कार, अन्याय, अत्याचारको प्रतिकार गर्नमा उनी सदा उद्यत रहन्थे । उनले ब्रह्माको अहङ्कारलाई सहन सकेनन् र तत्काल पाँच शिर भएका ब्रह्माको एक शिर छेदन गरे । यसरी ब्रह्मा चतुर्मुखी भए । भरिभराउ सभामा एक अबला नारी (द्रौपदी) को स्त्रीत्व लुट्न खोज्ने दुःशासनलाई मार्ने प्रयत्न यिनैले मात्र गरे । सोहीअनुरूप यिनले महाभारत युद्धमा दुःशासनलाई मारी उसको रगतले द्रौपदीलाई नुहाउन लगाएका थिए, रगत पिएका थिए । यताबाट उनको

भैरव-चरित्र दर्शनीय हुन्छ । महाभारत युद्धमा मरेकाहरू सबै स्वर्गमा जाने प्रावधान थियो । युद्धपछि पाण्डवहरू स्वर्गमा जाँदा उनै अत्याचारी, व्यभिचारी दु:शासनलाई पनि त्यहाँ स्वर्गिक आनन्द लिइरहेको देखेपछि सो कुरा उनलाई न्यायसङ्गत लागेन । उनलाई लागेछ, स्वर्गमा सत्पुरुषहरू मात्र बस्न पाउनुपर्ने हो, दुष्टहरू होइन । यहाँ त दुष्ट पनि रहेछन् भनी अति क्रोधित हुन पुगेका भीमसेनले दु:शासनलाई लात्तले हानी स्वर्गबाट पृथ्वीमा खसाले । दुष्टको शरीरसँगै भीमसेनको एउटा खुट्टा पनि पृथ्वीमा आएछ । यही कारणले पृथ्वीमा भीमसेनको पूजा उनको शिरमा नभएर पाउमा गरिन्छ (हरिराम जोशी, मेरा अनुभूतिहरू, भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर : २०७७, पृष्ठ २९६-९७) ।

यसरी महाभारतका पात्रहरूमा र अझ विशेष गरी पञ्चपाण्डवमध्ये भीमसेन मात्र एक यस्ता पात्रका रूपमा देखापर्छन्, जो आफ्नो सत्कर्मले उस्तै त्रिनेत्रधारी शिव भए, भीमभैरव भए, भीमगणेश्वर भए, भीमेश्वर भए, बाघभैरव भए, भीमराणेश्वर भए, । अन्याय, अत्याचार, व्यभिचार, अपमान, थिचोमिचो, उँचनीच सहन गर्न नसक्ने, सबैप्रति समभाव राखी व्यवहार गर्ने, सबैका रक्षक, शूरवीर मात्र नभएर शूद्र एवं वैश्य चरित्रका समेत पनि भएका हुँदा उनै वृकोदर वैश्य पेसामा लागेका व्यापारीहरूको जीउज्यान र धनसम्पत्तिको रक्षा गर्न पुगेका कारण उनीहरूका इष्टदेवताकै रूपमा अझ बढ्ता प्रख्यात हुन पुगे । यसरी भिंद्य: र भीमसेनमा पाइने एक समानको विशेषताका (भीमकाय देह र बल) कारण परवर्ती कालमा गङ्गारानीहरू, प्रताप मल्लहरूद्वारा भिंद्य:मा भीमसेनलाई अवतरित गरिएको अनुमान हुन्छ ।

'महाभारत काल' को कुरा गर्दा त्यो काल 'महाभारत' शीर्षकको काव्यमय सिर्जना थियो, जुन महर्षि व्यासको निर्देशनमा भगवान् गणेशले लेखे । आजको भौतिकवादी दृष्टिकोणले यसलाई हेर्ने हो भने पत्याउने कि नपत्याउने ? आजभन्दा झन्डै तीन हजार वर्षभन्दा पनि पुरानो अनुमान गरिएको महाभारतको भौतिक अस्तित्व थियो वा थिएन भन्ने कुरालाई पुरातत्त्वले छामछुम गरी तथ्य कुरा पत्ता लगाउन बाँकी नै छ । हामी त्यतातिर नलागौँ । वैदिक वाङ्मयकै पुरक रामायण र त्यसै गरी महाभारत हो भन्ने कुरालाई अध्यात्मवादी धर्म, समाज र संस्कृतिले मान्दै आएको छ । महाभारतका हरेक पक्ष एवं पात्रहरू बहुअर्थीय, भावपरक एवं प्रतीकवादी छन् । पात्र, प्रवृत्ति, चरित्र, कथानक आदि विचारका उपज हुन् । प्रतीकवादी अवतार धर्म-संस्कृतिका अभिन्न आयामिक अंश हुन् ।

भीमसेन पनि यस कुराको एक सुन्दर उदाहरण हो । 'भिंद्य:' को मध्यकालीन नूतन अवतारमा भीमसेनको स्मरण हुन्छ । भीमसेनले भैरवको

स्मरण हुन्छ । भैरवले शिवको स्मरण हुन्छ । शिवले देवताहरूका पनि महान् देवता महादेव, ईश्वरहरूका पनि महान् ईश्वर महेश्वरको स्मरण हुन्छ । उनै महेश्वरको अवतार दर्शनमा इन्द्र, अग्नि, सूर्य, जस्ता उच्चतम अवतारहरूको पनि स्मरण हुन्छ । यी केही उद्धरण हुन् ।

जङ्गमले भिंद्यःलाई महाभारतकालीन भीमसेन होइनन् भनेका छन् । भिंद्यः शिव हुन्, भीमभैरव हुन् भन्ने तर्क उनको रहेको छ । यो यस विषयको एक महत्त्वपूर्ण जानकारीमूलक एवं विवेचनयुक्त र सायद यसरी फरक धारमा लेखिएको पहिलो अनुसन्धानात्मक लेख हो । सो लेखमार्फत उनले भीमसेनका बारेमा गर्न खोजेको निराकरण-प्रयत्नले यस बारेमा तर्क-वितर्कका लागि विद्वद्वर्गसामु बौद्धिक छलफलको नयाँ ढोका पनि खोलिदिएको छ । अतः यस बारेमा बेग्लै अध्ययन हुनु जरुरी हुन आएको छ ।

धार्मिक-सांस्कृतिक जनले भने उनलाई त्यही भीमसेन अवतारमा, भीमकाय, रक्षकदेवताकै रूपमा पूर्वकालदेखि नै मान्दै-पुकार्दै आएका छन् । पञ्चपाण्डवमध्येका युधिष्ठिर धर्मराजपुत्र, भीमसेन वायुपुत्र, अर्जुन इन्द्रपुत्र, नकुल र सहदेव अश्विनीकुमारपुत्र र त्यसै गरी कर्ण सूर्यपुत्रका रूपमा परिचित रहिआएका छन् । यताबाट मानवदेहधारी पञ्चपाण्डवमा देवताको अंश विद्यमान रहेको कुरा जानिन्छ । जो अति बलिया, भीमकाय छ, जसको आवाज भीषण छ ऊ भैरव हो भन्ने कुरालाई तन्त्र परम्पराले मानेको छ । यताबाट पनि भीमसेनलाई भिन्द्यःमा आरूढ गरी शिव/भैरवमा पुजिन थालेको आभास हुन्छ ।

चतुःवर्णमा व्यापारीहरू वैश्य वर्गमा पर्छन् । बढ्ता खानुपर्ने खन्चुवा प्रवृत्तिले भीमसेनमा वैश्य-व्यापारीको चरित्र दृष्टिगोचर हुन्छ । ऋग्वेदको पुरुषसूक्त अनुसार विराटपुरुषको मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रीय, पेटबाट वैश्य र पाउबाट शूद्रको उद्भव भएको थियो । यस आधारमा चतुःवर्णको मूल स्रोत विराटपुरुष रहेको र पेटको काम असाध्यै खानुपर्ने खन्चुवा प्रवृत्तिको भएकाले पनि भीमसेन वैश्य-व्यापारी चरित्रको रहेको कुराको थप पुष्टि मिल्छ (जोशी, २०७७, पृष्ठ ४२८) । भीमसेनको वैश्य स्वभावको अवधारणा पुराणकालतिरै प्रचलनमा रहेको प्रतीत हुन्छ ।

'पद्मपुराण' का अनुसार द्वापरयुगमा, शूद्र जातका भीम वैश्य पेसामा तल्लीन रहेको उल्लेख छ (Vettam Mani, Puranic Encyclopaedia, Motilal Banarsidass, Delhi: pp. 133) । यसो हुँदा भीमसेन व्यापारीहरूका इष्टदेवताका रूपमा रूढ हुन पुगेको दृष्टिगोचर हुन्छ ।

प्राचीन कालमा व्यापारीहरू झुन्ड-झुन्ड भई निकै टाढा-टाढासम्म गएर व्यापार गर्न जानुपर्ने हुँदा जीउज्यान र साथमा रहेको धनसम्पत्तिको रक्षार्थ उनीहरूले उनै सर्वशक्तिमान् वायुपुत्र, वैश्य चरित्रका बलशाली भीमसेनलाई यक्षरूपी भिंद्यःमा समायोजन गरेको दृष्टिगोचर हुन्छ । हरिराम जोशीका अनुसार वैवाहिक रिवाजका आधारमा पाण्डवहरूको हिमाली प्रदेशका जातिहरूको संस्कृतिसित घनिष्टता थियो । हिमाली खण्डका यक्षहरू प्राचीन कालदेखि नै व्यापारीहरूद्वारा पूजित थिए । यक्षहरूकै सांस्कृतिक विरासतलाई पनि अक्षुण्ण राख्ने भीमसेन वैश्यहरूका सर्वमान्य देवताका रूपमा मानिन लागेका थिए (जोशी, २०७७, पृष्ठ ४२९) ।

पाशुपत सम्प्रदायमा अष्टपुष्पिका, अष्ट-तनु (आठस्वरूप : भव, शर्व इशान, रुद्र, भीम, पशुपति, महादेव), अष्टमूर्तिको विशेष महत्त्व रहेको ज्ञात हुन्छ (V. S. Pathak, Saiva Cults in Northern India, Dr. Ram Naresh Varma, Varanasi : pp. 18) । आकाशतत्त्वको प्रधानता रहेको महादेवको छैटौँ नाम भीम रहेको छ । यसरी शिवको छैटौँ भीमस्वरूप/अवतारमा आकाशको दर्शन मिल्छ (राणाप्रसाद शर्मा, पौराणिक कोश, ज्ञानमण्डल लिमिटेड, वाराणसी : १९८६, पृष्ठ ३७७) ।

यस अर्थमा उनी आकाशका अधिष्ठाता देवता पनि हुन् भनी मान्न सकिन्छ । यो कुरा विशेष महत्त्वको लाग्छ । यसले हामीलाई विशेष गरी दोलखाको एक तलाको, छाना नभएको, भीमेश्वर मन्दिर र त्यसै गरी भक्तपुर भेलुख्यः टोलको उस्तै वास्तुशैली रूपको छाना नभएको दोलखा भीमसेन / परदेशी भीमसेनलाई स्मरण गराएको छ । साक्षात् शक्तिशाली देवता हुँदा छत हालेर छोपेको भीमेश्वरलाई मन पर्दैन भन्ने लोकधारणा छ (धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, दोलखाको ऐतिहासिक रूपरेखा, नेपाल र एसियाली अध्ययन संस्थान, कीर्तिपुर : २०३१, पृष्ठ ७) ।

यताबाट नेपालका भीमसेन मन्दिरहरू परवर्ती कालमा कारणवश छानाले ढाकिन पुगेको भए तापनि त्योभन्दा पूर्ववर्ती कालतिरै खुला आकाशमुनि प्रतिष्ठापित रहिआएको दृष्टिगोचर हुन्छ । उक्त प्रसङ्गमा पनि भिंद्यः आकाशका अधिष्ठाता देवता रहेछन् भन्ने कुराको थप पुष्टि मिल्छ । भक्तपुर भेलुख्यःस्थित प्रसिद्ध गयो भिन्द्यः / दोलखा भीमसेन / परदेशी भीमसेनको सामुन्ने दक्षिण-पश्चिमा 'मू दिप' (मूल मसान) छ र पश्चिममा योसिंख्यः छ, त्यहीँ भद्रकाली पीठ छ, जहाँ हरेक वर्ष मनाइने विस्काः जात्राका मुख्य देवता आकाशभैरवको चैत्र मसान्तमा लिङ्गध्वजोत्थान गरी नव वर्ष वैशाख १ गते ढाल्ने मूल जात्रा मनाइन्छ । भिंद्यःको एक रूप 'आकाश' का

प्रसङ्गमा यस कुराले पनि विशेष महत्त्व राख्छ । 'आकाशभैरव' ले हामीलाई यहाँनेर कान्तिपुर इन्द्रचोकको आकाशभैरव (आजुद्यः) लाई पनि स्मरण गराएको छ जसमा इन्द्र र शिवको अंश विद्यमान रहेको मानिन्छ । यसरी प्रकारान्तरमै पनि भिंद्यःका अनेक अवतारमा उनको 'आकाशभैरव' रूपको दर्शन मिल्न आउँछ ।

भक्तपुर टौमढीटोलका आकाशभैरव मन्दिरको बाहिरी भित्तामा मान्द्रोमा चित्रित, राँगाको आन्द्राको माला पहराइएको मसानभैरवको दर्शन मिल्छ । यस्तै चित्र भेलुख्य भीमसेनस्थानमा, नीलसरस्वतीको मन्दिरको भित्तामा पनि देख्न सकिन्छ । माथि उल्लिखित मू दिप / मूल मसान त्यहीँ छ । यताबाट आकाशभैरवकै एक अर्को तान्त्रिक अवतार मसानभैरव पनि हो भन्ने दृष्टिगोचर हुन्छ । यसो हुँदा उनै भिन्द्यःको काखमा रहेको मू दिप अर्थात् मूल मसानबाट पञ्चतत्त्व / पञ्चमहाभूतले बनेको नश्वर शरीरले सद्गति प्राप्त गरिरहेकै छ । यस अर्थमा उनी व्यापारीहरूका मात्र नभएर सबैका मोक्षदाता पनि हुन् भनी मान्न सकिन्छ ।

साँगाको विकटेश्वर महादेवस्थानको अंशुवर्माको अभिलेखमा 'कानमा गहनाको रूपमा लाइराखेका डरलाग्दा सर्पहरूको फुङ्कारको हावाले जटा छ्यान्नब्यान्न भएको, भरखरै काटिएको तात्तातो रगत चुहिरहेको मुण्डमाला लाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तीको छाला ओढेको, पार्वतीले डराई-डराईकन हेरिएको महादेव' को स्तुतिवर्णन छ ( धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अध्ययन संस्थान, कीर्तिपुरः २०५३, पृष्ठ ३३६-३७) । यस स्तवनका महादेवमा हामीलाई रौद्र रूप धारण गरेका, भीषण आवाज भएका, अति डरलाग्दा विकट रूपका भीमकाय भीमभैरवको दर्शन मिल्छ । यसरी नेपालमा भैरव परम्पराको प्रथम आभास यसले गराएको छ (पुरुषोत्तमलोचन श्रेष्ठ, 'अभिलेखबाट बनेपा र चण्डेश्वरीलाई हेर्दा', अभिलेख, ३४/३४, २०७३, पृष्ठ ५६) ।

जयदेव द्वितीयले वि. सं. ७९० मा पशुपतिमा चाँदीको अष्टदलकमल चढाएका थिए । भगवान् शिवलाई अष्टपुष्पिका चढाउने चलन लिच्छविकालमा थियो र सोहीअनुरूप उनको अष्टरूप (भव, शर्व, ईशान, रुद्र, उग्र, भीम, पशुपति, महादेव) / अष्टमूर्ति प्रचलनमा रहेको विदित हुन्छ (डा. गोविन्द टन्डन, पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, झरेन्द्र शमशेर ज. ब. रा. तथा श्रीमती मञ्जु राणा, काठमाडौँ : २०५३, पृष्ठ १७५-१७६) । यसरी प्रकारान्तरमै भए पनि शिवको छैटौँ भीम रूपको प्रसङ्गमा, भीमभैरवको पूजोपासना लिच्छविकालतिर प्रचलनमा रहेको आभास यसले पनि गराएको छ ।

तन्त्रसाधनाद्वारा दूरस्थ स्थानका देवतालाई आफ्नो समीपस्थ स्थानमा ल्याएर प्रतिष्ठा गर्ने प्रवाह मध्यकालमा निकै चलेको देखिन्छ । देवमाला वंशावलीअनुसार ने. सं. २६० (वि. सं. ११९७) मा दोलखा भीमसेन कान्तिपुर ल्याई ठूलो देवालय बनाई भीमसेनमूर्ति प्रतिष्ठा गरिएको थियो (योगी नरहरिनाथ (सं.), देवमाला वंशावली, श्रीपीरमहन्त क्षिप्रानाथ योगिराज, मृगस्थली : २०१३, पृष्ठ ४३) । यताबाट कान्तिपुरमा भीमसेन मन्दिरको निर्माण प्रताप मल्ल (वि. सं. १६९८ – १७३१) को समयभन्दा अघि नै भइसकेको थियो, जसको मूल आदर्श दोलखा भीमसेन थिए भन्ने कुरा जानिन्छ । साथै नेपालमण्डलमा स्थापित अन्य भीमसेन मन्दिरहरूको मूल आदर्श पनि दोलखा भीमसेन नै रहेको विदित हुन्छ । किनकि ती भीमसेनहरू पनि दोलखा भीमसेन नामले परिचित रहिआएको देखिन्छ । उदाहरणका लागि भक्तपुरका भेलुख्यःटोल, तचपालटोल, सुखुध्वाखा, याछेँ, क्वाछेँ, नासमना, खौमाटोल लगायत मध्यपुर थिमिका भीमसेनहरू पनि 'दोलखा भीमसेन' नामले प्रख्यात रहिआएका छन् (श्रेष्ठ, २०६९, पृष्ठ २३-२४) ।

आभिलेखिक साक्षतिर दृष्टि दिँदा नेपालमा विक्रमको सोह्रौँ शताब्दीभन्दा केही कालअघिदेखि भीमसेन पूजा-उपासना व्यापक रूपमा प्रचारमा आउन थालेको र भीमसेन मतको मूल थलो आन्तरिक एवं वैदेशिक व्यापार मार्ग एवं नाकाको रूपमा रहिआएको दोलखा रहेको विदित हुन्छ । यसो हुँदा यहाँ अपरिहार्य रूपमा भीमेश्वर/भीमसेन प्रतिष्ठापित भएको दृष्टिगोचर हुन्छ । उच्च मनोबल, आस्था र विश्वाससहित विशेष गरी दोलखाको आर्थिक समृद्धिमा भीमेश्वरको आशीर्वाद सदा काल रहिआयो । यस्तो प्रतीत हुन्छ मानौँ त्यसो नहुँदो हो त तत्कालीन दोलखाका अधिपति इन्द्रसिंहदेव (वि. सं. १५९७ – १६०५) ले चाँदीका मुद्रा प्रसारणमा ल्याउन सक्ने थिएनन् । नेपालमा सर्वप्रथम चाँदीका मुद्रा निष्काशन गर्ने श्रेय उनलाई जाने पनि थिएन ।

दोलखाको तीनधारे नारायणमूर्तिको ने. सं. ६४४ (वि. सं. १५८१) को अभिलेखमा भीमसेनलाई 'भीमगणेश्वर' भनिएको छ । त्यसै गरी लिस्तीटोल बौद्ध चैत्यको अभिलेखमा 'भीमसेन', भीमेश्वर भण्डारको ने. सं. ६८८ (वि. सं. १६२५) को अभिलेखमा 'भीमेश्वर', भीमेश्वर भण्डारको ने. सं. ६८९ (वि. सं. १६२६) को अभिलेखमा 'भीमसेन', भीमेश्वर भण्डारकै तोरणको ने. सं. ७०४ (वि. सं. १६४१) को अभिलेखमा 'भीमराणेश्वर' भनिएको छ (वज्राचार्य, श्रेष्ठ, २०३१, पृष्ठ ८८-१०३) । भक्तपर सुकुलढोका, लुँ विहार दोलखा भीमसेन मन्दिरको ने. सं. ७२३ को अभिलेखमा गणेश, वज्रयोगिनीलगायत भीमसेन र द्रौपदीको मूर्ति स्थापना गरेको कुरा उल्लेख छ (श्रेष्ठ, २०६९, पृष्ठ

६८) । दोलखा भीमसेनस्थानको भीमेश्वर छतको ने. सं. ७३० (वि. सं. १६६७) को अभिलेखमा भीमसेनको स्तुति यसरी गरिएको छ 'ॐ नमः श्रीश्रीश्री भीमराणेश्वराय । माङ्गानां विघ्नहन्तारं पाण्डवानां सिरोरुहो । कौरवामारशंहारं त्वं वन्दे दुर्पतिप्रीयं' (श्री ३ भीमराणेश्वरलाई नमस्कार । भक्तहरूको (?) विघ्न हर्ने पाण्डवहरूमा शिरोमणि भएका, कौरवहरूको नाश गर्ने, द्रौपदीका मन पर्ने भीमसेनलाई ढोग्दछु ।), उही, पृष्ठ १०५) ।

माथिका उद्धरणहरूबाट मध्यकालको पूर्वार्द्धदेखि नै यहाँका आदिदेव भिंद्यःमा शनैः-शनैः महाभारतकालीन भीमसेन अवतरित हुँदै सोही नामरूपले मान्यपूज्य हुँदै आएको प्रतीत हुन्छ । गङ्गारानी, प्रताप मल्ल, जगत्प्रकाश मल्ल र श्रीनिवास मल्लहरूको समयसम्म आइपुग्दा उनै भिंद्यः एक्ला भीमसेन रूपमा मात्र नभएर उनका साथमा उनका प्रिय द्रौपदीलगायत युधिष्ठिर, अर्जुन, नहकुल सहदेवका साथमा, शिव र भैरव सदृश स्तुत्य भई जनमानसमा अत्यधिक रूपमा उनको पूजोपासना लोकप्रिय हुन पुगेको विदित हुन्छ । तलका विवेचन थप उदाहरणस्वरूप छन् :

कीर्तिपुर बाघभैरवको ने. सं. ७०७ (वि. सं. १६४४) को ताम्रपत्राभिलेखमा उनलाई 'भीमसेन' भनिएको छ (धनवज्र वज्राचार्य, मध्यकालका अभिलेख, नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर : २०५६, पृष्ठ ४८६) । भैरवमा भीमसेन समायोजन भएको कुरा यताबाट पनि जानिन्छ । भक्तपुर भेलुख्यटोलका दोलखा भीमसेन / परदेशी भीमसेन मन्दिर सामुन्नेको प्रस्तर स्तम्भमा बाघको मूर्ति रहेको छ । यसले पनि उक्त कुराको पुष्टि मिल्नुका साथै भक्तपुरका दोलखा भीमसेनको भैरव स्वरूप स्पष्ट हुन आउँछ ।

नेपाल भाषामा भैरवलाई 'भेलु' र खुला चौरलाई 'ख्यः' भनिन्छ । यसरी भैरव रूपका भीमसेनको आवास क्षेत्र भएको हुनाले 'भेलुख्यः' भनिएको जानिन्छ (श्रेष्ठ, २०६९, पृष्ठ ५१) । भक्तपुर सुकुलढोका, लुँ विहार भीमसेन मन्दिरको भण्डारको ने. सं. ७७२ (वि. सं. १७०९) को अभिलेखमा उनलाई 'भीमराणेश्वर' भनिएको छ (श्रेष्ठ, २०६९, पृष्ठ ६९) । कान्तिपुर भीमसेनस्थानको ने. सं. ७७५ को अभिलेखमा उनलाई 'शिवरूप भीमसेनाय' भनी स्तुति गरिएको छ (गौतमवज्र वज्राचार्य, महेशराज पन्त (सं.) अभिलेख सङ्ग्रह, तेस्रो भाग, २०१८, पृष्ठ १५) । यसप्रकार तन्त्रप्रधान धर्म प्रबल रूपमा प्रवाहित भइरहेको एवं तान्त्रिक परम्परामा समेत पनि नूतन प्रयोग भइरहने मध्यकालमा भीमसेनलाई अनेक तान्त्रिक अवतारमा मान्ने पुज्ने प्रयोगात्मक प्रवाह चलिरहेको ज्ञात हुन्छ ।

भक्तपुरको नेवार लोकजीवनमा भिंद्य:लाई 'भिसिन्द्य:' भन्ने चलन छ । तचपालटोलस्थित भीमसेनमन्दिरका भीमसेन स्थानीय नेवार लोकजीवनमा 'सु खुँ भिसिन्द्य:' (परालचोर भीमसेन) नामले खास प्रसिद्ध छन् । त्यसै गरी भेलुख्य:का भीमसेन 'सु भिसिन्द्य:' (पराले भीमसेन) नामले पनि प्रख्यात छन् । यहाँ यी भीमसेनहरूका नामका अघिल्तिर जोडिएर आएको 'सु' अर्थात 'पराल' विचारणीय छन् । ती त्यत्तिकै लागेका विशेषण होइनन् । जन्मँदा मात्र नभएर मर्दा पनि चाहिने पराल भैरवकै प्रतीक हो । भैरवलाई काठ, ढुङ्गा, धातु, अन्न (भात, च्युरा) मा मात्र नभएर परालमा समेत मूर्तिमान् गर्ने परम्परा रहिआएको छ (रमापतिराज शर्मा, 'हामी कहाँका भैरव - एउटा अध्ययन', पासूका, आषाढ १, ०५६, पृष्ठ ३ – ५) ।

भक्तपुरका उच्चतम देवता आकाशभैरव हुन् । गाईजात्राको दिनमा उनै आकाशभैरवको परालको थुन्से आकारको भीमकाय 'ताहासाँ / साया' बनाइन्छ । त्यसपछि उनको देवगृह रहेको लाकोलाछेँ टोलमा सो वर्ष मरेकाहरूको स्मृतिमा उनीहरूको पनि ताहासाँ बनाएर साँझपख आकाशभैरवकै नेतृत्वमा, पङ्क्तिबद्ध रूपमा (अग्रपङ्क्तिमा आकाशभैरव बीचमा मृतकहरूको र अन्तिममा याका मिसा / एकल महिला / भद्रकालीकै प्रतीक) नगर परिक्रमा गराई सो दिनको जात्रा समापन गरिन्छ । यसरी उक्त प्रसङ्गमा भैरव, भीमसेन र पराल एक अर्काका पर्यायालङ्कार बनेर हाम्रा सामु दर्शनीय हुन आउँछ । त्यसै गरी शान्त र सौम्य रूपका शिवको उग्र तान्त्रिक स्वरूपका भैरव भीमभैरवमा सृष्टि, स्थिति र संहारको प्रतीकात्मक झझल्को पनि एकसाथ मिल्छ । यसरी पूर्वप्राचीन भिंद्य:मा दरिन पुगेका महाभारतकालीन भीमसेन र त्यसै गरी भिन्द्य: र भीमसेनको प्रसङ्गमा पनि भिंद्य: भीमभैरव हुन् भनी मान्न सकिन्छ र माथिको प्रसङ्गमा उनी मोक्षदाता पनि रहेछन् भन्ने कुरा जानिन्छ ।

नेपालमण्डलका प्राय: सबैजसो भिंद्य:हरूलाई यहाँको नेवार लोकजीवनले 'परदेशी भीमसेन' भनी पुकार्दै आएको पाइन्छ । यस कुराको चर्चा माथि पनि भइसकेको छ कि उनी व्यापारीहरूका सर्वमान्य देव हुन् । पूर्वकालमा दूरस्थ प्रदेश अर्थात् परदेशमा गई व्यापार गर्नुपर्ने हुनाले ती व्यापारीहरूको जीउज्यान र धनसम्पत्तिको रक्षा अति बलिया भिंद्य:ले मात्र गर्ने भए । साथै परदेशमा लागेका व्यापारीका आफन्तजनले उनको पूजाआजा गर्दा ती व्यापारीको हालखबर शीघ्र प्राप्त हुने र सुरक्षित रूपमा चाँडो देश फर्कने आस्था र विश्वास रहिआएको छ । यसो हुँदा उनी 'परदेशी भीमसेन' कहलिन पुगेका हुन् भन्ने कुरा थाहा पाइन्छ । भीमसेनको एउटा सानो मूर्ति पशुपतिनाथ मन्दिरको दक्षिणतिर चोकको एक भित्तामा पनि देख्न सकिन्छ ।

यी भीमसेन पनि 'परदेशी भीमसेन' हुन् (पशुपति क्षेत्र विकास कोष, पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा, देववत्तन : २०७७, पृष्ठ ५५२ ) ।

'जहाँ भिंद्यः छ, त्यहाँ नेवार छ जहाँ नेवार छ, त्यहाँ बजार छ' भन्ने लोकोक्ति त्यसै चलेर आएको होइन । ल्हासामा पनि भिंद्यः विराजमान छन् । यसले ल्हासा पनि पूर्वकालदेखि नै नेवार व्यापारीहरूको मुख्य बजार रहिआएको कुरा स्पष्ट रूपले ज्ञात हुन्छ । यसले जुनसुकै जातका नेवारहरू भए तापनि समग्रमा वैश्य व्यापारिक वैशिष्ट्य मूल रहेको कुरा स्पष्ट जानिन्छ । यसो हुँदा नै भिंद्यः पूजा नेवारहरूमा मात्र चलेर आएको देखिन्छ । समयको प्रवाहमा, नेवारहरूको बाहुल्य रहेका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सहरबजार बस्तीहरूमा नेवारबाहेकका व्यापारीहरूले समेत भिंद्यःको चित्र राखी पुज्ने संस्कृति विस्तारित हुन पुगेको देखिन्छ ।

व्यापारीहरूले आ-आफ्ना पसलहरूमा टाँसेर राख्ने एक परम्परागत चित्र निकै प्रख्यात रहिआएको छ । उक्त चित्रमा भिंद्यः प्रत्यालीढ मुद्रामा उभिएका छन् । किकंपायुक्त, स्वर्णमुकुटधारी रक्तवर्णका भिन्द्यःको भयानक मुखाकृतिले उनको रौद्र रूप एवं अथाह बलको प्रदर्शन एकसाथ भइरहेको दृष्टिगत हुन्छ । उनले दायाँ हातले एउटा घोडालाई त्यसको पछिल्ला दुईवटा खुट्टा कापालिक मुद्रामा च्याप्पै समाएर शिरमाथि आकाशमा उचाली जमिनमा बजार्नै लागेका छन्, बायाँ पाखुरामा एउटा सिंहलाई चल्नै नसक्ने गरी च्यापेका छन्, टाङमुनि बायाँपट्टि एक हात्ती र दायाँपट्टि एक बाघ छ, जसमध्ये हात्तीलाई बायाँ खुट्टाले च्यापेर त्यसको सुँडलाई बायाँ हातले समाती बायाँ खुट्टाले बाघलाई पनि चल्नै नसक्ने गरी च्यापेका छन् । त्यसै गरी जमिनबाट टाउको माथि उठाएर डस्नै लागेको अवस्थाको एक डरलाग्दो विशाल सर्पलाई त्यसको आङमाथि दायाँ खुट्टाले कुल्ची पूरै जीउ नै गुँडुल्किने गरी लाचार तुल्याइरहेका छन् ।

उक्त प्रसङ्गमा रोचक कुरा के छ भने भक्तपुरको स्थानीय लोकजीवनले सो चित्रका ती पाँच आकृतिमध्ये मानव स्वरूपलाई भीमसेन, घोडालाई युधिष्ठिर, सिंहलाई अर्जुन, हात्तीलाई नकुल, बाघलाई सहदेव र सर्पलाई द्रौपदीको प्रतीकका रूपमा अर्थ्याउने गरेको पाइन्छ । तथापि यसले सङ्केत गरेको यथार्थ कुरा भिन्नै प्रतीत हुन्छ । सो चित्रमा भिंद्यःले संसारभरकै अति फूर्तिला र बलशाली पाँच जीवहरूलाई आफ्नो नियन्त्रणमा लिएका छन् । यताबाट उनीभन्दा शक्तिशाली र फूर्तिला एवं उनको जोडा लाग्ने यो विश्वमा कोही छैन भन्ने सङ्केत यसले गरेको देखिन्छ । यसैकारण यहाँ उनको एक नाम 'पञ्चप्रबल भीमसेन' पनि रहेको छ । पञ्चप्रबल भीमसेनको

चित्रलाई भक्तपुरको मौलिक परम्परागत चित्र मानिन्छ (श्रेष्ठ, २०६९, पृष्ठ ५४) । फरक-फरक मान्छे, फरक-फरक विचार ।

भिंद्यः बारेको हाम्रो सङ्क्षिप्त अनुसन्धानलाई आधार मानेर हेर्दा उनै पञ्चप्रबल भीमसेनमा पनि हामीलाई यथार्थमा उनी त्यस रूपमा नभएर बहुअर्थीय, पाञ्चार्थिक दर्शनका आदि रूप शिव पशुपति र पाशुपत सम्प्रदायको लामो इतिहासको झझल्को मिल्छ । यसकै पूर्वरूपमा हामीलाई सैन्धव उत्खननमा फेला परेको, आजभन्दा पाँच हजार वर्षपूर्वको, वरपर सर्प, साँढे, हात्ती, बाघ, मान्छे, मृग, चरा, माछा आदिले पशुगणलाई साथमा राखेर योगमुद्रामा तल्लीन रहेका बलिष्ठ देह भएका यक्षरूप शिव पशुपतिको मूर्तिको स्मरण गराएको छ । यसकै पनि परवर्ती परम्परागत रूपमा साँगाको माथि वर्णित सर्पको गहना लाएका, हात्तीको छाला ओढेका नरमुण्डमालाधारी भयानक रूपका भैरवरूप विकटेश्वर महादेवको स्मरण हुन्छ र यसको पनि परवर्ती मध्यकालमा अत्यन्त व्यापक रूपमा प्रचलनमा आएका, सर्पको गहना लाएका, नरमुण्डमालाधारी, अनेक आयुध धारण गरेका, हात्तीको छाला ओढेका उस्तै भयानक रूपका भैरवमूर्तिहरूको स्मरण गराएको छ । भक्तपुर राजदरबारस्थित ने. सं. ८२७ (वि. सं. १७६४) को भूपतीन्द्र मल्लले बनाउन लगाएको भैरवमूर्ति पनि यस कुराको एक सुन्दर उदाहरण हो (श्रेष्ठ, २०७३, पृष्ठ ५६) ।

प्रायः सबै भिन्द्यः वा भीमसेन मन्दिरहरूको हेरचाह एवं पूजा पूर्वकालदेखि नै कपाली (कुस्ले / जुगी / दर्शनधारी) को मातहतमा रहिआएको देखिन्छ । उक्त प्रसङ्गमा यो कुरा पनि महत्त्वपूर्ण छ । शिवका परमभक्त शैवानुयायी 'कपाली' ले नेपाललगायत भारतमा उत्तरप्राचीन कालतिर चलेका तान्त्रिक स्वरूपका शैव कापालिक सम्प्रदाय, मुण्डशृङ्खलिक पाशुपत सम्प्रदाय र उपसम्प्रदायहरू, ती सम्प्रदायका आचार्य एवं अनुयायीहरूलाई समेत एकसाथ स्मरण गराएको छ । शैव नेवारहरूका सात कर्मकाण्डीय पुरोहित वर्गमध्येका (ब्राम्ह्मण, जोशी, कर्माचार्य, शिवाचार्य, कपाली, नापित, कारन्जित/भा) एक कपाली पनि हुन् (Purushottam Lochan Shrestha, The Karmacharyas, Religious, Secular Role in Bhaktapur City, CNAS, Kirtipur : 2004, pp. 26) । यी उद्धरणहरूका आधारमा पनि भीमसेन मन्दिरहरूका 'पञ्चप्रबल भीमसेन' भित्र रौद्र रूपका शिवको भयानक रूप भीमभैरवको दर्शन मिल्छ ।

देवदेवीका मूर्तिहरूमा तिनका लक्षण, भाव, व्यवहार, शक्ति इत्यादि कुराको साङ्केतिक प्रदर्शन गर्न सोहीअनुरूप अनेक शिर, हातखुट्टा, मुद्रा, आयुध

इत्यादि दर्साइएका हुन्छन् । हामीले दुईहाते भीमसेनहरूको दर्शन गर्दै आएका छौँ । अपवादका रूपमा भने भक्तपुरस्थित चाँगुनारायण मन्दिरको उत्तरमा कापाहिति टोलमा रहेको चारहाते भीमसेन मूर्तिलाई लिन सकिन्छ (डा. पुरुषोत्तमलोचन श्रेष्ठ, गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा, विनोदराज शर्मा, भक्तपुर : २०७३, पृष्ठ १२५-१२६) ।

यिनी खुला आकाशमुनि प्रतिष्ठापित पश्चिमाभिमुख छन् । यिनको पादपीठमा ने. सं. ७७२ को अभिलेख उत्कीर्ण छ, जसअनुसार यिनको प्रतिष्ठा सोही मितिमा भएको कुरा जानिन्छ । यिनी दुःशासन-आसनमा प्रत्यालीढ मुद्रामा उभिएका छन् । यिनका चार हातमध्ये तलका दायाँ हातमा खड्ग लिई बायाँ हात छातीसम्म पुऱ्याएर अपानमुद्रा (जति खाए पनि पचाउन सक्ने) धारण गरेका छन् । माथिका दायाँ हातमा खट्वाङ्ग र बायाँ हातमा धनुष लिएका छन् । यसरी यस मूर्तिका भीमसेनको खास विशेषता यिनका ती चार हात नै हुन् । यसैले यिनी नेपालका दुई हात मात्र भएका भीमसेनहरूभन्दा खास भएका छन् । जोशी लेख्छन् 'यहाँ प्रतिष्ठापित चार हात भएको भीमसेनको मूर्ति नेपालका दुर्लभ भीमसेन मूर्तिहरूमा मानिन्छ (हरिराम जोशी, हाम्रो संस्कृति, प्रदीपराम जोशी, तेस्रो संस्करण, ललितपुर : २०६८, पृष्ठ २६) ।' नेपालमा चार हात भएका भीमसेन यिनी मात्र हुन् । यिनीबाहेक अर्को दोस्रो आजसम्म देखिन र सुन्नमा आएको छैन (श्रेष्ठ, २०७३, पृष्ठ १४२) । तन्त्रको प्रयोगात्मक संसारमा, यस भीमसेनमा शिव/भैरवको चरम तान्त्रिकीकरण भएको अनुभूत हुन्छ ।

धार्मिक सांस्कृतिक जीवनमा आज पनि माथि भीमेश्वरको छतको ने. सं. ७३० को अभिलेखमा उल्लेख भएजस्तै निम्न आशयको भीमसेनस्तुति गर्ने चलन छ –

मार्गानां विघ्नहन्तारं पाण्डवानां शिरोमणि
कौरवानां मान संहारं वन्देऽहं द्रौपदीप्रिय ॥'

(मार्गका विघ्न नाश गर्ने, पाण्डवका शिरोमणि, कौरवहरूको मान संहार गर्ने द्रौपदीका अति प्रिय भीमसेनलाई म नमस्कार गर्दछु (पुरोहित विनोदराज शर्मा राजोपाध्याय (६७) बाट प्राप्त जानकारी) ।

माथिको स्तुतिवर्णनले भीमसेनमा शिवशक्तिमय स्वरूपको दर्शन मिल्छ । यहाँनेर द्रौपदीबारे चलेर आएको कथाको पनि स्मरण हुन्छ, जसअनुसार पूर्वजन्ममा विवाह नै नगरी मरण भएका द्रौपदीले अर्को नयाँ जन्ममा महादेवसामु 'पति पाऊँ' भनी पाँचपल्टसम्म उही कुरा उच्चारण गरी वरदान माग्दा महादेवले 'तिम्रा पाँचजना पति होउन्' भनी वरदान दिएछन् ।

यसैले द्रौपदीले पाँच पतिका रूपमा पञ्चपाण्डव पाइन् । माथिको स्तुतिवर्णन र प्रस्तुत कथा प्रतीकात्मक एवं भावपरक छन् । पाँच मुख पाँच भावरूप हुन् । यसैले शिव एकै हुन् । पार्वतीका अति प्रिय उनी उनको त्यही पञ्चभावरूप वा प्रवृत्ति पञ्चपाण्डव र द्रौपदी हो भन्ने प्रतीत हुन्छ । यसरी द्रौपदीमा हामीलाई उनै पाँच मुख वा चरित्र भएको शिवको शक्ति 'पार्वती' भाव मिल्छ भने पञ्चपाण्डव शिरोमणि भीमसेनमा 'शिव' ।

जातले होइन, कर्मले पहिचान मिल्छ । सत्कर्म धर्म हो । सदाकाल गणका साथमा लाग्ने, गणतन्त्रका आदिप्रवर्तक एव गणराज्यका प्रथम गणाध्यक्ष श्री पशुपति सदाशिव रहेको छ (हरिराम जोशी, लोक गणतन्त्र, जोशी रिसर्च इन्स्टिच्युटका लागि २०६६, ललितपुर : पृष्ठ १२२) । मानिस आखिर पशु नै हो । विचार, व्यवहार र कर्मले पशुबाट उठेर मानिस भएको हो, 'पशुपति' भएको हो । यसैले पशुपतिहरूको गणतान्त्रिक शैव संसारमा उँच-नीच, ठूलो-सानो कोही छैन । कर्मले सबै समान, स्वतन्त्र र विशेष छन् । सत्कर्मले ईश्वरको पाउको धूलो होइन, साक्षात् ईश्वर नै भइन्छ । कुचिन्तनले खराब कर्ममा लागेका चण्डासुर खराब प्रवृत्तिलाई त्यागेर सत्कर्मतिर लाग्दा चण्डेश्वर भए, भूत भूतेश्वर भए, उनै शिववाहन नन्दी पनि अनवरत रूपले आफ्नो कर्मलाई नछोडिकन लाग्दा नन्दिकेश्वर भए, सदाकाल सत्कर्ममा लागेर पाण्डव-शिरोमणि भएका भीमसेन पनि उसै गरी नेवारहरूको तन्त्रप्रधान धार्मिक संसारमा भीमेश्वर भए । जस्तो कर्म उस्तै नाम ! यसैले उनी नेवाःहरूको धार्मिक-सांस्कृतिक संसारमा 'भिंद्यः' भनी प्रख्यात भएका हुन् ।

हामीले माथि ठाउँठाउँमा भिंद्यःलाई 'यक्ष' भनी सम्बोधन गरेका छौँ । यो कुरा विशेष महत्त्वको छ । भिंद्यः महाभारतकालीन भीमसेन नभएर मूलतः यक्ष रहेछन् भन्ने कुरा प्रसिद्ध इतिहासकार गौतमवज्र वज्राचार्यको हालैको उनले यो पङ्क्तिकारलाई इमेलमार्फत (सोमवार, ७/२६/२०२१ मा) पठाएको यस विषयको अप्रकाशित अनुसन्धानबाट खुल्न आएको छ (Gautam V. Vajracharya, 'New Insights into Kasthamandapa with Special Reference to the Historic Sites of the Southern Section of the Kathmandu') । उनकै अनुसन्धानका आधारमा हामीले यहाँ भिंद्यः यक्ष हुन् भनी चिन्न र यस विषयमा केही थप कुरा लेख्न पाएका हौँ ।

वज्राचार्यका अनुसार आजको भीमसेनस्थान (काठमाडौँ) प्राचीनकालमा नगरप्रवेशद्वार सामुन्नेको शुल्कशाला थियो । मध्यकालमा भक्तपुर र ललितपुर जस्तै काठमाडौँ पनि ठाउँठाउँमा सहर पस्ने ढोकासहितका किल्ला रूपको

बस्ती थियो । यस्तै किल्लाबन्दी आंशिक रूपमै भए पनि लिच्छविकालमा पनि बनेको हुनुपर्छ, जहाँ आक्रमणबाट सहरलाई सुरक्षा दिनेभन्दा पनि व्यापारीहरूबाट शुल्क उठाउने (शुल्कशाला / तिरोघर) प्रयोजनका लागि बनेका थिए । ई. सं. १९७० को दशकसम्म पनि एउटा मध्यकालीन किल्लाको अवशेष भीमसेनस्थानमा थियो, जुन शुल्कशालामा रहेको यक्षस्थान थियो भन्ने देखिन आएको छ । उनी लेख्छन् – 'Our recent investigation indicates that originally the Bhimsen Sthan must have been the yakṣa shrine at the tollhouse of the fort.'

वज्राचार्यका अनुसार परम्परागत रूपमा नेवार व्यापारी / पसलेहरू भीमसेनलाई महाभारतमा वर्णन गरेजस्तो वीर पात्रका रूपमा भन्दा पनि व्यापारको बढोत्तरी गरी सुरक्षा प्रदान गर्ने देवताका रूपमा मान्दछन् । उनीहरूले आफ्नो पसलको खोपा, भित्ता, पूजाकोठाका रूपमा सूक्ष्म स्थान बनाएर राखेका हुन्छन्, जहाँ प्रत्येक दिनको बिहान पसल खोलेपछि धूप, दीप, नैवेद्यले पहिले भीमसेन जगाउँछन्, दिनभरको व्यापार राम्रो होस् भन्नका लागि 'भिंद्य: जागय्यायगु' भनी भीमसेन जगाउँछन् । भिंद्य: 'भीमदेव' बाट व्युत्पन्न भएको देखिन्छ । यो विशिष्ट नामकरण महाभारतकालीन भीमसेनका लागि संस्कृत साहित्यमा व्यवहृत भएको कतै भेटिन्न । नेपाल भाषामा भिंद्य:ले 'असल देवता' भन्ने हुन्छ । पसलेहरूले ग्राहकहरू पर्याप्त नआएको महसुस गरेमा पुन: 'भिंद्य: जागये यायगु' भनी त्यस दिन पूजा गर्छन् । त्यस्तो खोपा खाली पनि हुन सक्छ वा सानो डल्लो र बाटुलो ढुङ्गो वा आलीढ मुद्राको भीमसेनको मूर्ति पनि हुन सक्छ ।

वज्राचार्य थप्छन् – पसले, व्यापारीहरूले भीमसेनलाई आफ्ना इष्टदेवताकै रूपमा मान्दछन् । उपत्यकाका व्यापारीहरूमा अझै पनि यो कुरा स्मरणीय छ कि हरेक बाह्र वर्षमा नेवार व्यापारीहरू भीमसेनको मूर्तिलाई बोकेर ल्हासामा लाने गर्छन् ताकि भीमसेनले उनीहरूको व्यापारमा बढोत्तरी गरी उनीहरूको यात्रामा सुरक्षा प्रदान गर्छन् । यी देवता निश्चित रूपमा महाभारतकालीन भीमसेनभन्दा फरक छन्, जो पसले व्यापारीहरूका देवताका रूपमा नभएर वीर योद्धाका रूपमा वर्णित छन् ।

प्रश्न उठ्छ, यी पौराणिक पात्र कसरी नेवार पसले व्यापारीहरूका देवता हुन पुगे ? हामीसँग यसको सिधा उत्तर छैन, तर हामीसँग विश्वास गर्न सकिने तर्क के छ भने भीमसेन नेवार देवतामा समायोजन हुनु धेरै काल अघिदेखि नै नेवार पसले व्यापारीहरू अलौकिक शक्तिलाई मान्दथे, जसले उनीहरूको व्यापार बढोत्तरीमा सहयोग गर्ने, विपद्को बेलामा रक्षा गर्ने,

विशेष गरी व्यापारबाट फर्कने बेलामा सहरी किल्लाको शुल्कशालामा रहेका रक्षकले उनीहरूमाथि निरीक्षण गर्दथे । यो कुरा 'दिव्यावदान' मा उल्लेख छ, जसमा अलौकिक शक्तिलाई संस्कृत एवं पाली भाषामा 'यक्ष', 'यख्ख' भनिएको छ । प्राचीन कालमा व्यापारिक मार्गमा रहेको सहरी ढोका समीपमा रहेको शुल्कशाला यक्षस्थानका रूपमा आविर्भूत हुन पुगेको कुरा वज्राचार्यले आफ्नो अध्ययनमा उल्लेख गरेको यस विषयको एक प्राचीन कथाका आधारमा पनि जानिन्छ । उनी लेख्छन् –

The ancient custom of having a yakṣa shrine in a tollhouse that we know from this textual evidence leads us to believe that the temple of Bhimsen Sthan, which is located close to the site where there was a tollhouse near the city gate on the ancient trade route, must have originated as a yakṣa shrine. One cannot discount this view as hypothetical because it also explains why Newar merchants and businessmen incorporated the yakṣa-like physically strong heroic figure of the Mahābhārata as a deity who promotes their businesses.

महाभारतकालीन भीमसेनलाई नेवार व्यापारीहरूका देवता भिन्द्यःमा समायोजन गर्नमा तत्कालीन भक्तपुरका राजा जगत्प्रकाश मल्ल, कान्तिपुरका राजा प्रताप मल्ल र ललितपुरका राजा श्रीनिवास मल्ल र उनका मन्त्री भगीरथ भैया जिम्मेवार रहेको विचार जङ्गमको रहेको छ (जङ्गम, २०७७, पृष्ठ १४-२०) । वज्राचार्यले प्रताप मल्ललाई यसको जिम्मेवार मान्दै आफ्नो विचार यसरी राखेका छन् :

I am quite familiar with the fact that King Pratapa Malla was responsible for erecting the Bhīmasena temple and enshrining the large image of Bhīmasena and smaller images of Draupadi and his four brothers.

प्रताप मल्लले ने. सं. ७७५ मा भीमसेन मन्दिर बनाएर 'शिवरूप भीमसेनस्त्रोत्र' समेत रचेर कुँदाउन लगाएको शिलाभिलेखमा उनलाई शिवरूप, द्रौपदीका प्रिय भनेर स्तुति गरिएको भए तापनि सो अभिलेखको अन्त्यतिर उनी अर्थलाभ र विविध दुर्गहरू (शुल्कशालासमेत भएको, सहर पस्ने ठाउँमा बनेको किल्ला) को रक्षा गर्ने देवता भनेर उनले प्रकाश पारेका छन् । यस बारेमा थप विवेचना गर्दै वज्राचार्य आफ्नो विचार यसरी पोख्छन् –

Thus, Pratapa Malla's inscription testifies that even before his time, in Newar society Bhīmasena was regarded as a deity of the traders and shopkeepers. It is this deity who is identified in the Divyāvadāna as a yakṣa. Traditionally, an image of yakṣa is depicted in art as a robust formidable giant. Highly Sanskirtized people like Pratapa Malla had no problem accepting the giant's identity with Bhīmasena, a robust figure well known for his superior physical strength. There are numerous shrines of this deity throughout the valley. They await scholarly investigation for better understanding the Bhīmasena cult in Newar society.

भक्तपुरमा दुईवटा भीमसेन मन्दिरहरू विशेष छन् – तचपाल टोलको भीमसेन मन्दिर र भेलुख्य:टोलको भीमसेन मन्दिर । यी मन्दिरहरूका बारेमा हामीले माथि पनि चर्चा गरिसकेका छौं । वज्राचार्यको माथि प्रस्तुत उनको यस विषयको अनुसन्धान अंश (The Yakṣa Shrine of the Tollhouse) ले हामीलाई यी मन्दिरहरूको प्राचीन संस्थान र महत्त्वलगायत भिन्द्यः को हुन् भन्ने बारेमा थप केही नूतन कुरा प्रकाश पार्ने आधार मिलेको छ । पहिले चर्चा गरौं भेलुख्य:टोलको भीमसेन मन्दिरका बारेमा ।



चित्र सङ्ख्या १ :
भेलुख्य:टोलको भीमसेन मन्दिर । सु भिसिन्द्यः / गयो भिन्द्यः / परदेशी भीमसेन

काठमाडौँको भीमसेनस्थानजस्तै भक्तपुर भेलुख्यःटोलको भीमसेनस्थान पनि भक्तपुरको परम्परागत सहरी बस्तीबाहिर हनुमन्ते खोलापारि किनारैमा मूल मसान (मू दिप) परिसरमा अवस्थित छ । स्थानीय बासिन्दाहरूका अनुसार चार दशक अघिसम्म पनि यहाँ प्राचीन किल्लाका अवशेष (ढल, पर्खाल) थिए, एउटा ढुङ्गे मन्दिरले सजिएको कुवा पनि थियो, समीपमै भारी बिसाउने पुरानो चौतारो पनि थियो । ती सबै आधुनिक बस्तीलगायत सडक विस्तार आदिले पुरिए । ती अझै पनि त्यहीँ छन्, खोतलखातल गरेमा पत्ता लाग्नेछन् । यताबाट हालको भीमसेनस्थान रहेको क्षेत्र प्राचीन कालमा सहरी बस्ती पस्ने यक्षस्थान रहेको शुल्कशालासहितको किल्ला थियो भन्ने आभास हुन्छ ।

भीमसेनस्थानको दक्षिणतर्फको आसपासका खेतहरू भएको क्षेत्रलाई 'खापि' भनिन्छ । ने. सं. ७९३ को एउटा शिलालेखमा पनि 'खापि' को उल्लेख आएको छ (पुरुषोत्तमलोचन श्रेष्ठ, 'एउटा परित्यक्त अभिलेख', अभिलेख, ३२/३२/२०७१, पृष्ठ ४५) । यसले हामीलाई 'गोपाल राजवंशावली' को ४१ पत्रमा आएको 'खापिंथली' लाई सम्झाएको छ । वि. सं. १३५६ मा तत्कालीन डोयहरूले भक्तपुरमा भयङ्कर आक्रमण गरी लड्दै-जित्दै आउने क्रममा खापिंथली कब्जा गरेको र त्यसको भोलिपल्ट चनिगल (तत्कालीन त्रिपुर दरबार रहेको क्षेत्र / वर्तमानको सुकुलढोका - तिबुक्छे - चासुख्यः) पस्न खोजेको उल्लेख सो पत्रमा परेको छ । यताबाट पनि खापिलगायत भीमसेनस्थान क्षेत्र (सहरी बस्तीबाहिरको दक्षिणी भेक) उहिले आशिंक रूपमै भए पनि विशेष महत्त्वको दुर्गका रूपमा थियो भन्ने कुरा जानिन्छ ।

भक्तपुर तचपाल टोलको भीमसेन मन्दिरदेखि दक्षिणमा र भेलुख्यःको भीमसेनस्थानदेखि उत्तरपूर्वमा माहेश्वरी पीठ छ । दुवै भीमसेनस्थानदेखि झन्डै उत्तिकै केही दूरीमा सहरी बस्ती जाने (इनाचोटोल)उकालो बाटोको पर्खालको भित्तामा अंशुवर्माको शिलालेख छ (वज्राचार्य 'लिच्छविकालका अभिलेख', २०५३, पृष्ठ ३१५ मा यो अभिलेख छापिएको छ) । लिच्छविकालीन यस शिलालेखको अवस्थानले पनि आजको भक्तपुरको दक्षिण-पूर्वी भाग, भीमसेनस्थान रहेको क्षेत्र लिच्छविकालमा व्यापारिक दृष्टिले चहलपहलयुक्त सहरी ढोकाका किल्ला थिए भन्ने कुराको आभास हुन्छ ।

कुनै वस्तु निकासी-पैठारी गर्दा तिर्नुपर्ने शुल्क वा कर 'जगात' / भन्सार हो, शुल्क लिने स्थान / चौकी / गौँडो 'जगात' हो । जगातमा बसेर कर उठाउने 'जगाते' हो । जगातकै संस्कृत नामान्तर 'शुल्कशाला' हो । शुल्क उठाउने 'शौल्किक' हो । लिच्छविकालमा शुल्क उठाउन ठाउँठाउँमा

शुल्कशाला रहेका हुन्थे (वज्राचार्य, २०५३, उही, पृष्ठ ३१३) । भेलुख्यः भीमसेनस्थानको समीप, पूर्वमा रहेको स्थान 'जगाति' हो ।

स्थानीय बासिन्दाहरूका अनुसार उहिले ल्हासा, भारतबाट व्यापार गरी साँगाभन्ज्याङदेखि (प्राचीन कालदेखि नै लेले, फर्पिङ, थानकोट र साँगा, यी चार भन्ज्याङहरू उपत्यका प्रवेश गर्ने चार मुख्य प्रवेशद्वार वा नाकाका रूपमा प्रचलित रहेको दृष्टिगोचर हुन्छ (श्रेष्ठ, अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन, २०६४, पृष्ठ १२५) ।) झरेका व्यापारी महाजनहरूलगायत बाहिरबाट सहर लान ल्याएका वस्तुमाथि जगात उठाउने सरकारी अड्डा यहाँ थियो । यसो हुँदा यस ठाउँको नाम 'जगाति' रहन गएको हो । जगातिभित्रै पनि भीमसेनको मूर्ति रहेको 'पुलांगु जगाति' (पुरानो जगाति) छ, जहाँ राणाकालसम्म पनि जगात उठाउने अड्डा कायमै थियो, सो अड्डा 'जगात अड्डा' भनी प्रख्यात थियो । शुल्कशालाकै नेवारी नामान्तर 'जगाति' हो । यसप्रकार महाभारतकालीन भीमसेनमा समायोजन हुनु धेरै अघि नै आजको भेलुख्यस्थित भीमसेनस्थान, जगाति प्राचीन कालको सहरी दुर्गमा रहेका शुल्कशाला र यक्षस्थानका रूपमा थिए भन्ने कुरा जानिन्छ ।

भेलुख्यः भीमसेनस्थानको गर्भगृहमा अन्य स्थानका भीमसेन मन्दिरमा आलीढ मुद्रामा उभिएका भीमसेनको मूर्ति जस्तै, मूर्ति रूपमा नभएर ढुङ्गा रूपमा प्रतिष्ठापित छन् (चित्र सङ्ख्या २) । यो कुरा पनि विचारणीय लाग्छ । यसरी ढुङ्गा रूपका यी भीमसेनले भिंद्यःलाई इष्टदेवता मान्ने परम्परागत मासुव्यापारी खड्गीहरूका ती मासु जोख्ने तराजुको डोरीमा झुन्ड्याइएका ससाना डल्लो र बाटुला ढुङ्गाहरू र ढककै रूपमा प्रयोग हुने गोलो-डल्लो ढुङ्गालाई समेत सम्झाएको छ, जसलाई उनीहरू आफ्नो व्यापार बढाउने साक्षात् भीमसेनकै रूपमा मान्दछन् । यसैले तराजुको डोरी फेर्नु पर्दा डराउँछन् र बडो सतर्कता र सावधानीपूर्वक, ससम्मान चैत्र मसान्तको दिनमा क्षमापूजा गरेर मात्र डोरी फेर्छन् । अनि ती भीमसेनरूपी ढुङ्गालाई सुँगुरको बलिसहित पूजा-अर्चना गरी आफ्नो व्यापार-व्यवसायको बढोत्तरी, सुरक्षा कामना गरी थप ऊर्जा प्राप्त गर्छन् (श्रेष्ठ, सुकुलढोका, लुँ विहार र दोलखा भीमसेन, पूर्ववत्, पृष्ठ २९-३०) ।

वज्राचार्यले उल्लेख गरेझैँ महाभारतमा वर्णित वीर योद्धा भीमसेनको चरित्र झल्काउने कुनै लक्षण यताका भीमसेन र उनको अमूर्त संस्कारमा कतै पनि, कत्ति पनि झल्काउँदैन, व्यापारकै बढोत्तरी गरी व्यापारीहरूलाई सुरक्षा दिने असल देवताका रूपमा देखापर्छन् । यताबाट पनि महाभारतका भीमसेनको आवरणले ढाक्नुभन्दा धेरै कालअघिदेखि नै नेवार व्यापारीहरूले

उनलाई मात्र व्यापार-व्यवसाय बढोत्तरी गरी सुरक्षा दिने भीमकाय शरीर भएका, 'दिव्यावदान' मा उल्लेख गरेजस्तो यक्ष, भीमभैरवका रूपमा मान्दै-पुज्दै आएको विदित हुन्छ ।

स्थानीय बासिन्दाहरूका अनुसार भेलुख्यः भीमसेन यस स्थानमा भएकै हुँदा यस स्थानको नाम 'भेलुख्यः' रहन गएको हो । 'भेलु' ले भैरवलाई स्मरण हुने कुरा माथि पनि उल्ल्लेख भइसकेको छ । अर्को कुरा, भीमसेन मन्दिर परिसरमा महाभारतकालीन भीमसेनलाई नभएर भैरव र महादेवलाई सम्झाउने तिनकै दर्शन-पूजन गर्ने शिवलिङ्ग, बसाहा, बाघ आदि छन् । यताबाट पनि नेवारहरूले मान्दै आएका आदिदेव भिंद्यः महाभारतकालीन भीमसेन होइनन् भन्ने कुरा निश्चित रूपले थाहा हुन्छ ।



चित्र सङ्ख्या २ :
नासः प्वाः (नृत्यनाथको प्रतीक त्रिकोणात्मक प्वाल) युक्त तोरणमा सजिएका सु भिसिन्द्यः / गयो भिन्द्यः / परदेशी भीमसेन



चित्र सङ्ख्या ३ :
तचपालटोलको भीमसेन मन्दिर । यस मन्दिरका भीमसेन स्थानीय लोकजीवनमा 'सु खुँ भिसिन्द्यः' (परालचोर भीमसेन) नामले प्रसिद्ध छन् । प्रस्तुत चित्रमा भीमसेन मन्दिरको सामुन्ने, बिजुलीको लट्ठासँगै उभिएका यक्षको प्राचीन मूर्ति पनि देख्न सकिन्छ ।

उपत्यका पस्ने पूर्वको प्राचीन नाका साँगाभन्ज्याङबाट झरेपछि, जगातिबाट सिहरी बस्ती पस्ने च्यामासिंह ध्वाखा हुँदै सिधै पश्चिमतर्फ लागेपछि तचपाल टोलको भीमसेनस्थानमा पुगिन्छ । च्यामासिंह ध्वाखामा यक्ष मल्लकालीन ध्वाखाको अवशेष अझै छ । सोही च्यामासिंह परिसरको वाँचुहिति परिसरमा भिक्षुणी सङ्घको उल्लेख परेको सम्वत् १४४ (वि. सं. ७७७) को बौद्ध अभिलेख पाइएको छ । यस भेकमा खेत खन्दा ठूला-ठूला झिँगटी इँटाहरू फेला पर्ने कुरा किसानहरू सुनाउँछन् (योगेशराज, 'भक्तपुरको हालसम्म अप्रकाशित सर्वप्राचीन बौद्ध अभिलेख', पासूका, २/११/२०५५, पृष्ठ ३) । आजभन्दा चार दशकअघि यसै च्यामासिंह भेकमा घरको जग खन्ने क्रममा प्राचीन मुद्रा (लिच्छविकालीन) ले भरिएको घ्याम्पो फेला परेको कुरा आज पनि चर्चाको विषय बनेको छ । यताबाट प्राचीन

कालमा यस भेकमा आर्थिक रूपले समेत समृद्ध रूपको बस्ती विकसित भइसकेको देखिन्छ ।

तचपाल भीमसेन मन्दिरको अति समीपका दुई टोलहरू इनाचो र गोलमढी हुन् । लिच्छविकालीन खोपृङ्ग्राम प्रदेशभित्रका अनेक बस्तीहरू ( माखोदुलु, खृपुङ, थंखोपृङ, खकम्पृङ, माखोपृङ् आदि) मध्येको मध्यभागको मुख्य बस्ती माखोपृङ् हो । गोलमढीटोलको शिवदेव + अंशुवर्माको अभिलेखमा 'माखोपृङ्द्रङ्ग' को उल्लेख आएको छ (वज्राचार्य, २०५३, पृष्ठ २४९) । (गोलमढीटोल आज पनि झन्डै परम्परित भक्तपुर सहरको मध्यभागमा स्थित छ । यद्यपि बस्ती विस्तारका क्रममा गोलमढी, इनाचो र तचपाल, सूर्यमढी, च्यामासिंह लगायतका टोलहरू मध्यकालको उत्तरार्द्धतिरै 'थने' अर्थात् माथिल्लो सहरमा पर्न गएको ज्ञात हुन्छ । भक्तपुरको कोने (तल्लो सहर) को तुलनामा थने लिच्छविकालतिर बस्ती बसाइका दृष्टिले बढ्ता विकसित र समृद्ध हुन पुगेको कुरा हाम्रो अध्ययनले देखाएको छ ।) व्यापारको केन्द्र रूपको, भन्सार चौकीसमेत भएको सहरविशेष 'द्रङ्ग' थियो (धनवज्र वज्राचार्य, 'द्रङ्ग, व्यापारको केन्द्र', मधुपर्क, ४/१०, २३-३७) ।

गोलमढीटोलको पूर्वमा इनाचो र तलपालटोल छन् । तचपालटोल भीमसेन मन्दिरको दक्षिणपट्टि पच्चीस तीस पाइला मात्र पर (इनाचोस्थित) एक पुरानो चोक आज पनि 'भन्सा छेँ' (भन्सारघर) भनी प्रसिद्ध छ (श्रेष्ठ, २०७३, पृष्ठ, १७७) । अर्को उल्लेख्य कुरा तचपालटोल भीमसेन मन्दिरको सामुन्ने (लक्ष्मीनारायण मन्दिरको पछाडि बिजुलीको लट्ठासँगै) खुला चोकमा यक्षको उत्तरप्राचीन कालतिरको प्रस्तरमूर्ति छ (चित्र सङ्ख्या ४) । यो कुरा पनि विशेष महत्त्वको छ । भीमसेन मन्दिरकै पछाडिको भिसिन्द्यःहितिमा दुईवटा उत्तरप्राचीनकालीन बौद्ध चैत्य छन् । त्यसै गरी भीमसेन मन्दिरको दक्षिणपूर्व कुनामा सानो खाल्डो छ । त्यहाँ मूर्तिविहीन एक ढुङ्गा स्थापित छ, जुन मसानभैरव हुन् ।

स्थानीय बासिन्दाहरूका अनुसार उहिले यहाँ मसान थियो, बस्ती विस्तार हुँदै गएपछि सो मसान ब्रह्मायणीपीठमा सार्नुपरेको थियो । यसप्रकार माथिका प्रसङ्गमा तचपालटोलको भीमसेन मन्दिर स्थानमा पनि कान्तिपुर भीमसेनस्थान र भक्तपुर भेलुख्यस्थानमा जस्तै प्राचीन कालमा शुल्कशाला थियो, आजको भीमसेनस्थान उहिले यक्षस्थान थियो भन्ने कुरा निश्चित रूपले थाहा हुन्छ । यसरी यक्ष/भिंद्यःमा भीमसेनकरण धेरै पछिको कुरा हुन आयो । यस दृष्टिले पनि भिंद्यः महाभारतकालीन वीर योद्धा भीमसेनभन्दा पनि नेवार व्यापारीहरूले पूर्वकालदेखि व्यापारको उन्नति र सुरक्षाका लागि मान्दै आएका इष्टदेवता रहेछन् भन्ने कुरा जानिन्छ ।



चित्र सङ्ख्या ४ : यक्ष, समीपचित्र, छैटौँ शताब्दी ई. सं. ?, ७६x२८x१५से.मि.

तचपालटोलको भीमसेन मन्दिरको गर्भस्थानको दलिनमा रहेको ने. सं. ७७० (वि. सं. १७०७) को ताम्रपत्र त्यस मन्दिरमा रहेको हालसम्मकै पुरानो देखिन आएको छ । भीमसेनलाई तोरण चढाएको विषयको कुरा त्यसमा परेको छ । यताबाट सो मन्दिर त्यसअघि नै बनिसकेको थियो भन्ने कुरा थाहा पाइन्छ । स्थानीय बासिन्दाहरूका अनुसार तत्कालीन भक्तपुरका महारानी गङ्गादेवी (वि. सं. १६१७ – १६७०) ले सो भीमसेन मन्दिर बनाउन लगाएकी थिइन् । यो कुरा विश्वसनीय लाग्छ । सुकुलढोकाको लुँ विहार दोलखा भीमसेनस्थानमा गङ्गारानी + त्रैलोक्य मल्ल + त्रिभुवन मल्लहरूले राख्न लगाएको ने. सं. ७२३ को शिलाभिलेख छ । लुँ विहार, भीमसेन मन्दिरको

गर्भस्थानमा आलीढ मुद्राका भीमसेन र सँगै अष्टबाहु द्रौपदीको मूर्ति छ । ती मूर्तिहरू गङ्गादेवीहरूले ने. सं. ७१२ (वि. सं.१६४९) मा स्थापना गरेका रहेछन् भन्ने कुरा सो शिलाभिलेखका आधारमा थाहा पाइन्छ (श्रेष्ठ, २०६९, पृष्ठ २१, परिशिष्ट सङ्ख्या १) । आभिलेखिक प्रमाणका आधारमा प्रताप मल्लहरूको समयभन्दा अघि नै गङ्गारानीहरूले महाभारतकालीन भीमसेनलाई भक्तपुरमा अवतरण गरेसँगै नेपालमण्डलमा भीमसेन मत व्यापक प्रचारमा आएको देखिन्छ ।

**निष्कर्ष :**

भिन्द्यः नेवारहरूका असल देवता हुन् । उनी नेवार व्यापारीहरूका इष्टदेवता हुन् । उनी महाभारतकालीन भीमसेन थिएनन् । महाभारतकालीन भीमसेन स्वभाव र कर्मले मात्र एक वीर योद्धा थिए, व्यापारिक चरित्रका थिएनन् । यदि त्यसो भएको भए भारतका व्यापारीहरूले उहिल्यै उनलाई शिरमा चढाएर धुमधामका साथ मान्दथे होलान् ।

हाम्रा भिन्द्यः स्वभाव र कर्मले अलौकिक शक्ति भएका, अति बलशाली र सामर्थ्यवान् यक्ष थिए । उनी कसैलाई भेदभाव नगरी, कसैलाई पनि नछाडी सबै व्यापारीहरूसित शुल्कशालामा शुल्क उठाएर राष्ट्रको ढुकुटी भर्दै आर्थिक रूपमा देश, मानिस र देवताकै पनि भलो गर्ने कल्याणकारी देव थिए । उनी बौद्ध नेवार व्यापारीहरूका मात्र नभएर हिन्दू नेवार वा भनौं साझा रूपमा सबै नै नेवार व्यापारीहरू र अझ भनौं सर्वसाधारण जनका पनि यक्ष थिए । उनी न त दानव, न त मानव, न त देवता नै थिए । उनी त देवता, भूत र राक्षसको उत्तिकै अंश भएका, भीमकाय अर्धभगवान् थिए । यही उनको वैशिष्ट्य थियो । वैदिक कालभन्दा अघिदेखि उनले सबैको रक्षा गर्दै आए ।

आजभन्दा करिब दुई हजार वर्ष अघिदेखि उनी ढुङ्गामा आकृतिविहीन मात्र नभएर ढुङ्गैमा पनि मूर्तिमान् हुँदै बलिष्ठ देह लिएर देखापरे, चाहे हाँडीगाउको यक्ष (ई. सं. प्रथम शताब्दी) होस् वा हाम्रै तचपालटोल भीमसेनमन्दिर सामुन्नेका, शुल्क नतिरी अवैध रूपमा सामान लुकाएर ल्याउने जोकोही व्यापारीलाई झ्याप्पै समातेर तिरो तिराउने जस्तै देखिने यक्ष (छैटौं शताब्दी ई. सं. ?) । उनै यक्षमा हामीलाई यदाकदा यक्षहरूका पनि राजा, धनदौलतका देवता कुवेरको पनि सम्झना नआउने होइन । उनको भयानक देहमा बौद्ध, शैव सबैले मान्ने महाकालको पनि स्मरण हुन्छ । महाकालकै एक रूप भीमेश्वर, भीमभैरव पनि हो ।

किन हो कुन्नि, मध्यकालको उत्तरार्द्धतिर आइपुग्दा गङ्गारानीहरू, प्रताप मल्ल, श्रीनिवास मल्लहरूले महाभारतकालीन भीमसेनमा भिंद्यःका केही

समान लक्षणहरू पाए । त्यसो हुँदा भिंद्यमा भीमसेनलाई समायोजन गर्ने प्रयोग प्रयास गरे । यो प्रयोग सफल भएको देखियो । तर त्यसरी भीमसेनको आवरण लागेर व्यापक प्रचारमा आए तापनि भिन्द्यःको मौलिक मूल चरित्र, गुण र लक्षणमा भने उहिलेदेखि उस्तै रहिआयो । यसैले आज पनि उनी महाभारतकालीन वीर योद्धाका रूपमा नभएर व्यापारीहरूले आफ्नो व्यापार बढाउने, रक्षा गर्ने असल देवता वा भनौँ भिंद्यःका रूपमा मान्दै-पुज्दै आएका छन् । वर्तमानमा भने उनी नेवार व्यापारीहरूका मात्र नभएर के नेवार के गैरनेवार, सारा नेपाली व्यापारीहरूका इष्टदेवता भएर देखापरेका छन् । नेपाली संस्कृतिको यो पनि एक अतुल्य विशेषता हो भनी मान्न सकिन्छ । धार्मिक समन्वय र सांस्कृतिक एकता नेपाली संस्कृतिको विलक्षणता हो । भिन्द्यः पनि यस कुराको एक अनुपम उदाहरण हो ।

●



प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठ इतिहास विषयका प्राध्यापक तथा इतिहास, संस्कृति र पुरातत्त्व क्षेत्रका अनुसन्धाता हुनुहुन्छ । उहाँका अनुसन्धानात्मक कृतिहरू प्रकाशित भएका छन् ।

# आफ्नासँग आफ्नै कुरा
## – पुष्पप्रसाद लुइटेल

महत्त्वपूर्ण संस्थाहरूको २५ औँ वर्षमा रजतजयन्ती, ५० वर्षमा स्वर्णजयन्ती, ७५ वर्षमा हीरकजयन्ती र १०० वर्षमा शताब्दी मनाउने परम्परा छ । लोकाचारमा विवाह भएको ६० वर्ष पूरा भएमा हीरक जयन्ती मनाइन्छ । अन्यत्र यो आयोजन हर्षोत्सवका रूपमा मनाइन्छ, तर आफ्नो दिशाधारा यस्तो हुन्छ, जसमा उत्साह उत्पादन गर्ने त्यस्ता कार्यक्रमहरूको आवश्यकता छ, जसबाट लोकरञ्जन होस् र जनसाधारणले तद्विषयक जानकारी पाऊन् । यस स्तरमा यसबाट पनि केही न केही उपयोगी नै हुन्छ । तर जुन लक्ष्यतिर आफ्नो यात्रा प्रारम्भ भएको छ त्यसमा व्यक्तिगत साहस, पौरुष र पराक्रमको आवश्यकता हुन्छ । हीरकजयन्ती मनाउनुछ भने सबैले आत्मनिरीक्षण र आत्मनिर्माणको प्रयत्न गर्नुपर्दछ, साथै लक्ष्यको दिशातिर तीरजस्तो सनसनाउँदै बढ्नुपर्दछ । यो कार्य आलस्य गरेर र बेगार भुत्तो भएर चिह्नपूजा गरेर हुने होइन । यो त उल्टोलाई सुल्टो पार्ने असामान्य सङ्कल्प हो ।

नेपाली सभ्यता-संस्कृति र नेपाली भाषाको प्रचार-प्रसारमा समर्पित भरत जङ्गम एक बहुमुखी प्रतिभाका व्यक्ति हुनुहुन्छ । आफ्नो प्रतिभाको ध्वजा फहराइरहनुभएको छ भरत जङ्गम । उहाँ कानुनका ज्ञाता हुनुहुन्छ अनि नेपालीका राम्रो कवि, उपन्यासकार र आख्यानकार । पत्रकारिता क्षेत्रमा पनि सक्रिय । पत्रकारिता समयको साथ, समयको दिग्दर्शिका र नियमिका हो । पत्रकारिता तथा लेखनका क्षेत्रमा नेपालको धारामा गाँसिएको नाउँ हो भरत जङ्गम । उहाँले अल्प समयमा नै साहित्य-सृजन र पत्रकारितामा सह्राहनीय उपलब्धि आर्जित गर्नुभएको छ । उहाँका थुप्रै लेख, कथा, लघुकथा, फिचर, पुस्तक समीक्षा, साक्षात्कार अनेक स्तरीय पत्रपत्रिकाहरूमा प्रकाशित छन् ।

२०३६ सालमा 'कालो सूर्य' उपन्यास लेखेर साहित्य क्षेत्रमा प्रवेश गर्नुभएका भरत जङ्गम विख्यात हुनुभयो । उहाँको 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' र 'ख्वपदेश' चार उपन्यास छन् । उपन्यास आजको साहित्यको सर्वाधिक लोकप्रिय र सशक्त विधा हो । किनभने यसमा मनोरन्जनको तत्त्व त बढी रहन्छ नै, साथसाथै जीवनमा यसको बहुमुखी छविका साथ व्यक्त गर्ने शक्ति र अवकाश पनि रहन्छ । एलेन प्रास जोन्सले भनेका छन् – "यो नसम्झनोस् कि तपाईं काल्पनिक परिस्थितिहरूबाट प्रभावित हुन उपन्यास पढ्नुहुन्छ । तपाईं यसलाई पढ्नुहुन्छ स्वयं आफ्नो अन्वेषणका लागि ।" .

यसै श्रेणीमा आउँछ भरत जङ्गमको 'कालो सूर्य' । यस उपन्यासको वास्तविक शक्ति महान् छ र उद्देश्य ठूलो । भरत जङ्गममा सृजनात्मकताको अपार शक्ति छ । विचारको महानता छ । जीवनको विवेचना छ । उपन्यासमा निश्चित उद्देश्य छ । भाषाशैली पनि सहज, सरल तथा समयानुकूल छ ।

**मठमन्दिरको संरक्षणमा भरत जङ्गम :**

नेपालमा स्थापत्यमा हिन्दूमन्दिरहरूको विशेष स्थान छ । मन्दिरभित्र एउटा गर्भगृह हुन्छ, जसमा मुख्य देवताको मूर्ति स्थापित हुन्छ । गर्भगृहको चारैतिर परिक्रमाका लागि स्थान हुन्छ । प्यागोडा शैली नेपालका हिन्दूमन्दिरको स्थापत्य हो । यस शैलीमा छतका शृङ्खलाहरू अनुलम्बित रूपबाट एकमाथि अर्को हुन्छ । अधिकांश गर्भगृह भूतल स्तरमा रहन्छ । केही मन्दिर (उदाहरण : भक्तपुरको न्यातपोल मन्दिर) भूस्थानबाट पुग-नपुग ३-४ तलाको उचाइमा अवस्थित छन् । यस शैलीमा निर्मित प्रसिद्ध मन्दिरमा नेपालको पशुपतिनाथको मन्दिर प्रमुख हो । नेपालको स्थापत्य कलामा चाख छ भरत जङ्गमको, र थुप्रै मठमन्दिरको स्याहारसम्भारमा लाग्नुभएको छ ।

**समाजसेवा :**

मानिस मुख्य रूपले सामाजिक समुदायको सदस्य हो । भरत जङ्गम आफ्ना निम्ति मात्र होइन, समग्र रूपमा समाजको कल्याण र विकासका निम्ति चिन्तित रहनुहुन्छ । जनसेवा जनार्दनसेवा हो । कुनै व्यक्ति वा समाजद्वारा समाजका सामाजिक परिस्थितिहरूलाई राम्रो बनाउन प्रदान गरिने सेवालाई समाजसेवा भन्दछौँ । यो सेवा मानवीय विचारहरू र लोभ वा कुनै उद्देश्यविना प्रदान गर्नुहुन्छ भरत जङ्गम । उहाँ जसका लागि समाजहित बढी महत्त्वपूर्ण हुन्छ, उनीहरूको व्यक्तिगत हितका सामाजिक सेवाका लागि तत्पर रहनुहुन्छ । उहाँको समाजसेवा भाइचारा र आदर्शमा आधारित रहन्छ । उहाँको सेवा सङ्कटमा मानिसलाई मद्दत गर्न प्राकृतिक आवेगमा रहन्छ । महान् उपकारी भावना रहन्छ । आत्मबलिदान गर्नुहुन्छ उहाँ यसको प्रतिपादनका निम्ति । भरत जङ्गम यसका लागि समय र ऊर्जा खर्चिनुहुन्छ । यस्ता थुप्रै क्षेत्रहरू छन्, जहाँ ठूलो स्तरमा समाजसेवा गर्न सकिन्छ ।

**भ्रष्टाचारविरुद्धको अभियान :**

१२ कार्तिक २०३७

प्रिय भरत जङ्गमजी !

तपाईंले लेख्नुभएको उपन्यास 'कालो सूर्य' लाई चाखका साथ पढेँ । अहिलेको हाम्रो राष्ट्रिय जीवनमा, प्रत्येक स्तरमा भएको नैतिक चित्रण गर्ने

प्रयत्न गर्नुभएको छ । कुनै पनि संवेदनशील नेपालीका लागि यस्तो स्थिति महान् वेदनाको कुरा भएको छ । तपाईंले आफ्नो लेखनीद्वारा त्यो स्थितिको उद्‌घाटन गर्नुभएको छ, जो सराहनीय प्रयत्न हो । साधारण पात्रहरूले दिनदिनै आफ्नै जीवनमा यस्तो स्थितिको परिणाम भोग्नु परिरहेको छ । तपाईंको उपन्यासलाई शासनारूढ व्यक्तिले पढ़िदिए सायद उनीहरूको निभिसकेको नैतिक चेतना केही मात्रामा भए पनि प्रकाश जाग्न सक्थ्यो भन्ने लाग्छ । शीघ्र सायद आफ्नो एकान्त हृदयमा केही दोषी भावनाले हुन सक्थे कि !

तपाईंको उपन्यासले बाह्य चित्र उपस्थित त गरेको छ र यस उपन्यासको उद्देश्य पनि यति मात्रै हो । अर्थात् यसको उद्देश्य यति मात्र हो पाठकलाई भन्ने कि हेर हाम्रो राष्ट्रिय जीवन कस्तो भ्रष्ट पारिएको छ । तर अब आवश्यकता छ यस्तो स्थितिलाई बनाउने, राष्ट्रलाई यस्तो दलदलमा पार्ने काम कसले गऱ्यो, कसरी यस्तो भयो भन्ने कुरापट्टि पनि मैलो देखाउनेहरू सबैमा मेरो विचारमा तपाईंलाई लागेको छ । मैले राजनीतिक क्षेत्रमा गई सोचेको कामको उद्देश्य राष्ट्रिय जीवनमा पुनः नैतिक मूल्यको स्थापना हो । तपाईंले आफ्नो क्षेत्रबाट, आफ्नो आफ्नो उभिएको ठाउँबाट मलाई सुझाव पुऱ्याउन सक्नुभएको छ ।

तपाईंको<br>विश्वेश्वर प्र. कोइराला

'कालो सूर्यका उज्याला किरण' पुस्तकमा पुस्तकका लेखक भन्दछन् – "आधुनिक नेपाली उपन्यासको विकास क्रममा देखापरेका उपन्यासहरूमध्ये 'कालो सूर्य' नेपालमा सबैतिर व्याप्त कालो काम र चरित्रको उद्‌घाटन गर्ने उपन्यासको सामाजिक यथार्थवादी धरातलमा उभिएर मुलुकमा भएका विकृति र विसङ्गतिहरूलाई जनसमक्ष पुऱ्याउने काम यस उपन्यासले गरेको छ । यसमा प्रहरी प्रशासनबाट भएगरेका भ्रष्टाचारी गतिविधि, व्यापारी वर्गबाट भएको अवैध कारोबार, न्यायिक क्षेत्रमा भएको गैरकानुनी कारोबार र सामाजिक क्षेत्रमा भएको धुताहा प्रवृत्ति अनि अभावग्रस्त बजारको अवस्थामा साथै सच्चरित्रको अवमूल्यन जस्ता विकृतिहरूलाई यसमा औंल्याइएको छ । यसरी दुश्चरित्रको पर्दा उघारेर चरित्रवान् नागरिक बनाई देशलाई समुन्नत बनाउने महान् उद्देश्य उपन्यासकार भरत जङ्गमले गर्नुभएको छ ।"

**कहाँ-कहाँ हुन्छ भ्रष्टाचार ?**

भ्रष्टाचारको उपस्थिति सर्वव्यापी छ । भ्रष्टाचारमुक्त समाज मार्क्सको समाजवाद, गान्धीको रामराज्य, राजतन्त्र, सैनिकशासित वा प्रजातान्त्रिक देश

कुनैमा पनि छैन । भ्रष्टाचारको मात्रामा मात्र फरक भेटिन्छ । यथार्थमा भ्रष्टाचारको स्रोत नै सत्ताको स्रोत हो । जहाँ सत्ता हुन्छ, शक्ति त्यहीँ हुन्छ । जहाँ शक्ति हुन्छ, दुरुपयोगको सुरुवात त्यहीँबाट हुन्छ । त्यसैले भनिएको छ, शक्तिले व्यक्तिलाई भ्रष्ट बनाउँछ र निरङ्कुश शक्ति व्यक्तिलाई निरङ्कुश र भ्रष्ट बनाउँछ । भौतिक विज्ञानको ताप सञ्चालक नियमजस्तै सत्ताका अङ्गहरूबाट भ्रष्टाचारको तरङ्ग पैदा हुन्छ, त्यसैले दुरुपयोगबाट 'कुरूप भ्रष्टाचार' को उत्पत्ति हुन्छ । तसर्थ उच्च राजनीतिक शक्तिशाली र उच्च प्रशासकबीचको मिलोमतोबेगर आकारयुक्त भ्रष्टाचार असम्भव छ ।

भ्रष्टाचारको परम शत्रु हो पारदर्शिता । पारदर्शिता प्रजातान्त्रिक शासन-प्रणालीमा मात्र सम्भव छ । प्रजातान्त्रिक शासन-प्रणालीमा शक्तिको विमुक्ति हुने भएकाले भ्रष्टाचार भए पनि उजागर हुने गर्दछ र दण्डित पनि । तर निरङ्कुश शासन-प्रणालीमा भ्रष्टाचार उजागर नै हुँदैन । अन्य व्यक्तिगत स्वतन्त्रताजस्तै भ्रष्टाचार पनि 'कैदी' वा 'भूमिगत' अवस्थामा राखिन्छ । भ्रष्टाचारीहरूबीचको आपसी शक्ति-द्वन्द्वको अवस्थामा मात्र कहिलेकाहीँ भ्रष्टाचारी दण्डित भएको पाइन्छ । यथार्थमा फोहोर उज्यालोमा मात्र देखिन्छ, अँध्यारोमा होइन । तसर्थ निरङ्कुश शासन-प्रणालीमा अँध्यारोमा जस्तै फोहोर वा भ्रष्टाचार देखापर्दैन । भ्रष्टाचार नहुने होइन, नदेखिएको मात्र हो ।

२०२७ सालदेखि भ्रष्टाचारविरुद्धको अभियानमा समर्पित भरत जङ्गम २०१६ सालमा प्राधिकरण समाजलाई भ्रष्टविरोधी शास्त्र उपहार दिन समर्थ हुनुभएको छ । सम्भवतः प्राज्ञिक क्षेत्रमा भ्रष्टविरोधी शास्त्रको यो पहिलो प्रवेश हो । अब भ्रष्टाचारविरुद्धको यो विषय पनि विश्वविद्यालयहरूमा अध्ययन-अध्यापन सुरु हुँदैछ । यस विज्ञानको चिनारीमा भरत जङ्गमको अहम् भूमिका छ । यसमा हामी सबै गौरवान्वित हुनुपर्दछ ।

**भरत जङ्गम र इतिहास लेखन :**

भरत जङ्गमले गहन शोध र चिन्तनपछि नेपालको पुरा-इतिहासमा विहङ्गम अवलोकन गर्नुभएको छ । इतिहास लेखनमा भरत जङ्गम एउटा यस्तो क्रमिक पद्धति अनुसरण गर्नुहुन्छ, जसले आफ्नो मार्ग आफैँ प्रशस्त गर्दछ । विवेचन र तर्कका क्रमबद्ध विकास यस्ता छन् कि तर्कका एक-एक चरण अर्कासँग गाँसिएका छन् र एक-अर्काबाट निस्किएका छन् । भरत जङ्गमलाई आफ्नो तर्कमा यति गहन विश्वास छ कि आवेशको अपेक्षा छैन । आदिकालदेखि लिएर आधुनिक कालसम्म भरत जङ्गमको 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' मा यसैप्रकार तथ्याश्रित र तर्कसम्मत रूपमा अभिव्यक्ति आएको छ ।

आफ्नो यस पुस्तकको लेखकीयमा भरत जङ्गम भन्नुहुन्छ – "नेपालको इतिहासमा भने धेरै शासन-व्यवस्था, घटित घटनाहरू अलिखित रूपमा नै भएको हामीले पायौँ । धेरै पछि विक्रम सम्वत् १९३७ मा श्री ३ वीर शमशेरको शासनकालमा मात्र इतिहासको खोजी र अन्वेषण भएको देखियो । इतिहासविद् तथा अन्वेषक पण्डित भगवानलाल, जो भारतीय हुनाले नेपालको इतिहासको खोजी गरी पन्ध्रवटा अभिलेख प्रकाशित गर्ने काम गरे । इतिहासको खोजी गर्ने पण्डित भगवानलाल नै प्रथम व्यक्ति हुन् जसले नेपालको इतिहासलाई प्रामाणिक रूपमा अध्ययन सुरु गरेको देखियो, त्यसको छ वर्षपछि बेलायतका विद्वान् प्राध्यापक सेसिल बेन्डाले अरू थप चार थान अभिलेखलाई उजागर गरे । त्यसपछि फ्रान्सका विद्वान् प्राध्यापक सिल्भाँ लेभीले विक्रम सम्वत् १९६५ मा एक्काइस थान लिच्छविकालीन अभिलेखको व्याख्या गरी प्रकाशित गरे, जतिखेर नेपालको शासनमा श्री ३ चन्द्र शमशेरको शासन चलेको थियो । यसरी राणाकालीन समयको तीस वर्षमा करिब बयालीस स्थानमा अभिलेखको अध्ययन पूरा भएको देखिन्छ । अर्थात् नेपालको इतिहासको खोजी विदेशी विद्वान्बाट भएको रहेछ, जो एक सय बयालीस वर्ष मात्र भएको देखियो । यस क्षेत्रमा नेपाली विज्ञहरू किन तयार भएनन् भने जिज्ञासा अनुत्तरित छ ।"

इतिहासलेखन घटनाक्रमको वर्णन र तथ्यहरूको रास मात्र होइन । दृष्टिकोण प्रस्तुति पनि हो । भरत जङ्गमको प्रस्तुत पुस्तक घटनाक्रमको वर्णन र तथ्यहरूको रासभन्दा दृष्टिकोण, प्रस्तुति र निर्माणमा बढी केन्द्रित छ । यसै पनि भरत जङ्गमको पृष्ठभूमि विश्वविद्यालयको लाइब्रेरीमा घोत्लिएर इतिहास पढाउने र लेख्ने प्राध्यापकको होइन । एउटा राजनीतिक दृष्टिकोण लिएर हिँड्नुभएका साहित्यकारले सामयिक समस्या र सङ्कटलाई बडो ग़ज़ब ढङ्गले समाउनुभएको छ । सम्पूर्ण पुस्तक पढिसकेपछि चेतनाको एउटा हाइट भएका पाठकहरूले नयाँ आयाम ढुक्कले भन्न सक्नुहुन्छ ।

●



पुष्पप्रसाद लुइटेल समाजसेवी तथा लेखक हुनुहुन्छ ।

# नेपालमा भ्रष्टाचारको चिरफार र अवस्था
## – पुष्पा खरेल

भ्रष्टाचार एउटा सामाजिक आर्थिक र राजनीतिक समस्या हो । आज हाम्रो देश नेपाल भ्रष्टाचारले आक्रान्त बनेको छ । भ्रष्टाचारले लोकतन्त्रको, मूल्यमान्यता, नैतिकता, न्याय र कानुनको शासन तथा विश्वको अर्थतन्त्रलाई नै धराशायी बनाउँछ । यसले समाज र देशलाई मात्र नभएर विश्वलाई नै आक्रान्त बनाएको छ ।

भ्रष्टाचार आज हाम्रो देशको मात्र नभएर समस्त विश्वका लागि नै एउटा गम्भीर चुनौतीका रूपमा उभिएको छ । यसर्थ भ्रष्टाचार निवारणका लागि अन्तर्राष्ट्रिय कानुनविद्हरूले केही निश्चित अन्तर्राष्ट्रिय महत्त्वका अपराधहरू अन्तर्राष्ट्रिय कानुनमै उल्लेख हुनुपर्दछ भन्ने मत प्रस्ट गरेपश्चात् भ्रष्टाचारविरुद्धको महासन्धि २००३ को अक्टोबर ३१ मा संयुक्त राष्ट्रसङ्घको महासन्धिले आत्मसात गरी २००३ को डिसेम्बर ९ मा हस्ताक्षरका लागि राखिएको थियो र यस सन्धिमा १४० देशहरूले हस्ताक्षर पनि गरेका थिए ।

हालसम्म यस महासन्धिमा कूल १८६ सदस्य राष्ट्रहरू रहेका छन् । उक्त सन्धि २००५ को डिसेम्बर १४ देखि लागू भएको थियो । विश्वले डिसेम्बर ९ लाई भ्रष्टाचारविरुद्धको दिवसका रूपमा मनाउँदै आएको छ । यस दिवसलाई महत्त्वका साथ मनाउनुको अर्थ विश्व्यापी रूपमा भ्रष्टाचारविरुद्धको जनचेतना फैलाउने र अन्तर्राष्ट्रिय समन्वय स्थापित गर्नु नै हो । नेपालले पनि उक्त महासन्धिमा २००३ को डिसेम्बर १० मा हस्ताक्षर गरेको थियो भने २०११ को फेब्रुवरी १४ मा अनुमोदन भई २०११ को अप्रिल ३० बाट यो महासन्धि लागू भएको छ ।

आज नेपालमा भ्रष्टाचार दिनप्रतिदिन झाङ्गिदो छ । पहिले जनताका इच्छा, आकाङ्क्षा तथा आवश्यकता सीमित मात्र थिए । दोस्रो विश्वयुद्धको समाप्तिसँगै विश्वभरि नै राजनीतिक परिवर्तनको माहोल सिर्जना भयो । वि. सं. १९०३ मा जङ्गबहादुर राणाले स्थापित गरेको जहानिया राणाशासनले नेपाली जनतामाथि चरम अत्याचार गरेको थियो । यसरी विश्वमा आएको राजनीतिक परिवर्तनबाट नेपाल पनि अछुत रहन सकेन र देशका केही शिक्षित युवाहरू पनि राणाशासनविरुद्ध विद्रोहको आन्दोलनमा होमिए ।

नेपालमा राजनीतिक परिवर्तनका लागि आन्दोलन छेडिनुको पछाडि भारतको मुक्ति आन्दोलन पनि थियो ।

भारत आफू स्वतन्त्र भइसकेपछि उसले छिमेकी मुलुकमाथि कुदृष्टि राख्ने र विस्तारवादी नीति अख्तियार गर्दै नेपालका केही नेता तथा राजालाई समेत शरण दिएर २००७ सालमा राजनीतिक परिवर्तन गराइयो । यहाँका नेतृत्व पङ्क्तिमा दूरदृष्टिको अभावको कारण नेपालको शासन व्यवस्था भारतको इसारामा चल्न थाल्यो । नेपालको मन्त्रिपरिषद्मा भारतीय गुप्तचर तथा आर्मी हेडक्वार्टरमा भारतीय जनरल राखेर शासन व्यवस्था सञ्चालन हुन थाल्यो । यता राजनीतिक नेतृत्वमा पारदर्शिता, सदाचारिता र देशशक्तिको अभावका कारण २००७ सालदेखि २०१२ सम्म राजनीतिक अस्थिरताको चपेटामा नराम्रोसँग च्यापिन पुग्यो ।

श्री ५ महेन्द्रको शासनकालमा आएपछि नेपालमा धेरै परिवर्तन आए । नेपालको राजनीतिक संवैधानिक तथा न्यायिक क्षेत्रमा योजनाबद्ध तरिकाले विकास हुन थाल्यो । राष्ट्रसङ्घको सदस्यता प्राप्ति असंलग्न परराष्ट्र नीतिको थालनी जस्ता महत्त्वपूर्ण कार्यको थालनी भयो । नेतृत्व वर्गमा देशभक्ति तथा राजनीतिक सदाचारिताको भावनाको अभावका कारण देशमा राजनीतिक अस्थिरता भने कायम नै भयो । निर्वाचित सरकार आम नागरिकका बीचमा आलोचित हुन पुग्यो । नेपालका सत्ताधारीहरू विदेशीको इसारामा कार्य गर्न थाले ।

यही अस्थिर मौकालाई छोपेर श्री ५ महेन्द्रले जनताको अथक प्रयासबाट प्राप्त बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई अपदस्थ गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरे । यस व्यवस्थाले देशभरि बलियो आधारशिला सिर्जना गरी ३० वर्षसम्म शासन गऱ्यो । यस व्यवस्थामा जनताले राजनीतिक अधिकार वञ्चित भएको महसुस गर्न थाले र विदेशीको सहायता र इसारामा आन्दोलनहरू भइ नै रहे । यसको फलस्वरूप २०३६ सालमा आएर जनमतसङ्ग्रह भयो र यस जनमतसङ्ग्रहले सुधारिएको निर्दलीय शासन व्यवस्थालाई नै स्वीकार गऱ्यो ।

यी सबै हुँदा पनि विदेशी तत्त्वको स्वार्थ पूरा भएन । यसको फलस्वरूप २०४५ सालमा भारतले नेपाललाई १ वर्षसम्मको लामो नाकाबन्दी गऱ्यो । तर पनि नेपाल र नेपालीको स्वाभिमान गलेन । फेरि नेपाल र नेपालीमाथि विदेशीहरूले अर्को षड्यन्त्रको सुरुवात गरे । २०४६ सालमा काङ्ग्रेस-वाम एकता तथा आन्दोलन भयो ।

तत्कालीन समयमा आजजस्तो सञ्चारका माध्यमहरू सशक्त थिएन । राजतन्त्र नै बाधक तथा भ्रष्ट हो कि भन्ने आम नागरिकमा पर्न गयो र २०४६ सालमा सशक्त आन्दोलन भयो । २०४६ सालको बहुदलीय प्रजातान्त्रिक व्यवस्थासँगै २०४७ सालमा नेपालको संविधान लेखियो । यो संविधान अत्यन्त परिष्कृत नेपाली जनजीवन र माटो सुहाउँदो थियो र यस संविधानमा कुनै किसिमका खोटहरू थिएनन् । पारदर्शिता, मितव्ययिता, राष्ट्रिय एकता जस्ता कुरा यस संविधानका विशेषता थिए ।

२०४७ सालपश्चात् नेपालमा राजनीतिक स्थिरता पक्का थियो । त्यसैले फेरि पनि विदेशीले आफ्नो स्वार्थ पूरा नहुने देखिसकेपश्चात् अर्को पासा फ्याँक्न थाल्यो । देशको शासनसत्ता चलाउने नेतृत्व वर्गलाई कसरी आर्थिक रूपमा भ्रष्ट बनाउन सकिन्छ भनेर NGO, INGO र RAW र CIA ले प्रशस्त मात्रामा आर्थिक लगानी गर्न थाल्यो । एउटा निश्चित वर्गले तत्कालीन माओवादी पार्टीलाई उचालेर हरेक प्रकारका सहयोग गरी २०५२ सालको जनयुद्धको सुरुवात गर्न लगायो । विदेशीको इसारामा योजनाबद्ध रूपमा सरकारले नागरिकता विधेयक अगाडि बढायो । यदि यो विधेयक पारित भएको खण्डमा नेपाल सिक्किमीकरण हुने निश्चित थियो । तर दरबारले यो विधेयक पारित हुन दिएन र अन्ततः नेपालको सर्वोच्च अदालत पनि पारित गर्न नहुने निष्कर्षमा पुगेपछि २०५८ सालमा श्री ५ वीरेन्द्रको वंशनाश हुने गरी दरवार हत्याकाण्ड घटाइयो । यो विधेयक पारित नहुनु नै दरबार हत्याकाण्ड हो कि भन्ने कुरा आशङ्काको विषय रहेको छ ।

यसपश्चात् नेपालमा हत्या, हिंसा, अस्थिरताको जन्म हुन पुग्यो । भारतको इसारामा सुरु भएको माओवादी जनयुद्ध पनि चरम उत्कर्षमा पुग्न थाल्यो । अन्ततः २०६२ सालमा विद्रोही पक्ष र राज्य पक्षबाट दिल्लीमा १२ बुँदे सम्झौता भयो र २०५२ सालमा थालियोको माओवादी जनयुद्ध विधिवत रूपमा समाप्त भयो । यसरी यसबीचमा नेपालको भन्दा पनि बाहिरी स्वार्थका लागि कार्य भयो र एउटा देशभक्तिपूर्ण सभ्य नेपाली समाज नराम्रोसँग विखण्डित हुन पुग्यो । यसरी बाह्य तत्त्वले खेल्ने अवसर पायो र हिजो सीमित रूपमा दरबारको चार दिवालभित्रको सामान्य भ्रष्टाचारले व्यापक रूप लियो र भ्रष्टाचार संस्थागत नै हुन पुग्यो ।

यसप्रकार नेपालमा राजनीतिक परिवर्तनसँगसँगै भ्रष्टाचार पनि विभिन्न स्वरूपबाट हुन थाले । राजनीतिक पार्टीहरूले यसलाई नीति नै बनाएर भ्रष्टाचार गर्न थाले । सत्तामा बस्ने सत्ताधारीहरूले देशको ढुकुटीलाई नै दुरुपयोग गरी देश र जनताको स्वार्थभन्दा पनि कसरी आफ्नो पार्टीलाई

आर्थिक रूपमा मजबुत बनाउने भन्नेतर्फ मात्रै आफ्नो ध्यान केन्द्रित गर्न थाले ।

२०४६ सालको राजनीतिक परिवर्तनसँगै उदाएका नेतृत्वले न्यायिक सदाचार पालन नगरी पदलोलुपता र आर्थिक उपार्जनलाई आफ्ना हतियार बनाउँदै राज्यको ढुकुटीलाई नै सही ठाउँमा उपयोग नगरी व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्नु नै भ्रष्टाचारलाई बढावा दिनुको प्रमुख कारण बन्न पुग्यो ।

२०५७ सालको असोजमा लाउडा एयरको विमान सरकारी स्वामित्व र नेपाल सरकारको तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको मन्त्रिपरिषद्को आडमा र शाही नेपाली वायुसेवा निगमको मिलेमतोमा रचिएको काण्ड लाउडा कम्पनीको विमान भाडामा लिएर ७ महिनासम्म चलाउँदा २ अर्बभन्दा बढी घाटा भएको थियो । यसरी २०४६ सालपछिको सम्भवतः यो पहिलो ठूलो भ्रष्टाचार थियो । यो घटनाले अन्तर्राष्ट्रिय स्तरमा नै चर्चा पाएको थियो । लाउडा प्रकरणपश्चात् राजनीतिक पार्टीहरूलाई कसरी आफ्नो पार्टीलाई आर्थिक रूपमा मजबुत बनाउने भन्ने होडबाजी नै चल्न थाल्यो र अन्ततः राज्यले नै नीति नै बनाएर भ्रष्टाचार गर्न थाल्यो ।

राज्यसञ्चालनमा हरेक पार्टीले पैसा असुल गरेर राजनीतिक नियुक्ति गर्न थाले । यसको कारण भ्रष्टाचार न्यून हुनुको साटो दिनप्रतिदिन बढ्न थाल्यो र अन्ततः नेताहरूको नियत नै भ्रष्टाचारी देखिन थाल्यो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२० मा प्रकाशन गरेको २०१९ को Corruption Perception Index मा नेपाल उच्च अङ्कमा साथ १२४ औँ स्थानमा थियो । ४३ भन्दा कम अङ्क प्राप्त गर्ने मुलुकमा व्यापक भ्रष्टाचार भएको मानिन्छ । भ्रष्टाचार नियन्त्रणमा नेपालले जनाएको प्रतिबद्धता कार्यान्वयन नभएको तथा सार्वजनिक तथा निजी क्षेत्रमा भ्रष्टाचार र अधिकार दुरुपयोग यथावत रहेको, सूचनामा नागरिकको पहुँच नपुगेको, राज्य सञ्चालनमा सीमित समूहको मात्र पकड रहेको, भ्रष्टाचार नियन्त्रणमा राजनीतिक क्षेत्र सचेत नभएको जस्ता समस्या ट्रान्सपरेन्सी इन्टरनेसनलले ठहर गरेको छ ।

नेपालमा पनि भ्रष्टाचार निवारण गर्नका लागि भ्रष्टाचार निवारण ऐन २०५९, सुशासन व्यवस्था तथा सञ्चालन ऐन २०६४ र नियमावली २०६५ रहेको छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, नियमावली २०४९, सङ्गठित अपराध निवारण ऐन २०७०, न्यायिक परिषद्, राष्ट्रिय सतर्कता केन्द्र र सङ्घीय समिति, राष्ट्रिय सूचना आयोगको गठन गरिएको

छ । यति हुँदाहुँदै पनि भ्रष्टाचार न्यूनीकरण हुनुको साटो सत्ता र शक्तिमा पुगेका व्यक्तिहरूले नै उनीहरूको स्वार्थका लागि कार्य गर्नुपर्ने हुँदा यसको रूप मौलाउँदो अवस्थामा छ ।

नेपालको वर्तमान संविधान २०७२ मा व्यवस्था भएबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले गर्दा हिजो सङ्घमा मात्र सीमित रहेको भ्रष्टाचार आज स्थानीय तहसम्म झरी विकराल रूप लिई राज्यको ढुकुटी सदुपयोगभन्दा अनावश्यक दुरुपयोग गर्ने संस्कारको होडबाजी चलेको छ । यो एउटा भ्रष्टाचारको मुख्य मेरुदण्डका रूपमा आएको छ । यसले देखावटीसँगै माथिदेखि तलसम्म चुनावी खर्च गर अनि पछि राज्यको ढुकुटीबाट नै आपूर्ति गर भन्ने सिद्धान्त प्रतिपादन भएको जस्तो संस्कारको थालनी भएको छ ।

भ्रष्टाचारलाई पूर्ण रूपमा निवारण गर्नका लागि सरकार र निजी क्षेत्रसँगै नागरिक पनि चनाखो तथा सचेत हुनु आवश्यक छ । नागरिक पनि क्षणिक स्वार्थ र फाइदाका लागिभन्दा पनि दीर्घकालीन फाइदाका लागि सबैले आफ्नो-आफ्नो ठाउँमा रहेर कसरी निवारण गर्न सकिन्छ भनी चिन्तन-मनन गर्नु जरुरी छ भने सरकारले सानादेखि ठूला भ्रष्टाचार रोक्नका लागि पहिले ऐन, नियम र कडा कानुनी व्यवस्था गर्नुपर्दछ, शिक्षा र स्वास्थ्य पूर्ण रूपमा निःशुल्क र युवाहरूलाई उपयुक्त सीप र रोजगारीको व्यवस्था गर्न सकेमा साथै अख्तियार दुरुपयोग आयोगको सट्टामा नागरिक आयोग गठन र कार्यान्वयन गर्न सकेमा भ्रष्टाचार ८० प्रतिशतसम्म निवारण हुने अपेक्षा गर्न सकिन्छ ।

आज नेपालमा भ्रष्टाचारविरोधी धेरै संस्थाहरू स्थापना भइसकेका छन् । यिनीहरूले आ-आफ्नो ठाउँबाट भ्रष्टाचारीहरूलाई खबरदारी गरिरहेका छन् । भ्रष्टाचारी व्यक्तित्वका चर्चा-परिचर्चा गर्दा भ्रष्टविरोधी शास्त्रका प्रवर्तक, बहुआयामिक, लब्धप्रतिष्ठित, कालजयी व्यक्तित्व अनि भ्रष्टाचारविरोधी आन्दोलनका महानायक भरत जङ्गमलाई हरेक नेपालीले चिन्नु जरुरी छ ।

समाजमा फैलिएको र फैलिरहने हरेक प्रकारका विकृतिहरूलाई कसरी हटाउन सकिन्छ भन्ने चिन्तन गर्दै २०२७ सालदेखि नै भ्रष्टाचारविरोधी आन्दोलनमा आफूलाई समर्पित गर्दै आउनुभएको छ । चाहे साहित्य सिर्जनाको माध्यमबाट होस् अथवा सडक आन्दोलनबाट होस्, उहाँको यस अभियानमा ठूलो योगदान रहेको कुरा सबैलाई सर्वविदितै छ । उहाँले आफूलाई भ्रष्टाचारविरोधी अभियन्ता मात्र नभएर कुशल प्रशासक, पत्रकार, साहित्यकार र भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तकका रूपमा विश्व प्राज्ञिक

क्षेत्रमा आफूलाई स्थापित गर्न सक्षम हुनुभएको छ । भ्रष्टाचार नियन्त्रणका निम्ति एकेडेमिक रूपमा नै दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ भन्ने उहाँको मान्यता रहँदै आएको थियो ।

यसरी उहाँको अथक प्रयत्नपश्चात् नेपालको विश्वविद्यालयमा भ्रष्टाचारविरोधी विज्ञानको अध्यापन प्रारम्भ हुँदैछ । यो विषयको अध्यापन विश्वमा पहिलोचोटि नेपालबाट नै प्रारम्भ हुँदैछ । साथै जङ्गमले २०७३ सालमा विश्व प्राज्ञिक समाजलाई नेपालका तर्फबाट भ्रष्टाचारविरोधी शास्त्र उपहारस्वरूप प्रदान गर्नुभएको छ । यसरी उहाँले भ्रष्टाचारविरोधी विज्ञानका पिता (द फादर अफ एन्टिकरप्सन साइन्स) का रूपमा स्थापित गर्न सक्षम हुनुभएको छ ।

म आफू पनि एउटा भ्रष्टाचारविरोधी अभियानमा जोडिएकी छु । भरत जङ्गमको मार्गदर्शन पाएर नेपालमा भएको र हुँदै आएको भ्रष्टाचारको विषयमा आवाज बुलन्द गर्नुपर्छ भन्ने मान्यताको साथ विश्वविद्यालयमा भ्रष्टाचारविरोधी साइन्सको अध्ययन गर्ने मानसिकता तयार गरिरहेकी छु । उहाँको मार्गदर्शन निरन्तर पाउने अवसर पाएँ भने पीएचडीसम्म गर्ने सोचका साथ अध्ययनलाई अगाडि बढाउने प्रयत्न गर्दैछु ।

अवश्य पनि विश्वविद्यालयले मजस्ता कैयौँ भ्रष्टाचारविरोधी जनशक्ति उत्पादन गर्नेछ र जङ्गमले परिकल्पना गर्नुभएको भ्रष्टाचाररहित सभ्य नेपाली समाजको निर्माण हुनेछ । नेपाली जनता मौन छन् । यसको मतलब यो होइन कि कहिल्यै उठ्ने गरी निदाएका छन् । जब हामीजस्ता अभियन्ता जुर्मुराउँछन्, अनि पापका घडाहरूलाई सधैँ-सधैँका लागि फुटाउनेछन् ।

•



पुष्पा खरेल भ्रष्टाचारविरोधी अभियानमा संलग्न हुनुहुन्छ । उहाँ लेखिका पनि हुनुहुन्छ ।

# बहुआयामिक व्यक्तित्वका धनी
## – प्रकाशप्रसाद उपाध्याय

भरत जङ्गमको व्यक्तित्व र उहाँसित मेरो परिचयको कुरा गर्दा २५ वर्षअघि भारतको राजधानी नयाँ दिल्लीमा मैले उहाँलाई भेट्न र उहाँबाट प्रभावित हुन पाएको अवसरको सम्झना हुन्छ । त्यहाँ उहाँ आफ्नो कुनै पारिवारिक कार्यविशेषले जानुभएको थियो भने म अल इन्डिया रेडियोमा नेपाली कार्यक्रमको प्रस्तोताका रूपमा कार्यरत थिएँ । यसप्रकार नेपालबाट आउनुभएका एकजना पत्रकार एवम् साहित्यकारका रूपमा उहाँसित मेरो परिचय भयो अल इन्डिया रेडियोको बर्मेली विभागका सुपरिवेक्षकमार्फत ।

नेपाली साहित्यकारहरूसित बेलाबेलामा भेटवार्ता रेकर्ड गर्ने गरिएको हुँदा उहाँसितको भेटलाई पनि रचनात्मक रूप दिनुपर्दछ भन्ने सोचले मलाई घचघच्याउँदा उहाँसित श्रोताहरूका निम्ति एउटा भेटवार्ता रेकर्ड गर्ने व्यवस्था मिलाएँ र एक निश्चित दिनमा उहाँलाई स्टुडियोमा निम्त्याएँ । भेटवार्ताका क्रममा थाहा भयो भरत जङ्गम पत्रकार एवम् साहित्यकारका रूपमा आफ्नो कलम चलाउनाका साथै नेपालमा भ्रष्टाचारविरोधी अभियान चलाउने प्रखर व्यक्ति पनि हुनुहुँदो रहेछ । उहाँको साहित्य, देशको साहित्यिक स्थिति र भ्रष्टाचारविरुद्धको आन्दोलनका सम्बन्धमा अनेक कुराहरू भए । रेकर्डिङ सकेर चिया खान बस्ता उहाँले आफ्ना केही कृतिहरू उपहारस्वरूप दिनुभयो, जसमा प्रमुख थिए 'कालो सूर्य' र 'रातो घाम', जुन आजपर्यन्त मेरो कोठामा सुरक्षित छन् । 'कालो सूर्य' उपन्यासको अनुवाद नेपालभित्रका विभिन्न भाषाहरूमा मात्रै नभई विश्वका विभिन्न भाषाहरूमा पनि भएको थाहा पाइयो । उपन्यासको लोकप्रियता र विश्वका अनेक भाषाहरूमा यसको अनुवादका कारण एकातिर उहाँ संसारका प्रतिष्ठित साहित्यकारहरूमाझ स्थापित हुनुभएको छ भने नेपाली सहित्यलाई पनि विश्वको साहित्यिक जगत्मा परिचित गराउनमा उहाँले खेल्नुभएको भूमिका उल्लेखयोग्य छ ।

उहाँको क्रियाशीलताको कुरा गर्दा चारवटा उपन्यास, अनेक पुस्तकको प्रकाशन र पत्रिकाहरूका लागि लेख आदि लेख्ने कार्य र भ्रष्टाचारविरुद्ध अभियानको सञ्चालनबाट चित्त नबुझेर उहाँले अधिवक्ताको भूमिका पनि समान उत्साह र जिम्मेदारीका साथ खेल्दै आउनुभएको र यस क्रममा

सार्वजनिक सरकारका अनेक विषयहरूमा दायर गर्नुभएको मुद्दामा सफलता पाउनुभएको पनि पाइन्छ ।

६१ वर्षको उमेर पूरा गरेपछि म सेवाबाट अवकाश प्राप्त गरी २०६१ सालको पौष महिनामा काठमाडौँ फर्के शेष जीवन बिताउन । यसरी काठमाडौँ मेरो नयाँ कर्मस्थल भयो । प्रारम्भिक काल घरजममै बित्यो । देश राजनीतिक स्तरमा तरङ्गित थियो । यसो हुँदा अधिकांश समय घरभित्रै बसी लेखपढ गर्नमै बित्न थाल्यो । आफ्नो जीवन र देशको स्थिति सुव्यवस्थित भएपछि भरत जङ्गमलाई भेट्ने चाहना भयो । उहाँको मिलनसारिताको परिचय मैले दिल्लीमा भेट्ता पाइसकेको थिएँ । तर भेट्ने कता ? न घरको ठेगाना छ, न फोन नम्बर नै । यस समस्याको समाधान निकालिदिनुभयो काठमाडौँका रैथाने र मेरा एकजना पत्रकार मित्र कुमार रन्जितले । लगभग एक दशकपछि हाम्रो भेटले फेरि साहित्यिक स्वरूप पायो । त्यति बेला पनि उहाँले भर्खरै प्रकाशित आफ्नो उपन्यास ‘ख्वपदेश’ को एक प्रति उपहारमा दिनुभयो । भक्तपुरको सामाजिक र सांस्कृतिक जीवनलाई विषयवस्तु बनाएर लेखिएको उक्त उपन्यास रोचक भएको लाग्दा मैले पनि त्यसको समीक्षा गरेँ, जसलाई एउटा राष्ट्रिय दैनिकले छाप्यो । समय बित्दै जाँदा भक्तपुरबाट प्रकाशित हुने ‘खोपृङ’ का केही प्रतिहरू पनि उहाँले मलाई पठाउन लगाई आफ्नो सहृदयता जनाउनुभयो । ती अङ्कहरूमा प्रकाशित लेखहरूमार्फत उहाँले धर्म, अध्यात्म र संस्कृतिप्रति आफ्नो आस्थालाई प्रकट गरेको, साथै भक्तपुरको संस्कृतिको रक्षा र स्वच्छ समाजको स्थापनाप्रति आफ्नो अमूल्य जीवनलाई समर्पित गर्नुभएको पाएँ । विभिन्न टेलिभिजन च्यानलहरूबाट उहाँका भ्रष्टाचारविरोधी अभियानका वृत्तान्तहरू अहिले पनि सुन्दा मन प्रसन्न हुन्छ, यद्यपि देशबाट भ्रष्टाचार निर्मूल गर्नु एउटा दुष्कर काम रहेजस्तो लाग्दछ । तर पनि उहाँले आफ्नो दशकौँदेखिको अभियानलाई निरन्तरता दिएर देश र जनतालाई यसप्रति सचेत गराइराख्नुभएको छ । उहाँकै प्रयासको फलस्वरूप भनौँ, अहिले यस विषयले देशको पहिलो विश्वविद्यालयको शिक्षाको पाठ्यक्रमको विषय हुने अवसर पाएको छ । उहाँको यस अभियानले देशलाई भ्रष्टाचारमुक्त बनाउनमा सफलता पाओस्, यही मङ्गलकामना छ ।

भरतजीको मिलनसार स्वभावको परिचय मलाई दिल्लीमा नै भएको थियो । एउटा नौलो सहरमा पनि उहाँ सबैसित बडो सहज रूपमा कुरा र हँसिठट्टा गर्ने गरेको देख्ता म दङ्ग पर्दथेँ । नयाँ दिल्लीस्थित साहित्य अकादमीका तत्कालीन उपसचिव डा. रणजीत शाहाको कार्यकक्ष होस् कि कनाटप्लेसको इम्पोरियमको सभाकक्षमा हुने साहित्यिक परिचर्चा कार्यक्रम, सबै ठाउँमा उहाँको उपस्थिति देखिन्थ्यो र त्यहाँ उहाँले नेपाली साहित्यकारका

रूपमा आफ्नो प्रभाव छाड्न र नेपाली सहित्यबाट छिमेकी देशका साहित्यकारहरूलाई अवगत गराउनमा सफलता पाइरहनुभएको अनुभव गर्दथेँ ।

विगत ४५ वर्षदेखि निरन्तर चलिरहेको भरत जङ्गमको कलम न त थोत्रो हुन पाएको छ, न उहाँका पाखुराहरूमा उमेरको दुस्प्रभाव देखिन थालेको छ भन्ने कुरा हालै मात्र मेरो हातमा परेको र कोरोनाकाल (माघ २०७७) भित्र प्रकाशित भएको उहाँको ऐतिहासिक कृति 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' ले प्रमाणित गरेको छ । किताब पाएपछि पढ्ने मन गरियो । पानाहरू पल्टाउँदै गर्दा नेपालको इतिहासका अनेक शासन व्यवस्था र देशभित्रका विभिन्न उथलपुथलपूर्ण घटनाहरू र अभिलेख एवम् शिलालेखहरूमा आधारित रहेका तथ्यहरू प्रकट हुँदै जान थाले । यस सन्दर्भमा इतिहासकार भरत जङ्गम लेख्नुहुन्छ – 'नेपालको इतिहासमा देखिएका गोपालवंशीय, किरातवंशीय र लिच्छविवंशीय शासकहरूमध्ये केवल लिच्छविकालीन नेपालको समाज विकासशील, सभ्य र सुसंस्कृत रहेको देखिन्छ ।'

यसो भन्दै उहाँले लिच्छविकालमा देशमा धर्म-संस्कृतिलगायत विभिन्न क्षेत्रमा भएका उल्लेखनीय कार्य र तिब्बतसित नेपालको सम्बन्धलाई मैत्रीपूर्ण र सुमधुर बनाउन अंशुवर्माद्वारा आफ्नी छोरी भृकुटीको विवाह तिब्बतका तत्कालीन राजासित सम्पन्न गराएको वृत्तान्त पेस गर्नाको साथै नेपालको इतिहासमा रहेका अनेक किसिमका भ्रमहरूलाई आफ्ना तर्कहरूबाट निर्मूल गर्न खोज्नुभएको छ । यस सन्दर्भमा धेरै कुराको चर्चा नगरी भक्तपुरको सिपाडोलस्थित डोलेश्वर महादेवको महत्ता, प्राचीनता र पौराणिकताको सम्बन्धमा इतिहासकारद्वारा गरिएको महाभारतकालको एउटा अत्यन्त रोचक घटनाको उल्लेख र पाण्डवहरूद्वारा स्वर्गयात्रामा निस्कने क्रममा यस क्षेत्रको पनि यात्रा गरिएको वृत्तान्तले ऐतिहासिक तथ्यको अन्वेषणमा उहाँको लगनको विस्तृत स्वरूप प्रस्तुत गर्दछ । सङ्क्षेपमा भन्नुपर्दा भरत जङ्गम यस कृतिद्वारा इतिहासकारका रूपमा पनि स्थापित हुनुभएको छ ।

७५ वर्षको उमेरमा पनि उहाँको क्रियाशील जीवन र सृजनशील मस्तिष्क आफ्नो जन्मस्थलका सांस्कृतिक सम्पदा र धार्मिक स्थलहरूको महिमाबाट नयाँ सन्ततिलाई अवगत गराउने र देशका अन्य भागहरूमा रहेका पावन स्थलहरूलाई पनि ऐतिहासिक र पौराणिक पृष्ठभूमिका सन्दर्भका साथ यस कृतिका माध्यमबाट प्रस्तुत गर्ने काममा समर्पित रहेको देख्ता उहाँको लक्ष्य, लगन र अथक प्रयास प्रशंसनीय लाग्दछ ।

उहाँको ७५ औं जन्मदिवसका अवसरमा प्रकाशित हुन थालेको 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थको दोस्रो भागका लागि यो सानो लेख लेख्दै गर्दा उहाँको सुस्वास्थ्यको लागि मङ्गलकामना गर्दछु र उहाँको कलम अरू निखिएर नेपालको राजनीतिक क्षेत्रमा विद्यमान विभिन्न भ्रम एवम् विसङ्गतिहरूको निराकरण र यथार्थताको चित्र प्रस्तुत गर्ने कार्य गर्न पनि सक्षम होस् भन्ने विनम्र सुझाव पनि राख्तछु ।

●



प्रकाशप्रसाद उपाध्याय राजविराजमा जन्मिई लामो समयसम्म भारतको अल इन्डिया रेडियोमा नेपाली अनुवादक तथा कार्यक्रम प्रसारकका रूपमा काम गरे हाल काठमाडौँमा निवृत्त जीवन बिताइरहनुभएको छ । उहाँले विभिन्न पत्रिकाहरूका लागि लेखन एवम् अनुवाद तथा विभिन्न कृतिको लेखन एवम् सम्पादन गर्नुभएको छ ।

# महान् कर्मयोगी
## – प्रजापति तिमिल्सिना

नेपाली भाषाको वाङ्मयलाई विभिन्न विधाका आफ्ना कीर्तिहरूले शोभा बढाइदिएर अमर बनिसक्नुभएका कलमका कुशल शिल्पी, परोपकारी, सामाजिक अभियन्ता, भ्रष्टाचारविरोधी विज्ञानका विज्ञाता, वरिष्ठ साहित्यकार, मृदुभाषी, असाधारण व्यक्तित्व भरतमणि जङ्गमको ७५ औं जन्मदिन एवं हीरक महोत्सवका अवसरमा उहाँको सुस्वास्थ्य, सुखशान्ति, समृद्धि एवं दीर्घ जीवनको शुभकामना व्यक्त गर्दछु ।

विदेशमा समेत चम्कन पुगेको, करिब १३ वटा भाषामा प्रकाशित उहाँको उपन्यास 'कालो सूर्य' भित्रका उहाँ दोपहरका घामजस्ता उज्याला व्यक्तित्वका बारेमा मैले सञ्चारका पर्दाहरू र छापाका पानाहरूबाट जानकारी लिइरहन्थेँ । त्यसरी नै यदाकदा उहाँलाई मिडियामा देख्ता मेरो मन उत्ताउलो पाराले उठिरहन्थ्यो, उहाँलाई भेट्न 'कालो सूर्य' पढ्न अनि साहित्यको रसास्वादन गर्न । त्यो बेलाबेलामा उठिरहने चाहनालाई भर्खर मात्र मौका मिल्यो साहचर्यको । सुरुमा गएर उहाँका अगाडि टसक्क बसेँ । उहाँको अनुहारमा गएर मेरा आँखा अडिए । सौम्य अनुहार हेरिरहेँ । उहाँले साहित्यका, समाजमा भइरहेका घटनाका, जीवन-दर्शनका धेरै कुरा सुनाउनुभयो । उहाँको वाचनको बान्कीले पनि मलाई खुब आकर्षित गराइरह्यो । सत्यमा आधारित तर्क, समसामयिक विश्लेषण सुन्दा लाग्थ्यो यही गुणले गर्दा उहाँलाई सर्वप्रिय बनाएको होला । उहाँ सर्वप्रिय हुनुहुन्छ । त्यस्ता व्यक्तित्वले आफ्नो व्यस्ततालाई पन्छाएर मलाई भेट्ने समय दिनुभएकोमा उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

कुराकानीका चरणमा उहाँको अनुहारमा हेरिरहँदा नकारात्मक सोचका रेसाहरू कहीँ-कतै देखिनँ, न आवाजमा सुनेँ । बरू विशालतम सकारात्मक सोचहरू खेलिरहेको देखेँ । शास्त्र भन्छ 'विशालतम सोच सच्चा मानवमा मात्र देखिन्छ ।' मैले पनि उहाँलाई सौन्दर्य चेतन, रूपको पारखी, मर्मज्ञ अनि सच्चा मानवका रूपमा देखेँ । उहाँको मुखबाट निस्कने मीठो आवाज, सरल शब्दहरू अनि बोल्ने शैलीको मनोरमताभित्र आत्मीयता खोज्न थालेँ । तिनै शब्द र मनोरम आवाज सुनेर मेरो मन र हृदयले आफैँसँग संवाद गर्न थाले – नजिकै राखे के हुन्छ ? त्यसैले पनि होला, धेरै दिन पछिसम्म पनि उहाँका शब्दहरू कानमा गुन्जिरहे । मनले सधैँ सम्झिरहेको छ ।

देश चलाउनेहरूले आफ्नो भाषणमा जति सिँगारिएका शब्दहरूको प्रयोग गरे पनि परम्परादेखि नै हो तिनीहरूको चासो देशलाई नलागेको । त्यसैले देशमा भ्रष्टाचार संस्थागत रूपमा मौलाइरहेको छ । यही माटोमा फुलेफलेको उनको ज्ञान, यो माटोमा भ्रष्टाचार मौलाउन हुँदैन भन्ने चाहना, न्याय र अन्याय चिरफार गर्दै आफ्नै निर्णयले रास्ता तय गर्दै आगाडि बढ्न सक्ने क्षमता राख्ने भरत जङ्गमलाई भ्रष्टाचार सह्य हुने कुरै भएन । त्यसैले २०२७ सालदेखि नै सबै प्रकारका भ्रष्टाचारका विरुद्ध लड्दै आउनुभएको छ । त्यति लामो समयदेखि शासकको संलग्नतामा भइरहने भ्रष्टाचारका विरुद्ध लडिरहनु चानचुने कुरा हुँदै होइन, जुन महान् कर्मयोगीबाट मात्र सम्भव हुन्छ । त्यसैले म उहाँलाई महान् कर्मयोगी सङ्ज्ञाको फूल चढाउन चाहन्छु ।

'कीर्ति कलमले मात्र होइन, कर्मले लेखिन्छ' भन्ने महान् विचारलाई आत्मसात गरेर हिँड्ने, उत्तिकै पलपल सक्रिय भएर कार्य गर्न सक्ने, समाजमा योगदान पनि गरिरहने, सादा जीवनका धनी भरत जङ्गम पत्रकार, लेखक, प्रखर वक्ता, साहित्यकार, समाजसेवी, धर्मसेवी, इतिहासकार, कानुनविद्, संविधानविद्, भ्रष्टाचारविरोधी विज्ञानका प्रवतर्क, यस्तै-यस्तै अरू धेरै उपाधिका हकदार हुन पाउनुभएको छ । यो उहाँ महान् परोपकारीका रूपमा स्थपित भएर होला भन्ने लाग्छ । त्यसैले कीर्ति फैलिरहेको हुनुपर्छ ।

उमेर जेसुकै होस्, उमेरले आत्माको विश्वासलाई रोक्न सक्तैन । उहाँमा नरोकिने फराकिलो विश्वास र उदारता देखेँ, जुन यौवनमा बगिरहेको वासनाको सुगन्धजस्तो, मन्द पवनमा पलपलाइरहेको पालुवाजस्तो थियो ।

छोटो समयमा अन्य मुलुकमा समेत आफ्नो व्यापकता फैलाउन सफल 'कालो सूर्य' का कृतिकार भरत जङ्गममा समाजका विषय, सार्वजनिक सरोकारका विषय, कानुनी उपचारका विषयलगायत जुनसुकै विषयका भावनाहरू किन नहुन्, उत्तिकै सशक्त ढङ्गबाट आफ्नो कलममा समेट्न सक्ने क्षमता राख्नमा सफल देखिनुहुन्छ ।

विचार र चेतनालाई पैतालाले मिचिदिने सत्ताको चरित्र हुन्छ । उहाँले आफ्नो विचार र चिन्तनलाई शक्तिको पैतालामा पर्न दिनुभएन । झन् न्यायको पक्षमा प्रखर पार्दै लग्नुभयो । उहाँको साहसका बारेमा कतैबाट वर्णन सुन्दा मनमा उहाँको कद हलक्क बढेको थियो । अनि पछि मैले उहाँलाई ठूलो पहाडका रूपमा हेर्ने गरेको छु । पहाडको अर्थ स्रोतहरूको भण्डार पनि हुन्छ ।

घाम पनि विन्ध्याचलको काँधमा चढेपछि मात्र विश्राम लिन्छन् । उहाँ आफू योग्य बन्न कसैको काँध नचढेको सुन्दा उहाँको निष्ठाको चर्चा गरिरहन्छ मनले । उहाँका तमाम आयामहरू नै उहाँलाई योग्य बनाउन

सफल भएको हुनुपर्छ । त्यसैले उहाँ आफूभित्र सलबलाउँदै गरेका चाहनाहरूलाई प्रतिनिधित्व गर्दै अघि बढ्ने एउटा सैद्धान्तिक चरित्र बन्न सफल हुनुभएको छ ।

२०२७ सालमा पत्रकारितामा प्रवेश गरेपछि उहाँको हातबाट चल्न सुरु गरेको कलम आजपर्यन्त चलिरहेको छ, रोकिएको छैन । अझ सशक्त चलिरहेको देख्छु म । झट्ट हेर्दा र उहाँको उमेर सुन्दा लागेको थियो उहाँमा विगत मात्र होला । तर होइन रहेछ, उहाँमा जिउँदो वर्तमान पनि रहेछ । जसभित्र सच्चा मानव छ, त्यसले मात्र आफ्नो वर्तमानलाई जीवित राख्न सक्छ । देखेँ उहाँभित्रका तलेत्राहरूमा सुन्दर मानवहरू मुस्कुराइरहेका ।

विचार र चिन्तनमा समर्पित कुशल लेखक भरत जङ्गम शिखर बारम्बार चुम्न सफल हुनुभयो । यो उमेरमा पनि चढिरहनुभएको छ, रोकिने नामै छैन । त्यस्ता ती अग्रजलाई विनालौरी शिखर चढिरहेको देख्ता मनले हिम्मत कस्छ । उहाँका सत्कर्म र पुनित उद्देश्यहरूको आलोकबाट विपन्न वर्गका धेरै शिक्षार्थी लाभान्वित भएर शिक्षित नागरिक बन्न सफल भएका छन् भन्ने कुराको जानकारी पाउँदा यस्ता कर्मवीरलाई हृदयैदेखि नमन नगरी रहन सकिनँ ।

त्यसैले पनि होला, सदा सौम्य रहने मुहारले विवेकलाई जीवन्त देखाइरहने भरत जङ्गम कुनै पनि गुरुत्वको पक्षमा नपुग्नुले उहाँ सैद्धान्तिक चरित्रको मानक पनि देखिनुहुन्छ । यस्ता सदा सरल सम्यक् सङ्कल्पमा दृढ महान् व्यक्तित्वप्रति आफ्ना केही भनाइ राख्ने अवसर दिनुभएकोमा हीरक महोत्सव मूल समारोह समितिप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, कालजयी व्यक्तित्व, सरल आचरणका भरतमणि जङ्गमका आगामी दिनको जीवनपथमा बैगुनी दूषित मोडहरू नआऊन् । भोलिका प्रत्येक दिन यसै गरी फुल्दै-फल्दै जाऊन्, कद अझ बढ्दै जाओस, यही सौन्दर्य जीवन्त रहिरहोस् र यसै गरी शताब्दी महोत्सव पनि मनाउन पाऔँ, मङ्गलमय शुभकामना अर्पण गर्दछु ।

•



प्रजापति तिमिल्सिना कास्की जिल्लामा जन्मेर हाल काठमाडौँमा बसोवास गर्ने लेखक हुनुहुन्छ । उहाँ शब्दयात्रा प्रकाशनद्वारा 'शब्दयात्रा सिर्जना सम्मान' द्वारा सम्मानित आख्यानकार हुनुहुन्छ ।

# म के भनौँ र खै ?
## – प्रतीक ढकाल

एकै बेतमा जन्मेका जुम्ल्याहाहरूको त दाजुभाइ वा दिदीबहिनी छुट्टिन्छन् भने मभन्दा १२-१३ वर्ष जेठा भरत जङ्गम मेरा दाइ नहुने त कुरै भएन । तर भरत दाइको आनीबानी हेर्दा म सधैँ अलमलमा पर्ने गर्छु । यी मेरा दाइ हुन् कि साथी ?

जन्मको क्रमले सधैँ दाइ र हार्दिकताका कारणले सधैँ साथीको जस्तो व्यवहारमा रहनुभएका भरत दाइ कोरोना-कहरको यो भीषण सङ्क्रमणकालमा फोन गरेर भन्नुहुन्छ – "ए प्रतीक, मेरो हीरक जन्मोत्सवको अवसरमा साथीहरूले एउटा राम्रो अभिनन्दनग्रन्थ निकाल्ने भनेर कस्सिएका छन् । तिमी पनि मेरा लागि केही लेख है !"

"के लेख्ने दाइ ?" म फोनमै सोध्छु ।

"जे लेखे पनि हुन्छ । अरूले त्यति आँट गर्दैनन्, बरू तिमीले नै सकेसम्म गाली गरेर लेख न !"

"के विषयमा गाली गर्ने हो र दाइ ?"

"तिमीलाई जेजे मन लाग्छ, त्यही त्यही लेख न ! तिमीले लेखेको कुरामा कुनै सम्पादन नै हुने छैन । बरू म हरि मञ्जुश्रीलाई पनि सम्पादन नगर्नका लागि भनिदिन्छु । मलाई मेरा साथीको गाली सुन्न मन छ क्या !"

अनि दाइ फोनमै हाँस्नुहुन्छ एउटा लामो हाँसो । भ्रष्टाचारविरोधी अभियानमै जीवन समर्पित गरेका एउटा सामाजिक अगुवाको निश्छल र जीवन्त हाँसो !

उहाँको हाँसो सुनेर म पनि हाँस्छु । तर मेरो हाँसोभित्र केही अप्ठेराहरू पनि मडारिइरहेका छन् । हाँस्ताहाँस्तै पनि सोचिरहेको छु – भरत दाइको बहुआयामिक व्यक्तित्वलाई मैले कसरी ५-७ पेजमा उतार्न सकूँला र हँ ?

- म उहाँले चलाएका सामाजिक अभियानहरूका बारेमा लेखूँ कि ?
- पञ्चायतकालमा समेत 'कालो सूर्य' लाई बिम्ब बनाएर आख्यान बुन्न सक्ने हिम्मतका बारेमा लेखूँ कि ?

- त्यही उपन्यासका कारणले झन्नै-झन्नै अर्को 'मकैको खेती' का अर्का कृष्णलाल अधिकारी हुन लागेका योद्धाका बारेमा लेखूँ कि ?
- भ्रष्टाचारको विरोधलाई संस्थागत रूपमै अध्ययनको विषय बनाउने यी अद्‌भुत प्राणीका बारेमा केही लेखूँ कि ?
- भ्रष्टाचारविरोधी अध्ययनका लागि विश्वविद्यालयहरूलाई पाठ्‌यक्रम निर्माण गर्न सघाउँदै हिँडेका यी शिक्षासेवीका बारेमा लेखूँ कि ?
- स्वतन्त्र पत्रकारका रूपमा रहेर यिनले गरेको सार्थक पत्रकारिताका बारेमा केही लेखूँ कि ?
- भ्रष्टाचारविरोधी अभियानमा अतिथि वक्ता भई विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा चहार्दै हिँडेका यी हालसम्मका एक मात्र नेपालीका बारेमा केही लेखूँ कि ?
- मलाई एकदमै मन पर्ने लेखकका रूपमा रहेका भरत दाइलाई एउटा पाठकका हैसियतले केही भनूँ कि ?
- साह्रै सुललित सङ्गीतकार प्राध्यापक दीपक जङ्गमका दाजु हुनुको नाताको पक्षमा पो केही कुरो कोट्‌याऊँ कि ?
- मेरो लेखनलाई मन पराउने भरत दाइ मेरा एक राम्रा पाठक पनि हुन्, त्यसैका बारेमा पो केही लेख्ने कि ?
- कुनै पनि सरकारको समर्थन नगरीकन सधैँ निष्ठावान् प्रतिपक्षका रूपमा अडिग रहन सकेको यिनको यही अविचल व्यक्तित्वका बारेमा पो केही भनूँ कि ?
- एक्लो व्यक्ति नै विभिन्न विषयको संस्थाजस्तै भइसकेको भनेर पो केही लेखूँ कि ?
- भ्रष्टाचारको शिखरमा आरोहण गरेर त्यसको थाप्लोलाई पनि सदाचारका पाइलाहरूले दबाउन सकिन्छ भनेर उदाहरण प्रस्तुत गर्ने यी बेग्लै खालका कामीरिता शेर्पाका बारेमा पो केही लेखूँ कि ?
- यिनको 'कालो सूर्य' अहिलेसम्म ११ भाषामा प्रकाशित भइसकेको छ । कि फेरि एकपटक पढेर त्यसैको कथानकका बारेमा केही लेखूँ ?
- भ्रष्टाचारविरोधी विज्ञानका त प्रणेता नै यिनै हुन् । कि यसकै बारेमा केही लेखूँ त ?

– वा आजसम्म कमै मात्र चर्चाको विषय बनाइएका यी दाइको इतिहासकार व्यक्तित्वका बारेमा केही लेखूँ ?

अनि फोनमै भन्छु – "कुरो बुझेँ क्या दाइ, तर के लेख्ने मैले ? तपाईंको कुन पक्षमा आधारित भएर लेख्ने ? मेरो समस्या यो हो क्या !"

"ए बाबा, जे लेखे पनि हुन्छ । लेख न, भन्दैछु त !"

फोन राखे दाइले । तर म अझै पनि अप्ठेरोमै छु । किनकि भरत दाइ आफैँमा एक हात्ती हुन् । धेरै विषय उनैमा गएर ठोक्किन्छन् । धेरै विषय उनैबाट निस्किन्छन् । यी आफैँमा एक महासमुद्र हुन् र पनि मलाई नै भन्दैछन् – "जे लेखे पनि ५-७ पेजमा लेख न !"

र, म अप्ठेरोमा किन छु भने यी विशालकाय हात्तीलाई मैले कट्टु सिलाइदिनुछ । यी विशाल हात्तीका लागि यो सानो आलेख एउटा कट्टुजति पनि हुने छैन, तर मेरा लागि त ५-७ वटा सिरकको खोल पुग्ने कपडा खर्च गरेसरहकै मिहिनेत पर्छ नि ! 'चुहा का जान जाए बिल्लीका खेल' भएन त अनि ?

अनि ? अहिलेचाहिँ म यिनै भरत जङ्गमबारे सोच्न बसेको छु ।

तर प्रश्न उही छ अझै पनि – कहाँबाट सुरु गर्ने ?

'कालो सूर्य' पढेपछि रनभुल्लमा परेको थिएँ म धेरै वर्षअघिको कुनै दिन । यो एक उपन्यास थियो तर परम्परागत कथावस्तु थिएन यसमा । अनौठो नवीनता थियो तर हाम्रै जीवनसँग जोडिएको र यसभन्दा पहिले कथा नै नमानिने खालको 'कथा' थियो । परिच्छेद पनि थिए तर अनौठा खालका – हप्ताका सातवटै बारहरू त्यसमा परिच्छेदका रूपमा आएका थिए र एक सप्ताहको चक्रमा नेपालको सिङ्गो प्रशासनिक जीवनको कथा उतारिएको थियो । धेरै पहिले पढेको र अहिले त्यसको कथावस्तु पनि बिर्सिसकेको हुनाले म धेरै कुरा स्मरण गर्न त सक्तिनँ, तर कहिल्यै नबिर्सने कुरो के छ भने जुन बेला मैले त्यो पुस्तक पढ्ने अवसर पाएको थिएँ, त्यो बेला त्यो पुस्तक प्रतिबन्धित थियो । त्यसलाई पढ्नु पनि अपराध मानिन्थ्यो र बागमती अञ्चलाधीश कार्यालयले बजारमा भेटिएका जति सबै प्रति जफत गरेर लगिसकेको र आगो लगाइएको हल्ला बजारमा व्याप्त थियो । यस्तो प्रतिकूल अवस्थामा पनि किताब हात पारेर पढ्न भ्याइसकेको थिएँ मैलेचाहिँ ।

अनि पढिसकेर म झन् अचम्मित किन भएको थिएँ भने त्यो किताबलाई त्यसरी प्रतिबन्ध लगाउनुपर्ने कुनै कारणै थिएन मैले

जानेबुझ्ेसम्म । तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापालाई कसैले कान फुकिदिएछ – "त्यो भरत जङ्गमले त तपाईंलाई 'कालो' बनाएर किताबै लेखिसकेछ । त्यो निकै चर्को मान्छे छ । त्यसलाई त तुरुन्तै ठेगान लगाइहाल्नुपर्छ, नत्र पछि बित्यास पार्न बेर छैन ।"

अनि राष्ट्रलाई सङ्कटबाट जोगाउन यसरी पो लागेको रहेछ उनको किताबमाथिको प्रतिबन्ध त ! अब झन् कति हाँस्नु ?

प्रतिबन्ध लागेपछि किताबको चर्चा झनै उर्लिनु त स्वाभाविकै थियो । त्यसपछि त सेनाका, प्रशासनका, प्रहरीका सबै उच्चपदस्थहरूले धमाधम पढेछन् उनको 'कालो सूर्य' । प्रतिबन्ध लगाउनुपर्ने कुनै कारणै नदेखेपछि त उनीहरू नै पो बनेछन् भित्रभित्रै यसका झन् ठूला प्रचारक ।

झन्नैले कृष्णलाल अधिकारी नबनाइएका ! कृष्णलालको 'मकैको खेती' पनि आखिर शुद्ध कृषिकै किताब त थियो नि ! त्यसमा बालीको शत्रुका रूपमा चर्चा गरिएका 'कालाटाउके' र 'राताटाउके' कीरालाई त त्यस बेलाका श्री ३ का खलकले आफ्नो जङ्गी टोपीको रङ्गलाई पो सङ्केत गरिएको भन्ठानेछन् र, यही 'राज्यद्रोह' मा थुनिएका उनले जीवनको अन्तिम श्वास पनि जेलको छिँडीमै फेर्नुपऱ्यो । बिचरा कृष्णलाल त थुनिएर पनि भानुभक्त हुनै पाएनन् ।

संयोगकै कुरो होला, यी भाग्यमानी भरत जङ्गम भने बालबाल बचे र आजको यो रूपमा उदाउन मार्ग प्रशस्त भयो । यही किताबका माध्यमबाट उनले सूर्यविक्रम ज्ञवाली, डा. वासुदेव त्रिपाठी, प्रा. यदुनाथ खनाल, शेरबहादुर देउवा, भवानी भिक्षु, रामकृष्ण शर्मा, परशु प्रधान, नरहरि आचार्य, दौलतविक्रम विष्ट, कृष्णचन्द्रसिंह प्रधान, केदारमान व्यथितजस्ता लेखेरै प्रतिक्रिया दिने स्वनामधन्य पाठकवर्ग पाए । विश्वेश्वरप्रसाद कोइरालाले त व्यक्तिगत रूपमा पत्रै पठाएर लेखकप्रति सम्मान नै प्रकट गरे ।

तर आज म भरत दाइका यी कुराहरूबारे चर्चा नै गर्दिनँ । किनकि यी कुराहरूका बारेमा धेरै मानिसहरूलाई थाहा छ । आज चर्चा गर्नेछु त्यो पाटोका विषयमा जसका बारेमा धेरै मानिसलाई थाहै छैन । मैले भन्न खोजेको कुरो प्रस्ट छ र त्यो हो – भरत जङ्गम नेपाली इतिहासका एक गम्भीर अन्वेषक र पुनर्व्याख्याकार हुन् ।

उनले जब गहिरो अभिरुचिसहित नेपालको इतिहासको अध्ययन गर्न थाले, तब के पाए भने लिच्छविकालदेखि मात्र नेपालको इतिहासको केही व्यवस्थित अध्ययन भएको छ । त्यो कालभन्दा पहिलेका गोपालवंशी, किरातवंशी र अन्य पूर्ववर्ती शासकहरूका बारेमा कुनै अध्ययन भएको छैन ।

श्री ३ वीरशमशेरका पालामा एक भारतीय विद्वान् पं. भगवान्लालबाट मात्र नेपालको इतिहासको व्यवस्थित अध्ययन सुरु गरिएको छ र उनले नै सर्वप्रथम १५ वटा ऐतिहासिक अभिलेखहरूको व्याख्या प्रस्तुत गरेका छन् । त्यसको छ वर्षपछाडि बेलायती विद्वान् प्रा. सेसिल बेन्डाले नेपालको इतिहास पर्गेल्ने प्रयास गरेका छन् र उनले जम्मा चार थान अभिलेखहरूको मात्र व्याख्या प्रस्तुत गरेका छन् । त्यसपछि श्री ३ चन्द्रशमशेरका पालामा नेपाल आएका छन् फ्रान्सेली विद्वान् सिल्भाँ लेभी, र उनले लिच्छविकालीन २१ थान अभिलेखको व्याख्या गरेर वि. सं. १९६५ मा कृति नै प्रकाशन गरेका छन् । यसप्रकार राणाकालको ३० वर्षको त्यो अवधिमा जम्मा ४० थान अभिलेखहरूको मात्र व्याख्या गर्ने प्रयत्न गरिएको छ । यो तथ्यसँग साक्षात्कार भएपछि बल्ल भरत जङ्गमका मनमा प्रश्न उठ्यो – अरू अभिलेखहरू खोइ ? हाम्रो इतिहास कता गयो त ?

अनि उनले इतिहास अध्ययन प्रणालीकै इतिहास खोतल्न थाले । खोतल्दै जाँदा के पाए भने यी विदेशी विद्वान्हरूले आफ्नो अध्ययनको सार प्रस्तुत गरेको ३०-४० वर्षपछि मात्र ‘इतिहास भनेको अध्ययनको विषय हो, यसलाई त प्रामाणिक रूपमै देखाउन सक्नुपर्छ’ भन्दै बाबुराम आचार्यको उदय भयो । बाबुराम आचार्यको यस्तो योगदानले उनलाई ‘इतिहास शिरोमणि’ मात्र बनाएन, आफ्नो इतिहासको खोजीमा जागरुक योद्धाहरूको एउटा पङ्क्ति नै तयार पार्दै गयो । यही क्रममा नयराज पन्त उदाए, योगी नरहरिनाथ उदाए, पं. बुद्धिसागर पराजुली उदाए । योगी नरहरिनाथ र पं. बुद्धिसागर पराजुलीकै अग्रसरतामा वि. सं. २००० देखि ‘संस्कृत सन्देश’ नामको इतिहासप्रधान एक मासिक पत्रिका पनि प्रकाशित हुन थाल्यो । यही कालखण्डमै नयराज पन्तको नेतृत्वमा इतिहास संशोधन हुन थाल्यो । धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, जगदीशचन्द्र रेग्मीजस्ता अन्वेषकहरू यो वृत्तमा थपिँदै गए । यी विद्वान्हरूको यो मिहिनेती कार्यलाई राजा महेन्द्रले पनि देख्तै गएर पं. नयराज पन्तकै नेतृत्वमा औपचारिक रूपमै ‘इतिहास संशोधन मण्डल’ को पनि स्थापना गरियो । यसले ‘अभिलेखसङ्ग्रह’ र ‘पूर्णिमा’ नामको इतिहासप्रधान दुई पत्रिकाको पनि प्रकाशन सुरु गर्‍यो । राजा महेन्द्रले राखेको चासो र प्रोत्साहनकै फलस्वरूप यो मण्डलले गरेका कामको चौतर्फी प्रशंसा पनि हुन थाल्यो । समयको क्रमसँगै गौतमवज्र वज्राचार्य, हेमराज शाक्य, मोहनप्रसाद खनाल, कृष्णराज दैवज्ञ, डा. जनार्दनराज लामिछाने, हरिराज जोशीजस्ता अन्वेषक प्रतिभाहरू पनि यो क्षेत्रमा देखापर्दै गए ।

अलि पछि आएर त्रिभुवन विश्वविद्यालयमा नेपाल अध्ययन संस्थानको स्थापना भयो । एसियाली अध्ययन केन्द्रले काम सुरु गर्‍यो । त्यसपछि बल्ल

काठमाडौं उपत्यकाका अतिरिक्त गोरखा, टिस्टुङ, चित्लाङ, लेले, साँगा, बनेपा, खोपासीजस्ता ठाउँहरूको स्थलगत अध्ययन गर्ने र प्राप्त अभिलेखहरूको व्याख्या पनि विज्ञजनहरूबाटै गर्ने व्यवस्थित प्रणालीको सुरुवात भयो । स्थलगत अध्ययनका क्रममा के देखिएछ भने धेरै अभिलेखहरू नष्ट भएका छन्, कतिपय पुरिएका छन्, कतिपयलाई खोलाले बगाएको छ र कतिपय भत्काइएका पनि छन् । स्थानीय जनताले गर्ने खेतीकिसानीकै क्रममा कतिपय ऐतिहासिक अभिलेखहरू हटाइएका समेत छन् । यस्तो बिजोग आफ्नै आँखाले देखेपछि र इतिहासको गलत तथा बेप्रासाङ्गिक अपव्याख्या सुन्दै आएपछि भरत जङ्गमको मनमा एक दिन एउटा अठोट नै फुरेछ – अब त आफ्नो पहिचानै गाँसिएको यो क्षेत्रमा पनि केही नगरी त हुँदै हुन्न । अनि त किताब नै लेखिहाले – 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' ।

आफूले देखे, जाने र भेटेसम्मका प्राचीन, मध्य र आधुनिक कालसम्मकै कतिपय ऐतिहासिक व्याख्याका भ्रमहरूलाई चिर्न उनको यो कृति सप्रमाण सक्षम रहेको पाइन्छ । उदाहरणार्थ –

(१) नेवारी समाजमा रहेको भीमसेन देवताको अस्तित्वलाई नै लिन सकिन्छ । व्यापार प्रवर्द्धन गर्ने देवताका रूपमा प्रख्यात र जनजिब्रोले 'भिँद्यो' भन्ने गरिएका 'भीमसेन' नामका देवता को थिए ? भरत जङ्गमको खोजले भन्छ – 'भिँद्यो' भनिने नेवार समुदायका देवता महाभारतकालीन भीमसेन होइनन्, बरू भैरव र भैरवी अर्थात् भैरव र भद्रकालीको संयुक्त शक्तिरूप 'भीमभैरव' हुन् । तर तिनलाई कसरी पाँच पाण्डवमध्येका एक भाइ 'भीम' बनाइयो ? जङ्गमकै खोजको एउटा रोचक प्रसङ्ग हेरौँ –

इतिहासको कुनै कालखण्डका पाटनका राजा श्रीनिवास मल्लका एकजना एकदमै चल्तापूर्जा मन्त्री थिए भगीरथ भैया । यिनको नामका पछाडि आएको 'भैया' शब्दले यी मधेसी मूलका थिए भन्नेसमेत सङ्केत गर्दछ । यी अत्यन्तै चतुर मन्त्री थिए र यिनकै बठ्याइँकै कारणले सिद्धिनरसिंह मल्ललाई अपदस्थ गरी श्रीनिवास मल्ल पाटनको राज्य हत्याउन सफल भएका थिए । पछि जब यी राजा र मन्त्रीका पालामा पाटनमा भीमसेनको मन्दिर बनाइयो, त्यो मन्दिरमा नेपालको इतिहासमै पहिलोपटक यी 'भिँद्यो' लाई युधिष्ठिरका भाइ बनाइयो, द्रौपदीका एक पति बनाइयो, हिडिम्बाको पूजा गर्नुपर्ने बनाइयो र इतिहासको चरम अपव्याख्या गरियो । पण्डितहरूलाई लेख्न लगाएर पाण्डवको स्तुति प्रचलनमा ल्याइयो र पाण्डवको पूजाविधिसमेत तयार गराइयो । र, यसरी कहाँका शिवस्वरूप 'भिँद्यो' लाई महाभारतकालीन 'भीमसेन' बनाइयो ।

आफ्नो यो ऐतिहासिक कृतिमा भरत जङ्गमले भगीरथ भैयाको उदय अघि र पछिका 'भिँद्यो' का पूरै तथ्य, प्रमाण र अभिलेखहरूको उल्लेख गर्न छुटाएका छैनन् । यो प्रामाणिकताले भन्छ – शासकको सनकले पनि इतिहासको बाटो बदल्न सक्ने रहेछ । नेवारी समाजका 'भिँद्यो' महाभारतका भीमसेन होइनन् ।

(२) चाँगुनारायणको पश्चिमतर्फ रहेको लिच्छवि राजा मानदेवको शिलालेखलाई वि. सं. ७६२ को हो भन्ने मानिएको छ र नेपालको प्रामाणिक इतिहासको यात्रा यहीँबाट सुरु भएको मानिन्छ । राजाको स्तुति गाइएका यी १९ पद्यले जसरी इतिहासको एउटा स्पष्ट किलो गाडिदिएर खोजको यात्रालाई केही सहज गराइदिएको छ । त्यसरी नै अर्को भ्रम पनि सिर्जना गरिदिएको छ भन्छन् अन्वेषक भारत जङ्गम । उनको भनाइ छ – यी चाँगुनारायण भनेका को हुन् ? तत्कालीन अभिलेखहरूले 'दोलाशिखर स्वामी' भनेका पात्र को हुन् ? इतिहासकारहरू धेरैले भनेका रहेछन् – 'दोलाशिखर स्वामी' भनेका स्वयं चाँगुनारायण नै हुन् । तर आफ्नो व्यापक खोज र अनुसन्धानपछि भरत जङ्गम निष्कर्षमा पुगेका छन् – दोलाशिखर स्वामी भनेका चाँगुनारायण हुँदै होइनन् ।

लिच्छविकालका चार प्रमुख स्वामीहरू दोलाशिखर स्वामी, लोकपाल स्वामी, नारायण स्वामी (इचङ्गु नारायण) र वामन स्वामीका बारेमा लेखिएका धेरै अभिलेखहरूको अध्ययनपछि लेखक यो निष्कर्षमा पुगेका देखिन्छन् ।

(३) प्रख्यात राजा अंशुवर्माको राजधानी सहर भनिएको 'हंसगृह द्रङ' नेपालमा कहाँ थियो ? जङ्गमको खोजले भनेको छ – द्रङ भनेको प्रशासनिक शक्तिसमेत पाएको एक विकसित बस्ती हो, जहाँ प्रसिद्ध 'कैलाशकूट' भवन थियो भनिएको छ, त्यो ठाउँ हालको 'हाँडीगाउँ' नै हो । 'हंसगृह' बाट 'हंसग्राम' हुँदै जनजिब्रोले त्यही ठाउँलाई नै 'हाँडीगाउँ' बनाएको हो । यसलाई पुष्टि गर्ने क्रममा उनले नक्सालस्थित दूरसञ्चारको कार्यालय भवनको निर्माण गर्न जग खन्दा निस्किएका मानदेवकालीन इँटाहरूको आधार लिएको कुरो पुस्तकमै सप्रमाण प्रस्तुत गरेर अध्ययन गर्न थप सजिलो बनाइदिएका छन् ।

(४) वर्तमान भक्तपुरको पुरानो नाम 'ख्वप' हो । तर लिच्छविकालका विभिन्न समयमा यो नगरलाई अन्य विभिन्न नामहरूले पनि सम्बोधन गर्ने गरेको पाइएको छ । खृपुङ्ग्राम, खुलप्रिङ्ग्राम, खोप्रिङ्ग्राम, खामोप्रिङ् द्रङ आदि यस नगरका नाम रहेका देखिन्छन् । नगरले पाएको शासकीय र अन्य

प्रशासनिक अधिकारको मात्राअनुसार नै समय-समयमा नाम फेरिएको पाइन्छ भन्छन् लेखक ।

लिच्छविकालीन बस्तीहरू सबै मासिएका छैनन् । ती आज पनि अस्तित्वको निरन्तरतामै रहेको तथ्यलाई अघि सार्दै लेखकले भनेका छन् – त्यो बेलाको कुर्पासीग्राम नै आजको खोपासी हो । एतङग्राम आजको पाटनको यङबहाल हो, कोलिग्राम आजको कान्तिपुर हो । लप्रिङग्राम लुभु हो, पाँगु नै आजको पाँगा हो । त्यो बेलाको चुस्टुङग्राम आजको टिस्टुङ हो, नुपुनग्राम नैकाप हो, सत्वौयालम्बा सतुङ्गल हो । शितातीग्राम आजको सितापाइला हो । थसम्पिक थानकोट हो, थम्बुग्राम ठैब हो, दुप्रङग्राम दुवाकोट हो । त्यसरी नै त्यो बेलाको लेम्वन्तीग्राम आजको लेले हो, बुगाथुमीग्राम आजको बुङमती र नम्पुन्न द्रङ आजको नुवाकोट हो ।

यसप्रकार लेखकले ज्यादै मिहिनेत गरेर आजका ग्राम र बस्तीका प्रशासनिक स्वरूप र तत्कालीन ग्राम र बस्तीको प्रशासनिक अधिकारको मात्राका आधारमा नाममा परिवर्तन आउने गरेको तथ्यलाई देखाएका छन् । यसलाई आधुनिक व्यवस्थाकै आधारमा हेर्ने हो भने पनि राणाकालीन गढी, गौँडा र गोश्वारा, शाहकालीन गाउँ र नगर पञ्चायत, वि. सं. २०४६ पछिका गाउँ विकास समिति र नगरपालिका तथा हाल कायम गरिएका 'पालिका' हरूलाई पनि यही रूपमा बुझ्न सकिन्छ ।

(५) लेखक भरत जङ्गमले यो पुस्तकमा केही अनौठा र रोचक प्रसङ्गहरूको पनि उल्लेख गरेका छन् । त्यस्तै एउटा प्रसङ्ग छ २०७० साल असार २२ गतेदेखि भक्तपुरको डोलेश्वर मन्दिरमा केदारनाथको नित्यपूजा सुरु गरिएको प्रसङ्ग । केदारनाथको शिरका रूपमा डोलेश्वरलाई मानेर जब भव्य नित्यपूजाको सुरुवात गरियो र यो कुराको समाचार नाम चलेका र मूल धारका भारतीय पत्रपत्रिकाहरूले समेत उराल्ने गरी छापे, तब भारतको केन्द्रीय सरकारले केदारनाथस्थित उखी मठलाई पत्रै लेखेर सोधेछ – "केदारनाथको लिङ्ग कसरी नेपाल पुग्यो ? कसले लग्यो ? त्यहाँ किन केदारनाथको नित्यपूजा हुँदैछ ?"

ठूलै तहल्का मच्चाएको यो समाचारको जवाफ दिने क्रममा कताकताबाट भरत जङ्गम पनि जोडिन आइपुगेछन् । अनि उनले नै जवाफ दिएका रहेछन् – "केदारनाथको लिङ्ग कसैले पनि ल्याएको होइन । यो त ५००० वर्षदेखि नै नेपालमै थियो । कुनै कारणवश रोकिएको पूजा अब चालु गरिएको मात्र हो ।"

अनि उनैले प्रमाण नै देखाइदिएछन् केदारनाथको शिरभागका बारेमा शिवपुराणको कोटिरुद्रसंहिताको १९ औं अध्यायमा यसरी भनिएको अकाट्य प्रमाण नै छ नि भनेर – "नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः ।"

(६) यसरी नै सुरुका वाणेश्वर नै पछि बानेश्वर महादेव बनेका कुरा, कैलालीको सतीबजारमा रहेको प्रकाशेश्वर शिवलिङ्गसम्बन्धी केही अनौठा कुराहरू, भक्तपुरकै वागेश्वर र वागेश्वरी अर्थात् वाणीप्रधान क्षेत्रको खोजी र त्यहाँ सरस्वतीको मूर्ति स्थापना गर्न आफूले गर्नुपरेको मिहिनेतको प्रसङ्ग, वाल्मीकेश्वर महादेव र लासापा सस्वद्यो (महामञ्जुश्री) थानको उत्थान गरिएको कार्य, राजा भूपतीन्द्र मल्ल स्वयंले रचना गरेको भनिएको 'प्रभो पाहिदीनं नृपं भूपतीन्द्रम्' नामक भजनको पूर्ण पाठको खोजी, काभ्रेको धनेश्वर महादेवको पूर्ण ऐतिहासिकताको खोजी जस्ता अनेकौं काममा लेखक जङ्गम समर्पित भएर लागेका देखिन्छन् । 'जङ्गम' शब्दको अर्थ नै अङ्ग्रेजीमा 'moving' हुने भएकाले होला, लेखकको स्वभाव पनि संस्कृतको 'चरैवेति' को नजिक पुगेको देखिन्छ । जङ्गमले जे देख्छन् र मनलाई छुन्छ, त्यसको खोजिनिती सुरु गरिहाल्छन् । अब त यही नै भरत दाइको अपरिवर्तनीय स्वभाव पनि भइसक्यो । पचहत्तर वर्ष पुगेपछि त झन् कहाँ फेरिएला र त्यो पुरानो बानी ?

(७) भक्तपुरकै मानिसहरूमा, अझ कतिसम्म भने कतिपय त गुठियारहरूमै समेत यो भ्रम रहेको छ कि बिस्केट जात्रामा उठाइने लिङ्गोमा राखिने लामा-लामा ध्वजाहरू त्यहीँ प्रचलित किंवदन्तीमा रहेका नाग र नागिनीको प्रतीक हो । 'हलिपट' समेत भनिने यो लामो ध्वजा 'शिवध्वजा' हो, नाग-नागिनी होइन भनेर लेखकले धेरै प्रमाणसहित स्पष्ट पारिदिएका छन् । यो शब्दको निर्माण नै वृषकेतु, बिस्केत हुँदै बिस्केट भएको र 'वृषकेतु' भन्नु नै 'शिवध्वज' हो भन्ने लेखकको मत रहेको पाइन्छ ।

(८) लेखक जङ्गमले इतिहासको खोजी गर्ने सिलसिलामा ऐतिहासिक तथ्यहरूको पुनर्व्याख्या मात्र गरेका छैनन्, तत्कालीन वैज्ञानिक उपकरणहरूमध्येको एक भक्तपुरको बोलाछें टोलमा रहेको 'तालोदम्फो' को अद्‌भुत उपस्थितिका बारेमा पनि रोचक चर्चा गरेका छन् । 'तालोचो' समेत भनिने गरिएको यो संरचनाको अर्थ लगाउँदै 'तालो' भन्नाले 'माथि' र 'दम्फो' भनेको 'ढिस्को' हो भनेर बुझाइदिएका छन् । वास्तवमा झट्ट हेर्दा तीन रोपनीजति क्षेत्रफलमा फैलिएको र अन्दाजी ३० फिटजति अग्लो एउटा ढिस्कोको नाम नै 'तालोदम्फो' हो । तर तालोदम्फोको कुरो यतिमा मात्रै सकिँदैन । यसको थाप्लोमा एउटा 'भैलग' अर्थात् 'खाल्डो' छ । यो खाल्डो १८

इन्च मात्र गहिरो छ, तर लम्बाइ र चौडाइ क्रमशः १० फिट र ४ फिट रहेको छ । यसप्रकार निर्माण गरिएको यो ४० वर्गमिटरको खाल्डोको दक्षिणी भागमा पानी मापन गर्ने एउटा ढुङ्गो छ । २० इन्च अग्लो र ४० इन्च मोटो यो ढुङ्गालाई यहाँ भैरव मानिएको छ । खाल्डोको बीच भागमा वासुकी नाग बुझाउने 'बासी' नामको शिला रहेको छ । वास्तवमा तालोदम्फोको यो भैलग भनिने यो खाल्डो नै यहाँको जलवायु मापन गर्ने यन्त्र हो । यसैमा रहेको पानीको सतह हेरेर नै हाम्रा पुर्खाहरूले खेतमा बीउ राख्ने, रोपाइँ गर्ने, अन्य खेतीबाली लगाउने, फसल थन्क्याउने लगायतका सारा खेतीपातीको कार्यतालिका निर्धारण गर्दथे भन्ने लेखकको मत रहेको पढ्न पाइन्छ ।

यी माथि उल्लिखित केही प्रसङ्गहरू त भरत दाइको इतिहासको खोजीतर्फको अभिरुचिलाई प्रतिबिम्बित गर्नका लागि मात्र सङ्केतको रूपमा उठाइएको हो । यही कृतिभित्र अरू पनि अनेक प्रसङ्गहरू छन् । सक्कली कुरा बुझ्न र भरत जङ्गमलाई अझै चिन्न त इतिहासको यो किताब पनि पढ्नैपर्ने देखिन्छ ।

यो आलेख टुङ्गिने बेलामा पनि म अझै छक्क परिरहेको छु – मैले बुझेको त्यति सरल 'कालो सूर्य' का लेखक भरत दाइ त इतिहासका बोझिला अभिलेख पनि पो पढ्दै हिँड्दा रहेछन् । यति कठिन काम गर्न त मैले कहिल्यै पनि सक्छु होला जस्तो नै लाग्दैन । र, मेरो जीवनको दर्शनले भन्छ – "म जुन काम गर्न सक्तिनँ, त्यो काम गर्ने मान्छेलाई मैले मान्नैपर्छ ।"

मैले तपाईंलाई मानेँ भरत दाइ ! तपाईं त इतिहासको अँध्यारो सुरुङमा पनि मजाले दियो सल्काउँदै पो हिँड्नुभएको रहेछ त !

●



प्रतीक ढकाल नियात्राकार र कवि हुनुहुन्छ । उहाँ नियात्रा समाजका अध्यक्ष पनि हुनुहुन्छ । भुटानमा जन्मेर झापा हुँदै हाल काठमाडौँमा बसोवास गर्नुभएका उहाँ अनुवादकसमेत हुनुहुन्छ । उहाँ विभिन्न पुरस्कारबाट पुरस्कृत हुनुभएको छ ।

# भ्रष्टाचारविरोधी महानायक
## - प्रीतबहादुर विष्ट

भ्रष्टाचारविरोधी आन्दोलनका महानायक भरतमणि जङ्गमसँग मेरो औपचारिक परिचय २०६८ सालपछि भएको थियो । राष्ट्रवादी चिन्तन र चरित्र भएका जङ्गम भ्रष्टाचारविरोधी मेची-महाकाली अभियानका क्रममा बैतडी पाटन बहुमुखी क्याम्पसमा आउनुभएको थियो । तत्काल म क्याम्पस प्रमुख थिएँ । उहाँसँगको परिचय, भेटघाट, भलाकुसारीपछि हालसम्म जङ्गम र मेराबीच साहित्यिक चर्चा-परिचर्चा अभियानका गतिविधिबारे विचार आदानप्रदान भइरहन्छन् ।

भरत जङ्गम नेपाली साहित्यका सफल उपन्यासकार मात्र नभई समाजसेवी, राजनीतिक चिन्तकका साथै पत्रकारिता, वाणिज्य, कुशल वरिष्ठ कानुन व्यवसायीका रूपमा पनि चिनिन्छन् । उनी सबै विधामा, सम्पूर्ण क्षेत्रमा पूर्ण सफल देखिन्छन् । जङ्गमद्वारा लिखित ‘पचास प्रसङ्ग’ पुस्तकमार्फत तत्कालीन नेपालको राजनीति, सामाजिक अर्थ र वाणिज्य विषयलाई समेटी स्वाभिमानी राष्ट्रवादी व्यक्तिका दृष्टिकोण र विचारहरू हाम्रा सामु प्रस्तुत गरेका छन् । ‘पचास प्रसङ्ग’ पढ्दा नेपालमा घटेका समसामयिक घटना र प्रसङ्गका अलावा यिनका दूरगामी विचार र रचनात्मक दृष्टिकोण झल्किन्छन् । नेपाल र नेपालीको इतिहासलाई सबल, स्वस्थ, सक्षम राखी अगाडि बढाउन जङ्गमको उल्लेखनीय योगदान रहेको कुरामा दुई मत देखिँदैन । यो पुस्तकको सारतत्त्वले नेपालको अदूरदर्शी राजनीतिबारेको बोध गराउँछ । प्रत्येक राजनीति गर्ने व्यक्तिले भरत जङ्गमद्वारा लिखित ‘पचास प्रसङ्ग’ पढ्नु र तदनुसार कार्य गर्नु जरुरी देखेको छु ।

२०३६ सालमा भरत जङ्गमद्वारा लिखित ‘कालो सूर्य’ नामक उपन्यासले नेपालमा व्याप्त भ्रष्टाचार उदाङ्गो पारी मानवीय समसामयिक र गुणको वैज्ञानिक व्याख्या गरेको पाइन्छ । २०५९ सालमा चौथो संस्करण भई हाल विभिन्न १४ भाषा र अङ्ग्रेजी, हिन्दी, जापानी, उर्दू, चिनियाँ, रूसी आदि भाषामा प्रकाशित यस उपन्यासका माध्यमबाट विश्वसामु नेपाली पहिचान पुऱ्याउन सफल देखिन्छ ।

२०४१ सालमा प्रकाशित भरत जङ्गमको दोस्रो उपन्यास ‘व्यूहचक्र’ राजनीतिक उपन्यासका रूपमा परिचित छ । अङ्ग्रेजी, हिन्दी, मैथिली र उर्दू

भाषामा अनूदित यस उपन्यासले नेपालको पञ्चायती व्यवस्थाभित्रका विकृति-विसङ्गतिहरूलाई औंल्याएको पाइन्छ । अर्को उपन्यास 'रातो घाम' का माध्यमबाट पडोसी मुलुक चीनको वास्तविक पहिचान र तिब्बतका बारेमा यथेष्ट जानकारी मिल्छ । दुई दर्जनभन्दा बढी मुलुकहरूको भ्रमण गरी विविध अनुभव समेट्नुभएका भरत जङ्गमको भ्रष्टाचारविरोधी विचार नै अन्तर्राष्ट्रिय व्यक्तित्वको चिनारी हो ।

सुदूरपश्चिम भ्रमणको सिलसिलामा २०६८ साल माघ महिनाको बैतडी आइपुग्नुभएका भरत जङ्गमबाट बैतडीको सदरमुकाम खलङ्गा र पाटन बहुमुखी क्याम्पस पाटन बैतडीमा बृहत् आमसभाको आयोजना गर्नुभएको थियो । आमसभाको सहमतिबाट क्षेत्र नं. २ बाट गणेश ठगुन्ना र क्षेत्र नं. १ बाट पाटन बहुमुखी क्याम्पस बैतडीका क्याम्पस प्रमुख पृतबहादुर बिष्टलाई संयोजकको जिम्मेवारी दिएपछि उहाँको अभियान सुदूरपश्चिमको दूरदराजसम्म व्यापक हुँदै गएको छ, जुन समिति हालसम्म कार्यरत देखिन्छ र स्थानीय प्रदेश र केन्द्रीय सरकारका विविध निकाय र क्षेत्रमा हुने भ्रष्टाचारविरूद्ध सजग रहेको छ ।

●



प्रीतबहादुर विष्ट पाटन बहुमुखी क्याम्पस बैतडीका पूर्व क्याम्पस प्रमुख हुनुहुन्छ र हाल उहाँ कञ्चनपुरको तिलकपुरमा बस्नुहुन्छ ।

# विशिष्ट अभियन्ताको व्यक्तित्वका विविध आयाम
## – प्रा. प्रेमकुमार खत्री

व्यक्ति-व्यक्तिबाट समष्टि बनेपछि समाजको विधिवत सञ्चालन हुन्छ । तर रहँदा-बस्ता फरक-फरक परिवेश, सामाजिकीकरण, तालिम, प्रवृत्ति, सोच र संस्कारका कारण समष्टिभित्रको व्यक्ति फरक हुँदै पनि जान्छ । फलतः समाजमा विकृति टुसाउँछ । विकृतिलाई हेर्ने देख्ने, बुझ्ने वा त्यसलाई झाङ्गिन नदिन ठूलै अठोट, रणनीति, योजना र प्रतिबद्धताको आवश्यकता पर्छ । बिग्रने अवस्थामा पुगेको समाजमा चेतनाका माध्यमबाट असल मूल्य-मान्यता स्थापित गर्नु एक भगीरथ प्रयत्नकै खाँचो पर्छ ।

यस छोटो आकारको आलेखमा त्यस भगीरथ प्रयत्नलाई लगभग एक्लै मार्ग बनाउँदै हिँड्ने व्यक्तित्वका बारेमा चर्चा गरिनेछ । यो समग्र ग्रन्थ त्यस व्यक्तिका बारेमा समर्पित गरिएकाले यो लेखले एउटा निकै सानो कुनोमा मात्र बस्न पाउने अपेक्षा छ र यो लेखकका लागि सन्तुष्टिको विषय हो ।

यस आलेखलाई अघि बढाउने क्रममा एउटा विचार अघि सऱ्यो । यो सोच मौजुदा नेपाली परिवेशमा निकै प्रखर पनि भयो । एउटा व्यक्तिमा एउटा सोच, अथक प्रयत्न राखिएका सङ्ला जनोपयोगी विचार मात्र अटे यो सानो सुन्दर नेपाल कस्तो हुन्थ्यो होला ? एउटा मात्र सोच, एउटा विचार र व्यवहारको कुरा गरिँदैछ । यस्तो देशमा अर्कोतिर एउटा व्यक्तिमा असल विचारका अनेक नदी, व्यवहारका अनेक आयाम, अनेक शैली अटेसमटेस गरेर कसरी एकसाथ रहन सक्ता हुन् ? त्यो कसरी सम्भव हुन्छ होला ?

यस अभिनन्दनग्रन्थका नायक भरत जङ्गम सायद नेपाल माताका त्यस्ता थोरै व्यक्तिहरूमा गनिनुहुन्छ, जसको व्यक्तित्वका एक वा दुई वा तीन नभएर अनेक पक्ष, पाटा वा आयाम छन् । यस ग्रन्थका पाठकले ती विविध आयामको झलक यी पाठहरूबाट पाउनुहुनेछ ।

भरत जङ्गम एउटा व्यक्तिबाट रूपान्तरित हुँदै व्यक्तित्व र अन्ततः एक संस्था हुनुभयो । करिब ५ दशकसम्म नजिकबाट नियाल्दा ती आयामहरूको स्थापना र विकास देख्ने अवसर काठमाडौँको उस बेलाको भीमसेनगोला, पछिको का. म. पा बानेश्वर, मीनभवन, बत्तिसपुतली, तीनकुने, शङ्खमूल, गौशाला, सिनामङ्गल बृहद् क्षेत्रका युवा, महिला, ज्येष्ठ आदि विविध तप्काका शुभचिन्तकहरूले पाए । पछिको व्यक्तित्व झनै झाङ्गिएर राष्ट्रिय र

अन्तर्राष्ट्रिय स्वरूपमा फैलिएको छ र पछाडि फर्केर हेर्नुपरेको छैन । बढ्दो व्यक्तित्व विकासमा त्यस वृत्तबाट पर, टाढा बसेकाले राम्रो लाइनमा बसेको वा लाइन लगाएर राम्रो काम गरेकोमा जति प्रशंसा हुन्छ, त्यति नभए पनि त्यसको केही अंश ता आलोचना सहजमा हुन्छ नै । काम गर्ने, परिणाममुखी भएर लाग्ने व्यक्ति वा त्यस्ता संस्थाले आफ्नो कामको ९० प्रतिशत असल सुझावमूलक र ८-१० प्रतिशत संस्था व्यक्तिगत रिस-इवि साधन, ईर्ष्या, डाहाबाट प्रेरित टीकाटिप्पणी आउनेछन् भनी सोच्नु बुद्धिमानी हुन्छ ।

यहाँ भरत जङ्गमका सोच, व्यवहार र तिनको राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वबारे पनि त्यो फर्मुला लागू नहुने कुरा छैन । तापनि भरत जङ्गम सुशासन, भ्रष्टाचार निर्मूलीकरण र प्रामाणिक सत्य लेखन, सत्य प्रतिपादनका क्षेत्रमा एक कर्मठ योद्धाका रूपमा परिचित हुँदै अघि बढ्नुभयो । यो अदम्य साहसले स्वचालित हुँदै फलको आशा नराखी कर्म गर्दै जाँदा आज जगत्ले उहाँलाई चिन्यो । उहाँ वास्तवमै भ्रष्टाचारविरोधी अभियानका प्रतीक हुनुभयो । आजको नेपालमा भ्रष्टाचार नपाइने कुरो कता होला ? बत्ती लिएर खोजी हिँड्नुपर्ने अवस्था छ । जतिथरि राजनीतिक परिवर्तन भए पनि परिवर्तित व्यवस्थाको पहिलो उपहार हुन्छ भ्रष्टाचार । त्यो खुद्रे पनि हुन्छ पसलजस्तो । त्यो थोक पनि हुन्छ । राति मात्र होइन, दिउँसो झलमल्ल घाममा पनि नाचेको छ । कुनै भाइरसले यसलाई छुँदैन । किनभने भ्रष्टाचार आफैँमा एक शक्तिशाली भाइरस हो । यसको बयान गर्न सक्ने को ? कोभिडसित लड्ने क्षमता नहुँदा जनता होइन, देश रोयो । डाको छोडेर रोयो नेपाल देश । तर ठूला भ्रष्टाचारका ठूला कहानी लेखिरहने गीत थिए, बाजा बजे, गीत बजिरहे । भ्रष्टाचारीहरू पूर्ण रूपले नाङ्गा भएर पनि हिँडिरहे, गीत सुनिरहे । त्यस्तो १०० प्रतिशत सहनशील देशमा बस्छौँ हामी । यहाँ जिउँदो मात्र होइन, मरेको पनि भ्रष्ट छ वा भ्रष्टको सहायकरथि हुन्छ । आजकाल अख्तियारले नयाँ रणनीति, अख्तियार गरेको छ । जहाँ भ्रष्टाचार हुन्छ, त्यहीँ पुग्ने र पहिले कारवाही गरिहाल्ने भ्रष्ट भएको प्रमाण पाएमा । यसैले यदाकदा यहाँका कर्मचारीका छरितो टोली उजुरी सुनेपछि वा त्यसको गन्ध आफैँले सुङ्दै अपराधस्थल पुग्छ ।

एउटा दृश्य बनाऊँ । यो काल्पनिक हो ।

भैरहवा, हेटौडा, पोखराबाट भ्रष्टाचारका १०-२० हजारका साना बिटा र स्थलमै रङ्गेहात पक्रिएका कर्मचारीले ती खरदार, ना. सु. लाई झ्याइँकुटी पारेर खुसीले हाँस्तै अख्तियार कलङ्की मालपोत कार्यालय हुँदै मुलकको आशाको ढुकढुकी छिर्छ । दरबारमार्ग नेपाल ट्रस्टको कार्यालय पुग्दै लाग्दा

कालो सूर्यले बत्ती झ्याप्प निभाई अँध्यारोको राज चल्छ । सडकमा तरकारी ओसार्ने ओम्नीले धर्म छाड्छ, टोलीलाई तान्नै सक्दैन । यताको भोलि हेर्ने भन्दै टोली ओम्नीलाई नागपोखरीको म्यारिएटमा थान्को लगाएर आफ्नो रातो बङ्गला पुग्छ । भुँडे गणेशलाई ताक्या छलियो है भन्दै टोली घरभित्र प्रवेश गर्छ । त्यो भोलि कहिल्यै आउँदैन । भुँडे, सिकुटे सबै गणेशहरूलाई थाहा छ किनभने तिनका बा स्वयम् महादेव पशुपति नै अहिले निरपेक्षको असुरक्षा घेरामा छन् । उनीहरू कसैको कल्याण गर्न सक्तैनन्, भ्रष्टाचारीको कल्याण गर्ने भन्न बाध्य छन् ।

भरत जङ्गमको पहिलो आयाममा साहित्य साधना प्रकट हुन्छ । उहाँको 'कालो सूर्य' उपन्यासले आख्यानमा एउटा ठाउँ बनायो । यो धेरै भाषामा अनूदित पनि भयो । यस आयामलाई लामो समयसम्म निरन्तरता नदिई जङ्गमजीले भ्रष्टाचारविरोधी अभियान सुरु गर्नुभयो । यो आफ्नै शैली र सिद्धान्तको अभियान थियो । यस अन्य विविध अभियान थिए तर उहाँलाई नेपालीले एक्लो बृहस्पति भन्थ्यो । अरू थाक्थे तर उहाँको अभियान अनवरत र अहोरात्र चलिरहन्थ्यो ।

तेस्रो महत्त्वपूर्ण अभियानमा सत्यतथ्यमा आधारित इतिहास लेखन रहेको छ ।

नेपालमा इतिहास लेखन परम्परा लामो छैन । एसियामा इस्लाम धर्म र त्यसको प्रभावमा रहेका राज्यहरूको आठौँ शताब्दीपछि सुरु हुँदै चौथो शताब्दीतिर यस धर्मका अनुयायी पूर्वी एसियामा ठूलै सङ्ख्यामा फैलिए । यस्तो अवस्थामा फारसी, अरबी विद्वान्हरू पनि यस क्षेत्रमा घुम्ने गर्दथे । पछि युरोपबाट आयातीत इसाई मतको प्रचारमा नियुक्त पादरीहरू इटाली, पोर्चुगल आदि देशबाट भारत हुँदै नेपाल, तिब्बत आउँथे । काठमाडौँमा केही समय बस्थे र यहाँको जनजीवनबारे लेख्थे । पछि बेलायतबाट आएर सैन्य पदाधिकारी वा अन्य नियुक्तिबाट यता आएका बेलायती हडसन, राइट, कर्कपेट्रिक, वाडेन, ओल्डफिल्ड आदिले नेपालको इतिहासका विविध पक्षमा लेखे । उन्नाइसौँ-बीसौँ शताब्दीमा भरतीय लिपिविद्, मुद्रा विशेषज्ञ र इतिहासविद्हरूले नेपालको इतिहासका विविध पक्षमा लेखे । राणाकालभरि गतिलो इतिहास लेख्ने स्वीकृति थिएन । २००७ सालको परिवर्तनपछि अध्ययन, लेखन, पठनपाठनको वातावरण बन्दै गयो । विद्यालय, कलेज र २०१८ सालपछि विश्वविद्यालयमा इतिहास र संस्कृत विषय स्थापित भए । राम्रो शुद्ध प्रामाणिक इतिहास लेखिनुपर्छ भन्ने इतिहास संशोधन मण्डलजस्ता संस्था पनि जन्मिए । सरदार रुद्रराज पाण्डे, प्राचार्य भैरवबहादुर प्रधान, डा.

डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा, ढुण्डीराज भण्डारी, सूर्यविक्रम ज्ञवाली, योगी नरहरिनाथ, विक्रमजीत हसरत (कोलम्बो प्लानका शिक्षक), गोकुलचन्द्र शास्त्री आदि विद्वान् २००७ सालपछिको समयका जानेमानेका इतिहासविद् थिए । तिनका कृति शास्त्रीय दर्जा र महत्त्वका थिए ।

पछिल्लो समयमा भरत जङ्गमले इतिहास लेख्नमा अशुद्धि, अपूर्णता र अप्रामाणिकता व्यक्त भएमा पठनपाठनमा विकृति आउने र नयाँ पुस्ताले इतिहास गलत ढङ्गले पढ्ने, बुझ्ने, बुझाउने परम्परालाई अन्त्य गर्नुपर्छ भन्ने अभियान चलाउनुभएको छ । यो पनि उहाँको भ्रष्टाचारविरोधी अभियानजस्तै एकल अभियानका रूपमा आएको देखिन्छ । उहाँको कृति 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिक काल, २०७७, प्रकाशक शब्दयात्रा प्रकाशन)' यस धारको उहाँको पहिलो पुस्तककृति हो । यस कृतिमा १३ इतिहास र संस्कृतिसित सम्बन्धित लेख र एक चित्रावली समाविष्ट छन् । यो एक अनुसन्धानात्मक भन्न सकिने नेखकका मौलिक विचार, चिन्तन, चिन्ता र सरोकार प्रस्ट हुने सङ्ग्रह हो । यसैले यो सङ्ग्रहणीय छ ।

यस ग्रन्थको 'लेखकीय' मा लेखकको यो कृति प्रकाशित गर्नुको मनसाय प्रस्ट हुन्छ – नेपालको प्राचीन इतिहास प्रस्ट नलेखिएको र लेखिए पनि गलत व्याख्या भएका कारण कतिपय घटना र विवरण तथ्यपरक नरहेको, इतिहासमा धेरै नै भ्रम रहेको इतिहासका केही अंश त्रुटिपूर्ण भएको देखिएपछि यस क्षेत्रको गहिरिएर अध्ययन गर्ने रुचि बढ्दै गयो । यस लेखाइले नै पाठकको रुचिलाई पनि पृष्ठहरूतिर तान्ने हो । यसमा ग्रन्थकार सफल हुनुहुन्छ । यस कृतिको पहिलो मूल लेख 'भिँद्यो महाभारतकालीन भीमसेन होइनन्' भन्ने शीर्षकमा छ ।

झट्ट हेर्दा यो भीमसेनलाई शास्त्रबाट तानेर बाहिर ल्याई लोकदेवताको स्वरूप दिइएको देखिन्छ । तर्क आ-आफ्नो ठाउँमा छ । तर रामायण र महाभारतका वीर-वीराङ्गनालाई जनजाति र आदिवासीलगायत धेरै समुदायले आफ्नो भूगोल, बस्ती, प्रचलन, आवश्यकता र समस्या समाधानको एक अकाट्य स्रोतका रूपमा विकसित गर्ने प्रचलन नेपाली संस्कृतिमा छ । दाङका थारू, मगरातका मगर, अन्य क्षेत्र र समुदायको संस्कृतिमा पनि यो शैली कायम छ । थारूको कोनाम त्यसको उदाहरण हो । भीमसेनलाई उपत्यकाका नेवारहरू पनि मियो नै भन्ने गर्छन् । तर यी भीम महाभारतकालीन हुन् वा पछि विकसित आवश्यकता अनुसार बन्दव्यापारको संरक्षक मात्र हुन् भन्नेचाहिँ थप खोजकै विषय हुन सक्छ ।

'चाँगुनारायणको नाम दोल शिखर स्वामी होइन' भन्ने यस ग्रन्थको तेस्रो लेखमा पनि लेखकले दरो तर्क प्रस्तुत गर्दै दोला नामको शिखर अर्थात् भूक्षेत्रको अग्लो भाग चाँगुबाहेक अन्यत्र कहीँ दक्षिणतिर खोज्न सकिने र यसबाट दोलाशिखर र चाँगुबीच गाँसिएको सम्बन्ध छुटाउनुपर्ने भन्ने तर्क अघि सारेको छ । यो पनि एक विचारणीय प्रधान हो । इतिहासकार धनवज्र बज्राचार्य लगायतले दोलशिखर स्वामी चाँगु र दोला पर्वत चाँगु भनेकोमा चाँगु शिखर वा पहाडको उच्च भाग हुन सक्तैन यसलाई वर्तमान डोलेश्वर उस बेलाको हंसगृह नगरक्षेत्र हुन किन सक्तैन भन्ने तर्क अघि सार्नुभएको छ ।

यसपछिका डोलेश्वर, बानेश्वर, प्रकाशेश्वर आदि ज्योतिर्लिङ्गका बारेमा प्रकाश पारिएको छ । यिनका बारेमा ऐतिहासिक प्रमाणहरू अभिलेखबाट जुटाइएकाले तिनमा अविश्वास गर्न सजिलो छैन ।

ग्रन्थको मध्य भागमा राखिएको 'प्राचीन वर्षामापक यन्त्र तालोदम्फो' फरक शैलीको लेख हो । यस लेखलाई लेखकले विज्ञानसम्मत भन्नुभएको छ । यहाँ भक्तपुर नगरका कृषकले वर्षाको अनुमान खडेरी परेमा वर्षाको माग गर्ने वर्षामापन गर्ने आदि काम गर्ने गरेको पाइयो । यस लेखकले नेपालमा खडेरी पर्दा पानी माग्ने सांस्कृतिक प्रचलनको सर्वेक्षण, अध्ययन गर्ने योजनाअनुरूप काम थाल्ने क्रममा यो थप सूचना विशेष महत्त्वको रहेको छ । यस लेखले परम्परागत वैज्ञानिक प्रविधिको परिचय दिएको छ ।

'धनेश्वर महादेव र त्यसको ऐतिहासिक पृष्ठभूमि' प्रस्तुत ग्रन्थको लामामध्येको (पृ. १४३ – १७३) लेख हो । अनुसन्धान लेखको समीक्षाका लागि यहाँ पर्याप्त पृष्ठ छैनन् । तर भए लेखको महत्त्व भने विशिष्ट छ । यस ग्रन्थमा समावेश गरिएका धेरै सङ्ख्याका शैवतीर्थबारेका लेखहरूमा यो लामो र विविधतायुक्त छ । यसमा रहेका शिलापत्रमा मन्दिरको पूजा, अर्चना र प्रार्थना आदि हुन् । पुरोहितबाट प्राप्त भनिएका भजनमा शाह र मल्ल शासकहरूका शिव-महादेव भजनले समय पनि गाएका छन् । तसर्थ लेखकले भनेजस्तै यस परिसरको पूजा-परम्परा, भाषिक, सांस्कृतिक, वास्तुकला आदि विविध विषयमा थप अनुसन्धान हुन सक्ने देखिन्छ ।

पुस्तककृतिको अन्तिम आलेख 'नेपालका जङ्गम जातिको इतिहास' सांस्कृतिक, धार्मिक दायित्व विभिन्न मठमन्दिरमा यस जातिको संलग्नता, देन, योजना आदिको लामो विस्तृत चर्चा छ । यो ग्रन्थकारको आफ्नो कुल, वंश र जङ्गम परम्पराको पनि इतिहास हो । यस पुनीत अवसरमा यसलाई बाहिर ल्याउनु समुचित पनि देखियो ।

अन्तमा, यस अभिनन्दनग्रन्थमा रचना विविधता नै मुख्य विशेषता हुने अनुमान गर्न सकिन्छ । यस पङ्क्तिकारले भरत जङ्गमको व्यक्तित्वका विविध आयाममा साहित्यिकपट्टि दह्रो कलम चलाउने क्षमता रहने, आफूलाई चासो लाग्ने नेपाली जनताकै चासो, पीडा र सर्वदा परिवर्तनको विषमता, भ्रष्टाचार निवारणलाई स्पर्शसम्म गरियो । यसरी जङ्गमजीको इतिहास परिशुद्धिको उदाहरण लेखको छोटो चर्चा गरियो ।

यस ग्रन्थका नायक भरतमणि जङ्गम एउटा संस्था भइसक्नुभएको कुरा लेखको थालनीमा नै परेको छ । मेरो विचारमा यो नै एक वस्तुनिष्ठ मूल्याङ्कन हो । व्यक्तिगत परिचय आफ्नो ठाउँमा छ । उहाँले व्यक्तिबाट व्यक्तित्व हुँदै राष्ट्र र समष्टिका हितका लागि गरेको योगदान नै यो भव्य समारोहमा प्रकट हुने यो ग्रन्थ हुनेछ ।

यो ग्रन्थले २-३ वटा जरुरी महत्त्व बोकेको काम गरेको छ भन्ने यस लेखकको ठहर छ । ती हुन् –

पहिलो : भरत जङ्गमले आजीवन गर्नुभएका महत्त्वपूर्ण कामको यो एक गतिलो प्रतीकात्मक उपसंहार हो । यसले उहाँका ती सबै काम र सम्पूर्ण जीवनलाई उजिल्याएको छ ।

दोस्रो : आजीवन एउटा असल बाटो पक्रेर त्यसलाई निर्णायक तटमा पुऱ्याउँदा हुने कष्टानुभूति र त्यस कामलाई एउटा उचाइ टेकाउँदा हुने सुखानुभूतिको यस ग्रन्थले साक्षी बोकेको छ ।

तेस्रो : समाज, समुदाय र राष्ट्रको सर्वोपरि हितमा भ्रष्टाचार ठूलो बाधक छ । यसलाई केही व्यक्तिले लडेर ठेगान लगाउन कठिन छ । तर समाजबाट उहाँको वा पछि यस्तो काममा अनवरत लागिरहने ग्रन्थको पनि मूल्याङ्कन भएमा त्यसको असर व्यापक र उदाहरणीय बन्नेछ ।

चौथो : इतिहास लेखनमा निष्पक्षता, परिश्रम र संस्थाका सम्बन्धमा भरत जङ्गमले चलाउनुभएको कलमबाट पनि समाज र राष्ट्रले उपलब्धि लिने कुरामा शङ्का गर्नुपर्दैन ।

●



प्रा. डा. प्रेमकुमार खत्री प्रसिद्ध मानवशास्त्री तथा सांस्कृतिक अन्वेषक हुनुहुन्छ । उहाँ लोकवार्ता समाज नेपालका अध्यक्ष पनि हुनुहुन्छ ।

# एक व्यक्ति अनेक आयाम
## – प्रेमप्रसाद चौलागाईं

भ्रष्टाचार गम्भीर विषय हो । विभिन्न निकायले आ-आफ्नै हिसाबमा भ्रष्टाचारको व्याख्या गरेका छन् । समग्रमा विश्लेषण गर्दा भ्रष्टाचार भन्नाले सार्वजनिक क्षेत्रमा काम गर्ने पदाधिकारी, राजनीतिक वा सरकारी पदाधिकारीले आफूलाई सुम्पिएको अख्तियारी र शक्तिको दुरुपयोग गरी कुनै पनि व्यक्ति वा सम्बद्ध व्यक्तिहरूको व्यक्तिगत लाभ लिने उद्देश्यले गैरकानुनी व्यवहारलाई जनाउँछ । व्यक्तिगत फाइदाका लागि सार्वजनिक ओहदाको दुरुपयोग गर्नु भ्रष्टाचार हो । समग्रमा भन्नुपर्दा भ्रष्टाचार भन्नाले सम्बद्ध पदाधिकारीलाई आफूले सम्पादन गर्ने कार्यसम्पादनका क्रममा आवश्यक कुनै पदीय दायित्व र व्यवहारबाट विमुख तुल्याउने गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा घुस वा अरू कुनै अनुचित फाइदा लिने वा दिने माग्ने, स्वीकार्ने वा स्वीकार गर्न सक्ने अवस्थालाई जनाउँछ । भ्रष्टाचार हाम्रो देशका लागि अति गम्भीर क्यान्सर रोग हो । नेपालमा भ्रष्टाचार सर्वव्यापक छ । विशेषतः सुषुप्त, नियोजित र सहभागितामूलक, नीतिगत, निर्देशनात्मक, अपरिचित र क्रियाशील भ्रष्टाचारका प्रकार छन् । समग्रमा विश्लेषण गर्दा नेपालमा राजनीतिक स्तरमा७४ प्रतिशत स्थायी सरकारबाट भनिएको निजामती क्षेत्रमा ६९ प्रतिशत भ्रष्टाचार छ । देशको समग्र क्षेत्र भ्रष्टाचारले आक्रान्त छ ।

देश भ्रष्टाचारले आक्रान्त भएको अवस्थामा लगभग ५० वर्षको अध्ययन-अनुसन्धानपछि कालजयी व्यक्तित्व भरत जङ्गमले विश्वलाई नेपालका तर्फबाट भ्रष्टविरोधी विज्ञान उपहार दिनुभएको छ, जुन पहिलोपटक नेपालको जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक सङ्कायअन्तर्गत केन्द्रीय विभाग कीर्तिपुरमा Governance and Anti-corruption studies Master Level मा अध्ययन-अध्यापन हुन्छ । यो उच्चस्तरीय प्राज्ञिक जनशक्ति प्रत्येक वर्ष ५० जना उत्पादन हुन्छन् । अब देशका अरू विश्वविद्यालयले समेत सुरुवात गर्नेछन् । क्रमशः विश्वका अरू मुलुकका विश्वविद्यालयहरूले पनि अध्ययन-अध्यापन गराउनेछन् । पर्याप्त मात्रामा उच्चस्तरीय जनशक्ति उत्पादन भएपछि यी पक्ष जनशक्तिले नेपालको हरेक क्षेत्रमा व्याप्त भ्रष्टाचार नियन्त्रण गर्नका लागि प्राज्ञिक रूपमा नै वस्तुपरक रूपमा अनुसन्धान गरेर नागरिक सामु सुसूचित गराउनेछन्, जसले गर्दा सार्वजनिक पद धारण गर्ने राजनीतिक प्रशासनिक सामाजिक सबै

क्षेत्रमा संलग्नहरूले जानकारी दिनुपर्नेछ । सार्वजनिक जवाफदेहिताबाट कोही पनि भाग्न पाउँदैन ।

यस्तो महत्त्वपूर्ण सिद्धान्तको पिताका रूपमा स्थापित हुनुभएका भरतमणि जङ्गमको हीरक महोत्सव २०७८ मार्ग १० गते पर्न गएको छ । यो वर्षभरि नै उहाँको बहुआयामिक व्यक्तित्वका बारेमा विविध कार्यक्रम भइरहेका छन् । यो संसारमा अरबौँ जन्मन्छन्, मर्दछन् पनि तिनको । जन्म र मृत्युमा संसारलाई ख्याल हुँदैन, जबकि अरबौँमध्ये एकजना जसले बहुआयामिक रूपमा समाजलाई दिन सफल हुन्छन्, तिनै महापुरुष हुन् । त्यो समूहमा पर्न सफल भरत जङ्गम बहुआयामिक व्यक्तित्व हुनुहुन्छ । एक क्षेत्र मात्र होइन, उहाँको क्षेत्र वरिष्ठ पत्रकार, वरिष्ठ साहित्यकार, समाजसेवी, कानुन तथा संविधानविद्का रूपमा स्थापित हुनुहुन्छ । सुशासन, सदाचारिता र पारदर्शिताका सम्बन्धमा उहाँले छापा तथा विद्युतीय माध्यममा ८०० भन्दा बढी अन्तर्वार्ता, हजारौँ लेखरचना पस्कनुभएको छ ।

आफ्नो हात जगन्नाथ भनेझैँ हाम्रो देशमा राजनीतिलाई नाटक बनाएर संसारमा कतै नभएको काम २०५२ सालमा भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने गरी ऐन नै बनाएका थिए, जुन सम्मानित सर्वोच्च अदालतबाट २०५७ सालमा खारेज भएको थियो । २०५८ सालमा संसदीय निर्वाचन कोषलाई स्थापित गराएका थिए । सो २०५८ सालमा खारेज भएको थियो, तापनि २०६५ सालदेखि अर्कै रूपमा सो कार्यक्रम चालु राखिएको छ । सरकारी पदाधिकारीले पुनः नियुक्ति पाएपछि खाने पेन्सन तथा पछिल्लो तलब-भत्ता दुवै खाने गरेकोमा २०५८ सालबाट सम्मानित सर्वोच्च अदालतबाट खारेज भयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पुनरावेदन दिने अधिकार कटौती गरिएको थियो, सो स्थापित भयो । पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश तथा पूर्वगृहमन्त्रीले पाउने विशेष सुविधा खारेज भयो । यसबाट सालिन्दा ५० करोड बचत भयो । माथि उल्लिखित रिटबाट मात्र वार्षिक २ अरब बचत भयो, जुन रोक्ने काम भरत जङ्गमले न्यायको ढोका ढकढक्याएर स्थापित गर्नुभयो ।

भ्रष्टाचारका विषयमा उहाँले हरकोणबाट अध्ययन-अनुसन्धान गरेर त्यसको चिरफारमा संलग्न भएको ५० वर्ष बितिसकेको छ भने ८०० भन्दा बढी अन्तर्वार्ताका माध्यमबाट विचार प्रवाह गरिरहनुभएको छ । एकै क्षेत्रमा मात्र सीमित नरहनुभएका उहाँको पहिचान वरिष्ठ पत्रकारका रूपमा स्थापित हुनुहुन्छ । उहाँले आफ्नो विचार 'गोरखापत्र', 'कान्तिपुर', 'समाचारपत्र', 'हिमालय टाइम्स', 'राजधानी' लगायतमा लेख र टिप्पणी लेख्नुका साथै

'नेपाली आवाज' पत्रिकाका सम्पादक तथा प्रकाशकका रूपमा निरन्तर काम गरेर यस क्षेत्रमा पनि स्थापित हुनुभएको छ ।

वरिष्ठ साहित्यकारका रूपमा हेर्दा २०३६ सालमा बहुचर्चित 'कालो सूर्य' २०३६ सालमा लेख्नुभयो, जुन १४ भाषामा अनुवाद भयो । त्यस्तै 'व्यूहचक्र', 'रातो घाम' र 'ख्वपदेश' जस्ता चर्चित रचना हाम्रो हातमा छ । यस्ता रचनाले उहाँलाई कालजयी बनाएको छ । त्यस्तै सामाजिक सेवा धार्मिक मठ-मन्दिरको संरक्षकका रूपमा पनि ठूलो योगदान पुऱ्याउनुभएको छ । धर्म, संस्कार, संस्कृतिरक्षाका लागि निरन्तर योगदान पुऱ्याउनुभएको छ ।

अतः भ्रष्टविरोधी शास्त्रका प्रवर्तक एवं कालजयी व्यक्तित्व भरतमणि जङ्गम एक व्यक्ति अनेक आयामका सम्बन्धमा अनुसन्धानत्मक रूपमा विश्लेषण गर्दा उहाँको योगदान सबै क्षेत्रमा छ । उहाको योगदानकै कारणले प्राज्ञिक थलोमा पीएचडी स्तरमा उहाँका बारेमा अध्ययन भइसकेका छन् । यो देशमा ८ कक्षा पास नगरेका नेतालाई ३-३ वटा पीएचडी डिग्रीबाट सुशोभन गरिएको छ, जबकि विश्वलाई नयाँ सोच दिने युगपुरुषलाई कुनै विश्वविद्यालयले चिन्न सकेनन्, तर विश्वले चिनेको छ । नेपालको गौरव हो भ्रष्टविरोधी शास्त्र अर्थात् A Science of Anticorruption । नेपालको जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयले Faculty of Humanities And social Sciences ले Master Programmed of Governance and Anticorruption Studies को सफलताका साथै उत्पादित जनशक्तिले भरतमणि जङ्गमको योगदानको कदर गर्दै उहाँका अनुयायी भएर युगपुरुष भरत जङ्गमको ख्याति विश्वभरि नै फैलाउनेछ भन्नेमा म पूर्ण विश्वस्त छु । नेपालको भ्रष्टाचार नियन्त्रणमा पनि योगदान पुऱ्याउनेछ ।

●

प्रेमप्रसाद चौलागाईं भ्रष्टाचारविरोधी सामाजिक अभियन्ता हुनुहुन्छ ।

# यात्रा 'कालो सूर्य' देखि भ्रष्टाचारविरोधी अध्ययनसम्मको

## – डा. बलबहादुर भण्डारी

नेपालको राजनीतिक इतिहासको लामो कालखण्डमा २०१७ सालपछि २०४६ सालसम्मको पद्धतिलाई निर्दलीय शासनकालका रूपमा लिइन्छ । यस कालखण्डको राजनीतिक प्रणाली एकदलीय पञ्चायती प्रणालीले अनुहार शासन व्यवस्था नेपाली समाजमा विद्यमान विकृति र विसङ्गति तथा नागरिकको आर्थिक तथा सामाजिक अवस्था पिछडिएको र देशको प्रशासनिक प्रणालीले पनि सुशासन दिन नसकेको अवस्थालाई प्रतिनिधित्व गर्दछ ।

यसै अवधिलाई विश्लेषण गर्दै एउटा उपन्यासको सृजना भयो 'कालो सूर्य' (२०३६) उपन्यासकार भरत जङ्गम । प्रशासनिक कार्यव्यस्तता र अनुभवका आधारमा लेखिएको तत्कालीन परिस्थितिमा यस उपन्यासमा समेटिएका प्रशासनिक कुरीति, राजनीतिक र आर्थिक परिस्थिति स्थापित नैतिक भ्रष्टाचारले नेपालमा भइरहेको अवस्थालाई उजागर गऱ्यो । यस उपन्यासको प्रकाशनपछि पञ्चायती व्यवस्थाभित्रको अवस्था, प्रशासनिक भ्रष्टाचार, कर्मचारीतन्त्र र राजनीतिक संरक्षणको विषय प्रस्ट भयो । यसको फलस्वरूप भरत जङ्गमको व्यक्तित्व साहित्यको प्रस्टता जनमानसमा निकै रुचिपूर्ण रह्यो ।

निरङ्कुश एकदलीय शासन व्यवस्थामा यो उपन्यासमा समावेश भएका विषयवस्तुहरू तत्कालीन शासकवर्गलाई पाच्य भएन । शासकहरूको कठघरामा खडा गऱ्यो भरत जङ्गमलाई । उहाँको प्रष्टोक्ति र स्पष्टीकरणबाट असन्तोष शासक वर्गले यस उपन्यासलाई प्रतिबन्धित गऱ्यो । तैपनि भरत जङ्गमको साहित्यिक यात्रा, प्रशासनिक सुधारका अवधारणा र भ्रष्टाचारविरोधी विचारहरूलाई कसैले रोक्न सकेन । स्रष्टाको साहित्यिक यात्रा झन् प्रस्फुटित र उजागर हुँदै गयो ।

२०५६ साल आन्दोलन र जनमतसङ्ग्रहपछि भरत जङ्गमको अर्को उपन्यास 'व्यूहचक्र' (२०४१) प्रकाशित भयो । राजनीतिक, आर्थिक र सामाजिक दुरवस्थाको विश्लेषण गर्दै यस उपन्यासले राजनीतिक उपन्यासको उपमा ग्रहण गऱ्यो । किनभने यस उपन्यासले राजनीतिक क्षेत्रको प्रवृत्ति,

कुप्रवृत्ति र विसङ्गतिका प्रसङ्गहरूको व्याख्या मात्र गरेन, राजनीतिक क्षेत्रमा ठूलो प्रहार पनि गरेको कुरा विश्लेषकहरूको धारणा छ ।

नेपालको राजनीतिक परिवर्तनका लागि भइरहेका प्रयासहरूमा उपन्यासकारका प्रहारहरूले थप ऊर्जा प्रदान गरिरहेको थियो । यसै अवधिमा भएको २०४२ सालको सत्याग्रह र २०४६ सालको जनआन्दोलनको प्रसङ्गसँगै भरत जङ्गमका अन्य कृतिहरू प्रकाशित भएका छन् । जस्तै 'पचास प्रसङ्ग' (२०४८-४९), 'रातो घाम' (२०५०) । भरत जङ्गमका प्रकाशित कृतिहरूले राजनीतिक क्षेत्रका साथै प्रशासनिक क्षेत्रमा  पनि प्रहार गर्दै राजनीतिक परिवर्तनका कदमहरूमा सहयोग दिँदै साहित्यिक क्षेत्रमा पनि ठूलो देन दिँदै गयो ।

२०४६ सालको सफल जनआन्दोलन पञ्चायती व्यवस्थाको अवसर र बहुदलीय व्यवस्थाको स्थापनापछि भरत जङ्गमको लेखनीमा र क्रियाकलापमा थोरै परिवर्तन देखिन्छ, तापनि प्रसङ्ग, विषयवस्तु तथा राजनीतिक र प्रशासनिक सुधारका विषय झन् दरिलो भएर गएका छन् उहाँको लेखनी र कार्ययोजनामा ।

यो विषयवस्तुको विषयमा अगाडि बढ्नुभन्दा पहिले भरत जङ्गमका विषयमा प्रकाशित कृतिहरू उल्लेख गर्ने उपयुक्त हुनेछ, जसमा भरत जङ्गमको 'विचार र दृष्टिकोण', 'कालजयी व्यक्तित्व', 'भरतेन्दु (महाकाव्य)', 'भरतांशु (महाकाव्य)' आदि पर्दछन् । यसका साथै भरत जङ्गमको अर्को कृतिका रूपमा 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिककाल)' अर्को साहित्यिक इतिहासको अर्को अध्ययन लिन सकिन्छ ।

यसै प्रसङ्गसँगै भरत जङ्गमको एउटा नयाँ आयाम थपिएको छ 'भ्रष्टाचार वैचारिक  आन्दोलन (प्रबन्धसङ्ग्रह, २०६१)' । यो एउटा यस्तो प्रबन्धसङ्ग्रह हो, जसले नेपालमा भ्रष्टाचारविरोधी आन्दोलनलाई झन् सशक्त रूपमा अघि बढाएर राजनीतिक इतिहासको कालखण्डलाई भ्रष्टाचारविरुद्धको आन्दोलनलाई विश्वसामु चिनाउने प्रयास गरेको छ । भ्रष्टाचारविरोधी आन्दोलन (Anticorruption Movement in Nepal) नेपालको एक मात्र आन्दोलनका रूपमा स्थापित भएको छ, जसले राजनीतिक,  आर्थिक, सामाजिक र धार्मिक क्षेत्रको सुधारका लागि पैरवी गर्ने अग्रणी संस्थाको भूमिका निर्वाह गरेको छ ।

भ्रष्टाचारविरोधी अभियानलाई संस्थागत र प्राज्ञिक बनाउने क्रममा भ्रष्टाचारविरोधी विज्ञान २०७३ (Science of Anticorruptology) र यसको

प्राज्ञिक अध्ययनलाई स्थापित गर्नुपर्ने प्रयासको प्रसङ्ग महत्त्वपूर्ण छ । यसका लागि भरत जङ्गमको विभिन्न विश्वविद्यालयहरूमा भ्रष्टाचारविरोधी शास्त्र अध्ययन गर्नका लागि गरिएको प्रयास स्नातकोत्तर स्तरमा अध्यापन गराउने पाठ्यक्रमको निर्माण कार्यमा खेलेको अग्रणी भूमिका उल्लेखपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

हालै आएर त्रिभुवन विश्वविद्यालयले निर्माण गरेको स्नातकोत्तर तहको पाठ्यक्रम स्वीकृत गर्नुका साथै सुशासन र भ्रष्टाचारविरोधी अध्ययन (Governence and Anticorruption Studies) स्नातकोत्तर विभाग स्थापना र पठनपाठन सुरु गर्नु नेपालको लागि मात्र होइन, विश्वकै विश्वविद्यालयहरूका लागि पनि यो कार्य उदाहरणीय हुनेछ भन्ने कुरा विश्वास गर्न सकिन्छ ।

ऐतिहासिक र प्राचीन नगरी भक्तपुरको टौमढी टोलमा २००४ साल मङ्सिर १० गते जन्म भएका भ्रष्टाचारविरोधी शास्त्रका प्रवर्तक एवं कालजयी व्यक्तित्व भरत जङ्गमको हीरक महोत्सवको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना ।

●



डा. बलबहादुर भण्डारी त्रि. वि. Department of Governence and Anticorruption Studies सँग आबद्ध हुनुहुन्छ ।

# एक दृष्टिकोण भरत जङ्गमप्रति
## - प्रा. डा. बेनी जङ्गम रावल

वरिष्ठ साहित्यकार, पत्रकार, समाजसेवी, कानुन तथा संविधानविद्, भ्रष्टाचारविरोधी अभियानका अभियन्ता तथा जङ्गम परिवारका ज्येष्ठ, जङ्गम प्रतिष्ठानका अध्यक्ष भरत जङ्गम वि. सं. २००४ साल मङ्सिर १० गते (सन् १९४७) प्राचीन नगर भक्तपुरस्थित टौमढी टोलमा जन्मिएका हुन् ।

सुशिक्षित जङ्गमले नेपाल र नेपाली समाजका लागि विकास एवं सामाजिक चेतना जगाउने कार्यमा ठूलो योगदान पुऱ्याएका कारण सोहीअनुरूप उपलब्धि हासिल गर्दै आएका छन् ।

भरत जङ्गम नेपाली समाजका एक सशक्त नाम हो । खास गरेर भरत जङ्गम नामका बीचमा मणि बीचमा जोड्दा 'भरतमणि जङ्गम' हुन आउँछ, जुन पारिवारिकजस्तो महसुस हुन्छ । तर 'मणि' लाई छुट्याएर वा नजोडीकनै पनि उनले प्रसिद्धि प्राप्त गरिसकेका छन् । जङ्गमलाई भिन्न ठाउँमा भिन्नाभिन्नै प्रकारले चिन्न सकिन्छ । उनका विषयमा भन्नुपर्दा मलाई लाग्दछ उनको जीवनयात्रा अनुभवको परिपक्वता र यथार्थताको प्रामाणिक सत्यता हो । उनमा तर्क, दर्शन, ज्ञान-विज्ञान आदिको सविस्तार भेट्न सकिन्छ । उच्च प्रतिभासम्पन्न व्यक्ति जङ्गममा बौद्धिकता, तार्किकताको समष्टि रूप, उनको राष्ट्रवादी चिन्तन, पत्रकारिता, लेखन, साहित्य, इतिहास, संस्कृति, देशको संविधान तथा कानुन (उनको भावबोध) साथै भ्रष्टाचारविरोधी विज्ञानमा अनुभूत हुन्छ ।

यी कुराहरू भरत जङ्गमले वि. सं. २०२७ सालदेखि आजसम्म (५० वर्ष) पत्रकारिता क्षेत्रमा प्रवेश गरेर 'नेपाली आवाज' को सम्पादक तथा प्रकाशकका रूपमा काम गरेर, वि. सं. २०३६ (सन् १९७९) मा 'कालो सूर्य' (अङ्ग्रेजी, हिन्दी, उर्दू, कन्नड, असमी, बङ्गाली, जापानी, चिनी, रुसी, मैथिली, भोजपुरी, डोट्याल, नेवारी तथा संस्कृत भाषामा अनुवाद) उपन्यास लेखेर साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । विशेषतः समय र परिस्थिति तथा युगीन गतिविधिहरूको दिग्दर्शन उनका 'कालो सूर्य', 'ख्वपदेश' आदि साहित्यमा पाउन सकिन्छ । कथा, कविताभित्र धेरैजसो लोक उद्गारमा सामयिक, मार्मिक भावहरू व्यक्तिएको पनि पाइन्छ ।

नेपाल प्राचीन कालदेखि नै ऋषिमुनिहरूको तपस्यास्थल, एउटा पवित्र धार्मिक तीर्थस्थलका रूपमा परिचित हुँदै आएको छ । हिन्दूहरूमा रहेको यो जीवनलक्ष्यले धार्मिक पर्यटनको विकासमा ठूलो सहयोग पुगिरहेको छ । तर बेलाबेलामा राजनीतिक विकृतिले उज्जन्ड रूप लिई आफ्नो पहिचान गुमाउन खोज्दा जङ्गमले अनेकचोटि धर्म संरक्षणका लागि आफ्नो जिउज्यान नभनी लडेका पनि छन् । यसप्रकार कहिले हिन्दूधर्मका प्रचारक भएर मन्दिरको संरक्षकत्व प्रदान गरी डोलेश्वर महादेव (केदारनाथको शिर भाग) जस्तो मन्दिरको विशेष पहिचान दिलाउन दिनरात लागिपरेको साथै ती मन्दिरको संरक्षकत्वसमेत प्रदान गर्दा उनमा ईश्वरीय धार्मिक अस्तित्व, मानवतावादी गुण नङ र मासुको सम्बन्ध देखिन्छ ।

पशुपतिनाथ सेवक सङ्घको मुख्य सल्लाहकार, अनन्तलिङ्गेश्वर महादेव मन्दिरको प्रमुख संरक्षक, शिखरेश्वर महादेव फर्पिङको प्रमुख संरक्षक, वागेश्वरी, सरस्वतीस्थानको मुख्य संरक्षक भई भरत जङ्गमले निश्चित समयमा निश्चित परम्परालाई जोगाउने महत्त्वपूर्ण कार्य गरेका छन् । जङ्गमका कारण पशुपतिनाथ मन्दिरलगायतका देवमन्दिरहरूमा शङ्ख-घण्ट बज्न रोकिने अवस्थालाई पुनर्जीवन प्राप्त भएको छ । हामी जुन संस्कार र परम्परामा हुर्कियौँ, यसको प्रभाव हाम्रो दैनन्दिन संस्कारमा पर्नु स्वाभाविक हो । भरत जङ्गमका धार्मिक, सांस्कृतिक विचारबाट घरपरिवार, छरछिमेकी र सिङ्गो राष्ट्र नै प्रेरित छन् ।

सदाचार, सहिष्णुता, उदारता, परोपकार र समाजसेवाको कर्ममा पनि उनको झुकाव रहेका कुराहरू जङ्गम छात्रवृत्ति स्थापना, २०६५ सालमा पशुपतिनाथको पूजाअर्चनामा सरकारी हस्तक्षेपका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर, पशुपतिक्षेत्रस्थित मृगस्थलीमा क्रिस्चियनहरूको चिहान बनाउनबाट रोक, उपत्यका तथा उपत्यकाबाहिर रहेका मठमन्दिर, पाटीपौवा, धर्मशालाहरूको संरक्षण आदि कार्य सर्वसाधारणको हित, सुख-सुविधाहरूमा समेत ध्यान पुऱ्याउने उद्देश्यले उनले वि. सं. २०२७ (सन् १९७०) देखि नै गर्दै आएका छन् । यी कार्यले जनतामा हिन्दूधर्मप्रति एक अद्भुत आकर्षण र जिज्ञासालाई उत्साहमा परिवर्तित भएका छन् । यो सम्पूर्ण जनताको सर्वाङ्गीण हित, महत्त्व, प्रेरणा र श्रद्धाको विषय पनि थियो ।

समय-समयमा जङ्गमले कानुन तथा संविधानका सार्वजनिक सरोकारका मुद्दाहरूलाई उठान गरेर सर्वोच्च अदालतसम्म पुऱ्याएर भ्रष्ट र विकृत वर्गका विरुद्ध निम्न महत्त्वपूर्ण निर्णयहरू गराउने कार्य गरेका छन् । उदाहरणका लागि –

१. २०५२ सालमा भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने गरी ऐन बनाई पेन्सन खाने कार्यलाई २०५७ (सन् २००१) मा बन्द गरेको ।

२. २०५८ (सन् २००२) मा संसदीय निर्वाचन विकास कोषलाई २०५८ (सन् २००३) मा सर्वोच्च अदालतबाट खारेज गरेको ।

३. २०५८ (सन् २००२) मा सरकारी पदाधिकारीहरूले दोहोरो सुविधा लिन नहुने भन्ने सर्वोच्च अदालतबाट आदेश दिलाउने कार्य गरेको ।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुनरावेदन दिने अधिकार कटौती भएकोमा पुनरावेदन दिने अधिकार पुनः स्थापना गराइएको ।

५. २०६९ मा भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश र गृहमन्त्रीले विशेष सुविधा पाउने गरी प्रधानमन्त्री बाबुराम भट्टराईले ल्याएको अध्यादेश खारेज गराई प्रतिवर्ष झन्डै रु. ५० करोड राजश्व खर्च रोक गराइएको ।

६. २०६९ मा पहिलो संविधानसभाले गैरसंवैधानिक तरिकाले म्याद थप गर्दै कार्यकाल बढाउँदै लगी वि. सं. २०६९ ज्येष्ठ १४ गतेसम्म संविधान जारी गर्नुपर्ने अनिवार्य अवस्था सृजना गरिएपछि सोही दिन प्रथम संविधानसभा विघटन गराइएको ।

उनका बारे लेखिएका ग्रन्थहरूमध्ये 'कालजयी व्यक्तित्व भरत जङ्गम' वि. सं. २०६३, 'भरतेन्दु' वि. सं. २०६४ हुन् भने उनीद्वारा लेखिएका पुस्तकाकार कृतिहरूमा 'कालो सूर्य', 'रातो घाम', 'ख्वपदेश', 'नेपाली आवाज', 'व्यूहचक्र', 'पचास प्रसङ्ग', 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान', 'विचार र विमर्ष', 'भ्रष्टाचार वैचारिक आन्दोलन', 'उर्लिएका लहरहरू', 'छचल्किएका रहरहरू', 'निर्बन्ध बन्धन', 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' उपन्यास, कथासङ्ग्रह, प्रवन्धसङ्ग्रह, कविता तथा गीतका रूपमा प्रकाशित भिन्नाभिन्नै पुस्तक महत्त्वपूर्ण छन् ।

उनले टेलिभिजन कार्यक्रम 'कालो सूर्य' मार्फत कतिपय विवादित कुराहरूलाई उठाउँदै आएका छन् । तिनमा समाजमा व्याप्त भ्रष्टाचारका कुरादेखि तत्कालीन राजनीतिक, सामाजिक, प्रशासनिक व्यवस्था र अन्य विविध समाजसापेक्ष घटना-दुर्घटनालाई ध्यानाकर्षण गर्दै आफ्नो अभिव्यक्ति दिँदै आएका छन् ।

यही कार्यलाई वि. सं. २०२७ (सन् १९७०) देखि समर्पित भए तापनि जङ्गमकै तदारुकतामा प्राज्ञिक रूपमा भ्रष्टविरोधी शास्त्र विश्वविद्यालयमा समेत अध्ययन-अध्यापन गराउने कार्य २०७७ सालदेखि सुरु भएको छ । यो नितान्त नयाँ विधाको चिनारी र अन्य सबै लोकप्रिय कार्यको मूल्याङ्कन समाजले गर्दै आएको पनि छ । उनका यी र यस्ता महत्त्वपूर्ण योगदानका लागि परिवारको एक सदस्यका नाताले पनि अत्यन्तै गर्वका साथ हार्दिक मङ्गलकामना व्यक्त गर्दछु ।

●



प्रा. डा. बेनी जङ्गम रावल त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुहुन्छ । उहाँले विभिन्न पुस्तकहरू पनि लेख्नुभएको छ ।

# जोसँग झूटहरू डराउँछन्
## – भक्तिनारायण घिमिरे

भरत जङ्गम र 'कालो सूर्य' का बारेमा नसुन्ने सायदै कोही होलान् । तर प्रत्यक्ष भेट भएको थिएन । सामाजिक, धार्मिक, राजनीतिक अभियन्ताका साथै एक सफल उपन्यासकारका रूपमा जनमानसमा स्थापित त्यस्ता व्यक्तित्वसँग प्रत्यक्ष भेट हुनु सायद कुनै पुण्य कर्मको प्रतिफल हुनुपर्छ । अन्ततः त्यो सुखानुभूति मलाई पनि प्राप्त भयो उहाँकै कार्यालयमा । समयले जुराएको त्यो छोटो संयोगात्मक भेटबाट म उहाँको व्यक्तित्वबाट अझै प्रभावित भएँ र उहाँको विचार, विश्लेषण र देशलाई भ्रष्टाचारमुक्त बनाउने अभियन्ताको खुला प्रशंसक पनि बनें ।

भेटघाटको क्रम बढ्दै जाँदा मैले उहाँको कार्यलाई पनि नजिकबाट हेर्न, सुन्न र प्रत्यक्ष अनुभव गर्न पाएँ । भरत जङ्गम को हो भनेर चिनाउन मलाई उहाँका रचनाको ठूलो सहयोग रह्यो । 'नेपालको प्राचीन इतिहासका भ्रम तथा निराकरण', 'ख्वपदेश', 'कालो सूर्य', 'भ्रष्टाचार वैचारिक आन्दोलन', 'रातो घाम' जस्ता देश र जनतालाई झकझक्याउने र सचेत गराउने पुस्तक र रचनालाई हृदयतः धन्यवाद दिन चाहन्छु ।

भ्रष्टाचारको जालो चरमोत्कर्षमा पुगेको बेला भ्रष्टाचारविरुद्धको अभियानको सुरुवात गर्न सक्नु सानो हिम्मतको काम होइन । उहाँको यो प्रयासले जनतालाई सामाजिक, राजनीतिक अधिकार र दायित्वप्रति सजग गराएको छ । उहाँको नेतृत्वको यो अभियानले उहाँजस्तै अन्य धेरै समाजलाई अग्रतोमुखी बनाउन खोज्ने देशभक्त नागरिकहरूलाई एउटै सूत्रमा एकातबद्ध बनाएर यो अभियानलाई निरन्तर सङ्घर्षको अभियानमा परिणत गर्ने एउटा साझा थलो बनाएको छ । यस अर्थमा उहाँ भ्रष्टाचारमुक्त समाजको सोचलाई जन्म दिने एक क्रान्तिकारी पिता हुनुहुन्छ । उहाँको यो हिम्मतिलो कार्यका प्रति आम नेपाली जनता सदा ऋणी रहनेछन् ।

सामाजिक र राजनीतिकभन्दा अझै माथि उहाँ एक आध्यात्मिक अभियन्ता पनि हुनुहुन्छ । आध्यात्मिक अभियानमा म पनि भएकाले उहाँसँगको मेरो सम्बन्ध पनि आध्यात्मिक नै छ । धर्म, दर्शन र अध्यात्मले नै जीवनलाई सन्तुलित बनाउँछ । उहाँको बहुआयामिक प्रतिभालाई अध्यात्मले नै निखारेको हो भन्ने मेरो दृढ बुझाइ छ । विभिन्न मठमन्दिरको स्थापना र

जीर्णोद्धारसमेतको कार्यमा उहाँको योगदान सदैव स्मरणीय रहनेछ । उहाँमा प्रत्यक्ष देखिने भयरहित नेतृत्व क्षमता पनि अध्यात्मकै देन हो । उहाँसँगको कुराकानीका क्रममा उहाँ आफैँले भन्नुभएको एउटा प्रसङ्ग मेरा लागि पनि थप प्रेरणादायी बन्यो, जुन म यहाँ उल्लेख गर्न चाहन्छु ।

"हाम्रो सनातन संस्कारभित्र सत्यता रहेको छ, पुर्ख्यौली संस्कार रहेको छ र त्यो सत्यता र संस्कारको जगेर्ना गर्ने जिम्मा हाम्रो हो । विश्वसामु हाम्रो पहिचान भनेकै हाम्रो सनातन संस्कार हो । हाम्रो संस्कार सनातन हो । सनातन भनेकै सत्य हो । म सत्य-सनातनको बीचमा उभिएको छु । त्यसकारण झूटसँग मलाई डर लाग्दैन । झूटहरू मसँग डराउँछन् ।"

यस्तो अद्भुत तथा क्रान्तिकारी विचारकै कारण बुढापाकादेखि युवा र केटाकेटी सबैका निष्ठावान् व्यक्तित्व हुनुभएको छ भरत जङ्गम ।

भरतमणि जङ्गमजस्ता बहुआयामिक, प्रतिभावान्, चिन्तनशील र सक्षम नेतृत्व भएका अभियन्ता, लेखक, पत्रकार अनि साहित्यकार विद्वान् व्यक्तित्वका बारेमा २-४ शब्द लेख्न पाउनु मेरो सौभाग्य सम्झेको छु । हाम्रो देश र समाजलाई सही दिशा र गति निर्देशन गर्न एक मात्र होइन, हजारौँ भरतमणि जङ्गमको जन्म होस् यो धर्तीमा । सार्वजनिक हितमा समर्पित उहाँको अभियान कार्य सफल बनाउन सधैँ सहयोगी बन्नेछौँ । यस्ता साहसी योद्धा भरतमणि जङ्गमलाई सम्पूर्ण देशबासीहरूले साथ-सहयोग तथा सम्मान दिनु अति आवश्यक छ । भरतमणि जङ्गमलाई हीरक महोत्सवको अनगन्ती शुभकामना ।

●



लेखक भक्तिनारायण घिमिरे सुनसरी जिल्लाको चतराधाममा अवस्थित सनातन जोसमनी पीठका पीठाधीश, योगगुरु तथा आध्यात्मिक समाजसेवी हुनुहुन्छ ।

# चीनमा भरत जङ्गमको चर्चा
## – भरत शर्मा

कुरा दुई वर्ष भयो । मेरा चिनियाँ छात्रले एक दिन प्रश्न गरे, 'नेपालमा तपाईंको नाम भएका एकजना उपन्यासकार भरत जङ्गमलाई तपाईं चिन्नुहुन्छ ? उहाँले लेख्नुभएको उपन्यास 'कालो सूर्य' चिनियाँ भाषामा अनुवाद भएको 'हाई थयाङ' पढ्नुभएको छ ? एक दिनको कक्षामा हामीलाई भरत जङ्गम र उनको उपन्यासकारिताबारे जानकारी दिनुहोस् न !'

प्रिय चिनियाँ छात्र (चन्द्र-मदन नेपाली नाम) को अनुरोधपछि म झस्याङ्ग भएँ । चीनमा नेपालमा भाषा-साहित्यमा स्नातक गरेका दुवै मेधावी छात्र हाल स्नातकोत्तर (एमए) का अध्ययनरत छात्र हुन् ।

पहिलो प्रश्नको उत्तर दिँदै भनैं, 'उपन्यासकार भरत जङ्गम मेरा मित्र हुन् । उनीसँग विगत १५ वर्षदेखि परिचित छु । हामी दुवैबीच घनिष्ट सम्बन्ध पनि छ । उनको यो पुस्तक धेरै वर्षपहिले पढेको थिएँ । उनी साहित्यकार, पत्रकार, समाजसेवी र भ्रष्टाचारविरोधी अभियन्ता हुन् । अन्यायका विरुद्ध न्याय खोज्न न्यायालयमा दौडने अधिवक्ता पनि हुन् ।

चन्द्र-मदनले भने, 'हामीले 'कालो सूर्य' उपन्यासका बारेमा एक दिन कक्षामा पढ्यौं । हामीले 'कालो सूर्य' चिनियाँ भाषामा अनुवाद भएको पढेका थियौं । पछि नेपाली भाषामा लेखिएको पनि एकपटक पढेका थियौं । उपन्यास पढेपछि नबुझेका धेरै कुरा छन् ? अर्को हप्ताको कक्षामा हामी उपन्यास र भरत जङ्गमका बारेमा पढ्ने इच्छा छ ।'

मैले भनैं, 'ठीक छ । तपाईंहरूलाई 'कालो सूर्य' र भरत जङ्गमका बारेमा तिमीहरूलाई राम्रोसँग जानकारी दिने मेरो जिम्मेवारी भयो । छात्रद्वयमध्ये मदनले हात जोड्दै भने, 'नमस्कार गुरुजी !' मदनको कुनै कुरामा खुसी हुँदा 'नमस्कार' भन्ने बानी छ ।

'कालो सूर्य' बारे पढाउनुपर्ने भयो । अब पहिले त एकपटक आफूले पढ्नुपऱ्यो भन्दै विश्वविद्यालयको पुस्तकालयतिर लागैं । 'कालो सूर्य' पुस्तक सापटी लिएर निवास फर्कें र भरत जङ्गमलाई पढ्न थालैं । पुस्तक पढ्नुभन्दा पहिले जङ्गमलाई भेट भएको दिन कहिले होला भनेर सम्झन थालैं । २०६० सालमा राष्ट्रिय समाचार समितिमा समाचारदाता भएपछि कुनै पुस्तक

विमोचन समारोहमा जङ्गमसँग परिचय भएको जस्तो लाग्छ । त्यसपछि उनले बानेश्वरको कुनै कार्यालयमा बोलाएर आफूले लेखेको पुस्तक दिएको पनि याद गरेँ । त्यसपछि २०६४ सालमा 'राजधानी दैनिक' मा काम गर्न थालेर धर्मसंस्कृतिका बारेमा लेख्न थालेपछि उनीसँग भेटघाट बाक्लो हुन थालेको थियो ।

उनी पशुपतिनाथका दर्शनार्थी शिवभक्त हुन् । आक्कलझुक्कल पशुपतिनाथ मन्दिरमा भेट हुने गरेको थियो । उनले आफ्नो एउटा लेखमा आफू हरेक दिन बिहान ५ बजेभन्दा अगाडि पशुपतिनाथको दर्शन गर्न जाने दैनिक दर्शनार्थी हुँ भनेर लेखेको लेख पढेको थिएँ । मचाहिँ सोमबार र बिहीबार बिहान वा साँझको समयमा पशुपतिनाथको मन्दिर पुग्ने हप्ते दर्शनार्थी भएकाले उनीसँग अलि कम भेट भएको होला । बेलाबखत धार्मिक र साहित्यिक कार्यक्रममा भेट हुने जङ्गम भेट हुँदा 'धर्मसंस्कृति र साहित्यका कुरा गरौँ, तपाईं एकपटक मेरो अफिसमा आउनुस् न' सधैँ भन्थे । 'हुन्छ हजुर' भने पनि धेरैपटक भेट्न नजाँदा कुनै धार्मिक तथा साहित्यिक कार्यक्रममा मात्र भेट हुँदा 'खै त तपाईं मेरोमा आउनुभएन' भनेर सम्झाउँथे ।

उनी राजनीतिमा चासो राख्ने, भ्रष्टाचारविरोधी र साहित्य र पत्रकारिता बुझेका समाजसेवी भएर होला, सबैजसो पत्रकारलाई साथी बनाउन खोज्ने बानी थियो । राष्ट्रिय समाचार समिति र 'राजधानी दैनिक' मा काम गर्दा धेरैजसो प्रा. डा. माधव भट्टराईको साथमा हिँड्ने देखेपछि जङ्गमले सायद मलाई अलि नजिक बनाउन खोजेका थिए । मैले धर्म-संस्कृतिका विभिन्न विषयमा लेखेका समाचारको विषय पढेपछि एक दिन जङ्गमले हत्ते गरेर कार्यालयमा बोलाई केही पुस्तक दिएर पठाएको याद छ । त्यस बेला सायद उनले 'रातो घाम', 'व्यूहचक्र' 'भ्रष्टाचार वैचारिक आन्दोलन', 'पचास प्रसङ्ग' आदि पुस्तक दिएको जस्तो लाग्छ ।

'यो किताब पढ्नुस्, तपाईंको पत्रकारिता र लेखनका लागि निकै उपयोगी हुनेछ ।' आफ्नो लेखनको तारिफ गर्न पछि नपर्ने उनको बानी नै छ । स्वाभाविक पनि हो, आफूले लेखेको कृति सबैलाई राम्रो लाग्छ र लाग्नु पनि पर्छ । जङ्गमले १३ वर्षपहिले भनेका थिए, 'पत्रकारितामा सफल हुने हो भने पढ्न छोड्नु हुँदैन । मेरो पुस्तक पढ्नुस्, धेरै जानकारी पाउनुहुन्छ ।'

मैले 'हुन्छ दाजु, म तपाईंका सबै पुस्तक पढ्छु अनि भेटौँला' भनेर छुट्टिएको थिएँ । पुस्तक दिएको एकाध महिनामा धार्मिक कार्यक्रममा भेट्ता 'तपाईंले सबै पुस्तक पढ्नुभयो ?' पहिलो प्रश्न नै यही गर्ने भरत जङ्गमलाई

पुस्तकभित्रको कुनै एक प्रसङ्गका बारेमा बताउँदा उनी दङ्ग परेर मुस्कुराएको यादगार दिनहरूको सम्झना मलाई छ ।

यति मीठो हाँसो हाँस्ने जङ्गमभित्रको उत्साह र सक्रियता देखेर म आफैँ दङ्ग पर्थें । 'तपाईले लेखेका धर्म-संस्कृतिका समाचारहरू पढ्ने गरेको छु, माधव दाइ (उनी प्रा. डा माधव भट्टराईलाई 'माधव दाइ' भनेर बोलाउँछन्) को सङ्गत गर्नुभएको छ, दाइ त विद्वान् हुनुहुन्छ, उहाँको सङ्गतबाट धर्म-संस्कृतिका बारेमा भएको अथाह ज्ञानलाई पत्रकारितामा ल्याउनुपर्छ, त्यो काम तपाईंले गर्नु सक्नुहुन्छ' भनेर जङ्गम भेट भएका बेला मलाई उत्साह भरिदिने काम गर्थे ।

२०६५ साल पुस महिनामा तत्कालीन प्रचण्ड सरकारले पशुपतिनाथको परम्पराविरुद्ध मन्दिरभित्रको ढुकुटी खोल्ने, मन्दिरको अर्चक (पुजारी) परिवर्तन गर्ने निर्णयका विरुद्धमा हामी दुई भरत-भरतबीचको सम्बन्ध प्रगाढ भयो । सो निर्णयका विरुद्धमा भरत जङ्गम अदालततिर लागे । म भने हरेक दिन पशुपतिनाथ मन्दिरमा पुगेर दैनिक समाचार सङ्कलन गर्ने काममा खटिएँ । बिहानै मन्दिर जाने, दिनभर पशुपतिनाथमा बसेर साँझ मात्र कार्यालय फर्केर दिनभरका गतिविधिलाई विस्तृतमा लेख्ने मेरो त्यति बेलाको समाचार सङ्कलन र लेखनबाट जङ्गम खुसी भएका थिए । त्यस बेला उनीसँग एकै दिनमा पटक-पटक कुरा हुन थालेपछि सम्बन्ध गर्विलो भयो । त्यस बेला जङ्गम हरेक दिन साँझमा पशुपतिनाथ पुग्थे ।

पशुपतिनाथमा पूजा रोकिएको थियो । हरेक दिन बिहानदेखि नैं स्थानीय भण्डारीहरू विरोधमा उत्रिएका थिए । मन्दिरमा नियुक्त गरेका एकजना पुजारीले पूजा गर्न नसक्ता मन्दिरभित्रको गर्भगृहमा पूजा हुन सकेको थिएन । दर्शनार्थीहरू निकै कम थिए । दैनिक दर्शनार्थी जान छाडेका थिए । सुरक्षाकर्मीको घेराभित्र रहेको पशुपति क्षेत्रमा स्वदेश र केही भारतीय पत्रकारहरू समाचार सङ्कलनका लागि आउन थालेका थिए ।

जङ्गम साँझ पशुपतिनाथ पुगेर विरोधमा अन्तर्वार्ता दिन पुग्थे । निकै कडा बोल्ने, सनातन धर्मरक्षाका लागि अदालतमा निवेदन दिएको छु भन्दै पत्रकारलाई जानकारी दिन पुग्थे । म पशुपतिनाथको भक्त हुँ, श्रीको पूजा रोकिएको छ भन्दै आँखाबाट आँसु खसाल्दै जङ्गमले पशुपतिनाथ प्राङ्गणमा पत्रकारलाई अन्तर्वार्ता दिएका थिए । त्यति बेला भरत जङ्गमलाई पशुपति क्षेत्र विकास कोषका तत्कालीन पदाधिकारीहरूले हाम्रा विरुद्ध बोल्ने र हामीले गरेको निर्णय गलत हो भन्ने आशयमा लेख्ने दुईजना भरत छन् भनेर हामीलाई दुर्वाच्य प्रयोग गरेका थिए ।

कोषले गरेको निर्णय सनातन परम्पराको विरुद्ध हो भनेर पत्रकारको हैसियतमा मैले भारतीय सञ्चारमाध्यम 'आज तक' लाई अन्तर्वार्ता दिएपछि कोषका पदाधिकारीले ममाथि गलत नजर राखेका थिए । एक सातासम्म चलेको पशुपतिनाथ काण्ड सर्वोच्च अदालतले सरकारले गरेको निर्णय गलत भएको भनेपछि आन्दोलन रोकियो । नियमानुसार पुरानो चलनमै पूजा सुरु हुने भयो ।

सर्वोच्च अदालतको आदेशपछि पशुपतिनाथमा जङ्गमको चुरीफुरी एक्कासि बढ्यो । भण्डारी र स्थानीय बासिन्दाले जङ्गमलाई स्वागत गरेका थिए । उनी वरिपरि भण्डारी र स्थानीय जनतालाई कसैले पशुपतिनाथको सनातन परम्पराविरुद्ध काम गर्दा भरत जङ्गम सधैँ न्यायको पक्षमा लड्न तयार छ भनेर भाषण गर्दा एक मिनेटसम्म ताली बजेको थियो । त्यति बेला तत्कालीन सरकार प्रमुख प्रचण्डले संसद्मा पशुपतिनाथका बारे गरेको निर्णय गलत भयो भन्दै माफी मागेका थिए ।

सात दिनपछि क्षमापूजा गरी सनातन परम्पराअनुसार पूजाका लागि सात दिनपछि अर्चक भट्टको घरबाट निस्कँदा जङ्गम अघि-अघि लागेर मन्दिर परिक्रमा गरेका थिए । पशुपतिनाथ घटनापछि जङ्गमसँग मेरो सम्बन्ध बाक्लो भएको हो ।

पशुपतिनाथ काण्ड भएको एक महिनापछि पशुपतिनाथका मूल भट्ट महाबलेश्वरलाई भेटन जानुपर्ला भनेर सोच्तै थिएँ । भट्टले पत्रकार भनेपछि भेट नदिन पनि सक्छन् भन्ने डर मानेर बिहीबार साँझको समयमा पशुपतिनाथ दर्शन गरेपछि भट्ट निवास गई नाम, पेसा सबै लेखेर निजी सहयोगीमार्फत पठाएको थिएँ । पाँच मिनेटपछि माथिबाट बोलावट भयो । महाबलेश्वरले 'तपाईं पत्रकार हो । तपाई के लेख्नुहुन्छ ?' भन्दै 'राजधानी दैनिक' मा मैले पशुपतिनाथका बारे लेखेका सबै समाचार देखाउनुभयो । मनमनै डर पनि लाग्यो । तर मैले जे देखेँ, त्यही लेखेको छु, किन डराउनु भनेर अलि हर्षित अनुहार बनाएँ ।

'तपाईंलाई मैले बोलाउनुपर्ला भनेर सम्झिरहेको थिएँ, आज पशुपतिनाथले बोलाइदिनुभयो । तपाईको जन्मपत्रिका बताउनुस् । घर कहाँ हो, कहाँ पढेको हो, परिचय दिनुस् ।' भनेर अनुरोध गरेपछि 'मैले काशीमा पढेको, हजुरबुबा पण्डित हुनुहुन्थ्यो, हजुरबुबाले पण्डित हुनुपर्छ भन्नुभएको थियो तर म पत्रकार भएँ' भनेँ । 'पण्डित बन्न छोडेर पत्रकार किन ?' भनी सोध्नुभयो । मैले भनेँ, 'खै हजुर, मलाई पत्रकारिता विषय निकै राम्रो लाग्यो । पण्डित बन्ने इच्छाभन्दा पत्रकार बनेर धर्मसंस्कृतिको सेवा गर्ने इच्छा भयो ।'

"राम्रो, राम्रो । तिमी अगाडि बढ, तिमीलाई पशुपतिनाथको आशीर्वाद छ । धर्मसंस्कृतिका विषयमा लेखिरहनू तर ब्राह्मणले गर्ने षडकर्म नछोड्नू । अध्ययन-अध्यापन, यज्ञ-अनुष्ठान, दान दिने र लिने काम जारी राख्नू । पत्रकारिता तिम्रा लागि यज्ञ-अनुष्ठान हो ।" मूल भट्टले भन्नुभयो, "के तिमी भरत जङ्गमलाई पनि चिन्छौ ?"

"पाँच वर्षदखि जङ्गमलाई चिनेको छु हजुर !"

करिब एक घन्टाको भेटपछि भट्टले भन्नुभयो, "ल ठीक छ । आज धेरै कुरा भयो । समय मिलाएर आउँदै गर्नू । मैले आजसम्म कुनै पत्रकारसँग भेटेर केही कुरा गरेको छैन । हाम्रो काम पशुपतिनाथको पूजा मात्र गर्ने हो । तिमीलाई विश्वास लागेर मात्र पहिलोपटक पत्रकारसँग यति धेरै कुरा गरेँ । हामीबीच भएको कुरा केही नलेख्नू नि !"

मैले भनेँ, "पत्रकारितामा 'अफ द रेकर्ड' भन्ने मान्यता हुन्छ हजुर । हजुरसँग र हजुरले भनेका कुरा अहिले होइन, पछि कुनै बेला लेख्ने गरी डायरीमा टिपेर राख्छु ।"

'पत्रकार चतुर हुन्छ भन्ने सुनेको थिएँ, तिमी पनि चलाख रहेछौ' भन्दै भट्टले श्री पशुपतिनाथको चन्दन र प्रसाद दिँदै भन्नुभयो, 'तिमी अब सधैँजसो पशुपतिनाथ आउँदा यो घरमा आउनू, तिम्रा लागि यो ढोका आजबाट सधैँ खुला भयो । भरत जङ्गम पशुपतिनाथका भक्त हुन् । उनलाई म धेरै पहिलेदेखि चिन्छु । अब अर्को पशुपतिनाथको भक्त भरत थपियो । तिमीहरूले सनातन परम्परा र पशुपतिनाथ मन्दिरको महिमा, यस क्षेत्रको उन्नतिका लागि काम गरिरहनू । मेरो यही आशीर्वाद छ ।"

महाबलेश्वरले भनेका कुरा डायरीमा लेखेर राखेको थिएँ । उहाँ २०७१ सालमा पशुपतिनाथ छोडेर दक्षिण भारत फर्कनुभयो ।

२०७४ सालमा चीनमा पढाउन जाने अवसर पाएको खबर भारतमा रहेका महाबलेश्वरलाई फोन गरेर भनेँ, 'म चीनमा पढाउनका लागि जाने भएँ ।"

खुसी हुँदै उहाँले पुरानै शब्द भन्नुभयो, "तिमी चलाख छौ । षड्कर्म छोडेका छैनौ नि ? तिम्रा लागि अध्यापन पहिलो कर्म हो । मेरो आशीर्वाद छ । पढाउने काममा अल्छी नगर्नू, मिहिनेत गरेर पढ्नू र पढाउनू ।"

चीनमा मेरा छात्रहरूलाई मेरो भरत जङ्गमसँगको सम्बन्धको कथा, उनको साहित्यसेवा, सामाजिक कार्य र भ्रष्टाचारका विरुद्ध बोलिरहने

राजनीतिक चेत भएका लेखक हुन् भनेर पढाएँ । 'कालो सूर्य' भित्र आइतबारदेखि शनिबारसम्मको साताको कथाको विषयवस्तु पढाउँदा नेपाललाई सम्झँदै हामीले करिब ४ घन्टाको कक्षामा मैले छात्रहरूलाई मेरा मित्र जङ्गमका बारे जानकारी दिन पाउँदा म र मेरा विद्यार्थी दुवैले साहित्यिक लेखन र भ्रष्टाचारविरुद्धको अभियानमा लागिरहनुहोला भनेर अनुरोध गर्दा नेपालको भलो हुनेछ भनेर कक्षा समापन गरेका थियौँ ।

●

भरत शर्मा सञ्चारकर्मी हुनुहुन्छ । उहाँ हाल चीनमा नेपाली विषय पढाउनुहुन्छ ।

# अद्वैत व्यक्तित्वका धनी धन्य जङ्गम भरतमणि

## – मच्छेश्वर सापकोटा

भरतमणि जङ्गम राष्ट्रिय ख्यातिप्राप्त एक असल व्यक्तित्वको नाम हो । राष्ट्रवादी चिन्तनमा निरन्तर साधनारत लेखक तथा वरिष्ठ साहित्यकार भरतमणि जङ्गमले समाज तथा देशका लागि पुऱ्याउंनुभएको योगदानका बारेमा बखान गर्नु भनेको आकाशका तारा गन्न खोजेजस्तै हो । तथापि उहाँको उचाइको उच्च मूल्याङ्कनका आधारमा मनाउन लागिएको हीरक महोत्सवको पुनीत अवसरमा बधाई दिने जमर्को मात्र हो यो मेरो ।

एक अब्बल समाजसेवी, इतिहासविद् भरतमणि जङ्गमलाई संस्कृतिविद्, कानुन तथा संविधानविद् भनेर पनि चिन्न सकिन्छ । भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तक भरतमणि जङ्गमले यो देश र यहाँका नागरिकहरूका लागि अतुलनीय योगदान पुऱ्याउनुभएको छ । भ्रष्टाचारविरोधी अभियन्ता भरतमणि जङ्गम यो राष्ट्रमा मात्र नभएर विश्वका अधिकांश देशहरूमा समेत आफ्ना कीर्ति फिजाउँदै सुवास छर्न सफल एक महान् कर्मयोद्धाको नाम हो !

यद्यपि भरतमणि जङ्गम भक्तपुरमा जन्मेर हाल काठमाडौँमा बसोबास गर्नुभएको छ, तर पनि उहाँको पुर्ख्यौली घर भने काभ्रे नै हो भनेर गर्वका साथ भन्ने गरेका छौँ हामी काभ्रेलीले । त्यसकारण भरतमणि जङ्गमसँग हाम्रो अन्योन्याश्रित सम्बन्ध छ भन्दा अतिशयोक्ति होलाजस्तो लाग्दैन ।

यस धरतीमा थरीथरीका मानिसहरू जन्मिन्छन् र मर्छन् । कसैले समाज र देशका लागि केही दिएर जान्छन् । कसैले केही दिन नसके पनि अरूलाई दुःख नदिई जान्छन् । कसैले भने अरूले खान लागेको मुखको गाँससमेत लुटेर खान्छन् । बोल्न नसक्ने निमुखाहरूलाई दुःख दिन्छन् । आखिर जन्मेपछि सबैले मर्नुपर्छ । असल काम गरेर मर्नेहरू मरेपछि पनि अमर बन्छन्, युगौँयुगसम्म बाँचिरहन्छन् । उनीहरूलाई इतिहासले कहिल्यै बिर्सिदैन र कल्पान्तसम्म सम्मान गरिरहेको हुन्छ । खराव काम गरेर अरूलाई दुःख दिनेहरू जिउँदो भएर पनि मरेका हुन्छन् । त्यसरी मरेकाहरूलाई इतिहासले कहिल्यै सम्झिने छैन । उनीहरू सधैँका लागि अस्ताउँछन् ।

जन्मिन्छ अनि मर्छ मान्छे जगमा अजम्मरी को छ र ?
असल कर्म गरेर मर्नेहरू नै बन्छन् अजर-अमर ॥
दुष्कर्मी भई वर्ष एक सय नै बाँचिरहे तापनि ।
कसले भन्छ र कर्मवीर गतिला मानिस यी हुन् भनी ?

देशको ढुकुटी रित्याएर मोजमस्ती गर्ने राष्ट्रका वैरीहरूको सातो उडांउन सक्ने एक निर्भीक कर्मवीरको जन्म सार्थक बनेको छ । यस्ता बहुआयामिक व्यक्तित्वका धनी भरतमणि जङ्गमको योगदानको कदर गर्दै इतिहासले कल्पान्तसम्म जीवित राख्नेछ । हामी सबै नेपालीहरू उहाँको अनुकरणीय योगदानको सम्मान गर्दछौं । अरूको घरको छानो भत्काएर आफ्नो घरको छानो अग्लो देखाउने प्रवृत्ति भएका मान्यजनले पनि भरतमणि जङ्गमले जस्तो कठोर साधना गर्न सिक्नु जरुरी छ । अरूको घरको छानो नभत्काई आफ्नै घरको छानो उठाउनु वेश होला अग्लो देखाउनैपर्छ भने ।

अब अन्तमा, यो देशका सपूत, हामी नेपालीहरूका गौरव, परमादरणीय दाजु भरतमणि जङ्गमको हीरक महोत्सवको उपलक्ष्यमा उत्तरोत्तर प्रगति एवं सुस्वास्थ्यका साथ यो अतुलनीय साहसिक क्रियाशीलताले निरन्तरता पाइरहोस् ! दीर्घायुको मङ्गलकामनासहित हार्दिक अग्रिम बधाई छ ।

●



मच्छेश्वर सापकोटा शब्दयात्रा प्रकाशनद्वारा 'गीतिभास्कर' उपाधि समर्पण गरिएका सङ्गीतकर्मीका रूपमा सुपरिचित हुनुहुन्छ । लोकजीवन, लोकसंस्कृति र लोकसंस्कारमा आधारित आधुनिक गीतका गीतकार, सङ्गीतकार तथा गायक उहाँ काभ्रेपलान्चोक जिल्लाका राष्ट्रिय प्रतिभा हुनुहुन्छ ।

# ‘निर्बन्ध बन्धन’ भित्र नारी मनोभाव

## - मधु पोखरेल

‘कथा एउटा छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो... यो जत्तिको समाजसुधारक र प्रभावकारी कुरा अरू छँदै छैन कि भन्ने जस्तो लाग्छ ।’ – महाकवि लक्ष्मीप्रसाद देवकोटा

महाकविको यो परिभाषासँगसँगै कथाकार भरत जङ्गमको पाचौँ कृति ‘निर्बन्ध बन्धन’ यतिखेर मेरा सम्मुख छ । अग्रज साहित्यकार भरत जङ्गम आफ्नो सिर्जनशीलताका कारणले सुपरिचित हुनुहुन्छ । यसभन्दा अघि आख्यानका चारवटा कृतिले उहाँको साहित्यिक उचाइ कायम भइसकेको छ ।

आख्यानकार भरत जङ्गमको ‘कालो सूर्य’ नामक उपन्यासले नै उहाँलाई शिखरमा पुऱ्याएको हो भन्न सकिन्छ, जुन कृतिको संसारका १५-१६ भाषामा अनूदित भइसकेको छ, जसले भ्रष्टाचार निवारणमा महत्त्वपूर्ण योगदान दिएको छ । त्यसै गरी ‘व्यूहचक्र’, ‘रातो घाम’, ‘ख्वपदेश’ जस्ता उपन्यास नेपाली साहित्य भण्डारमा चर्चित रहेका छन् । त्यसै गरी ‘कालजयी व्यक्तित्व भरत जङ्गम’ कृतिभित्रका विद्वान्-विदुषीको धारणाले पनि उहाँको समग्र व्यक्तित्वलाई उजागर गरेको छ ।

अब लागौँ जङ्गमको कथासङ्ग्रह ‘निर्बन्ध बन्धन’ भित्र । कथाकार स्वयम्ले स्वीकारेका छन् – ‘भरत जङ्गमले नारीको संवेदनशीलतालाई बुझ्नै सकेको छैन’ जस्ता प्रतिक्रियाले ममा अनेक प्रश्नहरू उब्जाए । यस्तै प्रश्नहरू खेल्न थालेपछि मैले बुझेँ – किन प्रेम र यौन समावेश हुन्छ जीवनमा । अनि यो पनि बुझेँ – विपरीत लिङ्गको आकर्षण, सम्बन्ध र सम्भोग नै जीव जीवनको समय निर्धारण गर्ने प्रमुख तत्त्व रहेछ । यसैलाई हृदयङ्गम गरी जङ्गमले यो कथासङ्ग्रह लेखेका हुन् भन्ने सम्पूर्ण पाठकका मनमा पर्न सक्छ । ‘निर्बन्ध बन्धन’ भित्रका ९ वटा कथाहरूले नारीलाई नै प्रमुख पात्रका रूपमा चयन गरी नारी जातिले भोग्नुपरेका पीडा, संवेदना र प्रेमप्रणयबाट उत्पन्न विविध सामाजिक र व्यावहारिक कठिनाइलाई आफ्नो कथावस्तु निर्क्योल गर्नुभएको छ । यसभित्र नारी मात्रका हर्ष, अमर्ष, पीडा र त्यसबाट उत्पन्न परिणाम, पुरुष मानसिकता, नारीका मनोवैज्ञानिक अवस्था लगायतका क्षेत्रहरूलाई आफ्नो कथावस्तुको अभीष्ट बनाएका छन् ।

कृतिको पहिलो कथा छ 'भोगको भोक' । नारी वर्गको आत्मकथाको उत्तम पुरुषमा लेखिएको सामाजिक कथाका रूपमा यसलाई लिन सकिन्छ । स्कुल पढ्दैदेखि पुरुष साथी बनाउने आधुनिकतालाई यस कथाले छर्लङ्ग्याए पनि प्रमुख पात्र माला शिक्षक विवेकबाट प्रभावित र प्रशिक्षित भए पनि मालाले कलेज पुगेपछि मात्र प्रेमी विकासलाई पाउँछे र विकासले चितवन जाऊँ भन्दा कुनै प्रश्न नगरी उसको पछि लाग्नुचाहिँ लेखकले जबर्जस्ती गरेजस्तो लाग्छ । त्यसपछि सुरु हुन्छ मालाको कष्टकर जीवनयात्रा । विकासको अधैर्यको बाँध जब चितवनको होटलमा फुट्छ, त्यसपछि एउटी असहाय नारीका रूपमा मालालाई चित्रण गरिएको छ । सानो भूलबाट कस्तो जोखिम मोल्नुपर्ने रहेछ भन्ने सन्देश यस कथाले दिन्छ भने नारी जातिको संवेदना, पीडा, आरोह-अवरोहलाई कथाकारले दर्साउनुभएको देखिन्छ ।

दोस्रो कथा छ ट्रेसी काम्लीको । उनी विज्ञानकी प्रोफेसर हुन् । तर उनको जीवनकथा अत्यन्त मार्मिक र संवेदनशील छ । चारपटकसम्म विवाह बन्धनमा बाँधिए पनि आज उनी एक्ली छन् । अमेरिकी कानुनको आडमा स्वच्छन्द र स्वतन्त्र अस्तित्वलाई संवेदनहीन व्यवहारले पराजित गरेको नारीको कथा रहेको यस कथाले नेपालसँग तुलना गर्दै नेपाली आगामी पिँढीको भविष्यप्रति चिन्ता व्यक्त गरिएको छ ।

त्यस्तै 'सोह्रखुट्टे' कथा तेस्रो रहेको छ यस कृतिमा । सानैमा विवाह भई लाहुरे गएका श्रीमान् १० वर्ष बिदेसिएर फर्किएका पतिपत्नीको अपरिचित अवस्थामैं भएको यौनक्रीडापश्चातका् रहस्यलाई अत्यन्त कुशलतापूर्वक कृतिकारले प्रस्तुत गर्नुभएको छ । एकातिर यौवनको उन्माद, उन्मादले निम्त्याएको कामवासना, अपरिचित लाहुरेको मनोदशा पनि उस्तै र दुवैले दुवैप्रतिको आत्मिक प्रेमको परिणामपश्चात् लोग्नेस्वास्नी रहेछन् भन्ने कौतूहलतालाई भोलिपल्ट मात्र उद्घाटन गरिनुले कथा सबल बनेको छ ।

चौथो कथाका रूपमा 'वन्दिता' कथा रहेको छ । प्रथम पुरुषका रूपमा लेखिएको यस कथामा वन्दिता पात्रले आफ्नो कथा-व्यथा अभिव्यक्त गरेकी छन् । आफ्नो अभिभावक ठानेको दाजुबाट भएको २ वर्षसम्मको व्यभिचारले आक्रान्त वन्दिता आफ्नो क्याम्पसका सहपाठी दीक्षितप्रतिको अनुराग र दीक्षितले समय, परिस्थिति र वातावरण मिल्नुपर्ने कुरामा एक दिन वन्दिताले सबै चाँजोपाँजो मिलाई घरमा दीक्षितलाई आमन्त्रण र त्यसपछिको सहवासको कथाले पक्कै पनि पाठकको मनमा एउटा तृष्णा जन्माउँछ भन्ने लाग्दछ ।

कृतिको पाँचौं कथा सत्यघटनामा आधारित हो कि जस्तो अनुमान गर्न सकिन्छ । 'स्त्रीया चरित्रं पुरुषस्य भाग्यम्' भन्ने हाम्रो शास्त्रीय मान्यतामा पनि

यस कथाले व्यङ्ग्य गरेझैँ लाग्दछ । एउटी स्वच्छन्द नारी जो सानैदेखि यौनाङ्ग हेर्ने चाहना राख्तछे र पढाइ पनि छोडेर पछि विवाह बन्धनमा बाँधिएपछिका घटनाक्रमको फलस्वरूप राजधानी छिरेपछि उनको सुन्दरतालाई भजाउँदै धेरै पुरुष पात्रहरूसँगको शारीरिक सम्पर्कबाट, साहित्यकारहरू र पत्रकारको संसर्गबाट वरिष्ठ साहित्यकार, धनाढ्य व्यक्तित्व एवम् समाजसेवीका रूपमा कसरी ख्याति आर्जन गर्न सकिन् भन्ने कथानकले यौन मनोविज्ञानका साथै पुरुष वर्गको पराजित मानसिकताप्रति कटाक्ष गरिएको स्पष्ट देखिन आउँछ 'प्रियालोक' कथा अध्ययन गर्दा ।

अर्को कथा 'कोठा नं. ३०६' मा एउटा विदेशी पुरुषले नेपाली नारीलाई कलछल प्रयोग गरी गर्भिणी तुल्याएपछिको संवेदनशील कथानक छ । पुरुषको भ्रमजालमा परेर आफ्नो अस्मिता मात्र होइन, आफ्नी फुपूको सर्वस्वसमेत गुमाउन पुगेकी नारीको कथाव्यथाका साथसाथै नेपालको प्रशासनिक विकृति-विसङ्गतिलाई समेत उजागर गर्न यो कथा समर्थ भएको छ ।

यस कृतिको छैटौँ कथा 'बिम्बको प्रतिबिम्ब' रहेको छ । कथा दार्जिलिङ र काठमाडौँको सेरोफेरोमा केन्द्रित छ । पुरुषको अकर्मण्य क्रियाकलापबाट विरक्त नारी जीवनको सफलता खोज्दै काठमाडौँ आए पनि उनको नसुध्रिएको अवस्थालाई चित्रण गर्दै कथाकारले रक्सीविरोधी आन्दोलन छेडेका हुन् कि जस्तो पनि लाग्दछ । साहित्यप्रति अनुरागी नायिका बिम्ब नामको आफ्नो कक्षमा बोलाउने, साहित्यका कुराकानीले बढेको मित्रतापश्चात्को शारीरिक सम्बन्धले निम्त्याएको पति र प्रेमीबीचको कथाले अन्तमा भ्रुणको सिर्जना गरेपछि गर्भपतनको अवस्थालाई लेखकले नारी विवेकलाई प्राथमिकता दिँदै लेखेका छन्, 'मैले बिम्बकी प्रिया र बाबुजी (पति) की पत्नीका रूपमा जीवन गुजार्ने निर्णय गरेँ ।' कथा नारीको सबलताको परिचायक रूपमा प्रथम पुरुषमा प्रस्तुत भएको छ ।

अर्को अन्तर्जातीय विवाह त्यसबाट निस्केका परिणामहरूलाई एउटी नारीले हिजोसम्म स्वीकार्दै आए पनि परम्परा, रुढी र चालचलनका अगाडि आत्मसमर्पण गर्दै आफूलाई नै मृत्युको ज्वालामा होम्ने कथा हो 'म के भनूँ' । जवानी, उमेर र अव्यावहारिक निर्णयबाट जन्मिएको परिणतिलाई यस कथाले सम्बोधन गरेको छ ।

यस सङ्ग्रहको अन्तिम कथा छ 'प्रतिस्पर्श' । यसमा पनि अन्तरजातीय विवाहको प्रसङ्ग भए पनि केही भिन्न अवश्य छ । क्षत्री र नेवारबीचको अन्तर्जातीय विवाहपश्चात् नारीको ७ वर्ष जापानको कडा परिश्रमपश्चात् दुई ठाउँ घडेरी र एउटा घरको निर्माणपश्चात् लोग्नेचाहिँ अर्कै युवतीप्रति

आकर्षित र घरको दुरावस्थाप्रति बेवास्तापश्चात् शिवाज्ञाले देखाएको आत्मीयता र प्रेम सम्बन्धका कारणले एक्लिएकी, आफ्नो श्रीमान्‌बाट पनि एक्लिएकी युवतीको मार्मिक कथाले पाठकलाई पनि सोच्न बाध्य तुल्याउँछ । के यसरी पनि जीवन चल्न सक्छ र ?

यस्तै-यस्तै नारीलाई मुख्य पात्र बनाई कहीँ प्रथम पुरुषमा, कहिले तृतीय पुरुषमा लेखिएका ९ वटा कथाले कथाकारको लेखनधर्मितालाई उजागर गरेको छ । नारी मनोदशा र नारी चरित्रलाई, नारी जातिले भोग्नुपरेको पीडा एवम् समस्याप्रति संवेदनशील हुँदाहुँदै पनि यौनिक आवश्यकताप्रति लेखकले संवेदनशील ढङ्गले यी कथाहरूमा अभिव्यक्त भावनाहरूलाई पक्कै पनि पाठकले मन पराउनेछन् भन्ने मलाई लागेको छ । लामा-लामा लेखकीय संवाद भने कथाभित्रको नजानिँदो रूपमा पाठकले अनुभूत गर्ने विषय हुन् जस्तो लाग्दछ ।

तसर्थ महिलावर्गले भोग्नुपरेका सामाजिक, आर्थिक, पारिवारिक, यौनिक र मनोवैज्ञानिक समस्याहरूलाई सूक्ष्म ढङ्गले विश्लेषण गरी लेखिएका यी ९ वटै कथाहरूले कथाकारको योग्यतालाई प्रमाणित गरेका छन् ।

अन्तमा, विश्व कथा साहित्यका वरेण्य कथाकार मुन्सी प्रेमचन्दको कथा सन्दर्भको अभिमत राख्तै कथाकार दाजु भरत जङ्गमको ७५ औँ जन्मदिवसप्रति हार्दिक शुभकामना व्यक्त गर्दै विश्राम लिन चाहन्छु ।

'कथा एउटा यस्तो रचना हो, जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य रहेको हुन्छ ।'

– प्रेमचन्द

●



मधु पोखरेल विराटनगरनिवासी साहित्यकार हुनुहुन्छ ।

# प्रयास गर्नुहोस् भरत जङ्गमजी !
## – महेश्वर जुजु राजोपाध्याय

नेपाल भूमिमा बस्तै आउनुभएका महादेवले स्वाभिमानी नेपाली भरत जङ्गमलाई स्वस्थता, चिरायु र समृद्धि दिऊन् । चन्द्रमा सदा दाहिना रहून् । ७५ वर्षको हीरक महोत्सवमा यही शुभकामना तथा सादर बधाई अर्पन्छु ।

पशुपतिनाथको मूल ढुकुटी खोल्न नदिएकोमा अति प्रसन्न हुनुभएका श्रीले कृपा गर्नुभएरै जङ्गमजीले अभियान नै चलाएर विकृतिहरू हटाउन सफल हुँदै आउनुभयो र विश्वमै चर्चित हुनुभयो भनी खारिएका कलमजीवी हरि मञ्जुश्रीले प्रकाश पारिसक्नुभएकाले पुनरुक्ति गर्नु आवश्यक ठानिनँ र बधाईका दुई थुँगा चढाएँ । भरत जङ्गमको समर्पण भाव कति मार्मिक छ भन्ने उदाहरणका रूपमा हिजो भएको दुई भाइबीचको छोटो संवाद पेस गर्दछु ।

"महेश्वरजी ! तपाईं-हामीले अरूका लागि धेरै गर्‍यौं ।"

"हो भरतजी ! अरूका लागि गरेको भएरै तपाईं-हामी यस्ता छौँ । आफ्ना लागि गरेका भए हामी पनि दुई-तीन लाखको खाटमा सुत्थ्यौँ । परिवारका सबैलाई बेग्लाबेग्लै बङ्गला र कारहरू दिन्थ्यौँ । हेलिकोप्टर चढेर चुनाव प्रचार गर्थ्यौं । हामीले आफ्नै लागि, जन्मथलोकै लागि लेख्यौँ, बोल्यौँ । पापीहरूलाई थचार्दै आयौँ । पहलमानलाई पनि बालगोपाल बनी पछार्दै हुनुहुन्छ तपाईं । भरतजी ! यही स्वाभिमानले हाम्रो शिर उच्च छ । मनोबल बढेको बढ्यै छ । असत्य, दुराचार र अत्याचारलाई दुत्कार्दै गलाएकै छौँ । तर लुटेको धन छरेर नेता बनेकाहरूकै बिगबिगी छ । देशभक्तहरूलाई लखेटेका छन् । तैपनि स्वाभिमानीका अनुहार चम्किला छन्, रसिला छन् । मनको सुन्दर सिंहासनमा जगदीश्वरको राज छ । नेपाली मन मेरो नेपाल भन भन्ने गीत गाएरै जागरण छर्छन् । सम्हाल नेपाल भनी जगाउँछन् । बुढेसकालमा पनि धेरैथोक गरेकै छौँ । रिटहरू दायर गर्दै, देशको ढुकुटी बढाउँदै आएका आँटिलो नेपाली ठिटो भरत जङ्गमको मथिङ्गलको यो सफा चित्र हो । म प्रशंसा गर्छु, वन्दना गर्छु । विश्वमै चर्चित बनेकोमा म गर्व पनि गर्छु ।"

भरतजी ! यता पनि सोच्ने हो कि ? मानव अस्तित्व बचाउने हो कि ?

विदेशी पण्डितहरूलाई दरबारमा उच्च ओहदा दिएर मेरा पनि मान्छे छन् भनी धाकधक्कु लगाउने चलनले नेपाललाई त्यति बेला पनि पिरोलेको

देखियो । भक्तपुरका राजा जगत्प्रकाशले ज्येष्ठ पूर्णिमा नै लामो दिनको बूढो पूर्णिमा ज्यापुन्हि भइसक्यो भन्छन् पाटनका राजा सिद्धिनरसिंह, त्यसैले झगडा बढेको हो कि विचार गर्नु भनी ज्योतिषशास्त्रका विद्वान्हरूलाई दरबारमै भेला गराए । त्यति बेलाका मन्त्री बनारसी पण्डित चन्द्रशेखरले हाम्रो दक्षिणतिर भिरालो परेकाले अशान्ति भएको हो र भिरालोमा माटो पुरेर उठाएपछि शान्ति हुन्छ भनी ज्योतिषीहरूलाई धर्मशास्त्रीझैँ बनाई समय सुधार गर्नेतिर कुरै गरेनन् । अशान्ति वा कोप झनै बढ्यो र बिफरको महामारीले राजा जगत्प्रकाशलाई समेत खायो । तैपनि समय सुधार्नेतिर ध्यान दिएनन् । प्रत्येक ६-७ गते नै सूर्य अर्को महिनामा प्रवेश गरेको देखियो । अर्थात् भाद्र कृष्णपक्ष नै आश्विनको सोह्रश्राद्धको पितृपक्ष भयो । तर एक महिनापछि मात्र सोह्रश्राद्ध गराउँदा पितृहरू कोप गरी फर्के । पितृ र देवीदेवता पात्रो हेरेर होइन, सूर्यलाई र प्रकृतिलाई हेरेर आउँछन् । त्यति बेला स्वागत-सत्कार नगरी एक महिनापछि आउनोस् भनेझैँ गरी चुप लागेपछि कोप हुने नै भयो ।

पाटनमा बनारसी पण्डा भगीरथ भैयाले, काठमाडौँमा बनारसी पण्डित झगल ठाकुर काजीले समय सुधार्न दिएन र पुनः पशुपतिको जलहरीबाटै रगत बग्यो । अशान्ति अचाक्ली बढ्यो । भूपतीन्द्र मल्ललाई बच्चा नै छ भनी २२ वर्षका युवराजलाई पन्छाएर विधवा कान्छी रानीको नाठो गद्दीमा बसालेर चरित्रभ्रष्ट हुँदा बबालै मच्चियो । पाटनमा युवराजसमेत राजाको विरोध गरी दरबारै छोडी लगनखेलमा बस्न गए । काठमाडौँमा राजा भास्करसमेत अज्ञात रोगको सिकार भए । एकै दिनमा सयौँ मरे । कोप बढ्दै गएर मल्लकालै गयो । शाहकालमा पनि श्री ३ ले पेले । विश्वयुद्धमा अर्काका लागि त्यत्तिका नेपाली मर्न पुगे । जनक्रान्तिले पचासौँ हजार मरे, बेपत्ता भए । तीन बटालियन सेनाले सोझा विद्वान् राजा वीरेन्द्रलाई बचाउन सकेन । वंश नै स्वाहा भयो । दुई तिहाइको सरकार पनि आतङ्कित छ । कोरोनाले विश्वलाई नै हल्लायो । विज्ञान-प्रविधि सबै हार्‍यो । यो नै रगत बगेको कोपको पक्का प्रमाण हो ।

दोलखा भीमसेनमा खलखली पसिना आएपछि विपत्ति भोगेका छौँ । पशुपतिनाथले पनि अशुभ वा अशुद्ध समयमा चाडपर्व मनाएको ठीक भएन, सच्याउनु भनी सचेत गराइएको हो । त्यो चेतना नभएकैले नेपालले अनि विश्वले नै मार खायो, खाइरहेका छौँ । अतः यता पनि सोचौँ । यो पनि यहाँको हीरक महोत्सवको मीठो उपहार हुनेछ मानव जातिका लागि ।

अब पात्रोले लेखेकै बमोजिम समय सुधारौँ –

१. २०७८ साल चैत ४ गते शुक्रबार ६:१३ मा सूर्योदय, ६:१३ मै सूर्यास्त दिनमान ३० घडी विषुव काल । यति बेलाको विषुव कालको यात्रा

हुनुपर्नेमा विषुव काल नाघेर १ महिनापछि विष्का जात्रा भनी लेखेको गलतै भयो ।

२. २०७८ साल जेठ ६ गते बृहस्पतिबारको दिनमा मिथुन राशीमा सूर्य पुगेको देखियो । मिथुन महिना आषाढ हो । सूर्यले आषाढ भयो भनेपछि १२ गतेको पूर्णिमा स्वतः आषाढ पूर्णिमा भयो । ज्येष्ठ पूर्णिमा लेखेको मिलेन ।

३. २०७८ साल मार्गशीर्ष (मङ्सिर) ६ गते सोमबार सूर्य धनु राशीमा पौष महिनामा पुगे । त्यसपछिको पुस ४ गतेको पूर्णिमा पौष पूर्णिमा भयो । धान्यपूर्णिमा भनेको मिलेन ।

यसरी सबै चाडपर्वहरू अशुद्ध समयमा पारेकैले खराब भयो । नेपाल सरकारले २०६५ पुस १६ गते मन्त्रिपरिषद्ले २०६७ वैशाखमा पर्ने अधिकमासलाई साधारण महिनासरह मानी एक महिना पर सार्ने निर्णय गर्दा पनि नेपाल पञ्चाङ्ग निर्णायक समितिले भारतले निर्णय गर्नुपर्छ भनी सुधारेन र यो महामारीमा फस्यौँ ।

फेरि भन्छु – पाटनका राजा सिद्धिनरसिंह मल्लले ज्येष्ठ पूर्णिमा नै प्रकृति अनुसार आषाढ पूर्णिमा भइसक्यो, सारौँ भने । अशान्ति कटाई महामारी सबै यही कारणले भइरहेका हुन् कि विचार गरौँ भनी भक्तपुरका राजा जगत्प्रकाशले दरबारमै ज्योतिषी विद्वान्हरूको भेला नै गराएका थिए । विदेशी विद्वान् मन्त्रीले दक्षिणतिर ओरालो परेको अशुभ भई राजाको काममा बाधा परेको भन्न लाग्यो । समय बारे कुरा नै भएन । बिफरको कोपले जगत्प्रकाश मल्ललाई समेत खायो । ने. सं. ७९२ मङ्सिर कृष्ण चतुर्दशी बृहस्पतिबारको दिन ९ वटी रानीहरू सती गएका थिए । त्यति बेलाका विदेशी मन्त्री थिए चन्द्रशेखर । ने. सं. ८०२ मा पशुपतिनाथको मन्दिरको उत्तरी द्वारबाट भलभली रगत बग्यो । समय सुधारेनन् । ने. सं. ८०७ मा विष खुवाएर राजा पार्थिवेन्द्र मल्ललाई मारे । पुनः ८२२ मा पशुपतिनाथको जलहरीबाटै रगत बग्यो । राजा भास्करेन्द्र मल्लले सुधार्न खोजेकोमा फेरि रोकियो । महामारीले धेरै मरे । ने. सं. ८४२ मा २६ वर्षीय भास्कर राजालाई अज्ञात रोगको सिकार भए भन्छ नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन ।

भरत जङ्गमजी ! तपाईंले यस स्थितिलाई सुधार्ने प्रयत्न गर्नैपर्छ । यतातिर लागेर मानव अस्तित्व जोगाउने प्रयास गर्नुहोस् ।

ने. सं. ७२६ देखि ७५३ सालसम्म भक्तपुरमा राज्य गरेका जगज्ज्योति मल्ल तुलजाभवानीसँग पासा खेल्ने परम भक्त भएर पनि आफ्नो पहिलो

छोराको वियोग खप्नुपर्‍यो । त्यति मात्र होइन, छोरालाई सद्गति दिन सकेनन् र दिनदिनै दरबारमा आई ‘मेरो भोग खोइ ?’ तर्साउन आउने प्रेतत्व पन्छाउन सकेनन् । सिद्ध गुरु-पुरोहितहरूको मन्त्रसिद्धिले पनि काम गरेन । अनि जङ्गलको एकान्त साधनामा लागेको एक परिवारलाई अनुनय-विनय गरी दरबारमा ल्याई छोराको प्रेतत्व निवारण गर्ने अनुष्ठान गराए । प्रेतलिङ्ग महादेव स्थापना गरी जगाएर प्रेतको उद्धार गर्ने साधना गर्दा पनि प्रेतले भाग माग्न छोडेन र चौबीस मानाको भात पकाउने यज्ञ नै गरी सो यज्ञभाग दिएपछि प्रेतले दुःख दिन छोड्यो । यसरी सद्गति प्रदान गरेको गुणको कदर गरी सहरभित्रै घरजग्गा दिई त्यस परिवारलाई ससम्मान बस्न अनुरोध गरेको राजाज्ञा पालना गरी बसेका परिवारको नामै जङ्गम राखे । जङ्गलमा डुली-डुली हिँड्ने साधक जङ्गम ।

त्यही कुलघरानाका भरत जङ्गमलाई कुलायन सिद्धि पाएरै होला, पहिलो साहित्य रचना नै ‘कालो सूर्य’ विश्वमा चर्चित हुन पुग्यो । हरि मञ्जुश्रीले सगौरव लेखेअनुसार पहिलो उपन्यास ‘कालो सूर्य’ लेखेर साहित्य क्षेत्रमा प्रवेश गर्नुभएका भरत जङ्गमको उक्त विश्वचर्चित पुस्तक विभिन्न १३ भाषामा अनुवाद भइ नै सक्यो । यो उहाँको साहित्य रचनाको उच्चताको प्रमाण हो ।

जन्मँदैमा पुत्र वा पुत्री होइन्छ । तर त्यत्तिकै जीवन बिताउनेहरूभन्दा विशेष कार्य वा चमत्कार गर्नेहरूलाई पुत्र वा पुत्री भन्दछन् र उसप्रति गर्व गरिन्छ । यसरी अन्याय, अत्याचार, भ्रष्टाचार जस्ता अमानवीय कर्तुतहरूविरुद्ध आवाज उठाएर राम्रो नमुना नै बन्नेहरू कमै छन् । तीमध्ये भरत जङ्गमको नाम अगाडि आउँछ । उहाँ नेपालपुत्र भनी विश्वले चिन्ने प्रतिभा बन्नुभयो । हार्दिक बधाई ।

अरू देशभन्दा दुई ढुङ्गाले च्यापेको तरुल देशको व्यथा बेग्लै छ । अलिकति चल्नेबित्तिकै तरुलको पाप्रा उक्किन्छ । नचली बस्न पनि सकिन्न । बाध्यता बुझेर कार्य गर्नेलाई नै अगुवा भन्न मिल्दछ । भरत जङ्गमका सबै कार्यले उहाँलाई अगुवा नै बनाएको छ । तर आफैँ सामाजिक स्तरमै समर्पित रही खबरदारी गर्दै आउनु ठूलो कुरा हो । सायद यो उहाँको आध्यात्मिक चिन्तनको उपज हो । धेरै कार्यक्षेत्रका उहाँ संरक्षक नै बन्नुभयो । समाजले यसरी उहाँको खुबीको कदर गरेको छ, प्रशंसा गरेको छ । कमाइ भनेकै यही हो । भ्रष्ट मानसिकता गलाउने विधि पढाउने वातावरण पनि बनाउनुभयो र अब शिक्षण क्षेत्रले छिटै पाठ्यक्रममा समावेश गर्नेछ भन्ने विश्वास बढ्यो । यसरी भरत जङ्गम नेपालपुत्र बन्नुभयो । भविष्यमा अझ बढी खुराक मानव जगत्ले पाओस् । कृतिले, प्रतिभाले उहाँलाई अजर, अमर त बनाइ नै सक्यो ।

प्रकृतिले पनि बलियो राखून्, क्रियाशील राखून् । आकर्षक लामो आयु प्रदान गरिरहून् । यही मङ्गलमय कामना ।

संस्कृति समाजको चिनारी हो भन्ने उहाँको दृढ धारणा पनि स्तुत्य छ । यस आस्थाले गर्दा नै उहाँलाई वरिष्ठ संरक्षक स्वीकारे उच्च स्थानहरूले । सबै नेपाली यसमा गर्व गर्दछन् । अब विश्वले पनि सम्मान गर्नेछ नेपालपुत्रलाई । भ्रष्टाचारविरोधी विज्ञानका पिता त भनि नै सक्यो । अझै तरक्की दिनेछ भन्नेमा ढुक्कै छौँ । नेपालको जय होस् । भरत जङ्गमको अनि त्यो भाग्यशाली परिवारको पनि जय होस् ।

●



ने. सं. १०६० साल माघमा नेपालको राजधानी काठमाडौँमा जन्मनुभएका महेश्वर जुजु राजोपाध्याय लेखक, शिक्षक तथा समाजसेवीका रूपमा राष्ट्रिय समाजमा सुपरिचित हुनुहुन्छ । उहाँले आध्यात्मिक क्षेत्रका विभिन्न पुस्तकहरू लेखेर प्रकाशन गराउनुभएको छ भने उहाँका फुटकर लेखहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उहाँले विभिन्न पदक तथा सम्मानहरू प्राप्त गर्नुभएको छ ।

# सदाचारका उपासक
## – मानसाग्नि

अनेकतामा एकता, ममत्वमा समत्व, अन्धकारमा प्रकाश, मृत्युमा अमरताको खोज नै अध्यात्म रहेछ । नेपालको हिमालय क्षेत्रबाट शिवशक्तिको समता, ममताको शिक्षा र साधना गाउँगाउँ, बस्तीबस्ती जगाउँदै समुद्रसम्म पुग्यो । आफैँभित्र अनादि सत्ताको खोज, विराटको साक्षात्कार र एकताको सम्बोधि शिवशिक्षा सरलताभित्र सम्भावनाको सगरमाथा । समुद्रसँग अँगालोमा इडा, पिङ्गला, सुषुम्णाको सहस्रार नेपाल । सारहरूको सर्वसार, सत्सार ।

नेपालको शिवलोक हिमालयबाट शक्तिलोक पर्वतालय हुँदै सर्वकल्याणको जीवन्त शिक्षा शिवसाधना विश्वभर फैलियो । साधना यात्राका यात्रीहरू आ-आफ्ना क्षमता र सुविधाअनुसारका बासहरू रोज्न थाले । यिनैमध्येका एक बासका वासी हुन् वीरशैव शिवसाधनाको वीरशैव साधना पथका गति र ज्ञानका बोधिचित्त जङ्गम । शिव ज्ञानविज्ञानको मर्मज्ञ र प्रचार गर्न विभिन्न स्थानमा घुमिरहने एवं शिवसाधकलाई आध्यात्मिक साधनामा मार्गदर्शन या बाटो देखाउनेलाई जङ्गम भन्ने गरिन्थ्यो भन्ने व्याख्या वीरशैव साधनाको मूल तत्त्वमा देखिन्छ । सिद्धान्तशिखामणि (अध्याय ११, श्लोक ३६) अनुसार जङ्गम पवित्र ज्ञानको उपदेश दिने अधिकारी व्यक्ति हो । किनकि उसले शिवको शिक्षा र साधनलाई यथार्थ रूपमा देखेको छ भनेर पोषण गर्दछ ।

शैवागम र वीरशैवसँग सम्बद्ध ग्रन्थहरूमा जङ्गमको महिमाबारे पटकपटक उल्लेख भएको देखिन्छ । वेदान्तसार वीरशैव चिन्तामणि (अध्याय १२, श्लोक १९८) वीरागम अनादि वीरशैवसार सङ्ग्रह द्वितीय माग (अध्याय १६, श्लोक २) र अन्य श्लोक पनि साथै सिद्धान्त शिखामणिको अध्याय ११, १५ एवं यत्रतत्रसर्वत्र जङ्गम ज्योति फैलिएको देखिन्छ ।

नेपालको कला, संस्कृति र विज्ञान शिवशक्ति या महादेव, महादेवी या भैरवभैरवीविना यात्रा प्रारम्भको पहिलो पाइला चाल्नै सक्तैन भन्ने देखिन्छ । योगतन्त्र एवं शैवसाधना अनेक रूप-स्वरूपमा नेपालको आदिकालदेखि अनादि सन्देश बनेर रहेको देखिन्छ । यही भूभागमा जन्मिएर विकसित भएको संसारकै जेठो मानिने वैदिककालको आयुर्वेद चिकित्सा विज्ञानमा द्रव्यभेदअन्तर्गत जङ्गम उद्भिद र पार्थिव तीन मुख्य प्रकार देखिन्छन् । जङ्गमका मूल चार समूह देखिन्छन् – उद्भिज, स्वेदज, अण्डज र जरायुज ।

यिनै चार समूह हुँदै क्रमशः मानव जीवनको सर्वोच्चता प्राप्त भएको मान्नेहरू पनि देखिन्छन् । यही चार समूहलाई चौरासी योनि मानी विकासवादको खाका कोर्नेहरू पनि छन् ।

विषचिकित्साअन्तर्गत विषका दुई प्रकार मानिएको छ – स्थावर विष-वनस्पतिजन्य वत्सनाभ, शखिया आदि (तिष्ठन्तीति स्थावराः), जङ्गम विषप्राणीजन्य विष सर्प, बिच्छी आदिका (गच्छन्तीति जङ्गमः) । विषलाई शोधन-प्रशोधन आदिद्वारा अमृतमय औषधि बनाउने विज्ञान या प्रकृति रसायन शास्त्रले शिवलाई प्रथम विषचिकित्सक या विश्वविषज्ञाता मानेको पाइन्छ । हाम्रो इतिहास समुद्रमन्थन अर्थात् विराट ज्ञानमन्थनको साक्षी छ । अमृतको लुछाचुँडी र विषको भागभागमा अमृतप्राप्तिको लोभबाट मुक्त र विषको विश्वविनाशबाट सरल निकासका शिखर शिव जगजाहेर छ ।

जे होस्, जुन तृतीय आँखीझ्यालबाट आदि-अनादि देखे पनि जङ्गम शिवको ज्ञानविज्ञानका साधक र प्रचारक थिए भन्ने सत्यतथ्य पूर्णिमाको रात र औँसीको दिनजस्तै देख्छन् योगीहरू ।

भरत दाइको हीरक महोत्सवको महाउत्सवमा अमृतफूलको रसायनको गुणगान गर्दा त्यो रसिलो-पोसिलो फलको बोटको अभिनन्दन नगर्नु अनैतिक हुन्छ । त्यसैले जङ्गम र जङ्गमेश्वरको पनि प्रार्थना गरेको हुँ । भरत दाइका पुर्खाले जङ्गममठको स्थापना गरी वीरशैव मतको साधना र प्रचार-प्रसारद्वारा शैवसाधनाको अनादि आँगन नेपालमा पुनर्जागरणको डमरु बजाएको देखिन्छ ।

एउटा कालखण्डमा काठमाडौँ उपत्यका साधनाको केन्द्र थियो । मूल मियो अध्यात्मको मूल आधुनिकताको मूलले भुलभुलाउन छाडेको देखिन्छ । शङ्करको प्रिय शङ्करापुर साधना श्रेष्ठ कान्तिवीरहरूको प्रिय कान्तिपुर, ललित विज्ञानका पौरखीहरूको प्रिय ललितपुर, कीर्तिशिखरहरूको प्रिय कीर्तिपुर र भक्त र भगवान्को लयप्रिय भक्तपुर अर्थात् भक्तहरूको पुर भक्तपुर । यही भक्तपुरमा अध्यात्म शैवसाधना, सेवा, जात्रापर्व, संस्कृतिका कृतिभित्र जीवनको सर्वस्व देख्ने कान्छा महन्तका छोरा भरत जङ्गम पिताका प्रतिमूर्ति र जीवनतत्त्वको रूपान्तरणका रूपमा देखिन्छन् भन्थे भक्तपुरे पाका पुस्ताले । देखेको, सुनेको, भोगेको आफ्नै लयमा लहरिएका मुखाख्यान पनि देखेको छु ।

उपन्यास विधामा सामाजिक व्यङ्ग्यको प्रयोग गरिएको 'कालो सूर्य' को सेतो प्रकाशमा पहिलोपटक वि. सं. २०३७ सालतिर होला मैले भरत जङ्गमलाई चिनेको । हाम्रो समाजको संस्कार, सदाचार र सत्पथ कमजोर हुँदै गएको र अनैतिक, भ्रष्टाचारी र विकृतिपथ बलियो हुँदै गएको वर्तमान समाजलाई व्यङ्ग्यात्मक लेखनी र देखनीको विराट प्रकाशमा प्रार्थना गरेजस्तै

लागेको थियो । 'कालो सूर्य' बाट प्रारम्भ भएको सम्बन्ध 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' सम्म आइपुग्दा अन्तरसम्बन्ध बनेका छन् । विचारका सम्बन्धहरू शरीरको सम्बन्धभन्दा बलियो र दिगो हुन्छ । शरीरसँग पहिलोपटक सायद २०५२ सालतिर भेट भएको हुनुपर्दछ । मेरा दुई प्रिय मित्र जीवनचन्द्र कोइराला र हरि मञ्जुश्रीका साथ म जङ्गम निवास बानेश्वर पुगेको सम्झना छ । शरीरको पहिलो भेट र चिनारीमै मलाई लागेको थियो लामो समय टाढा बसेर आउँदा स्वागतम्मा ढोकामा आएको प्रियजनजस्तै । त्यसैले होला मेरो मुखबाट सम्बोधन निस्कियो भरत दाइ । आजसम्म यो सम्बन्ध दाजुभाइकै छ । आत्मीयता गहिरो छ भेटघाट सतहमै भए पनि ।

हाम्रा बोधकथाहरूमा सुनमा सुगन्ध बनाउन टुक्का साहित्यले प्रवेश गर्दैछ । सज्जनहरू नरिवलको फलजस्तो बाहिर कठोर र मित्र नरम हुन्छन् । दुर्जनहरू बयरको फलजस्तो बाहिर नरम र भित्र कठोर हुन्छन् । भरत दाइ त्यही नरिवलको फल हो । बाहिर हेर्दा जटाजुट र कठोर, जति भित्र पस्यो त्यति नरम र निर्मल । समाजमा भएका नकारात्मक र भ्रष्ट वृत्ति-प्रवृत्तिप्रति हीराजस्तै कठोर एवं सकारात्मक र सदाचार प्रतिहीराजस्तै चम्किलो भरत दाइको हीरक महोत्सवसम्म आइपुग्दा शरीर र मन बलिष्ठ र निर्मल छ ।

भरत दाइको पत्रकारितामा संलग्न जीवनले भ्रष्टाचार, शोषण र विभेद समाजमा कसरी जरा गाडेर बसेको छ र यो महारोग वनविनाशको सङ्कल्पमा फैलिएको वनमाराजस्तै कसरी फैलिएको छ भन्ने देखायो । तिनै घटनाले समाचारदेखि समाधानसम्म र सचेतनादेखि साहित्यसम्म डोऱ्यायो ।

उपन्यास, कविता, कथा, प्रबन्ध, निबन्ध, लेखरचना, सम्पादन र विविध लेखनीबाट आफ्ना बीज र विचार छरिरहेका भरत दाइ भ्रष्टाचारमुक्त आध्यात्मिक समाज निर्माणको कालजयी कल्प-सङ्कल्पबाट मङ्गल साधना गरिरहेको देख्तछु । उहाँको हीरक महोत्सव मूल समारोह समितिद्वारा प्रकाशित अभिनन्दनग्रन्थका लागि लेख्न मलाई पनि सम्झिनुभएकोमा हृदयप्रान्तर आनन्दका साथ अभिनन्दन अभिनन्दनीय भरत दाइलाई !

●



साधनाको क्षेत्रमा मानसाग्निको नामबाट परिचित डा.. हरिप्रसाद पोखरेल योग एवं प्राकृतिक चिकित्सक हुनुहुन्छ ।

# ऐतिहासिक महादेवस्थान र भरत जङ्गम
## – मुकुन्दराज सत्याल

हाल मध्यबानेश्वर वडा नं. १० मा रहेको महादेवस्थान र वाणगङ्गा, ढुङ्गेधारा यहीँ म बसेको स्थानबाट नजिक पर्छ । २०० मिटर दूरीमा हामी बसेका २०११ सालदेखि नै हो । महादेवस्थानभित्र घाँसैघास भएको चौर र पश्चिमतिर सानो टहरो थियो र चारैतिर खाली थियो । त्यस बखत टोलटोलमा सानासाना मन्दिरहरू, गोरेटो बाटो भएको बानेश्वर चारैतिर खेतबारी भएकाले बसोवासका लागि हामी कसैलाई पनि त्यति आकर्षण नहुनु स्वाभाविकै थियो । मेरा पितामाता आएर पुलचोकको डेराबाट यहाँ सानो घर बनाएर बस्न आएका हौँ । मेरा पिता वाणगङ्गामा स्नान गर्ने गर्नुहुन्थ्यो । उहाँका परम मित्र स्वयं वासुदेव शर्मा (पूर्वप्रधानन्यायाधीश) बनारसबाट नेपाल आएका रहेछन् । मेरो खास आजको विषय भरत जङ्गम र यो उजाड स्थान बानेश्वर महादेव मन्दिर यति चर्चामा कसरी विकास भयो भन्ने हो ।

हामी टङ्गालवासी सत्याल ब्राह्मण बनारस पुग्दै फेरि दाप्चा फूलबारीबाट काठमाडौँमा आफ्नै हाम्रो सत्याल परिवारलाई तत्कालीन महाराज जङ्गबहादुरले गुरुपुरोहितका रूपमा स्थापित गरेका रहेछन् । जेठा, माहिँला र कान्छा हाम्रा पुस्ता महाराज केशव शमशेरका गुरुपुरोहित अंशबन्डामा परेका रहेछन् । मेरा बडाबाजे नित्यराजले सुधारवादी राजा श्री ३ देवशमशेरलाई गोरखापत्र प्रकाशन गर्न एउटा सुझाव दिनुभएका कारण हाम्रो पुर्ख्यौली घर, जग्गा, सम्पत्ति चन्द्रशमशेर महाराजले सर्वस्व गरी देशनिकाला गरेका रहेछन् । मेरा पिता र कृष्णप्रसाद भट्टराई, गोपालप्रसाद भट्टराई घनिष्ट मित्र भएको बारे मलाई भूतपूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सबै कुरा म र राजेन्द्र खरेलको उपस्थितिको बेलामा सुनाउनुभएको हो ।

जे होस्, भीमशमशेरको राज्यकालमा हाम्रा पिता नेपाल बस्न सफल हुनुभएछ । यसरी पुलचोकमा हाम्रा पिता र माताले डेरा गरी गुजारा गरेको र २०११ सालमा बानेश्वर महादेवको छेउमा एक टुक्रा जग्गा दुई-चार सय रुपियाँमा खरिद गरेर बसेका हौँ । बानेश्वर महादेवको आशीर्वाद हामीमाथि मात्र नभई सबै हामी सत्याल परिवारलाई मिलेको छ । हामीले उच्चशिक्षा अध्ययनका साथै उच्चस्थानसम्म जागिर खाई देशको सेवा गर्ने पनि अवसर पायौँ ।

महादेवस्थानको उन्नति गर्ने कार्यमा बाधा-व्यवधान सुरु भयो । त्यसको नेतृत्व गर्ने एकजना स्कुलका हेडमास्टर महिला हुनुहुन्थ्यो । उहाँको कमाइ गर्ने स्थान स्कुल भयो । निर्माणबाट आउने कमिसनमा मात्र उहाँ संलग्न हुनुभयो । उहाँको पहुँच धेरै माथिसम्म भएकाले मन्दिरको सम्पदा नष्ट गरेर सो भूमिमा घर निर्माण गराउनुभयो ।

यसैबीच भरत जङ्गम नआउनुभएको भए र उहाँको प्रयास नभएको भए हाम्रो यो बहुमूल्य सम्पदा प्रायः सबै नष्ट हुने निश्चित थियो । स्कुल, पुस्तकालय र मन्दिर हामी सबैको महत्त्वपूर्ण र आवश्यक तथा अनिवार्य कुरा हुन् । यसकारण हामीले धेरैपटक पुस्तकालयका अध्यक्ष शशिविक्रम राणासँग पूर्वअध्यक्ष भरत ढकाल, प्रकाश हमाल, अशोक कार्कीसहित भरत जङ्गम, पूर्वसचिव डा. द्वारिका ढुङ्गेल लगायतको उपस्थितिमा धेरैपटक स्कुलतर्फका अधिकारीहरू अध्यक्ष हेडमिस र अन्य सम्बन्धितलाई मिटिङमा बोलायौँ र मिलाउने धेरै प्रयत्न पनि गऱ्यौँ तर सफल हुन सकेनौँ । उल्टो पुस्तकालय र मन्दिरसँग सम्बन्धित व्यक्तिप्रति निकै कठोर आवाज उठाई केही विद्यार्थीलाई उठाएर र उक्साएर पुस्तकालयमा रहेका पुस्तकहरू नष्ट गरी पुस्तकालयमा पुस्तक च्यात्ने काम भयो । अब हाम्रो प्रयासबाट उहाँ मिल्ने नदेखेपछि भरत जङ्गमको नेतृत्वमा धेरैपटक सीडीओ कार्यालय र नगरपालिकाका प्रमुखसमक्ष पुग्यौँ । यस्तै गरी पुरातत्त्व विभागमा पनि यो सम्पदा अध्ययन गरी संरक्षण गर्न अनुरोध पटकपटक गऱ्यौँ पनि ।

दुर्भाग्यवश, एक साँझको कुरा हो । उहाँहरू अर्थात् स्कुलका हेडमास्टर र केही उहाँका मानिसहरू स्कुलको मेनगेटमा ताल्चा लगाएर मन्दिरको दक्षिणतर्फ कीर्तन गर्ने पौवाका कामदारहरू लगाएर धमाधम भत्काउने काम सुरु भएछ । रात परिसकेको थियो । भरत जङ्गमको यसबारे फोन आयो । हामी दौडधुपका साथ पुलिसको घेराउमा बानेश्वर मन्दिरको ढोकाभित्र प्रवेश गऱ्यौँ । त्यहाँ युद्धभूमिजस्तो थियो । महादेवस्थानको अर्को मन्दिरसमेत भत्काउने उहाँको कामदारलाई निर्देशन दिएको बुझियो । हामीलाई पिटपाट गर्ने धम्की आयो । हामी सिभिल व्यक्ति, भाग्यवश भनूँ, अशोक कार्की, वडाका अध्यक्ष रामकुमार केसी र पाँचखालका मेयर महेश खरेल अनि भरत जङ्गम, भरत ढकाल र पुस्तकालयका बहिनीहरूसमेत आएपछि त्यो राति मन्दिर भत्काउने योजना रोकियो । तर पाटी पूरै भत्काइसकेको थियो ।

अब यो ‘भेस्टेड ग्रुप’ को अनेक खेल र ‘स्ट्राटेजी’ सुरु हुन थाल्यो । राजनीतिक दोषारोपण हुन थाल्यो । नेपाली काङ्ग्रेसले जितेको यो स्थान

भएको हुनाले एमालेले सरकारविरोधी भनी हामीलाई दोष लगाएपछि यो काम गर्न सजिलो भयो । पुनर्निर्माणको नाममा मन्दिरको सम्पदा नष्ट गर्न पाइने भेनर त्यस्तो घृणित खेल सुरु भयो ।

भरत जङ्गमजी ! हामीले जीवनभरि कमाउने भनेको पैसा र जग्गाजमिनजस्ता भौतिक सम्पत्ति होइन रहेछ । हाम्री जननी नेपाल, जहाँ हामीहरूको जन्म भयो, त्यसको सही पहिचान र सेवा गर्ने रहेछ । भ्रष्टाचार भनेको देश, समाज र एउटा कमजोर वर्गमाथि शोषण हो । तपाईको भ्रष्टाचारविरोधी अभियानले तपाईलाई नयाँ पुस्ताले धन्यवाद दिनेछन् । तपाईमा भगवान्‌ले एउटा बहुआयामिक गुण प्रदान गरेकोमा हामी सबैले गौरव गर्नुपर्दछ । स्वाभाविक, चुपचाप रहने स्वभाव, कुनै घमण्ड र तुजुक नभएको, सामान्य चरित्रका साथै force bell and creative राष्ट्रसेवक तपाई हुनुहुन्छ । तपाईंको यस्तै निःस्वार्थ सहयोग र प्रेरणा स्कूल, पुस्तकालय र महादेवस्थान यी तीनैबीच स्वच्छ सहयोग तथा स्थायी समन्वय र harmonies relation हुन्छ भन्नेमा मलाई विश्वास छ ।

फेरि पनि मैले भन्नुपर्ने अर्को महत्त्वपूर्ण कुरा भनेको महादेवस्थान पूजाविधि र यसको धार्मिक व्यवस्थापन जोगाउनुपर्छ भनेर उहाँ आफैँ लागिपर्नुभएको छ । यसले हाम्रो दैनिक पूजा, नित्य पर्वपूजाहरूमा बानेश्वरवासीहरू मात्र नभएर सबै तीनै सहरका भक्तहरू लाभान्वित हुन पुगेका छन् । सोमबार साँझ हुने आरती पूजामा भक्तहरू सम्मिलित भई रमाइलो नाचगान भक्तिसङ्गीत हुने गरेको छ ।

भक्तहरूलाई बानेश्वर महादे बारे यसको कुरा गर्न, यसको कसरी स्थापना भएको भन्ने बारे भरत जङ्गमको नाम लिने र जय महादेवस्थान भन्दै चारैतिरको कुमारी नारायणको परिक्रमा गर्दै महादेव हुँदै फर्कने गर्छन् । जय महादेव । जय भरत जङ्गम !

हामी सबैले राष्ट्रको गौरवको सम्पदा संरक्षण गर्नुपर्छ भन्दै बानेश्वर मन्दिर निर्माणका लागि आर्थिक स्रोत पहिल्याउँदै गयौँ । हाम्रो विकास कार्यबाट धेरै यस्ता बहुमूल्य पुरातात्त्विक सम्पदा देखापरे, अब सबै हामी निःस्वार्थ भगवान्‌को सेवामा समर्पित भएका छौँ । हामीलाई विश्वास भयो सत्यकै जीत हुन्छ भन्ने कुरामा । हामीले भरत जङ्गमको निर्देशनअनुसार महादेवको नित्यपूजा आरम्भ गरी पुजारी भाइको मात्र मन्दिरभित्र प्रवेश गर्ने निर्णय गऱ्यौँ । यसरी पूजाबाट आउने आय मन्दिरको उन्नयनमा लगाउने काम भयो । प्रत्येक व्यक्तिबाट रु. ११५० पूजाखर्च लिई रुद्राभिषेक गर्ने-गराउने कार्य प्रारम्भ भयो ।

मानिस सबै मरणशील प्राणी हो । उसको अमरत्व भनेको उसले देश, जनता र राष्ट्रको गौरव सांस्कृतिक परम्पराको रक्षा गर्न गरेको योगदान नै हो । हामी सबैलाई भरतजी भन्नुहुन्छ, 'हाम्रो राष्ट्रिय सम्पदा भन्नु नै राष्ट्र नेपालको पहिचान हो । हिन्दूराष्ट्र नेपाल भन्नु नै नेपालीको पहिचान हो ।' भरत जङ्गमबाट पशुपतिनाथको संरक्षणसँगसँगै हाम्रो बानेश्वर महादेवको पनि संरक्षण हुन गएको छ ।

हाम्रो हिन्दूराज्य नेपालमा मठमन्दिरहरूको उचित संरक्षण गर्न राज्यले व्यवस्था नगरेको र नभएको सन्दर्भमा भरत जङ्गमले धर्मक्षेत्रको महत्त्व बढाउने कार्य गर्नुभएकोमा हामी सम्पूर्ण सनातनी हिन्दू अनुयायीहरू कृत्यकृत्य हुन पुगेका छौँ । भरत जङ्गमलाई बानेश्वर महादेवले रक्षा गर्दै स्वस्थ र दीर्घ आयु प्रदान गरून् भन्ने हार्दिक शुभकामना चढाउँछौँ ।

•



मुकुन्दराज सत्याल सहकारीविज्ञ, समाजसेवी तथा लेखक हुनुहुन्छ । उहाँ लामो समयसम्म सेवारत रही हाल सेवानिवृत्त जीवन बिताइरहनुभएको छ ।

# बानेश्वर महादेवस्थान र भरत जङ्गम
## – मुरारिविनोद पोखरेल

जन्मेको थलो, सोको परिवेश, साथीभाइ, आफन्तहरू कसलाई प्रिय हुँदैनन् होला । मलाई थाहा छैन, बानेश्वरमा के जादू छ ! काठमाडौँ उपत्यकाभित्रको कुनै ठाउँको आफन्तलाई तपाईंको फलानो स्थान र मेरो बानेश्वरमा कुन राम्रो भनेर सोधेमा मैले के जवाफ पाउँछु होला ? सामान्यतया आफ्नै थातथलो हरेक व्यक्तिलाई अति प्रिय हुन्छ मलाई बानेश्वरजस्तै । तर पनि खोज्ने हो भने बानेश्वर केही न केही कुरामा अन्यत्रभन्दा नितान्त फरक छ । यो राजधानी केन्द्रविन्दुको निकट छ र काठमाडौँको क्षेत्र एकमा पर्दछ । प्राचीन कालमा स्वयं प्रकट भएको बानेश्वर महादेव, प्रजातन्त्रको संवाहक नागरिकका आम सचेतनाको प्रतीक रत्न पुस्तकालय जस्तो इतिहास बोकेको, अत्यन्त सचेत समाज रहेको जस्ता महिमाहरू बानेश्वरका केही उदाहरणहरू हुन सक्छन् ।



आफू सानो हुँदाको बानेश्वरको सम्झना गर्ने हो भने बत्तीसपुतलीदेखि शङ्खमूल, बागमतीदेखि पश्चिम र धोबीखोलापूर्वको पूरा भूभागलाई विचरण गर्न पुग्छु । अहिलेको जस्तो पुरानो, मध्यबानेश्वर जस्ता नामहरू हामी सानो

हुँदा थिएनन् । रत्नपार्कबाट पुतलीसडक, डिल्लीबजार, घट्टेकुलो, धोबीखोला पुल, सिनामङ्गल हुँदै हवाईअड्डा अथवा भक्तपुर लगायत पूर्वी नेपाल जाने एउटै मूल सडक यही बानेश्वरलाई चिरेरै बनाइएको थियो । मेरा समकालीन वयका सबैलाई यो पढिरहँदा हामीले दौडेका, उफ्रेका बागमती र धोबीखोलामा निर्बाध नुहाइधुवाइ गरेका, माछा समातेका, बालुवामा लुटुपुटु गरेका यावत् क्रियाकलापहरू एकपछि अर्को तरेली बनेर आउँछन् होला ।

हरिकृष्ण पोखरेल उर्फ सुब्बाबाजे अर्थात् मेरा ठूलाबुबा २०२० को सुरुवाती समयमा भन्ने गर्नुहुन्थ्यो 'यो बानेश्वरमा ५८ घर छन्, सबैलाई चिनिन्छ, सबैमा आ-आफ्ना मूल्यमान्यताअनुरूप सौहार्द्रता, माया, प्रेम, सद्भाव, एक-अर्कालाई आपसमा आवश्यक पर्दा सहयोग गर्ने भावना मुखरित छ ।' यो थियो बानेश्वरको चिनारी । बानेश्वरको त्यो हाम्रोपना कता अल्पियो भनेर आजपर्यन्त म खोजिरहेको छु । यही बानेश्वरका विविध आयाममध्ये आज यस आलेखमा सुनेको, देखेको, केही भेटिएका कागजातमा रहेको टिपोटहरूसमेतका आधारमा बानेश्वर महादेवका बारेमा थोरै चर्चा गर्ने धृष्टता गरेको छु ।

सर्वप्रथम यो बानेश्वर नाम कसरी आयो होला भनेर हृदयले मनलाई सोध्यो । मनसम्मलाई भए टार्न हुन्थ्यो तर हृदयको आवाजलाई कसरी टार्न सकिन्छ र ? स्थानविशेषको नाम बानेश्वर हुनुअघि वाणगङ्गा रहेछ । त्यहाँ स्वयं प्रकट भएको ज्योतिर्लिङ्ग रहेछ, जसलाई व्यवस्थित गर्न महादेवको मन्दिर बनेछ । नेपालका चौँसठ्ठी लिङ्गहरूमध्येको दुम्जाको कुशेश्वर पहिलो, पशुपति देवपत्तनको रुद्रगारेश्वर अन्तिम चौँसठ्ठीऔं रहेछ भने छपन्नौँमा दर्ज्यानी नम्बर पाएको यही ज्योतिर्लिङ्गलाई मातेश्वर शिवलिङ्ग भनिएको रहेछ । कतै भनिएको छ – द्वापरयुगमा वाणासुरको राज्य यहाँ रहेकाले यसलाई वाणेश्वर भन्न थालियो र पछि जनजिब्रोको सजिलोका लागि बानेश्वर भनिएको हो । बानेश्वरको नाम कसरी रहन गयो भन्ने बारेमा अरू थुप्रै कथनहरू हुन सक्लान् ।

बानेश्वर महादेवको यस मन्दिरमा १८५२ मा डिठ्ठा लक्ष्मीनारायणले गजुर चढाएको भन्नेसम्मको आधार भेटिएको रहेछ । लिङ्ग स्वयं प्रकट कहिले भयो ? गजुरविनाको मन्दिर कहिले थालनी भयो र कहिले निर्माण सम्पन्न भयो ? कसले निर्माण गऱ्यो वा गर्न लगाएका हुन् ? वाणगङ्गा कहिलेसम्म निर्बाध बगेकी थिइन् ? चार-पाँचवटा ससाना कुण्डहरू थिए अरे, ती कसरी नष्ट भए ? अरू मूर्ति तथा संरचना थिए भन्ने जनबोली सुनिएको हो, हो भने ती कता थिचिए-किचिए होलान् ? जस्ता प्रश्नहरू हालसम्म अभेद्य छन् ।

हाल यहाँ बानेश्वर महादेवका अतिरिक्त ललितादेवी मन्दिर, जलशायी नारायण, चित्रेश्वर महादेव (एकादश रुद्रघर), अन्य देवताका ससाना मूर्ति तथा मन्दिरहरू रहेका छन् । शिवको नजिक शक्ति रहनुपर्ने यथार्थलाई हृदयङ्गम गरेर बानेश्वर महादेव मन्दिरको नजिकै दक्षिणतर्फ ललितादेवीको मन्दिर राखिएको हुनुपर्छ ।

आफ्नो चिनारी, रहनसहन, संस्कृति एवँ सनातन धर्ममा मानिस गर्व गर्दछ, यही मानिसको स्वभाव हो । घरघरबाट व्यक्तिहरू आएर फूलपाती चढाएर पत्रम्-पुष्पम् पूजा गर्ने त सामान्यतया हुन्छ नै । यद्यपि पुजारीको बन्दोबस्त गरेर नित्य अटुट पूजा-आराधनाको व्यवस्था गर्ने गुठी परम्परा नेपालका विभिन्न स्थानहरूमा परापूर्वदेखि चलिआएको पाइन्छ । यही पद्धति अङ्गिकार गरेर होला, बानेश्वर निवासी परम्पराप्रेमी जयसिंह बस्नेतले आफ्ना मातापिताको कीर्तिखातिर १९४७ वैशाख शुक्ल अष्टमीदेखि एउटा दुनियाँ गुठीको व्यवस्था गरी सोको आयस्ताबाट पुजारीसमेत राखी बानेश्वर महादेवको नित्यपूजा र वर्षभरका विशेष दिनहरूमा ९ वटा विशेष पूजा-अर्चना गर्ने-गराउने बन्दोबस्त पनि गरेका रहेछन् ।

पुजारी भट्टका लागि र सरसफाइ एवं सुरक्षामा लागिरहने व्यक्तिका लागि समेत ससाना रहने-बस्ने व्यवस्थासमेत अन्य आवश्यक चाँजोपाँजो मिलाएर सञ्चालनमा आएको यो बानेश्वर महादेवको पूजापाठको बन्दोबस्ती उनका नाति लोकमानसिंह बस्नेतको पालासम्म अर्थात् झन्डै पाँच दशक १९९८ सम्म निर्बाध रूपमा चलेको देखिन्छ । सोही वर्षको माघ १ गते निजले बानेश्वर महादेव दुनियाँ गुठीको लगत भनी लामो फेहरिस्तसहित आमदानी कुन व्यक्तिबाट कति आउने, खर्च कुन पूजाका लागि कस्ता सामग्री चाहिने र सोको रकम कति हुने भनेर किटान गरी श्री पशुपति गोश्वारा अड्डामार्फत नेपाल सरकारमा बुझाएको पाइन्छ ।

नेपालमा गुठीको मान्यता भनेको सामान्यतया स्थापना गर्नेको हक समाप्त भई समुदायको हकमा रूपान्तरण हुने हो भन्ने रहेछ । त्यस्तै, विना उद्देश्य गुठी स्थापना गरिएको हुँदैन, तब त्यो उद्देश्यलाई तोडमोड गर्न वा उद्देश्यको मर्मलाई मार्न हुँदैन भन्ने मानिन्छ । जसले गुठीलाई आफ्नो सम्पत्ति दान दिन्छ, ऊ दाता हुन्छ र दानदिएको वस्तु फिर्ता हुँदैन भनिएको छ । पूर्खाले दिएको दाननिजका सन्तानले फिर्ता लिनहुँदैन । तब गुठीहरू समुदायको स्वामित्वमा जाने हो र गुठी पद्धति भनेको 'सर्वजनहिताय र सर्वजनसुखाय' मुखरित हुने हो । अतःयही परम्परा तथा मान्यतालाई अदालतले अङ्गिकृत गरेको पनि पाइन्छ । २०११ मा निज लोकमानको मृत्यु

भएकाले जिम्मेवारी अर्को व्यक्तिमा नसरेको वा के-कसरी हो तत्पश्चात् यो व्यवस्था ढलपल हुँदै गयो गएको पाइन्छ । गुठी सम्बन्धमा नेपालको संविधान २०७२ को दफा २६ (२) मा '... धार्मिक गुठी सञ्चालन र सँरक्षण गर्ने हक हुनेछ' भनेर स्पष्ट उल्लेख भएको छ ।

छरछिमेकमा विद्यालय नहुँदा बालबालिका अध्ययनबाट वञ्चित भएको देखिएरै होला, अग्रजहरूले २०१४ सालदेखि बानेश्वर महादेव परिसरमा रहेका पाटीपौवामा अध्ययन-अध्यापनको काम सुरु गरेका रहेछन् । २०१६-१७ देखि त विद्यालयको स्थान बृद्धि एवं पुस्तकालय खोल्न अन्य घरटहरा थपिने कामहरू निर्बाध हुन थालेछन् । त्यस बखत अलिकति सनातनदेखिको धर्म-संस्कृति, रीतिरिवाज आदिलाई पुरानो ढर्रा भन्ने विकासे प्रजातन्त्रले पनि काम गऱ्यो कि क्या हो, बानेश्वर महादेवको यशश्वता, पानीको प्रवाह कम हुँदै गई वाणगङ्गा बग्न बन्द भएकाले सोको गरिमा आदि आम जनमानसले बिर्सन थालेका पो थिए कि ?

'नबोल्ने देउताको के भाउ' झैँ गरेर गुठीको व्यवस्थालाई लुकाएर महादेवस्थान हाताको खुला जमिनलाई २०२१ सालको नापीमा विद्यालयले चर्चिआएको भनेर रत्नराज्य विद्यालयको नाम राखिएछ । त्यस बखत गुठी स्थापना गर्ने परिवारका सदस्यहरूले पनि थाहा नपाएको वा सामान्य जिम्मेवारी विद्यालयले लिएकै छ, किन आफ्नो टाउको दुखाउनु भनेर नीच मारेको हो कि जस्तो पनि देखिन्छ । यसरी गुठीलाई बिर्सिदिँदा संस्थाकै रूपमा विद्यालय र पुस्तकालय मात्रको रजगज भएको पाइन्छ । तब दुई संस्थाले २०५६ सालमा लक्ष्मीप्रसाद देवकोटाको सालिक रहेको स्थानको ठीक उत्तरमा रहेको पुस्तकालयलाई पूर्वतर्फ पुजारीको बासस्थानसँग जोडिएको घरसँग सट्टापट्टा गरेको पनि कागजातले नै बोल्दछ ।

पुरातात्त्विक महत्त्व रहेको स्थानमा कुनै निर्माण गर्नुअघि पुरातत्व विभागको स्वीकृति लिनुपर्ने प्रावधान प्राचीन स्मारक संरक्षण ऐन २०१३ मा रहे पनि विद्यालयले नक्सापास गर्नुअघि यो प्रक्रिया सम्पन्न गरेको पाइन्न । गुठीका लागि छुट्याइएको जमिनको आयस्ताको आधा गुठीलाई प्राप्त हुनुपर्नेमा पछिल्लो समयमा सो हाताका सबै आम्दानी एकलौटी विद्यालयले उठ्तीपुठ्ती गरी चलाउने गरेको रहेछ । अझै यस गुठीको गुठियार नै विद्यालयजस्तो मानेर, नापीमा देखाइएको विद्यालयको नामलाई आधार ठानेर पनि होला, सो गुठी स्थापनाकर्ताका सन्तान मोहनमान सिंहकी श्रीमती शान्ति बस्नेतले विद्यालयले चर्चिआएको जमिनको मोल बुझिलिई स्वामित्व हस्तान्तरण गरिदिएकी रहिछन् ।

यसप्रकार एकतर्फी कामकुराहरू भइरहँदा बानेश्वरवासी प्रबुद्धवर्ग तथा युवाहरू विचलित हुन थाले । सांस्कृतिक धरोहर, आफूले सानैदेखि मानिआएको, पुजिआएको देवीदेवताहरूको परिसर अतिक्रमण हुँदा चित्त थाम्न सकेनन् । बानेश्वर क्षेत्रका संस्कृतिप्रेमी, परम्पराको निरन्तरता चाहने, धर्ममा आस्था भएका, ओंकारमा विश्वास गर्ने, सनातनवादीहरूले बानेश्वर महादेवको हातामा अप्रत्याशित हस्तक्षेप हुन थालेको टुलुटुलु हेरी बस्ने अवस्था पनि रहेन । तसर्थ पटकपटक बसेको समुदायको बैठकको निचोडबाट २०७१ साल चैत्र १ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा 'बानेश्वर महादेव संरक्षण तथा व्यवस्थापन समाज' विधिवत रूपमा दर्ता भयो । कहाँसम्म भने २०७२ को भूकम्पपश्चात् महादेव मन्दिर हातामा सो समाजले क्षमापूजाको कार्यक्रम राखेकोमा विद्यालयको अनुरोधमा जिल्ला प्रशासन कार्यालयले विद्यालयको पूर्वस्वीकृतिविना नगर्नु भनेर पत्र आउनुले मन्दिरलाई शून्य मतलबमा राखिएको प्रस्ट हुन गयो । यही समाजको नामपाटी, भगवान्का फोटाहरू तथा मेच-टेबल आदि फ्याँक्न लगाउने कामसम्म पनि विद्यालय प्रशासनबाट भएको थियो ।

२०७२ वैशाख १२ र सोपछिका भुइँचालोहरूबाट ध्वस्त भएका भवन निर्माण गर्ने हेतु २०७३-७४ मा एसियाली विकास बैङ्कको ऋण सहयोग परियोजना रत्नराज्य विद्यालयलाई पनि प्राप्त भयो । यस बखत महादेव मन्दिरको दक्षिणतर्फ पहिले चर्चेको भन्दा पनि बढी क्षेत्रफल ओगटेर भवन निर्माण गर्ने योजना रहेछ । जब जग खन्ने काम थालियो, तब यो कुरा जगजाहेर भयो । तब बानेश्वरवासीमा महादेव मन्दिर हाताको अवसान हुने नैतिक डर पैदा भएकाले २०७४ पौष १५ को युवा तथा प्रबुद्ध वर्गको भेलाले सो दक्षिणतर्फको भवन निर्माण कार्य तत्काल रोक्न आग्रह गरेको थियो । सोको व्यवस्था गरी मूल ढोकामा ताल्चा लगाएर डोजर चलाउन थालेपछि बानेश्वरवासीको धैर्य टुट्यो र सोही पौष १८ गते पुरातत्त्व विभागमा पत्राचार भएछ । उक्त विभागबाट १९ गते विद्यालयलाई हाल निर्माणकार्य रोक्नु भन्ने पत्र लेखिएछ । त्यसपछि पनि अटेर गरी जमिनमुनिको आधार ढलान भइरहेको अवस्थामा २०७५ आषाढ २ गतेका दिन प्रहरीसमेतको रोहबरमा सम्बन्धित वडा अध्यक्ष स्वयंले समेत सो ढलान पुर्ने काम गर्नुपरेको थियो ।

माथिका ती गतिविधिहरूलाई नजिकबाट नियालेकाले होला गुठी संस्थान केन्द्रीय कार्यालयले २०७५ आषाढ १९ गते स्थानीय प्रबुद्ध एवं युवाहरू १३ जनालाई समावेश गराएर 'बानेश्वर महादेव मन्दिर गुठी व्यवस्था समिति' समेत गठन गरिदियो ।

अध्ययन-अध्यापनको विकास हुने क्रममा विद्यालयलाई स्थानाभाव भयो भन्दै भवन थप्तै जानु कुनै नौलो कुरा भएन । तर त्यहाँ रहेका मन्दिरहरूको महत्त्वलाई ध्यान नदिई जमिन पुर्ने उकास्ने काम पनि हुन थालेछ । फलस्वरूप चारवटा कुण्डहरू, महादेवको बाहन, ललितादेवीका सिंहहरू, दानपत्रको शिलालेख आदि पुरिएका छन् भनेर ज्येष्ठ नागरिकहरूले भन्ने गरेका रहेछन् । यसको पुष्टि २०७७ सालमा पुरातत्त्व कार्यालयले केही नमुना उत्खनन गर्दा प्रमाणित हुन थालेको छ । उत्खननबाट नयाँ पाटाहरू खुल्दै आइरहेको छ ।





विद्यालयले सामान्य नित्यपूजा (गरे पनि हुने नगरे पनि हुनेजस्तो) गर्ने गरेको स्थितिमा परम्परादेखि चल्दै आएका सबै प्रकारका पूजाआजा-आराधनालाई बानेश्वर महादेव संरक्षण तथा व्यवस्थापन समाज स्थापनापश्चात् निम्नानुसार निरन्तर गर्न थालिएको छ –

शिवभक्त भरतमणि जङ्गमको सुझावअनुसार शिवपूजाको महत्त्वपूर्ण कार्य रुद्री भएकाले २०७५ असोज ६ गतेदेखि नित्य दैनिक बिहान रुद्रीको कार्य थालनी भएको छ । दैनिक रुद्रीको कामको जिम्मा स्थानीय महानुभावहरूले महिनाको एक-एक दिनको दरले लिने राम्रो परिपाटी सुरु भएको छ । अन्य महानुभावहरूले आफ्ना आफन्तको जन्मदिन वा अन्य पुण्यदिनमा रुद्री गरेर सहआयोजक बन्ने पद्धति बसेको छ ।

शिवपार्वतीको विवाहोत्सब वैशाख शुक्ल तृतीयाको दिन भएकाले सो दिन शिव तथा शक्तिको पूजा-आराधना गर्ने गरिन्छ । महाशिवरात्रीको पावन अवसरमा ११ जना ब्राह्मणहरूद्वारा १२१ आवृत्तिको लघुरुद्री, साँझमा धुनीसमेतको आयोजना गरी यस दिनलाई महादेवस्थानको वार्षिक उत्सवका रूपमा नै मनाइन्छ । भरतमणि जङ्गमको अग्रसरतामा २०७५ फागुन २० देखि मन्दिरको गर्भगृहमा अखण्ड दीप प्रज्ज्वलन गर्ने कार्य भइरहेको छ । बडादसैँको पर्वमा दुर्गामाताको प्रतिमूर्ति स्थापना गरी घटस्थापना गरेर नित्य पूजा-आराधना गर्दै विजयादशमीको दिन पूजा सम्पन्न गरी टीका-जमरा वितरण गर्ने गरिएको छ । हरिबोधिनी एकादशीका दिन जलाशय नारायणको विशेष पूजा गर्ने गरिएको छ ।

जनार्दन अधिकारीको सुझाव, धनञ्जय पौडेलको उत्साह तथा नारायण पौडेलको टेवामा सुरुमा पशुपति गङ्गाआरतीको सहकार्यमा २०७५ श्रावण ७ गतेदेखि महादेवको दक्षिणामूर्ति अगाडि श्रावणका सबै सोमबारहरू र अन्य महिनाको पहिलो सोमबार साँझ ५:३० बजेबाट शिवआरती भजन-कीर्तन हुन थालेको छ । यसलाई सकेमा सबै सोमबार गर्ने लक्ष्य पनि रहेको र यस भजन-कीर्तनमा समुदायको अत्यन्त ठूलो अभिरुचिसहितको सहभागिता हुँदै आएको छ ।

२०७३ सालदेखि ऋषिपञ्चमी पूजाको दिन ठूलो समूहमा व्रतालु महिलाहरूबाट बडो उत्साह र निष्ठापूर्वक सप्तऋषिहरूको पूजा-आराधना भइरहेको छ । ललितादेवी पीठको सान्निध्यमा २०७२ सालबाट पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म पुजारीद्वारा श्री स्वस्थानी व्रतकथा वाचन हुन थालेको छ । अन्यान्य पूजाआजा एवं आराधनाहरूका कार्यक्रमहरू पनि समुदायको चाहना र सहभागिताको माध्यमबाट क्रमशः सञ्चालन तथा व्यवस्थापन हुँदै जानेछन् ।



नेपालमा नहुनुपर्ने काम भएमा, भ्रष्टाचार भएमा, न्याय मर्न लागेमा, चुप लागेर बस्न नसक्ने व्यक्ति हुन् भरतमणि जङ्गम । भ्रष्टाचार उन्मूलन विज्ञानका पिता, स्वतन्त्र विचारका प्रवर्तक, पशुपतिनाथको परम्परादेखिका पुजारी भट्टलाई विस्थापित गर्ने सरकारको निर्णयविरुद्ध अदालत गएर उल्टाउने ताकतदार, डोलेश्वर केदारनाथको शिर हुन् भन्ने प्रमाणित गराउने अभियन्ता, गुठी परम्पराको इतिवृत्ति अदालतमा पुष्टि गर्दा पछिल्लो समय सरकार गुठी मास्ने निर्णयबाट पछि हट्नुपरेको, 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' लगायत थुप्रै चोटिला पुस्तकका लेखक, अन्यायका विरुद्धमा सयौँ लेखहरू प्रकाशन गर्ने पत्रकार, सामाजिक अभियन्ता बानेश्वरवासी हुनुबाट महादेव परिसरको संरक्षणमा श्री जङ्गमको अतुलनीय योगदान रहेको छ । उनको आह्वानमा बानेश्वरवासी सबैको गठिलो हातेमालोबाट नै बानेश्वर महादेव संरक्षण तथा व्यवस्थापन समाजको स्थापना भएको हो ।

माथिको लामो आलेखको आवश्यकता पर्ने थिएन यदि कुनै व्यक्तिमा म मात्र हुँ भन्ने अहम् नभइदिएको भए । अहम्सम्म पनि ठीक हुन्छ, त्यो

चाहिन्छ पनि । तर त्यो अहम् आवेगमै बग्न थालेपछि भने ध्वस्त हुन्छ । 'सर्वे भवन्तु सुखिनः' भन्ने भावना राख्ने व्यक्ति कुनै पनि संस्थामा नेतृत्व गर्न पुग्छन् भने समाज निर्बाध रूपमा सिधा रेखामा निरन्तर अघि बढ्छ । कहिलेकाहीँ त्यस्तो नहुँदो रहेछ । मैले नेतृत्व गरेको संस्था अघि बढ्नुपर्छ, अन्य जेसुकै होऊन् वा मैले जे गर्छु त्यो नै राम्रो हो, अन्य किमार्थ होइनन् भन्ने खालका व्यक्ति पनि हाम्रा समुदायमा यदाकदा पाइन्छन्, नेतृत्वमा पुग्छन् पनि । बानेश्वरमा भएको यही हो ।

एकजना प्रधानाध्यापकको आवेगले सोही हाताभित्र समुदायले नै स्थापित गरेका पुस्तकालय तथा महादेव मन्दिर जस्ता निकायहरूको अस्तित्वलाई मेटाउने खालको जमर्को हुनुबाट यस प्रकारको समस्या उत्पन्न भएको हो । आखिर समुदायका यस्ता संस्थाहरू समुदायकै हातेमालोमा, अगुवाइमा, निर्देशनमा, निगरानीमा चल्ने हुन् । अन्तमा हुने यही हो र यही नै भइरहेको छ, भइरहनेछ । यति बेला यी हरफहरू कोरिरहँदा ती व्यक्तिलाई मेरो मनले धन्यवाद भनिरहेको छ । कारण के हो भने हामी ओंकार समूहमा आबद्ध हरेक व्यक्तिहरू जानेर वा नजानेरै पनि आफ्नो धर्मसंस्कृति, पद्धति, परम्परालाई कुनै न कुनै रूपमा आत्मसात गरिरहेका हुन्छौँ । आस्था भन्ने कुरा पुस्तौँपुस्ता चल्ने कुरा हो । त्यसलाई कसैले मास्न सक्तैन । हाम्रा बालबालिकाले परीक्षाको दिन घरबाट निस्कँदा घरका देवीदेवता वा बाटाका देवीदेवता ढोग्दै परीक्षामा सफलताका लागि आशीष माग्ने काम के टुट्छ र ? यस्तो आस्था कति पुस्तासम्म निरन्तर हुन्छ । त्यसको केही लेखाजोखा हुन्छ र ? जुनसुकै धर्म मानौँ वा नमानौँ, के हामी आस्थाविहीन बन्न सक्छौँ र ? यही आस्थाको जग खलबल्याउने काम भएपछि त्यसको प्रतिरोध भएको हो । ती व्यक्तिलाई किन पनि धन्यवाद भन्न मन लागेको हो भने बानेश्वर महादेव परिसर नै अतिक्रमण हुन नथालेको भए आज माथि उल्लिखित त्योविधिको पूजापाठ, आराधना, आरतीको थालनी हुन अझ कति समय लाग्थ्यो होला, थाहा छैन ।

बानेश्वर महादेव परिसर अतिक्रमण रोक्ने काममा सत्यतथ्यको खोजी गर्ने अन्वेषक भरतमणि जङ्गम, यस कार्यमा अनवरत लागिपर्ने डा. श्रीराम बाँस्कोटा, राजेन्द्र मराठा, श्रीहरि अर्याल, मुकुन्दराज सत्याल, डा. द्वारिकानाथ ढुङ्गेल, ऋषभदेव खनाल, पद्मसिंह कार्की, शशिविक्रम राणा, महेश खरेल, वैकुण्ठ गौतम, जनार्दन अधिकारी, द्वारिकानाथ उपाध्याय, धनञ्जय पौडेल, भरत ढकाल, वसन्त पराजुली, दामोदर लामिछाने, अशोक थापा, शङ्कर पौडेल, कृष्णबहादुर हमाल, प्रकाश आचार्य, हरिप्रसाद लामिछाने, डा. चण्डिका भट्टराई, प्रभा बुढाथोकी लगायतका व्यक्तिहरूको सक्रियतामा नै बानेश्वर

महादेव संरक्षण तथा व्यवस्थापन समाज स्थापना भएको कुरा इतिहासमा अङ्कित भएर रहनेछ । यहाँ त केही प्रतिनिधि नाम मात्र उल्लेख भएका हुन् । यस पुनीत कार्यमा लाग्ने बाँकी तपाईंहरू सबै समेत अद्वितीय हुनुहुन्छ, भावी पिँढीले यहाँहरूको नाम जपिरहनेछन् ।

बानेश्वर महादेव परिसरमा रहेका तीनवटै संस्था बानेश्वर महादेव संरक्षण तथा व्यवस्थापन समाज, रत्नराज्य विद्यालय तथा रत्न पुस्तकालय हाम्रै समुदायका गहना हुन् । तीनवटाकै आ-आफ्ना गरिमा र विशेषता छन् । तसर्थ पटकपटक चर्चा-परिचर्चा भएझैँ तीनवटै संस्थाहरूलाई दिशाबोध गराउन, नियमन गर्न तथा समन्वय गर्न एउटा उच्चस्तरीय समन्वय समितिको गठन गर्नु अपरिहार्य छ । यस समितिमा बानेश्वरलाई राम्ररी बुझेको नेतृत्व र समन्वय गर्न सक्ने एक अग्रजको संयोजकत्वमा दुई वडाका प्रतिनिधिहरू, यी तीन संस्थाका एक-एक प्रतिनिधि तथा एकजना सदस्य सचिवको काम गर्ने कर्मठ युवाको सदस्यता रहनु उपयुक्त हुन्छ ।

आशा गरौँ आउने दिनहरूमा हाम्रा संस्कृति, रीतिरिवाज, परम्पराको निरन्तरता भएर सदाझैँ अन्य स्थानहरूभन्दा विशेष अग्रणी रहिरहने स्थानका रूपमा यो बानेश्वर सम्पूर्ण बानेश्वरवासीहरूका लागि अत्यन्त सुखद, मनमोहक र अत्यन्त आनन्दबोध भएर रहिरहनेछ ।

●



मुरारिविनोद पोखरेल पुस्तकालयविज्ञ, समाजसेवी तथा शिक्षासेवी हुनुहुन्छ । काठमाडौँको बानेश्वरमा जन्मनुभएका उहाँ हाल ललितपुरको इमाडोलमा बस्नुहुन्छ । उहाँ विभिन्न शैक्षिक तथा सामाजिक संस्थासँग आबद्ध हुनुहुन्छ ।

# भ्रष्टाचारविरोधी अभियन्तालाई बधाई
## – राजन कार्की

मरेपछिको सम्मान के सम्मान, बाँच्तैमा गरिने सम्मान अर्थपूर्ण हुन्छ । यसकारण भरत जङ्गमलाई हार्दिक बधाई । हीरक महोत्सव तयारी समितिलाई हार्दिक धन्यवाद !

भनिन्छ अकबरी सुनलाई कसी लगाउनुपर्दैन । इमान भनेको लाख हो, धन भनेको खाक हो । रत्नको कदर जौहरीले गर्छ । हीरक महोत्सव रत्नको कदर नै सावित होस् ।

भ्रष्टाचारविरोधी रत्न हुन् भरत जङ्गम । भरत जङ्गम हीरक महोत्सव मूल समारोह समितिका संयोजक प्रा. डा. वासुदेव त्रिपाठी, सहसंयोजक प्रा. डा. माधव भट्टराई, सदस्यसचिव हरि मञ्जुश्रीका अनुसार *भरत जङ्गम 'कालजयी व्यक्तित्व, सफल पत्रकार, शीर्षस्थ साहित्यकार, कुशल अभियन्ता, कडा प्रशासक, कानुनका ज्ञाता, कर्तव्यमा समर्पित कर्मयोगी, इतिहास र संस्कृतिका मर्मज्ञ तथा भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तक एवं विश्वप्राज्ञिक क्षेत्रमा भ्रष्टविरोधी शास्त्रका पिताका रूपमा स्थापित' हुनुहुन्छ ।* उहाँहरू अझ उत्साहित भएर भन्नुहुन्छ – *'भरत जङ्गमले विश्वप्राज्ञिक समाजलाई नेपालका तर्फबाट भ्रष्टविरोधी शास्त्र (एन्टिकरप्टोलोजी) उपहार दिनुभएको छ । उहाँकै कारण भ्रष्टविरोधी शास्त्रका रूपमा भ्रष्टाचारविरोधी विज्ञान पाएको छ । भरत जङ्गम भ्रष्टाचारविरोधी विज्ञानका पिता (अ फादर अफ एन्टिकरप्सन साइन्स) हुनुहुन्छ ।'*

सिङ्गो राष्ट्रले देख्यो कि देखेन कुन्नि, उहाँमा मौलिक प्रतिभा रहेछन् र प्रखर, स्पष्ट, मार्मिक, असाधारण सामर्थ्य पनि रहेछ । उहाँले देशको दुःख, वेदना छाम्न सक्नुभएछ । उहाँको नवीनताले देशलाई छोयो होला, नागरिकलाई छोयो होला, त्यसैले त समितिले चित्ताकर्षक शब्दमा भरत जङ्गमलाई 'भ्रष्टाचारविरोधी विज्ञानका पिता' भनेको होला ।

असल कुरा बताउने, असल व्यक्ति चिनाउने बुद्धिजीवीहरूले हो । प्रतिभाको कदर गर्नुपर्छ भन्ने पनि सचेत वर्गले नै हो ।

पितालाई अभिभावक मानिन्छ । अभिभावकप्रति किन खसखस लागिरहेछ ? भरत जङ्गमको अभियानले देश लाभान्वित भएको भए जनता

जोडिन्थे, देश जोडिन्थ्यो । आज देश यसरी नाली गनाएजस्तो भ्रष्टाचारले गनाउने थिएन । भ्रष्टाचार बढार्ने कार्यमा भ्रष्टाचारविरोधी आन्दोलन शिथिल छ । भ्रष्टाचारीहरूले भ्रष्टाचार बढाउँदै लगेका छन् । राष्ट्रमा आश्चर्यजनक तरिकाले नैतिक पतन बढ्दो छ ।

अक्सिजन नपाएर मान्छे टेक्टरमा मरिरहेछन्, उपचार नपाएर अस्पतालको आँगनमा परिरहेछन्, घाटमा जल्नका लागि पनि लासको लाम देखिन्छ । राजनीति खित्का छाडेर हाँस्छ । विजय दुगड, सुरज वैद्य र तिनका परिवारजन खोपमा चार गुणा बढी कमिसन खान मान्छेको लासको उद्यम चलाइरहेका छन् । देशमा दर्दनाक अवस्था छ । भ्रष्टाचारविरोधी आन्दोलन किन कागजमा मात्र देखिन्छ ?

सुप्रसिद्ध पत्रकार, लेखक खुसवन्त सिंहले लेखेका छन् – 'संसारमा वेश्यावृत्तिभन्दा पनि निकृष्ट पेसा भनेको पत्रकारिता, वकालत र राजनीति हुन् । यी तीनवटै पेसा मैले गरिसकेको छु ।' यही कारण हुन सक्छ उहाँको कहिल्यै पनि महोत्सव अथवा जयन्ती मनाइएन । गुलाफ भनेपछि बास्ना त आउनैपर्ने हो ! 'भ्रष्टविरोधी शास्त्रका पिता' नामको गुलाफको बास्ना किन समाजले अनुभूत गर्न सकिरहेको छैन ? कतै यो संन्यासी समाजको आतुरभोजजस्तो त होइन ?

स्वयम् भरत जङ्गम भन्नुहुन्छ – *'प्रत्येक नागरिकले निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्योपचार र निःशुल्क न्याय पाउने व्यवस्था हुन सकोस्, साथै प्रत्येक नागरिकको मानवोचित जीवनयापन गर्न सक्ने स्तर प्राप्त हुन सकोस् । यस्तै सुन्दर, शान्त र विकसित नेपालको भोलिको तस्बिर मेरो छातीभरि फिँजिएको छ ।'*

अहा कति उच्च विचार ! विचारकको व्यवहारमा यी विचार देखिन्छन् ?

हीरक महोत्सव समितिका अनुसार *'भरत जङ्गम भन्ने नाउँले व्यक्तिका रूपमा मात्र सीमित नरही संस्थाको स्वरूप लिइसकेको छ ।'* 'भरत जङ्गम : विचार र दृष्टिकोण' पुस्तकमा भरत जङ्गमलाई बहुप्रतिभाशाली व्यक्तित्व ठहर गरिएको छ । त्यो पुस्तकमा उल्लेख भएअनुसार जङ्गमहरू वीरशैव लिङ्गायत सम्प्रदायअन्तर्गत पर्दछन् । भरत जङ्गम २००४ सालमा जन्मनुभएको र २०३२ सालमा विवाह गर्नुभएको हो । श्रीमती, छोराछोरीसहितको ४ जनाको सुखी परिवार छ ।

भरत जङ्गम को हुनुहुन्छ, जान्नका लागि उहाँका यी सङ्क्षिप्त अभिव्यक्तिहरू पर्याप्त हुनेछन् – *'दिमागमा जमेको विद्रोहभावलाई लेखनीको*

माध्यमबाट देशद्रोही आततायीसामु पुऱ्याउनु र सर्वसाधारण जनतालाई तिनका विरुद्ध खडा हुन सक्ने बनाउने मेरो पत्रकारितामा लाग्नुको कारण हो ।... त्यसैको उपज 'कालो सूर्य' उपन्यास हो ।... लेखक इमानदार हुनुपर्छ, सत्यवादी र स्पष्ट दृष्टिकोणले भरिपूर्ण भएको हुनुपर्छ । त्यसबाट म विचलित भएको छैन ।

...समय-मौकाअनुसार खेती, उद्योग र व्यापार आदि गरेँ ।... अर्थ सङ्कलनको हिसावमा मैले व्यवसाय गरेको छैन ।... २०३७ सालमा जाँचबुझ केन्द्र, राजदरबारमा विशेष अधिकृतका रूपमा काम गर्ने मौका पाएँ ।... २०५९-६० सालमा बागमती र नारायणी अञ्चलको अनुगमन टोलीको संयोजक भई काम गर्ने मौका पाएको थिएँ । ...पञ्चायतकालको प्रशासनमा स्वार्थी र व्यक्तिवादीहरू हावी थिए ।... अहिलेको प्रशासनिक क्षेत्र राजनीतिक रूपमा चिराचिरा परेर विभाजन भएको छ ।... अल्पसङ्ख्यामा रहेका जङ्गम परिवारलाई एकै सूत्रमा बाँधी स्वधर्मको ज्ञान दिनु, जातीय पहिचान दिलाउन र धर्मसंस्कृतिको निरन्तरता कायम राख्नका लागि क्रियाशील रहनु जङ्गम प्रतिष्ठानको मूल कार्य हो ।... २०४३ सालमा स्वतन्त्र विचार मञ्च र २०५३ सालदेखि भ्रष्टाचारविरोधी आन्दोलन नै सञ्चालन गरेर आजसम्म त्यसैमा क्रियाशील छु ।

...भ्रष्टाचारविरुद्धको विज्ञानको विकास गर्ने क्रममा म लागेको छु । भ्रष्टाचारविरोधी नौलो विषयलाई पनि परीक्षण, निरीक्षण र प्रमाणित गर्न सकिने भएकाले यो विज्ञानको सूत्रभित्र सजिलै पस्न सक्छ भन्नेमा म विश्वस्त छु ।

...न्यायक्षेत्रको उपल्लो तहमा पुगेका व्यक्तिहरूले नै नीति-विचलन गरेपछि तल्लो तहमा कार्यरत व्यक्तिहरू बिग्रिए भन्नु पनि व्यर्थ हो । त्यसैले न्यायक्षेत्रलाई सुधार गर्न कडाभन्दा कडा आचारसंहिताको निर्माण गर्नुपर्ने देखिन्छ ।

...सङ्क्षेपमा भन्नुपर्दा राजनीतिकर्मीहरूको त कुरै छोडौँ, विज्ञहरूले पनि संविधानको व्याख्या गर्दा समयको मागअनुसार गर्ने गरेका छन् ।

...मलाई गणेशमान सिंहले २०४७ साल वैशाख २६ गते नेपाली काङ्ग्रेसको सदस्यता प्रदान गर्नुभयो । मैले पाएको सदस्यता ऐतिहासिक बन्न पुग्यो, त्यसपछि कसैलाई उहाँले आफ्नो हस्ताक्षरमा सदस्यता दिनुभएन ।

...वर्तमान नेपालको राजनीतिमा एकजना पनि सच्चा नेता देखिएनन् । यो नै यो मुलुकको दुर्भाग्य सावित भएको छ ।

*...बैङ्कलाई मार्ने नीति लिएर ग्रुप अफ इन्डस्ट्रिज जन्मिएका छन् । दुगड, गोल्छादेखि चौधरी, खेतान, अमात्य र ज्योति ग्रुप सबैले देखावटी धन्दा गरेका छन् । भारतीय मूलका मारवाडी समूहका अनगन्ती कम्पनीहरू नाफाखोरी व्यापारमा संलग्न छन् । ठूला-ठूला होटलहरू सबै बैङ्कको ऋणमा खुलेका छन् ।'*

चीनमा भ्रष्टाचारलाई 'तान बू' अर्थात 'घृणित पाप' भनिन्छ । जापानमा भ्रष्टाचारलाई 'ओशो के' भनिन्छ अर्थात 'जघन्य कर्म' । थाइल्यान्डमा 'जिन मुआङ' अर्थात् 'राष्ट्रभक्षण' भनिन्छ । चीनमा वर्षेनी लाभ भ्रष्टाचारीलाई मृत्युदण्ड दिइन्छ । जापानमा भ्रष्टाचारको आरोप लाग्यो भने हाराकिरी अर्थात् आत्महत्या गर्छन् । थाइल्यान्डमा राष्ट्रभक्षण सावित भयो भने तड्पाई-तड्पाई मारिन्छ । लोकलज्जा, नैतिक आचरण र विधिको शासनमा यस्ता उदाहरण देखिन्छन् । नेपालमा इमानको कुनै बन्धन छैन ।

कोस्टारिकामा कर्मचारी, सेना, प्रहरीभन्दा शिक्षक बढी छन् । शिक्षक भनेपछि उच्च सम्मान गरिन्छ । नेपालमा कि भ्रष्टाचारबाट पीडित नागरिक छन्, कि भ्रष्टाचारी छन् । यहाँ जसले जति बढी भ्रष्टाचार गर्न सक्यो, ऊ लाजले झुक्तैन, सम्मानित पो हुन्छ । भ्रष्टाचारीका श्रीमती, परिवारजन सुकिलामुकिला भएर ठूलाठालु बनेर झन् बढी सम्मानित जीवन बाँचिरहेका छन् । यो समाज परिवर्तन गर्न सामूहिक प्रयासको जरुरत छ । एकजनाले पुस्तक लेखेर अथवा चिच्याएर यो महामारीलाई रोक्न सकिन्न । वागद्वार नै प्रदूषित भएपछि वागमती र सभ्यता कसरी निर्मलीकरण हुन सक्ला र ?

एरिस्टोटलका पनि मास्टर हुन् प्लेटो । प्लेटोभन्दा पनि जान्नेसुन्ने ठान्ने नेपालका नागरिक समाज, बुद्धिजीवी, होनहार, पढेलेखेकाहरू पार्टी-पार्टीका रङमा रङ्गिएका छन् । ती सबैले अनियमितता, अनैतिकता प्रस्टै देखेका छन् तर बोल्दैनन् । किनकि ती सबै आ-आफ्ना दल र नेता सत्तामा गए भने पद पाइन्छ भन्ने स्वार्थको बुजो मुखमा ठोसेर र जिब्रो तालुमा टाँसेर बसेका छन् ।

यसकारण भरत जङ्गमले थालेको भ्रष्टाचारविरोधी अभियानको महत्त्व छ । चिन्ता यत्ति हो, यो अभियानमा जनसहभागिता छैन र चिसिँदै गएको छ । नेपाल निर्लज्ज मान्छेहरूको देश बन्दै गएको छ ।

जान्नेबुझ्नेहरू एकपक्षीय भइदिए राष्ट्रले दुर्भाग्यको मूल्य चुकाउनुपर्छ । वर्तमान कालखण्डमा राष्ट्रले ठूलो मूल्य चुकाइरहेको छ । यसकारण पनि भ्रष्टाचारविरोधी अभियान चल्नैपर्छ । यो अभियान चलाउने भरत जङ्गम अग्रपङ्क्तिमा हुनुहुन्छ । उहाँमा पनि थकित मुद्रा, चिसोपन देखिन्छ । उहाँ एक्लो हुनुहुन्छ र एक्लो बृहस्पति तत्कालका लागि झूटो सावित भइरहेको

बुझ्न सकिन्छ । जबसम्म देश ग्यालिलियोको नियतिमा रहन्छ, तबसम्म सार्वभौम, स्वतन्त्रता र न्यायपूर्ण समाजको भरत जङ्गम कल्पनामा स्वाभिमानको गति मन्द हुन्छ र गीत घन्किन सक्तैन । भरत जङ्गमको सपना साकार हुन समाजलाई जुरुक्कै उचाल्ने सामूहिक उत्साहको खाँचो छ ।

शत्रुसँग ७० वर्षका भक्ति थापा खुकुरी उचालेर तोपमाथि जाइलागे । अमरसिंह थापाहरू देशका लागि लडे । आज मैनबत्ती पग्लेझैँ भ्रष्टाचारमा पग्लँदै गएको मुलुक बचाउन, बनाउन सातै प्रदेश, ७ सय ६१ सरकारका टोलटोलमा भइरहेको भ्रष्टाचारविरुद्धको मोर्चामा नेपाली हुँ भन्ने सन्तानहरू लड्न तयार छैनन् किन ? चुरो प्रश्न यो हो । यो प्रश्नको जवाफ नखोजेसम्म भरत जङ्गमहरू यसै गरी हारिरहनेछन् । अभियानको बिँड तातिरहनेछ, पिँध तात्ने छैन । यथार्थमा भ्रष्टाचारका सामु देश झुकिरहेछ, हारिरहेछ ।

भ्रष्टाचारविरोधी मोर्चाको परिकल्पनाकार भरत जङ्गम हुन् । तर एक्लो भरत जङ्गम यसरी महोत्सवको आत्मरतिमा रमाउनु, उनलाई आत्मरतिको पोखरीमा चोपल्ने हीरक महोत्सवको पत्रमा उल्लिखित सूत्र, वितरित उहाँको अतिशयोक्तिपूर्ण सङ्क्षिप्त परिचय र 'भरत जङ्गम : विचार र दृष्टिकोण' अतिरञ्जित लाग्छ । पुस्तक साक्षी छ, मान्छेभित्रको अतृप्त 'म' तिर्खा, यो कस्तो लीला हो !

भरत जङ्गम ४५ वर्ष पत्रकारिता गरेकाले वरिष्ठ पत्रकार हुनुहुन्छ । 'कालो सूर्य' उपन्यास १४ भाषामा प्रकाशित भएको छ । साथै उहाँका 'व्यूहचक्र', 'रातो घाम', 'ख्वपदेश', 'निर्बन्ध बन्धन' जस्ता उपन्यास, कविता, कथा, गीत प्रकाशित भएका छन् । यसकारण उहाँ वरिष्ठ साहित्यकार हुनुहुन्छ । समाज अनैतिकता र भ्रष्ट आचरणले विकृत भयो, सुधार हुनुपर्छ भनेर अभियन्ता बन्नुभयो । सामाजिक सुधारमा एउटा असल नागरिकले गर्नुपर्ने कर्तव्य निर्वाह गरिरहनुभएको छ, यसकारण उहाँ समाजसेवी हुनुहुन्छ । सार्वजनिक सरोकारका विषयका केही मुद्दा उठाएर अदालतबाट छिनोफानो गराउने कानुनविद्, संविधानविद् पनि हुनुहुन्छ ।

हेक्का रहोस्, नेपालका जानेमानेका अन्तर्राष्ट्रिय स्तरका कवि तुलसी दिवसको एउटा कविता कति भाषामा छापिन्छ ? २ सय ५३ भाषामा छापिएको 'दि लिटिल प्रिन्स' १ हजार ४ मिलियन प्रति बिक्री भएछ । जे के रोलिङको 'ह्यारी पोटर' ८० भाषामा १२ हजार ४ मिलियन प्रति बिक्री भइसक्यो । विमल पन्तले अनुवाद गरेको म्याडोनाको 'दि इङलिस रोज' ४२ भाषामा लाखौं प्रति बिक्री भएछ । कार्लो क्यालोडीको २ सय ६० भाषामा अनूदित 'पिनोचिओ' को के कुरा गर्नु ! यति मात्र होइन, पारिजातको

'शिरीषको फूल', रामलाल जोशीको 'ऐना', सम्राट उपाध्यायको 'म्याड कन्ट्री', डायमन शमशेरको 'सेतो बाघ', लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन', बीपी कोइरालाको 'दोषी चस्मा' र 'नरेन्द्र दाइ' मात्र होइन, कर्ण शाक्यको 'सोच' नेपालभित्रै बेस्ट सेलर बनेका छन् । धेरै भाषामा अनूदित हुनु मात्र उत्कृष्टताको प्रमाणपत्र हो कि होइन होला ?

कुनै पनि सर्जकको सिर्जना अथवा अभियन्ताको अभियानले समाजको मुटु छोयो कि छोएन ? मान्छेहरू त्यसमा गाँसिन आए कि आएनन् ? प्रमुख विषय हुनुपर्ने होइन र ? अन्यथा एक्लो विचार र विचारको अभियानले समाजलाई जुरुक्कै उचाल्न सक्तैन । पुजारीले सन्ध्या जगाएको र कनफट्टाले फिरी लगाएकोमा फरक त देखिनु पऱ्यो नि ! अन्यथा केही मित्रमिलाप सर्जकहरूले देखाएको एकाकी कीर्तनेभीडले व्यक्ति खुसी होला, समाजले अपनत्व ग्रहण गर्ला कि नगर्ला ?

हामीभित्र 'म' वाद यति प्रबल छ कि जीवनका चार पुरुषार्थ धर्म, अर्थ, काम र मोक्ष अर्थात् मर्म, दर्द, कर्म र धर्म चारै विषय 'म' भित्रको 'म' हो । आज हरेक क्षेत्र, हरेक तह र तप्कामा 'म' छाडा घोडा बनेर दौडिरहेको देखिन्छ । यो 'म' आदि हो कि अन्त, सुरु हो कि मध्य, पाण्डव हो कि कौरव, जीवन हो कि मृत्यु, हावा हो कि धूलो ? खुट्याउन गाह्रो छ । आँखा चिम्लिँदा छ, आँखा खोल्दा छैन । 'म' लाई 'म' नै प्यारो छ ।

भरत जङ्गमको हीरक महोत्सव यही सेरोफेरोमा देखिरहेको छु ।

'म' आरतीको ज्योतिपुञ्जजस्तो पनि लाग्छ, मैमत्ता बनेजस्तो पनि अनुभूत हुन्छ । कहिले-कहिले मान्छेभित्रको 'म' ले मान्छेको टाउको टेक्छ, ऊभित्रको आवेग, उवाल उर्लेर मानवता छेकेको पनि देखिन्छ । त्यस्तो बेलामा 'म' भित्र महिषासुर चढेजस्तो पनि लाग्छ । मान्छे जातैले पुरुषार्थी हो, तर 'म' भित्र सिर्जनाको झल्का देखिन्छ र बीचैमा शून्य-शून्य हुन्छ । मलाई लाग्छ, मान्छे पाक्नै नपाई कटमिरो बन्न बढी हतार गर्छ । सायद यहीकारण 'म' जहिले अपूर्ण हुन्छ । मनैदेखि भन्छु – सर्जकहरूको हीरक महोत्सव हेर्न पाइयोस्, यस्ता महोत्सव पूर्ण महोत्सव होस्, राष्ट्रिय महोत्सव होस् ।

कपिल मुनिको साङ्ख्य, पतञ्जलिको योग, महर्षि जैमिनिको पूर्वमीमांसा, व्यासको वेदान्त, महर्षि कणादको वैशेषिक, महर्षि गौतमको न्याय आजका दिनसम्म जडभरत दर्शन मानिन्छ । एटम बमका पिता जुलियस आर आपेन हेमरले भनेका थिए – 'हामीले आधुनिक विज्ञानमा जेजे आर्जन गरेका छौँ, ती सबै वेदका आधारमा हुन् ।' अल्बर्ट आइन्सटाइनले लेखेका छन् – 'हामी वैदिक दर्शन वेदप्रति आभारी छौँ । हिन्दूले गणित विद्या

दिँदैनथे भने कुनै पनि आविष्कार सम्भव नै थिएन ।' भारतका मिसाइलम्यान पूर्वराष्ट्रपति अब्दुल कलाम जातले मुसलमान थिए तर गीतापाठ र हरिभजन गाएर जीवन त्याग गरे ।

यस्तो शाश्वत पूर्वीय दर्शनमा बाँचेका हामी आज अनैतिकताको दलदलमा छौँ । यो दलदल हटाउन भ्रष्टाचारविरोधी विज्ञान बोकेर हिँड्नुभएको छ भरत जङ्गम । हरेक नागरिक भरत जङ्गमको सफलता चाहन्छन्, तर उहाँको विज्ञानले नागरिक-नागरिकलाई जोड्न सकेको छैन । जोड्ने प्रयत्न फितलो छ । त्यसैले विद्रोह बन्न मसाल बलेको देखिन्न । हरेकका मनको असन्तुष्टि आफ्नो मनमै खिल पल्टिरहेको छ ।

ज्यान माया मारेका प्रथम अन्तरिक्ष यात्री युरी गागरिन अन्ततः सफल जीवन बोकेर फर्किए । उनलाई राष्ट्रले सोध्यो – के पुरस्कार चाहनुहुन्छ ? उनले आत्मप्रशंसा मागेनन् । सक्कली मान्छे जुनकिरी बनिरहन चाहन्छ, आफूलाई जून मान्दैनन् । सिङ्गापुरका ली क्वान युले नाली देशलाई युरोप बनाए । आज पनि मलेसियाका महाथिर भन्छन् – 'मेरो देशका लागि म चिहानबाट पनि उठ्न सक्छु ।' भरत जङ्गममा यस्तो दृढता धेरैले खोजेका छन् । म पनि खोजिरहेको छु । देखिएको छैन । भरत जङ्गम असल सोच्नुहुन्छ, असल नागरिकको जति प्रशंसा गरे पनि कमै हुन्छ । सबै मानिस शालिग्राम बन्न सक्तैनन्, किनकि थोरै मानिस आफूलाई मातृभूमिको सेवक ठान्छन्, जनतालाई राष्ट्र मान्छन् । सानो गुट तयार गरेर प्रशस्ति खोज्दैनन्, झ्याली पिट्तैनन् । सबै माधव घिमिरे अथवा शताब्दीपुरुष सत्यमोहन जोशी कहाँ हुन सक्छन् र ? सबैमा नेपालीसँग उभिने, नेपालसँग उभिने आत्मबल कहाँ हुन्छ र ?

आज देश भ्रष्टाचारको मसानघाट बनिरहेछ, कहाँ छ परिवर्तनकारी विचार ? नयाँ नेपाल बनाउँछु भन्नेहरू बार्बाक कर्मालको मुखुन्डो नाच नाचिरहेछन्, घरघरमा प्रेतात्मा बनेर मान्छेको खली खाइरहेछन्, विद्रोहको ज्वालामुखी फुटाउने बेलामा जयजयकार ? यस्तो बेलामा कोही आफूलाई पिता ठान्छ भने पिताले देखाउने महोत्सव हो कि सलाई कोरेर विचारको विस्फोट गर्ने हो ?

एक समय थियो, जति बेला विचार नै सभ्यता मानिन्थ्यो, तरबारले काट्न सक्तैन भनिन्थ्यो । यही सिद्धान्तले रोमन सम्राटले इजिप्टदेखि युरोपसम्म क्रिस्चियन लहर ल्याए । नेपालमा विचारका नाममा हतियारले परिवर्तन ल्यायो । बाहुबली आतङ्क छपक्कै छाएको छ यहाँ । भरत जङ्गमको 'भ्रष्टाचारविरोधी विज्ञान' ले कुनै चमत्कार देखाउन सकेको छैन । विद्रोहको ज्वारभाटा उठाउन सक्नुपर्छ । विपना हो भने त्यो पिता-ताकत भरत जङ्गमको

नेतृत्वमा उठेको हेर्ने मन छ । अर्जुन हुन् भने अर्जुनदृष्टि देखिनुपर्छ । भ्रष्टाचारविरुद्ध महाभारत छेडिनुपर्छ ।

भरत जङ्गम निश्चय नै लेखन-विद्रोही हुनुहुन्छ । उहाँलाई 'दि सटानिक भर्सेज' लेख्ने भारतमा जन्मेर बेलायतमा बस्ने सलमान रुस्दीलाई जस्तो अथवा 'लज्जा' लेख्ने बङ्गलादेशकी तसलिमा नसरिनलाई जस्तो ज्यान जाने चुनौती छैन । न नेता देवता, न पद्धति वैकुण्ठ भइरहेको नेपालमा विचारबहादुर भरत जङ्गमलाई युगद्रष्टा, युगपुरुष बन्ने अवसर छ । किनकि कुनै अर्को व्यक्ति भरत जङ्गमको जस्तो भ्रष्टाचारविरोधी विज्ञानको हतियार बोकेर मैदानमा छैन । उहाँको यो हतियार इस्पाती धारजस्तो हुनुपर्छ, अहिलेजस्तो भुत्ते हुनु हुँदैन । जनता भरत जङ्गमको भ्रष्टाचारविरोधी मत राख्छन्, यो भुल्नु हुँदैन । नेतृत्वको खाँचो छ, नेतृत्व लिन भरत जङ्गमले माला लगाउने होइन, त्यागका लागि तयार हुनुपर्ने हो ।

सूर्योदयदेखि सूर्यास्तसम्म राजधानीका सडकमा नेपालको झण्डा फहराउँदै राष्ट्रियता जगाउने काममा आफूलाई समाहित गरिरहेका देखिन्छन् हरिनारायण शिल्पकार । भरत जङ्गमको कागजी विचारका रूपमा सीमित भ्रष्टाचारविरोधी अभियान सडकभरि उठोस्, घरघरबाट जनतालाई जगाओस्, हामी पनि उहाँको पछि लाग्न पाइयोस् । आज गुटमा रहेको उहाँको ऊर्जा नेपाली-नेपाली जुटमा देखिनुपर्छ । तब न हाम्रा अगुवा भ्रष्टाचारविरोधी नायक भरत जङ्गम बन्न सक्छन् । अन्यथा हामीले बिकिनी किलर चार्ल्स शोभराजले नेपालको एयरपोर्टबाट हात्ती पनि छिराउन सकिन्छ भनेको सुनिरहनुपर्नेछ । गृहमन्त्री भनिरहनेछन् – एयरपोर्टबाट ३८ टन सुन छिर्‍यो । वाइडबडी जहाज काण्ड, एयरलाइन्स काण्ड, राष्ट्रिय सम्पत्तिको भाडा काण्ड, बालुवाटार जग्गा प्रकरण, अनेक सुन काण्ड, एनसेल काण्ड, फास्ट ट्र्याक, ओम्नी काण्ड, सेक्युरिटी प्रेस काण्ड, भ्याक्सिन काण्ड, माथिल्लो तामाकोसी, अपर कर्णाली, बुढीगण्डकी लगायतका ठूला जलविद्युत आयोजना काण्ड, मेलम्ची काण्ड, पप्पु कन्स्ट्रक्सन काण्ड, लाइसेन्स-पासपोर्ट छपाइ काण्ड, स्विस बैङ्क काण्ड आदि टुलुटुलु हेरिरहनुपर्नेछ । असत्यमाथि सत्यको विजय गर्न भनेर भगवान्ले समेत दस अवतार लिएका थिए । यति बेला भरतावतारको चर्चा एउटा समूहमा छ । देशभरि यो चर्चा पुगोस् । हरेक दिन बढ्दै गएका राष्ट्रघाती काण्डहरूमा भ्रष्टाचारविरोधी विज्ञान किन नतमस्तक छ ? यो सार्वजनिक सवालले सार्वजनिक जवाफ पाउनुपर्छ ।

मान्छे आफैँमा सर्वगुणसम्पन्न हुँदैन । सर्वगुणसम्पन्न भएपछि त भगवान् भइहाल्यो नि ! भरत जङ्गमले असल विचार बोक्नुभएको छ । उहाँ

मान्छे हो, महामानव होइन । महामानव हुन बुद्ध हुनुपर्छ । निर्वाण प्राप्त गर्नुपर्छ । भरत जङ्गममा गुण छन्, दोष पनि छन् । गुण बढी छन्, त्यसैले असल हुनुहुन्छ । असल मान्छे त्यसै बन्न सकिन्न ।

भरत जङ्गमका केही राम्रा कदम र कामका लागि उहाँलाई २०६३ र २०६४ सालमा सानो समूहले अभिनन्दन पनि गरेको रहेछ । हामी चाहन्छौँ उहाँको विज्ञान स्थापित होस्, उहाँको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अभिनन्दन होस् । यसका लागि उहाँले भ्रष्टहरूको सातो लिनुपर्छ, भ्रष्टाचारविरोधी अभियानमा अझै धेरै काम गर्नुपर्छ । लुतो कन्याएझैँ कन्याएर पुग्दैन ।

भरत जङ्गमका विषयमा 'भरत जङ्गम : विचार र दृष्टिकोण', 'कालजयी व्यक्तित्व भरत जङ्गम (अभिनन्दनग्रन्थ)', 'भरतेन्दु (महाकाव्य)', 'कालो सूर्यका उज्याला किरण (समीक्षा)', 'भरतांशु (महाकाव्य)' जस्ता कृतिहरू प्रकाशित भइसकेका रहेछन् । उपलब्ध गराइएको जानकारीअनुसार १८ जनालाई स्नातकोत्तर शोध र नेपाल संस्कृत विश्वविद्यालयबाट एकजनालाई विद्यावारिधि प्राप्त भइसकेको रहेछ । यसकारण पनि भरत जङ्गम नेपालका असल व्यक्तित्व हुनुहुँदो रहेछ भन्ने आकलन गर्न सकिन्छ । असल व्यक्तिको सम्मान गरेर प्रोत्साहन त दिनैपर्छ ।

२०२७ सालदेखि भ्रष्टाचारविरुद्ध लाग्नुभएका भरत जङ्गमको अभियान अहिले पनि जारी छ । उहाँ व्यक्तिगत रूपमा सफल हुनुभयो, उहाँका विचारहरू सामाजिक सञ्जालहरूमा फैलिएका छन् । फरक यत्ति छ, उहाँजस्ता असल मान्छे र उहाँका असल विचारले देशलाई कति लाभ भयो, शासन-प्रशासनमा के-कस्तो परिवर्तन ल्याउन सक्यो ! जनयुद्ध, जनआन्दोलनले चेतना फैलायो । उहाँको अभियानले पनि चेतना अभिवृद्धि गर्‍यो होला, तर समाजलाई भ्रष्टाचारविरोधीका रूपमा रूपान्तरण गर्न सिङ्गै पहाड उक्लन बाँकी नै छ ।

आदिकवि भानुभक्त आचार्यले उहिल्यै लेखेका थिए –

कसलाई तीर्थ भनेर भन्नु ?<br>
जुन शुद्ध मन हेर उही तीर्थ जान्नु ।

शुद्ध मन अर्थात् जीवन एक क्षण पनि कर्तव्यविहीन छैन ।

कर्तव्यमा जुटेको मान्छे किन प्रशंसाको भोको हुन्छ ? मैले बुझेको यत्ति हो – जीवन तपस्या हो, यो तपस्या असल कर्मका लागि हो । ठक्करले धूलो मात्र उड्छ, फसल फलाउँदैन । विदुरनीतिका अनुसार विद्वान्हरू मूर्खबाट जीविका चलाउँछन् ।

कुनै पनि विषय-फाँटका सर्जकहरू चोखो मनले न्यायपूर्ण समाज, जनकल्याणमा केन्द्रित हुन्छन् । नेपालमा जुन दुरवस्था, लथालिङ्ग स्थिति छ, सर्जकहरूका लागि समाज बदल्ने दायित्व निर्वाहको चुनौति छ । कर्तव्य पूरा गरेजस्तो गर्नु परमार्थप्राप्ति होइन ।

श्रीमद्भगवद्गीताको ज्ञान हो – कर्म गर, फलको आशा नराख । उपनिषद् भन्छ – जे गर्छौ, कर्तव्य सम्झेर गर । बुद्धिमान्हरूले भनेका छन् – राजनीतिज्ञ आगामी चुनावलाई हेरेर चल्छ, राजनेता आउने पुस्तालाई हेरेर सोच्छ, अभियन्ता परिस्थिति रूपान्तरणमा लाग्छन्, विद्वान् भविष्य लेख्छन् । हामी यति बेला लक्ष्यमा छौँ कि प्राप्तिको विन्दुमा ?

भर्तृहरिले लेखेका छन् – संसारमा यस्ता मानिस पनि हुन्छन्, जो सानोभन्दा सानो गुणलाई, उपलब्धिलाई पनि पर्वत मानेर प्रसन्न हुन्छन् र आत्मप्रशंसामा निमग्न रहन्छन् । सायद यसैले भनिएको होला – इमान बेच्नु हुन्न, काम ठग्नु हुन्न, सत्यलाई संयमित भएर समयको बेग समात्नुपर्छ, सत्यता र सच्चरित्र अँगाल्नुपर्छ ।

वर्तमान नेपालका सामु उभिएको यक्ष प्रश्न हो – धेरै पढेर ठूलो पदमा पुग्ने कि असल हुने ?

१८९५ सालमा कान्तिपुरका राजा थिए लक्ष्मीनरसिंह मल्ल । उनले कर्तव्यनिष्ठ भीम मल्ललाई ६ प्रधानको षडयन्त्रमा परेर ढोकैमा काटिदिए । त्यसपछि सती गएकी भुवनलक्ष्मीले दरबारमा विवेक नरहोस् भनेर सराप दिएकी थिइन् । त्यो सरापबाट आजसम्म हाम्रो देश मुक्त भएको छैन । भ्रष्टाचार यसकै प्रतिफल लाग्छ र मुक्तिको खोज हाम्रो उद्देश्य हुनुपर्छ ।

मेनकालाई नृत्य देखेर विश्वामित्रले तपस्या छाडेझैँ सत्ता र सम्पत्तिलाई देखेर नेता र प्रशासकहरू इमानको तपस्या त्यागिरहेका छन् । आफैँले कबुल गरेको वचन र खाएको सपथबाट स्खलित हुँदै गएका छन् । नैतिकवान् पुस्ता तयार गर्न भरत जङ्गमको त्याग र तपस्या के-कस्तो रह्यो, इतिहासले मूल्याङ्कन गर्ला ।

भरत जङ्गम सर्जक हुन् । भन्नैपर्ने सत्य के हो भने एउटा सर्जक भनेको फ्रान्सका ह्युगोजस्तो हुनुपर्छ । भिक्टर ह्युगोलाई एकपल्ट पक्राउ गर्नुपर्ने भयो । फ्रान्सलाई पक्राउ गर्न सकिएला र ? भन्ने प्रश्न उठ्यो । ह्युगो दिवङ्गत भए, ह्युगोका आलोचकहरूसमेत रोए । फ्रान्स रोयो । लाखौँ कुमारीहरू अमुक प्रेमीहरूसँग सहवास गरेर अर्को एउटा ह्युगो जन्माउन लालायित भए ।

एउटा असल नागरिक राष्ट्र हो, राष्ट्रियता हो । यस्तै जागरणले देश बाँच्छ, देश उठ्छ । भरत जङ्गममा त्यस्तो सर्जक बन्ने रहर पलाओस्, देशमा धेरै भरत जङ्गमहरू जन्मियुन, हार्दिक शुभेच्छा छ ।

यसकारण भरत जङ्गम हीरक महोत्सव मूल समारोह समितिले भनेजस्तो 'भ्रष्टविरोधी शास्त्रका पिता' प्रश्न हो । अभियन्ताका विचार असल छन्, समाजोपयोगी छन् । उहाँको विचार शब्दबाट कार्यरूपमा स्थापित भयो भने भोलिका दिनमा अनुयायीको लस्कर देखिएला । ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले भनेजस्तो, विश्व बैङ्कले उल्लेख गरेजस्तो भ्रष्टाचारी मुलुकको सरापबाट मुक्त होला ।

यो अवसरमा यी पुस्तक उपहार दिन चाहन्छु – अब त्यस्तो कहिल्यै नहोस्, पागल बस्ती, समय त्रासदी र घुम्ने मेचमाथि अन्धो मान्छे ।

हीरक महोत्सव सफल होस् । फेरि पनि हार्दिक बधाई तथा शुभकामना ।

•



राजन कार्की 'गोरखा एक्सप्रेस' पत्रिकाका सम्पादक, लेखक तथा अनुवादक हुनुहुन्छ ।

# बानेश्वर महादेवस्थान परिसर र भरत जङ्गम
## – राजेन्द्रप्रसाद मराठा

काठमाडौँ महानगरपालिकाको १० नं. वडामा सम्पूर्ण बानेश्वरकै करिब-करिब मध्य भागमा अवस्थित अति प्राचीन स्वयम्भू ज्योतिर्लिङ्गका सम्बन्धमा यहाँ केही चर्चा गरिँदैछ । यो लेख तयार गरेर सबै सामु पस्किन विशेष रूपले मित्र भरतमणि जङ्गमले अभिप्रेरित गर्नुभएकाले मैले जाने, बुझ्के, सुने-सुनाएका, देखे-भोगेका तथ्यहरू क्षमताअनुसार कनिकुथी लेख्ने प्रयास गरेको छु ।

### बानेश्वर महादेव पौराणिक इतिहास

हाल काठमाडौँको मध्य भागमा पर्ने काठमाडौँ महानगरपालिकाको १० नं. वडाभित्र अवस्थित बानेश्वर महादेव, यो ज्योतिर्लिङ्ग स्वयम् प्रकट भएको कसैले स्थापना गरेको होइन भन्ने मान्यता रहिआएको छ । नेपालका चतुषष्ठी ज्योतिर्लिङ्गहरूमध्ये सिन्धुली जिल्ला दुम्जाको कुशेश्वर शिवलिङ्ग पहिलो आदिस्वयम्भूलिङ्ग र देवपत्तन पशुपतिको रुद्रगाडेश्वर शिवलिङ्ग अन्तिम ६४ औँ ज्योतिर्लिङ्गका रूपमा पूजनीय हुँदै आएअनुसार वाणेश्वरको मातेश्वर शिवलिङ्ग ५६ औँ स्वयम्भू ज्योतिर्लिङ्गका रूपमा परापूर्वदेखि सनातन धर्मावलम्बीहरूद्वारा पूजन हुँदै आएको वर्णन पाइन्छ । आराध्यदेव शिवकी पत्नी जगदम्बा सतीदेवीको बायाँ हात पतन भएको ठाउँ केदारमा रहेको कोटेश्वर महादेव पनि ५५ औँ ज्योतिर्लिङ्ग भएको पं. चित्रप्रसाद सुवेदीद्वारा प्रकाशित सचित्र शिव स्वस्थानी व्रतकथा ६४ ज्योतिर्लिङ्ग वर्णनका क्रममा उल्लेख गरिएको छ ।

### स्थान परिचय

बानेश्वरलाई हामी केटाकेटी छँदा बोलिचालीमा बानेश्वर नै भन्ने गर्दथ्यौँ, तर लेख्ने बेलामा भने वाणेश्वर नै लेख्ने चलन थियो । सायद बस्तीविकासका क्रममा बोल्ने र लेख्ने कुरामा एकैनास हुन गएको हुनुपर्दछ । द्वापरयुगमा देवाधिदेव महादेवको परमभक्त वाणासुरको यहाँ राज्य रहेकाले यस ठाउँलाई वाणेश्वर भनिएको भन्ने किंवदन्ती पनि रहिआएको छ । पौराणिक कालमा यस स्थानलाई देवीकोटको नामले र कोटेश्वरलाई केदारको नामले सम्बोधन गरेको देखिन्छ । यो थलो निश्चित रूपले पाशुपत क्षेत्रको भागचाहिँ हो ।

जहाँ शिव त्यहीँ शक्ति रहेको हुन्छ । यस ज्योतिर्लिङ्गको ठीक दक्षिणपट्टि ललितादेवीको मन्दिर रहेको छ । स्कन्दपुराणमा यस ठाउँलाई देवीकोट भनेर वर्णन गरिएको छ । यहाँ सतीदेवीको देब्रे घुँडा पतन भएको हुनाले पीठका रूपमा पुजिँदै आएको छ । यो मन्दिरमा बानेश्वरनिवासी स्व. विष्णुप्रसाद पराजुलीको योगदानबाट वि. सं. २०३४ सालमा पहिलोपटक मुन्डा छत राखी मन्दिरका रूप दिइएको हो । यसलाई २०७५ सालमा बालकृष्ण थापासमेतले मुन्डा छतमाथि चारपाटे छत बनाउन लगाई पित्तलको गजुर राखी मन्दिरको आकृति दर्साउन योगदान पुऱ्याए ।

त्यसै गरी यस ज्योतिर्लिङ्गको ठीक उत्तरपट्टि पोखरीसहितको जलशायी नारायण (बुढानीलकण्ठ) को मूर्ति रहेको छ । यो पनि कुन समयमा कसरी स्थापना भयो, खुल्न सकेको छैन । तर ज्यादै पुरानो भएकाले जीर्णप्रायः अवस्थामा रहेको छ, सम्भारको नितान्त आवश्यकता छ । केही वर्षअघि यस पोखरीको भूमिमा र भित्तामा सिमेन्टको टायल राखेर पानी जमाउने प्रयास पनि भएको रहेछ । तर यो प्रयास सफल हुन नसकी यसमा हालिएको पानी केही समयमै सुकेर रित्तो हुने क्रम रहिरहेको छ ।

बानेश्वर महादेवस्थान वाणगङ्गासहितको तीर्थस्थल पनि भएका कारण यस परिसरमा पहिले-पहिलेका भक्तजनबाट केही न केही धार्मिक कीर्तिहरू स्थापना भएका रहेछन् । सुनिएअनुसार यहाँ ४-५ वटा कुण्ड तथा मूर्तिहरू विद्यालय व्यवस्थापनका कारण पुरिएर रहेका छन् । ती पुरिएका कुण्ड तथा मूर्तिहरू के उद्देश्यले कुन-कुन देवताहरूको प्रतिनिधित्व गराएर राखिएका हुन्, हामीलाई ज्ञात छैन । तीमध्ये एउटा कुण्डमा म सानै छँदा करिब ८-९ वर्षको उमेरमा, जेठ-असार महिनामा, खडेरी परेको बेलामा 'हरहर महादेव पानी देऊ' भन्दै म र मेरा समकालीन ४-५ साथीहरू वाणगङ्गा धाराबाट घल्चामा पानी ल्याएर कुण्डमा रहेको शिवलिङ्गलाई डुबाउने गर्दथ्यौँ । शिवलिङ्ग नडुबेसम्म जल थप्तै गर्नुपर्दथ्यो, छोड्न पाइँदैनथ्यो । २-३ घण्टा पनि लाग्दथ्यो । समयको अन्तरालले र धरातलमा बनेको संरचनाका कारणले पनि हुन सक्छ, त्यो कुण्ड यही नै थियो भनेर भन्न सक्ने हेक्का रहेन । जहाँसम्म लाग्छ त्यो कुण्ड महादेव मन्दिरको उत्तर-पश्चिम कुनामा थियो । हालै मात्र देखिएको जुन कुण्ड छ, त्यसको पश्चिमतर्फ हुनुपर्दछ । बाँकी महादेव मन्दिरको दक्षिण र ललितादेवी मन्दिरको पश्चिमपट्टि पर्दछन् ।

## २०१४ सालदेखि २०७१ सालसम्मको स्थिति

वि. सं. २०१६ सालमा ग्रामसुधार समिति गठन भई २०१७ साल वैशाखमा महादेवस्थान स्कुल, पछि श्री ५ रत्नराज्यलक्ष्मीदेवी मा. वि.

(हालको श्री रत्नराज्य मा. वि.) को भवनको शिलान्यास हुँदाका बखतमा दानपत्र गरी राखिएको यो गुठी व्यवस्थालाई कसरी अगाडि लाने भनी के-कस्तो सोच वा निर्णय लिइयो, त्यो कतैबाट पनि स्पष्ट हुन सकेको छैन र १९४७ सालको स्थापित गुठी व्यवस्थामा उल्लेख भएको नित्यपूजाबाहेक अरू पूजापाठ बिलकुलै बन्द भएको देखिन्छ ।

२०११ सालमा लोकमानसिंहको निधन हुँदा गुठी सञ्चालनमा फितलोपन आउनु, पुजारी भवनाथ भट्ट नीलेन्द्रविक्रम शाहको दरबारमा बस्न गई पाटी खाली हुनु, २०१४ सलदेखि सो पाटीमा स्कुल चलाउनु, २०१६ सालदेखि ग्राम सुधार समितिको बाहुल्य बढ्नु, २०१६-१७ सालदेखि स्कुल भवन बनाउने अभियान र पुस्तकालय (वाचनालय) सञ्चालन गर्ने होडबाजी चल्नु तथा २०१७ सालदेखि पञ्चायती शासनको प्रादुर्भाव हुनु आदि-इत्यादिका कारण महादेवस्थान गुठी (असली मालिक) को अस्तित्व (मर्यादा) क्रमिक रूपले ओझेल पर्दै जाँदा सबैका आश्रयदाता बानेश्वर महादेवको भने अस्तित्व नै धराशायी हुन पुगेछ । वि. सं. २०५२ सालमा बानेश्वर महादेवस्थान परिसर पूर्ण रूपमा समाप्त गरी श्री रत्नराज्य विद्यालय हातामा परिणत गर्न खोजिएको कुरा महादेवस्थान मंन्दिरको पूर्वतर्फ पुजारीघर निर्माणका बखत टाँसिएको शिलालेखबाट स्पस्ट दर्सिएको छ ।

उपर्युक्त कागज (लिखत) मा सरसर्ती यी कुराहरू उल्लेख भएको देखिन्छ ।

१. कि. नं. १९२ को ३-९-१-२ तीन रोपनी नौ आना एक पैसा दुई दाम क्षेत्रफल जग्गा साविकदेखि निजी गुठी भएको भनी उल्लेख भएको ।
२. सो जग्गाको आयस्ताबाट वाणेश्वर महादेवको पूजा-अर्चना गरिँदै आइएको ।
३. सो जग्गा श्री रत्नराज्यलक्ष्मी उच्चमाध्यमिक विद्यालयको भोगचलनमा रही भवनहरू बनेको ।
४. सर्भे नापी हुँदा विद्यालयकै नाममा क्षेत्रीय किताबमा अङ्कित भएको र मौकामा शान्ति बस्नेतसमेतले उजुर नगरेको ।
५. विद्यालयका तर्फबाट पुजारी नियुक्त भई वाणेश्वर महादेवलगायत अन्य कम्पाउन्डभित्र रहेका देवीदेवताको पूजा-अर्चना भइआएको ।
६. यो जग्गा विद्यालयको नाममा दर्ता हुन कार्वाहीसमेत चलिआएकोमा शान्ति बस्नेतले उक्त जग्गा आफ्नो नाउँमा दर्ता गराइमाग्न चाहेको ।
७. यो जग्गा र यसैसँग साँध जोडिएको कि. नं. १९० र १९१ का जग्गाहरू शान्ति बस्नेत र निजका छोरीज्वाइँ तुलसी थापाको नाममा

दर्ता भएको र सो जग्गामा समेत विद्यालयको साविकदेखिको पक्की भवन निर्माण भई विद्यालय चालु रहेको ।

८. सो दुई कित्ता जग्गाको मोल बुझी शान्ति बस्नेत र तुलसी थापा दुवैजनाले जग्गाको स्वामित्व समेत विद्यालयको नाममा हक हस्तान्तरण गरिसकेको ।

९. विद्यालय सार्वजनिक प्रकृतिको भएको र सो विद्यालय ५० वर्षभन्दा अघिदेखि स्थापित भई संस्थागत भएको ।

१०. कि. नं. १९२ को जग्गा विद्यालयकै नाममा दर्ता हुनुपर्ने लागेको । यो जग्गा विद्यालयले आफ्नो नाममा दर्ता गराई हकभोग, दर्ता, तिरो, चलन गरेमा मेरो मन्जुरी छ भनी शान्ति बस्नेतबाट लिखत गराई विद्यालयले लिएको ।

उपर्युक्त कुराहरूबाट देहायका समस्याहरू सिर्जना भएको आभास भएको छ ।

१. कि. नं १९२ को जग्गा भित्र (क) श्री वानेश्वर महादेवको मन्दिर छ । (ख) श्री ललितादेवीको मन्दिर छ । (ग) श्री जलशायी नारायणको जलाशयसमेतको मन्दिर छ । (घ) श्री चित्रेश्वर महादेव (एकादश रुद्र घर) को मन्दिर छ । (ङ) अन्य देवीदेवताहरूका ससाना मूर्ति, मन्दिरलगायत पुरातात्त्विक महत्त्वका वस्तुहरू छन् । (च) श्री रत्न पुस्तकालयको भवन छ । (छ) पुजारी भट्टको बासस्थानको घर छ । (ज) महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक छ । (झ) विद्यालयका भवनहरू छन् । यी सबमाथि विद्यालयले एकलौटी रजाइँ गर्ने परिकल्पना गरेको बुझिन्छ ।

२. बानेश्वर महादेव आदि-अनादि समय हजारौँ-हजार वर्षपहिलेदेखि क्षेत्रपालका रूपमा यस स्थानमा रहनुभएकै कारण कुनै भक्तबाट कुनै कालखण्डमा उहाँको मन्दिर निर्माण भयो, जबकि यस मन्दिरमा २२४ वर्षअघि गजुर राखिएको रहेछ । बानेश्वर महादेव तथा ललितादेवीबाट आदि-अनादि समयदेखि निवास रहिआएको यस थलोलाई मन्दिर परिसरका रूपमा पुजिँदै आएको हुनाले नै यसै थलोको आड लिएर १३० वर्षअघि चित्रेश्वर मन्दिरको निर्माण गराएर आफ्नो निजी जग्गासमेत अर्पण गरी अमर कीर्तिका रूपमा गुठी खडा गरए । विद्यालयले ५० वर्षको भोगको कुरा उठाएर धार्मिक आस्थामा कुठाराघात गर्ने प्रयास भयो ।

## संरक्षणको आवश्यकता

विद्यालय तथा पुस्तकालयले पूरै जग्गा चर्चिएकोले आयस्ता नहुँदा गुठी संस्थापकका सन्तानले मुद्दामामिलातिर लागी गुठी चलाउन छोडेको, विद्यालयले गुठी सञ्चालक तथा गुठी सञ्चालन विधिको वास्ता नगरी सामान्य पूजासम्म हुँदै आएकोलाई नै पूजा सञ्चालन भएको भ्रम परेको र पुस्तकालयले यसतर्फ चासै नदिएको आदि-इत्यादि कारणले पनि संस्थापित व्यवस्था संरक्षणको अभावमा लोपप्राय: हुन लागेको हुन सक्छ । विद्यालय सञ्चालनको सुरुका बखत विद्यालय सञ्चालन गर्न धौ-धौ परिरहेकाले पूजा सञ्चालनको अभिभारा पुजारीको दायित्वमा छोडी विद्यालयतिर मात्र ध्यान केन्द्रित गरेको र पुराना पुजारी (भवनाथ भट्ट) बाट ज्यादै पातलो बस्तीमा हारगुहार लिने माध्यमको अभावका कारण आर्थिक कठिनाइ भई कर्तव्य पूरा नगर्दा गुठीको क्रम टुट्न गएको पनि हुन सक्छ । कारण जेसुकै हुन सक्छ तर महादेवको जायज्यथा (श्रीसम्पत्ति) भोग गर्नेतर्फ सबैको चासो निरन्तर बढ्दै गयो महादेवको रेखदेखतिर भने क्रमिक रूपले लापर्वाही तथा हेपाहापन थपिँदै आएको वर्तमान स्थिति सबैका सामु टड्कारो छ ।

हामी बानेश्वरवासी सबैले एक जुट भई लोपप्राय: हुन लागेको महादेवस्थानको अस्तित्वलाई उचाली संस्थापित गुठीलाई संस्थागत गरी दाताको दिवङ्गत आत्माको चिरशान्तिका साथ भविष्यका दाताहरूलाई पनि गुठी लोप हुँदो रहेनछ, समयले खोज्दै पुन: ताजगी गराउँदो रहेछ, दान गरेको खेर जाँदो रहेनछ भन्ने हौसला कायम राख्न तथा यस परिसरमा स्थापना भएका सबै निकायहरूको स्थापित मर्यादा र अस्तित्वको निरन्तरता कायम राख्ने कार्यमा अग्रसर भई सहयोग हुन खास गरी बानेश्वरवासी सबैको महत्त्वपूर्ण भूमिका महसुस गरिएको छ ।

सनातन धर्मका आस्थावान्हरूको सरोकार रहेको स्थापित पूजापद्धतिलाई समय सापेक्षिक रूपले निरन्तरता दिने र महादेवस्थानको नामको श्रीसम्पत्तिको संरक्षण गर्ने तथा योसँग सम्बन्धित सबै कामकुराहरू कालान्तरसम्म सामूहिक तवरले व्यवस्थित गर्ने हेतुले मेरो अध्यक्षतामा प्रबन्ध (तदर्थ) समिति बनी २०७१ साल चैत्र १ गते जिल्ला प्रशासन कार्यालय काठमाडौँमा बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाज नामको संस्था दर्ता भयो । विधानको तर्जुमा गर्नदेखि लिएर अन्तिम रूप दिनेसम्मको काममा खास गरी डा. श्रीराम बाँसकोटा, शशिविक्रम राणा, महेश खरेल, शङ्करप्रसाद पौडेल, अशोक कार्की, भरतमणि जङ्गम, कमल मैनाली आदिको ठूलो योगदान रहिआएको छ ।

यी माथि उल्लेख गरिएका साथीहरूमध्ये विशेष रूपमा सहयोग जुटाउने कार्यमा भरतमणि जङ्गमको अग्रणी भूमिका रहिआएको कारणले गर्दा धार्मिक तथा कानुनी निर्णय लिन हामीलाई सजिलो भएको छ ।

## राजगुठी

श्री पशुपति गोश्वारा अड्डामा पुर्खाले दानपत्र गरी राखेका बानेश्वर महादेवको दुनियाँ गुठीको लगत भनी का. इ. बानेश्वर बस्ने जयमानसिंहका नाति लोकमानसिंह बस्नेत क्षत्रीले १९९८ साल माघ १ गते दिएको गुठीको सो लगत किताब गुठी संस्थानको केन्द्रीय लगत तथा अभिलेख शाखा भद्रकालीमा सुरक्षित रहेछ । धार्मिक अभियन्ता भरतमणि जङ्गमले यस लगतको अस्तित्वका बारेमा गुठी संस्थानका पदाधिकारीहरूसँग छलफल गर्नुभयो । गुठी संस्थान शाखा कार्यालय कालमोचनमार्फत गुठी संस्थान केन्द्रीय लगत तथा अभिलेख शाखा भद्रकालीबाट गुठी संस्थान केन्द्रीय कार्यालयमा सो लगत झिकाई अध्ययन गर्दा यो बानेश्वर महादेवस्थान गुठी राजगुठीमा दर्ता रहेको ठहर भएछ र मिति २०७५।३।१९ मा गुठी संस्थान केन्द्रीय कार्यालयले देहायका महानुभावहरू रहनुभएको बानेश्वर महादेव मन्दिर गुठी व्यवस्था समिति गठनसमेत गरायो – (१) वैकुण्ठप्रसाद गौतम, (२) शङ्करप्रसाद पौडेल, (३) प्रकाश आचार्य, (४) हरिप्रसाद लामिछाने, (५) स्थिरप्रसाद नेपाल, (६) प्रमिला केसी, (७) डा. श्रीराम बाँसकोटा, (८) डा. चण्डिकाप्रसाद भट्टराई, (९) ऋषभदेव खनाल, (१०) लक्ष्मी अधिकारी, (११) मीरा भट्टराई, (१२) प्रभा बुढाथोकी, (१३) सावित्री पौडेल ।

बानेश्वर महादेवस्थान गुठी राजगुठीमा दरिएको र बानेश्वर महादेव मन्दिर गुठी व्यवस्था समिति गठनसमेत भएको हुँदा का. म. पा. वडा नं. १० नक्सा सिट नं. १०२-११४६-०४ को कि. नं. १९२ को ३-९-१-२ (तीन रोपनी नौ आना एक पैसा दुई दाम) क्षेत्रफल जग्गा बानेश्वर महादेव मन्दिर गुठीको नाममा दर्ता स्रेस्ता बनाउन गुठी संस्थानबाट निर्णय गरी २०७५ साल भाद्रमा मालपोत कार्यालय डिल्लीबजार काठमाडौँमा पठाएको फाइल कि. नं. १९० र १९१ सँग सम्बन्धित मुद्दाको सिलसिलामा हाल काठमाडौँ जिल्ला अदालतमा रहेको छ ।

## महादेवस्थान परिसरभित्र रहेका संस्थाहरू

१. पौराणिक महत्त्व भएको बानेश्वर महादेव (मातेश्वर महादेव) को पूजापद्धति वैदिक सनातन धर्म रहेसम्म कुनै न कुनै प्रक्रियाबाट चलिरहने क्रम हो भन्नु अत्युक्ति नहोला । हालको कानुनी व्यवस्था

रहेसम्म यो गुठी कहिल्यै ननासिने, लोप नहुने र पुनः दानदातव्य, बिक्रीवितरण तथा हक हस्तान्तरण गर्न-गराउन नपाइने गुठी एक अविच्छिन्न उत्तराधिकारीवाला संस्था हो भन्ने पनि बुझिन्छ ।

२. २०१७ साल वैशाखमा महादेवस्थान स्कुलकै नामले सामुदायिक विद्यालय भवनको शिलान्यास भई २०१८ सालदेखिको हालको श्री रत्नराज्य उ. मा. वि. यसै गुठी क्षेत्रभित्र नै सञ्चालन हुँदै आएको छ । यो स्कुल पनि राम्रोसँग व्यवस्थित रूपले सञ्चालनमा रहिरहेमा युगौं चलिरहनेछ ।

३. यसै समयमा पुस्तकालय (वाचनालय) सञ्चालन गर्ने सोच पनि चल्यो र श्री रत्न पुस्तकालय (सार्वजनिक) को नामले सुरुवात गरी संस्था दर्ता ऐनअनुसार विधिवत दर्ता भई हालसम्म सञ्चालनमा रहेको छ । यो पुस्तकालय पनि समय सापेक्ष ढङ्गले व्यवस्थित रूपमा सञ्चालन हुँदै रहेमा कालान्तरसम्म पनि चलिरहन सक्नेछ ।

४. उपर्युक्त तीनैवटा संस्थाको क्रियाकलाप महादेवस्थान परिसरमै सीमित छ, अर्थात् ती तीनैवटा संस्थाले बानेश्वर महादेवस्थान परिसर र गुठीको हितमा योगदान गर्नु परम कर्तव्य रहेको छ । बानेश्वर महादेवस्थानको अस्तित्वसँग यिनीहरूको सहअस्तित्व नङमासुको जस्तो रहेको छ र हुनु पनि पर्दछ । एक संस्थाले अर्को संस्थालाई आदर र सम्मान गरी आआफ्नो दायित्व निर्वाह गर्नु आजको समयको माग हो ।

गुठीका विषयमा अभिरुचि राख्ने धार्मिक अभियन्ता भरतमणि जङ्गमले यसैबीच बानेश्वर महादेवस्थानका गुठीयार शान्ति बस्नेतसँग २०७४।११।१ मा यस गुठीका सम्बन्धमा थप जानकारी लिनुभयो । शान्ति बस्नेतले भन्नुभएछ, ससुरा लोकमान सिंह २०११ सालमा परलोक हुनुभएको, यस बेलासम्म अविवाहित मेरा पति मोहनमान सिंहलाई सबै कुरा थाहा भइनसकेको र बुढीसासू पुष्पकुमारी र सासू सुभद्राकुमारीबाट घरव्यवहार चलाउने क्रममा आयस्ताहरू भित्रिने क्रम पनि घट्तै गएछ । २०२१ सालमा मेरो विवाहपश्चात् कुनै पनि आसामीसँग मेरो परिचय पनि भएन र आयस्ताका जायजेथा कहाँ-कहाँ छन्, कति-कति छन्, देखेकीचाहिँ छैन, सुनेकीसम्म छु । २०३१ सालमा श्रीमान्को देहावसानपछि मेरो जीवन एक प्रकारले मुद्दामामिलामा नै टाँसिन पुग्यो, कहिले सासूसँग त कहिले विद्यालयसँग । तर पनि मैले आफ्नातर्फबाट गर्नुपर्ने र सक्ने सबै कामहरू व्यक्तिगत तवरमा गर्दै पनि आइरहेँ र गर्दै पनि आइरहेकी छु । खाली रहेको जग्गामा रातारात स्कुलले भवन बनाउँदा मैले छाप्रोसमेत पनि बनाउने ठाउँ नपाई सो ठाउँबाट उठिबासै हुनुपर्‍यो ।

अन्ततः पुर्खाले व्यवस्था गरेअनुरूपको नित्य एवम् पर्वपूजाहरू नटुट्ने गरी अटुट रूपमा चली धर्मको संरक्षण बनिरहोस्, स्कुल पनि चलिरहोस् भन्ने हेतुले २०१८ सालदेखि यसै परिसरमा स्थानीय समुदायले स्थापना गरेको रत्नराज्य माध्यमिक विद्यालयलाई २०६६ साल भाद्र २३ गते घरसारको लिखत गरी गुठी उद्देश्यअनुरूप संरक्षण गर्न घरायसी लिखत गरेकी हुँ । हाल विद्यालयका तर्फबाट सोअनुसार गरे-गराएको पाएकी छैन र विद्यालयले एकलौटी निजीजस्तो गरी व्यवहार गरेको सुनेकी छु । तर सनातनदेखि चलिआएको धार्मिक उद्देश्यबाहेक कोही कसैले पनि अन्य प्रयोजनका लागि अन्य कुनै किसिमको भौतिक पूर्वाधार तयार गर्न र निर्माण गर्न मिल्दैन, यस काममा म एक्ली महिलालाई सहयोग गर्ने कोही पनि भेटिनँ र म लाचारजस्तो भएर बस्नुपरेको थियो । यसको कारण स्थानीय समुदायबाट मलाई धर्मलोप गरेको आरोप लाग्ने सम्भावना पनि छ । यस धरोहरको संरक्षण र व्यवस्थापन मिलाउन काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाजले यस धरोहरलाई चिरकालपर्यन्त जीवन्त राखिदिने आशा राखेकी छु भनी सोही दिन यस प्रकारको कागज लेखी भरतमणि जङ्गमको हातमा थमाई बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाजलाई दिनुभएछ ।

## सम्झौतापत्र

लिखितम् का. जि. का. म. पा. ७ नं. वडा चाबहिल बस्ने लोकमानसिंहकी बुहारी मोहनमानसिंह बस्नेतकी श्रीमती वर्ष ६८ की शान्ति बस्नेत (यसपछि प्रथम पक्ष भनिने) तथा संस्था दर्ता ऐनअनुसार २०७१।१२।१ मा जि. प्र. का. काठमाडौँमा द. नं. ७४८/२०७१ मा दर्ता रहेको का. जि. का. म. पा. १० नं. वडा बानेश्वर महादेवस्थानस्थित बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाज (यसपछि द्वितिय पक्ष भनिने) का बीच आज बानेश्वर महादेवस्थान परिसरमा बसी बानेश्वर महादेवस्थान मन्दिर र यस परिसरको जायजेथा परिचालन गरी श्री महादेवसमेतको नित्य-नैमित्य पूजा-आरती कालान्तरसम्म सञ्चालन गर्न गर्न-गराउनका लागि हालको परिस्थितिमा साविक दाता गुठियारका सन्तान र हकवालाबाट मात्र कठिनाइ भएको हुँदा अब आइन्दा बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाजबाट गर्ने-गराउने हामीबीचको सहमति भएबमोजिम परापूर्वदेखि पुजिँदै आएका ६४ ज्योतिर्लिङ्गमध्येको महादेव मन्दिर परिसरमा प्रथम पक्षका पुर्खाले पनि वि. सं. १९४७ वैशाख शुक्ल अष्टमीमा दानपत्र गरी गुठी राखी चित्रेश्वर महादेवको मन्दिर निर्माण गरी परिसरभित्रको पाटीपौवा, जलाशयसमेतको संरक्षण, सम्वर्धन र विकास गर्न एवम् परिसरदेखि बाहेकको केही

देवीदेवतासमेतको पूजा गरी केही धार्मिक परम्परा आदिलाई निरन्तरता दिने गरी राखिएको गुठी व्यवस्थाको जीवन्तता दिन निम्न सर्त-बन्देजका आधारमा दुवै पक्षहरू मन्जुरी भई यो सम्झौतापत्र तयार गर्‍यौं ।

का. जि. का. म. पा. १० नं. वडा अन्तर्गत नापी भएको सिट नं. १०२-११४६-०४ को कि. नं. १९२ को ३-९-१-२ को गुठी जग्गामा बानेश्वर महादेव (ज्योतिर्लिङ्ग), चित्रेश्वर महादेव, ललितादेवी (पीठ), जलशायी नारायण (पोखरीसमेत), गणेश, हनुमान आदि इत्यादि देवीदेवताका मन्दिरहरूका साथसाथै पुजारी भट्ट बस्ने घर, श्री रत्न पुस्तकालयको भवन र श्री रत्नराज्य विद्यालयका भवनहरू पनि रहेका छन् ।

## सर्त-बन्देज

१. यसै सन्दर्भलाई लिएर प्रथम पक्षको पुर्खाले व्यवस्था गरेअनुरूपको नित्य एवम् पर्वपूजाहरू नटुट्ने गरी अटुट रूपमा चली धर्मको संरक्षण भइरहोस् भन्ने हेतुले २०१८ सालदेखि यसै परिसरमा हामीले स्थापना गरेको रत्नराज्य माध्यमिक विद्यालयलाई २०६६ साल भाद्र २३ गते घरसारको लिखत गरी गुठी उद्देश्यअनुरूप संरक्षण गर्न घरायसी लिखत गरेकोमा विद्यालयका तर्फबाट सोअनुसार गरे-गराएको नपाइएको र विद्यालयले एकलौटि निजीजस्तो गरी व्यवहार गरेका कारण स्थानीय समुदायबाट म प्रथम पक्षलाई धर्मलोप गरेको आरोप लाग्ने सम्भावना भएकाले यस जग्गाभित्र सनातनदेखि चलिआएको धार्मिक उद्देश्यबाहेक कोही कसैले पनि अन्य प्रयोजनका लागि अन्य कुनै किसिमको भौतिक पूर्वाधार तयार गर्न र निर्माण गर्न मिल्दैन भनी सोको प्रतिरक्षार्थ द्वितीय पक्षलाई सुम्पने कार्य हुने र सो कार्य जिम्मा लिन द्वितीय पक्ष पनि मन्जुर गर्दछ ।

२. यसभन्दा अघि २०६६ साल भाद्र २३ मा विद्यालयलाई गरिदिएको लिखत र अरू कसैलाई प्रथम पक्षले जहाँ जेसुकै लेखेर दिएको भए तापनि सो घरायसी कागज यसै लिखतद्वारा बदर हुनेछ, किनकि गुठीको उद्देश्यविपरित हुने गरी म प्रथम पक्षले केही कुनै लिखत गरिदिन मिल्दैन ।

३. श्री बानेश्वर महादेव, चित्रेश्वर महादेवलगायत यस परिसरभित्र रहेका देवीदेवताको नित्य-नैमित्य पूजाआजालगायत अन्य देवीदेवताको (गुठीले व्यवस्था गरेको) सञ्चालन गर्ने सम्पूर्ण जिम्मा द्वितीय पक्षले लिनेछ । त्यसमा कदाचित पूजा रोकिएमा वा पूजा रोकिने स्थिति आएमा नेपाल सरकारको सम्बन्धित निकायमा वा गुठी संस्थानलाई

हस्तान्तरण गरी पूजा र यसको पद्धतिलाई सुचारु गराउनुपर्ने दायित्व पनि द्वितीय पक्षको रहनेछ ।

४. उक्त कि. नं. १९२ भित्र बनेका घरटहरा आदिबाट भाडा वा बहाल उठाउने र कानुनबमोजिम कर दाखिला गर्ने काम पनि द्वितीय पक्षको हुनेछ । सो आम्दानी-खर्चको लेखा प्रचलित कानुनबमोजिम राखी नेपाल सरकारको सम्बन्धित निकायमा प्रतिवर्ष दाखिला गरी फरफारक लिने कामको जिम्मा पनि द्वितीय पक्षको रहनेछ ।

५. उक्त कि. नं. १९२ को ३-९-१-२ को पूर्ण स्वामित्व बानेश्वर महादेव चित्रेश्वर गुठीको हो र रहनेछ । यदि कुनै व्यक्ति वा संस्थाले हक हस्तान्तरण गर्न खोजेको वा गरेकोमा धर्मलोपको आरोप लाग्नेछ । धार्मिक कार्यका लागि दान गरिएको यो निजी गुठीको क्षेत्र हुँदा सोही उद्देश्य परिपूर्तिका लागि मात्र प्रयोग हुन सक्नेछ र हुनेछ । उक्त कि. नं. १९२ को जग्गा बानेश्वर महादेव गुठी जनिई दर्ता हुनुपर्नेमा हालसम्म सो कित्ता बानेश्वर महादेव कायम नभई खाली रहेको हुँदा सो दर्ता गराउने कार्यको जिम्मासमेत द्वितीय पक्षको रहनेछ ।

६. बानेश्वर महादेवको नाम जनिएर रहेको निजी गुठी जग्गा दर्ता हुन बाँकी अन्य जग्गा रहेको भेटिएमा बानेश्वर महादेव चित्रेश्वर निजी गुठीको नाममा दर्ता गर्ने-गराउने कामको दायित्व पनि द्वितीय पक्षको हुनेछ, आवश्यकताअनुसार प्रथम पक्षले पनि सहयोग गर्नबाट पछि हट्न पाउने छैन ।

**हस्ताक्षर**

| प्रथम पक्ष | द्वितीय पक्ष |
|---|---|
| शान्ति बस्नेत | वैकुण्ठप्रसाद गौतम |
| गुठियार | अध्यक्ष |
| दस्तखत | दस्तखत |
| दायाँ बायाँ | दायाँ बायाँ |

**साक्षी**

१. का. जि. का. म. पा. वडा नं. ७ बस्ने वर्ष ५२ को मनोज आचार्य

२. का. जि. का. म. पा. वडा नं. १० बस्ने वर्ष ६४ को शङ्करप्रसाद पौडेल

## धार्मिक कार्यको प्रारम्भ

१. वैशाख शुक्ल तृतीया (अक्षय तृतीया) लाई शिवपार्वतीको विवाहको पवित्र दिनका रूपमा मानी शिव तथा शक्तिको पूजाआजा गरी

सातुसर्बत चढाई मन्दिर हाताभित्रै प्रसादका रूपमा भक्तजनमा वितरण गर्ने गरिएको छ । बानेश्वरका अग्रजहरूको भेलाले यो दिनलाई महादेवस्थानको वार्षिकोत्सवका रूपमा मनाउने निर्देशन गरेको छ ।

२. महाशिवरात्रिका दिन सहयोगीहरूसमेतको सहभागितामा हवन यज्ञादिको साथ ११ जना ब्राह्मणहरूद्वारा लघुरुद्री (१२१ आवृति) लगाई यथाप्राप्त सामग्रीबाट प्रसाद वितरण गर्ने र साँझमा प्राङ्गणमा धुनी जगाउने कार्य हुने गर्दछ । प्रसाद तयारीका लागि भक्तजनबाट पिठो, सुजी, चिनी, तेल, घिउ, दूध, आलु, काउली आदि उपलब्ध हुने गर्छन् । सहयोगी हातहरूको जोहो मिलाई अन्य सामानहरू समितिले जुटाएर परिसर हाताभित्रै प्रसाद तयार गर्ने गरिन्छ । यस काममा नेपाल पूजा प्रतिष्ठानको पनि सहयोग हुने गर्दछ ।

३. बानेश्वर महादेवको महिमाका बारेमा जरोदेखि नै बुझेका र धार्मिक अभियानलाई मार्गदर्शन गर्न सक्षम भरत जङ्गमको अग्रसरता र टेवाले २०७५ साल फगुन २० गते शनिबारको महाशिवरात्रिका दिनदेखि मन्दिरको गर्भगृहमा अखण्ड दीप प्रज्ज्वलन भइरहेको छ ।

३. बडादसैंको नवरात्रिभर जनसहभागिता जुटेमा महिषासुरमर्दिनी दुर्गाको माटोको प्रतिमूर्ति स्थापना गरी घटस्थापना गरी जमरा राखी टीकाको दिन क्षमताअनुसार जमरा वितरण गर्ने गरिएको छ भने महिषासुरमर्दिनी दुर्गाको माटोको प्रतिमूर्तिलाई चोभारमा बागमती नदीमा विसर्जन गर्ने गरिएको छ । यो अभियान २०७५ सालबाट सुरु भएको हो र यस कार्यक्रमले नवरात्रिको रोचकता बढ्नुका साथै तराईवासी मित्रहरूको अभिरुचि विशेष रूपमा जागरण भएको छ ।

४. हरिबोधनी एकादशीका दिन जलशायी नारायण (बुढानीलकण्ठको प्रतिमूर्ति) मा विशेष पूजा गरी यस दिनलाई यहाँ मेलाको रूप दिने कार्यको थालनी गरिएको छ । जहाँ नारायण त्यहाँ शिवको र जहाँ शिव त्यहाँ नारायणको पूजा गर्ने सनातनवादीहरूको परम्परा हो । २०७६ साल कार्तिक शुक्ल एकादशी (हरिबोधनी एकादशी) का दिनदेखि हरेक एकादशीको दिन श्री नारायणको पञ्चामृतद्वारा स्नान गराई विशेष पूजासहित विष्णुसहस्रनाम पाठद्वारा तील, तुलसी चढाउने गरिएको छ । हाल प्रकाश आचार्यको अग्रसरता र टेवाले यसलाई निरन्तरता दिइरहेको छ । यस पूजामा पनि जोकोही सहभागी भई टेवा दिन सकिन्छ ।

५. शिवको पूजाको महत्त्वपूर्ण अङ्ग रुद्रि हो । धार्मिक अभियन्ता भरतमणि जङ्गमको सुझाव र सक्रियतामा उहाँकै निर्णयानुसार २०७५ असोज ६

गतेदेखि प्रातः नित्य पञ्चामृतद्वारा स्नान गराई एकावर्ती रुद्रिपाठ गराई रुद्राभिषेक पूजन हुँदै आएको छ । शिवको अति प्रिय रुद्राभिषेक पुनीत उपासनाका रूपमा लिइएको छ । गृहशुद्धि, जन्मोत्सव, वार्षिकोत्सव आदिलगायत अन्य नैमित्य कर्मको सिलसिलामा ब्राह्मणद्वारा रुद्रि गर्ने गराउने गरिन्छ । खास गरी शिवप्रति आस्थावानुहरूका हरेक घरघरमा श्रावण महिनामा लघुरुद्री लगाउने परम्परा रहिआएको छ । विशेषतः हालको भौतिक समाजमा समय, साधन, द्रव्य, सुपात्र र व्यवस्था मिलाउन कठिन परिस्थितिमा घरघरमा सम्पन्न गर्न असमर्थहरूका निमित्त यो व्यवस्था अति सरल सावित भएको छ ।

**अब गरिनुपर्ने कामहरू**

मैले हालसम्म देखेका, भोगेका र भविष्यमा आवश्यक पर्न सक्ने अनुमानका आधारमा निम्न कामहरू गर्नुपर्ने देखेको छु । यी मेरो व्यक्तिगत रायसुझाव हुन् ।

१. बानेश्वर महादेवस्थान संरक्षण व्यवस्थापन समाजले गुठी संस्थानसमेतको सहमतिले पूजा, पुजारी तथा आन्तरिक व्यवस्था र कोष सञ्चालन आदि विषयको नियम तर्जुमा गर्नुपर्ने ।

२. बानेश्वर महादेवस्थान परिसरभित्र एकै थलोमा तीन पृथक् अस्तित्व भएका र पृथक् अनुशासनमा डोरिएका जीवन्त संस्था छन् । गुठीको समाजसँग गाँसिएको समिति छ, विद्यालयको व्यवस्थापन समिति छ र पुस्तकालयको कार्यसमिति छ । यी तीनै निकायहरू यसै समुदायका धरोहर पनि हुन् । कार्यसञ्चालनका सन्दर्भमा केही नयाँ समस्या देखापर्दा यिनीहरूबीच कदाचित कुनै विषयमा मतैक्य हुन नसकेमा समन्वय गराउनेको भने अभाव छ । यस अभावलाई परिपूर्ति गर्न बानेश्वरवासीको संयुक्त छलफलबाट निर्क्योल गर्दै अघि बढेमा सबैको कल्याण हुने हुँदा बानेश्वरवासी प्रबुद्धहरूको भेला गराई देहायबमोजिम सदस्य रहने गरी छाता सङ्गठनका रूपमा काम गर्न-गराउन स्थायी तवरले एक समन्वय तथा निर्देशन समिति गठन गर्नुपर्ने देख्तछु । उक्त समितिमा बानेश्वरवासी प्रतिष्ठित एवम् सनातन धर्मप्रति निष्ठावान् व्यक्तित्वको संयोजकत्वमा निजले सिफारिस गरेको एकजनालगायत जम्मा ७ जनाको प्रतिनिधित्व गराउने ।

(क) बानेश्वरवासीका तर्फबाट संयोजकसमेत जम्मा (२ दुई)

(ख) श्री रत्नराज्य मा. वि. को व्यवस्थापन समितिको अध्यक्ष पदेन (१ एक)

(ग) श्री रत्न पुस्तकालयको अध्यक्ष पदेन (१ एक)
(घ श्री महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाजका अध्यक्ष पदेन (१ एक)
(ङ) बानेश्वरको दुई स्थानीय निकाय (१० र ३१ वडा) प्रमुखहरू वा उहाँहरूको प्रतिनिधि वडा सदस्य पदेन (२ दुई)

यो समितिको निर्देशनलाई सरोकारवाला सबैले अनिवार्य रूपमा पालना गर्नुपर्ने । समितिको कार्यान्वयन गर्न उद्देश्यसँग फरक नहुने गरी कार्यविधि समिति आफैँले बनाउने ।

हुन त यो सुझाव विद्यालय प्रशासनका प्रतिनिधि डा. गीता खरेल, डा. श्रीराम बाँसकोटा, पद्मसिंह कार्की, शशिविक्रम राणा र मसमेतको सानो समूहले २०७२ सालमै तयार गरेको हो । यसलाई अगाडि बढाउने क्रममा विद्यालय प्रशासनले कति पनि चासो नराखेपछि यो त्यसै सेलाएर थन्किएको थियो ।

३. माननीय सांसद प्रकाशमान सिंहको सांसद कोषबाट हाल उपलब्ध भएको सहयोगले जलशायी नारायण हातालाई धार्मिक संस्कृति दर्सने गरी जीर्णोद्धार गराउने र उहाँको पोखरी (कुण्ड) मा पानी जमिरहन सक्ने गरी यसै आ. व. भित्र सम्पन्न हुने गरी मर्मत गराउने ।

४. यसै गरी उक्त कोषबाट हाल उपलब्ध भएको सहयोगले यसै आ. व. भित्र सम्पन्न हुने गरी ललितादेवीको मन्दिर हातालाई पनि धार्मिक संस्कृति दर्सने गरी जीर्णोद्धार गराउने र उहाँको मन्दिरलाई कलात्मक रूप दिई मर्मत गराउने ।

५. यसै गरी उक्त कोषबाट हाल उपलब्ध भएको सहयोगले यसै आ. व. भित्र सम्पन्न हुने गरी ललितादेवीको मन्दिरको छेउमा १०-१२ हजार लिटर पानी भण्डारण हुन सक्ने पानी ट्याङ्की निर्माण गराई मन्दिरको सबै प्रकारको कामलाई सहज रूपमा पानी आपूर्तिको व्यवस्था मिलाउने ।

६. यस परिसरभित्र पुरिएर रहेका २०७६।१२।१२ का दिन नमुनारूप उत्खनन भएको कुण्डजस्ता अन्य कुण्डहरू पनि उत्खनन गराई पुरातत्व विभागको सुझाव लिएर मर्मत र स्याहार-सम्भार गर्ने ।

७. मिति २०७६।१२।१२ का दिन नमुनारूप उत्खनन भएको स्थानबाट हेर्दा करिब २० इन्चजति जमिन विभिन्न समयमा उकास्तै आएका कारण मन्दिरहरूको निर्माणाधीन स्वरूप पुरिएको देखिँदा थपिन आएजति माटो काटी मन्दिरहरूको पूर्व प्रारूप दर्साउने ।

८. आवश्यकता अनुसार मन्दिरका दुबै तहका पेटीहरूको पुनर्निर्माण गराउने र भूमिमा ढुङ्गा छाप्ने ।

९. यो मन्दिर परिसरमा माटो काटिएका र ढुङ्गा छपिएका जमिनको सतह हाल भएको सतहभन्दा करिब १८ इन्चजति होचो भई दुई तहको जमिनको सतह हुने र उत्खनन भएका कुण्डहरूको संरक्षण पनि गर्नुपर्ने हुँदा मन्दिर परिसरजतिलाई बार्नुपर्ने ।

१०. यो तीर्थस्थललाई बाहिरैबाट पहिचान गर्न सकिने गरी प्रवेश गर्न पूर्ण कलात्मक मूल द्वार निर्माण गर्नुपर्ने र परिसरभित्र सवारी साधन प्रवेश निषेध गर्ने ।

११. पवित्र मन्दिर हाताभित्र दर्शनार्थी भक्तजनबाहेक अरूको आगमन नहुने गरी संरचनात्मक व्यवस्थापन मिलाउनुपर्ने ।

अन्तमा, श्री बानेश्वर महादेवस्थानलाई हालको अवस्थामा पुऱ्याउनमा लागि पर्नुभएका मित्र भरतमणि जङ्गमको ७५ औँ जन्मोत्सवका लागि हार्दिक शुभकामना चढाउँछु । जय बानेश्वर महादेव ।

●

राजेन्द्रप्रसाद मराठा काठमाडौँ बानेश्वर क्षेत्रका आध्यात्मिक जागरणकर्ता, समाजसेवी तथा भ्रष्टाचारविरोधी अभियन्ता हुनुहुन्छ ।

# विसङ्गतिका विरोधी
## – रामकृष्ण कर्माचार्य

शब्दयात्रा प्रकाशनद्वारा प्रकाशित 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' (प्राचीन, मध्य र आधुनिक काल) २०७७।१२।४ मा अध्ययन गर्ने मौका मिल्यो र २०७७।१२।२५ मा जलविनायक मन्दिरमा मेरै भीमरथारोहणका बेला भरतमणि जङ्गमको उपस्थितिले मलाई २-४ शब्द लेख्ने चाहना बढ्यो ।

श्री जङ्गमसँगको परिचय २०३१ सालपूर्व नै थियो । तर उहाँको पुस्तकबाट लुकेछिपेर रहेका तथ्यलाई इतिहासका मर्मज्ञ तथा ज्ञाताहरूले जनसमक्ष स्पष्ट पार्न सक्नुपर्दछ । एक अन्वेषकले गरेको भूलको मूकदर्शक भएर हेर्न र बस्न मिल्दैन । त्यसैले सत्यतथ्यलाई उजागर गर्नु नै अनुसन्धाताको कर्तव्य हो ।

यिनै उहाँका शब्दलाई समेटी अविस्मरणीय क्षणका दुई-चार शब्द लेख्न चाहन्छु । २०२७ सालमा मेरो सम्पादनमा प्रकाशित गरेको अस्तित्व र रारा साप्ताहिक पत्रिकामा उहाँले गर्नुभएका अन्वेषक कृति सङ्ग्रह गर्ने सिलसिलामा र समाजमा देखापरेका विकृति र विसङ्गति उजागर गर्ने सन्दर्भमा रारा साप्ताहिककै टोलीका शैलेन्द्रकुमार उपाध्यायलाई काभ्रे जिल्लाबाट उठाउने बेलामा उहाँको भावनालाई सोच्तथ्यौँ । २०५४ सालमा नेपालमा पहिलोपल्ट राष्ट्रव्यापी लघुकथा प्रतियोगिता गर्दा र शुभारम्भ लघुकथा प्रकाशन हुँदा पनि उहाँको प्रेरणादायी सहयोग थियो ।

वाद, पक्ष र सीमाजस्ता शब्द सुन्दा नै आङ जिरिङ्ग हुने अन्तर्राष्ट्रिय पत्रकार महासङ्घको १२ औँ महाधिवेशनमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको शुभकामना सन्देश लिई जोर्डनको राजधानी अम्मानमा २०५१ सालमा भाग लिन जाँदा उठाइएका ज्येष्ठ नागरिकहरूका अधिकार र समाजमा देखापरेका समस्यालाई उजागर गर्ने मौकाको परिणामस्वरूप २०७२ सालको संविधानमा 'ज्येष्ठ नागरिक कोष' को व्यवस्था र त्यसको संस्थापक अध्यक्ष हुँदा पनि श्री जङ्गमले मेरो अन्तर्वार्ता लिनुभएको थियो ।

इतिहास र पुरातत्त्वका अध्येताहरूका लागि आवश्यक पर्ने निराकरणका थुप्रै उदाहरणहरू दिन सकिन्छ । संस्कृतिका सन्दर्भमा पनि जङ्गमको कलम कहिल्यै रोकिएको देखिन्न । विकृति र विसङ्गतिका विरुद्ध

अभिव्यक्त भइरहन्थ्यो । विकास निर्माणमा घचघच्याउन उहाँका कृतिले प्रेरणा मिल्दथ्यो । वागेश्वरी क्षेत्रमा १०८ फुट अग्लो शिवमूर्ति स्थापना र धाम बनाउने, संरक्षण गर्ने जमर्को मानव कल्याण आध्यात्मिक प्रतिष्ठानको अध्यक्षसमेत भई काम गर्ने मौका मिल्यो ।

●



रामकृष्ण कर्माचार्य पुराना पत्रकार, कर्माचार्य समाज केन्द्रीय समितिका संरक्षक तथा राष्ट्रिय ज्येष्ठ नागरिक कोषका संस्थापक अध्यक्ष हुनुहुन्छ ।

# नाम एक विशेषता अनेक
## – रामप्रसाद खनाल

भरत जङ्गम नाम एक विशेषता अनेक । मैले चिनेका भरत जङ्गम के हुनुहुन्छ भन्दा पनि के हुनुहुन्न जस्तो लाग्छ ।

नेपाली पत्रकारिता, गीत-सङ्गीत, कलाकारितामा मैले बिताएको करिब चार दशकका क्रममा मैले चिनेका जङ्गमको पत्रकारितामा पनि योगदान छ । विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरूमा लेखरचना प्रकाशन गर्न मात्र नभएर नेपाली आवाज नामक पत्रिकाको सम्पादन र प्रकाशन गरेर उहाँले आफूलाई पत्रकारका रूपमा स्थापित गर्नुभएको थियो ।

नेपाली माटोलाई माया गर्न हरपल देश दुख्ने जङ्गमको नेपाली साहित्य क्षेत्रमा पनि त्यत्तिकै योगदान भएको मैले पाएको छु । २०३६ सालमा 'कालो सूर्य' उपन्यास प्रकाशन गरेका उहाँको 'व्यूहचक्र', 'रातो घाम', 'ख्वपदेश' बाट उहाँको साहित्यिक गहिराइ सजिलै मापन गर्न सकिन्छ ।

भरत जङ्गमको मलाई अझ मन पर्ने कुरा स्पष्टवक्ता, प्रखर वक्ता, राष्ट्रवादी छवि, भ्रष्टाचारविरुद्ध अभियान हुन् । धार्मिक आस्था राख्ने मात्र होइन, धार्मिक क्षेत्रमा पनि उत्तिकै क्रियाशील योगदान दिएका जङ्गम हिन्दूराष्ट्र नेपालका एक अभियन्ता हुनुहुन्छ । हिन्दूराष्ट्र नेपालको सुन्दरतामा उहाँले पु¥याउनुभएको वक्तृत्व र लेखनको योगदान प्रशंसनीय छ ।

एकपटक होइन, बारम्बार अदालत धाएर देश र जनताका पक्षमा, जनजीविकाको सवालमा अनेकौं मुद्दा दायर गरी जनता र देशको पक्षमा सर्वोच्च अदालतबाट फैसला गराउन भूमिका खेल्नुभएका जङ्गमलाई मैले प्रशंसा गर्न छुटाएँ भने त्यो कन्जुस्याइँ हुन्छ भन्ने मलाई लाग्छ ।

कानुन र संविधानका ज्ञाता जङ्गमले नेपाली समाजलाई दिनुभएको चौतर्फी योगदानको एकएक गरेर व्याख्या गर्न महाकाव्य नै लेख्नुपर्ने हुन सक्छ । उहाँको योगदानको कदर गर्दै पत्रकारिता, साहित्य, समाजसेवा, धार्मिक र सामाजिक लगावका विभिन्न क्षेत्रबाट उहाँलाई प्रदान गरिएका पुरस्कार र सम्मान त्यसका ज्वलन्त उदाहरण हुन् ।

वि. सं. २००४ सालमा जन्मनुभएका जङ्गमको ७५ औं जन्मदिनको अवसरमा विशेष कार्यक्रम आयोजना गरी मनाइने कार्यक्रममा म हाल

विदेशमा रहेकाले उपस्थित हुन नसके पनि शब्दमार्फत जन्मदिनको अशेष शुभकामना प्रदान गर्न चाहन्छु ।

भरत दाइ ! तपाईको दीर्घायु, सुस्वास्थ्य, उत्तरोत्तर प्रगति होस् । आगामी दिनमा तपाईको योगदान निरन्तर कायम रहोस् । शुभकामना पनि छ । भगवान् सधैँ दाहिना होउन् । धन्यवाद ।

●



रामप्रसाद खनाल हाल वासिङटन डिसी अमेरिकामा बस्ने सङ्गीतकर्मी तथा पत्रकारिताकर्मी हुनुहुन्छ ।

# प्रकृति र संस्कृतिको रक्षामा
## – रोमलाल गिरी

भरत जङ्गमको नाम अहिले नेपालीहरू हरेकले जान्दछन् । समृद्ध तथा सम्भ्रान्त परिवारमा भक्तपुरमा जन्मनुभएका भरत जङ्गमलाई गहिरिएर बुझ्ने मौकाचाहिँ २०४८ सालबाट उहाँले लेखेको 'कालो सूर्य' र भ्रष्टाचारविरुद्धको अभियानले दिएको थियो । मलाई उहाँका बारेमा बुझ्ने प्रेरणा यही अभियानले जगायो । पूर्वराजा ज्ञानेन्द्र शाहको सत्ता हातमा लिने कदमपछि भरतजी अख्तियारको प्रशासक भई हरेक क्रियाकलापमा सिधा नागरिकसमक्ष आउन थालेपछि बढी जानकारी राख्न थालेको थिएँ । उहाँले चलाउने 'कालो सूर्य' टेलिभिजन कार्यक्रमले जनमानसमा निकै प्रभाव पारेको थियो । ममा पनि भरत जङ्गमबारे निकै कौतूहलता थियो । संन्यासीको थरमा जङ्गम पनि पर्दछ भन्ने जातीयता र संस्कृतिको पाटोबाट भरत जङ्गमलाई बुझ्नुपर्‍यो भनी उहाँसँग भेट्ने मेरो तीव्र इच्छा पलाएपछि उहाँलाई भेट्न काठमाडौँको बानेश्वर खरिबोटनजिकैको घरमा पुगेको थिएँ । एक घन्टाजति उहाँसँग कुराकानी गरियो ।

प्रकृति र संस्कृतिको अध्ययन र अनुसरण शिक्षाको माध्यमबाट सम्भव छ, तर नेपालको शिक्षा नेपालकै प्रकृति र संस्कृतिविरोधी छ । २५ वर्षसम्म लगातार पढेर एउटा सीप पनि आफैँ प्रयोग गरेर स्वतन्त्र भई बाँच्न नसक्ने, पढाइ नै बन्द गरी केवल काम र उत्पादनबाट शिक्षा आर्जनको बाटो खोल्नुपर्दछ भन्ने मेरो भनाइप्रति उहाँले बडो गहिरो प्रतिक्रिया दिनुभएको थियो । हामीले अहिले मानेका नेताहरू नै विदेशीका दलालहरू हुन्, विदेशीहरूकै पैसामा राजनीति गर्ने र उनीहरूकै एजेन्डा लिएर हिँड्ने, उनीहरूकै धर्म लिएर हिँड्ने हुनाले यिनीहरूको राजनीति समाप्त नभएसम्म नेपाल र नेपालीको हित सोच्ने कामको कार्यान्वयन हुँदै हुँदैन र हित हुनै दिँदैनन् भन्ने कथनको अहिले झझल्को आइरहेको छ । जातीय हिसाबले उहाँ ब्राह्मण रहेको र मानव संस्कृतिका हिसाबले संन्यासीको थरप्रति श्रद्धाभाव रहेको कुरा बताउनुभएको थियो ।

सडकमा भरतजी हिँड्दा उहाँको गाडीको पहिचान भिन्नै रहेछ । पसले, व्यापारी तथा अफिसका कर्मचारी भरतजीको गाडी गुडेको देखेर सतर्क बन्ने चलन नै बनेको थियो । कुनै पनि कार्यालयमा उहाँ जाँदा अब के हुन्छ ?

भन्ने त्रासदीपूर्ण वातावरण पैदा गर्न सक्ने क्षमताका धनी र बेइमानहरूको मुटु हल्लने गरी आवाज दिने भरत जङ्गमले भ्रष्टाचारविरुद्धको अभियानमा प्राण भर्ने नायकको भूमिका निर्वाह गर्नुभएको छ भने नेपाली संस्कृतिको क्षेत्रमा ठूलो र गहिरो प्रभाव दिनुभएको छ ।

राजनीतिक संस्कृतिमा पारदर्शिता, इमानदारी, उत्तरदायित्व र जिम्मेवारीपना बहन गरेमा मात्र स्वामित्वको दावा गर्न पाइन्छ, तर नेपालका सत्तासीन राजनीतिक पार्टीमा राजनीतिक चरित्र नभई हत्या, लुट, बेइमान चरित्र मात्र भएकाले राजनीतिक सुसंस्कृति स्थापना हुँदै हुँदैन भनेर २०५९ सालमा नै ठोकुवा गर्नुभएका उहाँले कम्युनिस्ट इमानदार छैनन् । संसदीय व्यवस्था खसीको टाउको राखेर कुकुरको मासु बेच्ने पसल हो भन्ने मजबुन बनाउनेहरूले यो व्यवस्थाको खिल्ली उडाउने काम मात्र नै गर्नेछन् भने काङ्ग्रेस प्रजातन्त्रको दुहाई दिएर चरम अप्रजातन्त्रको व्यवहारमा बाँचेकाले नेपालमा राजनीतिक विकृतिबाट चरम भ्रष्टाचार, व्यभिचारबाट केवल स्वार्थको लुछाचुँडीमा देश फस्छ, आखिर लुटेराहरू आपसमा नै झगडा गरेर मर्दछन् भन्ने अठोट र ठोकुवा गर्नुहुने भरत जङ्गमको राजनीतिक संस्कृतिप्रतिको दृष्टिकोण र व्यवहारबाट संस्कृति प्रमाणीकरणको अठोट पूरापूर रूपमा रहेछ भन्ने कुराको प्रमाण अहिलेका लुटेरा, भ्रष्ट, अनैतिक, परासंस्कृतिका व्याख्याता राज्यसञ्चालन गर्ने पार्टीहरूको क्रियाकलापले प्रमाणित गरेको छ ।

भरत जङ्गमको मुख्य विधा नेपालमा भ्रष्टाचारविरोधी अभियानको आधार तयार गरेर त्यसैका माध्यमबाट गहिरो अध्ययन, अनुसन्धानको पाटोलाई समाई विश्वलाई नै यो विधाको उपहारका रूपमा भ्रष्टाचारविरोधी शास्त्र दिनुभएको छ । यस महान् कामप्रति म उहाँलाई नमन गर्दछु ।

यो धर्तीका अनेकौं जीव, कीराफट्याङ्ग्रा, जनावरहरूजस्तै मानव पनि एक हो । यो धर्तीमा कुन प्राणीको के प्रख्याति छ र ? मानिसको पनि आफ्नो हजुरबुबासम्मको नाम याद होला तर अनुहार बिरलै मानिसलाई याद छ । अरबौं मानिस जन्मन्छन्, मर्दछन्, कैयौं युगदेखि यो प्रक्रिया चलिरहेको छ तर कति मानिसहरूले कीर्ति, यश र नाम धर्तीमा छोडेर गएका छन् ? बिरलै मानिसको नाम चलिरहेछ । वैज्ञानिक र आविष्कारक होउन् या महापुरुषहरू, तिनको नाम सदा कालका लागि छ र उनीहरू कालजयी भएका छन् । भरत जङ्गमजी पनि समाज, देशबाट माथि उठेर विश्वका लागि कल्याणको कुरा दिने सोचबाट प्रभावित भई अनवरत कल्याणको कामबाट विश्वमै नौलो चीज एन्टिकरप्टोलोजी दिएर कालजयी हुनुभएको छ ।

मानिस जन्म लिएर समाज, देश र विश्वको उपहारका रूपमा आएको हुन्छ, कुनै न कुनै उपहार देश, समाज र विश्वलाई दिएरमात्र जानुपर्दछ भन्ने संस्कृति स्थापना गर्नुभएको छ उहाँले । यही नै मानवको एक मात्र काम, कर्तव्य र कल्याणको संस्कृति हो ।

आफ्ना पितापुर्खाप्रतिको आदर, सत्कार र उनीहरूले गरेको महान् कामप्रतिको अनुसरण गर्नुपर्छ । असल अभियन्ता बनेर वैदिक सनातन धर्मको काम, कर्तव्य र उत्तरदायित्व बहन गर्ने महान् काम नै संस्कृतिको रक्षक हुन सक्तछ । यो कामको अगुवाइ भरत जङ्गमजीले आफ्नो जीवनकालमा गर्नुभएको छ । निरन्तरको अभियान र दैनिक कामको व्यस्ततामा रमाउने उहाँको संस्कृति हामी सबैका लागि, सदाका लागि अनुसरणयोग्य छन् । गुठी संस्कृतिलाई बचाउने काम होस् या हिन्दूधर्मको पुण्यस्थल पशुपतिनाथको क्षेत्रको मान स्थापना गर्ने कार्य होस्, भरत जङ्गमजीको कार्य सदाका लागि स्मरणीय छन् । धर्म-संस्कृतिको रक्षा गर्ने क्षेत्रमा उहाँको ठूलो योगदान रहेको छ ।

मेरो दसवर्षे नेपाल भ्रमणको दौरानमा उहाँले ठाउँठाउँमा सम्पर्क व्यक्तिहरू दिएर सहजीकरण गर्नुभएको कुरा स्मरण गर्दै मेरा तर्फबाट तथा माटो र आमाको स्वास्थ्य सुधार अभियान, भान्छा औषधालय कार्यक्रमका तर्फबाट हीरक महोत्सवको सफलताको कामना र साथमा सुस्वास्थ्य तथा दीर्घ जीवनको कामना गर्दछु । नेपाल र नेपालीको वैदिक धर्ती, मृतसञ्जीवनीको धर्ती, प्राणभरा धर्ती, दिव्य धर्तीको प्रकृति र संस्कृति रक्षाको अभियान अगाडि बढाउन प्रेरणा प्रदान भइरहोस् भन्दै भरत जङ्गमजीलाई दिलैदेखि नमन गर्दछु ।

●



रोमलाल गिरी समाजसेवी हुनुहुन्छ ।

# ‘कालो सूर्य’ र ‘कालार्कः’ को अन्तरालको भावानुभूति
## – रोहिणीराज तिमिल्सिना

राष्ट्रको हर तह र तप्कामा जरो गाडेर बसेको भ्रष्टाचारको समूल उन्मूलनका निम्ति सशक्त आवाज हो भरत जङ्गम । जनतामा भ्रष्टाचारविरुद्धको चेतना अभिवृद्धि गर्न देशमा कलमक्रान्तिको आरम्भक हो भरत जङ्गम । भ्रष्टाचारको निर्मूलीकरणको राष्ट्रिय अभियानमा चिर विगतदेखि क्रियाशील व्यक्तित्व हो भरत जङ्गम । प्रथित उपन्यासकार हो, साहसिक पत्रकार हो, विशिष्ट प्रबन्धकार हो, निर्भीक लेखक हो, वरिष्ठ समाजसेवी हो, के-के हो, के-के हो भरत जङ्गम । सबैभन्दा ठूलो करा त स्वधर्म, संस्कृति एवं संस्कृत वाङ्मयप्रति सद्भावपूर्ण हृदय भएको स्वपहिचानप्रेमी व्यक्तित्व हो भरत जङ्गम । त्यसैले त हामी कसैका निम्ति पनि नौलो नाम रहेन भरत जङ्गम ।

यद्यपि भरत जङ्गम चिरपरिचित नै नाम हो तापनि उहाँसँग व्यक्तिगत रूपमा परिचय बनाउनका लागि भने मेरो आफ्नै किसिमको अभिरुचिले सहभूमिका निर्वहन गरेको थियो । नेपाली भाषा-साहित्यको श्रीवृद्धिमा कलम चलाउने त नेपाल र वैदेशिक भूमिहरूमा समेत थुप्रै-थुप्रै सिद्धहस्त साहित्यिक व्यक्तित्वहरू हुनुहुन्छ तर संस्कृतमा कलम चलाउनेको सङ्ख्या नगण्य छ । त्यसैले संस्कृतमै कलम चलाउने अभिरुचि ममा पैदा भएको हो । मेरो गुरुकुलीन शिक्षाले जन्माएको यो अभिरुचिलाई मलजल गर्ने कार्य आदरणीय संस्कृतविद् स्मृतिशेष जनार्दन घिमिरेले गर्नुभयो ।

एक दिनको कुरा हो । ‘म त आएँ है’ भन्दै जनार्दन घिमिरे घरभित्र पस्नुभयो । पस्नासाथै आफ्नो ब्रिफकेस खोलेर एउटा पुस्तक निकाल्नुभयो । त्यो थियो नेपाली साहित्यको बहुचर्चित उपन्यास ‘कालो सूर्य’ । सो औपन्यासिक कृति मेरो हातमा थमाउँदै उहाँले भन्नुभयो – “यो उपन्यासलाई संस्कृतमा अनुवाद गर्नू ।”

आत्मीयताको सम्बन्ध । त्यसमा पनि एउटै संस्था डीएभीका सहकर्मी हामी । उहाँ प्रमुख प्रशासकीय अधिकृत र म त्यहाँको संस्कृत-विभागीय प्रमुख, उहाँ प्रशासक अनि मचाहिँ उहाँको अनुपालक । अझै महत्त्वपूर्ण कुरो

त उहाँ संस्कृतका निम्ति मरिमेट्ने विद्वान् अनि म नेपालको आधुनिक कालका गुरुकुलशिक्षाका संवाहक डा. स्वामी रामानन्द गिरिको शिष्य ।

हाम्रो सम्बन्ध नेता र कार्यकर्ताको जस्तै थियो । उहाँका हर आदेशात्मक वचनहरू मेरा निम्ति वेदका विधिवाक्य हुने गर्थे । 'अमुक सत्सङ्गभवनमा गएर सत्सङ्गीहरूलाई संस्कृत प्रशिक्षण दिनू' भन्नुहुन्थ्यो, म अरू केही नसोची त्यो संस्कृत कार्यार्थ जुटिहाल्थेँ । उहाँ 'अमुक विद्यालयमा संस्कृतको शिक्षणारम्भ गर्ने कुरामा सभा बोलाइएको छ' भन्नुहुन्थ्यो, म तुरुन्त त्यसको तयारीमा लागिहाल्थेँ । उहाँ 'अमुक क्षेत्रमा एउटा संस्कृत-प्रशिक्षण-केन्द्र चलाउनुपर्‍यो' भन्नुहुन्थ्यो, म प्रशिक्षणको अवधि तय गरी पाठयोजनार्थ खटिइहाल्थेँ । संस्कृतको प्रचारण एवं समुन्नयनका निम्ति अहर्निश चिन्तनशील रहने उहाँसँगको साहचर्यले संस्कृतकार्यार्थ ममा सतत ऊर्जा थपिरहन्थ्यो । उहाँ मभित्र अङ्कुरित गुरुकुलीय संस्कारविटवीलाई अजस्र मलजल गरि नै रहनुहुन्थ्यो ।

त्यसैले उहाँले 'यसलाई संस्कृतमा अनुवाद गर्नू' भनेर 'कालो सूर्य' थमाउनासाथ 'शुभस्य शीघ्रं न विचिन्तनीयम्' भन्दै अघि-पछि केही नसोची म तदर्थ निरत भइहालेँ । यहाँसम्म कि, अनुवादकार्यको थालनी गर्नुपूर्व कृतिकार जङ्गमज्यूसँग भेट्नुपर्ने आवश्यकतासमेत मैले महसुस गरिनँ ।

'कालो सूर्य' पल्टाएर हेरेँ । वरिष्ठ साहित्यकारद्वारा नेपाली भाषामा रचित त्यस कृतिको अङ्ग्रेजी, जापानी, चिनियाँ, बङ्गला, रुसी, उर्दू, मैथिली आदि तेह्र भाषामा पहिले नै अनुवाद भइसकेको रहेछ । मेरो भाषा संस्कृत त चौधौँ या नेपाली मूललाई समेत लिँदा पन्ध्रौँमा पर्ने रहेछ ।

बहुभाषानूदित कृतिको संस्कृतानुवाद प्रारम्भ गर्दै गर्दा त्यति धेरै भाषामा अनूदित कृति संस्कृतमा पनि आउने कुराले हृदय गदगद भयो । यस कार्यले एकातिर नेपाली समाजका विविध पक्षको सजीव चित्र संस्कृत वाङ्मयको विशाल भण्डारमा पनि भण्डारण हुने निश्चित थियो भने अर्कातिर विश्वव्यापी संस्कृत भाषामा आउँदा कृतिको गौरववर्धन हुने कुरा पनि पक्का थियो ।

कृतिको आधा भागको संस्कृतानुवाद सकिइसकेको थियो । हामी दुवै कतै यात्रामा रहेका वबला एक दिन अचानक जनार्दन घिमिरेले भरत जङ्गमज्यूलाई भेट्न जाने प्रस्ताव राख्नुभयो । कतै बस्ताबस्तै, यात्रा गर्दागर्दै कुनै व्यक्तिसँग भेटको कल्पना गर्ने र तुरुन्तै फोनबाट तय गरी हिँडिहाल्ने त उहाँको पुरानै आदत थियो । त्यो एउटा कृतिकार र अनुवादकका बीचको

भेटको कल्पना थियो । कृतिकारको अनुहार नै नदेखी कृतिको अर्धांश अनुवाद गरिसकेको मेरो मनमा कृतिकारलाई भेट्ने चाह नहुने त कुरै भएन । मैले 'हुन्छ' भनिहालेँ ।

विश्वविद्यालयमा उहाँको पद प्रारम्भिक थियो । उपप्राध्यापकको पद थियो, तापनि विभागको सोफामा बसेर 'हामी पन्ध्र मिनेटमा आइपुग्छौँ है' भन्दै तल केन्द्रमा उपकुलपति, शिक्षाध्यक्ष आदिलाई फोन गरेर हामी दुईले कैयौँपटक त्यहाँ गई तुरुन्त भेटवार्ता गरेका छौँ ।

उहाँको शरीर छुटेपछिको घटना सम्झन्छु । एक दिन उपकुलपतिलाई भेट्नका लागि आफ्ना विभागाध्यक्ष प्राध्यापकसँग हामी सबै विभागीय सदस्यहरू गयौँ । एक घन्टाजति प्रतीक्षाकक्षमा प्रतीक्षा गरिसक्ता पनि भेट नपाएर हामी त्यो दिन त्यसै फर्कियौँ । जनार्दन घिमिरेको जनसम्पर्क र वाणीको प्रभाव साँच्चै नै अद्भुत थियो ।

'संस्कृत कसले बुझ्छ र' भनेर नेपाली भाषामा मात्र कलम चलाउन रुचाउने संस्कृतका विद्वान्हरूको भीडमा मबाट जङ्गमज्यूको कृतिलाई संस्कृतमा अनुवाद गराउने कुरामा अनुवादकलाई झैँ कृतिकारलाई मनाउन पनि जनार्दन घिमिरेलाई गाह्रो नपरेको कुरा त्यस दिनको कृतिकारसँगको पहिलो भेटमै गतार्थ भइहाल्यो । भरत जङ्गमसँगको त्यस दिनको पहिलो भेट साँच्चै नै अविस्मरणीय रह्यो ।

नेपाली भाषासाहित्यका एक वरिष्ठ साहित्यकारसँग जनार्दन घिमिरेका साथमा उहाँकै अफिस बिजुलीबजार पुगेर भेट भएको थियो । आफू जन्मनुभन्दा पनि पहिले प्रथम प्रकाशित कृति 'कालो सूर्य' को संस्कृतानुवादकले त्यही कृतिका स्रष्टालाई साक्षात्कार गरेको प्रथम अनुभव थियो त्यो । त्यहाँ पुगेर उहाँसँग संवाद गरेपछि थाहा पाएँ, उहाँ साहित्यस्रष्टा मात्र नभएर उहाँमा त पत्रकार, समाजसेवी र धार्मिक व्यक्तित्व पनि रहेछ अनि अर्को कुरा 'कालो सूर्य' मा उहाँले जुन सामाजिक विसङ्गतिको विरोध गर्नुभएको छ, वास्तविक जीवनमा पनि त्यसको विरोधमा कम्मर कसेर लाग्नुभएको पाएँ ।

उहाँले आफ्नो कृति 'कालो सूर्य' मा जुन सामाजिक विकृति र भ्रष्टाचारको भण्डाफोर गर्नुभएको छ, २०३६ सालताकाको त्यो समाजको चित्र अहिलेको समाजको चित्रसँग पनि दुरुस्तै ठ्याक्कै मिल्छ । त्यसैले त 'कालो सूर्य' कालजयी कृति बनेको छ । त्यस्तो कालजयी कृति संस्कृतमा समेत अनूदित हुनु भनेको नेपालको सामाजिक चित्रलाई संस्कृत वाङ्मयको भण्डारमा पनि ऐतिहासिकता प्रदान गर्नु हो ।

‘कालो सूर्य’ द्विपदी शीर्षक संस्कृतको रङ्गमा ढलिसक्ता ‘कालार्कः’ बन्न पुग्यो, एकपदी भयो । एकपदी संहित पदले नै नेपालीको ‘कालो सूर्य’ द्विपदी शीर्षकको पूर्णार्थ बहन गर्न सक्नुले संस्कृतको वैशिष्ट्य प्रदर्शन गरिरहेको थियो । किनकि ‘कालो सूर्य’ का अन्य भाषाका कुनै पनि अनूदित कृतिका शीर्षक छोटिएका छैनन् । धेरै कुरालाई थोरै अक्षर र शब्दमा अभिव्यक्ति दिन सक्नु त संस्कृतको अन्यतम विशेषता नै हो ।

‘कालार्कः’ तयार भयो । चाहेजस्तै कागज र ढाँचामा प्रकाशित हुने कुरा पनि तय भयो । प्रकाशनपूर्व सज्जाका लागि कैयौँपटक कौशलटार निवासबाट धापासी प्रेसमा पुगी साँझसम्म काम गरेर घर फर्किएको, आफूलाई संस्कृतका कुनै विद्वान्को हातबाट अनूदित कृतिको लोकार्पण गराउने प्रबल इच्छा हुँदाहुँदै पनि मूल लेखक जङ्गमज्यूको पृथक् चाहनाका कारण पटकपटक बहादुरभवन पुग्नुपरेको आदि यावत् सङ्घर्षलाई मैले त्यति बेला भुसुक्कै बिर्सिन पुगेँ, जति बेला अनूदित कृति ‘कालार्कः’ लोकार्पित भएर विद्वान्हरूका हातहातमा पुग्यो ।

‘कालार्कः’ को लोकार्पण २०७१ ज्येष्ठ ९ गते शुक्रबारका दिन अपराह्न तीन बजेको समारोहबीच नेपाल प्रज्ञाप्रतिष्ठान कमलादीको सभाकक्षमा भयो । नेपालका प्रथम महामहिम उपराष्ट्रपतिको प्रमुख आतिथ्य तथा भाषावैज्ञानिक एवं वरिष्ठ समालोचक प्रा. डा. माधवप्रसाद पोखरेलको विशिष्ट आतिथ्यमा सम्पन्न उक्त लोकार्पण समारोहमा महामहिम उपराष्ट्रपतिका साथै विशिष्ट अतिथिलगायत समुपस्थित थुप्रै विद्वान्-विदुषीहरूका करकमलबाट अनूदित कृति ‘कालार्कः’ को लोकार्पण भयो ।

नेपाली आवाज प्रकाशनको आयोजकत्वमा आयोजित उक्त लोकार्पण-समारोहमा नेपालका वरिष्ठ भाषाविद्, संस्कृत क्षेत्रका विद्वान्, शिक्षा क्षेत्रसँग सम्बन्धित व्यक्तित्व, पत्रकार, संस्कृतप्रेमी शिक्षक, विद्यार्थी एवं विशिष्ट महानुभावहरूको समेत उपस्थिति रहेको थियो । समारोहमा धर्मसभा नेपालका अध्यक्ष प्रा. डा. माधव भट्टराई, नेपाल आर्यसमाजका केन्द्रीय अध्यक्ष डा. माधवप्रसाद उपाध्याय, कृतिकार भरत जङ्गम, डीएभी जावलाखेलकी प्राचार्या श्रीमती भुवनेश्वरी राव तथा उपप्राचार्य रामचन्द्र खनाल, भाषाविद् उपप्रा. जनार्दन घिमिरे, विभिन्न भाषाका प्रसिद्ध साहित्यकारहरू आरडी प्रभास चटौत, डा. गङ्गाप्रसाद अकेला, हरि मधिकर्मी, डा. रामदयाल राकेश आदिको समेत उपस्थिति रहेको थियो ।

अनूदित कृतिका बारेमा बोल्दै लोकार्पण समारोहका वक्ताहरूले संस्कृतको क्षेत्रमा यसरी नयाँ-नयाँ विधामा कलम चल्नु नेपालको संस्कृत

जगत्का लागि समुन्नत भविष्यको सङ्केत भएको विचार व्यक्त गरिरहँदा समाजका निम्ति उत्तम कार्य गर्ने प्रेरणा आफूलाई प्राप्त भएकोमा मेरो मनमा समस्त प्रेरक तत्त्वहरूप्रति कृतज्ञताका भावहरू उर्लिरहेका थिए ।

कृतिको लोकार्पण भएसँगै स्वदेशमा र विदेशबाट पनि यस कार्यको समीक्षा सुन्न र पढ्न पाइयो । 'नेपाल समाचारपत्र' जस्ता पत्रिकाहरूमा अनूदित कृति 'कालार्कः' को समीक्षा छापियो । 'रेडियो कान्तिपुर' मा अनूदित कृति कालार्क विषयक अन्तर्वार्ता भयो । भारतको सुप्रसिद्ध संस्कृत पाक्षिक 'सम्भाषण सन्देशः' ले समेत कृतिसमीक्षा छापेर संसारका थुप्रै देशहरूमा पठायो भने वाराणसीको साप्ताहिक 'गाण्डीवम्' ले त 'कालार्कः' को धारावाहिक प्रकाशन नै गऱ्यो ।

यसरी छोटो समयमै 'कालार्कः' नेपालका विभिन्न गुरुकुलहरूका साथै अमेरिका र बेलायतका विश्वविद्यालयहरूमा समेत पुग्यो ।

'कालो सूर्य' मा गरिएको प्रयास सार्थक रह्यो । संस्कृतानुरागी नेपाली समाजले नेपालका वरिष्ठ साहित्यकारको कृति संस्कृतमा पढ्ने अवसर प्राप्त गऱ्यो । संस्कृत प्रतिदिन समग्र विश्वकै प्रमुख आकर्षणको केन्द्रविन्दु बनिरहेका वेला 'कालार्कः' देखापर्नुलाई तत्कालीन विद्वत् समाजले एउटा राम्रो उपलब्धि मानेको पाइयो । नेपालका निम्ति यो प्रथम अनूदित संस्कृत उपन्यास त छँदै थियो, साथै नेपालमा संस्कृतका तर्फबाट औपन्यासिक विधातर्फ प्रथम कृतिसमेत यही हुनु यसको अर्को वैशिष्ट्य थियो ।

मेरो जैवनिक अवधिमा कृति-अनुवादको यो पहिलो अनुभूति पनि थियो । प्रथम पटकको अभ्यास भएकाले विशेष सङ्घर्षसाध्य रहे पनि निःस्वार्थ भावले कार्यसम्पादन गरी परमात्मालाई कृति अर्पण गर्न पाउँदाको मेरो मानसानन्द छुट्टै थियो । अनूदित कृतिको अनुवादकीय प्रस्तावनामा 'यद्विहितं तद् भगवतेऽर्पितमस्तु, श्रीकृष्णार्पणमस्तु' लेखेर लेखनी बन्द गर्दाको त्यो आनन्दको क्षण अहिले पनि झलझली सम्झिरहेको छु ।

गुरुकुलबाट स्नातकोत्तर गरी बिदा हुँदा समाजका निम्ति संस्कृत कार्य गर्ने जुन स्वप्न देखेको थिएँ, 'कालार्कः' को जन्म त्यही स्वप्नको एउटा पाटो बन्न पुगेको थियो । निद्राकालमा देखेको स्वप्नको त व्यावहारिक दृष्टिले मिथ्यात्व नै प्रमाणित हुने हो, तर जाग्रत कालमा देखेको स्वप्नले जब कसैलाई सुत्नै दिँदैन, त्योचाहिँ सार्थक स्वप्न हो । 'कालो सूर्य' को संस्कृतानुवादका क्रममा अनुवादको धारामा बग्दाबग्दै कति रात त सुत्न पनि बिर्सिएछु । त्यसैले त स्वप्नको परिभाषा नै बदलियो नि –

निद्राप्रतीतः संसारः किं स स्वप्नो भवन्मते ।
स्वप्नस्तु स भवेद्येन सा निद्रापि पलायते ॥

(कालार्कः, अनुवादकीयम्)

संस्कृतको यस कार्यका निम्ति मेरो गुण-स्वभाव नै थाहा नपाईकन मलाई देख्तै नदेखी अनुमति दिने कृतिकार भरत जङ्गम, योजक विद्वान् स्मृतिशेष जनार्दन घिमिरे अनि उहाँहरूलाई मप्रति प्रेरित गर्ने उहाँहरूकै हृत्कमलमा विराजमान मेरो भगवान्लाई पनि धेरै-धेरै साधुवाद एवं सादर नमन । किमधिकम् ।

●



रोहिणीराज तिमिल्सिना त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुहुन्छ । उहाँले 'कालो सूर्य' को संस्कृत भाषामा अनुवाद गर्नुभएको छ ।

# अविस्मरणीय व्यक्तित्व
## – लालगोपाल सुवेदी

नेपाल आमाका असल सन्तानको नाउँ लिनुपर्दा भरत जङ्गमको नाउँ अग्रपङ्क्तिमा आउँछ । मूलतः जङ्गम बहुमुखी प्रतिभा हुन् । अनेक व्यक्तित्व छन् उनका । कवि, कथाकार, उपन्यासकार, कानुनविद्, पत्रकार, स्तम्भकार, भ्रष्टाचारविरोधी अभियन्ता, नागरिक अभियन्ता जस्ता विभिन्न भूमिकामा रहेर नेपाल आमाको मुहार उज्ज्वल बनाउन उनले गरेका त्याग, समर्पण, लगनशीलता उल्लेखनीय छन् ।

लगनखेलको कोणसभामा भ्रष्टाचारविरुद्धमा जनचेतनामूलक भाषण गर्दै गरेको अवस्थामा मैले उनलाई प्रथमपटक साक्षात्कार गरेको हुँ । त्यति बेलाको एउटा श्रोता म पनि थिएँ । राजनीतिज्ञहरू जो चुनाव जितेर पदमा पुगे, तिनैबाट नेपाल आमाको चीरहरण भएका मार्मिक घटनाहरूबारे उनले व्यक्त गरेका विचारहरूबाट निकै प्रभावित भएको थिएँ त्यति बेला । त्यसपछि उनका गतिविधिहरूलाई अनेक चासोका साथ हेर्दै-पढ्दै आएको थिएँ । आज उनका मन्तव्य, भाषण, राष्ट्रवादी विचार, अन्तर्वार्ताहरू यु-ट्युबमा पनि प्रशस्त पाइन्छन् । उनका बारेमा जान्न-बुझ्न ती सामग्रीहरू पनि निकै उपयोगी रहेछन् भन्ने अनुभूति भयो ।

भ्रष्टाचारबाट नेपाल कतिसम्म खोक्रो भएको रहेछ भन्ने थाहा पाउन उनका अन्तर्वार्ताहरू भरपर्दा सामग्री हुन सक्छन् । सरकारी कार्यालयमा प्रवेश गरेको एउटा साधारण कर्मचारी मुखियादेखि प्रधानमन्त्रीसम्मका व्यक्तिले लुछिलुछी खाएकाले नै नेपाल राष्ट्र विकासमा पछि परेको तथ्य निकै कहालीलाग्दो छ । दस कक्षा पास गरेर मुखियामा प्रवेश गरेका मेरा एक सहपाठी अहिले अरबौंका मालिक छन् । नागरिकता फाँटमा काम गर्दै गर्दा गाउँका सोझासिधा जनतालाई उनले गरेको हप्कीदप्की सम्झँदा आज आफैँलाई दिग्मिग हुन्छ । सोझासिधा नागरिकबाट पैसा खाएर नागरिकता बनाइदिने गर्दथे आजभन्दा करिब तीस वर्षअगाडि । मुखियाको तलबले खान र कोठाभाडा तिर्न पुग्दैन, तर ती अहिले अरबौंका मालिक छन् । यसरी करोडपति र अरबपति बन्ने भाग्यमानी कर्मचारीको सङ्ख्या दसौं हजार छ । सानो तहको कर्मचारीबाट त यति ठूलो भ्रष्टाचार हुन्छ भने टाउकेहरूबाट कत्राकत्रा भ्रष्टाचार भएका होलान्, अनुमान पनि गर्न सकिन्न ।

एक टेलिभिजन अन्तर्वार्तामा उनले भ्रष्टाचारको अर्थ यसरी लगाएका थिए – भ्रष्ट + आचार = भ्रष्टाचार । भ्रष्ट भन्नाले रहनुपर्ने ठाउँमा नभएको भन्ने बुझिन्छ भने आचार भन्नाले बानीव्यहोरा भन्ने बुझिन्छ । नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा भने आर्थिक अनियमितताकै कुरा आउँछ । चप्पल पड्काएर राजधानी छिरेका उच्च तहका सांसद र मन्त्रीहरू करोडौँ मूल्य पर्ने कारमा सयर गर्छन् । करोडौँ मूल्य पर्ने बङ्गलामा बस्छन् । अरबौँ सम्पत्तिको मालिक बनेका छन् । तर सर्वसाधारण जनता भने गरिबीको भासमा भासिँदैछन् । महँगीको मारमा छन् । बिहान खाए बेलुका के खाने भन्ने अवस्थामा ती छन् । स्वास्थ्योपचार नपाएर असमयमा नै मृत्युवरण गरिरहेका छन् । अर्कोतर्फ रोजिरोटीका लागि पचासौँ लाख युवा जनशक्ति देशबाहिर छ । वर्तमान त अन्धकारमय छ नै, भविष्य पनि अन्धकारमय नै छ । देशमा यो अवस्था आउनुमा कर्मचारी तथा शासक वर्ग नै जिम्मेवार छन् ।

यही कुरा जनतामा बुझाउनका लागि लेखेर, बोलेर, देशदौडाहामा गएर, कोणसभा गरेर, अदालतमा मुद्दा दायर गरेर भ्रष्टाचारविरुद्ध अहोरात्र खट्ने व्यक्ति हुन् जङ्गम । भ्रष्टाचारविरुद्धको अभियानमा उनले लगानी गरेको समयावधि नै चार दशकभन्दा बढी छ । उनी स्वयम्मा कानुनविद् पनि हुन् । उनले पत्रकारिताका माध्यमबाट विविध सूचना र तथ्यहरू संङ्कलन गरेका छन् । नेपालको प्रशासनिक र राजनीतिक इतिहास कण्ठै छ उनलाई । यिनै विविध अध्ययन र अनुभवको जगमा उभिएर अनेकौँ कथा, कविता, लेख, निबन्ध, उपन्यास आदिको सिर्जना गरेका छन् । 'कालो सूर्य' उपन्यासमा नेपालमा हुने भ्रष्टाचार के-कस्ता छन् भन्ने नालीबेली पाइन्छ । नेपाली भाषामा प्रकाशित उक्त पुस्तक विभिन्न भाषामा अनुवाद भई अनूदित उपन्यासका रूपमा प्रकाशित छन् । भ्रष्टाचारलाई विषय बनाई उनले अनेकौँ कथाहरूसमेत सिर्जना गरेका छन् । यसरी उनले नेपाली साहित्यमा भ्रष्टाचारविरोधी आयाम सिर्जना गरेका छन् । नेपाली साहित्यले यसरी नयाँ क्षेत्र, विषय र आयाम खडा गर्नु आफैँमा उपलब्धिको विषय हो । यसैका बलमा भ्रष्टविरोधी दर्शनको जन्म दिएका छन् उनले । भ्रष्टविरोधी दर्शनलाई विस्तारित गर्दै विश्वका कुनाकुनामा फैलाउनुपर्छ भन्ने अभियानमा समेत छन् उनी । यो नेपाली भूमिमा पैदा भएको मौलिक दर्शन हो । यही दर्शनमा टेकेर भोलि नौलो साहित्य धाराको विकास हुन सक्ने सम्भावनाहरू छन् ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालको राजनीतिक तथा प्रशासनिक क्षेत्रमा अनेकौँ विकृतिहरूले प्रवेश पाएका थिए, जस्तै – सांसद खरिद-बिक्री, सांसदहरूले भन्सार शुल्कविना करोडौँ मूल्य बराबरको गाडी किन्न पाउने सुविधा, सांसदहरूले पेन्सन पाउने सुविधा आदि । यसरी

नीतिगत रूपमै सिङ्गो संसद भ्रष्टाचारको परिपोषक भएको तथ्य ठम्याएर त्यसका विरुद्ध कानुनी लगाइँ लडेका थिए उनले ।

भ्रष्टाचार आफैँमा राष्ट्रियता र मानवताद्वेषी हुन्छ । भ्रष्टाचारकै कारण ठूलो जिम्मेवारी बहन गरेकाहरूले ठूलो परिमाणमा भ्रष्टाचार गर्दछन् भने व्यापारी र ठेकेदारहरूले पनि भित्रभित्रै देशलाई नै लुटिरहेका हुन्छन् । व्यापारीहरू मन्त्रीलाई कमिसन खुवाएर कालोबजारीको धन्दा अपनाउँछन् । जनताहरू अर्थात् उपभोक्ताहरू महँगो दाममा गुणस्तरहीन सामग्री खरिद गर्न बाध्य बन्छन् । गरिबहरू झन्-झन् गरिब बन्दै जान्छन् भने मुठीभरका सीमित व्यक्तिहरू मोटाउँदै देशदोहनतर्फ अग्रसर बन्छन् । मानवता सङ्कटमा पर्छ । पशुत्व मौलाउँछ । धर्ती नरकतुल्य बन्छ । यही दर्शन उनी सारा मानव जातिलाई बुझाउन चाहन्छन् ।

भ्रष्टाचारका क्षेत्र वटवृक्षका हाँगा, पात र जराहरूझैँ अनन्त छन् । समाज व्यवस्थाका हरेक क्षेत्रमा व्यापक छ भ्रष्टाचार । प्रशासन, राजनीति, शिक्षा, व्यापारदेखि मान्छेका चिन्तन र आचार व्यवहारमै भेट्न सकिन्छ भ्रष्टाचार । समाजमा भएका र हुन लागेका भ्रष्टाचारका एक-एक क्षेत्रको उत्खनन गरेर तिनको निराकरणका लागि खर्च भएको छ भरत जङ्गमको जिन्दगी । समाजका र मानवताका दुस्मनविरुद्ध पौँठेजोरी खेल्नु जोखिमपूर्ण कार्य हो । जीवनमरणको बाजी लगाएर यस्ता विकृति र बेथितिविरुद्ध लडेका जङ्गमलाई विश्व मानवतावादका पहरेदार वा सिपाही भन्दा अत्युक्ति नहोला ।

भ्रष्टाचारविरोधी आन्दोलनलाई विश्व मानवतावादको परिपोषक तत्त्वका रूपमा हेर्न सकिन्छ । नेपालको आँखाले हेर्दा उनी नेपाल आमाका एउटा असल छोराका रूपमा चिनिन्छन् भने विश्व परिवेशका आँखाबाट हेर्दा विश्व मानवतावादका सच्चा हिमायती । उनले जीवनभर बगाएको पसिना, परिश्रम र त्यागको उच्च मूल्याङ्कन गर्दै उनको सम्मानमा अभिनन्दनग्रन्थ प्रकाशित गर्नु अत्यन्त सान्दर्भिक र स्वागतयोग्य कुरा हो । भरत जङ्गमको सम्मान भन्नु देशभक्त र मानवतावादी सबै नेपालीको समेत सम्मान हो प्रतीकात्मक रूपमा ।

●



लालगोपाल सुवेदी कवि, निबन्धकार तथा बालसाहित्यकार हुनुहुन्छ । स्याङ्जामा जन्मनुभएका उहाँ हाल अमेरिकामा बसोवास गर्नुहुन्छ । उहाँ विभिन्न पुरस्कारहरूबाट पुरस्कृत हुनुभएको छ ।

# स्वच्छ समाज निर्माणमा समर्पित अविश्रान्त यात्री

## – विजय चालिसे

मझौलो कद, कृष्णवर्णी आकर्षक अनुहार र डम्म परेको दोहोरो आङका भरत जङ्गम (२००४) समकालीन नेपाली समाजमा निकै चर्चित नाउँ हो । उनले समाजका विभिन्न क्षेत्रमा समान रूपले योगदान गर्दै आएका छन् । यिनै कारणले गर्दा भरत जङ्गम समकालीन नेपालका विशिष्ट व्यक्तित्वहरूमध्ये एक मानिएका हुन् । जीवनको यो उत्तरार्धमा समेत नथाकीकन निरन्तर सक्रिय भरत जङ्गम आख्यानको सृजनादेखि सामाजिक तथा कानुनी अभियानसम्म नै भ्रष्टाचारमुक्त समाजको निर्माणमा महायुद्धको शङ्खघोष गर्दै आए । यसका लागि कतै उनले साहित्यलाई माध्यम बनाएका छन्, कतै पत्रकारितालाई । त्यतिले मात्र समाज र राज्यको ध्यानाकर्षण हुन नसकेको अवस्थामा भरत जङ्गमले सामाजिक अभियन्ताको समेत भूमिका निर्वाह गरेका छन् ।

उनका बहुआयामयुक्त गतिविधिमध्ये मेरा अगाडि टड्कारो देखापर्ने व्यक्तित्व आख्यानकार व्यक्तित्व नै हो । यस अर्थमा मेरो तराजुको पल्लामा यही साहित्यकार व्यक्तित्व सर्वाधिक गरुङ्गो हुन जान्छ । भरत जङ्गमका साहित्य पनि भ्रष्टाचारमुक्त स्वच्छ समाजकै निर्माणमा समर्पित रहेका छन् । भ्रष्टाचारको कुरूप अनुहार र त्यसले हाम्रो समाजलाई भित्रभित्रै खोक्रो बनाएको कथावस्तुमा औपन्यासिक कौशल देखाउन उनी सिद्धहस्त छन् । यसैले भन्न सकिन्छ भरत जङ्गम भ्रष्टाचार उन्मूलन महायज्ञका सारथि हुन् । अझ त्यतिले नपुग्ने देखेपछि उनी भ्रष्टाचारशास्त्रलाई उच्चशिक्षाको अङ्ग तुल्याउन सामाजिक अभियान सञ्चालन गर्दछन् । यसमा उनले भ्रष्टाचार विषयलाई औपचारिक शिक्षाका रूपमा स्वीकार्य गराउन बौद्धिक आन्दोलन गरे, आवश्यक जनमत निर्माण गर्न आफ्नो सम्पूर्ण शक्ति लगाए ।

भरत जङ्गमका आख्यानमा कथानकको घनीभूत संरचना फेला पार्न नसकिएला । तर त्यो कथानकको पालतो स्वरूपमै पनि उनले आफ्ना उपन्यासमा विभिन्न विषयवस्तुगत विविधता र समकालीन नेपाल तथा विश्वकै विकृति-विसङ्गतिको सूक्ष्म विश्लेषण गर्न भने पर्याप्त सफलता पाएका छन् । तत्कालीन पञ्चायती राजनीतिक कालखण्डमा देखिएका विकृति,

विसङ्गति र आर्थिक-सामाजिक अव्यवस्थाको सशक्त चित्रण गरिएको उनको पहिलो उपन्यास 'कालो सूर्य (२०३६)' यिनै कारणले गर्दा सर्वाधिक चर्चित बन्यो । संसारका विभिन्न भाषामा समेत यसको अनुवाद भयो ।

तत्कालीन राजनीति र समाजमा व्याप्त नातावाद, कृपावाद तथा तिनबाट सिर्जित विसङ्गतिलाई सशक्त तरिकामा प्रस्तुत गरिएको यो उपन्यास राजनीतिक यथार्थवादी धाराको उपन्यास हो भन्न सकिन्छ । नेपालभित्रका र विश्वका अनेकौँ भाषामा समेत अनुवाद हुनुले समेत 'कालो सूर्य' को लोकप्रियता पुष्टि हुन्छ । यसको अनुवाद नेपालभित्रका मैथिली, भोजपुरी, डोट्याल, नेवारी तथा संस्कृत आदि भाषामा भएका देखिन्छन् भने देशबाहिरका अन्य अन्तर्राष्ट्रिय भाषामध्ये अङ्ग्रेजी जापानी, चिनियाँ र रुसी भाषामा अनुवाद भएको देखिन्छ । साथै हिन्दी, उर्दू, कन्नड, असमी, बङ्गालीजस्ता भारतीय भाषामा समेत अनुवाद भएर यो उपन्यासले वृहत् भाषाभाषीका पाठकसमक्ष पुग्ने अवसर प्राप्त गरेको छ । यति धेरै भाषामा अनूदित नेपाली कृति सायद अर्को भेटिँदैन । यसले पनि भरत जङ्गमको सक्रियता, विश्वव्यापी परिचय र पहुँचलाई प्रस्ट पार्दछ ।

उनको अर्को उपन्यास 'व्यूहचक्र (२०४१)' पनि मूलतः राजनीतिक भ्रष्टाचारमै केन्द्रित रहेको उपन्यास हो । यसको विषयवस्तु र घटनाक्रमसमेत अघिल्लो 'कालो सूर्य' कै कालक्रमिक निरन्तरता भएझैँ लाग्छ ।

उनको पछिल्लो उपन्यास 'ख्वपदेश (२०६६)' लगायत सबै उपन्यासका शीर्षक बिम्बात्मक छन् । राजनीति अर्थात् सूर्यमा कालो दाग वा ग्रहण लागेको अर्थबोध गराउने 'कालो सूर्य' होस् वा त्यही विषयवस्तुको व्यूहचक्र अर्थात् नातावाद, कृपावाद र राजनीतिक आर्थिक भ्रष्टाचार, अख्तियार दुरुपयोग तथा अपलचनको चक्रव्यूहको सङ्केत 'व्यूहचक्र' सबै शीर्षकले विशेष अर्थ बहन गरेका छन् ।

राष्ट्रिय सन्दर्भका यी दुई उपन्यासबाहेक उनको तेस्रो उपन्यास 'रातो घाम (२०५०)' छिमेकी मित्रराष्ट्र चीन भ्रमणको अनुभूतिलाई नियात्रात्मक आख्यानको शैलीमा बुनिएको छ । परोक्षमा यो पनि राजनीतिक उपन्यास नै हो । यो चीनको साम्यवादी राज्यप्रणालीमा लेखकले देखेका विकृति र त्यस व्यवस्थाप्रतिको आफ्नो असहमतिको राजनीतिक विषयकेन्द्रित उपन्यास हो । प्रमुख रूपमा राजनीतिकेन्द्रित भएर पनि यसमा चिनियाँ समाजका सांस्कृतिक पक्षहरूसमेत विभिन्न घटनाक्रम र कथानकका रूपमा उनिएको भेटिन्छ । यसले उपन्यासलाई रोचक र अलि व्यापकसमेत बनाएको छ । यसको शीर्षक 'रातो घाम' ले पनि चिनियाँ साम्यवादलाई नै सङ्केत गरेको छ ।

भरत जङ्गमको 'ख्वपदेश' मैले एकै बसाइमा पढ्न भ्याएको उपन्यास हो । औपन्यासिकता, ऐतिहासिकता र आख्यानात्मक शिल्पशैलीका दृष्टिले 'ख्वपदेश' एउटा राम्रो ऐतिहासिक उपन्यास हो । भक्तपुरको टौमढी टोलमा जन्मेका भरत जङ्गम ख्वपदेश अर्थात् भक्तपुरका बारेमा राम्ररी जानकार हुनुले पनि उपन्यास प्रभावकारी बनेको छ । त्यसमाथि उनको इतिहाससम्बन्धी ज्ञानका कारण मध्यकालीन एउटा महत्त्वपूर्ण राज्य भादगाउँको जातीय संस्कृति यसमा जीवन्त भएर आएको छ । यसकारण पनि एउटा सुन्दर सांस्कृतिक-ऐतिहासिक आख्यान बनेको छ 'ख्वपदेश' । प्राचीन नगरको निर्माणमा आधारित संस्कृति र दैवी शक्तिहरूको सन्तुलनपरक तान्त्रिक वास्तुशास्त्रका मिहिन पक्षहरूका बारे उपन्यासले रोचक जानकारी गराएको छ । त्यति मात्र होइन, भक्तपुरका नेवार जातिहरूका बीच विद्यमान सामाजिक, सांस्कृतिक र जातीय विभेदको पनि सुन्दर दस्तावेज हो यो 'ख्वपदेश' ।

उनको पछिल्लो सङ्ग्रह कथासङ्ग्रह हो । यो 'निर्बन्ध बन्धन (२०६९)' नौवटा कथाहरूको सङ्ग्रहका रूपमा प्रकाशित भएको देखिन्छ । यो सङ्ग्रह भरत जङ्गमको एक मात्र प्रकाशित कथासङ्ग्रह हो । यसमा सङ्गृहीत कथाहरूले कतै हाम्रो रुढ समाजमा विद्यमान विकृतिहरूको चित्रण गरेका छन्, कतै आजका खुला यौन सम्बन्धका प्रवक्ता युवा पुस्ताको मनोभावनाको चित्रण गरेका छन् । प्राय यौन भावनाका यी कथाहरूमध्ये अधिकांशमा नारी चरित्रका सबल तथा दुर्बल पक्षहरूलाई विश्लेषण गरिएको पाइन्छ । यस दृष्टिकोणबाट हेर्ने हो भने भरत जङ्गममा सूक्ष्म खालको समाज मनोविज्ञानसम्बन्धी चेत प्रखर रूपमा भेट्न सकिन्छ ।

आख्यानपछि उनले कविता र गीतका क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । यसो भए तापनि लेखनको अर्को विधा निबन्ध-प्रबन्धमा उनको प्रतिभा कविताभन्दा बढी झाङ्गिएको भेटिन्छ । उनका निबन्ध-प्रबन्धमध्ये 'विचार तथा दृष्टिकोण' निबन्धात्मक प्रवृत्तिमा केन्द्रित सङ्ग्रह हो भने 'पचास प्रसङ्ग' समसामयिक विषयकेन्द्रित चेतनामूलक प्रबन्धहरूको सङ्ग्रह हो ।

भ्रष्टाचारविरोधी परिचय साहित्यकार व्यक्तित्वपछिको उनको अर्को सबल परिचय हो । भ्रष्टाचारका सम्बन्धमा विद्यमान विश्वव्यापी प्रवृत्ति, यसका कारक र सामाजिक तथा राजनीतिक कार्यकारण आदिको गहन अध्ययन-विश्लेषण उनको रुचिको अर्को विषय हो । यसकै प्रतिफल उनले भ्रष्टाचार विषयमा गहन सामग्री र पाठ्यक्रम तयार गरे । पाठ्यक्रमका रूपमा विकास गर्न सफल भई यसलाई विश्वविद्यालयीय शैक्षिक कार्यक्रमका रूपमा स्वीकार गराउने काममा सफलता प्राप्त गरे । उनको भगीरथ

प्रयत्नकै कारण त्रिभुवन विश्वविद्यालयअन्तर्गत भ्रष्टाचार विषयमा पठनपाठन सुरु भएको छ । भ्रष्टविरोधी शास्त्रलाई क्रमशः विश्वव्यापी मान्यता प्राप्त हुँदैछ । यो एक प्रकारले सिङ्गो राष्ट्रले गौरव मान्नुपर्ने विषय हो ।

भरत जङ्गमको अर्को उत्तिकै सशक्त परिचय पत्रकारको परिचय हो । वि. सं. २०२७ देखि पत्रकारितामा प्रवेश गरेका भरत जङ्गम आजीवन यस क्षेत्रसँग समेत आबद्ध रहे । विभिन्न राष्ट्रिय स्तरका दैनिक प्रकाशनहरूमा विचार स्तम्भ लेख्नुका साथै उनले 'नेपाली आवाज' को प्रकाशन तथा सम्पादनकार्यसमेत सफलतापूर्वक सम्पन्न गरे ।

उनको सक्रियताको अर्को पाटो समाजसेवा हो । समाजलाई भ्रष्टाचारमुक्त बनाउने अभियान त छँदैछ, सरकारले राजनीतिकर्मी र राष्ट्रसेवाको नाउँमा लुटाउँदै आएको राज्यकोषको अर्बौं रुपियाँ जोगाइदिएर पनि उनले यो देशलाई बिर्सन नसक्ने गुन लगाएका छन् । यस्ता सराहनीय कार्यमा जनप्रतिनिधि भनाउने सांसदहरूलाई राष्ट्रसेवक कर्मचारीसरह निवृत्तभरण खान पाउने सरकारी निर्णयलाई उनले सर्वोच्च अदालतमा मुद्दा हालेर खारेज गराए । यसरी नै संसदीय निर्वाचन कोषका नाउँमा भइरहेको गैरकानुनी खर्च रोक्ने, सरकारी पदाधिकारीहरूले लिँदै आएका दोहोरो सुविधा बन्द गर्ने, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको खुम्च्याइएको अधिकार दिलाउने, पूर्व विशिष्ट संवैधानिक प्रमुख-उपप्रमुखहरूलाई दिन प्रस्तावित विशेष सुविधा रोक्नेलगायतका राज्यद्वारा हुने र भइरहेका नीतिगत भ्रष्टाचार तथा अख्तियार दुरुपयोगका कार्य रोक्ने काममा उनको ज्यादै ठूलो योगदान रह्यो ।

यिनका अतिरिक्त 'जङ्गम छात्रवृत्ति' स्थापना गरेर पनि उनले अनाथ तथा जेहेन्दार विद्यार्थीलाई मद्दत गर्दै आएका छन् । समाजसेवाकै रूपमा उनले परम्परागत संस्कृतिको जगेर्ना गर्ने, पाटी-पौवा, धर्मशाला र मठमन्दिरहरूको जीर्णोद्धार गर्ने र ओझेलमा परेको डोलेश्वर महादेवलाई केदारनाथको शिरोभागका रूपमा छिमेकी देश भारतमा समेत स्वीकार्य गराउने काममा अग्रणी भूमिका निर्वाह गरेका छन् । यसबाट नेपाललाई धार्मिक पर्यटनको केन्द्र बनाउने प्रयत्नमा समेत सहयोग पुगेको छ ।

यिनै योगदानको कदरस्वरूप वि. सं. २०६३ सालमा जनस्तरमै उनको भव्य अभिनन्दन भयो । सोही अभिनन्दन समारोह समितिले 'कालजयी व्यक्तित्व भरत जङ्गम' शीर्षकमा अभिनन्दनग्रन्थ प्रकाशित गऱ्यो । यसैबीच उनैलाई नायक बनाएर 'भरतेन्दु' र 'भरतांशु' शीर्षकका दुई महाकाव्य लेखिए । अहिले उनको ७५ औं जन्मोत्सवको उपलक्षमा हीरक जन्मोत्सव

मनाउने तर्खर भइरहेको छ । यस सन्दर्भमा यी बहुमुखी प्रतिभा भरत जङ्गममा हार्दिक शुभकामना भन्न पाउनु मेरा निमित्त पनि एउटा ठूलै अवसर हो । त्यसमाथि यही अवसरमा प्रकाशित हुने 'कालजयी व्यक्तित्व भरत जङ्गम' शीर्षकको अभिनन्दनग्रन्थ – २ मा यी शुभकामनाका केही शब्दपुष्प अर्पण गर्न पाउँदा स्वयम् भरत जङ्गम र हीरक जन्मोत्सव आयोजक सबैप्रति आभारी छु ।

●



विजय चालिसे ५१ कृतिका स्रष्टा हुनुहुन्छ । काठमाडौँमा जन्मनुभएका उहाँ बालसाहित्यकार, उपन्यासकार, जासुसी उपन्यासकार, नियात्राकार, निबन्धकार र आमसञ्चारविद् हुनुहुन्छ । उहाँले विभिन्न पत्रिकाको सम्पादन तथा विभिन्न सम्मान, पुरस्कार र विभूषण प्राप्त गर्नुभएको छ ।

# भरत जङ्गमबाट डोलेश्वरको कायापलट
## – विदुरमानसिंह बस्नेत

भरत जङ्गम (भरत दाइ) का बारेमा केटाकेटीमै अलिअलि सुनेको थिएँ । डोलेश्वर मन्दिरका पुजारी (उहाँको नाम पनि भरत जङ्गम, हालका मूल पुजारी बच्चुराम जङ्गमका पिताजी) बाट प्रमाणपत्र तह (इन्टरमेडियट) सम्म पढ्दा सुनेको र गोरखापत्रलगायतका पत्रपत्रिकामा बेलाबेलामा उहाँका लेखहरूबाट बुझेको भरत दाइ एक प्रकारका हुनुहुन्थ्यो । २०३६ सालको जनमतसङ्ग्रहपछि सरस्वती क्याम्पसमा (हाल कलेज) डिप्लोमा पढ्दै गर्दा नेपाल विद्यार्थी सङ्घका साथीहरूले भरत दाइको 'कालो सूर्य' का बारेमा निकै चर्चा गर्नुहुन्थ्यो । भक्तपुर जिल्लावासी भएकै कारणले होला उहाँका बारेमा र खास गरी राजनीतिक पृष्ठभूमिका बारेमा बढी सोधखोज हुन्थ्यो ।

पछि पत्रिका दर्ता गर्ने सिलसिलामा बल्लबल्ल बहिनीको नाममा दर्ता पाएपछि (पुनर्जागरण मासिक) त्यसका लागि अन्तर्वार्ता लिने र विमोचनका लागि निमन्त्रणा गर्ने सिलसिलामा भरखरै जन्मकैदपछि आममाफीमा छुटेका आफ्नै भतिजा माथवरसिंह बस्नेतका साथमा बीपी कोइराला बस्ने ठाउँ जयवागेश्वरीमा पुग्दा बीप कोइरालाबाट समेत 'कालो सूर्य' को प्रशंसा गरी भरत जङ्गम प्रजातन्त्रको पक्षधर रहेको सुन्न पाउँदा गर्व लाग्यो ।

२०४७ सालको आन्दोलन सफल भई प्रजातन्त्रको पुनर्स्थापना भएपछि बारा जिल्लाबाट संसदको टिकट पाउने आशामा धेरै सक्रिय रहनुभयो । तर विविध कारणबाट टिकट नपाएपछि उहाको राजनीतिक सक्रियता कम भई साहित्यिक र विशेष गरी धार्मिक जागरण अभियानतर्फ सक्रिय रहनुभयो ।

डोलेश्वर मन्दिर आउने-जाने क्रममा मेरो घरनजिकै रहेको पाण्डव विश्रामस्थल हुँदै आउने-जाने भएका कारणबाट मेरो उहाँसँग नियमित भेटघाट बाक्लो हुँदै गएपछि उहाँबाट नै डोलेश्वर मन्दिरको धार्मिक र ऐतिहासिक महत्त्वका बारेमा बढी जानकारी पाएको हुँ । ५ हजार वर्षअगाडि भारतको उत्तराखण्डबाट पाँच पाण्डवलाई आफ्नो दर्शन नदिने गरी गायब भएको केदारनाथ भगवान्को शिरोभाग यही डोलेश्वर मन्दिर रहेको र लिच्छवि कालमा तीनतले गजुर शैलीमा बनेको मन्दिर मल्लकालमा भूपतीन्द्र मल्लबाट जीर्णोद्धार भएको (शिलालेख भेटिएको) कुरा उहाँबाटै विभिन्न लेखहरूबाट थाहा पाए पनि उहाँकै पहलमा केदारनाथ धामका पीठाधीश

भीमाशङ्कर लिङ्ग शिवाचार्य महास्वामी १८ वर्षअगाडि नेपाल आई पशुपति परिसरमा १ महिना लामो धार्मिक अनुष्ठान सम्पन्न गरी भरत जङ्गमले जुटाएको प्रमाणका आधारमा पत्रकार सम्मेलनमार्फत डोलेश्वर महादेव नै केदारनाथको शिरोभाग रहेको धार्मिक घोषणा गर्नुभएपछि सबै हिन्दूहरूको आस्था बढ्न गएको र अहिलेको अवस्थामा डोलेश्वरको कायापलट सम्भव भएको हो । यसको श्रेय भरत जङ्गमलाई नै जान्छ ।

७४ वर्षको बुढ्यौली उमेर भइसक्ता पनि धार्मिक पुनर्जागरण र भ्रष्टाचारविरोधी अभियानमा उहाँको सक्रियता लोभलाग्दो रहेको छ । झन्डै दुई दशकदेखि सार्वजनिक सरोकारका मुद्दामा सर्वोच्च अदालतबाट जनताको पक्षमा फैसला गराई संवैधानिक निकायका पूर्वपदाधिकारीको विशेष सुविधादेखि पूर्वसांसदको पेन्सन रोक्नेसम्मका कार्यहरूले उहाँलाई सर्वसाधारणका बीचमा अझ बढी परिचित गराएको हो ।

●



विदुरमानसिंह बस्नेत सिपाडोल भक्तपुरका समाजसेवी, शिक्षासेवी र विभिन्न वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी र लघुवित्त बैङ्कहरूमा कार्य गर्नुभएका व्यक्ति हुनुहुन्छ । उहाँ हाल विभिन्न सामाजिक संस्थाहरूमा संलग्न हुनुहुन्छ ।

# सहयोगी छिमेकी
## – विन्दिया प्रधान

वर्षादमा रुझेको एउटा झ्याम्म ठूलो लप्सीको रूखलाई म हेरिरहेकी छु । असार-साउनमा यसको हल्का सुनौलो मिश्रित हरिया चिल्ला पातहरूले प्रत्येक बर्ष यसरी नै मलाई लोभ्याइरहन्छन् । हेर्दाहेर्दै बिस्तारै लप्सीका दनाहरूले रूख भरिन्छ । बिस्तारै पाक्न थालेका ती दानाहरूका दृश्यलाई म पुस्तकका पानाहरू पढेझैँ पढिरहन्छु । अर्कोतिर भोगटेको रूखमा त्यसै गरी भोगटेहरू बिस्तारै ठूला भइरहेका देखिन्छन् । अम्बाको रूख पनि छ क्यारे । चौडा जग्गामा ती फलफूलका रूखहरूलगायत अन्य केके थुप्रै बोटहरू छन् । रातो इँटाको तीनतले सफासुन्दर घर । वरपर सुन्दर फूलहरूका गमला तथा बोटहरू, चौडा र सफा ठूलो आँगन । अझ अग्लो पर्खालले वरपर घेरिएको हुँदा र पर्खालभरि पनि बेगनबेली फूल तथा अन्य बोटका लहराहरूले झ्याम्म छोपिएकाले त्यो ठूलो आँगनको पूरा दृश्य देखिँदैन ।

काठमाडौँको नयाँ बानेश्वर चोक र अन्तर्राष्ट्रिय सम्मेलन भवनको पूर्ब-उत्तरमा पर्ने रेनर्स स्कुलको भित्र राधामोहन मार्गमा अवस्थित एक घरको बाहिरी दृश्यको वर्णन हो यो । आना-आनाको हिसाबले स-साना कित्ताकाटमा बाँडिँदै खुम्चिएर उकुसमुकुस काठमाडौँको सहरी व्यस्त ठाउँको एक घरको आँगनमा यसरी रूखहरू, बोटहरू अनगन्ती फूलहरू र लहराहरूले भरिभराउ भएको देख्नु वास्तवमै अलौकिक हो । उकुसमुकुस यो बाक्लो सहरमा म प्रत्येक दिन यो अलौकिक दृश्य हेर्न पाउने एक भाग्यमानी भएकी छु । घरको मूल गेटको पिलरमा लेखिएको छ जङ्गम निवास ।

उक्त निवासका घरमालिक भरत जङ्गम चिनाइरहनुपर्ने नाम होइन । टोल, छिमेक, वरपरका समाजमा मात्र होइन, राष्ट्रिय रूपमै एक स्थापित नाम कायम राख्न उहाँ सफल भइसक्नुभएको छ । उहाँका धेरै साहित्यिक, सामाजिक, कला, सांस्कृतिक, राजनीतिक अनि भ्रष्टाचारविरुद्ध छापिएका लेख, कृतिहरूले उहाँ लेखक, पत्रकार मात्र नभई एक अत्यन्तै जागरुक अभियन्ता नै भएको तथ्य आफैँ प्रमाणित र प्रचारित छ । यसरी यहाँ मैले वर्णन गरेर भनिरहनु र लेखिरहनु आवश्यक छ जस्तो लाग्दैन । उहाँका छापिएका कतिपय पुस्तकहरू छिमेकीको नाताले हामीलाई पनि दिनुहुन्छ । तर आफ्नो फुर्सद नहुने भएकाले दुर्भाग्यवश ती पुस्तकहरू पूरा पढ्न नपाएकीले ती बारेमा मैले वर्णन गर्न सकिनँ ।

म उहाँको छिमेकी हुँ । उहाँको र मेरो घर बाटोको दायाँ-बायाँ रहेको हुनाले मेरो घरको अगाडि उहाँको घर छ । त्यसैले म उहाँलाई छिमेकीकै रूपमा बढी चिन्दै आएकी छु र आफ्नो पनि केही व्यस्तताका कारण उहाँको अन्य सफलताका उचाइ र अतिरिक्त क्रियाकलापलाई म कम चिन्छु । किनकि करिब ३९ वर्षअगाडि आफू एउटा अबोध र केही नजान्दैको अवस्थामा बच्चाहरू कहाँ राख्ने, कहाँ हुर्काउने भन्ने समस्यामा घेरिएकी म र मेरा श्रीमान् माधव प्रधानलाई बाध्यतावश घर बनाउन कर लाग्यो । कार्यालयले दिएको घर सापटी सुविधा र परशु प्रधान दाइले आफन्तहरू सँगसँगै बसौँ भन्ने आत्मीयताले गर्दा पनि मलाई धेरै हौसला भएर बानेश्वरमा सानो जग्गा किनेर घरसंसारको जग बसाल्ने प्रयास गरेकी थिएँ २०३८ सालमा ।

त्यति बेला यो नयाँ बानेश्वर अहिलेजस्तो थिएन । त्यति घरहरू थिएनन् । कोही चिनेजानेका थिएनन् । त्यही बेला घर बनाउने क्रममा डेराको आवश्यकता परेको थियो मलाई । मैले किनेको जग्गाको ठीक अगाडि भरत जङ्गमको एकतले घर थियो । नचिने पनि म सावित्री माइजू (सावित्री जङ्गम थापा, भरत जङ्गमकी ठूली दिदी) को नाता लगाएर उहाँको घरमा केही कोठा खाली छन् कि भनेर डेरा खोज्ने क्रममा गएकी थिएँ । कोठाहरू खाली थिएनन् । म अन्तै बसेँ । जसोतसो एकतले घर बनाएँ ।

छिमेकी भएकाले बाहिरबाट देखिने गतिविधि सबै थाहा हुने भइहाल्यो । उहाँको घरमा जहिले पनि केही न केही कार्यक्रम र भोजभतेर भइरहन्थ्यो । अहिले पनि भइरहन्छ । आहा, कति रमाइलो घर र कति रमाइला मान्छेहरू जस्तो लाग्थ्यो । आफू साधारण जागिरे । सधैँ कसरी यत्रो जमघट र भोजभतेर भइराख्ने होला भनी अचम्म पनि लाग्थ्यो । अहिले पनि लाग्छ । तर उहाँ एक सफल व्यवसायी पनि हुनुहुन्छ भन्ने सुनेकी थिएँ । निचोडमा उहाँ अत्यन्तै मिहिनेती, कुशलतापूर्वक कार्य व्यवस्थापन र सम्पन्न गर्ने क्षमता राख्नुहुने र सफलताले उहाँको साथ नछोड्ने मेरो ठम्याइ रहँदै आएको छ ।

२०७२ साल वैशाख १२ गते शनिबार दिनको ठीक १२ बजे हामीले बिहानको भातसमेत खाएका थिएनौँ । घरको तेस्रो तलामा रहेको भान्छामा म भात पकाइरहेकै बेला त्यो विनाशकारी महाभूकम्प आएको थियो । यसको भयावहताका बारेमा हामी सबैलाई थाहा भएकै कुरा हो । बल्लबल्ल मुस्किलले हामी घरबाट बाहिर निस्कन र बाँच्न सफल भएका थियौँ । जमिन, घर, खम्बाहरू सबै काँपिरहेका थिए । तीभन्दा बढी हामी, हाम्रो मन र मुटु काँपिरहेका थिए । कति बेरसम्म हामी ठीकसँग उभिनसम्म सकेका थिएनौँ । पूरा आतङ्क फैलिएको थियो । हामी सबै धेरै डराएका थियौँ । अझै एकै क्षणमा केही हुने पो हो कि भन्ने थप डर हामी सबैको मनमा थियो । म र

मेरो परिवार घरको बाहिरी गेटमा सडकलाई हेर्दै डराई-डराई बसिरहेका थियौँ किनभने आँगनमा बस्ता आफ्नै घर ढलेर हामी किचिने डर थियो ।

यस्तैमा भरत जङ्गम सडकमा आउनुभयो र हामीलाई छिटो आफ्नो घरतिर आउन भन्नुभयो । उहाँको जग्गा धेरै भएकाले घरअगाडि ठूलो आँगन सहितको बगैँचा तथा वरिपरि घेरिएको कम्पाउन्ड छ । हाम्रो होस उडिरहेको थियो । हामी आफ्नो घर खुलै छाडेर हतारहतार उहाँसँगै त्यो कम्पाउन्डभित्र गयौँ र केही सुरक्षित महसुस गऱ्यौँ । पछि बिस्तारै वरपरका अन्य छिमेकीहरू पनि परिवारैसहित आउन थाले । हामीसमेत त्यहाँ पाँच वा छ परिवार जम्मा भयौँ । हामीले त खाना पनि खाएका रहेनछौँ । होसहवास उडेर करिब तीन-चार बजेतिर मात्र हामी भोकै रहेको थाहा पायौँ । घरमा तरकारी पाकिसकेको सम्झेँ मैले । एकजना बाबुलाई मेरो घरमा ताल्चा लगाइदिन र पाकिसकेको त्यो तरकारी लिन पठाएँ । धन्न त्यो जस्ताको तस्तै रहेछ । भरत जङ्गमकी श्रीमती इन्दिराजीले चिउरा ल्याउनुभयो र चिउरा-तरकारी हामीले बाँडेर खायौँ । जमिन घरिघरि हल्लिरहेको थियो । दिन डरलाग्दो भएर धुम्म परेको थियो । साँझ पर्न लाग्दासमेत सुधारको केही सङ्केत थिएन । पानी पनि परिरहेको थियो । बेलुका जसोतसो भरतजीको ठूलो लामो ग्यारेज सबै मिलेर सफा गर्ने काम भयो । अन्य छिमेकीमध्ये कति त आआफ्नै घरमा फर्किए । हामी तीन परिवारले त्यहाँ ग्यारेज पूरा खुला राखेरै सुत्ने बन्दोबस्त गऱ्यौँ । सुत्नु त के थियो, आयो-आयो भन्दै कतिपटक उठ्तै भाग्ने काम भइरह्यो ।

हामी त्यहाँ झन्डै एक हप्ता बस्यौँ । भरतजीकी श्रीमती इन्दिराजीको आत्मीयताको बर्णन गरिएन भने यो लेख अधुरै हुन्छ । हुन त इन्दिराजी पहिलेदेखि नै मलाई एकदमै आत्मीय, मिलनसार र असाध्यै भलादमी लाग्नुहुन्थ्यो । तर त्यो विपदको बेलामा त उहाँ हाम्रा लागि एक स्नेहशील संरक्षककै रूपमा मैले पाएँ । बिहानको चियादेखि बेलुकीसम्म उहाँको चुल्होमा जे पाक्थ्यो, हामीलाई बाँडेर खुवाउनुहुन्थ्यो इन्दिराजीले । गाह्रो अवस्थामा छिमेकीलाई सहयोग गरी जे छ, त्यो बाँडिचुँडी खाने-खुवाउने ती सहृदयी इन्दिरा जङ्गम एक शान्त र सुदृढ धरती माताजस्तै लाग्यो मलाई । जस्तै त्यत्रो महाभूकम्पको बेलामा धरती माता आफैँ लगलग काँप्तै र टेढोमेढो हल्लँदै भए पनि मानव जाति र सम्पूर्ण प्राणी जगत्कै शरणस्थल त बनिरहनुभएकै थियो । ठीक त्यस्तै लाग्यो मलाई इन्दिराजी । आपतकालीन अवस्थामा भेटिएकी सहनशील, मृदुभाषी र सहृदयी, ममताकी खानी ।

धेरै प्रख्यात र वैभवशाली मान्छेहरूमा बढी घमन्ड र कम आत्मीयता भएको देखिएको छ । छिमेकी नै भए पनि साधारण मान्छेहरूलाई ढोकामा घन्टौँ कुराएर अनेकौँ सोधिखोजी गरेर मात्र भित्र छिर्न दिने गरेको उदाहरण

पनि छन् । मैले नजिकबाट चिनेका जङ्गमजीहरूका छोरा अनुपको समेत त्यो आत्मीयता, सहृदयता र शालीनता उहाँहरूको अन्य वैभव, सफलता र उचाइको परिचयभन्दा धेरै गुणा ठूलो र महत्त्वपूर्ण गुण हो । किताबमा पढेर चिन्नुभन्दा नजिकबाट आफैँले अनुभव गरी मनले चिन्नु यथार्थ पनि हो ।

यहाँ कुनै ढाकछोप गरी बनावटी रूपमा मैले केही लेखिरहेकी छैन । मेरो मनले महसुस गरेका भावनाहरू हुन् यी । सबै मान्छे असल मात्र र खराबै मात्र हुँदैनन्, परिपूर्ण हुँदैनन् । हरेक मान्छेसँग राम्रा-नराम्रा, गुण-अवगुण हुन्छन् नै । उहाँका भाइ प्रसिद्ध सङ्गीतकार दीपक जङ्गम, उहाँकी श्रीमती बेनी र छोरा अजर अनि सावित्री माइजू र भोला मामा, सबै त्यहीँ एकै ठाउँमा एकै परिवारजसरी बसेका थियौँ । आत्मीयता, भलाकुसारी र समसामयिक विषयहरूको विश्लेषणसहितको गफगाफमा हामीले केही हदसम्म विनाशकारी भूकम्पको भयावहतालाई केही बिर्सन सकेका थियौँ । जङ्गमजीहरूको आत्मीयता र अजर जङ्गमले त्यति बेला गाएका ती मीठा गीतहरू वास्तवमै बिर्सन नसकिने खालका छन् । भूकम्पले एकातिर विनाश मच्चाएको थियो भने अर्कोतिर आत्मीयताको साङ्लोमा नै उनेजसरी छिमेकी र परिवार-परिवारलाई नजिकको सम्बन्ध स्थापित गराएको पनि थियो । तर दुर्भाग्य, अहिलेको यो कोरोनाले परिवार, छिमेकी, अझ एक व्यक्तिबाट अर्को व्यक्तिलाई समेत नराम्रोसँग छुट्याइदिएको छ ।

एकै व्यक्तिमा राम र रावण एकैपटक भेटिन्छन् । त्यसैले मलाई राम्रो लागेको कुरा अरूलाई नराम्रो पनि लाग्न सक्छन् । तर आपदविपदमा सहयोगी भावना र उदार मन जसको हुन्छ, उसलाई नराम्रो भन्न कदापि सकिँदैन । हो, जङ्गम दम्पतीको यही सद्‌गुणसँग म बढी परिचित छु अन्य उहाँका सफलताका कथाहरूभन्दा पनि । अन्य सबै त पछिपछि आउने र गाँसिएका, बनाइएका कुराहरू मात्र हुन् । मेरो विचारमा ती त्यति महत्त्वपूर्ण होइनन् ।

●



वन्दिया प्रधान लेखिका, समाजसेवी तथा भरत जङ्गमकी छिमेकी हुनुहुन्छ ।

# पूर्वीय धरोहरका संरक्षक
## – विमल अर्याल

भरत जङ्गमको ७५ औं वर्षप्रवेशको अवसरमा हीरक महोत्सव मूल समारोह समिति गठन गरी विभिन्न कार्यक्रमहरूका साथ हीरक महोत्सव मनाउन लागेकोमा सफलताको कामनासहित सुस्वास्थ्य र क्रियाशील दीर्घजीवनका लागि हार्दिक मङ्गलमय शुभकामना छ ।

भरत दाइको यो उमेरको क्रियाशीलता र दैनिकी हेर्दा कसैका लागि पनि प्रेरणादायी बन्न सक्छ । उहाँले प्रतिदिन सरकार, सरकारका अङ्ग र समाजमा भएका देखिएका विकृति-विसङ्गतिलाई मूल्याङ्कन गरी विभिन्न सञ्चारका माध्यममार्फत नागरिकहरूलाई सुसूचित गर्दै आउनुभएको छ । सरकार र सरकारका विभिन्न अङ्गमा नेतृत्व सम्हाली बस्ने नेता तथा कर्मचारीहरूबाट हुने आर्थिक अपचलन, प्रशासनिक तथा नैतिक स्खलन विरुद्धको खबरदारी, जनप्रतिनिधि सांसदहरूले तलब लिई सरकारी व्ययभार बढाउँदा राष्ट्रको ढुकुटी जोगाउन गर्नुभएको कानुनी लडाइँ आदि काम उहाँबाट सम्पन्न भएका लोभलाग्दो कामका नमुना हुन् । नागरिकहरूको धर्म-संस्कृति, गुठी, पुरातात्त्विक तथा सार्वजनिक सामाजिक सम्पत्तिको संरक्षणमा पनि उहाँको ठूलो योगदान छ । आवश्यक पर्दा सरोकारवालालाई व्यक्ति, संस्था एवं समितिलाई जागरुक गराई न्याय दिलाउन थुप्रै कानुनी लडाइँ पनि लड्नुभएको छ । उहाँबाट सम्पन्न यी र यस्ता थुप्रै काम र लगनशीलता हामी र भावी पुस्ताका लागि पनि अनुकरणीय, मननीय र स्मरणीय रहनेछ ।

भरत दाइले लेख्नुभएको 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' विषयक पुस्तक पढ्ने मौका पाएँ । पुस्तकमा रहेका सबै पाठहरू मननीय छन् । अहिले पनि देशभित्रका धेरै ऐतिहासिक तथ्य घटनाहरू अलिखित छन् । यी अलिखित ऐतिहासिक तथ्य घटना पुस्तान्तरण हुँदै आएका छन् । त्यस क्रममा तथ्य लोप भएका होलान् । अतः विद्वान्ले स्थानविशेषकै धर्मसंस्कृति र इतिहास खोजी गरी लिपिबद्ध गर्दै जानुपर्छ । लेखिएका तथ्यको प्रामाणिकता यसै गरी खोजी गर्दै जाने हो । नेपालका विद्वान्हरूबाट यस्ता काम भइरहे पनि अरू व्यापकता भने आउनु आवश्यक छ । भरत दाइको यो प्रयास प्रशंसनीय छ । पुस्तकमा वर्णित तथ्य घटनाको प्रामाणिक पुष्टिको वैधानिक पाटो के हुन सक्छ, विद्वत्मण्डलमा विचार-विमर्श भइरहनेछ ।

भरत दाइ एक्लैले देशका लागि धेरै कामहरू गर्नुभएको छ । उहाँले गर्नुभएका सबै कामको फेहरिस्त यहाँ दिन सम्भव छैन । यस लेखमा म उहाँले त्रिपुरेश्वरवासीसँग रही गरेका कामको प्रसङ्ग कोट्याउँछु ।

त्रिपुरेश्वर टोलसुधार समिति २०७१ सालमा गठन भएपछि अर्को वर्षमा महाभूकम्प आई यहाँ भएका ऐतिहासिक, पुरातात्त्विक, सार्वजनिक सम्पदा, मठ-मन्दिर, सत्तल र चारै सम्पदा उदासी, वैरागी, संन्यासी र नाथ सम्प्रदायका अखडामा ठूलै क्षति भयो । समितिले त्यतिखेर भत्केका भग्नावशेष हटाउने काममा संलग्न संस्थाहरू नेपाल आर्मी, नेपाल प्रहरी, सशस्त्र प्रहरी विभिन्न संस्थाका भोलेन्टियरलाई काममा सहजीकरण गर्न र भग्नावशेष हटाउँदा फेला परेका पुरातात्त्विक वस्तुहरू सुरक्षित भण्डारण गर्न गुठी संस्थान तथा पुरातत्त्व विभागलाई सघाउने कार्य सफलतापूर्वक सम्पन्न भयो । भगवानको दैनिक पूजा गर्न अस्थायी व्यवस्थापनसमेत भयो ।

प्राकृतिक विपदका बेलामा सबैभन्दा पहिले गर्नुपर्ने काम भनेकै नागरिकहरू सुरक्षित रहन ओत लाग्ने सुरक्षित खुला ठाउँको पहिचान हुनु आवश्यक पर्ने रहेछ । त्रिपुरेश्वरमा खुला सुरक्षित ठाउँ कहाँकहाँ छन् भनी समितिमा छलफल पहिचान हुँदा-नहुँदै गुठी संस्थानले अखडाभित्रको खुला जग्गामा व्यवसाय गर्न इच्छुकलाई भाडामा दिन सूचना प्रकाशित गरेपछि टोल सुधार तथा विकास समितिको सुरक्षित खुला ठाउँ पहिचान गर्ने काममा ठूलै चुनौती आयो । यो सूचनाले संस्थानका मातहतमा अखडा, मन्दिर, सत्तलजस्ता सुरक्षित ठाउँका जग्गा खाली नरहने मासिएर जाने सम्भावना देखायो । सूचना प्रकाशित हुँदा त्यतिखेर त्रिपुरेश्वर टोल सुधार तथा विकास समितिका तत्कालीन अध्यक्ष कुवेरबहादुर राउत विदेशयात्रामा जानुभएकाले समितिको उपाध्यक्षका हैसियतले यो काममा कार्यनीतिसहित अगाडि बढ्ने अवसर जिम्मेवारी ममा थियो । म कानुनको विद्यार्थी भएकाले वरिष्ठ अभिवक्ताद्वय प्रकाशमणि शर्मा र भरत जङ्गम मिलेर सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न लागिपर्नुभएको बारे मलाई राम्रै जानकारी थियो । मैले उहाँहरूको ध्यानाकर्षण गरेँ । हाम्रो सरसल्लाह हुँदै थियो । संयोगले गुठी संस्थानबाट प्रकाशित भएको सूचनाको म्यादभित्रै समितिका अध्यक्षबारे विचारविमर्श हुँदा सुरुमा नै समितिले मुद्दा गर्ने धेरै खर्च लाग्छ । चन्दा उठाउन पनि गाह्रो छ, उठे पनि धेरै उठ्तैन । मुद्दाबारे पछि टुङ्गोमा पुऱ्याउन समय पनि धेरै लाग्छ भनेपछि मैले उहाँको आशयलाई बुझी समितिको कत्ति पनि खर्च नहुने गरी मुद्दा गर्न सकिन्छ । यो सार्वजनिक सामाजिक सम्पत्ति हो । भरत दाइलाई भेट गरौँ, हाम्रो काममा सहयोग गर्नुहुनेछ, बरू हामीसँग समय भने कम छ भनेपछि उहाँ भेट गर्न जान तयार हुनुभयो । समय लिएर उहाँले सम्पर्कमा

गयौँ । भेटमा हामी र त्रिपुरेश्वरवासीसँगको आत्मीयता देखाई सार्वजनिक सम्पत्तिहरू नासिँदै मासिँदै गएकोमा चिन्ता पनि व्यक्त गर्नुभयो । गुठी संस्थानले यसअगाडि पनि अखडाभित्रैको जग्गामा हडप्न खोज्दा महन्तहरूलाई समेटी अदालतमा मुद्दा गरेको, सो मुद्दा अहिले पनि सर्वोच्च अदालतमा चल्दै गरेकाले त्यो जग्गा सुरक्षित रहेको छ भनी मुद्दा गर्दाको सबै बेलिविस्तार हामीसँग गर्नुभयो । यसपटक पनि गुठी संस्थानको सूचनालाई लिएर सर्वोच्च अदालतमा नै प्रतिवेदनसहितको अन्तरिम आदेश माग गर्न आवश्यक छ । समितिले साथ दिने हो भने सहयोग गर्न तयार छु भन्नुभयो । वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मासँग भेट गर्ने प्रबन्ध पनि मिलाइदिनुभयो । प्रकाशमणि शर्माबाट पनि निवेदन गर्न आवश्यक पर्ने सबै सहयोग गर्ने वचन दिनुभयो । वरिष्ठ अधिवक्ताद्वय प्रकाशमणि शर्मा र भरत जङ्गमसँगको भेटपछि समितिका अध्यक्ष गुठी संस्थान विरुद्धमा रिट निवेदन उत्साहित हुनुभयो ।

भोलिपल्टको हाम्रो भेटमा भरत दाइले आफूसँग चिनजान भएका १ दर्जन बढी त्रिपुरेश्वरका अग्रजहरूको नाम लिएर एकपटक टोल सुधार तथा विकास समितिको कार्यालयमा वा सार्वजनिक स्थानमा नागरिक भेला गर्न भन्नुभएको भोलिपल्टै अध्यक्षको कार्यकक्षमा अग्रजहरू र टोल सुधार तथा विकास समिति तथा भरत दाइसमेत भई त्रिपुरेश्वरभित्रका सार्वजनिक खुला ठाउँ, अखडाभित्रको खाली जग्गा, महादेव मन्दिर परिसर, सत्तल सुरक्षित राख्नुपर्ने बारे विचारविमर्श गरी मुद्दा गर्न आवश्यक पर्ने सबै सहयोग भरत दाइबाटै हुने गरी टोल सुधार तथा विकास समितिको अध्यक्षसमेतको नामबाट मुद्दा गर्ने तयारी भयो । लगत्तै वरिष्ठ अधिवक्ताद्वयले मुद्दा लेखी प्रतिशोधसमेतको रिट मुद्दा सर्वोच्च अदालतमा दर्ता भयो । वरिष्ठ अधिवक्ताद्वयको पहिलो बहसबाटै अन्तरिम आदेश पनि जारी भयो । मुद्दाको अन्तिम किनारा हुन बाँकी छ । यसरी अखडाभित्रको जग्गा त्रिपुरेश्वरवासी सरोकारवालाको हितमा सुरक्षित राख्न भरत जङ्गम दाइले गर्नुभएको यो योगदान हाम्रा लागि अविस्मरणीय छ ।

त्रिपुरेश्वरस्थित उदासी अखडाभित्र उदासी सम्प्रदायकै इष्टदेव बद्रीनारायण भगवान् विराजमान हुनुहुन्छ । बद्रीनारायण भगवान्को मन्दिर भने धेरै अगाडि नै भग्नावशेष भएकाले भगवान्को मूर्ति मन्दिरविहीन छ । यो उदासी सम्प्रदायभित्रका सबैलाई जानकारी भए पनि अन्य कमैलाई मात्र थाहा छ । यस्ता मन्दिरविहित भगवान्को कालकोठरीजस्तो कोठामा दर्शन गर्ने सौभाग्य भरत दाइ र मलाई एकैपटक जुरेको जस्तो कोठामा दर्शन गर्ने सौभाग्य भरत दाइ र मलाई एकैपटक जुरेको थियो । अब सुन्दर मन्दिर निर्माण गर्ने पहलकदमी लिनु आवश्यक छ । उदासी सम्प्रदाय तथा

त्रिपुरेश्वरनिवासी भगवान्को मन्दिर निर्माणमा वरिष्ठ अधिवक्ताद्वय प्रकाशमणि शर्मा र भरत दाइसँग सहयोगको अपेक्षा गर्दछन् ।

नेपाल वैदिक सनातन हिन्दू देश भएकाले परापूर्वकालदेखि नै हाम्रा पूर्वजहरूबाट समृद्ध वैदिक सनातन हिन्दू धर्मसंस्कृतिको पहिचान दिने प्रयास भएको देखिन्छ । त्यस बेलाको सामाजिक परिवेश समृद्ध थियो । यसको एउटा मात्र ज्वलन्त उदाहरण थापाथली पाञ्चायन घाटदेखि पचलीसम्मको बागमती सभ्यताभित्र नदीकिनारसम्म घाट, अखडा, मठमन्दिर, सत्तल, भगवान्को पूजा गर्न फूलका लागि बगैँचा आदि धरोहरको व्यवस्था भई पुस्तान्तरण हुँदै आएको हो । यिनै धरोहरको जगेर्ना गर्न तिनताका नैतिक एवं धार्मिक व्यक्ति र व्यक्तिको समूह सक्षम थियो । पछिल्लो समयमा आएपछि यस्तै धरोहरलाई गुठी संस्थान स्थापित भई हेर्ने क्रम सुरु भयो । बागमती नदी किनार, बगैँचा, मन्दिर, सत्तल यो वा त्यो प्रयोजनका लागि भनी सबैमा अतिक्रमण बढेसँगै सरकारी बेवास्ताका कारण संस्थागत व्यक्तिगत अतिक्रमण र पछिल्लो समयमा गुठी संस्थानबाट जग्गा बिक्रीसमेत हुँदा हिजोको धरोहर आज लोपोन्मुख अवस्थामा पुगेको देख्ता उदेकलाग्दो अवस्था छ । व्यक्तिगत अतिक्रमण गर्ने सबैको जग्गाधनी लालपुर्जा नबने पनि धेरैको बनेको अवस्था छ । पछिल्लोपटक काठमाडौँ विश्वविद्यालयले गुठी संस्थानमार्फत २५ वर्षको भोगाधिकार लिने गरी पौराणिक पुरातात्त्विक त्रिपुरेश्वर महादेव मन्दिर परिसर, सत्तल, बगैँचा आदि त्यहाँको सङ्गीत विभागले प्रयोग गर्ने भएको छ । मन्दिर र सत्तलको जीर्णोद्धार गर्ने कार्य सरकारी खर्चमा विश्वविद्यालयले गर्ने र भोग पनि २५ वर्षसम्म गर्न पाउने भएबाट सार्वजनिक सम्पत्तिको संरक्षण यसै गरी गर्दै जाने हो भने यसरी समृद्ध वैदिक सनातन हिन्दू धर्मसंस्कृतिको रक्षा होला त ? हुँदैन भने नागरिक तहमा धर्मसंस्कृतिको संरक्षणमा लागि पनि हाम्रा अग्रज वरिष्ठ अधिवक्ताद्वय प्रकाशमणि शर्मा र भरत जङ्गमले लिएको पहलकदमीमा हातेमालो गर्ने हो कि, बेलैमा सोचौँ ।

●

विमल अर्याल काठमाडौँको त्रिपुरेश्वर टोलसुधार समितिसँग आबद्ध समाजसेवी हुनुहुन्छ ।

# भीमसेनसम्बन्धी समालोचना
## - विष्णुराज कार्की

लेखक भरतमणि जङ्गमद्वारा लिखित पुस्तक 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण – प्राचीन, मध्य र आधुनिक काल) का विविध सांस्कृतिक परम्परा र ऐतिहासिक तथ्यहरूलाई बग्रेल्ती विषयहरूमध्ये भिँद्यो महाभारतकालीन भीमसेन होइनन् भन्ने तथ्यमा सांस्कृतिक परम्पराका आधारमा खोजपूर्ण तर्क एवं व्याख्या गरिएको छ ।

विषयको उठान व्यापारी पेसामा लाग्ने नेवार समुदायले मान्ने र पूजा गर्ने भीमसेन देवता हुन् भन्दै यसको उत्पत्ति र विकासक्रमका बारेमा विवेचना गरिएको छ । ऐतिहासिक विषय एवं परम्पराहरू निरन्तर अनुसन्धान र विश्लेषण गर्ने विषय रहन्छ । ऐतिहासिक घटना वा विषयहरू के-कस्ता प्रमाणका आधारमा बोलिन्छ र नियमित आकस्मिकतालाई प्रमाण मान्न सकिन्छ, यस विषयलाई निरन्तर खोज र अनुसन्धानबाट निखारिँदै लगेको हुन्छ । हामी कुनै पनि ऐतिहासिक वा पुरातत्त्वका विषयमा बोल्दछौँ, हाम्रा कैयौँ कुराहरू विवादास्पद हुन्छन् । निर्विवाद सत्यलाई मात्र मानेर हिँड्यौँ भने आजसम्म लेखिएका कतिपय प्रसिद्ध इतिहासलाई हामीले यी उपन्यास हुन् भनेर तिनै पङ्क्तिमा ठम्याउनुपर्नेछ । तर लिखित इतिहासलाई प्रमाणीकरण गर्ने कारण र परिणाम आदि खोजलाई पृथ्वीको गर्भमा राख्न कदापि हुँदैन अर्थात् निरन्तरको उत्खननले मात्र इतिहासलाई सङ्लो एवं शुद्ध बनाउँछ ।

नेपाली संस्कृति युरोपको युनानी सभ्यता र संस्कृति कैयौँ दृष्टिले उस्तै देखिन्छ । तर नेपाल युनानजस्तो यशस्वी भएन, युनानको यश, उसको वरिपरिको समुद्र र खोजले अगाडि बढ्यो, नेपाल वरपर हिमालको समुद्र छ जसमा वायुमा तरङ्ग पैदा हुन सकिएन । उत्पन्न खोजका इतिहासको आयु पनि गुफा, कन्दरा र हिमालय पर्वतले आफैँमा समाहित गरिदिए ।

यो कुरा उठाउनुको कारण हो हामी कुनै कुराको उठान गर्दैछौँ, आलोचनाबाट डराएर विमुख हुन्छौँ र इतिहास गुफाभित्र मात्र सीमित रहन्छ ।

प्रसङ्ग हो भीमसेन देवताका रूपमा पूजित दोलखा भीमसेनको शिला भीमेश्वर ज्योतिर्लिङ्ग हुन् भन्ने विश्लेषण प्रस्तुति सन्दर्भ । भीमसेनको पूजा-आराधनाको आरम्भ दोलखा भीमेश्वरबाट भएको ऐतिहासिक लेखोटका आधारमा समालोचना गर्ने प्रयास गरेको छ । तथापि यसपूर्व भीमसेन पूजाको

परम्पराको मूल पहिल्याउने कार्य हालसम्म अलिखित भएकाले लेखकसँग सहमत हुँदै भीमसेनको विवेचनासम्बन्धी?समालोचनातर्फ कलम चलाएको छु ।

भीमसेन शीर्षकको लेखमा भीमेश्वर र शिवलाई इङ्गित गरी शिवपुराण कोटिरुद्रसंहिताको २१ औँ अध्यायमा भएको विषयलाई उठान भएको छ । भीमसेनको पूजाविधिमा गर्भगृहको बीचमा रहेको शिवलिङ्गको चारैतर्फ र त्यसमाथि तामाको चतुष्कार बनाई रुद्रीपाठ, नित्यपूजा र आरती हुने हुँदा गर्भगृह भएका देवता नभई भीमेश्वर महादेव हुन् भन्ने तर्क पाइएको छ । भीमेश्वरमा बलि दिने परम्परा रहेको र बलि चढाउँदा भैरवका रूपमा परिवर्तन गरी गर्ने र यस प्रकारको परम्परा पशुपतिनाथ मन्दिर काठमाडौँ र अन्य शिवमन्दिरमा पनि प्रचलित भएकाले पूजित देवता महादेवको स्वरूप भएको धारणालाई विश्लेषण गर्दा प्राप्त प्रमाण प्रस्तुति बलियो देखिन्छ ।

काठमाडौँ उपत्यकामा भीमसेनको पूजा परम्पराको थालनी भक्तपुरका राजा जगतप्रकाश मल्ल (ने. सं. ७६३ - ७९३) को पालादेखि भएको भनिएको छ । सुरुमा दत्तात्रेय मन्दिरअगाडि प्राङ्गणमा भीमसेन नामको शिला स्थापना गरियो, पछि भीमसेन प्रमाणित गर्न र जनविश्वास आश्वासित तुल्याउन चिउरा, मासुलगायत अन्य मिश्रण गरी दाहिने हातमा गदा र बायाँ हातमा अभय मुद्रा निर्माण गरियो । यसलाई भीमसेन नामको भैरव भनी नामकरण गरिएको छ । तर यसको सन्दर्भमा भैरव भनिएको उक्त मूर्तिको स्वरूप र शारीरिक विशेषताको प्रतिकृति चित्र राखिएको भए अझ प्रस्ट हुने थियो ।

काठमाडौँका राजा प्रताप मल्लले भीमसेन मन्दिरको ने. सं. ७७५ मा स्थापना गरी अभिलेख राख्न लगाएको विषयमा चर्चा गरिएको छ । स्थापित मितिमा राख्न लगाएको अभिलेखको सुरुमा 'ॐ श्री ३ शिवस्वरूप भीमसेनाय नमः' उल्लेख भएको विषयले भीमसेनलाई शिवरूप मानिएको विषय भीमेश्वर भैरवको नाउँ सम्बोधन गरेको प्रतीत भएको छ भनी विवेचना गरिएको छ ।

काठमाडौँपश्चात् भीमसेन पूजा गर्ने परम्पराको थालनी ललितपुर राज्यमा राजा श्रीनिवास मल्ल (ने. सं. ७७७ - ८०५) को पालादेखि भीमसेन स्थापनासहित दुःशासनबधको घटनालाई समेत चित्रण हुने गरी भीमसेन मन्दिर स्थापना भएको देखिन्छ । यसपश्चात् भएको भीमसेनसँग सम्बन्धित चित्रणले भीमसेनसम्बन्धी अवधारणालाई पुष्ट्याइँ गरिएको छ। यो अवधारणाबाट निर्मित मूर्ति नै पछि नेवारी समुदायको वाहुल्यमा रहेका स्थानहरूमा स्थापित हुँदै गएको स्वीकार गरिएको छ ।

लेखमा भगीरथ भैयाले भिँद्योलाई महाभारतकालीन भीमसेन परिणत गर्ने कार्य गरेको स्वीकारेको छ । यिनले ललितपुर मङ्गलबजारमा विशाल

मन्दिर स्थापना गरी दुःशासन बधको मूर्ति राखेपछि मात्र अझ भीमसेनको प्रभाव प्रगाढ रूपले नेवारी समुदायमा बढ्न थालेको स्वीकार गरिएको छ । कालान्तरमा भीमसेन पूजाविधिसमेत निर्माण भएको देखिन्छ । तथापि लेखकले काठमाडौँको मन्दिरमा रहेको ने. सं. ७७५ को अभिलेखमा पनि 'ॐश्री ३ शिवरूप भीमसेनाय नमः' भनेबाट शिवकै रौद्ररूप भैरवलाई भीमसेन नाउँ दिएर भैरवलाई मानेको विचार प्रस्ट्याइएको छ ।

यस सन्दर्भमा नियमित आकस्मिकताकै समष्टिलाई प्रमाण मानिएको देखिन्छ । सन्दर्भ जब हामी कुनै ऐतिहासिक वा पुरातत्त्वका विषयमा बोल्छौँ, हाम्रा कैयौँ प्रमाणहरू विवादास्पद हुन्छन् । उहाँ 'नेपाली संस्कृतिको भूमिका' लेखमा लेखक बालकृष्ण सम लेख्नुहुन्छ - निर्विवाद सत्यलाई मात्र मानेर हिँड्यौँ भने कति प्रसिद्ध इतिहासलाई हामीले यी त उपन्यास हुन् भनेर तिनै पङ्क्तिहरूमा थन्क्याउनुपर्नेछ । कुनै समयमा हाम्रो छिमेकी भारतमा रामायण र महाभारतजस्ता ग्रन्थलाई इतिहास मान्दथे । त्यसमा लेखिएका अस्वाभाविक पनि उस बेलाका भक्तहरू साँचो मान्थे । ऐतिहासिक घटना सङ्कलन गर्दैमा उसको अनुचित अनुमान गर्ने अधिकार रहँदैन, न त इतिहासकार उचित अनुमान गर्नबाट वञ्चित हुन सक्तछन् । यस सन्दर्भमा भीमेश्वरस्थित भीमसेन शिवरूपकै स्वरूप भएको जनजिब्रोको अपभ्रंशताले महाभारतका भीमसेन देवताका रूपमा पूजित हुन पुगेका प्रमाण र अनुमान दुवैले लेखकका विचारलाई स्वीकार्न सहजता प्रदान गर्दछ । तर समयको अन्तरालमा प्राप्त गरिएको मान्यतालाई निष्ठ व्याख्याको कसीमा उतार्दा भीमेश्वरलाई भीमसेन देख्नेहरू दोस्रो मान्यतालाई समर्थन गर्न बुद्धि खियाइरहेका हुन्छन् ।

यथार्थको खोजतर्फ उन्मुख प्रयासले इतिहासको तथ्य मात्र प्रकाशित गर्दैन, बल्कि दिशानिर्देश पनि गर्दछ । लेखकले उद्घाटन गरेको भीमेश्वर नभई शिवरूपको यथार्थ विषय मान्न सकिन्छ । तर पछिल्लो कालमा भीमसेन स्वरूप विकास भई पूजाविधिसमेत निर्माण गरी जनमानसको आस्था स्वीकारोक्त प्रचलित सांस्कृतिक परम्परालाई समाजशास्त्रीय पद्धतिबाट पनि नियाल्नु आवश्यक देखिन्छ ।

●



विष्णुराज कार्की पुरातत्त्वविद् हुनुहुन्छ ।

# लिभिङ लेजेन्ड
## – वैकुण्ठविक्रम थापा

"ज्वाइँ साब ! लौ है ! लेख लेखियो कि लेखिएन ? अब त साह्रै ढिलो भयो । लौ न ! नलेख्या भए पनि ठिकै छ, लेख्तै गर्‍या भए अब कलम बन्द गरेर पठाइहाल्नुपर्‍यो है ! साह्रै ढिलो भयो ।" सेप्टेम्बर २९, २०२१ बिहान फेस टाइममा बुबा भरत जङ्गमसँगको संवाद हो यो ।

त्यसपछि म सोचमग्न भएँ । किनभने मैले एकै शब्द पनि लेखेको थिइनँ । मलाई अत्यन्तै ग्लानिबोध भयो । मेरो मस्तिष्कमा धेरै कुरा खेल्न थाले । मलाई यस्तो लाग्यो कि यति महत्त्वपूर्ण व्यक्तित्व, त्यसमा पनि मेरा बुबासमान व्यक्तिका बारेमा नलेख्नु भन्या त उहाँको उपेक्षा त हो नै, तर त्योभन्दा पनि बढी त मेरो नै हानि हो । त्यसैले मैले लेख्ने सोच बनाएँ ।

तर लेख्ने के त ? कहाँबाट सुरु गर्ने ? कहाँ अन्त्य गर्ने ? भरत जङ्गमको बहुआयामिक व्यक्तित्व छ । उहाँको प्रायः सबै क्षेत्रमा देन छ । कानुन, समाजसेवा, शिक्षा आदि हरेक क्षेत्रमा उहाँको गहिरो प्रभाव छ जस्तो मलाई लाग्छ । उहाँका बारेमा त किताब नै प्रकाशन गर्नुपर्ला । बरू मैले उहाँको ज्वाइँ भएको नाताले नितान्त व्यक्तिगत र पारिवारिक आधारमा अनुभवलाई मध्यनजर गर्दै म कसरी जङ्गम परिवारसँग गाँसिन पुगेँ भन्ने बारेमा र त्यसपछिका मेरा केही अनुभवहरू यहाँ प्रस्तुत गर्न लाग्दैछु ।

मेरो अनुभव प्रस्तुत गर्ने क्रममा सर्वप्रथम म के भन्न चाहन्छु भने लामो समयदेखि मेरो अमेरिकामा बसोवास भइरहेका कारणले मलाई नेपालीमा भन्दा अङ्ग्रेजीमा अभिव्यक्त गर्न सजिलो लाग्छ । यद्यपि यो प्रकाशन नेपालबाट नेपालीमा हुने भएका कारणले मैले पनि नेपालीमा नै लख्ने प्रयास गरेँ । गल्तीका लागि क्षमा चाहन्छु । यस क्रममा मैले यहाँ मैले मेरो छोटो परिचयबाट मेरो लेख अगाडि बढाउनु सान्दर्भिक ठानेँ ।

मेरो नाम वैकुण्ठविक्रम थापा हो । मेरो जन्म सोलुखुम्बूको सल्यान खाल्पामा भएको हो । प्रारम्भिक शिक्षा गाउँमा सकेर स्कुलको शिक्षा मैले सिद्धार्थ वनस्थलीबाट गरको हुँ । सन् १९९० को एसएलसीपछि म उच्चशिक्षाको सिलसिलामा सन् १९९२ मा विद्यार्थीका रूपमा अमेरिका आएँ । सुरुमा अत्यन्तै सङ्घर्षशील जीवन बिताइयो परदेशमा । फोहोरमैला सफा

गर्नेदेखि चिहान खन्ने कामसम्म खोज्न बाध्य भइयो कुनै बेला । वास्तवमा अहिले ती अतीतलाई सम्झँदा कहाली नै लाग्छ । त्यो बेलाको दुःख र परिश्रमको फलस्वरूप हाल अमेरिकामा व्यवसाय गरेर बस्न सकिएको छ ।

करिब १७ वर्षपहिले मेरो सम्बन्ध जङ्गम परिवारसँग गाँसियो । संयोगवश जब मेरो अध्ययनपश्चात् परिवारबाट बिहे गर्नुपर्ने दबाब आयो, पारिवारिक सम्बन्धीबाट भरत जङ्गमकी सुपुत्री रक्षा जङ्गमसँग मेरो परिचय गराइयो । इमानदारीपूर्वक भन्नुपर्दा मलाई जङ्गम भन्ने थर हुन्छ भन्ने लागेको पनि थिएन । किनकि म त एसएलसीपछि नै बिदेसिएको थिएँ । तर कताकता रेडियो नेपालमा चाहिँ दीपक जङ्गम भन्ने सुनेको याद थियो । त्यसपछि मैले उहाँहरूका बारेमा खोजतलास गर्न थालेँ । मलाई बुझ्न त्यति कठिन परेन । उहाँको नाम त नेपालमा चिरपरिचित रहेछ । चिरपरिचित हुनुको कारण सायद मैले यहाँ उल्लेख गरिरहनुपर्ला जस्तो मलाई लाग्दैन ।

जब मैले थाहा पाएँ नेपाली समाजका चिरपरिचित व्यक्तित्व भरत जङ्गम हुनुहुँदो रहेछ भनेर, तब मलाई पारिवारिक सम्बन्ध गाँस्ने कुराको निर्णय गर्न अलि सजिलो भयो, यद्यपि उहाँकी छोरी मेरा लागि योग्य हुनुपर्ने सर्त त थियो नै ।

मेरो र भरत जङ्गमकी सुपुत्री रक्षा जङ्गमबीच आखिर सन् २००५ को जनवरीमा विवाह सम्पन्न भयो । त्यसपछि प्रत्यक्ष रूपमा म भरत जङ्गमसँग आबद्ध भएँ । उहाँ मेरा बुबा (ससुरा) हुनुभयो । त्यसपछि मैले उहाँलाई नजिकबाट नियाल्ने मौका पाएँ । अब म त्यसपछिका अनुभव प्रस्तुत गर्दछु ।

सर्वप्रथम म उहाँलाई अत्यन्तै मिलनसार व्यक्ति भन्न रुचाउँछु । म यो किन भन्दैछु भने हाम्रो १७ वर्षको लामो उठबसमा कहिल्यै पनि उहाँसँग मनमुटाव भएन । हुन त हाम्रो नाता नै त्यही किसिमको भएकाले पनि त्यसो भएको भन्ने ठानिएला, वास्तवमा खरो प्रकृतिको व्यक्ति भए पनि उहाँ मिलनसार नै हो । सधैँ उहाँ हँसमुख देखिनुहुन्छ । मैले यहाँ उहाँको व्यक्तित्वका बारेमा लेख्ता मैले उहाँकी छोरी रक्षालाई नजोडी नहुने ठानेँ । त्यसको कारण के भने बाबु र छोरीमा शतप्रतिशत त नभनौँ, कैयौँ व्यक्तित्व मिल्न जान्छ ।

बुबा र छोरी दुवैको शब्दकोशमा असम्भव भन्ने शब्द नै छैन जस्तो लाग्छ । दुवैले जस्तोसुकै काम पनि फत्ते गरेरै छोड्छन् । अन्याय र अत्याचार सहन नसक्ने, कसैका बारेमा कुरा नकाट्ने र मनमा पनि राखिरहन नसक्ने, कसैले कसैका बारेमा गलत कामकुरा गर्दा तुरुन्तै त्यसको छिनोफानो गर्ने बानी दुवैको छ । वास्तवमा यदि यो संसारमा सबै व्यक्तिहरू रक्षा र

बुबाजस्तै भएका भए ती व्यक्तिले साह्रै सुख पाउने थिए होलान् । दुर्भाग्यवश यहाँ त्यस्तो छैन ।

हाम्रो समाजको वास्तविकता के हो भने मनमा जेसुकै भए तापनि बाहिरी स्वरूप अर्कै देखाउने धेरै छन् । त्यस अर्थमा यस्ता व्यक्तित्वले गर्दा हाम्रो समाज, चाहे अमेरिकाकै नेपाली समाज नै किन नहोस्, बेलाबेलामा अप्ठ्यारो पर्छ । मलाई पनि पटकपटक रक्षासँग वादविवाद गराएको छ । रक्षाले कुनै कुरा गर्दा मैले किन त्यसो भनेकी भनेर धेरैपटक वादविवाद भए । कैयौँपटक त हाम्रो बोलचाल नै बन्द भएको अवस्था पनि आयो । यस्तो अवस्थामा बुबाले खेलेको भूमिका मलाई अत्यन्तै सान्दर्भिक लाग्छ । उहाँ हामीलाई संयमता अपनाएर धैर्य गर्न आग्रह गर्नुहुन्छ र केही समयमा आफैँ परिस्थिति सुध्रिन्छ । हुन पनि हो, हाम्रो पनि त्यसै गरी पुनः परिस्थिति सामान्य भएर समझदारी हुन्छ । हाम्रो जस्तो समाजमा कसैको गल्ती नै भए पनि चुपचाप बस्नु नै वेश हुन्छ भन्ने मेरो पनि मान्यता छ । त्यसैले म व्यक्तिगत रूपमा सकेसम्म अरूको कुरा सुनेर विवाद गर्न रुचाउँदिनँ ।

अब म केही क्षण बुबा र मेरो एकै खालको चरित्रका बारेमा प्रस्तुत गर्दछु । हामी दुवै सजिला खालका व्यक्ति हौँ । हामीलाई समाजसेवामा उस्तै रुचि छ । हामी लिनेमा भन्दा दिनेमा बढी खुसी हुन्छौँ । कसले के गऱ्यो, के भन्यो, के खायो जस्ता कुरामा हामीलाई धेरै कमचासो छ । हामी दुवैजना सामान्य तर उद्देश्यपूर्ण जीवन जिउनुमा विश्वास गर्दछौँ ।

हाम्रो आधारभूत पृथकता भनेको चाहिँ के हो भने म सकेसम्म कसैसँग पनि वा कसैका बारेमा पनि विवाद गर्ने, प्रतिक्रिया व्यक्त नगर्ने तर बुबा भने खुला रूपमा बहस गर्ने, प्रतिक्रिया व्यक्त गर्ने गर्नुहुन्छ, यद्यपि हामीबीचमा अत्यन्तै राम्रो सम्बन्ध छ ।

यसै सन्दर्भमा मैले यहाँ बुबाका बारेमा परिवारको केही गुनासो उल्लेख गर्नु सान्दर्भिक ठानेँ । घरपरिवारलाई समय कम दिने र व्यक्तिगत खर्च गरेर सामाजिक काम अलि बढी नै गर्ने गरेको अलि उचित नहुने गुनासो कताकता सुन्ने गरेको छु । वास्तवमा त्यो केही हदसम्म सही हो भन्ने मलाई पनि लाग्छ । तर यहाँ महत्त्वपूर्ण कुरा के छ भने ममी (श्रीमती इन्दिरा जङ्गम) ले खेलेको महत्त्वपूर्ण भूमिकाले परिवारमा ब्यालेन्स भइरहेको छ । त्यसमा छोरा अनुप र बुहारी निशाको पनि भूमिका उत्तिकै रहेको मैले पाएको छु । यसका साथसाथै अमेरिकाबाट छोरी रक्षाको फेस टाइमबाट बारम्बार बुबालाई परिवारलाई समय दिन र सामाजिक जीवनलाई ब्यालेन्समा राख्नका लागि दिने दबाबको प्रभाव पनि कम भने छैन ।

मैले बुबाको एउटा महत्त्वपूर्ण व्यक्तित्व त झन्डै छुटाएछु । उहाँको जस्तो बौद्धिक व्यक्तित्व सायदै मानिसको हुन्छ जस्तो मलाई लाग्छ । हरेक क्षेत्रमा उहाँको ज्ञान देख्ता म छक्क पर्छु । सायद यो क्षमता उहाँको धर्म र भगवान्प्रतिको आस्था र झुकावबाट नै मिलेको होला ।

अन्त्यमा, भरत जङ्गम 'लिभिङ लेजेन्ड' हुनुहुन्छ । म उहाँको ज्वाइँ हुन पाएकोमा गर्व गर्छु ।

●



वैकुण्ठविक्रम थापा सोलुखुम्बूमा जन्मिई हाल टेक्सास अमेरिकामा बसोवास गर्नुहुन्छ । उहाँ भरत जङ्गमका ज्वाइँ हुनुहुन्छ ।

# सङ्लो विचारका धनी सङ्लो व्यक्तित्व
## – शङ्कर भारती

हरेक देश र त्यहाँका आम जनताले सधैँ नै असल र सद्विचारयुक्त मानिसको खोजी गरिरहेका हुन्छन् । कुनै पनि देश र जनताको विकास अर्को देश वा जनताले आएर गरिदिने होइन, याने कि आफ्नो देश र जनताको विकास र भाग्य निर्माणको काम आफ्नै देश र जनताले गर्ने हो । तसर्थ त्यही देश र जनता बढी विकसित र भाग्यमानी हुन्छन्, जुन देश र जनताले असल र सद्विचार भएका मानिस वा नेता पाएका हुन्छन् । विश्वका कैयौँ देशहरूमा यस्ता असल र सद्विचार भएका मानिस नजन्मिँदा सिङ्गो देश नै धराशायी भएर चकनाचुर भई अन्य देशको दास भएर रहनुपरेका अवस्थाहरू धेरै छन् । थोरै मुलकमा भए पनि असल र सद्विचारयुक्त मानिस जन्मिएका कारणले सिङ्गो देश र सम्पूर्ण आम जनताको विकास चुलिएर सुखसमृद्धिका साथ विश्वसामु सानदार इज्जतले जिउन सफल भएका छन् ।

यसको उदाहरणका लागि सिङ्गापुर र मलेसियाका नेताद्वय क्रमशः लि क्वान यू र महाथिर मोहम्मदलाई लिऊँ, जसले केही दशकअघिसम्म अत्यन्त गरिब र नचिनिएको आफ्नो देशलाई केही दशकमै विश्वसामु प्रसिद्ध बनाउन र विश्वको आर्थिक अवस्थाका बीच दरिलो, बलियो र समृद्धिले भरिपूर्ण देश अनि जनतामा परिणत गर्न सफल भए । त्यस्तै चीन, प्रजग कोरिया, दुबई आदि देशहरूले पनि अत्यन्त अपत्यारिलो किसिमले आफ्नो देश र जनताको द्रुततर विकास गर्दै गएका छन् । यी देशहरूमा यसरी विश्व चकित हुने गरी विकास हुनुमा ती देशहरूले असल र सद्विचारयुक्त नेता पाएकाले नै हो । नेता असल र सद्विचारले भरिपूर्ण भएपछि त्यस देशका जनता पनि सोही नेताको विचारलाई अनुसरण गर्दै अघि बढ्ने हुनाले त्यहाँ अत्याचारी र भ्रष्टाचारी दुर्लभै मात्र पाइन्छन् । अत्याचारी र भ्रष्टाचारी नेता र अगुवाहरूले सिङ्गै देशलाई किरा लागेर मक्किएको काठजस्तै काम नलाग्ने बनाएर छोड्छन्, तर असल र सद्विचार भएका नेताहरूको प्रभावले देश अत्याचार र भ्रष्टाचारमुक्त हुन्छ । त्यति मात्र होइन, देशको हरेक क्षेत्रको विकास अपत्यारिलो किसिमले हुन्छ ।

यही विश्व मानचित्रको एउटा कुनामा हाम्रो देश नेपाल अवस्थित छ । यो देश सानो छ । सुन्दर छ । हरेक ठाउँ र वातावरण रमणीय छन् ।

हामीलाई प्रकृतिले हरेक चीज दिएको छ । हामीलाई घर, रेस्टुराँ, पसल, मठमन्दिर आदि केही पनि वातानुकूलित हुन वा बनाउन आवश्यक छैन र चाहिँदैन पनि । किनकि यी सबै कुरा प्रकृतिले हामीलाई भरपुर मात्रामा दिएकी छन् । नेपालको सम्पूर्ण प्रकृति र वातावरण नै एअरकन्डिसनयुक्त छ । भगवान्ले हामीलाई अत्यन्त सुन्दर र रमणीय देशमा जन्म दिएका छन् ।

अरू देशहरू, जस्तै मलेसियाले आफ्नो देशलाई चिनाउन धेरै दुःख गरेर विश्वकै अग्लो ट्विनटावर (जसको नाम हो पेट्रोनास टावर हो) निर्माण गऱ्यो, जसको मूल उद्देश्य थियो बढीभन्दा बढी विदेशी पर्यटक आफ्नो देशमा भित्र्याएर चाँडै नै आर्थिक रूपमा समृद्ध हुनु । सोहीअनुसार त्यो विशाल पेट्रोनास टावरको आकर्षणले विदेशी पर्यटकहरू पनि थामिनसक्नु तरिकाले भित्र्याउन सफल भयो । तर पेट्रोनास टावरको यो अभिलेख धेरै वर्ष कायम हुन सकेन । किनकि केही वर्षपछि नै दुबईले आफूलाई चिनाउन, पर्यटकहरू भित्र्याउन र उनीहरूलाई रिझाएर बढीभन्दा बढी आर्थिक आर्जन गर्न धेरै दुःख गरेर यो पेट्रोनास टावरभन्दा पनि विशाल अग्लो बुर्ज खलिफा विश्वकै अग्लो टावर वा घर निर्माण गऱ्यो । यहीअनुसार देशको विकास द्रुत गतिमा गर्दै गए र विश्वको मानचित्रमा आर्थिक अवस्थालाई लिएर आफूलाई एक सशक्त र शक्तिशाली राष्ट्रका रूपमा परिणत गरी स्थापित हुन सफल भए ।

नेपाललाई आफू चिनाउन, प्रचुर मात्रामा आर्थिक विकास गर्न र जनतालाई समृद्ध बनाउन दुःख गरेर कुनै नयाँ चीजको निर्माण गर्नुपर्दैन र चिन्ता लिनु पनि पर्दैन । किनकि भगवान्ले नै नेपाललाई यति समृद्ध बनाइदिएका छन् कि विश्वमै भएका दस उच्च हिमालमध्ये सर्वोच्च शिखर सगरमाथासहित आठ उच्च हिमाल हाम्रै देश नेपालमा छन्, जसलाई विश्वका कुनै पनि आर्थिक शक्ति सम्पन्न राष्ट्रले चाहेर पनि कुनै हालतमा निर्माण गर्न सक्तैनन् । त्यति मात्र होइन, चन्द्रसूर्य साथै ब्रह्माण्ड रहेसम्म नै निर्माण गर्न सक्तैनन् । यस्तो अद्भुत प्रकृति भगवान्ले हामीलाई दिएका छन्, जुन पृथ्वीको उत्पत्तिदेखि नै थियो र पृथ्वीको अन्तसम्म नै हाम्रै हुनेछ । यस्तो अद्भुत उपहार भगवान्ले हामीलाई दिएका छन् । मिस लिबर्टी, पेट्रोनास टावर, बुर्ज खलिफा जस्ता मानवनिर्मित वस्तुले कमाएको ख्याति र प्रसिद्धि अर्कोले त्योभन्दा राम्रो र ठूलो निर्माण गऱ्यो भने स्वतः समाप्त हुन्छ । यदि रह्यो नै भने पनि त्यसको आयु केवल केही शताब्दीभन्दा बढी हुँदैन । भत्किन्छन्, नासिन्छन् र मासिन्छन् । तर हामीलाई बरदानस्वरूप भगवान्ले दिनुभएका यी उच्च आठ हिमालहरू पृथ्वीको उदयदेखि नै हामीसँग थियो र पृथ्वीको अन्तसम्म पनि हाम्रै हुनेछ ।

त्यस्तै हामीसित अपार कोसी, खोलानाला, नदी आदि प्रचुर मात्रामा छन्, जुन हाम्रो देश नेपाल र हामी नेपालीसँग छ र जो हाम्रो मात्र सम्पत्ति हो, जसबाट पूर्ण क्षमता र शक्तिको विद्युत उत्पादन गर्ने हो भने सिङ्गै एसिया महादेशलाई नै झिलिमिली पार्ने क्षमता नेपाल र नेपालीसँग छ र त्यस अवस्थामा नेपाल विश्वकै धनी राष्ट्र बन्न सक्छ । यस्तो हुँदाहुँदै पनि शदियौँदेखि नेताहरूको स्वार्थी र भ्रष्टाचारी प्रवृत्तिले गर्दा यो देश सबैभन्दा आर्थिक सम्पन्न भई विश्वको एक नम्बर धनी राष्ट्र हुनुको सट्टा उल्टो विश्वको सबैभन्दा गरिब राष्ट्रमा परिणत भएको छ । यो सबै हुनुमा सद्विचार, निःस्वार्थ र असल नेता नेपाल र नेपालीले आजसम्म नपाउनु नै हो । यसरी फूट र भ्रष्टाचारले भरिपूर्ण भएका नेता र उच्च ओहदामा बसेका व्यक्तिहरूको मिलेमतोमा यो देश झन्भन्दा झन् भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ, जसले गर्दा नेता र उच्च ओहदामा रहेका व्यक्तिहरू, तिनका नातागोता र आसेपासेहरू झन्भन्दा झन् धनी भएका छन् भने यो देश र यहाँका जनता विश्वकै गरिब हुन पुगेका छन् ।

देशको यो दयनीय अवस्थामा सिङ्गै देश नेपाल र नेपालीले एक सद्विचार, निःस्वार्थ र असल व्यक्ति खोजिरहेको बेलामा केही दशकअघिदेखि त्यस्तो व्यक्तिका रूपमा समाजसेवा, सद्विचार, धर्मसंस्कृतिप्रति आस्थावान्, निडर र भ्रष्टाचारविरोधी अगुवाका रूपमा भरत जङ्गमलाई एक असल अभियन्ताका रूपमा पाएका छन् । यसरी सिङ्गै देश भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, गैरधार्मिक प्रवृत्ति आदिले आक्रान्त भएको बेलामा यी सबै कुराको विरोधीका रूपमा एक असल, कर्मठ र सद्विचार भएका नेपाली भरत जङ्गम उदाएका छन् । विशेष गरी अहिले भरत जङ्गम भ्रष्टाचारविरोधी अभियानका अगुवा छन् । नेपालमा क्यान्सरका रूपमा शदियौँदेखि नेता र ठूला पदमा रहेकाहरूको पर्यायवाची रूपमा रहँदै आएको भ्रष्टाचार र अनियमितताले नेपाललाई विश्वको आर्थिक अवस्थामा सबैभन्दा गरिब अवस्थामा पुऱ्याइसकेका छन् । यस्तो अवस्थामा केही असल व्यक्तिहरू यो देशले युगौँयुग अघिदेखि खोजिरहेको थियो । आज अगुवाका रूपमा भरत जङ्गमलाई भेट्टाएका छन् । भरत जङ्गम एक निडर पत्रकार हुन्, सामाजिक अभियन्ता हुन्, वरिष्ठ साहित्यकार हुन् । उनी 'कालो सूर्य' जस्तो प्रसिद्ध भ्रष्टाचारविरोधी उपन्यासका लेखक हुन्, जुन उपन्यास विश्वका चौध भाषामा प्रकाशित भइसकेको छ । उनी कानुनविज्ञ हुन् अनि हाम्रो धर्म, परम्परा र संस्कृतिका कट्टर समर्थक हुन् ।

केही वर्षअघिसम्म नेपालका नेता र ठूला पदमा रहेका व्यक्तिहरूले विभिन्न जालझेल गरेर दोहोरो सुविधा लिने गरेका थिए । एकातिर अधिकांशः

नेपालीहरूलाई बिहान-बेलुकाको छाक टार्न पनि धौधौ परिरहेको छ भने अर्कोतर्फ नेता र ठूला पदमा रहेकाहरू भने तिनै गरिब जनताका लागि काम गर्नु त कता हो कता, उल्टो तिनै गरिब जनताले दुखजिलो गरेर तिरेको करमा ब्रह्मलुट गरेर दोहोरो सुविधा लिइरहेका थिए, जसबाट नेपाल राष्ट्रको कोषबाट थुप्रै धनराशी खर्च हुने गर्थ्यो । यस्तो अवस्थामा उनै समाजसेवी अनि भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गमले नेता र ठूला पदमा रहेका व्यक्तिहरूले लिने गरेको दोहोरो सुविधाका विरुद्ध जुडिसियरीमा मुद्दा हाले । त्यसैको फलस्वरूप अहिले लिन नपाउने हुँदा राज्यकोषमा हरेक वर्ष एक अरब पचास करोड रुपियाँ बचत हुन्छ । यो बचत अब हरेक वर्ष मात्र होइन, युगौँयुग हुने गर्छ, जसले गर्दा कालान्तरमा राज्यकोषमा खरबौं-खरबको बचत हुन्छ । यति ठूलो गुण भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गमले नेपाल र नेपालीलाई लगाएका छन्, जुन गुण नेपाल र नेपालीले कहिल्यै भुल्ने छैनन् ।

नेताका साथै ठूला पदमा रहेका पदाधिकारीहरू भ्रष्टाचारी भएमा तीसँग सम्बन्धित अन्य व्यक्तिका साथै पदाधिकारीहरूसमेत भ्रष्टाचारी हुन्छन्, जसले गर्दा सिङ्गै समाज भ्रष्टाचारले व्याप्त हुन्छ भन्ने विचारका धनी हुन् भरत जङ्गम । भ्रष्टाचारलाई सिङ्गै समाज र देशको शत्रु मान्ने व्यक्ति हुन् भरत जङ्गम । त्यसैले नेता वा ठूला पदमा रहेका व्यक्तिहरू सदाचारी भएमा सिङ्गो राष्ट्र र समाज नै भ्रष्टाचारमुक्त हुन्छ भन्ने विचारका धनी हुन् भरत जङ्गम । आधा शताब्दीभन्दा बढी आफ्नो अमूल्य समय भ्रष्टाचारविरोधी अभियानमा नै खर्च गरेका व्यक्ति हुन् भरत जङ्गम । आफूले जति गरे पनि देशमा भ्रष्टाचार झन्‌भन्दा झन् गलत सामाजिक स्थिति नै जस्तो गरेर मौलाउँदै गएकोमा धेरै दुःखित छन् भरत जङ्गम ।

नेपाल र नेपालीका लागि अर्को खुसी र गर्वको कुरा, Science of anti-corruptology सिद्धान्तका प्रतिपादक हुन् उनी । World library of congress मा त्यसको अभिलेख छ । एउटा नेपालीले विश्वमा कुनै विषयको विज्ञान नै प्रतिपादन गर्न सक्तो रहेछ भन्ने कुराको द्योतक हुन् भरत जङ्गम, जुन सम्पूर्ण नेपाली र नेपालका लागि गर्वको कुरा हो । आज धेरै विश्वविद्यालयहरूले यही विषय आफ्नो कोर्समा राख्न जमर्को गरिरहेका छन् । इन्साइक्लोपिडियामा नै Father of anti-corruption भनी उल्लेख गरिएका व्यक्ति हुन् भरत जङ्गम । समाजसेवी एवम हिन्दू सनातन धर्म अनि संस्कृति र परम्पराका कट्टर समर्थक भरत जङ्गमले आफ्ना धेरै अन्तर्वार्ताहरूमा हाम्रो धर्म-संस्कृति र परम्परा बिग्रन र भाँडिन हुँदैन भन्दै जोड दिँदै आएका छन् । यही नै हाम्रो जीवन र समाजको मूल आधार मान्छन् भरत जङ्गम ।

यदि नेपाल र नेपालीले यस्तै विचारका धनी व्यक्तिहरू नेता र ठूला पदमा पहिल्यै पाएका भए हाम्रो अपार विद्युत क्षमताले नेपाल मात्र होइन, सिङ्गै एसिया महादेश नै झिलिमिली हुने थियो, जसले गर्दा नेपाल विश्वकै धनी राष्ट्रमध्ये एक हुने थियो । त्यस्तै कहिल्यै नबिग्रिने, नमासिने र ननासिने विश्वकै अपार अग्ला आठ हिमालहरूले गर्दा थामिनसक्नु पर्यटक भित्र्याएर विदेशी मुद्राको आर्जन थामिनसक्नु भएर प्रत्येक नेपालीको आय प्रतिवर्ष लाखौँ डलर हुने थियो यदि उनै भरत जङ्गमजस्तै व्यक्ति नेपालले अरू धेरै पाएको भए । भरत जङ्गमजस्ता व्यक्ति समाजले पाउनु धेरै-धेरै नै महत्त्वपूर्ण कुरा हो । त्यसैले उनी हुन् सङ्लो विचारका धनी सङ्लो व्यक्तित्व ।

●



शङ्कर भारती उपन्यासकार हुनुनुहुन्छ । उहाँ उपन्यास समाज नेपालका अध्यक्ष पनि हुनुहुन्छ । उहाँका विभिन्न उपन्यासहरू प्रकाशित छन् । उहाँ काठमाडौँमा बस्नुहुन्छ ।

# ख्वपदेशमा भरत जङ्गमको विचरण
## – शशी थापा पण्डित

मैले स्कुले जीवनदेखि सुनेको नाम भरत जङ्गम । उही भरत जङ्गमको 'रातो घाम' म भर्खर स्कुले जीवन छोडेर कलेज जीवन सुरु गर्दाताका घरमा दाइदिदीले पढ्दै गर्दा फेला पारेँ । म बच्चा बेलामा कथा भनेपछि हुरुक्कै हुने । पाएसम्म कथाका किताब कोर्स बुकभन्दा पनि बढी पढ्न रुचाउने । अब त उमेर पनि यौवन फक्रँदै गरेको हुनाले उपन्यासतिर ढल्कँदै थियो । कलेज जीवनमा कथाबाट उठेर उपन्यासमा मन जान थालिसकेको थियो । हो, त्यसै बेला प्राप्त उपन्यास 'रातो घाम' थियो, जुन उपन्यास मेरो जीवनमा मैले पढेको सायद दोस्रो उपन्यास हुनुपर्छ । योभन्दा पहिले पढेको उपन्यास नेपाली समाज परिवेशको थियो भने यो उपन्यास नेपालदेखि बाहेक विदेशी भूमिको थियो ।

नेपालभन्दा पृथक् राजनीतिक माहोल भएको देशको बारेमा लेखियो थियो यो 'रातो घाम' उपन्यास, जुन विदेश अनि कम्युनिस्ट मुलुकका बारेमा बुझ्नका लागि धेरै नै जानकारीमूलक उपन्यास थियो । हो, चीनमा रहेको कम्युनिजम र त्यहाँको व्यक्तिले भोगेको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाका बारेमा राम्रोसँग बुझ्न सकिन्थ्यो यो उपन्यासबाट । कम्युनिस्ट शासन व्यवस्था लागू गर्दै गर्दा सहयोग गर्ने अझ त्यसमा पनि सीमित ठूलाठालु वर्गको विलासितायुक्त जीवनयापन र निम्न वर्गको कष्टदायक एकपेट खान पनि पुगेस्-पुगेस् अवस्थाको जीवनयापनका बारेमा समेत प्रकाश पारिएको थियो 'रातो घाम' मा ।

यो उपन्यास लेखेको बीसौँ वर्षपछि म कम्युनिस्ट मुलुक चीन र उत्तर कोरिया जाँदा यो उपन्यासलाई सम्झिरहेकी थिएँ । यस उपन्यासमा लेखिएका अवस्थाहरू र पात्रहरूलाई खोजिरहेँ । हालको अवस्थामा चीन व्यापारमा विश्वबजारमा अग्रणी भूमिकामा आउन थालिसकेको हुनाले यो उपन्यासमा आधारित जीवनपद्धतिमा धेरै फरकपन आइसकेको थियो । तर यो उपन्यासले उल्लेख गरेको ताजा नतिजा भने अझै पनि उत्तर कोरियामा देख्न सकिँदो रहेछ ।

यसप्रकार भरत जङ्गमको लेखनीय परिचय मैले लगभग २५-३० वर्षअगाडि नै पढिसकेकी थिएँ । त्यसपछिका वर्षहरूमा भरत जङ्गम विभिन्न

अभियानमा जोडिएको खबर सुन्थेँ, पढ्थे । देशमा विकसित विभिन्न राजनीतिकलगायतका विभिन्न घटनाहरूलाई खबरदारी गर्ने गरेको सुन्थेँ । कुनै-कुनै घटनालाई लिएर अदालतमा रिट हालेका छन् रे भन्ने कुरा पनि समाचारहरूबाट थाहा पाउँथेँ । पहिले उनलाई नबुझ्दा त लाग्थो यिनी कुनै वकिल रहेछन् । तर पछि थाहा भयो यिनी एउटा असल नागरिकको जिम्मेवारीको भूमिका निभाइरहेका एउटा अभियन्ता रहेछन् ।

जब यिनीसँग कुराकानी भयो, त्यसपछि यु-ट्युबमा रहेका यिनका केही अन्तर्वार्ता पनि सुन्न थालेँ । यिनका विभिन्न मिडियाहरूमा विभिन्न विषयका बारेमा दिएको अन्तर्वार्ता सुन्दा मैले प्रायः मेरा बुबाबाट सुन्ने गरेको पञ्चायतकाल र बहुदल आएपछिका देशका राजनीतिक अवस्थाका बारेका विश्लेषण, विदेशीको हस्तक्षेप, राजा वीरेन्द्र र रानी ऐश्वर्यको स्वभाव राजनीतिक वृत्तमा यिनले निभाउने गरेको भूमिका, भारतीय भूतपूर्व प्रधानमन्त्री राजीव गान्धी र सोनिया गान्धी र पशुपतिनाथलगायत तत्कालीन घटना परिवेश आदिका बारेमा मेरा बुबाको बोलीको कपी-पेस्टजस्तो लाग्यो । किनकि मेरा बुबाले भोगेको समय र यिनले भोगेको परिवेश र समय एउटै थियो । जङ्गमका अन्तर्वार्ताहरूले ब्रह्मलीन भइसक्नुभएका मेरा बुबा जनकबहादुर थापाले भनेका ती कुराहरूको झलझली याद दिलायो । धेरै पहिले बुबाबाट सुनेका यी कुराहरूको आधिकारिकता पुष्टि गर्न फुटनोट पाएजस्तो लाग्यो उनका अन्तर्वार्ताहरू ।

हालका वर्षहरूमा भ्रष्टाचारीका विरुद्धको अभियानका अभियन्ता भएर सरकारलाई खबरदारी गरिरहेका रहेछन् । तर अझै पनि यिनलाई प्रत्यक्ष आमनेसामने भने भेट्न सकेकी थिइनँ मैले । एक दिन उनले मेरो भरखरै विमोचन भएको कथाकृति 'उठ तिलोत्तमा' का बारेमा पढ्ने जिज्ञासा राखेर उनको पनि एउटा कथाकृति र 'ख्वपदेश' नामको उपन्याससहित गरेर अरू दुईवटा पुस्तक मलाई उपहार दिएर सट्टापट्टा परम्परा ब्युँताइदिए ।

भ्रष्टाचारविरुद्धको अभियानमा लागेका उनले आफ्नो ७५ औँ वर्षगाँठको उपलक्ष्यमा विभिन्न व्यक्तिहरूद्वारा उनको र उनको अभियानका बारेमा लेख लेखाएर ती लेखहरूलाई पुस्तकको स्वरूपमा निकालेर आफूलाई उपहार दिने सोच राखेर यो अभियानमा पनि लागेका रहेछन् । मलाई पनि उनले छुटाउन नचाहेका हुनाले उनका बारेमा र उनको साहित्यिक लेखनीका बारेमा केही कोर्ने मौका मिलेको हो ।

उनले मलाई उपलब्ध गराएका दुईवटा पुस्तकमध्ये म आफू पनि भक्तपुरकी छोरी भएकी हुनाले कथाको किताबलाई छोडेर 'ख्वपदेश' उपन्यास

नै मेरो रोजाइमा पऱ्यो । मैले थाहा पाउँदा नै उपत्यकाका अरू दुई जिल्लाभन्दा भक्तपुर अलि उपेक्षित जिल्ला थियो । उनले पनि भक्तपुरले भोगेको उपेक्षालाई महसुस गरेर के साँच्चै भक्तपुर उपेक्षा गर्न लायक बस्ती हो वा अरू कुनै कारण छ भनेर यसको चिरफार गर्नका लागि नै भक्तपुरको नेवार अझ विशेष गरेर यहाँको बढी मात्रामा बसोवास रहेको ज्यापू समुदायका बारेमा विस्तृत अध्ययन गरेर उपन्यास तयार पारेको देखिन्छ । आज ज्यापूलाई आदिवासीका पनि आदिवासी भन्न थालिएको छ । लिच्छविलाई शासन सत्ताबाट हटाएर मल्ल राजवंशको सुरुवात भएपछि त्यत्रो स्वर्णयुग बनाएर बसेका लिच्छविको नामनिसाना नै नरहने गरेर कता विलय भए भन्ने कुरा पनि खोजको विषय भएको छ । कतै लिच्छवि तिनै ज्यापू समुदाय त होइन भन्ने प्रश्न पनि तेर्सिन थालेको छ । यिनै जातिका बारेमा विस्तृत अध्ययन जङ्गमले यस 'ख्वपदेश' उपन्यासमा गरेको पाइन्छ ।

यस उपन्यासभित्र १२ महिनाका १२ वटा शीर्षकमा कथ्य बुनिएको छ, जुन 'चिल्ला, चौला, बछला, तछला, दिल्ला, गुँला, ञला, कौला, कछला, थिंल्ला, पाहेला, सिल्ला जस्ता नेवारी भाषाका शीर्षकहरू दिएर उपन्यासको कथा बुनिएको छ । उपन्यासको केन्द्रविन्दुमा नारी पात्र चकनालाई उभ्याएर उनीमार्फत नेवारी समुदायअन्तर्गतको ज्यापू संस्कृतिका बारेमा कथा ओकल्न लगाएका छन् । ज्यापू समुदायमा पहिले-पहिले छोरा होस् वा छोरी, दुवैलाई त्यति पढाउने चलन थिएन । त्यस्तो अवस्थामा पनि यस उपन्यासकी नारी पात्रा चकना स्नातकोरसम्म पढेकी शिक्षित नारीका रूपमा उभ्याइएको छ । उनैमार्फत कथाको उठान र अवसान गरिएको छ ।

पहिलो *चिल्ला* भन्ने शीर्षक राखिएको खण्डमा होलीपुन्हि र नववर्ष प्रारम्भका बारेमा ज्यापू समुदायमा कसरी होलीपुन्हि मनाइन्छ, त्यसका बारेमा तथा सांस्कृतिक र मनोवैज्ञानिक अवस्थाका बारेमा विस्तृत रूपमा कथा बुनिएको छ । यस उपन्यासकी प्रमुख पात्रा चकनाको माध्यमबाट होलीपूर्णेको दिन हालको भक्तपुर तत्कालीनको ख्वपदेशमा होली किन मनाइन्छ र त्यहाँ होली मनाउने तरिकाका बारेमा यहाँ उल्लेख गरिएको छ । वसन्त ऋतु नयाँ वर्षको सुरुवात चराचर जगत् र मानव समाजमा समेत नयाँ उत्साह र उमङ्गका साथ हृदयमा प्रेमभाव प्रस्फुटन हुने यस समयमा मनाइने होलीको महत्त्वका बारेमा एकातर्फ चर्चा गर्दै अर्कोतर्फ होलीको समयमा हुने विकृतिका बारेमा उल्लेख गर्न पनि उपन्यासकार यसमा चुकेका छैनन् ।

त्यस्तै *चौला* भन्ने खण्डमा यस उपन्यासको मुख्य पात्रको स्कुले जीवनमा अन्य नेवारी समुदायका बीचमा त्यसमा पनि ज्यापू समुदायबाट

आफू मात्र एक्लै महिलाले स्कुले विद्यार्थी हुँदा भोगेको कुरा र बच्चै अवस्थामा नेवार समुदायको माथिल्लो वर्ग पुरोहित वर्गले तल्लो जात मानिने ज्यापू समुदायको केटीलाई यौनको सिकार मन्दिरभित्रै गरेको कुराको उल्लेख छ । तर उपल्लो जातको केटा भएको हुनाले तल्लो जातकी केटीलाई भने उसले नअपनाएर आफ्नै जातकी केटीसँग विवाह गरेर बसेको छ र पनि बेलाबेला मानसिक रूपमा चकनालाई शिवजुजु, महेश जोशी जस्ताले यौनको वासनामय टर्चर दिन भने छोडेका छैनन्, जुन कुराले केटीप्रति त्यसमा पनि सानो जातिकी केटीप्रति ठूला जातका केटाको यौनप्रतिको गिद्धे नजर यहाँ उद्घाटित भएको छ । बच्चैमा भोग्नुपरेको यौन हिंसाको मानसिक विचलन बोकेर यौवन अवस्थाको उर्लंदो बैंसलाई खेर फालेर मानसिक पीडा भोगेकी नायिकाको अवस्था कतै-कतै दयनीय पनि देखिन्छ यस उपन्यासमा । प्रेम र यौनलाई यस खण्डमा राम्रोसँग लेखकले व्याख्या र विश्लेषण गरेका छन् । साथै यस खण्डमा अर्कोतर्फ दरबार वरिपरिका विभिन्न मन्दिर, ङ्यातापोल मन्दिरलगायत मूर्तिहरूका बारेमा यस खण्डमा व्याख्या गरिएको छ ।

*बछला* खण्डमा ज्यापू समुदायको घरभित्र हुने, खेतबारीमा हुने, लुगा बुन्ने आदिजस्ता विविध संस्कृतिका विभिन्न पाटो उजागर गर्नुका साथै ज्यापू समुदायलाई तल्लो वर्गको भनेर माथिल्लो वर्गकाबाट गरिने थिचोमिचो, हेपाहा व्यवहारका बारेमा मनदुखाइको कुरा यसमा राखिएको छ ।

त्यस्तै अर्को *तछला* भन्ने खण्डमा बिस्केटजात्राका बारेमा विस्तृत उल्लेख गरिएको छ । साथै गरिब र ज्यापू समुदायको तरुनी हुन लागेको अवस्थाकी छोरीलाई काममा लगाइदिने, पढाउने, सिकाउने बहानामा यौनपिपासु बृद्धहरू, जसका श्रीमती यौनकार्यका लागि सक्षम छैनन्, त्यस्ता श्रीमतीकै मिलेमतोमा त्यस केटीलाई कसरी बलिको बोका बनाउँछन् भन्ने कुरा देखाएका छन् ।

अर्को *दिल्ला* भन्ने खण्डमा वैशाख सङ्क्रान्ति र भक्तपुरका नेवार सम्प्रदायको मूल चाड बिस्केटजात्राको लिङ्गो ढलाउने कुराका बारेमा लेखिएको छ । त्यस्तै विस्मृतिमा चकनालाई पुऱ्याएर त्यस समुदायका केटीहरूलाई गुफा राख्ने संस्कारका बारेमा उल्लेख गरिएको छ । गुफा राखेकै अवस्था जुन बेला छोरीहरू बालापन सकिन लागेर यौवन अवस्थामा प्रवेश गर्दै हुन्छन्, त्यसै उमेरमा गुफा राखेका छोरीहरू यौनका शिक्षाहरू पनि दिने परम्परा रहेको कुरा यसमा उल्लेख छ । आज बच्चै बेलादेखि यौनको शिक्षा आवश्यक छ भनेर नेपालको शिक्षा नीतिमा लागू गर भन्दा पनि कानमा तेल हालेर बसेको नेपालको शिक्षा नीतिका अगाडि प्राचीन समयदेखिको नेवार

समुदायमा अपनाउँदै आएको संस्कार कति धेरै वैज्ञानिक छ भन्ने कुरा यस उपन्यासमा देखाउन खोजेको देखिन्छ । त्यस्तै बेलविवाह भन्ने संस्कारको पनि यहाँ उल्लेख गरिएको छ । नेवार समुदायका छोरीहरूको मानव पुरुषसँगको विवाह जीवन निर्वाह गर्नका लागि साथीको भूमिका मात्र हो । उनीहरूले लोग्ने मरे पनि कहिल्यै पनि विधवा भएर वैधव्यको भोग अन्य जातका महिलाले भोगेजस्तो भोग्नुपर्दैन भन्ने वैज्ञानिक आधार खडा गरेर प्राचीन समयमा हुने गरेको सतीप्रथाबाट आफ्ना नारीहरूलाई बचाएको देखिन्छ । यस्ता प्रथाले नारीको महत्त्व र सर्वमान्य स्थानलाई स्वीकारेको देखिन्छ ।

त्यस्तै अर्को *गुँला* भन्ने खण्डमा खेतमा गएर भ्यागुतोको पूजा गर्ने र क्वाँटी खाने, धान रोप्ने संस्कार र त्यस समयमा हुने प्रेमप्रसङ्गका बारेमा, गथामुग जात्रा, पुलुकिसीजात्रा, गाईजात्राको उल्लेख यस खण्डमा छ ।

*ञला* भन्ने खण्डमा नारीले नारीको विरोध गर्ने र पुरुषले बरू नारीलाई सहयोग गर्दछ भन्ने जनधारणालाई लेखकले यसमा समावेश गरेका छन् । त्यस्तै ज्यापू समुदायमा पुरुषभन्दा महिलालाई ठूलो महत्त्व दिने, नकि वा नाइके पनि महिला नै हुन पाउने कुराको उल्लेख गरिएको छ ।

*कौला* भन्ने खण्डमा नवदुर्गा नाचका बारेमा विस्तृत उल्लेख गरिएको छ । त्यस्तै उपत्यकामा मल्लकालीन समयमा हिन्दूधर्मका मठमन्दिरहरूमाथि बौद्धधर्मले अतिक्रमण गरेको र यसलाई दुत्कारेर विभिन्न हिन्दूधर्मसँग सम्बन्धित शिवलगायतका मन्दिरहरूको निर्माण र पुनर्निर्माण गरेका कुराको पनि उल्लेख गरिएको छ ।

*कछला* भन्ने खण्डमा नवरात्रमा विभिन्न देवीमन्दिरमा हुने पूजाका बारेमा उल्लेख गरिनुका साथै नवरात्र वा दशमीको रात्रि माया-प्रेम बसेकाहरूले एक-अर्कासँग भागेर विवाह गर्ने संस्कारका बारेमा, ज्यापू समुदायका महिलाहरूको नेतृत्वदायी भूमिका र घरपरिवारमा हुने उच्च स्थानका बारेमा पनि उल्लेख गरिएको छ ।

*थिंल्ला* भन्ने खण्डमा न्हुदया भिन्तुना, नेपाल सम्वत्, लक्ष्मीपूजा, म्हपूजा र किजापूजाको संस्कारका बारेमा, ज्यापू समुदायका भोज र खानेकुराहरूका बारेमा यसमा उल्लेख छ ।

*पोहेला* भन्ने खण्डमा योमह्रीपुन्ही संस्कारका बारेमा लेखेका छन् । यस खण्डमा ज्यापू समुदाय कुनै पनि व्यक्तिलाई बाँच्नका लागि चाहिने हरेक चीज आफैँ उत्पादन गर्न सक्ने स्वावलम्बी जाति हुन् भन्ने कुरा यसमा देखाएका छन् ।

*सिल्ला* भन्ने खण्डमा नेवारी समुदायमा बुढाबुढीलाई गरिने जङ्को भन्ने संस्कारका बारेमा उल्लेख गरिएको छ । अन्तमा चकनाले शिवजुजुको वासनायुक्त प्रेमलाई तिलाञ्जली दिएर आफ्नै समुदायको भुइचाको आत्मिक प्रेमलाई स्वीकारेर उपन्यासको अन्त्य गरिएको छ ।

केही दशक अगाडिसम्म ज्यापू समुदायमा महिला र पुरुष दुवैलाई पढाउने चलन त्यति थिएन । यदि कुनै ज्यापू महिलाहरूले पढे भने आफ्नो जातको पुरुष विवाहका लागि पाउन नै गाह्रो र अन्य जातको पुरुषले पनि विवाह नगर्ने हुनाले प्रायः पढाउने चलन थिएन । यस उपन्यासमा पनि यही कुरा देखाएर स्नातकोत्तर तह पास गरेकी चकनालाई पढेका अन्य उच्च जातका पुरुषले विवाहका लागि स्वीकारेनन् । तर वासनाको गिद्धे नजर भने सधैँ लगाइराखे । अन्तमा अनपढ भुइचाले भए पनि स्वीकारेर तत्कालीन समयको समस्या यस उपन्यासमा उजागर गरेको पनि देखियो ।

यस उपन्यासमा एउटा पक्ष ज्यापू समुदायको जात्रापर्वका बारेमा, सांस्कृतिक र सामाजिक परम्पराका बारेमा, धर्मका बारेमा, घरभित्रका विभिन्न संस्कारहरूका बारेमा, खेतबारीमा लगाउने विभिन्न अन्नबाली र त्यसको संरक्षणका बारेमा, फलेका अन्नहरूको पछिसम्म प्रयोग गर्नका लागि भण्डार गर्ने प्रविधिका बारेमा र त्यससँग सम्बन्धित विभिन्न परम्पराका बारेमा मनोरञ्जनका साथै जानकारीसमेत यस उपन्यासमा दिइएको छ । नेवार समुदायभित्र पनि चार जात र छत्तीस वर्ण हुन्छ भन्ने कुरालाई देखाउँदै यसै समुदायकै उच्च वर्गले आफूभन्दा तल्लो जातिलाई गरिने भेदभावको बारेमा त यस उपन्यासले चर्चा गरेकै छ ।

अर्को पक्ष भनेको ख्वपदेशभरि भएका विभिन्न मठमन्दिर देवालय, मूर्ति, पुरातत्वका बारेमा समेत यस उपन्यासमा उल्लेख गरिएको छ । यो उपन्यास पढ्दा पनि अनि यिनको 'रातो घाम' उपन्यास पढ्दा पनि मलाई एउटै कुरा मनमा के लागिरह्यो भने यिनी सस्तो मनोरञ्जन दिन मात्र किताब लेख्दैनन् । यिनका उपन्यासभित्र मनोरञ्जनका साथै प्रेम र यौनको विषय एक पक्ष हो, जसले पाठकलाई तान्ने र मनोरञ्जन दिने काम गरेको छ । यी कुरा उपन्यासका गहना पनि हुन् । तर यिनको उपन्यासको अर्को बलियो पक्ष भनेको जुन सन्दर्भमा साहित्य कोरिन लागेको हो, त्यसका बारेमा पाठकलाई गहन र विस्तृत जानकारी र सन्देश प्रदान गर्नु महत्त्वपूर्ण देखिन्छ । यिनले उपन्यास खोजमूलक अनुसन्धानमा आधारित रहेर लेख्ने गरेका छन् । धर्मसंस्कृति, परम्पराका साथै मूर्तिहरू, मन्दिरहरूका स्वरूपहरू यस प्रकारले किन बनाइएका हुन् आदिका बारेमा तिनका दर्शनहरूको विश्लेषणात्मक

रूपमा चिरफारका साथ उनले उपन्यास लेखेको देखिन्छ । उपन्यास पढ्ने पाठकलाई पढिसकेपछि मनोरञ्जन मात्र होइन, धेरै कुराको जानकारीसमेत प्राप्त हुने गर्दछ ।

'एक पन्थ दो काज' भनेजस्तो छ यिनको साहित्य । यिनैले भनेअनुसार आफू जन्मेको स्थानको कर यो उपन्यास लेखेर तिरेको कुरा उपन्यास पढ्दा सही नै लाग्दछ । किनकि यिनले 'ख्वपदेश' अझ त्यसमा पनि त्यहाँका बहुसङ्ख्यक रूपमा रहेका ज्यापू समुदायका बारेमा यिनका संस्कृति, परम्परा, रीतिरिवाज, धर्म, समाज आदि सबैको व्याख्या गर्नमा कुनै कन्जुन्याइँ गरेका छैनन् । अर्कोतर्फ भने ख्वपदेशमा भएका विभिन्न जात्रा, पर्व, मठमन्दिर, दरबार आदिको पनि विस्तृत रूपमा उपन्यासका पात्रहरूमार्फत ओकल्न लगाएका छन् ।

यिनको उपन्यासलगायत अन्य कथाहरू पढ्दा लाग्यो उनी धेरै नै बौद्धिक हिसाबबाट साहित्यलाई पस्कन मन पराउने लेखक हुन् । यिनका यिनै अनुसन्धानमूलक व्यवहारले गर्दा नै पनि हुन सक्छ यिनको खोजमा आफ्नो प्यारो देश अविकसित भएको, देश र जनताले दुःख पाएको प्रमुख कारण देशमा भइरहेको भ्रष्टाचार नै हो । त्यसैले पनि यिनले पछिल्लो समयमा आफूले गरिरहेको राजनीतिलाई चटक्कै छोडेर भ्रष्टाचारविरुद्धका अभियन्ताको भूमिकामा आफूलाई अग्रसर तुल्लाएका छन् ।

यिनको भ्रष्टाचारविरुद्धको यस अभियानमा सफलता मिलोस् । ख्वपदेशलगायत देशभरिका विभिन्न देवीदेवताका साथै हामी नेपालीको शुभ आशीर्वाद र शुभकामना लागोस् । शुभकामना भरत जङ्गम दाइ !

●



शशी थापा पण्डित विभिन्न पुस्तककी लेखिका हुनुहुन्छ । उहाँले विभिन्न पत्रिकाको सम्पादन गर्नुभएको छ र उहाँले विभिन्न पुरस्कार र सम्मान पनि पाउनुभएको छ । उहाँ धेरैवटा संस्थाहरूमा संलग्न हुनुहुन्छ । उहाँले प्राध्यापन पनि गर्नुभएको छ ।

# आध्यात्मिक चिन्तक
## – शालिग्राम न्यौपाने

मन्दिरैमन्दिरको सहर भक्तपुरमा जन्मी हुर्केका भरत जङ्गम वैदिक सनातन धर्मको संरक्षणमा क्रियाशील अगुवा हुनुहुन्छ । उहाँ धार्मिक विद्वान् त हुँदै हो, उहाँमा इतिहासको पनि गहिरो ज्ञान छ । भरत दाइ स्वतन्त्र एवं न्यायपूर्ण धार्मिक समाज निर्माण अभियानका अभियन्ता पनि हुनुहुन्छ । मुलुकको बेथिति र विसङ्गति अत्य गरी सुखी समाज निर्माणमा समर्पित अगुवा हो भरत दाइ । उहाँको अर्को चिनारी हो भ्रष्टाचारविरोधी अभियन्ता । देशमा आर्थिक पारदर्शिता र सुशासन कायम गराउन उहाँ हरपल खबरदारी गरिरहनुहुन्छ ।

मैले उहाँलाई वि. सं. २०३९ सालदेखि चिनेको हुँ । उहाँ सुशासन र नागरिक हितका पक्षमा, धार्मिक सम्पदा संरक्षण र आध्यात्मिक जागरणमा संलग्न हुँदै आउनुभएको छ । यहाँ मैले थाहा पाएका केही सन्दर्भ उल्लेख गर्छु ।

उहाँले भक्तपुरको वागेश्वरीमा रहेको सरस्वती मन्दिरमा निजी खर्चमा सरस्वतीको मूर्ति स्थापना गर्नुभएको छ । आफूले कमाएको आफ्नै सन्तानलाई मात्र पोस्ने काम त कुकुरको मात्र हो । मानिसले त आफ्नो पौरखको केही हिस्सा समाज र धर्मका लागि खर्च गर्नुपर्छ भन्ने उहाँको विचार छ । भक्तपुरको साविक दधिकोट र गुन्डूको बीचमा अवस्थित अनन्तलिङ्गेश्वर मन्दिर ओझेलमा परेको थियो । यस मन्दिरमा भरत दाइले वि. सं. २०७० सालदेखि नियमित रुद्राभिषेक, अखण्ड दीप प्रज्ज्वलन गर्नुका साथै वैदिक विधिअनुसार शिवजीको नित्य पूजा गर्न आर्थिक सहयोग गर्नुभयो ।

मन्दिरको दैनिक खर्च व्यवस्थापनमा आर्थिक समस्या नहोस् भनेर उहाँले मासिक सहयोग गर्न चन्दादातालाई प्रेरित गर्नुभयो । त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रलाई निम्तो दिई केन्द्रकै अगुवाइमा अनन्तलिङ्गेश्वर मन्दिर परिसमा शिवपुराण लगाई उठेको रकम योगदान बचत तथा ऋण सहकारीमा राखिएको छ । त्यसको ब्याजबाट दैनिक कार्य सञ्चालन हुँदै आएको छ । उहाँले हाम्रो अनन्तलिङ्गेश्वर मन्दिरलाई आर्थिक सहयोग पुगोस् भनेर आफ्नो परिवार र नातागोतासमेतलाई मासिक चन्दादाता बनाउनुभएको थियो । उहाँको आर्थिक र वैदिक सहयोगप्रति अनन्तलिङ्गेश्वर परिवार सधैं ऋणी

रहनेछ । आज अनन्तलिङ्गेश्वर व्यवस्थित धार्मिक क्षेत्रका रूपमा विकसित भइसकेको छ । यहाँसम्म आइपुग्नुमा भरत दाइको योगदान पनि ठूलो छ । उहाँप्रति हामी सदा नमन गर्दछौँ ।

दाइको योगदानको चर्चा गर्ने क्रममा अब कुरा गरौँ डोलेश्वर महादेवको । भक्तपुरकै सिपाडोलमा रहेको डोलेश्वर महादेव ओझेलमा परेका थिए । शिवभक्त भरत दाइले पौराणिक इतिहास अध्ययन गर्नुभयो । डोलेश्वर नै भारतको उत्तराखण्डमा रहेका केदारनाथको शिर भएको प्रमाणहरू फेला पार्नुभयो । अनि केदारनाथका पीठाधीश स्वामी भीमाशङ्करलाई नेपालमा झिकाएर डोलेश्वर नै केदारनाथको शिर भएको घोषणा गराउनुभयो । त्यसपछि डोलेश्वरको चर्चा चुलियो । हिजो केदारनाथ दर्शन गर्न हामी नेपाली भारतमा जान्थ्यौँ भने आज भारतीयहरूसमेत डोलेश्वर दर्शन गर्न नेपाल आउन थालेका छन् । पूर्वाधार विकासका हिसाबले समेत डोलेश्वर मन्दिर क्षेत्र विकसित भइसकेको छ ।

यसरी भक्तपुरमा भरत दाइले धेरै काम गर्नुभएको छ । योगदान पुऱ्याउनुभएको छ । आज भरत दाइको हीरक महोत्सव मनाउन पाउँदा मलाई धेरै खुसी लागेको छ । उहाँ भक्तपुरको ज्योति हुनुहुन्छ । भरत दाइ, अनन्तकालसम्म चम्किरहनुस् है ! श्री अनन्तलिङ्गेश्वरले तपाईंका सकल परिवारको कल्याण गरून् । सधैँ खुसी, सुखी र निरोगी रहनुस् र शताब्दी पुरुष बन्नुहोस् । धेरै-धेरै शुभकामना !

●



शालिग्राम न्यौपाने अनन्तलिङ्गेश्वर संरक्षण तथा विकास समितिका अध्यक्ष हुनुहुन्छ ।

# बधाई र शुभकामना
## – शेषराज सिवाकोटी

नेपाली समाजमा चिरपरिचित व्यक्तित्व भरत जङ्गमको ७५ औं शुभजन्मोत्सवलाई विशेष रूपले मनाउन अर्थात् हीरक जन्मोत्सवका रूपमा उत्साहपूर्वक मनाउन भरत जङ्गम हीरक जन्मोत्सव मूल समारोह समिति नेपाली वाङ्मयमा विशिष्ट विद्वान्, मूर्धन्य समालोचकका रूपमा स्थापित प्राध्यापक डा. वासुदेव त्रिपाठीको संयोजकत्वमा गठन गरिएको र त्यही समारोह समितिको अग्रसरतामा 'कालजयी व्यक्तित्व भरत जङ्गम अभिनन्दनग्रन्थ' को दोस्रो भाग प्रकाशन हुन लागेको जानकारी पाउँदा खुसी लाग्नु स्वाभाविक हो ।

हामी विद्यार्थी छँदा नै भरत जङ्गम स्थापित लेखकका रूपमा परिचित हुनुहुन्थ्यो । २०३७ सालमा प्रकाशित उहाँको 'कालो सूर्य' नामक औपन्यासिक कृतिले उहाँ धेरै चर्चामा आउनुभएको थियो । त्यसमा पनि कितावमा समाविष्ट विशिष्ट आख्यानस्रष्टा बीपी कोइरालाको सङ्क्षिप्त मन्तव्यले समेत 'कालो सूर्य' उपन्यास चर्चाको शिखरमै पुगेको थियो । यसको धेरै भाषामा अनुवादसमेत भयो । सम्भवतः धेरै भाषामा अनुवाद हुने सौभाग्य पाउने औपन्यासिक कृति 'कालो सूर्य' नै हुनुपर्दछ ।

यसपछि प्रकाशित भएका अरू औपन्यासिक कृति बरू 'कालो सूर्य' को उचाइमा पुग्न सकेनन् । उहाँको व्यक्तित्व पनि बहुआयामिक बन्दै गयो । सुरुमा समाजसेवी र लेखक-साहित्यकारका रूपमा उदाउनुभएका भरत जङ्गम पछि पत्रकार, समाजसेवी, नागरिक समाजका अभियन्ता, सचेत र निर्भीक बुद्धिजीवी, सार्वजनिक सरोकारका विवादमा अदालतको ढोका ढकढक्याउने देशभक्त सचेत नागरिक अगुवाका रूपमा समेत परिचित हुन पुग्नुभयो । पछिल्लो समय त उहाँ साहित्यिक स्रष्टा र संस्कृतिविद् लेखकका रूपमा भन्दा पनि भ्रष्टाचारविरोधी आन्दोलनका उन्नायक र मूल अभियन्ताका रूपमा समेत चिनिन पुग्नुभएको छ ।

उहाँकै प्रयास र अग्रसरतामा उहाँले अघि सारेको भ्रष्टाचारविरोधी शास्त्र (एन्टिकरप्टोलोजी) ले प्राज्ञिक मान्यता पाएर त्रिभुवन विश्वविद्यालयमा यसबारेमा पठनपाठनसमेत सुरु भएको छ । यो सबैका लागि सुखद प्रसङ्ग हो । भविष्यमा विश्वका अन्य विश्वविद्यालयमा समेत पठनपाठन सुरु भएमा अझै खुसीको कुरा हुनेछ ।

साहित्यकारका रूपमा उदाउनुभएका भरत जङ्गम अहिले गम्भीर सांस्कृतिक अध्येताका रूपमा देखापर्नुभएको छ । धनवज्र बज्राचार्यको 'लिच्छविकालका अभिलेख' नामक महत्त्वपूर्ण कृतिको विवेचना र विविध सांस्कृतिक पक्षहरूलाई समेटेर उहाँहरू एक कृति नै प्रकाशन गर्नुभएको छ ।

यसरी बहुआयामिक व्यक्तित्वका धनी भरत जङ्गमको बहुमुखी व्यक्तित्व विखण्डन भएर उहाँ अनेक रूपमा चिनिन पुग्नुभए पनि सबैमा उहाँको देशभक्ति र संस्कृतिप्रेम स्पष्टै देखिन्छ । त्यसमध्ये देशभक्त सचेत नागरिकका रूपमा सर्वोच्च अदालतमा उहाँले दायर गर्नुभएको सार्वजनिक सरोकारका महत्त्वपूर्ण विवादहरूमा सर्वोच्च अदालतबाट भएको महत्त्वपूर्ण व्याख्या र सरकारका नाममा भएका आदेशबाट समेत उहाँमा संस्कृतिप्रेम र देशभक्तिको उचाइ अझै बढेको महसुस गरेको छु ।

भरत जङ्गमको बहुआयामिक व्यक्तित्व र विशद् योगदानको कदरस्वरूप 'भरतेन्दु' र 'भरतांशु' नामका २ वटा महाकाव्य नै लेखिनु हामीहरूका लागिसमेत प्रसन्नताको कुरा हो । भरत जङ्गमको स्रष्टा व्यक्तित्व र अन्य बहुआयामिक विशद् योगदानका बारेमा त्रिभुवन विश्वविद्यालयका १८ जना व्यक्तिले स्नातकोतर तहको शोधपत्र र नेपाल संस्कृत विश्वविद्यालयबाट एकजना शोधार्थीले विद्यावारिधि तहको शोधपत्र गरेको पाइन्छ ।

भरत जङ्गम हीरक महोत्सव मूल समारोह समितिमा संयोजकका रूपमा रहनुभएका विशिष्ट विद्वान् प्राध्यापक डा. वासुदेव त्रिपाठी, सहसंयोजक विद्वान् डा. माधव भट्टराई र सदस्य सचिव हरि मञ्जुश्रीलगायत मूल समितिमा रहेका वाङ्मयप्रेमी व्यक्तित्वहरू धन्यवादका पात्र रहनुभएको छ ।

हीरक शुभजन्मोत्सवको शुभअवसरमा म दाइ भरत जङ्गमलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँको दीर्घायु र सुस्वास्थ्यको कामनासहित हार्दिक शुभकामना अर्पण गर्दै यी सबै क्षेत्रमा उहाँको निरन्तर गतिशीलता र अनवरत सिर्जनशीलताको कामनासमेत गर्दछु ।

●



शेषराज सिवाकोटी उच्च अदालत सुर्खेतका कामु मुख्य न्यायाधीश हुनुहुन्छ । उहाँ लेखक एवं 'ज्ञानगुनका कुरा' साहित्यिक पत्रिकाका सम्पादक-प्रकाशक पनि हुनुहुन्छ ।

# भरत जङ्गमको व्यक्तित्व
## – श्याम केसी

मैले भरत जङ्गमबाट गरिएका कार्यहरूबारे पहिलेदेखि नै सुनेको थिएँ । म नेपाल सरकारको सेवामा कार्यरत रहँदा उहाँ सरकारको सार्वजनिक सेवा निरीक्षण तथा अनुगमन समिति (बागमती तथा नारायणी अञ्चल) को संयोजकमा हुँदा राष्ट्रिय सभाहलमा निजामती सेवामा कार्यरत मन्त्रालय तथा विभागका कर्मचारीहरूलाई भेला गराई अधिकृत कर्मचारीहरूले कार्यालयमा जाँदा राष्ट्रिय पोसाक लगाउनुपर्ने र कार्यालय परिसरमा कुनै राजनीतिमा आस्था राख्ने सम्पर्क कार्यालय भए तुरुन्त हटाउनुका लागि निर्देशन दिनुभएको बेलामा म पनि त्यहाँ उपस्थित थिएँ । तर हामीबीचमा भएको पारिवारिक सम्बन्धका कारणले उहाँलाई मैले नजिकबाट चिनेको छु ।

उहाँ एक सामाजिक, धार्मिक, सांस्कृतिक विकास तथा भ्रष्टाचारविरुद्धको कानुनी लडाइँमा अत्यन्त महत्त्वपूर्ण कार्यहरू तथा राष्ट्रका लागि केही योगदान दिने एक अभियन्ताका रूपमा पहिचान दिने व्यक्तिका रूपमा चिनेको छु । उहाँ सधैँ कुनै पनि व्यवस्थाको गलत निर्णय प्रवृत्तिविरुद्ध निडर भई कडा रूपमा प्रस्तुत भई उत्रिने योद्धाका रूपमा देखेको छु । हामीहरू उहाँलाई राज्यका सुविधाभोगीसँग वैर राख्ता जनधनको नोक्सानी होला भनेर सम्झाउने गर्दथ्यौँ । तर उहाँ आफ्नो मनोबल उच्च राखी त्यस्ता व्यक्तिहरूसँग विचलित नभई सधैँ तिनीहरूसँग मुकाबिला तथा आलोचना गर्नुहुन्थ्यो ।

उहाँको धार्मिक र सांस्कृतिक विकासमा पनि ठूलो योगदान छ । उहाँको एकल प्रयासको परिणामस्वरूप भक्तपुर सिपाडोलस्थित डोलेश्वर महादेव मन्दिरको आसपासको क्षेत्र मन्दिरको जीर्णोद्धार, निर्माण कार्यहरूका साथै बाटोघाटोको हालको स्थितिमा पुगेको देखेका छौँ । उहाँले यस शिवमन्दिरका लागि नित्य प्रचारप्रसार गरी जगद्गुरु श्री श्री श्री भीमाशङ्कर लिङ्ग शिवाचार्य महास्वामीबाट डोलेश्वर महादेवको मूर्ति केदारनाथको शिरोभागका रूपमा प्रमाणित गराई हालको स्थितिमा पुऱ्याउनुभएको कुरा मन्दिरको ढोकानजिकै राखेको शिलालेखबाट प्रमाणित हुन्छ ।

त्यस्तै काठमाडौँ महानगरपालिका वडा नं. १० मध्यबानेश्वरस्थित बानेश्वर मन्दिरमा स्कुल तथा मन्दिरको बीचमा केही समयअघि विवाद

थियो । त्यो परिसरभित्रका तीन अलग-अलग पहिचान भएका बानेश्वर शिवमन्दिर (नारायणी मन्दिर, ललितादेवी मन्दिर, रत्नराज्य माध्यमिक विद्यालय तथा रत्नराज्य पुस्तकालय) छन् । तर केही समयअगाडि स्कुलका प्रधानाध्यापकको निजी स्वार्थ तथा लाभका कारणले गर्दा विद्यालय तथा मन्दिरबीच द्वन्द्व सिर्जना भएको थियो । त्यसका विरुद्धमा भरत जङ्गमको पहलमा स्थानीय सरकारका जनप्रतिनिधि र स्थानीय व्यक्तिहरूको पहलमा विवाद समाधान भई हाल मन्दिरमा दैनिक पूजापाठ अखण्ड दीपप्रज्ज्वलन तथा बेलुकीको आरती कार्यक्रम हुँदै आएको छ । बानेश्वर शिवमन्दिरको आफ्नै महिमा छ । यो श्री पशुपति महादेवको दक्षिणतर्फ अवस्थित भएका कारणले गर्दा यहाँ धार्मिक कार्य तथा पूजापाठ गर्दा सिद्धि प्राप्त हुने जनविश्वास छ ।

उहाँ साहित्यिक व्यक्तित्वका रूपमा पनि प्रभावशाली देखिनुहुन्छ । उहाँको साहित्यिक क्षेत्रमा पनि त्यत्तिकै लगाव तथा योगदान छ । उहाँबाट प्रकाशित भएका कृतिहरूमध्ये 'कालो सूर्य' ले एक अलग पहिचान राखेको छ । त्यसबाट समाजमा व्याप्त नैतिक ह्रास र भ्रष्ट प्रवृत्तिको राम्रोसँग उजागर तथा चित्रण गर्न खोज्नुभएको छ । यो उपन्यास विभिन्न भाषाहरूमा जस्तै : अङ्ग्रेजी, हिन्दी, चिनियाँ, रूसी, जापानी, बङ्गला, असमी, उर्दू, मैथिली, नेवारी र कन्नण भाषामा अनुवाद भएको छ ।

भरत जङ्गम मुलुकमा व्याप्त भ्रष्टाचारको विरोध गर्ने एक क्रियाशील अगुवाका रूपमा आफ्नो पहिचान राख्नुभएको छ । उहाँको अथक प्रयासको परिणामस्वरूप हाल त्रिभुवन विश्वविद्यालयमा भ्रष्टाचारविरोधी शास्त्र विषयमा स्नातकोत्तरको अध्यापन-अनुसन्धान सुरु भएको छ । यो विषय लिएर अनुसन्धान गर्ने स्नातक, स्नातकोत्तर र पीएचडी गर्ने विद्यार्थीहरू र शोध-अनुसन्धानकर्तालाई आवश्यक पर्ने सुझाव-सल्लाह, सहयोगी सामग्रीहरूका साथै आर्थिक सहयोग पनि प्रदान गर्दै आउनुभएको छ । उहाँको उत्कृष्ट कार्य यस विषयसँग सम्बन्धित कार्य उदाहरणका लागि आफू सत्तामा हुँदा नियम-कानुनको उपहास बर्खिलाप गरी सरकारले कसरी भ्रष्टाचारको नमुना देखाउँछ भनी प्रस्ट उदाङ्गो पारेको छ ।

एक अवधि सांसद भएपश्चात् नेपाल सरकारमा नोकरी गरेका कर्मचारीहरूले आफू निवृत्त भएपछि पाउन पेन्सन सुविधाजस्तै आफूहरूले पनि आजन्म पेन्सन सुविधा पाउने कानुन बनाएका थिए । त्यस्तै निजामती सेवाबाट अवकाश भई विभिन्न संवैधानिक तथा राजनीतिक पदमा नियुक्त भएका पदाधिकारीहरूले दोहोरो सुविधा (जस्तै पेन्सन, तलब, भत्ता) लिने

प्रावधानका विरुद्धमा सर्वोच्च अदालतमा रिट दायर गरी सांसदले पेन्सन लिन नपाउने र दोहोरो सुविधाको सट्टा कुनै एक मात्र पाउने भनी अदालतद्वारा विपक्षीहरूको मात्र अमान्य तथा बदर घोषित गरी फैसला भएको थियो । यसबाट नेपालजस्तो गरिब मुलुकलाई एक ठूलो व्ययभार हुनबाट बचाएको छ । यसलाई भविष्यमा आउने पिँढीहरूले सधैँ उहाँलाई सम्झिरहन्छ भन्ने कुरामा पूर्ण विश्वास गर्दछु ।

अन्त्यमा, यो लेख ७५ औँ वर्षको हीरक जन्मोत्सवको शुभअवसरमा प्रकाशित हुन लागेको हुँदा उहाँप्रति मेरो अनुभव र धारणा राख्ने अवसर प्रदान गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्दै उहाँ र उहाँकी श्रीमतीको सुस्वास्थ्य एवं दीर्घायुको मङ्गलमय कामना गर्दछु ।

●



श्याम केसी नेपाल सरकारको निजामती सेवाका पूर्वप्रशासक, लेखक तथा समाजसेवी हुनुहुन्छ ।

# गौरवान्वित भादगाउँले
## – श्यामसुन्दर धौभडेल

भरत जङ्गमको नामै काफी छ सामाजिक, धार्मिक, सांस्कृतिक र भ्रष्टाचारविरुद्धको अभियन्ताका रूपमा । भक्तपुर टौमढी टोलमा जन्मेर उहाँका बुबा कान्छा महन्तको धार्मिक, सांस्कृतिक र सामाजिक अभियानलाई पछ्याउँदै उहाँ यहाँसम्म पुग्नुमा उहाँका बुबा प्रेरणाको स्रोत बन्नुभएको छ ।

कान्छा महन्त भक्तपुरका एक प्रतिष्ठित एवं सामाजिक अभियन्ता हुनुहुन्थ्यो । उहाँले दीनदुःखीको सेवा गर्नुका साथै स्वास्थ्य क्षेत्रमा भैरवामृत आयुर्वेदिक उपचार केन्द्रको स्थापना गरी निःशुल्क आयुर्वेदिक उपचार भक्तपुरको टौमढी टोलमा नै सुरु गर्नुभएको थियो, जसले गर्दा स्वास्थ्य-उपचारमा जनतामाभ्क सहजता प्रदान भएको थियो । कोही कसैलाई दुःख, पीडा, आपतविपद भएमा उहाँ सक्दो सहयोग पुऱ्याउनुहुन्थ्यो । न्याय नपाए राजा राम शाहकहाँ जानु भनेजस्तै सहयोग नपाए कान्छा महन्तकहाँ जानु भन्ने कथनलाई चरितार्थ गर्नुभएको थियो ।

उहाँकै गुण भरत दाइमा अवतरण भएको देखिन्छ । उदाहरणका लागि भक्तपुर अवस्थित डोलेश्वर महादेव (जो केदारनाथको शिर कहलाइन्छ) को प्रचारप्रसारमा उहाँले ठूलो योगदान पुऱ्याउनुभएको छ । उहाँले भारतका पीठाधीशलाई आमन्त्रण गरी नेपाल एवं भारतमा समेत डोलेश्वर महादेवको उत्पत्ति र सोको प्रचारप्रसारमा ठूलो भूमिका खेलेअनुरूप आज डोलेश्वर महादेव मन्दिर एवं शिवालय धार्मिक तथा पर्यटकीय स्थलमा परिणत भएको छ । भक्तपुरवासीका लागि मात्र नभई स्वदेशी एवं विदेशीका लागिसमेत उहाँले गर्नुभएको योगदानले गर्दा उहाँ गौरवान्वित भादगाउँले हुनुभएको छ ।

●



लेखक श्यामसुन्दर धौभडेल भक्तपुरमा अवस्थित सिद्धि स्मृति प्रतिष्ठानका संस्थापकमध्येका एकजना समाजसेवी तथा लेखक हुनुहुन्छ ।

# नथाकेका पाइलाहरू
## – सावित्री जङ्गम थापा

पृथ्वीमा जन्मिने प्रत्येक जीवले आफ्नो पूर्वजन्मको सञ्चित कर्मअनुसार जीवन र भाग्य लिएर जन्मेको हुन्छ । त्यसै गरी प्रत्येक मानिसले आफ्नो साथमा निश्चित कर्महरू लिएर आएको हुन्छ । भनिन्छ मानिसले यस जन्ममा गरेका राम्रा-नराम्रा कर्मको फल केही मात्रामा यही जन्ममा उसले भोग्नुपर्ने हुन्छ र बाँकी अर्को जन्ममा भोग्नुपर्दछ । सोहीअनुसार हरेक व्यक्तिको व्यक्तित्व, स्वभाव, चरित्र र भाग्य केही उसको पूर्वजन्मको कर्मफलअनुसार र केही यस जन्मको पारिवारिक संस्कार, वातावरण र उसले गर्ने कर्मअनुसार बनेको हुन्छ ।

संसारमा राम्रा-नराम्रा, असल-खराब दुवै थरिका मानिसहरू हुन्छन् र उनीहरूबाट हुने कर्महरू पनि त्यस्तै प्रकारको हुने गर्दछ । सत्य र असत्य, सुकर्म र कुकर्म, न्याय र अन्याय दुवैको सम्मिश्रणबाट मानिसको संसारी यात्रा अघि बढेको हुन्छ । जेजस्तो कर्म गरे तापनि आखिर सत्य र सत्कर्मको विजय भएको देखिन्छ । संसारमा सत्गुणले युक्त व्यक्तिको जीवन नै सफल र सार्थक भएको देखिन्छ ।

प्रसङ्ग हो भरत जङ्गमको हीरक जन्मोत्सवको उपलक्ष्यमा उनको व्यक्तित्व र जीवनीमाथि प्रकाश पार्ने कुराको ।

वर्तमान समयमा जङ्गम कुलका एक उज्ज्वल नक्षत्रका रूपमा देखापरेका भरत जङ्गम दैहिक नाताले मेरा भाइ हुन् । उनको जन्म भक्तपुर टौमढी टोलस्थित जङ्गम मठमा वि. सं. २००४ साल मङ्सिर १० गते भएको हो । जन्मका हिसाबले उनको र मेरो उमेर चार वर्षको फरक मात्र हो । सहयात्रीका हिसाबले म र उनी आत्मीय साथी पनि हौँ । पूर्वजन्मको फलस्वरूप उनी यस जन्ममा वीरशैव मतावलम्बी जङ्गमजस्तो पवित्र परिवारका एक सदस्य बन्न पुगेका छन् ।

भक्तपुरमा जङ्गम जातिको प्रवेश तेह्रौं शताब्दीतिर भारतबाट राजगुरुका रूपमा भएको कुरा भक्तपुर टौमढी टोलस्थित जङ्गम मठको प्राङ्गणमा रहेको शिलालेखमा उल्लेख छ ।

बाल्यकालको कुरा हुनाले मेरो चेतनाले ठम्याउन नसकेको तर आधिकारिक स्रोतबाट सुनेको एउटा कुरा, जुन भरत जङ्गमको जन्मसँग सम्बन्धित छ, यहाँ उल्लेख गर्न चाहन्छु ।

त्यस बेलाको नेपाली समाजमा छोरा सन्तानको ठूलो महत्त्व र चाहना रहेको थियो । छोरा नभएको परिवारलाई कसैले नपत्याउने र हेय दृष्टिले हेर्ने गरिन्थ्यो । छोरा नभएका आमाबाबु स्वयंले पनि आफूलाई अभागी ठान्ने र छोराको अभावमा सधैँ दुःखी रहने गर्दथे । त्यस बेला छोरा पाउने आशाले बहुविवाह गर्ने व्यक्तिको सङ्ख्या पनि ठुलै हुन्थ्यो ।

वि. सं. २००३ सालतिरको कुरा हो, हाम्रो परिवारमा पनि छोराको ठूलो चाहना थियो । परिवारमा पहिलो जन्म छोरीको (म) भएकाले अर्को सन्तान पनि छोरी नै होला कि भन्ने भय र आशङ्का थियो । आफ्नो वंशलाई निरन्तरता दिने, कुललाई तार्ने, आमाबाबुलाई स्वर्ग पुऱ्याउने, अन्तिम दाहसंस्कार गर्ने, पितृहरूलाई पिण्डदान दिने, यस्तो छोराको चाहना कसलाई नहोला र ? परम्परागत रीतिरिवाज, मूल्यमान्यता र अन्धविश्वासमा विश्वास गर्ने हाम्रो परिवारमा छोराको महत्त्व ठूलो हुनु स्वाभाविक थियो । मैले सुनेअनुसार हाम्री हजुरआमा, जो घरकी मूली व्यक्ति हुनुहुन्थ्यो र जसको निर्देशनमा घरका सबै कामकुराहरू चल्दथ्यो, को सहमतिमा पुत्रलाभको कामना राख्तै हाम्रा बुबाको नेतृत्वमा स्थानीय जनसहभागिताबाट न्यातापोल (पाँचतले मन्दिर) को प्राङ्गणमा एक ठूलो कोटिहोमको आयोजना गरिएको थियो । कोटिहोमको समाप्तिपछि त्यसको प्रसाद बुबाका दुवै श्रीमतीहरूलाई खुवाइएको थियो रे ! 'यज्ञको प्रसाद मैले खाएकी थिएँ' भन्ने कुरा पछि आमाको मुखबाट मैले पनि सुनेकी हुँ । यज्ञको प्रसादकै फलस्वरूप दुवै आमाहरूबाट क्रमशः तीन महिनाको फरकमा दुई छोराहरू जन्मिए भन्ने कुरामा परिवारजन र छरछिमेकीहरू पनि विश्वस्त थिए ।

भाइहरू जन्मिँदा घरमा दीपावली गरेर हर्ष मनाएको झिनो सम्झना मलाई छ । उनीहरूको न्वारन (नामकरण) उत्सवमा पनि हर्षबढाइँ गरी टोलछिमेकका मानिसहरूलाई भोज खुवाएको दृश्य पनि मेरा आँखाले देखेकी थिएँ । सम्पन्न परिवारमा जन्मिएका छोराहरूको पालनपोषण पनि सोही अनुसार हुँदै गयो ।

हाम्रा बुबा आध्यात्मिक विचारका हुनुहुन्थ्यो र उहाँ आमाको ठूलो श्रद्धा र भक्ति गर्नुहुन्थ्यो । प्रत्येक दिन बिहान उहाँ आफ्नो नित्यकर्म सकेर घरका कुलदेवता र देवताको पूजा-आराधना सकेर सिधै आमाको कोठामा पसी उहाँको चरण ढोग गरेर मात्र आफ्नो कोठामा पस्नुहुन्थ्यो । घरमा स्वर्गीय

ठूलोबुबाका तीन छोराहरूको लालनपालन र हेरचाहमा विशेष ध्यान दिइएको हुन्थ्यो । उनीहरूलाई पढाउनका लागि छुट्टै शिक्षक र पढ्ने कोठाको व्यवस्था थियो । अक्षर चिनाउने उमेर (३-४ वर्ष) भएपछि दुई भाइहरू (राम र भरत) लाई श्रीपञ्चमीको दिन घरमा पण्डित बोलाएर सरस्वतीको पूजा-आराधनाका साथ अक्षरारम्भ गराएको दृश्य पनि म सम्झन्छु । फुर्सदको प्रायः सबै दिन बुबा आफ्नो बिहानको नित्यकर्म सकेपछि दुई छोराहरूलाई कोठामा बोलाएर काखको दायाँ-बायाँ राखी अक्षर चिनाउन थाल्नुहुन्थ्यो । बुबा प्रायः बिहान सधैं कमिज र मर्दाना धोती लगाउनुहुन्थ्यो । छोराहरूलाई पढाउन बस्ता उहाँले आफ्नो धोतीको छेउमा काजु र किसमिस लिएर बस्नुहुन्थ्यो । बुबाले भाइहरूलाई पढाउन बस्ता म कहिलेकाहीँ बुबाको कोठाको कठबार (छेकबार) मा नदेखिने गरी उभिएर तिनै दृश्यहरू हेर्न पुग्दथैं । आफ्नो काखको दुई छेउमा बसेका छोराहरूले पालैसँग अक्षर चिन्न सकेपछि उहाँले दुईजनालाई पालैसँग आधा मुठी काजु र किसमिस दिनुहुन्थ्यो ।

यसरी बुबाले भाइहरूलाई अक्षर चिनाएको र काजु-किसमिस दिएको दृश्य म लोभिएर हेरिरहन्थैं । त्यस बखत म आठ-नौ वर्षकी, कुरा बुझ्न सक्ने भइसकेकी थिएँ । त्यति बेला मेरो मन खिन्न हुन पुग्दथ्यो आफू छोरा हुन नपाएकोमा । छोरा भएको भए मैले पनि त्यसरी नै बुबाको माया र काजु-किसमिस पाउँथैं होला भन्ने लाग्दथ्यो । तर यी कुरा म कसैसँग भन्ने आँट गर्दिनथैं ।

बाल्यकालदेखि नै भरत स्वाभिमानी, चलाख र आँटिलो स्वभावका थिए । घरमा खानेकुरामा वा अन्य कुनै कुरामा उनीमाथि विभेद भएको कुरा बुझेपछि त्यस कुरामा प्रतिक्रिया जनाउँदै उनी रिसाएर बाहिर निस्केर रुन थाल्दथे । उनको त्यो रुवाइ लामो समयसम्म चल्दथ्यो र त्यो एउटा बालहठको नमुना पनि थियो । धेरै बेरपछि घरका मान्यजन, जस्तै : हजुरआमा, फुपू, बुबाहरूले फकाइफुल्याइ गरिसकेपछि मात्र उनी साम्य हुन्थे । प्रत्येक बालबालिकाको प्रतिक्रिया जनाउने, रिसाउने वा केही कुराको माग गर्ने एक मात्र माध्यम उसको रुवाइ हो । कसैले सम्झाउँदा-बुझाउँदा सहज रूपमा ग्रहण गर्ने बानी उनको थियो । टोलछिमेकका साथीहरूसँग उनको मेलमिलाप राम्रो थियो र दुष्ट्याइँ र छुच्याइँ गर्ने स्वभाव नै उनमा थिएन ।

त्यस समयमा आजको जस्तो रेडियो, टेलिभिजन, मोबाइल आदि मनोरञ्जनका साधन केही थिएनन् । केटाकेटीहरूका लागि टोलछिमेकका साथीभाइहरूसँग खेल खेल्ने र बेलुकाको खानापछि आफूभन्दा ठूला

अभिभावकहरूबाट कथा सुन्नेबाहेक अन्य मनोरञ्जनका लागि अन्य कुनै उपाय थिएन । हामी दिदी, भाइ र बहिनीहरू पनि बेलुका प्रायः सधैँ हजुरआमाको कोठामा जम्मा भएर कथा सुन्दथ्यौँ । हाम्री हजुरआमा आध्यात्मिक व्यक्ति हुनुभएकाले उहाँ हामीलाई रामायण, महाभारतजस्ता धर्मग्रन्थहरूभित्रका कथाहरू सुनाउनुहुन्थ्यो । त्यसका अतिरिक्त उहाँबाट हामी विभिन्न किसिमका एकादेशका राजारानी र राजकुमारीहरूका कथा र भूत, प्रेत, राक्षस आदिका बारे काल्पनिक कुराहरू पनि सुन्दथ्यौँ । कथा सुन्न चाहने भरतको बानी पछि किशोरावस्थासम्म पनि कायमै रह्यो । तर कथा सुनाउने पात्रहरू भने फरक थिए । म विश्वविद्यालयमा पढ्ने बेला अर्थात् भरत चौध-पन्ध्र वर्षको हुँदासम्म मैले उनलाई प्रायः सधैँ बेलुका कथा वा दिउँसो भएगरेका कुराहरू सुनाउनुपर्दथ्यो ।

यसरी बाल्यकालदेखि सुनेका, देखेका कथा, घटना-विवरण र समसामयिक तथा शैक्षिक कुराहरूले अहिलेका भरत जङ्गमको व्यक्तित्व निर्माणमा ठूलो प्रभाव पारेको छ भन्ने मलाई लाग्दछ ।

घरमा पढाउन आउने दुईजना शिक्षकहरूमध्ये एकजनाले नेपाली र संस्कृत र अर्काले अङ्ग्रेजी, गणित, विज्ञान आदि विषय पढाउने गर्दथे । भक्तपुर जिल्लाको एक मात्र हाइस्कुलका प्रधानाध्यापक इन्द्रप्रसाद शर्मा हाम्रा पारिवारिक शिक्षक हुनुहुन्थ्यो । उहाँले लामो समयसम्म हामीलाई पढाउनुभयो । वि. सं. २०१३ सालमा एकै घरका हामी तीनजना व्यक्तिले प्रवेशिका परीक्षा उत्तीर्ण गर्‍यौँ । त्यति बेला भरत स्थानीय स्कुलमा ४-५ कक्षामा पढ्दै थिए । तर उनको बाहिरी क्रियाकलापमा पनि संलग्नता बढ्दै गएको थियो । ९-१० वर्षको उमेरदेखि उनमा रचनात्मक र समयानुकूल कार्य गर्ने विचार तथा कार्य गर्ने क्षमता देखापर्न थालिसकेको थियो । स्कुलका सहपाठी तथा टोलछिमेकका गुच्चा खेल्ने साथीहरूको सहयोगमा उनले आफ्नै घरको एक कोठामा बालविकास पुस्तकालयको स्थापना गरे ।

शिक्षित व्यक्तिहरूको खडेरी परेको त्यस समयमा केटाकेटीहरूले करिब ५०० किताब सङ्कलन गर्नु पनि चानचुने कुरा थिएन । उपत्यकाभित्रका तीन सहरहरूमध्ये भक्तपुर कृषि उत्पादनमा बाहेक अन्य कुरामा धेरै पिछडिएको थियो । त्यस्तो पिछडिएको जिल्लाको एक ९-१० वर्षको केटाले काठमाडौँस्थित अमेरिकन लाइब्रेरी र नेपाल-भारत सांस्कृतिक केन्द्र (भारतीय पुस्तकालय) बाट दुई-तीन सय किताबहरू उपलब्ध गर्न सक्नु ठूलै आत्मबल र साहसको कुरो थियो । यातायातको साधनको अभाव भएको त्यस बखतमा ती किताबहरू काठमाडौँबाट भक्तपुर कसरी ल्याइयो, त्यो पनि एउटा साहसी कार्य थियो ।

वि. सं. २०१४ सालमा मसहित केही भाइबहिनीहरू काठमाडौँ बानेश्वरको घरमा बस्न थाल्यौँ । बानेश्वरमा पनि भरतका विभिन्न क्रियाकलापहरू सञ्चालन हुँदै गए । सोही सन्दर्भमा भरतले २०१९ सालतिर स्थापित भीमसेनगोला पुस्तकालयको आफू सञ्चालक समितिको महामन्त्री बनेर भक्तपुर घरको लाइब्रेरीमा रहेका करिब १००० थान पुस्तकहरू सो पुस्तकालयलाई हस्तान्तरण गरे । बानेश्वरको बसाइमा उनी अन्य धेरै शैक्षिक, सामाजिक तथा राजनीतिक क्रियाकलापमा सक्रिय रूपमा संलग्न हुँदै गए । यसरी उनले बालक अवस्थादेखि नै आफ्नो सकारात्मक विचार, अथक परिश्रम र साहसका प्रमाणहरू समाजसमक्ष प्रस्तुत गर्दै लक्ष्यतर्फ अघि बढ्दै गए । आफ्नो पढाइमा व्यस्त भएका कारणले भरतका बाहिरी क्रियाकलापबारे मलाई त्यति जानकारी हुँदैनथ्यो । पछि ती कुराहरू मैले बिस्तारै बुझ्दै गएँ । बाल्यकालदेखि नै म र भरतबीच सधैँ आत्मीय कुराकानी, भेटघाट र सुखदुःखमा सहभागी हुने काम भइ नै रह्यो ।

मानिसको जीवनमा सबै दिन एकनासको रहँदैन । जीवनले सुख-दुःख, राम्रो-नराम्रो, सफलता-विफलता, गाली-प्रशंसा, आस्था-अनास्था आदि सबै कुरा भोग्नुपर्दो रहेछ । हाम्रो परिवारले पनि ती नराम्रा दिनहरू भोग्नुपऱ्यो । वि. सं. २०१३-१४ सालतिर हाम्रो सुखी र सम्पन्न घरभित्र कलहको बीजारोपण भयो । मठाधीशको विषयलाई लिएर घरभित्रकै रकमी कामदारहरूको उक्साहटमा लागेर ठूलोबुबाका जेठा छोराले बुबाका विरुद्धमा अदालतमा मुद्दा हाल्नुभयो । दशा लागेपछि मानिसमा बुद्धि र विवेक हराउँदो रहेछ । बुद्धि भ्रष्ट भएको मानिस स्वतः अधोगतितर्फ लाग्दछ । मुद्दामामिलामा प्रवेश भएपछि परिवारका सदस्यहरूबीच अविश्वास, द्वेष र कलह हुनु स्वाभाविकै हो । 'जहाँ सुमति तहाँ सम्पत्ति नाना, जहाँ कुमति तहाँ विपत्ति निदाना' भन्ने उखान हाम्रो घरमा चरितार्थ भयो ।

यस्तो अवस्थामा दुई झगडालु पक्षहरू एकै घरमा टिक्न नसक्ने अवस्था हुन्छ । त्यसैले वि. सं. २०१९ सालतिर बुबाका हामी सबै परिवारहरू काठमाडौँ बानेश्वर घरमा बसाइँ सऱ्यौँ । त्यसभन्दा अघि एउटी आमाको साथमा म, भरत र केही भाइबहिनीले वि. सं. २०१४ सालमा नै बानेश्वर घरमा आएर आफ्नो पढाइ सुरु गरिसकेका थियौँ । भक्तपुरको सबै श्रीसम्पत्ति छाडेर बानेश्वर आएपछि भने हाम्रा लागि कठिनका दिनहरू आइपरे । भक्तपुर जिल्लाको एक सम्पन्न तथा सम्मानित व्यक्ति बुबाका सामु परिवारको जीवन-निर्वाहका लागि चुनौतीहरू खडा हुन थाले । बुबालाई भित्री रूपमा सान्त्वना र साथ दिने काम जेठो सन्तानका हैसियतले म र समझदार सन्तानका रूपमा भरत गरी हामी दुई दिदीभाइबाट हुन थाल्यो ।

हामी मुद्दाका विषयमा भनसुन गर्न र सहयोग माग्न विभिन्न शक्तिकेन्द्रहरूमा समेत पुग्दथ्यौँ । वि. सं. २०२५ सालमा मेरो विवाह भएपछि भरत भाइले नै सम्पूर्ण रूपले बुबालाई सघाए । उनैको प्रयासमा मुद्दासम्बन्धी सकारात्मक फैसला गराइयो र बुबालाई पुनः भक्तपुरको जङ्गम मठको मठाधीश तुल्याउने कार्य सम्पन्न भयो । त्यसै गरी बुबाको मृत्युपछि उहाँका जेठा छोरा राममणि जङ्गमलाई मठाधीश स्थापित गर्ने र राममणिको मृत्युपश्चात् उनका छोरा ज्योति जङ्गमलाई मठाधीश बनाउने कार्य पनि भरतकै प्रयासबाट सम्पन्न भयो । यस प्रकारले जङ्गम जाति र जङ्गम परिवारका लागि भरतले पछिल्ला दिनहरूमा उल्लेखनीय कार्यहरू सम्पन्न गर्दै आएका छन् ।

सानै उमेरदेखि गरेको सङ्घर्ष, परिश्रम र सिर्जनशीलताले आज भरतलाई धेरै पाको, अनुभवी र दूरदर्शी व्यक्ति बनाएको छ । जस्तोसुकै सङ्कटको घडी वा अन्योलको परिस्थितिमा पनि उनी नहडबडाई होसपूर्वक त्यसको सामना गरी आफू बच्न र अरूलाई बचाउन सफल भएका छन् । उनी मानिसअनुसारको व्यवहार गरेर आफ्नो काम सफल बनाउन पोख्त छन् । सहयोग र सहायताका लागि उनको निवासमा जाने व्यक्ति, चाहे त्यो घरपरिवारभित्रका सदस्य हुन् चाहे चिनजान वा अनजानका व्यक्तिहरू हुन्, निराश भएर रित्तो हात फर्कनुपरेको प्रायः देखिँदैन । त्यो उनको सद्भाव र सहयोगको नमुना हो । उनी भगवान्, विशेष गरी शिवमा ठूलो विश्वास र आस्था राख्तछन् । त्यसैले उनले शिवको कृपा तथा आशीर्वाद प्राप्त गरेका छन् भन्ने मलाई विश्वास छ । यसका अतिरिक्त पूर्वजन्मको कर्मफल, पारिवारिक संस्कार, सत्सङ्ग, लगनशीलता र कार्यकुशलता आदि गुणले गर्दा आज भरत जङ्गम राष्ट्रिय चर्चाको विषय बन्न पुगेका छन् ।

भरतको साहस, धैर्य, हिम्मत र कार्यकुशलतासम्बन्धी एउटा रोचक घटनबारे यहाँ उल्लेख गर्नु प्रासङ्गिक हुने भएकाले सो उल्लेख गर्न चाहन्छु । वि. सं. २०३२ सालको कुरा हो, डिल्लीबजारका यज्ञबहादुर केसीकी जेठी छोरी इन्दिरा केसीसँग भरतको विवाह छिन्ने दिन थियो । कुरा छिन्ने स्थान र समय दुवै पक्षलाई पायक पर्ने हिसाबले डिल्लीबजारका डिट्ठा बाजे (बुबाका साथी) को घरमा दिनको ३ बजे तय गरिएको थियो । त्यो परिवारसँग हाम्रो परिवारको पुरानो इष्टमित्रको सम्बन्ध थियो । म त्यस समयमा नेपाल रेडक्रस सोसाइटी ताहाचलमा कार्यरत थिएँ । विवाहको कुरा छिन्ने दिन मलाई लिन भरत करिब १२ बजेतिर मेरो अफिसमा आइपुगे । म उनको मोटरसाइकलमा चढेर डिल्लीबजारतर्फ लागेँ । जेठ-असारको उखरमाउलो घाममा हामी त्रिपुरेश्वरबाट सुनधारातर्फ मोडियौँ । त्यस बेला ट्राफिक नियमको व्यवस्था

थिएन । त्यसैले आफ्नो गन्तव्यमा पुग्न जुन बाटो चाँडो हुन्छ, त्यता नै लागिन्थ्यो । सुनधारा नागस्थानमा आइपुग्दा कति बेला हाम्रो मोटरसाइकलमा आगो लागिसकेको थियो, थाहा भएन । एक्कासि सडकमा हिँड्ने बटुवाहरूले 'ए, तपाईंको मोटरसाइकलमा आगो दन्किसक्यो' भनी कराउन थालेपछि भरतले नहडबडाईकन तुरुन्तै मोटरसाइकलमा ब्रेक लगाएर मलाई 'तिमी हामफालिहाल' भने । म तुरुन्त भुइँमा झरेँ । भाग्यले म सडकमा पछारिन पुगिनँ । त्यस बेला सडकमा यातायातको साधन कमै चल्दथे । म झरेपछि भरतले मोटरसाइकललाई लडाएर आफू सकुशल त्यहाँबाट निस्के । मोटरसाइकल दनदनी बल्न थाल्यो । सडकमा हिँड्ने मानिसहरूले भरतलाई धन्यवाद दिँदै भन्न थाले – 'धन्न तपाईंले आफू र दिदीलाई बचाउनुभयो ।' भरतले 'तिमी डिल्लीबजारतर्फ गइहाल, म मोटरसाइकलको व्यवस्था मिलाएर आउँछु' भने । म मनभरि तर्क-वितर्क गर्दै डिल्लीबजारतर्फ लागेँ ।

तीन बजे विवाहको कुरा छिन्ने साइत थियो । त्यसको दुई घन्टाअगाडि त्यस्तो अप्रिय घटना घट्यो । भविष्यमा यस घटनाले केकस्तो प्रतिफल देखाउने हो भनेर मेरो मन डराइरहेको थियो । डिट्ठा बाजेको घरमा पुगेर मैले सबै घटनाको विवरण सुनाएँ । बुबाले भन्नुभयो – "पशुपतिनाथले तिमीहरूलाई बचाउनुभयो ।"

कुरा छिन्ने साइतको समय जति नजिक आउँदै थियो, त्यति मेरो मन आत्तिन थाल्दै थियो कतै भरत समयमा नआइपुग्ने हो कि भनेर । तर ठीक समयमा नुवाइधुवाइ गरी लुगा फेरेर भरत आइपुगे । यति छोटो समयमा दनदनी बलेको मोटरसाइकललाई व्यवस्थित गरेर सुनधाराबाट नयाँ बानेश्वर पुगी तयार भएर समारोहस्थलमा आइपुग्नु, त्यो साँच्चिकै अचम्मको कुरो थियो । किनकि त्यस समयमा न आजको जस्तो टेलिफोन र मोबाइलको सेवा थियो, न ट्याक्सीहरूको राम्रो व्यवस्था थियो । त्यस्तो कठिन परिस्थितिलाई निर्विघ्न रूपले व्यवस्थित गर्न सक्नु कम साहसको कुरो थिएन । त्यो घटनाले मलाई भरतमा रहेको साहस, धैर्य, निर्भीकता, बुद्धि र विवेकको परिचय दियो ।

भरत जङ्गमलाई मानिसहरूले विभिन्न कालखण्डमा विभिन्न किसिमले चिन्दै आए । कुनै समयमा उनलाई मानिसहरूले एक कुशल व्यवसायी भनेर चिने र कुनै समयमा उनी एक राजनीतिक व्यक्तिका रूपमा चिनिए । धेरैले उनलाई साहित्यकार भनेर चिन्दछन् भने कुनै समयमा पत्रकार भनेर पनि चिनिए । कुनै बखत वरिष्ठ अधिवक्ताका रूपमा चिनिए भने कुनै समयमा संस्कृति तथा पुरातत्वविद्को उपाधि पनि उनले प्राप्त गरे । पछिल्लो

समयमा आएर उनी धार्मिक अभियन्ताका रूपमा चिनिएका छन् । वर्तमान समयमा उनी भ्रष्टाचारविरोधी अभियन्ता तथा भ्रष्टाचारविरोधी दर्शनशास्त्रका प्रणेताका रूपमा पनि चिनिन पुगेका छन् । कुनै समयमा उनलाई दरबारको नजिकको मान्छे भन्न पनि मानिस पछि परेनन् । यसरी विभिन्न क्षेत्रमा रहेको उनको भूमिका, संलग्नता र योगदानले गर्दा भरत जङ्गम बहुआयामिक व्यक्तित्व भएका एक चर्चित व्यक्ति बन्न पुगेका छन् ।

करिब सात दशकदेखि हामी दिदीभाइको सुमधुर र विश्वसनीय सम्बन्धले गर्दा मैले भरतलाई र भरतले मलाई जति नजिकबाट बुझेका र चिनेका छौँ, सायद त्यति अरूले चिन्न सकेको छैन भन्ने मलाई लाग्दछ । समयको गतिसँगसँगै उनको जीवनमा बुद्धि, विवेक, परिपक्वता, व्यावहारिकता र आध्यात्मिकता विकसित हुँदै आएको मैले पाएको छु । हिजो आफू र परिवारजनको जीवन-निर्वाहका लागि केही सानातिना नोकरी तथा व्यवसाय उनले गर्नुपरेको थियो, तर उनीभित्र रहेको प्रतिभा र क्षमता ती सानातिना कामको सीमाभित्र सीमित हुन सकेन । बग्ने पानीले आफ्नो बाटो आफैँ बनाउँदै जान्छ भनेझैँ उनीभित्र रहेको बुद्धि, क्षमता र साहसले नेपाली समाजमा आफ्नो प्रभाव, योग्यता र योगदान देखाउँदै अघि बढ्यो । अहिले विभिन्न क्षेत्रमा उनको क्षमता प्रस्फुटित भएको देखिन्छ । उनको प्रतिभा, क्षमता र योगदानका विषयमा अरू व्यक्तिहरूले पनि लेख्तै हुनुहोला । एक आत्मीय दिदीका हैसियतले मैले लेख्नुपर्दा उनले देश, समाज र आफ्नो कुल, जाति र परिवारको भलाइका लागि खेलेको भूमिका तथा पुऱ्याएका योगदानहरूमध्ये उल्लेख गर्न छुटाउन नहुने केही महत्त्वपूर्ण योगदानको चर्चा गर्न चाहन्छु ।

१. नेपालमा जङ्गम जातिले तेह्रौँ शताब्दीदेखि भक्तपुरका शासक वर्गद्वारा राजगुरुको उपाधि प्राप्त गरेर भक्तपुरको धार्मिक तथा सांस्कृतिक क्षेत्रमा उल्लेखनीय भूमिका खेल्दै आएका थिए । यी कुराहरू भक्तपुरको जङ्गम मठमा रहेका शिलालेखहरूमा पनि उल्लेख भएका छन् । पछिल्लो शाहकालीन समय र विशेष गरी राणाशासनकालमा त्यस्तो महaवपूर्ण स्थान ओगटेका जङ्गम जातिको असली पहिचान र अस्तित्वलाई नै समाप्त गर्ने कार्य भयो । हुकुमी शासनकालका सरकारी दस्तावेज र अभिलेखहरूमा जङ्गम जातिलाई तल्लो श्रेणीमा राख्ने र उनीहरूको असली पहिचान र गौरवपूर्ण इतिहासलाई मेटाउने काम भयो । पछिल्लो समयमा आएर आफ्नो जातिको असली पहिचान र अस्तित्वलाई मेट्ने तत्कालीन शासकवर्गको कामका विरुद्ध भरतको सक्रियता र अन्य जङ्गम जातिहरूको सहभागितामा आवाज उठाउने काम भयो । धेरै लामो प्रयासपछि सरकारी अभिलेख तथा शब्दकोशहरूमा

जङ्गम जातिका बारे लेखिएका असत्य तथा भ्रामक कुराहरूमा संशोधन गराई सही पहिचान उल्लेख गराउने कार्य सफल भयो ।

२. नेपालका राष्ट्रदेव श्री पशुपतिनाथको नित्यपूजासम्बन्धी परम्परादेखि चल्दै आएको व्यवस्थालाई परिवर्तन गरी सर्वसाधारण नेपाली जनताले पनि योग्यताका आधारमा पुजारी बन्न सक्ने तत्कालीन नेपाल सरकारको निर्णयको असङ्ख्य जनताहरूले विरोध गरे । त्यस कार्यमा सक्रिय रूपले सहभागी बन्दै भरत जङ्गमले नेपाल सरकारको सनातन धर्मविरुद्धको त्यो गलत कार्यविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरे । त्यस सम्बन्धमा सर्वोच्च अदालतबाट 'परम्परादेखि चल्दै आएको व्यवस्थाअनुसार नै श्री पशुपतिनाथको नित्यपूजा र अन्य काम-कारवाही चलाउनू' भन्ने आदेश प्राप्त भयो । भरतको सक्रियतामा धर्म र संस्कृतिको क्षेत्रमा भएको यो एउटा महतत्त्वपूर्ण कार्य हो ।

३. भक्तपुरको जङ्गम मठअन्तर्गत मल्लकालीन समयदेखि सञ्चालित शिवालयहरू पछिल्लो समयमा आएर लोपोन्मुख हुँदै प्रायः अस्तित्वविहीन हुने अवस्थामा पुगेका थिए । ती शिवालयहरूका विषयमा सत्यतथ्य कुरा पत्ता लगाउन भरतबाट खोजमूलक अध्ययन तथा अनुसन्धान गर्ने कार्य भयो । त्यसमध्येको एक उल्लेखनीय कार्य थियो भक्तपुरस्थित श्री डोलेश्वर महादेवको पहिचान । अध्ययन र अनुसन्धानका आधारमा भरतले केही वर्षअगाडि नै श्री डोलेश्वर महादेव भारतको केदारनाथको शिर भाग हो भन्ने कुरा लेखेर प्रचार गरे । त्यस बेला धेरै व्यक्तिले उनको आलोचना पनि गरे । तर वि. सं. २०६६ सालमा आएर श्री डोलेश्वर महादेव नै भारतको उत्तराञ्चलस्थित केदारनाथको शिर भाग हो भन्ने कुरालाई आधिकारिक स्रोत अर्थात् केदारनाथका मुख्य शिवाचार्यबाट पुष्टि गराउन भरत सफल भए । आज भक्तपुर सिपाडोलस्थित श्री डोलेश्वर महादेवलाई असङ्ख्य स्वदेशी तथा विदेशी जनताले केदारनाथको शिर भागका रूपमा ठूलो श्रद्धा र भक्तिका साथ पुज्न थालेका छन् ।

त्यसै गरी भरतकै सक्रियतामा जङ्गम मठअन्तर्गतका भक्तपुरका अन्य शिवालयहरू, जस्तै : अनन्तलिङ्गेश्वर महादेव र वागेश्वर महादेव, जो अस्तित्वविहीन अवस्थामा पुगिसकेका थिए, को जीर्णोद्धार र संरक्षण गर्ने कार्य सम्पन्न भएका छन् । त्यसका अतिरिक्त काभ्रे जिल्लाको धनेश्वर महादेव र काठमाडौंको बानेश्वर महादेवको पनि जीर्णोद्धार गरी ती शिवालयहरूको संरक्षण र सम्वर्द्धन गर्ने कार्य अघि बढिराखेका छन् ।

यी माथि उल्लेख भएका धार्मिक तथा सांस्कृतिक क्षेत्रहरूको संरक्षण गर्ने-गराउने कार्य धेरै चुनौतीपूर्ण थियो । तर त्यसलाई भरतले आफ्नो बुद्धि,

तर्क, हिम्मत र साहसले सम्भव तुल्याएका छन् । त्यसका लागि हामी ईश्वरप्रति अनुग्रहित हुनुपर्दछ ।

बाल्यकालदेखि अहिलेको वृद्धावस्थासम्म आइपुग्दा पनि भरत र म दुई दिदीभाइ आत्मीय साथीका रूपमा सुखदुःख, घामपानी, आपतविपत आदि हरसमयमा साथसाथै रहँदै आएका छौँ । त्यसैले हामी दुईले एक-अर्कालाई धेरै नजिकबाट चिनेका छौँ भन्नु अनुचित नहोला । म उनका विषयमा जे लेख्छु र जे बोल्छु, ती वास्तविकतामा आधारित हुन्छन् । ईश्वरको सृष्टिमा कुनै पनि जीव सर्वगुणसम्पन्न भएर जन्मेको हुँदैन । प्रत्येक मानिसमा गुण र अवगुण दुवै हुन्छन्, सिर्फ त्यसको मात्रा मात्रै फरक हुन्छ । मानिसमा रहने गुणहरू तीन प्रकारका हुन्छन् – सत्व, रज र तम । गुणअनुसार मानिसको स्वभाव पनि सात्विकी, राजसी र तामसी प्रकारका हुन्छन् । भरतमा रहेका दया, करुणा, बुद्धि, विवेक, धैर्य, साहस, निर्भीकता, कर्मठता, कर्तव्यपरायणता, सहनशीलता र आध्यात्मिकता आदि सात्विक गुणहरू हुन् । त्यसैले गर्दा उनी सात्विक प्रवृत्तिका मानिस हुन् भन्न सकिन्छ । तर पनि उनमा कुनै अवगुण छैन भन्न सकिँदैन । उनका कमजोरीहरू अरूलाई भन्दा बढी उनैलाई थाहा हुन्छ । मानिसमा कतिपय कमजोरीहरू उसका आदत बनिसकेका हुन्छन् । कसैले कसैको आदतलाई सुधार्न सक्तैन । त्यसलाई आफू स्वयंले महसुस गरेर सुधार्दै जानुपर्दछ । भरतमा पनि आफ्ना कुनै कमजोरी छन् भने त्यसमा आफैँले सुधार गर्ने प्रयास गर्नु उचित हुनेछ ।

मानव चोला लिएर जन्मेका प्रत्येक व्यक्तिले आफू जन्मनुको उद्देश्य पूरा गर्न कोसिस गर्नुपर्दछ । भरतले आफू जन्मेको उद्देश्य पूरा गरेका छन् भन्ने मलाई लाग्दछ । यस अर्थमा उनको जन्म सफल भएको मानिन्छ । म ईश्वरमा आस्था एवं विश्वास राख्ने व्यक्ति हुँ । ईश्वरले कुनै पनि व्यक्तिलाई यस धर्तीमा निश्चित कर्तव्य-कर्म गर्न र गराउन पठाएका हुन्छन् । सोहीअनुसार ईश्वरको कृपा प्राप्त गरी भरत जङ्गम पनि एक सत्पात्र बनेर निश्चित कर्म गर्न यहाँ आएका छन् । ईश्वरको कृपाविना कुनै पनि कार्य सम्पन्न हुन वा गर्न सम्भव छैन । ७५ वर्षको उमेर भइसक्ता पनि उनमा युवावस्थाको जोस, जाँगर, क्षमता र शक्ति देखिन्छ । उनी स्वास्थ्यका हिसाबले पनि तन्दुरुस्त छन् । उनको घरगृहस्थी सुव्यवस्थित छ ।

कुनै पनि व्यक्तिको सफलतामा उसको परिवार र विशेष गरेर उसको जीवनसाथीको ठूलो भूमिका रहेको हुन्छ । भरतको सफलताका पछाडि उनकी अर्धाङ्गिनी इन्दिरा जङ्गमको ठूलो साथ-सहयोग प्राप्त भएको छ । भरतका आफ्ना परिवारजन, आफन्त, इष्टमित्र र साथीभाइहरूसँग सौहार्द्रपूर्ण व्यवहार

छ । सबैभन्दा ठूलो कुरो त ईश्वर, पितृ र आफ्नो कुलवंशप्रति उनको ठूलो आस्था र श्रद्धा छ । त्यसैले उनको हरकार्यले सफलता पाएको छ भन्ने मलाई लाग्दछ । देशमा सुशासन, न्याय, भ्रष्टाचारविहीन समाज स्थापना गर्न र धर्म तथा संस्कृतिको संरक्षणका लागि सदाझैँ सक्रिय रूपमा क्रियाशील हुन उनलाई ईश्वरबाट कृपा प्राप्त भइरहोस् । उनको कर्मठ तथा सहयोगी हात, खुट्टा र मस्तिष्क कहिल्यै नथाकून् र कहिल्यै नगलून् भन्ने कामनाका साथ उनको हीरक जन्मोत्सवको उपलक्ष्यमा मङ्गलमय शुभकामना र हार्दिक आशीर्वाद ज्ञापन गर्दछु ।

●



सावित्री जङ्गम थापाको जन्म भक्तपुर टौमढीटोलमा भएको हो । गोविन्दहरि जङ्गम र जमुनादेवी जङ्गमकी प्रथम पुत्रीका रूपमा जन्मेकी उहाँले राजनीतिशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक उत्तीर्ण गर्नुभएको हो । उहाँको विवाह ओखलढुङ्गा निवासी भोलामानसिंह थापासँग भयो । साझा सहकारी संस्थामा समाज कल्याण अधिकृतमा सेवा प्रवेश गर्नुभएकी उहाँ सोही संस्थाको केन्द्रीय समितिको सदस्य-सचिवबाट निवृत्त हुनुभयो । उहाँ नेपालको पहिलो महिला महाप्रबन्धक हुनुभयो । विभिन्न पुस्तकका रचनाकार उहाँको हीरक महोत्सवमा ६०० पृष्ठको सम्मानग्रन्थद्वारा नागरिक अभिनन्दन गरिएको थियो ।

# सहपाठी मित्र
## – सुदर्शन केसी

मेरा सहृदयी मित्र भरत जङ्गमको हीरक दिवसको शुभअवसरमा उहाँको अभिनन्दन पुस्तक प्रकाशन हुन लागेकोमा हार्दिक बधाई एवं शुभकामना । यस पुनीत अवसरमा म भरतजीको सुस्वास्थ्य, दीर्घायु, सुखी एवं प्रेरणादायी सफल जीवनका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

भरतजीसँग मेरो पहिलो भेट चाबहिलको पशुपति हाइस्कुलमा भएको हो । केही वर्ष अगाडिदेखि नै म त्यो स्कुलमा पढ्दै आएको थिएँ । म चाबहिलकै बासिन्दा भएकाले र त्यो स्कुल मलाई नजिक र पायक पर्ने भएकाले नै मैले त्यहाँ पढेको थिएँ । स्कुलमा सिफल, चाबहिल, महाङ्काल, बौद्ध, जोरपाटीका धेरै साथीहरू मसँगै पढ्थे । हामी कक्षा सातमा पढ्दा भरतजी कक्षा सातमा नै भर्ना हुनुभएको थियो । नयाँ आउनुभएकाले केही दिनसम्म त हाम्रो बोलीचाली सुरु भएन । म अलि लजालु स्वभावको थिएँ । नयाँ मानिससँग तुरुन्तै घुलमिल हुन नसक्ने स्वभाव थियो । मसँगै पढ्दै आएका पुराना साथीहरूसँग नै समय बिताउँथेँ । भरतजी कलिलो फुर्तिलो केटा हुनुहुन्थ्यो । चिनाजानी गर्ने मनमा उत्सुकता थियो । केही दिन यत्तिकै बित्यो । तर पछि चाबहिलको मेरो साथी विदुर भण्डारीसँग भरतजीको कुराकानी सुरु भएछ । विदुरसँग भरतजीको कुराकानी हिमचिम बढ्न थालेपछि स्वाभाविक रूपमा म र मेरा सबै साथीहरूसँग कुराकानी हुन थाल्यो । सँगै हिँड्ने, सँगै खेल्ने, कहीँ जाँदा पनि सँगै जाने भएपछि भरतजीसँग हाम्रो घनिष्टता बढ्दै गयो । भरतजी फरासिलो, मिलनसार, सहयोगी र मनमा लागेको कुरा बोलिहाल्ने स्वभावका भएकाले पनि छोटो समयमा नै भरतजी म र मेरा सिफल, चाबहिल महाङ्काल, बौद्ध, जोरपाटीका साथीहरूसँग घनिष्ट मित्रता बढ्यो । स्कुलको समय सकिएपछि पनि हामीसँग एक-डेढ घन्टा समय बिताएर मात्र भरतजी घर फर्कने गर्नुहुन्थ्यो । एक-आपसमा राम्रो समझदारी बढ्न थाल्यो । एक-अर्कालाई नजिकबाट चिन्न थाल्यौँ । त्यस बेलादेखि नै भरतजीका लेखरचनाहरू पढ्ने र कविता-निबन्धहरू लेखनमा बढी रुचि देखाउने गर्नुहुन्थ्यो ।

भरतजीको पुर्ख्यौली घर भक्तपुर भएको र उहाँको २००४ सालमा भक्तपुरमा नै जन्म भएको रहेछ । संयोगवश भरतजी र मेरो जन्मसाल पनि

एउटै परेछ । उहाँको प्राइमरी शिक्षा भक्तपुरमा नै सुरु भएछ । बानेश्वरमा पनि आफ्नो घर भएकाले केही वर्ष अगाडिदेखि त्यहाँ बसोबास गर्न थाल्नुभएको रहेछ । त्यसैकारण भरतजी र उहाँका भाइ दीपक जङ्गम पशुपति हाइस्कुलमा पढ्न आएका रहेछन् । दीपकसँग पनि हामी सबैको राम्रो चिनजान थियो । सङ्गीत क्षेत्रमा अत्यन्तै रुचि राख्ने दीपकको स्वरमा पनि मिठास थियो । स्कुलका हरेक साङ्गीतिक कार्यक्रमहरूमा दीपकको अग्रणी भूमिका रहने गर्थ्यो । रमाइला साथीहरूको सङ्गतमा रहँदा कक्षा सातमा समय बितेको थाहै भएन । त्यति बेलाका साथीहरूसँग बिताएका क्षणहरूको सम्झना हुँदा आज पनि मन रोमाञ्चित हुन्छ ।

कक्षाको अन्तिम परीक्षा सकिएपछि मीनपचासको छुट्टी भयो । मीनपचासका छुट्टी लामो हुने भएकाले म प्रायः तराईको घरमा बिताउने गर्थें । अहिलेजस्तो फोनको सुविधा थिएन । बिदाको अवधिभरि कोही साथीसँग पनि मेरो कुराकानी हुने थिएन । बिदा सकिएपछि गाउँबाट फर्केर म काठमाडौँ आएँ र कक्षा आठमा स्कुल जान थालेँ । सबै पुराना साथीहरू पनि स्कुल आउन थाले । सबैसँग भेटघाट भयो, तर भरतजी आउनुभएको थिएन । उहाँ पनि बिदामा कतै जानुभएको होला, दुई-चार दिनपछि आउनुहोला भन्ने लागेको थियो, तर आउनुभएन । पछि थाहा भयो भरतजी दरबार हाइस्कुलमा भर्ना हुनुभएछ । त्यति बेला दरबार हाइस्कुल धेरै राम्रो स्कुल मानिन्थ्यो । मिल्ने साथी अर्को स्कुलमा गयो भन्दा मलगायत सबै साथीहरूलाई दुःख लाग्नु स्वाभाविक नै थियो । स्कुल छोडेर गएपछि मेरो भरतजीसँग भेट हुन पाएन । हामीहरू बेलाबेलामा सम्झने गर्थ्यौं ।

मैले पशुपति हाइस्कुलबाट नै एसएलसी गरी त्रिचन्द्र कलेजको बिहानको कक्षामा कमर्स पढ्न थालेँ । मसँगै एसएलसी गरेका साथीहरू कोही आर्ट्समा त कोही साइन्स पढ्न थाल्नुभयो । म चाबहिल र भरतजी बानेश्वर बस्ने भए पनि हाम्रो भेटघाट भएको थिएन । एक दिन म बिहानको कलेज सकेर घर फर्कन रत्नपार्क बसस्टमपा बस पर्खिरहेको थिएँ । अचानक भरतजीको भाइ दीपकसँग भेट भयो । दीपकबाट मैले भरतजी नेसनल कलेजमा पढ्ने र पत्रपत्रिकामा पनि काम गर्न सुरु गर्नुभएको कुरा थाहा पाएँ । भरतजी कलिलै उमेरदेखि नै लेखनकार्यमा बढी रुचि राख्ने मिहिनेती हुनुहुन्थ्यो । उहाँको रुचि भएकै क्षेत्रमा काम गर्न थाल्नुभएकोमा खुसी लाग्यो । तर हाम्रो भेटघाट गर्ने, कुराकानी भने हुने थिएन ।

आजभोलि भन्दाभन्दै कलेजको पढाइ पनि सकियो । कलेज सकिएपछि म जागिरमा प्रवेश गर्नेतिर लागेँ । सायद त्यतिखेर भरतजी पनि पत्रपत्रिकाको

लेखन र प्रकाशन कार्यमा धेरै व्यस्त रहनुभयो होला । हाम्रो धेरै वर्षसम्म भेटघाट हुन सकेन । पछि २०३६ सालमा भरतजीको ‘कालो सूर्य’ शीर्षकको उपन्यास प्रकाशन भएको रहेछ । त्यस बेला ‘कालो सूर्य’ उपन्यासबारे धेरै चर्चा-परिचर्चाहरू भएको सुनेँ । उपन्यास धेरै नै लोकप्रिय भएको पनि सुनेँ । साथीले लेखेको उपन्यासको लोकप्रियताबारे सुन्दा त्यो किताब पढ्ने उत्सुकता मनमा जाग्यो । पुस्तक पसलहरूमा चहारेँ, पाउन सकिनँ । भरतजीसँग पनि सम्पर्क राख्न सकिनँ । खोज्दै गर्दा सरकारले ‘कालो सूर्य’ उपन्यासको बिक्री-वितरणमा रोक लगाएको छ भन्ने पनि सुनेँ । एक दिन मेरो अफिसमा उपन्यासबारे चर्चा चल्दा एकजना मित्रले पढ्न भ्याउनुभएको रहेछ र सारसङ्क्षेपमा उहाँले बताउनुभयो । उहाँबाट किताबको सारांश सुन्दा छक्क लाग्यो अनि किन सरकारले रोक लगाएको रहेछ भन्ने कुरा बुझ्न पनि गाह्रो भएन । भरतजीबाट निकै साहसिलो कार्य भएको रहेछ भन्ने लाग्यो । किनकि पञ्चायत व्यवस्थामा सूर्यबहादुर थापा प्रधानमन्त्री भएको समयमा व्यवस्था र प्रशासनका विसङ्गति र विकृतिहरूलाई औंल्याएर पुस्तक लेख्नु कम साहसको कुरा थिएन । त्यो समयमा त्यति लेख्न सक्नु ठूलो कुरा थियो ।

केही समयपछि म उच्च अध्ययनका लागि अमेरिका गएँ । अध्ययन पूरा भएको केही समयपछि नेपाल फर्केर आफ्नो कार्यस्थल नेपालगन्जतिर लागेँ । केही समय नेपालगन्जमा बिताएँ । काठमाडौँ आएको बेला एक दिन बिहान म स्युचाटारमा पैदल हिँडिरहेको थिएँ । विपरीत दिशातिरबाट एउटा टोयोटा जीप आइरहेको थियो । त्यो जीप मेरा अगाडि नै ठ्याक्क रोकियो । म एकछिन त झस्किएँ । म पनि टक्क रोकिएँ । आँखा जीपको अगाडि भागमा पऱ्यो । अगाडि सिटमा भरतजी हुनुहुँदो रहेछ । उहाँ सिटबाट ओर्लिनुभयो । यो २०५३ सालतिरको कुरा हो । धेरै वर्षपछि स्कुलको साथी भेट हुँदा मन हर्षविभोर भयो । चिया पिएर एकछिन कुराकानी गर्ने र सँगै समय बिताउने मन थियो । तर वरिपरि त्यहाँ चिया पसल देखिएन । गाडी साइड लगाएर बाटोकै छेउमा उभिएर एकछिन भलाकुसारी गऱ्यौँ । ‘नेपाली काङ्ग्रेसको सामान्य ज्ञान’ भन्ने पुस्तक लेख्नुभएको रहेछ । एक प्रति पुस्तक मेरो हातमा थमाउँदै आफ्ना बारे सुनाउन थाल्नुभयो । व्यवसायको सिलसिलामा अमेरिका पुगेको र न्युयोर्कमा केही वर्ष बिताई केही समय अगाडि मात्र काठमाडौँ फर्किनुभएको कुरा बताउनुभयो । न्युयोर्कमा बस्ता पनि भ्रष्टाचारविरुद्धको अभियानमा सक्रिय रूपमा लाग्नुभएको रहेछ । भ्रष्टाचार विषयसम्बन्धी विषयमा विभिन्न फोरमहरूमा कार्यपत्रहरू प्रस्तुत गर्ने र यस विषयसम्बन्धी विचारगोष्ठीहरूको आयोजना गरी आफ्नो भ्रष्टाचारविरुद्धको अभियानलाई निरन्तरता दिइराखेको बारे बताउनुभयो । ‘कालो सूर्य’ उपन्यासको

सफलतापछि उहाँले 'व्यूहचक्र' र 'रातो घाम' शीर्षकका पुस्तकहरू लेख्नुभएको रहेछ । ती पुस्तकहरू पनि लोकप्रिय भई विभिन्न भाषाहरूमा प्रकाशन हुँदै गरेको कुरा पनि सुनाउनुभयो । आफ्ना मित्रले लेखेका पुस्तकहरूको लोकप्रियताबारे सुन्दा आफुलाई पनि गौरव महसुस हुनुका साथै सह्राहनीय लाग्यो । केही बेर एक-आपसका कुराहरू साटासाट गरी हामी छुट्टियौँ ।

सबै कुराहरू सुनेपछि उहाँका लोकप्रिय पुस्तकहरू पढने उत्सुकता जाग्यो । केही समयपछि मैले उहाँका केही पुस्तकहरू र कार्यपत्रहरू पढ्ने मौका पाएँ । भरतजीको पुस्तक तथा कार्यपत्रहरूमा विशेष गरी राजनीतिक, सामाजिक तथा प्रशासनिक विकृति तथा विसङ्गतिहरूलाई औँल्याउँदै तिनले भविष्यमा पार्ने दूरगामी प्रभावहरूबारे सचेत गराउने प्रयास गरेको मैले पाएको छु । मैले उहाँलाई एक राष्ट्रवादी चिन्तन बोकेको व्यक्तिका रूपमा पाएको छु । उहाँ देशमा विद्यमान भ्रष्टाचार, विकृति, विसङ्गतिका विरुद्ध लडिरहने एक अथक योद्धा हुनुहुन्छ ।

स्युचाटारबाट हामी छुट्टिएपछि बीचमा हाम्रो भेट भएन । पछि म काठमाडौँ सरुवा भई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जाउलाखेलमा कार्यरत थिएँ । २०५९ साल अन्त्यतिरको कुरा हो । भरतजी तत्कालीन श्री ५ को सरकारले गठन गरेको दौडाहाको मध्यमाञ्चल क्षेत्रको संयोजक पदमा नियुक्त हुनुभएको खबर समाचारमा पढेँ । भरतजी संयोजक भई राज्यमन्त्रीसरहको पदमा नियुक्त हुनुभएको समाचार पढ्न पाउँदा खुसी लाग्नु स्वाभाविकै थियो ।

संयोगवश भरतजीले कर्मचारीहरूलाई निर्देशन दिने एउटा कार्यक्रम मेरो अफिसको सभाकक्षमा हुने भएछ । भेट हुने भयो भन्ने लाग्यो । सायद भरतजीलाई म त्यहाँ कार्यरत छु भन्ने थाहा पनि थिएन होला । प्रतिष्ठानको सभाकक्षमा कर्मचारीहरूलाई बस्ने व्यवस्था मिलाइएको थियो । कार्यक्रमको दिनमा निर्धारित समयमा भरतजी आउनुभयो । उहाँलाई सभाकक्षामा लगियो । उहाँ मलाई हेरेर मुसुक्क हाँस्नुभयो, तर कुराकानी गर्ने अनुकूल समय थिएन, सरासर ड्यासमा गएर बस्नुभयो । स्वागत मन्तव्यबाट कार्यक्रम सुरु भयो । आफ्नो मन्तव्य भाषणका क्रममा उहाँले कर्मचारीहरूलाई विशेषतः कार्यालयमा समयमै पुग्ने र समयको उचित उपयोग गर्ने, आ-आफ्ना जिम्मेवारीहरू इमानदारीका साथ निर्वाह गर्ने, आफ्नो मनोबल उच्च राखेर काम गर्ने, कार्यालयमा आउँदा नेपाली टोपी र दौरा-सुरुवाल अनिवार्य लगाएको हुनैपर्ने र दिइएका निर्देशनहरूको पालना नभएमा

सजायको भागी हुनुपर्ने कुराबारे सचेत गराउनुभयो । कार्यक्रमपश्चात् चियापानको व्यवस्था थियो । त्यति बेला मैले भेटेर कुरा गर्न पाएँ । त्यति बेला पनि उहाँले मसँग पहिलेजस्तै साथीभाइको ममतापूर्ण व्यवहार देखाउनुभयो । उच्च पदमा रहँदा पनि मसँगको व्यवहार र बोलीचालीमा कुनै भिन्नता पाइनँ । उहाँको मसँगको बोलीचाली र व्यवहार देखेर म अत्यन्तै प्रभावित भएँ । खुसी लाग्यो ।

वास्तवमा भरतजीसँग भौतिक रूपमा भेटघाट गर्ने, लामो समय सँगसँगै बिताउने अनुकूल नपरे तापनि छोटो सङ्गतमा भएको हाम्रो मित्रता धेरै आत्मीय र प्रगाढ छ । हामी साथीभाइबीचको आत्मीय सम्बन्ध बलियो हुनुमा हाम्रो एकजना चाबहिलका सहपाठी मित्र श्रीधर जोशीको महत्त्वपूर्ण भूमिका रहेको छ । भरतजीसँग मैले चिन्दा उहाँको नाम भरतमणि जङ्गम थियो । उहाँ मणि हुनुहुन्छ भने श्रीधर जोशी बेल्जियम कटको हीरा हुनुहुन्छ । जोशीजी अत्यन्त शालीन, मिलनसार र सहयोगी हुनुहुन्छ । सँगै पढेका साथीहरू सबैलाई संयोजन गरी समय-समयमा भेटघाट कार्यक्रमको आयोजना गर्नुहुन्छ । त्यो क्रम अझै जारी छ । श्रीधरजीको प्रयासले गर्दा नै हामी धेरैजना एक-आपसको सम्पर्कमा छौँ । श्रीधरजीलाई हामी सबैले धन्यवाद भन्नुपर्छ ।

अन्त्यमा, प्रिय मित्र भरतजीको हीरक दिवसको शुभअवसरमा पुनः एकपल्ट उहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै आगामी दिनहरूमा उहाँलाई आफ्ना अभियानहरूमा सफलता मिलोस् र यसबाट देश र जनतालाई महत्त्वपूर्ण योगदान पुग्न सकोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

सयौँ-सयौँ वर्ष बाँच, कर्मशील जीवन बाँच
स्वस्थ, सुखी, सक्रिय रही, पराक्रमी भई बाँच
खाँचो छ देशमा अझै तिम्रो, परिवर्तन सोचेको ल्याउन
बाँच तिमी लामो जीवन, नेपालको शिर उठाउन
यही छ मेरो तिमीलाई शुभकामना ।

लक्ष्य तिम्रो पवित्र छ, निश्छल र निष्कपट मन अनि
रहू दृढ लक्ष्यमा आफ्नो, दुःखै झेल्नुपरे पनि
बढोस् आत्मबल तिम्रो, लक्ष्यमा अघि लम्कन
भगवान् सधैँ दाहिना रहून्, कार्यमा सिद्धि पाउन
यही छ मेरो तिमीलाई शुभकामना ।

नचिम्लिऊन् तिम्रा आँखाहरू सत्यको विन्दु देख्ता
नलर्बराओस् तिम्रो जिब्रो सत्यको बोली बोल्दा
नकाँपून् तिम्रा हातहरू सत्यतथ्यहरू लेख्ता
नरोकिऊन् तिम्रा पाइलाहरू न्यायका निम्ति लड्दा
यही छ मेरो तिमीलाई शुभकामना ।

विचार आफ्ना अभिव्यक्त गर्दा आँच र दोष कुनै नआओस्
अभियानमा आफ्नो अघि बढ्दा अड्चन-बाधा केही नआओस्
उच्च विचार र भावनाहरू जागृत भई तिमीमा आइरहून्
सिद्ध तिम्रा ती हातहरू लेखनकार्यमा नै चलिरहून्
यही छ मेरो तिमीलाई शुभकामना ।

विकृति, विसङ्गति सब हटी देशमा सुशासन चलोस्
भ्रष्टाचार निर्मूल हुन गई समृद्ध नेपाल बनोस्
चालेका अभियानहरू सबमा तिमीलाई सफलता मिलोस्
देखेको तिमीले त्यो सपना साकार भई बदलियोस्
प्रशंसा तिम्रो कामको सदासर्वदा भइरहोस्
नाम तिम्रो अमर हुन गई दुनियाँमा फैलियोस्
यही छ मेरो तिमीलाई शुभकामना ।

●



सुदर्शन केसी ३० वर्षसम्म नेपाल सरकारको प्रशासनिक सेवासँग आबद्ध रही सेवा गरेका पूर्वप्रशासक हुनुहुन्छ । उहाँ हाल सेवानिवृत्त जीवन बिताइरहनुभएको छ । उहाँ काठमाडौँका बासिन्दा हुनुहुन्छ ।

# बहुआयामिक व्यक्तित्व
## – सुनील सापकोटा

भरत जङ्गमको नाम प्रशस्त सुनेको भए पनि उहाँसँग प्रत्यक्ष चिनजान थिएन । उहाँको व्यक्तित्व र कर्मका बारेमा पनि थाहा थिएन । उहाँलाई पहिलोपटक चार-पाँच महिनाअगाडि मात्र प्रत्यक्ष देखेको थिएँ साहित्यकार तथा भाषासेवी हरि मञ्जुश्रीको मोती महोत्सवमा । अहिलेसम्म उहाँसँग नजिकबाट चिनजान छैन । तर उहाँलाई देख्ता र पछि उहाँसँग टेलिफोनमा कुरा गर्दा उहाँ हँसमुख र मिलनसार व्यक्ति लाग्यो । पछि मात्र मैले उहाँको सम्पूर्ण व्यक्तित्वका बारेमा थाहा पाउने मौका पाएको हुँ ।

'कालो सूर्य' पुस्तक प्रकाशित भएपछि नेपाली समाजमा उहाँ चर्चित हुनुभयो । उहाँ काठमाडौँ उपत्यकाभित्र पहिलेदेखि नै धार्मिक, सामाजिक र अन्य  कार्य गरेर परिचित हुनुहुन्थ्यो नै, तर 'कालो सूर्य' पछि उहाँलाई सफल साहित्यकारका रूपमा नेपाली समाजले राम्ररी  चिन्ने र बुझ्ने मौका पायो ।

उहाँ साहित्यकार मात्र नभई पत्रकार, इतिहासकार, वकिल, दार्शनिक, अनुसन्धानकर्ता, राजनीतिक बुद्धिजीवी, मानव-अधिकारवादी, भ्रष्टाचारविरोधी आन्दोलनका नेता र संस्कृतिविद् हुनुहुँदो रहेछ । नेपाली समाजमा उहाँले विभिन्न क्षेत्रहरूमा गरेका योगदानहरू कतिपय मैले अहिले देखेँ र सुनेँ । उहाँ हिन्दूधर्म र संस्कृतिको उत्थानका लागि अति आवश्यक व्यक्तित्व हुनुहुँदो रहेछ । उहाँ राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा समेत सुपरिचित बहुआयामिक ख्याति प्राप्त गरिसकेको व्यक्ति हुनुहुँदो रहेछ ।

उहाँका बारेमा मजस्तो साधारण मानिसले लेख्ता सूर्यलाई बत्ती देखाएजस्तो नहोस् । उहाँको हीरक महोत्सवका अवसरमा सुस्वास्थ्य, दीर्घायु र अझ बढी प्रगतिको कामना गर्दछु ।

●



सुनील सापकोटा बैङ्किङ सेवाबाट अवकाश प्राप्त गरी हाल निवृत्त जीवन बिताइरहनुभएको छ । उहाँको घर विराटनगरमा भए पनि हाल भक्तपुरमा बस्नुहुन्छ । शब्दयात्रा प्रकाशनद्वारा 'शब्दयात्रा सिर्जना सम्मान' बाट सम्मानित उहाँ लेखक पनि हुनुहुन्छ ।

# कुशल प्रभावशाली व्यक्तित्व
## – इ. सुरेशकुमार पुडासैनी

नेपाली समाजमा भरत जङ्गमलाई नचिन्ने कमै मात्र छन । भरत जङ्गमको बहुआयामिक प्रतिभा निजले बेलाबेलामा खेलेका महत्त्वपूर्ण कदम, चाहे त्यो पशुपतिनाथको भट्ट परिवर्तन गर्ने काम होस्, चाहे त्यो मृगस्थलीजस्तो पवित्र तीर्थस्थलमा इसाईहरूको चिहान बनाउने परिपञ्च होस, चाहे त्यो भ्रष्टाचारले देशलाई खोक्रो पारेको चित्रण होस्, चाहे त्यो प्रशासन सुधारमा केही छोटो समय प्राप्त हुँदा पनि सुरु गरेको प्रयास होस्, चाहे धार्मिक क्षेत्र मन्दिर र मठको बेलिविस्तार र धार्मिक ग्रन्थहरूबारे खोजिनितीजस्ता धेरै कार्यहरू होस्, आफ्नो निजी स्वार्थलाई प्राथमिकता दिई प्रशस्ती कमाउने उद्देश्यबाट प्रेरित नभई केवल नेपाली समाजको, नेपाली संस्कृति र धर्मको पहिचान विश्वमा गराउन सकिन्छ भन्ने पवित्र उद्देश्यबाट गर्न सक्नु उहाँलाई परमात्माको अनुकम्पा प्राप्त हुनु हो ।

मेरो र भरत जङ्गमको स्कुल संयोगले केही वर्ष एउटै हुन पुग्यो । निजको त्यसै बेलादेखि फुर्तिलो व्यक्तित्व, हँसिलो मुहार, आफूभन्दा साना वा ठूला सबैलाई प्रफुल्ल पार्ने गरी एक-आपसमा मिसिने स्वभाव देख्ता आफू पनि भरत जङ्गमजस्तो हुन पाए हुन्थ्योजस्तो लाग्दथ्यो । तर बागमती पूर्वको पानी खाएको मान्छेलाई परिवर्तन हुन गाह्रै पर्दथ्यो ।

एसएलसी र आईएस्सी पास गरेपछि केही वर्ष हाम्रो भेटघाट भएन । म इन्जिनियर बनेपछि टेलिकम्युनिकेसन क्षेत्रमा काम गर्दा उहाँ मलाई आफूले लेखेको 'कालो सूर्य' पुस्तक उपहारस्वरूप दिन मेरो कार्यालयमा आउनुभयो । मैले उहाँको अनुहार बिर्सेको थिइनँ । तर पनि यसरी धेरै वर्षको अन्तरालपछि मलाई सम्झेर भेट्न आउने व्यक्तिको बानीव्यहोरा स्कुलमा देख्ता जस्तो थियो, त्यस्तै पाउँदा निकै खुसी लाग्यो ।

भरत जङ्गमले अदालतमा रिट हालेको, भ्रष्टाचारबारे प्रस्ट वक्तव्य निकालेको, धार्मिक क्षेत्रमा विभिन्न कालखण्डमा गरेका उपलब्धिपूर्ण कामहरूको फेहरिस्त समाचारका माध्यमबाट मात्र सुन्ने र पढ्ने गर्दा भरत जङ्गम देशका लागि एउटा असल पात्र हुन् भन्ने कुरामा मलाई द्विविधा थिएन । आफ्नो स्कुलदेखि नै शिक्षा प्राप्त गरेको भाइसरहको व्यक्तिबाट यति धेरै उपलब्धि हुनु ज्यादै सन्तोषको कुरा थियो । हालसालै केही महिनाअघि

मात्र उहाँले मेरी छोरीमार्फत मलाई दुई पुस्तक पठाउनुभएको र सो पढ्दा मलाई निजको योगदानबारे अझ बढी बुझ्ने-जान्ने अवसर प्राप्त भयो । आज नेपालमा विसङ्गतिले विकराल रूप लिएको परिप्रेक्ष्यमा भरत जङ्गमले प्रकाशन गरेका पुस्तकहरूको अध्ययनले पनि देशको विकास गर्न, समाजलाई रूपान्तरण गर्न र नेपालको धर्मसंस्कृतिलाई विश्वमा चिनाउन केही गर्नुपर्दछ भनी नेपाली नवयुवकहरूलाई जागृत गराउन सहयोग पुग्ने कुरा निर्विवाद छ । आउँदा दिनहरूमा पनि निजलाई देशका लागि विभिन्न माध्यमहरूबाट महत्त्वपूर्ण योगदान दिन सफलता मिलोस् भनेर ७५ औँ जन्मदिवसको यो अवसरमा हृदयदेखि नै बधाई तथा शुभकामना ज्ञापन गर्दछु । साथै निजले सुरु गरेको विभिन्न अभियानमा निरन्तरता दिई समाजमा जागरण ल्याउन अझ बढी प्रेरणा मिलोस् भनी भगवान् पशुपतिनाथसँग प्रार्थना पनि गर्दछु ।

अहिले हाम्रो समाजमा भित्र र बाहिर एउटै रूप देखिने र अरूले पनि एउटै देख्ने व्यक्ति पाउन कठिन हुन्छ र त्यस्ता व्यक्तिहरू नेपालमा नै छैनन् भन्ने आवाज पनि सुनिन थालेको परिप्रेक्ष्यमा भरत जङ्गमजस्ता व्यक्ति, जसको भित्र र बाहिर एउटै रूप भएका र निजी स्वार्थको मात्रा अति कम भएको जनशक्तिको पहिचान गर्न सकिने सूचकाङ्कको खोजिनिती गरी समाजसमक्ष जानकारी दिने प्रयास जारी राख्नुहुने नै छ भन्ने कुरामा म विश्वस्त छु । आशा गरौँ नेपाली समाजका रूपान्तरणमा निजको योगदान चिरस्मरणीय हुनेछ ।

●



सुरेशकुमार पुडासैनी टेलिकम्युनिकेसन इन्जिनियर भई नेपालमा दूरसञ्चारको विकासमा महत्त्वपूर्ण योगदान दिने व्यक्ति हुनुहुन्छ । नेपाल दूरसञ्चार संस्थान, सञ्चार तथा सूचना-प्रविधि मन्त्रालय, नेपाल टेलिभिजन, काठमाडौँ विश्वविद्यालय र नेपाल दूरसञ्चार प्राधिकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँ झन्डै चार दशक सञ्चार प्रविधिका क्षेत्रमा संलग्न हुनुहुन्थ्यो । नेपालको दूरसञ्चार विकासलाई दूरसञ्चार डिजिटल प्रणालीमा विस्तार तथा रूपान्तरण गर्न उहाँको अहम् भूमिका उल्लेखनीय छ ।

# भित्तामा टकराइरहने आवाज
## – हरिप्रसाद ओझा

संसार आश्चर्यजनक प्रकृतिले भरिएको छ । तर मानवभन्दा उत्कृष्ट ठूलो आश्चर्य अरू केही हुँदैन । मनुष्य उही हो, जो लालसाविहीन कर्मक्षेत्रमा मानवीय सतप्रयास गरिरहन्छ र परमार्थ कार्यमा जुटेको हुन्छ । मनुष्य नै देवयोनि हो, जसको कुनै स्वार्थ हुँदैन । यसरी कर्मक्षेत्रमा निःस्वार्थ भावले लाग्ने व्यक्तिको नाम हो भरत जङ्गम ।

व्यक्तिभित्र दुईवटा आचरण जन्मजात हुन्छन् – भ्रष्टाचार र सदाचार । यी दुवैमध्ये सदैव सदाचारका रूपमा हामीले बुझेका, जानेका, कानुनविद्, वरिष्ठ पत्रकार, लेखक, साहित्यकार, भ्रष्टाचारविरुद्धका अभियन्ताको नाम लिनुपर्दा भरत जङ्गमलाई सम्झन्छौँ, जसले आफ्नो ५० वर्षको उकाली-ओरालीमा भ्रष्टाचारविरुद्धको आन्दोलनमा कलम चलाएका छन् । रहरहरू मान्छेलाई क्रियाशील बनाएर अनन्त जीवनयापनमा धकेल्ने ऊर्जाहरू हुन् । यिनै ऊर्जाको भरमा रहरहरूलाई भावनाको सतरन्जमा बिस्कुन लापर मान्छेले आफ्नो कर्मको गोरेटो खन्छ अनि तिनै भावनाको सतरन्जमा सजिएका बिस्कुन चलाउँदै मान्छेले आफ्नो भविता बनाउँछ । यसरी आफूभित्रका ऊर्जाशील रहरले एक विषयलाई मनैबाट उठान गरेर त्यसतर्फ जीवन समर्पित हुन प्रेरित भएका सामाजिक अभियन्ता हुन् भरत जङ्गम ।

भ्रष्टाचार भनेको शक्तिको दुरुपयोग हो, सामाजिक समस्या हो, एउटा सरुवा रोगजस्तो हो, जसको निवारण आजको आवश्यकता हो । राजनीतिक व्यवस्था सही नहुँदा भ्रष्टाचारको विरासत कायमै छ । नेपालमा करिब पाँच दशकको अवस्था अध्ययन गर्दा २०४६ अघि र पछिको परिवेश आकलन गर्दा भ्रष्टाचारको पृष्ठपोषकमा आर्थिक चलखेल, व्यवस्था, व्यापारी, सञ्चार, अस्थीर सरकार, व्यवस्थापिका कार्यपालिका नीति र विधि मुख्य हुन् । हरेक व्यक्तिभित्र भ्रष्टाचार लुकेको हुन्छ, सदाचार लुकेको हुन्छ, असल व्यक्तिले सदाचार देखाउँछ भने खराब व्यक्तिले भ्रष्ट प्रवृत्ति देखाउँछ । यसरी भ्रष्ट मतिका व्यवहार, आचार र राज्यकोषमा लुट मच्चाउने व्यक्तिका विरुद्ध सदैव आवाज उठाउने सदाचारी हुन् भरत जङ्गम ।

प्रशासनिक क्षेत्र होस् वा अन्य कुनै पनि कार्यक्षेत्रमा होस्, वास्तविकताको बोध गराएर प्रशासन, शासन वा जनसाधारणलाई राष्ट्रिय

अस्तित्वमा आँच आउन ढिलासुस्ती वा आर्थिक अनियमितता हुन गएमा कुनै किसिमको दबाब वा प्रलोभनमा आशा नगरी कमी-कमजोरीको आवाज गर्ने व्यक्तिको नाम हो भरत जङ्गम ।

कुनै पनि हुने बेथिति वा अनियमितताको रोकथाममा प्रयत्न गर्दागर्दै छेउकुनाबाट हुने बेथितिको कुनै कमी हुँदैन, त्यस्ता अदृश्य भ्रष्टाचारको पनि समय-समयमा खोजबिन गरी पत्रपत्रिकाको माध्यम, पुस्तकको माध्यम र 'कालो सूर्य' (टीभी सिरियल) को माध्यमबाट खबरदारी गरिरहने व्यक्ति भरत जङ्गम, जसले आफ्नो सम्पूर्ण जीवनमा ऊर्जाशील मस्तिष्क खर्चेका छन् । राज्य तहबाट, कर्मचारी तन्त्रबाट र राजनीतिज्ञहरूबाट हुने सबै किसिमका बेथिति र भ्रष्टाचार रोक्नका लागि उनले पञ्चायत कालदेखि नै कलम चलाउँदै आएका छन् । निरन्तर कलमको सहाराबाट भ्रष्टाचारविरुद्धका समाचार, लेख र विचारप्रवाहको असल परिणामस्वरूप सर्वप्रथम २०३४ तत्कालीन पञ्चायती सरकारले भ्रष्टाचार निवारण आयोग गठन गरेर तदनुरूप कार्य अघि बढाएको थियो, जसलाई निरन्तरता दिन २०४६ सालपछिका सरकारहरूको अवधिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन भएको छ । तर त्यहाँ पनि भ्रष्ट राजनीतिको हालीमुहालीको दबदबा हुन जाँदा झन् ठुल्ठूला भ्रष्टाचार हुन गइरहेका छन् । राजनीतिज्ञ यति भोकमा डुबेका छन् कि नेपालको आत्मा हिन्दूधर्मलाई होलिवाइनमा परिणत गरेर हिन्दूत्वमाथि ठाडो बलात्कार गरेका छन् ।

देशको राष्ट्रिय सम्पत्ति राज्यको ढुकुटीलाई अनेक हथकन्डा अपनाएर राज्यकोषको चरम दुरुपयोग भइरहेको छ, तल्लो तहदेखि माथिल्लो तहमा, ठूलो माकुराको जालो बिछ्याएर आम नेपालीलाई दुःख, कष्ट र निर्दयतामा घेराबन्द गरी सीमित व्यक्तिको दबदबा सदाका लागि अन्त्य गर्न धेरै भरत जङ्गमको खाँचो छ । भ्रष्टाचारका विरुद्ध भरत जङ्गमले कलेजमा अध्ययन गर्दागर्दैका दिनहरूदेखि पत्रकारिताका माध्यमबाट निरन्तर आवाज उठाएको कुरा उनका लेखरचना र अन्तर्वार्ताबाट थाहा पाएँ । २०२४-२५ सालदेखि नै तत्कालीन पञ्चायती शासनका गतिविधि, आर्थिक चलखेल र राज्यकोषमा हुने दोहनलाई नजिकबाट बुझेका जङ्गमले पटकपटक तत्कालीन सरकारसमक्ष भ्रष्टाचार रोक्ने प्रयत्न गर्न सुझाव दिँदै २०३४ सालमा आएर बल्ल तत्कालीन सरकारले निवारण आयोग गठन गरी अनिरुद्रप्रसाद सिंहको संयोजकत्वमा एक समिति गठन भयो, जसको सूत्रधार भरत जङ्गम थिए । त्यसपछि केही समय उक्त आयोगले भ्रष्ट व्यक्तिहरूलाई दण्ड, जरिवाना र जागिरमा सहित नरहने गरी काम गरेको थियो । केही हदसम्म यो आयोग प्रभावकारी रूपमा देखियो । तर आन्तरिक राजनीतिको सङ्कट दलीय

प्रतिस्पर्धा, सरकारको मौनता र अन्य विविध कारणले आयोगले पछिल्ला वर्षहरूमा उल्लेख्य कदम चाल्न सकेन र भ्रष्ट व्यक्ति, वर्ग, संस्थाको मनोबलमा मलजल गर्ने काम भयो । हाल उनको निरन्तर प्रयासले त्रि. वि. केन्द्रीय विभागमा भ्रष्टाचारको विषयवस्तु पाठ्यक्रममा समावेश गरी यो शैक्षिक वर्षबाट पठनपाठन सुरु भएको हुँदा नयाँ पिँढीका लागि यो विषय समावेश गरिएकोमा आम नेपालीलाई खुसीको अनुभूति भएको छ ।

भरत जङ्गमको आवाज भित्तामा टक्रिन जाँदा जसको आवाज जबसम्म जनताको कानमा टक्रिँदैन त्यहाँसम्म नेपालको राष्ट्रियता धरापमा रहनेछ । यहाँ विनाशकारी भूकम्प जाँदा नाङ्गै भएर उभिँदा अर्काले दिएको दानपर्यन्त गरिबले पाएनन् । राम्रा सामान आफूले लगेर बिग्रेका सामान पीडितले पाए । कोभिड-१९ को औषधि खरिद र क्वारिन्टाइन प्रकरण तथा पटक-पटक साना-ठूला भ्रष्टाचार प्रकरणले नेपालको छवि बिग्रेको कुरा एमनेस्टी इन्टरनेसनलले देखाएको छ । नेपालको सबैभन्दा जटिल समस्या बनेको छ भ्रष्टाचार ।

२०४६ सालको परिवर्तनले सिङ्गो नेपाली समाज पूर्ण स्वतन्त्र र खुला व्यवस्थाको आगमनसँगै नातावाद, कृपावाद, पुँजीवादका आयामहरू देखापरे, जसभित्र भ्रष्टाचारको जग बलियो हुँदै गयो र राज्यसतामा रहेका व्यक्तिहरू यसका मृख्य मालिक हुन थाले । वहुदलभित्र खुलेआमं पैसाको कारोबार बढ्यो, हाकाहाकी बढ्यो । राष्ट्रिय सम्पदा, राष्ट्रिय सम्पत्ति र राज्यकोषको चरम दोहन भयो । नेपालमा भ्रष्ट नेता, भ्रष्ट कर्मचारी र भ्रष्ट व्यवस्था हावी हुँदा आम नेपालीहरू शिर झुकाएर बस्न बाध्य भए । २०४६ देखि २०७७ सालसम्म आइपुग्दा ठूलाठूला भ्रष्टाचारका काण्डहरू भए । भ्रष्टाचार निवारण आयोग निष्कृय भएपछि त्यसको फेरेर अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन भयो, तर यसका पदाधिकारीमा भ्रष्ट व्यक्ति नियुक्त हुँदा यो आयोग विवाद र आलोचनाको भण्डार मात्र रहेको छ ।

भरत जङ्गमले २०३४ सालदेखि हालसम्म आफ्ना सम्पूर्ण ऊर्जाशील दिनहरू भ्रष्टाचारविरुद्धको अभियानमा खर्चे । उनले भ्रष्टाचारका विषयमा कलम, बुद्धि र शरीर चलाए र विभिन्न पुस्तक, लेख, अन्तर्वार्ताबाट निरन्तर समाज र राष्ट्रको हितका लागि काम गरे । उनलाई कहिल्यै पद, पैसा र प्रतिष्ठा बढाउने लोभ भएन । चाहेका भए मन्त्री, राजदूत, आयुक्त वा कुनै ठूलो पदमा रहेर आफ्नो स्वार्थ पूरा गर्थे होलान् । तर सरल स्वभाव, निश्छल छवि, आत्मविश्वास, लोभरहित, मिलनसार र देशभक्तिमा विश्वास राख्ने हुँदा कहिल्यै निजी स्वार्थमा लुप्त भएको मैले अनुभव गरेको छैन । उनको मुख्य चाहना भनेको भ्रष्टाचारमुक्त नेपाल र भ्रष्टाचारमुक्त व्यवस्था हो । गलत

ढङ्गले व्यक्ति मोटाउनु हुँदैन, देशलाई मजबुत बनाउनुपर्छ भन्ने मान्यताका सामाजिक अभियन्ता हुन् जङ्गम ।

भ्रष्टाचार व्यक्तिगत फाइदाका निमित्त गरिने शक्तिको दुरुपयोग हो । मानिसहरूको पीडा र कष्टमाथि टेकेर आर्जन गर्ने व्यक्तिगत नाफा पनि हो । भ्रष्टाचारको सामाजिक, आर्थिक, राजनीतिक, नैतिक, भौगोलिक आदि प्रभाव रहन्छन् । भ्रष्टाचार राजनीतिदेखि विश्वसम्म, मनोरञ्जनदेखि शिक्षासम्म र विभिन्न साङ्गठनिक प्रणालीसम्म जटिल रूपमा देखापर्दै आएको छ । भ्रष्टाचार व्यक्तिहरूको धारणा हो । पूरै समय काम नगर्ने, ढिलासुस्ताी गर्ने, सामान्य चियापानको आशा गर्ने, विभिन्न राजनीतिक दलहरूको झोला बोकेर हिँड्ने आदिजस्ता सामान्य कार्यले गर्दा नेपालमा भ्रष्टाचारको प्रतिशत प्रत्येक वर्ष बढेको छ । भ्रष्टाचार एक प्रकारको अनैतिक कार्य हो, जसले व्यक्तिको कार्यलाई प्रभावकारी होइन, दासत्वको विकास गराउँछ ।

नेपालमा विभिन्न किसिमका भ्रष्टाचारहरू रहेका छन् । राजनीतिमा आधारित भ्रष्टाचार, सामाजिक र आर्थिक भ्रष्टाचार, समयको भ्रष्टाचार, न्यायिक भ्रष्टाचार, यी सबै किसिमका अपराधले राज्य र सिङ्गो समाजको अस्तित्व र मर्यादाको ठाडो चुनौती दिएको छ । यस्ता किसिमका समाजभित्रका धमिराहरूलाई नष्ट गर्नका लागि सदैव भ्रष्टाचारीको जरा उखेल्न लागिरहने इमानदार समाजसेवी हुन् भरत जङ्गम ।

आदरणीय भरत जङ्गमज्यू ! तपाईंको सतप्रयास नेपालीलाई सचेत गराउने हो, गराउँदै जानुहोस् । तपाईंको आवाज भित्तामा टक्रायर फर्के पनि तपाई सचेत गराउने सतप्रयास गर्दै रहनुहोस् । संसारमा सबैभन्दा सतकर्म सेवाबाट र त्यागबाटै प्राप्त हुन्छ ।

●



हरिप्रसाद ओझा कैलाली जिल्लाका बासिन्दा हुनुहुन्छ । उहाँ शिक्षण पेसामा आबद्ध हुनुहुन्छ र साहित्यिक लेखरचनाहरू पनि सिर्जना गर्नुहुन्छ ।

# विश्वलाई नै उपहार दिने दाता
## – हरिशरण महाराज

नेपाल आमाले समय-समयमा कैयौँ महापुरुषहरूलाई जन्म दिएर आफ्नो कोख धन्य पारेकी छन् । राष्ट्रको लागि गर्व गर्न सकिने त्यस्ता महापुरुषमध्ये एकजना कालजयी व्यक्तित्व भरतमणि जङ्गम हुनुहुन्छ । उपत्याकाभित्रको ऐतिहासिक सहर भक्तपुरमा पिता गोविन्दहरि जङ्गम र माता इन्द्रकुमारी जङ्गमको कोखलाई धन्य पार्दै २००४ साल मङ्सिर १० गते मङ्गलबार पुत्ररत्नका रूपमा एक बालकको जन्म हुन्छ । हुने बिरुवाको चिल्लो पात भनेझैँ सानैदेखि विलक्षण प्रतिभाका ती बालक पछि कालजयी व्यक्तित्व भएर नेपाल आमाको धरालाई धन्य पार्नेछन् भनेर कसलाई थाहा थियो र ?

शैले शैले न माणिक्यं, मौक्तिकं न गजे गजे ।
साधवो नहि सर्वत्र, चन्दनं न वने वने ॥

हरेक पर्वतमा मणि हुँदैन, प्रत्येक हात्तीको शरीरमा मोती पाइँदैन, प्रत्येक वनमा चन्दन हुँदैन, त्यसै प्रकार महापुरुषको जन्म पनि सर्वत्र हुँदैन ।

आफूलाई ठूलो दर्जाको विद्वान् भनी चिनाउन प्रयास गर्ने धेरै व्यक्तिहरू हामीले देखेका छौँ । आफ्नो अहङ्कारी स्वरूप वीरता देखाउने प्रवृत्तिका ठूला भनाउँदा व्यक्तिहरूलाई पनि देखेका छौं । ठूला कार्य गर्न प्रयत्नशील रहने र सफलता पनि पाउने तर आफ्नो विज्ञापन नगर्न नचाहने महान् व्यक्तिहरू पनि हामीले देखेका छौँ, सरल र सौम्य भई राष्ट्रप्रतिको कर्तव्यपरायणतालाई आदर्श बनाउने महान् व्यक्तिलाई पनि हामीले देखेका छौँ । यस्तै राष्ट्रप्रतिको उत्तरदायित्व बोध गर्ने व्यक्तित्व भरतमणि जङ्गम हुनुहुन्छ ।

महाजनस्य संसर्गः कस्यनोन्नतिकारकः ।
पद्मपत्रस्थितं तोयम् धत्ते मुक्ताफलश्रियम् ॥

महापुरुषहरूको सामीप्य कसका लागि लाभप्रद हुँदैन र ? कमलको पातमा परेको पानी पनि मोतीजस्तै सुशोभित देखिन्छ । त्यसै प्रकारले मैले पनि २०६८ मङ्सिर १२ गते भ्रष्टाचारविरुद्धको अभियानका माध्यमले उहाँसँग भेट्ने सौभाग्य पाएको थिएँ । उहाँको डिलडौल, बोल्ने आकर्षक शैली, शब्दचयनले मलाई 'शाकुन्तल' महाकाव्यका पात्र दुश्यन्तपुत्र राजा भरतको सम्झना हुन पुग्यो । उहाँको वाणीमा त्यो गर्जना थियो, जसबाट इतिहासमा

बाघका दाँत गन्ने राजा भरतको चित्रण मनमस्तिष्क पुनर्जीवित हुन जान्थ्यो । साँच्चै पुनः कतै भारतवर्षका नायक सम्राट भरतको पुनर्जन्म त यो भरत जङ्गमका रूपमा भएको होइन ? वर्तमानका कालजयी व्यक्तित्वलाई देखेर म अति नै प्रभावित भएको थिएँ । शास्त्रले भन्छ –

यथा चित्तं तथा वाचो यथा वाचस्तथा क्रिया ।
चित्ते वाचि क्रियायाचं साधुनामेकरूपता ॥

साधु व्यक्तिको मनमा जे हुन्छ, त्यही कार्य उसले गर्छ । जस्तो बोल्छ, त्यस्तै उसले आचरण गर्दछ । त्यस्ता महापुरुषहरूको मन, वचन तथा कर्ममा सधैँ एकरूपता हुने गर्दछ । यसैलाई नै महान् व्यक्तिको परिचय मानिन्छ ।

भरत जङ्गमद्वारा पथप्रदर्शित २०६८ का ती भ्रष्टाचारविरुद्धका अभियान कार्यक्रमहरूमा कञ्चनपुर र कैलालीका चोकचोकमा उहाँले जे भन्नुभयो त्यो गरेर राष्ट्रको शिर उच्च पार्ने काम मात्र गर्नुभएन अपितु जनसमुदायलाई घचघच्याउने कार्य निर्विघ्नतापूर्वक सुसम्पन्न गर्नुभयो । देशभक्त नेपालीले गर्नुपर्ने कार्य चाहे त्यो संविधानसभाले गैरसंवैधानिक तरिकाले म्याद थप्तै कार्यकाल बढाएका विरोधका कुरा हुन् अथवा भूतपूर्व प्रधानमन्त्री, राष्ट्रपति तथा मन्त्रीहरूका विशेष सुविधाका विरोधका कुरा हुन् अथवा उनीहरूका पेन्सन खाने कुरा हुन्, सबैमा कानुनी विद्वत्ता प्रयोग गरी राज्यकोषबाट प्रत्येक वर्ष खर्च हुने १ अर्ब ४० करोड रुपियाँ बचत नपुगेको छ, राष्ट्रका लागि यो सबैभन्दा ठूलो उपलब्धिपूर्ण कार्य थियो । विभिन्न आरोह-अवरोह पार गर्दै उहाँले बोलेका गरेका कार्य समयमै पूर्ण भई विश्वकीर्तिमान स्थापित गर्न सफल हुनुभयो । वरको सिन्को पर सार्ने कानुनी विद्याका डिग्रीहरू बाकसमा थन्क्याई कानुनविद् हुँ भनी भ्रम पाल्ने कोठे कानुनका वकिलहरूले उहाँबाट धेरै कुरा सिक्नुपर्छ ।

आहार, निद्रा, भयजस्ता कुरा सबै प्राणीमा पाइन्छ । मनुष्यमा ती सबैभन्दा परको विशिष्ट आचार छैन भने मनुष्य र पशुमा कुनै अन्तर हुँदैन । अरूलाई बाधा नपारी विधिपूर्वक, न्यायपूर्वक, शान्तिपूर्वक बाँच्ने र बचाउने व्यवहार मनुष्यको जीवनमा हुनुपर्छ । मानव हुनुको पहिलो लक्षण उसभित्र मानवता हुनु हो । मानवताको कसौटीमा खरो उत्रन नसक्ने मान्छे सामाजिक दृष्टिले आदर्श बन्न सक्तैन भन्ने कुरा भरत जङ्गमका कालो सूर्य, व्यूहचक्र, रातो घाम जस्ता रचनामा प्रस्ट देख्न सकिन्छ । दैनिक जीवनमा चाहिने खाद्यवस्तु, इन्धन, पानी जस्ता सामान्य कुराभन्दा जरुरी चरित्रको निर्माण आवश्यक हुन्छ भन्ने कुरामा केन्द्रित रहेका छन् । धनसम्पत्ति, खेतबारी, हीरामोतीभन्दा ज्यादा मूल्यवान् चरित्र धन हो भन्ने विश्लेषण भएको छ ।

समाजसेवा गर्नका लागि संन्यासी भएर घर नै छोड्नुपर्ने हुँदैन, गृहस्थी जीवनमा बसेर पनि समाजको सेवा गर्न सकिन्छ भन्ने प्रत्यक्ष उदाहरण भरत जङ्गम हुनुहुन्छ । आफ्नो युवावस्था २०२६ सालदेखि समाजसेवामा लाग्नुभएका भरत जङ्गमले जङ्गम छात्रवृत्ति स्थापना गरेर हजारौँ अनाथ तथा जेहेनदार विद्यार्थीहरूलाई शिक्षा प्रदान गराउनुभएको छ । २०६५ सालमा आराध्यदेव पशुपतिनाथको पूजा-अर्चनामा सरकारी हस्तक्षेपका विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरी परम्परादेखि चलिआएको वैदिक परम्परालाई जोगाउनुभयो । उपत्यकाभित्र तथा बाहिर पनि मठमन्दिरलगायत वैदिक सनातन संस्कृतिका धरोहरहरूलाई भरत जङ्गमद्वारा संरक्षण प्रदान भएको देखिन्छ ।

उहाँले समाज र राष्ट्रका लागि गरेका असङ्ख्य कार्यहरू रहेका छन् । २०२६ सालदेखि भ्रष्टाचारविरुद्धको अभियानमा समर्पित हुनुभएका भरत जङ्गमले २०७३ सालसम्ममा विश्वलाई भ्रष्टाचारविरोधी शास्त्र उपहार दिन समर्थ हुनुभएको छ । यो भ्रष्टाचारविरुद्धको विज्ञान विश्वको प्राज्ञिक क्षेत्रमा पहिलो प्रवेश हो । उहाँ यस शास्त्रका पिता हुनुहुन्छ । यो हामी तथा हाम्रो देशका लागि गौरवको कुरा हो ।

अन्तमा –

प्रार्थयामहे भव शतायुः ईश्वरः सदा त्वाम् च रक्षतु ।

पुण्यकर्मणा कीर्तिमार्जय जीवनम् तव भवतु सार्थकम् ॥

●



हरिशरण महाराज महेन्द्रनगर, कञ्चनपुर महाकालीमा बसोवास गर्नुहुन्छ ।

# पहिलो खण्ड (ख)

# ब्ल्याक मनिप्लान्ट
## – अर्चना कर्ण

यो कालो रङ्गको बिरुवा हो । यसको पात कालो र जात पनि कालो रहेछ । यसको जरा माथि झाङ्गिएको र टुप्पो जमिनमुनि रोपिएको रहेछ । म यो बिरुवालाई ध्यान दिएर हेरिरहेकी थिएँ । पृथ्वीमा मैले त्यस्तो बिरुवा आजसम्म देखेकी थिइनँ ।

तर यो बिरुवा बालुवाटारको वरिपरि आफ्नो जरा जालोझैँ फैलाएर त्यो ठाउँलाई सजाएको थियो । कालोपत्रे बाटोमा यस्तो बत्ती फिट गरिएको थियो कि मानौँ बोटमा हीरा फलिरहेको छ । त्यहाँ बस्ने प्रधानमन्त्रीले आफ्नो जन्मदिन मनाउँदै थिए । उनले मगाएको केक पूरा नेपालको नक्सा पो रहेछ । त्यो नक्सावाला केक काटेर सबैलाई खुवाउँदै रहेछन् र आफूले आफ्नो बालुवाटार वरिपरि रोपेका बिरुवा ब्ल्याक मनिप्लान्ट, जसमा हीरा फल्छ, विदेशबाट मगाएर रोपेको बताउँदै रहेछन् आफ्ना शिष्यहरूलाई । तालीका ताली पड्किँदा, सुनिदा, सुन्दा वरपरका जनता छक्क परेछन् ।

अब हामी नेपालको विकासका लागि जे पनि गर्न सक्छौँ । पानीजहाज, रेल सबै आफ्नै देशमा मगाउन सक्छौँ । म नेपाल र नेपालीका लागि जे पनि गर्न सक्छु । कोरोनाको माहामारीमा रमिता देखाउन सक्छु । नेपालको नक्सा काटेर जन्मदिन मनाउने सम्माननीय प्रधानमन्त्रीले हाम्रो देशको सिमाना पो जोगाउनुपऱ्यो । जनता विरोधमा उत्रिए । उनले पनि आफ्नो फुर्ति देखाउन नेपालको थप भूमि जोडेर चुच्चो मानचित्र (नक्सा) पनि बनाउन लगाए । हराएर गएको भूमि या जग्गा कम से कम नक्सामा निकालेर सबै जनताबाट वाहवाही पनि बटुले ।

नेपालको नक्सा केक बनाएर काटेर के भो, कमसेकम नेपालको हराउँदै गरेको भूमिलाई नक्सामा त बढाएँ भनी छाती फुलाएछन् । संयोग कस्तो परेछ भने एउटा महामारी कोभिड चीनबाट घुम्दाघुम्दै अमेरिका र भारत हुँदै नेपालमा प्रवेश गरेछ । यो महामारी यहाँ आउनेबित्तिकै सबैलाई घरमै बस्न लकडाउन गराइएछ । यस्तो बेलामा नाराजुलुस गर्न पाइँदैन । सरकारविरुद्ध लड्नुपर्दैन भनेर जनतालाई घुर्क्याएछन् र त्यो ब्ल्याकमनीले एमसीसी ल्याएर, देश बेच्ने चाँजोपाँजो मिलाएर आफ्ना कुर्सी बचाउन लागेछन् । लकडाउन थपिएको थपियै भयो । यहाँका गरिब श्रमिक, मजदुरहरूको काम खोसियो ।

गाउँ जाऊँ गाडी र भाडा छैन, डेरामा बसौं भने मनी छैन । खान-बस्न पनि आपत परेपछि हिँडेरै घर पुग्ने आशामा गाउँको बाटो लागेछन् । ती जनता बिचराहरू बाटामै भोकभौकै सहिद भएछन् । गाउँ पुग्ने सपना चकनाचुर भएछ ।

यता नेताहरू कोरोना जाँच गर्ने किट कमिसन लिएर किन्दै थिए । त्यो किट पनि नक्कली नै रहेछ । देश र जनताका लागि केही जोगाड गर्न खोजेका थिए । तर त्यस्तै बेलामा भित्रभित्रै राजनीतिक खेल पनि सुरु भएछ । प्रधानमन्त्रीका लागि पक्षविपक्ष लड्न थालेछन् । आ-आफ्ना पार्टी फुटाउन थालेछन् । यही मौकामा ठूला पार्टीका नेता बिचरा मन्त्री, सांसदहरूले म्युजिकल चेयर खेल्ने विचार गरेछन् । तर राजनीतिमा कस्तो हुँदो रहेछ भने प्रधानमन्त्रीको कुर्सी भनेको विनर, जसलाई पैसा र पावरले किनिन्छ । दूरदर्शी प्रधानमन्त्रीले त आफ्नो वरिपरि ब्ल्याक मनिप्लान्ट रोपेकै थिए, जसको जरा माथिसम्म फैलिएको थियो, जसमा हीरा फल्दै थियो । हीरा बेचेर आफ्नो कुर्सी जोगाउन सफल भएछन् ।

उनलाई लाग्यो अब मलाई कसैले पनि मेरो कुर्सीबाट हटाउन सक्तैन । तर उहाँलाई कुर्सीबाट उतार्न उनकै पार्टीका नेताहरू जुटेका थिए, जसले गर्दा उहाँलाई कुर्सी जोगाउन धौधौ परेछ, जसले गर्दा आफ्नो अधिकारक्षेत्र बिर्सेर प्रतिनिधिसभा विघटन गरेछन् र चुनावको घोषणा गरिदिएछन् । पक्ष-विपक्षले अदालतको ढोका घचघच्चाएछन् । अदालतले पुनः प्रतिनिधिसभा सङ्गठित हुनुपर्ने फैसला सुनाएछन् ।

यस्तो खेल चल्दाचल्दै फेरि दोस्रो लहरको कोरोना या कोभिड महामारी नयाँ रूप लिएर यहाँ आएछ । यसपालि कोरोना चीन होइन, अमेरिका, बेलायत, इन्डिया हुँदै सजिलै नेपाल प्रवेश गरेछ । यसको रूप पनि तीव्र भएछ । यहाँ मानिसहरू धमाधम सङ्क्रमित हुने, बिरामी हुने र मृत्यु हुने गर्न थालेछन् । अब यहाँ अक्सिजन चाहिने भयो तर ब्ल्याकमनीले पनि अक्सिजन किन्न सकेनछन् ।

यस बेला पनि म्युजिकल चेयर कुर्सी तानातानको खेल चलेछ । राजनीतिक पार्टीहरूले मिलेर प्रधानमन्त्रीलाई कुर्सीबाट पछारिदिएछन् । तर अर्को दिन यो के ? पुनः उनी नै प्रधानमन्त्री भएछन् । फेरि देश र जनताको भलो गर्ने भ्रूटो सपथ खाएका छन् । मचाहिँ ब्ल्याक मनिप्लान्टको बिरुवा हेर्दै थिएँ । यसले त कार्बन डाइअक्साइड पो फाल्ने रहेछ । अक्सिजन फालेको भए नेपाली जनता अक्सिजनविना मर्ने थिएनन् । तर कस्तो विडम्बना, बालुवाटारमा अक्सिजन गइरहेछ र बाहिर कार्बन डाइअक्साइड फालिरहेछ ।

अचानक मेरो निद्रा टुटेछ । म त ओछ्यानमा रहेछु । के मैले सपना देखेको हो केपी ओली पुनः प्रधानमन्त्री भएको ? सपना बिहानको पो परेछ ! त्यो सत्य हुन्छ रे !

नभन्दै बिहानको कान्तिपुर पत्रिका हेरेँ । अन्ततः ओली नै प्रधानमन्त्री बनेको समाचारले मलाई राजनीतिमा हुने खेल विश्वासको मतमाथि विश्वास लागेन । मलाई त त्यही ब्ल्याक मनिप्लान्टको सम्झना आयो । हे भगवान् ! एउटा असल नेता नेपालमा कहिले जन्मिनेछ र यो ब्ल्याक मनिप्लान्ट (भ्रष्टाचार) उखेलेर फाली ग्रीन मनिप्लान्टका रूपमा सबैलाई शुद्ध अक्सिजन दिने बिरुवा कहिले रोप्नेछन् ? सोच्न थालेँ ।

अनि झ्वाट्ट सम्झेँ कालजयी व्यक्तित्व भरत जङ्गमलाई । लाग्यो अब नेपाल भ्रष्टाचारले मर्दैन ।

●



अर्चना कर्ण सुनाकोठी, ललितपुरमा बसोवास गर्नुहुन्छ । उहाँ सामाजिक कार्यकर्ता तथा लेखिका हुनुहुन्छ ।

# उहाँ मामाघर नेपालमा
## – अर्पण पराजुली

सडक बालबालिकामुक्त समाज निर्माण गर्ने उद्देश्यले हेटौँडाका युवा समाजसेवीहरूको सक्रियतामा २०६८ सालदेखि सञ्चालित 'मामाघर नेपाल मकवानपुर' ले स्थानीय दान, चन्दा, उपहार र सहयोगमा सडक बालबालिकाको पालनपोषण गर्दै आइरहेको छ । सडक बालबालिकाको आपतकालीन उद्धार, परामर्श, उपचार, आवासीय सुविधा, औपचारिक शिक्षा, प्राविधिक सीप र पारिवारिक पुनर्स्थापना गर्दै आइरहेको यस संस्थाले हालसम्म ५०० भन्दा बढी सडक बालबालिकाको उद्धार गरिसकेको छ ।

जन्मोत्सव, वैवाहिक वर्षगाँठ र सङ्घसंस्थाको स्थापना दिवसमा प्राप्त हुने सहयोगबाट सञ्चालन हुने यो संस्थाले हेटौँडाका समाजसेवी सिद्धिलाल श्रेष्ठले दानस्वरूप दिनुभएको जग्गामा 'एक व्यक्ति एक इँटा' अभियान सञ्चालन गरी हेटौँडा – ११ मा सुविधासम्पन्न बालमैत्री भवन निर्माण गरेको छ । विभिन्न कारणले सडकमा बेवारिसे जीवन बाँच्न बाध्य सडक बालबालिकाहरू असामाजिक र आपराधिक गतिविधिमा पनि संलग्न हुन्छन् भने माग्ने, लागूपदार्थ सेवन गर्ने त उनीहरूको लत नै हुन्छ । पेट भर्नकै लागि अनेक सङ्घर्ष गरिरहेका, कुनै नियन्त्रणविनाको स्वतन्त्र जीवन बाँचिरहेका सडक बालबालिकालाई सामान्य जीवन बाँच्न सक्ने बनाउनु आफैँमा चुनौती हो । आज कसैको छतमा सुकाएको कपडा चोर्दै हिँड्ने, फलामको टुक्रा र कवाडीको थुप्रोमा आफ्नो भाग्य र भविष्य खोज्दै बसेका यस्ता बालबालिका आफैँ अत्यन्तै दुःखदायी जीवन बाँचिरहेका हुन्छन् भने सडकमा भोकै-नाङ्गै बालबालिका देखिनु समाजको सभ्यतामाथिको प्रश्न पनि हो । मामाघर नेपाल मकवानपुर सडक बालबालिकामुक्त समाज निर्माण गर्न हरतरहबाट लागिरहेको छ । स्थानीय मानिसहरूबाट प्राप्त दान, चन्दा, उपहार र सहयोग नै उद्धार गरिएका बालबालिकाको पालनपोषणको आधार बनेको छ ।

कोही-कोही मान्छेको मन सधैँ अरूको दुःख र पीडामा मल्हम लगाउन चाहिरहेको हुन्छ । स्वस्थ र समतामूलक समाजको परिकल्पना गर्ने आदरणीय भरत जङ्गम जीवनभरि भ्रष्टाचारविरोधी अभियान चलाउँदै आउनुभएका व्यक्तित्व हुनुहुन्छ । विभिन्न सामाजिक अभियानहरूबारे बुझ्दै जाने क्रममा

मामाघर नेपालबारे जानकारी भएपछि मामाघर नेपालका संस्थापक / संरक्षक अर्पण पराजुलीसँगको व्यक्तिगत चिनजानमार्फत् आदरणीय भरत जङ्गम मामाघर नेपाल मकवानपुरको अवलोकन भ्रमण गर्न काठमाडौँदेखि हेटौँडा आइपुग्नुभएको थियो ।

भ्रष्टाचारविरोधी प्रखर वक्ता भरत जङ्गम आफैँमा विशाल मानवीय हृदयका व्यक्तित्व हुनुहुन्छ । देखेको कुरा बोल्ने र जे हुनुपर्ने हो, त्यही बोल्ने बानी भएका जङ्गमले मामाघर नेपालको अवलोकन गरेपछि ती कलिला बालबालिकाको हृदयमा अगाध राष्ट्रियता र मानवताको भावना विकास गराउनु है भन्दै असल संस्कार भएका बालबालिका जब युवा हुन्छन्, तब मात्रै भ्रष्टाचारमुक्त समाज निर्माण हुन सक्ने बताउनुभएको थियो । मामाघरमा रहेका सबै बालबालिकालाई वरिपरि राखेर सबैको विगत, वर्तमान र भविष्यको चाहनाबारे सोद्धै जहाँ जे गरे पनि इमानदारीपूर्वक गर्नु र भ्रष्टाचारचाहिँ कहीँ कहिल्यै पनि नगर्नु भन्ने उहाँको विचार अत्यन्तै प्रेरणादायी लागेको छ ।

प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मामाघर नेपाललाई सहयोग पुऱ्याइरहनुभएका आदरणीय भरत जङ्गम स्वयंमा व्यक्ति नभएर एउटा अभियान हुनुहुन्छ । भ्रष्टाचारविरुद्ध जीवनभर खटिनुभएका जङ्गम सरको उच्च चेतना धेरैले बुझ्न नसकेको हो कि जस्तो भान हुन्छ ।

सुशासन र समृद्ध समाजको पक्षमा वकालत गर्ने उहाँलाई दीर्घ जीवन र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

●



अर्पण पराजुली मामाघर नेपाल मकवानपुरका संस्थापक तथा संरक्षक हुनुहुन्छ ।

# उनका सपनाका सन्दर्भमा
## – आरके श्रेष्ठ

मेरा अग्रज आदरणीय व्यक्ति भरत जङ्गमको ७५ औँ जन्मदिवस हीरक महोत्सव हार्दिक शुभकामनाका दुई शब्द उपहार चढाउन पाएकोमा आफूलाई भाग्यवान् महसुस गर्दै उहाँबाट नैतिकता हराउँदै गएको हाम्रो समाजको परिवेशका सन्दर्भमा निजबाट उठाएका प्रश्नहरू तथा समाधानको अथक प्रयासप्रति मेरो एक सानो छोटो विचारसमेत प्रस्तुत गर्न पाउनु एक सौभाग्य ठानेको छु ।

मेरो देश नेपाल, म एक नेपाली । म गौरव गर्दछु यस सुन्दर मुलुकको धर्तीपुत्र हुन पाएकोमा । विश्वका उत्कृष्ट प्राकृतिक मनमोहक विविध सुन्दरतालो बास पाएका देशहरूमा दसौँ स्थानभित्र पर्न सफल यो हाम्रो देशलाई समयसापेक्ष विकास गरगहना बहुमूल्य शृङ्गारबाट (Professional high teach-touch up) समेत सजिएको अति नै सुन्दर मेरो जन्मभूमिप्रति गौरवको कल्पना, परिकल्पना देख्न वा गर्न पाउनु हरेक नेपालीको अविच्छिन्न अधिकार हो । प्रकृतिको वरदानप्रति आभारी बन्दै विवेकपूर्ण गतिशील मानसिक तथा भौतिक विकास तथा विस्तारमा एक जुट भई बडामहाराजा पृथ्वीनारायण शाहका दिव्य उपदेशलाई आत्मसात गरेको भए हामी हाम्रो देश भीख माग्ने होइन, भीख दिने हुन्थ्यौँ भन्नेमा दुई मत नरहला ।

देश ठूलो वा सानो आजको विश्वको बजारमा यसको खास तुक छैन, केवल भौतिक विकास, भौतिक शक्ति के-कति आर्जन गरेको छ, विश्व परिवेशमा के-कस्ता कति योगदान दिने क्षमता राख्तछ, यिनै मापदण्डबाट कुनै पनि देशको बाहुल्य, इज्जत आर्जन गर्दछ, सोही रूपमा व्यक्तिगत नागरिकको पनि । सिङ्गापुर, बहराइन आदि आदि विकसित राष्ट्रहरूलाई र तिनका नागरिकलाई विश्वसमाजले सानासाना भनेर हेला गरेको कुनै देख्ने त परै जाओस्, सुन्न पनि पाएका छैनौँ । तर हाम्रो देश नेपाल सानो होइन तर कार्यक्षमता, विवेक, जिम्मेवारी तथा जवाफदेहिताप्रतिका अनेक-अनेक प्रश्नहरू, जो आजसम्म अनुत्तरित मात्र होइन, समाधानका कुनै पनि ठोस निर्क्योल निस्केको छैन । कति कुर्ने हो, कहिले आउने हो, अत्तोपत्तो छैन, जसको कारणवश आम मानसमा नैराश्यले आफ्नो जग बढाउँदै गएको पाइन्छ ।

एक नेपालीले जन्मनेबित्तिकै बाउन्न हजार रुपियाँको ऋण भार बोक्नुपर्ने हुन्छ । देशको आर्थिक अवस्था ऋणात्मक हुँदै जानु रेमिटेन्सबाट मात्र अर्थव्यवस्था चलायमान रहनु, शोधनान्तर घाटा (Balance of Payment, Balance of Trade) निराशाजनक हुनु, भएका उद्योगधन्दा (४०-५० वटा ठूलाठूला उद्योगहरू) काङ्ग्रेसले बेचेर खायो, बाँकी छुटेफुटेका पनि संरक्षणको पर्खाइमा, अनि कसरी औद्योगिकीकरण हुन्छ र आयात विस्थापनमा टेवा दिन्छ त ? जता हेर्‍यो, उतै बेथिति । कागजी विकास, नेताको भाषणी विकास त कति हो कति, सबैलाई जितेर सम्पन्न भइसक्यो, के चाहियो ?

एक नजर कृषिमा । कृषिप्रधान देश नेपाल २०४६ सम्म धान निर्यात गर्ने देश, हरियो वन नेपालको धन भन्ने देश कहाँ गयो ? सबै लाजमर्दो अवस्था । आयात धान मात्र ७-८ अरबको । विदेशी रक्सी ३-४ अरबको वार्षिक आयात हुन्छ । केवल ७ प्रतिशतको निर्यात हुन्छ । खरबौँको ऋण, अरबौँ अरबको ब्याज भुक्तानी । चालु आ. व. को एक खरबभन्दा बढीको बजेट घाटा (आम्दानीभन्दा खर्च बढी) आदि नैराश्यबाट कहिले कसरी पार पाउने हो ?

कृषि तथा उद्योगको विकास र विस्तार नै हाम्रो मूल आधारभूत क्षेत्र, जसको प्रभावले पूर्वाधार विकास, बजार विकास, बजारीकरण, शिक्षाकरण आदि आफैँ सबै थाहा पाउँदापाउँदै पनि हामीमा के कमी भयो, जसबाट यस्ता विकासमा बाधक बनेका छन् ?

एउटा सिद्धान्त, सानो राष्ट्र Singapore मा वार्षिक एक करोड टुरिस्ट जान्छन्, सोहीअनुरूप Thailand मा साढे ३ करोड Visit गर्दछन् भने हाम्रोमा २० लाख पुर्‍याउन राष्ट्रिय अभियान नै चलाउनुपर्‍यो, सो पनि फेल खायो ।

बुद्धिमत्ता, विवेकशील, लगनशीलता, इमानदारीसाथ राजनीतिक प्रतिबद्धता र संरक्षण पाएको भए आज हाम्रो देश हाम्रो सामाजिक, आर्थिक रहनसहन अवस्था कहाँ पुग्थ्यो ? Tourism Service Industry लाई मात्र लिँदा पनि कम्तीमा वार्षिक एक करोड Tourist आउनु ठूलो कुरा हुँदैनथ्यो । २५-३० वटा ठूला हवाइजहाज, विश्वका अधिकांश सहरहरूमा राष्ट्रिय ध्वजावाहक पुग्नु सामान्य नै मानिन्थ्यो । सोहीअनुरूप कृषिप्रधान देश कृषिप्रधान नै रहिरहन्थ्यो । प्रकृतिले वरदान गर्दा रहेका सम्पत्ति ग्यास उत्खनन, फलाम, पेट्रोल, युरेनियम आदिका कारण बलिया आर्थिक अवस्थाका कारण दक्षिणी सीमामा मजबुत पर्खाल बन्थ्यो र हजारौँ बिगा जग्गा गुमाउनु पर्दैनथ्यो ।

उपर्युक्त सबै विकासका बाधक के हुन् त ?

भ्रष्टाचार र राजनीति । राजनीति र भ्रष्टाचार । यी दुवै बाधक हुन् र छन् । भ्रष्टाचार नहुने देश, नभएको देश सायद नहोला । तर केवल कुन स्तरमा कसरी कति हुन्छ त भन्ने सवाल हो । थाइल्यान्ड, मलेसिया विकासशील देशमा १०-१५ प्रतिशत खैलाबैला हुन्छ भने हामीकहाँ ७०-८० प्रतिशत गोलमाल हुन्छ । २०-२५ प्रतिशत मात्रको लगानीबाट कुन स्तरको विकासको आशा गर्ने हो !

वि. सं. २०१३ देखि चालु भएको पञ्चवर्षीय वार्षिक योजनाका भइगरी आएका आजसम्मका विकासका प्रतिफलबारे हामी सबै जानकार नै छौँ । यही सन्दर्भलाई मनन गरी स्वच्छ समाज, स्वच्छ राजनीति निर्माणका लागि आजीवन सङ्घर्ष गरी आएका अग्रज अभियन्ता नायक भरतमणि जङ्गम (काठमाडौँ नयाँ बानेश्वरनिवासी) को नाम लिँदा पनि मनमस्तिष्कमा सुगमता छाउँदछ । २०२७ साल (पञ्चायतकाल) देखि नै भ्रष्ट र भ्रष्टाचारविरोधी अभियानमा आफ्नो कलम चलाइआएका भरत जङ्गमको मूल भनाइ नै भ्रष्ट र भ्रष्टाचारको धारण नै विकासका मूल बाधक हो भन्ने दृढ विश्वासअनुरूप स्वच्छ समाज निर्माण गर्ने सपनालाई मूर्त रूप दिन आफ्नो ज्ञानलाई विभिन्न माध्यमबाट जनमानसमा उजागर गरी आएको इतिहास जगजाहेरै छ । आजसम्म आइपुग्दा निजको विशुद्ध कदमलाई साथ दिन निजका केही शिष्यहरू मैदानमा उत्रन थालेको हामीले महसुस गर्न पाएका छौँ । त्रिभुवन विश्वविद्यालयबाट Anticorruption Science ले मान्यता पाउनु र उच्च शिक्षाको पाठ्यक्रममा प्रवेश पाउनु ज्यादै खुसी तथा गौरवका विषय हुन् भने यस महान् उपलब्धि तथा सफलताका लागि भ्रष्टविरोधी शास्त्रका पिता भरत जङ्गमलाई हार्दिक बधाई तथा सो शिक्षादीक्षाको सुप्रभाव र सफलताको कामना गर्न पाउँदा आफूलाई ज्यादै खुसी महसुस गर्न पाएको छु । उक्त शिक्षा उच्चस्तरको विश्वविद्यालयको पाठ्यक्रमहरूलाई परिमार्जित गरी High School वा नौ-दस कक्षाका लागि सामाजिक शिक्षाको अनिवार्य विषयमा समेत समावेश होस् र हुनेछ भन्ने पूर्ण विश्वास तथा आशा लिएको छ ।

आज हाम्रो समाजमा संस्थागत बन्दै गएको भ्रष्टाचारप्रति सबै चिन्तित छन् । भ्रष्टाचार हिजो नभएको होइन । पञ्चायत कालमा वा सोभन्दा अघि पनि हुन्थ्यो र हुनेछ । तर कुन स्तर के-कति कस्तो रूपमा ? सायद वि. सं. २०२७ सालदेखि यस सन्दर्भमा कलम चलाउनु, शून्य सहनशीलता भएको समाज निर्माणको सपना र स्वच्छ समाज निर्माणका लागि विभिन्न लेखरचना साहित्यबाट दीक्षित गराई सो अभियानमा निरन्तर आफूलाई सुम्पिनु ठूलो कुरा हो र यस्ता महान् व्यक्तिको कदर हुने नै छ ।

देशको शिर निहुराउने लाजमर्दो कुरो Transparency International Recent Repair ले राष्ट्रपति र प्रधानमन्त्री स्वयम् भ्रष्ट र भ्रष्टाचारको संरक्षणमा संलग्न रहेको भनी नामै किटान गर्नु, त्यस्तै South Asia मा भ्रष्ट देश एक नम्बरमा नेपालको नाम विदेशी मिडियाबाट प्रसारण हुनु, के हामीले यस्तै सुन्न र भोग्न भोट दिएका हौं ? राज्य सञ्चालन व्यवस्था या कुनै पनि व्यवस्था आफैंमा खराब हुँदैन । तर सञ्चालनमा बस्ने अधिकार प्राप्त गरेका विवेकविहीन नेताहरू, कर्मचारीहरू, व्यापारी, छाडातन्त्र गुन्डाराजका कारण व्यवस्था र राष्ट्रको बदनाम मात्र नभई देशको आर्थिक अवस्था उल्टने हो वा राष्ट्र नै नरहने हो भन्ने अवस्था कतै सृजना भएको हो कि भन्ने डर जताततै व्याप्त हुँदै गएको पाइन्छ । समाधान के छ त ?

यसै सन्दर्भलाई लिएर भरत जङ्गम २०४७ सालको संविधान ब्युताउन, उनको सपना नं. २ लाई मूर्त रूप दिन-दिलाउन निर्धक्क रूपले Media मा विशेषतः You tube मार्फत आफ्नो ज्ञान, सीप र सोचलाई जनतासामु पस्किरहेका छन् । एक साहसिक प्रवक्ताका रूपमा उनले आफ्नो सफल प्रस्तुतिका कारण समाजभित्र कुनाकाप्चादेखि मूल सहरवासीका बीचबाट समेत आफ्ना सहपाठीहरू, विभिन्न गुट-उपगुट, विभिन्न नामले दिनप्रतिदिन चिनिने ठूलाठूला जमातको समर्थन लिन सफल हुँदै गएको प्रति अग्रिम शुभकामना दिन पाउनु एक ठूलो सौभाग्य ठान्दछु ।

करिब ४ दशक हामी, म र मेरा पारिवारिक सम्बन्धीको मधुर सम्बन्धमा मेरी धर्मपत्नी ईशा मल्ल श्रेष्ठ र उनकी सँगिनी रहेको गुटकी दिज्यू इन्दिरा, भिनाजु भरत जङ्गम, जसलाई भिनाजुका नामले सम्बोधन गरी आएकोमा थप दुई शब्द ७५ औं जन्मदिवसको हीरक महोत्सव समारोहको पूर्ण सफलताको शुभेच्छा राख्तै सुस्वास्थ्य तथा दीर्घायुका साथमा उहाँको सपना साकार हुने विश्वासका साथ शुभकामना !

•



आरके श्रेष्ठ समाजसेवी तथा लेखक हुनुहुन्छ ।

# शुभकामनाका शब्दहरू
## – किरण थापा

मानिस जन्मँदा सबै एकैजस्ता लाग्दछन् । तर बिस्तारै कर्मक्षेत्रमा अगाडि बढ्दै गएपछि उनीहरूले आ-आफ्नो पहिचान बनाउँदै लग्दछन् । कोही नितान्त आफू, आफ्ना घरपरिवार र नजिकैका नातागोताको स्वार्थ पूरा गर्दागर्दै बिदा हुन्छन् भने कोही आफ्नो सम्पूर्ण पारिवारिक दायित्व पूरा गर्दै समाज र देशका लागि केही गर्ने अठोटका साथ निरन्तर लागिरहेका हुन्छन् । आफ्नो धर्म, संस्कृति, परम्परालाई जगेर्ना गर्दै विगत लामो समयदेखि भ्रष्टाचारविरुद्धको अभियानमा लागिरहने यस्तै एउटा अथक योद्धा हुनुहुन्छ भरत जङ्गम ।

कहिलेकाहीँ मलाई यस्तो लाग्दछ – यसरी नितान्त एउटा एक्लो व्यक्ति कहिले आराध्यदेव भगवान् पशुपतिनाथमा तथाकथित रूपमा गरिएको राजनीतिक थिचोमिचोका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेर त्यसलाई निस्तेज पार्नुहुन्छ, कहिले हाम्रो समाज र सम्पूर्ण सरकारी, अर्धसरकारी निकायहरूमा व्याप्त महारोग भ्रष्टाचारका विरुद्ध आवाज बुलन्द गर्दै त्यसलाई न्यूनीकरण गर्न दबाब सृजना गर्नुहुन्छ । कहिले जननिर्वाचित सांसदहरूले समेत निवृत्त भएपछि पेन्सन सुविधा लिने, कहिले सरकारी पदाधिकारीहरूले लिँदै आएको दोहोरो सुविधा आदिलाई लामै कानुनी लडाइँ लडेर परास्त गर्नुहुन्छ । आखिर एउटा व्यक्तिमा यसरी सम्पूर्ण राज्यसत्तामा बिस्तारै मौलाउँदै गएको यस्तो घृणित विकृतिप्रति लड्ने साहस, शक्ति र जाँगर कसरी आउँछ ? सायद यही साहस, जाँगर, ऊर्जा र निरन्तर सुधारका लागि विद्रोह गरिरहने कार्यको एउटा पर्याय र प्रतीक नै हुनुहुन्छ आदरणीय भरत जङ्गम ।

अहिले आएर मलाई गहिरिएर चिन्तन, मनन र विश्लेषण गर्दा लाग्दछ हाम्रो देश त्यसै लामो समयदेखि निर्धन, अविकसित र बेरोजगारीले शिथिल भएका होइन । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र राज्यका यस्तै अन्य संवैधानिक अङ्गहरूलाई हेरौँ, हाम्रो देशको मुहार प्रस्ट प्रतिबिम्बित हुन्छ । यसलाई दैनिक हजारौँ युवा शक्तिहरू देशबाट रोजिरोटीका लागि कडा परिश्रम गर्न विदेश पलायन हुँदै गरेको लामो शृङ्खलाले पनि पुष्टि गर्दछ । संसारमा अर्को कुन राष्ट्र होला जहाँको कूल जनसङ्ख्याको २०-२५ प्रतिशत

जनसङ्ख्या आफ्नो देशको अवस्था र व्यवस्थाबाट विरक्तिएर अन्य कुनै विकल्प नभेटी बिदेसिन्छन् ? धन्य हामी र हाम्रो सरकार ! त्यसैले अब साँच्चि नै यो देश समुन्नत बनाउने हो भने, नेपाल र नेपालीको स्वाभिमान उच्च राख्ने हो भने भरत जङ्गमजस्ता व्यक्तिहरू एक्लो वृहस्पति भएर होइन, हामी सम्पूर्ण स्वाभिमानी नेपाली एकैसाथ जाग्नुपर्दछ, मातृभूमि निर्माणको पवित्र र महान् कार्यमा होमिनुपर्दछ ।

भरत जङ्गमसँग मेरो परिचय करिब चार दशक अघिदेखिको हो । परम्परादेखि देशका बडागुरुज्यूले सम्हाल्दै आएको गुठी संस्थानको अध्यक्षको पद कानुन संशोधन भई जब आम नेपाली नागरिक पनि त्यस पदमा पुग्न सक्ने अवस्था भयो, त्यसपछि वि. सं. २०३३ मा मेरा पिताजी बद्रीविक्रम थापा आम नागरिकको छोराको हैसियतले त्यसको प्रथम कार्यकारी अध्यक्ष हुनुभयो । मैले माथि नै व्यक्त गरिसकेँ – त्यसभन्दा अघि त्यो पदमा देशकै बडागुरुज्यू रहने प्रचलन थियो । पिताजी ६ वर्षसम्म अथवा उमेरको हदका कारणबाट निवृत्त नभएसम्म त्यस पदमा आसिन रहनुभयो । आफ्नो कार्यकालभरि आफ्नो बल, बुद्धि र ल्याकतले भ्याएसम्म उहाँले गुठीमा हिनामिना हुन दिनुभएन । सक्दो विकास र संरक्षण गर्ने कोसिस गर्नुभयो । पुर्खाले धर्म, संस्कृति र परोपकारी कार्यका लागि गुठीका रूपमा प्रदान गरेका जग्गा, जमिन र निर्माण भएका मठ, मन्दिर, गुम्बा आदिलाई आफ्नो पदीय हैसियतले भ्याएसम्म उहाँले संरक्षण र सम्वर्द्धन गर्नुभयो । आफूसँग भएको आफ्नो सम्पत्तिले कहिल्यै नपुग्ने तर सार्वजनिक गुठी आदिको सम्पत्तिमा आँखा गाड्ने हाम्रो सीमित शक्तिशाली र उच्च ठाउँमा पहुँच भएका व्यक्तिहरूबाट यस्ता महत्त्वपूर्ण सम्पदाको संरक्षण र विकास गर्नु चानचुने कुरा थिएन । उहाँले यसमा आफूले सक्दो प्रयास गर्नुभएको थियो । उहाँ सधैँ भन्ने गर्नुहुन्थ्यो – “हाम्रो यस ऐतिहासिक धरोहरका रूपमा रहेको गुठी परम्परा र यसको वैभव, श्रीसम्पत्तिलाई मैले चाहेजस्तो विकसित गर्न नसके पनि मेरो कार्यकालमा यसलाई हिनामिना हुन पटक्कै दिन्नँ ।” यो कार्य गर्नु हाम्रो समाजमा साँच्चिकै फलमको चिउरा चपाएजस्तो थियो । उहाँले सक्दो प्रयास गर्नुभयो ।

पिताजीले यही महत्त्वपूर्ण जिम्मेवारी सम्हालिरहँदा म भरत जङ्गमसँग परिचित हुन पुगेँ । उहाँले गुठी संस्थानबाट वार्षिक रूपमा प्रकाशन हुने ‘धर्मदर्शन’ पत्रिकाको जिम्मेवारी सम्हाल्नुभएको थियो । हाम्रो विश्वकै पुरानो सनातन धर्म, परम्परा, संस्कृति, जात्रा, पर्व आदिलाई कसरी संरक्षण गर्दै अगाडि बढाउने, यसलाई कसरी जीवन्तता दिँदै पछिका पुस्ताहरूमा सजीव रूपमा पुस्तान्तरण गर्दै लैजाने आदि विषयमा हाम्रो घर पुलचोकमा यदाकदा

उहाँहरूको गहन छलफल, विचारविमर्श भएको मलाई अझसम्म पनि प्रस्ट सम्झना छ । एकपटक भक्तपुरकै जङ्गम मठका बारेमा पनि छलफल भएको मलाई याद छ, जसको संरक्षकका रूपमा सायद परम्परादेखि नै भरत जङ्गमको परिवार रहेको थियो ।

यसरी चार दशकदेखि मैले चिन्दै, जान्दै र बुझ्दै आएका आदरणीय भरत जङ्गमको व्यक्तित्व समयको गति सँगसँगै पत्रकारका रूपमा, कानुनविद्का रूपमा, साहित्यकारका रूपमा, धर्मसंस्कृतिको विशेषज्ञका रूपमा, भ्रष्टाचारविरुद्धको योद्धाका रूपमा अनि समग्रमा भन्नुपर्दा देशको नागरिक समाजको एउटा जिम्मेवारपूर्ण अभियन्ताका रूपमा पाउँदा मलाई ज्यादै खुसी र सन्तोषको अनुभूति भएको छ । उहाँको समग्र व्यक्तित्वलाई उद्बोधन गर्ने गरी प्रकाशित यस अभिनन्दनग्रन्थका माध्यमबाट म उहाँको सुस्वास्थ्य र अझै प्रगति, उन्नति र दीर्घायुको कामना व्यक्त गर्दछु । उहाँलाई धेरै-धेरै शुभकामना ।

●



किरण थापा समाजसेवी तथा कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीका संस्थापक कोषाध्यक्ष हुनुहुन्छ । उहाँ हाल कृष्णगल्ली, पुलचोक - ३ ललितपुरमा बसोवास गर्नुहुन्छ ।

# पशुपति क्षेत्र र पशुपतिनाथका परम भक्त
## – केदारमान भण्डारी

राष्ट्रदेव भगवान् श्री पशुपतिनाथ र पाशुपत क्षेत्र परापूर्वकालदेखि नै विश्वको प्रमुख धार्मिक तीर्थस्थलका रूपमा विश्वविख्यात रहेको छ । भारतवर्षमा रहेका हिन्दूहरूको पवित्र तीर्थस्थल चारधाम जगन्नाथपुरी, द्वारका, बद्रीनाथ, रामेश्वर मानिन्छ । उक्त पुण्य चारधामको पनि शिरोभागका रूपमा भगवान् श्री पशुपतिनाथलाई मानिन्छ । त्यस्तै द्वादश ज्योतिर्लिङ्ग तथा नेपालस्थित ६४ ज्योतिर्लिङ्ग भगवान् श्री पशुपतिनाथ स्वयं प्रकट भएर ऋषिमुनि तथा भक्तजनहरूलाई दर्शन दिनुभएको हो र यी विभिन्न पुण्यभूमिमा ज्योतिर्लिङ्गका रूपमा विराजमान भएको मानिन्छ । यसर्थ ती ज्योतिर्लिङ्गभन्दा पनि प्रमुख र आदि ज्योतिर्लिङ्गका रूपमा साक्षात भगवान् श्री पशुपतिनाथलाई मानिन्छ, जसका कारणले चारधाम तथा ज्योतिर्लिङ्ग दर्शन गरिसकेर अन्तमा भगवान् श्री पशुपतिनाथको दर्शन गरिएन भने त्यो पूर्ण मानिदैन र धार्मिक तीर्थयात्रा अधुरो मानिन्छ ।

देवाधिदेव महादेव भगवान् श्री पशुपतिनाथ साक्षात ज्योतिर्लिङ्ग नेपालमा हुनु हाम्रो राष्ट्रिय गौरव हो । श्री पशुपतिनाथको ख्याति नेपाल र भारतमा मात्र सीमित नभई विश्वभरि नै फैलिएको छ । सनातन प्रसिद्ध धार्मिक ग्रन्थहरूमा पनि भगवान् श्री पशुपतिनाथको महिमा, चर्चा यत्रतत्र प्रशस्त पाइन्छ । सम्पूर्ण जीवात्माहरूको उत्पत्ति, रक्षा र संहार गर्ने परब्रह्म परमात्मा भगवान् श्री पशुपतिनाथ नै हुनुहुन्छ भन्ने कुरा हाम्रा पूर्वज ऋषिमुनिहरूले शास्त्रहरूमा उल्लेख गरेको पाइन्छ । आराध्यदेव भगवान् श्री पशुपतिनाथ तथा महामाया श्री गुह्येश्वरी माता विराजमान पशुपति क्षेत्र देवपत्तन वैदिक र तन्त्रोक्तिअनुसार श्रीयन्त्र आकारमा बनेका सर्वप्राचीन प्रागैतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा सामाजिक रीतिरिवाजले सम्पन्न काठमाडौँ उपत्यकाको सर्वप्राचीन प्रथम शहर मानिन्छ । यसर्थ यस पाशुपत क्षेत्रलाई युनेस्कोले विश्वसम्पदा सूचीमा सूचीकृत गरेको छ । यो पाशुपत क्षेत्र प्राचीन कालदेखि नै विश्वभरका २ सय करोड सनातन हिन्दू, बौद्ध, जैन, नाथ, शैव, शाक्त, वैष्णव, शिख आदि विविध आस्थाका धर्मावलम्बीहरूको श्रद्धाको केन्द्रविन्दु एवं पवित्र तीर्थस्थलका रूपमा प्रतिष्ठित रहेको पाइन्छ ।

सांस्कृतिक र ऐतिहासिक वैभवले भरिपूर्ण पाशुपत क्षेत्र 'ग्वल' अनन्तकालदेखि भगवान् श्री पशुपतिनाथलाई केन्द्रविन्दु बनाएर चारैतिर चौंसट्ठी योगिनी देवदेवीहरू र दस दिक्पाल, क्षेत्रपालसहित नवद्वार, नव शक्तिपीठ, नवदीप, नवकुण्ड, नवपोखरी, नवचोक, नवडबली र नौ जातका नेवार (देवगण) सहितको ९ × ९ = ८१ ग्रह संयोजन गरी श्रीयन्त्राकार रूपमा प्रतिपादित देवभूमि, तन्त्रभूमि तथा सिद्धभूमि यही पशुपति क्षेत्र मानिन्छ । यसर्थ नेपाल भाषामा यस क्षेत्रलाई 'गुँल' अर्थात् 'ग्वल' भनिन्छ । यस क्षेत्रमा वर्षभरिमा कमै सर्वोत्कृष्ट विभिन्न ऐतिहासिक २२ वटा जात्रा र १०८ पर्वपूजाहरू सञ्चालन हुने गर्दछन् । यस क्षेत्रको मौलिक धार्मिक र सांस्कृतिक परम्परा नेपालका लागि मात्र नभई विश्वकै लागि पनि महत्त्वपूर्ण र उदाहरणीय मानिन्छ । हजारौँ वर्षका ऐतिहासिक पृष्ठभूमि रहेको भगवान् श्री पशुपतिनाथको मन्दिर विभिन्न कालखण्डमा निर्माण पुनर्निर्माण, जीर्णोद्धार एवम् पशुपतिनाथ परिसरभित्र अन्य निर्माण कार्यहरू हुँदै गएको देखिन्छ ।

पाशुपत क्षेत्रको योजनाबद्ध स्याहारसम्भार, संरक्षण तथा विकास गरी यस क्षेत्रको प्राचीन ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तुहरू तथा सम्पदाहरूको सम्भार, संरक्षण तथा सम्वर्द्धन गर्ने परम उद्देश्य लिएर श्री पशुपति क्षेत्र सुधार तथा विकास समिति २०३४ को गठन गरी २०४४ सालमा अधिकारसम्पन्न पशुपति क्षेत्र विकास कोष ऐन २०४४ लागू गरियो । पशुपति क्षेत्र विकास कोष ऐन २०४४ मा पहिलो संशोधन गरी पशुपति क्षेत्र विकास कोष ऐन २०४९ लागू गरियो । त्यसै गरी पशुपति क्षेत्रको १० वर्षे अवधारणात्मक गुरुयोजना २०५६ लागू गरिएको छ ।

कानुनी रूपमा सबै प्रकारले नेपाल सरकारद्वारा शक्तिसम्पन्न भएपछि भने पवित्र देवभूमि पाशुपत क्षेत्रको अस्तित्व र सांस्कृतिक सम्पदा एवम् परम्पराहरूप्रति कोष पूर्णरूपेण अनुदार हुँदै गएको आभास पाइन्छ । गुरुयोजनाको नाममा प्राचीन ९ × ९ = ८१ को ग्रह संयोजनका आधारमा व्यवस्थित गरिएको तन्त्रोक्त र श्रीयन्त्रात्मक रूपमा रहेको प्राचीन बस्तीलाई छिन्नभिन्न बनाइएको छ । गुरुयोजनाको नाममा पहिलो चरणमा ऐतिहासिक पाशुपत क्षेत्र देवपत्तनका १ सय १९ वटा घरहरू सङ्कटकालको अवसरमा २०५९ मा भत्काइयो र दोस्रो चरणमा वनकाली क्षेत्र र तिलगङ्गा क्षेत्र अधिकरण गरिएको छ । स्थानीयवासी र धार्मिक समाजको घोर विरोधको बाबजुद पनि कोष पाशुपत क्षेत्र र श्री पशुपतिनाथको प्राचीन परम्पराको संरक्षण र सम्बर्द्धन गर्नुको सट्टा संस्कृतिको संरक्षण र परम्परादेखि बसिरहेका स्थानीय आदिवासीहरूलाई दुःख दिने, उनीहरूको मौलिक सांस्कृतिक अधिकार हनन गरिनुका साथै पाशुपत परम्परा र पाशुपत संस्कृतिको संवाहक ९

जातीय परम्परामा पनि घातक क्षति पुऱ्याउने कार्य गरी विनाशकारी रूपमा कोष प्रस्तुत भएको देखिन्छ ।

यसरी कोषको मोनोपोली र विनाशक तन्त्रका कारणले स्थानीय वासिन्दाहरू, भक्तजनहरू र धार्मिक समाज सशङ्कित भएका छन् । विश्वको एक मात्र सनातन हिन्दू राष्ट्र नेपालको श्री ५ बडामहारानी ऐश्वर्य शाह सरकार रहेको समयसम्म कोषले सम्पूर्ण सनातनी धार्मिक समाजमा आस्थाको केन्द्र आराध्यदेव र पाशुपत संस्कृतिको सम्मान र संरक्षण गर्दै आएको थियो । कोषमा २०५६ सालमा गुरुयोजना अगाडि सारेर पाशुपत र परम्परामा क्षति गर्ने कार्यको परिकल्पनासँगै देशमा अशान्ति र सङ्कटकाल सृजना भएको देखिन्छ । राष्ट्रदेव भगवान् श्री पशुपतिनाथमा गरिएको थिचोमिचो र चरम लापर्वाहीका कारण २०५९ सालमा परम्परा र संस्कृति नाश हुने गरी १९ वटा घरहरू सङ्कटकालकै अवसरमा बलजफ्ती भत्काइयो र दोस्रो चरणमा वनकाली क्षेत्र र तिलगङ्गा क्षेत्र गरी करिब ३०० घरहरू हटाइएका छन् । श्री पशुपतिनाथ र यहाँको संस्कृति र सम्पदामाथि पश्चिमीहरूको चलखेलमा नीतिहरू बनिरहेको देखिन्छ । विकासको नाममा पुरानो संस्कृति र सम्पदा नष्ट गर्ने गुरुयोजना लाद्न थालिएको छ । विनाशकाले विपरीत बुद्धिः भनेजस्तै प्राचीनताको संरक्षण र सम्बर्द्धन गरी पाशुपत क्षेत्रको प्राचीनता, धार्मिकता, देवभूमि, तन्त्रभूमिको रक्षा र संरक्षण गर्नुको सट्टा लुटतन्त्र नै मच्चाएर धर्म, धार्मिकता र राष्ट्रदेवकै अपहेलना गरिरहेका छन् । यसबाट देश र जनताले अझ ठूलो क्षति व्यहोर्नुपर्ने देखिएको छ ।

यसको विरोध र सत्यतथ्य उजागर गर्ने उद्देश्यले पशुपतिनाथको हजारौँ वर्षदेखि दिनरात सेवारत र भगवान्को मन्दिरको तथा सम्पत्तिको सम्पूर्ण जिम्मा लिई दैनिक पूजा-आराधनाका साथै भक्तजनहरूको सेवामा सेवारत हामी भण्डारीहरू सङ्गठित भई श्री पशुपतिनाथ सेवा समाज तथा भण्डारी समाज २०५२ सालमा गठन गरी भण्डारी समाजमा दक्ष थकाली चन्द्रमान राजभण्डारीको समयकालमा श्री पशुपतिनाथको धर्म-संस्कृति र परम्पराका लागि हक-अधिकार प्राप्त गर्ने सम्बन्धमा लड्दै आइरहेका छौँ । त्यसै समयदेखि भगवान्का परम सेवक भक्त नित्य दर्शनार्थी भरत जङ्गम पनि यस धार्मिक महाअभियानमा सल्लाहकार र धार्मिक अभियन्ताका रूपमा जोडिनुभएको थियो ।

भगवान् श्री पशुपतिनाथको मन्दिरको दैनिक नित्य दर्शनार्थी भरत जङ्गमलाई श्रीको परम भक्तका रूपमा हामी पशुपतिनाथका सेवक भण्डारी र

अरूहरू सबैले आदरसाथ लिन्छौँ । दैनिक बिहान मन्दिर खुलेपछि भगवान्को दर्शनका लागि भगवान्को मूल ढोकामा उहाँको उपस्थिति हामी पाउँथ्यौँ । सरल, मुस्कानका साथ सबैलाई समान रूपमा व्यवहार गर्ने र हामीलाई नेवारीमा नै उत्साहका साथ कुरा गर्ने मिलनसार सबैका भरत दाइका रूपमा हामी उहाँलाई चिन्दछौँ । सुरुदेखि नै देश, राष्ट्र र धर्मका लागि समर्पित भरत जङ्गम पशुपतिनाथको दर्शनका साथै आवश्यकताअनुसार गुठी परम्पराहरूमा भक्तका रूपमा न्यायका लागि सरकार र सरोकार निकायसमक्ष आवाज उठाउन मद्दत गर्नुहुन्थ्यो भने सबैलाई सरसल्लाह पनि दिने कार्य गर्नुहुन्थ्यो ।

मैले पनि भरत दाइलाई पहिले पशुपतिनाथको दर्शनका क्रममा चिनेको हुँ । हामी भण्डारी र भट्ट बाजेसँग निकट सम्बन्ध भएका कारण उहाँबाट हामीले धेरै सहयोग पाउँदै आएका छौँ । उहाँ पशुपतिनाथका परम सहयोगी हुनुहुन्छ ।

माओवादी सरकारले भगवान्को मन्दिरमा मनपर्दी गर्न थाल्यो । यो देखेर म र हरिहर भण्डारीहरू एकत्रित भएर सबै पत्रकारलाई बोलाएर मन्दिरको पश्चिम ढोकामा पत्रकार सम्मेलन गर्‍यौँ । हामी पुग्नुअघि पत्रकार, प्रहरी, वाइसिएलहरू भरिभराउ थिए । हरिहरले प्रेस विज्ञप्ती पढ्न खोज्दैमा वाइसिएलहरूले हामीमाथि आक्रामक रूपमा धावा बोले र पत्रकारहरूमाथि पनि लाठी र ढुङ्गा बर्साए । म, हरिहर र जयवागेश्वरीका पुजारी हंसमान कर्माचार्य नराम्रोसँग कुटाइमा पर्‍यौँ । हाम्रा लुगाहरू सबै झ्यारझुर बनाएर कुटे । कुटाइबाट रगताम्य भयौँ । पत्रकारहरू २-३ जनाका क्यामेरा फुटे र चोटपटक पनि लाग्यो । पुस २३ गते विहान १०-११ बजे मन्दिरकै अगाडि हामीले सरकारका गुन्डाहरूद्वारा रगताम्य हुने गरी कुटाइ खायौँ । हरिहरको टाउको फुटेको थियो । नराम्ररी टाउकोमा चोट लागेर ब्रेनह्यामरेज भएर पटकपटक अप्रेसन र उपचार गरियो । हालसम्म पनि उनी प्यारालाइसिस अवस्थामा छन् । सरकार र कोष दुवैबाट सहयोग प्राप्त भएको छैन ।

●



केदारमान भण्डारी सामाजिक कार्यकर्ता, योगाचार्य, रेकी मास्टर र सङ्गीतज्ञ हुनुहुन्छ ।

# साहित्यका सङ्गम च्वःसाःपासा
## – केशरी बज्राचार्य

नेवार भाषामा एउटा प्रचलित भनाइ छ च्वःसाःपासा । अर्थ यस्तो छ – जो लेखनकलामा छन् उनीहरू साथी हुन्छन् । लेखकको पहिचान उसको लेखनकलाबाट हुन्छ । साहित्य साधनामा उसको योगदान कति छ भन्ने कुरा उसको लेखन या साहित्यबाट थाहा हुन्छ । उहाँ या भरत जङ्गम यस्तै च्वःसाः पासाका हकदार हुनुहुन्छ ।

उहाँ 'कालो सूर्य' उपन्यासका लेखक हुनुहुन्छ । उहाँको त्यो उपन्यास मनोविज्ञानविद्, साहित्यकार सरोजकुमार शाक्यले अङ्ग्रेजी भाषामा उल्था गर्नुभएको थियो । त्यसको विभिन्न १३ वटा अन्य भाषामा पनि थप अनुवाद भएको छ । कृति अन्तर्राष्ट्रिय साहित्यमा दरिएको छ ।

नेपाली साहित्यमा महारथ हासिल गर्ने साहित्यकारहरू आफ्ना एउटै उत्कृष्ट कृतिका कारण प्रसिद्ध छन् । पहिचान सहज भएका छन् । उदाहरणका लागि महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' खण्डकाव्यले संसारमा निकै प्रसिद्धि पाएको छ । युगकवि सिद्धिचरण श्रेष्ठको 'मेरो प्यारो ओखलढुङ्गा' कविता, कविशिरोमणि लेखनाथ पौडेलको 'पिँजराको सुगा' कविता, नाट्यसम्राट बालकृष्ण समको 'चिसो चुल्हो' महाकाव्य, साहित्यकार धूस्वाँ सायमीको उपन्यास 'गङ्गी', साहित्यकार लीलबहादुर क्षत्रीको 'बसाइँ' उपन्यास आदि-आदि । नेपाली साहित्यका महारथिहरूलाई उहाँहरूका यिनै कृतिहरूले उत्कृष्ट पहिचान दिएका छन् ।

भरत जङ्गम भ्रष्टाचारविरुद्ध अभियानमा सक्रिय हुनुहुन्छ । संस्कृतिविद हुनुहुन्छ । समसामयिक राजनीतिक विश्लेषक हुनुहुन्छ । तथापि उहाँलाई सामाजिक उपन्यास 'कालो सूर्य' का लेखकको नामले बढी चिनिन्छ । यो मेरो आफ्नै अनुभव हो ।

काठमाडौँ उपत्यकाको नेवार समुदायमा प्रचलित संस्कृतिको अध्ययन र पुस्तक लेखन उहाँको अर्को पहिचान हो । भक्तपुरको नेवार समुदायमा प्रचलित सांस्कृतिक रीतिरिवाज, चाडपर्वहरू विषयक उहाँको पुस्तकले नेपालमा प्रचलित सांस्कृतिक गतिविधिबारे राम्रो पहिचान दिएको छ । उहाँ

निरन्तर लेखनकार्यमा सक्रिय हुनुहुन्छ । यही लेखकीय सम्पर्कका कारण मैले सुरुमा उहाँलाई च्वःसाःपासा भनेकी हुँ ।

जङ्गमजी धेरै वर्षअघि एक दिन हाम्रो छाउनी निवासमा आउनुभयो । आफ्नो परिचय दिनुभयो । आठवटाजति आफूले लेख्नुभएका पुस्तक दिनुभयो । यसरी उहाँसँग परिचय भएको पनि धेरै भइसक्यो । मेरो कवितासङ्ग्रह 'मरुभूमिको काँडा' को पनि उहाँको 'कालो सूर्य' उपन्यासका अङ्ग्रेजी अनुवादक साहित्यकार सरोजकुमार शाक्यले अनुवाद गर्नुभएको छ । संयोग त्यस्तै भयो । सरोज दाइले अङ्ग्रेजी भाषामा अनुवाद गरिदिनुभएपछि 'मरुभूमिको काँडा' कवितासङ्ग्रहको पनि प्रा. डा. उषा ठाकुरले हिन्दी भाषामा र शाक्य सुरेनले नेवार भाषामा अनुवाद गर्नुभएको छ । युगकवि सिद्धीचरण प्रतिष्ठानबाट प्रकाशित 'मरुभूमिको काँडा' कवितासङ्ग्रहको लोकार्पण कार्यमा बौद्ध वाङ्मयविद साहित्यकार केदार शाक्यले राम्रो सहयोग गर्नुभएको थियो । थुप्रै नेपाली लेखक कवि साहित्यकारहरूको भेलामा राष्ट्रकवि माधवप्रसाद घिमिरेले मेरो पुस्तक लोकार्पण गर्नुभएको थियो ।

त्यसपछि मैले पनि जङ्गमजीलाई आफ्नो पुस्तकहरू उपहार दिएकी छु । च्वःसाःपासाको धर्मनिर्वाह गरेकी छु ।

जङ्गमजी साहित्य र संस्कृति विषयमा निरन्तर लेखनकार्यमा लागिरहनुभएको छ । उहाँ निकै मिजासिलो र क्रियाशील हुनुहुन्छ । सामाजिक विकृतिलाई प्रहार गर्नुहुन्छ । विसङ्गतिलाई प्रहार गर्नुहुन्छ । समाज सुधारमा अग्रणी देखिनुभएको छ । उहाँका सबै कृतिहरू पढ्न योग्य छन् । अनुसन्धान र खोजमूलक छन् । समाजका यथार्थ चित्रण उहाँका कृतिहरूमा पाइन्छ । असल साहित्यकारको पहिचान दिनमा उहाँ सफल हुनुहुन्छ । यही कारण उहाँले आफूलाई 'कालो सूर्य' उपन्यासका स्रष्टा भनेर पहिचान बनाउनुभएको हो भन्ने मलाई लागेको छ ।

उहाँ सामाजिक विसङ्गति र भ्रष्टाचारलाई निर्मूल गरेर स्वच्छ, निर्मल समाज निर्माणका लागि प्रयत्नशील हुनुहुन्छ । समाज परिवर्तनशील छ । निरन्तर परिवर्तनका लागि स्वतःस्फूर्त परिपाटीले गति लिएको हुन्छ । तथापि मानवीय स्वभावअनुसार पुरातन धर्मसंस्कृतिबाट समयानुकूल अगाडि बढ्न कठिन हुन्छ । त्यस्ता कठिनाइलाई पनि आफ्नो सशक्त कलमको बलले पार लगाउन प्रयत्नशील देखिनुहुन्छ । लेखन कार्यको बलले समाजमा परिवर्तन ल्याउने कार्यमा धेरै कम मानिसलाई सफलता मिलेको हुन्छ । त्यस्ता चेतनशील लेखकहरूको पङ्क्तिमा उहाँ निरन्तर लागिपर्नुभएको छ ।

सरकार, प्रशासन, विकास निर्माण र समाजका हरेक क्षेत्रमा अदृश्य रूपमा व्याप्त अनियमित भ्रष्टाचारजन्य कार्यलाई विराम दिनु साह्रै मुस्किल हुन्छ । त्यसका लागि धैर्य र साहस चाहिन्छ । उहाँमा यो गुण निहित रहेको देखिन्छ । अन्यथा यस्ता कार्य छुच्चो हुन्छ । शत्रु कमाउने खालको हुन्छ । यति हुँदाहुँदै पनि उहाँको छवि भ्रष्टाचारबिरुद्ध अभियन्ताका रूपमा देखापरेको छ ।

उहाँको लेखन साहित्य, धर्म-संस्कृति र सामाजिक विधिव्यवहारसँग गाँसिएको देखिन्छ । मानिस सामाजिक प्राणी हो । समाजका हरेक गतिविधिसँग उसको नाता गाँसिएको हुन्छ । तर समाजलाई विकृति र विसङ्गतिबाट मुक्ति दिलाएर स्वच्छ समाज बनाउने कार्यमा धेरै कम मानिसलाई मात्र जाँगर चलेको हुन्छ । यस अर्थमा उहाँ अथक योद्धा नै हुनुहुन्छ ।

एक व्यक्ति परिवारको सुखसुविधा, समाज सुधार र राष्ट्रिय जीवनमा निरन्तर लाग्नु लरतरो कुरो हैन । जङ्गमजीमा निरन्तर लागिपर्ने गुण निहित रहेको छ । त्यसैले उहाँको सामाजिक जीवनलाई झट्ट हेर्दा जङ्गमजी यस परिस्थितिका सङ्गम नै हुनुहुन्छ । प्रायः सबै मानिसहरूमा धन कमाउने र नाम कमाउने इच्छा हुन्छ । उहाँ यसमा पनि अपवाद देखिनुहुन्छ । ज्येष्ठ नागरिक ज्येष्ठ साहित्यकारको भूमिकामा निरन्तर लागिपर्नुभएको छ । उहाँको सुस्वास्थ्यको कामना गर्छु ।

●



केशरी बज्राचार्य कवयित्री हुनुहुन्छ ।

# मेरो अनुभवमा
## – कृष्णमणि कुइकेल

मेरो अनुभवमा भरत जङ्गम साहसी र स्पष्टवक्ता हुनुहुन्छ । शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष हरि मञ्जुश्रीका माध्यमबाट उहाँसँग मेरो परिचय भएको हो । शब्दयात्रा प्रकाशनका केही कार्यक्रमहरूमा उहाँ पनि उपस्थित हुनुभएको छ र विशिष्ट अतिथि बन्नुभएको छ । २०७७ सालमा शब्दयात्रा प्रकाशनबाट छापिएका पुस्तकहरूमध्ये पाठकको मतका आधारमा उत्कृष्ट ठहर भएको उहाँको पुस्तक 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' लाई २०७८ सालमा सम्मानित गर्ने घोषणा भइसकेको छ, कोरोनाका कारणले सम्मान गर्नचाहिँ सकिएको छैन

भरत जङ्गमले शब्दयात्रा प्रकाशनका तर्फबाट बनेपाको नीलकण्ठेश्वर धाम परिसरमा शब्दयात्रा शारदा मन्दिर निर्माण गर्ने क्रममा सरस्वतीको मूर्ति प्रदान गर्नुभएको थियो । त्यस मन्दिरको उद्घाटन पनि उहाँले नै गर्नुभएको थियो । उहाँले शब्दयात्रा प्रकाशन पुस्तकालयका लागि केही पुस्तकहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो । पछि उहाँले शब्दयात्रा प्रकाशनको आजीवन सदस्यता पनि लिनुभयो ।

भरत जङ्गम भ्रष्टाचारविरोधी अभियन्ता, साहित्यकार, समाजसेवी र आध्यात्मिक जागरण गराउने व्यक्ति हुनुहुन्छ । उहाँका बारेमा छोटाचे लेखमा थोरै समयमा वर्णन गर्न सकिँदैन । उहाँसँग लिइएका अन्तर्वार्ताहरू सामाजिक सन्जालमा प्रशस्त पाइन्छन् । तिनीहरूबाट पनि उहाँका बारेमा थाहा पाउन सकिन्छ ।

अन्त्यमा, भरत जङ्गमको हीरक महोत्सवका अवसरमा उहाँप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

•



कृष्णमणि कुइकेल शब्दयात्रा प्रकाशनका जग्गादाता, आजीवन सदस्य, नीलकण्ठेश्वर धाम संरक्षण समितिका अध्यक्ष तथा बनेपाका स्थानीय समाजसेवी हुनुहुन्छ ।

# भरत जङ्गमको व्यक्तित्व

## – खगेन्द्र पाठक

भौगोलिक हिसाबले दक्षिण भारत र उत्तर चीनको बीचमा अवस्थित नेपाल अत्यन्तै सुन्दर देश हो । भौगोलिक बनोट मात्र नभई सामाजिक, सांस्कृतिक र भाषिक दृष्टिकोणले समेत विविधता भएको यस देशमा १२० भन्दा बेसी भाषा, विभिन्न जनजाति र तराई, पहाड, हिमालमिश्रित जलवायु भएको देश हो । यस देशमा संसारप्रसिद्ध १३ हिमालमध्ये सगरमाथासहित ८ उच्च हिमाली शृङ्खला छन् ।

समयको कालखण्डमा यस देशमा विशिष्ट व्यक्ति, सुधारक, राजनीतिज्ञ व्यक्तित्वहरूको जन्म भएको पाउँछौँ । यस्ता राष्ट्रिय सन्दर्भमा औँलामा गन्न सकिने व्यक्तित्वमध्येमा आज बहुआयामिक व्यक्तित्वका धनी भरत जङ्गमका बारेमा विवेचना गर्न चाहन्छु ।

भरत जङ्गम वि. सं. २००४ सालमा समृद्ध पृष्ठभूमि भएको परिवारमा जन्मनुभएको हो । उहाँको बाल्यकाल प्राकृतिक तथा स्वच्छ वातावरण भएको सांस्कृतिक नगर भक्तपुरमा बितेको थियो । बाल्यकालदेखि नै उहाँ साहित्यप्रेमी, सक्रिय तथा सृजनशील व्यक्तित्व हुनुहुन्थ्यो । वि. सं. २०२७ सालमा उहाँले त्रि. वि. बाट स्नातक अध्ययन पूरा गरेपश्चात् पत्रकारितामा प्रवेश गर्नुभयो र देशका ठूला पत्रिकामा लेख प्रकाशित गर्न थाल्नुभयो । उहाँले गोरखापत्र, कान्तिपुर, हिमालयन टाइम्ससहित अन्य विभिन्न पत्रिकामा टिप्पणी, लेख, विश्लेषण तथा नेपाली आवाजको प्रकाशन र सम्पादनसमेत गर्नुभएको छ ।

भरत जङ्गमले वि. सं. २०३६ सालमा 'कालो सूर्य' नामक उपन्यास लेख्नुभएको छ । यस उपन्यासले साहित्यिक क्षितिजका पाठकहरूबीचमा हलचल र सनसनी मच्चाएको र सर्वत्र ज्यादै जनप्रिय भएको थियो । उक्त उपन्यास अन्याय, भ्रष्टाचार र तत्कालीन व्यवस्थाको यथार्थ चित्रणमा आधारित छ । यसका पाठकहरूलगायत विशिष्ट समाजवादी चिन्तक तथा राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइरालाले समेत मुक्त कण्ठले प्रशंसा गर्नुभएको थियो । 'कालो सूर्य' अङ्ग्रेजी, जापानी, हिन्दी, संस्कृतलगायत एक दर्जन भाषामा अनुवाद गरिएको छ । यो पुस्तकको विषयवस्तु विश्वमै आधारित भएकाले हालमा विश्वविद्यालयको पाठ्यसामग्रीका रूपमा समेत स्वीकृत

भएको छ । अन्य कृतिहरूमा ३ उपन्यास, निबन्धसङ्ग्रह, कविता, गीत र भ्रष्टाचारविरुद्धको आन्दोलन नामक प्रबन्धसङ्ग्रह, अनगन्ती विचार, दृष्टिकोण प्रकाशित छन्, जुन सबै आ-आफ्ना क्षेत्रमा विशिष्ट छन् र जनमानसमा चेतनाको हिसाबले ठूलो योगदान पुऱ्याएका छन् । 'कालो सूर्य' अन्तर्राष्ट्रिय मान्यतासमेत पाउन सफल भएको छ ।

वि. सं. २०४३ सालमा स्थापना गरिएको गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि जङ्गम छात्रवृत्ति कार्यक्रमले सयौँ गरिब विद्यार्थीहरूलाई शिक्षा आर्जनमा सहयोग पुऱ्याएको छ ।

धार्मिक आस्थामा विश्वास राख्ने भरत जङ्गमले विभिन्न धार्मिक मठ-मन्दिर, धार्मिक केन्द्र तथा गुम्बाहरूलाई स्थापना तथा मर्मतसमेतमा अनगन्ती सहयोग, चन्दा उपलब्ध गराउनुभएको छ । यसका साथै धार्मिक परम्पराको जगेर्ना, सम्बर्धन गर्नका लागि सचेत गराउने र कोषको दुरुपयोग गर्नेलाई अदालतको कठघरामा उभ्याई न्याय दिलाउने कार्यसमेत गर्नुभएको छ । न्याय-कानुनविपरीत सरकारले गरेका सार्वजनिक अपराधका कार्यलाई जनचेतनामा अभिवृद्धि गरी न्यायालयमा निःशुल्क मुद्दा हाली बदर गराई राष्ट्रलाई करोडौँ रुपियाँको खर्चबाट बचाउनुभएको छ ।

कानुनविपरीत भूतपूर्व सांसदहरूले निवृत्तिभरण भत्ता खान पाउने ऐन ल्याई राष्ट्रको ढिकुटी रित्याउने कार्यलाई अदालतमा मुद्दा हाली बदर गराई राष्ट्रको ढिकुटी बढाई करोडौँको सहयोग गर्नुभएको छ ।

डा. बाबुराम भट्टराईले प्रधानमन्त्री हुँदा भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र गृहमन्त्रीले कानुनविपरीत विशेष सुविधा पाउने अध्यादेश ल्याई राष्ट्रको कोष अपचलन गर्न खोजेको अध्यादेशलाई सर्वोच्च अदालतमा मुद्दा हाली बदर गराई वार्षिक ५० करोडभन्दा बढी रकम राष्ट्रलाई बचाइदिनुभएको छ ।

पहिलो संविधानसभाले गैरसंवैधानिक तरिकाले म्याद थप्तै जाने र समय बढाई सुविधा लिइरहने कार्य भइरहेकाले उक्त कार्य रोक्न अदालतबाट आदेश गराई २०६१ साल जेठ १४ गते नै संविधान अनिवार्य जारी गर्नुपर्ने आदेश गराई सोही दिन संविधानसभा विघटन गराई राष्ट्रको ठूलो रकम खर्च हुनबाट बचाउनुभएको छ ।

भ्रष्टाचार, अन्याय, अत्याचार निर्मूल होस् भन्ने विशुद्ध धारणा राखी बिभिन्न सार्वजनिक स्थान तथा स्कुल-कलेजमा सम्प्रेषण गरी जानकारी

गराइएको र टीभी तथा रेडियो सञ्चार माध्यममा पनि लगातार रूपमा विशिष्ट अन्तर्वार्ता दिई योगदान पुऱ्याउनुभएको छ ।

भरत जङ्गमले २०२७ सालदेखि अनवरत रूपमा भ्रष्टाचारविरोधी अभियान चलाउनुभएको छ । उहाँ ७३ वर्षको उमेरमा पनि अत्यन्तै सक्रिय रूपमा कार्य गर्दै हुनुहुन्छ । प्रजातान्त्रिक तथा विशिष्ट विद्वान्, विश्लेषक जङ्गमको लेखनशैली, सम्प्रेषणशैली अत्यन्तै प्रभावकारी छ । उहाँलाई काङ्ग्रेसका शीर्ष लौहपुरुष आदरणीय गणेशमान सिंहले नेपाली काङ्ग्रेसको सदस्यता दिनुभएको थियो । व्यक्तिगत सम्बन्ध साह्रै सुमधुर राख्न सक्ने जङ्गमको स्वभाव र लगनशीलताले गर्दा बीपी कोइराला, कृष्णप्रसाद भट्टराई समेत प्रभावित हुनुहुन्थ्यो । यसका साथै स्वर्गीय राजा श्री ५ वीरेन्द्रसँग पनि निकट भई जाँचबुझ केन्द्रमा कार्य गरी प्रभाव पार्न सफल जङ्गमको व्यक्तित्वमा विशिष्टता झल्किन्छ ।

नेपालको वर्तमान स्थिति स्थायित्वविहीन अनिश्चितता र भ्रष्टाचारले जकडिएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्टअनुसार नेपाल अति भ्रष्टाचारयुक्त देशको गणनामा पर्दछ । यसै सन्दर्भमा भरत जङ्गम मात्र यस्तो धरोहर हो जो आफ्नै निजी खर्चमा ५ दशकदेखि लगातार रूपमा तन, मन, धनले समर्पित भई भ्रष्टाचारविरोधको अभियानमा लागिरहनुभएको छ । उहाँको योगदान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा सशक्त छ । यस्तो परिस्थितिमा न्यायप्रेमी, उदार, परोपकारी, निष्पक्ष विश्लेषण गरी उत्कृष्ट अभियान सञ्चालन गरेर जनमानसमा परिवर्तन ल्याउने विशिष्ट व्यक्तित्वलाई राष्ट्रले युगयुगसम्म रहिरहने मार्गदर्शन खडा गरी सम्मान र इज्जत दिनैपर्छ भन्नुमा अतिशयोक्ति हुने छैन । यसले देशको गरिमा बृद्धि गर्नेछ ।

●



खगेन्द्र पाठक विश्व नेपाली साहित्य प्रज्ञाप्रतिष्ठानका युरोप प्रमुख हुनुहुन्छ । उहाँ बेलायतमा बसोवास गर्नुहुन्छ ।

# भरत जङ्गम र नागरिक आयोगको आवश्यकता

## – गङ्गाप्रसाद शर्मा

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक एवं कालजयी व्यक्तित्व भरतमणि जङ्गम ७४ औं वसन्त पार गर्दै हुनुहुन्छ । यो वर्ष उहाँको हीरक महोत्सव मनाउन गइरहेका छौँ । २०२७ सालदेखि भ्रष्टाचारविरुद्ध अभियानमा समर्पित श्री जङ्गमले लामो अध्ययन-अनुसन्धानपछि २०७३ सालमा विश्व प्राज्ञिक समाजलाई भ्रष्टविरोधी शास्त्र दिनुभई नेपालको जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयले मास्टर तहमा अध्ययन-अध्यापन गराउँदैछ । यसपछि भ्रष्टाचारविरुद्धको दक्ष उच्चस्तरीय जनशक्ति उत्पादन हुनेछ । यसको श्रेय भरत जङ्गमलाई जान्छ । बहुआयामिक व्यक्तित्व श्री जङ्गमले विभिन्न विधामा योगदान पुऱ्याउनुभएको छ । सारमा ती क्षेत्र वरिष्ठ पत्रकार, वरिष्ठ साहित्यकार, समाजसेवी, कानुन तथा संविधानविदको सुपरिचित नाम हो भने आध्यात्मिक र धार्मिक क्षेत्रमा पनि उहाँले योगदान पुऱ्याउँदै आउनुभएको छ । डोलेश्वर महादेव मन्दिरको विशेष संरक्षक, पशुपतिनाथ सेवक सङ्घको मुख्य सल्लाहकार, अनन्तलिङ्गेश्वर महादेव मन्दिरको मुख्य संरक्षक, शिखरेश्वर महादेव फर्पिङको प्रमुख संरक्षक, भक्तपुर वागेश्वरी सरस्वतीस्थान मन्दिरको मुख्य संरक्षकलगायत यस्तै धार्मिक पर्व, समारोह, मठमन्दिरको उन्नतिका लागि विशेष योगदान पुऱ्याउँदै आउनुभएको छ ।

भरत जङ्गम एक व्यक्ति अनेक कर्ममा समर्पित व्यक्तित्व, धर्म, संस्कार-संस्कृति, विधि, देश, साहित्य, कानुन सबै क्षेत्रमा त्यत्तिकै क्रियाशील हुनुहुन्छ । उहाँले २०३६ सालमा लेख्नुभएको ‘कालो सूर्य’ नामक उपन्यास १४ भाषामा अनुवाद भएको छ । त्यस्तै व्यूहचक्र, रातो घाम, ख्वपदेश जस्ता उपन्यास पनि चर्चाको शिखरमा छन् ।

त्यस्तै विकृति र विसङ्गतिको अन्त्यका लागि २०५५ सालदेखि विभिन्न मुद्दाहरू सम्मानित सर्वोच्च अदालतमा दायर गरेर यो देश लुट्नबाट जोगाउनुभएको छ । उदाहरणका लागि २०५२ सालमा भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने कानुन नै पारित गरेका थिए । त्यसविरुद्ध उहाँले हाल्नुभएको रिटमा जनप्रतिनिधिले पेन्सनको व्यवस्था गर्न नपाउने गरी सो ऐन २०५७ सालमा खारेज भयो । २०५८ सालमा संसदीय निर्वाचन विकास

कोषको नाममा सांसदलाई ठूलो रकम दिने ऐन पारित गरेका थिए । सो ऐन २०६५ सालमा खारेज भयो । तर अहिले सो व्यवस्थाको अर्कै नाम दिएर सांसदहरूले ६ करोडसम्म रकम लिइरहेका छन् । सरकारी पदाधिकारी उच्च पदबाट अवकाश भएपछि विभिन्न संवैधानिक पदमा नियुक्त हुँदा दोहोरो सुविधा लिने व्यवस्था थियो । २०५८ सालमा सम्मानित सर्वोच्च अदालतबाट आदेश जारी भएर लिन नपाउने गरी आदेश जारी भयो । डा. बाबुराम भट्टराईको प्रधानमन्त्रीत्व कालमा भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, गृहमन्त्रीलाई विशेष सुविधाबापत ५० करोड बजेट व्यवस्था भएको थियो, त्यो पनि खारेज भयो । यसरी सालिन्दा झन्डै २ अरब राज्यको ढुकुटीबाट खर्च गर्ने व्यवस्था सदाका लागि अन्त्य भयो । त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अभियोजन गरेको अदालतबाट सफाही पाए अख्तियारले पुनरावेदन दिन नपाउने व्यवस्था गरेका थिए । सो पनि सम्मानित सर्वोच्च अदालतबाट खारज भई पुनरावेदन दिन पाउने व्यवस्था स्थापति भयो । उपर्युक्त व्यवस्थाबाट आर्थिक रूपमा देशलाई २ अरबभन्दा बढी बचत हुन गएको छ । तर सांसद कोषको हकमा अहिले पनि विनियोजन बजेटबाट व्यवस्था गरेर लिने गरेका छन् ।

भ्रष्टाचारको विषयमा २०२७ सालदेखि आजका मितिसम्म ५० वर्षदेखि छापा विद्युतीय माध्यमद्वारा अटुट रूपमा निर्भीकतासाथ तार्किक विचार पस्कँदासमेत भ्रष्टाचार न्यून हुनुको सट्टा हिजो सयमा थियो भने आज खरबमा छ । समयमा विश्लेषण गर्दा विशेष गरी २०४७ – २०७७ को ३० वर्षको अवधिमा दरबारको ४ दिवारभित्र सीमित रहेको भ्रष्टाचार सर्वव्यापक भई विकेन्द्रीय समाजमा भ्रष्टाचारीले प्रतिष्ठा पाएका छन् । भ्रष्टाचारका प्रकारतिर जाँदा सुषुप्त, नियोजित, सहभागितामूलक, नीतिगत, निर्देशनात्मक, आपराधिक, क्रियाशील र विविध गरी ८ प्रकारका भ्रष्टाचार छन् । ट्रान्सपरेन्सी इन्टरनेसनलले गरेको रिसर्चबाट राजनीतिक क्षेत्रमा ७४ प्रतिशत, निजामती क्षेत्रमा ६९ प्रतिशत भ्रष्टाचार छ भन्ने कुरा प्रकाशित भएको छ । काग कराउँदैछ पिना सुक्तैछ भन्नेझैँ कराउने कराउँदैछ, भ्रष्टाचार गर्ने गर्छ । भ्रष्टाचारको अभियोग लागेका मन्त्री र सांसदको सार्वजनिक लेखा समितिले विशेष ध्यान दिई समितिमा मनोनयन गरेर भ्रष्टाचारविरुद्धका अभियन्तालाई गिज्याएको अवस्था छ । तसर्थ वर्तमान संविधानको निम्न प्रावधानले भ्रष्टाचार रोकिनुभन्दा संरक्षित छ ।

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग संविधानको धारा २३९ को प्रतिरोधात्मक व्यवस्थामा यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको

हकमा यो उपधारा लागू हुने छैन भन्ने व्यवस्था छ । यो व्यवस्थाले ठूला भ्रष्टाचारीलाई कानुनी दायरामा ल्याउने अवस्था छैन ।

२. संविधानको धारा ८२ नेपाल सरकारको कार्यसञ्चालन नेपाल सरकारबाट स्वीकृत नियमावलीबमोजिम नेपाल सरकारको कार्यविभाजन र कार्यसम्पादन हुनेछ । उपधारा (२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन भन्ने व्यवस्था छ । एकातिर मन्त्रिपरिषद्ले कस्तो नियमावली बनाउँछ, सार्वजनिक गरिदैन, अर्कोतिर अधिकांश नीतिगत निर्णय यही धारालाई टेकेर गरिन्छ ।

३. संविधानको धारा १७४ माथिको जस्तै व्यवस्था प्रदेशीय कार्यपालिकामा समेत छ । यो व्यवस्थाले नीतिगत भ्रष्टाचार फस्टाएको छ ।

४. शक्ति सन्तुलनका अङ्गअन्तर्गतका संवैधानिक अङ्गका पदाधिकारी नियुक्ति सम्बन्धी संवैधानिक परिषद्सम्बन्धी व्यवस्था धारा २८४ ले दलीय शक्ति सन्तुलनको अङ्गले आफ्नो काम गर्न सकेन ।

५. संसदबाट सुनुवाई हुँदा जस्तोसुकै तथ्यगत प्रमाणसहित उजुरी परे पनि दलीय आधारमा लेनदेनका आधारमा नियुक्ति पाएरै छाडेको छ ।

अतः भरत जङ्गमले अनवरत रूपमा ५० वर्षदेखि भ्रष्टाचारका सम्बन्धमा विभिन्न माध्यमद्वारा विचार पस्किरहँदा, यस्तै अरू यस क्षेत्रका अभियन्ताले खवरदारी गरिरहँदा काग कराउँदैछ पिना सुक्तैछ भनेझैँ भ्रष्टाचार दिन दुई गुणा रात चार गुणा भ्रष्टाचार बढेको बढ्यै छ । तसर्थ वर्तमान संरचनाले भ्रष्टाचार नियन्त्रण हुन सक्तैन । चरित्र राम्रो भएका व्यक्ति र स्वतन्त्त नागरिकबाट नागरिक आयोगको संवैधानिक व्यवस्था र सो आयोग सफलताका लागि सार्वजनिक पदमा बस्नेको आचारसंहिताको आवश्यकता छ । निम्न व्यवस्था गर्न सकियो भने श्री जङ्गमको योगदानको उपलब्धि हासिल हुन सक्तछ ।

### वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सट्टा नागरिक आयोगको व्यवस्था :

नेपालका कुनै पनि शक्ति सन्तुलनका अङ्ग लगामविनाको घोडा भए । यिनले आफ्नो काम, कर्तव्य र अधिकार सही रूपमा प्रयोग गरेका भए संविधानमा भएका कमी-कमजोरीहरू संशोधनका माध्यमबाट सुधार्न सकिन्थ्यो । नेपालको हजारौँ वर्षको इतिहास छ । त्यसलाई भत्काउन एनजीओ, आईएनजीओ, विदेशी गुप्तचर शक्तिशाली देशको रकमको खोलो

बगाएर यहाँका लोभी, पापी, स्वार्थी, राजनीति गर्नेलाई भ्रष्ट बनाएर कमजोर संविधान र संवैधानिक अङ्ग बनायो । राजनीतिमा स्वार्थी, लोभी, पापीको प्रवेश हुँदा द्वन्द्व, काटमार गराएर सत्ता परिवर्तन गरायो । यो गराउन यहाँको मौलिक निधिका रूपमा रहेको धर्म, संस्कार, संस्कृति, सामाजिक, मानवीय, आर्थिक साथै देशको सार्वभौमसत्ताको पनि ख्याल राखिएन । सर्वत्र दण्डहीनता, भ्रष्टाचार, हत्या, बलात्कार मौलाएको छ ।

व्यवस्था परिवर्तनको नाममा २००७ सालदेखि २०४६ र २०६२-६३ सालको आन्दोलनमा नागरिकभन्दा बाहिरी दबाब र प्रभाव पऱ्यो । २००७ सालपछि गठित सरकारले नेपालको मन्त्रिपरिषद्मा भारतीय जनरल राखेर शासन सञ्चालन गरे । २००७ सालको परिवर्तन स्रोत र साधन भारतलाई सुम्पियो । आजसम्म आइपुग्दा कोसीदेखि कर्णालीसम्म भारतलाई सबै सरकारले सुम्पिएका हुन् । यसको आवाज र हक खोसिएला भनेर पनि यहाँका कमजोर आर्थिक हैसियतका मान्छेलाई पालेर देशको कानुन फितलो बनायो । कमजोर र लोभीपापीलाइ उच्च सार्वजनिक पदमा पुऱ्याइयो । यसै कारणले कुनै पनि अङ्गले देश र नागरिकको हितमा काम गर्न सकेन । अब यी अङ्गले देशहितको काम गर्ने अवस्थासमेत देखिएन । दल नेता वा कुनै व्यक्तिभन्दा ठूलो देश हो । देश रहे सबै कुरा सधैँ प्राप्त हुन सक्छ । तसर्थ ३ करोड नागरिकभित्रबाट केही सय सदाचारी देशभर नै अनुशासित, योग्य व्यक्ति नपाइएला र ? अहिलेको शैक्षिक स्तर हेर्दा हामीलाई चाहिएजति क्षेत्रको योग्य व्यक्ति पाउन सकिन्छ । तसर्थ देशको महारोगका रूपमा रहेको भ्रष्टाचार अन्त्यका लागि नागरिक स्तरबाटै देशभर नै दक्ष विज्ञ समूहबाट संवैधानिक नागरिक आयोगको अवश्यकता देखियो । श्री जङ्गमले ५० वर्षदेखि अनवरत रूपमा भ्रष्टाचारका विषयमा निर्भीक विचार राख्ताराख्तै पनि यहाँ हजारौँ गुणा भ्रष्टाचार बढिरहेको छ । यसको अन्त्यका लागि कडा कानुन, सही कार्यान्वयन, पियनदेखि राष्ट्रपतिसम्म समान रूपमा लागू हुने कानुन, राजनीतिक अपराधीकरणको पूर्ण अन्त्यको आवश्यकता छ भने सफल नागरिक आयोगका लागि सार्वजनिक आचारसंहिताको आवश्यकता छ ।

नागरिकलाई सार्वभौमसत्तासम्पन्न मान्ने हो भने कुनै पनि वादका रूपमा देश र नागरिकमारा भ्रष्टाचार उन्मूलन हुनैपर्छ । आम नागरिकले पनि अब लोभले दलीय झोले-झण्डे भएर अपराधीको मतियार हुनुभन्दा स्वतन्त्र देशभक्त भएर आवधिक निर्वाचनमा न्यायाधीशका रूपमा रहनुपर्छ । देश र नागरिकको सेवा गर्ने, कहिल्यै कसैको बात-कसुर नलागेका, ३ पुस्तासम्म स्वच्छ आचरणमा बसेका देशभक्त, सुयोग्य, सदाचारी, अनुशासित भनी राजनीति अवैतनिक गर्छु भनी मन, वचन, कर्मले सेवा गर्नेलाई भोट दिने

गर्नुपर्दछ । स्थायी सरकार भनेको मन, वचन, कर्मले सकेमने गर्नेलाई उसले सेवा गरेबापत उसलाई बाँच्न पुग्ने गरी ऊसँग गरिएको सेवासर्तका आधारमा तलब दिनुपर्दछ । सोबाहेक लिएखाए सश्रम जन्मकैद वा अपराधको मात्रा हेरी मृत्युदण्डसम्मको प्रावधान राखिनुपर्दछ । त्यसैले नागरिक आयोगमा संवैधानिक रूपमा वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सट्टा आर्थि,क सामाजिक, राजनीतिक, इन्जिनियरिङ, कानुन, चिकित्सालगायतको उच्च डिग्री हासिल गरेका स्वतन्त्र, देशभक्त, इमानदार व्यक्तिहरू हुनुपर्छछ । सो आयोगले गर्ने अध्ययन-अनुसन्धान, तहकिकात उच्च अदालतसम्मको कारवाही किनारा गर्न सक्ने र यसले गरेको निर्णयउपर सर्वोच्च अदालतमा पुनरावेदन लाने व्यवस्था हुनुपर्दछ ।

यसको कार्यक्षेत्र देशका सबै सार्वजनिक क्षेत्र हुनेछ । यसको कारवाहीको दायरा तल्लो तहको राष्ट्रसेवक पियनदेखि उच्च सार्वजनिक पदमा बस्ने राष्ट्रपतिसम्म हुनेछ । यसमा संलग्न आयुक्त र अनुसन्धान अधिकृतहरू कानुन, वाणिज्य, सार्वजनिक प्रशासन, समाजशास्त्र, मानवशास्त्र, विभिन्न विधाको इन्जिनियरिङ, चिकित्सा क्षेत्रको विशेष योग्यता भएका कम्तीमा मास्टर वा सोभन्दा माथिल्लो योग्यता भएका हुनेछन् । ती व्यक्ति स्वतन्त्र, देशभक्त, अनुशासित, कुनै पनि कालखण्डमा वाद वा तन्त्रको राजनीतिक दलको सदस्यता नलिएका, उच्च मनोबल भएका, अनुशासित, पारदर्शी, विधिसम्मत चल्ने, सादा जीवन उच्च विचारका, कुलघरानामा हुर्किएका हुनुपर्दछ । निजहरूको छनोट खुला प्रतिस्पर्धा तथा नागरिकको सुनुवाइबाट योग्य ठहरिएको हुनुपर्नेछ । नागरिक आयोगमा राख्नुपर्ने बुँदागत दफाहरू निम्नअनुसार हुनुपर्छ ।

१. आयोगको नाम नेपाल नागरिक आयोग ।
२. यो आयोग वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सट्टा हुने र भ्रष्टाचारसम्बन्धी अन्य संस्था पनि यसै आयोग मातहतमा हुने ।
३. नेपाल नागरिक आयोगमा आवश्यकताअनुसार प्रमुख आयुक्त, आयुक्त सबै क्षेत्रका विशेष दक्षता भएका स्वतन्त्र, देशभक्त, कुनै दलसँग आबद्ध नभएका अनुसन्धान अधिकृत हुने ।
४. कला, साहित्य, भूगोल, कूटनीतिक कानुन, समाजशास्त्र, मानवशास्त्र, इन्जिनियरिङ, मनोविज्ञान, चिकित्सा, जनप्रशासन, सार्वजनिक प्रशासन, कृषि विषयमा मास्टर वा सोभन्दा बढी योग्यता हासिल गरेको हुनुपर्ने ।
५. यो आयोग संवैधानिक रूपमा शक्तिशाली हुने भएकाले वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र यसैअन्तर्गत हुने ।

६. यसको कार्यक्षेत्र सबै सार्वजनिक निकाय, सो निकायमा कार्यरत वैततिक वा अवैततिक पियनदेखि राष्ट्रपतिसम्मलाई अनुसन्धान गर्ने उच्च अदालतसम्मलाई भएको अधिकार प्रयोग गरी मुद्दा कारवाही किनारा गर्ने, यसले गरेको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था हुनुपर्दछ ।

७. यसले सम्पादन गर्ने काम, कर्तव्य र अधिकार अनुसन्धान, जाँच प्रक्रिया, मुद्दाको किनारा संविधानमा नै प्रस्ट व्यवस्था हुनुपर्नेछ ।

८. भ्रष्टाचारविरुद्धको आवाज उठाउने व्यक्ति, समुदाय, चौथो अङ्गका पत्रकारहरू, सर्वसाधारण नागरिक सङ्घसंस्थाले सहयोग, सम्मान र सुरक्षाको ग्यारेन्टी संविधानमा नै हुनुपर्दछ ।

९. विशेष प्रकारको भ्रष्टाचारसम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दाको टुङ्गो १ वर्षभित्र Fast Track Court गठन गरेर टुङ्गो लगाउने संवैधानिक व्यवस्था हुनुपर्दछ ।

१०. अन्य भ्रष्टाचार, घुसखोरी, पदको दुरुपयोग, राष्ट्रको सम्पत्ति अपचलन आदिको तहकिकात, अनुसन्धान मुद्दाको अन्तिम किनारा बढीमा २ वर्षभित्र गर्ने संवैधानिक व्यवस्था हुनुपर्दछ ।

११. भ्रष्टाचारसम्बन्धी केसमा अपराधको मात्रा हेरी सर्वस्वसहित सश्रम जन्मकैद र मृत्युदण्डसम्मको व्यवस्था संविधानमा नै हुनुपर्दछ ।

१२. कुनै पनि सर्वसाधारण नागरिकलाई प्रवाह गर्नुपर्ने सेवा समयमा नै नदिए, झुलाए, आलटाल गरे, घुस मागे, माग्न लगाए त्यस्ता निकायका दोषी कर्मचारीलाई सेवाबाट बर्खास्त गर्ने, क्षति भराउने व्यवस्था संविधानमा नै हुनुपर्दछ ।

१३. नागरिक आयोगका प्रमुख आयुक्त, आयुक्त, अनुसन्धान अधिकृत कर्मचारीउपर उजुर परेमा सोउपर छानविन गर्दा भ्रष्टाचारको मुद्दालाई कमजोर गराएमा, गोप्य मिलोमतो गरेमा, आर्थिक चलखेल गरेमा वा अन्य कानुनविपरीत कार्य गरेमा निजलाई अरूलाई हुने सजायको दोब्बर सजाय हुनेछ । अपराधको यात्रा हेरी निजलाई पनि मृत्युदण्ड, सश्रम जन्मकैद वा सर्वस्वहरणसम्मको सजाय गर्ने व्यवस्था संविधानमा नै राख्नुपर्नेछ ।

१४. भ्रष्टाचारी, घुसखोरी, कालोबजारी, गुणस्तरहीन काम गर्ने-गराउने, समय पालना नगर्ने-नगराउने, सार्वजनिक पद धारण गर्ने नेता, जनप्रतिनिधि, कर्मचारी, ठेकेदार सबैउपर जोसुकैले उजुर दिन सक्ने व्यवस्था संविधानमा नै हुनुपर्दछ ।

१५. नागरिक सामाजिक लेखापरीक्षण (Nagrik Right to Information) संविधानमा नै हुनुपर्दछ ।

१६. वर्तमान संविधानमा जस्तो, वा, तर जस्ता पदावलीको विशेष संरक्षण गरिएको छ । सङ्घ र प्रदेश सरकारको मन्त्रिपरिषद्ले गरेको निर्णयउपर कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन भन्ने व्यवस्था छ । नागरिक नै सार्वभौमसत्तासम्पन्न भएकाले सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । दण्ड र पुरस्कारको भागिदार सबै बराबर हुनेछन् भन्ने व्यवस्था संविधानमा नै हुने ।

१७. वर्तमानमा भ्रष्टाचारको बढोत्तरी, राजनीति पेसा-व्यवसायजस्तो भएकाले सक्षम, योग्य, देशभक्त, अवैतनिक राजनीति गर्ने व्यवस्था हुनुपर्दछ । संविधानमै सबै तहको राजनीति सेवामूलक, अवैतनिक हुनेछ भन्ने व्यवस्था हुनुपर्ने ।

१८. राजनीति अवैतनिक भएपछि कुनै राजनीति गर्ने व्यक्ति रहेछ भने सार्वजनिक पद सम्हालेपछि बहाल रहेसम्म उसको खाना, छाना, नाना, औषधि-उपचार सार्वजनिक रूपमा राज्यले नै गर्ने, कुनै प्रकारको नगद उपलब्ध नहुने, साधारण नागरिकको जीवनस्तरसम्मको जीवनयापन गर्ने व्यवस्था, निम्छरो व्यक्ति रहेछ भने राज्यले सहयोग गर्नेछ भन्ने कुरा संविधानमा नै उल्लेख हुनुपर्ने ।

१९. निजामती र प्रहरी सेवालगायत लाभको पदमा पदासीनको हकमा सेवा प्रवेशको अवस्थामा सेवाका के सर्त थिए, त्यो स्वीकार गरेर सेवा प्रवेश गरेपछि त्यही स्तरमा बस्नुपर्नेछ । सोभित्र बस्न नसक्नेले करार भङ्ग गरेर सेवा त्याग गर्न सक्ने स्पष्ट संवैधानिक व्यवस्था हुनुपर्नेछ ।

२०. नागरिक आयोग सफलताका लागि सार्वजनिक आचारसंहिता निम्नअनुसार हुनुपर्ने –

भरत जङ्गमका अनुसार देशको हित गर्ने राजनीति हो, उद्योग र व्यापार-व्यवसाय होइन, तर प्रजातान्त्रिक लोकतान्त्रिक काल २००७ – २०७७ सम्मको ७० वर्षमा देशले दुर्गति भोग्नुपर्‍यो । हिजो टायर-चप्पलधारी नेताको हैसियत कुवेतको अमीर बराबर छ । यसो हुनुमा राजनीति गर्ने नेताको चरित्र ठीक छैन । सार्वजनिक पदमा बस्नेमा मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमान्दारी र चरित्रशक्ति बलियो हुनुपर्दछ ।

कुनै सार्वजनिक पदमा मनोनयन वा निर्वाचित भएपछि सपथ ग्रहण गरेर पदभार ग्रहण गर्नुपर्ने कानुनी व्यवस्था छ । यसले काम नगरेपछि अझ बढी जिम्मेवार बनाउन सार्वजनिक आचारसंहिता बनाएर लागू गरी त्यसलाई कार्यान्वयन गर्नुपर्दछ । यो कार्यान्वयन भयो भएन, नागरिकले जानकारी पाउने हक राख्छ । अब यो देशमा भ्रष्टाचारजस्तो महारोग अन्त्यका लागि सार्वजनिक आचारसंहिताको आवश्यकता छ । त्यो आचारसंहितामा निम्न

कुरा समावेश हुनुपर्दछ । किनभने अहिले राजनीतिको भऱ्याङ चढेपछि देशको स्रोत र साधन उनीहरूको र उनीहरूको कार्यकर्ताको भरणपोषणका लागि मात्रै ठीक भएको छ । त्यतिले नपुगेर ऋणको भारसमेत बोक्नुपरेको अवस्था छ । यो आचारसंहिता पूर्ण कार्यान्वयन भए राजनीतिक क्षेत्रबाट हुने ७४% भ्रष्टाचार रोकियो भने यो देशमा झन्डै ६ लाख बजेट बचत हुनेछ । यसले देश र नागरिकको हितका लागि पर्याप्त स्रोत पुग्दछ ।

**सार्वजनिक आचारसंहिता :**

**पहिलो सिद्धान्त :**

सार्वजनिक पद धारण गर्नेले आफूले सम्पादन गर्ने कामहरू पारदर्शी, विधिसम्मत, इमानदारीपूर्वक, व्यावसायिक आचारसंहिता पालन गरी गर्नुपर्छ ।

**दोस्रो सिद्धान्त :**

सार्वजनिक पदमा बस्नेले आफूले सम्पादन गर्ने कामहरू इमादार, बफादार भई शीघ्रताका साथ सम्मानपूर्वक सम्पादन गर्नुपर्नेछ । नागरिकको कामकर्तव्य र अधिकारको ख्याल गर्ने र सबै सहयात्रीको समन्वय गर्नुपर्नेछ ।

**तेस्रो सिद्धान्त :**

सार्वजनिक पद धारण गर्नेले सम्पादन गर्ने काममा व्यक्तिगत लाभहानिका कुरा, व्यक्तिगत स्वार्थका कुरा देखिनु हुँदैन ।

**सार्वजनिक आचारसंहिताको विस्तृत चर्चा :**

**पहिलो सिद्धान्त :**

सार्वजनिक सिद्धान्तअनुसार सार्वजनिक पद धारण गर्नेले आफ्नो कर्तव्य पूरा गर्दा संविधान, ऐन, कानुन, परम्परा, बुद्धि, विवेक प्रयोग गरेर इमादारी तथा बफादारीका साथ कुनै लाभहानिको स्वार्थ नराखी गर्नुपर्दछ । पहिलो प्राथमिकता सरकारको घोषित नीतिको ख्याल गरेर जारी गरेको र बडापत्रका आधारमा तोकिएको समयमा शीघ्रताका साथ सर्वसाधारणले कुनै झन्झटविना सेवा पाउनुपर्दछ ।

**सरकारको कर्तव्य :**

सरकारले आफ्ना सेवाप्रदायक राष्ट्रसेवकलाई सरकारले घोषणा गरेको योजना, नीति र कार्यक्रमका साथै नागरिकलाई प्रदान गर्नुपर्ने सेवाहरू विनाझन्झट पक्षपातरहित रूपमा व्यक्तिगत र दलीय स्वार्थ वा नाजायज फाइदा लिने उद्देश्य नराखी दिनुपर्छ ।

# पहिलो खण्ड (ख)

# ब्ल्याक मनिप्लान्ट
## – अर्चना कर्ण

यो कालो रङ्गको बिरुवा हो । यसको पात कालो र जात पनि कालो रहेछ । यसको जरा माथि झाङ्गिएको र टुप्पो जमिनमुनि रोपिएको रहेछ । म यो बिरुवालाई ध्यान दिएर हेरिरहेकी थिएँ । पृथ्वीमा मैले त्यस्तो बिरुवा आजसम्म देखेकी थिइनँ ।

तर यो बिरुवा बालुवाटारको वरिपरि आफ्नो जरा जालोझैँ फैलाएर त्यो ठाउँलाई सजाएको थियो । कालोपत्रे बाटोमा यस्तो बत्ती फिट गरिएको थियो कि मानौँ बोटमा हीरा फलिरहेको छ । त्यहाँ बस्ने प्रधानमन्त्रीले आफ्नो जन्मदिन मनाउँदै थिए । उनले मगाएको केक पूरा नेपालको नक्सा पो रहेछ । त्यो नक्सावाला केक काटेर सबैलाई खुवाउँदै रहेछन् र आफूले आफ्नो बालुवाटार वरिपरि रोपेका बिरुवा ब्ल्याक मनिप्लान्ट, जसमा हीरा फल्छ, विदेशबाट मगाएर रोपेको बताउँदै रहेछन् आफ्ना शिष्यहरूलाई । तालीका ताली पड्किँदा, सुनिदा, सुन्दा वरपरका जनता छक्क परेछन् ।

अब हामी नेपालको विकासका लागि जे पनि गर्न सक्छौँ । पानीजहाज, रेल सबै आफ्नै देशमा मगाउन सक्छौँ । म नेपाल र नेपालीका लागि जे पनि गर्न सक्छु । कोरोनाको माहामारीमा रमिता देखाउन सक्छु । नेपालको नक्सा काटेर जन्मदिन मनाउने सम्माननीय प्रधानमन्त्रीले हाम्रो देशको सिमाना पो जोगाउनुपर्‍यो । जनता विरोधमा उत्रिए । उनले पनि आफ्नो फुर्ति देखाउन नेपालको थप भूमि जोडेर चुच्चो मानचित्र (नक्सा) पनि बनाउन लगाए । हराएर गएको भूमि या जग्गा कम से कम नक्सामा निकालेर सबै जनताबाट वाहवाही पनि बटुले ।

नेपालको नक्सा केक बनाएर काटेर के भो, कमसेकम नेपालको हराउँदै गरेको भूमिलाई नक्सामा त बढाएँ भनी छाती फुलाएछन् । संयोग कस्तो परेछ भने एउटा महामारी कोभिड चीनबाट घुम्दाघुम्दै अमेरिका र भारत हुँदै नेपालमा प्रवेश गरेछ । यो महामारी यहाँ आउनेबित्तिकै सबैलाई घरमै बस्न लकडाउन गराइएछ । यस्तो बेलामा नाराजुलुस गर्न पाइँदैन । सरकारविरुद्ध लड्नुपर्दैन भनेर जनतालाई घुर्क्याएछन् र त्यो ब्ल्याकमनीले एमसीसी ल्याएर, देश बेच्ने चाँजोपाँजो मिलाएर आफ्ना कुर्सी बचाउन लागेछन् । लकडाउन थपिएको थपियै भयो । यहाँका गरिब श्रमिक, मजदुरहरूको काम खोसियो ।

गाउँ जाऊँ गाडी र भाडा छैन, डेरामा बसौँ भने मनी छैन । खान-बस्न पनि आपत परेपछि हिँडेरै घर पुग्ने आशामा गाउँको बाटो लागेछन् । ती जनता बिचराहरू बाटामै भोकभौकै सहिद भएछन् । गाउँ पुग्ने सपना चकनाचुर भएछ ।

यता नेताहरू कोरोना जाँच गर्ने किट कमिसन लिएर किन्दै थिए । त्यो किट पनि नक्कली नै रहेछ । देश र जनताका लागि केही जोगाड गर्न खोजेका थिए । तर त्यस्तै बेलामा भित्रभित्रै राजनीतिक खेल पनि सुरु भएछ । प्रधानमन्त्रीका लागि पक्षविपक्ष लड्न थालेछन् । आ-आफ्ना पार्टी फुटाउन थालेछन् । यही मौकामा ठूला पार्टीका नेता बिचरा मन्त्री, सांसदहरूले म्युजिकल चेयर खेल्ने विचार गरेछन् । तर राजनीतिमा कस्तो हुँदो रहेछ भने प्रधानमन्त्रीको कुर्सी भनेको विनर, जसलाई पैसा र पावरले किनिन्छ । दूरदर्शी प्रधानमन्त्रीले त आफ्नो वरिपरि ब्ल्याक मनिप्लान्ट रोपेकै थिए, जसको जरा माथिसम्म फैलिएको थियो, जसमा हीरा फल्दै थियो । हीरा बेचेर आफ्नो कुर्सी जोगाउन सफल भएछन् ।

उनलाई लाग्यो अब मलाई कसैले पनि मेरो कुर्सीबाट हटाउन सक्तैन । तर उहाँलाई कुर्सीबाट उतार्न उनकै पार्टीका नेताहरू जुटेका थिए, जसले गर्दा उहाँलाई कुर्सी जोगाउन धौधौ परेछ, जसले गर्दा आफ्नो अधिकारक्षेत्र बिर्सेर प्रतिनिधिसभा विघटन गरेछन् र चुनावको घोषणा गरिदिएछन् । पक्ष-विपक्षले अदालतको ढोका घचघच्चाएछन् । अदालतले पुनः प्रतिनिधिसभा सङ्गठित हुनुपर्ने फैसला सुनाएछन् ।

यस्तो खेल चल्दाचल्दै फेरि दोस्रो लहरको कोरोना या कोभिड महामारी नयाँ रूप लिएर यहाँ आएछ । यसपालि कोरोना चीन होइन, अमेरिका, बेलायत, इन्डिया हुँदै सजिलै नेपाल प्रवेश गरेछ । यसको रूप पनि तीव्र भएछ । यहाँ मानिसहरू धमाधम सङ्क्रमित हुने, बिरामी हुने र मृत्यु हुने गर्न थालेछन् । अब यहाँ अक्सिजन चाहिने भयो तर ब्ल्याकमनीले पनि अक्सिजन किन्न सकेनछन् ।

यस बेला पनि म्युजिकल चेयर कुर्सी तानातानको खेल चलेछ । राजनीतिक पार्टीहरूले मिलेर प्रधानमन्त्रीलाई कुर्सीबाट पछारिदिएछन् । तर अर्को दिन यो के ? पुनः उनी नै प्रधानमन्त्री भएछन् । फेरि देश र जनताको भलो गर्ने झूटो सपथ खाएका छन् । मचाहिँ ब्ल्याक मनिप्लान्टको बिरुवा हेर्दै थिएँ । यसले त कार्बन डाइअक्साइड पो फाल्ने रहेछ । अक्सिजन फालेको भए नेपाली जनता अक्सिजनविना मर्ने थिएनन् । तर कस्तो विडम्बना, बालुवाटारमा अक्सिजन गइरहेछ र बाहिर कार्बन डाइअक्साइड फालिरहेछ ।

अचानक मेरो निद्रा टुटेछ । म त ओछ्यानमा रहेछु । के मैले सपना देखेको हो केपी ओली पुनः प्रधानमन्त्री भएको ? सपना बिहानको पो परेछ ! त्यो सत्य हुन्छ रे !

नभन्दै बिहानको कान्तिपुर पत्रिका हेरेँ । अन्ततः ओली नै प्रधानमन्त्री बनेको समाचारले मलाई राजनीतिमा हुने खेल विश्वासको मतमाथि विश्वास लागेन । मलाई त त्यही ब्ल्याक मनिप्लान्टको सम्झना आयो । हे भगवान् ! एउटा असल नेता नेपालमा कहिले जन्मिनेछ र यो ब्ल्याक मनिप्लान्ट (भ्रष्टाचार) उखेलेर फाली ग्रीन मनिप्लान्टका रूपमा सबैलाई शुद्ध अक्सिजन दिने बिरुवा कहिले रोप्नेछन् ? सोच्न थालेँ ।

अनि झ्वाट्ट सम्झेँ कालजयी व्यक्तित्व भरत जङ्गमलाई । लाग्यो अब नेपाल भ्रष्टाचारले मर्दैन ।

●



अर्चना कर्ण सुनाकोठी, ललितपुरमा बसोवास गर्नुहुन्छ । उहाँ सामाजिक कार्यकर्ता तथा लेखिका हुनुहुन्छ ।

# उहाँ मामाघर नेपालमा
## – अर्पण पराजुली

सडक बालबालिकामुक्त समाज निर्माण गर्ने उद्देश्यले हेटौँडाका युवा समाजसेवीहरूको सक्रियतामा २०६८ सालदेखि सञ्चालित 'मामाघर नेपाल मकवानपुर' ले स्थानीय दान, चन्दा, उपहार र सहयोगमा सडक बालबालिकाको पालनपोषण गर्दै आइरहेको छ । सडक बालबालिकाको आपतकालीन उद्धार, परामर्श, उपचार, आवासीय सुविधा, औपचारिक शिक्षा, प्राविधिक सीप र पारिवारिक पुनर्स्थापना गर्दै आइरहेको यस संस्थाले हालसम्म ५०० भन्दा बढी सडक बालबालिकाको उद्धार गरिसकेको छ ।

जन्मोत्सव, वैवाहिक वर्षगाँठ र सङ्घसंस्थाको स्थापना दिवसमा प्राप्त हुने सहयोगबाट सञ्चालन हुने यो संस्थाले हेटौँडाका समाजसेवी सिद्धिलाल श्रेष्ठले दानस्वरूप दिनुभएको जग्गामा 'एक व्यक्ति एक इँटा' अभियान सञ्चालन गरी हेटौँडा – ११ मा सुविधासम्पन्न बालमैत्री भवन निर्माण गरेको छ । विभिन्न कारणले सडकमा बेवारिसे जीवन बाँच्न बाध्य सडक बालबालिकाहरू असामाजिक र आपराधिक गतिविधिमा पनि संलग्न हुन्छन् भने माग्ने, लागूपदार्थ सेवन गर्ने त उनीहरूको लत नै हुन्छ । पेट भर्नकै लागि अनेक सङ्घर्ष गरिरहेका, कुनै नियन्त्रणविनाको स्वतन्त्र जीवन बाँचिरहेका सडक बालबालिकालाई सामान्य जीवन बाँच्न सक्ने बनाउनु आफैँमा चुनौती हो । आज कसैको छतमा सुकाएको कपडा चोर्दै हिँड्ने, फलामको टुक्रा र कवाडीको थुप्रोमा आफ्नो भाग्य र भविष्य खोज्दै बसेका यस्ता बालबालिका आफैँ अत्यन्तै दुःखदायी जीवन बाँचिरहेका हुन्छन् भने सडकमा भोकै-नाङ्गै बालबालिका देखिनु समाजको सभ्यतामाथिको प्रश्न पनि हो । मामाघर नेपाल मकवानपुर सडक बालबालिकामुक्त समाज निर्माण गर्न हरतरहबाट लागिरहेको छ । स्थानीय मानिसहरूबाट प्राप्त दान, चन्दा, उपहार र सहयोग नै उद्धार गरिएका बालबालिकाको पालनपोषणको आधार बनेको छ ।

कोही-कोही मान्छेको मन सधैँ अरूको दुःख र पीडामा मल्हम लगाउन चाहिरहेको हुन्छ । स्वस्थ र समतामूलक समाजको परिकल्पना गर्ने आदरणीय भरत जङ्गम जीवनभरि भ्रष्टाचारविरोधी अभियान चलाउँदै आउनुभएका व्यक्तित्व हुनुहुन्छ । विभिन्न सामाजिक अभियानहरूबारे बुझ्दै जाने क्रममा

मामाघर नेपालबारे जानकारी भएपछि मामाघर नेपालका संस्थापक / संरक्षक अर्पण पराजुलीसँगको व्यक्तिगत चिनजानमार्फत् आदरणीय भरत जङ्गम मामाघर नेपाल मकवानपुरको अवलोकन भ्रमण गर्न काठमाडौँदेखि हेटौँडा आइपुग्नुभएको थियो ।

भ्रष्टाचारविरोधी प्रखर वक्ता भरत जङ्गम आफैँमा विशाल मानवीय हृदयका व्यक्तित्व हुनुहुन्छ । देखेको कुरा बोल्ने र जे हुनुपर्ने हो, त्यही बोल्ने बानी भएका जङ्गमले मामाघर नेपालको अवलोकन गरेपछि ती कलिला बालबालिकाको हृदयमा अगाध राष्ट्रियता र मानवताको भावना विकास गराउनु है भन्दै असल संस्कार भएका बालबालिका जब युवा हुन्छन्, तब मात्रै भ्रष्टाचारमुक्त समाज निर्माण हुन सक्ने बताउनुभएको थियो । मामाघरमा रहेका सबै बालबालिकालाई वरिपरि राखेर सबैको विगत, वर्तमान र भविष्यको चाहनाबारे सोध्दै जहाँ जे गरे पनि इमानदारीपूर्वक गर्नु र भ्रष्टाचारचाहिँ कहीँ कहिल्यै पनि नगर्नु भन्ने उहाँको विचार अत्यन्तै प्रेरणादायी लागेको छ ।

प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मामाघर नेपाललाई सहयोग पुऱ्याइरहनुभएका आदरणीय भरत जङ्गम स्वयंमा व्यक्ति नभएर एउटा अभियान हुनुहुन्छ । भ्रष्टाचारविरुद्ध जीवनभर खटिनुभएका जङ्गम सरको उच्च चेतना धेरैले बुझ्न नसकेको हो कि जस्तो भान हुन्छ ।

सुशासन र समृद्ध समाजको पक्षमा वकालत गर्ने उहाँलाई दीर्घ जीवन र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

●



अर्पण पराजुली मामाघर नेपाल मकवानपुरका संस्थापक तथा संरक्षक हुनुहुन्छ ।

# उनका सपनाका सन्दर्भमा
## – आरके श्रेष्ठ

मेरा अग्रज आदरणीय व्यक्ति भरत जङ्गमको ७५ औँ जन्मदिवस हीरक महोत्सव हार्दिक शुभकामनाका दुई शब्द उपहार चढाउन पाएकोमा आफूलाई भाग्यवान् महसुस गर्दै उहाँबाट नैतिकता हराउँदै गएको हाम्रो समाजको परिवेशका सन्दर्भमा निजबाट उठाएका प्रश्नहरू तथा समाधानको अथक प्रयासप्रति मेरो एक सानो छोटो विचारसमेत प्रस्तुत गर्न पाउनु एक सौभाग्य ठानेको छु ।

मेरो देश नेपाल, म एक नेपाली । म गौरव गर्दछु यस सुन्दर मुलुकको धर्तीपुत्र हुन पाएकोमा । विश्वका उत्कृष्ट प्राकृतिक मनमोहक विविध सुन्दरतालो बास पाएका देशहरूमा दसौँ स्थानभित्र पर्न सफल यो हाम्रो देशलाई समयसापेक्ष विकास गरगहना बहुमूल्य शृङ्गारबाट (Professional high teach-touch up) समेत सजिएको अति नै सुन्दर मेरो जन्मभूमिप्रति गौरवको कल्पना, परिकल्पना देख्न वा गर्न पाउनु हरेक नेपालीको अविच्छिन्न अधिकार हो । प्रकृतिको वरदानप्रति आभारी बन्दै विवेकपूर्ण गतिशील मानसिक तथा भौतिक विकास तथा विस्तारमा एक जुट भई बडामहाराजा पृथ्वीनारायण शाहका दिव्य उपदेशलाई आत्मसात गरेको भए हामी हाम्रो देश भीख माग्ने होइन, भीख दिने हुन्थ्यौँ भन्नेमा दुई मत नरहला ।

देश ठूलो वा सानो आजको विश्वको बजारमा यसको खास तुक छैन, केवल भौतिक विकास, भौतिक शक्ति के-कति आर्जन गरेको छ, विश्व परिवेशमा के-कस्ता कति योगदान दिने क्षमता राख्तछ, यिनै मापदण्डबाट कुनै पनि देशको बाहुल्य, इज्जत आर्जन गर्दछ, सोही रूपमा व्यक्तिगत नागरिकको पनि । सिङ्गापुर, बहराइन आदि आदि विकसित राष्ट्रहरूलाई र तिनका नागरिकलाई विश्वसमाजले सानासाना भनेर हेला गरेको कुनै देख्ने त परै जाओस्, सुन्न पनि पाएका छैनौँ । तर हाम्रो देश नेपाल सानो होइन तर कार्यक्षमता, विवेक, जिम्मेवारी तथा जवाफदेहिताप्रतिका अनेक-अनेक प्रश्नहरू, जो आजसम्म अनुत्तरित मात्र होइन, समाधानका कुनै पनि ठोस निर्क्योल निस्केको छैन । कति कुर्ने हो, कहिले आउने हो, अत्तोपत्तो छैन, जसको कारणवश आम मानसमा नैराश्यले आफ्नो जग बढाउँदै गएको पाइन्छ ।

एक नेपालीले जन्मनेबित्तिकै बाउन्न हजार रुपियाँको ऋण भार बोक्नुपर्ने हुन्छ । देशको आर्थिक अवस्था ऋणात्मक हुँदै जानु रेमिटेन्सबाट मात्र अर्थव्यवस्था चलायमान रहनु, शोधनान्तर घाटा (Balance of Payment, Balance of Trade) निराशाजनक हुनु, भएका उद्योगधन्दा (४०-५० वटा ठूलाठूला उद्योगहरू) काङ्ग्रेसले बेचेर खायो, बाँकी छुटेफुटेका पनि संरक्षणको पर्खाइमा, अनि कसरी औद्योगिकीकरण हुन्छ र आयात विस्थापनमा टेवा दिन्छ त ? जता हेर्‍यो, उतै बेथिति । कागजी विकास, नेताको भाषणी विकास त कति हो कति, सबैलाई जितेर सम्पन्न भइसक्यो, के चाहियो ?

एक नजर कृषिमा । कृषिप्रधान देश नेपाल २०४६ सम्म धान निर्यात गर्ने देश, हरियो वन नेपालको धन भन्ने देश कहाँ गयो ? सबै लाजमर्दो अवस्था । आयात धान मात्र ७-८ अरबको । विदेशी रक्सी ३-४ अरबको वार्षिक आयात हुन्छ । केवल ७ प्रतिशतको निर्यात हुन्छ । खरबौंको ऋण, अरबौं अरबको ब्याज भुक्तानी । चालु आ. व. को एक खरबभन्दा बढीको बजेट घाटा (आम्दानीभन्दा खर्च बढी) आदि नैराश्यबाट कहिले कसरी पार पाउने हो ?

कृषि तथा उद्योगको विकास र विस्तार नै हाम्रो मूल आधारभूत क्षेत्र, जसको प्रभावले पूर्वाधार विकास, बजार विकास, बजारीकरण, शिक्षाकरण आदि आफैँ सबै थाहा पाउँदापाउँदै पनि हामीमा के कमी भयो, जसबाट यस्ता विकासमा बाधक बनेका छन् ?

एउटा सिद्धान्त, सानो राष्ट्र Singapore मा वार्षिक एक करोड टुरिस्ट जान्छन्, सोहीअनुरूप Thailand मा साढे ३ करोड Visit गर्दछन् भने हाम्रोमा २० लाख पुर्‍याउन राष्ट्रिय अभियान नै चलाउनुपर्‍यो, सो पनि फेल खायो ।

बुद्धिमत्ता, विवेकशील, लगनशीलता, इमानदारीसाथ राजनीतिक प्रतिबद्धता र संरक्षण पाएको भए आज हाम्रो देश हाम्रो सामाजिक, आर्थिक रहनसहन अवस्था कहाँ पुग्थ्यो ? Tourism Service Industry लाई मात्र लिँदा पनि कम्तीमा वार्षिक एक करोड Tourist आउनु ठूलो कुरा हुँदैनथ्यो । २५-३० वटा ठूला हवाइजहाज, विश्वका अधिकांश सहरहरूमा राष्ट्रिय ध्वजावाहक पुग्नु सामान्य नै मानिन्थ्यो । सोहीअनुरूप कृषिप्रधान देश कृषिप्रधान नै रहिरहन्थ्यो । प्रकृतिले वरदान गर्दा रहेका सम्पत्ति ग्यास उत्खनन, फलाम, पेट्रोल, युरेनियम आदिका कारण बलिया आर्थिक अवस्थाका कारण दक्षिणी सीमामा मजबुत पर्खाल बन्थ्यो र हजारौं बिगा जग्गा गुमाउनु पर्दैनथ्यो ।

उपर्युक्त सबै विकासका बाधक के हुन् त ?

भ्रष्टाचार र राजनीति । राजनीति र भ्रष्टाचार । यी दुवै बाधक हुन् र छन् । भ्रष्टाचार नहुने देश, नभएको देश सायद नहोला । तर केवल कुन स्तरमा कसरी कति हुन्छ त भन्ने सवाल हो । थाइल्यान्ड, मलेसिया विकासशील देशमा १०-१५ प्रतिशत खैलाबैला हुन्छ भने हामीकहाँ ७०-८० प्रतिशत गोलमाल हुन्छ । २०-२५ प्रतिशत मात्रको लगानीबाट कुन स्तरको विकासको आशा गर्ने हो !

वि. सं. २०१३ देखि चालु भएको पञ्चवर्षीय वार्षिक योजनाका भइगरी आएका आजसम्मका विकासका प्रतिफलबारे हामी सबै जानकार नै छौँ । यही सन्दर्भलाई मनन गरी स्वच्छ समाज, स्वच्छ राजनीति निर्माणका लागि आजीवन सङ्घर्ष गरी आएका अग्रज अभियन्ता नायक भरतमणि जङ्गम (काठमाडौँ नयाँ बानेश्वरनिवासी) को नाम लिँदा पनि मनमस्तिष्कमा सुगमता छाउँदछ । २०२७ साल (पञ्चायतकाल) देखि नै भ्रष्ट र भ्रष्टाचारविरोधी अभियानमा आफ्नो कलम चलाइआएका भरत जङ्गमको मूल भनाइ नै भ्रष्ट र भ्रष्टाचारको धारण नै विकासका मूल बाधक हो भन्ने दृढ विश्वासअनुरूप स्वच्छ समाज निर्माण गर्ने सपनालाई मूर्त रूप दिन आफ्नो ज्ञानलाई विभिन्न माध्यमबाट जनमानसमा उजागर गरी आएको इतिहास जगजाहेरै छ । आजसम्म आइपुग्दा निजको विशुद्ध कदमलाई साथ दिन निजका केही शिष्यहरू मैदानमा उत्रन थालेको हामीले महसुस गर्न पाएका छौँ । त्रिभुवन विश्वविद्यालयबाट Anticorruption Science ले मान्यता पाउनु र उच्च शिक्षाको पाठ्यक्रममा प्रवेश पाउनु ज्यादै खुसी तथा गौरवका विषय हुन् भने यस महान् उपलब्धि तथा सफलताका लागि भ्रष्टविरोधी शास्त्रका पिता भरत जङ्गमलाई हार्दिक बधाई तथा सो शिक्षादीक्षाको सुप्रभाव र सफलताको कामना गर्न पाउँदा आफूलाई ज्यादै खुसी महसुस गर्न पाएको छु । उक्त शिक्षा उच्चस्तरको विश्वविद्यालयको पाठ्यक्रमहरूलाई परिमार्जित गरी High School वा नौ-दस कक्षाका लागि सामाजिक शिक्षाको अनिवार्य विषयमा समेत समावेश होस् र हुनेछ भन्ने पूर्ण विश्वास तथा आशा लिएको छ ।

आज हाम्रो समाजमा संस्थागत बन्दै गएको भ्रष्टाचारप्रति सबै चिन्तित छन् । भ्रष्टाचार हिजो नभएको होइन । पञ्चायत कालमा वा सोभन्दा अघि पनि हुन्थ्यो र हुनेछ । तर कुन स्तर के-कति कस्तो रूपमा ? सायद वि. सं. २०२७ सालदेखि यस सन्दर्भमा कलम चलाउनु, शून्य सहनशीलता भएको समाज निर्माणको सपना र स्वच्छ समाज निर्माणका लागि विभिन्न लेखरचना साहित्यबाट दीक्षित गराई सो अभियानमा निरन्तर आफूलाई सुम्पिनु ठूलो कुरा हो र यस्ता महान् व्यक्तिको कदर हुने नै छ ।

देशको शिर निहुराउने लाजमर्दो कुरो Transparency International Recent Repair ले राष्ट्रपति र प्रधानमन्त्री स्वयम् भ्रष्ट र भ्रष्टाचारको संरक्षणमा संलग्न रहेको भनी नामै किटान गर्नु, त्यस्तै South Asia मा भ्रष्ट देश एक नम्बरमा नेपालको नाम विदेशी मिडियाबाट प्रसारण हुनु, के हामीले यस्तै सुन्न र भोग्न भोट दिएका हौं ? राज्य सञ्चालन व्यवस्था या कुनै पनि व्यवस्था आफैंमा खराब हुँदैन । तर सञ्चालनमा बस्ने अधिकार प्राप्त गरेका विवेकविहीन नेताहरू, कर्मचारीहरू, व्यापारी, छाडातन्त्र गुन्डाराजका कारण व्यवस्था र राष्ट्रको बदनाम मात्र नभई देशको आर्थिक अवस्था उल्टने हो वा राष्ट्र नै नरहने हो भन्ने अवस्था कतै सृजना भएको हो कि भन्ने डर जताततै व्याप्त हुँदै गएको पाइन्छ । समाधान के छ त ?

यसै सन्दर्भलाई लिएर भरत जङ्गम २०४७ सालको संविधान ब्युताउन, उनको सपना नं. २ लाई मूर्त रूप दिन-दिलाउन निर्धक्क रूपले Media मा विशेषतः You tube मार्फत आफ्नो ज्ञान, सीप र सोचलाई जनतासामु पस्किरहेका छन् । एक साहसिक प्रवक्ताका रूपमा उनले आफ्नो सफल प्रस्तुतिका कारण समाजभित्र कुनाकाप्चादेखि मूल सहरवासीका बीचबाट समेत आफ्ना सहपाठीहरू, विभिन्न गुट-उपगुट, विभिन्न नामले दिनप्रतिदिन चिनिने ठूलाठूला जमातको समर्थन लिन सफल हुँदै गएको प्रति अग्रिम शुभकामना दिन पाउनु एक ठूलो सौभाग्य ठान्दछु ।

करिब ४ दशक हामी, म र मेरा पारिवारिक सम्बन्धीको मधुर सम्बन्धमा मेरी धर्मपत्नी ईशा मल्ल श्रेष्ठ र उनकी सँगिनी रहेको गुटकी दिज्यू इन्दिरा, भिनाजु भरत जङ्गम, जसलाई भिनाजुका नामले सम्बोधन गरी आएकोमा थप दुई शब्द ७५ औं जन्मदिवसको हीरक महोत्सव समारोहको पूर्ण सफलताको शुभेच्छा राख्तै सुस्वास्थ्य तथा दीर्घायुका साथमा उहाँको सपना साकार हुने विश्वासका साथ शुभकामना !

•



आरके श्रेष्ठ समाजसेवी तथा लेखक हुनुहुन्छ ।

# शुभकामनाका शब्दहरू
## – किरण थापा

मानिस जन्मँदा सबै एकैजस्ता लाग्दछन् । तर बिस्तारै कर्मक्षेत्रमा अगाडि बढ्दै गएपछि उनीहरूले आ-आफ्नो पहिचान बनाउँदै लग्दछन् । कोही नितान्त आफू, आफ्ना घरपरिवार र नजिकैका नातागोताको स्वार्थ पूरा गर्दागर्दै बिदा हुन्छन् भने कोही आफ्नो सम्पूर्ण पारिवारिक दायित्व पूरा गर्दै समाज र देशका लागि केही गर्ने अठोटका साथ निरन्तर लागिरहेका हुन्छन् । आफ्नो धर्म, संस्कृति, परम्परालाई जगेर्ना गर्दै विगत लामो समयदेखि भ्रष्टाचारविरुद्धको अभियानमा लागिरहने यस्तै एउटा अथक योद्धा हुनुहुन्छ भरत जङ्गम ।

कहिलेकाहीँ मलाई यस्तो लाग्दछ – यसरी नितान्त एउटा एक्लो व्यक्ति कहिले आराध्यदेव भगवान् पशुपतिनाथमा तथाकथित रूपमा गरिएको राजनीतिक थिचोमिचोका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेर त्यसलाई निस्तेज पार्नुहुन्छ, कहिले हाम्रो समाज र सम्पूर्ण सरकारी, अर्धसरकारी निकायहरूमा व्याप्त महारोग भ्रष्टाचारका विरुद्ध आवाज बुलन्द गर्दै त्यसलाई न्यूनीकरण गर्न दबाब सृजना गर्नुहुन्छ । कहिले जननिर्वाचित सांसदहरूले समेत निवृत्त भएपछि पेन्सन सुविधा लिने, कहिले सरकारी पदाधिकारीहरूले लिँदै आएको दोहोरो सुविधा आदिलाई लामै कानुनी लडाइँ लडेर परास्त गर्नुहुन्छ । आखिर एउटा व्यक्तिमा यसरी सम्पूर्ण राज्यसत्तामा बिस्तारै मौलाउँदै गएको यस्तो घृणित विकृतिप्रति लड्ने साहस, शक्ति र जाँगर कसरी आउँछ ? सायद यही साहस, जाँगर, ऊर्जा र निरन्तर सुधारका लागि विद्रोह गरिरहने कार्यको एउटा पर्याय र प्रतीक नै हुनुहुन्छ आदरणीय भरत जङ्गम ।

अहिले आएर मलाई गहिरिएर चिन्तन, मनन र विश्लेषण गर्दा लाग्दछ हाम्रो देश त्यसै लामो समयदेखि निर्धन, अविकसित र बेरोजगारीले शिथिल भएका होइन । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र राज्यका यस्तै अन्य संवैधानिक अङ्गहरूलाई हेरौँ, हाम्रो देशको मुहार प्रस्ट प्रतिबिम्बित हुन्छ । यसलाई दैनिक हजारौँ युवा शक्तिहरू देशबाट रोजिरोटीका लागि कडा परिश्रम गर्न विदेश पलायन हुँदै गरेको लामो शृङ्खलाले पनि पुष्टि गर्दछ । संसारमा अर्को कुन राष्ट्र होला जहाँको कूल जनसङ्ख्याको २०-२५ प्रतिशत

जनसङ्ख्या आफ्नो देशको अवस्था र व्यवस्थाबाट विरक्तिएर अन्य कुनै विकल्प नभेटी बिदेसिन्छन् ? धन्य हामी र हाम्रो सरकार ! त्यसैले अब साँच्चि नै यो देश समुन्नत बनाउने हो भने, नेपाल र नेपालीको स्वाभिमान उच्च राख्ने हो भने भरत जङ्गमजस्ता व्यक्तिहरू एक्लो वृहस्पति भएर होइन, हामी सम्पूर्ण स्वाभिमानी नेपाली एकैसाथ जाग्नुपर्दछ, मातृभूमि निर्माणको पवित्र र महान् कार्यमा होमिनुपर्दछ ।

भरत जङ्गमसँग मेरो परिचय करिब चार दशक अघिदेखिको हो । परम्परादेखि देशका बडागुरुज्यूले सम्हाल्दै आएको गुठी संस्थानको अध्यक्षको पद कानुन संशोधन भई जब आम नेपाली नागरिक पनि त्यस पदमा पुग्न सक्ने अवस्था भयो, त्यसपछि वि. सं. २०३३ मा मेरा पिताजी बद्रीविक्रम थापा आम नागरिकको छोराको हैसियतले त्यसको प्रथम कार्यकारी अध्यक्ष हुनुभयो । मैले माथि नै व्यक्त गरिसकेँ – त्यसभन्दा अघि त्यो पदमा देशकै बडागुरुज्यू रहने प्रचलन थियो । पिताजी ६ वर्षसम्म अथवा उमेरको हदका कारणबाट निवृत्त नभएसम्म त्यस पदमा आसिन रहनुभयो । आफ्नो कार्यकालभरि आफ्नो बल, बुद्धि र ल्याकतले भ्याएसम्म उहाँले गुठीमा हिनामिना हुन दिनुभएन । सक्दो विकास र संरक्षण गर्ने कोसिस गर्नुभयो । पुर्खाले धर्म, संस्कृति र परोपकारी कार्यका लागि गुठीका रूपमा प्रदान गरेका जग्गा, जमिन र निर्माण भएका मठ, मन्दिर, गुम्बा आदिलाई आफ्नो पदीय हैसियतले भ्याएसम्म उहाँले संरक्षण र सम्वर्द्धन गर्नुभयो । आफूसँग भएको आफ्नो सम्पत्तिले कहिल्यै नपुग्ने तर सार्वजनिक गुठी आदिको सम्पत्तिमा आँखा गाड्ने हाम्रो सीमित शक्तिशाली र उच्च ठाउँमा पहुँच भएका व्यक्तिहरूबाट यस्ता महत्त्वपूर्ण सम्पदाको संरक्षण र विकास गर्नु चानचुने कुरा थिएन । उहाँले यसमा आफूले सक्दो प्रयास गर्नुभएको थियो । उहाँ सधैँ भन्ने गर्नुहुन्थ्यो – “हाम्रो यस ऐतिहासिक धरोहरका रूपमा रहेको गुठी परम्परा र यसको वैभव, श्रीसम्पत्तिलाई मैले चाहेजस्तो विकसित गर्न नसके पनि मेरो कार्यकालमा यसलाई हिनामिना हुन पटक्कै दिन्नँ ।” यो कार्य गर्नु हाम्रो समाजमा साँच्चिकै फलमको चिउरा चपाएजस्तो थियो । उहाँले सक्दो प्रयास गर्नुभयो ।

पिताजीले यही महत्त्वपूर्ण जिम्मेवारी सम्हालिरहँदा म भरत जङ्गमसँग परिचित हुन पुगेँ । उहाँले गुठी संस्थानबाट वार्षिक रूपमा प्रकाशन हुने ‘धर्मदर्शन’ पत्रिकाको जिम्मेवारी सम्हाल्नुभएको थियो । हाम्रो विश्वकै पुरानो सनातन धर्म, परम्परा, संस्कृति, जात्रा, पर्व आदिलाई कसरी संरक्षण गर्दै अगाडि बढाउने, यसलाई कसरी जीवन्तता दिँदै पछिका पुस्ताहरूमा सजीव रूपमा पुस्तान्तरण गर्दै लैजाने आदि विषयमा हाम्रो घर पुलचोकमा यदाकदा

उहाँहरूको गहन छलफल, विचारविमर्श भएको मलाई अझसम्म पनि प्रस्ट सम्झना छ । एकपटक भक्तपुरकै जङ्गम मठका बारेमा पनि छलफल भएको मलाई याद छ, जसको संरक्षकका रूपमा सायद परम्परादेखि नै भरत जङ्गमको परिवार रहेको थियो ।

यसरी चार दशकदेखि मैले चिन्दै, जान्दै र बुझ्दै आएका आदरणीय भरत जङ्गमको व्यक्तित्व समयको गति सँगसँगै पत्रकारका रूपमा, कानुनविद्का रूपमा, साहित्यकारका रूपमा, धर्मसंस्कृतिको विशेषज्ञका रूपमा, भ्रष्टाचारविरुद्धको योद्धाका रूपमा अनि समग्रमा भन्नुपर्दा देशको नागरिक समाजको एउटा जिम्मेवारपूर्ण अभियन्ताका रूपमा पाउँदा मलाई ज्यादै खुसी र सन्तोषको अनुभूति भएको छ । उहाँको समग्र व्यक्तित्वलाई उद्बोधन गर्ने गरी प्रकाशित यस अभिनन्दनग्रन्थका माध्यमबाट म उहाँको सुस्वास्थ्य र अझै प्रगति, उन्नति र दीर्घायुको कामना व्यक्त गर्दछु । उहाँलाई धेरै-धेरै शुभकामना ।

●



किरण थापा समाजसेवी तथा कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीका संस्थापक कोषाध्यक्ष हुनुहुन्छ । उहाँ हाल कृष्णगल्ली, पुलचोक - ३ ललितपुरमा बसोवास गर्नुहुन्छ ।

# पशुपति क्षेत्र र पशुपतिनाथका परम भक्त
## – केदारमान भण्डारी

राष्ट्रदेव भगवान् श्री पशुपतिनाथ र पाशुपत क्षेत्र परापूर्वकालदेखि नै विश्वको प्रमुख धार्मिक तीर्थस्थलका रूपमा विश्वविख्यात रहेको छ । भारतवर्षमा रहेका हिन्दूहरूको पवित्र तीर्थस्थल चारधाम जगन्नाथपुरी, द्वारका, बद्रीनाथ, रामेश्वर मानिन्छ । उक्त पुण्य चारधामको पनि शिरोभागका रूपमा भगवान् श्री पशुपतिनाथलाई मानिन्छ । त्यस्तै द्वादश ज्योतिर्लिङ्ग तथा नेपालस्थित ६४ ज्योतिर्लिङ्ग भगवान् श्री पशुपतिनाथ स्वयं प्रकट भएर ऋषिमुनि तथा भक्तजनहरूलाई दर्शन दिनुभएको हो र यी विभिन्न पुण्यभूमिमा ज्योतिर्लिङ्गका रूपमा विराजमान भएको मानिन्छ । यसर्थ ती ज्योतिर्लिङ्गभन्दा पनि प्रमुख र आदि ज्योतिर्लिङ्गका रूपमा साक्षात भगवान् श्री पशुपतिनाथलाई मानिन्छ, जसका कारणले चारधाम तथा ज्योतिर्लिङ्ग दर्शन गरिसकेर अन्तमा भगवान् श्री पशुपतिनाथको दर्शन गरिएन भने त्यो पूर्ण मानिदैन र धार्मिक तीर्थयात्रा अधुरो मानिन्छ ।

देवाधिदेव महादेव भगवान् श्री पशुपतिनाथ साक्षात ज्योतिर्लिङ्ग नेपालमा हुनु हाम्रो राष्ट्रिय गौरव हो । श्री पशुपतिनाथको ख्याति नेपाल र भारतमा मात्र सीमित नभई विश्वभरि नै फैलिएको छ । सनातन प्रसिद्ध धार्मिक ग्रन्थहरूमा पनि भगवान् श्री पशुपतिनाथको महिमा, चर्चा यत्रतत्र प्रशस्त पाइन्छ । सम्पूर्ण जीवात्माहरूको उत्पत्ति, रक्षा र संहार गर्ने परब्रह्म परमात्मा भगवान् श्री पशुपतिनाथ नै हुनुहुन्छ भन्ने कुरा हाम्रा पूर्वज ऋषिमुनिहरूले शास्त्रहरूमा उल्लेख गरेको पाइन्छ । आराध्यदेव भगवान् श्री पशुपतिनाथ तथा महामाया श्री गुह्येश्वरी माता विराजमान पशुपति क्षेत्र देवपत्तन वैदिक र तन्त्रोक्तिअनुसार श्रीयन्त्र आकारमा बनेका सर्वप्राचीन प्रागैतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा सामाजिक रीतिरिवाजले सम्पन्न काठमाडौँ उपत्यकाको सर्वप्राचीन प्रथम शहर मानिन्छ । यसर्थ यस पाशुपत क्षेत्रलाई युनेस्कोले विश्वसम्पदा सूचीमा सूचीकृत गरेको छ । यो पाशुपत क्षेत्र प्राचीन कालदेखि नै विश्वभरका २ सय करोड सनातन हिन्दू, बौद्ध, जैन, नाथ, शैव, शाक्त, वैष्णव, शिख आदि विविध आस्थाका धर्मावलम्बीहरूको श्रद्धाको केन्द्रविन्दु एवं पवित्र तीर्थस्थलका रूपमा प्रतिष्ठित रहेको पाइन्छ ।

सांस्कृतिक र ऐतिहासिक वैभवले भरिपूर्ण पाशुपत क्षेत्र 'ग्वल' अनन्तकालदेखि भगवान् श्री पशुपतिनाथलाई केन्द्रविन्दु बनाएर चारैतिर चौंसट्ठी योगिनी देवदेवीहरू र दस दिक्पाल, क्षेत्रपालसहित नवद्वार, नव शक्तिपीठ, नवदीप, नवकुण्ड, नवपोखरी, नवचोक, नवडबली र नौ जातका नेवार (देवगण) सहितको ९ × ९ = ८१ ग्रह संयोजन गरी श्रीयन्त्राकार रूपमा प्रतिपादित देवभूमि, तन्त्रभूमि तथा सिद्धभूमि यही पशुपति क्षेत्र मानिन्छ । यसर्थ नेपाल भाषामा यस क्षेत्रलाई 'गुँल' अर्थात् 'ग्वल' भनिन्छ । यस क्षेत्रमा वर्षभरिमा कमै सर्वोत्कृष्ट विभिन्न ऐतिहासिक २२ वटा जात्रा र १०८ पर्वपूजाहरू सञ्चालन हुने गर्दछन् । यस क्षेत्रको मौलिक धार्मिक र सांस्कृतिक परम्परा नेपालका लागि मात्र नभई विश्वकै लागि पनि महत्त्वपूर्ण र उदाहरणीय मानिन्छ । हजारौं वर्षका ऐतिहासिक पृष्ठभूमि रहेको भगवान् श्री पशुपतिनाथको मन्दिर विभिन्न कालखण्डमा निर्माण पुनर्निर्माण, जीर्णोद्धार एवम् पशुपतिनाथ परिसरभित्र अन्य निर्माण कार्यहरू हुँदै गएको देखिन्छ ।

पाशुपत क्षेत्रको योजनाबद्ध स्याहारसम्भार, संरक्षण तथा विकास गरी यस क्षेत्रको प्राचीन ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तुहरू तथा सम्पदाहरूको सम्भार, संरक्षण तथा सम्वर्द्धन गर्ने परम उद्देश्य लिएर श्री पशुपति क्षेत्र सुधार तथा विकास समिति २०३४ को गठन गरी २०४४ सालमा अधिकारसम्पन्न पशुपति क्षेत्र विकास कोष ऐन २०४४ लागू गरियो । पशुपति क्षेत्र विकास कोष ऐन २०४४ मा पहिलो संशोधन गरी पशुपति क्षेत्र विकास कोष ऐन २०४९ लागू गरियो । त्यसै गरी पशुपति क्षेत्रको १० वर्षे अवधारणात्मक गुरुयोजना २०५६ लागू गरिएको छ ।

कानुनी रूपमा सबै प्रकारले नेपाल सरकारद्वारा शक्तिसम्पन्न भएपछि भने पवित्र देवभूमि पाशुपत क्षेत्रको अस्तित्व र सांस्कृतिक सम्पदा एवम् परम्पराहरूप्रति कोष पूर्णरूपेण अनुदार हुँदै गएको आभास पाइन्छ । गुरुयोजनाको नाममा प्राचीन ९ × ९ = ८१ को ग्रह संयोजनका आधारमा व्यवस्थित गरिएको तन्त्रोक्त र श्रीयन्त्रात्मक रूपमा रहेको प्राचीन बस्तीलाई छिन्नभिन्न बनाइएको छ । गुरुयोजनाको नाममा पहिलो चरणमा ऐतिहासिक पाशुपत क्षेत्र देवपत्तनका १ सय १९ वटा घरहरू सङ्कटकालको अवसरमा २०५९ मा भत्काइयो र दोस्रो चरणमा वनकाली क्षेत्र र तिलगङ्गा क्षेत्र अधिकरण गरिएको छ । स्थानीयवासी र धार्मिक समाजको घोर विरोधको बाबजुद पनि कोष पाशुपत क्षेत्र र श्री पशुपतिनाथको प्राचीन परम्पराको संरक्षण र सम्बर्द्धन गर्नुको सट्टा संस्कृतिको संरक्षण र परम्परादेखि बसिरहेका स्थानीय आदिवासीहरूलाई दुःख दिने, उनीहरूको मौलिक सांस्कृतिक अधिकार हनन गरिनुका साथै पाशुपत परम्परा र पाशुपत संस्कृतिको संवाहक ९

जातीय परम्परामा पनि घातक क्षति पुऱ्याउने कार्य गरी विनाशकारी रूपमा कोष प्रस्तुत भएको देखिन्छ ।

यसरी कोषको मोनोपोली र विनाशक तन्त्रका कारणले स्थानीय वासिन्दाहरू, भक्तजनहरू र धार्मिक समाज सशङ्कित भएका छन् । विश्वको एक मात्र सनातन हिन्दू राष्ट्र नेपालको श्री ५ बडामहारानी ऐश्वर्य शाह सरकार रहेको समयसम्म कोषले सम्पूर्ण सनातनी धार्मिक समाजमा आस्थाको केन्द्र आराध्यदेव र पाशुपत संस्कृतिको सम्मान र संरक्षण गर्दै आएको थियो । कोषमा २०५६ सालमा गुरुयोजना अगाडि सारेर पाशुपत र परम्परामा क्षति गर्ने कार्यको परिकल्पनासँगै देशमा अशान्ति र सङ्कटकाल सृजना भएको देखिन्छ । राष्ट्रदेव भगवान् श्री पशुपतिनाथमा गरिएको थिचोमिचो र चरम लापर्वाहीका कारण २०५९ सालमा परम्परा र संस्कृति नाश हुने गरी १९ वटा घरहरू सङ्कटकालकै अवसरमा बलजफ्ती भत्काइयो र दोस्रो चरणमा वनकाली क्षेत्र र तिलगङ्गा क्षेत्र गरी करिब ३०० घरहरू हटाइएका छन् । श्री पशुपतिनाथ र यहाँको संस्कृति र सम्पदामाथि पश्चिमीहरूको चलखेलमा नीतिहरू बनिरहेको देखिन्छ । विकासको नाममा पुरानो संस्कृति र सम्पदा नष्ट गर्ने गुरुयोजना लाद्न थालिएको छ । विनाशकाले विपरीत बुद्धिः भनेजस्तै प्राचीनताको संरक्षण र सम्बर्द्धन गरी पाशुपत क्षेत्रको प्राचीनता, धार्मिकता, देवभूमि, तन्त्रभूमिको रक्षा र संरक्षण गर्नुको सट्टा लुटतन्त्र नै मच्चाएर धर्म, धार्मिकता र राष्ट्रदेवकै अपहेलना गरिरहेका छन् । यसबाट देश र जनताले अझ ठूलो क्षति व्यहोर्नुपर्ने देखिएको छ ।

यसको विरोध र सत्यतथ्य उजागर गर्ने उद्देश्यले पशुपतिनाथको हजारौँ वर्षदेखि दिनरात सेवारत र भगवान्को मन्दिरको तथा सम्पत्तिको सम्पूर्ण जिम्मा लिई दैनिक पूजा-आराधनाका साथै भक्तजनहरूको सेवामा सेवारत हामी भण्डारीहरू सङ्गठित भई श्री पशुपतिनाथ सेवा समाज तथा भण्डारी समाज २०५२ सालमा गठन गरी भण्डारी समाजमा दक्ष थकाली चन्द्रमान राजभण्डारीको समयकालमा श्री पशुपतिनाथको धर्म-संस्कृति र परम्पराका लागि हक-अधिकार प्राप्त गर्ने सम्बन्धमा लड्दै आइरहेका छौँ । त्यसै समयदेखि भगवान्का परम सेवक भक्त नित्य दर्शनार्थी भरत जङ्गम पनि यस धार्मिक महाअभियानमा सल्लाहकार र धार्मिक अभियन्ताका रूपमा जोडिनुभएको थियो ।

भगवान् श्री पशुपतिनाथको मन्दिरको दैनिक नित्य दर्शनार्थी भरत जङ्गमलाई श्रीको परम भक्तका रूपमा हामी पशुपतिनाथका सेवक भण्डारी र

अरूहरू सबैले आदरसाथ लिन्छौं । दैनिक बिहान मन्दिर खुलेपछि भगवान्को दर्शनका लागि भगवान्को मूल ढोकामा उहाँको उपस्थिति हामी पाउँथ्यौं । सरल, मुस्कानका साथ सबैलाई समान रूपमा व्यवहार गर्ने र हामीलाई नेवारीमा नै उत्साहका साथ कुरा गर्ने मिलनसार सबैका भरत दाइका रूपमा हामी उहाँलाई चिन्दछौं । सुरुदेखि नै देश, राष्ट्र र धर्मका लागि समर्पित भरत जङ्गम पशुपतिनाथको दर्शनका साथै आवश्यकताअनुसार गुठी परम्पराहरूमा भक्तका रूपमा न्यायका लागि सरकार र सरोकार निकायसमक्ष आवाज उठाउन मद्दत गर्नुहुन्थ्यो भने सबैलाई सरसल्लाह पनि दिने कार्य गर्नुहुन्थ्यो ।

मैले पनि भरत दाइलाई पहिले पशुपतिनाथको दर्शनका क्रममा चिनेको हुँ । हामी भण्डारी र भट्ट बाजेसँग निकट सम्बन्ध भएका कारण उहाँबाट हामीले धेरै सहयोग पाउँदै आएका छौं । उहाँ पशुपतिनाथका परम सहयोगी हुनुहुन्छ ।

माओवादी सरकारले भगवान्को मन्दिरमा मनपर्दी गर्न थाल्यो । यो देखेर म र हरिहर भण्डारीहरू एकत्रित भएर सबै पत्रकारलाई बोलाएर मन्दिरको पश्चिम ढोकामा पत्रकार सम्मेलन गऱ्यौं । हामी पुग्नुअघि पत्रकार, प्रहरी, वाइसिएलहरू भरिभराउ थिए । हरिहरले प्रेस विज्ञप्ती पढ्न खोज्दैमा वाइसिएलहरूले हामीमाथि आक्रामक रूपमा धावा बोले र पत्रकारहरूमाथि पनि लाठी र ढुङ्गा बर्साए । म, हरिहर र जयवागेश्वरीका पुजारी हंसमान कर्माचार्य नराम्रोसँग कुटाइमा पऱ्यौं । हाम्रा लुगाहरू सबै झ्यारझुर बनाएर कुटे । कुटाइबाट रगताम्य भयौं । पत्रकारहरू २-३ जनाका क्यामेरा फुटे र चोटपटक पनि लाग्यो । पुस २३ गते विहान १०-११ बजे मन्दिरकै अगाडि हामीले सरकारका गुन्डाहरूद्वारा रगताम्य हुने गरी कुटाइ खायौं । हरिहरको टाउको फुटेको थियो । नराम्ररी टाउकोमा चोट लागेर ब्रेनह्यामरेज भएर पटकपटक अप्रेसन र उपचार गरियो । हालसम्म पनि उनी प्यारालाइसिस अवस्थामा छन् । सरकार र कोष दुवैबाट सहयोग प्राप्त भएको छैन ।

●



केदारमान भण्डारी सामाजिक कार्यकर्ता, योगाचार्य, रेकी मास्टर र सङ्गीतज्ञ हुनुहुन्छ ।

# साहित्यका सङ्गम च्वःसाःपासा
## – केशरी बज्राचार्य

नेवार भाषामा एउटा प्रचलित भनाइ छ च्वःसाःपासा । अर्थ यस्तो छ – जो लेखनकलामा छन् उनीहरू साथी हुन्छन् । लेखकको पहिचान उसको लेखनकलाबाट हुन्छ । साहित्य साधनामा उसको योगदान कति छ भन्ने कुरा उसको लेखन या साहित्यबाट थाहा हुन्छ । उहाँ या भरत जङ्गम यस्तै च्वःसाः पासाका हकदार हुनुहुन्छ ।

उहाँ 'कालो सूर्य' उपन्यासका लेखक हुनुहुन्छ । उहाँको त्यो उपन्यास मनोविज्ञानविद्, साहित्यकार सरोजकुमार शाक्यले अङ्ग्रेजी भाषामा उल्था गर्नुभएको थियो । त्यसको विभिन्न १३ वटा अन्य भाषामा पनि थप अनुवाद भएको छ । कृति अन्तर्राष्ट्रिय साहित्यमा दरिएको छ ।

नेपाली साहित्यमा महारथ हासिल गर्ने साहित्यकारहरू आफ्ना एउटै उत्कृष्ट कृतिका कारण प्रसिद्ध छन् । पहिचान सहज भएका छन् । उदाहरणका लागि महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' खण्डकाव्यले संसारमा निकै प्रसिद्धि पाएको छ । युगकवि सिद्धिचरण श्रेष्ठको 'मेरो प्यारो ओखलढुङ्गा' कविता, कविशिरोमणि लेखनाथ पौडेलको 'पिँजराको सुगा' कविता, नाट्यसम्राट बालकृष्ण समको 'चिसो चुल्हो' महाकाव्य, साहित्यकार धूस्वाँ सायमीको उपन्यास 'गङ्गी', साहित्यकार लीलबहादुर क्षत्रीको 'बसाइँ' उपन्यास आदि-आदि । नेपाली साहित्यका महारथिहरूलाई उहाँहरूका यिनै कृतिहरूले उत्कृष्ट पहिचान दिएका छन् ।

भरत जङ्गम भ्रष्टाचारविरुद्ध अभियानमा सक्रिय हुनुहुन्छ । संस्कृतिविद हुनुहुन्छ । समसामयिक राजनीतिक विश्लेषक हुनुहुन्छ । तथापि उहाँलाई सामाजिक उपन्यास 'कालो सूर्य' का लेखकको नामले बढी चिनिन्छ । यो मेरो आफ्नै अनुभव हो ।

काठमाडौँ उपत्यकाको नेवार समुदायमा प्रचलित संस्कृतिको अध्ययन र पुस्तक लेखन उहाँको अर्को पहिचान हो । भक्तपुरको नेवार समुदायमा प्रचलित सांस्कृतिक रीतिरिवाज, चाडपर्वहरू विषयक उहाँको पुस्तकले नेपालमा प्रचलित सांस्कृतिक गतिविधिबारे राम्रो पहिचान दिएको छ । उहाँ

निरन्तर लेखनकार्यमा सक्रिय हुनुहुन्छ । यही लेखकीय सम्पर्कका कारण मैले सुरुमा उहाँलाई च्वःसाःपासा भनेकी हुँ ।

जङ्गमजी धेरै वर्षअघि एक दिन हाम्रो छाउनी निवासमा आउनुभयो । आफ्नो परिचय दिनुभयो । आठवटाजति आफूले लेख्नुभएका पुस्तक दिनुभयो । यसरी उहाँसँग परिचय भएको पनि धेरै भइसक्यो । मेरो कवितासङ्ग्रह 'मरुभूमिको काँडा' को पनि उहाँको 'कालो सूर्य' उपन्यासका अङ्ग्रेजी अनुवादक साहित्यकार सरोजकुमार शाक्यले अनुवाद गर्नुभएको छ । संयोग त्यस्तै भयो । सरोज दाइले अङ्ग्रेजी भाषामा अनुवाद गरिदिनुभएपछि 'मरुभूमिको काँडा' कवितासङ्ग्रहको पनि प्रा. डा. उषा ठाकुरले हिन्दी भाषामा र शाक्य सुरेनले नेवार भाषामा अनुवाद गर्नुभएको छ । युगकवि सिद्धीचरण प्रतिष्ठानबाट प्रकाशित 'मरुभूमिको काँडा' कवितासङ्ग्रहको लोकार्पण कार्यमा बौद्ध वाङ्मयविद साहित्यकार केदार शाक्यले राम्रो सहयोग गर्नुभएको थियो । थुप्रै नेपाली लेखक कवि साहित्यकारहरूको भेलामा राष्ट्रकवि माधवप्रसाद घिमिरेले मेरो पुस्तक लोकार्पण गर्नुभएको थियो ।

त्यसपछि मैले पनि जङ्गमजीलाई आफ्नो पुस्तकहरू उपहार दिएकी छु । च्वःसाःपासाको धर्मनिर्वाह गरेकी छु ।

जङ्गमजी साहित्य र संस्कृति विषयमा निरन्तर लेखनकार्यमा लागिरहनुभएको छ । उहाँ निकै मिजासिलो र क्रियाशील हुनुहुन्छ । सामाजिक विकृतिलाई प्रहार गर्नुहुन्छ । विसङ्गतिलाई प्रहार गर्नुहुन्छ । समाज सुधारमा अग्रणी देखिनुभएको छ । उहाँका सबै कृतिहरू पढ्न योग्य छन् । अनुसन्धान र खोजमूलक छन् । समाजका यथार्थ चित्रण उहाँका कृतिहरूमा पाइन्छ । असल साहित्यकारको पहिचान दिनमा उहाँ सफल हुनुहुन्छ । यही कारण उहाँले आफूलाई 'कालो सूर्य' उपन्यासका स्रष्टा भनेर पहिचान बनाउनुभएको हो भन्ने मलाई लागेको छ ।

उहाँ सामाजिक विसङ्गति र भ्रष्टाचारलाई र्निूल गरेर स्वच्छ, निर्मल समाज निर्माणका लागि प्रयत्नशील हुनुहुन्छ । समाज परिवर्तनशील छ । निरन्तर परिवर्तनका लागि स्वतःस्फूर्त परिपाटीले गति लिएको हुन्छ । तथापि मानवीय स्वभावअनुसार पुरातन धर्मसंस्कृतिबाट समयानुकूल अगाडि बढ्न कठिन हुन्छ । त्यस्ता कठिनाइलाई पनि आफ्नो सशक्त कलमको बलले पार लगाउन प्रयत्नशील देखिनुहुन्छ । लेखन कार्यको बलले समाजमा परिवर्तन ल्याउने कार्यमा धेरै कम मानिसलाई सफलता मिलेको हुन्छ । त्यस्ता चेतनशील लेखकहरूको पङ्क्तिमा उहाँ निरन्तर लागिपर्नुभएको छ ।

सरकार, प्रशासन, विकास निर्माण र समाजका हरेक क्षेत्रमा अदृश्य रूपमा व्याप्त अनियमित भ्रष्टाचारजन्य कार्यलाई विराम दिनु साह्रै मुस्किल हुन्छ । त्यसका लागि धैर्य र साहस चाहिन्छ । उहाँमा यो गुण निहित रहेको देखिन्छ । अन्यथा यस्ता कार्य छुच्चो हुन्छ । शत्रु कमाउने खालको हुन्छ । यति हुँदाहुँदै पनि उहाँको छवि भ्रष्टाचारबिरुद्ध अभियन्ताका रूपमा देखापरेको छ ।

उहाँको लेखन साहित्य, धर्म-संस्कृति र सामाजिक विधिव्यवहारसँग गाँसिएको देखिन्छ । मानिस सामाजिक प्राणी हो । समाजका हरेक गतिविधिसँग उसको नाता गाँसिएको हुन्छ । तर समाजलाई विकृति र विसङ्गतिबाट मुक्ति दिलाएर स्वच्छ समाज बनाउने कार्यमा धेरै कम मानिसलाई मात्र जाँगर चलेको हुन्छ । यस अर्थमा उहाँ अथक योद्धा नै हुनुहुन्छ ।

एक व्यक्ति परिवारको सुखसुविधा, समाज सुधार र राष्ट्रिय जीवनमा निरन्तर लाग्नु लरतरो कुरो हैन । जङ्गमजीमा निरन्तर लागिपर्ने गुण निहित रहेको छ । त्यसैले उहाँको सामाजिक जीवनलाई झट्ट हेर्दा जङ्गमजी यस परिस्थितिका सङ्गम नै हुनुहुन्छ । प्रायः सबै मानिसहरूमा धन कमाउने र नाम कमाउने इच्छा हुन्छ । उहाँ यसमा पनि अपवाद देखिनुहुन्छ । ज्येष्ठ नागरिक ज्येष्ठ साहित्यकारको भूमिकामा निरन्तर लागिपर्नुभएको छ । उहाँको सुस्वास्थ्यको कामना गर्छु ।

●



केशरी बज्राचार्य कवयित्री हुनुहुन्छ ।

# मेरो अनुभवमा
## – कृष्णमणि कुइकेल

मेरो अनुभवमा भरत जङ्गम साहसी र स्पष्टवक्ता हुनुहुन्छ । शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष हरि मञ्जुश्रीका माध्यमबाट उहाँसँग मेरो परिचय भएको हो । शब्दयात्रा प्रकाशनका केही कार्यक्रमहरूमा उहाँ पनि उपस्थित हुनुभएको छ र विशिष्ट अतिथि बन्नुभएको छ । २०७७ सालमा शब्दयात्रा प्रकाशनबाट छापिएका पुस्तकहरूमध्ये पाठकको मतका आधारमा उत्कृष्ट ठहर भएको उहाँको पुस्तक 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' लाई २०७८ सालमा सम्मानित गर्ने घोषणा भइसकेको छ, कोरोनाका कारणले सम्मान गर्नचाहिँ सकिएको छैन

भरत जङ्गमले शब्दयात्रा प्रकाशनका तर्फबाट बनेपाको नीलकण्ठेश्वर धाम परिसरमा शब्दयात्रा शारदा मन्दिर निर्माण गर्ने क्रममा सरस्वतीको मूर्ति प्रदान गर्नुभएको थियो । त्यस मन्दिरको उद्घाटन पनि उहाँले नै गर्नुभएको थियो । उहाँले शब्दयात्रा प्रकाशन पुस्तकालयका लागि केही पुस्तकहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो । पछि उहाँले शब्दयात्रा प्रकाशनको आजीवन सदस्यता पनि लिनुभयो ।

भरत जङ्गम भ्रष्टाचारविरोधी अभियन्ता, साहित्यकार, समाजसेवी र आध्यात्मिक जागरण गराउने व्यक्ति हुनुहुन्छ । उहाँका बारेमा छोटाचे लेखमा थोरै समयमा वर्णन गर्न सकिँदैन । उहाँसँग लिइएका अन्तर्वार्ताहरू सामाजिक सन्जालमा प्रशस्त पाइन्छन् । तिनीहरूबाट पनि उहाँका बारेमा थाहा पाउन सकिन्छ ।

अन्त्यमा, भरत जङ्गमको हीरक महोत्सवका अवसरमा उहाँप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।



कृष्णमणि कुइकेल शब्दयात्रा प्रकाशनका जग्गादाता, आजीवन सदस्य, नीलकण्ठेश्वर धाम संरक्षण समितिका अध्यक्ष तथा बनेपाका स्थानीय समाजसेवी हुनुहुन्छ ।

# भरत जङ्गमको व्यक्तित्व
## – खगेन्द्र पाठक

भौगोलिक हिसाबले दक्षिण भारत र उत्तर चीनको बीचमा अवस्थित नेपाल अत्यन्तै सुन्दर देश हो । भौगोलिक बनोट मात्र नभई सामाजिक, सांस्कृतिक र भाषिक दृष्टिकोणले समेत विविधता भएको यस देशमा १२० भन्दा बेसी भाषा, विभिन्न जनजाति र तराई, पहाड, हिमालमिश्रित जलवायु भएको देश हो । यस देशमा संसारप्रसिद्ध १३ हिमालमध्ये सगरमाथासहित ८ उच्च हिमाली शृङ्खला छन् ।

समयको कालखण्डमा यस देशमा विशिष्ट व्यक्ति, सुधारक, राजनीतिज्ञ व्यक्तित्वहरूको जन्म भएको पाउँछौं । यस्ता राष्ट्रिय सन्दर्भमा औँलामा गन्न सकिने व्यक्तित्वमध्येमा आज बहुआयामिक व्यक्तित्वका धनी भरत जङ्गमका बारेमा विवेचना गर्न चाहन्छु ।

भरत जङ्गम वि. सं. २००४ सालमा समृद्ध पृष्ठभूमि भएको परिवारमा जन्मनुभएको हो । उहाँको बाल्यकाल प्राकृतिक तथा स्वच्छ वातावरण भएको सांस्कृतिक नगर भक्तपुरमा बितेको थियो । बाल्यकालदेखि नै उहाँ साहित्यप्रेमी, सक्रिय तथा सृजनशील व्यक्तित्व हुनुहुन्थ्यो । वि. सं. २०२७ सालमा उहाँले त्रि. वि. बाट स्नातक अध्ययन पूरा गरेपश्चात् पत्रकारितामा प्रवेश गर्नुभयो र देशका ठूला पत्रिकामा लेख प्रकाशित गर्न थाल्नुभयो । उहाँले गोरखापत्र, कान्तिपुर, हिमालयन टाइम्ससहित अन्य विभिन्न पत्रिकामा टिप्पणी, लेख, विश्लेषण तथा नेपाली आवाजको प्रकाशन र सम्पादनसमेत गर्नुभएको छ ।

भरत जङ्गमले वि. सं. २०३६ सालमा 'कालो सूर्य' नामक उपन्यास लेख्नुभएको छ । यस उपन्यासले साहित्यिक क्षितिजका पाठकहरूबीचमा हलचल र सनसनी मच्चाएको र सर्वत्र ज्यादै जनप्रिय भएको थियो । उक्त उपन्यास अन्याय, भ्रष्टाचार र तत्कालीन व्यवस्थाको यथार्थ चित्रणमा आधारित छ । यसका पाठकहरूलगायत विशिष्ट समाजवादी चिन्तक तथा राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइरालाले समेत मुक्त कण्ठले प्रशंसा गर्नुभएको थियो । 'कालो सूर्य' अङ्ग्रेजी, जापानी, हिन्दी, संस्कृतलगायत एक दर्जन भाषामा अनुवाद गरिएको छ । यो पुस्तकको विषयवस्तु विश्वमै आधारित भएकाले हालमा विश्वविद्यालयको पाठ्यसामग्रीका रूपमा समेत स्वीकृत

भएको छ । अन्य कृतिहरूमा ३ उपन्यास, निबन्धसङ्ग्रह, कविता, गीत र भ्रष्टाचारविरुद्धको आन्दोलन नामक प्रबन्धसङ्ग्रह, अनगन्ती विचार, दृष्टिकोण प्रकाशित छन्, जुन सबै आ-आफ्ना क्षेत्रमा विशिष्ट छन् र जनमानसमा चेतनाको हिसाबले ठूलो योगदान पुऱ्याएका छन् । 'कालो सूर्य' अन्तर्राष्ट्रिय मान्यतासमेत पाउन सफल भएको छ ।

वि. सं. २०४३ सालमा स्थापना गरिएको गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि जङ्गम छात्रवृत्ति कार्यक्रमले सयौँ गरिब विद्यार्थीहरूलाई शिक्षा आर्जनमा सहयोग पुऱ्याएको छ ।

धार्मिक आस्थामा विश्वास राख्ने भरत जङ्गमले विभिन्न धार्मिक मठ-मन्दिर, धार्मिक केन्द्र तथा गुम्बाहरूलाई स्थापना तथा मर्मतसमेतमा अनगन्ती सहयोग, चन्दा उपलब्ध गराउनुभएको छ । यसका साथै धार्मिक परम्पराको जगेर्ना, सम्बर्धन गर्नका लागि सचेत गराउने र कोषको दुरुपयोग गर्नेलाई अदालतको कठघरामा उभ्याई न्याय दिलाउने कार्यसमेत गर्नुभएको छ । न्याय-कानुनविपरीत सरकारले गरेका सार्वजनिक अपराधका कार्यलाई जनचेतनामा अभिवृद्धि गरी न्यायालयमा निःशुल्क मुद्दा हाली बदर गराई राष्ट्रलाई करोडौँ रुपियाँको खर्चबाट बचाउनुभएको छ ।

कानुनविपरीत भूतपूर्व सांसदहरूले निवृत्तिभरण भत्ता खान पाउने ऐन ल्याई राष्ट्रको ढिकुटी रित्याउने कार्यलाई अदालतमा मुद्दा हाली बदर गराई राष्ट्रको ढिकुटी बढाई करोडौँको सहयोग गर्नुभएको छ ।

डा. बाबुराम भट्टराईले प्रधानमन्त्री हुँदा भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र गृहमन्त्रीले कानुनविपरीत विशेष सुविधा पाउने अध्यादेश ल्याई राष्ट्रको कोष अपचलन गर्न खोजेको अध्यादेशलाई सर्वोच्च अदालतमा मुद्दा हाली बदर गराई वार्षिक ५० करोडभन्दा बढी रकम राष्ट्रलाई बचाइदिनुभएको छ ।

पहिलो संविधानसभाले गैरसंवैधानिक तरिकाले म्याद थप्तै जाने र समय बढाई सुविधा लिइरहने कार्य भइरहेकाले उक्त कार्य रोक्न अदालतबाट आदेश गराई २०६१ साल जेठ १४ गते नै संविधान अनिवार्य जारी गर्नुपर्ने आदेश गराई सोही दिन संविधानसभा विघटन गराई राष्ट्रको ठूलो रकम खर्च हुनबाट बचाउनुभएको छ ।

भ्रष्टाचार, अन्याय, अत्याचार निर्मूल होस् भन्ने विशुद्ध धारणा राखी बिभिन्न सार्वजनिक स्थान तथा स्कुल-कलेजमा सम्प्रेषण गरी जानकारी

गराइएको र टीभी तथा रेडियो सञ्चार माध्यममा पनि लगातार रूपमा विशिष्ट अन्तर्बार्ता दिई योगदान पुऱ्याउनुभएको छ ।

भरत जङ्गमले २०२७ सालदेखि अनवरत रूपमा भ्रष्टाचारविरोधी अभियान चलाउनुभएको छ । उहाँ ७३ वर्षको उमेरमा पनि अत्यन्तै सक्रिय रूपमा कार्य गर्दै हुनुहुन्छ । प्रजातान्त्रिक तथा विशिष्ट विद्वान्, विश्लेषक जङ्गमको लेखनशैली, सम्प्रेषणशैली अत्यन्तै प्रभावकारी छ । उहाँलाई काङ्ग्रेसका शीर्ष लौहपुरुष आदरणीय गणेशमान सिंहले नेपाली काङ्ग्रेसको सदस्यता दिनुभएको थियो । व्यक्तिगत सम्बन्ध साह्रै सुमधुर राख्न सक्ने जङ्गमको स्वभाव र लगनशीलताले गर्दा बीपी कोइराला, कृष्णप्रसाद भट्टराई समेत प्रभावित हुनुहुन्थ्यो । यसका साथै स्वर्गीय राजा श्री ५ वीरेन्द्रसँग पनि निकट भई जाँचबुझ केन्द्रमा कार्य गरी प्रभाव पार्न सफल जङ्गमको व्यक्तित्वमा विशिष्टता झल्किन्छ ।

नेपालको वर्तमान स्थिति स्थायित्वविहीन अनिश्चितता र भ्रष्टाचारले जकडिएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्टअनुसार नेपाल अति भ्रष्टाचारयुक्त देशको गणनामा पर्दछ । यसै सन्दर्भमा भरत जङ्गम मात्र यस्तो धरोहर हो जो आफ्नै निजी खर्चमा ५ दशकदेखि लगातार रूपमा तन, मन, धनले समर्पित भई भ्रष्टाचारविरोधको अभियानमा लागिरहनुभएको छ । उहाँको योगदान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा सशक्त छ । यस्तो परिस्थितिमा न्यायप्रेमी, उदार, परोपकारी, निष्पक्ष विश्लेषण गरी उत्कृष्ट अभियान सञ्चालन गरेर जनमानसमा परिवर्तन ल्याउने विशिष्ट व्यक्तित्वलाई राष्ट्रले युगयुगसम्म रहिरहने मार्गदर्शन खडा गरी सम्मान र इज्जत दिनैपर्छ भन्नुमा अतिशयोक्ति हुने छैन । यसले देशको गरिमा बृद्धि गर्नेछ ।

●



खगेन्द्र पाठक विश्व नेपाली साहित्य प्रज्ञाप्रतिष्ठानका युरोप प्रमुख हुनुहुन्छ । उहाँ बेलायतमा बसोवास गर्नुहुन्छ ।

# भरत जङ्गम र नागरिक आयोगको आवश्यकता

## – गङ्गाप्रसाद शर्मा

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक एवं कालजयी व्यक्तित्व भरतमणि जङ्गम ७४ औँ वसन्त पार गर्दै हुनुहुन्छ । यो वर्ष उहाँको हीरक महोत्सव मनाउन गइरहेका छौँ । २०२७ सालदेखि भ्रष्टाचारविरुद्ध अभियानमा समर्पित श्री जङ्गमले लामो अध्ययन-अनुसन्धानपछि २०७३ सालमा विश्व प्राज्ञिक समाजलाई भ्रष्टविरोधी शास्त्र दिनुभई नेपालको जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयले मास्टर तहमा अध्ययन-अध्यापन गराउँदैछ । यसपछि भ्रष्टाचारविरुद्धको दक्ष उच्चस्तरीय जनशक्ति उत्पादन हुनेछ । यसको श्रेय भरत जङ्गमलाई जान्छ । बहुआयामिक व्यक्तित्व श्री जङ्गमले विभिन्न विधामा योगदान पुऱ्याउनुभएको छ । सारमा ती क्षेत्र वरिष्ठ पत्रकार, वरिष्ठ साहित्यकार, समाजसेवी, कानुन तथा संविधानविदको सुपरिचित नाम हो भने आध्यात्मिक र धार्मिक क्षेत्रमा पनि उहाँले योगदान पुऱ्याउँदै आउनुभएको छ । डोलेश्वर महादेव मन्दिरको विशेष संरक्षक, पशुपतिनाथ सेवक सङ्घको मुख्य सल्लाहकार, अनन्तलिङ्गेश्वर महादेव मन्दिरको मुख्य संरक्षक, शिखरेश्वर महादेव फर्पिङको प्रमुख संरक्षक, भक्तपुर वागेश्वरी सरस्वतीस्थान मन्दिरको मुख्य संरक्षकलगायत यस्तै धार्मिक पर्व, समारोह, मठमन्दिरको उन्नतिका लागि विशेष योगदान पुऱ्याउँदै आउनुभएको छ ।

भरत जङ्गम एक व्यक्ति अनेक कर्ममा समर्पित व्यक्तित्व, धर्म, संस्कार-संस्कृति, विधि, देश, साहित्य, कानुन सबै क्षेत्रमा त्यत्तिकै क्रियाशील हुनुहुन्छ । उहाँले २०३६ सालमा लेख्नुभएको 'कालो सूर्य' नामक उपन्यास १४ भाषामा अनुवाद भएको छ । त्यस्तै व्यूहचक्र, रातो घाम, ख्वपदेश जस्ता उपन्यास पनि चर्चाको शिखरमा छन् ।

त्यस्तै विकृति र विसङ्गतिको अन्त्यका लागि २०५५ सालदेखि विभिन्न मुद्दाहरू सम्मानित सर्वोच्च अदालतमा दायर गरेर यो देश लुट्नबाट जोगाउनुभएको छ । उदाहरणका लागि २०५२ सालमा भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने कानुन नै पारित गरेका थिए । त्यसविरुद्ध उहाँले हाल्नुभएको रिटमा जनप्रतिनिधिले पेन्सनको व्यवस्था गर्न नपाउने गरी सो ऐन २०५७ सालमा खारेज भयो । २०५८ सालमा संसदीय निर्वाचन विकास

कोषको नाममा सांसदलाई ठूलो रकम दिने ऐन पारित गरेका थिए । सो ऐन २०६५ सालमा खारेज भयो । तर अहिले सो व्यवस्थाको अर्कै नाम दिएर सांसदहरूले ६ करोडसम्म रकम लिइरहेका छन् । सरकारी पदाधिकारी उच्च पदबाट अवकाश भएपछि विभिन्न संवैधानिक पदमा नियुक्त हुँदा दोहोरो सुविधा लिने व्यवस्था थियो । २०५८ सालमा सम्मानित सर्वोच्च अदालतबाट आदेश जारी भएर लिन नपाउने गरी आदेश जारी भयो । डा. बाबुराम भट्टराईको प्रधानमन्त्रीत्व कालमा भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, गृहमन्त्रीलाई विशेष सुविधाबापत ५० करोड बजेट व्यवस्था भएको थियो, त्यो पनि खारेज भयो । यसरी सालिन्दा झन्डै २ अरब राज्यको ढुकुटीबाट खर्च गर्ने व्यवस्था सदाका लागि अन्त्य भयो । त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अभियोजन गरेको अदालतबाट सफाही पाए अख्तियारले पुनरावेदन दिन नपाउने व्यवस्था गरेका थिए । सो पनि सम्मानित सर्वोच्च अदालतबाट खारज भई पुनरावेदन दिन पाउने व्यवस्था स्थापति भयो । उपर्युक्त व्यवस्थाबाट आर्थिक रूपमा देशलाई २ अरबभन्दा बढी बचत हुन गएको छ । तर सांसद कोषको हकमा अहिले पनि विनियोजन बजेटबाट व्यवस्था गरेर लिने गरेका छन् ।

भ्रष्टाचारको विषयमा २०२७ सालदेखि आजका मितिसम्म ५० वर्षदेखि छापा विद्युतीय माध्यमद्वारा अटुट रूपमा निर्भीकतासाथ तार्किक विचार पस्कँदासमेत भ्रष्टाचार न्यून हुनुको सट्टा हिजो सयमा थियो भने आज खरबमा छ । समयमा विश्लेषण गर्दा विशेष गरी २०४७ – २०७७ को ३० वर्षको अवधिमा दरबारको ४ दिवारभित्र सीमित रहेको भ्रष्टाचार सर्वव्यापक भई विकेन्द्रीय समाजमा भ्रष्टाचारीले प्रतिष्ठा पाएका छन् । भ्रष्टाचारका प्रकारतिर जाँदा सुषुप्त, नियोजित, सहभागितामूलक, नीतिगत, निर्देशनात्मक, आपराधिक, क्रियाशील र विविध गरी ८ प्रकारका भ्रष्टाचार छन् । ट्रान्सपरेन्सी इन्टरनेसनलले गरेको रिसर्चबाट राजनीतिक क्षेत्रमा ७४ प्रतिशत, निजामती क्षेत्रमा ६९ प्रतिशत भ्रष्टाचार छ भन्ने कुरा प्रकाशित भएको छ । काग कराउँदैछ पिना सुक्तैछ भन्नेझैँ कराउने कराउँदैछ, भ्रष्टाचार गर्ने गर्छ । भ्रष्टाचारको अभियोग लागेका मन्त्री र सांसदको सार्वजनिक लेखा समितिले विशेष ध्यान दिई समितिमा मनोनयन गरेर भ्रष्टाचारविरुद्धका अभियन्तालाई गिज्याएको अवस्था छ । तसर्थ वर्तमान संविधानको निम्न प्रावधानले भ्रष्टाचार रोकिनुभन्दा संरक्षित छ ।

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग संविधानको धारा २३९ को प्रतिरोधात्मक व्यवस्थामा यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको

हकमा यो उपधारा लागू हुने छैन भन्ने व्यवस्था छ । यो व्यवस्थाले ठूला भ्रष्टाचारीलाई कानुनी दायरामा ल्याउने अवस्था छैन ।

२. संविधानको धारा ८२ नेपाल सरकारको कार्यसञ्चालन नेपाल सरकारबाट स्वीकृत नियमावलीबमोजिम नेपाल सरकारको कार्यविभाजन र कार्यसम्पादन हुनेछ । उपधारा (२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन भन्ने व्यवस्था छ । एकातिर मन्त्रिपरिषद्ले कस्तो नियमावली बनाउँछ, सार्वजनिक गरिदैन, अर्कोतिर अधिकांश नीतिगत निर्णय यही धारालाई टेकेर गरिन्छ ।

३. संविधानको धारा १७४ माथिको जस्तै व्यवस्था प्रदेशीय कार्यपालिकामा समेत छ । यो व्यवस्थाले नीतिगत भ्रष्टाचार फस्टाएको छ ।

४. शक्ति सन्तुलनका अङ्गअन्तर्गतका संवैधानिक अङ्गका पदाधिकारी नियुक्ति सम्बन्धी संवैधानिक परिषद्सम्बन्धी व्यवस्था धारा २८४ ले दलीय शक्ति सन्तुलनको अङ्गले आफ्नो काम गर्न सकेन ।

५. संसदबाट सुनुवाई हुँदा जस्तोसुकै तथ्यगत प्रमाणसहित उजुरी परे पनि दलीय आधारमा लेनदेनका आधारमा नियुक्ति पाएरै छाडेको छ ।

अतः भरत जङ्गमले अनवरत रूपमा ५० वर्षदेखि भ्रष्टाचारका सम्बन्धमा विभिन्न माध्यमद्वारा विचार पस्किरहँदा, यस्तै अरू यस क्षेत्रका अभियन्ताले खवरदारी गरिरहँदा काग कराउँदैछ पिना सुक्तैछ भनेझैं भ्रष्टाचार दिन दुई गुणा रात चार गुणा भ्रष्टाचार बढेको बढ्यै छ । तसर्थ वर्तमान संरचनाले भ्रष्टाचार नियन्त्रण हुन सक्तैन । चरित्र राम्रो भएका व्यक्ति र स्वतन्त नागरिकबाट नागरिक आयोगको संवैधानिक व्यवस्था र सो आयोग सफलताका लागि सार्वजनिक पदमा बस्नेको आचारसंहिताको आवश्यकता छ । निम्न व्यवस्था गर्न सकियो भने श्री जङ्गमको योगदानको उपलब्धि हासिल हुन सक्तछ ।

## वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सट्टा नागरिक आयोगको व्यवस्था :

नेपालका कुनै पनि शक्ति सन्तुलनका अङ्ग लगामविनाको घोडा भए । यिनले आफ्नो काम, कर्तव्य र अधिकार सही रूपमा प्रयोग गरेका भए संविधानमा भएका कमी-कमजोरीहरू संशोधनका माध्यमबाट सुधार्न सकिन्थ्यो । नेपालको हजारौं वर्षको इतिहास छ । त्यसलाई भत्काउन एनजीओ, आईएनजीओ, विदेशी गुप्तचर शक्तिशाली देशको रकमको खोलो

बगाएर यहाँका लोभी, पापी, स्वार्थी, राजनीति गर्नेलाई भ्रष्ट बनाएर कमजोर संविधान र संवैधानिक अङ्ग बनायो । राजनीतिमा स्वार्थी, लोभी, पापीको प्रवेश हुँदा द्वन्द्व, काटमार गराएर सत्ता परिवर्तन गरायो । यो गराउन यहाँको मौलिक निधिका रूपमा रहेको धर्म, संस्कार, संस्कृति, सामाजिक, मानवीय, आर्थिक साथै देशको सार्वभौमसत्ताको पनि ख्याल राखिएन । सर्वत्र दण्डहीनता, भ्रष्टाचार, हत्या, बलात्कार मौलाएको छ ।

व्यवस्था परिवर्तनको नाममा २००७ सालदेखि २०४६ र २०६२-६३ सालको आन्दोलनमा नागरिकभन्दा बाहिरी दबाब र प्रभाव पऱ्यो । २००७ सालपछि गठित सरकारले नेपालको मन्त्रिपरिषद्‌मा भारतीय जनरल राखेर शासन सञ्चालन गरे । २००७ सालको परिवर्तन स्रोत र साधन भारतलाई सुम्पियो । आजसम्म आइपुग्दा कोसीदेखि कर्णालीसम्म भारतलाई सबै सरकारले सुम्पिएका हुन् । यसको आवाज र हक खोसिएला भनेर पनि यहाँका कमजोर आर्थिक हैसियतका मान्छेलाई पालेर देशको कानुन फितलो बनायो । कमजोर र लोभीपापीलाइ उच्च सार्वजनिक पदमा पुऱ्याइयो । यसै कारणले कुनै पनि अङ्गले देश र नागरिकको हितमा काम गर्न सकेन । अब यी अङ्गले देशहितको काम गर्ने अवस्थासमेत देखिएन । दल नेता वा कुनै व्यक्तिभन्दा ठूलो देश हो । देश रहे सबै कुरा सधैँ प्राप्त हुन सक्छ । तसर्थ ३ करोड नागरिकभित्रबाट केही सय सदाचारी देशभर नै अनुशासित, योग्य व्यक्ति नपाइएला र ? अहिलेको शैक्षिक स्तर हेर्दा हामीलाई चाहिएजति क्षेत्रको योग्य व्यक्ति पाउन सकिन्छ । तसर्थ देशको महारोगका रूपमा रहेको भ्रष्टाचार अन्त्यका लागि नागरिक स्तरबाटै देशभर नै दक्ष विज्ञ समूहबाट संवैधानिक नागरिक आयोगको अवश्यकता देखियो । श्री जङ्गमले ५० वर्षदेखि अनवरत रूपमा भ्रष्टाचारका विषयमा निर्भीक विचार राख्ताराख्तै पनि यहाँ हजारौँ गुणा भ्रष्टाचार बढिरहेको छ । यसको अन्त्यका लागि कडा कानुन, सही कार्यान्वयन, पियनदेखि राष्ट्रपतिसम्म समान रूपमा लागू हुने कानुन, राजनीतिक अपराधीकरणको पूर्ण अन्त्यको आवश्यकता छ भने सफल नागरिक आयोगका लागि सार्वजनिक आचारसंहिताको आवश्यकता छ ।

नागरिकलाई सार्वभौमसत्तासम्पन्न मान्ने हो भने कुनै पनि वादका रूपमा देश र नागरिकमारा भ्रष्टाचार उन्मूलन हुनैपर्छ । आम नागरिकले पनि अब लोभले दलीय झोले-झण्डे भएर अपराधीको मतियार हुनुभन्दा स्वतन्त्र देशभक्त भएर आवधिक निर्वाचनमा न्यायाधीशका रूपमा रहनुपर्छ । देश र नागरिकको सेवा गर्ने, कहिल्यै कसैको बात-कसुर नलागेका, ३ पुस्तासम्म स्वच्छ आचरणमा बसेका देशभक्त, सुयोग्य, सदाचारी, अनुशासित भनी राजनीति अवैतनिक गर्छु भनी मन, वचन, कर्मले सेवा गर्नेलाई भोट दिने

गर्नुपर्दछ । स्थायी सरकार भनेको मन, वचन, कर्मले सकेमने गर्नेलाई उसले सेवा गरेबापत उसलाई बाँच्न पुग्ने गरी ऊसँग गरिएको सेवासर्तका आधारमा तलब दिनुपर्दछ । सोबाहेक लिएखाए सश्रम जन्मकैद वा अपराधको मात्रा हेरी मृत्युदण्डसम्मको प्रावधान राखिनुपर्दछ । त्यसैले नागरिक आयोगमा संवैधानिक रूपमा वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सट्टा आर्थि,क सामाजिक, राजनीतिक, इन्जिनियरिङ, कानुन, चिकित्सालगायतको उच्च डिग्री हासिल गरेका स्वतन्त्र, देशभक्त, इमानदार व्यक्तिहरू हुनुपर्छछ । सो आयोगले गर्ने अध्ययन-अनुसन्धान, तहकिकात उच्च अदालतसम्मको कारवाही किनारा गर्न सक्ने र यसले गरेको निर्णयउपर सर्वोच्च अदालतमा पुनरावेदन लाने व्यवस्था हुनुपर्दछ ।

यसको कार्यक्षेत्र देशका सबै सार्वजनिक क्षेत्र हुनेछ । यसको कारवाहीको दायरा तल्लो तहको राष्ट्रसेवक पियनदेखि उच्च सार्वजनिक पदमा बस्ने राष्ट्रपतिसम्म हुनेछ । यसमा संलग्न आयुक्त र अनुसन्धान अधिकृतहरू कानुन, वाणिज्य, सार्वजनिक प्रशासन, समाजशास्त्र, मानवशास्त्र, विभिन्न विधाको इन्जिनियरिङ, चिकित्सा क्षेत्रको विशेष योग्यता भएका कम्तीमा मास्टर वा सोभन्दा माथिल्लो योग्यता भएका हुनेछन् । ती व्यक्ति स्वतन्त्र, देशभक्त, अनुशासित, कुनै पनि कालखण्डमा वाद वा तन्त्रको राजनीतिक दलको सदस्यता नलिएका, उच्च मनोबल भएका, अनुशासित, पारदर्शी, विधिसम्मत चल्ने, सादा जीवन उच्च विचारका, कुलघरानामा हुर्किएका हुनुपर्दछ । निजहरूको छनोट खुला प्रतिस्पर्धा तथा नागरिकको सुनुवाइबाट योग्य ठहरिएको हुनुपर्नेछ । नागरिक आयोगमा राख्नुपर्ने बुँदागत दफाहरू निम्नअनुसार हुनुपर्छ ।

१. आयोगको नाम नेपाल नागरिक आयोग ।
२. यो आयोग वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सट्टा हुने र भ्रष्टाचारसम्बन्धी अन्य संस्था पनि यसै आयोग मातहतमा हुने ।
३. नेपाल नागरिक आयोगमा आवश्यकताअनुसार प्रमुख आयुक्त, आयुक्त सबै क्षेत्रका विशेष दक्षता भएका स्वतन्त्र, देशभक्त, कुनै दलसँग आबद्ध नभएका अनुसन्धान अधिकृत हुने ।
४. कला, साहित्य, भूगोल, कूटनीतिक कानुन, समाजशास्त्र, मानवशास्त्र, इन्जिनियरिङ, मनोविज्ञान, चिकित्सा, जनप्रशासन, सार्वजनिक प्रशासन, कृषि विषयमा मास्टर वा सोभन्दा बढी योग्यता हासिल गरेको हुनुपर्ने ।
५. यो आयोग संवैधानिक रूपमा शक्तिशाली हुने भएकाले वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र यसैअन्तर्गत हुने ।

६. यसको कार्यक्षेत्र सबै सार्वजनिक निकाय, सो निकायमा कार्यरत वैततिक वा अवैततिक पियनदेखि राष्ट्रपतिसम्मलाई अनुसन्धान गर्ने उच्च अदालतसम्मलाई भएको अधिकार प्रयोग गरी मुद्दा कारवाही किनारा गर्ने, यसले गरेको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था हुनुपर्दछ ।

७. यसले सम्पादन गर्ने काम, कर्तव्य र अधिकार अनुसन्धान, जाँच प्रक्रिया, मुद्दाको किनारा संविधानमा नै प्रस्ट व्यवस्था हुनुपर्नेछ ।

८. भ्रष्टाचारविरुद्धको आवाज उठाउने व्यक्ति, समुदाय, चौथो अङ्गका पत्रकारहरू, सर्वसाधारण नागरिक सङ्घसंस्थाले सहयोग, सम्मान र सुरक्षाको ग्यारेन्टी संविधानमा नै हुनुपर्दछ ।

९. विशेष प्रकारको भ्रष्टाचारसम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दाको टुङ्गो १ वर्षभित्र Fast Track Court गठन गरेर टुङ्गो लगाउने संवैधानिक व्यवस्था हुनुपर्दछ ।

१०. अन्य भ्रष्टाचार, घुसखोरी, पदको दुरुपयोग, राष्ट्रको सम्पत्ति अपचलन आदिको तहकिकात, अनुसन्धान मुद्दाको अन्तिम किनारा बढीमा २ वर्षभित्र गर्ने संवैधानिक व्यवस्था हुनुपर्दछ ।

११. भ्रष्टाचारसम्बन्धी केसमा अपराधको मात्रा हेरी सर्वस्वसहित सश्रम जन्मकैद र मृत्युदण्डसम्मको व्यवस्था संविधानमा नै हुनुपर्दछ ।

१२. कुनै पनि सर्वसाधारण नागरिकलाई प्रवाह गर्नुपर्ने सेवा समयमा नै नदिए, झुलाए, आलटाल गरे, घुस मागे, माग्न लगाए त्यस्ता निकायका दोषी कर्मचारीलाई सेवाबाट बर्खास्त गर्ने, क्षति भराउने व्यवस्था संविधानमा नै हुनुपर्दछ ।

१३. नागरिक आयोगका प्रमुख आयुक्त, आयुक्त, अनुसन्धान अधिकृत कर्मचारीउपर उजुर परेमा सोउपर छानविन गर्दा भ्रष्टाचारको मुद्दालाई कमजोर गराएमा, गोप्य मिलोमतो गरेमा, आर्थिक चलखेल गरेमा वा अन्य कानुनविपरीत कार्य गरेमा निजलाई अरूलाई हुने सजायको दोब्बर सजाय हुनेछ । अपराधको यात्रा हेरी निजलाई पनि मृत्युदण्ड, सश्रम जन्मकैद वा सर्वस्वहरणसम्मको सजाय गर्ने व्यवस्था संविधानमा नै राख्नुपर्नेछ ।

१४. भ्रष्टाचारी, घुसखोरी, कालोबजारी, गुणस्तरहीन काम गर्ने-गराउने, समय पालना नगर्ने-नगराउने, सार्वजनिक पद धारण गर्ने नेता, जनप्रतिनिधि, कर्मचारी, ठेकेदार सबैउपर जोसुकैले उजुर दिन सक्ने व्यवस्था संविधानमा नै हुनुपर्दछ ।

१५. नागरिक सामाजिक लेखापरीक्षण (Nagrik Right to Information) संविधानमा नै हुनुपर्दछ ।

१६. वर्तमान संविधानमा जस्तो, वा, तर जस्ता पदावलीको विशेष संरक्षण गरिएको छ । सङ्घ र प्रदेश सरकारको मन्त्रिपरिषद्ले गरेको निर्णयउपर कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन भन्ने व्यवस्था छ । नागरिक नै सार्वभौमसत्तासम्पन्न भएकाले सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । दण्ड र पुरस्कारको भागिदार सबै बराबर हुनेछन् भन्ने व्यवस्था संविधानमा नै हुने ।

१७. वर्तमानमा भ्रष्टाचारको बढोत्तरी, राजनीति पेसा-व्यवसायजस्तो भएकाले सक्षम, योग्य, देशभक्त, अवैतनिक राजनीति गर्ने व्यवस्था हुनुपर्दछ । संविधानमै सबै तहको राजनीति सेवामूलक, अवैतनिक हुनेछ भन्ने व्यवस्था हुनुपर्ने ।

१८. राजनीति अवैतनिक भएपछि कुनै राजनीति गर्ने व्यक्ति रहेछ भने सार्वजनिक पद सम्हालेपछि बहाल रहेसम्म उसको खाना, छाना, नाना, औषधि-उपचार सार्वजनिक रूपमा राज्यले नै गर्ने, कुनै प्रकारको नगद उपलब्ध नहुने, साधारण नागरिकको जीवनस्तरसम्मको जीवनयापन गर्ने व्यवस्था, निम्छरो व्यक्ति रहेछ भने राज्यले सहयोग गर्नेछ भन्ने कुरा संविधानमा नै उल्लेख हुनुपर्ने ।

१९. निजामती र प्रहरी सेवालगायत लाभको पदमा पदासीनको हकमा सेवा प्रवेशको अवस्थामा सेवाका के सर्त थिए, त्यो स्वीकार गरेर सेवा प्रवेश गरेपछि त्यही स्तरमा बस्नुपर्नेछ । सोभित्र बस्न नसक्नेले करार भङ्ग गरेर सेवा त्याग गर्न सक्ने स्पष्ट संवैधानिक व्यवस्था हुनुपर्नेछ ।

२०. नागरिक आयोग सफलताका लागि सार्वजनिक आचारसंहिता निम्नअनुसार हुनुपर्ने –

भरत जङ्गमका अनुसार देशको हित गर्ने राजनीति हो, उद्योग र व्यापार-व्यवसाय होइन, तर प्रजातान्त्रिक लोकतान्त्रिक काल २००७ – २०७७ सम्मको ७० वर्षमा देशले दुर्गति भोग्नुपर्‍यो । हिजो टायर-चप्पलधारी नेताको हैसियत कुवेतको अमीर बराबर छ । यसो हुनुमा राजनीति गर्ने नेताको चरित्र ठीक छैन । सार्वजनिक पदमा बस्नेमा मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमान्दारी र चरित्रशक्ति बलियो हुनुपर्दछ ।

कुनै सार्वजनिक पदमा मनोनयन वा निर्वाचित भएपछि सपथ ग्रहण गरेर पदभार ग्रहण गर्नुपर्ने कानुनी व्यवस्था छ । यसले काम नगरेपछि अझ बढी जिम्मेवार बनाउन सार्वजनिक आचारसंहिता बनाएर लागू गरी त्यसलाई कार्यान्वयन गर्नुपर्दछ । यो कार्यान्वयन भयो भएन, नागरिकले जानकारी पाउने हक राख्छ । अब यो देशमा भ्रष्टाचारजस्तो महारोग अन्त्यका लागि सार्वजनिक आचारसंहिताको आवश्यकता छ । त्यो आचारसंहितामा निम्न

कुरा समावेश हुनुपर्दछ । किनभने अहिले राजनीतिको भऱ्याङ चढेपछि देशको स्रोत र साधन उनीहरूको र उनीहरूको कार्यकर्ताको भरणपोषणका लागि मात्रै ठीक भएको छ । त्यतिले नपुगेर ऋणको भारसमेत बोक्नुपरेको अवस्था छ । यो आचारसंहिता पूर्ण कार्यान्वयन भए राजनीतिक क्षेत्रबाट हुने ७४% भ्रष्टाचार रोकियो भने यो देशमा झन्डै ६ लाख बजेट बचत हुनेछ । यसले देश र नागरिकको हितका लागि पर्याप्त स्रोत पुग्दछ ।

**सार्वजनिक आचारसंहिता :**

**पहिलो सिद्धान्त :**

सार्वजनिक पद धारण गर्नेले आफूले सम्पादन गर्ने कामहरू पारदर्शी, विधिसम्मत, इमानदारीपूर्वक, व्यावसायिक आचारसंहिता पालन गरी गर्नुपर्छ ।

**दोस्रो सिद्धान्त :**

सार्वजनिक पदमा बस्नेले आफूले सम्पादन गर्ने कामहरू इमादार, बफादार भई शीघ्रताका साथ सम्मानपूर्वक सम्पादन गर्नुपर्नेछ । नागरिकको कामकर्तव्य र अधिकारको ख्याल गर्ने र सबै सहयात्रीको समन्वय गर्नुपर्नेछ ।

**तेस्रो सिद्धान्त :**

सार्वजनिक पद धारण गर्नेले सम्पादन गर्ने काममा व्यक्तिगत लाभहानिका कुरा, व्यक्तिगत स्वार्थका कुरा देखिनु हुँदैन ।

**सार्वजनिक आचारसंहिताको विस्तृत चर्चा :**

**पहिलो सिद्धान्त :**

सार्वजनिक सिद्धान्तअनुसार सार्वजनिक पद धारण गर्नेले आफ्नो कर्तव्य पूरा गर्दा संविधान, ऐन, कानुन, परम्परा, बुद्धि, विवेक प्रयोग गरेर इमादारी तथा बफादारीका साथ कुनै लाभहानिको स्वार्थ नराखी गर्नुपर्दछ । पहिलो प्राथमिकता सरकारको घोषित नीतिको ख्याल गरेर जारी गरेको र बडापत्रका आधारमा तोकिएको समयमा शीघ्रताका साथ सर्वसाधारणले कुनै झन्झटविना सेवा पाउनुपर्दछ ।

**सरकारको कर्तव्य :**

सरकारले आफ्ना सेवाप्रदायक राष्ट्रसेवकलाई सरकारले घोषणा गरेको योजना, नीति र कार्यक्रमका साथै नागरिकलाई प्रदान गर्नुपर्ने सेवाहरू विनाझन्झट पक्षपातरहित रूपमा व्यक्तिगत र दलीय स्वार्थ वा नाजायज फाइदा लिने उद्देश्य नराखी दिनुपर्छ ।

यसका लागि देशको संविधान, ऐन, कानुन, नियम, नीति सही रूपमा कार्यान्वयन गराउने दायित्व त्यो संस्थाको प्रमुखको हुनुपर्नेछ । आफू मातहतका राष्ट्रसेवाका लागि निजले सेवा प्रवेशको अवस्थामा गरेको सपथ सेवासम्बन्धी कानुनअनुसारको आचारसंहिता पूर्ण रूपमा पालन गरे-गराइएको हुनुपर्नेछ । तल्लो तहको सेवाप्रदायकलाई सधैँ इमानदारीपूर्वक सेवा प्रदान गर्नका लागि देशको कार्यकारी प्रमुख प्रधानमन्त्री, मन्त्री, सचिवलगायत सङ्गठनका माथिल्लो तहका पदाधिकारीहरू पहिले निष्पक्ष, विधिसम्मत, पारदर्शी, देशभक्तिपूर्ण हुनुपर्दछ । उसले सम्पादन गर्ने काम विधिसम्मत, अनुशासित, इमानदारीपूर्वक यथासमयमा मितव्ययी रूपमा सम्पादन गर्नु र गराउनुपर्नेछ ।

**राजनीतिक तटस्थता :**

दलीय व्यवस्थामा संसारका सरकार राजनीतिक दलका नेताको नेतृत्वमा चलेको हुन्छ । निर्वाचनपूर्व प्रतिस्पर्धा चलेको हुन्छ । निर्वाचित या मनोनीत भइसकेपछि भने उसको भूमिका बदलिनुपर्दछ । प्रधानमन्त्रीदेखि पियनसम्मको काम, कर्तव्य र अधिकारका साथै सबैको आचारसंहिता जारी गरेर विनाझन्झट, विनापक्षपात सम्पादन गर्नुपर्ने सेवा विधिसम्मत, पारदर्शी, मितव्ययी, समयमा नै इमानदारी तथा बफादारीका साथ प्रवाह गर्नुपर्दछ । यसको प्रबन्ध सरकारले गर्नुपर्दछ । समयमा सेवा प्रदान नगर्नेलाई क्षतिपूर्ति तिराउने, दण्ड र पुरस्कारको व्यवस्था र कार्यान्वयन गर्न अति आवश्यक छ । अर्कोतर्फ सरकारले सेवा प्रवाह गर्दा राजनीतिक तटस्थता अति आवश्यक पर्दछ । राजनीतिक तटस्थता कुराले हुँदैन । स्थायी सरकार भनेको निजामती प्रशासन सत्ताधारी दलको निर्देशनमा चल्ने भइदियो भने भ्रष्टाचार, अन्याय, अत्याचार बढ्दछ । सेवा प्रवाहमा अवरोध पनि हुन्छ, जुन नेपालमा विद्यमान छ । असल सेवा प्रवाह हुन सक्तैन । सार्वजनिक पदमा बस्ने public servents लामो समयदेखि सार्वजनिक नीतिनिर्माण र कार्यान्वयनमा संस्थागत विकास भएको छ । यसको मूल्य र मान्यतामा चल्नुपर्दछ । यो कार्यान्वयन गर्ने सङ्गठनात्मक विकास भएको छ । सेवा प्रदान गर्ने विषयगत निकाय हुन् । तर संस्था स्वयम् उडेर केही गर्ने होइन । यसमा काम गर्ने सार्वजनिक पद धारण गर्ने नोकरहरूमा जिम्मेवारीबोध, इमानदारी, तटस्थता हुनुपर्छ । यसमा व्यापक रूपमा सोच्नुपर्छ । प्रत्येक विषयगत मन्त्रालयका सचिवले लगायत नीति निर्धारण गर्दा देश, नागरिक, प्रचलित कानुन, सामाजिक, आर्थिक, राजनीतिक, मानवीय सबै हेरेर नीति निर्माण गर्नु आवश्यक हुन्छ । विदेशीको स्वार्थ र गैरसरकारी सङ्घ-संस्थाको स्वार्थमा लिप्त भएर देश चलाउँदा त्यसले देश र नागरिकको हित गर्दैन ।

सार्वजनिक नीति निर्माण गर्ने काममा राजनीतिक तह र मन्त्रालय स्तरमा स्थायी स्तरमा मन्त्रालयका सचिवहरू नीति निर्धारण गर्ने अधिकार राख्तछन् । यस्तो नीति बनाउँदा देशको भौगोलिक, आर्थिक, सामाजिक, राजनीतिक, मानवीय, संवैधानिकका साथै विगतका ऐतिहासिक दस्तावेज एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यतासमेतका आधार भने सबै विकल्पमध्ये उत्तम विकल्पको पहिचान गरेर नीति निर्माण गर्नुपर्दछ । कार्यान्वयन तहमा जाँदा देशको गोप्यता कायम राख्तै संस्थागत तथ्याङ्क सुरक्षित राख्नुपर्दछ । अहिलेजस्तो विदेशी गुप्तचर आईएनजीओको दबाब र प्रभावमा नीति निर्धारण र कार्यान्वयन गर्नु हुँदैन ।

**सरकारको नीतिको सार्वजनिक जवाफदेहिता :**

आय नागरिकलाई सरकारको संविधान, ऐन-कानुन, कार्यविधि, सार्वजनिक नीति, विभिन्न मन्त्रालय, विभाग, आयोगलगायतका निकायले आफ्ना विषयगत नीति निर्माण गरेका हुन्छन् । त्यस्तो नीतिको जानकारी चौथो अङ्गमार्फत थाहा पाउनका लागि कार्यान्वयनको अवस्था सरकारले समय-समयमा जाहेर गरेका प्रतिबद्धता सबैले निःस्वार्थ रूपमा कार्यान्वयन भयो-भएन, सार्वजनिक हुन्छ र नागरिकले सेवा सर्वसुलभ रूपमा प्रवाह भयो-भएन, सबैलाई बोध हुनुपर्दछ ।

**व्यक्तिगत प्रतिबद्धता :**

संविधान, ऐन, कानुन जति राम्रो भए तापनि यसमा काम गर्ने सार्वजनिक पद धारण गर्नेहरू अनुशासित, इमानदार, देशभक्त, सदाचारी, भएनन्, शीघ्र कार्यान्वयन भइदिएन भने करदाता नागरिकले सही सर्वसुलभ रूपमा सेवा पाउन सक्तैनन् । सार्वजनिक रूप धारण गर्नेको पनि व्यक्तिगत चिनजान, नातागोता आफन्त हुन्छन् । तैपनि तिनको मूल कर्तव्य भनेको विधिसम्मत, कसैप्रति भेदभाव नगर्ने हुनु आवश्यक छ । कार्य सम्पादनको क्रममा नीतिनिर्माता उपल्लो तहको राजनीतिक स्तर हो । उसको पनि आफ्नो सिद्धान्त र स्वार्थ हुन्छ । तर स्थायी सरकारका सार्वजनिक पद धारणकर्ताले भने कुनै वाद वा तन्त्रको पछि नलागी घोषित र जारी भएका संविधान, ऐन, नियम, कार्यविधि, नीतिभित्र रहेर स्वतन्त्र, तटस्थ, पारदर्शी, विधिसम्मत कार्य सम्पादन गर्नुपर्दछ ।

भनिन्छ न्याय गरेर मात्र हुँदैन, न्याय गरेको पनि देखिनुपर्दछ । यसका लागि सम्पादित प्रवाह गर्नुपर्ने सेवाहरू कसरी भइरहेका छन्, कति लाभान्वित भए वा भएनन्, भएनन् भने के कारणले भएनन्, प्रदान गरिएको सेवाको

गुणस्तर भ्रष्टाचाररहित भयो-भएन ? खुला छलफल-बहस गराउन आवश्यक छ । सबभन्दा महत्त्वपूर्ण विषय राजनीतिक तटस्थता नै हो । सो कायम भयो-भएन, आम नागरिकले अवस्था हेरी चौथो अङ्गमार्फत प्रवाहित गर्न आवश्यक छ । कार्यसम्पादन गर्दा समन्वयको पनि आवश्यकता पर्दछ । तहगत रूपमा तल्लो तहदेखि माथिल्लो तहसम्म सम्पर्क समन्वय छ कि छैन यो महत्त्वपूर्ण विषय हो । निम्न विषयमा ध्यान दिनु आवश्यक छ –

- प्रतिपक्षले मन्त्रालय र मन्त्रीलाई दिएको सुझाव ख्याल गर्ने
- प्रवाह गरेका विषयको सूचना सबैलाई सुसूचित गर्ने ताकि सर्वसाधारण नागरिकले जानकारी पाउन सकून् ।
- सरकारको संविधान, ऐन, कानुन, कार्यविधि, नीति, कार्यान्वयनको अवस्था, विकल्पको पहिचान, अन्तरविभागीय, मन्त्रालय स्तर, पेशागत रूपमा भएको सहभागिताको स्तर र उपलब्धिको अवस्था ।
- विभिन्न सेवा प्रवाहका बारेमा समय-समयमा सूचना प्रवाह गर्ने ।
- विभिन्न राजनीतिक दलको दबाब, खबरदारी, सुझाव कार्यान्वयनको अवस्था, सरकारप्रमुख, मन्त्रालय, विभागीय प्रमुख, अन्य संलग्न कर्मचारीको सेवा प्रवाहका बारेमा सार्वजनिक क्रिया-प्रतिक्रिया, आलोचना, व्यक्तिगत र सामूहिके जवाफदेहिताका बारेमा स्पष्टीकरण दिनु आवश्यक छ ।
- देशको संविधान, ऐन, कानुन, नीतिको प्रभावकारी कार्यान्वयन, यसबाट परेको असर, यसमा कुनै सुधारको आवश्यकता छ कि, अध्ययन, अनुसन्धान, विश्लेषण गरेर समय-समयमा Review गर्ने परम्पराको थालनी गर्ने ।
- दण्ड र पुरस्कारको कार्यान्वयनको अवस्था ।

**व्यवस्थाभित्र व्यवस्थापिका र कार्यपालिकाबीच समन्वय र अन्तरसम्बन्ध :**

साधारणतया सार्वजनिक प्रशासनको नीतिनिर्माण राजनीतिक प्रतिनिधिद्वारा हुन्छ, तापनि खास प्रत्यक्ष संलग्नता सत्ताधारी दलको हुन्छ । तिनले पनि विधि देश, नागरिक, देशको सामाजिक, मानवीय, आर्थिक, ऐतिहासिक सबै पक्षको ख्याल राखेर निर्माण हुन्छ । यसको कार्यान्वयन भने स्थायी सरकार निजामती प्रशासनबाट सम्पादन हुन्छ । यिनले गर्ने काम, कर्तव्य, अधिकार प्रयोग गर्दा राजनीतिक तटस्थता, बफादारी, इमानदारी, देशभक्तिपूर्ण हुनु अति आवश्यक छ । सार्वजनिक पद धारण गर्नेले कार्यान्वयनको अवस्था स्वयं मूल्याङ्कन गरेर निम्न विषयमा ख्याल राख्नुपर्छ –

- प्रतिपक्षले मन्त्रालय र मन्त्रीलाई दिएको सुझावलाई ख्याल गर्ने ।
- प्रवाह गरेका विषयहरूको सूचना सबैलाई सूसूचित गर्ने ताकि सर्वसाधारण नागरिकले जानकारी पाउन सकून् ।
- सरकारको संविधान, ऐन, कानुन, नीति, कार्यान्वयन अवस्था, विकल्प पहिचान, अन्तरविभागीय मन्त्रालय स्तर, पेसागत रूपमा भएको सहभागिताको स्तर र उपलब्धिको अवस्था ।
- विभागीय सेवा प्रवाहका बारेमा समय-समय सूचना प्रवाह गर्ने ।
- विभिन्न राजनीतिक दलका दबाब, खबरदारी, सुझाव कार्यान्वयनको अवस्था ।
- सरकारप्रमुख, मन्त्रालय, विभागीय प्रमुख, अन्य संलग्न कर्मचारीहरूको सेवा प्रवाहका बारेमा सार्वजनिक क्रिया-प्रतिक्रिया, आलोचना, व्यक्तिगत र सामूहिक जवाफदेहिताका बारेमा स्पष्टीकरण दिनु आवश्यक छ ।
- देशको संविधान, ऐन, कानुन, नीतिको प्रभावकारी कार्यान्वयन, यसबाट परेको असर, यसमा कुनै सुधारको आवश्यकता छ कि, अध्ययन, अनुसन्धान, विश्लेषण, Research गरेर समय-समयमा Review गर्ने परम्पराको थालनी हुनुपर्दछ ।
- दण्ड र पुरस्कार व्यवस्थाको कार्यान्वयनको अवस्था ।
- सूचनाको हक, Public Audit को प्रबन्ध गर्ने ।

**राजनीतिक सहभागिता :**

राज्यसञ्चालनमा राजनीतिक सहभागिता हुन्छ । राजनीतिक दल खोल्ने अधिकार सबैमा समान हुन्छ । सबैको मूल उद्देश्य विधिको शासन, पारदर्शिता र देशभक्ति हो । तर सबैले समान अवसर पाउँदैनन् । निर्वाचनमा जसले बढी मत पाउँछ, उसले शासन सञ्चालन गर्दछ । जसले कम मत ल्याउँछ, उसले सही काम भए-नभएको watch dog को काम गर्दछ । नीति निर्माणमा राजनीतिक सहभागिता अनि कार्यान्वयन तहमा स्थायी सरकार निजामती प्रशासन हुन्छ । स्थायी सरकार सत्तापक्षको पछि लाग्ने भएर सम्पादित काम कुनै पनि मूल्य र मान्यतामा विवाद सृजना हुने अवस्था आउनु हुँदैन । पूर्ण रूपमा राजनीतिक तटस्थता कायम हुनुपर्दछ । दलीय प्रक्रियाद्वारा सरकार गठन गरेर आइसकेपछि त्यो सरकार दलभन्दा माथि हुनुपर्दछ । विधि र तटस्थताको बाटो छोड्नु हुँदैन । मितव्ययिता, पारदर्शिता, देशभक्तिको आदेश भुल्नु हुँदैन । साधन-स्रोत दलीय लाभहानिका लागि दुरुपयोग गर्नु हुँदैन ।

## सार्वजनिक तथा समाजसेवी सङ्गठनको सहभागिता :

सार्वजनिक पदमा वैततिक वा अवैततिक रूपमा काम गर्ने समाजसेवी सङ्गठनसँगसँगै सहयात्रा गर्नुपर्दछ । दुवैको काम, कर्तव्य, अधिकार विधिसम्मत पारदर्शिता नागरिककै हितमा काम हो । यीबीच पनि एक-आपसमा कुनै प्रकारको स्वार्थ व्यक्तिगत स्वार्थ हुनु हुँदैन । अहिले विकसित NGO/INGO संस्कृति, जसको समाजका हरेक क्षेत्रमा स्रोत र साधनको प्रशस्त प्रयोग भएको छ । यसको प्रयोग देश, समाज, नागरिकको कल्याणका लागिभन्दा दाताको आ-आफ्नो स्वार्थपूर्तिका लागि प्रयोग भएको छ । यिनले सार्वजनिक पदमा बस्नेलाई प्रलोभनमा पारी आफ्ना स्वार्थ पूरा गर्ने गरेका छन् । यसको अन्त्यका लागि यिनीहरू पनि देशको कानुनभित्र रहेर काम गर्नुपर्दछ ।

## संसदीय भूमिका :

देशको शासन सञ्चालनमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई शक्ति सन्तुलनका अङ्का रूपमा चिनिन्छ । संसद नागरिकद्वारा प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिमूलक संस्था हो । उनीहरूको काम, कर्तव्य र अधिकार संविधानमा व्यवस्था भएबमोजिम सार्वभौमसत्ता सम्पन्न नागरिकको प्रतिनिधित्व गर्ने भएकाले देशका सम्पूर्ण नागरिकको इच्छा र आकाङ्क्षाबमोजिम काम गर्नुपर्ने हुन्छ । यिनको मुख्य काम, कर्तव्य र अधिकार विधि निर्माण, निर्माण भएको विधि कार्यान्वयनको अवस्थाबारे व्यापक छलफल गरेर देश र नागरिकको हितमा काम गर्नुपर्ने हो ।

कार्यालयका आवश्यक सूचना प्रकाशित गर्नु हरेक निकायले प्रदान गर्ने सेवा लाभ लागत के-कति लगानी गरेर के-कति उपलब्धि हासिल भएको छ, सबैको आवश्यक सूचना समय-समयमा सार्वजनिक गर्नु अति आवश्यक छ । सूचनाको हकलाई नागरिकको भौतिक हकअन्तर्गत राखिनुपर्दछ ।

## गोप्यता कायम गर्नु :

सबै निकायका सबै कुराहरू प्रकाशन योग्य हुँदैनन् । तर के-के कुरा किन गोप्यता कायम राख्ने हो भन्ने कुरा स्पष्ट रूपमा कानुन बनाएर नै नागरिकलाई सूचित गरिनुपर्दछ ।

## दोस्रो सिद्धान्त :

यो दोस्रो सिद्धान्त सार्वजनिक पद धारण गर्नेको कर्तव्यसँग जोडिएको छ । राज्यको हरेक निकायमा रहने सार्वजनिक पद धारण गर्ने तल्लो तहदेखि राष्ट्राध्यक्षसम्म देशका सेवक हुन् । यिनले आफ्नो सार्वजनिक पद धारण गर्दा

मन, वचन, कर्मले इमानदार, बफादार, शीघ्रता, अनुशासनसहित पूर्ण रूपमा कुनै स्वार्थ नराखी यथासमयमा नै शीघ्रताका साथ सम्पादन गर्नुपर्दछ । यसरी सम्पादन गर्दा सहयात्री र सबै नागरिकको हक र अधिकारको ख्याल गर्नु आवश्यक छ ।

दोस्रो सिद्धान्तको उद्देश्य सेवा प्रवाह कानुन कार्यान्वयन गर्दा सन्तोषजनक रूपमा सम्पादन गरिनुपर्दछ भने कुनै पनि हालतमा कुनै पनि नागरिकको हक र अधिकार हनन हुनु हुँदैन । कुनै पनि हालतमा व्यक्तिगत दलगत परिवारिक स्वार्थ लिप्त हुनु हुँदैन, निम्नानुसार हुनुपर्नेछ -

- कानुनको पूर्ण पालना गर्ने ।
- मानसिक प्रचलित कानुन सेवाप्रदायक संस्थाका निर्देशन परिपत्रहरू पालना गर्ने ।
- कार्यमा दक्षता, शीघ्रता, इमानदारी, अनुशासन, समयपालना, देशभक्तिभ्कैँ काम गर्ने ।
- आचारसंहिताको पूर्ण पालना भएको कुरा Public Audit बाट प्रमाणित हुनुपर्ने ।
- सेवा-सर्त बराबरबाट सुरु हुने भएको र सेवा-सुविधा-सर्तभित्र रहनुपर्ने भएको हुँदा अवसरको खोजी गर्नु मनासिब गुण नै भएकाले कुनै नयाँ कामसँग सम्भ्कौता गर्नुपूर्व पहिलेको रोजगारदाताको पूर्वसहमतिको आवश्यक पर्दछ ।
- सार्वजनिक स्रोत-साधनको मितव्ययी ढङ्गले सदुपयोग गर्नु र गरेको देखिनुपर्दछ ।

**अरूको अधिकारको सम्मान गर्नु :**

- सार्वजनिक सेवा प्रदायकले अरूको अधिकारको पूर्ण सम्मान गर्नुपर्दछ ।
- गोपनीयता कायम गर्नुपर्दछ ।
- सार्वजनिक पद धारण गर्नेबीच समन्वय कायम गर्नुपर्दछ ।
- राजनीतिक, सांस्कृतिक, वैचारिक, भाषिक, पारिवारिक, लैङ्गिक कुनै पनि प्रकारको भेदभाव पक्षपात हुनु हुँदैन ।
- सार्वजनिक पदमा बस्ने बीच तथा सेवा लिन आउनेबीच सद्भाव समन्वय हुनुपर्दछ ।
- देशको भौगोलिक, धार्मिक, सांस्कृतिक अवस्थाको सम्मान गर्नुपर्दछ ।

- सार्वजनिक स्रोत र साधन आफ्नो स्वार्थका लागि प्रयोग गर्नु हुँदैन ।
- सार्वजनिक पद धारण गर्नेले सधैँ बफादार, इमानदार, देशभक्त हुनु आवश्यक छ ।
- सार्वजनिक पद धारण गर्नेहरूले कसैसँग दान, उपहार, चन्दा, भोजभतेरमा सामेल हुनु हुँदैन । यसमा स्वार्थ लुकेको हुन्छ ।
- सार्वजनिक पदमा बस्नेहरू, गैरसरकारी संस्था विदेशी दूतावास, विदेशी गुप्तचरसँग साँठगाँठ गरी दान, उपहार, चन्दा लिनेलाई मृत्युदण्डसम्मको व्यवस्था गर्नुपर्दछ ।

**तेस्रो सिद्धान्त :**

सार्वजनिक सेवाको तेस्रो सिद्धान्त के हो भने सार्वजनिक पद धारण गर्नेले सार्वजनिक पद विवाद स्वार्थरहित हुनुपर्दछ भने सार्वजनिक पद आफ्नो परिवार दल व्यक्तिगत रूपमा दुरुपयोग गर्नु हुँदैन ।

- व्यक्तिगत व्यवहारको अहम् भूमिका रहने भएकाले सार्वजनिक पद धारणा गर्नेको राष्ट्रध्यक्षदेखि तल्लो तहसम्म स्वयम् आपसमा सद्भाव समन्वय सादा जीवन उच्च विचार पारदर्शिता हुनु आवश्यक छ ।
- न्याय गरेर मात्र हुँदैन, न्याय गरेकोजस्तो देखिनु पनि पर्दछ ।
- राज्य सञ्चालनमा शक्ति सन्तुलनका अङ्गलगायत अलग-अलग काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको हुन्छ । त्यो व्यवस्था मन, वचन, कर्मले नै आफ्नो-आफ्नो भूमिका तटस्थ, स्वतन्त्र, इमानदारी, नैतिकता, सदाचारिता, देशभक्तिपूर्ण रूपमा शीघ्र सम्पादन गर्नुपर्छ ।

**सार्वजनिक पद धारण गर्नेले सधैँ ख्याल राख्नुपर्ने मुख्य कुरा :**

- उसले गरेको सेवा, करार, सपथ के-कस्तो थियो ?
- उसको काम, कर्तव्य र अधिकार के-के छन् ?
- आफूले सम्पादन गर्नुपर्ने सेवाहरू पूर्ण व्यावसायिक दक्षताका साथ सम्पादन गर्न प्रण गर्ने र भए-नभएको स्वमूल्याङ्कन गर्ने ।
- आफूले सार्वजनिक सेवा प्रवाह गर्दा प्रचलित कानुन, देशकाल, परिस्थितिको ख्याल गरेर न्यूनतम स्रोत र साधन प्रयोग गरेर उच्चतम प्रतिफल दिने ।
- तल्लोदेखि माथिल्लो तहसम्म सबै तह निकायबीच समन्वय कायम राख्ने ।

अतः झन्डै ५० वर्षदेखि भ्रष्टाचारका बारेमा विभिन्न कोणबाट रेडियो, टीभी, छापाबाट कालजयी युगपुरुष भरत जङ्गमले निर्भीकताका साथ प्रस्तुत भइरहँदा भ्रष्टाचार घट्नुको साटो दिन दुई गुणा रात चार गुणा बढिरहेको, भइरहेको संरचनाले काम गरेन, त्यसको सट्टा भ्रष्टाचारको अन्त्यका लागि नागरिककै सहभागितामा नागरिक आयोग, नागरिक आयोगको सफलताका लागि सार्वजनिक आचारसंहिता आवश्यकता पर्दछ ।

यस्तो आचारसंहिता राजनीतिक स्तरको दलको घोषणापत्र, निर्वाचनसम्बन्धी कानुन, पद बहाल गर्नुपूर्व गरिने सपथग्रहण संविधानले तोकेका कुराहरू हुन् भने सार्वजनिक सेवा सञ्चालनका लागि देशको आवश्यकताअनुसार सेवा, सर्त, सुविधा, दण्ड र पुरस्कारसमेतको व्यवस्था गरेर सूचित सूचना स्वीकार गरेर सेवा प्रवेश गर्नेको सेवासम्बन्धी विषयको आचारसंहिताका अतिरिक्त वर्तमान २१ औँ शताब्दीको चुनौती, अवसर र प्रतिस्पर्धाका लागि सबैले समान रूपमा मान्ने गरी राष्ट्रिय आचारसंहिता आजको आवश्यकता हो ।

यो आचारसंहिताको मूल ध्येय समग्र राष्ट्रले प्रदान गर्ने सेवा विनाझन्झट, विनापक्षपात, विनाढिलासुस्ती सेवा प्रवाह होस् । सेवाप्रदायक सबैले आ-आफ्नो शक्तिको दुरुपयोग गरेर नागरिकले तिरेको कर दुरुपयोग गरेर नागरिकले तिरेको कर दुरुपयोग नहोस्, वर्तमानमा जस्तो भोक लागेर सार्वजनिक पदमा पुग्ने र यसैलाई भऱ्याङ बनाएर देशमा ठूलालाई चैन सानालाई ऐन नहोस् । व्यक्तिगत पारिवारिक दलगत स्वार्थपूर्तिका लागि उच्च जीवन बिताउनका लागि सार्वजनिक पदमा बस्नेहरू भ्रष्ट माफिया संस्था विदेशी गैरसरकारी संस्थाको स्वार्थमा प्रयोग भएर देशको स्वाधीनतामा नै आँच नआओस् । देशको स्रोत र साधन शक्ति सन्तुलनका अङ्गसमेत श्वेतरङ्गधारी आपराधिक संस्थाका रूपमा परिणत नहोस् । देशको स्रोत र साधन वर्तमानमा जस्तो ७०% भ्रष्टाचार गरेर नचुहियोस् । स्रोत र साधनमा सम्पन्न भएर पनि विपन्न मुलुकमा परिणाम नहोस् । सार्वजनिक पदमा बस्नेहरू के राजनीतिज्ञ, के कर्मचारी, के गैरसरकारी संस्थाका समाजसेवी, सबैले विधिसम्मत पारदर्शी काम गरून् । सबै काम क्यालेन्डरअनुसार यथा समयमा होस् ।

यसो भयो भने मात्रै साँच्चै देशमा लोककल्याणकारी राज्यको स्थापना हुनेछ । देशमा कोही अति सम्पन्न र कोही अति विपन्न, हातमुख जोर्न नै नसक्ने अवस्था आउँदैन । त्यसको अन्त्यका लागि बल नागरिकको कोर्टमा आएको छ । आफूले गाँस कटाएर तिरेको कर कसरी राज्यले प्रयोग गरेको छ

भनी Public Audit गर्ने र सूचना पाउने अधिकार नागरिकको हो भने नागरिक मालिक हो मालिकले खोजेको कुरा स्पष्ट पार्नु देशको कर्तव्य हो ।

सार्वभौमसत्तासम्पन्न नागरिक अब पनि चुप लाग्ने हो भने आफ्नो भाग्यलाई नै दोष दिने हो भने अब मुलुक पराधीन हुन्छ । अर्काको कब्जामा जान्छ । देशमा भ्रष्ट, हत्यारा, बलात्कारी, दुराचारी र देशद्रोहीकै राज चलिरहन्छ । अन्ततः देशको अस्तित्व नै लोप हुन्छ । गम्भीर भएर चरित्रवान् व्यक्तिको खोजी गर्ने काम पनि नागरिक आयोग लागू भएपछि पूरा हुन्छ ।

●



गङ्गाप्रसाद शर्मा भक्तपुरमा जन्मेर काठमाडौँमा बसोवास गर्ने अधिवक्ता हुनुहुन्छ । उहाँ भ्रष्टाचारविरुद्ध नेपालका कोषाध्यक्ष पनि हुनुहुन्छ ।

# साहसी स्रष्टा
## – गीता खत्री

नेपाली भाषा-साहित्यको विकास तथा विश्व विस्तारीकरणमा विगत पाँच दशकदेखि अनवरत रूपमा समर्पित भरत जङ्गमको हीरक जन्मोत्सवका अवसरमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' अभिनन्दनग्रन्थको दोस्रो भाग प्रकाशन हुन लागेको सुनेर मलाई खुसी लागिरहेको छ । उहाँले नेपाली भाषा-साहित्यलाई एउटा उचाइमा पु¥याउन सफल हुनुभएको छ जस्तो मलाई लागेको छ ।

पञ्चायती कालमा 'कालो सूर्य' जस्तो क्रान्तिकारी पुस्तक प्रकाशित गरेर तानाशाही तथा शोषणका विरुद्ध जनताको मन जित्न सफल हुनुभएका जङ्गमले अन्य धेरै साहित्यिक कृतिहरूको सिर्जना गरिसक्नुभएको छ । पहिलो कृतिबाटै उहां चर्चाको शिखरमा पुग्नुभएको थियो । उहाँसँग मेरो व्यक्तिगत चिनाजानी नभए तापनि फोनमा एक-दुईपटक कुरा गर्ने अवसर पाएकी छु । उहाँको 'व्यूहचक्र' तथा 'रातो घाम' ले पनि शोषकहरूले जनतामाथि कसरी भ्रमको जालो सिर्जना गरेर शोषण गरिरहेका हुन्छन् भनेर बुझाउने प्रयास गरिएको छ । 'रातो घाम' ले विशेष गरेर चिनियाँ साम्यवादले कसरी जनतालाई दमन गरेर राखेको छ, तिब्बतमाथि कसरी कब्जा गरियो र तिब्बती बौद्ध धर्मावलम्बीहरूमाथि कति अत्याचार भए भन्ने कुरा औपन्यासिक रूपमा व्यक्त गर्दै जनतालाई सचेत हुने सल्लाह दिइएको छ । यस्ता कृतिहरूलाई अङ्ग्रेजी, रसियन, चिनियाँ, हिन्दी, उर्दू, जापानी, नेवारी तथा मैथिली भाषाहरूमा अनुवाद गरेर विश्वका पाठकसमक्ष पु¥याउन सफल हुनुभएको छ । यस अर्थमा नेपाली भाषा-साहित्यका लागि मरिमेट्ने हामीहरूका लागि उहाँ एक आदर्श स्थापित हुनुभएको छ ।

उहाँको लेखनीमा कविता, मुक्तक, निबन्ध, प्रबन्ध, कथा, उपन्यासका अतिरिक्त समालोचना क्षेत्रमा पनि उत्तिकै कलम चलेको देखिन्छ । भ्रष्टविराधी शास्त्र लेखेर विश्वको प्राज्ञिक जगत्मा समाजशास्त्रमा नौलो दर्शन उपहार दिनुभएको छ । हिजोका दिनहरूमा पश्चिमाहरूले दिएको विचार र सिद्धान्तलाई पढ्नुपर्ने बाध्यता भएको हाम्रो मुलुक आज हाम्रो मुलुकबाट पनि नवीन सिद्धान्त उत्पादन हुन सक्तो रहेछ भन्ने प्रमाणित भएको छ ।

उहाँका प्रत्येक कृतिले मानव जीवन एउटा प्रजातान्त्रिक तथा मानवीय मूल्य र मान्यतामा चल्नुपर्छ भन्ने सिद्धान्तलाई अङ्गीकार गर्दै बढिरहेको देखिन्छ । सन् १९९० पछि उहाँले भ्रष्टाचारविरुद्धको अभियान चलाउनुभयो । यसलाई एउटा विज्ञानकै रूपमा लिनुपर्छ भन्ने पहिलो अभियन्ता पनि उहाँ हुनुहुन्छ । उहाँका कलमहरू सामाजिक उत्थान र विकासका लागि राजनीतिक सुझबुझका साथ अगाडि बढिरहेको देखिन्छ ।

आदरणीय भरत जङ्गमको हीरक जन्मोत्सवका अवसरमा म मेरो व्यक्तिगत तथा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, बोर्ड अफ ट्रस्टीका तर्फबाट उहाँको साहित्यिक यात्राले सदा निरन्तरता पाओस्, सामाजिक जीवन सुखमय बनोस्, सदा सुस्वास्थ्य र आरोग्य प्राप्त होस् भनी हार्दिक शुभकामना दिन चाहन्छु ।

●



गीता खत्री अमेरिकामा बस्नुहुन्छ । उहाँ साहित्यसेवी हुनुहुन्छ र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजसँग आबद्ध हुनुहुन्छ । उहाँका विभिन्न साहित्यिक कृतिहरू र गीतिअल्बमहरू प्रकाशित छन् ।

# टिपोटमा भरत जङ्गम
## – गोविन्दबाबु तिवारी

भरत जङ्गम नामबाट देश-विदेशमा सुपरिचित बहुआयामिक व्यक्तित्व आदरणीय भरत जङ्गमको हीरक महोत्सवका अवसरमा म उहाँमा हार्दिक शुभकामना अर्पण गर्दै शतायुसमेतको अवसरका लागि आरोग्य प्राप्त होस् भन्ने कामना गर्दछु ।

भरत जङ्गम भन्ने नाममा आएका दुई शब्दले धारण गर्ने अर्थअनुरूप नै उहाँका कार्यहरू सतत चल्दै आएको पाइन्छ । अथवा उहाँले जीवनमा गर्ने कर्मअनुसार नै उहाँको नाम जुरेको रहेछ भनेर पनि मान्न सकिन्छ ।

भरणात् भरतो अर्थात् अरूलाई पोषण गराउनेलाई भरत भनिन्छ भने सदा चलायमान रहनेलाई जङ्गम भनिन्छ । यसप्रकार भरत जङ्गमको अर्थ हुन्छ सदा परोपकार, लोकोपकारका लागि चलायमान्, जुन उहाँको जीवनमा चरितार्थ भएको देखिन्छ ।

दुई व्यक्तिका बीचको उमेरका हिसाबले श्रद्धा-आदर, स्नेहस्पर्श, दाइभाइ, दिदीबहिनी शब्दले गरिने सम्बोधन हाम्रो परम्परागत आचार व्यवहारबाटै स्वतः निर्देशित भइरहेको हुन्छ । यसैअनुरूप उहाँसँगको मेरो दोस्रो पटकको भेटदेखि नै मैले उहाँलाई दाइ भनेर सम्बोधन गर्दै आएको छु र उहाँले पनि मलाई भाइ भनेर सम्बोधन गर्नुहुन्छ । हाम्रो प्रथम भेटको एक दशक नाघ्दा हामीबीचको सम्बन्धको यो सम्बोधन एउटा औपचारिक मात्र नभएर कहिलेदेखि प्रगाढ आत्मीयतामा परिणत भयो, पत्तै भएन ।

२०६८ साल वैशाख २५ गते भएको उहाँसँगको प्रथम भेटको त्यो क्षण अहिले पनि मेरो स्मरणमा ताजै छ । त्यति बेला म प्रमुख कार्यकारी अधिकृतको हैसियतले नेपाल बङ्गलादेश बैङ्क नयाँ बानेश्वर बिजुलीबजारमा कार्यरत थिएँ । एक दिन अपराह्नपछि सायद ३-४ बजेको समय हुँदो हो, म आफ्नो कार्यकक्षबाट बाहिर थिएँ । मेरा एकजना सहयोगीले 'भरत जङ्गम भन्ने मान्छे भेट्न आउनुभएको छ' भनेर खबर दिए । यो नाम मेरो दिमागमा एउटा सामाजिक अभियन्ता र साहित्यकारका रूपमा अङ्कित थियो । कतै उही भरत जङ्गम त आउनुभएको होइन भन्ने विचार मनमा उठिहाल्यो र म फटाफट आफ्नो कार्यकक्षमा गएँ । त्यहाँ एउटा कृष्णवर्णको, मोटो शरीरको

मान्छे धुम्म परेर बसिरहेको पाएँ । अभिवादनको औपचारिकतासँगै उहाँले आफ्नो परिचयसहित मलाई ३-४ वटा आफ्ना कृति दिनुभयो । उहाँको घर पनि मेरो कार्यालय भवनको लगत्तैको घर रहेछ । मसँग भेटघाट र चिनापर्ची गर्ने र पुस्तकहरू दिने उहाँको इच्छा रहेछ । यसरी भरत दाइका तर्फबाट योजनाबद्ध र मेरा तर्फबाट भने आकस्मिक रूपमा भएको त्यो प्रथम भेटघाटले झन्डै एक दशक नाघिसकेछ । त्यसयता हामी विभिन्न सन्दर्भ र समयमा सुखप्रद प्रत्यक्ष/अप्रत्यक्ष भइरहेका छौँ ।

वरिष्ठ पत्रकार, साहित्यकार एवम् आत्मनिर्भर धार्मिक-सामाजिक अभियन्ता, भ्रष्टाचारविरोधी अभियन्ताका पिता, गुठी संरक्षणका पहरेदार कहीँ-कहीँ मात्र भेटिनुहुन्न उहाँ । राष्ट्रदेव पशुपतिनाथको सनातन पूजा व्यवस्थामा गरिएको हस्तक्षेपविरुद्ध होस् वा डोलेश्वरलाई केदारनाथको शिर घोषणा गर्नमा होस्, उहाँको सोच र सक्रियता अवर्णनीय पाइन्छ । आलस्य, प्रमाद, भय, थकाइ जस्ता शब्दसँग सायद उहाँ परिचित हुनुहुन्न । अरूमा प्रेरणा दिने, विश्वास दृढ गराउने, श्रद्धा उत्पन्न गराउने खुसीसहितका उत्प्रेरक पनि हुनुहुन्छ उहाँ ।

बहुआयामिक व्यक्तिलाई केही शब्दमा अनूदित गर्न खोज्नु भनेको आकाशलाई पछ्याएर रुमाल बनाउनुजस्तै कुरा हो । त्यसैले भरत दाइका सम्बन्धमा यिनै सीमाभित्रबाट मेरा केही महत्त्वपूर्ण टिपोटका विशिष्ट पक्षहरूलाई उल्लेख गर्न चाहन्छु ।

(१) उहाँका थुप्रै चिन्तनपरक कृतिहरूमध्ये २०३६ सालमा प्रकाशित उपन्यास ‘कालो सूर्य’ ले धेरै भाषामा अनूदित भएर नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवेश गराएको छ ।

(२) भ्रष्टाचारविरोधी अभियानलाई एकल प्रयासमा सञ्चालन गर्दागर्दै अहिले विश्वविद्यालयमा उक्त विषय फ्याकल्टीका रूपमा स्थापित हुन पुगेको छ भने यससँगै एउटा नेपाली बौद्धिक मञ्चमा Father of Anticorruption को सम्मानसहित चुनिएका तथ्यहरूको विश्वपुस्तकमा अङ्कित हुन पुगेको छ ।

(३) गुठी हाम्रो प्राचीन परम्परा हो । नेपालमा यस्तो गुठी राख्ने चलन सरकारी र व्यक्तिका तर्फबाट समेत रहेको छ । हाम्रो देशमा सरकारी गुठीको अंश अति ठूलो छ । त्यसैले यसको उचित संरक्षण र व्यवस्थापनका लागि पूर्ण सरकारी स्वामित्वको गुठी संस्थान भन्ने संस्था छ । तर यस्ता गुठीहरूको दुरुपयोगका विरुद्ध एउटा मात्र कर्मठ योद्धा हुनुहुन्छ भरत दाइ । त्यसैले त गुठीका सम्बन्धमा कवितात्मक

शैलीमा उहाँको आफ्नो दर्शन बोल्छ – गुठी हाम्रो धर्म हो, संस्कृति हो, नेपाली सभ्यता हो, नमासिने सम्पदा हो र नमेटिने जीवनपद्धति हो । आफ्नो यही दर्शनअनुरूप गुठी सम्पदा र सम्पत्रिको संरक्षणमा उहाँप्रति नतमस्तक हुन्छु । खास गरी काठमाडौँ महानगरपालिका – १७ नयाँबजारमा रहेको 'नानक मठ' का सन्दर्भमा स्वयम् गुठी संस्थानले गरेको बदनियतपूर्ण निर्णयका विरुद्ध उहाँ सक्रिय हुनुहुन्थेन भने त्यहाँको सम्पूर्ण सम्पदा समाप्त भएर आज कुन अवस्थामा पुग्ने थियो, सम्झँदा पनि कहाली लाग्छ ।

(४) उहाँ शोधार्थीका लागि शोधसामग्री र वर्षौंदेखि महाकाव्यकारका लागि नायकसमेतमा चयन हुनुभएको पाइन्छ । अझ महाकाव्यतर्फ त ३-३ जना महाकाव्यकारले उहाँ एकजनालाई नायकका रूपमा गरिएको प्रस्तुति सम्भवतः महाकाव्यको इतिहासमा दुर्लभ घटना नै होला ।

(५) उहाँको साहित्यिक व्यक्तित्वको उचाइलाई २०६३ सालको मोती महोत्सवका अवसरमा नेपालका वरिष्ठ व्यक्तित्वहरू सम्मिलित 'भरत जङ्गम मोती महोत्सव समारोह समिति' ले प्रकाशन गरेको 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक ग्रन्थले पुष्टि गरेको छ ।

यसप्रकार भरत दाइ अर्थात् भरत जङ्गम एउटा बहुआयामिक र कालजयी व्यक्तित्व हुनुहुन्छ भन्ने कुरामा म निश्चित छु । उहाँको शताब्दी समारोहको अवसरका लागि समेत म पुनः उहाँको आरोग्य र आयुको कामना गर्दछु ।

●



गोविन्दबाबु तिवारी लमजुङका लेखक तथा समाजसेवी र बैङ्कर हुनुहुन्छ ।

# एक संस्मरण
## – चण्डी श्रेष्ठ

कुरो २०३८ साल हिँउदको हो । काठमाडौँ - भैरहवा फ्लाइटपछि सिधै सुनौली भन्सार पुगेर भन्सार कार्यालयमा कार्यरत साथीहरूको सहयोगबाट गोरखपुर जाने बस लिएर बनारस बास बस्ने गरी लाग्यौँ हामी दुई । भारतीय मिजाससलाई खेप्तै गोरखपुरबाट बनारस जाने बस अपराह्न चढियो । गोरखपुरबाट हिँडेपछि साँझ हुँदै रात पर्न थाल्यो । क्रमशः रात पनि छिप्पिँदै गयो । भारतीय माहोलले गर्दा हामीले आपसमा खास कुनै कुरा गरिरहन मिलेन र परेन पनि । आफ्नो रुकस्याक र सामानको सुरक्षा र बनारस पुगेपछि होटल खोज्ने र खानाका बारे केही सल्लाह भए पनि खासै चिन्ताको विषय भएन । किनकि उहाँ बनारस दुई-चारपटक आइसक्नुभएको थियो । सूर्यको उज्यालो हुन्जेल त वरिपरि नियालिरहेकै थियौँ । जब रात छिप्पिन थाल्यो, जिउले पनि थकान महसुस गर्न थाल्यो र एकतमासको कर्कश आवाज सहितको बसको गतिसँगै आँखा चिम्लिने र झुल्ने क्रम सुरु भयो । हामी झन्डै-झन्डै वसको अघिल्लो भागको सिटमै थियौँ । एक्कासि ठूलो झड्कासहित बस अप्रत्याशित रूपमा रोकिँदा हामीलाई बिउँझाएको मात्र होइन, तर्सायो नै । कथंकदाचित रोक्न नसकेर १-२ फिट मात्र अगाडि बढेको भए ... ! सडक २०-२५ फिट पूरै काटिएर झन्डै १२-१५ फिट गहिरो खोला जस्तै बनेको रहेछ । बाटोमा राखेको सङ्केतपाटी रातको अँध्यारोले ड्राइभरले नदेखेको हुन सक्छ । यात्रु र चालक सबको सातो उडाएपछि वस पुनः फर्केर वैकल्पिक वाटो हुँदै ४०-४५ मिनटमा बनारसको स्टेसनमा पुग्यो ।

घडीले रातको ११ भन्दा बढी देखाइसकेको थियो । अब बासका लागि उपयुक्त होटलमा पुग्नु थियो । बस अड्डाको रिक्साको 'साहेब-साहेब' को भीडबाट एउटा रिक्सामा हामी र हाम्रा सामान राखेपछि मात्र भन्यौँ 'राम्रो होटलमा लैजाऊ' । रिक्सावालाले केही समयपछि मूल सडक छोडेर गल्ली गर्दै अगाडि बढ्दै थियो । एक ठाउँमा पुलिसको जमात भेटियो र रिक्सा रोक्न लगायो । रिक्सावालालाई मजाले लाठी बर्साउन थाल्यो र गाली पनि गर्‍यो । 'रातको समयमा यो बाटो यात्रुलाई ल्याउन नहुने थाहा छैन ?' पुलिसको प्रश्न थियो । सायद हाम्रो रुकस्याक र अनुहारले बाहिरका हुन् भन्ने भेउ पाए होलान् । अब आइन्दा गल्ती नगर्ने सर्तमा उसलाई छोडे । होटलहरू भएको सडक पनि त्यहाँबाट नजिकै रहेछ । प्रायः होटल वन्द भइसकेका थिए । त्यो

मध्यरातमा अरू विकल्प खोज्नु पनि सजिलो थिएन । रिक्सावालले हामीलाई पुऱ्याएको त्यही होटलमा एउटा डबल बेड खाली छ भनेपछि हेरेर आज त्यहीँ रात काट्ने सहमतिसाथ होटल कोठामा लाग्यौं । बेडमा पल्टे पनि लामखुट्टेको सङ्गीतले निदाउन सकिएन । बिहान लामखुट्टेको स्रोत खोज्दा पो देखियो, पलङको मुन्तिरको भित्ता त ह्वाङ्ङै रहेछ सँगैको कमन बाथरुमतिर ।

हाम्रो यो भ्रमणको मिसन थियो श्री ५ महाराजाधिराज सरकारको सुदूर पश्चिमाञ्चल भ्रमणका सन्दर्भमा विशेष अधिकृतका रूपमा कन्चनपुर र बैतडी जिल्लाको विशेष जानकारी र विकासको प्रगति अध्ययन । गोरखपुरवाट बनारस हुँदै पिलीभीत भएर वनवासा जानुको कारण भने कार्य सफलताका लागि विश्वनाथ बाबाको आशीर्वाद लिनु र 'कालो सूर्य' को नयाँ संस्करण प्रकाशनको चाँजोपाँजोको प्रगति थाहा पाउनु पनि थियो । काशीमा रहेर नेपाली भाषा-साहित्यमा अतुलनीय योगदान दिने काशीबहादुर श्रेष्ठसँग पनि भेटघाट भयो बनारसमा । काशीबहादुरका बारेमा पढेको र सुनेको थिएँ, त्यस बेला प्रत्यक्ष भेट गर्ने अवसर प्राप्त भयो । त्यसका लागि उहाँलाई धन्यवाद दिएँ । काशीबहादुर श्रेष्ठ नै बनारसमा उहाँको सम्पर्कसूत्र हुनुहुँदो रहेछ । त्यस बखत हामी महाराजाधिराज सरकारको क्षेत्रीय भ्रमणका सन्दर्भमा विशेष जिम्मेवारीमा एउटै क्षेत्रमा खटिए पनि उहाँ सरकारी जागिर छोडेर लेखन, पत्रकारिता, समाजसेवा आदिमा व्यस्त हुनुहुन्थ्यो । उहाँको व्यावसायिक चेत, व्यवस्थापकीय कुशलता बनारसमा छापाखानाहरूको भ्रमणका क्रममा भएको कुराकानीबाट मैले राम्रै महसुस गरेको थिएँ ।

त्यो समय 'कालो सूर्य' सफल र सशक्त उपन्यासका रूपमा नेपाली समाजमा स्थापित भइसकेकाले नयाँ संस्करणको व्यवस्थापनका लागि छोटो 'डिटुर' भएको हाम्रो यात्रा हामी छुट्टिनु अगाडिको स्टेसन नेपालको पश्चिम सिमानानजिकै महाकाली नदीपारि भारतको वनवासा थियो । पिलीभीत भएर जानुपर्ने र राति ट्रेनमै बिताएर बिहान वनवासा पुग्ने हाम्रो लक्ष्यअनुरूप हामी ट्रेनमा थियौं । म पश्चिम नेपालको झन्डै महिनादिनको भ्रमणमा जाने थाहा पाएपछि यात्रामा सहयोग पुग्छ भनेर दुवैतर्फ हस्तीहाडको मोहडा भएको निकै पुरानो (सङ्ग्रहणीय) एउटा चक्कु मेरी हजुरआमा सासूले उपहार दिनुभएको थियो । ट्रेनमा केही फलफूल खाने क्रममा उक्त चक्कु निकालेर प्रयोग गरियो । पछि थन्क्याउँदा कता राखिएछ, याद भएन । त्यसको खोजीमा हामीले झन्डै २ घन्टा गन्थन र बिलौना गर्दै बितायौँ । फेला परेपछि मात्र झपक्क भइएछ । अहिले पनि त्यो घटना सम्झेर हामी हाँस्ने गरेका छौँ ।

२०३२ सालमा राष्ट्रिय विकास सेवा (राविसे) को दोस्रो ब्याचको विद्यार्थीका रूपमा म बैतडीको बाराकोटको दानेश्वर मा. वि. मा कार्यरत

थिएँ । हाम्रो समूह बैतडीमा जाँदा पनि त्यही रुटबाट पिलीभीत भएर गएका थियौँ । हामी सबै स्नातकोत्तर पढ्दै गरेका युवा समूह र नीलो ड्रेसमा देखेर क्रिकेट टिम सम्झेर कहाँ खेल्न जान लागेको भनेर भारतीय यात्रुहरूले सोध्ने गरेको याद आयो ।

उहाँ बानेश्वरको आफ्नो घर बहालमा दिएर परिवारसहित सहरमा पूरै परिवार मेरै ससुरालीमा बस्नुभएकाले एक-आपसमा चिन्ने नै भयौँ । उहाँ र मेरो पारिवारिक रूपमै परिचय भएकाले हाम्रो मिसनको अलावा पारिवारिक, व्यक्तिगत कुराहरू पनि भए । उहाँ 'कालो सूर्य' ले स्थापित लेखक मात्र होइन, कानुन व्यवसायी, पत्रकारिता, भ्रष्टाचारविरुद्ध वकालत गर्ने सामाजिक अभियन्ताका रूपमा पनि परिचित हुनुहुन्थ्यो । आफ्नो धारणा र विचारमा स्पष्ट र प्रतिबद्ध व्यक्तित्वका रूपमा स्थापित हुनुभएका उहाँ हुनुहुन्थ्यो भरत जङ्गम । हाम्रो कार्यक्षेत्र र कार्यप्रकृति फरक भए पनि एउटै भेगमा खटाइएकाले जाँचबुझ केन्द्र राजदरबारको विशेष अधिकृतका रूपमा दुवैजना काठमाडौँबाट वनवासासम्म सँगै थियौँ ।

२०६० को दशकमा पनि सरकारी कामकाजमा प्रभावकारिता ल्याउन अधिकारसम्पन्न बनाएर सरकारले विशेष मिसनमा उहाँलाई उपयोग गरेको थियो, त्यतिखेर म भने वन तथा भूसंरक्षण मन्त्रालयको सचिवको जिम्मेवारीमा थिएँ । भरत जङ्गम दाइको बहुआयामिक व्यक्तित्वबारे अहिलेको नेपाल र नेपाली पूर्ण जानकार रहेको छ । राजनीतिक चिन्तक, सांस्कृतिक अध्येता र मर्मज्ञ, जनसचेतक, कानुनको ज्ञाताका साथै समाजमा शुद्धता र पारदर्शिताको हिमायती भईकन पनि उहाँको व्यवस्थापकीय क्षमता सह्राहनीय छ । भ्रष्टाचारविरोधी विज्ञानको प्रवर्धन मात्र होइन, सरकार र समाजमा यसको अवशेष पनि रहनु हुँदैन भन्ने अभियान नै चलाउनुभएको छ । उहाँको यो अभीष्ट पूरा होस् । शुभ होस् ।

●



चण्डी श्रेष्ठ नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ ।

# सांस्कृतिक सम्पदा संरक्षणमा भरत जङ्गमको योगदान

## – चन्द्रप्रसाद त्रिपाठी

**सांस्कृतिक सम्पदाको सङ्क्षिप्त अर्थ :**

मानवजातिले आफ्नो विवेक, सीप तथा दक्षता प्रयोग गरी आफ्नै सुविधा र कल्याणका लागि आविष्कार, सृजना र रचना गरेका यावत कुराहरू मानव संस्कृति हुन् र त्यसैलाई सांस्कृतिक सम्पदा पनि भनिन्छ । संस्कृतिलाई वर्गीकरण गर्नुपर्दा भौगोलिक दृष्टिबाट पृथ्वीको पूर्वीय गोलार्धको संस्कृतिलाई पूर्वीय संस्कृति र पश्चिमी गोलार्धलाई पश्चिमी संस्कृति भन्ने प्रचलन बसेको छ । त्यसैग री विभिन्न देशहरूको नामबाट पनि तत्तत् देशका संस्कृतिको नामकरण गरिन्छ, जस्तै नेपाली संस्कृति, भारतीय संस्कृति, चिनीयाँ संस्कृति, अमेरिकी संस्कृति आदि-आदि । मानव संस्कृतिलाई वर्गीकरण गर्ने अर्को तर प्रमुख आधार धार्मिक दर्शन रहिआएको छ । हिन्दू धार्मिक दर्शनअनुरूपको संस्कृतिलाई हिन्दू संस्कृति, बुद्ध दर्शनमा आधारितलाई बौद्ध संस्कृति, जैन दर्शनमा आधारितलाई जैन संस्कृति, क्रिस्चियन दर्शनमा आधारितलाई क्रिस्चियन संस्कृति, मुस्लिम दर्शनमा आधारितलाई मुस्लिम संस्कृति आदि । संस्कृतिको विभाजनको अर्को मुख्य आधार भनेको विभिन्न जातजाती वा समुदायगत आधार पनि हो । यसरी वर्गीकरण गर्दा नेवार संस्कृति, किरात संस्कृति, तामाङ संस्कृति, गुरुङ संस्कृति आदि भन्ने गरिन्छ । सांस्कृतिक सम्पदाको वर्गीकरण नै त्यस्ता सम्पदाहरूको प्रकृतिस्वरूप एवं अवस्थाका आधारमा मुख्यतया दुई किसिमका वर्गीकरण गरिएको छ । पहिलो अमूर्त या अभौतिक (Intangible Cultural Heritage) सम्पदा र दोस्रो मूर्त या भौतिक सम्पदा (Tangible Cultural Heritage) भनिन्छ ।

अमूर्त सांस्कृतिक सम्पदा भनेको त्यस्ता सम्पदाहरू हुन्, जसलाई हामी देख्न, छुन वा स्पर्श गर्न नसकिने, केवल सुन्न, महसुस गर्न, मनन गर्न मात्र सकिन्छ, जस्तै विभिन्न दर्शन, सिद्धान्त, सोचविचार, भाषा, साहित्य, गीत, सङ्गीत, मानिसको दक्षता, सीपलगायतका कुराहरू पर्दछन् ।

मूर्त तथा भौतिक सम्पदा भन्नाले त्यस्ता सम्पदाहरूलाई बुझिन्छ, जसलाई हामी छुन (स्पर्श गर्न) देख्न, समाउन सक्तैनौं । मूर्त सम्पदाहरू यी हुन् –

**१. प्राकृतिक प्रकोपहरू :**

यस किसिमका कारणहरूमा प्रथमतः समयको गति तथा कालक्रम र वातावरणको प्रभावले क्षयीकरण हुने प्रक्रियालाई लिन सकिन्छ । अन्य प्रकोपहरूमा बाढी, पैरो, भूकम्प, चट्याङ, आगलागीजस्ता प्रकोपहरू मुख्य हुन्छन् । यस्ता प्रकोपहरूबाट सकेसम्म सम्पदालाई जोगाउने र प्रकोपमा परिहालेछन् भने उपयुक्त उपायहरू अपनाई थप नष्ट हुन नदिने तथा पुनः निर्माण गरेर पनि बचाउने काम गर्न सकिन्छ ।

**२. मानव क्रियाकलाप/गतिविधि :**

मानवद्वारा गरिने विभिन्न गतिविधिहरू, जस्तै सम्पदा वा सम्पदा क्षेत्रमाथि हुने अतिक्रमण सम्पदाको दुरुपयोग, युद्ध र द्वन्द्वका प्रभावहरू, धर्म, विचार, सिद्धान्त परिवर्तन गर्दा गराउँदाका दुष्प्रयासहरू आदि कारणले पनि सांस्कृतिक सम्पदाहरू नष्टभ्रष्ट र लोप हुन जान्छन् ।

नेपाली सांस्कृतिक सम्पदाहहरूको नष्टभ्रष्ट र लोप हुने कारणहरूमा २००७ सालको परिवर्तनपछि प्राकृतिक प्रकोपहरूभन्दा मानवीय भेटिन्छन् । अधिकांश सांस्कृतिक सम्पदाहरूमा अतिक्रमण हस्तक्षेप दुरुपयोग मूर्तिचोरी लगायतका मानव गतिविधिबाट नासिने र मासिने गरेको देखिन आएका छन् । सांस्कृतिक सम्पदाहरूप्रति अझ दुर्भाग्यपूर्ण अवस्था त हाम्रो देशमा २००७ सालको परिवर्तनपछि शिक्षाको र राजनीतिका क्षेत्रमा आएको परिवर्तनले ल्यायो । शिक्षाको क्षेत्रमा प्राचीन कालदेखि हाम्रो समाजमा प्रचलित गुरुकुल पद्धति विद्वान् पण्डितबाट लिइने शिक्षा, संस्कृत शिक्षा, विहार र गुम्बाहरूमा पढाइने-सिकाइने शिक्षा प्रणाली सबै ओझेल परे । सरकारले आधुनिक र वैज्ञानिक शिक्षाको नाममा अङ्ग्रेजले भारतमा लर्ड मेकालेको सिफारिसमा लागू गरेको शिक्षा पद्धतिलाई नेपालमा पनि लागू गरियो । परिवर्तनअघि पनि केही स्कुल र एउटा कलेज यसैअनुरूपका खुलिसकेका थिए । परिवर्तनपछि त परिवर्तनका बाहक राजनीतिक पार्टीका नेताहरू मात्र होइन, भारतमै अध्ययन गरेर आएका नेताहरू र शिक्षित भनिने व्यक्तिहरूले जनसमुदायमा प्रचार गरे भने नेताहरूले आधुनिक र वैज्ञानिक शिक्षाको नाममा पाठ्यक्रमसहित भारतीय पद्धतिलाई अनुसरण गर्न पुगे, जसमा नेपालमा प्रचलित धर्म-संस्कृति र समाज, धार्मिक स्थललाई अवैज्ञानिक र रुढीवादी भनेर पढाउन-सिकाउन थालियो ।

अझ ठूलो दुष्प्रभाव त २००७ सालको परिवर्तनपछि दुई विचारधारा बोकेका दुई राजनीतिक दलहरू मुख्य रूपमा देखापरे - प्रजातान्त्रिक विचारधारा बोकेको नेपाली काङ्ग्रेस र नेकपा । कम्युनिस्टहरूले मार्क्स र

लेनिनका विचारधारा बोकेका थिए भने काङ्ग्रेसले पनि बेलायती संसदीय प्रजातन्त्रलाई पछ्याएको थियो । मार्क्सको यही कुरालाई नेता तथा कार्यकर्ताले व्यापक प्रचारप्रसार गरे । नेपाली काङ्ग्रेसले पनि कम्युनिस्टको समाजवादमा प्रजातान्त्रिक शब्द जोडेर आफ्नो राजनीतिक विचार बनाएको थियो । समाजवाद भनेको त सम्बन्धित ठाउँका जनसमुदायमा प्रचलित समाज व्यवस्थामा आधारित पो हुनुपर्दथ्यो । तर नेपाली समाजमा युरोपीय समाजका लागि डिजाइन गरिएको समाजवादलाई लागू गर्ने प्रयास भयो । तर लागू हुन सकिरहेको छैन ।

धर्म भनेको अफिम हो भनेर बाबुआमाको किरियासमेत नगर्ने नेताहरू होलीवाइन खान लामबद्ध भए । नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाए । नेपालमा प्राचीनकालदेखि बसोवास गर्दै आएका विभिन्न जातजातिका परम्परागत धर्म र समाज व्यवस्थालाई अवैज्ञानिक र अन्धविश्वासी प्रथा भनेर त्यसका विरुद्धमा विभिन्न आईएनजीओहरूमार्फत विदेशी डलर भित्र्याएर सरकारी स्तरबाटै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न थालियो । धर्म परिवर्तन गराउन ठूलो लगानी गरियो । २०६३ सालको परिवर्तनपछि बनेको सरकारले त राष्ट्रदेव पशुपतिनाथकै पूजा परम्परामा हस्तक्षेप गऱ्यो । इन्द्रजात्रा बन्द गराउने प्रयास गऱ्यो । प्राचीन कालदेखि निरन्तर रूपमा विभिन्न समुदायहरूको धर्म-संस्कृतिको जगेर्नाको आधार रहिआएको गुठी व्यवस्थालाई मास्न र लोप गराउन गुठी विधेयक प्रस्तुत गरियो । पशुपतिनाथको भण्डारमा हस्तक्षेप गर्ने प्रयास सरकारबाटै हुन गयो ।

देशका धार्मिक-सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थाको सर्वोपरि दायित्व बहन गर्नुपर्ने सरकार स्वयम् र समाजको नेतृत्व गर्ने नेताहरूले त्यस्ता सम्पदाहरूलाई नष्टभ्रष्ट र लोप गराउने अभियानमा लागेको दुर्भाग्यपूर्ण अवस्थामा ती सम्पदाका सरोकारवालाहरू र संरक्षणका लागि लागिपरी गर्ने अभियन्ताहरूले कस्तो स्थितिको सामना गर्नु परिरहेको होला, सोच्दा पनि कष्टदायी हुन्छ ।

**सम्पदा संरक्षणमा भरतमणि जङ्गमको योगदान :**

जङ्गमजीका योगदानहरूको चर्चा गर्नुभन्दा पहिले ऐतिहासिक पृष्ठभूमिबारे अति सङ्क्षिप्त रूपमा उल्लेख गर्नु उचित ठान्दछु । उहाँका पुर्खाहरू नेपाल उपत्यकामा मल्लकालमा प्रवेश गरेका थिए भन्ने कुरा उहाँकै 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' शीर्षकको पुस्तकबाट थाहा हुन्छ । उहाँका अनुसार शैव सम्प्रदायको मातहतमा अनेकौँ उपसम्प्रदायहरू अस्तित्वमा आइसकेका थिए । शैवदर्शन र उपसम्प्रदायहरूका प्रकाण्ड

ज्ञाताहरूलाई शैवाचार्य भनिन्थ्यो र भन्ने गरिन्छ । भारतका अनेकौं राज्यहरूमा त्यस्ता शैवाचार्यहरूलाई शिव र शक्तिपीठको पूजाआजा र व्यवस्थापनमा नियुक्त गर्ने गर्दथे । उक्त सम्प्रदायहरूका अलग-अलग शैवाचार्य हुन्थे ।

वीरशैव मतका आचार्यका रूपमा जङ्गम ब्राह्मणहरू नियुक्त गर्ने प्रचलन दक्षिणात्य देशका विभिन्न राज्यहरूमा थियो । भारतको दक्षिण क्षेत्रका देशहरूमध्ये पल्लव, चालुक्य, चोल र पाण्डेयहरू शक्तिशाली थिए । चालुक्य वंशमा पनि विभाजन थियो । पश्चिमी चालुक्य वंशका विक्रमादित्य छैटौंले उत्तर भारतका शौनदेश, अङ्गदेश, बङ्गदेश एवं कोशल देशहरूमाथि विजय हासिल गरे र आफ्ना सेनापतिहरूलाई सामन्त शासक नियुक्त गरेका थिए । तिरभुक्ति प्रान्तका सामन्त शासकमा कर्णाटवंशीय सेनापति नान्यदेव भएका थिए ।

केही कालपछि नै पश्चिमी चालुक्य वंशको केन्द्रीय शासन कमजोर हुँदै गयो । अनि बङ्गाललाई विजयमुनिले र चिरभुक्तिलाई नान्यदेवले स्वतन्त्र राज्य घोषणा गरी स्वयम् राज्य गर्न थाले । नान्यदेवले सामन्त शासक छँदा नान्यपुरी (सम्भवतः हालको मिथिलाबाट शासन चलाएका थिए भने सन् १०९७ मा हालको सिमरौनगढमा भव्य वनदुर्ग (जङ्गमले घेरिएको किलासहितको) राजधानी सहर निर्माण गरी राज्य गर्न थालेका थिए । उनले प्रान्तीय सामन्त शासक भएर आउँदा नै आफ्नो कुलदेवता शिव र देवीको पूजा व्यवस्थाका लागि दक्षिणाय शैवाचार्य जङ्गम ब्राह्मणलाई पनि साथै ल्याएका थिए होलान् । सिमरौनगढ किल्लामा पनि तिनै जङ्गम शैवाचार्यका सन्तान दरसन्तानले निरन्तर रूपमा यो सेवा उपलब्ध गराएका हुनुपर्दछ । नान्यदेवका सात पुस्ताका हरिसिंहदेवको समयमा ने. सं. ४४६ माघ शुक्ल तृतीयाका दिन अर्थात् सन् १३२५ मा दिल्लीका सुल्तान गयासुद्दिन तुगलकले आक्रमण गरी पराजित गरेपछि हरिसिंहदेव त्यहाँबाट भागेर सपरिवार हालको सिन्धुली जिल्लामा पर्ने तीनपाटन भन्ने ठाउँमा आई बसेका बेला त्यहीँ उनको मृत्यु भयो । उनी रानी देवलदेवी सपरिवार र साथमा आएका मन्त्री चण्डेश्वर र अन्य भाइभारदार एवं सेवकहरूसहित आफ्नो माइती भक्तपुर दरबारमा शरणार्थी भएर रहन थालिन् । देवलदेवीले सिमरौनगढबाट आफ्नी कुलदेवी तुलजा भवानीलाई पनि साथै ल्याएकीले पुजारी शैवाचार्य जङ्गम ब्राह्मणलाई पनि साथै ल्याएको हुनुपर्छ ।

यसै सिलसिलामा वीरशैव मतका शैवाचार्य जङ्गम ब्राह्मणका पुर्खा भक्तपुरमा आइपुगेको देखिन्छ । यहाँ आएपछि शैवपीठका पुजारीमा सेवा गर्ने

थाले । केही कालपश्चात् जङ्गम मठ स्थापना गरियो अथवा पहिलेदेखि चल्दै आएको रावल मठको महन्त पद कुनै कारणले रिक्त भएपछि शैवाचार्य जङ्गम ब्राह्मणका सन्तानलाई सो रिक्त महन्त पदमा नियुक्त गरियो । त्यसपछि जङ्गम मठ भन्न थालियो । थप अनुसन्धान गरी यकिन गर्नुपर्ने देखिन्छ ।

जे भए तापनि ने. सं. ६९२ देखि जङ्गमहरू त्यस मठका मठाधीश रहिआएका स्पष्ट प्रमाणहरू उपलब्ध छन् । त्यसै गरी जङ्गम परिवारकै सन्तानहरू पनौतीको इन्द्रेश्वर र भालेश्वर, बनेपाको धनेश्वर, धुलिखेलको गौखुरेश्वर, भक्तपुरको डोलेश्वर, अनन्तलिङ्गेश्वर र वागेश्वरी महादेव मन्दिरहरूमा समेत पुजारी रहिआएको कुरा भरतमणि जङ्गमबाट लेखिएको माथि उल्लिखित पुस्तकको पृष्ठ १८१ मा उल्लेख रहेको छ ।

यसप्रकार जङ्गम परिवारले मठाधीश र पुजारीको सेवा उपलब्ध गराएको मात्र नभई विभिन्न ठाउँमा शिवलिङ्गहरू स्थापना गर्ने, शैवमतको प्रचार गर्ने र प्रवर्द्धन गर्ने कार्यमा निरन्तर संलग्न भई आएको समेत भेटिन्छ । यसैले सोही कुलको २१ औं शताब्दीको दीपकस्वरूपका विद्वान् पत्रकार कानुनविद् सम्पदाका अनुसन्धाता र धर्म-संस्कृति संरक्षणका सरोकारवाला र अभियन्ताका रूपमा पनि भरत जङ्गम परिचित हुनुहुन्छ ।

●



चन्द्रप्रसाद त्रिपाठी पुरातत्त्वविद् हुनुहुन्छ ।

# ‘भरतेन्दु’ जस्केलोबाट हेर्दा
## – चूडाप्रसाद चौलागाई

कविताका विभिन्न चरण र कविताका स्वरूपहरू फरक-फरक छन् । कविताका स्वरूपहरूमध्ये महाकाव्यका उत्कृष्ट र विशाल कविताको सागरका रूपमा बुझ्न सकिन्छ । महाकाव्यका विशेषताहरू थुप्रै छन् । महाकाव्यमा आवश्यक तत्त्वहरू हुन्छन् जसबाट यसका रचनाहरू बनेका छन् – कथावस्तु, चरित्रचित्रण, पात्रपात्राहरू, रस वा भाव, शैली, उचित परिवेश, प्रयोजन आदि । पूर्वीय होस् वा पाश्चात्य साहित्यमा होस्, महाकाव्यले घटनाहरूको विस्तृत वर्णन गरेको हुन्छ । दुःखान्त वा सुखान्तको चरित्रले महाकाव्यको उचाइ माथि रहन्छ । सुखान्त महाकाव्यमा पहिले दुःखका चित्रहरू प्रस्तुत गरेर आखिरमा सुखानुभूति हुन्छ, तर दुःखान्तमा चाहिँ पहिले सुखानुभूति दिलाउँदै अन्त्यमा दुःखानुभूतिको परिवेशको प्रस्तुति रहन्छ । प्रकृतिको चित्रण रमणीय र आनन्दातिरेकमा प्रस्तुत रहन्छ । पूर्वीय महाकाव्यमा रचिएका महाकाव्यहरूमध्ये महाभारत र रामायणले प्रत्येक पाठको आत्मामा रस दिएको छ । हाम्रो नेपाली साहित्यमा पनि रचिएका महाकाव्यहरू थुप्रै छन्, जसमध्ये लक्ष्मीप्रसाद देवकोटाले रचना गर्नुभएको महाकाव्यले स्वदेश तथा विदेशका समेत पाठकहरूको हृदयमा छाप पारेको छ । रचिएका महाकाव्यहरूको सुरुवात गर्दा मङ्गलाचरणबाट भएको पाइन्छ । कसैले गणेशको, कसैले शिवजीको, कसैले लक्ष्मीको, कसैले कुनै देवत्व शक्ति, सरस्वती आदिलाई प्रार्थना गर्दै विषयवस्तुमा कलम चलाएका प्रशस्त उदाहरणहरू छन् ।

धेरै कविताहरू रचेर नाम कमाउनेहरूको सङ्ख्या कमी छैन । भानुभक्त आचार्य, मोतीराम भट्ट, कविशिरोमणि लेखनाथ पौड्याल, कवि सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, विजय मल्ल, मोहन कोइराला, भूपी शेरचन, बैरागी काहिला आदि थुप्रै कविहरू रहेका छन् । यति मात्र नभएर थुप्रै रचनामा अग्रसर भूमिका खेल्नेहरू अनन्य छन् । विद्यालयहरूमा विभिन्न तहहरूमा उनीहरूका कृतिहरूको व्याख्या-विश्लेषण गर्दै साहित्यरूपी सागरमा डुबुल्की मार्नेहरू कम छैनन् ।

त्यसमध्ये कविप्रसाद प्याकुरेल पनि समुद्रमा पौडी खेल्दै थुप्रै रचनाहरू रच्न पछि परेको देखिँदैन । उहाँबाट रचिएको ‘भरतेन्दु’ महाकाव्यको रचना

कम महत्त्वपूर्ण छैन । उहाँको यो महाकाव्य मङ्गलाचरणबाट सुरु गरिएको छ । थुप्रै देवता गणेश, शारदा, सरस्वती, भगवान् सूर्य, भवानी, जगदम्बा आदि थुप्रैलाई आराधना गर्दै महाकाव्य अगाडि बढाइएको छ । महाकाव्यको सफलताको कामना गर्दै भगवान् पशुपति, शिव, महेश, चक्रधारी, केशरी, विश्वम्भर, मुरारि आदि दैवी शक्तिहरूको प्रार्थना गर्दै विषयवस्तुको सुरुवात गरिएको छ । आध्यात्मिक चिन्तनका धनी कविप्रसाद प्याकुरेलले धर्मप्रति आगाध आस्था राख्तै समाज, राष्ट्र र राष्ट्रियताको महत्त्व राखेर सदा जनता जनार्दनको सुखशान्तिको कामना गर्दै भरत जङ्गमको जीवनका वृत्तान्तहरूलाई विषयवस्तु बनाएर 'भरतेन्दु' महाकाव्य रचना भएको छ ।

पूर्वीय साहित्यमा महान् ग्रन्थ महाभारतजस्तो महाकाव्यमा एक लाख श्लोक रहेको छ, जसलाई अभिव्यक्ति गर्ने काम व्यासले गरेका छन् भने लेख्ने काम गणेशले गरेको भन्ने पाइन्छ । त्यस महाकाव्यको कामलाई रोचक बनाउन विभिन्न पात्रहरूको चयन गरिएको छ । यसलाई धार्मिक कृतिको सागर पनि भनिन्छ । यो यथार्थवादी महाकाव्य हो । यस्तै रामायण महाकाव्य अति रोचक छ र आदर्शवादी महाकाव्यका रूपमा रहेको छ, जसलाई वाल्मीकिले रचेको र त्यसको छायाका रूपमा हाम्रा आदिकवि भानुभक्तले रचना गरेको पाइन्छ । यी दुवै महाकाव्यका कविताका श्लोकहरूले घरघरमा नयाँ चिन्तन पु¥याउने काम भएको छ । पवित्र कार्यहरूमा श्लोकहरू व्यक्त गरिने गरेको छ । उच्च अध्ययन गर्नेहरूले यी महाकाव्यहरूलाई मार्गदर्शकका रूपमा हेरेका छन् । यस्तै, हाम्रो नेपाली साहित्यिक क्षेत्रमा थुप्रै कविता रच्नेहरूमध्ये कवि लक्ष्मीप्रसाद देवकोटाको नाम निकै माथि छ । उनले रचेका महाकाव्यहरू शाकुन्तल, सुलोचना, महाराणा प्रताप, वनकुसुम, प्रमिथस आदि महाकाव्य रहेका छन्, जसका कारणले महाकविका रूपमा सम्मानित हुनुभएको छ । महाकाव्य मात्र होइन, थुप्रै कविताहरूले दुनियाको मन जितेको छ । उनका कविताहरूले एकातिर पाठकहरू हसाउन पछि परेका छैनन् भने अर्कातिर आँसु खसाल्नेहरूको सङ्ख्या पनि कमी छैन ।

वर्तमान अवस्थामा आएर कविप्रसाद प्याकुरेलले जिउँदा नायक वा नेता भरत जङ्गमको जीवनलाई गहिरोसँग बुझेर, उहाँको जन्मदेखि वर्तमानसम्मको उकाली र ओरालीको क्षितिजहरूलाई समेटेर यो महाकाव्यको रचना गर्नुभएको छ । माथि उल्लेख गरिएका थुप्रै काव्यकारहरूको दौडमा वर्तमानका साहित्य सर्जक भरत जङ्गमलाई पनि लिन सकिन्छ । उहाँका रचनाहरूले प्रत्येक पाठकहरू प्रभावित छन् र स्वभावले पनि । साहित्य क्षेत्रमा मात्र नभएर राजनीतिक रूपमा सफल विश्लेषकका रूपमा उहाँ खरो उत्रनुभएको छ र सफल समालोचकका रूपमा देखिनुभएको छ । समालोचक,

आलोचक, समीक्षक सबै पक्षमा यथार्थ विषयवस्तुको चित्रण गर्न उहाँ सफल ठानिनुहुन्छ ।

उहाँ कानुनी विषयवस्तुलाई राम्रोसँग ठीक-बेठीक पक्षका व्यवहारहरूलाई निडरताका साथ प्रस्तुत गर्नुहुन्छ । न्यायप्रणाली क्षेत्रमा राम्रो दखल देखिन्छ । देशभित्रका निरङ्कुश पक्षलाई हराउन र समाजभित्रका कुसंस्कार, कुरीति, अन्धविश्वास आदिलाई पखाल्न कलम मात्र होइन, शरीरलाई चलाउन पनि पछि परेको देखिन्न । सागरभित्रका मुर्दा गिद्धले देखेझैँ, हीरामोती चिन्नेले मोती फेला पारेझैँ, माझीले माछा लिएझैँ, दाउरेले दाउरा पाएझैँ, गिट्टी-बालुवा आदि चाहनेले फेला पारेझैँ भरत जङ्गम समाजभित्रका राम्रा नराम्रा कुराहरूलाई सफल कलममार्फत सार्वजनिक गर्न सफल देखिनुहुन्छ । सत्तामा रहेकाहरूको खराब मनोवृत्ति र भ्रष्टाचार गर्न पल्केकाहरूको धज्जी उडाउन पछाडि पर्नहुन्न । साहित्यमार्फत समाजका सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक पक्षका नकारात्मक पक्षलाई केलाउँदै त्यसलाई सकारात्मक बाटोमा लैजान राम्रो सुझाव दिनुहुन्छ । लाग्छ भरत जङ्गम समुद्रको जलजतिकै निर्मल देखिनुहुन्छ । समाज तथा देशभित्रका ज्ञानी, विज्ञानी, श्रमिक, राजनीतिक आदिमा देखिएको धमिलो पक्षलाई सफा गर्न निरन्तर लागिरहनुहुन्छ । विद्याकी खानी सरस्वतीको असल भक्तका रूपमा देखिनुहुन्छ । यति मात्र होइन, भगवान् शिवजीको आराधना गर्ने असल पुजारीका रूपमा पाइनुहुन्छ । हाँसले मिसिएको पानी र दूधलाई छुट्याएझैँ समाजभित्रका राम्रा र नराम्रा पक्षलाई अर्जुनदृष्टिले हेर्नुहुन्छ । जीवनको सुरु अवस्थादेखि समाज रूपान्तरणका लागि उत्सुक हुँदै शिक्षा क्षेत्रमा समय खर्चेर देशको कुसंस्कृति तथा कुसंस्कारका विरुद्धमा देशवासीलाई सचेत गराउन असल उपन्यासहरू रच्तै पाठक वर्गको हातमा पुऱ्याउन सफल मानिनुहुन्छ । जस्तै केही निम्न छन् –

कालो सूर्य र व्यूहचक्रपछिको तेस्रो उपन्यास जो
दुई हजार पचासमा प्रकट भो झलमलसरी धर्ती यो
रातो घाम तमाम न्याय समता शिक्षा र आरोग्यता
साम्यवाद र समाजवादबीचको आत्मीय सामीप्यता ।
(दशम पर्व, पे. नं २५६)

जङ्गलमा रहेको मलसाँप्रो नामक जन्तुले माटो खोस्रेर केही पाउन खोजेझैँ आफूजस्तो अल्पज्ञ व्यक्तिले भरत जङ्गमका बारेमा अनुसन्धान गर्न विश्लेषण गर्न कसरी सक्छु र ! कम योग्यता र क्षमता भए तापनि तिर्खा लागेको समयमा नदीको छेउमा गएर नदीको पूरै पानी पिउन नसके पनि

आफ्नो हातको अँजुलीमार्फत तिर्खा मेटाएझैँ यो सानो लेखमा देखिन खोजेको मात्र हो । भरत जङ्गमका बारेमा कवि प्याकुरेलले जे-जति रचना गर्नुभएको छ, त्यो सबै उहाँको कर्मका बारेमा कवितामार्फत चित्रण गरेको छ । लेख्नुहुन्छ :-

जसले चिन्यो दुष्ट र भ्रष्टलाई
लेख्यो र बोल्यो कटुता जनाई ।
यो शिष्ट यो दुष्ट भनी चिनायो
समाजलाई जसले सुकिलो बनायो ॥

उल्लिखित कविताले एकातिर कवि प्रतिभाको प्रशंसा नगरे अन्याय हुन्छ । अर्कोतिर भरत जङ्गमको कर्मशीलताको देशप्रतिकै कर्तव्यनिष्ठाको राम्रो पहिचान मिल्न पुग्दछ । कविताले देशभित्रका दुष्ट र भ्रष्ट व्यक्तिहरूको नाङ्गो रूप देखाएको छ । यस 'भरतेन्दु' महाकाव्यलाई एउटा असल मेसिनका रूपमा लिन सकिन्छ भने कविलाई त्यो मेसिनको सञ्चालकका रूपमा देख्न सकिन्छ । कुशल साहित्यकार तथा भाषाविद् हरि मञ्जुश्रीले पण्डित कविप्रसाद प्याकुरेलले रचना गर्नुभएको 'भरतेन्दु' महाकाव्यमा 'सार्थक काव्यरत्न' नामक शीर्षकमा एकातिर कवि प्याकुरेलको कला, शिल्प तथा भावनाको प्रशंसा गरेको छ भने अर्कातिर भरत जङ्गमलाई महाकाव्यभित्रको नायक बनाएर पुष्टि गरेको छ । समाजका मित्र ती हुन्, जसले समाजसेवा गर्दछ । सङ्गीतकर्म र कलाकृतिको जगेर्ना गर्दछ । जहाँ यस्ता राष्ट्रसेवक रहन्छन्, ती गन्यमान्य ठहरिन्छन्, जसबाट राष्ट्र धन्य हुन्छ भन्ने कुराले कुराले महत्त्वपूर्ण सन्देश दिन सक्तछ । समाजलाई राम्रो विचार दिएर कीर्तिलाई छर्न सक्यो भने भविष्यमा कुनै अप्ठ्यारो नपर्न सक्छ । साहित्यकारले भविष्य देख्तछ । साहित्यकार वर्तमानको व्याख्याकार मात्र होइन, ऊ भविष्यद्रष्टा बन्दछ । तब साहित्यकार हरि मञ्जुश्री लेख्नुहुन्छ :-

म पनि पात्र बनेँ कति पत्रमा
तर अरू कति छन् अलपत्रमा ।
भरत जङ्गम मात्र नभैकन
सफल भो हरिको कविजीवन ॥

(पेज नं. १९)

यस महाकाव्यमा भरत जङ्गम महान् बनेका छन् । उनको गरिमा बढाइएको छ । यस कृतिले प्रत्येक पाठकको हृदयमा भरत जङ्गम पुगेको ठहर मञ्जुश्रीको छ । उपन्यास र विज्ञानले भ्रष्टाचारविरुद्धको हतियार बनाएको छ । मानव जीवनको चिन्तक, राष्ट्रिय व्यक्तित्त्व र यस महाकाव्यको

नायकका रूपमा जङ्गमलाई लिइएको छ । नायक जङ्गमको प्रशंसा विविध शब्दबाट भएको छ । यो खुबी हरि मञ्जुश्रीको पनि हो । अन्त्यमा उहाँ लेख्नुहुन्छ :-

यस्तो महाकाव्य तयार गर्ने
यो काव्य माधुर्य अनन्त पार्ने ।
मेरो बधाई कवि मित्रलाई
र काव्यका नायक दाजुलाई ॥

(पेज नं. २०)

व्यासले महाभारत महाकाव्यमार्फत थुप्रै पात्रपात्राहरूको साहस र बहादुरीको परिचय गराएझैँ, रामायणमा वाल्मीकिले राजा दशरथको सबै परिवारको मात्र नभई रावणहरूको कार्यकुशलताको जानकारी गराएझैँ कविप्रसाद प्याकुरेलले पनि भरत जङ्गमका बारेमा राम्रो चित्रण गर्नुभएको छ । भाषाविद् हरि मञ्जुश्रीको कवितामार्फत पनि त्रिपक्षीय व्याक्तित्वको परिचय गराइएको छ । अन्ततः भरत जङ्गम यस काव्यको नायक त्यस मानेमा बनेका छन्, जसले समाज रूपान्तरणका लागि तन, मन र धन दिन कतै कन्जुस्याइँ नगराइएका हुन् । त्यसैले उहाँ आदर्शवादी व्यक्तिका रूपमा, प्रगतिगामी हैसियत बोक्नेहरूका रूपमा, अग्रगामी कुशल राष्ट्रसेवकका रूपमा ठहरिन सक्ने व्यक्ति मानिनुहुन्छ ।

कवि लेखनाथ पौड्यालको 'तरुणतपसी' नामक काव्यले सृष्टिका विविध विषयलाई देखाएर हिंसावादी प्रवृत्ति भएका निरङ्कुश विचार बोक्नेहरूलाई त्यसतर्फ नलाग्न सुझाव दिएझैँ यस महाकाव्यका नायक भरत जङ्गमले पनि समाज तथा देशभित्रका विसङ्गति र विकृतिलाई पखाल्न सक्ने कुशल नायक भनेर कविप्रसाद प्याकुरेलले देख्नुभएको छ भने अर्कातिर हरि मञ्जुश्री पनि त्यसैमा आँखा बढाउनुहुन्छ । पहाडको अन्तरकुन्तरबाट बगेको नदी तथा खोलो सोझो नभई बाङ्गोटिङ्गो बग्दै सागर तथा महासागरमा मिल्न पुगेझैँ यस महाकाव्यका नायकले समाज तथा देशभित्रका बाङ्गाटिङ्गा पद्धतिको चिरफार गर्न कविताकृतिमार्फत मात्र होइन, उपन्यासहरूमार्फत पनि देखिनुहुन्छ ।

कवि प्याकुरेलजीले आफूले रचेको महाकाव्यका विशेषताहरूलाई पाठकसमक्ष पुऱ्याउने प्रयत्न गर्नुभएको छ । नायकको कर्मशीलताको पहिचान गराएको छ । कविको प्रशंसा उत्तिकै छ । नायकको र कविको प्रशंसा सार्थक काव्य रचनाकारले लेख्ने काम गर्नुभएको छ । दूधमा घिउ लुकेझैँ, बीजमा बृक्ष लुकेझैँ यो 'भरतेन्दु' महाकाव्यमा त्रिपक्षीय व्यक्तित्वको पहिचान

गरिएको छ । यस महाकाव्यमा हरि मञ्जुश्री सुन किन्ने क्रेता बन्नुभएको छ, भरत जङ्गम सुन बन्नुभएको छ भने कविप्रसाद प्याकुरेलचाहिँ सुनबाट विभिन्न प्रकारका गहना बनाउने कलाकार तथा बाँडा बन्न पुगेको ठानेको छु । तुलसीकृत रामायणमा राम र रावणको राम्रो पारख गरिएझैँ निम्न विज्ञहरूले आफ्नो अन्तरमनले सफलताको कामना गर्दै कवितामार्फत शुभकामना व्यक्त गरेका छन् । मदनमोहन मिश्रको यस्तो भनाइ छ :-

श्री शुक्रै पनि लौ विपक्ष नरहुन् सङ्कट हटाउन् शनि ।
राहु बाहुबलै समुन्नत गरून् केतु कुलैका धनी ।
जङ्गमको म चिताऊँ मङ्गल यही आठै दिशा मङ्गल ।
आकाश मङ्गल, भूमि मङ्गल यहाँ सारा दिशा मङ्गल ।
(पेज नं. १५)

त्यस्तै अर्का विद्वान् हुनुहुन्छ रामचन्द्र अधिकारी । उहाँले 'फुलोस् चम्पा बागमा' नामक शीर्षकमा भएका कविताहरूमध्ये एक कविताले शीर्षकलाई देखाउन खोजिएको छ ।

कि जङ्गमको यसमा कवि दोभान हुन गो
हरि मञ्जुश्री पुगी अरू त्रिवेणी दूध बग्यो ।
जति वर्णन हुन्छन् उति भरतका काव्यरचना
दुवै उस्तै-उस्तै उभयमुखी भो यो सुरचना ॥

अर्का काव्यको मर्म छोएर 'कामना मङ्गलमय' शीर्षक राखी कविता रच्नुहुने पूर्णप्रसाद नेपाल 'यात्री' ले पूरै 'भरतेन्दु' महाकाव्यका प्रति दृष्टि पुऱ्याई रचिएका कविताहरूमध्ये पहिलो श्लोकमा कविले यसरी मङ्गलमय कामना गर्नुभएको छ –

इन्दिराको भरतसँगको शब्दमाला बनाई ।
लेखिएका समुचित महाकाव्य सुन्दा भलाइ ॥
सर्वाङ्गमा क्षणभर खुसी हर्कले नाच्न थाल्यो ।
यस्तो लाग्यो हृदयभरि नै चम्किलो दीप बाल्यो ॥
(पेज नं. १)

त्यसै गरी । 'यो छ मेरो पुकारा' नामक कविता शीर्षकमा लक्ष्मीकान्त पन्थीले भरत जङ्गमका साहित्यकृतिको अथाह अध्ययन गरी सफल भूमिका गरेको देखिन्छ ।

भरत जङ्गम आफैँ परिचित उपन्यासहरूमा ।
अनि फैलिएको दुःखी गरिब उत्थान पथमा ॥

उहाँले लेखेका गहन रूपका लेखहरूले ।
अनेकौँ ठुल्ठूला गहन रूपका क्रान्ति रचिए ॥
(पेज नं. ५)

त्यसै गरी अर्का 'भरत रसका काव्यधारा' नामक कविताका रचनाकार हुनुहुन्छ आरडी प्रभास चटौत । उहाँले यस महाकाव्यलाई रसैरसको काव्यधारा चुनेर कविता रच्नुभएको छ । काव्य भनेको रसैरसको भाँडो हो, जसबाट तिर्खालुहरूले कुनै पनि भाँडोबाट निकालेर पिउन सक्छन्, रसास्वादन गर्न सक्छन् । साहित्यका नवरसमध्ये कुन रस मीठो लाग्छ, त्यसैमा तिर्खालुहरू मरिहत्ते गर्दछन् । यस शीर्षकमा कविले रचेका कविताका श्लोकहरूमध्ये दुई श्लोकलाई यहाँ प्रस्तुत गर्न खोजेको छु ।

परन्तु कालको ख्याल साँच्चै भरत राख्तछन् ।
कठोर तर क्यै कीर्ति नराखी रति हड्बडी ॥
(श्लोक १३ पेज नं. ११)

परिणाम त्यसैको हो 'कालो सूर्य' उपस्थित ।
व्यूहचक्र हिँड्यो साथै रातो घाम क्रमैसित ॥

यसरी यस महाकाव्यमा विभिन्न भाषाशैलीमा कविले नायकको र महाकाव्यको ठूलो प्रशंसा गरेका छन् । यो प्रशंसाको काव्य पनि हो । मलाई लाग्छ जसजसले प्रशंसाको पुष्प चढाउनुभयो, मङ्गलमय कामना व्यक्त गर्नुभयो, फुलेको देख्न चाहनुभयो, यो ज्यादै प्रशंसायोग्य छ । तर संसारमा त्यस्ता व्यक्ति बिरलै होलान्, जहाँ कहीँ कतै असन्तुष्टिका टीकाहरू नभएको होस् । चन्द्रमामा दाग छ, सूर्यमा दाग छ भने मानिसमा कमी-कमजोरी नहुने कुरै छैन । न कविले कतै नकारात्मक छिटा छर्न सक्नुभयो, न पाठक तथा प्रशंसकहरूले । प्रशंसकले पनि नयाँ कुराको सुझाव देखाउन खोज्नुभएन वा देख्नुभएन । मजस्तो अल्पज्ञले झनै देख्ने कुरा भएन । साहित्यको सागर पिएर यसलाई अध्ययन गरी विश्लेषण गरेकाले अझ राम्रो सुझाव कविलाई र काव्यका नायकलाई दिनुभएको भए अझ यसको भविष्य उज्यालो हुन सक्थ्यो कि !

भनिन्छ गुरु बन्न सजिलो हुन्छ, चेलो बन्न गाह्रो । भरत जङ्गम यो हैसियतमा आइपुग्दा कति कष्टहरू आइपरे होलान्, कति राजनीतिको चपेटामा पर्नुभयो होला, कति आर्थिक अप्ठ्यारोमा, कति समाजका निरङ्कुशहरूको आँखाको कसिँगर बनेर धेरैका आँसुका चिप्राहरूलाई सफा गर्दै यो हैसियतमा आइपुग्नुभएको होला ! कतिले सकारात्मक भूमिका खेले होलान् ! आफ्ना सन्ततिहरूको र जीवनसँगिनीको आवश्यक सुझाव र

सहयोगको भूमिका रह्यो होला । जीवनसँगिनी भनेको दुई शरीर एक आत्माका रूपमा रहेको परिणाम नै साहित्य सागर उर्लेको हो । प्रेरणा आफ्नी सँगिनीको पनि रहेको हुन्छ ।

यो 'भरतेन्दु' महाकाव्य सुखान्तक बनेको छ । यो काव्य एकतीस पर्वमा रचिएको छ । यसमा भरत जङ्गम साहित्यका विभिन्न विधामार्फत कलम चलाउने सङ्घर्षशील व्यक्तिका रूपमा चिनिनुहुन्छ । पत्रकारिता क्षेत्रमा, राजनीतिक क्षेत्रमा, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा, समाज रूपान्तरण गर्ने पक्षमा, समालोचक तथा आलोचक, समीक्षक आदि पक्षमा दरो कलम चलाउने, राजनीतिमा लागेर भ्रष्टाचार गर्ने, अनैतिक काम गर्नेहरूको भन्डाफोर गर्न सफल र बहुआयामिक व्यक्तिका रूपमा चिनिन्छन् । धन र मनले समाज सुधारका लागि सधैँ लागिरहने चिन्तक हुनुहुन्छ । उहाँलाई नायक बनाएर रचिएको यस महाकाव्यमा उहाँको पुरुषार्थको राम्रो व्याख्या गरिएको छ भने अर्कातिर शिवका भक्त र देवी सरस्वतीका प्रिय पात्रका रूपमा रहेको भन्न सकिन्छ । उहाँलाई दैवी शक्ति प्राप्त भएको छ ।

कविप्रसाद प्याकुरेलले लेखेको यो महाकाव्यका प्रत्येक पात्रहरूको अवस्था सुखान्तक देखिन्छ । उहाँको रेखदेखमा रहेका परिवारका सदस्यहरू अति नै खुसी देखिनुहुन्छ । त्यति मात्र होइन, उहाँका अनुदायीहरू पनि प्रफुल्लित देखिएका छन् । उहाँका कतिपय कृतिहरू स्तरअनुसार सबै तहका पाठ्यक्रममा राखेर विश्वविद्यालयमार्फत रचनाहरू पाठकसमक्ष पुऱ्याए अझै राम्रो हुन्थ्यो कि भन्ने विचार राख्दै उहाँ र उहाँका कृतिहरू घामझैँ लाभदायक बनुन् र चन्द्रमाझैँ शीतलता प्रदान गरोस् भन्ने विचार राख्दै अन्त्य गर्दछु ।

●



चूडाप्रसाद चौलागाईं शिक्षासेवी तथा लेखक हुनुहुन्छ ।

# देशमा कैयौँ भरत जङ्गमको आवश्यकता छ
## – चेतनाथ आचार्य

'भ्रष्टविरोधी शास्त्रका प्रवर्तक एवं कालजयी व्यक्तित्व भरत जङ्गम हीरक महोत्सव मूल समारोह समिति' का तर्फबाट इमेलमा एउटा अनुरोधपत्र प्राप्त भयो । समितिका सदस्य सचिव हरि मञ्जुश्रीले अनुरोधपत्रमा लेख्नुभएको रहेछ – 'विश्वलाई नेपालका तर्फबाट भ्रष्टाचारविरोधी विज्ञान उपहार दिने व्यक्तित्व भरत जङ्गम र उहाँको योगदानका विषयमा तपाईं पनि जानकार हुनुभएकाले भरत जङ्गम हीरक महोत्सव मूल समारोह समितिबाट प्रकाशन हुन लागेको कालजयी व्यक्तित्व भरत जङ्गममा प्रकाशनार्थ लेख पठाइदिनुहोला ।'

इमेल पढेपछि म निकै बेर घोत्लिएँ । के भरत जङ्गमका बारेमा लेख्न सक्ने उपयुक्त पात्र हुँ म ? यो प्रश्नले मलाई बारम्बार गाँज्न थाल्यो । वि. सं. २०२९ सालमा म जन्मिँदा भरत जङ्गमले भ्रष्टाचारविरुद्धमा अभियान थाल्नुभएको दुई वर्ष भइसकेको रहेछ । विश्वविद्यालयमा अध्ययन गर्ने क्रममा उहाँका कृतिहरू खुब पढिन्थ्यो । नेपाली साहित्यिक जगत्मा उहाँ सिद्धहस्त व्यक्ति हुनुहुन्छ । तर यतिले मात्र उहाँको पहिचान बोक्तैन । सफल पत्रकार, अधिवक्ता, मानव-अधिकारवादी, सांस्कृतिक सम्पदा संरक्षण क्षेत्रका अभियानकर्ता, इतिहासका खोज तथा अनुसन्धानकर्ता, समाज सुधारक लगायतका थुप्रै पहिचान एकसाथ उहाँसँगै उभिन्छन् । पछिल्लो समय उहाँले विश्वजगत्लाई भ्रष्टविरोधी शास्त्र उपहार दिनुभएको छ ।

दुई हजार शब्दको एउटा लेख तयार बनाउनलाई मलाई एकाध घन्टा मात्र लाग्ने गर्छ, तर यो लेख तयार बनाउन हप्तौँ लागेको छ । के लेख्ने, कसरी लेख्ने जस्ता प्रश्नले हिर्काइरहेकाले लेख्ने आँट आएन, तर अनुरोधलाई अस्वीकार गर्ने हिम्मत पनि मसँग थिएन । प्रश्नको भुमरीमा रन्थनिरहेको बेला केही वर्षअगाडिको एउटा घटना दिमागमा भ्वास्स आयो ।

केही समयअगाडि चीनमा नेपाली भाषा पढिरहेका एकजना चिनियाँ विद्यार्थीले मलाई बीच बाटैमा एउटा प्रश्न सोधे – 'यस कथाबाट नेपालको कार्यालयको रीतिस्थिति कस्तो रहेछ भनेर बुझ्किसक्नुभयो होला, सङ्क्षिप्त रूपमा लेखिदिनुहोला ।' यसको उत्तर कसरी लेख्ने होला भनेर उनले प्रश्न गरेका थिए ।

ती चिनियाँ विद्यार्थीको प्रश्नले म रनभुल्लमा परेँ । कुराकानीका क्रममा उनले सोधेको प्रश्नको स्रोत थाहा भयो । उनी स्नातक तहमा मूल विषय नेपाली लिएर पढिरहेका चिनियाँ विद्यार्थी हुन् भन्ने कुरा मलाई पहिले नै थाहा थियो । पाठ्यपुस्तकमा समाविष्ट भरत जङ्गमले लेख्नुभएको 'कालो सूर्य' उपन्यासको पहिलो च्याप्टरपछि सोधिएको प्रश्न रहेछ त्यो ।

मेरा चिनियाँ साथी वाङचुङले 'छानिएका आधुनिक नेपाली साहित्यिक रचना' पाठ्यपुस्तक प्रकाशन गरेका छन् । चीनका विभिन्न ६ वटा विश्वविद्यालयमा मूल विषय नेपाली लिएर स्नातक गर्ने चिनियाँ विद्यार्थीका लागि हो यो पाठ्यपुस्तक । नेपाली कथा, कविता, नाटक र उपन्यासका केही भाग छनोट गरी यो पाठ्यपुस्तक तयार गरिएको छ । त्यही क्रममा भरत जङ्गमको उपन्यास 'कालो सूर्य' बाट पहिलो च्याप्टर अर्थात् 'आइतबार' समेटिएको छ । उपन्यासको यो अंशलाई पाठ्यपुस्तकमा राख्ताचाहिँ 'साथीको एक दिन' शीर्षक दिइएको छ ।

चिनियाँ विद्यार्थीको प्रश्नले मलाई फेरि दोहोऱ्याएर 'कालो सूर्य' पढ्ने अवसर मिल्यो । धेरै पहिले पढेको यो उपन्यास अहिले पनि उत्तिकै सान्दर्भिक र गहन छ ।

चिनियाँ पाठ्यपुस्तकमा राखिएको उपन्यासको पहिलो च्याप्टरमा जीवन नामको एक पात्र हुन्छ, जो कार्यालयको एउटा इमानदार कर्मचारी हो । सबै कर्मचारीले भनेको ठाउँमा सरुवा हुने, मनग्गे आम्दानी हुने, जीवनको तुलनामा अन्य कर्मचारीको जीवनस्तर निकै समृद्ध हुने कुराको मुख्य कारण कर्मचारीतन्त्रमा देखिएको अनियमितता र भ्रष्टाचार हो । छोराछोरी पढाउन नसक्ने अवस्था मात्र होइन, बिहान चिया खानसमेत नपाउने अवस्थामा पुगेका जीवन अन्ततः अरू कर्मचारीकै जस्तो भ्रष्टाचार गर्ने बाटोमा हिँड्न बाध्य हुन्छन् । उपन्यासले निरीह कर्मचारीको दैनिक जीवन कस्तो हुन्छ र परिवारमा कत्तिको अशान्ति छाएको हुन्छ भन्ने कुरालाई निकै मार्मिक ढङ्गले प्रस्ट्याएको छ ।

मैले त बुझेँ, तर ती चिनियाँ विद्यार्थीलाई नेपाली कार्यालयको रीतिस्थिति कस्तो छ भन्ने कुरा बुझाउन मलाई हम्मे पऱ्यो । मैले थाहा पाएर पनि सबै कुरा चिनियाँलाई भन्न सकिनँ । नेपालका सरकारी कार्यालयमा हुने अनियमितताका बारेमा खुलस्त भन्नलाई मलाई कताकता भित्रैबाट ग्लानि भएर आयो । जसोतसो सामान्य अवस्था मात्र मैले बुझाउन सकेँ । नेपालभित्रै हुँदा देखिएको नेपाली समाजलाई नेपालको भूगोलबाहिर रहेर हेर्दा दृश्य उही भए पनि त्यसलाई व्याख्या गर्न कठिन हुने रहेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी अर्थात् जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा प्यारा हुन्छन् भनिन्छ । विदेशमा बसेर नेपालको सौन्दर्य, मनोरम दृश्य, नेपाली चालचलन, संस्कृति, समाज, नेपालीको अनुहारको हाँसो, सुख, शान्ति र समृद्धिको बखान गरिरहने बानी परेका हामीलाई नेपाली समाजको साँचो चित्रण भन्नुपर्दाको पीडाबोधलाई यहाँ व्यक्त गर्न सकिने अवस्था छैन ।

धेरै वर्षको फरकमा दोहोर्‍याएर पढेपछि 'कालो सूर्य' ले देशको अवस्था कस्तो छ भन्ने कुरालाई चाहिँ भने छ्याङ्ग पार्ने रहेछ । 'कालो सूर्य' उपन्यास नेपाली समाजको ऐना हो । चार दशकअगाडि लेखिएको यो उपन्यास अहिले पनि नेपाली समाजलाई उत्तिकै जीवन्त चित्रण गर्न सफल छ ।

सूर्य कहिल्यै कालो हुँदैन । सूर्य कालो हुनलाई ग्रहण लाग्नुपर्छ । जब राहु र केतुले सूर्यलाई कलङ्कित बनाउने प्रयास गर्छन्, त्यति बेला सूर्यमै छाया परेर कालो हुने गरेको कुरा धार्मिक शास्त्रहरूमा उल्लेख छ । ब्रह्माण्डको चालमा विषम परिस्थिति हुँदा सूर्यमाथि छाया परी ग्रहण लाग्ने कुरा विज्ञानले बताएको छ । यस हिसाबले भरत जङ्गमको उपन्यास 'कालो सूर्य' नेपाली समाजलाई ग्रहणले गाँजेको एउटा विद्रूप अवस्थाको चित्रण हो ।

नेपाली आख्यान जगत् विशेष गरी उपन्यास विधामा 'कालो सूर्य' ले नयाँ गोरेटो खनेको छ । उपन्यासमा रहेका सातवटा विषय (च्याप्टर) लाई आइतबारदेखि शनिबारसम्म शीर्षक दिइएको छ । एउटा च्याप्टरको अर्को च्याप्टरसँग कुनै सम्बन्ध छैन । झलक्क हेर्दा यो सातवटा कथा सङ्ग्रहित कृतिजस्तो देखिए पनि यथार्थमा यो उपन्यास नै हो । समाजमा भइरहेका कुकृत्यमा केन्द्रित पात्रलाई टपक्क टिपेर बडो कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । कथावाचन शैली आकर्षक भएकाले उपन्यास पढ्न थालेपछि छोड्न मनै लाग्दैन । अनि एकै बसाइमा उपन्यास पढेर सकिन्छ पनि । उपन्यास पढ्दै जाँदा पाठकले उपन्यासका पात्रहरूलाई आफ्नै आपसापमा भेट्नु यसको अर्को बेजोड क्षमता पनि हो ।

'कालो सूर्य' उपन्यास चार दशकअगाडि लेखिएको हो । तसर्थ यो उपन्यासमा तत्कालीन समाजका कुरूप पक्षको पर्दाफास गरिएको छ । ती कुरूप पक्ष अहिले पनि नेपाली समाजमा उस्तै छन् । सडक तथा पुल निर्माणमा हुने भ्रष्टाचार, कालोबजारी, तस्करी, अनियन्त्रित बजार र सर्वसाधारणको पीडा, कर्मचारीतन्त्रले गर्ने अनियमितता, राजनीति गर्ने नेताको चरित्र, पुरातात्त्विक सामग्रीको अवैध धन्दा आदि उपन्यासले समेटेका विषय हुन् । विदेशी व्यक्तिले अवैध रूपमा नागरिकता लिएर देश खोक्रो

बनाएको कुरा यति बेला नेपालमा ठूलो मुद्दा बनेको छ । तर भरत जङ्गमले चार दशकअगाडि नै 'कालो सूर्य' उपन्यासमा यो विषय उठाउनुभएको छ ।

व्यापारी र कर्मचारीतन्त्रको मिलेमतोमा बजारमा हुने कृत्रिम अभावसँग हुने कालोबजारीकरणबाट सर्वसाधारण जनता असाध्यै पीडित छन् । यी विषय अहिले पनि उत्तिकै जल्दाबल्दा छन् । पुराना कर्तुतहरू उस्तै छन्, बरू केही थप भएका छन् । भरत जङ्गमले वर्तमान समयमा अर्को 'कालो सूर्य' सिर्जना गर्ने हो भने चेलिबेटी बेचबिखन, युवा पुस्तालाई खाडी मुलुकमा बेचेर गरिने मानव तस्करी, मानव अङ्गको तस्करी, मिटर ब्याजको धन्दा, प्रकृतिमाथिको दोहन, नेटवर्किङ व्यापारको अवैध धन्दा, खेलकुदमा हुने फिक्सिङ, बैङ्कहरूले नागरिकलाई गरेको उठिबास, सहकारीका नाममा भएका ठगी धन्दा, अस्पतालले बिरामी तथा लासमाथि गर्ने व्यापार, शिक्षामा भएको व्यापार जस्ता विषय त्यसमाथि मात्र थप हुने थिए । चार दशकअगाडिको 'कालो सूर्य' सात दिनका च्याप्टरमा सीमित भएको छ । वर्तमानको 'कालो सूर्य' ३६५ दिनको च्याप्टरमा समेट्न पनि मुस्किल हुन सक्छ ।

मानिसका पीडा अनगन्ती हुन्छन् । दैनिक भोगाइ, महँगीको मार, समाजमा हुने जालझेल, परिस्थितिले सृजना गर्ने व्यवधानको साङ्गोपाङ्ग नै समाज हो । विद्यालयमा पढिने समाजको परिभाषा फेर्न आवश्यक छ । पाठ्यक्रममा राखिएको परिभाषाले त कुनै पनि नकारात्मक पक्षलाई समेटेकै छैन । सबै सकारात्मक भएमा मान्छेलाई समाज नै चाहिने थिएन । रामराज्यमा हरेक व्यक्ति खुसी हुने थियो । सुख र शान्तिसँग बाँच्न सक्ने थियो । ऊ एक्लै भए पनि अथवा समाजमा भए पनि फरक पर्ने थिएन । तर यहाँ त रामराज्य होइन, रावण राज्य छ । तसर्थ समाज चाहिन्छ । तर समाजले मान्छेलाई सहयोगको मल्हमपट्टीभन्दा पनि आहत र आर्तनाद दिइरहेको छ ।

समाजका गण्यमान्य भनिएका व्यक्तिहरू नै आर्थिक, सामाजिक, शैक्षिक तथा विविध ढङ्गले पछि परेका वर्गमाथि अन्याय गरेर आफ्नो दुनो सोझ्याउने काम गर्छन् । हो, यही काम नै कालान्तरमा सूक्ष्म ढङ्गबाट भ्रष्टाचार जन्माउने मूल स्रोतमा स्थापित हुने गर्छ ।

नेपाली समाजको यस्तो अवस्थामा चिनियाँ विद्यार्थीको प्रश्नले 'कालो सूर्य' उपन्यासमा दैनिक घोत्लिने बानी पर्न गयो । अनि ती चिनियाँ विद्यार्थीको प्रश्न र भरत जङ्गमको 'कालो सूर्य' उपन्यासमा केन्द्रित भएर केही लेख्न सकिन्छ कि भनेर प्रयास गरेँ । नेपाली समाजका नक्षत्र भरत जङ्गमको ७५ औँ जन्मोत्सवका अवसरमा प्रकाशन हुने यो महत्त्वपूर्ण दस्तावेजमा

पुस्तान्तरको प्रतिनिधित्व गर्दै केही लेख्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु । यहाँ पुस्तान्तर शब्द किन प्रयोग गरेको छु भने म जन्मनुभन्दा दुई वर्षअगाडि नै भरत जङ्गमले नेपाली समाज सुधारका क्षेत्रमा काम थाल्नुभएको हो । हुन सक्छ मभन्दा पछि जन्मिएका व्यक्तिहरूले पनि यस ग्रन्थमा आफ्ना धारणा राख्नुभएको होला ।

अहिले हाम्रा आनीबानी परिवर्तन भएका छन् । एक्काईसौँ शताब्दीमा सञ्चारको विकासले विश्वलाई सानो गाउँ बनाएको छ । विश्वको ओल्लो कुनामा के भयो पल्लो कुनामा तुरुन्तै थाहा हुन्छ । फेसबुक र युट्युबले मेन स्ट्रिमका मिडियालाई आच्छुआच्छु बनाइरहेका छन् । साहित्यका विभिन्न विधामा नयाँ प्रयोग र आयाम देखिएका छन् । भौतिक विकाससँगै मान्छेका चाहना फेरिएका छन् । तर भरत जङ्गमले उठाएका नाराहरू उही र उस्तै छन् । किनभने हाम्रो समाजलाई खोक्रो बनाउने धमिराहरू उस्तै छन् । भरत जङ्गम एउटा त्यस्तो प्रतिनिधि पात्र हो, जसले तमाम नागरिकभित्र गुम्सिएको प्रश्नको वकालत गर्दछ ।

देश बचाउने कुरा हामी सबैको होइन र ? स्वच्छ समाज सबैको चाहनामा पर्दैन र ? पुरातत्वको संरक्षण गर्नु हामी सबैको दायित्व होइन भनेर कसले भन्न सक्छ ? के हामी भ्रष्ट देशका नागरिक हौँ भनेर विश्वलाई आफ्नो परिचय दिन सक्छौँ ? सामाजिक सुरक्षा, शान्ति, सद्भाव, मानव-अधिकार, सांस्कृतिक संरक्षण, गरिब, निमुखा, हेपिएका र पछि परेका नागरिकले पनि राज्यबाट उत्तिकै अधिकार प्राप्त गर्नुपर्छ भन्ने कुरा कसको मनमा छैन र ? देशको सीमा मिचिँदा कसको हृदय नरोला ? देशमा राजनीतिक मुद्दाले तमाम नागरिकका मुद्दालाई ओझेल बनाएर गुम्सिनुपर्दा हामी सबैलाई उत्तिकै पीडा हुन्न र ? तर खै हामीले यी विषयमा प्रश्न उठाएको ? सबैका प्रश्न र पीडाको भारी सधैँभरि भरत जङ्गमले मात्र बोक्नुपर्छ र ?

देशमा यति बेला पनि 'कालो सूर्य' को जगजगी छ । सरकारी कर्मचारीले घुस नखाईकन सिन्को भाँच्तैनन् भन्ने मान्यता समाजमा छ । सरकारी विद्यालयका शिक्षकहरू जनताको करबाट तलब खान्छन् तर विद्यार्थीलाई पढाउनुको सट्टा राजनीति गर्न समय खर्च गर्छन् । एकातिर बेरोजगारीको पीडाले युवा पुस्तालाई अरबको मरुभूमिमा पुऱ्याएको छ, अर्कातिर गाउँघरका बारी बाँझो भएर कृषिप्रधान राष्ट्रले विदेशबाट खाद्यान्न किन्नुपर्ने बाध्यता छ । निर्वाचनका नाममा पैसामा मत किन्ने र कथित मतादेशको नाममा देश लुट्ने काम भइरहेको छ । राजनीतिक दल र नेताका

स्वार्थहरू राष्ट्रभन्दा माथि हुन थालेका छन् । चेलीबेटी बेचबिखनका रूपमा रहेको मानव व्यापार हिजोआज लाइसेन्सप्राप्त मानव तस्करहरूले खाडी मुलुकमा युवा पुस्ता निकासी गर्दैछ । सबैलाई सबै कुरा थाहा छ, तर कसलाई कहाँ गएर भन्ने ? सबै नागरिकले आफ्ना गुनासा खुलस्त रूपमा राख्न पनि सक्तैनन् । उनीहरूको पहुँच हुँदैन । सुरक्षाको प्रत्याभूति हुँदैन । आफ्नो र सन्ततिको भविष्यको चिन्ता हुन्छ ।

हो, उल्लिखित आवाज बुलन्द बनाउनका लागि एउटा होइन, सयौँ भरत जङ्गम चाहिएको छ । देशलाई काँचुली फेराउनका लागि नेताका भाषण सुन्ने होइन, भरत जङ्गमको आवाज सुन्नुपरेको छ । ७५ वर्षको उमेरमा पनि भरत जङ्गम उत्तिकै जोस र जाँगरका साथ जनताका समस्यामा डटिरहनुभएको छ । देश बचाउन लागिरहनुभएको छ । यति बेला हामी सबैको आत्मामा रहेको भरत जङ्गमलाई मुखरित गर्नु आवश्यक छ । उहाँका हरेक पाइला र कदममा साथ आवश्यक छ । नेपाल आमाले घरघरमा भरत जङ्गम जन्माउनु अनिवार्य छ । भरत जङ्गम गर्भबाट होइन, चेतनाबाट जन्मिने हो । आँट, साहस, आदर्श, विचार र परिश्रमबाट भरत जङ्गम सिर्जना हुन्छ । आउनुहोस् हामी सबैले प्रण गरौँ र नेपाली आकाशमा लागेको सधैँको सूर्यग्रहणलाई हटाऔँ । समाजका विकृति र विसङ्गतिलाई धूलिसात बनाऔँ ।

भरत जङ्गम तपाईंको अभियान अझै द्रुत गतिमा अगाडि बढ्नेछ । देश र जनताका निम्ति तपाईंको साहस र जाँगर ज्वारभाटाजस्तै अझै विस्फोट हुनेछ र हरेक नागरिकमा लाभा फैलिनेछ । भरत जङ्गमलाई हीरक जन्मोत्सवको शुभकामना ।

●



चेतनाथ आचार्य बेइजिङ, चीनमा बस्नुहुन्छ । उहाँ चिनियाँ रेडियो इन्टरनेसनल नेपाल शाखामा विदेश विशेषज्ञ हुनुहुन्छ ।

# रूप एक क्रिया अनेक
## – जनक वाग्ले

भरत जङ्गम ६५ वर्ष अगाडिदेखिका घनिष्ट मित्र । आज ती दिनहरू सम्झँदा एकछिन त्यसैमा हराउन मन लाग्छ । २०-२५ जनाजति हामी चाबेल स्कुलमा एउटै क्लासमा पढ्ने । कक्षाकोठाभन्दा बाह्य क्रियाकलापमा सम्वन्ध बढी थियो । त्यो बेलाका हाम्रा गतिविधि थियो धूलोमैलोमा उफ्रियो, दौड्यो । आहा ! क्या मजा ! न राम्रा लुगा हुन्थे, न किताब-कापी । स्कुल गयो, दिनभरि उफ्रियो, आयो । २ पैसाको बरफ किनेर बाँडेर खाने, गुच्चा पिपी-तिलौरी, अम्बा, आलुबखडा कसैको बारीमा टिपटाप पार्‍यो, खायो ।

स्कुले जीवनमा सबैसँग मिल्ने हँसीमजाक गर्ने भरत सबैको प्रिय नै थियो । खोपी खेल्ने अनि मौका पायो कि बागमतीमा पौडी खेल्न जाने । यिनै हुन् हाम्रो मनोरञ्जनका तमासा । यसैमा सबै रमाउने । आहा ! न चिन्ता न कुनै लक्ष । सम्पूर्ण अभावहरूका बाबजुद एक स्थानमा बस्यो र आकाश-पातालका कुरा गर्‍यो । यसैमा रमायो । जिन्दगी सम्झनाको पोको रहेछ । यसो फुकायो, पुराना यादमा एकछिन रमायो ।

उल्काउल्का कुरा गर्ने भरतको सम्झना आज पनि झलझली दृश्य बनेर घुम्दैछन् । आजका जस्ता कुनै खेलकुद सामग्री थिएनन् । चङ्गा भने खुब मजासँग उडाइन्थ्यो । भरतसँग बितेका स्कुलका यादहरू धेरै छन् । गन्थन लामो हुन्छ । फुर्तिलो, हक्की, हँसमुख, हाम्रो झुन्डको मुली नै थियो । यस्तै-यस्तै दिनचर्यासँग स्कुल जीवन सकियो । लाखापाखा लागे सबै । जीवनको एक कालखण्ड यस्तै अल्लारे तालले सकियो ।

भेटघाट नभए पनि नेपाली जनजीवनमा परेका पीरमर्काका विषयमा उसले न्यायका लागि गरेको सङ्घर्ष अखबारभरि छापिएका थिए । म खोजीखोजी पढ्थेँ । जनपक्षीय लडाइमा सधैँ अग्रसर हुने भएकाले जनमानसमा उसको राम्रो छाप थियो भने सरकार उसमाथि सधैँझैँ बक्र रहन्थ्यो ।

अखबारमा अचानक भरत जङ्गमले चीनको कुनै सहरमा पाकेटमार समातेर चीन सरकारबाट पुरस्कार पायो भन्ने समाचार पढ्दा म छक्क परेँ । कत्रो साहस ! हिम्मती मित्रलाई सलाम गरेँ । पछि भेटमा साद्धा ऊ चीनमा

व्यापार-व्यवसाय गर्दो रहेछ । त्यसैको सिलसिलामा जाँदा यस्तो घटना भएको रहेछ । चीनसँगको व्यापारमा खोलिएको एलसीमा वाणिज्य बैङ्कले भुक्तानीका लागि दुःख दिएको विषयमा मैले सत्यतथ्य बुझी उचित सल्लाह पनि दिएको थिएँ ।

साहित्यतर्फ आफ्नै छवि स्थापित गर्न सफल लेखकका केही कृतिहरू अध्ययन गरेको छु । त्यसमा 'कालो सूर्य' र 'व्यूहचक्र' जस्ता उपन्यासले देशको समसामयिक स्थितिले सिर्जना गरेका जटिल समस्या र माफियातन्त्रले देशको आर्थिक व्यवस्थामा परेको असरबारे क्रान्तिकारी परिवर्तनतर्फ सबै अग्रसर हुनुपर्ने सन्देश प्रक्षेपण गरेको पनि देखियो । आजकल त यस्तो अनैतिक चलखेलले उग्र रूप लिएको छ । सिङ्गै जनता नजागेसम्म एकजनाले मात्र यो लडाइँमा अग्रसरता देखाएर समस्या समाधान हुनेवाला छैन । शिरमा देश र हृदयमा देशको माटो बोकेर सधैँ अन्याय, अत्याचार र भ्रष्टाचारविरुद्ध सङ्घर्षरत मित्रका हरेक पाइलाहरूले भ्रष्टहरू काम्न थालेका छन् ।

कट्टर शिवभक्त भरत धर्मकर्ममा अग्रसर र सामाजिक सेवामा सधैँ सक्रिय । आश्चर्यको कुरा, ऊ सधैँ बिहान ४ बजे पशुपतिनाथको ढोका खुल्नुअघि नै पशुपतिनाथ मन्दिर पुगिसक्थ्यो । बानेश्वरदेखि ४ किलोमिटर जाडो र वर्षा नभनी हरेक दिन आतेजाते । हे प्रभु ! धन्य हो मेरो मित्र । सबेरै आउने क्रममा ट्यापेहरूले धेरै दुःख दिएको घटना पनि सुनेँ । मन्दिरको ढोका खोल्न ढिलो हुँदा भण्डारीको गर्धन समातेको पनि देखेको छु । उसले गरेको प्रगति र देशप्रतिको मायाप्रेम महादेवकै कृपा हो जस्तो लाग्छ ।

डोलेश्वर महादेवलाई विश्वसामु चिनाएर नेपाललाई धार्मिक पर्यटकीय क्षेत्रको विकासमा उसले पुऱ्याएको योगदान प्रशंसनीय छ । यस्तै धार्मिक क्रियाकलापले गर्दा आज मठाधीश पदमा चयन हुनुबाट नै उनी अब्बल व्यक्ति हुन् भन्ने प्रस्ट हुन्छ । आज डोलेश्वर महादेवको महत्त्व सबैले बुझे, जसले गर्दा त्यस क्षेत्रको विकासले गति लियो ।

'अग्निचक्र' मा प्रकाशित उसको लेख पढ्दा भक्तपुर क्षेत्रका मठमन्दिर वरिपरि रहेका डाँडाकाँडा र नदीनालाहरूको विस्तृत अध्ययन गरी त्यसको महत्त्व र ऐतिहासिक पक्षबारे इतिहासविद् भएर गरिएको वर्णन र ती क्षेत्रका महत्त्वबारे लेखिएको शोधपूर्ण लेख नेपालको धार्मिक प्रवर्धन र सांस्कृतिक उत्थानमा ठूलो सहयोग पुग्ने विषय बनेको छ ।

उसका विषयमा जति लेखे पनि गन्थन सिद्धिनेवाला छैन । लेख्तै गए त उपन्यास नै तयार होला जस्तो छ । खुसी लाग्यो । उसका विषयमा लेख्ने भनेको आफू स्वयंको पनि झझल्को आउनु हो । मद्यपान, धूमपान,

खेलबाडबाट टाढा उसको बानीलाई सलाम । भ्रष्टाचारविरोधी अभियानका नायक मेरो मित्रको सधैँ कुनै न कुनै नयाँ क्रियाकलाप सुनिरहन पाऊँ । पशुपतिनाथले सधैँ प्रेरणा दिनेछन् ।

•



जनक वाग्ले भरत जङ्गमका बाल्यकालदेखिका मित्र हुनुहुन्छ ।

# बानेश्वर महादेवस्थानको उन्नयनमा भरत जङ्गमको भूमिका

## – डा. जनार्दनराज लामिछाने

भरत जङ्गमसितको मेरो चिनजान २०७४ सालतिरको हो । यसभन्दा अगाडि म उहाँको नामसित मात्र परिचित थिएँ । उहाँ राजनेता हुनुहुन्थ्यो । सांसदको चुनावमा उहाँ उमेदवार हुनुहुन्थ्यो । हामी उहाँलाई भोट हालेर सांसदमा जिताउन चाहन्थ्यौँ ।

२०७४ जेठ महिनामा 'नेपालको प्रशासनिक संस्कृति' नामक कृतिको विमोचन भएको थियो । उहाँ नेपालको इतिहास र संस्कृतिमा गहिरो दखल भएका विद्वान् हुनुहुँदो रहेछ । उहाँ उपन्यासकार, गीतकार, भजनकार, इतिहासकार, कथाकार, भ्रष्टाचारविरोधी अभियन्ता, भ्रष्टविरोधी शास्त्रका प्रतिपादक, समाजसेवी, शिवमन्दिरहरूको अन्वेषण, अध्ययन, संरक्षण र प्रवर्धन आदि कार्यमा निरन्तर लाग्नुभएका एक कर्मठ र बहुआयामिक व्यक्तित्वका धनी अनन्य शिवभक्त, जागरुक, उत्साहित, अरूलाई प्रेरणा दिने महान् व्यक्तित्व हुनुहुँदो रहेछ ।

एउटै व्यक्तिमा यति धेरै प्रतिभा र गुण हुनु प्रायः दुर्लभ छ । तर भरत जङ्गमसित चिनाजानी भएपछि मलाई यो सम्भव छ, सम्भव हुँदो रहेछ भन्ने लाग्यो । उहाँको समग्र व्यक्तित्व, प्रतिभा र योगदानका बारे पूर्ण प्रकाश पार्न सक्ने न मेरो योग्यता छ, न मेरो सामर्थ नै छ । यो लेखको मुख्य उद्देश्य उहाँले बानेश्वर महादेवस्थानको उन्नयनमा पुऱ्याउनुभएको योगदानबारे चर्चा गर्नु हो । यसभन्दा अघि उहाँले अन्य शिवमन्दिरहरूको अध्ययन, अन्वेषण, संरक्षण र प्रवर्धनमा पुऱ्याउनुभएको योगदानको चर्चा गर्नु सान्दर्भिक लागी सोको जमर्को गरेको छु । तर यो चर्चामा उहाँले योगदान पुऱ्याउनुभएका सबै शिवमन्दिरहरू समावेश छैनन् । उदाहरणका रूपमा केही मन्दिरहरूका मात्र उल्लेख छ ।

भरत जङ्गमका बारेमा छुटाउन नहुने कुराहरूमध्ये पहिलो र ज्यादै महत्त्वपूर्ण प्रसङ्ग हो श्री पशुपतिनाथको पूजाआजा सनातन परम्परादेखिकै अवस्थामा फर्काउनु या पुनर्स्थापित गर्नु ।

माओवादी सङ्घर्षपश्चात् माओवादीसहितको लोकतन्त्रात्मक सरकारले गठन भयो । जनताको आशा र अपेक्षाविपरीत नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा भयो । असी प्रतिशतभन्दा बढी हिन्दू भएको देशमा एकजनाले पनि सडकमा उत्रिएर यसको विरोध गर्न सकेनन् । नेपालका ब्राह्मणहरू पनि टुपीकटुवा नै ठहरे । चरो-मुसो कसैले पनि सडकमा उत्रिएर हिन्दूराष्ट्र चाहिन्छ भन्न सकेनन् । समावेशी र समानताको नाममा अन्धाधुन्ध सांसदहरूको नियुक्ति भयो । देशले स्थीरता, स्वाभिमान र अनुशासन छोडेर उच्छृङ्खलता, उद्दण्डता, मनोमानी र आर्थिक विचलनको बाटो पक्डियो । कर्मचारीतन्त्रमा पनि कर्तव्यनिष्ठ, योग्य र इमानदारको ठाउँमा पार्टीगत आधारमा नातागोता र आफ्ना मान्छेकै बाहुल्य भयो । सरकारले पनि देशको मर्यादा र गरिमा, पुरानो सभ्यता र संस्कृतिलाई मिचेर मनमना शासन चलाउन थाल्यो । सनातन धर्म र आस्थाका केन्द्रहरूमा पनि प्रहार हुन थाल्यो । अब पशुपतिनाथको पूजाआजा विदेशी भट्टहरूबाट गराउनुपर्दछ भन्ने मनसाय सरकारले बनायो । यो कुराको आभास भएपछि पशुपतिनाथका मूल भट्ट श्री महाबलेश्वरजीले राजिनामा दिनुभयो । उहाँको राजिनामा स्वीकृत भयो र उहाँको ठाउँमा डा. विष्णुप्रसाद दाहालको नियुक्ति भयो ।

सरकारको यस निर्णयको विरोधमा भरतमणि जङ्गम र अन्य केही महानुभावहरू कम्मर कसेरै लाग्नुभयो । भरतमणिजीले यो निर्णयको विरुद्ध सर्वोच्चमा रिट दायर गर्नुभयो । २०६५ साल पौष १७ गते बिहानै नेपाली भट्टलाई पशुपतिनाथको मन्दिरमा प्रवेश गराउने योजना उहाँहरूले विफल पारिदिनुभयो । सर्वोच्च अदालतले सरकारी निर्णयको विरुद्धमा पशुपतिनाथको पूजा यथास्थितिमा राख्नू, राख्न लगाउनू भन्ने अन्तरिम आदेश जारी गर्‍यो । सरकारले पनि बाध्य भएर यो निर्णय फिर्ता लियो । २०६५ साल पौष १७ गतेदेखि २३ गतेसम्म ७ दिन रोकिएको पशुपतिनाथको पूजा पौष २४ गतेदेखि यथावत चल्न थाल्यो । यो काममा भरतमणि जङ्गमको अग्रणी भूमिका रह्यो ।

मृगस्थली क्षेत्रको करिब ९००० रोपनी जमिनमा क्रिस्चियनहरूले कब्जा गर्न सुरु गरेकोमा सरकारको सो कार्य बदर गराउने कार्यमा पनि भरत जङ्गमको अहम् भूमिका रह्यो । भक्तपुर सिपाडोलस्थित हालको डोलेश्वर महादेवलाई २०५८ सालसम्म विमलेश्वर महादेव भन्दथे । स्थानीय जागरुक युवाहरू विमलेश्वर महादेव विकास तथा संरक्षण समिति गठन गरेर मन्दिरको संरक्षण र प्रवर्धनमा लागिपरेका थिए । भरतमणि जङ्गम पनि सो समितिमा संलग्न हुनुभयो । अन्ततः यी विमलेश्वर महादेव नभई केदारनाथको शिरोभाग डोलेश्वर महादेव हुन् भनी प्रमाणित गराउनुभयो ।

२०६६ साल भाद्र ६ गते भारत उत्तराञ्चलका केदारपीठाधीश्वर जगद्गुरु श्री श्री १००८ भीमाशङ्कर लिङ्ग शिवाचार्य महास्वामीबाट डोलेश्वर विमलेश्वर सिपारे भनिने यस शैवमन्दिरलाई श्री केदारनाथजीको शिरोभागका रूपमा प्रमाणित एवं घोषणा गर्दै शिलापत्रसमेत स्थापना र अनावरण गराइयो । आज डोलेश्वर महादेवस्थानको चौतर्फी विकास भइरहेछ र सबैका लागि डोलेश्वर महादेव एक विशिष्ट शिवमन्दिर बन्न पुगेको छ । यो कार्यमा पनि भरतमणि जङ्गमको अग्रणी र महत्त्वपूर्ण भूमिका रहेको छ ।

यसका अतिरिक्त अन्य थुप्रै महादेवस्थानहरू छन्। जहाँ भरत जङ्गमको योगदान र सहयोग पुगेको छ । यसमा बढी चर्चा गर्दा व्यक्तिप्रशंसाजस्तो हुने जानेर लेखको उद्देश्य पनि उहाँले योगदान पुऱ्याउनुभएका शिवमन्दिरहरूको विशद् चर्चा गर्ने नभएकाले केही शिवमन्दिरहरूको नामसम्म उल्लेख गरी यो प्रसङ्गलाई विराम दिन्छु ।

- क) भक्तपुर जिल्लाको दक्षिण भेगमा गुन्डु रहेको अनन्तलिङ्गेश्वर महादेव मन्दिर ।
- ख) दक्षिण गोदावरी शिखरेश्वर महादेव ।
- ग) भक्तपुर जिल्लाको साविक वागेश्वर गा. वि. स. हाल चाँगुनारायण नगरपालिका वडा नं. ४ मा रहेको वागेश्वर महादेव ।
- घ) काभ्रेपलान्चोक जिल्लाको हाल काभ्रे बनेपा क्षेत्रमा धनेश्वर महादेव ।
- ङ) काभ्रपलान्चोक जिल्ला मण्डन देउपुर नगरपालिका वडा नं. ११ जैसीथोक फेदीका उग्रेश्वर महादेव ।
- च) काभ्रे जिल्लाको धुलिखेल र बनेपाको बीच भागमा रहेको बनेपा नगरपालिका वडा नं. ६ को नीलकण्ठेश्वर महादेव ।

यसमा बढी पूर्वतर्फका शिवमन्दिरहरू नै देखिए ।

बानेश्वर महादेवस्थानको ज्यादै ठूलो महिमा छ । यो प्राचीन शिवमन्दिरहरूमध्ये एक हो । अहिले मन्दिरमा रहेको शिलालेख भेटिँदैन । हामीले सुनेको कुराचाहिँ बानेश्वर महादेवको दर्शन गरेमा पशुपतिको दर्शन गरेसरह पुण्य पाइन्छ भनी उल्लेख भएको छ भन्ने हो । लिच्छविकालभन्दा पनि अगाडि नेपालका राजा कृत वर्माले गोदावरीको दरबार छोडी बानेश्वरमा राजदरबार बनाई नेपालको शासन बानेश्वर राजदरबारबाटै गरेका थिए भन्ने कुरा वंशावलीमा उल्लेख भएको पाइन्छ । त्यसैले बानेश्वर महादेवस्थानको प्राचीनता र महात्ताबारे शङ्का गर्ने ठाउँ छैन । कालान्तरमा बानेश्वर साँगुरियो

तर बानेश्वर महादेवले यसको गरिमा जोगाइराखे । बानेश्वर महादेवस्थानसँगै सडकपारि दुईवटा ढुङ्गेधारा छन् । पश्चिमपट्टि मुख भएको धारालाई वाणगङ्गा भन्दछन् । यसको शिरोभागमा क्यामुनाको रूख थियो । यो धाराका पानीले नस लिएमा पिनास निको हुन्छ भन्दथे । अहिले त्यो धाराबाट पानी झर्न छोडेको छ । अर्को धारा पूर्वपट्टि फर्केको छ । यसलाई बासहिरो पनि भन्दथे । यसको पानी पिएमा छातीको रोगलगायत टीबीसमेत निको हुन्छ भन्दथे । श्री ५ महेन्द्रको पालासम्म यो धाराको पानी राजदरबार लगिन्थ्यो । यी दुवै धाराहरू बानेश्वर महादेवको स्नान, पूजाआजा र मन्दिर परिसरको अन्य काममा समेत प्रयोग हुन्थ्यो । घरघरमा धारा जडान नहुन्जेल स्थानीयवासी पनि यहींको पानी खान्थे ।

१९१४ सालमा कर्णेल जीतमानसिंह बस्नेतले सरकारको लालमोहरबाट बानेश्वरसमेतको जग्गा विर्ता पाएका थिए । निजका हकवाला सन्तान जयमानसिंह बस्नेतले विर्ता पाएका जग्गाहरूमध्येबाट बानेश्वर महादेवस्थान परिसरमा चित्रेश्वर महादेवको मन्दिर बनाई, धर्मशाला र सत्तलसमेत बनाई करिब ५ रोपनी जग्गा गुठी राखेका थिए । पूजाआजाका लागि अरू जग्गाबाट आयस्ता आउने गरी व्यवस्था गरेका थिए । नयाँ सरकार आएपछि सरकारले खास-खास जग्गाहरू (जस्तै पशुपतिनाथ गुठी) बाहेक निजी गुठी र अरू सामान्य गुठीका जग्गाहरू रैकरमा परिणत गर्न सक्ने नियम बनाएको थियो तर यो प्रावधानलाई सर्वोच्च अदालतले २०६४ सालमा निषेध गरेको थियो ।

बानेश्वर महादेवको परिसरमा रहेको सत्तल प्रायः प्रयोगमा आएको थिएन । सबैको सल्लाहले यहाँ प्राथमिक पाठशाला खोल्ने निधो भयो । तत्कालीन प्रधानपञ्च सरदार फत्तेबहादुर पाण्डेले प्राथमिक विद्यालयको स्थापना र सञ्चालन गराउनुभयो । यस कार्यमा गाउँ पञ्चायतका सचिव हरिदास श्रेष्ठ र समाजसेवी शिक्षाप्रेमी कृष्णप्रसाद पराजुलीको योगदान रह्यो । यो प्राथमिक विद्यालय पछि रत्नराज्य मा. वि. मा परिणत भयो । रत्न पुस्तकालयको स्थापना भने २०५० सालमा भएको हो ।

रत्नराज्य मा. वि. को उन्नति हुँदै गएपछि अब जमिनको हक पनि रत्नराज्य मा. वि. मै हुनुपर्छ भन्नेतर्फ विद्यालय व्यवस्थापनको चलखेल हुन थाल्यो । बानेश्वर महादेवस्थानको नाममा गुठी रहेको जग्गाको क्षेत्रफल करिब ५ रोपनी छ । यसमा जम्मा ३ कित्ता छन् १९०, १९१ र १९५ । कि. नं. १९० र १९१ जग्गा निजी गुठीका हकदारबाट रैकर बनाई रत्नराज्यले हात पाऱ्यो । अब बाँकी रहेको कि. नं. १९२ जहाँ महादेवको मन्दिर रहेको छ, त्यसमा अब स्कुलको आँखा गड्यो । महादेवको पूजाआजाको त कुरै छोडौं,

अब खाली रहेको जग्गामा थियोमिचो गर्दै स्कुलले भवन बनाउने कार्य सुरु गऱ्यो । महादेवस्थान स्कुलअन्तर्गत भयो । स्कुलले अनुमति दिएको समयमा मात्र महादेवको दर्शन गर्न पाइने भयो । जसको शरणमा स्कुल आएर बस्यो, अब त्यसै ठाउँका महादेव स्कुलको शरणमा पुग्ने भए । यो त अचाक्ली नै भयो । महादेवको अस्तित्व नै विलय हुन दिनु त भएन ! यसका विरुद्ध सर्वप्रथम राजेन्द्रप्रसाद मरहट्ठा कम्मर कसेर लाग्नुभयो । सर्वोच्च अदालतमा गुठीको जग्गा विद्यालयले लिई गुठी लोप गरेको छ, बानेश्वर महादेवस्थानको गुठी जग्गा गुठी नै कायम रहोस् भन्ने माग राखियो । विद्यालयले २०६६ सालमा जग्गा किनेको थियो, तर सर्वोच्च अदालतले २०६४ सालमा नै गुठीको जग्गा बेचबिखन गर्न बन्देज लगाएको थियो ।

विद्यालयले आफ्नो हकै नभएको १९१ नं. कित्तामा विशाल भवन बनाउन लागेपछि अब बानेश्वरवासीलाई सह्य भएन । समाजसेवी सनातन धर्म अनुरागी राजेन्द्रप्रसाद मरहट्ठा र अन्य जागरुक बानेश्वरवासीहरू कृष्णबहादुर हमाल, मुकुन्दराज सत्याल, डा. द्वारिका उपाध्याय पौडेल, महेश खरेल, सुकुन्दराज अर्याल, शशिविक्रम राणा, दामोदर लामिछाने, रोशनराज लामिछाने, माधव लामिछाने, डा. श्रीराम बासकोटा, वैकुण्ठप्रसाद गौतम, हरिप्रसाद लामिछाने, अशोक कार्की, पद्मसिंह कार्की, प्रकाश आचार्य, वसन्त पराजुली, ऋषभदेव खनाल, धनञ्जय पौड्याल, शङ्करप्रसाद पौडेल आदिको समूहले यस कार्यमा बेजोड सहयोग पुऱ्यायो । स्कुल प्रशासन र यो समूहको बराबर मुठभेड भइरह्यो ।

बानेश्वर वडा नं. १० का अध्यक्ष रामकुमार केसीले पनि मुठभेडजस्तो समयमा कसैको पक्ष नलिई कानुनसम्मत र व्यावहारिक कुरामा राम्रो सल्लाह-सुझाव दिनुभयो । अन्ततः कि. नं. १९२ मा नयाँ बन्न लागेको भवनको निर्माण रोकियो । यसैबीच भरतमणि जङ्गमको यो समूहमा प्रवेश भयो । उहाँको प्रवेशपछि यो सङ्घर्षमा नयाँ आयाम र बल थपियो ।

बानेश्वर महादेवस्थानको उन्नयनमा उहाँको भूमिका बुँदागत रूपमा उल्लेख गरेको छु ।

१. बानेश्वर महादेवस्थानको महत्त्व छायामा सरेको बेलामा श्रीको महत्त्व र मर्यादा पुनरुत्थान गर्ने कार्यमा पहल गर्नेहरूलाई टेवा र बल दिई संयोजन गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको ।
२. महादेवस्थानलाई राजगुठीमा लैजान प्रमुख भूमिका खेलेको । अब स्कुलले चर्चेको जमिन पनि गुठी कायम भई लालपुर्जा बन्ने अवस्थामा आएको ।

३. नित्य रुद्राभिषेकका लागि प्रेरणा प्रदान गरी सोको सुरुवात २०७५ साल असोज ७ देखि गराएको
४. मन्दिरको व्यवस्थापनमा सुधार ल्याई मन्दिरभित्र पुजारीको मात्र प्रवेश हुने गरी व्यवस्था मिलाएको ।
५. २०७५ सालको शिवरात्रीदेखि मन्दिरको गर्भमा आफ्नै खर्चमा अखण्ड दीप प्रज्ज्वलन सुरु गराएको ।
६. बानेश्वर महादेवको भजन स्तुतिको रचना गरी त्यसलाई प्रयोगमा ल्याएको ।
७. बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाजको गठनमा योगदान पुऱ्याएको तथा गुठी संस्थानअन्तर्गत बानेश्वर महादेव मन्दिर गुठी व्यवस्थापन समिति गठन गर्ने कार्यमा अग्रसरता लिएको ।

भरतमणि जङ्गमको संलग्नताले बानेश्वर महादेवस्थानको पुनरुत्थानका लागि सङ्घर्ष गर्दै प्रमुख भूमिका खेलिरहेको समूहलाई 'के खोज्छस् काना ? आँखो' भनेजस्तै भयो र अहिले मन्दिरको चौतर्फी विकास भइरहेको छ । बानेश्वर महादेव पुनः आफ्नै अधिकारमा स्थापित हुनुभएको छ । हुन त यो सबै उहाँकै इच्छाले भएको हो, तापनि यसमा संलग्न हुनेको प्रशंसा र उहाँहरूको योगदानको उल्लेख नगरी कहाँ बस्न सकिन्छ र !

नेपालमा मूर्धन्य व्यक्तित्व र अद्‌भुत क्षमता भएका व्यक्तिहरूको कदर गर्ने परम्परा छैन, न त यसबारे कसैलाई चासो छ । अनेकानेक गुण र योगदानका साथै भ्रष्टाचारविरोधी शास्त्रलाई त्रि. वि. को पाठयक्रममा समावेश गराउने त्रि. वि. लाई भ्रष्टाचार विधाको अध्ययन-अध्यापनमा विश्वकै पहिलो विश्वविद्यालयका रूपमा कीर्तिमान स्थापित गराउने कार्यमा सफल व्यक्तित्वलाई के सरकारले कदर गर्नुपर्दैन ? भरतमणि जङ्गम, जसका बारेमा विद्यार्थीहरूले विद्यावारिधि डिग्रीका लागि शोधकार्य गरिरहेका छन्, जसका बारेमा २-३ वटा महाकाव्यको रचना भइसकेको छ, यस्ता मूर्धन्य व्यक्तिलाइ त्रि. वि. लगाउत अन्य विश्वविद्यालयहरूले कमसेकम मानार्थ विद्यावारिधि प्रदान गरेर उहाँको सम्मान गर्नुपर्दैन ?

भरतमणि जङ्गमलाई कुन शब्दले सम्मान गरूँ, के उपहार दिऊँ, मलाई साह्रै गारो परेको छ । उहाँमा बुद्धि, विद्या, बल, अध्यात्म, ऐश्वर्य सब कुरा पूर्ण भएजस्तो लाग्दछ । मनुष्य जीवनमा खास गरी चार सम्पत्तिको ठूलो महत्त्व बताइएको छ । प्रथम सम्पत्ति आरोग्य सम्पत्ति हो । भगवान्‌को कृपाले उहाँलाई यो सम्पत्ति स्वतः प्राप्त भएको छ । सात दशक पार गरिसके तापनि

उहाँ हट्टाकट्टा र निरोगी हुनुहुन्छ । दोस्रो सम्पत्ति भोग सम्पत्ति हो । यो सम्पत्ति खान-लाउन, परिवारको भरणपोषण गर्न, आवश्यक परेको बेलामा उदारतापूर्वक अरूको गर्जो टार्न चाहिने हो । यो सम्पत्ति पनि उहाँलाई प्राप्त छ । अर्को सम्पत्ति शीलसम्मान हो । हिंसा नगर्नु, झूटो नबोल्नु, चोरी नगर्नु, व्यभिचारी नहुनु, यी शील हुन् । यो सम्पत्ति पनि उहाँलाई प्राप्त भएकै देख्छु । चौथो सम्पत्ति परमार्थ सम्पत्ति हो । मेरो विचारमा उहाँले यो सम्पत्ति पनि बटुलिसक्नुभएको छ । उहाँको यश, कीर्ति, प्रशंसा र योगदानका कुराहरू पनि प्रशस्तै सुनेको छु । त्यसैले यसतर्फ उहाँ परिपूर्ण हुनुहुन्छ । उहाँलाई यो सबै सम्पत्ति स्वतः उपलब्ध छ । अब शुभकामनामा के कुरा दिने ?

मलाई अब एउटै कुराको प्रार्थना गर्न मन छ । जङ्गम परिवार भगवान् आशुतोषको भक्त परिवार हो । उहाँका पुर्खा पनि शिवभक्त नै हुनुहुन्थ्यो । भरत जङ्गमको परिवार नै मठाधीशको परिवार हो । भक्तपुरमा चोकैचोक भएको विशाल जङ्गम मठ छ । त्यसैले उहाँको परिवारमा शिवजीको कृपादृष्टि रहनु स्वाभाविकै हो । जङ्गम मठको विस्तार बनारससम्म छ । पुर्खौंदेखि शिव उपासक हुनुहुन्छ । उहाँले कालजयी उपाधि पाइसक्नुभएको छ । ४ युगको एक कल्प हुन्छ । यस्ता अनेक कल्प बितेपछि ब्रह्माजीको १ दिन हुन्छ । ब्रह्माजीका १ दिनमा कैयौं यमराजहरू बदलिन्छन् । यस्ता १०-१० ब्रह्माजीका आयु बराबर शिवजीको १ दिन हुन्छ । शिवजीको आयुको १ निमेष पनि मनुष्यको आयुको कति हुन्छ कति ! भगवान् शङ्करबाट आफ्ना अनन्य भक्त भरतमणि जङ्गमलाई चीर जीवनको कृपा प्राप्त होस् । उहाँले गरिआउनुभएका ओझेल परेका बानेश्वर महादेवको जस्तै अरू शिवमन्दिरहरू यस्तै अवस्थामा रहेका भए ती मन्दिरहरूको पुनः व्यवस्थापन होस् साथै उहाँको चौतर्फी विधामा उत्तरोत्तर प्रगति रहोस् भन्दै उहाँको सुस्वास्थ्य र ऊर्जावान् सुदीर्घ जीवनको कामना गर्दछु ।

●



डा. जनार्दनराज लामिछाने पूर्वप्रशासक, विभिन्न संस्थाका पदाधिकारी तथा सल्लाहकार र नीतिविशेषज्ञ हुनुहुन्छ । उहाँले पुस्तक तथा प्रशासन, जनस्वास्थ्य एवं अध्यात्मसम्बन्धी फुटकर लेखहरू पनि लेख्नुभएको छ ।

# भ्रष्टाचारविरोधी अभियन्ता
## – जनार्दन शर्मा अधिकारी

आचारहीनं न पुनन्ति वेदाः । आचारहीन व्यक्तिलाई वेदले पनि पवित्र पार्न सक्तैन । यहाँ आचार भन्नाले सदाचार या सत्याचारलाई लिइएको छ । त्यस्तै, आचारः प्रभवो धर्मः धर्मस्य प्रभुरच्युतः । सदाचारबाट नै धर्मको उत्पत्ति हुन्छ र त्यस धर्मका मालिक अच्युत या कहिल्यै नाश नहुने भगवान् हुनुहुन्छ । त्यसैले गीतामा पनि भनिएको छ – यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः अर्थात् श्रेष्ठ पुरुष या उत्तमजनले जे-जस्तो आचरण गर्दछन्, अरू उनको अनुयायीहरूले त्यसैको अनुकरण र अनुसरण गर्दछन् ।

यसरी हाम्रा धार्मिक ग्रन्थहरू गीता, महाभारत, नीतिशास्त्रहरूले समाजमा ख्याति प्राप्त गर्न र समाजलाई सही बाटामा डोऱ्याउन समाजका अग्रणी अर्थात् नेतृत्वकर्ताले राम्रो, अनुकरणीय या उत्तम आचरण गऱ्यो भने अरू उसका अनुयायीहरूले पनि त्यसको देखासिकी गर्दछन् र समाज स्वस्थ र उन्नतशील बन्दछ भनेका छन् । नेतृत्वकर्ता अर्थात् अगुवा नै भ्रष्ट आचरण गर्दछ भने समाज पतनोन्मुख बन्दछ । समाजलाई अधःपतनबाट जोगाउनका लागि अगुवाले श्रेष्ठ या उत्तम आचरण गर्नुपर्दछ, अनि मात्र समाज सुखी, शान्त र स्वस्थ बन्दछ ।

भ्रष्ट आचरणले व्यक्ति, समाज र राष्ट्रको अधःपतन हुन जान्छ । समाजमा आसुरी प्रवृत्ति बढ्दै जान्छ । पापाचार, दुराचार, हत्या, हिंसा, बलात्कार, चोरी, डकैती, लुटपाट, काटमारजस्ता अवाञ्छित क्रियाकलाप बढ्दै जान्छन् । समाज अशान्त र अस्थिर बन्दछ । यस्तो अवस्था धेरै बढ्दै गयो भने समाजलाई सत्मार्गमा हिँडाउन सन्त, महात्मा, सत्पुरुषहरूको खोजी हुन्छ, जसबाट समाज उन्नतिको बाटोमा लाग्न सकोस् र समाज सुखी, शान्त र स्वस्थ बनोस् भन्ने चाहना प्रत्येक मानव आत्मामा रहेको हुन्छ । त्यसैले त भगवान्ले गीतामा भन्नुभएको छ – यदायदा हि धर्मस्य ग्लानिर्भवति भारतः । जब-जब धर्मको ग्लानि भई अधर्मको वृद्धि हुन्छ, सज्जनहरूले दुःख पाउँदछन् र चोर, फटाहा, घुस्याहाहरू बढ्दै जान्छन्, त्यस्तो अवस्थामा महात्मा, साधु, सन्त, सत्पुरुषहरूको समाजमा अवतरण हुन्छ र उनीहरूको आचरण, व्यवहार, प्रवचन, उपदेश, लेखरचनाहरूका माध्यमबाट समाज राम्रो र शिक्षित बन्दछ । विभिन्न धर्मका आचार्यहरू, विभिन्न सम्प्रदायका मठाधीश,

पीठाधीशहरूका माध्यमबाट, उनीहरूका प्रवचन र उपदेशहरूबाट समाज उन्नत र स्वस्थ बन्दछ । त्यसैले राज्यले स्वधर्मको पालन, नीति-नियम र मर्यादाको शिक्षा दिने व्यवस्था गर्नुपर्दछ । समाजमा शान्ति, सुरक्षा, सुव्यवस्था कायम गर्न राज्यले स्वस्थ, स्वच्छ र सदाचारको बाटो समात्नुपर्छ ।

समाजमा जहिले पनि सही व्यक्तिको खाँचो खट्किरहेको हुँदो रहेछ, जसले समाजलाई सही बाटोमा डोऱ्याउन पुगोस् । समाजमा भ्रष्टाचार, पापाचार, अन्याय, अत्याचार बढ्न नपाओस् भन्ने जनआकाङ्क्षा हुँदो रहेछ र कहीँ-कहीँ कतै न कतै त्यस्ता समाजसुधारक व्यक्तिहरू समाजमा देखापर्दा रहेछन् र निराशोन्मुख समाजलाई आशाको अनुभूति गराउन लेखेर, बोलेर, व्यवहारले मद्दत पुऱ्याएको हामी देख्तछौँ । त्यसले भ्रष्टाचारलाई निर्मूल गरेर योगदान गरेर मद्दत पुऱ्याइरहेको हुन्छ ।

यसै सन्दर्भमा प्रसङ्गतिर लागौँ । नेपालमा विगत पाँच दशकदेखि भ्रष्टाचारविरोधी आन्दोलनका अगुवा अभियन्ताका रूपमा अग्रणी भूमिका सक्रिय रूपमा निर्वाह गर्ने व्यक्तित्व हुनुहुन्छ भरत जङ्गम, जसको व्यक्तित्व र कृतित्वका बारेमा आफ्नो केही विचार र भावनाहरू प्रस्तुत गर्न लागेको छु ।

नेपालमा भ्रष्टाचारविरुद्धको अभियानमा सशक्त र अग्रणी भूमिका निर्वाह गर्नुहुने आदरणीय व्यक्तित्व भरत जङ्गम काठमाडौँ उपत्यका भक्तपुर जिल्लाको टौमढी टोलमा वि. सं. २००४ मङ्सिर १० मा जन्मिनुभएर काठमाडौँलाई कर्मथलो बनाएर नयाँ बानेश्वरमा निवास गर्नुहुन्छ । उहाँले भ्रष्टाचारविरोधी अभियन्ताका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गरिसक्नुभएको छ । उहाँको ७५ औँ जन्मदिवस हीरक महोत्सवका रूपमा मनाउन हीरक महोत्सव मूल समारोह समिति पनि गठन भइसकेको र उक्त समितिले भव्य रूपमा कार्यक्रम आयोजना गरी हीरक महोत्सव मनाउन लागेको सुन्दा खुसी लागेको छ । यस अवसरमा म उहाँलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । उहाँको जीवन सुखमय, शान्त र आनन्दमय बितोस् । उहाँले सञ्चालन गर्दै आउनुभएको भ्रष्टाचारविरोधी अभियानले निरन्तरताका साथ पूर्ण सफलता पाओस्, आशुतोष भगवान् पशुपतिनाथसँग यही प्रार्थना गर्दछु । त्वं जीव शरदः शतम् ।

उहाँ बहुआयामिक व्यक्तित्वका धनी धार्मिक सामाजिक, साहित्यिक, राजनीतिक हरेक क्षेत्रमा उहाँ त्यत्तिकै सक्रिय रहेर समाजमा योगदान पुऱ्याइरहनुभएको छ । समाजमा जरो गाडेर बसेको भ्रष्टाचारजस्तो विकृति र विसङ्गतिका विरुद्ध विगत २०२७ सालदेखि भ्रष्टाचारविरुद्धको अभियानमा उहाँ अत्यन्त सशक्त रूपमा लागिपर्नुभएको छ ।

नेपाली समाजमा अत्यन्त चर्चित व्यक्तित्व भरत जङ्गम सफल पत्रकार, मूर्धन्य साहित्यकार, कुशल प्रशासक, इतिहास र संस्कृतिका ज्ञाता, सामाजिक अभियन्ताका रूपमा उहाँको नाम समाजमा सुपरिचित छ । उहाँका बारेमा कालजयी व्यक्तित्व भरत जङ्गम, भरतेन्दु महाकाव्य, कालो सूर्यका उज्याला किरण, भरतांशु महाकाव्य जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् ।

नेपालमा भ्रष्टाचारविरुद्धको अभियानमा अत्यन्त गहिरिएर सशक्त रूपमा निरन्तर लागिरहने उहाँ लौहपुरुष हुनुहुन्छ । धार्मिक, राजनीतिक क्षेत्रमा जति चर्चित हुनुहुन्छ, सामाजिक क्षेत्रमा उहाँको त्यत्तिकै ठूलो योगदान रहेको छ । विश्वप्रसिद्ध बागमती सभ्यताको अङ्ग बागमती नदी प्रदूषणमुक्त गराउने अभियानमा पनि उहाँको त्यत्तिकै संलग्नता रहेको छ र पशुपतिनाथ एवं बागमती गङ्गा आरती सेवा समिति र सार्वजनिक सम्पदा संरक्षण समितिमा उहाँको विशेष योगदान रहिआएको छ ।

यसरी समष्टिगत रूपमा छोटकरीमा समाजसुधारका क्षेत्रमा भ्रष्टाचारविरोधी अभियान मात्र नभएर अन्य पनि अनेकौं कार्यक्रमहरूका माध्यमबाट उहाँले पुऱ्याउनुभएको योगदान र व्यक्तित्व-कृतित्वका बारेमा यो लेखमा सबै विषय समेटिन सक्ने अवस्था छैन, उहाँको व्यक्तिगत र सामाजिक छविचाहिँ समाजमा अत्यन्त आदरणीय रहेको मैले पाएको छु ।

उहाँको भावी जीवनमा अझ बढी सफलता मिल्दै जाओस् भन्ने शुभभावना र शुभकामना व्यक्त गर्दै पुनः एकपटक उहाँको हीरक महोत्सव हीरक जन्मदिवसको कार्यक्रम भव्यतापूर्वक सम्पन्न होस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै आफ्ना विचारहरूलाई यहीँ विराम दिन्छु ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया ।<br>
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जनः ॥

श्रीपशुपतिनाथले सबैको रक्षा गर्नुहोस् । ॐ नमः शिवाय । ॐ शान्तिः शान्तिः शान्तिः ।

●



जनार्दन शर्मा अधिकारी काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वर, महादेवस्थानमा बस्नुहुन्छ । उहाँ गङ्गा आरती सेवा समितिका अध्यक्ष हुनुहुन्छ ।

# कुण्डलीका चूडामणि
## – टेकराज ढुङ्गेल शास्त्री

जन्ममिति २००४ साल मङ्सिर १० गते मङ्गलबार राति १२:१५ बजे । जन्मस्थान भक्तपुर । जन्मनक्षत्र अश्विनी । जन्मराशी मेष । जन्मनाम चूडामणि । जन्मलग्न सिंह । तिथि कार्तिक शुक्लपक्ष त्रयोदशी ।

लग्नकुण्डलीअनुसार ग्रह मध्यम किसिमको देखिन्छ । लग्नमा मङ्गल र शनि साथै बसेको हुँदा स्थिर स्वभाव, पराक्रमी, सबैलाई समभाव राख्ने, जिताहा, थोरै घमण्ड पनि, कुनै कार्यमा लागेपछि त्यसको परिणामा जस्तोसुकै आए पनि कार्य पूरा नगरी नछोड्ने स्वभाव । तृतीय स्थानको केतु र बुधका कारण मिहिनेत धेरै, फल कम प्राप्त । चतुर्थ स्थानमा गुरु र सूर्य एकसाथ भई त्यसको दृष्टि कर्म अर्थात् दशम स्थानमा हुँदा मान-सम्मान, इज्जत-प्रतिष्ठा मिल्ने । सामाजिक कार्यमा रुचि जाग्ने । सन्तान स्थानमा शुक्र बसेको हुँदा अनेकानेक विधाका ज्ञाता । नवम स्थानमा चन्द्रमा र राहु एकसाथ हुँदा मिहिनेतअनुसारको फल नमिल्ने । भाग्यमा पनि विभिन्न आरोह-अवरोह हुने । ग्रह मध्यम भएकै कारण जस्तोसुकै ठूलो अवसर प्राप्त भए पनि त्यसअनुसारको उपलब्धि हासिल नहुने । ग्रहकुण्डलीअनुसारै धार्मिक अभियन्ता, विगत ५१ वर्षदेखि भ्रष्टाचारविरोधी अभियानमा संलग्न, साहित्यकार, कुशल प्रशासक, कानुनविद्, इतिहास र धर्मसंस्कृतिका ज्ञाता, निडर । राशी र लग्नअनुसार सिंहको जस्तै गर्जन । काममा लागेपछि पूरा नहुन्जेल नथाक्ने स्वभाव । सहयोगी । अरूको दुःखमा धेरै चिन्तित हुने । आफू कमजोर भएर पनि अरूलाई सहयोग पुऱ्याउने ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले चूडामणि अर्थात् भरत जङ्गमको उपन्यास 'कालो सूर्य' पढेर धन्यवादसहित प्रशंसापत्र लेख्नुभएको छ । आज ७४ वर्षको उमेरमा पनि उहाँको जोस-जाँगर घटेको देखिँदैन । उहाँ अहिले पनि धर्मक्षेत्र र भ्रष्टाचारविरोधी अभियानमा त्यत्तिकै सक्रिय भएर कार्य गरिरहनुभएको छ । यसले निरन्तरता पाओस् । यही कामना गर्दछु ।



•

टेकराज ढुङ्गेल शास्त्री राष्ट्रिय आध्यात्मिक ज्योतिष प्रतिष्ठानका काठमाडौँका अध्यक्ष हुनुहुन्छ ।

# पहिलो भेटका छोटा कुरा
## – दयाराम रेग्मी

म पुस्तक र पत्रपत्रिका धेरै पढ्ने मान्छे होइन, तर सामयिक राजनीतिक, साहित्यिक तथा सामाजिक गतिविधिलाई भने नजिकबाट नियालिरहेको हुन्छु ।

देशमा प्रजातन्त्र, गणतन्त्र आए पनि सुशासन आउन नसकेको मुख्य कारणमा मौलाएको संस्थागत भ्रष्टाचार नै प्रमुख कारण हो भन्नुमा कुनै द्विविधा छैन । व्यक्तिगत स्वार्थ र सम्पत्ति राष्ट्रको हितमा हुनुपर्छ र नातावादलाई परास्त गर्दै सारा व्यक्तिगत सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ भन्ने सिद्धान्त अँगालेका नेपालका वामपन्थीहरू नै व्यक्तिगत सम्पत्ति आर्जनमा तँछाडमछाड गर्दै लागेका देख्ता र 'कामकुरो एकातिर सम्पत्ति बोकी विदेशतिर' को दौडमा लागेका नेपालका नेता भनाउँदाहरूको चरित्र देख्ता नेपालमा भ्रष्टाचारविरुद्धको अभियानमा दशकौं वर्षदेखि निरन्तर लाग्नुभएका आदरणीय भरतमणि जङ्गम दाइसँग भेट्ने इच्छा हुनु स्वाभाविकै हो । त्यो वर्षौदेखिको इच्छा भएकाले अजिँगरको आहार दैवले पुऱ्याउँछ भनेजस्तै गएको माघ महिनामा मेरो घर नजिकका मित्रको घरमा सो अवसर प्राप्त भयो । 'कालो सूर्य' लगायतका दर्जनौं पुस्तकका लेखक, अन्वेषकलाई करिब १०–१५ मिनेटको पर्खाइमा भेट्न पाएँ । मैले उहाँप्रति जुन आकृति मेरो मनसपटलमा कोरेको थिएँ, ठीक त्यसको विपरीत उहाँ त एकदमै सरल, हँसिलो र स्पष्टवादी पाएँ भने करिब २ घन्टाको कुराकानीमा हामी करिब-करिब एकाकार नै भयौं । उहाँ यति चाँडो मसँग घुलमिल हुनुभयो कि हाम्रो कुराकानीले ८०-९० को स्पिड लिन थाल्यो । मैले आफ्नो जीवनको करिब ३ दशक झापामा बितेको भन्नेबित्तिकै उहाँ झापाको सेरोफेरोको वर्णन गर्नतिर लाग्नुभयो । २०२९-३० सालतिर झापाका वामपन्थीहरूले गरेको विद्रोहको वर्णन नजिकबाट देखेझैँ गरी गर्न थाल्नुभयो । भक्तपुरका बासिन्दाले आफ्नो जिल्लाका बारेमा सविस्तार कुरा गर्न थालेपछि मैले पनि उहाँलाई सूक्ष्म रूपका कुराहरू भन्न बाँकी राखिनँ । तत्कालीन समयका झापाका वामपन्थीहरूको नारा, भाषण, दस्तावेज सुन्दा र पढ्दा लाग्थ्यो अब नेपालमा कोही भोकानाङ्गा हुँदैनन्, कोही कसैबाट शोषित हुँदैनन्, सबै जनता समान हुन्छन्, योग्यताअनुसारको काम र आवश्यकताअनुसारको दाम हुन्छ, सम्पत्तिको समान वितरण र शासनसत्तामा सर्वहारा वर्गको पहुँच हुन्छ आदि ।

२०२९-३० सालताका प्रहरी हिरासतमा सीपी मैनालीको बयान सुनेका तत्कालीन विद्युत कर्पोरेसन भद्रपुरका हाकिम पुष्पनाथ शर्मा सीपीसँग ज्यादै प्रभावित भएर होला (२०४६ भन्दा अघि) यो मान्छे मन्त्री भएमा देशले काँचुली फेर्छ भन्नुहुन्थ्यो । तर विडम्बना, उनी आपूर्ति मन्त्री त भए तर आफ्नै नातागोताको पृष्ठपोषक बनेर पो निस्के । तत्कालीन समयमा शोले फिल्मका गब्बरसिंह थिए सीपी । उनको नामले नै प्रशासन थर्कमान हुन्थ्यो । तत्कालीन अञ्चलाधीश ताराप्रसाद उपाध्याय, जो कान कम सुन्थे, देखि छिरिङ तेन्जिङ लामासमेतलाई उनी थर्काउँथे ।

भरत जङ्गम समष्टिमा सबै यथार्थ कुराहरू भन्नुहुन्थ्यो भने म घटनाको सूक्ष्म रूपमा वर्णन गर्थें ।

हाल प्रजातन्त्र र गणतन्त्रपश्चात्का कम्युनिस्टहरूको व्यक्तिगत र पार्टीगत स्वार्थमा लिप्त हुने चरित्र होला भन्ने सोचेका थिएनन् तत्कालीन झापा विद्रोहका अगुवाहरूले । सोमध्ये आफू नेत्र घिमिरे, कृष्ण कुइकेल र नारायण श्रेष्ठसँग ज्यादै नजिक भएर बसेको सुनाउँदा उहाँमा कौतूहलता भयो । नारायण श्रेष्ठ, कृष्ण कुइकेल त मेरा थोरै सिनियर त थिए नै, उनीहरू मेरा कुखुरे बैंसका सहयात्री पनि । नारायण श्रेष्ठसँग त पढाइ-लेखाइका साथसाथै मनोरञ्जनका गफहरू पनि हुन्थे तर राजनीतिक कम । उनीसँग मेरा कुनै राजनीतिक कुराकानीचाहिँ हुन सकेन । उनी प्रहरी हिरासतमा भएको कुरा पछि थाहा पाउदा र पछि उनीलगायत ५ जना सुखानीमा मारिँदा आफू दुःखित र अचम्मित भएको थिएँ ।

त्यसपछि पनि भरत दाइसँग झापाकालकै कुराकानी भए । नेपाली काङ्ग्रेसका विद्वान् लेखक तथा विचारक सीके प्रसाईसँग उहाँको साक्षात्कार भएको घटनादेखि लिएर उद्योगी पदमबहादुर गिरी, मोहन अग्रवाल, पत्रकार श्यामकृष्ण उपाध्याय, डिल्लीराम निर्भीक आदिका सङ्क्षिप्त कुराकानी भए । मेरो जिल्लाका सबै साङ्गोपाङ्ग कुरा गरेपछि मलाई उहाँ झापा मात्र होइन, अरू जिल्लाको पनि सायद यस्तै कुरा गर्नुहुँदो हो जस्तो लाग्यो । त्यसपछि हामी हालको देशको राजनीतिक गतिविधितर्फ केन्द्रित भयौँ । उहाँ राजासहितको प्रजातन्त्र नै यस देशको भविष्य हो, स्थायित्व हो र विकास हो भन्नेमा दृढ हुनुहुन्थ्यो । मैले पनि त्यसमा स्वीकारोक्ति जनाएँ । मेरो करिब २ घन्टाको भेटघाटमा उहाँप्रतिको आस्था, मान्यता झन् बढेर गयो । राजनीतिक दृढ इच्छाशक्ति भएमा भ्रष्टाचारलाई निर्मूल गर्न सकिन्छ भन्नेमा उहाँ विश्वस्त हुनुहुन्थ्यो । मैले पनि कार्यगत भ्रष्टाचारभन्दा पनि नीतिगत भ्रष्टाचार नै यो देशका लागि ज्यादै घातक रह्यो भन्ने कुरामा जोड दिएँ ।

यही क्रममा उहाँले लेख्नुभएको 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिक काल)' पुस्तक अध्ययनार्थ दिनुभयो । सो पुस्तक ऐतिहासिक भएकाले पठनीय लाग्यो । अंशुवर्माको राजधानी सहर हंसगृह अहिलेको हाँडीगाउँ पो रहेछ । हंसगृहबाट हंसग्राम हुँदै हंसगाउँपछि हाँडीगाउँ भएको पो रहेछ । त्यस्तै बानेश्वर महादेवको सङ्क्षिप्त परिचयमा वाणेश्वर नै अहिलेको बानेश्वर भएको र करिब पाँच सय वर्षअगाडि डोलेश्वर महादेव उक्त डोलेश्वर क्षेत्रमा स्थापित भइसकेको तथ्य उक्त पुस्तकको 'डोलेश्वर महादेव परिवर्तित नाउँ' मा उल्लेख गरिएको पाइन्छ । उक्त पुस्तकको अध्ययन गर्दा उहाँ भ्रष्टाचारविरोधी अभियन्ता मात्र नभएर बहुमुखी प्रतिभाका धनी, अन्वेषक, चिन्तक हुनुहुँदो रहेछ भन्ने लाग्यो । ऐतिहासिक दस्तावेजका रूपमा रहेको सो पुस्तक इतिहासका विद्यार्थीका लागि उपयोगी हुनेसमेत महसुस भयो ।

उहाँसँगको छोटो कुराकानीमा देशको सार्वभौमसत्ता र अखण्डताका लागि राजासहितको प्रजातन्त्र नै शासनपद्धतिको मूल आधार हुनुपर्नेमा हामीले सहमति जनायौँ । अन्तमा मेरो चार दशक लामो जागिरे जीवनको निवृत्त अवस्थामा भ्रष्टाचारविरुद्धको आन्दोलनमा दशकौँ वर्षदेखि निरन्तर लगिरहनुभएका आदरणीय भरतमणि जङ्गमसँग नीतिगत भ्रष्टाचारलाई नियन्त्रण गर्न आगामी दिनमा आफ्नो अनुभव पनि साटासाट गर्ने प्रतिबद्धता जनाउँदै पुनः भेटघाट गर्ने गरी कुराकानीलाई बिट मार्‍यौँ ।

●



दयाराम रेग्मी नेपाल सरकारको जागिरबाट सेवानिवृत्त भई हाल काठमाडौँ – ३२, पेप्सीकोलामा बस्नुहुन्छ ।

# अजस्र प्रेरणास्रोत
## – दीनबन्धु अर्याल

अनवरत मानव हक र हितका लागि आफ्नो कर्तव्य के हो भनेर सोच्ने र अन्तस्करणले दिएको समाधान पाउन निष्काम भावले कर्मनिष्ठ रहेका व्यक्तिमा पर्नुहुन्छ भरत जङ्गम । भगवान् परमात्माका नजरमा सबै प्राणी बराबर मानिए पनि मानव जीवन उच्चतम उपलब्धिको मानिन्छ । मानिसले विवेकको प्रयोग गर्न सक्छ । धर्मनिष्ठ भएर हृदय सबल, व्यापक एवं पवित्र बनाएर जनसेवा, देशसेवा गर्न सक्छ । 'समर्पण यस्तो गुण हो, जसले नरलाई नारायणसँग सम्पर्क गर्ने खुबी दिन्छ । यसैले मानवसेवा नै माधवसेवा हुन्छ । नरको हितरक्षा गर्दा नारायणको साक्षात्कार गर्न पाइन्छ र जनताको कल्याणबाट जनार्दनलाई आफ्नो हृदयमा विराजमान भएको देख्न पाइन्छ ।' यस्तो विचारका बाहक हुनुहुन्थ्यो गोविन्दहरि जङ्गम अर्थात् भरत जङ्गमका पिता ।

गोविन्दहरि जङ्गमले आफ्ना पुर्खा वीरशैव ब्राह्मणको गुण, कर्म, स्वभाव र संस्कारलाई विकसित गराउने नयाँ अभ्यास पनि गर्नुभयो । आदिनाथ, आदिदेव महादेवको समावेशी आचार एवं संस्कृतिलाई मानव जीवनमा उतार्न कतिसम्म सार्थक प्रयास गर्न सकिन्छ गर्ने हो भनेर त्यस्तो वातावरण निर्माणमा कुनै कसुर बाँकी राख्नुभएन । शिवपरिवारमा सिंह पनि, गोरु पनि, मुसो पनि, सर्प पनि, मुजुर पनि सँगै देखिन्छन् भने हामी मानिसले परस्पर मैत्री गर्न सक्ने ठाउँमा विद्वेष गर्ने होइन । अर्को पक्ष न्यायसङ्गत रूपमा आएन भने पनि कानुन आफूले हातमा लिने होइन । अदालतबाट न्याय माग्ने हो, प्रमाणबाट सत्य स्थापित गराउने स्वतन्त्र र सक्षम न्यायालयबाट गरिएको निर्णय सबै पक्षले मान्न कर लाग्छ भन्ने आदर्श र व्यवहारलाई गोविन्दहरि जङ्गमले आत्मसात गर्नुभयो ।

पार्वतीको जिज्ञासा शिवजीले शान्त गराउनुहुन्थ्यो, वेदका मन्त्रद्रष्टामा विदुला, गार्गी, विश्ववारा, अपाला, घोषा, सूर्याका ब्रह्मज्ञान र विद्वत्ताले नाम चलेका विदुषी महिलाको जस्तै चेतना भराउन सकिन्छ भनेर अग्रगामी चेतनाले त्यो युगमा पनि गोविन्दहरि जङ्गमले छोरीको शिक्षादीक्षाको राम्रो प्रबन्ध मिलाउनुभयो । जङ्गम परिवारका पुर्खामा श्रुति, स्मृति, पुराणमा रुचि राख्ने, सत्सङ्ग गर्ने, धर्मशास्त्रको सारतथ्य बुझ्ने-बुझाउने, गरिब-अनाथलाई

आश्रय दिने, मद्दत गर्ने चलन चल्दै आएको र नेपालमा प्रथम लिखित संविधान अन्तरिम शासन विधान, २००४ बाट व्यवस्थित नगरपालिकामध्ये भक्तपुर नगरपालिकाको नगरप्रमुख र शासन विधानकै प्रावधानबमोजिम राष्ट्रिय व्यवस्थापिकाको सदस्यसमेत बन्न सफल गोविन्दहरि जङ्गमले आफ्ना सन्तानका लागि पनि साहित्य, सङ्गीत, कला, मानवसेवा, समाजसेवा, राजनीति एवं दार्शनिक चिन्तन, शिव-आराधनाको मार्ग प्रशस्त गराउने पृष्ठभूमि तयार गर्नुभयो ।

महन्त भएर मात्र सेवापूजामा लाग्ने काम सन्तानले गरिरहन्छन् भन्ने छैन, प्रभावकारी जीवन दर्शन र मानवसेवाका उदाहरणले धेरैलाई प्रभावमा पार्ने र आफ्ना सन्तानलाई 'सेवा नै परम धर्म हो' भन्ने कुरा हृदयङ्गम गराउने काममा गोविन्दहरि जङ्गमको प्रभाव यथेष्ट रूपमा भरत जङ्गममा परेको बुझ्न सकिन्छ । पिताजी गोविन्दहरि जङ्गमले घरव्यवहार सञ्चालनमा छोराछोरीहरूको राय, परामर्श र सुझाव लिने बानी बसालेकाले भरत जङ्गममा पनि प्रजातान्त्रिक संस्कारको बीजारोपण हुन पुग्यो । सत्यनिष्ठा, सदाचारको महत्त्व दर्साउने धार्मिक गीत गायन चल्ने जङ्गम मठ र खास गरी पिताजीको त्यसतर्फको झुकावले भरत जङ्गमले धर्म, अर्थ, काम, मोक्षको क्रम र सार बुझ्नुभयो । भ्रष्टाचार, अनाचार, अत्याचार, दुराचारका विरुद्ध सङ्गठित भएर लड्ने इच्छाले भरत जङ्गमको मनमस्तिष्कमा आसन जमायो ।

राम्रो आचरणको समर्थन गर्नु र आफूले खतरा मोलेर पनि अन्यायविरुद्ध लड्नु एउटै समान स्तरको कुरा होइन । भ्रष्टाचारविरुद्ध प्रतिकार गर्दा सङ्गठित समूह तयार भएन भने एक्लै पनि सत्यको सम्मानमा डट्ने गर्नुपर्छ भन्ने विश्वमहाकवि रवीन्द्रनाथ ठाकुरको प्रभाव पनि भरत जङ्गममा परेकाले आफ्नै खर्च, आफ्नै व्यवस्थामा भ्रष्टाचारविरुद्ध मेची-महाकाली जागरण अभियानमा लाग्नुभयो । केही साथी सहयोगी भएर पछि लागे, केही पछि हटे । भ्रष्टाचार, कालो धनविरुद्ध अभियान भरत जङ्गमले चलाएको केही वर्षपछि मात्र भारतका अन्ना हजारेले पनि कालो धन र भ्रष्टाचारविरुद्ध सशक्त अभियान चलाएका हुन् । भ्रष्टाचार निर्मूल गर्ने चिन्तन र प्रविधिलाई पाठ्यक्रममा समावेश गराउन त्रिभुवन विश्वविद्यालयलाई विश्वासमा लिई प्रभावमा पारेर कार्यान्वयन गराउने दिशामा पनि भरत जङ्गम सफल हुनुभयो । भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गमबाट नेपालको गौरव बढेको छ ।

कल्याणकारी प्रयोजनमा साहित्यको सत्प्रयास काव्य-प्रयोजनमा पर्दछ र भ्रष्टाचारीले नीतिगत वा नीतिविपरीत कुन-कुन शैलीले केकस्ता भ्रष्टाचार

गर्न सक्छन् भन्ने वस्तुस्थिति खुलाउन उहाँको उपन्यास 'कालो सूर्य' विश्वप्रसिद्ध छ र अनेकौं भाषामा यसको अनुवाद प्रकाशित भइसकेको पाइन्छ । उपन्यास 'कालो सूर्य' को पाण्डुलिपि पढ्ने अवसर नेपालका जननायक एवं राजनेता विश्वेश्वरप्रसाद कोइरालाले पाउनुभयो र यो उपन्यासबाट धेरै प्रभावित भएर आफ्नो शुभकामना पनि लेख्नुभयो । राजनीतिमा लागेर पैसा कमाउने, भव्य महलमा बस्ने, चिल्ला कार चढेर भ्रमण गर्ने, आफ्ना आसेपासेलाई जागिर खुवाउने, ठूला व्यापारी, पुँजीपति, जमिनदारहरूलाई मौका दिने होइन । सबैको हित र हक हेर्दा धनीको भन्दा टोपीको घेरो फाटेको गरिबको जीवनस्तर उकास्ने, साना किसान, ग्रामीण व्यक्ति र सीमान्तमा रहेका व्यक्ति र वर्गको हितरक्षा गरी न्याय र आयको मार्ग प्रशस्त गराउन भ्रष्टाचार उन्मूलन गर्नैपर्छ भन्ने बीपी चिन्तनबाट प्रभावित भरत जङ्गमले नेपालको प्रजातन्त्रका लौहपुरुष गणेशमान सिंहको हातबाट नेपाली काङ्ग्रेसको सदस्यता ग्रहण गर्नुभएको थियो । नेपाली काङ्ग्रेसको नीति, कार्यक्रम, विधिविधान खुल्ने परिचयात्मक पुस्तक प्रकाशित गर्नुभएको र उक्त पुस्तकमा लिखित भाषा, भावना सबै उपयुक्त र यथार्थ छैन भन्ने अभिव्यक्ति जिम्मेवार नेताहरूबाट पनि आएको हो ।

विक्रम सम्वत् २०५१ पछि नेपाली काङ्ग्रेस सैद्धान्तिक आदर्शबाट विचलित र दिग्भ्रमित भएपछि भरत जङ्गममा 'बान्धवाः शिवभक्ताश्च' सबै शिवभक्तहरू मेरा बन्धुबान्धव हुन् भन्ने भावना तीव्र बन्यो । 'निर्वैरः सर्वभूतेषु' अर्थात् सबै प्राणीलाई मित्र बनाउन चाहने व्यक्ति मात्र भगवद्भक्त बन्न सक्छ भन्ने गीतोपनोषिद्को मर्मवाक्य बुझेर कुनै दलविशेषको विशेष आग्रह ग्रहण गर्नुभन्दा 'नेपाली नेपाली एक हौँ' भन्ने साझा भावना बनाउनु जाती भन्ने सोचाइमा लागेको बेला लौहपुरुष गणेशमान सिंह र पछि सन्त नेता कृष्णप्रसाद भट्टराईले पनि नेपाली काङ्ग्रेस परित्याग गरेको खबरले यथास्थिति र यथागति यथा वर्तमान नीति बोक्ने नेपाली काङ्ग्रेसमा लागिरहने इच्छा उहाँले छोड्नुभयो ।

नेपालको राजनीतिक समस्याको समाधान संवैधानिक राजसंस्था र संसदीय व्यवस्था जस्ता दुईखम्बे नीति पछ्याएको नेपाल अधिराज्यको संविधान, २०४७ मात्र हुन सक्छ भनी अभियान चलाउने रामबाबु प्रसाईं खनुपरुदेलाई साथ दिई केही समय सहयोग गरे तापनि राजनीतिक दलको सदस्यमा सीमित रहनुभन्दा सबै पक्षको हित, खास गरी नेपाली जनताको सर्वतोमुखी विकासका लागि नेपालको पहिचान, संस्कृति, धर्म, अध्यात्मको पथमा गतिशील हुने, गुठीधर्म लोप हुन नदिने, मन्दिर र मठहरूको मर्यादा र सम्पत्ति संरक्षणमा न्यायको ढोका घचघच्याउने र नीतिगत वा नीतिविपरीत

हुने वा गर्ने भ्रष्टाचारविरुद्ध सशक्त आवाज उठाउने एवं जनचेतना भर्ने र चेतनशील जनशक्ति तयार गर्ने दिशामा आफूलाई सशक्त अभियन्ताका रूपमा अगाडि बढाउने सत्प्रयासले उहाँ सच्चा जङ्गमका रूपमा देखापर्नुभयो ।

गतिशील प्राणी जङ्गम हुन्छ । सबै मानिस जङ्गम हुन्छन् । सत्यव्रती, जागरुक, विज्ञ, तेजस्वी, मृत्युञ्जयी व्यक्ति मात्र सच्चा जङ्गम हुन्छन् भने भरत जङ्गम सच्चा जङ्गमको उदाहरणमा पर्नुहुन्छ । थर जङ्गम भएर मात्र पनि कुनै-कुनै व्यक्ति अपवादमा जङ्गम नपर्ने हुन सक्छन् र भरत जङ्गमजस्ता महान् व्यक्तिको पथ र पदचिह्न पछ्याउने जङ्गम-इतर थरका व्यक्ति पनि जङ्गम भनिन सक्छन् । शुक्ल कर्मले दिन बिताउनु, समय बिताउनु, सुन्दरता, जसमा विशुद्ध प्रेम र जीवनतत्त्व जोगाउने अर्थात् बाँच्ने, बचाउने र बाँच्न दिने लक्ष्य रहन्छ, त्यो शैवको सम्पत्ति हो, आदर्श हो । कल्याण, आनन्द र मोक्ष हो शिवको अर्थ । चिन्तामणि, मृत्युञ्जय शिव हुन् । विष्णुसहस्रनामभित्र शिव पनि पर्छ । पृथ्वीतत्त्व, जलतत्त्व र अग्नितत्त्व मिलेर सारा प्राणीको कल्याण गर्ने तत्त्व निर्मित भएको हो शिवतत्त्व । सनातन धर्म सबै मानिसको धर्म हो । सम्प्रदायको अर्थमा धर्मको परिभाषा गलत हुन्छ ।

केदारनाथको शिर डोलेश्वर महादेव मन्दिर निर्माणमा जागरण ल्याई काम सम्पन्न गर्ने धार्मिक अभियानका अभियन्ता भएर तपोभूमि, तीर्थभूमि नेपालको विशेष पहिचान बनाउन पनि भरत जङ्गम सफल हुनुभयो ।

यस्तै यथार्थ धर्म, यथार्थ सत्य र न्यायको मार्गमा नेपाल र नेपालीलाई गतिशील बनाउन, नेपालको अर्थव्यवस्था सबल गराउन, दुरुपयोग रोक्न, स्वेच्छाचारी ढङ्गले आर्थिक सहायता, चन्दा, पुरस्कारलाई दुरुत्साहन गर्ने क्रममा पूर्वसांसद भत्ताको विरोधमा भरत जङ्गमले सर्वोच्च अदालतमा रिट-निवेदन दिनुभयो । सर्वोच्च अदालतले कानुनबेगर यसरी दिइएको भत्ता व्यवस्था खारेज हुन्छ भनी गरेको निर्णयले यस लेखकलाई पनि मर्कामा पाऱ्यो । आर्थिक हिसाबले मर्का परे पनि न्याय, कर्तव्यजन्य सोच, नेपाली जनताको वर्तमान हैसियत, रोजगारीको खोजीमा नेपालका युवाको विदेश पलायनता, नेपालमा राजनीतिलाई सेवाभन्दा राम्रो पेसा, धेरै लाभ हुने व्यापार र नेताहरूको निजी क्षुद्र स्वार्थलाभका गतिविधि हेर्दा म आफैँले पनि पूर्वसांसदको पेन्सन चाहिन्न भन्न सक्नुपर्नेमा देशहितका लागि भरत जङ्गमले गरेको सफल प्रयासको विरोध गर्न अन्तस्करणले दिएन, बरू हाँसी-हाँसी उहाँलाई बधाई र धन्यवाद दिएँ ।

आसुरी भाव होइन, दैवी सम्पत्ति, दैवी गुण, सात्विक यज्ञ, शुभकर्महरू जङ्गमहरूलाई सुहाउने कर्म गर्दै, छलकपट र आडम्बरमाथि प्रहार गर्दै

न्यायपूर्ण गतिविधिमा लाग्ने र अदालतको मर्यादा बढाउने, शक्ति सन्तुलन र शक्ति पृथक्कीकरणको प्रजातान्त्रिक राज्यव्यवस्थालाई बल पुऱ्याउने, उदात्त चरित्र, आस्तिकता, दया, दान र सत्यप्रेरित कालजयी शुभकर्महरू, शुभरचनाबाट स्वधर्म र मातृभूमि, जन्मभूमिको गरिमा र पहिचान देखाउने साहित्यिक रचना र त्यस्तै शुभकार्यहरू नेपाली जनतालाई दिँदै रहनुभएको छ भरत जङ्गमले ।

सबल र व्यापक एवं पवित्र हृदयका धनी भरत जङ्गम 'तुल्य निन्दा स्तुतिर्मौनी सन्तुष्टो येन केनचित्' आफ्नो कर्तव्यमा डट्ने, कसैले प्रशंसा गरे पनि खुसीले नफुल्ने, निन्दा गरे पनि नआत्तिने भएकाले शिवमार्गका तपस्वी हुनुहुन्छ । नरले साधना गर्दागर्दै नारायणको सामीप्य पाउँछ-पाउँछ । नेपाल माताका सपूत भरत जङ्गमलाई महेश्वरको वरप्रसादले महामानव बन्ने अवसर आउन सक्छ ।

हामी उहाँसँग बारम्बार भेट र सामीप्य हुँदा बाह्य स्वरूपले मात्र नचिनिएको हो । सबै प्राणीमा ईश्वर र ईश्वरमा सबै प्राणी देख्ने-बुझ्ने भरत जङ्गमको महत्ता बुझ्न हामीले अन्तर्मुखी भएर हेर्न सक्नुपर्छ । उहाँले गरेका काम र रचनामा उहाँको क्षुद्र स्वार्थ देखिएको छैन । वृहत्तर स्वार्थ नै स्व हो । यसको अर्थ 'उदार चरितानां तु वसुधैव कुटुम्बकम्' ले केही मात्रामा दिन सक्छ । स्वतन्त्रताको वास्तविक अर्थ अध्यात्म हुन्छ, जसमा कोही पनि पराई हुन्न । गोविन्दहरि जङ्गमको यही चिन्तनको भरत जङ्गमलगायतका जङ्गम परिवारले निदिध्यासन गरिरहेका छन् ।

इतिहास र पुराणहरूमा निष्पाप, सबल र उदात्त हृदयका धनी भरतहरूको विशेष चर्चा रहेको पाइन्छ । रघुवंशी भरत, अध्यात्मका ज्योति जडभरत र बाघभालुसँग पनि निःशस्त्र लड्न सक्ने भरत र क्षत्रीय सम्राटले आफ्ना छोराहरू जनप्रेमी हुने छाँट नदेखेर भरत मुनिलाई राज्यशासन प्रबन्धको जिम्मा दिँदा ती भरतबाट देशको नाम भारत रहन गएको भारतसमेतका असल र कुशल क्रियाकलापको परम्परा विकसित गर्दै नेपाली समाजमा, नेपालमा योगदान पुऱ्याउनुहुने योगक्षेममा महादेव शिवको वरदान पाउनुभएका भरत जङ्गम धन्य हुनुहुन्छ । नेपाल माताका सपूत भरत जङ्गमबाट भ्रष्टाचारमुक्त न्याय, सदाचार, शान्ति, सक्रियता, आनन्दयुक्त नेपाल र नेपाली बनाएर मात्र उहाँले आफ्नो मन, वचन र कर्मको सिद्धिबाट सन्तोष लिनुहुनेछ ।

भरत जङ्गमको शुभजन्मदिवसको पावन पर्वमा अरू सबै नेपालीसरह म पनि आशा र विश्वासमा मग्न छु । भरत जङ्गमबारे विशद अध्ययन गर्नुभएकी

महामना माननीय मन्त्री कान्ता भट्टराईको सत्प्रयासको पनि सह्राहना गर्नु समीचीन ठान्दछु । उहाँको भरत जङ्गमबारेको शोधग्रन्थले अजस्र प्रेरणा प्रदान गर्ने नै छ ।

●



स्याङ्जा पुतलीबजार नगरपालिका – ११ मा १९९७ मङ्सिरमा जन्मेका दीनबन्धु अर्यालले हिन्दू विश्वविद्यालय वाराणसीबाट स्नातकोत्तर गर्नुभएको छ । स्याङ्जाकै मातृभूमि माध्यमिक विद्यालयमा प्रधान अध्यापक भएका उहाँले वालिङ क्याम्पसमा प्राध्यापन गर्नुभयो । २०४८ सालमा स्याङ्जाबाट सांसद हुनुभएका उहाँ काङ्ग्रेसको सरकारमा मन्त्री हुनुभयो । उहाँले काव्यकल्पद्रुम, मृत्युञ्जयी गोरखाली, हिन्दू जीवन पद्धति र तृष्णा खण्डकाव्य प्रकाशित गर्नुभएको छ भने व्रजपञ्चदशी, उडान प्रकाशोन्मुख छन् ।

# अविच्छिन्न बगिरहने नपत्याउँदो खोला
## – दीर्घराज प्रसाई

भरत जङ्गम नपत्याउने खोला । मेरा अनन्य मित्र, वैचारिक हिसाबले राष्ट्रियताका लागि जिउज्यान दिन सक्ने नेपाली आमाका छोरा । पशुपतिनाथको सिपाही । सक्कली इतिहासको खोजीमा भिड्ने । उपन्यासबाट सामाजिक जीवनको भन्डाफोर गर्ने । भ्रष्टाचारविरोधी अभियानमा सशक्त रूपमा अदालत तथा सरकारमा दृढताका साथ कलम चलाउँदै प्रमाण पेस गर्ने एक अभियन्ता ।

भरत जङ्गमका प्रकाशित पुस्तकहरू धेरैजसो पढ्ने अनुकूल मिल्यो । उहाँले उपन्यासहरू पनि प्रकाशित गर्नुभएको छ । समयमा उहाँका उपन्यासहरूले ठूलो चर्चा पाएका थिए । 'कालो सूर्य' उहाँको एक चर्चित उपन्यास हो । उहाँ बहुपक्षीय विचारका धनी हुनुहुन्छ । उहाँ जन्मँदैको एक देशभक्त हिन्दूवादी योद्धा हुनुहुन्छ । यही २०७७ सालमा उहाँले प्रकाशित गर्नुभएको पुस्तक 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' मा दोलखा भीमेश्वर, डोलेश्वर र चाँगुनारायण तथा भक्तपुरका बागेश्वरीका बारेमा खोज-अनुसन्धान गरेर यथार्थतालाई सप्रमाण प्रस्तुत गर्नुभएको छ । भरत जङ्गमको विषय र उहाँका कीर्तिहरूको उल्लेख गर्ने हो भने उहाँका सबै पुस्तक अगाडि राखेर लेख्न थाल्नुपर्छ ।

भरत जङ्गमसँग भेटघाट हुनुभन्दा पहिले २०२४-२५ सालमा मैले उहाँका बुबा गोविन्दहरि जङ्गमलाई मृगस्थली योगी नरहरिनाथको कुटीमा भेटेको हुँ । उहाँ योगीजीलाई सम्मान गर्नुहुन्थ्यो । योगी नरहरिनाथलाई कुन-कुन जडिबुटीहरू कुन रोगका दबाइ हुन्छन् भन्ने ठूलो अध्ययन रहेछ । गोविन्दहरि जङ्गम पनि कविराज नै हुनुहुँदो रहेछ । त्यही हिसाबले उहाँहरू लगभग सधैँ भेटिनुहुन्थ्यो । गोविन्दहरि जङ्गमको औषधालय गौशालामा थियो । उहाँ साह्रै मिलनसार र मद्दतकारी हुनुहुन्थ्यो । उहाँले मलाई धेरै दबाइमुलोको जानकारी गराउनुभयो । त्यो बेलामा खास चासो राखिएन, किनकि बिमारी नभएको अवस्थामा खास चासो नभए तापनि उहाँका घरेलु अनुसन्धानबाट मलाई साह्रै प्रभाव परेको थियो । उहाँले जिराको महत्त्व मलाई त्यस बेला भनेको अहिलेसम्म बिर्सेको छैन । उहाँले जिराको रस बनाएर राख्नुभएको थियो । त्यो मुख, जिब्रा र घाँटीको ठूलो दबाई रहेछ । मलाई योगी

नरहरिनाथ र गोविन्दहरि जङ्गमलाई कहिल्यै पनि बिर्सन सक्तिनँ । योगी नरहरिनाथको त धेरै ठाउँमा धेरैपटक लेखिसकेको छु । योगी नरहरिनाथजस्ता महान् ऋषिजस्ता स्रष्टा नेपालको अमूल्य निधि हुनुहुन्थ्यो ।

यसरी आज मलाई गोविन्दहरि जङ्गम सम्झेर उहाँका छोरा भरत जङ्गमका बारेमा केही लेख्न मन लागेको छ । गोविन्दहरिको अर्का छोरा दीपक जङ्गम नेपालका प्रसिद्ध गायकका रूपमा चिरपरिचित हुनुहुन्छ । भरत जङ्गम एक प्रतिभाशाली, मिहिनेती एक राष्ट्रवादीका रूपमा चिरपरिचित हुनुहुन्छ ।

मेरी श्रीमती सानुबाबा प्रसाई गुठी संस्थानमा अधिकृत थिइन् । त्यहीँ भरत जङ्गम पनि गुठी संस्थानबाट प्रकाशित हुने पत्रिकाका सम्पादक हुनुहुन्थ्यो । उहाँलाई मैले त्यही बेलादेखि राम्ररी चिनेको हुँ । उहाँले पछि राजाबाट दौडाहाको अध्यक्षमा पनि नियुक्त भएर काम गर्नुभयो । भरत जङ्गमका दुई कामहरूले मलाई साह्रै प्रभाव पारेको छ । उहाँ मेरा एक शुभेच्छुक असल मित्र हुनुहुन्छ । उहाँकी श्रीमती इन्दिरा पनि साह्रै असल हुनुहुन्छ । उहाँकी श्रीमतीलाई मैले २०२६ सालदेखि उहाँको माइतीघरछेउ डिल्लीबजारमा डेरामा बसेको बेलादेखि चिन्थेँ । उहाँकी बहिनी शान्ति केसीले मेरो उपन्यास 'अलमल' लाई टाइप गरिदिनुभएको कुरा म कहिल्यै बिर्सन्न । म उहाँलाई सधैँ सम्मान गर्छु । पछि भरत जङ्गमको मैले राम्ररी जानेकी इन्दिरा केसीसँग विवाह भएपछि झन् मेरो भरत जङ्गमसँग आत्मीयता बढ्न गयो । किनकि उहाँको ससुरालीसँग पनि मेरो राम्रो चिनजान थियो । पछि २०२८ सालमा उक्त उपन्यास प्रकाशित भएको थियो । यही २०७८ वैशाखमा 'दुई उपन्यास एक पुस्तक' नामबाट मेरा दुई उपन्यास 'चिन्ता' र 'अलमल' प्रकाशित भएका छन् ।

भरत जङ्गमसँगका चर्चित घटनाहरू यसरी घटेका छन् । २०६५ सालमा माओवादीको सत्ता आएपछि पशुपतिनाथका पुजारी भट्टहरूलाई हटाएर मूल भट्ट महाबलेश्वरको ठाउँमा विष्णुप्रसाद दाहाल नियुक्त गरेपछि ठूलो बबन्डर मच्चियो । वि. सं. २०६५ पुस १३ गते पशुपतिनाथका तत्कालीन तीन भट्टले राजिनामा दिएपछि पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथको उत्तर मुखका पुजारीका रूपमा नुवाकोट जिल्ला जिलिङ गाविसका स्थायी निवासी प्रा. डा. विष्णुप्रसाद दाहाल र वासुकीनाथको पुजारीमा सिन्धुपाल्चोक जिल्ला बाँसबारी गाविसका स्थायी निवासी शालिग्राम ढकाललाई नियुक्त गरेको थियो । यसरी माओवादीको दुष्प्रयासका विरुद्धमा हामीलाई भरत जङ्गमले खबर गर्नुभयो । म, प्रकाश रायमाझीलगायत धेरै देशभक्त साथीहरूले माओवादीको पशुपतिनाथप्रतिको अनादिकालदेखिको विश्वासलाई कुठराघात गर्ने दुष्प्रयासका विरुद्ध जोडदार विरोध गर्‍यौँ ।

भरत जङ्गम र कृष्णमान भण्डारीबाट सर्वोच्च अदालतमा रिट दायर भयो । यता पशुपतिनाथअगाडि दिनहुँजसो विरोध कार्यक्रम हुन्थ्यो । विरोध कार्यक्रम सशक्त हुन थालेपछि प्रहरीले लाठी चार्ज पनि गर्न थाल्यो । तर हामी पछि हटेनौँ । नयाँ भट्टलाई मन्दिर प्रवेश हुन नदिन भरत जङ्गमहरूले मन्दिरमा तालाबन्दी गरेर साँचो राखेका थिए । त्यो बेलाका माओवादीका मन्त्री गोपाल किरातीले पशुपतिनाथको मन्दिरमा लागेको ताल्चा प्रहरीको घेरामा फुटाउन लगाए । वास्तवमा माओवादीभित्र गोपाल किरातीलगायत माओवादी नेता प्रचण्ड, बाबुराम भट्टराई सबै इसाई भएकाले उनीहरूले आराध्यदेव पशुपतिनाथको अपमान गर्नु थियो । तर सर्वोच्च अदालतले माओवादी सरकारका विरुद्धमा 'पशुपतिनाथको पूजा यथास्थितिमा राख्न लगाउनू' भन्ने आदेश दिएपछि फेरि परिस्थितिमा सुधार भयो । पौष १७ गतेदेखि २३ गतेसमम ७ दिन रोकिएको पशुपतिनाथको पूजा प्रारम्भ भयो । मूल भट्ट महाबलेश्वरले दिएको राजिनामा फिर्ता गराएर अरू भट्टहरूलाई मन्दिर प्रवेश गराई ७ दिन रोकिएको पूजा सञ्चालनमा क्षमापूजाको आयोजना पनि भयो ।

भरत जङ्गम पशुपतिनाथका भक्त हुनुहुन्छ । पशुपतिनाथका बारेमा उहाँले धेरै लेख्नुभएको छ र उहाँसँग आराध्यदेव पशुपतिनाथका बारेमा धेरै ज्ञान छ ।

यस्तै काण्ड सम्झँदा विक्रम सम्वत् १४०० तिर बङ्गालका नवाब समसुद्दिनले पशुपतिनाथमा आक्रमण गरेका थिए । त्यसको विरोधमा जयस्थिति मल्लले पाल्पा, कास्की, तनहुँ, लमजुडका राजाहरूको सहयोगमा सबै मुसलमानहरूलाई आक्रमण गरेर भगाएका थिए । त्यसपछि क्षमापूजा गरेर पशुपतिनाथको पूजा प्रारम्भ गराएका थिए । त्यही बेलादेखि मुसलमान, इसाईहरूको आक्रमणबाट बच्न 'पशुपतिनाथमा हिन्दूबाहेक अरूहरूलाई प्रवेश निषेध' भन्ने चलन चलाएका थिए । त्यो चलन अद्यावधि कायम छ ।

राजीव गान्धी प्रधानमन्त्री भएको बेला नेपालमा आएका थिए । उनले पशुपतिनाथको दर्शन गरे । तर उनकी श्रीमती सोनिया गान्धी इसाई भएकीले पशुपतिनाथभित्र प्रवेश गर्न पाइनन् । पछि राजीव गान्धीको हत्या भएपछि उनी सत्तामा आइन् र त्यसको बदला लिन उनले माओवादी, काङ्ग्रेस, एमालेका कुकर्मी नेताहरूलाई आफ्नो प्रभावमा पारेर उनीहरूमार्फत नैं धर्मनिरपेक्ष, गणतन्त्र लाद्न उनको गुप्तचर संस्था 'रअ' लाई सक्रिय बनाएर नेपालमाथि धावा बोलिन् । आखिरमा उनलाई पनि पशुपतिनाथको ज्वालाले समाप्त गरिदिएको छ । यहाँ अनेकौं बबन्डर मच्चाउने कुकर्म गरिन् । यसरी

त्यो माओवादीको क्रिस्चियनीकरण गर्न खोजेको लडाइँमा भरत जङ्गमको सक्रियतालाई म धन्यवाद दिन्छु । परेको बेलामा राष्ट्रभित्र पर्न गएका खतराहरूबाट बचाउनु भरत जङ्गमजस्तै हामी देशभक्तहरूको कर्तव्य हुनुपर्छ ।

त्यस्तै भरत जङ्गमको तारिफ गर्नुपर्ने कुरा हो, सर्वोच्च अदालतमा रिट निवेदन प्रस्तुत गरेर उहाँले २०४८ सालपछिका सांसदहरू पदमुक्त भएपछि उनीहरूले मात्र खान पाउने गरिएको पेन्सनको व्यवस्था ठूलो बहसपछि खारेज गराउने काम गर्नुभयो । वास्तवमा २०४८ सालपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि उनले २०४८ सालपछि बनेका सांसदहरूले अवकाश पाएपछि पेन्सन पाउने भन्ने कानुन पारित गराएपछि त्यसको विरोधमा म, रामप्रसाद रिजाल, वीरेन्द्रकेशरी पोखरेल, नरेन्द्रकुमार प्रधान लगायतले सर्वोच्च अदालतमा रिट निवेदन जारी गरेका थियौँ । पेन्सन पाउने नै हो भने २०१५ सालका सांसद, २०१९ सालको संविधानबमोजिम बनेका सांसदहरूसमेतले पेन्सन पाउने व्यवस्था होस्, नत्रभने २०४८ सालपछिका सांसदहरूले मात्र पेन्सन पाउने पक्षपातपूर्ण निर्णय खारेज गरियोस् भन्ने निवेदन दर्ता गरिएको थियो । पछि धेरै महिनासम्मको बहसपछि प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायसमेतको ७ सदस्यीय सर्वोच्च अदालतको संयुक्त इजलासले हाम्रो निवेदन खारेज गरिदियो । त्यहाँ हामीले नारा लायौँ । भ्रष्ट न्यायाधीश मुर्दावाद, केशवप्रसाद उपाध्याय पिउनको छोरो मुर्दावाद आदि नारा लगायौँ । न्यायाधीशहरू भागारेभाग भए । पछि म र रामप्रसाद रिजालका विरुद्ध त्यहीँको एक कारिन्दा लगाएर मुद्दा दायर भयो । धेरै दिन बहस भयो । हामीले त्यो दिन अदालतमा नै थिएनौँ भनेर बाबु स्वर्गीय भएको प्रमाण जुटाएपछि मुद्दा समाप्त भयो । जस्तालाई तस्तै गर्ने काम नभएको भए प्रधान न्यायाधीश साह्रै रिसाएका थिए, उनले अनेकौँ जुक्ति लगाएर हामीलाई फसाउन सक्थे । त्यसै मुद्दालाई अध्ययन गरेर भरत जङ्गमले २०४८ सालपछि निर्वाचित वा मनोनीत सांसदले पाउने पेन्सन खारेज गराउन ठूलो मिहिनेत गरेकोमा उहाँलाई धन्यवाद दिन्छु ।

जङ्गमको मठ भक्तपुरमा स्थापित छ । भक्तपुरका राजा विश्व मल्लको नेपाल सम्वत् ६९२ को र रणजीत मल्लको ८६२ को जङ्गम मठका बारेका शिलालेखहरू पाइन्छन् । जङ्गम मठबाट रथ सञ्चालन गर्ने अझसम्म परम्परा छ । जङ्गमहरूबाट जात्राहरू चलाउने परम्परा पनि छ । भरत जङ्गमका पिता गोविन्दहरि जङ्गमले भक्तपुरमा धेरै धार्मिक कार्य गरेकाले उहाँ र उहाँका सन्तानहरूलाई सम्मानको नजरले हेरिन्छ । भरत जङ्गमका बुबाको सम्झनास्वरूप मैले पनि मानिसको जीवनलाई सधैँ स्वस्थ राख्न आफ्नै अनुभवबाट प्राप्त केही जानकारी यहाँ प्रस्तुत गरेपछि यो लेख पढ्दा

हामीलाई केही न केही फाइदासमेत हुन सकोस् भन्ने अभिप्रायले यो अनुभव पनि यहाँ प्रस्तुत गर्दैछु ।

गोविन्दहरि जङ्गम कविराज पनि हुनुहुन्थ्यो र उहाँबाट औषधिसम्बन्धी घरेलु धेरै कुरा सिक्ने मौका मैले पाएँ । सबैको स्वास्थ्य राम्रो होस् भनेर उहाँबाट घरेलु औषधि प्रयोग गर्न सकिने गरी मैले सिकेका कुरा तल उल्लेख गरेको छु ।

हामी कसैमा दाँतको रोग छ भने दाँतको रोगबाट बच्न सधैँ खाना खाएपछि बिहान दुइटा ल्वाङ र बेलुका खाना खाएपछि दुइटा ल्वाङ चपाइरहने हो भने दाँतको रोग कहिल्यै लाग्दैन । दाँतमा रोग लागेको छ भने पनि एक-दुई हप्तामा सबै निको हुन्छ । रिफिल गरिरहनेका लागि र बङ्गारा दुख्नेहरूको पनि दुख्न छाड्छ र बिस्तारै निको हुन्छ ।

रुघा-घोखी लाग्ने सङ्केत हुनासाथ दुई चम्चाजति जिरा, एक चम्चा ज्वानो, थोरै नुन हालेर दुई ग्लास पानी उमाल्ने र उम्लेर डेढ ग्लास भएपछि तातो हुँदाहुँदै मनतातो पानी राम्रो बेसारको ढुटो एक चम्चा सिधा घाँटी लगाएर निल्नुपर्छ । बाँकी जिरा पानी थर्मसमा राखेर घन्टा-घन्टापछि खाने । यसले धेरै फाइदा गर्छ । अरू बेला सामान्य खोकी-रुघा लागेमा बेसारको ढुटो एक सानो चम्ची मनतातो पानीसँग खाएपछि त्यसले नियन्त्रण भइहाल्छ । बेसार ठूलो एन्टिबायोटिक हो । अनि बर्खा भएमा पातलो कपडा र जाडो भएमा मफ्लरले घाँटी, टाउको बाँधेर सुत्ने । रुघाखोकी अलि बढी लागेको छ भने पानी उमालेर त्यसको बाफ लिने र त्यसपछि माथि भनेको उमालेको जिरा-पानी र बेसारको ढुटो मुखमा हालेर खाएर सुत्ने ।

घाँटी दुखेको छ, जिब्रामा घाउ वा खटिरा लागेको छ भन्ने लागेमा बिहान, दिउँसो जुनसुकै बेलामा आधा चम्चा जिरालाई हत्केलामा राखी सफा गरेर मुखमा राखी चपाइरहने । त्यसो गरेपछि निको हुन्छ । जरो आउन खोजेको जस्तो लाग्यो भने पनि त्यसरी नै जिरा-बिहान बेलुका चपाइरहने ।

हामीहरूलाई ग्यास्टिकबाट बच्न, फोक्सो, मुटु र मस्तिष्कमा अक्सिजनको मात्रा जीवन्त राख्न, किडनीलाई सधैँ स्वच्छ राख्न प्राणायामलाई निरन्तरता दिनुपर्छ । यो प्राणायाम मलाई योगी नरहरिनाथले सिकाउनुभएको हो । यसका लागि ब्यूँझिनासाथ ४:३० बजेदेखि ढिलोमा ५:३० बजेसम्ममा सिरानी फालेर, खुट्टा सिधा राखेर, दुई हात सिधा पारेर राख्ने र दुवै हातका बुढीऔँला र चोरऔँला बिस्तारै जोड्ने, त्यसपछि बिस्तारै नाकले ॐ सम्झेर नाकबाट श्वास तानेर भुँडीमा भर्ने अनि एकछिन राखेर मुखले बिस्तारै फाल्ने, त्यसपछि छातीमा त्यसरी नै भर्ने, त्यसरी नै बिस्तारै फाल्ने, त्यसपछि

टाउकातिर बिस्तारै नाकैले श्वास तान्ने र बिस्तारै मुखले फाल्ने गर्नुपर्छ । यो ५ पटक गरेपछि दुई खुट्टा दोबारेर दुवै हातले पिँडुलामा समातेर ७-१० पटक बरक्क-बरक्क कुँडुलो परेर जुरुक्क उठ्नुपर्छ । त्यसपछि पलेटी मारेर, दुवै हातका बुढीऔँला र चोरऔँला बिस्तारै जोडेर, बिस्तारै नाकबाट श्वास तानेर नाकैबाट बिस्तारै फाल्नुपर्छ । उठेको बेला नाकैले श्वास फेर्ने हो र सुतेका समयमा मात्र मुखले फाल्ने हो ।

शरीरमा अक्सिजनको मात्रा ठीक गर्न बिहान उठेर पलेटी मारेर दुई हातका चोरऔँला र बुढीऔँला बिस्तारै जोडेर घुँडामा राख्ने र बिस्तारै नाकले लामो सास तानेर छाती भर्ने, छाती भरिएपछि बिस्तारै नाकैले छोड्ने, यो प्रक्रिया ५ पटकसम्म गर्ने । यसो गरेपछि कहिले-कहिले टाउको दुख्न पनि छोड्छ ।

हामीमध्ये कसैको पाखुरा दुख्ने गर्छ । अक्सर कम्प्युटरमा धेरै समय बस्नेहरूलाई र धेरै समय हातले हतियार चलाउने गर्दा पनि पाखुरा दुख्ने गर्छ । यसका लागि बसेर प्रणायाम गरिसकेपछि एउटा हात, हातका पन्जा खुला राखेर माथि लाने र तल घुँडामा राख्ने, त्यसपछि अर्को हात माथि लाने र त्यसै गरी बिस्तारै तल झारेर घुँडामा राख्ने, यो क्रम ५० पटक गर्नुपर्छ । अनि बिस्तारै केही दिनमा पाखुरा दुख्न छोड्छ । यो क्रम बसेर पलेटी मारेको समयमा नै गर्नुपर्छ । त्यसपछि ओछ्यानमा बसेकै ठाउँमा कपालभाती र बटरफ्लाई १०० पटक ओछ्यानमा बसेकै ठाउँमा गर्नुपर्छ । बटरफ्लाई गर्दा हातले दुई पैताला समात्नुपर्छ र घुँडाले भुइँ छोएको हुनुपर्छ । यसले प्याङ्क्रियाज, किडनी सक्रिय राख्ने र मोटोपनलाई पनि घटाउने काम गर्छ ।

आफ्नो स्वास्थ्यलाई ठीक राख्न झर्को मान्नु हुँदैन । अब दुई हातले घाँटी बाँध्ने र कुहिनो जोड्ने, जोडेको कुहिनोले भुइँ छुने, बिस्तारै श्वास तान्दै अघिको ठाउँमा जोडेको हात लाने र बिस्तारै श्वास छोड्दै भुइँ छुने । यो प्रक्रिया दुईपटक गरेपछि दुवै हात पसार्ने र तल-माथि तल-माथि २५ पटकजति हल्लाउने, त्यसपछि दुवै हातलाई वारपार-वारपार २५ पटक गर्ने । यसलाई मन्डुकासन भनिन्छ । यसले घाँटी, पेट, मस्तिष्कलाई स्वस्थ राख्छ ।

त्यसपछि ओछ्यानमा रहेको बेला दुवै खुट्टा पसारेर फार्ने, त्यसपछि एउटा हातले पैताला छुने, अर्को हात तुरुन्तै पछाडि ढाडमा लाने, यो क्रम कम्तीमा १०० पटक गर्ने । यसो गर्नाले प्याङ्क्रियाज सुक्न पाउँदैन, प्याङ्क्रियाजमा अक्सिजन भरिन्छ । प्याङ्क्रियाज सधैँ भिजेको, च्याले हुनुपर्छ । सुगरका बिमारीका लागि यो रामवाण हो । यसले किडनी स्वस्थ राख्ने र मोटोपनलाई पनि फाइदा गर्छ । यो अत्यन्त उपयोगी क्रम हो ।

ओछ्यानमा गरिने प्राणायामको अन्त्यमा दुवै खुट्टा पसारेर सुत्ने र लामो श्वास बिस्तारै दुईपटक नाकले लिएर बिस्तारै मुखले श्वास फेर्ने अनि उठ्ने । त्यसपछि ओछ्यानबाट उठेर तल उभिने । अनि तल-माथि तल-माथि गरेर कुर्कुच्चा नछोडी, तलमाथि तलमाथि सयपटक बुरुक-बुरुक उफ्रिएजस्तो गर्ने, त्यसपछि केही कुप्रो परेर सयपटक नै त्यही ठाउँमा यताउति गरेर दौडिने, त्यसपछि दुई ग्लास मनतातो पानी (तामाको भाँडोमा राखेको पानी भए राम्रो हुन्छ) पिएर ट्वाइलेट जाने ।

कसैकसैलाई कब्जियतको रोग हुन्छ । कब्जियतबाट बच्न पहिले जेजति दिसा आउछ कनेर गर्ने, त्यसपछि मुख र गिँजा बाँध्ने, मुख र गिँजा बाँधेपछि मुखमा पानी भरिन्छ, मुखको पानी निल्दै जाने, फेरि निल्ने, मुखको पानी निल्दै गर्दा गलल दिसा हुन्छ । जति ढिलो भए पनि यो प्रोसेसबाट दुईपटक दिसा गएपछि कब्जियत हुँदैन । तर सधैँ यही क्रम जारी राख्नुपर्छ । यो प्राकृतिक चिकित्सक डा. काशीराज उपाध्यायबाट प्रतिपादित कुरा हो ।

त्यसपछि चिया पकाएर तातो चिया खाने । पानीमा चियापत्ती हालेपछि सकेसम्म दालचिनी, मरिच, अदुवाको धूलो, दुई-चार पुदिनाका मुन्टा, ५-७ वटा तुलसी पत्ता हालेर उमाल्ने । चिया उमाल्दा चिनी, दूध सँगसँगै उमाल्नु हुन्न । दूध छुट्टै उमाल्ने अनि ग्लासमा हालेर खाने । चिनी खानेले चिनी हालेर फिटेर खाने । यसरी उम्लेको चिया खाएपछि बाँकी चियालाई नफाली त्यसलाई छोपेर राख्ने र कुनै बेला फेरि खाने । केही चिया थपेर फेरि दिनमा वा साँझमा पनि उमालेर पिउने र पछि फाल्ने । जसरी होस्, चिसोबाट बच्नुपर्छ ।

बुढापाकाहरू अथवा अरू हामी कसैलाई भिटामिन डी कम भएको हुन्छ । हड्डी दुख्ने, घुँडा दुख्ने भिटामिन डी कम भएपछि हुन्छ । यसबाट मुक्त हुन हाम्रो शरीरले भिटामिन डी खोज्छ । यसका लागि बिहान घाम लागेपछि जाडोमा बिहान ९ बजेदेखि ११ बजेसम्म र चैत्रदेखि असोजसम्म बिहान ८ बजेदेखि १० बजेको समयमा शरीरका लुगा र गन्जी खोल्ने र घुँडासम्म लुगा सारेर घामतिर फर्केर १०-१५ मिनेट र घाम पछाडि पारेर १०-१५ मिनेटसम्म वा २० मिनेट वा आधा घन्टासम्म घाम ताप्ने । यो भिटामिन डीका लागि रामवाण हो । हामीले एक ग्लास मनतातो पानीमा आधा कागती बिहान-दिउँसो जुन बेला भए पनि खाने बानी गरे भिटामिन सी पनि प्राप्त हुन्छ, राम्रो हुन्छ ।

बिहान उठेर प्राणायामकै बेला ओछ्यानमा नै दुइटा हात सास तान्दै-तान्दै बिस्तारै माथि आकाशमा लाने र एकछिन रोकेर सास फेर्दै-फेर्दै बिस्तारै

तल झार्ने, यो ५ पटक गर्ने । यसले शरीरमा अक्सिजन पर्याप्त हुन्छ । यो क्रम घाम तापेको समयमा घामतिर फर्केको बेला फेरि दुइटा हात सास तान्दै-तान्दै बिस्तारै माथि आकाशमा लाने र एकछिन रोकेर सास फेर्दै-फेर्दै बिस्तारै तल झार्ने, ५ पटक गरेमा अरू राम्रो हुन्छ ।

हिँड्नु उत्तम व्यायाम हो । यसरी हिँड्दा प्रदूषणरहित ठाउँ खोजेर कम्तीमा आधा घन्टा छिटोछिटो हिँड्ने बानी गर्नुपर्छ । बाहिर हिँड्ने वातावरण नभएमा घरकै छेउछाउ वा छानामा कम्तीमा २०-२५ मिनेट बिहान छिटोछिटो लम्केर हिँड्नुपर्छ ।

६० वर्ष लागेकाहरूलाई भिटामिन 'सी' को कमी हुनु हुन्न । त्यसका लागि खानासँग काँक्रो, मूला, गाजर, सकेमा चुकन्दरका चानो खाने । हरियो खुर्सानीमा धेरै प्रतिशत भिटामिन सी हुन्छ । हरियो खुर्सानी खानासँगै पूरा वा आधा खाने । त्यस्तै मूला खाएमा पायल्सलाई पनि फाइदा गर्छ । पायल्स हुनेहरूले बिहान ट्वाइलेटबाट फर्केपछि पायल्स हुने ठाउँमा कोल्डक्रिम दल्ने गर्नुपर्छ । यो भाग सुक्नु हुँदैन, सधैँ चिप्लो रहिरहनुपर्छ । अलि दिन दिनहुँ लाउने र पछिपछि हप्तामा एकपटक र दुखेको जस्तो भएमा अरू बेला पनि क्रिम दल्ने गर्नुपर्छ ।

हामीमध्ये कसैकसैलाई राती सुतेको बेलामा पिँडुला बाउँडिने समस्या आउँछ । यसका लागि सुत्नुभन्दा पहिले भुइँमा बसी दुवै खुट्टा पसार्ने, एउटा खुट्टाको पाइताला भएतिर दोबार्न खोज्ने र तुरुन्तै उठाएर जोड गरेर पिँडुलातिर दसपटक दोब्र्याउने, त्यसपछि अर्को खुट्टालाई पनि त्यसै गर्ने । त्यसपछि दुवै खुट्टा जोडेर पैतालातिर दोबार्ने र पिँडुलातिर १० पटक दोबार्ने गरेमा सन्चो हुन थाल्छ । यो गरेपछि जुरुक्क उठेर, सिधा भएर, खुट्टा उठाएर, जोड गरेर पिँडुलातिर तान्ने र त्यसै बेला हात पनि बीसपटक तुरुन्तै आकाशतिर लगेर तुरुन्तै तल झार्ने । यो क्रम दुवै खुट्टा र हातले गरेपछि सुत्न जाने ।

राति खुट्टा बाउँडेमा जुरुक्क उठेर खुट्टा फर्केको अर्कोपट्टिको हात माथि आकाशमा तन्काएर लाने, यसो भएपछि आराम भइहाल्छ । कसैको राति खुट्टा पोल्ने समस्या हुन्छ । यसका लागि माथि बसेको जस्तो गरेर खुट्टाको पैतालामा दाहिने हातले ५० पटक वारपार कसेर थोरै तेलले मालिस गर्ने । यसो गर्ने गरेमा पैताला पोल्न छोड्छ ।

यदि हामीहरूमध्ये कसैलाई युरिक एसिड छ भने बिहान घोडताप्रे चपाउने । धेरै भेटिए जरा र पातसमेत चपाएर निल्ने । चैत्र १५ गतेदेखि असोजभरि घोडताप्रे पाइन्छ । आफ्नो बारी, काल्ला वा कुलाको किनारमा

पाइन्छ । उखेलेर ल्याउने र ३-४ गमलामा रोप्ने । केही दिनपछि त्यही गमलाबाट झिकेर पखालेर खाए हुन्छ । पहिलो साल बाहिरबाट खोजेर ल्याउने र बिहानै-बिहानै अर्थात् खाना खानुभन्दा पहिले खाने बानी बसाल्नुपर्छ । नियमित खायो भने युरिक एसिड निको हुन्छ । घोडताप्रे धेरै भेटिएमा उखेलेर ल्याउने र फ्रिजमा राखेर पखालेर खाने । धेरै भए पखालेर ग्यान्डरमा हालेर झोल बनाउने र सिसामा भरेर फ्रिजमा राख्ने र बिहान ३ चम्चा झोल झिकेर आधा ग्लास तातो पानी मिसाएर खाने । घोडताप्रेजस्तो रामवाण युरिक एसिडका लागि केही छैन ।

यी सबै कुरालगायत कुनै प्रकारको रोग सुगर, प्रेसर, थाइराइड (थाइराइड हुनेहरूले बिहान छानामा घुम्न गएको समयमा ५-७ पटक लामो ॐ भन्ने गरेमा घाँटीलाई फाइदा हुन्छ र थाइराइडलाई पनि सन्चो हुन सक्छ) वा अन्य रोग लागेर डाक्टरले दिएको दबाइलाई डाक्टरले भनेअनुसार नियमित रूपमा खाइरहनुपर्छ ।

भरत जङ्गमका पिताजी गोविन्दहरि जङ्गमबाट मैले थाहा पाएका कुराहरू यहाँ बताएँ । यस्ता सुयोग्य पिताका सुयोग्य पुत्र भरत जङ्गमको हीरक महोत्सवमा मेरो हार्दिक शुभकामना ।

●



दीर्घराज प्रसाई हाङपाङ आठराइमा जन्मनुभएको हो । स्नातकोत्तर गर्नुभएका उहाँ पञ्चायत विषयको पुस्तक लेखी प्रवेशिकामा अनिवार्य पढ्नुपर्ने पुस्तकका लेखक हुनुभयो । राष्ट्रवादी चिन्तन बोक्नुभएका उहाँ आध्यात्मिक, राजनीतिक र साहित्यिक व्यक्तित्व हुनुहुन्छ ।

# भरत जङ्गम र भ्रष्टाचार
## – दुर्गा दङ्गाल

कुनै पनि सार्वजनिक पदमा रहेका पदाधिकारीहरूले आफ्नो पदीय मर्यादा विपरीत गई आफूमा रहेको शक्ति र अधिकार व्यक्तिगत हित वा फाइदा पुऱ्याउनका लागि प्रयोग गरी गरिने सबै किसिमका गैरकानुनी र अनैतिक क्रियाकलापहरूलाई भ्रष्टाचार भनिन्छ । यो एक जघन्य अपराध हो । यसको नियन्त्रणका लागि विभिन्न सङ्घ-संस्था, व्यक्तिहरू तथा राष्ट्रिय आयोगहरू पनि सक्रिय छन् । तर विश्वका कतिपय देश तथा नेपालमै पनि विभिन्न कार्यक्रम गरी विभिन्न उपायहरू अपनाए तापनि यसको नियन्त्रण हुनुको सट्टा झन् दिन-प्रतिदिन तीव्र रूपमा बढ्दै गएको छ । यो अवस्थामा भ्रष्टाचारविरोधी आन्दोलनलाई केन्द्रविन्दुमा राखेर समाजमा फैलिएका र फैलिरहने अनेक विकृति र विसङ्गतिहरू हटाउने विषयमा चिन्तन गर्दै २०२७ सालदेखि भ्रष्टाचारविरुद्धको अभियानमा समर्पित भई नेपाल र नेपाली समाजमा भरत जङ्गम क्रियाशील भइरहनुभएको छ ।

साहित्य, पत्रकारिता, धर्म-संस्कृति, इतिहास, अनुसन्धान, न्याय-कानुन, प्रशासन, राजनीति, समाजसेवा आदि क्षेत्रबाट समाज, राष्ट्र र विश्वजगत्मा नै नैतिक मूल्य-मान्यताको स्थापना गर्न खोज्ने अनेक व्यक्तित्व भएका एक व्यक्तिका रूपमा सुपरिचित हुनुभएका एक महान् व्यक्तित्व नै भरत जङ्गम हुनुहुन्छ ।

भरत जङ्गम आफ्नो अथक प्रयासका कारण २०७३ सालमा विश्वप्राज्ञिक समाजमा नेपालका तर्फबाट भ्रष्टाचारविरोधी शास्त्रको स्थापना गर्न सफल हुनुभएको छ । उहाँकै कारणबाट आज विश्वसमाजले पहिलोपटक भ्रष्टाचारविरोधी शास्त्रका रूपमा भ्रष्टाचारविरोधी विज्ञान पाएको छ । अहिले भ्रष्टाचारविरुद्धका विषयमा पनि विश्वविद्यालयहरूमा अध्ययन-अध्यापन हुन सुरु भएको छ । यसको प्रारम्भ नेपालको त्रिभुवन विश्वविद्यालयबाट भइसकेको छ । त्यसैले उहाँ भ्रष्टाचारविरोधी विज्ञानका पिता (फादर अफ एन्टिकरप्सन साइन्स) का रूपमा स्थापित हुनुहुन्छ ।

भरत जङ्गमका विषयमा अहिलेसम्म त्रिभुवन विश्वविद्यालयले १८ जनालाई स्नातकोत्तर तहको शोध र नेपाल संस्कृत विश्वविद्यालयले एकजनालाई विद्यावारिधि गराइसकेको छ ।

भ्रष्टाचारका अभियन्ता भरत जङ्गमको जन्म भक्तपुर जिल्लाको टौमढी टोलमा २००४ साल मङ्सिर १० गते (सन् २५ नोभेम्बर १९४७) मा भएको हो । हाल उहाँ काठमाडौँ जिल्लाको बानेश्वरमा बसोबास गर्दै आउनुभएको छ । उहाँले वि. सं. २०२७ सालदेखि पत्रकारिता क्षेत्रमा प्रवेश गरी उहाँले गोरखापत्र, कान्तिपुर, समाचारपत्र, हिमालय टाइम्स, लोकपत्र र राजधानी जस्ता दैनिक पत्रिकामा विभिन्न लेखरचना र टिप्पणी लेख्नुका साथै गुठी संस्थानको मुखपत्र 'धर्मदर्शन' को सम्पादन कार्य र 'नेपाली आवाज' को सम्पादक तथा प्रकाशकका रूपमा काम गर्नुभएको छ । उहाँले वि. सं. २०३६ सालमा 'कालो सूर्य' नामक उपन्यास लेख्नुभएको छ । उहाँको यो उपन्यास धेरै चर्चित र धेरैवटा भाषामा अनूदित भएको छ । विश्वका अन्य भाषा, जस्तै अङ्ग्रजी, हिन्दी, उर्दू, कन्नड, आसामी, बङ्गाली, जापानी, चिनियाँ, रुसी, मैथिली, भोजपुरी, डोट्याल, नेवारी तथा संस्कृत भाषाहरूमा अनुवाद भएको छ । उहाँका वि. सं. २०४१ सालमा 'व्यूहचक्र' र वि. सं. २०५० सालमा 'रातो घाम' र 'ख्वपदेश' उपन्यासहरू पनि प्रकाशन भएका छन् भने अन्य विभिन्न निबन्धसङ्ग्रह, कथासङ्ग्रह, विभिन्न कविता तथा गीतका भिन्नाभिन्नै पुस्तकहरू प्रकाशित भएका छन् । उहाँका विचार तथा दृष्टिकोण, पचास प्रसङ्ग, भ्रष्टाचारविरुद्धको आन्दोलन नामक प्रबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् । हाल उहाँको 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' नामक पुस्तक पनि प्रकाशित भएको छ ।

साहित्य क्षेत्रबाट उपन्यास विधामा आफूलाई अन्तर्राष्ट्रिय स्तरमा पनि चिनाउन सफल हुनुभएका भरत जङ्गम आफूलाई राष्ट्रिय परिवेशको विभिन्न क्षेत्रका केन्द्रीय पात्रका रूपमा परिचित गराउन सफल व्यक्तित्व हुनुहुन्छ ।

अनेक व्यक्ति हुनुभएका भरत जङ्गमले वि. सं. २०५५ सालदेखि सर्वोच्च अदालतमा सार्वजनिक सरोकारका मुद्दा दायर गरेर विभिन्न समयमा विभिन्न निर्णय गराउनुभएको छ । त्यस्ता विभिन्न मुद्दामध्ये निम्न मुद्दाहरूमा महत्त्वपूर्ण र उल्लेख्य निर्णय भएका छन् ।

१. वि. सं. २०५२ सालमा भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने गरी ऐन बनाई पेन्सन खाने कार्यलाई वि. सं. २०५७ सालमा बन्द गरेको ।

२. सरकारी पदाधिकारीहरूले दोहोरो सुविधा लिन नहुने भन्ने सर्वोच्च अदालतबाट वि. सं. २०५८ सालमा आदेश भएको ।

३. भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र गृहमन्त्रीले ल्याएको अध्यादेश वि. सं. २०६९ मा खारेज गरी प्रतिवर्ष रु. ५० करोड राजस्व खर्च हुने कार्य रोकिएको ।

४.	पहिलो संविधानसभाले गैरसंवैधानिक तरिकाले म्याद थप्तै कार्यकाल बढाएकोमा वि. सं. २०६९।२।१४ सम्ममा संविधान जारी गर्नुपर्ने अनिवार्य अवस्था सृजना भएपछि सोही दिन प्रथम संविधानसभा विघटन भएको ।

त्यस्तै गरी भरत जङ्गम सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय हुनुभएको पाइन्छ । उहाँले विभिन्न सङ्घ-संस्थाहरूमा आवद्ध भई सामाजिक कार्यहरू गर्नुभएको छ । उहाँले विभिन्न देवालय, मन्दिर, धारा, यज्ञ, विद्यालय आदिमा आफ्नो योगदान दिनुभएको छ ।

विश्वजगत्का प्रायः सबै मुलुकहरूले भ्रष्टाचारविरुद्धको कार्यका लागि संवैधानिक, कानुनी एवं सस्थागत नीतिनियमहरूको व्यवस्था गरी दीर्घकालीन विभिन्न उपायहरूको अवलम्बन गरिरहेका छन् । भ्रष्टाचार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहकार्य, प्रतिरोध गर्नका लागि क्षमता वृद्धि र संस्थागत विकासका निम्ति दिशानिर्देश गरेको अवस्था छ । अन्तर्राष्ट्रिय स्तरमा वर्ल्ड बैङ्क, एसियन डेभलपमेन्ट बैङ्क, ट्रान्सपरेन्सी इन्टरनेसनल लगायतका संस्थाहरू भ्रष्टाचार नियन्त्रण कार्यमा सक्रिय भइरहेका छन् ।

नेपालमा पनि संविधानमा नै सुशासनलाई राज्यको साधन र साध्य दुवै रूपमा आत्मसात गरी भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न नीति-नियम, विधि, कानुन, विभिन्न बेलामा सर्वोच्च अदालतबाट बनेका नजिरहरूको निर्माण हुनुका तथा संवैधानिक निकायहरूको पनि व्यवस्था गरिएको छ । भ्रष्टाचार निवारण ऐन, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, सार्वजनिक खरिद ऐन, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, सम्पत्ति शुद्धीकरण ऐनजस्ता कानुनी व्यवस्था र अख्तियार दुरुपयोग अनुसन्धान आयोग, विशेष अदालत, न्याय परिषद्, राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग, महालेखा परीक्षकको कार्यालय, संसद एवं संसदीय समिति, सैनिक विशेष अदालतजस्ता संस्थाहरूको पनि व्यवस्था गरिएको छ ।

तर नेपालमा यस्ता ऐन, नियम-कानुन तथा आयोगहरूको व्यवस्था हुदाँहुँदै पनि नागरिकहरूको अनुभूति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरिएका भ्रष्टाचारमापनका अध्ययन र अनुसन्धानको नतिजामा नेपालमा भ्रष्टाचार बढिरहेको नै देखिन्छ ।

हुन त नेपालमा भ्रष्टाचार हुनु हुँदैन र गर्न दिनु पनि हुँदैन भन्ने कुरा इतिहासको कालखण्डमा उठ्ने गरेको पाइन्छ, तर यस नाराको कडाइका साथ लागू गरेको भने पाइँदैन, जसका कारण नेपालमा भ्रष्टाचार अझ तीव्र रूपमै बढेर गएको छ । नेपालको सार्वजनिक ओहदामा रहेका लगभग सबै

ब्रुजुग व्यक्तिहरूले नै भ्रष्टाचार गर्ने तर मैले भ्रष्टाचार गरेको छु भन्न नचाहने र देशमा भ्रष्टाचार धेरै बढेर गएको छ भन्नचाहिँ नछाड्ने प्रवृत्ति देखिन्छ । यहाँ व्यक्तिगत फाइदाका लागि सार्वजनिक हैसियतको दुरुपयोग भइरहेको पाइन्छ ।

नेपालमा सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, नैतिक, समय आदि सबै क्षेत्रमा भ्रष्टाचार भएको देखिन्छ । स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै देश यो रोगबाट ग्रसित भएको अनुभव गर्न सक्ने अवस्था छ । यो रोग समाजका लागि एक विकराल रोग हुन पुगेको छ । यसलाई समाजको सरकारी संयन्त्रको धमिरा हो भन्न सक्ने अवस्था छ । यसले नेपाली समाजलाई झन्-झन् प्रदूषण बनाउँदै लगेको छ । यसले हरेक सार्वजनिक ओहदामा रहेका व्यक्तिहरूको स्वभाव र शैलीलाई नै नकारात्मक बनाउँदै लगेको अनुभव गर्न सकिन्छ । यसका कारण राज्यको आर्थिक वृद्धि, विकास निमार्ण र सेवा प्रवाहमा ह्रास आउँदै गएको छ । सार्वजनिक सम्पत्तिको दुरुपयोग बढेर गएको छ । शासकीय पद्धति र प्रक्रिया नै ह्रासोन्मुख हुँदै गएको देखिन्छ । मानिसहरू व्यक्तिवादी बन्दै गएका छन् । व्यक्तिहरूको अनुशासन र मर्यादा हराउँदै गएको छ । समाजमा अस्वस्थ प्रतिस्पर्धा र कुसंस्कारको विकास हुँदै गएको देखिन्छ । सङ्घ-संस्थाहरूको लक्ष्य हासिल हुन सकिरहेको देखिँदैन भने संस्थाको ख्याति र जनविश्वास अझ गुम्दै गएको पाइन्छ ।

यस्तो हुनुमा नेपाली समाज उपभोक्तावादी चिन्तनले ग्रसित बन्दै जानुले नै हो । यहाँ हरेक व्यक्तिको छिटै र जसरी भए पनि धनी बन्ने चाहना मौलाउँदै गएको पाइन्छ । आर्थिक राष्ट्रवादको भावना कुण्ठित हुन पुगेको देखिन्छ । मानिसहरूका असीमित चाहनाहरूमा वृद्धि हुँदै गएकाले आधारभूत आवश्यकता परिपूर्तिका लागि पनि धेरै पैसाको आवश्यकता पर्ने भएको छ । राज्यले नागरिकहरूका आवश्यकतासँग जोडेर नागरिकहरूलाई भविष्यप्रति सुनिश्चित गराउन सक्ने गरी सामाजिक सुरक्षाको राम्रो प्रबन्धलाई सुव्यवस्थित गर्न सकिरहेको अवस्था छैन् । त्यस्तै गरी आम नागरिकहरूको आर्थिक गतिविधिलाई सरकारी निगरानी र नियन्त्रणमा राख्न सक्ने विश्वासिलो पद्धति र व्यवहारलाई संस्थागत गर्न पनि सकिरहेको अवस्था देखिँदैन । अर्कातिर हेर्ने हो भने नेपाली समाजमा नागरिकहरूले नै भ्रष्टाचारजन्य गतिविधिलाई चुपचाप सही आफ्नो काम छिटो गराउने गलत सोचका साथ घुस दिने प्रवृत्तिले गर्दा भ्ष्टाचारीहरूलाई अझ प्रेरित गरिरहेको आभास हुन्छ भने समाजले पनि भ्रष्टाचारजन्य क्रियाकलापहरूलाई चुपचाप मूकदर्शक भएर सामाजिक मान्यता दिइरहेको अवस्था देखिन्छ ।

नेपाली समाजमा सामाजिक प्रतिष्ठालाई नैतिक सदाचारसँग होइन, आर्थिक सामर्थ्यसँग जोडेर हेर्ने जनमत पनि ठूलै रहेको पाइन्छ, जसले भ्रष्टाचारीहरूलाई भ्रष्टाचार गर्न नै प्रेरित गरिरहेको छ । नेपाली सामाजिक, सांस्कृतिक, धार्मिक तथा राजनीतिक रीतिरिवाजहरू सबै विदेशी र अरूको देखासिकी गर्ने परिपाटीको विकास भएको छ, जसका कारण हाम्रा चाडपर्वहरू पनि हराउँदै गएका छन् भने भड्किलो बन्दै पनि गएका छन् । यहाँ विदेशी रीतिरिवाजहरूले प्रश्रय पाइरहेका छन् । त्यसकारण नागरिकहरूमा नैतिक मूल्य-मान्यतामा ह्रास आउँदै गएको पाइन्छ ।

विभिन्न कालखण्डको राजनीतिक नेतृत्वमा भ्रष्टाचार नियन्त्रण गर्न सक्ने इच्छाशक्ति, प्रतिबद्धता, साहस र नैतिक व्यावहारिकतासहितको इमानदारीको टड्कारो रूपमा कमी भएको देखिन्छ । भ्रष्टाचारको निगरानी र नियन्त्रणका लागि स्थापना भएका संस्थाहरूमा राजनीतीकरण हावी भएको पाइन्छ । त्यस्ता संस्थाको नेतृत्वको छनोट र कार्यप्रक्रियामा राजनीतिक दलको हस्तक्षेप हुने गरेको पाइन्छ । राजनीतिक नेतृत्वको स्वार्थअनुसार नीतिगत भ्रष्टाचार हुने गर्दछ, जसका कारणले यहाँ सीमित र शक्ति भएका व्यक्तिहरूका स्वार्थप्रेरित नीतिनियमहरू पनि बन्ने गर्दछन् । प्रशासनिक जिम्मेवारीमा रहने कार्यहरूलाई नीतिनियम, विधि र प्रणालीबद्ध कार्य गर्ने संस्कारका आधारमा कार्य सम्पादन गर्न नखोज्ने बिचौलिया र माफिया प्रवृत्ति हावी रहेको पाइन्छ, जसले गर्दा पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिताको अवस्था दिनप्रतिदिन दयनीय बन्दै गएको देखिन्छ । प्रशासनिक संयन्त्रमा नागरिकको सेवक र सहजकर्ता होइन, मालिक शासक बन्न चाहने प्रवृत्ति तीव्र रूपमा बढेर गएको पाइन्छ । नेपाली समाजमा आजको धन र सत्ताको भरमा यहाँको बहुमत जनसङ्ख्या बहकिएको छ । धनप्रतिको आसक्ति तीव्र रूपमा बढेर गएका कारणले गर्दा समाजमा विभिन्न विकृतिहरू बढेर गइरहेको अवस्था रहेको छ ।

भ्रष्टाचारलाई प्रवर्द्धन गर्ने आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, कानुनी, संस्थागत, मनोवैज्ञानिक तथा प्रविधिगत पक्षहरूमा रहेका विभिन्न कमी-कमजोरीहरूलाई राज्य सञ्चालकहरूले नैतिक इमानदारीपूर्वक शीघ्र समाधानका उपायहरू खोजी पर्गेल्न सक्नुपर्दछ । पद्धति र प्रवृत्तिबीचको द्वन्द्वले गर्दा आज देशमा सुशासन कायम हुन नसकिरहेको अवस्था देख्न सकिन्छ । आज तीनै तहको सरकार, नागरिक समाज, सञ्चार माध्यम, सामाजिक विभिन्न सङ्घ-संस्था एवं निकायका बीचमा भ्रष्टाचारविरुद्ध एकीकृत र समन्वयात्मक प्रयास हुनु आवश्यक छ भने नैतिक शिक्षा तथा भ्रष्टाचार गर्न नहुने परम्परागत मूल्य-मान्यताको प्रणालीलाई पुनर्स्थापित गर्ने

तथा घुस नदिने र नलिने समाज निर्माण गर्नका लागि शिक्षामा सुधार र व्यक्तिगत निर्माण र छनोटमा सजगता हुनु जरुरी भएको कुरालाई अङ्गिकार गर्दै देश र समाज भ्रष्टाचारको दलदलमा यसरी फसिरहेको अवस्थामा अनेक व्यक्तित्व भएका राष्ट्रभक्त र देश तथा जनताप्रतिको कर्तव्यमा समर्पित कर्मयोगी भरत जङ्गमले विश्व तथा नेपाली समाजलाई भ्रष्टाचारविरोधी विज्ञान उपहार दिनुभएको छ । प्रभावशाली व्यक्तित्व हुनुभएका, सधैँ देश, समाज र जनताका निम्ति नै चिन्तनमनन गर्नुहुने उहाँलाई हृदयदेखि नै धेरै-धेरै धन्यवाद तथा उहाँको नेतृत्व हाम्रो समाजले अझै पाउन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

अन्ततः भ्रष्टाचार एउटा जटिल सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक समस्या भएकाले यसले गणतन्त्रात्मक लोकतन्त्रका मूल्य-मान्यता, नैतिकता, न्याय, कानुनको शासन तथा विश्वकै अर्थतन्त्रलाई नै धराशायी बनाउँछ । यसले कुनै समाज, देश मात्र नभएर सम्पूर्ण विश्वजगत्लाई नै आक्रान्त बनाइरहेको छ । यसको कुनै भौगोलिक तथा राजनीतिक सीमा हुँदैन, जसका कारण यसको नियन्त्रणका लागि अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू भइरहेका छन् । अझ तीव्र रूपमै अन्तर्राष्ट्रिय साझा प्रयास हुनुपर्ने आवश्यकता देखिन्छ ।

भष्टाचार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास भइरहँदा पनि भ्रष्टाचार नियन्त्रण हुन नसकिरहेको अवस्थामा विश्व तथा हामीले भ्रष्टाचारविरोधी विज्ञान पाएका छौँ । आगामी दिनमा उक्त शास्त्रको प्रभावले विश्वजगत्मा भ्रष्टाचार हटेर गई विश्व तथा नेपाली समाजमा नैतिकता र इमानदारीसहितको सुशासन हुनेछ भन्ने आशासाथ विश्वजगत् तथा हामी सम्पूर्ण नेपालीलाई बधाई तथा शुभकामना ।

●



दुर्गा दङ्गाल सुनसरी इटहरीमा बस्नुहुन्छ । उहाँ आर्थिक व्यवस्थापनसम्बन्धी जानकारी राख्ने समाजसेवी तथा भ्रष्टाचारविरोधी अभियन्ता हुनुहुन्छ ।

# कुरो ५२ वर्षअघिको
## – देवराज अधिकारी

बाउन्न वर्षअगाडिको कुरा हो । बिहानै म इटहरीबाट पूर्वतर्फ लाग्ने लहरीमा चढेँ । पक्का बाटो थिएन । धूलैधूलै । कतैकतै हिलैहिलो । खाल्डाखुल्डी गल्ड्याङगुल्डुङ बाटो । उर्लाबारी पुग्दा त म आफैँले आफैँलाई चिन्न नसक्ने भएछु । धूलोले पोतिएछु । धूलो र पसिनाले लिपिएछु । सेतो कुर्ता-सुरुवाल लगाउने मेरो चलन । लुगाको रङ्ग नै बदलिएछ । लहरीबाट उत्रिएपछि सम्बन्धित मुकाम र हाकिम भेट्न गन्तव्यतर्फ लागेँ । गर्मीको समय । त्यसमाथि घामको पिटाइ उधुमै थियो ।

धराननिवासी श्रीप्रसाद अधिकारीको म जेठो छोरो । बुबा दमको रोगी । म महेन्द्र कलेजमा स्नातक तहको विद्यार्थी । निर्दलीय पञ्चायती व्यवस्था भए तापनि देशमा दलीय द्वन्द्व र सङ्घर्ष नेता तहमा भन्दा विद्यार्थी क्षेत्रमा उग्र रूपमा बढिरहेको थियो । म आफू पनि एक पक्षको सशक्त विद्यार्थी नेतामध्येमै थिए । घरमा रोगी बुबा र म विद्यार्थी नेता भएपछि हाम्रोजस्तो इमानदार स्वभावका मान्छेको घर र परिवार ओरालो बाटोतर्फ लाग्नु स्वाभाविकै रहेछ । घरभित्र हामी अन्योल र अप्ठ्यारोमा थियौँ । घरमा बुबा दीर्घरोगी, मचाहिँ बनारसमा बसेर विभिन्न राजनीतिज्ञहरूको सङ्गतमा परी उनीहरूसँग ज्ञानबुद्धि सिकेर निर्देशन पालना गर्ने सर्तमा धरान महेन्द्र कलेजको विद्यार्थी भएको थिएँ । तेह्रथुम जिल्ला सुदाप भन्ने गाउँबाट एउटी अबोध किशोरी सीता बजगाईंसँग विवाह भई छोरीको समेत जन्म भइसकेको थियो । मेरो पीठमा जिम्मेवारीको भारी कुस्त थियो ।

हाम्रो घरपरिवारलाई अरू ध्वस्त हुनबाट जोगाउनुपर्ने, परेको आपत्तिबाट जोगिनुपर्ने र सम्पूर्ण परिवारको जिम्मेवारी निर्वाह गर्नुपर्ने ठूलो आशा, भरोसा र विश्वास मनभरि बोकेर मैले उर्लाबारीस्थित अव्यवस्थित जग्गा व्यवस्थापन आयोगको कार्यालयका कार्यालयप्रमुख भरत जङ्गमलाई भेटेँ ।

कलिलो युवक । यस्तै २२-२३ वर्षको हुनुहुँदो हो दौरा, सुरुवाल, कोट, टोपी लगाएर कार्यालयको आफ्नो आसनमा बसेको भरत जङ्गम । पुक्क गाला परेको । रातो वर्णको । मोटो शरीर, हँसिलो । उत्साही अनुहार । जिम्मेवारीबोधपूर्ण शब्दले उहाँबाट मैले स्वागत पाएँ । भरत जङ्गमको हँसिलो,

रसिलो र मीठो व्यवहारबाट म प्रभावित भएँ । उहाँले मलाई भोलिपल्ट नै प्रमाणसहित विराटनगर कार्यालयमा भेट दिने र हुन सक्ने सहयोग गर्ने वचन दिनुभयो । म खुसी हुँदै धरान घर फर्कें । बुबालाई सबै वृत्तान्त सुनाएँ ।

भोलिपल्ट सबेरै मोरङ मालअड्डामा पुगेँ । दसै बजे ढोकाबाहिर उभिएर कार्यालयप्रमुख भरत जङ्गमलाई दुवै हात जोडी नमस्कार गरेँ । बडो श्रद्धाका साथ शिर झुकाएँ ।

'आउनुहोस्-आउनुहोस् देवराजजी, भित्र आउनुहोस्' भन्दै उहाँ आफ्नो आसनबाट उठ्नुभयो । हातले सङ्केत गर्दै अग्रभागमा रहेको मेचमा बस्न आग्रह गर्नुभयो । म समस्या, पीडा, दुःखकष्टबाट मर्माहत भएको एउटा पीडित मान्छेलाई कार्यालयप्रमुखले दिनुभएको त्यत्रो ठूलो स्वागत र सत्कारबाट ममा उत्साह जागेर आयो ।

"म तपाईंको काम गरिदिन्छु, तर तपाईंले पनि मेरा कुरा ध्यान दिएर सुन्नुपर्छ । मैले भनेको मान्नुपर्छ ।" जङ्गमजीले भन्नुभयो ।

मेरो मनमा आन्दोलन चर्कियो । यसले के भन्ने होला ? के माग्दछ होला यसले ? काम त ठूलै हो मेरो । त्यसै त गर्दैन होला ! यसले पनि पक्कै घुस माग्नेछ क्यार ! कति माग्ने हो ! यो पनि घुस्याहा रहेछ क्यार ! मेरो मनमा कालो बादल बाक्लिँदै गयो ।

"ठीक छ देवराजजी, कुरा बुझ्नुभयो ?" उनले सोधे । मनमनमा मैले सोचेँ, "यसले यतिउति पैसा देऊ भनेकै छैन । कुरा बुझिनँ भनौँ भने आफैँले काम गर्न आलटाल गरेझैँ होला । बुझेँ भनौँ भने के-कति भन्ने कुरा उठेकै छैन ।"

मेरो ठूलो मुन्टो । त्यसै-त्यसै ओइलाएझैँ घोसेमुन्टो लगाएर निन्याउरो आँखाले उसको अनुहार मात्र हेरिरहन्छु । प्वाक्क परेका दुई गाला, ठूलो निधार, शिरमा सक्कली ढाकाको टोपी, शरीरमा सेतो दौरा-सुरुवाल र कालो कोट । उनले मतिर हेर्दै मुसुमुसु हाँस्तै गरेकोलाई मैले मेरो खिल्ली उडाइरहेको वा मसँग जिस्किरहेको ठानिरहेँ । मनमनमा गुनेँ, "यो कलिलो केटो मभन्दा २-४ वर्षे कान्छोजस्तो छ । श्री ५ महेन्द्रले ठाडै नियुक्त गरी आयोग प्रमुख बनाई पठाएको । राजाको विश्वासपात्र व्यक्ति हो यो । खोइ के गर्ने, के भन्नु ! मेरो काम त ठूलै छ नि ! यसले गर्न सक्छ कि सक्तैन होला ! आँट गर्छ होला त ? यसले नगरे फेरि अरू गरिदिने कोही छैन । यसैलाई नपत्याई पनि भएको छैन । घुस त पक्कै माग्छ नै । धेरै मागेमा कहाँबाट ल्याएर दिने ! आफूलाई घरकै समस्या टार्न मुस्किल छ । यसो अलिअलिसम्म

हो भने त सरसापटी रिनपान पनि गर्न सकिन्थ्यो होला । त्यो कुरा त बुबा नै जान्नुहुन्छ । बुबाले के भन्नुहुन्छ । बुबाले के गर्नुहुन्छ ।"

"अधिकारीजी ! तपाईंले गाउँ पञ्चायतबाट सिफारिस ल्याउनुपर्छ । अनि तपाईंको काममा विचार गरौँला । सिफारिस हेरेर हुने भए गरौँला ।"

म आजै काम सकेर खुसी हुँदै घरमा जाने विचारमा थिएँ । बुबालाई सुनाएर उहाँको अनुहार हँसिलो बनाउने ठूलो इच्छामा थिएँ । सिफारिस ल्याउनुपर्ने कुराले मेरो मन भताभुङ्ग भयो । बुबाको अनुहार झल्झली सम्झेँ । सिफारिस ल्याउने कुरा लामो लाग्यो । आजै काम सक्ने विचार थियो मेरो । नहुने भयो । "होइन हजुर ! त्यसो नभन्नुहोस् न ! यहाँबाट राजघाट गाँउ पञ्चायत जानुपर्ने । प्रधानपञ्च चिनेको छैन । भेट होला कि नहोला ! को छन् ? के भन्छन् ? कहिले भेट पाइने हो कि होइन ! सर, त्यसो नभन्नुहोस् न ! मेरा सबै प्रमाण यीः यहीँ छन् । तपाईंले हेरिहाल्नुभयो । सकिदिनुस् न मेरो काम ! लौ न, तपाईंकै हातको कुरा हो । लौ न, गरिदिनुहोस् न !"

उनले मलाई धेरै प्रकारले सम्झाउन खोजे । तर मैले मेरो रोऱ्याइँ छाडिनँ । दोकानबाट चिया मगाई खुवाउनुभयो । मलाई फेरि सम्झाउनुभयो, "गाउँ पञ्चायतको सिफारिसबेगर म तपाईंको काम गर्न सक्तिनँ । कसैले पनि गर्न सक्तैन ।"

मैले नमान्दानमान्दै पनि घाम भने ओरालो लागे आकाशे भीरबाट । केही समयपछि अड्डा बन्द हुने समय आउन थाल्यो । ठूला कर्मचारीहरू यसो अराइपराइ बाहिरिन थाले । मेरो काम नहुने नै भयो । मन ढुकढुक हुन थाल्यो मेरो । शरीर भारी भयो । के गर्ने ? के नगर्ने ?

"सर ! चार बज्यो । अलि छिटो घर जानुपर्ने । बजारबाट दबाइ पनि लिएर जानुपर्ने छ सर !" आफ्नो मेचबाट जङ्गम सर उठ्नुभयो । हातले इसारा गर्दै मलाई उठ्न आदेश दिनुभयो । मैले उठ्न जाँगर चलाइनँ । साह्रै अल्छी लाग्यो उठ्न । त्यसै-त्यसै घोसेमुन्टो लगाई बल्लबल्ल कोठाबाट बाहिरिएँ । बाहिर बरको फेदमा एउटा सानो मोटर खडा थियो । फटाफट अघि बढेर उनी गाडीको सिटमा बसे । म आँसुचाहिँ नझारी त्यसै-त्यसै पछिपछि लतारिँदै थिएँ । गाडी स्टार्ट गरे उनले ।

"अधिकारीजी, आउनुहोस् यता । बस्नुस् गाडीमा ।" अगाडिको सिटमा बस्न देखाए । म सिटमा बसेँ । उनले हाँकेको गाडी हुइँकियो । बरगाछी, कञ्चनबाडी हुँदै गाडी दुहबी बजार पुग्यो । मलाई अलि चिसो भयो मनमा । एकछिनपछि सितलजस्तो पनि भयो । गाडी खनार हुँदै इटहरी आइपुग्यो ।

'धरान जाने बाटो यही होइन अधिकारीजी ?' भन्दै उनको गाडी उत्तरतर्फ लाग्यो । मैले 'हो' मात्रै भनेँ । यो कहाँ हिँडेको होला ? धरानै जाने भयो कि क्या हो ? साँझ परिसक्यो । किन धरान जान खोजेको हो यसले ? यो कस्तो मान्छे हो ? मनमा कुरा खेलाउन थालेँ । कसोकसो अलमलिएको र खिन्न भई लोलाएजस्तो भएछु । चारकोसे झाडी जङ्गल पार गरी धरान पो आइपुग्यो, हुँदाहुँदै भानुचोक ।

"अँ अधिकारीजी ! तपाईंको घर कहाँनेर पर्छ ?"

मैले 'सिधै' भनी हातले इसारा गरेँ । घरअगाडि गाडी अडियो । म हत्तपत्त ओर्लिएँ । मेरै घरमा पो आएका रहेछन् त यी प्रमुख भनाउँदा ! अरे, यी कस्ता मान्छे हुन् ? किन मेरो घरमा आएका अहिले ? बुबासँग भेट गर्न होला । मैले रुपियाँ-पैसा बोकेकोजस्तो लागेन यसलाई । घुस नभई काम नगर्ने नै रहेछ । घरमै आएर बुबासँग पैसा माग्ने रहेछ यसले । पैसा नखाई काम नगर्ने रहेछ यसले । महाको घुस्याहा रहेछ यो । यस्ता मान्छेलाई राजा महेन्द्रले नियुक्त गरेको अरे ।

म छिटोछिटो गल्लीबाट भित्र छिरेँ । उनी पनि पछिपछि आए । बुबाले ओछ्यान कोठाको झ्यालबाट देख्नुभयो । मसँगै एउटा नौलो मान्छे कोठामा पुग्यो । जुत्ता बाहिरै खोली हामी ढोकाबाट भित्रियौँ । "बुबा, नमस्कार !" उनले मेरा बुबालाई दुई हात जोडी यसो निहुरेर नमस्कार भने । बुबाले उनलाई टुलुटुलु हेरिरहनुभयो । नियालेर हेरिरहनुभयो ठम्याउने विचार गरेर ।

"म प्रमुख हुँ बुबा आयोग प्रमुख । तपाईंको छोरासँग दिनभरि बसियो । उहाँलाई धेरै सम्झाएँ, बुझाउन खोजेँ । मैले उहाँलाई बुझाउन सकिनँ हजुर । बरू बुबालाई नै भेटेर भनौँ भनी आफैँ आएँ ।"

यो घुस्याहा रहेछ । साँच्चै घुस नखाई पक्कै काम नगर्ने रहेछ । कस्तो भ्रष्ट मान्छे रहेछ, बुबालाई भेटेरै कुरा गर्न आएको । मेरो मन हुँडलियो । हुरीबतास चल्यो मनमा । आँधीबेहरीले शरीर नै उडाउलाझैँ भयो ।

"मैले उहाँलाई राजघाट गाउँ पञ्चायतमा गएर एउटा सिफारिस लिएर आउनुहोस्, म तपाईंको काम गरिदिन्छु भनेको, उहाँ मान्दै मान्नुहुन्न । खालि जिद्दी गर्नुहुन्छ । सिफारिस चाहिँदैन, सबै कागज प्रमाण मसँग छँदैछ, काम सकिदिनुहोस् भन्नुहुन्छ । दिनभरि लिँडेढिपी गरिरहनुभयो । तपाईं आफैँ भन्नुहोस्, गाउँ पञ्चायतको सिफारिस नभई म यति ठूलो काम गर्न सक्छु र ? सिफारिस ल्याए काम सकिहाल्छ । कत्ति भन्दा पनि मान्नुभएन । तपाईं आफैँ सम्झाउनुहोस् उहाँलाई ।" प्रमुखले बुबालाई अनुरोध गरे ।

कुरा हुँदाहुँदै मेरी श्रीमती सीताले तीन गिलास चिया लिएर आइन् । हामी तीनैजनाले ग्लास समायौँ । चिया पिएपछि बुबाले भन्नुभयो, “तैँले किन कुरा नबुझ्केको छोरा ? बाबुले राम्रै भन्नुभएको छ । गाउँ पञ्चायतले यसो सरजमिन पनि गर्छ । भएको साँचो कुरा, सबैले हो भनिहाल्छन् । काम सबैतिरबाट पक्का हुन्छ । कानुनको रीत पनि पुग्छ । सधैँलाई पक्का हुन्छ । गर्नुपर्ने पनि त्यसरी नै हो । बाबुले त गरिदिन्छु भन्नुभएकै रहेछ । तैँले नै कुरा बुझ्निनछस् । अड्डाको काम, त्यसै लिँडेढिपी गरेर कहाँ हुन्छ र ! सर्जमिनसहितको सिफारिसविना यत्रो काम कसरी गर्नुहुन्छ त ? हुँदैन, गर्नु हुँदैन बाबु ! सिफारिस लिन जा, भीमप्रसाद लुइटेल हाम्रा आफ्नै मान्छे । उहाँकै घरमा बस्नू । उहाँले सबै मिलाइदिनुहुन्छ । भोलि नै जा ।”

बुबाले यसो भन्नुभएपछि मेरो अशान्त मनमा शान्ति छायो । भोलिपल्ट बिहानै इटहरी हुँदै भरत जङ्गम उर्लाबारी सदरमुकाम लागे । म पनि त्यसै गाडीमा सँगै गएँ । उर्लाबारीबाट हिँडेर दुर्गापुरीमा गाउँ पञ्चायत कार्यालयमा पुगेँ । कार्यालयमा निमित्त प्रधानपञ्च बलबहादुर धिमाल हुनुहुँदो रहेछ । भीमप्रसाद लुइटेलसँग त्यहीँ भेट भयो । उहाँले निवेदन लेखिदिनुभयो सबै व्यहोरा खुलाएर । प्रधानपञ्चको आदेश भएपछि भीमप्रसाद आफैँ सर्जमिन गर्न जमिनतर्फ लाग्नुभयो । दिनभरिमा सर्जिमनको काम सकियो । भोलिपल्ट सबेरै गाउँ पञ्चायतबाट सिफारिस लिई म विराटनगर पुगेँ । सिफारिसपत्र पढिसकेर फाइलमा राखी भरत जङ्गमले तोक-आदेश लेखिदिए । फाँटवाला कर्मचारीले मलाई ९६ विगाहा जग्गाको जग्गाधनी प्रमाणपुर्जा हातमा थमाइदिए । सो प्रमाणपत्र लिई बेलुकै घर पुगी बुबाको पाउमा राखी काम फत्ते भएको व्यहोरा सुनाएँ ।

राजा महेन्द्रले नियुक्त गरेका कर्मचारी रहेछन् भरत जङ्गम । घुस खाने लिने र दिने त कुरै उठेन, बरू उल्टै आफूबाट हुन सक्ने सहयोग गरिदिए । अहिले पनि म भरत जङ्गमको त्यो व्यवहारबाट प्रेरित भइरहेकै छु ।

●



देवराज अधिकारी धरानका समाजसेवी हुनुहुन्छ ।

# भरत जङ्गमको सुकीर्ति
## – द्रोणप्रसाद श्रेष्ठ

नेपालको प्रजातान्त्रिक आन्दोलनका नायक, जननिर्वाचित प्रथम प्रधानमन्त्री तथा वरिष्ठ आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाले २०३७ साल कार्तिक १२ गते भरत जङ्गमलाई एउटा चिठी लेख्नुभएको छ । चिठीमा लेखिएको छ –

"प्रिय भरत जङ्गमजी ! तपाईंले लेख्नुभएको उपन्यास 'कालो सूर्य' लाई चाखका साथ पढेँ । अहिलेको हाम्रो राष्ट्रिय जीवनमा, प्रत्येक स्तरमा भएको नैतिक ह्रासको चित्रण त्यसमा गर्ने प्रयत्न गर्नुभएको छ । कुनै पनि संवेदनशील नेपालीका लागि यस्तो भ्रष्ट स्थिति महान् वेदनाको कुरा भएको छ । तपाईंले आफ्नो लेखनीद्वारा यस्तो स्थितिको उद्‌घाटन गर्नुभएको छ, जो सह्राहनीय प्रयत्न हो । साधारण पाठकहरूले दिनदिनै आफ्नै जीवनमा यस्तो स्थितिको परिणाम भोग्नुपरिरहेछ । तपाईंको उपन्यासलाई शासनारूढ व्यक्तिहरूले पढिदिए सायद उनीहरूको निभिसकेको नैतिक चेतना केही मात्रामा भए पनि पुनः जाग्न सक्तथ्यो कि भन्ने लाग्छ । उनीहरू सायद आफ्नो एकान्त हृदयमा केही दोषी भावनाले ग्रस्त हुन सक्तथे कि ! तपाईंको उपन्यासले दारुण चित्र उपस्थित गरेको छ, र यस उपन्यासको उद्देश्य पनि त्यति मात्र हो । अर्थात् यसको उद्देश्य यति मात्र हो पाठकलाई भन्ने कि हेर हाम्रो राष्ट्रिय जीवन कस्तो भ्रष्ट पारिएको छ । तर अब आवश्यकता छ यस्तो स्थितिलाई बनाउने, राष्ट्रलाई यस्तो दलदलमा पार्ने काम कसले गऱ्यो, कसरी यस्तो भयो भन्ने कुरापट्टि औंलो देखाउने । यस सम्बन्धमा मेरो विचार तपाईंलाई थाहा नै छ । मैले राजनीतिक क्षेत्रमा गर्न खोजेको कामको उद्देश्य राष्ट्रिय जीवनमा पुनः नैतिक मूल्यको स्थापना हो । तपाईंले आफ्नो क्षेत्रबाट, आफू उभिएको ठाउँबाट मलाई सघाउ पुऱ्याउन खोज्नुभएको छ । धन्यवाद !"

यो चिठीले भरत जङ्गम, उनको विचार र उनको कार्यलाई राम्ररी चिनाइदिएको छ । उनको पहिलो उपन्यास बनेको 'कालो सूर्य' २०३६ सालयता नेपाली भाषामा चौथो संस्करणसम्ममा १४ हजार प्रति प्रकाशित भइसकेको र हालसम्म १४ भाषामा अनुवाद भई प्रकाशित भइसकेको देखिन्छ । थप भाषाहरूमा अनुवाद गर्ने रफ्तार पनि चलिरहेको पाइन्छ । उनका अरू दुई उपन्यासको पनि अनुवाद भएको छ ।

पढेलेखेका नेपालीमध्ये भरत जङ्गमको नाउँ नसुन्ने मान्छे कमै मात्र होलान् । उनी राष्ट्रिय समाजमा सुपरिचित छन् । कोही उनलाई पत्रकार, लेखक, साहित्यकार, समाजसेवी, इतिहासकार र संस्कृतिविद्का रूपमा चिन्छन् भने कोही चिन्तक, कानुनविद्, भ्रष्टाचारविरोधी आन्दोलनकारी र भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तक भनेर चिन्छन् । जुनसुकै किसिमले चिने पनि चिनिने मान्छे एउटै हुन् । म पनि उनलाई प्रखर राष्ट्रवादी व्यक्तिका रूपमा चिन्छु ।

भक्तपुरमा २००४ साल मङ्सिर १० गते जन्मेका भरत जङ्गमले काठमाडौँमा बसेर आफ्नो बहुमुखी व्यक्तित्वलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त बनाएका छन् । उनले नेपाल र नेपाली समाजका लागि अथक मिहिनेत र परिश्रम गरेका छन् ।

भरत जङ्गम २०२७ सालदेखि पत्रकारिता क्षेत्रमा प्रवेश गरे । उनले गोरखापत्र, कान्तिपुर, समाचारपत्र, हिमालय टाइम्स, लोकपत्र र राजधानी जस्ता दैनिक पत्रिकामा लेखहरू लेखे, 'नेपाली आवाज साप्ताहिक' को सम्पादक तथा प्रकाशक बने । उनी २०३६ सालमा 'कालो सूर्य' उपन्यास लेखेर साहित्य क्षेत्रमा प्रवेश गरे । त्यो उपन्यास अङ्ग्रेजी, हिन्दी, उर्दू, कन्नड, असमी, बङ्गाली, जापानी, चिनी, रुसी, मैथिली, भोजपुरी, डोट्याल, नेवारी र संस्कृत भाषामा अनुवाद भइसकेको छ । उनका अन्य तीन उपन्यासमध्ये 'व्यूहचक्र र 'रातो घाम' को पनि अन्य भाषामा अनुवाद भइसकेको छ भने 'ख्वपदेश' उपन्यासको अनुवाद हुन बाँकी छ । 'निर्बन्ध बन्धन' कथासङ्ग्रह, 'छचल्किएका लहरहरू' कवितासङ्ग्रह, 'उर्लिएका रहरहरू' गीतसङ्ग्रह, 'पचास प्रसङ्ग' प्रबन्धसङ्ग्रह, 'भ्रष्टाचार : वैचारिक आन्दोलन' प्रबन्धसङ्ग्रह, 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' र 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' नामक पुस्तकहरू पनि प्रकाशित भइसकेका छन् । 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' लाई त २०७८ सालको शब्दयात्रा सिर्जना सम्मान समर्पण गर्ने घोषणा नै भइसकेको छ ।

भरत जङ्गम २०२७ सालदेखि समाजसेवामा पनि प्रत्यक्ष संलग्न भए । उनले 'जङ्गम छात्रवृत्ति' स्थापना गरेर जेहेन्दार विद्यार्थीहरूलाई माध्यमिक तहसम्म पढाए । पशुपतिनाथको पूजा-अर्चनामा भएको सरकारी हस्तक्षेपका विरुद्ध २०६५ सालमा सर्वोच्च अदालतमा मुद्दा दायर गरे र परम्परागत रीतिस्थिति र संस्कृति कायम गराए । सरकारले पशुपतिनाथ मन्दिरको मूल ढुकुटी खोल्न खोज्दा त्यो कार्य अदालतबाट बन्द गराए । मृगस्थलीलाई क्रिस्चियनहरूको चिहान बनाउनबाट रोके । विभिन्न मन्दिर, धारा, पाटी र

धर्मशालाहरूको संरक्षण गरे । सांसदहरूले २०५२ सालमा ऐन नै बनाएर पेन्सन खान थालेकोमा त्यसलाई २०५७ सालमा बन्द गराए । २०५८ सालमा संसदीय निर्वाचन विकास कोष खारेज गराए । कतिपय सरकारी पदाधिकारीहरूले दोहोरो सुविधा लिइरहेकोमा त्यसलाई २०५८ सालमै बन्द गराए । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई पुनरावेदन दिने अधिकारको पुनर्स्थापना गराए । भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र गृहमन्त्रीले विशेष सुविधा पाउने अध्यादेश २०६९ सालमा खारेज गराए ।

भरत जङ्गम केदारनाथको शिर भाग डोलेश्वर महादेव मन्दिरका संरक्षक हुन्, पशुपतिनाथ सेवक सङ्घका सल्लाहकार हुन्, अनन्तलिङ्गेश्वर महादेव मन्दिर, शिखरेश्वर महादेव मन्दिर र वागेश्वरी सरस्वतीस्थानका संरक्षक हुन् । उनले विभिन्न मन्दिरहरूमा शङ्ख, घण्ट र त्रिशूल चढाएका छन् । उनले सरस्वतीको मूर्ति उपलब्ध गराएकै कारणले शब्दयात्रा प्रकाशनले बनेपामा शारदा मन्दिरको निर्माण गरेको छ ।

नेपालमा पहिलोपटक औपचारिक रूपमा मोती महोत्सव भरत जङ्गमकै मनाइएको थियो । त्यस बखत हरि मञ्जुश्रीको सम्पादनमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थ प्रकाशन भएको थियो । त्यसअघि भरत जङ्गमको अन्तर्वार्तासङ्ग्रहका रूपमा हरि मञ्जुश्रीले 'भरत जङ्गम : विचार र दृष्टिकोण' सम्पादन गरी प्रकाशन गराएका थिए । भरत जङ्गमलाई नायक बनाएर पं. याज्ञवल्क्यद्वारा लिखित 'भरतेन्दु' महाकाव्य र नीलकण्ठ भट्टराईद्वारा लिखित 'भरतांशु' महाकाव्य प्रकाशन भइसकेका छन् । मनिराज जोशीले लेखेको 'भरत' महाकाव्य पनि प्रकाशन हुँदैछ र शारदाप्रसाद शर्मा 'भरत भास्कर' महाकाव्य अनि कविप्रसाद प्याकुरेल 'भरत जङ्गम' महाकाव्य लेख्दैछन् भन्ने सुनेको छु ।

भरत जङ्गमको टीभी कार्यक्रम 'कालो सूर्य' धेरै लोकप्रिय छ । त्यस कार्यक्रमबाट उनले भ्रष्टाचारका विरुद्ध ठूलो जनमत सिर्जना गराएका छन् । सामयिक राजनीतिमाथि प्रखर टिप्पणी गरेर उनी यु-ट्युबमा पनि देखा परिरहन्छन् । उनले २०७३ सालमा भ्रष्टविरोधी शास्त्रको प्रतिपादन पनि गरेका छन् । उनीद्वारा प्रतिपादित त्यो शास्त्र त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा अध्ययन-अध्यापन हुन थालेको छ । त्यसैले उनी भ्रष्टाचारविरोधी विज्ञानका पिता बनिसकेका छन् ।

भरत जङ्गमका साहित्यिक सिर्जनाहरूमध्ये 'कालो सूर्य' बहुचर्चित र बहुप्रशंसित छ । पछिल्लो संस्करणको 'प्रकाशकीय' मा नेपाली आवाज

प्रकाशन प्रा. लि. ले लेखेको छ – "जुनसुकै स्थान र भाषामा जन्मिएको साहित्य रचना भए पनि त्यो साहित्यले मानवीय संवेदनालाई छुन र पाठकको मनोभावनालाई आकर्षित गर्न सक्छ भने त्यो साहित्य उत्कृष्ट ठहर हुन्छ । 'कालो सूर्य' मा त्यही गुण विद्यमान भएकै कारणले गर्दा आज विश्वसाहित्याकाशमा 'कालो सूर्य' चम्कन पुगेको हो ।"

'कालो सूर्य' को नेपाली संस्करण चौथोपटक पुनर्मुद्रण गर्दा भरत जङ्गमले आफ्नो भूमिकामा लेख्नुभएको छ – "२०३६ सालमा नेपाली समाज र नेपाली भाषाभाषीको माझमा उदाएको 'कालो सूर्य' नेपालमा मात्र सीमित नरही विश्वका अन्य भूभागमा समेत फैलन समर्थ भयो । ... 'कालो सूर्य' ले नेपाली भाषाको मूल्य र मान्यता मात्र होइन, नेपाली वाङ्मयलाई विश्वभर चलेका अन्य भाषाभाषीका बीच राम्ररी चिनारी गराउनेछ भन्ने मैले बलियो विश्वास लिएको छु । ... वास्तवमा विश्वका कुनै पनि साना वा ठूला मुलुकहरूमा बसोवास गर्ने नागरिकमा एकै किसिमका मनोदशा र समस्या हुँदा रहेछन् ।"

'कालो सूर्य' माथि पञ्चायती सरकारले पहिले प्रतिबन्ध लगाएको थियो, तर २०३६ सालको आन्दोलनमा आएको लहरले त्यो प्रतिबन्धलाई फुकुवा गरिदिएको थियो । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको भनाइमा नेपाली समाजले भोग्नुपरेका विकृति र विसङ्गतिहरूको सजीव चित्रण भएको लोकप्रिय उपन्यास 'कालो सूर्य' ले प्रजातान्त्रिक मानसिकताको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ ।

'कालो सूर्य' उपन्यासलाई डा. वासुदेव त्रिपाठीले 'नेपाली उपन्यास विधामा सामाजिक व्यङ्ग्यको नयाँ प्रयोग' र 'नेपाली व्यङ्ग्य साहित्यमा औपन्यासिक आयाममा नयाँ प्रयास' भनेका छन् ।

"यो उपन्यासको उद्देश्य हाम्रो देशको वर्तमान सामाजिक स्थितिमा उत्पन्न भएका विकारको रहस्योद्घाटन गर्ने हुँदा यसमा चरित्रचित्रण वा भावपूर्ण कथोपकथनको उति आवश्यकता छैन । यसमा लेखनको सफलताका निम्तिमा वर्णन गरिएको सामाजिक विकारप्रति पाठकका हृदयमा अश्रद्धा तथा घृणा उत्पन्न गराउन सके त्यो विकार शनैः-शनैः हराएर गई समाज निष्कलङ्क हुँदै जान्छ । यसलाई पढ्ने पाठकले यसमा वर्णन गरिएका कुरालाई हेलाका दृष्टिले हेरी आफ्ना प्रत्येक कार्यमा त्यसलाई निर्मूल पार्ने चेष्टा गरे सो अवश्य निर्मूल भई समाज न्यायपूर्ण स्थितिमा पुग्नेछ भन्ने आशा तथा विश्वासले लेखिएको यो वर्णनात्मक पुस्तकले मानिसका हृदयमा भएको लोभलाई

निमिट्यान्न पार्न सफल हुनेछ भन्ने मेरो आशा छ ।" यो भनाइ सूर्यविक्रम ज्ञवालीको हो ।

केदारमान व्यथित भन्छन् – "देशलाई पतनको खाडलमा धकेलिरहेका समसामयिक समस्याहरूलाई प्रभावपूर्ण शैलीमा प्रस्तुत गरेर 'धामी पनि आफैँ, बोक्सी पनि आफैँ' को आहानलाई चरितार्थ गरिरहेकाहरूको छद्मभेषलाई उदाङ्गो पार्नमा 'कालो सूर्य' का लेखकलाई प्राप्त भएको अभूतपूर्व सफलताको म मुक्तकण्ठले प्रशंसा गर्दछु ।"

'राजनीतिक अस्तव्यस्तताबाट जन्मिने सामाजिक-आर्थिक दुरवस्था तथा राजनीतिक बेइमानी, भ्रष्टाचार र स्वार्थान्धतामा भरत जङ्गमका उप्रन्यास अवलम्बित छन्' भन्ने धारणा कृष्णचन्द्रसिंह प्रधानको रहेको छ । आईके शर्माको विचारमा 'कालो सूर्य' समकालीन नेपालको प्रामाणिक विश्वब्रह्माण्ड नै हो । उत्तम कुँवरले भनेका छन् – "सरल र रोचकतापूर्वक सबैले थाहा पाएको कुरा पङ्क्तिबद्ध गरिएको हुनाले नै 'कालो सूर्य' वर्तमान काठमाडौँको जीवित इतिहास बन्न पुगेको छ । यो पढेपछि हामी कति पतित वातावरण र निकृष्ट स्थितिमा बाँचिरहेका छौँ भन्ने कुरा छर्लङ्ग हुन्छ ।"

'उपन्यासमा तीन गुण प्रधान हुन्छ – मर्मस्पर्शिता, सत्यको उद्घाटन तथा औपन्याचसिक रोचकता स्थिर राख्ने लेखन गुणवत्ता' भन्ने भवानी भिक्षुले 'कालो सूर्य' उपन्यासमा 'उपन्यासको पृष्ठभूमि र तथ्यले दिएजतिका उक्त तीनै गुण विद्यमान छन्' भनेका छन् ।

लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक सिर्जनामाथि आलोचनात्मक दृष्टि राखेर २१ वर्षको उमेरमै समालोचना लेखी 'शारदा' पत्रिकामा छपाएर ख्याति आर्जन गरेका रामकृष्ण शर्माको लेखाइ अझ तगडा छ । लेखनमा हत्तपत्त कसैको प्रशंसा नगर्ने समालोचकका रूपमा चिनिएका उनले लेखेका छन् – "नेपाली साहित्यमा यस्तै सामाजिक तथ्यपूर्ण, अनुभवको कसौटीमा निखरा जाँच्ने रचनाको प्रतीक्षामा म थिएँ । 'कालो सूर्य' ले सूचना दियो मेरा प्रतीक्षाका दिन क्रमशः घट्तै जाने । म यस्ता जागरुक, प्रगतिशील, संवेदनात्मक, देशप्रेमी नेपालीले आफ्नो आधुनिक समाजको चित्रण र विश्लेषण गरी लेखेका लेख हेर्न चाहन्छु । 'कालो सूर्य' उदाएको देशमा छाएको सेतो अन्धकार सर्वत्र देखाइदिनुपर्छ । लेखकज्यू, म अझै आशा राख्छु, समाजलाई बेसरी घचघच्याउनुस् ।"

यी त केही नमुना मात्रै हुन् । भरत जङ्गमका विषयमा गरिएका स्नातकोत्तर र विद्यावारिधि तहका शोधपत्रहरूमा र उनका विषयमा लेखिएका र सम्पादन गरिएका पुस्तकहरूमा यस्ता धेरै कुराहरू लेखिएका छन् ।

आफ्नै जीवनकालमा सार्वजनिक रूपमा आफ्नो मोती महोत्सव र हीरक महोत्सव मनाएको देख्न पाउने, एक-एक हजार पृष्ठ हाराहारीका दुईवटा अभिनन्दनग्रन्थ देख्न पाउने, आफ्नै विषयमा लेखिएका पाँचवटा महाकाव्य पढ्न पाउने र आफूले प्रतिपादन गरेको विषयमा विश्वविद्यालयले अनुसन्धान गराएको देख्न पाउने भाग्यमानी एक मात्र नेपाली बनेका छन् भरत जङ्गम । उनको यो सुकीर्ति सर्वत्र फैलिएको सुन्न र पढ्न पाइयोस् ।

●



द्रोणप्रसाद श्रेष्ठ पूर्वप्रशासक तथा लेखक हुनुहुन्छ । भोजपुरमा जन्मनुभएका उहाँ हाल काठमाडौँमा बस्नुहुन्छ । 'शब्दयात्रा सिर्जना सम्मान' प्राप्त गर्नुभएका उहाँले शब्दयात्रा प्रकाशनमा महिला प्रतिभा सम्मान र पत्रकारिता छात्रवृत्तिका लागि अक्षयकोषको व्यवस्था गरिदिनुभएको छ ।

# समाजोपयोगी सक्रियता
## – ध्रुवहरि अधिकारी

भादगाउँले टोपी र 'जुजुधौ' दही उत्पादनमा देशभर कहलिएको प्राचीन सहर भक्तपुर जन्मस्थल भएका भरतमणि जङ्गमले आफ्नो प्रतिभा र प्रयत्नद्वारा नेपालको एक सामाजिक अभियन्ताको परिचय बनाएका छन् । सार्वजनिक सरोकारका योजना-परियोजना सञ्चालनमा हुने आर्थिक अनियमितता एवं सरकारी अख्तियारको दुरुपयोग गर्नेहरूका भ्रष्ट क्रियाकलापको विरोधमा जनस्तरबाट सशक्त आवाज उठाउने सजग नागरिकहरूको चर्चा गर्दा भरत जङ्गमको नाम प्रायशः छुटेको हुँदैन ।

जनहितको विरोधमा जाने सरकारी नीति-नियमहरूलाई चुनौती दिन न्यायालयमा पुगेका कतिपय घटनाका सम्बन्धमा रिट-निवेदक बन्न पुगेका हुन्छन् जङ्गम । २०५६ सालमा संसद्-सदस्यहरूले निवृत्तिभरण (पेन्सन) खान गरेको तारतम्यलाई सर्वोच्च अदालतले खारेज गरिदिएको घटना यसै क्रमको गतिलो उदाहरण हो । जङ्गमको प्रयासले गर्दा राष्ट्रिय ढुकुटी ठूलै क्षयबाट जोगियो । अर्को प्रसङ्ग आउँछ २०६५ सालको, जतिखेर माओवादी सरकारका प्रमुख प्रचण्डले पशुपतिनाथको पूजा-अर्चनाको परम्परा र स्थापित मान्यता मास्न खोजेका थिए । नेपाल-भारत सम्बन्धको सांस्कृतिक आयामको महत्त्व नै नबुझीकन 'नेपालको मन्दिरमा नेपालकै पुजारी रहनुपर्छ' भन्ने आधारमा परिस्थिति जटिल तुल्याइएको थियो ।

काशी विश्वनाथ र भारतका कतिपय धार्मिक स्थलमा नेपाली पुजारी रहने पारस्परिकतामा आधारित प्रचलनप्रति सरकार पटक्कै संवेदनशील देखिएन । कम्युनिस्टमा पनि खाटी कम्युनिस्ट मानिने माओवादीका अगुवा प्रचण्डबाट अरू के नै अपेक्षा हुन सक्थ्यो र ! धर्मकर्ममा विश्वासै नराख्ने नास्तिक (अनीश्वरवादी) को हातमा राज्यसत्ता परेपछि एकपछि अर्को अनर्थ हुनु अपरिहार्य थियो । अनिष्टको आभास हुने नै भयो । हो, त्यस्तै अनिष्ट आउन नदिन अग्रसर हुने जागरुक नेपालीहरूको अग्रपङ्क्तिमा भरत जङ्गम पनि थिए । त्यस बेला पशुपति मन्दिर परिसरमा धर्नाको सिलसिलासमेत चलेको तथ्य जगजाहेर छ ।

सर्वोच्च अदालतमा भरत जङ्गमको रिट पर्‍यो । भण्डारी समूहका तर्फबाट कृष्णमान भण्डारीले पनि रिट हाले । अदालतबाट आदेश भयो,

सरकारी योजना रोकियो । पछि प्रचण्ड आफैँले संसद्मा वक्तव्यमार्फत पशुपतिसम्बन्धी सरकारी निर्णय फिर्ता लिनुपरेको थियो । यसबारेको विस्तृत चर्चा २०७७ साल मङ्सिरमा प्रकाशित जङ्गमकै पुस्तकमा पाइन्छ ।

जङ्गमको क्रियाशीलताका अन्य प्रसङ्ग पनि छन्, होलान् । तर यहाँ उल्लेख भएका दुई घटनाले नै निज (१) सरकारी कोष र सार्वजनिक सम्पत्तिको विषयमा संवेदनशील, र (२) धर्मसंस्कृतिको संरक्षणमा जागरुक नेपाली भएको कुरालाई पुष्टि गर्दछन् । 'यतिसम्म गर्ने जाँगर भएका पढालेखा नेपाली कति होलान् र नेपालमा ?' सैनिक सेवाको पृष्ठभूमि भएका एक सज्जनको मन्तव्य यसरी आयो ।

संस्कृतिमा रुचि राख्ने साहित्यकार तेजेश्वरबाबु ग्वङ्ःले आफ्नै भक्तपुरको टौमढी टोलमा जन्मेहुर्केका जङ्गमलाई नचिन्ने कुरै भएन । एक बालसखालाई कालान्तरमा 'देशमा घुसखोरी बन्द गराउन लागिपरेको अभियन्ता र समाजसेवी' का रूपमा देख्ता ग्वङ्ःलाई निकै प्रसन्नता हुँदो रहेछ । भक्तपुरकै कतिपय बासिन्दाले भने भरत जङ्गमलाई 'जङ्गम मठ' सँग सरोकार राख्ने व्यक्तिका रूपमा मात्र चिन्न रुचाउँदा रहेछन् । राजनीतिमा जङ्गमलाई पहिले पञ्च र पछि काङ्ग्रेसी भनेर चिन्नेहरू भने भक्तपुरमा सीमित छैनन्, देशका अरू भागमा पनि भेटिँदा रहेछन् । सोलुखुम्बुमा जन्मघर भएका अनारसिंह कार्की जङ्गमलाई नेपाल नेसनल कलेजमा आईए पढ्दाका सहपाठीका रूपमा सम्झिन्छन् । बीपी भारत-निर्वासनमा रहँदा बनारसमा त्यहाँ पनि उनको भेट जङ्गमसँग भएको रहेछ । त्यस्तै, जङ्गमले २०६१ सालमा राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा स्तरीय सरकारी जिम्मेवारी पाएको प्रसङ्ग अरूसरह कार्कीलाई पनि थाहा नहुने कुरा भएन । लामो समय काङ्ग्रेसी राजनीति र एक समय रामराजाप्रसाद सिंहको 'जनवादी मोर्चा' मा काम गरेको अनुभव सँगालेका कार्कीको जङ्गमबारेको कथन छ – 'मुखमा मिस्री भएको अर्थात् साह्रै मीठो बोलीबाट अरूलाई छिटै प्रभावित पार्न सक्ने, आफ्नो अनुकूल तुल्याउन सक्ने खुबी भएको व्यक्ति हो भनेर एक पूर्वप्रशासकले भन्थे । मेरो अनुभव पनि त्यस्तै-त्यस्तै छ ।'

जङ्गमलाई लेखक, विश्लेषक, राजनीतिक कार्यकर्ता, अभियन्ता लगायतका अवतारमा देखेको अनुभव सुनाउने एक सज्जनबाट सुनियो । अरूथोक जे भए तापनि पशुपतिनाथका परम्परागत पुजारीलाई विस्थापित गर्ने माओवादी दुस्प्रयासलाई विफल गराउने कामका लागि उनलाई स्याबासी दिनैपर्छ । जङ्गम कहिले पञ्चायतमा लहसिने र कहिले काङ्ग्रेसतिर तानिने अवश्य हो, तर उनलाई कम्युनिस्ट शिविरले भने कहिल्यै आकर्षित गर्न

सकेको देखिएन । आस्तिक मनुष्यलाई नास्तिक मान्यताले हत्पती तान्ने कुरो पनि भएन ।

यस हरफको लेखकले भरत जङ्गमको नाम सुनेको निजको उपन्यास 'कालो सूर्य' प्रकाशनमा आएका बखत (वि. सं. २०३६) नै हो । चिनाजानी पछि भयो । अहिले त्यो चर्चित उपन्यासको पाँचौं संस्करणको तयारी हुँदै रहेछ । त्यसभन्दा पनि घतलाग्दो कुरो यो रहेछ : यो साहित्यिक कृति संस्कृतसमेतका १४ भाषामा अनुवाद भइसकेको छ । महत्त्वको अर्को पाटो यसलाई पनि मान्न सकिन्छ – बीपी कोइरालाले यो आख्यान पढेपछि आफ्नो मन्तव्य हालेर लेखकलाई पठाएको हस्तलिखित पत्र जङ्गमसँग आज पनि सुरक्षित छ । १२ कार्तिक २०३७ को मिति हालेर चाबहिल काठमाडौँबाट पठाइएको चिट्ठीको थालनी यसरी भएको देखिन्छ – 'प्रिय भरत जङ्गमजी, तपाईंले लेख्नुभएको उपन्यास 'कालो सूर्य' लाई चाखका साथ पढें ।...' पत्रको बेहोरा पढ्दा नैतिक मूल्यहरूको ह्रास हुँदै गएको स्थितिको चित्रणले बीपीलाई प्रभावित पारेको प्रस्टै बुझिन्छ । राजा वीरेन्द्रले जनमतसङ्ग्रह गराउने घोषणा गरेअगावै निस्केको त्यस उपन्यासले 'पञ्चायतभित्र मौलाउँदै गएको भ्रष्टाचार झल्काएको हुनाले बीपीले काङ्ग्रेसी कार्यकर्तालाई पढ्न प्रोत्साहित गर्नुभएको' सम्झना माथवरसिंह बस्नेतसँग छ । 'त्यो पुनर्जागरण पत्रिकाको प्रकाशन थालनी हुँदाका बखतको कुरो हो ।' भक्तपुरकै बासिन्दा भएको हुनाले बस्नेतलाई जङ्गमले २०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनाव लडेको तर जित्न नसकेको घटना हेक्का नहुने प्रश्नै भएन । जङ्गम र बस्नेत एक-अर्काबारे बेखबर रहने कुरै भएन ।

श्रीपद्म हाइस्कुलमा बस्नेतभन्दा माथिल्लो कक्षाका छात्र थिए जङ्गम । तर केही वर्षअघि सिपाडोलस्थित डोलेश्वरलाई भारतको उत्तराखण्डमा अवस्थित केदारनाथको शिर भनेर प्रचार गरी हिँडेको थाहा पाएपछि 'यो के उपद्रो गरेको ? भनेर प्रश्न गरेको छु जङ्गमजीलाई', बस्नेत भन्छन् । वास्तवमा डोलेश्वरलाई केदारनाथको शिरोभाग भएको पुष्टि गराउने जङ्गमको प्रयत्नलाई अन्य जानिफकार, अन्वेषकहरूले पनि चित्तबुझ्दो मानेका छैनन् । पशुपतिनाथ विषयमा विद्यावारिधि गर्ने डा. गोविन्द टन्डनको भनाइ छ – 'शिवपुराणमा केदारनाथको शिरोभाग पशुपतिनाथ हुन् भनेर उल्लेख गरिनु नै यस सन्दर्भको प्रमाण हो । यसमा द्विविधा रहनु आवश्यक छैन ।'

डोलेश्वर महादेवका सन्दर्भमा आफ्नो यो दावीको विरोध हुँदै आएको कुरा जङ्गमले आफ्नै पुस्तकमा (पृष्ठ २१२) स्वीकार गरेको भेटिन्छ । र, चर्चित पुस्तककै प्रकाशकीयमा 'शब्दयात्रा प्रकाशन' का अध्यक्ष हरि मञ्जुश्रीबाट

यस्तो भनाइ आएको छ – 'अनुसन्धानको अन्त्य कहिल्यै हुँदैन । यसपछिका अनुसन्धानहरूबाट यस पुस्तकले पुष्टि गर्न खोजेका तथ्यहरूभन्दा पृथक् निष्कर्ष निकाल्न पनि सक्छन् ।'

समग्रमा, भरतमणि जङ्गमलाई एक क्रियाशील, स्वधर्म र स्वसंस्कृतिमा गर्व गर्ने, सदाशयी, कर्मठ र देशप्रेमी नेपालीका रूपमा चिन्नु उचित हुने देख्छु । निजका योगदानको सम्मान गरिनुपर्छ । दोष लाग्न सक्ने र अनुचित ठानिएका कार्य-कर्महरू अवश्य आलोच्य हुन्छन्, परन्तु व्यक्तिप्रति आग्रह-दुराग्रह राखिरहनु उचित हुँदैन । यहाँनेर महात्मा गान्धीको उद्‌गार सान्दर्भिक हुने ठान्दछु । गान्धीको मान्यता हो – दुष्कर्मको निन्दा गर, दुष्कर्म गर्नेको होइन (Hate the sin, not the sinner) ।

जीवनको उत्तरार्धमा पुगेका भरत जङ्गमको ज्ञान, अध्ययन र अनुभवबाट युवा पुस्ताका नेपालीले सिक्न सक्ने विषय अनगन्ती छन् ।

●



ध्रुवहरि अधिकारी भक्सिखेल ललितपुरमा बस्नुहुछ । उहाँ देश-विदेशका विभिन्न सञ्चार माध्यमहरूसँग आबद्ध पत्रकार तथा लेखक हुनुहुन्छ ।

# हलिपटका विषयमा
## – डा. नयनाथ पौडेल

बहुआयामिक व्यक्तित्वका धनी भरतमणि जङ्गमद्वारा लिखित 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' नामक पुस्तक लेखकद्वारा प्राप्त भएपछि यसबारे दुई शब्द लेख्ने विचार आएको छ । नेपालको प्राचीन, मध्य र आधुनिक कालको इतिहास एवम् संस्कृतिका विषयमा लेखिएको 'शब्दयात्रा प्रकाशन' बाट वि. सं. २०७७ मा प्रकाशित यस पुस्तकमा जम्मा तेह्रवटा लेखहरू समावेश गरिएका छन् । ती हुन् – १. भिंद्यो महाभारतकालीन भीमसेन होइनन्, २. चाँगुनारायणको नाउँ दोलाशिखर स्वामी होइन, ३. अंशुवर्माको राजधानी सहर हंसगृह, ४. शैवदेवता अनन्तलिङ्गेश्वर, ५. श्री डोलेश्वर महादेव : परिवर्तित नाउँ, ६. बानेश्वर महादेवको सङ्क्षिप्त परिचय, ७. प्रकाशेश्वर प्राचीन पर्यटकीय क्षेत्र, ८. वागेश्वर महादेव एक परिचय, ९. हलिपट शिवध्वजा हो, नागनागिनी होइन, १०. प्राचीन वर्षामापन मन्त्र तालोदम्फो, ११. भक्तपुर वागेश्वरीको सरस्वतीस्थान, १२. धनेश्वर महादेव र त्यसको ऐतिहासिक पृष्ठभूमि, एवम् १३. धार्मिक सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका ।

यसका अतिरिक्त परिशिष्टहरू र तत्सम्बन्धी चित्रहरू पनि यसमा समाविष्ट छन् । यी लेखहरूमध्ये 'हलिपट शिवध्वजा हो, नागनागिनी होइन' भन्ने शीर्षक भएको एउटा लेखका विषयमा यहाँ चर्चा चलाउने प्रयास गरिएको छ ।

भक्तपुर नगरमा चल्ने विभिन्न जात्राहरूमध्ये प्रत्येक वर्ष चैत्र मसान्तका दिन लिङ्गो ठड्याएर नववर्ष वैशाख १ गतेका दिन सो लिङ्गो ढाल्ने विधि भएको बिस्केटजात्रा महत्त्वपूर्ण जात्राका रूपमा मानिदै आएको छ । यस लिङ्गोमा एउटा ४८ फिटको र अर्को ४५ फिटको लम्बाइ भएका दुइटा ध्वजापताकाहरू झुन्ड्याई फहराउने परम्परासमेत रहिआएको छ । यस किसिमले भक्तपुरमा चलिआएको यो बिस्केटजात्रा, लिङ्गो, पताका आदि विषयमा नेपालको इतिहास एवम् संस्कृति विषयमा कलम चलाउनुहुने विभिन्न विद्वान्हरूले आ-आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै आउनुभएको छ । नमुनाका रूपमा यस सम्बन्धमा विद्वान् कुलचन्द्र कोइरालाको धारणालाई यहाँ प्रस्तुत गरौँ ।

"अभिलेखहरूमा बिस्केटजात्रालाई विश्वजात्रा भनेको पाइन्छ । वैशाख सङ्क्रान्तिको दिन गरिने यो जात्रालाई कुनै शास्त्रीय प्रमाणले पनि छुँदैन । बिस्केट शब्दको विश्लेषण र निर्वचन गर्दा बिस्केट वृषकेतु शब्दको अपभ्रष्ट रूप हो । वृष शब्दले गोह, नदी, इन्द्र, बलवान्, दलको मुख्य व्यक्ति, गुण, सत्कर्म, विष्णु र शिवलाई कहन्छ । त्यस्तै केतु शब्दले ध्वजालाई बताउँछ । उपर्युक्त व्याख्याले वृषकेतुको अर्थ शिवध्वजा, इन्द्रध्वजा र विष्णुध्वजा पनि भन्न सकिन्छ । वृषकेतु, विषकेतु, विसकेतु, विसकेत, बिस्केट शब्द बनेर लोकमा प्रसिद्धि पाएको छ । यो ध्वजा शिव, विष्णु तथा इन्द्र, यी तीन देवतामध्ये कसको प्रतीक मानिएको छ वा सबैको प्रतिनिधित्व गर्दछ, त्यो अझै पनि अनुसन्धेय छ । वर्तमानमा यो जात्रा भैरवसँग बढी सम्बन्धित छ र भैरव शिवकै अघोर मूर्ति हो । जहाँ भैरव छन्, त्यहाँ भैरवी पनि हुन्छिन् । गणेश शिवपरिवारभित्रकै देवता भएकाले यी तीन देवताको सङ्गमबाट बिस्केट वृषध्वज (शिवध्वज) हो भन्ने कुरामा शङ्का रहँदैन ।"[१]

यसबाट बिस्केटको यो ध्वजाका विषयमा कुलचन्द्र कोइरालाको राय वृषध्वज (शिवध्वज) नै हो भन्ने देखिन्छ । अब यही बिस्केटको लिङ्गोमा फहराउने पताकाका विषयमा भरतमणि जङ्गमले प्रस्तुत गर्नुभएको विचारतर्फ लागौँ । उहाँले लेख्नुभएको छ – "हलिपटलाई नागनागिनीका रूपमा प्रमाणित गर्न खोजिनुको दुई जनश्रुति हामीसामु यसरी प्रस्तुत भएका छन् –

१. प्रत्येक दिन नयाँ राजा बनाउनुपर्ने स्थिति थियो त्यस बखत । आज बनेको राजा भोलिपल्ट मरेको अवस्थामा रहने हुँदा मरेको राजाको लास निकाल्ने र नयाँ राजा बनाएर दरबारमा पठाउने काम जारी रह्यो । एकजना बनाइएका राजा बुद्धिमान् भएको हुँदा राजा भएको राति रानीसँगै सुत्न नगई तरबार हातमा लिएर बसेछन् । आधा रातमा रानीको नाकको प्वलाबाट नाग निस्किएछ । राजालाई डस्न अजङको जिउ फुलाएको त्यस विषालु नागलाई राजाले तरबारले मार हानेर मारेपछि त्यसै बखत त्यही मृत नागलाई लिङ्गोमा झुन्ड्याएर प्रदर्शन गराउने गरिएको भनिन्छ ।

२. कुनै समयमा शेखर आचाजू भन्ने तान्त्रिक थिए । तिब्बततर्फबाट हमला भइरहने हुँदा राजाले शेखर आचाजूको सहयोग मागेछन् । शेखर आचाजूले शत्रुसेना धपाउनका लागि तन्त्रको शक्तिद्वारा बाघहरू बनाएर शत्रुसेनालाई तिब्बततर्फ भगाएका थिए । ती तान्त्रिकले मान्छेलाई जे चाहेको त्यही बनाउन सक्ने शक्ति प्राप्त गरेका थिए । आचाजूकी श्रीमतीले लोग्नेको त्यो शक्ति भएको थाहा पाएर उनलाई अजिँगर हेर्ने रहर जागेछ र श्रीमतीको

१ कुलचन्द्र कोइराला, इन्द्रजात्रा, काठमाडौँ : गुठी संस्थान, २०४२, पृ. ५८-५९ ।

ढिपीलाई हार्न नसकी शेखर आचाजूले भनेछन् यी दुई किसिमका अक्षता दिन्छु, एकले मलाई हान्नू, म अजिँगर हुन्छु, तिमीले अजिँगरको दर्शन गरिसकेपछि अर्को अक्षता हान्नू, म फेरि मान्छे भइहाल्छु । आचाजूले भनेअनुसार श्रीमतीले पहिलो अक्षता आचाजूलाई हानिन् । आचाजू भयङ्करको अजिँगर बनेको देखेपछि श्रीमतीले डरका कारणले अक्षता मुखमा हालिन् । अक्षता मुखमा पर्नेबित्तिकै उनी पनि अजिँगर नै भइन् । कालान्तरमा ती दुवैले अजिँगरकै रूपमा मृत्युवरण गरे । पछि राजाले शेखर आचाजूलाई खोज्न पठाउँदा पाएनन् । उनीहरूको शरीरका डोबले ती मृत अजिँगर नै शेखर आचाजू भएको राजाले यकिन गरे । राजालाई सङ्कट परेका बखत मान्छेलाई बाघ बनाई मद्दत गरेका मित्र शेखर आचाजूको गुन पछिसम्म प्रदर्शित होस् भन्ने हेतुले बिस्केट (विसक्यात) मा लिङ्गमा नाग-नागिनीका जोडीलाई झुन्ड्याएर जात्रा चलाए ।

यी माथि उल्लेख भएका दुई लोककथाले लिङ्गोको माथिल्लो भागमा बाँधेर झुन्ड्याइएका लामा लामा ध्वजालाई नाग र नागिनी भन्ने प्रमाणित गर्दछन् । यी दुवै लोककथा मात्र काल्पनिक कथा हुन्, तापनि जनसमुदायले भने यही कथालाई जनश्रुतिको विषय बनाएका छन् । वास्तवमा यी नागनागिनी नभएर शिवध्वजा हुन् । शिवास्वरूप लिङ्गोमा फहराएको यो ध्वजा हरपट हो अर्थात् शिवध्वजा (पृ. १२७-१२८) ।

यसरी लेखकले यहाँ बिस्केटको लिङ्गोमा फहराएको ध्वजा हरपट अर्थात् शिवध्वजा हो भनी लेख्नुभएको छ । हुन त शदियौँदेखि जन-जीवनमा चलिआएका यस किसिमका जनश्रुतिलाई सोझै पच्छाइहाल्नचाहिँ मिल्ने देखिँदैन । किनभने यिनलाई पनि तात्कालिक प्रमाणहरूका आधारमा छलफल गरेर ठीक-बेठीक छुट्याउनुपर्ने हुन्छ ।

यसपछि यस लेखका लेखकले हलिपटका सम्बन्धमा आफ्नो निष्कर्ष यसरी प्रमुख गर्नुभएको छ – "यो हलिपट नाग-नागिनी नभएर शिव भगवान्का ध्वजा हुन् । हर अर्थात् शिवपताका अर्थात् ध्वजा हो । जनजिब्रोमा रहेको हलिपटलाई हामीले यसरी हेर्न सक्छौँ – हरपट - हरिपट - हलिपट । यसरी हरपताका नै जनबोलीमा आएर हलिपट भयो । वर्तमानमा जनबोलीमा रहेको हलिपट नै हरपताका हो भन्ने स्पष्ट भएपछि हलिपट भन्ने नै शिवध्वजा हो भन्ने प्रमाणित गर्दछ (पृ. १३०) ।"

अब यो बिस्केटजात्राको प्राचीनताका विषयमा खोतल्दै जाँदा ने. सं. ५०० को नेवारी अमरकोशमा विश्वकेतु शब्दको पर्याय विसिक दिइएको

भेटिन्छ भनी प्रा. पुरुषोत्तमलोचन श्रेष्ठले लेख्नुभएको देखिन्छ[२] । राजा यक्ष मल्लको ने. सं. ५६० को भक्तपुर टौमढी टोलको अभिलेखमा 'इन्द्रजात्रा भ्याहु' महाअष्टमी कोन्हु विश्वजात्रा नीहु ध्वते दिन[३] भनी विश्वजात्राको उल्लेख गरिएको पाइन्छ ।

ने. सं. ६४१ को भूमिसम्बन्धी तमसुक ताम्रपत्रमा बिस्केटजात्रा ग्रथिमाडभूमिन दाषिन्[४] भनी बिस्केटजात्राको उल्लेख गरिएको पाइन्छ । यसै गरी भक्तपुर राजदरबारभित्र रहेको राजा जितामित्र मल्लको ने. सं. ८०८ को अभिलेखमा 'विख्यात संक्रान्ति कुहु पूजा पञ्चाकृत स्यान माल'[५] भन्ने उल्लेख भएको छ । भक्तपुर राजदरबारमा मालतीचोकको राजा भूपतीन्द्र मल्लको ने. सं. ८१८ को अभिलेखमा विस्क्यातसमात्तिकुहु[६] भन्ने उल्लेख भएको छ ।

यताबाट भक्तपुरका पुराना अभिलेखहरूमा उल्लिखित विश्वजात्रा विसकजात्रा विस्क्यात संक्राति जस्ता शब्दहरूले यस जात्राको परम्परा एवं मान्यलाई परम्परागत रूपमा संरक्षण एवं सम्वर्द्धन गरिआएको पाइन्छ ।

अब पताकाको विषयमा छलफल गर्दा भक्तपुरको बिस्केटको लिङ्गोमा फहराउने पताकामा लेखिएको सबैभन्दा पुरानो अभिलेख राजा जगतप्रकाश मल्लको हो, त्यो यस प्रकारको छ –

१. ॐ भैरवाय नमस्तुभ्यं भीषणाय करालिने ।
सर्वदेव शिखाज्योतिरूपिणे परमात्मने ॥

२. नेपालाब्दे वसुरचाद शैलमासि मधौ सिते ।
चतुर्दश्यां सोमवारे तिथौ पौणकरे शुभे ॥

३. नेपाल भूपालशिरोबधृष्ट पादौ यशोराशिविराजित श्री ।
जगत्प्रकाशोऽवानिपालसिंहो ददौ पताकां वर भैरवाय ॥
श्रीमत् श्री श्री श्री महाकाश भैरव प्रिणातु ॥

---

२ पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुरको नवदुर्गा गण, भक्तपुर, बबिता श्रेष्ठ, २०६०, पृ. १०३ ।
३ धनव्रज बज्राचार्य, पूर्वमध्यकालका अभिलेख, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६८, पृ. २९६ ।
४ शङ्करमान राजवंशी, भूमिसम्बन्धी तमसुक-ताडपत्र, काठमाडौँ : राष्ट्रिय अभिलेखालय, २०४४, पृ. २ ।
५ भोलानाथ पौडेल, 'जितामित्र मल्लका कृतिहरू', पूर्णिमा पूर्णाङ्क २, २०२१ श्रावण, पृ. १४ टिपोट ।
६ नयनाथ पौडेल, अभिलेखसङ्ग्रह (४ भाग), काठमाडौँ : संशोधन मण्डल, २०१८, पृ. ७ ।

(डरलाग्दो भीषण रूप भएका सम्पूर्ण देवताको शिखारूप ज्योति भएका परमात्मास्वरूप भैरव तपाईलाई नमस्कार छ ।)

नेपाल सम्वत् ७६८ चैत्र महिना शुक्लपक्षको चतुर्दशी तिथि सोमबार रेवती नक्षत्रमा नेपालका राजाहरूले जसका पाउलाई शिरमाथि राख्तछन् (ढोग्दछन्), ती कीर्तिको थुप्रोले ऐश्वर्यशाली भएका पृथ्वीका राजाहरूमा सिंहजस्तै राजा जगत्प्रकाश मल्लले भैरवमध्येका श्रेष्ठ आकाशभैरवलाई यो पताका चढाउनुभयो ।

श्रीयुत श्री श्री श्री महाकथा भैरव खुसी हुनुहोस् ।[७]

यस अभिलेखबाट राजा जगत्प्रकाश मल्लले महाकाश भैरवलाई पताका चढाएको कुरा स्पष्ट हुन्छ ।

शाहराजाहरूमध्ये राजा रणबहादुर शाह राजा त्रिभुवन वीरविक्रम शाह तथा राजा वीरेन्द्र वीरविक्रम शाहहरूले पनि यसै गरी पताका चढाएर अभिलेख राख्न लगाएका छन् । यससम्बन्धी राजा रणबहादुर शाहको सानो अंश –

१. श्री ३ आकाश महाभैरवज्यूलाई श्री ३ महाराजा रणबहादुर शाहले नयाँ विरध्वजा बनाई चढाएको – "सम्वत् १८५४ साल चैत्रमासे शुक्लपक्षे द्वादश्यां तिथौ ।"[८]

२. राजा त्रिभुवन वीरविक्रम शाहको अभिलेखको सानो अंश – श्री आकाश महाभैरवज्यूलाई ५ महा........विक्रम शाहबाट शिवध्वजा बनाई चढागुँ "शाके सम्वत् १८६९ फाल्गुनमासे ।"[९]

३. राजा वीरेन्द्र वीरविक्रम शाहको अभिलेखको अंश – श्री श्री श्री आकाशभैरवप्रीतये गरी श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट नयाँ वीरध्वजा बनाई चढाइबक्सेको छ । "सम्वत् २०४१ चैत्र २६ गते रोज २ शुभम् ।"[१०]

यी अभिलेखहरूमा दृष्टि दिँदा मल्लकालमा भैरवप्रीतये गरी पताका चढाइएको र शाहकालमा यही पताकालाई भैरवप्रीतये गरी चढाउँदा वीरध्वजा नामले पुकारिएको देखिन्छ । यो विचारणीय छ ।

---

७ कोइराला, पूर्ववत् नं. १, पृ. परिशिष्ट ।
८ उही पृ. १७ ।
९ उही पृ. १७ ।
१० उही पृ. १७ ।

जे होस्, मल्लकालको अभिलेखमा ‘पताका’ भनिएको तथा शाहकालका अभिलेखमा ‘वीरध्वजा’ ले सम्बोधन गरिएको र यी अभिलेखहरूमा नागनागिनीको उल्लेख नदेखिएकाले भरतमणि जङ्गमले नाग-नागिनी नभएर हलिपट हो भनी लेख्नुभएको विषयमा बल पुगेको देखिन्छ । भए पनि अभिलेखहरूमा हलिपट शब्द लेखिएको कुरा अहिलेसम्म प्रकाशित भएको पाइँदैन । जनजिब्रोमा परम्परागत रूपमा चलिआएको यस शब्दका विषयमा थ्यासफूलगायतका अभिलेखहरूमा अवश्य पनि उल्लेख हुनुपर्ने हो । यससम्बन्धमा अझै थप अध्ययन एवं अनुसन्धान गरेर यस विषयलाई पूर्णता दिनुपर्ने हुन्छ ।

●



डा. नयनाथ पौडेल इतिहास तथा पुरातत्त्वका सम्बन्धमा अनुसन्धान गर्ने अनुसन्धाता हुनुहुन्छ ।

# युगपुरुषसमक्ष पत्रम्-पुष्पम्
## – पदम दाहाल

सम्मान्य युगपुरुष भरत जङ्गमज्यू !
सादर प्रणाम !

हजुरको हीरक जन्मोत्सव मनाउन लागिएको खबर प्राप्त भो । अत्यन्त खुसी लाग्यो । यद्यपि यहाँसित मेरो प्रत्यक्ष चिनजान र पहिचान भने छैन । शब्दयात्रा प्रकाशनबाट सङ्गीता केसीले गत मङ्सिर ९ गते मलाई फोनद्वारा भन्नुभयो – "सर ! हजुरलाई भरत जङ्गमका बारेमा के-कति जानकारी छ, उहाँका विषयमा हजुरले पनि एउटा लेख लेख्नुपर्‍यो भनेर फोनमार्फत खबर गरेकी हुँ । हरि मञ्जुश्री सरले हजुरलाई पनि भन्नु है भन्नुभएको हो ।"

दोस्रो दिन मङ्सिर १० गते मोबाइलको फेसबुक पेज नियाल्दै थिएँ । शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मञ्जुश्री अधिकारीले हजुरका बारेमा नै लेख्नुभएको रहेछ – 'समाजसेवी बन्नुभो, उपन्यासकार, निबन्धकार, समीक्षक बन्नुभो, कवि बन्नुभो, गीतकार बन्नुभो, अन्वेषक बन्नुभो, इतिहासकार बन्नुभो, पुरातत्वविद् बन्नुभो, आध्यात्मिक अभियन्ता बन्नुभो, पत्रकार बन्नुभो, प्रशासक बन्नुभो । आखिर भ्रष्टविरोधी शास्त्र विश्वलाई दिएर विश्वकै प्राज्ञिक जगत्मा भ्रष्टविरोधी विज्ञानका प्रतिपादक बन्नुभो । ७४ वर्षमा आज मिति २०७७/८/१० देखि लाग्नुभएकाले जन्मदिनको शुभकामना दाइ भनेर लेखिएको जानकारीमूलक लेखनले भरत जङ्गमजीको व्यक्तित्व चाल पाउँदा आफैँमा आश्चर्यचकित तुल्यायो । ओहो ! भरत जङ्गमजी त यतिविघ्न धेरै बहुआयामिक प्रतिभाका धनी पो हुनुहुँदो रहेछ त ! एउटै व्यक्तिमा कसरी यति धेरै विशिष्टताहरू अन्तर्निहित हुन सके भन्ने कुराले मेरो अन्तस्करणमा खैलाबैला ल्यायो ।

हजुरजस्तै अरू कोही नेपाली छन् कि छैनन् त भनी गहिरिएर सम्झिने प्रयत्न गरेँ । एक छिन निधार खुम्च्याएँ र घोरिएँ । तर बेकार ! कोही अन्य उल्लेख्य त्यस्तो व्यक्ति सम्झिन सकिनँ । हतारहतार शब्दयात्रा प्रकाशनमा कार्यरत सङ्गीता केसीलाई नै भरत जङ्गमजीका बारेमा लेखिएको कुनै पुस्तक भए आफूलाई उपलब्ध गराइदिन अनुरोध गरेँ । एकजना मेरै विद्यार्थी पदमनाथ ढुङ्गाना त्यतैतिर बस्ने भएकाले सङ्गीताजीसँग भेट गरी मेरा लागि उक्त पुस्तक पठाइदिन उनलाई पनि भनेँ ।

नभन्दै त्यस्तै भयो । शब्दयात्रा प्रकाशनको पुस्तकालयमा भएको 'कालजयी व्यक्तित्व भरत जङ्गम' शीर्षकको २०६३ सालमा हरि मञ्जुश्रीद्वारा सम्पादित २६० जना प्रबुद्ध लेखक, साहित्यकार, समालोचकहरूद्वारा लेखिएको भीमकाय खोजमूलक ग्रन्थ मकहाँ आइपुग्यो । त्यसभित्र विषयवस्तुका बारे ठाउँ-ठाउँ सर्सर्ती हेरें । मिहिन रूपले एघार परिच्छेद भएको ९४४ पृष्ठको उक्त ग्रन्थ गहिरिएर अध्ययन गरिहाल्ने समय त पुगेन नै, तथापि मलाई के लाग्यो भने हजुरमा सर्वसाधारण नेपालीमा भन्दा भिन्न खालका विशेषता विद्यमान रहेछन् भन्नेचाहिँ अवश्य लाग्यो । बिरलाकोटिमा पर्लान्-नपर्लान् हजुरजस्ता मान्छे अझ हाम्रो नेपाली समाजमा । किनकिन पढ्दै जाँदा आफैँलाई पो गर्व लाग्न थाल्यो ।

उक्त पुस्तकको आवरण पृष्ठ हेर्दैखेरि खुब ताजुब लाग्यो मलाई । हिसी परेको चेहरासहितको शालीन व्यक्तित्व ठानें हजुरको । झट्ट हेर्दा चट्ट भादगाउँले टोपी, त्यसको मुनि ठिक्क माझ निधारमा टक्क सानो विन्दु टीकाले एकजना शानदार व्यक्तिमा मुस्कान खुस्किन लागेझैँ लाग्यो । गम्भीर मुद्रामा देखें । गहुँगोरो वर्णको लोभलाग्दो तस्बिरबाट नै यहाँमा अलौकिक प्रतिभा र सामर्थ्य लुकेको रहेछ कि भनी लोभिएँ ।

हरि मञ्जुश्रीले फेसबुक पेजमा सङ्क्षिप्त रूपमा उल्लेख गर्नुभएका १६ विशेषताले मात्र पुग्लाजस्तो लागेन । उक्त ग्रन्थ अध्ययन गर्ने क्रममा अन्य थप विधाहरू थपिँदैछन् भन्ने लाग्यो । हजुर त एक महान् कर्मयोद्धा चिन्तक पो हुनुहुँदो रहेछ । यहाँको सोच, चिन्तन र कार्यशैली कहाँ ठिनेमिने भन्न खोज्ने हो रहेछन् र ! यहाँभित्रका सबै पाइन र कर्मक्षेत्रका विषयवस्तुलाई समुच्चा उधिन्न खोजिरहन पनि चाहन्नँ म । यहाँले नेपाली समाजमा व्याप्त भ्रष्टाचाररूपी जालोको अन्त्य हुनुपर्छ भनेर थाल्नुभएको कामको मात्र चर्चा गर्ने धृष्टता गर्दछु र यो पत्रात्मक शैलीको लेख अभिव्यक्त गर्ने अनुमति चाहन्छु ।

यहाँले वि. सं. २०३६ सालदखि नै समाज भ्रष्टाचारमुक्त होओस् भन्ने सपना देख्न थाल्नुभयो । यहाँबाट लेखिएका तीन उपन्यासमध्ये प्रथम उपन्यास 'कालो सूर्य' (२०३६) हो । उक्त उपन्यास लेखेर पञ्चायती शासनकालभित्र हामी नेपालीले भोग्नु र ब्यहोर्नुपरेका अभिशापपूर्ण यथार्थलाई समेटेर निर्भीकतापूर्वक लेख्नु र प्रकाशन गर्नु भनेको तत्कालीन समयका लागि यहाँको निकै ठूलो आँट र चुनौतीको विषय थियो पक्कै पनि । हजुरमा लुकेको बेजोड प्रतिभाकै कारण 'कालो सूर्य' ले एघार भाषामा अनूदित हुन भ्याएछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति आर्जन गर्न

सक्नुभएछ । धन्य-धन्य छ यहाँको उक्त कार्यका लागि यहाँलाई । एउटा नेपालीको हैसियतले यस कार्यको प्रशंसा नगरी रहन सकिन्न । यसबाट हामी सिङ्गो नेपाली जातिमा गर्वको अनुभव हुन्छ । शिर उचालिएको महसुस हुन्छ । यसबाट हामीमा जुन प्रतिष्ठा बढाइदिनुभएको छ यहाँले, त्यसका खातिर यहाँमा हार्दिक धन्यवादसहित आभार नभनी रहन सकिन्न । त्यसमा पनि उक्त पुस्तक चौथो संस्करणका रूपमा प्रकाशित हुनुले पनि यहाँको विचार र सन्देश कतिसम्म मूल्यवान् रहेछ र मानव समुदाय त्यसबाट कहाँसम्म प्रभावित हुन पुगेछन् भन्ने कुराको सहजै अनुमान गर्न मिल्छ ।

त्यस्तै, दोस्रो उपन्यास 'व्यूहचक्र' २०४१ ले पनि पञ्चायती शासनकालमा भएको पञ्चायती गतिविधिको चित्रण, राजाको निर्देशनमा हुने गरेको पडयन्त्रपूर्ण कर्तुतहरू, पञ्चायती शासनविरोधी प्रतिभावान् मानिसहरूलाई खोजी-खोजी हत्या गर्न चालिएका कदमहरू र तीन दशकसम्म शासक वर्गले पञ्चायतको जयजयकार गर्दै राष्ट्रको ढुकुटी सिध्याउन र रित्याउन भएगरेका तमाम कामको नालीबेलीको उतार कपी थियो त्यो । पञ्चायती कालमा नेपाली समाजले भोग्नु र व्यहोर्नुपरेका निरासा, कुण्ठा, विसङ्गति, विचलन आदिको समग्र कथावस्तु झल्काउने उपन्यास रहेछ 'व्यूहचक्र' । यसबाट भावी नेपाली पञ्चायती शासन व्यवस्थाको विगत शासनशैली अवश्य बुझ्नेछन् ।

यहाँले तेस्रो उपन्यास 'रातो घाम' (२०५०) भ्रमणवृत्तान्तको शैलीमा लेख्नुभएछ । छिमेकी मुलुक चीनमा माओको नेतृत्वमा सन् १९४९ मा भएको चिनियाँ क्रान्ति र त्यसले त्यहाँको समाजमा पारेको सकारात्मक र नकारात्मक दुवै परिणामहरूलाई यथातथ्य रूपमा उद्घाटन गर्ने सत्प्रयास गर्नुभएछ त्यसमा । सांस्कृतिक क्रान्तिका नाउँमा त्यहाँका प्राचीन महत्त्व र गरिमालाई ध्वस्त पारिएको दुःखद अनुभूति, त्यहाँका जनताको स्वतन्त्रतामाथि भएको अतिक्रमण, त्यहाँका जनताको दुरूह, जटिल र कष्टकर जीवन भोगाइ आदिबारे राजनीति, सामाजिक आदि विषयवस्तु राखी खुलासा गर्नुभएको रहेछ । यसबाट चीनमा भ्रष्टाचारमुक्त समाज बन्न नसकेको कुरा छर्लङ्गिन्छ । बाहिरबाट हेर्दा चीनमा भौतिक प्रगति-उन्नति यथेष्ट देखिन्छ, तर त्यहाँ भित्रभित्रै शोषण व्याप्त छ । आर्थिक समानताका नाउँमा एक वर्गको बाहुल्य रहेको छ, तर करोडौँ त्यहाँका जनता पीडामुक्त छैनन् भनी त्यहाँको भ्रष्ट शासनको पर्दाफास गर्नुभएबाट यहाँले अन्तराष्ट्रिय जगत्को विषयवस्तुसमेत प्रस्ट्याएर विश्वसमुदायकै कल्याण र हितका खातिर यहाँ मानवीय स्वतन्त्रताको कहाँसम्म पक्षधर हुनुहुँदो रहेछ भन्ने कुरा सहजै बुझ्न सकिन्छ । यस अर्थमा पनि मैले यहाँको प्रशंसा नगरी रहन सकिनँ ।

यहाँको पहिलो प्रबन्धसङ्ग्रह 'पचास प्रसङ्ग' (२०४९) ले देशमा भएका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक क्षेत्रका विकृति र विसङ्गतिहरूलाई पर्दाफास गर्न चाहेको देखिन्छ । राष्ट्रसेवामा संलग्न व्यक्ति राजनीतिमा फस्न गए भने राज्यसत्ताको दुरूपयोग गर्छन् । त्यसपछि जनता र मुलुकले असाध्य ठूलो सास्ती भोग्नुपर्दछ भन्ने अहम् विचार यसमा अभिव्यक्त रहेछ । सत्ताधारीले कानुनको परिधि नाघी मनपरी ढङ्गले पजनीप्रथाद्वारा नियुक्त गर्ने परिपाटी अपनाउँदा त्यसले मुलुकमा अराजकता भित्रिन्छ भन्दै हरेक सत्तासीनहरू भ्रष्ट आचरणबाट जोगिनुपर्छ भन्ने सन्देश दिनुभई हरेक समाजका लागि यहाँले सुन्दर सपना बुन्नुभएको आभास मिल्छ ।

दोस्रो प्रबन्धसङ्ग्रह 'भ्रष्टाचार : वैचारिक आन्दोलन' (२०६०) मा मुलुकका जनताले ३० वर्षे पञ्चायती शासनविरुद्धको लामो लडाइँ गरेर २०४६ मा बहुदलीय शासन व्यवस्थाको पुनर्बहाली गरे । नयाँ संविधान जारी गरे । सारा राजनीतिक दलहरू स्वतन्त्र भई निर्वाचन गराए । पटकपटक गरी धेरैपटक सरकार गठन भए । सत्ताधारीमा फेरबदल आयो । तर भ्रष्टाचारविरुद्धको प्रचार अभियानदेखि कानुनी तहसम्म जतिसुकै लडाइँ गरिएको भए पनि आखिर समाजमा खासै परिवर्तन र फेरबदल भने आएन र त्यस्तो अनुभूतिसम्म हुन पाएन भन्ने तीतो सत्य यस कृतिले ओकल्दो रहेछ । गणतन्त्र आइसकेको वर्तमान परिप्रेक्ष्यमा पनि मुलुकका जनताले परिवर्तनको अनुभूति अझै गर्न पाएको स्थिति छैन । यस्तो विडम्बनापूर्ण अवस्थाका लागि राजनीतिक, आर्थिक, न्यायक्षेत्र, सङ्गठित संस्थाहरूमा समय-समयमा भएका र हुन जाने सम्भावित क्रियाकलापबाट समाजलाई सजग, सचेत र सुसूचित तुल्याउन र भ्रष्टाचारसम्बन्धी चिन्तन गर्नेहरूका लागिसमेत यहाँले दिनुभएको यो पुस्तकरूपी उपहार अनुपमेय वस्तु हो भन्ने लागेको छ ।

समग्रमा, यहाँका सात कृतिमध्ये चाहे ती उपन्यास हुन् या 'विचार र दृष्टिकोण' नामक अन्तर्वार्तासङ्ग्रह या विभिन्न कार्यपत्र नै किन नहून्, तिनले देशमा व्याप्त भ्रष्टाचारका विरुद्ध सशक्त आवाज उठाउन मद्दत गरिरहनेछन् । यथार्थमा भन्नुपर्दा यहाँ भ्रष्टाचारविरोधी ज्ञान बाँड्दै चर्चाको शिखरमा पुग्नुभएका एक अनुपम व्यक्तित्व हुनुहुँदो रहेछ । विगत २०५३ सालमा भ्रष्टाचारविरुद्ध अत्यन्त क्रियाशील भई अघि बढ्नुभएछ पनि । तत्कालीन राज्यभित्र भ्रष्टाचारसँग सम्बद्ध अभिलेखहरू, विभिन्न समितिका गोप्य दस्तावेजहरू प्रकाशित गर्दै सरकारका तर्फबाट भएका वस्तुगत सत्यतथ्य जनसमक्ष ल्याइपुऱ्याउन र तिनलाई उजागर गर्नसमेत यहाँ पूर्ण रूपमा सफल हुनुभएको रहेछ । त्रिभुवन विश्वविद्यालयमा केही विद्यार्थीहरूलाई

भ्रष्टाचारसम्बन्धी शोधपत्र लेख्न लगाउन पनि संलग्न हुनुभएछ । हालै मात्र त्रि. वि. को पाठ्यक्रममा समावेश गरी भ्रष्टाचारविरोधी शास्त्रको अध्ययन-अध्यापनको सुरुवात भइसकेको कामको श्रेयसमेत यहाँबाहेक अरू कसैलाई दिन नसकिने रहेछ । यसरी मुलुकमा व्याप्त भ्रष्टाचारको उन्मूलन गर्ने अभियान र आन्दोलनको सार्थक उपलब्धिको जस स्वत: भरत जङ्गमबाहेक अरू कोही-कसैले पाउन सक्ने छैन ।

अन्तमा, यहाँलाई भ्रष्टाचारविरुद्धका अभियन्ता, भ्रष्टाचारविरोधी सूत्रधार, भ्रष्टाचारमुक्त समाजको परिकल्पनाकार, भ्रष्टाचारविरोधी अभियानका प्रणेता, नेपालका लागि अनुपम उदाहरण, मनोक्रान्तिका सम्बाहक, भ्रष्टाचारविरोधी साधक, भ्रष्टाचारविरुद्ध विज्ञानका प्रवर्तक या गौतम बुद्धसरह यस देशले पछिसम्म सम्झिरहने व्यक्ति आदि जुनजुन उपमा दिएर भए पनि यहाँमा राष्ट्रले सदैव सुशोभन गरिरहनेछ भन्नेमा पनि म विश्वस्त छु । यहाँको हीरक जन्मोत्सव भव्यताका साथ मनाउन लागिएको सुखद अवसरमा यहाँमा सुख, शान्ति, आरोग्य, सुस्वास्थ्य एवम् दीर्घजीवनका लागि मेरो व्यक्तिगत तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु । हजुरको भावी जीवन अझै पनि पूर्ववत् रूपमा मानवसेवामा लागिरहन प्रेरणा मिलोस् । मानव जातिले यहाँको नाम मुक्तकण्ठले सदा गाउन सकून् ! सुयशसहितको कीर्तिस्तम्भ रहन सकोस् भन्ने सदिच्छासहित पत्रात्मक शैलीको लेखनबाट बिदा चाहन्छु । हजुरका अमर र अमोल कीर्तिमानी देनहरूप्रति नमन !

●



पदम दाहाल सङ्खुवासभाको मादीमा जन्मेर हाल भक्तपुरको लोकन्थलीमा बसोवास गर्ने शिक्षासेवी तथा साहित्यसेवी हुनुहुन्छ । शब्दयात्रा प्रकाशनद्वारा 'शब्दयात्रा स्तम्भकार सम्मान' प्राप्त गर्नुभएका उहाँका कवितासङ्ग्रहहरू प्रकाशित छन् ।

# बोल्ने पशुपतिनाथ
## – प्रकाश आचार्य

भरत जङ्गम बोल्ने पशुपतिनाथ हुन् । यो वाक्य मैले बोलेको नभई नेपालका जगद्गुरु अनन्तश्री विभूषित बालसन्त मोहनशरण देवाचार्यले भन्नुभएको हो ।

२०७५ साल फागुन ७ गते बिहान ७ बजे बानेश्वर महादेवको रुद्राभिषेक पूजन गर्न जगद्गुरु आश्रमका अध्यक्ष टीकाराम अर्यालसमेत महाराजका अन्य अनुयायी पनि बानेश्वरस्थित मन्दिरमा आउनुभएको थियो । पूजा-अर्चना सकिएपछि हामी बानेश्वर महादेवस्थानका भक्तजनहरूले जगदेगुरुबाट केही आशीर्वचन सुन्न रत्न पुस्तकालयको वाचनालय कक्षमा सानो भेलाको आयोजना गरेका थियौँ । त्यस भेलामा जगदेगुरु बालसन्त महाराजबाट सम्बोधन गर्ने क्रममा बोल्ने पशुपतिनाथ भन्दै भरत जङ्गमलाई सम्बोधन गर्नुभएको सुन्दा हामी बानेश्वर महादेवका भक्तजन अचम्ममा परेका थियौँ ।

त्यस भेलामा भरत जङ्गमका अतिरिक्त नेश्वर महादेव संरक्षण तथा विकास समितिका पदाधिकारीहरू राजेन्द्र मराठा, वैकुण्ठप्रसाद गौतम, हरिप्रसाद लामिछाने, कृष्ण हमाललगायत करिब बीसजना भक्तजनहरू उपस्थित थियौँ ।

जगद्गुरु मोहनशरण महाराजबाट भरत जङ्गमलाई बोल्ने पशुपतिनाथ भनेपछि अरू साथीभाइहरूलाई के लाग्यो थाहा भएन, तर मलाई भने भरत जङ्गम साँच्चि नै बोल्ने पशुपतिनाथ हुन् भन्ने लाग्यो ।

म पशुपतिनाथको दैनिक दर्शनार्थीमध्येको एक हुँ । बिहान ५ बजे नै पशुपतिनाथको प्राङ्गणमा पुग्छु र पूर्वतर्फको नारायणमूर्तिलाई सफा गर्नेलगायत त्यसतर्फ भएका फोहोरलाई पन्छाई सफा गर्ने गरेको छु । पशुपतिनाथका भण्डारेहरूले पनि भरत जङ्गमका बारेमा भनेको सुनेको छु ।

पशुपतिनाथमा जे-जस्तो आपतविपत आए पनि भरत जङ्गमले आफ्नै समस्या सम्झेर त्यसको समाधान गर्नुहुन्छ । कुराकानी, सल्लाह, छलफल र मिटिङ, सभाबाट समस्या समाधान नभए पशुपतिनाथको पक्षमा अदालतसमेत जानुभएको रहेछ ।

२०६५ साल पौष महिनामा प्रधानमन्त्री पुष्पकमल दाहालको कार्यकालमा पशुपतिनाथका मूल भट्ट र अन्य पुजारीसमेत हटाउने परिपञ्च अन्तर्गत एकजना दाहाल थरका नयाँ पुजारी नियुक्त गरी मन्दिर प्रवेश गराउन खोज्दा आन्दोलन गर्ने प्रमुख व्यक्तित्वका रूपमा भरत जङ्गम नै खडा भएका रहेछन् ।

यति मात्र होइन, प्रधानमन्त्री पुष्पकमल दाहाल र पशुपति क्षेत्र विकास कोषका विरुद्धमा सर्वोच्च अदालतमा मुद्दा दायर गरेर समस्याको समाधान गरेको यथार्थ व्यहोरा पनि सुन्ने मौका पाएँ । मृगस्थलीको वनक्षेत्रमा क्रिस्चियनहरूले लास गाड्ने प्रथाको पनि अन्त गर्ने काममा सक्रिय भएर लागेका भरत जङ्गमले पशुपतिनाथको मूल ढुकुटी सरकारले खोल्न नपाउने गरी अदालतबाट निर्णय गराएका रहेछन् ।

यी सबै कुरा पशुपतिका भक्तहरू र पशुपति मन्दिरमा प्रत्यक्ष संलग्न रहेका भण्डारे र विशेष समितिलाई जानकारी रहेछ । त्यसैले पनि पशुपतिनाथले कुनै कुरा बोल्नुपर्‍यो भने भरत जङ्गमका माध्यमद्वारा बोल्ने गरेका छन् भन्ने कुरा प्रचारित रहेछ ।

बानेश्वर महादेव मन्दिर अनेक कोणबाट अतिक्रमित भएपछि त्यहाँ भक्तजनहरूले समयमा मन्दिर दर्शन गर्न जान नपाउने, पूर्वपूजाहरू पनि खण्डित हुने, परम्परागत रूपमा चलेको नित्य पूजा पनि रोकिन थालेको समयमा हामी युवाहरू मिलेर महादेव मन्दिर क्षेत्रको विकास र मन्दिरको पूजाआजा राम्ररी सञ्चालन हुन सकोस् भनेर सर्वप्रथम राजेन्द्रप्रसाद मराठाको अध्यक्षतामा मन्दिर संरक्षण समिति गठन गरियो ।

त्यसै समयदेखि भरत जङ्गमलाई यस मन्दिर समितिले एक अभिभावकका रूपमा स्वीकार गर्दै आएको छ । उहाँको सल्लाह, सुझाव र निर्णयबाट मन्दिरको दैनिक रुद्राभिषेक सहितको पूजन सुरु भएको छ । जबदेखि हामीले नित्य रुद्राभिषेक सुरु गर्‍यौं, मन्दिरमा भक्तजनहरूको आकर्षण बढ्दै गएको हामीले महसुस गरेका छौं ।

२०७६ सालमा हामीले त्यस महादेव मन्दिरलाई गुठी संस्थान अन्तर्गत बानेश्वर महादेव गुठी व्यवस्थापन समिति खडा गरी बनाउन सकिने गरी गुठी संस्थानबाट निर्णय गराई मालपोत कार्यालयमा पठाएका छौं । मन्दिरमा साँझ गङ्गा आरती गर्ने व्यवस्था अन्तर्गत महिनाको पहिलो साताको सोमबार साँझ आरती गर्ने व्यवस्था मिलाइएको छ । प्रत्येक आरती कार्यक्रममा ३००-४०० भक्तजन उपस्थित हुने हुँदा आरती कार्यक्रम दर्शनीय भएको छ ।

वर्तमानमा वैकुण्ठप्रसाद गौतम व्यवस्थापन समितिका अध्यक्ष हुनुहुन्छ भने यो लेखकले महासचिवको कार्यभार सम्हालेको छ । हाम्रो समूह अति नै मिलनसार र परिश्रमी भएका कारणले छोटो अवधिमा पनि बानेश्वर महादेव मन्दिर, त्यस परिसरमा रहेका साना-ठूला मन्दिरको जीर्णोद्धार र केही मन्दिरहरूको नवनिर्माण भएको छ । खास गरी महादेवको शक्तिपीठ ललितादेवीको मन्दिर राम्रो बनेको छ । साथै जलाशय नारायणको परिसर सुन्दर रूपमा जीर्णोद्धार भएको छ ।

यी सबै कार्यका लागि आर्थिक अभियन्ता भरत जङ्गमबाट पूर्ण रूपमा सहयोग पाएकाले हामी धन्य भएका छौँ । उहाँको हीरक महोत्सवको उपलक्ष्यमा उहाँको सुस्वास्थ्य तथा दीर्घ जीवनका लागि बानेश्वर महादेवसँग प्रार्थना गर्दछौँ ।

●



प्रकाश आचार्य बानेश्वर महादेव गुठी व्यवस्थापन समितिका महासचिव हुनुहुन्छ ।

# मानव जीवन, धनदौलत र भरत जङ्गम
## – भरतबहादुर खड्का

मानव सर्वश्रेष्ठ चेतनशील प्राणी भएकोमा दुई मत नहोला । मानवमा भवसागर छ । तर पनि मानव स्वयं अजम्मरी भने पक्का होइन । मानव भएर जन्मेपछि एक दिन मर्नैपर्ने निश्चित छ । मर्नैपर्ने पक्षचाहिँ मानवको मनमा बस्न सकेको हुँदैन । काम, क्रोध, लोभ, मोह र घमन्डजस्ता विनाशकारी तत्त्वले मनलाई नचाइरहेको हुन्छ । ऊ त्यसैभित्र प्रवाहित भएको हुन्छ । जीवन आफैँमा पवित्र र स्वच्छ भएर आएको हुन्छ । तर राम्रा र सकारात्मक तत्त्वलाई ग्रहण गर्न नसकी विनाशकारी तत्त्व हावी भएको देखिन्छ । मानव आफ्नो जीवन अत्यन्त महत्त्व भएको दैवी शक्ति प्राप्त जीवन हो । यसले जुनसुकै कठिन र असम्भव कार्य गर्नसमेत सक्ने शक्ति प्राप्त गरेको हुन्छ । जन्मैदेखि त्यस्ता सत्कार्य र प्राप्तितर्फ लाग्ने अवसर नपाएकामा विनाशकारी तत्त्वले बढी प्रभाव पारी उनीहरू अमूल्य मानव जीवनलाई व्यर्थ र अर्थहीनतातर्फ धकेल्दछन् । बढी धनदौलत आर्जन गर्नेतर्फ उद्यत हुँदा अन्तमा पश्चात्तापको भुङ्ग्रोबाट पिल्सिएर संसार छाडेको पनि देखिन्छ ।

जीवन केवल कमाउन खान, लाउन र मोजमस्ती गर्नका लागि पाएको होइन, थप आविष्कार, सुरक्षा, संरक्षण र सहयोग आदिका लागि पाएको हो । अरूका लागि गर्न ऊ पटक्कै चाहँदैन । यो दुर्गुण हो । आफूलाई अरूको ठाउँमा राखेर म त्यो भएँ र त्यहाँ उभिएँ भने र सोचेँ भने के हुन्छ र कस्तो हुन्छ भन्ने मानवमा पटक्कै छैन । आफू भलो त जगतै भलो ठान्छन् । मावनले यो नबुझेको होइन, बुझ पचाएको मात्र हो । यस्तो मानवले आफूले आर्जेको धनदौलत सही ठाउँमा प्रयोग गर्न नपाई त्यत्तिकै छाडेर देहत्याग गर्नुपरेका थुप्रै दृष्टान्त छन् । बलियो छउन्जेल आफ्नै मात्र हैकम र अधीनमा राख्ने, परोपकारी कार्यमा लाग्न नचाहनेका लागि जतिसुकै धनदौलत भए पनि बेकार र व्यर्थ सावित भएका दृष्टान्तहरू पाउन सकिन्छ । मान्छे नाङ्गै आएको र नाङ्गै जाने हो भन्ने ख्याल गर्दैन । जब उसलाई चोट पर्छ अनि क्षणिक समय भावुक भएर भन्छ – जीवन केही रहेनछ लैजानु पनि केही रहेनछ । तर जब ऊ फर्कन्छ, त्यो सबै बिर्सन्छ । यो मानवीय गल्ती मान्न सकिन्छ ।

प्रसङ्ग भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गमको हो । उहाँ भन्ने गर्नुहुन्छ – मानव सृष्टिको प्रारम्भदेखि नै जीवनका लागि धनदौलत आर्जन

गर्ने लालसाले विभिन्न कर्म गर्न थाल्दछ । बहुमूल्य धातु, वस्तु, सामान, सिक्का र प्रतीतपत्रहरूले धनको प्रतिनिधित्व गरेको हुन्छ । त्यो प्राप्तिका लागि मानव बढी क्रियाशील हुँदै गएको हुन्छ । यतिसम्म पनि गर्न तयार हुन्छ कि उसमा भएको लोभ, मोह बढी हावी हुन गई ढाँट्ने, छल्ने, छक्याउने, दबाब दिने, डर-त्रास दिने, धम्क्याउने र बाध्यात्मक अवस्था सृजना गरी प्रयोग गर्ने जस्ता अमानवीय, घृणित र असभ्य हतकन्डा पनि प्रयोग गर्न पछि पर्दैन । त्यस्ता व्यक्तिका मनमा एक दिन मर्नुपर्छ, सबै धनदौलत छाडेर जानुपर्छ, सँगै लैजान पाइँदैन, सकिँदैन भन्ने कुरा पटक्कै आएको हुँदैन । अन्तमा उसका सबै धनदौलत अर्थहीन सावित हुन्छन् र त्यही धनदौलतको पीडाले पश्चात्ताप गर्दै देहत्याग गर्न बाध्य हुनुपरेको हुन्छ । यो नै मानव जीवनको सत्य र यथार्थता हो ।

आफ्नो शरीर नचल्ने, आँखा नदेख्ने, कान नसुन्ने अवस्थामा पुगिसकेपछि वा अन्य कारणले शरीरका हातगोडा नचल्ने भएपछि आफ्नै अगाडि राखिदिएको खाना पनि बेकार बन्न जान्छ । भएका आलिसान घरजग्गा, धनदौलत सबै काम नदिने बेकार बन्न जान्छ । टुलुटुलु हेरेर त्यसैको पीडा र पश्चात्तापको भुङ्ग्रोमा आफूलाई विलय गराउन बाध्य बनिन्छ । त्यसपछि कुकर्म र कुनियत एवं अधर्मले आर्जेको सबै धन व्यर्थ हुन गई अमरत्वमा सहयोग पुऱ्याउनुको सट्टा बदनियत र नकारात्मक छवि रहन जान्छ । यस्तो सत्यतालाई कुल्चेर आफ्नो जीवनलाई नै दाउमा राखी धन आर्जन प्रवृत्ति ठूला, धनी, विद्वत् वर्गमा पनि हुनु दुःखदपूर्ण विडम्बना हो । यसबाट भ्रष्ट विचार हावी हुन गई व्यक्ति, समाज हुँदै सिङ्गो देश भ्रष्टाचारमा चर्चा हुन जान्छ । त्यसैले मानवले आफू सक्रिय रूपमा चलायमान् रहँदा त्यस्ता नकारात्मक कुरालाई पहिचान गर्ने अध्यात्मलाई पछ्याउँदा सहज हुन्छ । आफू र आफ्ना सन्ततिका लागि भनेर धन सञ्चय गर्ने प्रवृत्ति निस्क्रिय हुँदै जान्छ । मन स्थिर रूपमा नियन्त्रित भई आदर्श व्यक्तिका रूपमा लोकप्रियता हासिल हुनुका साथै जीवनको अन्तिम क्षणमा पनि सहज रूपमा देह त्याग गरी अमरत्व प्राप्त गर्न सक्छ । यही सत्य र तथ्यले मात्र मृत्युशैयामा पुग्दासम्म आसानी र सहज हुन गई सबैका लागि प्रिय बनी अमरत्व प्राप्त गर्न सक्छ । यस्तो चेतनाको प्रवृत्ति दिनानुदिन ह्रास हुँदै गएको महसुस गर्न सकिन्छ । भरत जङ्गम यसो पनि भन्नुहुन्छ ।

उहाँका अनुसार खराब प्रवृत्ति मानव जीवनका लागि विडम्बना सावित हुँदा मनलाई स्थिर रूपमा नियन्त्रण गर्न नसकेको अवस्थाले जीवनको उत्तरार्द्धमा दुःखदायी एवं हानिकारक बन्दै गई त्यही कारणबाट दुःख, कष्ट र अपहेलित भएर देह त्यागन विवश भएका दृष्टान्तहरू थुप्रै पाउन सकिन्छ ।

आफ्नो जीवनलाई सहज बनाउन र उत्तरार्ध अवस्थामा सहज रूपमा जीवन त्याग गर्नुका साथै मृत्युपश्चात् पनि अमरत्व कायम राख्न आफू बलियो, चलायमान् र स्वस्थ अवस्थामै प्राप्त भएको धनदौलतबाट सही तरिकाले परोपकार गर्न सकियो भने मात्र अमरत्व प्राप्त गर्न सकिन्छ ।

धनलाई भन्दा जीवनको महत्त्वलाई प्राथमिकता दिनुपर्छ । अनि मात्र जीवनले सार्थकता पाउने र जीवनमा केही उपलब्धि हासिल हुन्छ । अरूको मन दुखाउन हुन्न, अरूको समस्या पनि आफैँजस्तो ठान्ने, चित्त नदुखाउने, अप्ठेरो पारेर, ढाँटेर, छलेर, बाध्य बनाएर, धन आर्जन नगर्ने व्यक्ति नै समाजका लागि प्रिय एवं लोकप्रिय हुन सक्छ । मानव सर्वश्रेष्ठ प्राणी भए पनि अजम्मरी भने होइन । यसमा भवसागर तैरिने शक्ति प्राप्त भएको सत्य हो । तर यसलाई पहिचान गरेर सदुपयोग गर्नु र नगर्नु उसको कुरा हो ।

भरत जङ्गम भन्ने गर्नुहुन्छ – शरीर अस्वस्थ, अशक्त र चलायमान् नभएको र वृद्ध भई कान नसुन्ने, आँखा नदेख्ने अवस्था हुन्छ । चलायमान् अवस्थामा चेतनापूर्वक धन आर्जन, सदुपयोग र व्यवहार गरेको छ भने त्यस्तो व्यक्तिको जुनसुकै समय पनि सहज रूपमा अघि बढ्न सक्छ । देहत्याग गर्नुपर्ने अवस्थासम्म पनि उसलाई कुनै बाधा, अवरोध, हेला, लान्छना र आलोचित हुनु नपर्ने हुन्छ । उसका नजिकका श्रीमती, छोराछोरी, बुहारी, नातिनातिनी पनि मूकदर्शक भएर नबसी सहयोगको चेष्टा गर्छन् । तर पनि अन्ततोगत्वा टुलुटुलु हेरी बस्न मात्र विवश हुन्छन् । कोही पनि चितामा सँगै जान चाहँदैनन् । यसरी सबै चीजबाट साथ नदिने मिथ्या जीवनमा लोभलालचजस्ता घृणित र अपहेलित भई पीडाबाट टाढा रहनु सच्चा मानवको बुद्धिमत्तापूर्ण कर्म मान्न सकिन्छ । धर्म वा अधर्म जुनसुकै तरिकाबाट आर्जन भएको धनदौलत भए पनि अन्त्यमा मेरो भन्न पाइँदैन, साथै लैजान पनि पाइँदैन । अन्त्यमा पश्चात्ताप मात्र पर्न सक्छ ।

धन आर्जन गर्दा सच्चा, इमानदार र मिहिनेतलाई प्रयोग गर्नु मानवको कर्तव्य हो । आफैँले आर्जन गरेको धनदौलतले आफैँलाई नष्ट गर्ने गरी आर्जन गर्नु पाप हो । पापले अहिलेसम्म कसैको भलो र उन्नति गरेको नजिर हुन सकेको छैन । जति नै पाप, छलछाम, लोभ, प्रलोभन, जुनसुकै हतकन्डा अपनाई कमाएको, आर्जन गरेको धनदौलत चल-अचल जुनसुकै पनि अन्त्यमा धर्तीमै छाडी नाङ्गै जाने हो । त्यसैले सच्चा, इमानदारीपूर्वक प्रयास र मिहिनेत किन नगर्नु ? यसरी आर्जन गरेको धनदौलतले अरूका लागि ऊर्जावान् भई लोकप्रियता हासिल हुन सक्छ । यसको सबैबाट वाहवाही आउँछ । यसले समाजमा सकारात्मक ऊर्जा दिन सक्तछ । उहाँ यसो भन्नुहुन्छ ।

कमाएको, आर्जन गरेको धनदौलतलाई केही हिस्सा परोपकारी कार्यमा लगानी गऱ्यो भने त्यस्तो धन आफूबाट खर्च भएको देखिए तापनि त्यस्तो धनदौलत बैङ्कको रकम मुद्दती खातामा जम्मा गरेसरह सञ्चित भएर बस्नेछ । त्यस्तो धनदौलतको लगानीले मृत्युपश्चात् पनि उसको नाम जीवन्त राख्न मद्दत गर्दछ । यस्तो परोपकारी कार्यको लगानीले यस लोकका साथै परलोकमा आत्माको चिर शान्ति र सन्तुष्टि प्राप्त हुन्छ । आफैँले आर्जन गरेको सम्पत्ति भनेर मोजमस्ती मात्र गर्दा निश्चय नै चिताको भुङ्ग्रोले सताउँछ । आफ्नो भन्न पाइँदैन, लैजान पनि पाइँदैन भन्ने ध्रुव सत्य भएकाले अहङ्कार नगरी परोपकारमा पनि विशेष जोड दिनु सार्थक जीवन हो । मानव जीवन दान, पुण्य, परोपकार, सेवाजस्ता सबैको प्रिय कार्यबाटै सार्थक हुन्छ । यसको अनुसरणले मुक्तिको मार्ग प्रशस्त गर्दछ । त्यसैले आफू बलवान्, स्वस्थ र चलायमान् अवस्थामै त्यस्ता ऊर्जावान्, सकारात्मक कार्य गर्दा यो लोक र परलोक दुवै लोकमा हितकर हुन्छ । कमाएको केही अंश यस्ता कार्यमा छुट्याऊँ । मीठो वचन र सभ्य व्यवहार गरौँ । यही नै मानवमुक्तिको सत्कर्म हुन जान्छ भन्ने उहाँको धारणा छ ।

उहाँका अनुसार धनदौलत सबैलाई चाहिन्छ । तर त्यो कसरी प्राप्त भएको छ र परोपकारी कार्यमा कति अंश लगानी गरियो, यो महत्त्वपूर्ण पक्ष हो । शताब्दियौँदेखि पुर्खाले कति आर्जन गरे होलान्, कसैले सँगै लगे त ? प्रश्न उठ्नु स्वाभाविक हो । यसले पुष्टि गर्दछ कि कमाएको धनदौलत आफू जीवित रहँदा उपयोग गरेको मात्र आफ्नो हुँदो रहेछ, बाँकी सबै व्यर्थ हो । लोभ, मोह, अहङ्कार, घमण्ड र बाध्यता, परिबन्ध जीवनमा घातक शत्रु हुन् । यस्ता विकारी तत्त्वलाई मनको संसारबाट हटाउनुपर्दछ । यसका लागि विभिन्न उपाय छन् । प्राणायाम, योगासन, शारीरिक व्यायाम, समूहमा बस्नु, आध्यात्मिक ज्ञानार्जन, मीठो बोली, असल कर्म यसका सौन्दर्य तत्त्व हुन् ।

जीवन भए मात्र धनको महत्त्व हुन्छ । जीवन नै नरहे वा अशक्त भए धनको के काम ! आफू गर्न सक्ने भएकै समयमा त्यस धनलाई उचित उपयोग गर्न सके मात्र यसले सार्थकता पाउँछ । त्यसै सार्थकताको माध्यमबाट यस लोक र परलोकमा सहजीकरण गराउँछ । त्यसैले सत्य, तथ्य र वास्तविकतालाई आफ्नो जीवनको सारथि बनाउँदा मात्र त्यसको महिमा उचाइमा पुग्न सक्तछ । यसो नगर्दा धेरैजसो मृत्युशैयामा लेटिरहेका बखत सबै टाढा भएको समय आफ्ना अगाडि भएको जस्तोसुकै खानेकुरा भए पनि व्यर्थ हुन्छ । पानी खान पनि नसकी छटपटाउन बाध्य गराउँछ । त्यति बेला मात्र पश्चात्ताप गरेर मुक्ति मिल्दैन । मुक्ति पाउन बेलैमा चेत आउनुपर्दछ यस्तो अवस्थाबाट । अरूको के कुरा, आफ्नो पार्थिव शरीरसमेत मेरो भन्न र

दिन्न भन्ने सामर्थ्य हुँदैन । अन्त्यमा जन्मँदा जस्तो आएको त्यस्तै नाङ्गै छाडेर जानुपर्ने हुन्छ । त्यसैले जीवनको महत्त्व बुझ्नु र चिन्नु अति आवश्यक छ । भरत जङ्गम यसै भन्नुहुन्छ ।

लोभ, मोह र घमण्ड जस्ता तत्त्वहरूले जीवनको अन्तिम क्षणसम्म पनि सद्बुद्धि आउन नदिएको पाइन्छ । खराब र हानिकारक तत्त्वको खोज र पहिचान गर्ने माध्यम अध्यात्म हो । यसले आत्माको अध्ययन गर्दछ । यसले विकार तत्त्वलाई नियन्त्रण गर्न सकिन्छ । योग, प्राणायाम आदिले त्यसको सौन्दर्य बनाउन थप मद्दत गरेको हुन्छ । उद्योग गर्न त्याग, तपस्या र धैर्यको जरुरत पर्दछ । धैर्य र संयमले मात्र शक्तिलाई काबुमा राख्न सकिँदैन । त्यसैले ऋषिमुनिहरूमा देवशक्ति स्थिर रहेको र त्यसबाट नतिजा प्रस्फुटन हुने गरेको अनुमान गर्न सकिन्छ । कलियुगका मानवमा छिटो नतिजा चाहिने, धैर्य, सहनशीलता न्यून भएकाले उसले त्यस्तो अदृश्य शक्ति प्राप्त गर्न सकेको पाइँदैन । भौतिक शरीरलाई पनि सहज रूपमा ल्याउन नसकी अनेक दु:ख, कष्ट र झमेलाबाट पार गर्नुपरेको हुन्छ । देवशक्तिले लोभ, मोह, काम, क्रोध, अहङ्कार, घमन्डजस्ता दानवी प्रवृत्तिलाई नष्ट गर्न सक्तछ । सबै मानवमा देवशक्ति प्राप्त भएको हुन्छ । तर त्यो प्रयोग गर्न कि त त्याग-तपस्या चाहिन्छ, कि त अध्ययन वा अरूबाट ज्ञान प्राप्त गरेको हुनुपर्दछ । अन्यथा त्यस्ता विकार तत्त्वले जीवनमा भाइरसका रूपमा भूमिका खेल्ने अवसर प्राप्त गरेको हुन्छ । उहाँ यसो पनि भन्नुहुन्छ ।

उहाँ भन्नुहुन्छ – आर्जित धनसम्पत्तिको प्रयोगविधि गलत हुन गएमा जीवनमा ठूलो आँधीबेहरी आएको पाइन्छ । त्यसले नारकीय जीवन बिताउन वा अल्पायुमै जीवन बर्बाद गर्न प्रेरित गरेको हुन्छ । यी सबै पक्षलाई सन्तुलनमा राखी जीवन चलाउनु मानवको उच्च बुद्धिमत्ता हो । प्राप्त धनसम्पत्ति नै शत्रु बन्न सक्छन् । मानवीय जीवन खार्ने तत्त्व पनि हुन सक्तछ । धन आफ्नो काबुमा बस्ने वस्तु होइन । यो अति चञ्चल हुन्छ । चलायमान् हुन मन पराउँछ । यस्तो चीज वशमा नरहेको अवस्थामा त्यसले जीवन नै नाश गरिदिन सक्छ ।

जीवनमा धन आर्जन गर्नुपर्दछ । यसैका लागि पूरा जीवनचक्र कर्ममा सङ्घर्षरत रहेको हुन्छ । तर कुनै बखत दुर्घटनामा परी जीवन नाश पनि हुन गएको देखिन्छ । त्यसैले आफ्नो काबुभित्र रहने धनदौलतले मात्र सही र समयमा काम दिन सक्छ । धनले लोकप्रियता आर्जन गर्न र आफैँलाई समाप्त गर्न पनि पछि पर्दैन । यसप्रति सजग र सतर्क रहनु आवश्यक छ । भएको धनदौलत अमरत्व हासिल गर्न प्रयोग गर्न पनि सकिन्छ । धन आर्जन गर्ने पद्धतिले जीवनलाई निर्देशित गरेको हुन्छ । गलत र खराब पद्धति अवलम्बन

भएको छ भने त्यसले सकारात्मक नतिजा दिन सक्तैन । यस्तो अवस्थामा मानव पश्चात्तापको भुङ्ग्रोले समाप्त हुन्छ ।

त्यसैले कुनै पनि चीज प्राप्तिको पद्धति अपनाउँदा स्वच्छ मनले निष्पक्ष भएर निःस्वार्थ ढङ्गबाट गरेमा मात्र त्यसको नतिजा सकारात्मक हुन सक्छ र त्यसबाट उपलब्धि हासिल गर्न पनि सकिन्छ । यस्तै चुरोलाई पहिचान गरी जीवनलाई अगाडि बढाउन सकिएमा स्वच्छ समाज निर्माण गरी मुलुकमा प्रकाश छर्न सकिन्छ । यस प्रक्रियाबाट मात्र अनुकरणीय एवं उदाहरण बन्न सकिन्छ । यो ध्रुव सत्य हो । यही ध्रुव सत्यलाई आत्मसात गर्न कर्म गर्ने व्यक्तिले संसारको ध्रुवका रूपमा परिचित हुने अवसर पाएको हुन्छ । यसका लागि चेतना चाहिन्छ । चेतना ढिलो भएर उपलब्धि हासिल हुँदैन । युवा अवस्थामै चेतना प्राप्त गर्न सकेको हुनुपर्दछ । अन्यथा उसको जीवनचक्रले भूमिका निर्वाह गर्ने अवसर पाउँदैन । चेतनाले मनलाई शुद्ध पार्दछ । अध्यात्मबाट चेतना प्राप्त हुन सक्छ । त्यसपछि मात्र आफ्ना कार्यहरू तालमेल मिलाएर गर्न सकिन्छ । यो उहाँको विचार हो ।

वर्तमान जगत्का मानवहरू आफू वैज्ञानिक र शक्तिशाली भएको घमण्ड गर्दछन् । आफू कहिल्यै नमर्ने र विलय नहुने अहम् रहेको हुन्छ । त्यसैले अरूका लागि कहिल्यै सोच्तैनन् । सबै मेरो मात्र हुनुपर्छ भन्ने घमण्ड गर्दछन् । यसरी उन्मत्त भएको मानवले समाजमा परोपकारी कार्य गर्ला भनेर सोच्न पनि सकिँदैन । धनदौलतले मानिसलाई सबथोक पुऱ्याएको हुन्छ । धनले मानवलाई उत्तेजित र तामसी, घमण्डीमा रूपान्तरण गरेको हुन्छ । आफूबाहेक अरूका लागि सोच्नै सक्तैन । त्यस्ता व्यक्तिले मृत्युपश्चात् अमरत्व हासिल गर्न सक्तैन ।

विकारी तत्त्वले जहिले पनि नकारात्मक भूमिका खेलिरहेको हुन्छ । यसले जीवनलाई कमजोर र अर्थहीन बनाएको हुन्छ । मिष्टान्न भोजन, अमूल्य वस्तु र लत्ताकपडा सबै कर्महीन र व्यर्थ हुँदै गएका हुन्छन् । धनदौलत, खाना, बस्त्र भएर मात्र हुँदो रहेनछ । यसलाई उपयोग गर्न नजान्नाले पश्चात्ताप गर्न बाध्य हुनुपर्छ ।

भरत जङ्गम भन्नुहुन्छ – मानवले धनसम्पत्ति, आफन्त सबै छाडेर जानैपर्छ । यो नै प्रकृतिको नियम हो । जतिसुकै महान् विद्वान्ले पनि यो सत्यलाई नकार्न सकेको पाइँदैन । जानु त पर्छ नै, तर कसरी जाने, त्यो महत्त्वपूर्ण कुरा हो । अरूको घृणा नसही, दुःख नदिई, मलमुत्रमा नडुबी, अरूको आसमा बस्नुनपर्ने गरी सहज रूपमा प्राण छाड्नु सही मानवको भाग्य मानिन्छ । यसका लागि जीवनमा असल र प्रशंसनीय कर्महरू गर्नुपर्छ ।

जीवनको उतार-चढावमा संयम भएर निरन्तर सकारात्मक कर्मले त्यस्ता चीजहरू प्राप्त गर्न सकिन्छ ।

मानिसका असङ्ख्य इच्छा र चाहना परिपूर्तिका लागि धन चाहिन्छ । त्यसका लागि पर्याप्त सहज स्रोत छन् भने भ्रष्ट विचारले प्रेरित गर्न थाल्दछ । फलतः ऊ धनाढ्य बने तापनि घृणित र आलोच्य पात्र बन्न पुग्दछ । मृत्यु भएपछि उसको नाम राम्रो कुरामा कहीँ कसैले उच्चारण गर्न रुचाउँदैन । यस्तो अवस्थामा उसले आर्जेको अकुत धनदौलत र मानप्रतिष्ठाले के अर्थ दियो त ! सब बेकार भयो ।

मानवको मन असीमित दूरीको हुन्छ । यसले कहिल्यै क्षितिजको स्पर्श गर्न सक्तैन । त्यसले उसको पूरा जीवनलाई निर्देशित गरेको हुन्छ । यसरी निर्देशकको भूमिका निर्वाह गर्ने मनलाई काबुमा राख्न नसक्ने मानव दानव बन्न पुग्दछ र देहत्यागपश्चात् लोप भएर जान्छ । उसमा अमरत्व शक्ति नरहने भएकाले अमर रहन सक्तैन । लोप हुन नदिन र अमरत्व प्राप्तिका लागि मानव जीवनमा असल र राम्रा कर्महरू गर्नुपर्दछ । धनसम्पत्तिलाई परोपकार र सहयोगमा लगाउनुपर्दछ । सामाजिक कार्यहरू गर्नुपर्दछ । अन्यायका विरुद्धमा सङ्घर्ष गर्नुपर्दछ, विरोध गर्नुपर्दछ र जनमानसमा पर्दाफास गराउनुपर्दछ ।

मानवले सद्बुद्धि, सद्विचार प्राप्तिका लागि कि पढ्नुपर्छ कि पर्नुपर्छ । पढेपछि विभिन्न व्यापार-व्यवसाय, सेवा आदि कर्म गर्नुपर्दछ । व्यवसाय गर्ने, जागिर खाने, व्यापार गर्ने, राजनीति गर्ने, समाजसेवा गर्ने आदि कर्मले मानव जीवनलाई डोऱ्याएको हुन्छ । उसले आफ्नो जीवनको चक्रलाई पार गर्दै गएको हुन्छ । कर्म गर्दा सत्यतथ्य र वास्तविकतालाई नबुझेर वा बुझेर पनि बुझपचाएर व्यवहार गर्दछ भने त्यसको फल उसैले पाउने हो र त्यसबाट भोग्नुपर्ने पाप पनि उसैले भोग्नुपर्दछ । उसले पाप गरी कमाएको धन प्रयोग गर्नेहरूले त्यसको दण्ड भोग्नुपर्दैन, उसैले भोग्नुपर्छ । त्यसैले अरूका लागि आफू किन पापी बन्ने ? यो सद्बुद्धि मानवमा न्यून हुँदै गएको पाइन्छ । यस्तो बुद्धि दिन अध्यात्म विद्याले मात्र सम्भव छ । यसो भन्नुहुन्छ उहाँ ।

जति धनी, बलियो, बुद्धिमान् भए पनि आखिर एक दिन यो संसार छाडेर मर्नैपर्छ । यो सत्यलाई कसैले नकार्न र चुनौती दिन सकेको छैन । संसारबाट देह त्याग गरी विलय हुनैपर्ने भए तापनि जीवनको क्रियाशीलताका क्रममा यसतर्फ चेतना कायम भएको कमै पाइन्छ । मर्नु नै पर्छ भने किन पश्चात्ताप गर्ने, किन अरूको मन रुवाउने, किन मेरो-मेरोमा जोड दिने, यो प्रश्न सदैव रहेको पाइन्छ । यो प्रश्नको चिरोफारो गर्न उसलाई फुर्सद हुँदैन ।

जब अन्तिम अवस्थामा पुग्छ अनि मात्र पश्चात्ताप गर्न थाल्दछ, जसबाट उपलब्धि केही हुँदैन । यो चक्र पुस्तौँदेखि चल्दै आएको छ ।

जतिसुकै लोभलालच गरे पनि अन्तमा पाउने भनेको छ फिटको चित्ता र दाउरा मात्र हो । त्यति पाउनका लागि किन लोभ गरी अरूलाई पनि चलाउन नदिई धन थुपारिराख्छौँ ? यही आश्चर्यको कुरा हो । भुइँमा लडेको पार्थिव शरीरलाई हतारहतार चितामा राखी खरानी बनाइदिन्छन् । कसैले साथ दिँदैन । त्यसपछि घर फर्केर त्यही धनसम्पत्तिमा छोरा, बुहारी, नाति, नातिना लुछाचुँडी गर्न थाल्दछन् । यो तपाईले सम्भन्नुभएको छ भने कहीँ कतै देख्नुभएको छ । नभए कोसिस गर्नुहोस्, अनुभव गर्नुहोस् अनि आफूलाई सुधार्नुहोस् । आखिर आफ्नो भन्नु के रहेछ त ? सबै मिथ्या र अर्थहीन रहेछन् कि रहेनछन् त ? तपाईको अहम् त अभिमान मात्र हो । तपाईका लागि जति महत्त्वको भए तापनि अरूका लागि घृणा मात्र हो । त्यसैले तपाईले गर्ने कर्म र धर्म तपाईकै भलाइ हुने गरी गर्नु उत्तम हुनेछ । अरूका लागि भनिने कर्मलाई गौणमा राख्ने कोसिस गर्नुस्, त्यसको नतिजा तपाईकै पक्षमा हुनेछ । आफ्नो ढुकढुकी बाँकी रहुन्जेल कोही कसैलाई हस्तान्तरण नगरी बचाई राख्नुभएको धनदौलतले कति मद्दत गर्छ, त्यो तपाईले अनुभव गर्न नपाए तापनि अरूको त देख्नुभएको छ । त्यसबाट अनुभव प्राप्त गरी सुधार्नु बुद्धिमानी हुन्छ । किनकि यो चक्रको कहिल्यै अन्त्य हुँदैन । घुम्दै-फिर्दै सबैमा सर्दै गएको हुन्छ । भरत जङ्गमको यस्तै धारणा छ ।

हो, अरूको पार्थिव शरीरलाई चितामा राखी आगो लगाउँदाको अवस्थामा मात्र मानिसले भावुक भएर पश्चात्ताप गर्छ तर घर फर्केपछि सबै बिर्सेर साविकभन्दैँ कर्म गर्छ । उल्टै मृतकले जोगाएर राखिदिएको धनसम्पत्तिका लागि लुछाचुँडी, झैझगडा, तेरोमेरोमा क्रियाशील रहन्छ । सर्वश्रेष्ठ र चेतनशील प्राणी भएर पनि उसमा भएका ज्ञान, विज्ञान र चेतनाजस्ता दैवी शक्ति हटमएर जीवनमा गर्ने विभिन्न कर्ममा सही प्रयोगको अभावले अनेकौँ बाधा-व्यवधानसँग सङ्घर्ष गर्न पुगेको पाइन्छ । आवेश, उत्तेजना र ईर्ष्या जस्ता तत्त्व बढी हावी भई गलत र अर्थहीन फलप्राप्तितर्फ क्रियाशील गराएको हुन्छ । अन्तमा मृत्युपश्चात् लोप भएर जान्छ ।

मानव अमरत्व प्राप्त गर्न सक्ने प्राणी हो । यसमा गुणहरू धरै छन्, तर ती गुणहरू कुन असल कुन बेकार छुट्याउन नखोजी निजी र सीमित स्वार्थ राख्ने गरेबाट सबै खेर गइरहेको देखिन्छ । मानवमा जे सोच्यो त्यो प्राप्त गर्न सक्ने देवत्व शक्ति प्राप्त भएको हुन्छ । तापनि केवल मेरो शब्दमै सीमित रहेर रमाउँछ । त्यस्ताबाट देवत्व शक्ति त्यत्तिकै खेर गइरहेको हामी

महसुस गर्न सक्छौँ । यो मानवकै कमजोरी र गलत कर्मको कारण हो । समाज, देश र विश्वलाई हाँक्न सक्ने, नियन्त्रण र निर्देशन दिन सक्ने परम शक्ति भए तापनि सूक्ष्म निजी स्वार्थले गर्दामहान् शक्तिलाई विलय गराएको हुन्छ । उसको सानो गल्ती र सोचाइले मानव जीवनलाई खरानी बनाउन सक्तछ । जीवनलाई अर्थहीन र मूल्यहीन रूपमा परिणत गरिदिन पनि सक्छ । टुलुटुलु हेरेर बस्न बाध्य बनाउन सक्छ । महान् पुरुषार्थ प्राप्त भएको मानवले आफूलाई चिन्न नसक्ता सिङ्गो समाज, देश र विश्वलाई अन्धकाररूप बनाएका दृष्टान्तहरू पनि छन् । भरत जङ्गम भन्नुहुन्छ ।

उहाँका अनुसार सुखी र आनन्दमय जीवन सबैको चाहना हो । तर मार्ग अपनायो त्यस्तै फल हासिल गर्दछन् । त्यसैले कुन असल मार्ग हो र कुन गलत मार्ग हो, पहिचान गरेर छुट्याउनु बुद्धिमानी हुन्छ । सबल व्यक्ति, समाज र राष्ट्रनिर्माणका लागि असल मानवको योगदान हुनुपर्दछ । यो नै धर्तीमाता र जन्मदाताले अपेक्षा गरेको हुन्छ । तर मानव त्यो सत्कर्मलाई छायामा राखी धनदौलतमै लिप्त भएको हुन्छ । मानवको धनको सीमा कति हो, त्यो थाहा नपाई असीमित धन आर्जनको खेलमा समय व्यतित गरिरहेको हुन्छ । उसले आफ्नो अमूल्य जीवन ओरालो लागिसकेको पत्तै पाउँदैन । एकैपटक मृत्युशैयामा ढलिसकेपछि मात्र चेतना खुल्छ । उसमा त्यसलाई व्यवहारमा ल्याउन सक्ने क्षमता हुँदैन, पीडादायी पश्चात्ताप मात्र हुन्छ ।

मानवले अरूबाट आलोचित होइन प्रशंसनीय बन्नुपर्दछ । सके अरूको भलो चिताउन, नसके कुरा गर्ने बानी गर्नु हुन्न । सके सेवा गर्ने, नसके घृणा गर्नु हुँदैन । तपाईको कर्मको सिको तपाईका सन्ततिहरूले सिक्छन् । यससम्बन्धी चेतनामूलक सन्देशहरूबाट चेतना अभिवृद्धि गर्न सकिन्छ । सच्चा र असल मानवले मात्र व्यक्ति, समाज र राष्ट्र एवं विश्वलाई सबल, सक्षम र गतिशील बनाउन सक्छ । यस्तो अवस्थामा धन प्राप्तिका लागि मरिहत्ते हाल्नुपर्दैन, स्वचालित रूपमा उसको जीवनस्तर उच्च भई सुख, शान्ति र सम्मृद्धि प्राप्ति गर्न सक्छ ।

धन प्राप्तिका लागि आफ्नो जीवन जोखिम राखेर भए पनि समर्पित भएको देखिन्छ । निम्न वर्गदेखि उच्च घरानियाहरूसम्म र कर्मचारीदेखि राजनीतिज्ञसम्म यसबाट अछुतो रहन सकेको देखिँदैन । सबै तह र तप्काले मौका र अवसर खोजेको देखिन्छ । तर यसबाट देश उँधो धकेलिन सक्छ । धन आर्जन प्रतिष्ठाका रूपमा लिएको देखिन्छ, जुन राष्ट्रकै लागि घातक हुन सक्छ भन्ने विचार छ उहाँको । उहाँको भनाए छ – धन आर्जनमै केन्द्रित भई त्यसैमा इज्जत-प्रतिष्ठा, मान-सम्मान र सुखी भविष्यका रूपमा लिने

नेपालीको प्रवृत्ति बनेको छ । सानादेखि ठूला, अनपढदेखि विद्वान, गरिबदेखि धनाढ्यसम्मले धनलाई प्रतिष्ठाका रूपमा लिएको वर्तमान नेपाली समाज अन्योलको अवस्थामा गुज्रिरहेको छ । तर जतिसुकै मरिहत्ते गरे पनि अन्त्यमा त्यो अर्थहीन हुन्छ । नसुन्ने, नदेख्ने र नबोल्ने मुडोसमानको अवस्थामा जति नै धनदौलत र नाताकुटुम्ब भए पनि के काम लाग्छ र !

मानव चानचुने प्राणी नभई दैवी शक्ति प्राप्त चेतनशील प्राणी भएकाले उसमा भएको गुण र शक्तिलाई छानी मनमा राख्न सक्नपर्छ । मानवमा सर्वगुण र सर्वशक्ति छ । काम, क्रोध, लोभ, मोह र अहङ्कारजस्ता भाइरसजन्य तत्त्वले सबै गुण र शक्तिलाई अर्थहीन र निस्क्रिय पारी मानव आलोचित बन्न गएको पनि देखिन्छ । मानवले गरेको कर्म उसैभित्र बसेको हुन्छ । त्यसैले गर्ने सबै कर्म असल र राम्रो हुनुपर्दछ । त्यस्ता विकारयुक्त भाइरस हटाउने एउटै सरल प्रक्रिया भनेकै आत्माको ज्ञानको अध्ययन गर्नु हो । सूक्ष्म रूपमा आफ्नो आत्मालाई चिन्न कोसिस गर्नुपर्छ, जसले सत्मार्ग पहिचान गराउँछ, जीवनमा सहज रूपमा जिउन सिकाउँछ र देह त्याग गरेपछिका लागि पनि सहकार्य गर्न सिकाउँछ । आत्मज्ञान सिकाउने तरिका सही र ठीक ढङ्गले अवलम्बन गर्नुपर्दछ । लगनशील र धैर्यवान् हुनुपर्दछ । एक दिन प्रत्यक्ष रूपमा शक्ति प्रदान गर्ने भगवान्को दर्शन गर्न सकिन्छ भन्नुहुन्छ भरत जङ्गम ।

विकृति र विसङ्गतिलाई मलजल प्रदान गर्ने भाइरस मानवलाई पथभ्रष्ट बनाउन बढी क्रियाशील हुने गर्छ । त्यस भाइरसलाई खतम गर्ने महत्त्वपूर्ण एन्टी भाइरस मानवभित्रै रहेकाले त्यसलाई पहिचान गरी प्रयोग गर्न सकेमा खराब भाइरसबाट विचलित हुनुपर्ने छैन । विपरीत भाइरस उद्दण्ड भई भ्रष्ट विचारलाई बढवा दिन थाले भ्रष्ट विचारको विकासबाट भ्रष्टाचार उत्पन्न हुन सक्छ । भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तक भरत जङ्गम यसै भन्ने गर्नुहुन्छ ।

भरत जङ्गम काठमाडौँ उपत्यकाको उपत्यकाको प्राचीन नगरी भक्तपुरस्थित टौमढी टोलमा २००४ साल मङ्सिर १० गते जन्मनुभएको थियो । हाल उहाँ बानेश्वर अन्तर्राष्ट्रिय सभाहलदेखि उत्तरपूर्व बानेश्वरमा बस्तै आउनुभएको छ । उहाँको विचारमा बाल्यजीवनलाई सूक्ष्म ढङ्गबाट बुझ्न सकेमा कहिल्यै मृत्यु हुँदैन । बुझ्न नसकेमा जुन बेला पनि मृत्यु भइरहेको हुन्छ । जब मानवमा चाहना जाग्छ, तब ऊ पुनः जीवनतर्फ उन्मुख हुन सक्छ । मृत्युलाई ल्याउन निम्तो गरिरहनुपर्दैन, त्यो स्वतः सिद्ध छ । गर्मीमा बरफ पग्लेझैँ पग्लिरहेको हुन्छ जीवन । बाहिरबाट जति कोमल र मैत्री देखिन्छ, त्यति नै विकार भरिएको पापी पनि हुन सक्छ । कसैलाई तेरो यति दिनमा मृत्यु हुन्छ भनिदियो भने सुनेको समयदेखि उसमा कमजोरी सुरु हुन

थाल्छ । उसको चिन्ता बढ्न थाल्छ । जब सामाजिकता चिन्दैन, तब उसको पाइला अघि सर्दैन ।

मानव सिर्जनशील कल्पना गर्न सक्ने प्राणी भएकाले ऊ शोध गर्ने, जिज्ञासा राख्ने, चासो राख्ने हुनुपर्दछ । तब मात्र उसले आफ्नो पहिचान गर्ने मौका पाउँछ । आफूलाई चिनेपछि मात्र उसमा चेतना आउँछ । अनि मात्र उसबाट मानव चरित्र विपरीत कार्य हुँदैन । जीवनलाई ऊर्जाशील बनाउन सक्छ । त्यसपछि उसको जीवन कहिल्यै मर्दैन, उसले अमरत्व प्राप्त गर्दछ । मानिस ऐस-आरामबाट आफन्त हर्षित भएको ठान्दछ । तर उसले जीवनको वास्तविकता महसुस गर्न पाएको हुँदैन । किनकि ऊ ऐसआरामको परिधिभन्दा बाहिर जान सकेको हुँदैन । उसका सबै इन्द्रियहरूले त्यसैमा घेराबन्दी गरेको हुन्छ । ऐसआराम क्षणिक र बाहिर देखाउने आडम्बर मात्र हो । त्यसले भित्री संसारमा पुऱ्याउन सक्तैन । त्यस्तो आवरणले जीवनलाई व्यर्थतातर्फ डोहोऱ्याइरहेको हुन्छ । ऐसआरामको समयलाई सच्चा जीवन प्राप्त गर्ने इच्छा भएको मानवले भगवान्तर्फ लगाए ऊ महामानव पनि बन्छ । यस कार्यमा सफल भएका उदाहरण थुप्रै पाउन सकिन्छ । तर यसका लागि त्याग र तपस्याको जरुरी हुन्छ । ऐसआराम र धनदौलतको रापले त्यागी र तपस्वी हुन सकिँदैन । यो मानवीय कमजोरी हो ।

उहाँ भन्नुहुन्छ – मानवमा सहनशीलता र चुप बस्ने गुण पनि रहेको हुन्छ । यो पनि कतिपय अवस्थामा जीवनोपयोगी बनेको हुन्छ भने ज्ञानप्राप्तिको प्रसङ्गमा यसले अवरोध गर्दछ । सहनु पनि पाप हुन जान्छ । किनकि त्यसले नकारात्मक ऊर्जा पैदा गर्नका लागि मद्दत गर्दछ । त्यसैले चाहिनेभन्दा बढी सहनशील र चुप रहने गुणलाई सही ठाउँमा सही तरिकाले सदुपयोग गर्नु मानवका लागि गुणकारी हुन्छ । अन्यथा जीवनमा दुःखैदुःख, आरोपैआरोप खेप्नुपर्ने भई जीवन दुःखदायी हुन जान्छ । जे भयो, सोही ठीक छ भनी सन्तोष लिने र बस्ने प्रवृत्तिले पनि मानवलाई निस्कृय र अज्ञानी बन्नतिर धकेलेको हुन्छ भन्न सकिन्छ । सन्तोषले इच्छा आउँदैन, इच्छा नआएसम्म मन खोजतर्फ लाग्दैन, त्यत्तिमै सन्तुष्ट भई विलय हुन्छ । असन्तोषले खोजको सृजना गर्दछ । खोजले सही जीवन प्राप्त हुन्छ ।

धन, सम्पत्ति, सुख, सफलता मात्र चाहने व्यक्ति तिनै वस्तुको चाहनामा लिप्त रहन्छ । त्यसको प्राप्तिमै ऊ बढी आनन्दित र खुसी हुन्छ । त्यसलाई प्राप्त नगरेको अवस्थामा अपराध पनि गर्न पछि पर्दैन । अपराधले उसको जीवन सीमित पार्दछ । अन्योलपूर्ण र अपराधी सुखी हुन गई सबैबाट आलोचित र अर्थहीन बन्दै गएको हुन्छ । अन्तमा ऊ एक्लै भई बेवारिसे

अवस्थाको जीवन बिताउन विवश हुनुपरेको पाइन्छ । धनले घमन्ड र अहम्‌जस्ता तामसी ऊर्जा दिएको हुन्छ । उसलाई असली जीवनतर्फ उत्प्रेरणा दिएको हुँदैन । त्यसमा पनि बढी धनले त झन् बढी तामसी बनाएको हुन्छ । ऊबाहेक ठूलो अरू केही छैन भन्ने दानवीय प्रवृत्ति विकास हुन्छ । सन्तोष भएसम्म अन्यत्र ध्यान दिँदैन । ध्यान नगएपछि उसको मनका ढोका बन्द हुन्छन् । मनको ढोका बन्द भएपछि जीवन शून्य हुन्छ, व्यर्थ हुन्छ । उसको चेतना त्यत्तिमै सीमित हुन्छ । नयाँ उपलब्धि कुनै प्राप्त गर्न सक्तैन । ध्यान गए मात्र नयाँ चीजको बोध हुन्छ । उहाँको भनाइ यस्तै छ ।

मानव बाहिरी जीतका लागि मरिहत्ते गरेर सङ्घर्ष गरिरहेको हुन्छ । बाहिरी चीज सबै भौतिक शरीरको अन्त्य भएपछि सँगै मेटिएर जान्छ । त्यसैले बाहिरी चीजको साथै भित्रीतर्फ पनि प्राणीका लागि सङ्घर्ष गर्नु जरुरी छ । यसका लागि सुमार्ग भनेकै आत्माको ज्ञान प्राप्त गर्नु हो । म को हुँ, ममा के गर्ने क्षमता छ, मैले के गर्न सकेँ र के गर्न सकिनँ, कसरी गर्ने जस्ता आत्मपरक प्रश्नहरू गरियो भने आफूलाई चिन्न सहज हुन्छ । अरूको स्थानबाट म त्यहाँ भएँ भने के गर्न हुन्छ, के गर्नु हुँदैन भन्ने ज्ञान आफैँमा अनुभव नगरेसम्म समाधान पत्ता लाग्दैन ।

मानव जन्मेदेखि प्रत्येक क्षण मृत्यु भइरहेको हुन्छ । किनकि जन्मँदा नै मृत्युको तिथिमिति तय भइसकेको हुन्छ । त्यसबाट हरेक पल घट्नुभन्दा बढ्ने कुरै छैन । प्रत्येक महत्त्वपूर्ण क्षण खेर गइरहेको हुन्छ । भौतिक शरीर रहे तापनि वास्तविक जीवन क्षीण हुँदै गएको हुन्छ । त्यसैले बेलैमा मृत्युको अनुभव गरियो भने अदृश्य मृत्युबाट बच्न सकिन्छ । बुढाबुढी, सुकेको पात, फूल र बिरुवा, मृत्यु आदिले बाल्यावस्थाबाट वयस्क हुँदै वृद्ध भई अन्त्यमा मृत्यु समयको चक्र भोग्नुपर्ने प्रमाणित गर्दछ । यसबाट सत्य बोध हुन्छ । अनि जीवनमा अदृश्य रूपमा खेर जाने विकार र अमृतजन्य शक्तिको पहिचान गर्न सकिन्छ ।

मानव ज्युँदो व्यक्तिको अनुसरण गर्न उद्यत रहेको हुन्छ । मरेको व्यक्तिका पछाडि लागेको हुँदैन । जबसम्म मरेको व्यक्तिका पछाडि लागिँदैन, तबसम्म असली र सत्य जीवन प्राप्त गर्न सकिँदैन । किनभने अरू मरेको देखेर आफू पनि त्यसरी नै मर्ने हो भनेर महसुस नगरेसम्म मान्छे अज्ञानकै भुमरीमा रहेको मानिन्छ । देख्ने आँखा र चाहने मन दुवैलाई काबुमा राख्न सके दुर्घटना, पीडा, भ्रष्टाचार, अपराध, छलकपट, शोषणजस्ता घृणित ऊर्जा कम गरी सत्कर्म, सतविचार र सन्मार्ग प्राप्त गर्न सकिन्छ, अनि मात्र जीवन अर्थपरक बनाउन सकिन्छ । यो पनि भरत जङ्गमको विचार हो ।

बाल्यावस्थादेखि विभिन्न साहित्यिक लेखरचनाबाट आफ्नो लेखनकलामा रुचि राख्दै हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति प्राप्त गरिसकेका भरत जङ्गम मर्यादापूर्ण र आदर्श व्यक्तित्व हुनुहुन्छ । उहाँ र उहाँले गरेका कार्य र कृतिहरूको महिमा र चर्चाका बारेमा विश्वप्रसिद्ध विकिपिडिया, गुगल र विभिन्न वेबसाइटबाट सहज रूपमा जानकारी हासिल गर्न सकिन्छ । उहाँलाई 'भरत जङ्गम विचार र दृष्टिकोण (अन्तर्वार्तासङ्ग्रह)', 'कालजयी व्यक्तित्व भरत जङ्गम (अभिनन्दनग्रन्थ)', 'भरतेन्दु (महाकाव्य)', 'कालो सूर्यको उज्याला किरण (समीक्षा)', 'भरतांशु (महाकाव्य)' आदिले पनि नजिकबाट सुपरिचित गराउन सहयोग गर्दछन् । त्यस्तै त्रिभुवन विश्वविद्यालयबाट १८ जनालाई स्नातकोत्तर तहको शोध र नेपाल संस्कृत विश्वविद्यालयबाट १ जनालाई विद्यावारिधिसमेत गराइसकिएको छ । उहाँले २०७३ सालमा विश्वसमाजलाई नेपालका तर्फबाट भ्रष्टविरोधी शास्त्रका रूपमा भ्रष्टाचारविरोधी विज्ञानसमेत उपहार प्रदान गरिसक्नुभएको छ । सो भ्रष्टाचारविरोधी विज्ञानको अध्ययन-अध्यापन विश्वविद्यालयहरूमा गराउन पहुँच पुऱ्याउने क्रममा हाल त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रममा समावेश भएर सञ्चालनमा आइसकेको छ । भ्रष्टाचारविरोधी विज्ञानका पिताका रूपमा उहाँ स्थापित भइसक्नुभएको छ ।

उहाँको सक्रियतामा भक्तपुर जिल्लाका थुप्रै स्थानमा मठमन्दिर स्थापना र जीर्णोद्धार हुनुका साथै भक्तपुरको सिपाडोलस्थित डोलेश्वर महादेव भारतको केदारनाथको शिर भनी प्रमाणित गराई शिलापत्र स्थापित गराइसक्नुभएको छ । नेपाली समाजमा पत्रकारिताबाट लोकप्रिय बन्न सफल उहाँको 'कालो सूर्य' नेपाली, अङ्ग्रेजी, हिन्दी, उर्दू, रसियन, चाइनिज, बङ्गाली, असमी र कन्नड भाषामा अनुवाद भई बजारमा आइसकेको छ । पशुपतिनाथको मन्दिरमा सरकारबाट भएको हस्तक्षेप र अतिक्रमणका विरुद्ध आवाज उचाल्दा उहाँ नेपाली जगतमा अझ लोकप्रिय बन्न पुग्नुभएको छ । यस्ता कीर्तिहरूबाट उहाँ मर्यादा, आदर्श एवं ख्यातिका पर्याय हुनुभएको छ ।

•



भरतबहादुर खड्का पूर्वउपरथि हुनुहुन्छ ।

# डोलेश्वर महादेव र भ्रष्टाचारविरुद्ध अभियानका अभियन्ता

## – भुवनेशकुमार प्रधान

भरत जङ्गमको नाम सुनेको भए पनि उहाँसित बातचित थिएन । उहाँ बहुप्रतिभाशाली ब्यक्तित्व हुनुहुन्छ भनेर उहाँसँगको पहिलो भेटघाट र सम्पर्कबाटै म जानकार भएँ । म भरत जङ्गमलाई मूलतः दुई कार्यका लागि उहाँलाई हार्दिक आभार प्रकट गर्दै कृतज्ञ हुन्छु –

१. भक्तपुर सिपाडोलमा अवस्थित डोलेश्वर महादेवलाई केदारनाथको शिर भनी ऐतिहासिक तथ्य जनमानसमा परिचित गराउने कार्य ।

२. नेपालमा व्याप्त भ्रष्टाचारविरुद्ध बुलन्द आवाज उठाउने सशक्त अभियानका अग्रणी अभियन्ता ।

जङ्गमजीले नेपालको इतिहास, धर्म, संस्कृति, साहित्य तथा समसामयिक विधा र क्षेत्रमा पुऱ्याउनुभएको योगदानको चर्चा देशविदेशमा चलेकै छ, तथापि मैले मेरो ब्रह्मले बुझेको केही स्मरणीय विषयवस्तुलाई यस लेखमा समेट्ने जमर्को गरेको छु ।

आजभन्दा करिब चार वर्षअगाडि २०७३ सालतिर म संयुक्त राज्य अमेरिकामा पारिवारिक भेटघाटका क्रममा टेक्सास राज्यको आर्लिङटन सहरमा थिएँ । यसै सिलसिलामा अमेरिकामा रहनुहुने नेपाली साथीहरूको विशेष अनुरोधमा नेपाललगायत विभिन्न देशमा व्याप्त भ्रष्टाचार र यसको रोकथामका विषयमा एक बृहत छलफल कार्यक्रममा अमेरिकामा रहनुहुने नेपाली साथीहरूको निमन्त्रणामा उक्त कार्यक्रममा सहभागी हुने अवसर मिल्यो र जङ्गमजीसँग सोही कार्यक्रममा पहिलो भेट भयो । उक्त छलफल कार्यक्रममा उहाँले राख्नुभएको निडरता, स्पष्ट विचार र तर्कले मलगायत अमेरिकामा बसोबास गर्ने नेपाली साथीहरू निकै प्रभावित भयौँ र उक्त दिनको कार्यक्रम सफलीभूत भएको अनुभव गऱ्यौँ ।

एकपटक संयोगवश भक्तपुर सिपाडोलमा अवस्थित डोलेश्वर महादेवको दर्शन गर्न देवस्थल भक्तपुर पुग्ने अवसर जुटेको थियो । त्यहाँ सङ्कलित ऐतिहासिक प्रमाण र तथ्यले डोलेश्वर महादेव केदारनाथको शिर

भाग हो भन्ने प्रमाणित भएको छ । तर पनि यो ऐतिहासिक तथ्य प्रचारप्रसारको अभावले सम्पूर्ण भक्तजनहरू यस विषयका जानकार भइनसकेको महसुस भयो । यो तथ्य आम भक्तजनलाई ज्ञात गराउनुपर्‍यो भनेर म र अर्का सहयोगी मित्र श्रीहरि रूपाखेती लाग्यौँ । भारतको उत्तराञ्चलमा रहेको केदारनाथ र भक्तपुर सिपाडोलमा अवस्थित डोलेश्वर महादेवको सम्बन्ध झल्कने संस्कृतको श्लोक रचना गरी हामीले प्रकाशनमा ल्याउन लागेको पुस्तक 'देवदेवीको उपासना स्वयं ज्ञानमाला' को तेस्रो खण्डको दोस्रो संस्करणमा डोलेश्वर मन्दिरको रङ्गीन तस्बिर र श्लोकसहित २०७२ सालमा प्रकाशित गरायौँ, जुन यसप्रकार प्रकाशित छ –

डोलेश्वरस्तुतिः

केदारनाथ एवाऽसौ यो भक्तपुरमण्डले ।
डोलेश्वर इति ख्यातः सिपाडोलस्थ ईश्वरः ॥
नेपाले तच्छिरोभागः पृष्ठभागस्तु भारते ।
प्रमाणितमिदं विज्ञैरुभयत्र प्रपूज्यते ॥

शब्दार्थ : केदारनाथः - केदारनाथ । एव - नै । असौ - उनै । यः - जुन । भक्तपुरमण्डले - भक्तपुर जिल्लामा । डोलेश्वरः - डोलेश्वर । इति - यस नामले । ख्यातः - प्रसिद्ध रहेका छन् । सिपाडोलस्थः - सिपाडोलमा विराजमान रहेका । ईश्वरः - महादेव । नेपाले - नेपालमा । तत् - ती ईश्वरको । शिरोभागः - शिर भाग हो । पृष्ठभागः - पिठिउँ भाग । तु - चाहिँ । भारते - भारतमा । प्रमाणितम् - प्रमाणित भएको छ । इदम् - यो कुरा । विज्ञैः - विद्वान्हरूबाट । उभयत्र - नेपाल-भारत दुवैतिर । प्रपूज्यते - विशेष रूपमा पूजा गरिन्छ ।

अन्वय : भक्तपुरमण्डले सिपाडोलस्थ डोलेश्वरः इति यः ईश्वरः ख्यातः असौ एव केदारनाथः । नेपाले तत् शिरोभागः पृष्ठभागः तु भारते इदम् विज्ञैः प्रमाणितम् उभयत्र प्रपूज्यते ॥

भावार्थ : भक्तपुर जिल्ला सिपाडोलमा डोलेश्वर यस नामले जुन महादेव प्रसिद्ध छन् ती (भारत उत्तराञ्चलस्थित) उनै केदारनाथ हुन् । नेपालमा तिनको शिरभाग पर्दछ र पिठिउँ भाग चाहिँ भारतमा पर्दछ । यो कुरा विज्ञजनहरूबाट प्रमाणित भएको छ । नेपाल र भारत दुवैतिर (तिनको) विशेषरूपमा पूजा गरिन्छ ।

केदारनाथको शिर भाग नेपालमा छ भन्ने तथ्य शिवपुराण कोटिरुद्रसंहिताको १९ औँ अध्यायमा यसप्रकार लेखिएको तथ्य आफूसँग भएको शिवपुराणमा पाएँ, जुन यसप्रकार वर्णित छ –

तद्रूपेणस्थितस्तत्र भक्तवत्सलनामभाक् ।
नयपाले शिरोभागो गतस्तद्रूपतःस्थितः ॥

भावार्थ : भक्तवत्सलको गौरव भएर त्यही (धड) रूपले त्यहीँ रह्यो । शिरको भागचाहिँ नेपालमा गयो । त्यही रूपबाट (त्यहाँ) रह्यो ।

केदारनाथको शिरको नेपालमा आगमनबारे रुद्रसंहितामा यस्तो वर्णन दिइएको छ – पाण्डवहरू कुरुक्षेत्रको लडाइँपछि हस्तिनापुरको राज्य आफूमा आए पनि मनमा कहिल्यै शान्ति भएन र मोक्षप्राप्तिका लागि भगवान् महादेवको शरण लिन केदारनाथ पुगे । केदारनाथ (महादेव) उहाँहरूलाई यति सजिलै मोक्ष दिने पक्षमा थिएनन् । पाण्डवहरू त्यहाँबाट अडिग भएर बसेपछि पाण्डवहरूलाई छकाउन छद्मभेषमा साँढेमा बदलिनुभयो र भाग्न खोज्दा पाण्डवहरूले तानेको शरीरबाट शिर छुट्टिएर उडेर गई नेपालको हिमालय फेदमा पुगेको वर्णन गरिएको छ । शिर नभएको धडलाई पाण्डवहरूले वर्षौंसम्म तपस्या गरी केदारनाथलाई रिझाई मोक्ष प्राप्त गरेको वर्णन गरिएको छ । त्यही धडलाई भक्तजनहरूले केदारनाथका रूपमा पूजा-अर्चना गर्दै आएका छन् भन्ने कुरा श्लोकमा वर्णन गरिएको छ ।

नेपालमा आएको केदारनाथको शिरबारे केही वर्षअघि मात्रै डोलेश्वर महादेवका रूपमा परिचित हुने अवसर प्राप्त भएको हो । इतिहासमा उल्लिखित अभिलेखअनुसार डोलेश्वर महादेवको मन्दिर पुनर्निर्माण भक्तपुरका राजा भूपतीन्द्र मल्लले सम्पन्न गरी पहिलेको प्यागोडा शैलीको तीनतले मन्दिरलाई गुम्बज रूपमा प्रतिस्थापन गरेको माघ ४ गते १६२६ तदनुसार १७ जनवरी १५७० मा हो । शिलापत्रमा उल्लिखित विवरणले मन्दिर ४५० वर्षभन्दा बढी पुरानो भएको प्रमाणित हुन्छ र त्योभन्दा अगाडि पनि उक्त मन्दिर त्यहाँ रहेको थियो भन्ने अनुमान लगाउन सकिन्छ ।

नेपालबाट जाने हिन्दू धर्मावलम्बीहरूलाई केदारनाथको दर्शन अति प्रिय रहेको छ र आफ्नो जीवनकालमा एकपटक पुग्नैपर्ने तीर्थस्थलका रूपमा लिइन्छ । त्यहाँ जाने धेरैजसो नेपाली तीर्थयात्रीहरूलाई केदारनाथका पीठाधीश बाबाले धेरै दुःख गरी किन यहाँसम्म आउनुहुन्छ केदारनाथको शिर छाडेर ? केदारनाथको मूल शिर नेपालमा रहेको छ भनेको कुरा भारतको केदारनाथ दर्शन गर्न गई फर्केका आफन्त तथा साथीभाइबाट पनि सुनिनमा आएको थियो । तर केदानाथको शिर कहाँ छ भन्ने कुरा कसैलाई अत्तोपत्तो थिएन । केदारनाथको शिर डोलेश्वर महादेव भक्तपुरको सिपाडोलमा छ भनी पत्ता लगाई त्यसलाई प्रमाणित गर्ने-गराउने कार्यका अगुवा भरत जङ्गम र उहाँको टोलीका सदस्यहरूबाट भएको छ, जुन अति नै प्रशंसनीय कार्य हो ।

भरत जङ्गमजीको खोज, अनुसन्धान र लगनशीलताबाट केदारनाथका पीठाधीश श्रीश्रीश्री १००८ भीमशङ्कर शिवाचार्य महास्वामी नेपाल आउनुभई २०६६ भाद्र ६ गते तदनुसार इ. सं. २००९ अगस्ट २२ तारिखका दिन डोलेश्वर महादेवको विधिपूर्वक रुद्राभिशेष्क पूजा गरी डोलेश्वर महादेव उत्तराञ्चल भारतमा अवस्थित केदारनाथको शिर भाग हो भनी शिलालेखमा उल्लेख गरी प्रमाणित गरिएको थियो ।

तत्पश्चात डोलेश्वर महादेव केदारनाथको शिर भाग हो भनी व्यापक प्रचार-प्रसार हुनु, २०७२ साल वैशाख १२ गतेको महाभूकम्पबाट भत्केको गुम्बज शैलीको डोलेश्वर मन्दिर दुई तले प्यागोडा शैलीमा पुनःनिर्माण भई डोलेश्वर महादेवको प्रतिस्थापन हुनु आदिको मूल श्रेय भरत जङ्गमजीलाई जान्छ । उहाँलाई यस्तो पुनीत कार्यका लागि कृतज्ञता ज्ञापन गर्नुका साथै हार्दिक बधाई पनि अर्पण गर्दछु । यसबाट सबै नेपाली हिन्दू धर्मावलम्बीहरू केदारनाथको पुण्य डोलेश्वर महादेवको दर्शनबाट प्राप्त हुने भएकाले धेरै लाभान्वित भएका छन् । साथै, लामो समय र धेरै आर्थिक व्ययभार ब्यहोरेर भारतसम्मको तीर्थयात्रा गर्नुनपर्ने भएको छ ।

भ्रष्टाचारविरुद्धको शून्य सहनशीलता अर्थात् भ्रष्टाचारविरुद्धको अभियानका अभियन्ताका रूपमा भरत जङ्गमजीलाई परिचय गराउने अर्को विषय हो । देशमा व्याप्त भ्रष्टाचारविरुद्ध कलम चलाई निडरताका साथ लागिपर्नु अति साहसिक, प्रशंसनीय र सराहनीय कार्य हो । भ्रष्टाचारले देशको समृद्धिलाई पछि धकेल्ने वास्तविकता हामी सबैले बुझ्नुपर्ने विषय हो । जङ्गमजीकै अथक प्रयासमा त्रिभुवन विश्वविद्यालयमा भ्रष्टाचार निवारण अध्ययनसम्बन्धी छुट्टै सङ्काय (Faculty) को व्यवस्था गरी दुईवर्षे स्नातकोत्तर (Master Degree) को अध्ययन-अध्यापन हुने कार्यसमेत अप्रिल २०२१ देखि भइसकेको जानकारी प्राप्त भएको छ ।

नेपालको त्रिभुवन विश्वविद्यालय भ्रष्टाचार निवारणसम्बन्धी विषय अध्ययन-अध्यापन गराउने विश्वकै पहिलो विश्वविद्यालयमा दरिएको छ । यस कार्यको श्रेय पक्कै भरत जङ्गमजीलाई जान्छ नै । तसर्थ जङ्गमजीलाई भ्रष्टाचारविरुद्धको अध्ययनका पिता (Fathee of Anti-corruptology) भन्ने सङ्ज्ञा दिन थालिएको छ । उहाँको निकै लामो सङ्घर्ष र अथक प्रयासले विश्वविद्यालयमा सञ्चालित भ्रष्टाचार निवारण अध्ययनसम्बन्धी सङ्कायमा हुने अध्ययन-अध्यापनले देशमा व्याप्त भ्रष्टाचार निवारण गर्ने कार्यतर्फ ठोस परिणाम निस्कने तथ्यमा कसैको दुई मत नहोला भन्ने हामीलाई आशा एवं भरोसा लागेको छ । समाजमा यस्ता भद्र व्यक्तिको सत्प्रयासबाट भएको

आमूल परिवर्तन र समस्या निवारणका लागि भएको दिशानिर्देश अति प्रशंसनीय र उदाहरणीय कुरा हो ।

भरत जङ्गजीको ७५ औँ जन्मदिवस (हीरक जन्मोत्सव) मनाउन प्रकाशन हुन लागेको अभिनन्दनग्रन्थका लागि जङ्गमजीका उपलब्धिमूलक थुप्रै कार्यहरूमध्ये दुई प्रेरक कार्यका विषयमा छोटो लेखोट प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै खुसी लागेको छ र गौरव महसुस भएको छ ।

अन्त्यमा, भरत जङ्गमजीको ७५ औँ जन्मदिवस (हीरक जन्मोत्सव) को पुनीत उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु । भगवान् श्री पशुपतिनाथ र केदारनाथको शिर डोलेश्वर महादेवले हामी सबैको कल्याण गरून् ।

●



भुवनेश्वरकुमार प्रधान जलस्रोत मन्त्रालयका पूर्वसचिव हुनुहुन्छ ।

# शताब्दी पुरुष

## – डा. भोला रिजाल

आज धेरै दिनपछि मैले एउटा यस्तो व्यक्तित्वका बारेमा केही भूमिका लेख्ने सुवर्ण अवसर पाएँ, जसलाई मैले धेरै अगाडिदेखि नै एउटा शताब्दी पुरुषका रूपमा देखेको थिएँ ।

कुनै पनि एक शताब्दीमा एउटा पुरुष यस्तो जन्मिन्छ, जसले आफ्नो स्वभावका कारण, आफ्नो योग्यताका कारण अथवा आफ्नो आध्यात्मिक चिन्तनका कारण आफ्ना कुराहरूबाट संसारलाई अँध्यारोबाट उज्यालोतिर लिएर जान्छ । त्यस्ता निडर व्यक्ति हुनुहुन्छ, जसलाई म व्यक्तिका रूपमा व्यक्ति एक व्यक्तित्व अनेक भनेर सम्बोधन गर्न चाहन्छु । म आफैँ अलमलमा पर्छु, जब भरत जङ्गमका बारेमा मैले कही बोल्नुपर्छ ।

भरत जङ्गमका सन्दर्भमा मेरा लागि सबैभन्दा खुसीको कुरो त २००४ साल कार्तिकमा म जन्मेँ र २००४ साल मङ्सिरमा भरत जङ्गम जन्मनुभयो । धेरै दिनको फरक छैन । उहाँले आफ्नो युवा अवस्थादेखि नै एक अधिवक्ताका रूपमा, एक सामाजिक अभियन्ताका रूपमा र अझ भन्नुपर्दा जति पनि विसङ्गति आए, त्यसको विरोधकर्ताको रूपमा आफूलाई उभ्याउनुभयो र सारा राष्ट्रलाई जोगाउनेतर्फ उहाँको ध्यान आकर्षित हुन पुग्यो, सो कार्य उहाँले गर्नुभयो । अझ राम्रोसँग भन्नुपर्दा म आफैँ पनि एउटा भ्रष्टाचारविरोधी व्यक्तिका रूपमा उभिएको छु । मैले त्यस्ता खालका गीतहरू पनि लेखेको छु र मैले पनि भ्रष्टाचार उन्मूलनका लागि अन्तर्राष्ट्रिय अवार्ड पाउन सफल भएको छु । तर यसको त अभियन्ता नै भरत जङ्गम नै हुनुहुन्छ ।

अब चारैतिरबाट घुमाइ फिराइ हेर्ने हो भने राष्ट्रको सबैभन्दा ठूलो काल अथवा दुर्गुण अथवा विकासको बाधक भन्नु नै भ्रष्टाचार हो । जुनसुकै कारणबाट जसरी पनि गरिएको भ्रष्टाचार होस्, चाहे त्यो नैतिक भ्रष्टाचार होस् चाहे त्यो आर्थिक भ्रष्टाचार होस्, कुनै पनि भ्रष्टाचारको डटेर सामना गर्ने एक व्यक्ति भरत जङ्गमलाई म साधुवाद भन्न चाहन्छु । उहाँ साहित्यिक कृतिका कुराहरूदेखि लिएर अझै पनि राष्ट्रलाई जोगाउने अभियन्ताका रूपमा अगाडि बढ्नुभएको छ । मैले जति भने पनि उहाँको लागि यो कमै हुन्छ ।

सानो कुरा गर्ने हो भने आज ‘कालो सूर्य’ कै कुरा गरौँ । यसले अन्तर्राष्ट्रिय ख्याति प्राप्त गरिसकेको छ भने उहाँको भ्रष्टाचारविरोधले

अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई चिनाउने काममा उहाँ अगपङ्क्तिमा मात्र होइन, सबैभन्दा अगाडि नै हुनुहुन्छ ।

उहाँको ७५ औँ शुभजन्मोत्सवको उपलक्ष्यमा जुन हीरक महोत्सव मनाइँदैछ र त्यसमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' भन्ने जुन एउटा अभिनन्दनग्रन्थ प्रकाशन हुँदैछ, उहाँको यो दोस्रो अभिनन्दनग्रन्थ हो । मलाई थाहा छ यो भरत जङ्गमलाई एउटा उपहार हो । उहाँका जति पनि हामी प्रशंसकहरू छौँ अथवा भनौँ विश्वव्यापी रूपमा छरिएर बसेका हामी नेपालीहरूले उहाँको शुभजन्मोत्सवको उपलक्ष्यमा उहाँलाई शुभकामना दिएका हौँ । उहाँको उत्तरोत्तर प्रगति होस् । यही आँट, यही भरोसा, यही निडरता कायम रहिरहोस् । उहाँले देशको शासनको बागडोर पनि सम्हाल्न सक्ने क्षमता भएको हुनाले उहाँको त्यो क्षमताको पनि प्रदर्शन गर्न पाउने उहाँलाई अवसर मिलोस् । अनि राष्ट्रले काँचुली फेर्नेछ ।

अहिले उहाँको हीरक महोत्सव मनाइँदैछ, त्यसको पनि म सफलताको कामना गर्दछु ।

●



डा. भोला रिजाल चिकित्सक, व्यवस्थापक, गीतकार, गायक तथा समाजसेवी हुनुहुन्छ । लेखको शीर्षकसँगै राखिएको क्युआर कोड मोबाइलबाट स्क्यानिङ गरेर यस लेखको पूरै अंश लेखक डा. भोला रिजालकै आवाजमा सुन्न सकिनेछ ।

# निष्ठावान् व्यक्तित्व
## – माधव खनाल

भरत जङ्गम नेपालमा भ्रष्टाचारविरोधी अभियानका अभियन्ता, नेपाली भाषा-साहित्यको श्रीबृद्धिका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएका स्रष्टा, देशभक्त, राष्ट्रवादी छवि निर्माण गर्न सफल हुनुका साथै नेपाली जनमानसमा बलियो आसन जमाउन सफल र सार्थक व्यक्तित्व हुनुहुन्छ । भरत जङ्गमको नाम सुन्नेबित्तिकै मानिसहरू नेपालमा भएका यावत् भ्रष्टाचार, अनैतिकता र लुटतन्त्रका विरुद्धमा सधैँ बुलन्द आवाज उठाउँदै आउनुभएका भ्रष्टाचारविरोधी अभियानका अभियन्ता भन्ने बुझ्दछन् ।

मलाई सम्झना छ २०६४ सालमा तत्कालीन राजा श्री ५ ज्ञानेन्द्रबाट मुलुकमा भएको भ्रष्टाचार र अनैतिकताको अनुसन्धान र छानबिन गरी दोषीहरूमाथि दण्डसजाय गर्ने उद्देश्यअनुरूप चौध अञ्चलमा दौडाहा टोली गठन गरिएको थियो । बागमती-नारायणी अञ्चलको दौडाहा टोलीको प्रमुखमा भरत जङ्गमलाई सरकारबाट नियुक्त गरिएको थियो । दौडाहा टोलीमा जङ्गमको नियुक्ति भएबाट प्रशासनलगायत देशभर ठूलो खैलाबैला र हलचल मच्चिएको थियो । भ्रष्ट र नाफाखोरहरूको मुटुमा ढ्याङ्ग्रो ठोकेको थियो । जङ्गमको नियुक्तिलाई लिएर सर्वसाधारण जनमानसमा सही व्यक्तिलाई उपयुक्त ठाउँ र जिम्मेवारी दिएकोमा सर्वत्र चर्चा-परिचर्चा पाइन्थ्यो भने भ्रष्ट र अनैतिकहरूमाथि छानबिन र अनुसन्धान गरी कारवाही अगाडि बढाएका समाचारहरू सार्वजनिक भएका थिए ।

देशभक्त र राष्ट्रवादी व्यक्तित्व जङ्गमले राष्ट्रहितविपरीत भएगरेका कतिपय कामका विरुद्ध कानुनविद्को नाताले अदालतमा मुद्दा दायर गरी राज्यलाई ठूलो क्षति नोक्सान हुनबाट बचाएका घटनाहरू छन् ।

उहाँले नेपाली भाषा-साहित्यको उन्नयनमा विभिन्न योगदान पुऱ्याउनुभएको छ । उहाँको 'कालो सूर्य' नामक पुस्तक पाठकहरूका बीचमा धेरै चर्चित छ ।

हिन्दू धर्म-संस्कृतिको जगेर्ना र रक्षा गर्ने पुनीत कार्यमा मन, वचन र कर्मले समर्पित रहिआउनुभएका निष्ठावान् भरत जङ्गमले तत्कालीन प्रचण्ड

सरकारले गलत ढङ्गबाट पशुपतिको मूल भट्ट नियुक्त गरेको विषयलाई लिएर पशुपतिको मूल गेटमा अनसन बस्नुभएको घटना त्यस समय राष्ट्रिय चर्चाको विषय बनेको कुरा हामी सबैको स्मृतिमा ताजै छ ।

आज मुलुक विषम र जटिल परिस्थितिबाट आक्रान्त छ । सत्तामा बस्नेहरूबाट नियम, कानुन र संविधानको धज्जी उडाउने काम भएको छ । भ्रष्टाचार, अन्याय र अत्याचारले पराकाष्ठा नाघेको छ । यस्तो राष्ट्रको दुरवस्थामा देशभक्त र राष्ट्रवादी छवि निर्माण गर्नुभएका इमानदार र कुशल व्यक्तित्व भरत जङ्गमजस्ता बौद्धिक एवं साहसी व्यक्तिलाई राज्यले उपयुक्त जिम्मेवारी प्राप्त गराएमा देशले सही दिशानिर्देश गर्नुका साथै नेपाल र नेपालीहरूको कल्याण र जय हुने कुरामा कसैको दुई मत हुने थिएन ।

अन्तमा, आदरणीय दाजु भरत जङ्गमको ७५ वर्ष पूरा भएको यस अवसरमा उहाँको सुस्वास्थ्य, दीर्घायु एवं प्रगतिको कामना गर्दछु ।

●



माधव खनाल तत्कालीन जिल्ला विकास समिति काठमाडौँका पूर्वउपसभापति हुनुहुन्छ ।

# देशका सच्चा सपूत
## – मोहन अधिकारी

**पृष्ठभूमि** :

२०७८ साल आषाढ महिनाको पहिलो साता एक दिन बिहान मेरा असल मित्र श्रीधर जोशीबाट मलाई फोन आउँछ । सामान्य भलाकुसारीपश्चात् उहाँ थप्नुहुन्छ – 'तपाईं त अलिअलि कलम पनि चलाउनुहुन्छ नि हगि ?'

'किन र ?' – मैले प्रतिप्रश्न गरें ।

उहाँको जिज्ञासा थियो – 'मेरा एक समयका अति मिलनसार सहपाठी मित्र भरत जङ्गमबारे तपाईलाई कत्तिको थाहा छ ?'

मैले जवाफ फर्काएँ – 'प्रत्यक्ष रूपमा मेरो उहाँसँग चिनजान छैन । तर अप्रत्यक्ष र एकतर्फी रूपमा भए पनि बहुआयामिक व्यक्तित्व र मूलतः भ्रष्टाचारविरुद्धको अभियन्ताका रूपमा म उहाँसँग अपरिचित भने छैन ।'

अनि जोशीजीले थप्नुभयो – 'त्यसो भए त बेसै भयो । हेर्नोस् न, तमाम शुभेच्छुक मित्रहरूबाट उहाँको मातृभूमिप्रतिको निष्ठा, जागरण र विविध क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप सन्निकट रहेको निजको हीरक जन्मोत्सव मनाउनका लागि स्वस्फूर्त रूपमा विशेष तयारी भइरहेको बुझेको छु । म आफूलाई पनि त्यसको सानो हिस्सा बन्ने प्रबल चाहना छ । तर आफू लेखन शैलीमा अलिक कमजोर भएकाले तपाईंको सहयोगको अपेक्षा गरेको छु ।'

हुन त मै पनि कुन ड्याङको मूला हुँ र ? तथापि एक त असल मित्रको आग्रह अर्को मित्रलाई टार्न सामान्यतय सहज नहुने, त्यसमाथि आफ्नो विशिष्ट पहिचान बनाइसकेका र बहुप्रतिभाका धनी ब्यक्तिबारे केही योगदान गर्नसक्दा बेसै हुन्थ्यो भन्ने लागेर आफ्नो ल्याकतले भ्याएसम्म आफूले प्रयास गर्ने इच्छा मैले जाहेर गरेँ ।

अनि मेरो मनमा कुरा खेल्न थाल्यो । साथीलाई वचन त दिएँ, तर जङ्गमजीबारे आफूले सतही रूपमा फाट्टफुट्ट सुनेको बाहेक खासै अन्य कुरा थाहा थिएन । त्यसैले थप जानकारी लिनुपर्ने ठानेर उहाँसँग सम्पर्क स्थापित गरी इमेल प्राप्त गरेँ ।

**बहुआयामिक व्यक्तित्व :**

बुझ्दै जाँदा त उहाँका बारेमा विश्वप्रसिद्ध विकिपिडिया, सर्च इन्जिन गुगललगायत कतिपय वेबसाइटमा प्रशस्त सामग्री भेटिने रहेछ । हुन पनि सफल पत्रकारका रूपमा उहाँका सैकडौँ लेखरचना प्रकाशित रहेछन् भने विभिन्न किसिमका दर्जनौँ सेमिनार र मिटिङमा निजद्वारा गहनतम प्रस्तुति दिइएको रहेछ । उहाँका विषयमा प्रकाशित चर्चित कृतिहरूमा भरत जङ्गम विचार र दृष्टिकोण (अन्तर्वार्तासङ्ग्रह) भरतेन्दु र भरतांशु (महाकाब्य), कालो सूर्यका उज्याला किरण (समीक्षा) आदिले उहाँलाई शीर्षस्थ साहित्यकारको कोटिमा पुऱ्याइसकेका रहेछन् । उहाँ कानुनका ज्ञाता, कर्तव्यमा समर्पित र कर्मयोगी, समसामयिक विषयका कुशल अभियन्ता, सफल प्रशासक, इतिहास र संस्कृतिका मर्मज्ञका रूपमा पनि स्थापित हुनुभएको रहेछ । मूलतः समाजमा फैलिएका र फैलिरहने विकृति र विसङ्गतिको न्यूनीकरणमा केकस्तो योगदान गर्न सकिन्छ भन्नेबारे अहर्निश चिन्तनशील र क्रियाशील रहँदै आउनु उहाँको विशेषता रहेछ ।

एकभन्दा बढी विधामा जानिफकार व्यक्तिले बहुआयामिक व्यक्तित्वको उपाधि पाउँछन् र पाउनुपर्छ पनि । तर त्योभन्दा पनि बढी महत्त्व राख्छ ती विधाको उपयोग व्यक्तिविशेषले केकस्तो प्रयोजनका लागि गरेको छ भन्ने पाटोले । भनाइको तात्पर्य अन्य कतिपय विधाका अतिरिक्त मैले कानुनमा विद्यावारिधि पनि गरेँ हुँला । तर विचारणीय के छ भने त्यस दक्षताको प्रयोग मैले कुनै चोरडाकालाई उसले पाउने सजायबाट मुक्त पार्न गरेँ भने मेरो विद्वत्ताको महत्त्व कस्तो होला ? यस्ता मानकलाई लक्ष्मणरेखा मानी सदैव आत्मसात गर्ने भरत जङ्गमले आफ्नो समस्त खुबीलाई प्रकृति, मुलुक र मानव समुदायको हितविरुद्ध कहिल्यै प्रयोग नगरेबाट पनि निज परिचितहरूबीच उच्च सम्मानको हकदार हुन पुग्नुभएको रहेछ ।

**भ्रष्टाचार निवारणतर्फको अतुलनीय योगदान :**

भ्रष्टाचार एउटा विश्वव्यापी समस्या हो भन्दा अत्युक्ति नहोला । हुन पनि भ्रष्टाचारको मोह साँच्चि नै बुझिनसक्नु रहेछ । विडम्बना, विश्वका विकसित देशको श्रेणीमा परेका सर्वोच्च नेता वा सर्वोच्च पदमा आसीन कतिपय धनाढ्यतम पदाधिकारीहरू पनि यसको चङ्गुलबाट उम्किन सकेका छैनन् । त्यसमाथि दक्षिण एसियाको गरिबतममध्येको यो देशमा भ्रष्टाचारले नराम्ररी जरा गाडेकोमा सायदै कसैको विमति होला । त्यसो त हाम्रा सबै राजनीतिक दलहरू आफ्नो पहिलो उद्देश्य नै भ्रष्टाचार न्यूनीकरण रहेको रट लगाउन पछि पर्दैनन् ।

तर व्यवहार भने झन्डै उल्टो छ । फलतः हालसम्म सत्ताको बागडोर सम्हालिसकेका कुनै पनि दलले सो दायित्व प्रभावकारी रूपमा पूरा गर्न त सकेका छैनन् नै, बरू बारम्बारका आफ्नै प्रतिबद्धताको विपरीत कतिपय प्रकरणमा उनीहरूकै संलग्नता रहेको र अनियमितता वा भ्रष्टाचारका संवाहकहरूलाई संरक्षण दिने खेल भने यहाँ प्रशस्तै हुने गरेका छन् । फलतः भ्रष्टाचार निवारण प्रयोजनकै लागि स्थापित संवैधानिक संस्थाहरूसमेत कार्यकारिणीको लाचार छायाजस्ता देखिएका छन् । साथै, भ्रष्टाचार निवारण प्रयोजनविशेषकै लागि स्थापित तमाम अन्य सरकारी वा गैरसरकारी संस्था या निकायहरू अनि सो उद्देश्य पूरा गर्न नियुक्ति पाई सपथ लिएका पदाधिकारीहरूधरि विभिन्न स्वार्थमा निर्लिप्त भएबाट व्यापक आलोचित भइरहेको तीतो यथार्थ सबैसामु छर्लङ्ग छ ।

एकातिर यस्तो लाजमर्दो परिदृश्य छ भने अर्कोतिर कुनै पदीय जिम्मेवारीमा नरहे पनि भ्रष्टाचार नियन्त्रणलाई आफ्नो कर्तब्य ठानेर स्वस्फूर्त योगदान गर्ने देशका सीमित अभियन्तामध्येका एक अग्रणी पात्र हुनुहुन्छ भरत जङ्गम । २०२७ सालदेखि नै भ्रष्टाचारविरुद्धको अभियानमा समर्पित निजले गरेका योगदानको चर्चा यो स्यानो आलेखमा गरेर साध्य छैन । निजबाट भ्रष्टाचारविरुद्धको अभियानमा समर्पित कार्यक्रमको आयोजना गरेर विद्यालयका कलिला बालबालिकादेखि उनका अभिभावक एवम् गुरुवर्गलाई समेटेर भ्रष्टाचारविरुद्ध सचेतना जगाउने पुनीत लक्ष्य राखिएको छ । यसका लागि पहिलो चरणमा विद्यालयका विद्यार्थीहरू, उनीहरूका अभिभावक र शिक्षकहरूले सहभागिता जनाउन पाउनेछन् । दोस्रो चरणमा अन्तरविद्यालय प्रतिस्पर्धामार्फत छानिएका विद्यार्थीहरूबीच प्रतिस्पर्धा गराएर उत्कृष्ट ठहरिएको विद्यालयलाई पुरष्कृत गरी भ्रष्टाचारविरोधी अभियानलाई सशक्त बनाउने लक्ष्य राखिएको छ । निजकै योगदानस्वरूप त्रिभुवन विश्वविद्यालयबाट १८ जनाभन्दा बढीलाई स्नातकोत्तर तहको शोध र नेपाल संस्कृत विश्वविद्यालयबाट १ जनालाई विद्यावारिधि गराइएको छ ।

भ्रष्टविरोधी विज्ञानका प्रवर्तक एवं विश्व प्राज्ञिक क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त कर्मठ यिनै व्यक्तिकै पहलमा त्रिभुवन विश्वविद्यालयमा पनि भ्रष्टाचारविरुद्धका विषयमा अध्ययन-अध्यापन हुने वातावरण तयार भएको छ र विद्यार्थीहरू भर्ना पनि भइसकेका छन् । उहाँले २०७३ सालमा विश्वप्राज्ञिक समाजलाई नेपालका तर्फबाट पहिलोपटक भ्रष्टविरोधी शास्त्र (एन्टिकरप्टोलोजी) को उपहार दिनुभएकाले भ्रष्टविरोधी शास्त्रका पिताका रूपमा ख्याति पाएबाट सिङ्गो मुलुकले नै गौरवान्वित हुने अवसर पाएको छ ।

**राजनीतितर्फको रुचि :**

राजनीतिमा लागेकाले देश र जनताप्रति निर्वाह गर्नुपर्ने आफ्नो दायित्व इमानदारी, निष्ठा र कुशलतापूर्वक निर्वाह गरेको अवस्थामा गैरराजनीतिज्ञले राजनीतिप्रति खासै चासो नराखे पनि हुँदो रहेछ । तर जामा राजनीतिज्ञको पहिरिने तर सोको आडमा अधिकांश पात्रहरू देश र जनताप्रति जिम्मेवार हुनुको सट्टा आफ्ना कुत्सित मनसाय पूरा गर्नेतर्फ केन्द्रित देखिएको वर्तमान परिदृश्यमा यिनलाई सचेत पार्न मात्र नभई यिनका बेलगाम गलत कर्तुत रोकथामका लागि पनि हाम्रोजस्तो देशमा राजनीतिप्रति चासो राख्नु अपरिहार्य देखिन्छ । व्यवस्था राम्रो भएन भनौँ भने देश राजतन्त्र, पञ्चायत, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र सबैको प्रयोगशाला भइसकेको छ । सात दशकभन्दा लामो समयदेखि प्रजातन्त्र र डेढ दशक यता गणतन्त्रको पगरी गुथाइएको छ । तर न देशले काँचुली फेर्न पाएको छ न जनताले सुशासनको अनुभूति गर्न पाएका छन् । फेरि शासनको नेतृत्वमा लामै समयदेखि साम्यवादी दलहरूको संलग्नता हुँदा गरिब र निमुखाले औचित्य हेरी थप सहुलियत पाउनुपर्ने हो । तर राज्यले उठाएको करबाट गरिब होइन, उच्च ओहदाधारीहरू पदमा छँदा र हटेको अवस्थामा पनि लाभान्वित भइरहन पाइने सूत्र कामयावी भइरहेको छ । आफ्नो पद र सो पदको दुरुपयोग गरेको अकर्तव्यबाट आर्जित सम्पत्तिको स्यानो हिस्सा फालिदिएबापत ठूलो जमातलाई आफ्ना अनुयायी बनाउन सकिने आधार सृजना गरिएको छ । विडम्बना नै भन्नुपर्छ, आफू सम्बद्ध दल र गुटप्रतिको अन्धभक्तिले गर्दा को सक्कली को नक्कली, के साँचो के झूटो, यकिन पहिचान हुन अन्योल भएबाट जनता रनभुल्ल परेका छन् । यथार्थ केलाउन सक्षम भएर पनि बित्थामा को विवादमा आइरहोस् भनेर मौनता साध्नुमै कल्याण ठान्नेहरूको लाछी सोचले गर्दा पनि मुलुकले जङ्गमजस्ता कर्मयोगीको टड्कारो भूमिका खोजेको छ भन्दा अतिशयोक्ति नहोला ।

भनिन्छ नेपालमा अत्यधिक राजनीति हुने गर्छ । हो पनि । त्यसो नहोस् पनि किन, जबकि देश र जनताका सेवाका लागि राजनीति गरेको दुहाई दिएर नथाक्ने यहाँका अधिकांश राजनीतिज्ञ भनाउँदाहरू नितान्त व्यक्तिगत स्वार्थभन्दा माथि उठ्न नसकेको यथार्थ सबैसामु छर्लङ्ग छ । राजनीतिक नियुक्तिका अधिकांश पद सम्बद्ध सत्तासीनको पेवा भयो । त्यसो भएन भने पनि दलीय भागबन्डाबाट बिरलै बाहिर जान्छ । सरुवा-बढुवामा यिनैको भनसुन नचल्ने कुरै भएन । उता ठेक्कापट्टा, निकासी पैठारी, बिचौलियाकरण लगायत लाभका कुनै क्रियाकलापमा पनि दलभन्दा बाहिरकाले चियाउनै पाउँदैनन् । स्वास्थ्योपचार, अनुदान, राहत बाँडफाँड आदिको सुविधामा समेत नेतृत्वको सान्निध्यमा रहेकाकै हालिमुहाली चल्छ । भएन भनेर कुनै अनुचित

कार्य या फौजदारी अभियोगमा संलग्न हुँदासमेत उनीहरूले सहजै कानुनी उन्मुक्ति पाउने गरेका दृष्टान्तसमेत छन् । यी र यस्तै अन्य विविध कारणबाट सृजित विकृति-विसङ्गतिलाई टुलुटुलु सहजै पचाउन नसक्ने नेपालीले राजनीतिबाट अलग रहन नसक्ने बाध्यात्मक परिस्थिति सृजना भएको छ । त्यसैले कुनै दलविशेषमा आवद्ध नभए पनि देशको बिग्रिंदो दुरवस्थाबाट चिन्तित भरत जङ्गमलाई राजनीतिबाट निरपेक्ष रहन भने दिएको छैन ।

**धर्म र धार्मिक स्थलप्रतिको आस्था :**

चरत जङ्गम धर्ममा पनि गहिरो आस्था राख्नुहुन्छ । साथै प्रकृति संरक्षण र धार्मिक स्थलको जगेर्नालाई पनि उहाँ आफ्नो परम कर्तव्य ठान्नुहुन्छ । शदियौँदेखि सनातन धर्मकर्मको गहिरो प्रभाव रहेको हाम्रोजस्तो देशमा धर्मप्रति मनग्गे आस्थावान् नरहेका होइनन् । तथापि मुलुकप्रतिको निष्ठामा कमजोर पात्रहरूलाई आ-आफ्ना स्वार्थका लागि देशी-विदेशी शक्तिहरूले धर्मको नाममा कसरी खेल्छन् भन्ने जगजाहेर छ । फेरि कर्तव्यबोधको चाहना एउटा पाटो अवश्य हो । तर जतिसुकै चाहे पनि सबैको ल्याकतले अपेक्षित भूमिका निर्वाह गर्न समर्थ नहुने हुँदा सामर्थ्यका आधारमा निष्ठावान् पात्रहरूको काँधमा थप जिम्मेवारी थपिन पुग्दो रहेछ । त्यस्तै सामर्थ्यवान् भएर धर्मसंस्कृति तथा धार्मिक स्थलको जगेर्नाप्रति आत्मैदेखि क्रियाशील, इमानदार व्यक्ति हुनुहुन्छ भरत जङ्गम । सामान्यतया धर्मकर्मको कोणबाट समीक्षा गर्दा सम्बद्धहरूलाई मोटामोटी दुई श्रेणीमा बाँड्न सकिएला । एकथरि धर्मान्ध वा यसैलाई व्यवसाय बनाएर फाइदा लिन पल्किएकाहरू र अर्काथरि धर्मका वास्तविक पारखीहरू जो धर्मलाई विकृत हुन नदिन र त्यसको जगेर्ना गर्न निरन्तर लागिपरेका हुन्छन् । भरत जङ्गम पछिल्लो श्रेणीमा किन पनि पर्नुहुन्छ भने उहाँले कैयन्पटक दुरुपयोगको चरणमा रहेका धार्मिक स्थलको जगेर्नामा चालेका साहसिला कदम स्मरणयोग्य छन् । त्यस्तै, प्रचण्डको शासनकालमा पशुपतिमा पुजारी राख्ने विवादित प्रकरणमा निजद्वारा लिइएको अडानका कारण नियुक्ति दिने पक्ष पछि हट्न बाध्य हुनुपरेको एउटा दृष्टान्तबाट पनि निजको योगदानको गर्विलो पुष्टि हुन्छ ।

मुलुकमा राजतन्त्रवादी, प्रजातन्त्रवादी, साम्यवादीलगायत धेरैले पटकपटक सत्ताको यथेष्ट रसास्वादन गरिसकेका छन् । तर दुर्भाग्य भन्नुपर्छ, असीमित प्राकृतिक सौन्दर्य, यथेष्ट स्रोत र साधनले सम्पन्न भएर पनि देशको अपेक्षित प्रगति हुन नसक्ता समाजमा व्यापक निरासा छाएको तीतो यथार्थ सबैसामु छर्लङ्ग छ । यसको मुख्य कारक हो मुलुकमा राजनेताको अभाव । हुन पनि देश बनाउने अभिभारा काँधमा बोक्नुपर्ने यहाँका राजनीतिक पात्रको

परिचय एकाध अपवादबाहेक कवि तथा गीतकार कालीप्रसाद रिजालको बहुचर्चित कविता 'के सम्झेर मलाई नेता भन्नुभो ?' भन्ने कवितामा पोखिएको उद्गारले चरितार्थ पार्छ भन्दा अत्युक्ति हुने छैन । यस अवस्थाका लागि मूलतः नेतृत्व नै दोषी छ । तर गुण र दोषको समीक्षाविना उनीहरूको पछि लाग्ने अन्धानुयायीहरू र राम्रो समीक्षाविना गलत पात्रको छनोट गर्ने हामी नागरिक पनि कम दोषी छैनौँ । फलतः यसको उपउत्पादनस्वरूप राज्यका तर्फबाट निश्चित उद्देश्यका लागि जिम्मेवारी पाएका वैतनिक पात्रहरूले पनि पदमा रहुन्जेल नुनको सोझोसम्म जेनतेन गरिहाल्लान् कि भन्नेबाहेकको अपेक्षा मृगमरीचिका ठहर्ने देखिन्छ । भरत जङ्गम एक्लैबाट हुटिट्याउँले आकाश थामेझैँ सम्पूर्ण अभाव पूरा गर्न कसरी सम्भव होला र ? तथापि उहाँजस्ता यहाँका सीमित अवैतनिक पात्रहरूले आफ्ना निःस्वार्थ योगदानबाट यतिसम्म भरथेग गर्न समर्थ नहुँदा हुन् त समाजमा सृजित असन्तुष्टिको यो ग्राफ थप कति चुलिँदो हो !

**अन्त्यमा :**

नेपालीहरूको औसत आयु पार गरेर हीरक जन्मोत्सव मनाउने तरखरमा रहेका देशका यी कर्मवीरले आफ्नो नाफाको बाँकी जिन्दगी पनि मुलुक र मानवहितको थप कल्याणमै बिताउने अठोट राखेकाले निजको भूमिकाको देशलाई सख्त खाँचो छ । त्यसैले आफ्नो ल्याकतले भ्याएसम्म यसरी स्वस्फूर्त आजीवन अवैतनिक सेवा पुऱ्याउँदै आएका यी कालजयी व्यक्ति सम्मानयोग्य छन् । यस्ता सद्पात्रले स्वस्थ रही शताब्दीभन्दा माथिको आयु पाउन् भनी शुभकामना व्यक्त गर्दछु । पदीय मान्यताले ठूलो मान्छे कहलाउने यहाँ असङ्ख्य छन् । तर हाम्रो समाजमा आदर्श छवि बनाउन सफल इनेगिने पात्रमध्येका बहुआयामिक बौद्धिक व्यक्तित्वका धनी, भ्रष्टाचारविरुद्धका अभियन्ता, राजनीतिका गैरराजनीतिक चिन्तक, धार्मिक प्रणेता र हरेक नेपालीले गौरव गर्नलायक यस्ता सच्चा सपूतलाई निजको हीरक जन्मोत्सवको उपलक्ष्यमा आफ्ना तर्फबाट अभिनन्दनबापत केही हरफको योगदान गर्न पाउँदा म पनि हृदयदेखि नै अत्यन्तै हर्षित छु ।

•



मोहन अधिकारी अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थल कार्यालयका पूर्वमहाप्रबन्धक एवं नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्व निमित्त महानिर्देशक हुनुहुन्छ । उहाँ तनहूँ जिल्लामा जन्मनुभएको थियो ।

# भ्रष्टविरोधी शास्त्रका प्रवर्तक
## – प्रा. डा. मोहन लोहनी

भ्रष्टविरोधी शास्त्रका प्रवर्तक भरत जङ्गम निःसन्देह राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त व्यक्तित्व हुनुहुन्छ । भरत जङ्गम हीरक महोत्सव मूल समारोह समितिबाट 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थको दोस्रो भागका लागि लेख-रचना उपलब्ध गराइदिन प्राप्त अनुरोधपत्रका लागि उक्त समितिप्रति सहर्ष धन्यवाद ज्ञापन गर्दछु ।

भरत जङ्गमलाई म धेरै अगाडिदेखि चिन्दछु र भ्रष्टाचारको विरोधमा उहाँले सुरु गर्नुभएको सशक्त र प्रभावकारी अभियानबाट म प्रभावित रहेको छु । केही वर्षअगाडि मात्र ट्रान्सपरेन्सी इन्टरनेसनलद्वारा प्रकाशित प्रतिवेदनअनुसार दक्षिण एसियामै नेपाललाई अग्रगण्य भ्रष्ट देश भनी औँल्याइएको छ । यो सुखद कुरा होइन । भ्रष्टाचार शिथिल र अवरुद्ध विकासको मूल कारण हो र यसलाई नियन्त्रण नगरीकन विकासले गति लिन सक्तैन । धेरै विज्ञहरूको भनाइमा भ्रष्टाचार एउटा भयङ्कर परजीवी जीवाणु हो, जसले राज्यको अर्थतन्त्रलाई दुर्बल मात्र होइन, ध्वस्त बनाइदिन्छ ।

वि. सं. २०२७ देखि भ्रष्टाचारविरुद्धको अभियानमा निरन्तर समर्पित एवं सक्रिय रहनुभएका भरत जङ्गम भ्रष्टविरोधी विज्ञानका प्रवर्तक एवं विश्वप्राज्ञिक क्षेत्रमा भ्रष्टविरोधी शास्त्रका पिताका रूपमा स्थापित हुनुभएको तथ्यसित कसैको विमति छैन । प्रसन्नताको कुरा हो, उहाँकै अगुवाइमा नेपालबाट विश्वसमुदायले भ्रष्टविरोधी शास्त्र (anticorruptology) नौलो उपहारका रूपमा प्राप्त गऱ्यो । अब यस विषयमा विश्वविद्यालयहरूले अध्ययन-अध्यापन सुरु गर्न तत्परता देखाइसकेका छन् । नेपालको अग्रणी विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयले भ्रष्टाचारविरोधी विषयलाई पाठ्यक्रममा समावेश गरी अध्ययन-अध्यापनको कार्यक्रम लागू गर्दैछ भन्ने जानकारीबाट हामी सबैलाई सन्तोष लाग्नु स्वाभाविक हो

हालै मैले श्री जङ्गमबाट यसै वर्षको मङ्सिरमा प्रकाशित 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिक काल)' पुस्तक उपहारस्वरूप प्राप्त गरेँ । यो पुस्तक अभिरुचिपूर्वक मैले पढेँ । यो पुस्तक लेख्ताको औचित्यबारे लेखक स्वयंले पुस्तकको भूमिका (लेखकीय) मा भन्नुभएको छ – "यो पुस्तकमा नेपालको इतिहासका विभिन्न कालखण्डमा

घटित घटना र स्थान विषयमा आएका परिवर्तन, शासकको प्रतिस्पर्धात्मक कार्यशैली, प्रमाणको अपव्याख्या, अनुसन्धानविधिको परित्याग गरी गरिएका व्याख्या र विद्वान्हरूको अध्ययनविधिले उब्जाएको नतिजाले नेपालको इतिहासको धेरै कालखण्डमा घटेका घटनामा भ्रम सिर्जना भएको देखियो ।"

त्यस्ता भ्रमहरू निवारण गर्ने जमर्को लेखकले यस पुस्तकमा गर्नुभएको छ । पुस्तकका विभिन्न १४ वटै परिच्छेदमा लेखकले खोजपूर्ण तथ्य प्रस्तुत गर्नुभएको छ । श्री जङ्गमको हीरक महोत्सव मनाइने सुअवसरमा पुस्तकको १३ औं परिच्छेद 'धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका' बारे केही टिप्पणी लेख्नु सान्दर्भिक लाग्यो । प्रस्तुत छ मेरो टिप्पणी ।

भक्तपुरको जङ्गम मठको पहिलो चोकको उत्तरतर्फ पूर्वतिर फर्केको नेपाल सम्वत् (ने. सं ६९२) को शिलापत्र पढेपछि के थाहा हुन्छ भने यो रावल मठ रुद्रदेव मल्लले जीर्णोद्धार गरेका थिए र जीर्णोद्धार गर्न २-३ सय वर्ष लाग्ने हुँदा यसले एधारौँ शताब्दीमा नै जङ्गमहरूको नेपालमण्डलमा अस्तित्व थियो भन्ने कुरा बुझाउँछ भन्ने लेखकको निष्कर्ष देखिन्छ । यस निष्कर्षको पुष्टि भारतको कर्णाटक विश्वविद्यालयका प्रोफेसर डा. चिदानन्दमूर्तिको मन्तव्यबाट हुन्छ । प्रोफेसर मूर्तिकै भनाइअनुसार 'हामी यकिनका साथ भन्न सक्तैनौँ कि जङ्गमहरू कर्णाटकबाट नेपाल कहिले आए । हामीसँग प्रमाण छ – बनेपाका (राजा जयसिंह रामका राजगुरु) श्रीपति आराध्य शर्माले सन् १३६० मा पशुपतिनाथको लिङ्ग बनाई पुनर्स्थापित गरेका हुन् । हामी भन्न सक्छौँ - चौधौँ शताब्दीभन्दा अगावै जङ्गमहरू त्यहाँ (नेपाल प्रवेश) गरेका हुन् ।"

लेखमा रोचक किंवदन्तीहरूको चर्चा गरिएको छ । लेखकको भनाइअनुसार काशीस्थित विश्वनाथको मन्दिरका पुजारी लिङ्गायत सम्प्रदायकै जङ्गम जाति हुन् । भादगाउँका मल्लराजाहरूले नै जङ्गमहरूको स्थायी बसोबासको व्यवस्था गर्न टौमढी टोलमा जङ्गम जातिका कुलदेवता र आगम देवीदेवताको स्थापना गर्न प्रारम्भ गरेका थिए । चर्चा निकै रोचक छ । लेखक भन्नुहुन्छ – "भक्तपुरको टौमढी टोलस्थित जङ्गम मठमा वीरशैव मतका शैव ब्राह्मण जङ्गमहरूको आधिपत्य अद्यावधि कायम छ ।" यस लेखबाट भादगाउँ राज्यअन्तर्गत स्थापित शिवालयहरूमा लिङ्गायत सम्प्रदायका जङ्गम जाति नै पुजारी रहेको जानकारी प्राप्त हुन्छ । धुलिखेल, बनेपा र पनौतीमा स्थापना भएका महादेवका मन्दिरहरूमा जङ्गम जाति नै आजसम्म पुजारी भई पूजा गर्दै आएको जानकारी कम रोचक छैन । लेखक पूर्ण विश्वासका साथ भन्नुहुन्छ – यसरी तत्कालीन नेपाल र पछि भादगाउँ राज्यमा सनातन धर्मको रक्षा गर्न शिवालय स्थापना र शिवपूजा सञ्चालन गर्ने पूर्ण जिम्मेवारी

वीरशैव मतका जङ्गमहरूले नै पाएको स्पष्ट देखिन्छ । जङ्गम जातिले शैवधर्मलाई दिगो राख्न गरेको योगदान सराहनीय छ ।

बिस्केटजस्तो महत्त्वपूर्ण जात्राको विकाससँग वीरशैव मठका जङ्गमहरूको प्रत्यक्ष सम्बन्ध हुने वर्णन अत्यन्त रोचक छ । बिस्केट जात्राका महत्त्वपूर्ण चार अङ्ग जस्तै विक्रमीय सम्वत्को नयाँ वर्ष भैरवनाथ, भैरवनाथ र भद्रकालीको रथयात्रा र लिङ्गो खडा गर्ने जात्रा, यी सबैसित वीरशैव मतका जङ्गम जातिको प्रत्यक्ष सम्बन्ध रहेको चर्चा लेखमा पाइन्छ ।

यस लेखकबाट भैरवबारे थप जानकारी प्राप्त हुन्छ । लेखककै शब्दमा जङ्गम मठमा मूल देवताका रूपमा वीरभद्र रहेका हुँदा र वीरभद्र नै शिवको भयङ्कर रूप भएका हुँदा भैरव कहलिएका हुन् । भैरवको उत्पत्ति केन्द्र नै शिव भएका र शिवको रौद्र रूप भैरव भएका हुन् । समाजलाई सम्य र सुसंस्कृत बनाउँदै यसलाई एक सूत्रमा बाँधिराख्न शैवाचार्यबाट भएको योगदान महत्त्वपूर्ण देखिन्छ । सबै जातजातिलाई नगरको जनजीवनमा घुलमिल गराउन शैवाचार्य सफल भएको प्रस्ट हुन्छ । लेखक अगाडि भन्नुहुन्छ – विभिन्न समयमा विभिन्न शिवाचार्यहरूले शिवमहिमालाई मूर्त र अमूर्त रूपमा पछिसम्म नेपालमण्डलको समाजमा कायम रहन सकोस् भनेर स्थापित गरेका विधिविधान र सिद्धान्त निर्माण गरेका हुन्

भक्तपुर जङ्गम मठका मठाधीशको एक सन्तका रूपमा त्यसै मठमा जन्मने सौभाग्य पाएकोमा लेखक गर्व गर्नुहुन्छ । भादगाउँको भक्तपुरलाई केन्द्रविन्दु बनाएर लेखकले नेपालमण्डलमा धार्मिक र सांस्कृतिक विषयमा जङ्गम जातिको भूमिकाबारे आफ्नो अध्ययन र व्याख्यासमेत गरी पाठकलाई कृतकृत्य पार्नुभएको छ । यस लेखबाट जङ्गम जातिबारे मैले धेरै कुरा सिक्ने अवसर पाएको हुँदा भरत जङ्गमलाई धन्यवाद ज्ञापन गर्दै उहाँको हीरक महोत्सव सफल रहोस् र उहाँका शुभेच्छुकहरूलाई सफलता र भव्यतापूर्वक उहाँको शतवार्षिकी मनाउने सुअवसरसमेत प्राप्त होस् भनी शुभकामना व्यक्त गर्दछु ।



●

प्रा. डा. मोहन लोहनी पूर्वराजदूत तथा लेखक हुनुहुन्छ ।

# अर्थनीति र भ्रष्टाचार अभियान
## – यज्ञप्रसाद घिमिरे

बहुप्रतिभाशाली, भ्रष्टाचारविरोधी अभियानमा करिब ५ दशकदेखि निरन्तर रूपमा लागिपरेका नयाँबानेश्वरनिवासी मेरा अति मिलनसार मित्र भरत जङ्गमको ७५ औँ जन्मदिवसका अवसरमा विशेष कार्यक्रमको आयोजना गरी सार्वजनिक रूपमा उहाँको जन्मोत्सव मनाउन गइरहेको कुरा थाहा पाउँदा मलाई ज्यादै खुसी लागेको छ । सोही अवसरमा 'भरत जङ्गम हीरक महोत्सव मूल समारोह समिति' बाट प्रकाशन हुन लागिरहेको 'भरत जङ्गम अभिनन्दनग्रन्थ' को दोस्रो भागमा प्रकाशनार्थ छोटो लेखरचनामार्फत आफ्नो विचारधारा लेखिदिन अनुरोध भइआएकाले मेरो जानकारीमा आएका उहाँले गरेका भ्रष्टाचारविरुद्धका कार्यहरूबारे केही लेख्न पाउँदा आफूलाई ज्यादै गौरवान्वित महसुस गरेको छु ।

भ्रष्टाचारविरुद्धमा वा भ्रष्टाचार उन्मूलन तथा न्यूनीकरण गर्ने कार्यमा भरतजीले लेख्नुभएका पुस्तक तथा रचनाहरू र विगत ५ दशकदेखि निरन्तर रूपमा गर्नुभएका कार्यहरू अनुकरणीय छन् । वि. सं. २०२७ सालदेखि पत्रपत्रिकाका माध्यमबाट उहाँले लेख्नुभएका रचनाहरू तथा उहाँले प्रकाशन गर्नुभएका पुस्तकहरूद्वारा भ्रष्टाचारविरुद्धमा जनमानसको चेतना बृद्धि गर्न जेजति योगदान पुगेको छ, त्यो सह्राहनीय छ, तारिफ गर्नैपर्छ, प्रशंसा गर्नैपर्छ जस्तो मलाई लाग्दछ ।

Talk programme, Seminar, Group Discussion तथा व्यक्तिगत सम्पर्कका माध्यमबाट सरकारी निकायहरूमा कार्यरत सबै स्तरका कर्मचारीहरूलाई वा राजनेता तथा राजनीतिक कार्यकर्ताहरूलाई निरन्तर रूपमा भ्रष्टाचार देशविकासको दिशामा एउटा ठूलो समस्या हो । यसलाई जसरी भए पनि निर्मूल वा न्यूनीकरण गर्नु जरुरी छ भन्नेमा उहाँको प्रयास अविच्छिन्न रूपमा भएको पाइन्छ । उहाँबाट भएका यस्ता क्रियाकलापका बाबजुद पनि आज देशमा हरेक भेगमा भ्रष्टाचारले लिएको विकराल रूप देख्ता दुःख लाग्दछ । तैपनि यसबाट रत्तिभर पनि विचलित नभईकन उहाँले कार्यहरू गरिरहनुभएको देख्ता खुसी लाग्दछ । यसप्रकार भ्रष्टाचारले हरेक क्षेत्रमा लिएको विकराल रूपलाई मध्यनजर गरी शैक्षिक निकायहरूमा नै विद्यार्थीहरूलाई भ्रष्टाचारविरुद्ध अध्ययन गराएर भ्रष्टाचारविरुद्ध लड्ने जनशक्ति उत्पादन गर्न सकेमा भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ भन्ने

कुरामा भरतजीमा दृढ विश्वास रहेको पाइन्छ । उहाँकै निरन्तर प्रयासबाट आज आएर देशको पहिलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयमा Anticorruption विषयमा Master Degree को अध्यापन गराउने निर्णय भएको थाहा पाउँदा खुसी लागेको छ । Anticorruption विषयमा विश्वविद्यालय स्तरमा पढाइ हुन गइरहेको सायद विश्वमा नै यो पहिलो प्रयास हो । यसमा भरतजीको जति प्रशंसा गरे पनि कम नै हुन्छ जस्तो मलाई लाग्दछ ।

भ्रष्टाचारविरुद्धका विषयमा सामान्यतया मानिसहरू दुई प्रकारका पाइन्छन् । एक प्रकारका मानिसहरू मुखले भ्रष्टाचार गर्नु हुँदैन भनी भ्रष्टाचारको विरोध गर्दछन् । तर व्यवहारमा मौका पाउनासाथ खोजीखोजी भ्रष्टाचार गर्दछन् । हाम्रो जस्तो राष्ट्रमा यस्ता मानिसहरूको सङ्ख्या ज्यादै नै छ । हरेक क्षेत्रमा यिनीहरू कार्यरत रहेको पाइन्छ । विशेष गरी सरकारी संयन्त्रमा यिनीहरूको धेरैजसो संलग्नता भएको पाइन्छ । सरकारी संयन्त्रमा नेतृत्व तहदेखि तल्लो स्तरसम्म यिनीहरूको संलग्नता रहेको पाइन्छ । यिनीहरूको विचार Why worry about corrupting it in a win-win business. Both parties involved in it gain from doing corrupting भन्ने रहेको पाइन्छ । भ्रष्टाचारले समाजका साथै राष्ट्रको विकासमा कति नराम्रो असर गर्दछ भन्ने कुरा थाहा पाएर पनि यिनीहरू भ्रष्टाचार गर्न पछि पर्दैनन् । दोस्रो प्रकारका व्यक्तिहरू जो वास्तवमा भ्रष्टाचार गर्न हुँदैन, यसले समाज तथा राष्ट्रमा नराम्रो विकृति ल्याउँछ भन्नेमा पूर्ण विश्वास गर्दछन् । यिनीहरू आफू पनि भ्रष्टाचार गर्दैनन् र अरूलाई पनि भ्रष्टाचार गर्नु हुँदैन भन्ने गर्दछन् । यिनीहरूको सङ्ख्या हाम्रो समाजमा न्यून रहेको पाइन्छ । स्वच्छ छवि भएका व्यक्तिहरू तथा भ्रष्टाचारविरुद्धमा लागिपरेका भरतजीजस्ता अभियन्ताहरूका क्रियाकलापबाट यिनीहरूको हौसला तथा विश्वासमा अभिवृद्धि गरेको पाइन्छ । तसर्थ भ्रष्टाचारविरोधी कार्यक्रमहरू निरन्तर रूपमा भइरहनु आवश्यक छ जस्तो मलाई लाग्दछ ।

'जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ' भन्ने कुरामा भरतजीको दृढ विश्वास रहेको देखिन्छ । उहाँको विचारमा जतिसुकै भ्रष्टाचार गर्ने कार्यमा संलग्न रहेको व्यक्ति किन नहोस्, उसको भित्री मनमा कताकता यो कार्य गर्न नहुने गर्नु हुँदैन, मैले गलत गरिरहेको छु भन्ने विचार रहेको हुन्छ । यसै विचारलाई विभिन्न प्रकारका भ्रष्टाचारविरोधी कार्यक्रमहरूमार्फत बढाउनुपर्छ भन्ने कुरामा भरतजीको दृढ विश्वास रहेकाले नै विगत ५ दशकदेखि उहाँ यस कार्यमा निरन्तर रूपमा लागिरहनुभएको छ । जनसभामा भ्रष्टाचारविरुद्धको चेतना अभिवृद्धि गर्ने कार्यमा वा भ्रष्टाचारविरोधी जनशक्ति

तयार गर्ने कार्यमा उहाँले हासिल गर्नुभएको सफलता प्रशंसनीय छ । यस कार्यमा उहाँ निश्चय नै बधाईका पात्र हुनुहुन्छ । भरतजीले लेख्नुभएका पुस्तक, लेखरचना तथा उहाँबाट विभिन्न अवसरमा प्रस्तुत मन्तव्यहरू समयमै मैले अध्ययन गर्ने मौका पाएँ, जसअनुसार देशबाट भ्रष्टाचार कसरी निर्मूल गर्न सकिन्छ, हाम्रो कर्तव्य के हुनुपर्दछ र हामीले जिम्मेवारीपूर्वक के-कस्ता कार्यबाट गर्नुपर्छ वा गर्न सकिन्छ भन्ने विषयमा मलाई चिन्तित हुन बाध्य गरायो । यसै दिशामा नेपालमा ४०-४५ वर्षसम्म सरकारी तथा अन्तर्राष्ट्रिय निकायहरूमा कार्यरत रहँदा मैले हासिल गरेका अनुभवहरू यस विषयमा सान्दर्भिक देखेकाले यहाँ उल्लेख गर्न चाहन्छु । इमानदारीपूर्वक जिम्मेवारीका साथ काम गरेको खण्डमा जुनसुकै निकायमा कार्यरत रहे पनि भ्रष्टाचारका विरुद्धमा महत्त्वपूर्ण योगदान दिन सकिन्छ भन्ने मेरो बुझाइ छ ।

इन्जिनियरिङ विषयको अध्ययनपश्चात् केही नेपालका अर्धसरकारी निकायहरूमा काम गरिसकेपछि गुणस्तरका क्षेत्रमा काम गर्ने जिम्मेवारी पाएकाले मैले नेपाल गुणस्तर विभागमा कार्य गर्न सुरु गरेँ र मेरो सम्पूर्ण कार्यकाल गुणस्तरकै कार्यान्वयन तथा प्रवर्द्धन गर्ने कार्यमा रहन गयो । राष्ट्रको आन्तरिक तथा वैदेशिक व्यापारमा अथवा राष्ट्रिय गौरवका महत्त्वपूर्ण निर्माण कार्यहरूमा गुणस्तरको कार्यान्वयन तथा प्रमाणीकरण गर्ने कार्य सही ढङ्गमा गर्न सकेमा एकातर्फ राष्ट्रिय पुँजीको सदुपयोग हुन गई राजस्व सङ्कलनमा बृद्धि गर्न सकिन्छ भने अर्कोतर्फ यस कार्यले भ्रष्टाचार निर्मूल गर्नका न्यूनीकरण गर्ने दिशामा महत्त्वपूर्ण योगदान दिने गर्दछ ।

यसै सन्दर्भमा गुणस्तरको कार्यान्वयनलाई अझ बढी प्रभावकारिताका साथ संलग्न गर्न विशेष प्राविधिक ज्ञान तथा अनुभवको आवश्यकता पर्ने देखेर मलाई गुणस्तरकै विषयलाई प्राथमिकतामा राखी Industrial Engineering मा Master Degree गर्न बेलायत पठाइयो । हाम्रोजस्तो भ्रष्टाचारले व्यापक जरो गाडेको राष्ट्रिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारमा वा राष्ट्रिय गौरवका महत्त्वपूर्ण निर्माण कार्यहरूमा गुणस्तरको कार्यान्वयनलाई प्रभावकारी ढङ्गमा सञ्चालन गर्न Reliable Independent Third Party Inspection Agency ले विशेष भूमिका खेले पनि उपर्युक्त Master Degree को अध्ययनको सिलसिलामा विस्तृत जानकारी हुन आयो ।

भ्रष्टाचारले व्यापक रूप लिएमा राष्ट्रहरूको अन्तर्राष्ट्रिय व्यापारमा Under Invoicing and Over Invoicing गरी प्रचुर मात्रामा असारबाट उठ्ने राजस्व ठगी र विदेशी मुद्राको अवलम्बन गर्ने गरिएको पाइयो । तसर्थ विशेष गरेर कतिपय विकसित मुलुकहरूसँगको अन्तर्राष्ट्रिय व्यापारमा Reliable

International Independent Third Party Inspection Agency ले कारोवार हो, वस्तुको गुणस्तर प्रमाणीकरण गर्ने कार्य अनिवार्य रूपमा गरिनुपर्छ । हाम्रो जस्तो देशको अन्तर्राष्ट्रिय व्यापारमा धेरै हदसम्म Under Invoicing वा Over Invoicing गरिने कार्यलाई नियन्त्रित गरी भन्सार राजस्वमा ठगी अथवा विदेशी मुद्राको अपचलन गर्ने कार्यलाई पूर्ण रूपले निर्मूल गरेको देखियो । धेरैजसो विदेशी राष्ट्रहरूमा यसमा International Independent Third party Inspection Agency हरूले आफ्नो कार्यालय स्थापना गरी यस दिशामा कार्य गरिरहेको पाइन्छ । नेपालमा भने कुनै पनि यस्ता Agency हरू नभएका तर आयातकर्ताको मागअनुसार समय-समयमा बाहिरी देशबाट नेपाल आई गुणस्तरको प्रमाणीकरण गर्ने गरेको पाइयो ।

अन्तर्राष्ट्रिय जगत्मा कार्यरत यस्ता Independent Third Party Inspection Agency हरूमध्ये सबैभन्दा पुरानो तथा reliable मानिने SCS (society concealed surveillance) ले १४३ देशभन्दा बढी देशहरूमा आफ्नो पूर्ण स्वामित्व भएका Affiliate हरू स्थापना गरेर काम गरिरहेको पाइयो । अन्तर्राष्ट्रिय जगत्मा SCS को प्रणालीकरणलाई ज्यादै विश्वसनीय मानिन्छ । हाम्रो देशका लागि पनि वैदेशिक व्यापारको अभिवृद्धि तथा विविधीकरणका लागि यस प्रकारका International Inspection Agency हरूको भूमिकामा एक-दुई मित्रहरूको सहयोगमा दुई वर्षको मिहिनेतपश्चात् Agency लाई नेपालमा कार्यालय स्थापना गर्न मनाइयो, जसको फलस्वरूप सन् १९९७ मा SCS को पूर्ण स्वामित्व भएको SCS Nepal Pvt. Ltd. स्थापना गरी आवश्यक कार्य सञ्चालन गर्न थालियो ।

यसै सन्दर्भमा (उक्त समयमा) Asia तथा Africa का करिब ३३ वटा देशहरूमा SCS ले ती देशका प्रमाणीकरण सेवा दिइरहेको पाइयो । यसरी भएको contract अनुसार ती देशहरूले विश्वका अन्य कुनै देशसँग गर्ने अन्तर्राष्ट्रिय व्यापारमा आयात वा निर्यात हुने वस्तुको गुणस्तर Shipment को परिमाणका साथै निर्यात गर्ने देशमा उक्त वस्तुको औसत मूल्य के छ, सोसमेत SCS ले प्रमाणीकरण गर्नुपर्ने प्रावधान रहेको पाइन्छ, जसअनुसार निर्यातकर्ताले निर्यात हुने वस्तुको consignment तयार गरी Transporter लाई बुझाइसकेपछि SCS ले Porto shipment मा गएर सामानको निरीक्षण गरी container लाई SCS ले seal गर्दा आयातकर्ताको देशमा रहेको SCS लाई सामानको गुणस्तर परिमाण र औसत मूल्यसमेतको प्रमाणीकरण गरी सोको विस्तृत Report पठाउने व्यवस्था Government contract मा रहेको पाइन्छ । उक्त Report आयातकर्ता देशको भन्सार दरबन्दीअनुसार SCS ले प्रमाणीकरण गरेको औसत मूल्यअनुसार केकति भन्सार महसुल असुलउपर

गर्नुपर्ने हुन्छ, सोबारे समेत SCS ले जानकारी गराउने गर्दछ । सोहीबमोजिम आयात गर्ने देशमा रहेको SCS ले सम्बन्धित भन्सार विभागलाई जानकारी गराउनुपर्ने हुन्छ ।

यस प्रकारले प्रमाणीकरण गर्ने भएपछि वैदेशिक व्यापारमा हुने गरेको Under Invoicing तथा Over Invoicing पूर्ण रूपमा निर्मूल हुन गई देशको भन्सार राजस्वमा उल्लेख्य रूपमा अभिवृद्धि भएको पाइयो । यसका साथै विदेशी मुद्राको अपचलन पूर्ण रूपमा रोकिन गएको अनुभव यी देशहरूमा रहेको छ । यीमध्ये केही देशसँग भएको Government contract मा राष्ट्रिय गौरवका निर्माणकार्यमा समेत SCS ले प्रमाणीकरण गर्नुपर्ने व्यवस्था रहेकाले गुणस्तरयुक्त निर्माण हुने गरेको पाइयो । यी देशहरूको अनुभवअनुसार SCS को प्रमाणीकरण गर्ने कार्यले भ्रष्टाचारलाई पूर्ण रूपमा निर्मूल गरेको देखिन्छ ।

७५ प्रतिशतभन्दा बढी आयातबाट राष्ट्रिय आवश्यकताको परिपूर्ति भइरहेको हाम्रो देशमा भन्सार महसुलबाट सङ्कलन भएको राजस्व ज्यादै न्यून रहेकाले नेपालले पनि उपर्युक्त देशहरूको जस्तै Government contract गरी वैदेशिक व्यापारलाई सुनियोजित विकास गरी व्यापारलाई सुनिश्चित गर्नुपर्ने दिशामा सम्बन्धित निकायहरूसँग छलफल गरी SCS Nepal ले Government Contract को मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयमा आवश्यक निर्णय पेस गरेको थियो, तर त्यसमा कुनै निर्णय हुन सकेन ।

यसप्रकार प्रमाणीकरण गर्ने कार्य नहुँदा कुनै समयमा देशको सबैभन्दा प्रमुख निर्यात हुने वस्तुहरू Handmade Woolen carpet तथा Readymade garment को निर्यात आज आएर पूर्ण रूपमा हट्न गई राजस्व सङ्कलन तथा विदेशी मुद्राको आर्जन घट्न गई न्यून रहेको पाइयो ।

तसर्थ यसप्रकार हुनुपर्ने कार्य हुन नदिई भ्रष्टाचार गर्ने प्रवृत्तिलाई निर्मूल गर्न भरतजी तथा उहाँसँग संलग्न भई भ्रष्टाचारविरुद्धको अभियानमा लागेका अभिभावकहरूलाई देशको वैदेशिक व्यापारलाई सुनियोजित विकास तथा विविधीकरण गर्ने दिशामा विशेष कार्यक्रमहरू तर्जुमा गरी अभियान चलाउन सुझाव दिन चाहन्छु ।

यसै गरी भरतजीको विगत ५० वर्षदेखिको अथक प्रयासले आज आएर विश्वविद्यालय स्तरमा Science of Anti-corruptology विषयमा Master Degree को अध्यापन सुरु हुन गइरहेको कुराले नेपालबाट भ्रष्टाचार निर्मूल गर्ने दिशामा महत्त्वपूर्ण थालनी भएको भन्न सकिन्छ । यसै दिशामा भ्रष्टाचारलाई निर्मूल गर्ने कार्य अझ बढी प्रभावकारिताका साथ अघि बढाउन सबै School, College तथा University का कक्षाहरूमा ८ देखि १० जना

विद्यार्थीहरूको समूहको Comption Control Circle (CCC) बनाई विद्यार्थीहरूलाई भ्रष्टाचारले समाजमा ल्याउने विकृति तथा राष्ट्रविकासमा गर्ने हानिबारे जानकारी उपलब्ध गराउने कार्यको थालनी गर्नसमेत सुझाव दिन चाहन्छु । Comption Control Circle (CCC) मा सर्वप्रथम Participate गरेका विद्यार्थीमध्येबाट नै यिनीहरूको संयोजकत्वमा हरेक कक्षामा अन्य Comption Control Circle (CCC) हरू बनाई उक्त कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई भ्रष्टाचारविरुद्धमा जानकारी उपलब्ध गराउन सकेमा अझ प्रभावकारिताका साथमा यो अभियान चलाउन सकिन्छ ।

यसरी विद्यार्थीहरूको कलिलै उमेरमा भ्रष्टाचारले समाज तथा राष्ट्रमा पुऱ्याउने नकारात्मक असरबारे उनीहरूलाई सचेत गराउन सकेमा भ्रष्टाचार निर्मूल गर्ने दिशामा ठोस कार्य हुन जाने देखिन्छ । यिनै विद्यार्थीहरूले आफ्नो घरपरिवारका साथै साथीभाइहरूमा भ्रष्टाचारविरुद्धको चेतना फैलाउन सक्तछन् । आफ्नो अध्यापन पूरा गरिसकेपछि जब यिनीहरू कार्यक्षेत्रमा उत्रिन्छन्, तब यिनीहरूबाट निश्चय नै भ्रष्टाचार निर्मूल गराउने दिशामा ठोस कार्य हुने कुरा परिकल्पना गर्न सकिन्छ ।

अन्तमा, भ्रष्टाचारविरूद्ध लागेका देशभित्रका भरतजी जस्ता अभियन्ताहरूलाई सोअनुसारका कार्यहरू सञ्चालन गर्न सुझाव दिन चाहन्छु र साथै देशबाट भ्रष्टाचार निर्मूल गर्ने कार्यमा उहाँहरूलाई सफलता मिलोस् भन्ने कामना गर्दछु ।

●



यज्ञप्रसाद घिमिरे नयाँ बानेश्वर काठमाडौंमा बस्नुहुन्छ । उहाँ वित्तविज्ञ हुनुहुन्छ । उहाँले गुणस्तर नियन्त्रणसम्बन्धी कार्य लामो समयसम्म गर्नुभएको छ ।

# पारदर्शिता र भरत जङ्गम
## – इ. रामकुमार ठाकुर

भ्रष्टविरोधी शास्त्र Anticorruptology (A science of Anti-corruption) का प्रवर्तक भरतमणि जङ्गम विश्वमा यस्तो पहिलो व्यक्तित्व हुनुहुन्छ । श्री जङ्गमले २०७३ सालमा विश्वप्राज्ञिक समाजलाई नेपालका तर्फबाट भ्रष्टविरोधी शास्त्र उपहार दिनुभएको छ । नेपालको जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयमा यही शैक्षिक सत्रदेखि मास्टर तहमा अध्ययन-अध्यापन हुँदैछ । यतिले मात्र श्री जङ्गमको मूल्याङ्कन गर्दा अन्याय हुन्छ । उहाँले आफ्नो ७४ वर्षे जीवनकालमा पत्रकार, साहित्यकार, समाजसेवी, कानुन तथा संविधानविदका रूपमा ख्याति कमाउनुभएको छ । उहाँले २०६३ अर्थात् १९७९ मा लेख्नुभएको 'कालो सूर्य' १४ भाषामा अनुवाद भएको छ ।

भ्रष्टाचारविरोधी अभियानमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, विभिन्न सामाजिक सन्जालमा आफ्नो धारणा तथ्यपरक रूपमा उहाँले निर्भीकताका साथ पस्कने गर्नुभएको छ । यो देशमा राजनीति गर्नेहरू हात्तीको देखाउने र चपाउने दात फरक भएझैँ फरक चरित्रका छन् । उहाँहरूमा अनुशासन, इमान, धर्म, देशप्रेम, लाज, शर्म, घीन छैन । जोरजबर्जस्ती देशको स्रोत र साधन बाँडिचुँडी खाने कुरामा सबैको मत मिलेको देखिन्छ । त्यसको ज्वलन्त उदाहरण हो २०५२ सालमा परिवर्तनकामी हौँ भन्नेहरूले भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने गरी ऐन नै पारित गरेका थिए । यसलाई चुनौती दिँदै भरत जङ्गमले दिनुभएको रिटउपर सम्मानित सर्वोच्च अदालतले २०५७ साल सन् २००१ मा खान नपाउने गरी सो ऐन नै खारेज गराएको थियो । त्यस्तै संसदीय निर्वाचन कोष पनि २०५८ सालमा खारेज भएको थियो । सरकारी पदाधिकारीहरूले दोहोरो सुविधा लिन नहुने आदेशसमेत २०५८ सालमै भएको थियो । भ्रष्टाचारविरुद्ध कार्य गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको र भूतपूर्व राष्ट्रपति, उपराष्ट्रप्रति, प्रधानमन्त्री, प्रधान न्यायाधीश र गृहमन्त्रीसमेतले विशेष सुविधा पाउने गरी ल्याएको अध्यादेश २०६९ सालमा खारेज भएको थियो । यस्तो कामबाट सालिन्दा ५० करोडभन्दा बढी बचत भएको हुँदा उहाँले दायर गर्नुभएका सबै मुद्दाबाट वार्षिक करिब २ अरब बचत हुन पुगेको छ ।

त्यस्तै आध्यात्मिकतातर्फ डोलेश्वर महादेवका विशेष संरक्षक, पशुपतिनाथ सेवक सङ्घका मुख्य सल्लाहकार, अनन्तलिङ्गेश्वर महादेव मन्दिरका प्रमुख संरक्षकलगायत कैयौँ मठमन्दिरका संरक्षकका रूपमा सुपरिचित श्री जङ्गमले कालजयी व्यक्तित्वका रूपमा भ्रष्टाचारविरुद्ध नेपालका प्रमुख सल्लाहकारको भूमिका निभाउनुभएको छ । २०७७ मार्गदेखि २०७८ मार्गसम्म उहाँको हीरक महोत्सव मनाउँदैछौँ हामी ।

आजको आवश्यकता समानता, पारदर्शिता, विधिको शासन र देशप्रेम हो । समानताको कुरा गर्दा विभिन्न रचनाकारले आ-आफ्ना विचार व्यक्त गरेका छन् ।

1. Dictionary of socology : Justice social : Justice is a central.
2. A thory of Instice : Concept of justice starts with Iohn Rawal s 1972 Inequalityes in the distribution of scarce goods : health care impartal stand points.
3. Legal Thesouros Dictionary : Equal on the same plne or level with recpect to efficiency worth value amount or right (equal tretment).
4. Equality the candition of substantially the same right privileges and immunities and beeing subject to substsntially the same duties equal parity balance harrmony.

५. नेपालको संविधान २०७२ को समानताको व्यवस्था :- धारा २ सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहनेछ । धारा १८ समानताको हक । धारा १९ सञ्चारको हक । धारा २० न्यायसम्बन्धी हक । धारा २९ शोषणविरुद्धको हक । धारा ३० स्वच्छ वातावरणको हक । धारा ३१ शिक्षासम्बन्धी हक । धारा ३३ रोजगारीको हक । धारा ३५ स्वास्थ्यसम्बन्धी हक । धारा ३६ खाद्यसम्बन्धी हक । धारा ४१ ज्येष्ठ नागरिकको हक । धारा ४२ सामाजिक न्यायको हक । धारा ४३ सामाजिक सुरक्षाको हक ।

६. नेपाली, अङ्ग्रेजी, संस्कृत शब्दकोशसङ्ग्रह similar, equal, तुल्य सम, समस्थ सपाट, समदर्शन, समानता, Equality, similarity छाया समानस्थ भवि ।

अतः माथि उल्लिखित विभिन्न रचनाकारहरूले विश्वव्यापी रूपमा मान्य सिद्धान्त प्रतिपादन गरेका छन् । यही सिद्धान्तका आधारमा विभिन्न

देशका व्यवस्थापिकाले मूल कानुन बनाउँदा सबैका लागि समान रूपमा कानुन लाग्ने गरी कानुन बनाउँछन् । सिद्धान्ततः यही सिद्धान्तका आधारमा देशको शासन चल्दछ । अग्रगामीको नारा दिने नेपालका राजनीतिक दल समावेश भएका ६०१ सांसदमध्ये ९० प्रतिशतले सर्वसम्मत रूपमा नेपालको संविधानको भाग १ धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको कुरा गरेको छ । यसले के बुझाउँछ भने नेपालमा नागरिक मालिक हुन् भने तिनले तिरेको कर खाने सार्वजनिक पदमा बस्नेहरू नोकर हुन् । नोकरले मालिकको इच्छा र चाहनाअनुसार चल्नुपर्दछ ।

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत माथि उल्लेख गरिएका विभिन्न धारामा मौलिक हकको व्यवस्थामा सम्मानपूर्वक बाँच्न पाउने पर्याप्त व्यवस्था गरेको छ । व्यावहारिक रूपमा त्यस्तो छ त ? सङ्घीय शासन व्यवस्थाअन्तर्गत ३ तहको ७६१ सरकार पाल्नका लागि नागरिकलाई प्रसूति गृहदेखि आर्यघाटसम्म कर लगाएर लगभग १० खरब कर जम्मा हुन्छ । यो संरचना पाल्न यो कर मात्रले नपुगेर वैदेशिक ऋणको भारसमेत सालिन्दा प्रतिव्यक्ति १५००० बोझ बोकेको अवस्था छ । खाने-पिउने कुरामा सबैको कुरा मिलेकै देखिन्छ । राजनीतिक अस्थिरताका कारणले राजनीतिक क्षेत्रमा ७४ प्रतिशत निजामती कर्मचारीहरूबाटै ६९ प्रतिशत भ्रष्टाचार हुने गरेको कुरा ट्रान्सपरेन्सी इटरनेसनलले ग्लोवल करप्सन ब्यारोमिटरको रिसर्चले देखाएको छ ।

नेपालको मूल कानुन बनाउन अग्रणी भूमिका खेल्ने ठूला ३ दल नेपाली काङ्ग्रेस, नेकपा एमाले, एनेकपा माओवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीसमेत सामेल भएर संविधान निर्माणको सिलसिलामा यी दलका करिब सर्वसम्मत अर्थात् ९० प्रतिशत सांसदको समर्थन थियो । तर यो संविधान बनाउँदा देश र नागरिकको रायसुझावभन्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, प्रभावशाली देशका गुप्तचर निकायको दबाब र प्रभावमा उनीहरूकै एजेन्डा समेटिएका थिए । मुख्य रूपमा अहिलेको संविधान तथा पात्र र प्रवृत्तिमा निम्न त्रुटि भएकाले देशको शासन व्यवस्थामा समानता, विधिको शासन र पारदर्शिताको अभाव रह्यो ।

१. राजनीति पारदर्शी, देशभक्त, इमानदार अनुशासित, मितव्ययी भएन, विधिसम्मत चलेन ।
२. अहिलेको राजनीतिक दल र नेतामा vision, misson, goal भएन । राजनीतिजस्तो पवित्र सेवालाई विनालगानीको व्यवसाय बनाइयो । के यसलाई १०० प्रतिशत अवैतनिक बनाउन सकिँदैन ?

३. जहिले पनि क्रान्तिका कुरा र काम गर्ने, निहत्था नागरिकलाई उतारेर मार्ने र मार्न लगाउने, आफू र आफ्ना परिवार ऐस आराम मोजमस्तीमा रमाउने ।

भ्रष्टाचार सर्वव्यापक छ । संवैधानिक रूपमा नै संरक्षित छ । वर्तमान संविधानको निम्नलिखित प्रावधानले भ्रष्ट र भ्रष्टाचारीलाई संरक्षण गर्दछ :-

क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको धारा २३९ ।

ख) संविधानको कार्यपालिका धारा ८२ (१) (२) बमोजिम सरकारले बनाएको नियमावली पालना भयो-भएन, कुनै अदालतमा प्रश्न उठाउन सकिँदैन ।

ग) प्रदेश कार्यपालिका धारा १७४ (१) र (२) बमोजिम सरकारले बनाएको नियमावली पालना भयो-भएन, कुनै अदालतमा प्रश्न उठाउन सकिँदैन ।

घ) संवैधानिक अङ्गका पदाधिकारीको नियुक्ति बारे संवैधानिक परिषद् सम्बन्धी व्यवस्था धारा २८४ ले दलीय शक्ति सन्तुलनका विषयमा आफ्नो काम गर्न सकेन ।

ङ) देशको कानुन-नियमदेखि राष्ट्रपतिसम्म समान रूपमा लागू हुने व्यवस्था छैन । उदाहरणका रूपमा निजी अस्पतालमा उपचार गराएको १ लाख बुझाउन नसकेर अस्पतालको छतबाट हाम्फालेर आत्महत्या गर्दछन् नागरिक, जबकि प्रधानमन्त्रीका लागि १ लाखभन्दा बढी खर्च व्यहोरेका छौँ हामीले । कसरी समानता भयो त ?

च) वर्तमान संरचनाले भ्रष्टाचारको उन्मूलन नगराउने भएकाले नागरिक स्तरका स्वतन्त्र नागरिक आयोगको आवश्यकता छ ।

छ) सबै तहका राजनीतिक पदहरू १००% अवैतनिक हुनु आवश्यक छ ।

समानताका कुरा लेखेर र बोलेर मात्र हुँदैन, कार्यान्वयन पनि गरिनुपर्दछ । देशको संविधान, ऐन, कानुन, देश र नागरिकको हितका लागि बनाउनुपर्दछ । कतै कमी-कमजोरी भएमा इमानदारीपूर्वक पारदर्शी रूपमा कार्यान्वयन गरेमा केही कमी-कमजोरी त संशोधनका माध्यमबाट पूरा गर्न सकिन्छ । तर नियत नै खोट भएपछि कुनै उपाय हुँदैन । सार्वजनिक पदमा बस्ने अनुशासित, इमानदार, बफादार, देशभक्त, चरित्रवान् भए कुनै समस्या नै आउँदैन । आइहाले पनि शीघ्र समाधान भेटिन्छ ।

सार्वजनिक पदमा बस्नेको मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमानदारी हुनुपर्दछ भने चरित्र शुद्ध हुनुपर्दछ भनिन्छ । सर्वमूलम् चरित्रम् अर्थात् सम्पूर्ण शक्तिहरूको मूल नै चरित्र हो । यहाँ त दुराचारी, चरित्रहीन, विदेशीका खेताला नै महत्त्वपूर्ण पदमा आसीन छन् । त्यसैले त देशमा दुई किसिमका मानिसहरू बसोबास गर्दछन् । देशको सम्पूर्ण स्रोत र साधन ५% मान्छेको भरणपोषणमा सकिन्छ । उनीहरू सधैँ आफूलाई कानुनभन्दा माथि सम्झन्छन् । यिनले कानुन आफ्नो फाइदाका लागि प्रयोग गर्दछन् । बाँकी ९५% मानिसहरू गाँस, बास, कपासका लागि सधैँ तड्पिरहेका हुन्छन् ।

यहाँ सार्वजनिक पदमा बस्नेहरू विदेशी गुप्तचर, एनजीओ र आईएनजीओको रकम खाएकाले अमेरिका र युरोपमा २०० वर्षअघि जस्तो दासता थियो, हामीकहाँ आज त्योभन्दा खराब अवस्था छ । समानताको कुरा गर्दा मन, वचन र कर्मले पारदर्शी र मितव्ययी रूपमा राजनीतिक दलका नेता र दलहरू अवैतनिक भइदिए, भ्रष्टाचार, कमिसन र अवैध कारोबार नगरिदिए झन्डै १० खरब नागरिक कर जम्मा गर्ने देशले १००% यो संरचना पाल्न नपुगेर वैदेशिक ऋण लिने थिएन, केही प्रतिशत विकास-निर्माणमा खर्च गर्ने थिएन । त्यसमा पनि झन्डै ६०% भ्रष्टाचार हुन्छ । यहाँ भ्रष्टाचार रोकिने हो भने सालिन्दा लगभग ७ लाख बजेट बचत हुन्छ । ७ लाखले ३ करोड नागरिकलाई गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा सबै निःशुल्क गर्न सकिन्छ । नागरिकले त्यति पनि खोजेका छैनन् ।

संसारका मानवतावादी मुलुकले उपलब्ध गराएको स्वास्थ्य, शिक्षा र रोजगारीमा नागरिकले उच्च प्राथमिकता पाएको हुन्छ । स्वास्थ्य र शिक्षा मात्र गुणस्तरीय, सर्वसुलभ र निःशुल्क गर्ने हो भने आम नेपाली नागरिक अतिरिक्त आयको व्यवस्था गर्नुपर्ने थिएन र भ्रष्टाचारसमेत रोकिने थियो । सरदर १० लाख राजस्व उठाउने सरकारले बढीमा ४०% मात्र उपभोग खर्च गर्ने, राजनीति १००% अवैतनिक गरी भ्रष्टाचार रोक्ने हो भने यो देशमा वार्षिक रूपमा ६ लाखले ७७ जिल्लामा स्वास्थ्य, शिक्षा, उद्योग, कृषि, पर्यटन, पूर्वाधारलाई समानुपातिक रूपमा लगाउँदा विदेशीसँग मुख ताकेर ऋण लिनुपर्ने अवस्था आउने थिएन । लिनैपर्ने अवस्थामा पनि अनावश्यक सर्त स्वीकार गरेर एमसीसीजस्तो देशघाती सम्झौता गर्नुपर्ने अवस्था आउने थिएन । सबैका लागि समान न्याय लागू गर्ने हो भने पियनदेखि राष्ट्रपतिसम्म समान रूपमा कानुनभित्र बस्छन् र सार्वभौमसत्ता सम्पन्न नागरिकले प्रसूति गृहदेखि आर्यघाटसम्म तिरेको करबाट सामाजिक सेवा गर्दछन् । सार्वजनिक पदमा बस्नेको विगत र वर्तमानमा अस्वाभाविक बदलाव आउनु, करोडौँ पर्ने

साधन प्रयोग गर्नु, सार्वजनिक स्रोतको नजिक हुनेले स्रोतको अत्यधिक दोहन गर्नाले यो देशमा हुने ५% र नहुने ९५% को पर्खाल खडा भएको छ ।

यस्तो अवस्थामा समानताको कुरा मृगमरीचिका भएको छ । अग्रगामी भनिएको विदेशी देश र INGO ले लेखिदिएको संविधानको मौलिक हकअन्तर्गत स्वास्थ्य, शिक्षा, आवास, श्रम, खाद्य, स्वच्छ वातावरण, न्यायमा पहुँच, सामाजिक न्याय, ज्येष्ठ नागरिक, सामाजिक सुरक्षा जस्ता हक-अधिकार संविधानका किताबमा दुनियालाई देखाउन काला अक्षरले लेखेर मात्र हुँदैन । समानताका कुरा गर्नेले सबै नागरिकलाई सबैका लागि समान न्याय, गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा सर्वसुलभ र निःशुल्क राज्यले व्यवस्था गर्नुपर्दछ । यो गर्नका लागि ठूलो धनराशीको आवश्यकता पर्दछ । सबै तहको राजनीति १००% अवैतनिक, पारदर्शी, भ्रष्टाचारमुक्त हुने हो भने आजको आन्तरिक राजस्वको ४०% मात्र सञ्चालन खर्च गरी बाकी ६०% नागरिकको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा सर्वसुलभ र निःशुल्क गर्नका लागि ६०% को ६ लाख बजेट पर्याप्त हुन्छ । अझ दिगो विकास र सम्मृद्धि ल्याउनका लागि, आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि, गाँसको व्यवस्थाका लागि कृषि उत्पादनमा वृद्धि गर्ने, साना, मझौला र ठूला उद्योग खोल्ने काम व्यापक जनसहभागितामा गर्न सकिन्छ । यसका लागि पारदर्शी, मितव्ययी र भ्रष्टाचाररहित व्यवस्था हुनु आवश्यक छ । अर्कोतिर सुरक्षा व्यवस्था चुस्त-दुरुस्त पार्ने र पर्यावरण जोगाउने हो भने प्रशस्त पर्यटन व्यवसायको विस्तार गर्न सकिन्छ । अर्कोतर्फ लाखौँको इन्धन आयातमा निर्भर भइरहेकोमा नागरिककै लगानीमा जलविद्युतको विकास गर्ने हो र घरायसी औद्योगिक यातायातमा विद्युतको खपत बढाउने हो भने देशमा समानता कायम गर्न सकिन्छ ।

अतः श्रद्धेय भरतमणि जङ्गमले विगत लामो समयदेखि पत्रकारिता, साहित्य, समाजसेवा, संविधान र कानुनविद, भ्रष्टाचारविरुद्धको अभियन्ताका रूपमा अनवरत मन, वचन, कर्मले विभिन्न छापा र विद्युतीय माध्यमबाट आफ्ना स्वतन्त्र विचार पस्कनुभएको छ । ती विचारहरू तथ्यपरक, तार्किक र निर्भीक रूपमा जनसमक्ष आएका छन् । ती विचारहरू कसले कति ग्रहण गऱ्यो, समाज तथा नागरिक कति गम्भीर भए, समीक्षा गर्ने बेला आइसकेको छ ।

हाम्रो देश नेपाल देवताले बास गरेको तपोभूमि हो । यो भूमि भौगोलिक, प्राकृतिक, वातावरणीय, सांस्कृतिक, धार्मिक सबै हिसाबमा सक्षम छ । तर यसलाई परिचालन गर्ने अधिकार लिएर बसेकाहरू अनुशासनहीन,

दुराचारी, कर्तव्यच्च्युत, देशद्रोही, भ्रष्ट भइदिँदा देश संसारकै पिछडिएको मुलुकका रूपमा परिणत भएको छ । यहाँ समानता, विधिको शासन, पारदर्शिताको खाँचो छ । भ्रष्टाचारको अन्त्य हुन आवश्यक छ ।

यहाँ समानताको कुरा गर्दा विभिन्न विद्वान्को मतलाई विश्लेषण गर्नुपर्छ । सबैका लागि समान न्याय, स्रोत र साधनको समान वितरण, निःशुल्क स्वास्थ्य सेवा, नैतिकता, अरूको हक-अधिकारको सम्मान गर्नु, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य निःशुल्क राज्यले उपलब्ध गराउनु नै समानता हो । यस कुराको प्राप्ति भ्रष्टाचारको अन्त्य, राजनीति अवैतनिक र मितव्ययी हुने हो भने सम्भव हुन्छ । कूल राजस्व १० खरबको ४०% मात्र सञ्चालन खर्च गर्ने हो तथा भ्रष्टाचार, चुहावट रोकिने हो भने वार्षिक ६ खरब नागरिकको सामाजिक न्याय, स्वास्थ्य, शिक्षा, पूर्वाधार, उद्योग विकासका लागि पर्याप्त बचत हुन सक्छ । समानताको पहिलो सर्त गाँस, बास, कपास ६ खरबबाट कुनै काम नै नगरी सबै नागरिकको पहुँचमा पुऱ्याउन सकिन्छ । देशमा उद्योग, व्यापार लगायतका कुरा नागरिककै सहभागितामा गर्दा र गराउँदा समानता प्राप्त हुन्छ । श्रद्धेय भरतमणि जङ्गमले लामो समयदेखि यस क्षेत्रमा खेल्नुभएको भूमिका र व्यक्त गर्नुभएका विचारहरू मनन गर्ने हो भने भ्रष्टाचारविरोधी अभियानमा ठूलो योगदान पुग्नेछ । उहाँजस्ता कालजयी र सबै क्षेत्रमा कलम चलाउने सिद्धहस्त व्यक्तित्वको हीरक महोत्सवले सार्थकता पाउन यी कुरामा सबैले ध्यान दिनु आवश्यक छ ।

•



इ. रामकुमार ठाकुर सप्तरीको राजविराजमा जन्मेर हाल काठमाडौँमा बस्नुहुन्छ । उहाँ वरिष्ठ इन्जिनियर तथा भ्रष्टाचार विरुद्ध नेपालका अध्यक्ष हुनुहुन्छ ।

# भरत जङ्गमका बहुआयाम
## – रामकुमार श्रेष्ठ

भरत जङ्गम नाम लिनासाथ लेखक, पत्रकार, कानुन तथा संविधानविद्, साहित्यकार र भ्रष्टाचारविरोधी अभियानका अभियन्ताजस्ता परिचयहरू धेरै नेपालीको मानसपटलमा आउने परिचयहरू हुन् । यिनै व्यक्तिसँग पहिलो पटक अस्ट्रेलियामा मेरो आफ्नै घरमा २०१७ को डिसेम्बरमा भेट भएपछि केही दिन सँगै घुम्ने र विभिन्न कार्यक्रममा सँगै हुने क्रममा धेरै महत्त्वपूर्ण जानकारीहरू प्राप्त गर्ने सुअवसर पनि प्राप्त भयो ।

**भ्रष्टाचारविरोधी अभियानका अभियन्ता :**

भरत जङ्गम भ्रष्टाचारविरोधी अभियानका अभियन्ताका रूपमा मात्र नभएर Father of anticorroptology का रूपमा चिनिने व्यक्ति हुन् ।

१९५० मा नेपालीको प्रतिव्यक्ति आय ८७ हुँदा भारत श्रीलङ्का, अफगानिस्तान चीन, गणतान्त्रिक कोरिया, हङकङ, मलेसिया र थाइल्यान्डको क्रमशः ९५, ९०, ८९, ११३, १४६, ४७०, ३५० र १३२ थियो भने २०२१ मा ती देशको प्रतिव्यक्ति आय क्रमश अनुमानित १२३६, २१९१, ३८३०, ४८०, ११८१९, ३४८६६, ४९०३६, ११६०४ र ७७०२ छ । विशेष गरेर १९५० मा नेपालीको प्रतिव्यक्ति आय भारत, श्रीलङ्का, अफगानिस्तानकै हाराहारीमा थियो भने अहिले अफगानिस्तानबाहेक सबै देशले तुलना नै गर्न नसक्ने गरी उछिनिसकेको छ । यसको एउटै कारण हो संस्थागत भयावह भ्रष्टाचार ।

यस्तो देशमा भ्रष्टाचारको विरोधमा विभिन्न किसिमले सशक्त आवाज उठाउने व्यक्तिको खाँचो भएकोमा भरत जङ्गम पनि देखापर्नुभयो । वि. सं. २०५२ सालमा भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने गरी ऐन बनाई पेन्सन खाने कार्यलाई वि. सं. २०५७ सन् २००१ मा बन्द गर्न खेलेको उहाँको महत्त्वपूर्ण भूमिकाले देशलाई वार्षिक करोडौँ रुपियाँ अनावश्यक किसिमले खर्च हुनबाट जोगायो ।

सरकारी पदाधिकारीहरूले दोहोरो सुविधा लिन नहुने भन्ने सर्वोच्च अदालतबाट वि. सं. २०५८ सन् २००२ मा आदेश भएको थियो । साथै भूतपूर्व राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र गृहमन्त्रीले विशेष सुविधा पाउने गरी तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराइले ल्याएको अध्यादेश

२०६९ मा खारेज गरी प्रतिवर्ष रु. ५० करोड राजस्व खर्च हुने काम रोकिनुमा भरत जङ्गमकै देन छ ।

**लेखक, पत्रकार एवं साहित्यकार :**

वि. सं. २०२७ साल सन् १९७० देखि पत्रकारितामा प्रवेश गर्नुभएका भरत जङ्गमले गोरखापत्र, कान्तिपुर, समाचारपत्र, हिमालय टाइम्स, लोकपत्र र राजधानीजस्ता दैनिक पत्रपत्रिकामा लेख-टिप्पणी लेख्नुका साथै नेपाली आवाजको सम्पादक तथा प्रकाशकका रूपमा काम गर्नुभएको छ ।

भरत जङ्गम वि सं. २०३६ (सन् १९७९) मा 'कालो सूर्य' नामक उपन्यास लेखेर साहित्य क्षेत्रमा प्रवेश गर्नुभएको हो । उहाँको सो उपन्यास विश्वका अन्य भाषाहरू अङ्ग्रेजी, हिन्दी, उर्दू, कन्नड, आसामी, बङ्गाली, जापानी, चिनियाँ, रुसी, मैथिली, भोजपुरी, डोट्याली, नेवारी तथा संस्कृत भाषाहरूमा अनुवाद भएका छन् । त्यसरी नै उहाँको 'रातो घाम' र 'व्यूहचक्र' अङ्ग्रेजी र हिन्दीमा अनुवाद भएका छन् ।

भरत जङ्गमको 'कालो सूर्य' को अलावा 'व्यूहचक्र', 'रातो घाम' र 'ख्वपदेश' चार उपन्यास छन् भने 'निर्बन्ध बन्धन' कथासङ्ग्रहका अतिरिक्त कविता तथा गीतका भिन्नाभिन्नै पुस्तकसमेत प्रकाशित भएका छन् । यसै गरी विचार दुष्टिकोण, पचास प्रसङ्ग तथा भ्रष्टाचार विरुद्धको आन्दोलन नामक प्रबन्धसङ्ग्रह पनि प्रकाशित भएका छन् ।

**कानुन तथा संविधानविद् :**

वि. सं. २०५५ (सन् १९९८) देखि सर्वोच्च अदालतमा सार्वजनिक सरोकारका मुद्दा दायर गरेर विभिन्न समयमा विभिन्न निर्णय गराउन सफल जङ्गमका निम्न मुद्दाहरू महत्त्वपूर्ण, चर्चित र उल्लेखनीय छन् –

१. वि. सं. २०५२ सालमा भूतपूर्व सांसदहरूले पेन्सन खान पाउने गरी ऐन बनाई पेन्सन खाने कार्यलाई वि. सं. २०५७ (सन् २००१) मा बन्द गरेको ।
२. सरकारी पदाधिकारीहरूले दोहोरो सुविधा लिन नहुने भन्ने सर्वोच्च अदालतबाट वि. सं. २०५८ (सन् २००२) मा आदेश भएको ।
३. भूतपूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र गृहमन्त्रीले विशेष सुविधा पाउने गरी तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ल्याएको अध्यादेश २०६९ मा खारेज गरी प्रतिवर्ष रु. ५० करोड राजस्व खर्च हुने कार्य रोकिएको ।

४. पहिलो संविधान सभाले गैरसंवैधानिक तरिकाले म्याद थप्तै कार्यकाल बढाएकोमा २०६९ जेठ १४ गतेसम्ममा संविधान जारी गर्नुपर्ने अनिवार्य अवस्था सृजना भएपछि सोही दिन प्रथम संविधान सभा विघटन भएको ।

**सामाजिक सेवा :**

यिनको अलावा देशका विभिन्न भागमा कसैले हिन्दूमूर्ति स्थापना गर्न चाहेको खण्डमा आवश्यक पर्दा विभिन्न हिन्दू देवीदेवताका मूर्तिहरू पनि निःशुल्क उपलब्ध गराउने गर्नुभएको छ जङ्गमले ।

अतः भरत जङ्गमले सुविधाभोगी मानसिकताका राजनीतिज्ञका कारण देशको ढिकुटीबाट बर्सेनी करोडौँ रुपियाँ अनावश्यक किसिमले खर्च हुनबाट जोगाउने जस्तो महत्त्वपूर्ण काम मात्रै गर्नुभएको छैन, उहाँले थोरै पुस्तक लेखेर पनि त्यसबाट नै धेरै देशमा नेपाली साहित्यमार्फत नेपाललाई चिनाउने काम पनि गर्नुभएको छ ।

●

# जङ्गम युगको खाका
## – स्वामी राममणि दास

यस्ता केही विषयहरू कार्यहरू हुन्छन् जसमा समावेश हुने अवसर प्राप्त हुँदा आफ्नो मन प्रसन्न हुन्छ र समाजलाई पनि प्रेरणा एवं नवीनतम ज्ञान तथा ऊर्जा प्राप्त हुन्छ । त्यस्तै ऊर्जाशील विषय एवं पुनीत कार्यमा भगवान्ले लगाउनुभएको छ यो दासलाई । त्यो त्यस्तो विषय अर्थात् व्यक्ति जसका बारेमा सानै बेला स्कुल जाँदा बाटोमा पोस्टर-पम्प्लेट देख्थेँ र गाउँसमाजमा चर्चा सुन्थेँ । सम्पन्न राजनीतिज्ञ, समाजसेवी र दरबारको विश्वासपात्र, शाही व्यक्तित्व भरत जङ्गम, जसलाई भगवान् अभयको कृपा प्राप्त छ, जो शरीर, समाज, आत्मा र परमात्मासम्बन्धी ज्ञानको उच्च स्तरको ज्ञाता हुनुहुन्छ ।

दासले यहाँ शाही शब्दले सम्बोधन गर्नुको कारण के भने उहाँ हरेक दृष्टिकोणले शाही हुनुहुन्छ । सामाजिक, पारिवारिक, आर्थिक र शारीरिक दृष्टिकोणबाट पनि । हामीहरूमा जोकोही पनि उहाँको सान्निध्यमा हुन्छौँ या छोटो समयका लागि भेट्ने गर्छौं, त्यस्तो व्यक्तिले पनि धेरै ठूलो प्रेरणा र ऊर्जा लिएर जान्छ । आर्थिक रूपमा पनि हामी भक्तपुरका बासिन्दा आधुनिक राजपरिवारकै रूपमा बुझ्ने गर्थ्यौं भने पारिवारिक रूपमा पनि उहाँ सम्पन्न एवं भाग्यशाली हुनुहुन्छ । सामाजिक रूपमा त उहाँ यस्तो व्यक्तित्व, जुन व्यक्तित्व आफैँमा एउटा प्रख्यात संस्था हो ।

आधुनिक नेपाली समाजमा कुख्यातलाई प्रख्यातका रूपमा बुझ्ने बानी परेको छ गणतान्त्रिक नेपालीलाई । तर साँच्चिकै राष्ट्रवादी, आस्तिक, धार्मिक, बौद्धिक समाजले भने उहाँजस्ता थोरै व्यक्तिलाई मात्र चिन्छ र लिन्छ प्रख्यातका रूपमा । त्यति मात्र नभई त्यो समाजको उहाँ रानी मौरी हुनुहुन्छ ।

धार्मिक दृष्टिकोणबाट भन्ने हो भने भरत जङ्गम हुनुहुन्नथ्यो भने आज विश्वसम्पदा सूचीको श्री पशुपति मन्दिर अहिलेसम्ममा गणतान्त्रिक पार्कका रूपमा विकसित भइसकेको हुने थियो । यस्तै अरू धेरै मन्दिरहरू, जसमा प्रथमतः भगवान् डोलेश्वरलाई नै लिनुपर्ला । किनभने डोलेश्वर मन्दिर अहिले जुन अवस्थामा विकास भएको छ, त्यो सबै भरत जङ्गमको भक्तिको शक्तिद्वारा मात्र सम्भव भएको हो । अन्यथा यो अवस्थामा डोलेश्वरलाई नेपाली समाजले प्राप्त गर्ने थिएन ।

त्यस्तै गरी भक्तपुरकै अनन्तलिङ्गेश्वर, धनेश्वर बनेपा र अरू रहस्यमय कुराहरू धेरै छन् । त्यसमध्ये एउटा विशेष चमत्कार सरस्वतीको मन्दिर हो । चाकलमाठ भक्तपुरको यो मन्दिरमा आजभन्दा करिब १५ वर्षपहिले आउँदा सरस्वतीको चित्र विग्रह नभई महाप्रभु श्रीको विग्रह देखेपछि उहाँले चर्चा चलाउनुभयो यस विषयमा । यसले ठूलो रूप लियो र उहाँ आफैँलाई ठूलो प्रेरणा र कृपा भयो अब यसै ठाउँमा सरस्वतीको विग्रह स्थापना गर्ने राम्रो मन्दिर बनाउने । यसबीचमा धेरै घटनाहरू भए । यस विषयलाई लिएर सपना देख्नु, सपनामा देखेजस्तै सरस्वतीको मूर्ति पनि समयभन्दा अगावै तयार हुनु आदि-आदि कुराहरू । विग्रह आइसकेपछि परिवारमा भएका राम्रा कार्यहरू अर्थात् कार्यको सफलता सबै सदस्यहरूको ।

आजभन्दा ठीक १० वर्षपहिले जति बेला म राधाकृष्ण मन्दिर इस्कोनमा मुख्य व्यवस्थापक (सेवक) का रूपमा सेवारत थिएँ, त्यति बेला नास्तिकवाद (आसुरी अभ्यास) चरम उत्कर्षमा पुगेको थियो । त्यस बेला देशैभरि अधर्म नै जीवनको मुख्य उद्देश्यका रूपमा समाजमा अघि बढिरहेको देख्ता केही त यसका लागि गर्नैपर्छ जस्तो मनमा तरङ्गहरू उठेकाले कसरी समाज सुधार्न सकिएला भनेर समाजका जिम्मेवार सामाजिक र धार्मिक व्यक्तित्वहरूसँग चर्चा चलाउन थालेँ, जसमध्ये प्रेमप्रसाद काफ्लेसँग धेरै योजना र कार्यक्रमका बारे कुरा गरेँ । यस क्रममा अरू विभिन्न महत्त्वपूर्ण व्यक्तित्वसँग छलफल भए, विशेष गरी दीपक सापकोटा, विनोद अधिकारी, अच्युत अधिकारीलगायतका व्यक्तित्वहरूसँग मैले वैदिक अध्ययन-अनुसन्धान केन्द्र, यसको विशेषता, महत्त्वको पूर्ण कार्ययोजनाका बारेमा जानकारी दिएँ । उहाँहरूको सुझावलाई शिरोपर गर्दै भरत जङ्गम र सुरेन्द्रप्रताप शाहसँग सम्पर्क गरेँ र योजनाका बारे छलफल भए । उहाँले निकै चासो र गम्भीरतापूर्वक लिनुभयो । त्यसपछि बाँसबारीका केशव अधिकारी र कमलविनायकका सुभद्रा काफ्लेसँग कुराकानी गरेँ । उहाँहरूको घरबाटै कामको सुरुवात गरियो । केही मिटिङहरू र कार्यक्रम (भागवत) मा भरत जङ्गमको पनि उपस्थिति र मार्गनिर्देशन थियो । उहाँको बसाइ काठमाडौँ र कार्यक्रम अरू धेरै ठाउँमा भएकाले उहाँको पूर्ण संरक्षकत्व र नेतृत्व हामीले प्राप्त गर्न नसक्ता देशकै गरिमामय र पर्यटकीय आकर्षणको योजना वैदिक अध्ययन एवं अनुसन्धान केन्द्र गाउँका केही आसुरी प्रवृत्तिका व्यक्तिका कारण काल्पनिक कल्पेश्वरका रूपमा परिणत भयो ।

सुरुदेखि नै कार्यक्रमलाई कसरी लागू गर्ने वा सुरु कसरी गर्ने भन्ने बारेमा भरत जङ्गमसँग चर्चा गर्ने क्रममा मैले इस्कोन मन्दिर बुढानीलकण्ठमा निमन्त्रणा गरेँ । उहाँको सपरिवार मन्दिरमा आई भगवान्को दर्शन, पूजा,

आरतीपश्चात् प्रसाद ग्रहण गरेपछि मैले वैदिक अध्ययन केन्द्र स्थापना गरी समाजमा रहेको भ्रष्टाचार, व्यभिचार, नास्तिकता हटाई नेपाली समाजलाई पुनः आस्तिक, धार्मिक, बौद्धिक समाजमा फर्काउन सकिन्छ भन्ने बारेमा प्रस्ताव राखेर निवेदन चढाएँ ।

भरत जङ्गमको जन्म यो तपोभूमि नेपाल राष्ट्रमा धर्मको रक्षा र मठ-मन्दिरहरूको संरक्षणका लागि भएको हुनुपर्छ । प्रचण्ड प्रधानमन्त्री भएको बेला पशुपति मन्दिरलाई तथाकथित रुढिवाद भनेर बन्द गरी चर्चमा परिणत गराउन खोजेर माओवादी इसाई क्रान्तिकारीलाई पुजारीका रूपमा नियुक्त गरिसक्ता समेत असुरहरूको योजनालाई भरत जङ्गमको लगभग एक्लो प्रयास सफल भई आज नेपाली समाजका हामीले भगवान् पशुपतिनाथको दर्शन गर्न जान पाएका छौँ । यो हामी नेपाली समाजको मात्र नभई विश्वभरिकै धार्मिक, वैदिक सनातन धर्मको आस्थाको केन्द्रको संरक्षण र रक्षामा लगाइएको गुण युगौँयुगका लागि गौरवको विषय भएको छ ।

यस्तै मठमन्दिर संरक्षण र सांस्कृतिक जागरणका क्षेत्रमा सन् २०१७ को अप्रिल महिनामा एउटा यस्तो कार्यक्रम गर्ने योजना बनाइयो, जसबाट नेपाल र भारतका निकटतम सम्बन्ध रहेका मन्दिर र सांस्कृतिक सम्बन्धका बारेमा सर्वसाधारण व्यक्तिलाई जानकारी दिन सकियोस् । यसको धारणा धार्मिक व्यक्तित्व धर्मराज बराल (पोखरा) ले बनाउनुभयो र उहाँले नै संयोजनसमेत गर्ने योजना बन्यो । म यो योजना र यसको निवेदन लिएर बिजुलीबजारमा भरत जङ्गमको कार्यालयमा गएँ र बिन्ती चढाएँ – "हामीले भगवान् मुक्तिनाथ, पशुपतिनाथ र जगन्नाथका बारेमा सम्मेलनको आयोजना गर्न लागेका छौँ । यसमा हजुरको भौतिक र बौद्धिक उपस्थिति तथा मार्गनिर्देशनको आवश्यकता पऱ्यो । यो सम्मेलन यो वर्ष जगन्नाथपुरीमा र अर्कोपटक काठमाडौँमा आयोजना हुनेछ ।"

त्यसपछि उहाँबाट आज्ञा भयो कि भौतिक रूपमा उपस्थित हुन टाढाको यात्रा भएकाले अलि गाह्रो छ । अनि यी तीर्थस्थल र धामका बारे धेरै चर्चा भयो । हामीले त्यो सम्मेलन पुरीमा सम्पन्न गऱ्यौँ, जसमा नेपालबाट पूर्वसांसद शङ्कर पाण्डे र त्रिभुवन विश्वविद्यालयका ६ जना प्रोफेसरलगायत ४६ जना विद्वान्हरूको सहभागिता रहेको थियो ।

भगवान् जगन्नाथको कृपा, आजभन्दा २ वर्षपहिले मैले भरत जङ्गमलाई फोन गरेँ । कुराकानीका क्रममा उहाँले टेकुस्थित अति नै पुरानो मन्दिर संरक्षण र व्यवस्थापनको अभावमा अलपत्र अवस्थामा छ, मन्दिरका मठाधीश वृद्ध भइसके, उत्तराधिकारी पनि छैन, त्यसको उत्तराधिकारी भएर मन्दिर

पुनर्निर्माण गरेर चलाउनुस्, एउटै वैष्णव दास सम्प्रदाय पनि हो, आजै आउनुस्, मन्दिर हेर्न जाऊँ भन्ने आदेश भयो । म त्यसैअनुरूप गएँ उहाँको कार्यालय बिजुलीबजारमा । हामीसँगै त्यसतर्फ लाग्यौँ । मन्दिरको अवस्था अति नै जीर्ण, टेका लगाएर राखिएको थियो । मन्दिरको प्राङ्गणमै गरिबहरूको करिब ५-७ परिवारको बसोबास रहेछ । कुसंस्कारी युवाहरूको एकान्त भेटघाटको थलोका रूपमा विकास भएको पाइयो अति नै पौराणिक, ऐतिहासिक, आस्थाको त्यो धार्मिक स्थल ।

त्यसको केही दिनपछि श्रद्धेय भरत जङ्गमले मन्दिरका मठाधीशलाई बिजुलीबजार कार्यालयमा बोलाई 'अब तपाईं बृद्ध हुनुभयो, मन्दिर पनि लथालिङ्ग छ, पुनर्निर्माण गर्नुपर्छ र राम्रोसँग चलाउनुपर्छ, अब वैष्णव परम्पराअनुसार जिम्मेवारी दिनुस्' भन्नुभयो । मठाधीशले 'उत्तराधिकारी बनाई जिम्मेवारी दिएर मन्दिर बच्छ भने हुन्छ, ठिकै छ' मात्र भन्नुभएन, खुसी हुँदै मन्दिरको जग्गाको विवरणसहित कागजात दिनुभयो । अनि सँगै रहनुभएकी उहाँकी छोरीले 'भाइसँग सल्लाह गर्छौं, हाम्रो पनि घर छैन, आफ्नो मान्छेकोमा बसेका छौँ, हामी चाँडै सल्लाह गरेर खबर गर्छौं' भन्नुभयो ।

करिब ६ महिनाजति यो कुरा त्यसै रह्यो । त्यसपछि फेरि कुराकानी अगाडि बढाउने क्रममा मिटिङहरू भए र गुठीमा दर्ता गर्ने कार्य भयो, ताकि गुठीले पनि सहयोग गरोस् । त्यसको केही समयपछि लकडाउन भयो र यो शुभकार्य भगवत कार्य अगाडि बढ्न सकेको छैन । निर्माण आदि कार्य सुरु हुन सकेको छैन । यो सबै भगवान्कै इच्छा होला । मैले पनि धेरैपटक भक्तहरूका साथ कीर्तन-प्रार्थना चढाएँ । सायद भगवान् प्रसन्न भएर मलाई धामको विशेष जिम्मेवारी र सेवासाथ उतै बस्नका लागि प्रस्ताव आएको छ । अब चाँडै कोरोना आतङ्कको विश्रामपछि उतै जानेछु र भगवान्को भक्तिसेवा अगाडि बढाउनेछु । भगवान् जगन्नाथले टेकुमा पनि सेवा गर्ने जिम्मेवारी प्रदान गर्नुभयो भने आवश्यकता र महत्त्व हेरी समयको सदुपयोग गरेर शुद्ध भक्तिसेवामा लाग्नेछु ।

सबै मानिसहरू धनका पछाडि दौडिरहेका हुन्छन् । कोही पुण्य कर्म या सामाजिक सेवा नै जीवनको उद्देश्य हो अर्थात् जीवन सामाजिक सेवाका लागि हो भन्ने बुझ्छन् र त्यसैअनुरूप कार्य गर्दछन् । यस्ता मानिस थोरै भए पनि छन्, जसले शारीरिक र भौतिक स्तरमै कार्य गर्दछन् र पुण्यधन कमाउँछन् । कसैले सामाजिक सेवाको काम भनी समाज र राष्ट्रसेवाको नाममा ठूलो प्रचारबाजी गरेर ठग्छन्, लुट्छन् । विशेष गरी राजनीतिद्वारा समाज र राष्ट्रसेवामा लाग्नेहरू पाप र धनका पछाडि अन्धो भएर दौडिरहेका

हुन्छन् । त्यस्तो पापी अर्थात् भ्रष्टाचारीहरूलाई रोक्नु र ठगी गर्नेहरूको पापको घैंटो भरिन नदिई रोक्नु नै देश र समाजका लागि सबैभन्दा ठूलो सामाजिक सेवा हो । शास्त्रमा पनि भनिएको छ – अरूलाई दुःख दिनु, ठग्नु, भ्रष्टाचार गर्नु पाप हो भने यसलाई रोक्नु अर्थात् अरूको सेवा गर्नु पुण्य हो । यस्तै समाजसेवामा लागेर सम्पूर्ण रूपमा तन, मन, धन र विवेक समाजका लागि अर्पण गरी वास्तविक समाजसेवा गरेर साँचो त्याग सिकाउने भरत जङ्गमलाई त्रिभुवन विश्वविद्यालयले पनि कदर गरेको छ पाठ्यक्रममा भ्रष्टाचारविरुद्धको विज्ञान विषय राखेर ।

अहिले श्री ५ महाराजाधिराज महेन्द्र हुनुहुन्थ्यो भने पञ्चायती व्यवस्थामा भ्रष्टाचारविरोधी पाठ्यक्रम स्कुल स्तरबाटै पढाइ गराउनुहुन्थ्यो र पञ्चायत व्यवस्था र पञ्चायत शब्द विश्वव्यापी हुने थियो । यसै पनि अहिले भारतमा ग्राम पञ्चायत कार्यदल, नगर पञ्चायत कार्यदल लेखेको देख्न सकिन्छ । पञ्च शब्द हाम्रो वैदिक शास्त्रमा अत्यन्तै शुभ मानिन्छ । पञ्चरात्रविधि, पञ्चामृत, पञ्चकन्या, पञ्चगव्य आदि-आदि थुप्रै शब्द यही शुभ शब्दबाट बनेका छन् । अहिले समाजमा रावण राज्य छ र सबै अशुभ कार्यहरू भइरहेका छन् । चरम भ्रष्टाचार, गौहत्या लगायतका अशुभ गतिविधि भएका छन् । त्यसलाई रोक्ने पुण्य कर्मका लागि भगवान्बाट कृपा प्राप्त व्यक्तित्व हुनुहुन्छ भरत जङ्गम । एक व्यक्तिमा भएको अनेक व्यक्तित्व उहाँ पत्रकार, साहित्यकार, धार्मिक, सामाजिक, दार्शनिक व्यक्तित्व, कानुनविद्, मठाधीश, राजनीतिज्ञ आदि भनेर चिनिनुहुन्छ वा समाजले चिन्छ । उहाँ भ्रष्टाचारविरोधी दर्शनका दार्शनिक हुनुहुन्छ । यो दर्शनले व्यापकता पाउँदा विश्वले रामराज्य वा साँचो समाजवादी सिद्धान्त पाउँछ । यो दर्शन यो युगका लागि वरदान हो । यो दर्शनले जङ्गम युगको खाका कोर्छ । यस्तो विचार दिने यिनै युगपुरुषलाई ७५ वर्षको हीरक महोत्सवका लागि हार्दिक शुभकामना ।

●



स्वामी राममणि दास धार्मिक तथा आध्यात्मिक अभियन्ता तथा समाजसेवी हुनुहुन्छ ।

# इतिहासको पानाभित्र देखिएको पात्र
## – लवकुमार नेपाल

जुन कुरा भए, गए र बिते, त्यसलाई इति + हास भनिन्छ । यसको शाब्दिक अर्थ हो समाप्त भएको कुरा । यस्तै-यस्तै । इतिहासका धेरै विधा हुन्छन् । ती विधाभित्र विगतमा भएका नयाँ-नयाँ रचना, नयाँ-नयाँ कार्य, नवीन व्यक्तित्व, घटना, चर्चा-परिचर्चा, जात्रा, पर्व, प्राकृतिक प्रकोप, दृश्य, आदि थुप्रै विषयवस्तुहरू पर्दछन्, जसले हाम्रो समाजलाई नयाँ चिनारी, नयाँ छाप तथा नयाँ नाम दिएर आफ्नो वर्चस्व कायम गरिरहेका हुन्छन् । यसलाई नियालेर अतीतको हरेक मोडमा पुरातत्त्वका साथ नियालेर हेर्‍यौँ भने विगतका विषयवस्तुहरू ऐनाजस्तै छर्लङ्ग हुन्छन् ।

यस्तै इतिहासभित्र दबेर रहेका विषय प्रसङ्ग हो भरत जङ्गम, जो भरतमणि जङ्गमको नामले चिनिनुहुन्छ । उहाँ बानेश्वर मिलनचोक नामको स्थानमा रहने, विगतको भीमसेनगोला गाउँ पञ्चायतका बासिन्दा हुनुहुन्छ, जुन वर्तमानमा का. म. पा. २९ नं. वडा पर्दछ; जुन म रहेको बासस्थान नेपाल पूजा प्रतिष्ठानदेखि आग्नेय कोणमा करिब २० मिनेटको दूरीमा रहेको छ ।

यसरी बानेश्वरको पुरानो बासिन्दा भए पनि उहाँको र मेरो परिचय २०५८ सालमा मात्रै बत्तीसपुतलीमा आदरणीय गोविन्द टन्डनको बासस्थानमा उहाँमार्फत भएको थियो । जङ्गम परिवारमा उहाँसँग मात्र होइन, उहाँका भाइ दीपक जङ्गमसँग पनि मेरो कामको सिलसिलामा २०५६ सालमा जापानी नागरिक इकाइ कावागुची नेपाल प्रवेश गरेको शतवार्षिकी कार्यक्रमको सिलसिलामा भएको थियो ।

तिरहुत राज्य सिमरौनगढ गयासुद्दिन तुगलकबाट ध्वस्त भएपछि नेपाल मण्डलमा जयस्थिति मल्लको पालामा काठमाडौँ उपत्यकाभित्र पनि ध्वंसात्मक र लुटपिटको गतिविधि भयो । धेरै मठमन्दिरहरू ध्वस्त भए । पशुपति मन्दिरमा पनि हमला भयो । ऐतिहासिक सामग्रीहरू ध्वस्त पारिए । गौशाला समीपमा रहेको पशुपतिको भण्डार गृह (भण्डारखाल) तहसनहस हुन पुग्यो । सबै सामग्रीहरू लुटिए, स्वयम्भु मन्दिर पनि फुटाइए, जताततै विघ्न विनाश भयो । महर्षि ने मुनिबाट स्थापना भएको पशुपतिको शिवलिङ्ग तोडफोड गरियो । लिच्छविराजा सुपुष्पदेवबाट निर्मित मन्दिर र शिलापत्रहरू प्रायः सबै

फुटाइए । जनताहरूको भागाभाग भयो । तत्कालीन राजा जयस्थिति मल्लद्वारा डटेर प्रतिकार भयो । करिब १००० जना मुसलमानहरूद्वारा गरिएको हमलामा ३०० भन्दा हमलावारहरू र घोडाहरूसमेत मारिए । कतिपय घाइते भए । भीषण प्रतिकार भयो । यसरी बाह्य शक्तिबाट छिन्नभिन्न भएको आराध्यदेवको पूजा निकै समयसम्म रोकियो । स्थिति सुनसान भयो । हजारौँ वर्षदेखि पूज्य हुँदै आएको विश्वको हिन्दू धर्मावलम्बीहरूका एक मात्र शीर्ष देव पशुपतिनाथ र उनले प्रयोग गर्ने विधिवत सामग्रीहरू र भण्डारण गृह (भण्डारखाल) इतिहासभित्र पनि इतिहास बन्न पुग्यो ।

इतिहासभित्र यिनै जङ्गमका पूर्वजबाट आराध्यदेवको मन्दिरमा आराध्यदेव भगवान् शिवजीको चतुर्मुखी शिवलिङ्ग निर्माण भई प्रतिष्ठापन हुन पुग्यो । मन्दिरमा भव्य रूपले स्वस्तिशान्ति भयो, घण्टहरू बजे, शिवमन्दिर पुनः उज्यालो भयो र दीपहरू बले, जयजयकार भयो । एक मात्र प्राणाधार भगवान् पशुपतिनाथको उदय पुनः भयो ।

जङ्गम परिवारको गृहजिल्ला भक्तपुर हो । यसमा पनि डोलेश्वर महादेवको पूजा र संरक्षण गर्ने पुर्खाहरू पनि जङ्गममठकै जङ्गम हुन् । जङ्गम नै हुन् मात्रै होइन, भक्तपुरको जङ्गम मठको अधिकारमा पनि इतिहासको कालखण्डमा जङ्गमहरूकै वर्चस्व कायम रहिरहेको छ । यति मात्र कहाँ हो र, यी जङ्गम पुस्तैनी रूपमा भगवान् पशुपतिनाथको संरक्षण गर्नमा सिपालु र निडर छन् । यिनको काशी विश्वनाथ मन्दिरको जीवनसँग पनि सम्बन्ध रहेको छ । काशी विश्वनाथ मन्दिरको भव्यता र धार्मिक आस्थालाई भत्काउने, तोड्ने र अनुयायीहरूलाई कत्लेआम गरी आफ्नो मुगल हैकम जमाई मुस्लिम मस्जिद बनाउने सिलसिलामा काशी विश्वनाथको लिङ्गलाई उठाई सुरक्षित साथ जङ्गममठमा लगेर स्थापित गराउने दृढ साहसी यिनै जङ्गम पुस्ताले गरेको इतिहास जीवन्त छ ।

यसरी इतिहासभित्र इतिहास बनेर हिँड्ने कुशल व्यक्तित्व जङ्गमहरूको रक्त वेगमा देखापर्दछ । पुर्खाले गरेको कार्य, धर्मप्रतिको चेतना र कहालीलाग्दा मानवीय दुर्गुणहरूलाई केलाउने सीप पनि यी जङ्गम व्यक्तित्वमा देखिइरहेको छ । बाह्य शक्तिबाट अधिराज्यमा देखापरेको राजनीतिक, सांस्कृतिक र धार्मिक असन्तुलन आइपर्दा सबैसँग मिलेर र डटेर सामना गर्ने शैलीले पनि समुदाय लाभान्वित हुन पुगेकाले जंङ्गम व्यक्तित्वको चाहना समाजमा बढेको देखिन्छ । यो विषय केवल भरत जङ्गममा मात्र होइन, उहाँको खलकमा यो क्रियाविशेषण देखिएको छ । यस परिधिमा भरत

जङ्गमको भूमिका विशेष रहेको छ । आराध्यदेव पशुपतिनाथमा देखिएको धार्मिक अपचलन, विमलेश्वरलाई डोलेश्वरमा परिवर्तन गर्ने क्रिया र सो मन्दिरको भौतिक स्वरूप परिवर्तन गर्ने पवित्र कार्यभित्र मन्दिरको भौतिक स्वरूपलाई सम्पादन गर्ने, अनन्तलिङ्गेश्वर आराध्यदेवको मन्दिर २०७२ सालको भूकम्पको चपेटामा परेकाले नयाँ मन्दिरको स्वरूप बनाउने कार्य, बागेश्वरी सरस्वतीस्थानमा सरस्वतीदेवीको विग्रह स्थापनालगायत कतिपय कार्यहरू रहेका छन् ।

वाक्शक्तिमा प्रखर रहेका निर्भीक जङ्गमको जीवन पत्रकारितामा पनि त्यत्तिकै प्रखर छ । कुनै बेला उहाँले इङ्गित गरेका भ्रष्ट आचरण भएको व्यक्ति उहाँको पत्रकारितामा उल्लेख भए ठाडै कारवाही भइहाल्थ्यो । जागिरे छ भने जागिर नै जान्थ्यो । यसरी जङ्गमजी राष्ट्रको अविच्छिन्न सेवा र पुर्ख्यौली मानसम्मानमा उकालो हिँडेका व्यक्ति हुनुहुन्छ । उहाँले 'कालो सूर्य' नामको पुस्तकबाट निकै ख्याति बटुल्नुभएको छ । भ्रष्टाचारीहरूको दोहन गर्ने बानीको अथक प्रयासले नेपालको शैक्षिक जगत्मा भ्रष्टाचार निर्मूल अभियानको पाठ्यक्रमसमेत तयार गराई विश्वविद्यालय स्तरमा नै उच्च शिक्षा दिइनुपर्दछ भनी कार्य सुरुवात गरिसक्नुभएको छ ।

इतिहासजस्तो कठिन वाङ्मयलाई पनि अध्ययन गरी सही दिशातर्फ ऐतिहासिक वाङ्मय रहनुपर्दछ । अपत्यारिलो र विज्ञानसम्मत नभएको कथावस्तु इतिहासमा रहनु हुँदैन भन्ने मान्यता बोक्नुभएका भरत जङ्गमको हालै २०७७ मा 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' पुस्तक शब्दयात्रा प्रकाशनबाट प्रकाशमा आएको छ । यो पुस्तकभित्र पनि इतिहासका थुप्रै दोषारोपण भएका, विज्ञानसम्मत नभएका र इतिहासले बोल्न नसकेका विषयहरू उजागर गर्नुभएको छ । यस्ता पुनीत कार्यलाई समाजले साधुवाद दिनुपर्छ ।

मानिस स्वयं ईश्वर होइन । ईश्वरवाट सृजित जीवमध्येको एक कुशल प्राणी हो । यति हुँदाहुँदै पनि मानिसमा सबै कुरा सगुण मात्रै हुँदैन दुर्गुण पनि रहन सक्छ । यस्ता अवगुण देखापरे सच्याउने प्रयास गर्नु उसको महानता पनि हुनेछ । त्यसैले समाजले पनि सगुण, दुर्गुण दुवैलाई एकै ठाउँमा राखेर विश्लेषण पनि गर्ने गर्नुपर्दछ ।

यहाँ यस पुस्तकभित्र यस्तै आख्यानिक शैलीभित्र चाँगुनारायण मन्दिरको प्रसङ्ग रहेको छ । यस मन्दिरका मूल देव भगवान् नारायणलाई 'दोलाशिखर स्वामी' को उपाधि इतिहासमा दिइएको छ । यस उपाधिप्रति भरतज्यूले विमति राख्नुभएको छ । साथै 'दोलाशिखर स्वामी' को कुनै अर्थ

लाग्दैन भनी उहाँको पुस्तक 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' को पृष्ठ ४४ को सिरानीमै तर्क प्रयोग गर्नुभएको छ । इतिहासले इङ्गित गरी जनसमक्ष प्रस्तुत गरेको र समाजका विद्वान् लेखक तथा इतिहासकारहरूले पनि प्रामाणिकता दिइसकेको विषयवस्तुमाथि विमति राख्नु अलि प्रासङ्गिक भएन कि ! किनकि चाँगुनारायणको इतिहास कुनै राजारजौटाको घटना विशेषबाट आख्यानका रूपमा बनेको होइन । यो पौराणिक कालको दानव र देवताहरूको सङ्घर्ष अनि आराध्यदेव भगवान् शिवको अनुकम्पाबाट नै सृजित आख्यानबाट दोलाशिखर नामकरण भएको हो भन्ने ऐतिहासिक मान्यता पनि रहेको विषय हो । भगवान् शिवलाई पूजन गर्ने भक्तहरूमध्ये स्वयं भरत जङ्गम नै हुनुहुन्छ, जसबाट हामीलाई पनि प्रेरणा मिलेको छ ।

यस विषयमा स्कन्दपुराणअन्तर्गत योगी नरहरिनाथद्वारा सम्पादित हिमवत्खण्डमा प्रस्टसँग उल्लेख गरिएको छ । वर्तमान समयमा वेणीमाधव ढकालले सम्पादन गरी एउटा ग्रन्थ प्रकाशित गरिदिनुभएको छ । यस ग्रन्थको १२६ औँ अध्यायको पृ. ८३३ मा सविस्तार वर्णन रहेको छ, जुन यसप्रकार रहेको छ –

नेमुनिरुवाच

इत्युक्त्वाऽन्तर्दधे रुद्रो विष्णुरत्राऽगमद् ध्रुवम् ।
मुरोऽप्याश्वभिदुद्राव चैतत्पर्वतशेखरम् ॥५६॥
दोलाशैलं दृढं दोर्भ्यां समालिङ्ग्य मुरोऽसुरः ।
प्रान्दोलयद् भृशं विप्र पाटयितु रुषाऽन्वितः ॥५७॥
शैलकम्पं हरिः प्रेक्ष्य सस्मार पशुपेश्वरम् ।
एतल्लिङ्गं समुद्भूतं तत्क्षणद्धिष्णुचिन्तने ॥५८॥
राधाचसितचतुर्दश्या महानिशि मुदा हरिः ।
पूजति स्म तदा लिङ्गमेतत्पञ्चोपचारकैः ॥५९॥
तत्पूजनात्तुतोषेशस्स्तम्भहेतुसमद्भवः ।
व्याचष्ट वचनं शम्भुर्वरदानाय विष्णवे ॥६०॥

कीलेश्वर उवाच

एतद्गिरिं समुद्धर्त्तुं स्तम्भत्वेनोद्भवाम्यहम् ।
दृप्तो दानवराजश्व गिरिमुत्खातुमद्यतः ॥६१॥
स्वशीर्षमसिना विष्णो प्रच्छेद्याराधयेश्वरीम् ।
हनिष्यति ततः सा तं जगद्रक्षय साम्प्रतम् ॥६२॥

माथि उद्धृत पङ्क्तिअनुसार कश्यपपुत्र मोर दानवले भगवान् श्री भ्राटेश्वर महादेवको तप गरी शक्ति आर्जन गरेपछि देवताहरूलाई दुःख दिँदा

दुःखशमन हेतु विष्णुसँग र देवताहरूसँग युद्ध हुँदा त्यस शिखरलाई डोला हल्लाएझैँ मोर दानवले दुवै हातले हल्लाउँदा भगवान् श्री महादेव कीलेश्वर बनी त्यस चुचुरोको संरक्षण गरिदिनुभएको प्रसङ्ग रहेको छ । किनकि त्यो चुचुरो भगवान् विष्णु विराजमान् हुने चुचुरो थियो । यस घटनापछि विष्णुले शिवजीको आज्ञाअनुसार देवीको आराधना गरी आफ्नै शिर आफैँले छेदन गरी देवीलाई चढाउँदा देवी प्रकट भई मोर दैत्यको बध भएको थियो र छिन्नमस्ता देवी स्थापित हुनुभएको सुन्दर प्रसङ्ग रहेको छ ।

यसरी पुराणबाट नै प्रस्टोक्ति भएका कारणले लिच्छविराजा हरिदत्त बर्माद्वारा चम्पक वनको चुचुरोमा चाँ-गुँ नारायणको विग्रह बनाई सप्रमाण स्थापित गरिएको र समय-समयमा जीर्णोद्धार र सिँगारपटार हुँदै मानदेव प्रथमको पालामा यसले भव्यता पाएर कीर्तिस्तम्भ राखिएको थियो । यसरी दोलाशिखर स्वामी प्रतिष्ठापित हुनुभएको हो । यस किसिमले इतिहासले प्रमाणित गरिसकेको विषयवस्तुलाई हामीले पुनः विमति राखी तर्क प्रस्तुत गर्नु सान्दर्भिक नहोला कि भन्ने राय प्रकट गरेको हुँ ।

यसरी नै वाणेश्वर महादेवको सङ्क्षिप्त परिचयमा पनि भरत जङ्गमको उत्कृष्ट कलमले वाणेश्वर भगवान्को भौतिक परिचय जनसमक्ष गरेको प्रस्तुति उत्कृष्ट नै मान्नुपर्छ । हामी वैदिक सनातनीहरू, जो वैदिक धरातलमा करोडौँ वर्षदेखि अनुयायी भई वैदिक जीवनयापन गरिरहेका छौँ, यस्तो समुदायलाई भगवान् श्रीको व्याख्या जति नै पटक गरे पनि कहिल्यै अघाउँदैनौ । किनकि हाम्रो अल्पजीवनी वृत्ति नै यही हो ।

यसको व्याख्या गर्ने क्रममा पनि जङ्गमजीको कलमले इतिहासको भ्रम तथा निराकरण गर्ने प्रस्तुतिमा पृष्ठ ९५ को ७-१० औँ हरफमा भगवान्ले आफ्नै परिसरमा 'वाणगङ्गा' उत्पत्ति गर्नुभएको प्रसङ्ग रहेको छ । यो प्रसङ्ग सरसर्ती अध्ययन गर्दा स्वाभाविक नै देखिन्छ; तर यो तर्क अध्ययन गर्दा अलि सान्दर्भिक नरहेको देखिएको छ । भगवान् शिवजीको नेपालमण्डलमा ६४ पीठहरू रहेको वर्णन शिवपुराणमा प्राप्त भएको छ, जसमध्ये यो वाणेश्वर महादेव रहनुभएको छ । पौराणिक कालखण्डमा रामायण महाकाव्यको रचना हुँदा चाक्षुष मन्वन्तरमा माता सतीदेवीको यज्ञमण्डपमा देह विसर्जन भएको हो भन्ने प्रमाण पाइन्छ र सोही मन्वन्तरको अन्तिम पाउतिर माता पार्वतीको विवाह भगवान् शिवसँग भएको उल्लेख छ । यसर्थ वाणेश्वर महादेवको उत्पत्ति पनि माता सतीको अङ्ग पतन भएको स्थानमा दाहिने घुँडा पतन भई ज्योतिर्लिङ्ग चाक्षुष मन्वन्तरमा नै भएको अनुमान गर्न सकिएको छ । यस विषयलाई स्वस्थानी कथा र भाषावंशावलीले पनि केही पुष्टि गरेको छ ।

स्कन्दपुराणअनुसार यस वाणेश्वर ज्योतिर्लिङ्गलाई सुरुमा वाण नाम गरेका एक ब्रह्मर्षि ब्राह्मणबाट पूजन गरिँदै आएकाले कालान्तरमा उनैको नामबाट वाणेश्वर महादेवको नामले पुजिन थालिएको व्यहोराको प्रसङ्ग हिमवत्खण्ड अध्याय १४८ मा ने मुनिले विरूपाक्षलाई बताउनुभएको प्रसङ्ग सुन्दर ढङ्गमा उल्लेख भएको छ । यसर्थ वाणगङ्गा वाणेश्वर परिसरमा कालान्तरमा निर्माण भएको हो । यो विशेष गरेर मल्लकालीन अवस्थाकै उपज मान्न सकिन्छ । द्वापरयुगको अवधि झन् बिलकुलै होइन । किनकि द्वापरको अन्तिम पाउको पनि अन्तिम अवस्थामा भगवान् श्रीकृष्णको उदय भएको हो । उहाँको आयु अवधि जम्मा १२५ वर्ष मात्र रह्यो । उहाँका पौत्र अनिरुद्रको उषासँगको प्रेमप्रसङ्गमा शोणितपुर (वर्तमान सल्यानटार धादिङ) मा वाणासुरसँग र महादेवसँग श्रीकृष्णको युद्ध भएको प्रसङ्ग हामी गोरखपुरबाट प्रकाशित कोड नं. ३८ को हरिवंशपुराणको अध्याय १२३-१२८ मा सुन्दर प्रस्तुति रहेको पाउँछौँ ।

यसै मन्दिर परिसरभित्र रहेको उत्तरतर्फको भगवान् विष्णुको जलशयन शिला विग्रह रहेको छ । यस विग्रहको स्वरूप ज्यादै नै जीर्ण देखिएको हुँदा हालै २०७८ हरिशयनी एकादशीपछि पित्तलको पाताले मोडेर सुरक्षित गरिएको छ । यस विग्रहको औपचारिक रूपले कुनै अभिलेख वा कुनै सान्दर्भिक ग्रन्थहरू हामीसमक्ष भेटिँदैन । तर्क-वितर्कका आधारमा कालको उल्लेख गर्ने गरिएको छ । यसतर्फ हामीले विचार गर्नु जरुरी रहेको छ ।

नेपालमण्डलमा लिच्छविहरूको आगमनसँगै वैष्णव सम्प्रदायको पनि आगमन भयो । यिनीहरू सूर्यवंशी थिए । सूर्यवंशीहरूमा वैष्णव मतको बढी बाहुल्य थियो भने यसभन्दा अगाडि विकास भएको शैवमतमा विस्तारै बिस्तारै वैष्णव मतले स्थान ओगट्न थाल्यो । यी दुवै मतबीच बौद्ध मत पनि इतिहासको सुरुदेखि नै कायम थियो । विभिन्न बौद्ध विहार, चैत्य आदिमा बौद्ध जीवनशैलीहरू अगाडि बढिरहेको थियो । लिच्छवि राजा बृषभदेव स्वयम् आफ्नो कुलधर्म छोडी कहिले जैनधर्म त कहिले बौद्धधर्म अपनाई चैत्य आदि निर्माण गर्दथे भने कुलायन धर्म वैष्णव धर्ममा काम गरेजस्तो मात्र गर्दथे । यसै बखत लिच्छविकालमै भारतबाट बौद्धमार्गीहरूको आवतजावत गर्ने क्रम पनि चलिरहेको थियो । यो मतले राज्यशासनमा पनि प्रत्यक्ष प्रभाव परिरहेको थियो । यसै बेला वैशालाधिपति राजा प्रचण्डदेव नेपालमा बौद्ध भिक्षु बनी आए र राजा वृषभदेवसँग मिलेर स्वयम्भू पीठको निर्माण गरे । प्रचण्डदेव स्वयम् शान्तिकर आचार्य बनेर स्वयम्भूको चैत्य निर्माणपछि चैत्यसमीप रहेको त्यही गुफामा तपस्यारत रहे; जसलाई शान्तिकर गुफा भनिन्छ । राजा बृषभदेव पनि बौद्धधर्मको सङ्घमा लाग्दालाग्दै बानेश्वरसमीपमा शङ्खमूलनिर

बौद्ध विहार (बुद्धनगर) बनाई भिक्षु भए भने राजा नरेन्द्रदेवका पिता शिवदेव पनि पछि राज्य त्याग गरी बौद्धधर्मकै अनुसरण गरेका थिए ।

यसरी बौद्धधर्मको लगावसँगै वैष्णव मत पनि अगाडि बढिरहेको अवस्थामा राजा अंशुवर्मापछि वि. सं. ६८० देखि वि. सं. ६९९ सम्म नेपालमा गुप्तहरूको शासनकाल देखापर्‍यो । यो कालमा नेपालको राज्यशासनमा भूमि गुप्त, जिष्णु गुप्त र विष्णु गुप्त देखापरे । यी गुप्तहरूमध्ये पछिल्ला विष्णु गुप्तले उपत्यकाका चार स्थानमा तीन जलशायी नारायण र एक विष्णु भगवान्को उभिएको विग्रह तयार गरे । यी नारायण क्रमशः यी रहेका छन् –

१) मृगस्थलीमा (भस्मेश्वरको पूर्व बागमतीपारि) एक विष्णु विग्रह बनाए । त्यो विग्रहमा दुई कुमारहरू दायाँ-बायाँ रहेका छन् । यी दुई कुमार लव र कुश हुन् । माता सीताको पातालगमनको वेदनाले विह्वल भई अयोध्या छोडी जान लाग्दा श्रीरामले दुवै कुमारको शिखा समातेर काबुमा राखेको सम्झनामा यो विग्रह बनाई स्थापित गरिदिए; जसलाई हामी राममन्दिर भन्ने गर्दछौँ ।

२) पशुपतिनाथ मन्दिरदेखि पूर्व बागमतीबाट सिँढी उक्लेर माथि पश्चिमतर्फ उक्लिएपछि सिरानमा राखिएको जलशायी नारायण बनाई स्थापना गरिदिए ।

३) विशालनगरदेखि दक्षिण सिमानानेर ज्ञानेश्वर मन्दिरदेखि उत्तर दिशामा एक जलशायी नारायण बनाई स्थापना गरिदिए । यस स्थानमा आजकल ज्ञानेश्वर खेल मैदान रहेको छ । पछि राजा प्रताप मल्लले कान्तिपुर राज्यलाई कलात्मक बनाउने सिलसिलामा यस जलशायी विष्णुलाई लगेर हनुमानढोका दरबारभित्र बगैंचामा पोखरी बनाई स्थापित गरिदिए । यतिखेर नै कालीयदमन मूर्ति पनि विशालनगरबाट नै लगेर हनुमानढोकाभित्र स्थापना गरिदिए । यसपछि हाल शाही सैनिक मञ्चनजिक पश्चिमतर्फ रहेको भगवान् (शनिदेव) महाङ्कालको विग्रह वाणासुरको हो । यो विग्रह पहिले शतरुद्र पर्वतको फेदी हिदुँकोट्ट (बालुवा गाउँपालिका) महाङ्कालमा रहेको थियो । पछि यो मूर्ति लगेर सैनिक मञ्चनिर ढिस्कोमाथि मन्दिर बनाई स्थापना गरिदिए । उक्त स्थानमा रिक्त रहेको महाङ्काल (वाणासुर) को मूर्ति मेरो र मेरा स्थानीय मित्र बुद्धि श्रेष्ठको सहयोगमा महाङ्काल मन्दिरमा ३० इन्च अग्लो महाङ्कालको विग्रह बनाई वि. सं. २०७१ मा पुनः स्थापित गर्‍यौँ ।

४) विष्णु गुप्त विशालनगरमा कैलाशकुट दरबार बनाउनुभन्दा अगाडिदेखि नै बानेश्वर महादेव मन्दिरदेखि पश्चिमतर्फ कुम्हाले

धारादेखि पूर्व भूमि वर्माको पालादेखि बनेको सानो दरवार (हाल सैनिक क्याम्प) मा बसी राजकाजमा संलग्न रहेका थिए । यसै बेला आराध्यदेव भगवान् वाणेश्वरको नित्य दर्शन गर्ने सिलसिलामा त्यहाँ पनि एक जलशायी नारायणको विग्रह बनाई स्थापना गरे । पछि राजा नरेन्द्रदेवको वि. सं. ७०० को राजकीय आन्दोलनमा यिनी पदच्युत भए र पछि नरेन्द्रदेवको षड्यन्त्रद्वारा मारिए पनि । यस राजकीय काण्डले वाणेश्वर दरबार ओझेलमा पऱ्यो ।

यसरी वाणेश्वर शिवमन्दिरसमीप नारायणको विग्रह स्थापना गरिएको थियो । विष्णु गुप्त वैदिक सनातनी भएकाले उनलाई राम्रो ज्ञान थियो । वैदिक धर्मअन्तर्गत भनिएको छ –

अकृत्व दर्शन वैश्य केदारस्या धनासिनः ।
यो गच्छेद् बदरी तस्य यात्रां निष्फलतां ब्रजेत् ॥

प्राचीन अनुश्रुतिअनुसार विष्णुको दर्शन गर्नेले महादेवको दर्शन गर्न जानु अनिवार्य हुन्छ । महादेवको दर्शन गरेर विष्णुको दर्शन भएन भने पनि कुनै पुण्य नहुने कुरा केदारखण्डको पङ्क्तिले स्पष्ट पारेको हुँदा यस शास्त्रीय मान्यतालाई पूर्ति गर्न विष्णु गुप्तले यसरी आदिविष्णुको विग्रह जलशयन नारायण बनाई पशुपति, ज्ञानेश्वर र बानेश्वरमा स्थापना गरेको प्रस्ट हुन्छ ।

समयको क्रममा मन्दिरको वरिपरि जङ्गल रहेकाले यस जलशायी विग्रह भएको स्थानमा पोखरी बनाई पोखरीबाट नाला बनाई पूर्व दिशामा लगेर पिउने पानीको प्रयोजनका लागि ढुङ्गेधारा पनि निर्माण भएको हो । नत्र त्यस ठाउँमा तीर्थयात्रीहरूलाई पिउने पानीको अभाव रहेको थियो । तर मेरो बाल्यकालमा यस पोखरीदेखि पश्चिम र उत्तरतर्फ महादेवस्थान गाउँ पञ्चायत भवनको गोदाम टहरा र सानो कोठामा पञ्चायत भवन सञ्चालन भएको दृश्य म सम्झन्छु । यसको अगुवाइ प्रधानपञ्च सरदार फत्तेबहादुर पाण्डे र सचिव हरिदास श्रेष्ठ (साह्रै नरम स्वभावका) गर्नुहुन्थ्यो ।

यसरी विष्णु गुप्तले चारनारायण बनाएको व्यहोरा भाषावंशावलीको प्रथम भागको पृष्ठ ८१ को अन्तिम हरफमा उल्लेख भएको छ । यिनै नारायणका विग्रहहरू चापागाउँदेखि दक्षिण कोटखु नदीको चेपमा रहेको पहाडबाट तीनै ग्रामका बासिन्दाहरूले दुःख गरेर ढुङ्गा घिसारेर ल्याएको कुरा अभिलेखहरूमा लेखिएको छ । तर इतिहासमा बङ्ग्याएर बुढानीलकण्ठको विग्रह बनेको पढ्न पाउँछौँ । यो विषय इतिहास पढ्दा ध्यान दिएर पढे छर्लङ्ग हुन्छ । यसमा धनबज्र बज्राचार्यको पनि अनुमानित तर्क मात्र रहेको छ । यस विषयमा कुलचन्द्र कोइरालाको भनाइ सङ्गतयुक्त छ ।

यसमा जङ्गमज्यूको इतिहासलाई प्रस्ट्याउने प्रयास गरी सङ्गोपाङ्ग तर्क प्रस्तुतिलाई अन्यथा लिन मिल्दैन । किनकि इतिहास लेखन कार्य कठिन कार्य हो । यस्तै गरेर जङ्गमज्यूले गर्नुभएको राजा अंशुवर्माको निवास हंसगृह द्रङ्गको खोजिमेली सराहनीय रहेको छ । प्राचीन कालदेखि वर्तमान कालसम्म यस अधिराज्यमा कति राजाहरूले शासन गरे ? कहाँ-कहाँ गरे ? ती स्थानहरूको खोजिमेलीअन्तर्गत सातौँ शताब्दीका कालजयी पुरुष अंशुवर्मा, जो सामान्य जनपदबाट राजा बने, उनको निवास हंसगृह द्रङ्ग इतिहासमा प्रसिद्ध छ । हाम्रो सामु ज्ञानको अभावले गर्दा यहाँ भरत जङ्गम तिलमिलाउनु सभ्य व्यक्तित्वका लागि मर्मस्पर्शी वेदना हो । त्यसमा पनि जङ्गम परिवार यो सभ्य पहेली लिएर उभिएका व्यक्ति !

विज्ञानको बीसौँ शताब्दीको जगजगीमा साधन र स्रोतको प्राप्तिमा पनि हामीहरू कुहिराको काग बनिरहेका छौँ । आफ्नै भूमिमा आफ्नै करेसाबारीमा, चौरमा भेटिएका प्राचीन पुरातात्त्विक अवशेषहरूलाई खोज्ने, अध्ययन गर्ने र प्रकाशित गर्ने कार्य गर्दैनौँ । अरूहरूले खोजेर देखाइदिएका विषयवस्तुहरू चासो नराखी उल्टै आलोचना गर्दछौँ । यसको परिणाम इतिहास सदाका लागि भूमिगत हुन पुग्दछ । यस्तै भयो यहाँ अंशुवर्माको हंशगृह द्रङ्ग ।

जङ्गमज्यूले यहाँ निकै प्रयास गर्नुभएको छ । यसलाई इतिहासकार धनवज्रले 'लिच्छविकालको अभिलेख' को पृष्ठ ४८५ बाट रहस्योद्घाटन गरिदिनुभएको छ । यो रहस्यलाई अध्ययनपश्चात् अनन्तलिङ्गेश्वरसमेत जहाँ शिलापत्र भेटियो, सो स्थानको वस्तुस्थिति मिल्दैन । वर्तमान समयमा शिलापत्रले देखाएको लाक्षणिक स्थान मिल्दैन, यसर्थ उहाँ विशालनगरीको त्यो समथर फाँट, गहनापोखरी आसपासलाई दृष्टिगोचर गर्नुहुन्छ र प्रसिद्ध कैलाशकुट दरवार बन्नुभन्दा अगाडि हंसगृह द्रङ्ग यहीँ नै हुनुपर्दछ भनी करिब-करिब ठोकुवामा पुग्नुहुन्छ । उहाँका लागि यो सान्दर्भिक छ । तर पुरातत्त्व विज्ञानले यसलाई सहमति दिँदैन । अंशुवर्माको कालमा बनेको अंशुवर्मा अक्षरसहितको इँटा पद्म शमशेरको टङ्गाल दरवार बनाउँदा जगभित्रै पुरियो । २-४ वटा सङ्ग्रहालयमा रहेको छ, र पनि यसलाई प्रामाणिकता दिन पुरातत्त्व असमर्थ छ । कारण यस क्षेत्रमा हंसगृह द्रङ्ग थियो भनी यस सरहद र यसलाई झल्काउने भेटिएजतिको अघिपछिको कुनै पनि शिलाभिलेखले उच्चारण गर्दैन न त किम्वदन्ती र आख्यानहरूले । वंशावली पटक्कै बोल्दैन । केवल धनवज्र वज्राचार्यको सम्पादनमा प्रकाशित 'लिच्छविकालको अभिलेख' को पृष्ठ ४८५-४९४ मात्र बोल्छ । त्यो स्थान हो अनन्तलिङ्गेश्वरको समीप मात्र । त्यसमा पनि यस दरबार हाताभित्र लोकपाल स्वामीको मन्दिर रहेको व्यहोरा उल्लेख छ ।

शिलापत्र प्राप्त स्थान दरबार र मन्दिरका विषयमा उजाड स्थान रहेकाले समयको अन्तरालमा दरबार र मन्दिर दुवै भूगर्भभित्र विलुप्त हुन पुगे । तर विशालनगरमा नै अन्वेषकले खोज्नेजस्तो द्रङ्ग भने भेटिँदैन, उल्टै बरू कैलाशकुट भवनबाट नै हंसगृह द्रङ्गका लागि लोकपाल स्वामीलाई भाग पण छुट्याएको हाँडीगाउँको अभिलेखमा पाइन्छ । ऐतिहासिक पुरुष राजा नरेन्द्रदेवसमेतले पूजन र राजकीय विधानसमेत पारित गरेको अभिलेख खण्डित र पढ्न कठिन अवस्थामा भए पनि मन्दिर र हवन कुण्डसमेत विलुप्त हुनु आश्चर्यको विषय अवश्य हो ।

नेपाल प्रायः शैलस्थान भएकाले र पर्वतबाट बहने नदीनाला, समय-समयमा हुने अति वर्षातले पनि यस्ता ऐतिहासिक स्थल, दरबार र बस्ती नामोनिसान नभेटिने गरी बहेर र हराएर गएका छन् । यस्ता थुप्रै उदाहरणहरू मनोहरा नदी, रुद्रमती नदी, विष्णुमती आदिलाई लिन सकिन्छ । यस पङ्क्तिकारले पनि रुद्रमतिको ताण्डव र बागमतीकैं ताण्डव देखेको छ, भोगेको छ । राम्रा बागबगैचासहितका रमणीय दुर्ग, शैल नामेट भई नदी बहिरहेको प्रत्यक्ष उदाहरण छ ।

अन्त्यमा, व्यक्ति र समाजका लागि मात्र नभई सिङ्गो राष्ट्रको गरिमाका लागि अथक प्रयत्न गरी कहिल्यै नथाक्ने चिन्तक, अन्वेषक पुरुष भरत जङ्गमलाई सराहनीय र नमन गर्नुपर्ने पात्रका रूपमा सहृदयी व्यक्तित्व ठानेको छु । काम गर्दै जाँदा कतिपय भनाइहरू र विचारहरू तलमाथि पर्छन्, त्यो आफ्नो ठाउँमा छ । तर गरेको चिन्तन र कार्यशैलीले देश र समाजका लागि कति योगदान गरेको छ, त्यसको मूल्याङ्कन गरिनुपर्दछ । अनि मात्र कर्मठ व्यक्तिहरूको कार्य सार्थक हुन जान्छ र राष्ट्रले गति लिन्छ ।

●



लवकुमार नेपाल नेपाल पूजा प्रतिष्ठान मार्ग, का. म. पा. – १०, बानेश्वर हाइट काठमाडौंमा बसोवास गर्नुहसुन्छ । उहाँ अन्वेषक तथा लेखक हुनुहुन्छ ।

# ‘रातो घाम’ सरसरती पढ्दा
## – विजय सागर

‘रातो घाम’ का लेखक भरत जङ्गमसँग मेरो सामान्य परिचय २०६६ साल पौष महिनामा काठमाडौँमा एक साहित्यिक संस्थाले धोबीखोलामा आयोजना गरेको साहित्यिक कार्यक्रममा भएको थियो । त्यो समय प्रख्यात ‘कालो सूर्य’ का लेखक भरत जङ्गमको ऐतिहासिक तथा सांस्कृतिक उपन्यास ‘ख्वपदेश’ ले नेवाः समुदायमा चर्चा-परिचर्चा पाइरहेको थियो । मैले पनि ‘ख्वपदेश’ किनेको थिएँ । किन्ने समयमा मैले पुस्तकमा लेखेको रहेछु - “२०६६-९-१४, नाति प्रोत्साहन श्रेष्ठ र नातिनी शैला श्रेष्ठलाई भक्तपुर घुमाउन लैजाँदा भक्तपुरमा खरिद गरिएको ।”

त्यो बेला पढेको ‘ख्वपदेश’ उपन्यासका पात्रहरूमध्ये ‘भुयुचा’ लाई मैले कहिल्यै बिर्सन सकेको छैन ।

त्यसपछि तिथिमिति याद छैन, भरत जङ्गम र भाउजू काशी जान भनी भैरहवा आउँदा केही घन्टा सँगै बस्ने मौका पायौँ । यसपछि हाम्रो सम्पर्क फोनमार्फत हुन थाले र अझै निरन्तर भइरहेको छ र भविष्यमा निरन्तरता पाइरहनेछ पनि ।

उमेरले दाजु ! व्यवहारले मित्र ! बहुआयामिक व्यक्तित्वका धनी सुपरिचित साहित्यकार भरत जङ्गमको परिचय म कसरी दिऊँ ? यहाँ मैले उनै भरत जङ्गमको उपन्यास ‘रातो घाम’ सरसर्ती पढेपछि मनमा आएका तरङ्गहरू पोख्ने जमर्कोसम्म गरेको छु । म पाठक पक्कै हुँ ! तर समालोचक वा समीक्षक भने होइन !

यो उपन्यासको पहिलो सादा पानामा लेखेको रहेछु - “भाइ प्रीतम धरानबाट प्राप्त, २०६४.७.१२ ।” धरानवासी प्रीतम श्रेष्ठ मेरो साडुभाइ हुन् । भाइ प्रीतमलाई धेरै-धेरै धन्यवाद !

पहिलो परिच्छेदमा म पात्र कोदारी बजारदेखि केही टाढा नेपाल चीनको सीमा मितेरी पुल भएको स्थान लिपिङको वारि नै रोकिएर पारिका दृश्यहरू हेरिरहन्छन् । उनका आँखाले भ्याएसम्म पारि चीन क्षेत्र मनग्गे हेर्छन् र साँझ परिसकेपछि कोदारी बजारमा रहेको वाङदु शेर्पाको होटेलमा बास बस्छन् । वाङदु र उनकी श्रीमती छिरिङबाट सन् १९५९ मा तिब्बतमा

चीनियाँ सैनिक प्रवेश गरेदेखि चीनको स्वशासित क्षेत्र कहलिएको पारि तिब्बतका जनताका पीडा र मर्काबारे धेरै जानकारी पाउँछन् । होटलमा साम्यवादी सिद्धान्तका अनुयायी र माओ विचारका कट्टर समर्थक कमलकान्त र उनका साथी पनि हुन्छन् । कमलकान्त र वाङदु शेर्पा तथा श्रीमती छिरिङका कुरा बाझिन्छन् ।

दोस्रो परिच्छेदमा १९७० को दशकमा 'म' पात्र हङकङ पुग्छन् । यहाँ धरान घर भएका गोर्खा मेजर लालकुमारसँग चिनजान हुन्छ । उनकै सहयोगमा घुम्छन् । "चीनबाट भागेर, समुद्रमा पौडेर सयमा २५ प्रतिशतले मात्र ज्यान जोगाएर हङकङ आइपुग्छन् । पहिले १० हजार जनसङ्ख्या भएको हङकङ अहिले ८० लाख पुग्न आँटिसक्यो । ४० लाख त चीनबाट भागेर आएका मात्र हुन् ।" मेजर लालकुमार सुनाउँछन् । 'म' पात्र मकाउ पुग्छन् । पेङ साङलु अर्थात् पिटरको गेस्टहाउसमा बस्छन् । पेङ साङलु परिवारको दुःखद कथा सुन्छन् । पिटरमार्फत 'म' पात्रको ताङचाउलइ उर्फ टमसँग परिचय हुन्छ । चीनमा चिकित्सक रहेका टम व्यक्तिगत असन्तुष्टिका कारण पाँच घन्टा समुद्रमा पौडेर कुल्लीका रूपमा 'सेन्जन' आइपुगेको बताउँछन् ।

तेस्रो परिच्छेदमा 'म' पात्र पोखरा घुम्न जाने क्रममा काठमाडौँ-पोखरा जोड्ने नौबिसे-पोखरा राजमार्गमा कार्यरत इन्जिनियर मित्र कैलाशमानको दमौली प्राविधिक टोलीको क्याम्पमा साँझ बस्न पुग्छन् । बिहान कैलाशमानसँग घुम्ने क्रममा कैलाशमान आफूसरहको चीनियाँ इन्जिनियर आङसँग 'म' पात्रको परिचय गराउँछन् । एउटै कामको जिम्मा लिएका चीनियाँ प्राविधिकमा कामप्रतिको उत्साह, लगनशीलता र नेपाली प्राविधिकमा हाकिमी रवाफ देखेर 'म' पात्र छक्क पर्छन् । एउटा घटनामा इ. आङको मानवता र इ. कैलाशमानको अमानवता प्रस्ट देख्छन् । ठेकेदार कलानाथसँग इ. कैलाशमानको सामीप्य देख्छन् । साँझ क्याम्पमा चीइनयाँ फिल्म देखाइन्छ । क्याम्पका कमान्डर जानसेन ली 'म' पात्रसँग परिचय गर्छन् । क्याम्पका कारिन्दा खगराजमार्फत भूमिगत वामपन्थी नेता रामराजसँग 'म' पात्रको भेटघाट हुन्छ । उनैबाट नयाँ चीनको परिचय नौलो जनवादको जानकारी पाउँछन् ।

चौथो परिच्छेदमा चीनको गुवाङचाउमा वर्षमा दुईपटक सञ्चालन हुने व्यापार मेलामा 'म' पात्र र उनका व्यापारी मित्र गगनप्रसाद काठमाडौँबाट प्लेनमा हङकङ र हङकङबाट ट्रेनद्वारा गुवाङचाउ पुगेर होटेल डङफङमा बस्छन् । व्यापारमेलामा पुग्छन् । यहाँ यिनीहरूलाई दोभाषेको आवश्यकता पर्छ र होटेलबाट चाङ स च उर्फ चार्ली नामकी विदेश व्यापारमा डिग्री र

अङ्ग्रेजी भाषामा टफेट गरेकी २२ वर्षकी सुन्दरी दोभाषे उपलब्ध गराइन्छ। सुन्दरी दोभाषे मार्फत खानपिन सम्बन्धमा र चीनको सामाजिक, आर्थिक स्थिति बारे धेरै जानकारी पाउँछन् । गुवाङचाउबाट रेलबाट चारदिन चाररात लाग्ने चाङचुङ शहरबाट धेरै पैसा कमाउन आएकी दोभाषे चाङसच चीन सरकारको शासन शैलीका कारण पैसा कमाउन नसकेकोमा दुःखी भएकी दुई मित्रहरूले बुझ्छन् ।

पाँचौं परिच्छेदमा चार महिनापछि 'म' पात्र र गगनप्रसाद फेरि बीसभन्दा बढी दिनका निम्ति चीनको गुवाङचाउ, फुचाउ, नान्चाङ र साङ्घाई सहरहरूको व्यापारिक भ्रमणमा हङकङ भएर जान्छन् । गुवाङचाउ पुगेर पहिले बसेको होटलमा बस्छन् र दोभाषे चाङसच बुक भइसकेकी हुँदा होटलले बिजनेस एडमिनिस्ट्रेसनमा माष्टर डिग्री प्राप्त गरेर दुई वर्ष अङ्ग्रेजी भाषाको अध्ययन पूरा गरेकी डिङछिङ सहरकी लियाङ ली उर्फ लिल्लीलाई उपलब्ध गराइन्छ । गुवाङचाउ घुम्ने सन्दर्भमा यो सहरलाई 'फ्लावर सिटी' भनिदो रहेछ, साथै चीनको इतिहासमा छिनवंशीय राजतन्त्रको अन्त्य गर्न यही सहरबाट बिगुल फुकिएको र क्वामिङताङ र कम्युनिस्टहरूका बीच भएको पहिलो सम्झौता पनि यही सहरमा हुने सौभाग्य यस सहरले पाएको रहेछ भन्ने ऐतिहासिक जानकारीसमेत लियाङ लीबाट पाउँछन् । घुम्ने क्रममा डा. सनयात सेन मेमोरियल हल, चेनक्लेन टेम्पल, गुआङ सिआउ टेम्पल, सिक्सबेनयान टेम्पल, कल्चरल पार्कलगायत साना-ठूला पसलहरू पनि चहार्छन् । चीनको धर्म र इतिहासका जानकार चीनियाँ मूलका अमेरिकी नागरिक फिलिप चाङसँग पनि परिचय हुन्छ । दोभाषे सुन्दरी लियाङ लीका केटो साथी मिस्टर चाङसँग पनि परिचय हुन्छ । तर दोभाषे लियाङ ली चीनको शासन व्यवस्थापन सम्बन्धमा दोभाषे सुन्दरी चाङ स चभन्दा बढी असन्तुष्ट रहेको जानकारी पनि पाउँछन् ।

छैटौं परिच्छेदमा फुचाउ र जियाङसी हुँदै 'म' पात्र र गगनप्रसाद साङ्घाई आइपुग्छन् । साङ्घाईमा हेर्ने र घुम्ने ठाउँ धेरै छन् । 'जेड बुद्ध' को दर्शन गरेर बगैँचाबाट निस्कँदा कम्पनीले बिहान दिएको गाडी त्यहाँ देखिँदैन । टेक्सी पाइएला भन्दै हिँड्दा-हिँड्दा तिघ्रा र पिडुँलामा कैँडा लाग्दासमेत बाटोमा कतै टेक्सी भेटिँदैन । तीन घन्टापछि हुलाकमा पुगेर होटललाई अङ्ग्रेजी बोल्न जान्नेले चलाएको टेक्सी पठाउन अनुरोध गरेपछि लीसाङ तोङ नामका टेक्सी ड्राइभर उनीहरूलाई लिन आइपुग्छन् । टेक्सीभित्र लिसाङ तोङसँग कुरा हुँदै जाँदा चीनमा एकभन्दा बढी सन्तान जन्माए जरिवाना तिर्नुपर्ने जानकारी पाउँछन् । कुराको प्रसङ्गमा यात्रीहरू व्यापारका निम्ति आएको चाल पाएपछि लीसाङ ताङले 'छिन गो छिन' नामका अत्यन्तै

प्रभावशाली व्यक्तिसँग भेट्ने प्रस्ताव राख्छन् । दुवैबाट स्वीकृति पाएपछि फोनमार्फत दिनको २ बजे भेट्ने समय तय गरिदिन्छन् । भेट्ने समय बाँकी हुँदा घुम्ने क्रममा लीसाङ ताङले अचम्मको कुरा सुनाउँछन् - ट्याक्सी ड्राइभर हुन एक हजार युआनसम्म घुस खुवाउन सक्नुपर्दछ । म्युजियम घुमेर ठीक समयमा यिनीहरूको गाडी एउटा सुन्दर बङ्गलाको ढोकामा रोकिन्छ । भित्र विशाल हलमा छिनगोछिनसँग भेट भएपछि 'म' पात्र व्यापारी गगनप्रसादको सेक्रेटरी भएको नाटक गरी व्यापारिक कुरा सुरु गर्छन् । दसौं मिलियन यूएस डलरको व्यापार तथा १५ प्रतिशतसम्मको कमिसन रेटको छलफल हुन्छ । यस व्यापारको व्यवस्था मिलाउन छिनगोछिनबाट बेजिङ जान र बेजिङमा भेट्नुपर्ने व्यक्तिको नाम, टेलिफोन नम्बर र ठेगाना सबै लेखेर दिइन्छ । फर्कने क्रममा महत्त्वाकाङ्क्षी टेक्सी ड्राइभर लीसाङ ताङ भन्छन् - पार्टीका ठूला नेता बेजिङमा बस्छन् । यिनका साथी हुन् । उनैमार्फत सबै काम हुन्छ ।

सातौँ परिच्छेदमा तियानजिनमा म पात्र र गगनप्रसाद बेजिङ मिलेट्रीमा कार्यरत ठूला अफिसरकी श्रीमती जाङ दियाङको अप्ठेरो व्यवहारले व्यापारिक सम्झौताअनुरूप कार्य नभइरहेकाले दिक्क छन् । तर मेनेजर जाङ दियाङका सहायक वाङ जियादुका अनुसार मेनेजर लोभी, घमन्डी, अव्यावहारिक र जिद्दीवाल छिन् । त्यसैले यिनलाई डिनरमा बोलाउनुस्, कुरा मिल्छ । जाङ छियाङलाई डिनरमा आमन्त्रण गरिन्छ । भोलिपल्ट बेजिङ जान रेलवे स्टेसनमा पुऱ्याउन आउँदा वाङ जियादु भन्छन् - सकारात्मक निर्णय दिन्छिन् जस्तो छ । बेजिङमा साङ्घाईको रेस्पोन्सअनुसार फोनमा कुरा गर्दा दोभाषे साङ योपेनसँग सम्पर्क हुन्छ । उनैमार्फत कार्यक्रम तय हुन्छ । समय हुँदा घुम्ने क्रममा तियानम्यान चोक चोकमा भएको म्युजियम र माओ त्से तुङको मृत शरीर हेर्नुका साथै कलाकार अरनिकोद्वारा निर्मित पाइथास अर्थात् ह्वाइट प्यागोडा घुम्छन् । समयमा भेट्नुपर्ने मान्छे 'सर ताङ स्याउ धी' इमर्जेन्सी मिटिङमा हुँदा भेट हुन नसक्ने भएपछि बाँकी फुर्सदको समय थियानथान अर्थात् ट्याम्पल अफ हेभेन मन्दिर एरियाबाट घुमेर निस्केपछि सर ताङ स्याउचीसँग भेट्न तीनैजना उनको घरतिर लाग्छन् । सर ताङ स्याउचीसँग भेट र कुराकानी हुन्छ । सर ताङ स्याउचीले व्यापारमा करिब एक बिलियन यूएस डलरको यसपटक खरिद गर्ने जानकारी दिन्छन् ।

आठौँ परिच्छेदमा कोदारी बजारका पुराना मित्र लाक्पा शेर्पाको बन्दोबस्तमा दुवै मित्र पुनः चीनको स्वशासित क्षेत्र तिब्बतको राजधानी ल्हासा घुम्न निस्कन्छन् । मितेरी पुलबाट गुडेको धेरै समयपछि जाङ्मु सहरको प्रवेशद्वार पुग्छन् । लाक्पा शेर्पाको सहयोगमा भोलिपल्ट जाङ्मु सहर

प्रवेश गर्छन् । बजारका दोकानहरूमा प्रायः नेपाली बोलिने र नेपाली रुपियाँ चल्ने रहेछ । त्यहाँबाट गुड्ने क्रममा न्यालुम अर्थात् कुतीपछि विश्वविख्यात घाँसे मैदान तिङ्ग्री उपत्यका पुग्छन् । (तिङ्ग्री शब्दले मलाई २०२१ सालमा म जनता विद्यालय तानसेनमा कक्षा ९ मा पढ्दा हेडसर जगतबहादुर जोशीबाट एसिया महादेशको प्राकृतिक चित्रण पढाउने क्रममा तिब्बतको घाँसे मैदान तिङ्ग्रीको व्याख्या भएको याद आयो ।) तिङ्ग्रीबाट चीनियाँहरूले 'चोमालामा' र तिब्बतीहरूले 'झ्यामालोङमा' भनिने हाम्रो देशको विश्वशिखर सगरमाथा राम्रोसँग देखिने रहेछ । भोलिपल्ट ल्हासा क्षेत्रमा प्रवेश गर्नासाथ पोताला दरबार देख्छन् । रातो र सेतो रङ्गले पोतिएको दरबारका छाना र गजुरहरूमा सुन जडिएको देखिन्छ । ल्हासामा राजा स्रङचन गम्पोको पालामा नेपाली कलाकारहरूको हातबाट निर्माण गरिएको झोसाङ गुम्बा पुग्छन् । सबै पसलहरू नेपालीहरूको भएको भाखोर बजार घुम्छन् । नेपाली नागरिकता लिएका तिब्बती दोकानदार ढुन्डुपसँग लामो कुराकानी गर्छन् । ढुन्डुप स्वशासित क्षेत्र तिब्बतमा लागू गरिएको शासन व्यवस्थाले धर्ममाथि पारेको प्रभावप्रति सन्तुष्ट छैनन् । अर्का असन्तुष्ट खिलेलाबाट तिब्बतसम्बन्धी जानकारीका सन्दर्भमा पुरानो तिब्बतको राजधानी लोगा भएको र सातौँ शताब्दीदेखि मात्र ल्हासा हुन आएको तथा त्यस बखतदेखि सन् १९५१ सम्म तिब्बत पूर्ण स्वतन्त्र रहेको जानकारी पाउँछन् । यहाँ म पात्र र गगनप्रसादले एक पूर्व तिब्बतीयन सिपाही एक खुट्टे लङ्दोको सलाम पनि पाउँछन् ।

नवौँ परिच्छेद अर्थात् उपन्यासको अन्तिम परिच्छेद । चिन्दू पुगेपछि म पात्र र गगनप्रसाद कार्यव्यस्तताले छुट्टिएका छन् । म पात्रले वर्तमान मित्र लिविन, जसले अन्तर्राष्ट्रिय व्यापार विषयमा स्नातक गरेका छन् र अङ्ग्रेजी भाषा राम्रोसँग लेख्न, बोल्न जानेका छन्, उनीबाट चार सय वर्ष पुराना इन्जिनियर लिविनले 'अन्धशक्तिको ह्रास विभाजनले मात्र हुन्छ' भन्ने सूत्रका आधारमा दुजियाङयान नदीको बेगलाई नियन्त्रण गर्न नदीलाई फिँजाएर बनाइएको बाँध हेर्न ड्रागन हाउस पुग्छन् । बाँध हेर्न किनारैकिनार अगाडि बढ्ने क्रममा त्यहाँ भएका मन्दिर र कलाकृतिहरूको अवलोकन गर्दै एउटा विशाल मन्दिरमा पुग्छन्, जहाँ इन्जिनियर लिविनको मूर्ति स्थापना गरिएको छ । त्यस मूर्तिमा चीनियाँहरू धूप बालेर, घुँडा टेकेर, शिर झुकाएर भगवान्लाई जस्तै सम्मान गरेका देख्छन् । मित्र लिविनसँग गाउँको सानो बजार घुम्छन् । मिन नदीको किनारमा अवस्थित मित्र लिविनको भाषामा विश्वमा नै एक मात्र विशाल बुद्ध मूर्ति भएको लेसान बुद्ध क्षेत्र पुग्छन् । करिब तीन सय फुट उचाइको त्यो विशाल मूर्ति सिङ्गै पहाडमा खोपिएर बनाइएको अनुभूत हुन्छ । त्यस दिन लोसार सहरको होटलमा बास बसेर

भोलिपल्ट इमाई पहाड घुम्न पुग्छन् । मित्र लिविनसँग चुङकिङ सहर पुग्छन् । मोटरसाइकल बनाउने कारखाना पुग्छन् । लिविनले उनकी दिदी इ. लिस्याङ ली पनि त्यही कारखानामा काम गर्ने बताउँछन् । जनरल मेनेजर ओन यीसँग भेटघाट हुन्छ । म पात्र औद्योगिक सहर उहान पुग्छन् र गगनप्रसादलाई भेट्छन् । त्यसपछि गुवाङचाउ पुग्छन् । दोभाषेको आवश्यकता हुँदा पुराना दोभाषे मित्रहरू चाङ स च र लियान लीलाई भेट्न डङफङ होटलमा पुग्छन् । होटलमा उनीहरूबारे केही जानकारी पाउँदैनन् । पछि लियाङ लीको केटो साथी चाउयाङबाट लियाङ लीसँग विवाह भएको तर हाल उनी सेन्जनमा छिन् भन्छन् र चाङ स चले दुःखद आत्महत्या गरेको अविश्वसनीय जानकारी दिन्छन् । सेन्जनमा पुग्दा रेलवे स्टेसनमा दुवै मित्रलाई लिन लियाङली आएकी हुन्छिन् । साँझ लियाङ लीसँगै फरेन ट्रेड बिल्डिङमा पुग्छन् । मुख्य मेनेजर पुराना परिचित ली साउ तोङसँग भेट हुन्छ । टेक्सी ड्राइभर लीसाउ तोङ सर छिनगोछिनको कृपाले कम्पनीको जनरल मेनेजर भएर आएका रहेछन् । छलफलका क्रममा लीसाङ तोङ भन्छन् - मेरो कम्पनीले मात्र महिनामा तीन मिलियन यूएस डलरको कारोबार गर्छ । यसपछि दुवै मित्र स्वदेश फर्कने क्रममा चीनको सीमापार गर्नतर्फ लाग्छन् ।

यस उपन्यासमा चीनियाँ र चीनियाँ स्वशासित तिब्बती समाजको आर्थिक, सामाजिक, राजनीतिक एवम् धार्मिक अवस्थाको विश्लेषण र समाजमा व्याप्त संस्कार र संस्कृतिका अवधारणाहरूलगायत मानवीय पीडाबोधका उद्वेगहरू सुललित तवरले उल्लेख गरिएका छन् ।

उपन्यासको भूमिकामा नेपालका सुप्रसिद्ध कूटनीतिज्ञ ऋषिकेश शाहबाट "लेखकको चिन्तनमा सन् १९४९ को क्रान्तिको प्रभाव अब अरू धेरै समय रहन सक्ने छैन र चीनियाँ जनतामा प्राचीन कालदेखि जमेका आफ्नै सभ्यता र संस्कृतिका गुण र प्रभावहरू - जो अहिंसा, मैत्री र असल छिमेकीपन हुन् - यी गुण र प्रभावद्वारा प्रेरित र अनुप्राणित भएर चीनियाँ जाति र समाज छिट्टै अर्को दिशातर्फ मोडिन सक्नेछ भन्ने सन्देशका झल्काहरू मैले पाएँ ।" उल्लेख गरिएका छन् ।

हुन पनि उपन्यासभरि म पात्र भएर देखापरेका लेखकद्वारा यात्रा शैलीका रूपमा लेखिएको यो उपन्यासमा वाङदु शेर्पा र उनकी श्रीमती छिरिङ, पेङ साङलु (पिटर), बाबु ते साङलु, ताङचाउलइ (टम), चाङ स च, लियाङ ली, चाउयाङ, फिलिप चाङ, ढुडुप, एक खुट्टे तिब्बती माग्ने सिपाही, खिलोला तथा मित्र लिविन, इ. लिस्याङ लीजस्ता पात्रहरूसँग हामीलाई मित्रवत रूपमा भेट गराउँछन् र यिनीहरूको चरम असन्तुष्टिले वास्तवमा

चीन तथा चीन स्वशासित क्षेत्रमा स्थापना भएको नौलो जनवादको सरकारले यहाँका नागरिकका हरेक स्वतन्त्रता माथिका नैसर्गिक अधिकारहरूमाथि आफ्नो बन्दुके हुकुम लादिरहेको जानकारी पाउँछौं ।

माथि उल्लिखित पात्रहरूद्वारा लेखक 'म' पात्रले चीनमा सन् १९४९ मा उदय भएको साम्यवादी सरकारको नौलो जनवादको शासन व्यवस्थाउपर कारुणिक तरिकाले धर्म, संस्कार, संस्कृति एवम् मानवीय संवेदनशीलता आदि जोडेर विरोध दर्साएका छन् । त्यसैले पनि उपन्यासको नामकरण प्रतीकात्मक रूपमा 'रातो घाम' गरिएको छ । अर्थात् 'रातो घाम' ब्रह्माण्डलाई उज्यालो दिन सूर्यको बिहान वा साँझपख क्षणिक समयका लागि देखिने अस्थायी रूप परिवर्तनसम्म हो ।

साथै लेखक 'म' पात्रले उपन्यासमा सत्ताको आडमा जानसेन ली, सर छिन गो छिन, जान दियाङ, ओन यी तथा सर ताङ स्याउचीजस्ताहरूको शानशौकत हक-अधिकारका अवस्था पनि देखाएर हाम्रो देश नेपालमा जस्तै 'ठूलालाई चैन, सानालाई ऐन' को वातावरण भएको स्पष्ट पारेका छन् ।

आज सन् २०२१ मा आइपुग्दा 'लाल चीन' आर्थिकलगायत हर क्षेत्रमा विश्व नं. १ संयुक्त राज्य अमेरिकालाई पनि पछि पार्ने अवस्थामा आइपुगिसकेको छ । समय, काल, परिस्थितिअनुरूप चीनले आफूलाई मानवीय संवेदनशीलताका सन्दर्भमा ढाल्दै लानुपर्नेमा दुई मत पक्कै छैन । तर लेखकको मनसायजस्तै चीनमा राजनीतिक व्यवस्था परिवर्तनको परिकल्पना गर्न सकिँदैन । उपन्यास यात्राशैलीमा भएको हुँदा 'म' पात्र र मित्र गगनप्रसाद जुन-जुन सहरमा पुग्छन् वा गाउँ, पहाड, नदी, मैदानमा पुग्छन्, हामी पाठकहरूलाई पनि सँगसँगै त्यही नै पुऱ्याउँछन् र आफ्ना आँखाले चीनियाँ औद्योगिक विकासहरू, आर्थिक प्रगतिका झलकहरू जे-जे देख्छन्, पाठकहरूलाई पनि सजिलै त्यही-त्यही देखाउँछन् । यो उपन्यारकारको अर्थात् लेखक भरत जङ्गमको लेखकीय सफलता हो । लेखक भरत जङ्गममा बधाई !

•



विजय सागर पाल्पामा जन्मेर हाल भैरहवामा सेवानिवृत्त जीवन बिताइरहनुभएको छ । उहाँका सातवटा साहित्यिक कृति प्रकाशित छन् । उहाँको वास्तविक नाउँ विजयगोविन्द श्रेष्ठ हो ।

# ख्वपदेश : सङ्क्षिप्त चर्चा
## – प्रा. डा. विष्णु सापकोटा

**पृष्ठभूमि :**

पृथ्वीनारायण शाहको शासनकालमा नै ऐतिहासिक धारालाई समेटी केही ऐतिहासिक उपन्यास लेखिए । राणाकालमा ऐतिहासिक उपन्यास लेख्ने परम्परामा झन् बृद्धि हुन गयो । ती उपन्यासहरू नेपाली समाजमा निकै चर्चित भए । ती उपन्यास हुन् डायमन्ड शमशेर राणाको वसन्ती, सेतो बाघ, केशवराज पिँडालीको एकादेशकी महारानी, सुन्दरप्रसाद शाहको प्रतिबद्ध, दौतलविक्रम विष्टको फाँसीको फन्दा, श्रीकृष्ण श्रेष्ठको जङ्गबहादुर आदि । यी उपन्यास त्यस समयमा निकै चर्चामा आए, जसले शासकले शासन सञ्चालन गर्दाको सङ्घर्ष, उसले गरेको शासनको कमजोर पक्षलाई समेत समेटी समाजलाई त्यस बेलाको शासनको अवस्थाको बारेमा जानकारी गराए । हालको समयमा आएर केही यथार्थ घटना र ऐतिहासिक पक्षलाई समेटी शासक र शोषित वर्गको अवस्थाको चित्रण गर्दै केही ऐतिहासिक उपन्यास प्रकाशित भए । तिनमा चन्द्रप्रकाश बानियाँको महारानीजस्ता उपन्यासहरू चर्चित भएका छन् ।

यसरी ऐतिहासिक धारलाई अँगाली कुनै एक-दुइ पात्र खडा गरी कुनै एक स्थानमा शासन गर्ने शासकको सुधार कार्य, स्थानको परिचय, त्यस समयको सङ्घर्ष, संस्कृतिजस्ता महत्त्वपूर्ण विषयवस्तुमा केन्द्रित भई भरत जङ्गमले एक ऐतिहासिक एवं सांस्कृतिक उपन्यास ख्वपदेश वि. सं. २०१६ मा प्रकाशित गर्नुभयो । यस उपन्यासको मुख्य केन्द्रविन्दुमा ख्वपदेश अर्थात् भक्तपुर राज्यको शासकको सुधारात्मक कार्य तथा त्यहाँको समाज, जातीय विभेद र सांस्कृतिक पक्षलाई समेट्नुभएको छ ।

**लेखक परिचय :**

भरत जङ्गमको जन्म २००४ सालमा भक्तपुरमा भएको थियो । उहाँलेस्नातकको अध्ययनपछि साहित्य र पत्रकारितामा रुचि राख्नुभयो । जङ्गम बहुप्रतिभाशाली लेखकका रूपमा परिचित हुनुहुन्छ । उहाँले २०३६ सालमा ‘कालो सूर्य’ नामक उपन्यास लेखी त्यस समयको पञ्चायती शासन व्यवस्थाले गर्ने शोषण र दमनका विरुद्ध आवाज उठाई उपन्यासमा समावेश गरेर निकै चर्चित हुनुभयो । यो पुस्तक नेपाली पाठक मात्र नभई विदेशी पाठकले समेत प्रशंसा गरे । लेखकले पनि रूसी, चिनियाँ, बङ्गाली, हिन्दी, ऊर्दु

भाषामा प्रकाशित गर्नुभयो । यसपछि लेखकको दोस्रो उपन्यास व्यूहचक्र र तेस्रो उपन्यास रातो घामले ख्यातिको शिखर आरोहण गरिसकेका छन् ।

लेखकको चौथो उपन्यासले निकै चर्चित र ऐतिहासिक एवं सांस्कृतिक पक्षलाई समेटेर समग्र भक्तपुर क्षेत्रको जानकारी गराउन खोजेको छ । लेखकको जन्मस्थान र त्यहाँका पूर्वशासकले गरेका ऐतिहासिक कार्य, समाज र संस्कृति, जातीय विभेद, लैङ्गिक विभेदका साथै त्यस क्षेत्रका विषयवस्तुलाई आधार मानी ख्वपदेश उपन्यास लेखकले पाठकसमक्ष ल्याउनुभएको छ ।

**ख्वपदेश :**

ख्वपको अर्थ पुरानो सहर भादगाउँ अर्थात् भक्तपुर हो । भादगाउँलाई ख्वप र त्यस नगरलाई ख्वपदेश भनिन्छ । लेखककै भनाइलाई आधार मान्दा १९ औँ, २० औँ शताब्दीमा ख्वपदेशले भादगाउँ नाम धारणा गरेको थियो जुन सहर काठमाडौँभन्दा निकै उपेक्षित रहेकोमा बसाइसराइपछि ख्वपदेश भादगाउँमा परिणत भयो जो कमजोर बस्तीका रूपमा विकसित भयो ।

भक्तपुरको ऐतिहासिक आधार र कुनै एक वा दुई-चार पात्र खडा गरी त्यस स्थानको सामाजिक-सांस्कृतिक पक्ष समावेश गरी स्थानको सामान्य जानकारी, त्यस क्षेत्रको ऐतिहासिक महत्त्व, कलाकृति, रीतिरिवाज, धार्मिक क्षेत्रका चाडपर्व, जातीय विभेद, चाडपर्व मनाउने तरिका, ऐतिहासिक, पुरातात्त्विक एवं धार्मिक स्थलको महत्त्व बारेमा पाठकलाई जानकारी गराउने प्रयास गर्नुभएको छ । ऐतिहासिक उपन्यास कथा, साहित्य, कथा, दन्त्यकथा, किम्बदन्ती, प्रकाशित-अप्रकाशित सामग्री इतिहासका महत्वपूर्ण सामग्री भएकाले यस्ता सामग्री समावेश गरी तयार पारिएको यो ऐतिहासिक उपन्यास इतिहासको महत्त्वपूर्ण स्रोतका रूपमा परिचित छ ।

बाह्र महिनाको नामलाई शीर्षकमा समावेश गरी बाह्रै परिच्छेदमा र २०६ पृष्ठमा तयार पारिएको बाक्लो गाताको पुस्तक निकै आकर्षक छ । पुस्तकमा लेखकले सो किताबलाई केन्द्रविन्दु बनाई त्यस स्थानको रहनसहन, पुरातात्त्विक स्रोत सामग्री, मठमन्दिर, चाडपर्व, रीतिरिवाज, जातिविशेषको महत्त्व र सो जातिमा गरिने विभेदका साथै त्यस बेला भएगरेका महत्त्वपूर्ण कार्यहरू वर्णन गर्नुभएको छ । पुस्तकमा भक्तपुरका राजा जयस्थिति मल्लको समयको शासनव्यवस्था, उनको पराक्रमले कसरी भक्तपुरमा एकलौटी शासन व्यवस्था गरी भक्तपुर राज्यलाई उपन्यासको शक्तिशाली राज्यका रूपमा खडा गरेको कुरा उपन्यासमार्फत जानकारी गराउन खोजिएको छ ।

भक्तपुरका राजा जयस्थिति मल्लले समाजसुधारका क्रममा जातीय व्यवस्थालाई व्यवस्थित गर्दै जातअनुसारको काम र पेसाको निर्धारण गरेकाले

जातीय सुधारका क्रममा नेवार जातिमा पनि सुधार गर्दै आचार्य, वैद्य, श्रेष्ठ र दैवज्ञ जातिलाई उच्च जातिमा राखेका थिए । पछि आएर बसोवास गरेका श्रेष्ठ, प्रधान, प्रधानाङ्ग राजोपाध्याय, हाडा जातिलाई आदिवासी ज्यापूले ती जातिलाई आदरणार्थी शब्द बाज्या शब्द प्रयोग गर्नुपर्ने, यी जातिसँग ज्यापू जातिको सामाजिक व्यवहार, विवाह नहुने, ज्यापू जाति थिचिएको, हेपिएको भन्ने कुराको विभेदलाई उठाउनुभएको छ ।

भक्तपुरका राजा भूपतीन्द्र मल्ल प्रसिद्ध, कला, संस्कृति, साहित्यका पुजारी जसले भक्तपुरमा न्यातपोल पाँचतले मन्दिर, सिंहलक्ष्मीको मूर्तिको स्थापना, ५५ झ्याले दरबार, अन्य देवीदेवताको मूर्तिको स्थापना गर्दै मन्दिर निर्माणमा आफ्नो सक्रिय सहभागी जनाई राजा र जनताबीचको सम्बन्धलाई स्पष्ट पारिएको छ । लेखकले भूपतीन्द्र मल्ललाई कुशल साहित्यप्रेमी शासकका रूपमा रहेको, त्यस बेलाको साहित्य लेखनमा भूपतीन्द्र मल्लको योगदान रहेको हुनाले लेखेका नाटकहरू समय-समयमा टोलटोलमा मञ्चन हुने, नाटेश्वर देवतालाई घन्ट चढाउने चलन चलेको कुरा उक्त पुस्तकमा उल्लेख छ । लेखकले जातीय विभेद अन्त्यका लागि राजा स्वयं संलग्न थिए जसमा राजाको २ जातका महिलासँग सम्पर्क बढेपछि ती दुवै महिलालाई विधिवत रूपमा विवाह नगरी रानीका रूपमा राजाले स्वीकारेकाले समाजमा पनि तल्लो र माथिल्लो जातको विभेद हटाउनुपर्ने सन्देश दिएको छ ।

भक्तपुरको शिरभाग च्यामासिंह हो । यो क्षेत्रले ठूलो भूभाग ओगटेकाले यस क्षेत्रका प्रायः ज्यापू जातिको बस्ती बाक्लो भएको, ती आफ्नो कृषि पेसाामा बाहेक अन्य पेसामा जस्तै उद्योग, फलाम, कपडा बुन्ने, आफूलाई चाहिने सामान आफैँ तयार पार्ने कुशल कालिगढ जाति र आत्मनिर्भर जातिका रूपमा परिचित गराउनुभएको छ । यस पुस्तकमा किरातकालका प्रसिद्ध भएका मनोरञ्जनका साधन मल्लकालमा भक्तपुरमा कायम भएको, ती हुन् कुखुराको भाले लडाउने, बट्टाइ लडाउने, भेडाको बरुवा लडाउने, साँढे जुधाउने प्रचलनलाई समेत समावेश गरिएको छ ।

बाह्र महिनाको नामबाट चलेका विभिन्न चाडपर्व, चाडपर्व मनाउने विधि, चाडपर्वमा जनसहभागिता, चाडपर्वको ऐतिहासिक एवं धार्मिक सांस्कृतिक महत्त्वलाई स्पष्ट रूपमा व्याख्या गरेका छन् । स्थानीय चाडपर्व, बिस्केटजात्रा, जनैपूर्णिमा, गाईजात्रा, नवरात्र, गुँलापर्व, धान्यपूर्णिमा जङ्गोजस्ता चाडपर्वले नेपाली संस्कृतिलाई जगेर्ना गरेका छन् । हालसम्म यी चाडपर्व मनाउने चलन र यिनीहरूले राष्ट्रिय महत्त्व राखेको कुरा उल्लेख छ । फरक शीर्षक दिई फरक व्याख्या गर्दै भादगाउँ क्षेत्रको सामाजिक, ऐतिहासिक एवं सांस्कृतिक पक्षलाई जानकारी गराउन खोजिएको छ ।

लेखकले ऐतिहासिक उपन्यास तयार पार्दा किम्वदन्ती एवं आफूले भोगेका र देखेका आधारमा यो उपन्यास तयार पारिएको छ । यो उपन्यास इतिहासको प्रमुख स्रोत रहेको छ । तर लेखकले आफैँ तथ्य प्रमाण एवं मौलिक स्रोत र सामग्रीसमेत समन्वय गरी तयार पारेको भए यो पुस्तक अनुसन्धान ग्रन्थ बन्ने थियो र ऐतिहासिक सामग्रीलाई समावेश गरी मौलिक सहायक सामग्री यो पुस्तकमा समावेश भएको भए महत्वपूर्ण बन्ने थियो । तैपनि लेखकले भक्तपुरको समग्र ऐतिहासिक पक्ष, सामाजिक उपचार लेखन कार्यमा महत्वपूर्ण योगदान दिएका छन् । भविष्यका पुस्ताका लागि यो पुस्तक ऐतिहासिक अध्ययनका निम्ति महत्त्वपूर्ण सामग्रीका रूपमा रहनेछ ।

**निष्कर्ष :**

साहित्यको उपन्यास विधामा नवीन विषयवस्तु समेटी ऐतिहासिक उपन्यास तयार पारेका लेखकको जीवनको अर्को पाटो हो भ्रष्टाचारविरोधी अभियानको सञ्चालन र त्यसको अभियन्ता । उनको लक्ष्य हो नेपाललाई भ्रष्टाचारमुक्त देश बनाई देशमा सुशासन कायम गराउने र देखिएका विसङ्गति र विकृतिलाई समाप्त पार्दै देशमा स्वच्छ ऐननियमको पालना गराउने, सरकारले गरेका कमी-कमजोरीलाई खबरदार गर्ने, सरकार पक्षका मानिसलाई राज्यबाट दोहोरो सुविधा लिन नदिने, ऐननियम कानुन पालना गराउन लगाउने, हरेक सरकारी वा गैरसरकारी कार्यालयमा भएका भ्रष्टाचार मुक्त गर्ने । त्यसका लागि भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्दै त्यसको प्रमुख अभियन्ताका रूपमा आफ्ना काम अगाडि बढाएका छन् । यस्ता कार्य विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा सबै अभियान समेटी नेपाललाई भ्रष्टाचारमुक्त गराई असल शासन कायम राख्न यिनी निरन्तर लागेका छन् ।

उनको यस यात्रामा सफलता मिलोस् । लेखकले लेखेको पुस्तक र उनको राष्ट्रिय अभियानले सफलता पाओस् । लेखकको हीरक उत्सवको अवसरमा लेखकप्रति शुभकामनाका केही शब्दहरू लेखी उनको सुस्वास्थ्य र दीर्घजीवनको कामनाका साथ निरन्तर प्रगति हुँदै जाओस् र भगवान् सधैँ दाहिने हुन्, लेखकले शिखर चुमुन् भन्ने शुभकामना व्यक्त गर्दछु ।



●

प्रा. डा. विष्णु सापकोटा इतिहास केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्राध्यापन गर्नुहुन्छ । उहाँले विभिन्न पुस्तकहरू लेख्नुभएको छ ।

# भरत र भीमसेन
## – प्रा. डा. वीणा पौड्याल

विद्वान् र चिन्तकका पारखी रामराज पौड्याल कुनै पनि यस्तोउस्तो मान्छेलाई तारिफ गर्ने मान्छे होइन । उहाँको ठहर निर्णायक हुन्थ्यो । उहाँले भरत जङ्गमलाई २०४१ सालमा मुलुकको महत्त्वपूर्ण र जिम्मेवार लेखक भन्ने ठहर गर्नुभएको रहेछ । आज चौँतीस वर्षपछि नतिजा राम्रो निस्किएको छ ।

भरत जङ्गम निर्भीक अभियन्ताको नाम हो । निडर लेखक र अनसन्धानकर्ताका रूपमा उनी प्रसिद्ध छन् । भरत जङ्गमले गरेका विविध कार्यलाई दुईवटा प्रमुख पक्षमा छुट्याएर वर्णन गर्न सकिन्छ – (क) नेपालका विभिन्न क्षेत्रमा जरो गाडेर बसेका भ्रष्टाचार, कुरीति र विसङ्गतिलाई उजागर गरेर एउटा स्वच्छ समाजको निर्माणमा निरन्तर लागिपर्ने अगुवा, र (ख) अध्ययन-अनुसन्धानद्वारा नेपालको इतिहास, संस्कृति र पुरातत्त्वका विविध विषयलाई प्रमाणसहित लेखेर भ्रम हटाउँदै नेपालका इतिहासका केही अहम् प्रश्नलाई सुल्झाउने निर्भीक अनुसन्धानकर्ता ।

भरत जङ्गम कलेज पढ्दादेखि नै अन्य सहपाठीभन्दा फरक विशिष्ट क्रियाकलापले गर्दा चर्चित भइसकेका थिए । उनको निर्भीक ढङ्गले बोल्ने र लेख्ने कार्यले गर्दा तत्कालीन समयका प्रबुद्ध लेखक तथा प्राध्यापकहरू पनि प्रभावित भइसकेका थिए । विभिन्न कार्यक्रममा भेट हुँदा भरत जङ्गम वरिष्ठ पत्रकार रामराज पौड्याल (१९७९ – २०४४) ले उहाँलाई हौसला दिँदै भनेका कुराहरू सुनाउनुहुन्छ । 'भरत बाबु ! यस्तै निर्भीक भएर लेख्दै जानुस् है, तपाईंको कलम बलियो छ ।'□भरत जङ्गमको काँधमा धाप दिँदै रामराज पौड्यालले भनेका आशीर्वचन सम्झेर भरत जङ्गम आज पनि भावुक हुन्छन् ।

२०६६ सालमा 'ख्वपदेश' नामक उपन्यास प्रकाशित भएको थियो । त्यो पुस्तक उपन्यास भए पनि नेवार समुदायको संस्कृति, इतिहास र परम्पराको चित्रण गरिएको थियो । त्यो पुस्तक हात परेपछि पढेँ । त्यस बखत म त्रिभुवन विश्वविद्यालयको संस्कृति विभागको प्रमुख थिएँ । मलाई त्यस पुस्तकले यति खिच्यो कि स्नातकोत्तर कक्षामा पढ्ने विद्यार्थीलाई किताब लगेर देखाएँ र त्यसभित्र भएको नेपाली संस्कृतिको खुलेर वर्णन गरेँ । अर्थात् संस्कृति पढ्ने विद्यार्थीका लागि त्यो पुस्तक पठनीय छ भनेर सिफारिस गरेँ । लेख्ता उपन्यास लेखेर उपत्यकाको कलासंस्कृतिलाई प्रस्ट रूपमा प्रस्तुत गर्न सक्ने सक्षम लेखक भरत जङ्गम नै हुन् ।

बलियो कलम भएका भरत जङ्गमको २०७७ मङ्सिरमा 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिक काल)' शीर्षकको पुस्तक प्रकाशित भएको छ । लेखकले नेपालको प्राचीन, मध्य र आधुनिक कालको इतिहासमा रहेका भ्रमहरूलाई प्रमाणसहित छुट्याएर सत्य र तथ्य कुरालाई अगाडि ल्याएका छन् । बनेपाको शब्दयात्रा प्रकाशनद्वारा प्रकाशित २५६ पृष्ठको सम्बन्धित चित्रावलीसहितकमे पुस्तकको विषयवस्तु, चित्र, कागजको गुण, अग्र र पृष्ठ गाताको विषयवस्तु र रङ्ग संयोजन सबै उत्कृष्ट छन् । यस पुस्तकको प्रथम शीर्षक 'भिंद्यो महाभारतकालीन भीमसेन होइनन' मा केन्द्रित भएर आफ्ना केही विचार व्यक्त गर्ने अनुमति चाहन्छु ।

'भिंद्यो महाभारतकालीन भीमसेन होइनन्' भन्ने शीर्षकमा महाभारतकालीन भीमसेनलाई नेवार समुदायले देवताका रूपमा स्वीकार गरेको कुरा भरत जङ्गमले अस्वीकार गरेका छन् । भींद्यो नै भीमसेन नाउँमा परिवर्तन भएर भीमसेन नाम स्थापित भएको भनाइ उनको छ । अन्तमा भीमेश्वर महादेव भिंद्यो हुन् र भीम भैरव हुन् भन्ने निचोड निकालेका छन् । यी साँच्चिकै अनुसन्धानको विषय भएको छ ।

नेपालका विभिन्न ठाउँमा बसोबास गर्ने नेवार समुदायमा भिंद्योको मूर्ति र चित्रमा पूजा गर्ने प्रचलन व्यापक छ । व्यापारको सिलसिलामा एक ठाउँबाट अर्को ठाउँमा जाँदा सुरक्षा र स्मरण गर्ने, जप्ने चलन मल्लकालमा थियो । भरत जङ्गमले भीमसेन महाराज र भीम-द्यो फरक भएको प्रमाण पेस गरेका छन् । सनातन धर्मावलम्बीहरूको महत्त्वपूर्ण ग्रन्थ हो महाभारत । महाभारतका प्रमुख पात्र हुन् भीमसेन । महाभारतका नाइके श्रीकृष्णलाई उनका परिवारका सदस्यसहित पुज्ने सम्प्रदायको प्रचलनको सुरुवातसँगै अर्जुन र उनका परिवारका सदस्यको प्रतिमा निर्माण भएका उदाहरण छन् ।

इ. पू. पाँचौं शताब्दीताका पञ्चरात्र धर्मको प्रभाव भारतमा परिसकेको थियो । श्रीकृष्णको व्यक्तित्व र उनीद्वारा उपदेश गरिएको धार्मिक ग्रन्थको प्रभाव समाजमा व्यापक रूपमै थियो । विष्णुको चतुर्विंशव्यूह (२४ वटा स्वरूप) र चतुर्व्यूह (वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्र) मूर्ति निर्माण गर्ने प्रचलन बढ्दै गएको थियो । श्रीकृष्ण उनका दाइ बलराम, छोरा प्रद्युम्न र नाति अनिरुद्रको मूर्ति पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशामा एउटै फलकमा कुँदेर स्थापना गरिएका उदाहरण थुप्रै छन् । श्रीकृष्णका सदस्यले पूजा पाएजस्तै केही समय द्रौपदी र उनका पतिहरूलाई पनि मन्दिरमा स्थापना गरेर पूजा गर्ने चलन भारतमा चल्यो । तर यसले निरन्तरता पाएन । बिस्तारै लोप भयो । पञ्चपाण्डवमध्ये भीमसेनले मात्र परिवर्तित स्वरूपमा पूजा पाइरहेका छन् ।

देवीदेवताका नाम र पूजाविधिमा समयअनुसार परिवर्तन हुनु स्वाभाविक नै हो । भिंद्यो, भीमसेन, भीमसेन महाराज, भीम भैरव आदि नामबाट आफूलाई रक्षा गर्ने, आफ्नो भलो गर्ने देवतालाई सम्मान, पूजा गर्ने प्रचलन भक्तपुर, पाटन, काठमाडौँ र दोलखामा व्यापक रूपमै पाइन्छ ।

दोलखाको भीमसेन मूर्ति र मन्दिर काठमाडौँ उपत्यकाको भन्दा फरक शैलीको छ । सादा कालो पत्थरलाई भीमसेनको स्वरूप मानी पूजा गरिन्छ । माथिल्लो भाग शिरजस्तै सानो र तल्लो भाग शरीरजस्तै देखिने निख्खर कालो ढुङ्गालाई तोरणसहित स्थापना गरिएको छ । इ. सं. १५२० मै दोलखा भीमसेनको मन्दिर स्थापना भइसकेको थियो । काठमाडौंको भीमसेन मन्दिर प्रताप मल्लको समयमा इ. सं. १६३५ मा, पाटन मङ्गलबजारको भीमसेन मन्दिर श्रीनिवास मल्लको समयमा इ. सं. १६८१ मा र भक्तपुरको भीमसेन मन्दिर सत्रौँ शताब्दीमा बनाइएका हुन् । यसरी दोलखाको भीमेश्वर मन्दिर सबैभन्दा पुरानो दखिन्छ । दोलखाको मन्दिरको वास्तुशैली र गर्भगृहको मूर्ति काठमाडौँ उपत्यकाका मन्दिरभन्दा फरक छ । यज्ञमण्डप शैलीमा निर्मित मन्दिरमा शिला स्वरूपको भैरव स्थपित छ । दोलखा भीमेश्वरको कृपाले व्यापारमा सफलता प्राप्त हुने विश्वासले काठमाडौँ उपत्यकाका व्यापारीहरूले त्यहाँ भाकल पूजा गर्ने चलन निकै छ । प्राचीन समयदेखि नेपालको तिब्बतसँग व्यापारिक सम्बन्ध थियो । कठिन बाटो र सुरक्षाको दृष्टिले गर्दा ज्यान हत्केलामा राखेर जानुपर्दथ्यो । सुन, चाँदी, विभिन्न रत्नहरू र अन्य सामान ओसारपसार गर्दा वलिष्ठ सुरक्षाकर्मीले मद्दत गर्दथे । डाकु, लेटेरासँग भिड्न बलको पनि आवश्यकता पर्ने भएकाले बलिष्ठ शरीर भएका भीमसेनको आह्वान र पूजन गरेको हुन सक्तछ ।

लिच्छविकालमा भीमसेन पूजाको प्रचलन थिएन । देवमाला वंशावलीमा वर्णन भएअनुसार उपत्यकामा बाह्रौँ, तेह्रौँ शताब्दीमै भीमसेन मन्दिर निर्माण भइसकेको थियो । शिलालेखका आधारमा दोलखामा सोह्रौँ र उपत्यकामा सत्रौँ शताब्दीमा भीमसेन मन्दिर बनेको देखिन्छ ।

व्यापार-व्यवसायमा लागेका समुदायले आफ्नो व्यवसाय गर्ने थलोमा भीमसेनको मूर्ति र चित्रमा पूजा गर्ने परम्परा उपत्यकामा आजसम्म कायमै छ । बलिष्ठ शरीर भएका भीमसेनले दुवै काखीमुनि र दुवै तिघ्राले विभिन्न बलिष्ठ जनावरहरू (बाघ, हात्ती, सिंह, घोडा र सर्पहरू) च्यापेको दृश्य अङ्कित चित्रलाई पसल-पसलमा झुन्ड्याएर नित्य धूपबत्तीद्वारा पूजा गरिन्छ । व्यापारीहरूको संरक्षक देवताका रूपमा भीमसेन प्रसिद्ध छन् । महाभारतकालपछि प्रारम्भ भएको भीमसेन पूजा कृष्ण सम्प्रदायले गहिरो जरो गाडेर मौलाएको बेलामा प्रारम्भ भएको हो ।

नेपालमा भीमसेनलाई भैरवका रूपमा पनि आह्वान र पूजन गर्ने चलन छ । भीमसेन भैरव भिंद्यो पूजा नेपाली समाजमा मौलाएको धार्मिक सहिष्णुताको एउटा नमुना हो ।

शिवको अंशस्वरूप हुन् भैरव । शिवपुराणमा भैरवलाई शिवको पूर्ण रूप मानेर वर्णन गरिएको छ । वेदमा वर्णन गरिएका रुद्रकै परिवर्तित रूप भैरव हुन् भीमसेन । भीमसेन र भैरवलाई एउटै स्वरूपमा मानेर पूजा गर्ने चलन काठमाडौँमा छ । नेपालका विभिन्न मन्दिरमा प्राप्त शिलालेखहरूका आधारमा भैरवका विभिन्न नाममध्ये एउटा नाम भीम भएको पुष्टि हुन्छ । अष्टभैरव र तिनका परिवारका सदस्यको नाम शैवपुराणमा उल्लेख छ – १) असिताङ्ग, २) रुरु, ३) चाण्ड, ४) क्रोध, ५) उन्मत्त, ६) कपाल, ७) भीषण, ८) संहार । भक्तपुर नगरको चारैतिर प्रतिष्ठान गरिएका भैरवहरू र टोलको नाम हरिराम जोशीले अभिनव संस्कृति कोषमा उल्लेख गर्नुभएको छ – (१) झाठापो टोल (उपटोल) मा असिताङ्ग भैरव, (२) माच्वा टोल (उपटोल) मा रुरु भैरव, (३) क्वाछे टोलमा चण्ड भैरव, (४) लाकुलाछें लुंछेननीमा क्रोध भैरव, (५) थाथुचा टोल (उपटोल) मा उन्मत्त भैरव, (६) कोलाछें टोलमा कपालीश भैरव, (७) भोलाछें टोलमा भुषिशा भैरव, (८) मुलालों टोलमा संहार भैरव ।

कापालिकहरूले शिवको जुन रूपको पूजा गर्दथे, त्यो रूप नै भैरवको रूप हो । शिवको उग्र स्वरूप भैरवलाई एउटै स्वरूपमा कल्पना गरेर पूजा गर्ने प्रचलन पाइन्छ । यसरी भैरव र भिंद्योलाई एकै स्वरूप देख्ने परिपाटीको विकास भयो । यसलाई धार्मिक सहिष्णुताका रूपमा लिने र अनभिज्ञ, अज्ञानताका रूपमा लिने दुवै समूह छन् । अध्ययन-अनुसन्धान निरन्तर चलिरहने प्रक्रिया हो । त्यसैले यस विषयमा पनि खोज आवश्यक छ । संस्कृति र इतिहासका भ्रमलाई निराकरण गर्दै जानुपर्दछ ।

अन्त्यमा यस्तो महत्त्वपूर्ण ग्रन्थका जन्मदाता भरतमणि जङ्गमलाई मुरी-मुरी बधाई दिँदै विषयको बीट मार्ने अनुमति चाहन्छु ।

●



प्रा. डा. वीणा पौड्याल ४१ वर्षसम्म नेपाली इतिहास, संस्कृति र पुरातत्व विषयको अध्ययन, अध्यापन र अनुसन्धानमा संलग्न हुनुहुन्छ । उहाँले डेढ दर्जन पुस्तकका लेख्नुभएे छ ।

# भरत जङ्गमको जन्मकुण्डलीको विवेचना
## – डा. वीरेन्द्रप्रसाद कायस्थ

जन्मकुण्डली




नवांश कुन्डली




विक्रम सम्वत् २००४ मार्ग १० गते । कार्तिक शुक्ल द्वादश्यां २५।२३ पर त्रयोदश्यां तिथौ । अश्विनी नक्षत्र । तदनुसार १९४७ नोभेम्बर २५ । जन्म घण्टा १२।१२ रात्रौ ॥ भक्तपुर, टौमढी टोल ॥ भुवन लिङ्गको नाति गोविन्दहरि र इन्द्रकुमारीका ज्येष्ठ पुत्र । अश्विनी नक्षत्रको प्रथम पाद । चूडामणि जन्मनाम । उहाँको साहित्यिक नाउँ भरत जङ्गम हो ।

जन्मकुण्डलीको फलादेशतर्फ विचार गर्दा जातक सिंह लग्न, मेष राशिमा जन्म । सिंह लग्नलाई महत्त्वपूर्ण लग्न मानेका छन् । सिंह लग्नमा जन्म लिने जातकको स्वभाव सन्की मिजास, अरूले गरेको कार्य चित्त नबुझ्ने, आफैँले गरेको कार्य मात्रै चित्त बुझ्ने हुन्छ । साहसी, नेतृत्व गर्ने, राजाजस्तै हुन्छन् । यो अग्नितत्त्वप्रधान राशि हो ।. सिंह राशि कालपुरुषको कुण्डलीमा पाँचौं भावको राशि हो ।. पाँचौं भाव सन्तान, जन्मजात ज्ञान र बुद्धिको हो ।

सिहं राशिलाई शिव परिवारको सदस्य मानेका छन् । किनभने सिंह देवीको सवारी हो । देवी शिवको शक्ति हो ।। साहित्यकार भरत जङ्गम सिंह लग्नमा जन्मनुभएकाले उहाँमा शिवभक्ति देखिन्छ । सिंह राशिलाई राजसी राशि पनि भनिन्छ । सूर्य यो लग्नको स्वामी हो । यो अग्नितत्त्व राशि हो ।. यो राशि मघा, पूर्वफाल्गुनी नक्षत्रको सबै चरण र उत्तरफाल्गुनी नक्षत्रको प्रथम चरण मिलेर बन्छ । सिंह लग्न दिनबली हो । सिंह लग्नका लागि सूर्य, मङ्गल र गुरु नैसर्गिक मित्र हो । बुध र चन्द्रमा सम हो । शनि र शुक्र शत्रु हो । यो राशिको दिशा पूर्व हो । सिंह लग्नको जातकको कुण्डलीमा सूर्य बलवान् हुनु अति भाग्यवान् हुनु हो । व्यक्तिलाई राज्यमा पद प्राप्त हुन्छ । भाग्य भावको स्वामी मङ्गल र लग्नेश सूर्य परम मित्र भएकाले मङ्गलले राम्रो परिणाम दिन्छन् ।

बुध कुण्डलीमा तेस्रो भावमा बसेमा जातक ज्ञानी, लेखक, कवि अथवा सम्पादक हुन्छन् र जातकले यी क्षेत्रबाट धन र नाम पाउँछ । जातक कार्यमा दक्ष, मेहनती हुन्छन् । जातकलाई ज्योतिषशास्त्र तथा हस्तरेखासम्कन्धी ज्ञान हुन्छन् । तेस्रो भाव बुधको भाव हो । यसकारण बुधसँग सम्बन्धित क्षेत्र जस्तै सम्पादन, ज्योतिष, वकिल, लेखक अथवा कुनै बोल्ने व्यवसायवाट शुभ फल दिन्छन् ।

वैदिक ज्योतिषअनुसार बुध ग्रहले कुनै राम्रो वा नराम्रो फल प्रदान गर्दैन । यो जुन ग्रहसँग हुन्छ, त्यसै ग्रहको फल प्रदान गर्छ । यसकारण तेस्रो भावको बुध शुभ ग्रहसँग शुभ र अशुभ ग्रहसँग अशुभ प्रभाव दिन्छन् । बुध तेस्रो भावमा वायुतत्त्व राशि मिथुन, तुला अथवा कुम्भ राशिमा स्थित भएमा जातकको रुचि तन्त्र मन्त्र, ज्योतिष र गुप्त ज्ञानमा हुन्छन् । कुण्डलीमा अन्य शुभ योग निर्मित भएमा जातकले यी क्षेत्रमा आजीविका तथा उच्च पद प्राप्त गर्छन् । कन्या, कर्कट अथवा धनु राशिमा बुध जातकलाई उच्च श्रेणीको भविष्यवक्ता बन्छन् ।

बुध तेस्रो भावमा पुरुष राशि मेष, मिथुन, सिंह, तुला, धनु अथवा कुम्भमा स्थित भएमा व्यक्तिको स्मरणशक्ति राम्रो हुन्छ र जातक लेखन कार्यमा ख्याति प्राप्त गर्छ । बुध तेस्रो भावमा स्त्री राशि कर्कट, वृष, कन्या, वृश्चिक, मकर अथवा मीनमा अशुभ प्रभाव दिन्छन् । केतु कुण्डलीको तृतीय भावमा भएमा जातक कुरौटे हुन्छन् । कुनै पनि सानो कुरालाई पनि लामो गर्छन् । जातक चञ्चल स्वभावका हुन्छन् तथा भूतप्रेतको पूजा र तन्त्रका माध्यमवाट वशमा लिने विद्याका ज्ञानी हुन्छन् । जातकले तन्त्र विद्या सिकेमा ख्याति प्राप्त गर्नेछन् । जातक भ्रमणशील, बुद्धिमान् तथा कलाप्रेमी हुन्छन् । कान वा हातमा कष्ट हुने योग छन् । उपर्युक्त केतुको सबै प्रभाव वैदिक ज्योतिषका आधारमा लेखेको हो ।

ज्योतिषशास्त्रमा जातकको लेखनकार्य, कुशलता आदिको बिचार जन्मकुण्डलीको तृतीय भाव र बुधग्रहको स्थितिबाट गरिन्छ । कुण्डलीको पञ्चम भावबाट जातकको स्मरणशक्ति र विषयवस्तु बुझ्ने क्षमता तथा विवेकको ज्ञान थाहा हुन्छ । चतुर्थ भाबबाट त्यसको मनन क्षमता, विषयप्रति एकाग्रता आदि थाहा पाउँछौं । तर पञ्चम भाव पूर्णबलि भई अर्थात् पञ्चमेश केन्द्र, त्रिकोण आदि भावमध्ये कुनै स्थानमा स्वराशी वा उच्च राशीमा बसेको ग्रहलाई शुभ दृष्टि प्राप्त भएमा जातक उत्तम स्मरणशक्ति र विषयवस्तु राम्रो बुझ्ने र कुशाग्र बुद्धि हुन्छ । चतुर्थभाव पनि बलि भएमा व्यक्ति मननशील, कल्पनाशक्ति प्रबल हुने र विषयलाई हृदयङ्गम गर्ने हुन्छन् ।

सुतस्थानको शुक्रले पनि कला र साहित्यमा सफल बनायो । राहु र केतुतर्फ विचार गर्दा तृतीय लस्थानमा केतु र नवम स्थानमा राहु भएर बसेको छ । राहु र केतुको सम्बन्धमा मिथुन वा बृषको राहु दुवै उच्च हुन्छन् भने केतुको हकमा धनु वा वृश्चिकको केतु दुवै उच्च हुन्छन् । त्यस्तै चतुर्थ स्थानको मङ्गलको घरमा सूर्य र बृहस्पति मङ्गलको मित्र भएर बसेका मात्रै छैनन्, केशरी राजयोग बनाएर बसेका छन् । सप्तम भावमा शनि बस्यो वा शनिले पूर्ण दृष्टि दियो भने जातकलाई अन्तर्दशा वा महादशाका पालामा सत्ता दिलाउँछ भन्ने शास्त्रमा उल्लेख छ । नवमेश तृतीय भावमा बस्यो भने जातकलाई लेखन, भाषण, व्यक्तित्वबाट प्रसिद्ध र चर्चित बनाउँछ । जनप्रिय साहित्यकार नवमेशले बनाएको छ । त्यही नवमेशका कारणवाट नै सधैँ पुस्तकले प्रशंसा पाउने गरेका छन् ।

धर्मस्थानको राहुले जातकलाई साहसी बनाउँछ । नवम स्थानको राहुले जातकलाई पत्नी र सन्ततिबाट पूर्ण सन्तोष दिलाउनेछ । धर्मकर्ममा मन लगाउनेछ, जगाउनेछ । दशमाधिपति पञ्चम भावमा बस्यो भने आफ्नो क्षेत्रमा उच्च पद दिलाउँछ भन्ने शास्त्रमा बताएको छ । कर्मभाव शुक्रको घर भएकाले जातकलाई समाजसेवी बनाएको हो । शुक्रले धार्मिक जीवनमा अटल, धनी, सदाचारी, प्रसन्नचित्त बनाउँछ । धर्मस्थानको कारक ग्रह वृहस्पति हो । वृहस्पति मार्केटिङको अधिपति ग्रह हो । बुध ग्रह आर्थिक लाभका लागि कार्य गर्छ र वृहस्पति आफ्नो प्रतिष्ठा स्थापित गर्ने कार्य गर्छ । तर उत्तरार्धमा गई केवल दूतका लागि कार्य गर्छ अर्थात् अधिक फिस लिने सल्लाहकार बन्छ । त्यस्तै वृहस्पति जन्मकुण्डलीमा द्वितीय भावमा रहेमा जातकले विज्ञान विषयको अध्ययन गर्छ । तर कुनै कारणबाट विज्ञान विषय लिन सकेन भने (वृहस्पति कमजोर भएमा) त्यस व्यक्तिले वैज्ञानिक तर्क दिने गर्छ । दशम भावमा यस ग्रहले हेरेमा जातकको कर्मक्षेत्र बदलिन्छ एवं ठूलो गल्तीपश्चात् जीवनमार्ग बदलिन्छ । यस प्रकारको ग्रह सम्बन्ध हुने जातक राजधानीमा बस्न मन पराउँछ । वृहस्पति देवता देवगुरु हो र दरबारमा बस्ने यसको प्रवृत्ति हुन्छ । सरकारी कर्मचारीको मामलामा यो अनुमान लगाउन समीचीन हुन्छ कि सत्ताकेन्द्रको आसपास रहन्छ । त्यो व्यक्ति विद्यार्थी भएमा स्कुल तथा कलेजमा पनि केन्द्र आसपास वा उच्च स्तरको स्कुल तथा कलेजमा शिक्षा हासिल गर्ने हुन्छ ।

वृहस्पतिको सम्बन्ध दशम भावमा भएमा रोजगारमा पनि त्यस ग्रहको कारकत्व प्राप्त हुन्छ । मैले त्यसका लागि तीन शब्द राखेको छु - टिचिङ, प्रिचिङ वा कन्सल्टेन्सी । दशम भावलाई वृहस्पतिले प्रभावित पारेको व्यक्तिले जीवनमा कुनै पनि बेला शिक्षक अवश्य बन्नुपर्ने हुन्छ । उसको शिक्षण

प्रिचिङ् अर्थात् प्रवचन वा प्रेरणामा आधारित हुन्छ । अर्को श्रेणी हो कन्सल्टेन्सी जसबाट जातक ज्योतिषी, वैद्य वा वकिल आदि व्यवसायमा लाग्ने हुन्छन् । दशम भावमा राहुको सम्बन्ध हुने व्यक्ति क्रान्तिकारी हुन्छ । कुनै पनि कार्यमा दुस्साहसी हुन्छ । शुक्र र राहु तन्त्रको स्वामी हो । जन्मकालमा यी दुवै ग्रह बलियो भएमा तन्त्रशास्त्रमा सफलता मिल्छ । राहुलाई कूटनीतिको प्रणेता र षड्यन्त्रकारी मानिन्थ्यो । राहु दशम, षष्ठ र द्वितीय भावमा रहेर दशम भावमा पूर्ण दृष्टिले हेर्ने हुन्छ भने यस्तो योग भएको जातक अत्यधिक कौशलले युक्त हुन्छ । अधिक कार्यकुशलको कारणबाट आफ्नो योग्यता बाहिर गएर पनि कार्यसम्पादन गर्छ । मङ्गल र बुध ग्रहले न्यायदृष्टि प्रदान गर्छ, न्यायाधीश व वकिल बनाउँछ । मङ्गल ग्रहलाई जैमिनिले पनि न्यायकारक मानेका छन् । सबै ग्रहले रोजगार प्रदान गर्छ, परन्तु त्यस रोजगारसँग सम्बन्धित कौशल बुधले प्रदान गर्छ । बुधले शनिसँग सम्बन्ध स्थापित गरेमा सामन्ती संस्कारलाई आधुनिक आयाम प्रदान गर्छ ।

नेपाल अति प्राचीन कालदेखि तन्त्रप्रधान देशका रूपमा परिचित हुँदै आएको छ । नेपाल तपोभूमि र शक्तिसाधनाका लागि उपयुक्त देश हो । राजा यक्ष मल्लले पन्ध्रौँ शताब्दीको प्रारम्भमा (नेपाल सम्वत ५५९ – ६०२) दत्तात्रेय मन्दिर र मूर्ति स्थापना गरेका थिए । शैवधर्मको साथसाथमा नेपालमा शाक्तधर्मको प्रचार पनि प्रचुरमात्रामा पाइन्छ, यद्यपि शैवतन्त्रअन्तर्गत तन्त्रलाई राख्ने व्यवस्था छ । यसै सिलसिलामा महादेवको महिमालाई फैलाउन भारतबाट जङ्गम जाति नेपालमा प्रवेश गराएका हुन् । किनभने जङ्गम जाति पुजारी हुन् र तन्त्रशास्त्रमा पनि विज्ञ थिए । जङ्गम जातिको बसाइ भक्तपुर टौमढी टोलमा हो, जहाँ काशी विश्वनाथ विराजमान हुनुहुन्छ । साहित्यकार भरत जङ्गमको भनाइअनुसार मुगलहरूको आक्रमणले गर्दा काशी विश्वनाथलाई जङ्गमहरूले भक्तपुर प्रवेश गराएका हुन् (नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण, पृष्ठ १८०) ।

भैरव शिवको पर्याय हो । त्यसैले भक्तपुरका हरेक धार्मिक, सांस्कृतिक र संस्कारगत कर्महरूमा शिवशक्तिको प्रधानता पाइन्छ । जस्तै : बिस्केट जात्रा, भाद्र शुक्ल पूर्णिमापछि चौथीको दिन ल्याउने पुलुको भैरव, पुलुको हात्ती, गाईजात्रामा ल्याइने परालको भैरव, अजिमाको प्रतीक ताहासा । गाईजात्राको अगाडि सिलुमहादेव जाने चल्न आजसम्म छ । त्यसैले शिवशक्तिको प्राधान्य यो देशमा छ । नेपाल शैवधर्मको प्रमुख केन्द्र हो । पुराणहरूका साथै महाभारत गन्थको अध्ययन गर्दा नेपालमा शैवधर्म प्राचीन कालदेखि चल्दै आएको पुष्टि हुन्छ तर कालान्तरमा बौद्ध धर्मावलम्बीको बढ्दो प्रभावसँगै पुराना शैव मठ-मन्दिरहरूको अतिक्रमण, शङ्खघण्ट बजाउन

निषेध भएपछि विक्रम सम्वत्‌को चौधौँ शताब्दीमा मल्ल राजाले शैवमत प्रचार अभियान नै चलाएका थिए ।

नेपालमा लिच्छवि शासननकालमा मानदेवको समयदेखि नै शक्तिलाई आफ्नै इष्टदेवता मान्ने, उनका प्रसादले सम्पूर्ण कार्य गर्ने। देवीहरूको मूर्ति प्रतिष्ठापित गर्ने परम्परा रहेको पाइन्छ । शाक्तधर्मको स्वर्णयुग नै मल्लकाल हो । पुराणहरूमा नेपालका अनेक शक्तिपीठहरूको वर्णन छ । सतीदेवीको गुह्यपतन भएकाले गुह्येश्वरी नामले नेपालमा शक्तिपीठस्वरूपले रहेको चर्चा पाइन्छ । स्कन्दपुराणको केदार खण्डअन्तर्गत पर्ने स्वस्थानी कथामा यसको अझ व्यापक चर्चा छ । तन्त्रहरूमा पनि नेपाललाई महामाया नगरी भनिएको पाइन्छ । त्यस बेलाका मल्लराजाहरू तन्त्रअनुसार दीक्षित भएर स्वयं शक्तिको पूजा गर्दथे । तन्त्रमा दीक्षाको ठूलो महत्त्व छ । ज्ञानपरम्परालाई जीवित राख्ने कार्य दीक्षाले गर्दछ । दिव्य ज्ञान प्रदान गर्ने विधि दीक्षा हो । यस्तो दीक्षा गुरुमुखबाट हुनुपर्दछ भनिएको छ । गुरुविना आर्जन गरिएको कुनै पनि ज्ञान र सीपले जीवनमा अर्थ राख्तैन । त्यसैले एकलव्ययले गुरु द्रोणाचार्यको मूर्ति स्थापना गरी धनुर्वाण सिकेका थिए । याज्ञवल्क्यले सूर्यसँग वेद पढेका थिए ।

यो देशमा रहेको गौरीशङ्कर हिमाल मात्र होइन, शिवको विवाह पर्वतराज हिमालयपुत्री पार्वतीसँग भएकाले पनि यो विषय प्रमाणित हुन्छ । पूर्वको प्रसिद्ध वैद्यनाथ क्षेत्रले पनि शैवको गरिमा महिमा र इतिहासमाथि प्रकाश पारेको छ । महादेवको हिमालसँग सम्बन्ध हुनु, शिवकै अर्को नाम पशुपति हुनुले पनि नेपाल आदिकालदेखि शिवसँग सम्बन्धित भएको पाइन्छ । नेपालका राजवंशहरूमध्ये गोपाल र महिषपालपछि किरातहरूले शासन गरेका थिए । चौँसट्ठी शिवलिङ्गको प्रतिष्ठा गरी पूजा गर्दथे । शिवमूर्ति बनाउँथे । मल्लकालमा पनि राजा, व्यापारी, साधुसन्त र प्रजाहरूले शिवको अनन्य भक्ति गरेर शिवालय निर्माण गरी गुठी राखेको वर्णन पाइन्छ । मल्लयुग शैवतन्त्रको प्रगतिको युग थियो । हाम्रो देश कृषिप्रधान देश हो । कृषिप्रधान देश भएकाले पानी नपर्दा शिवालयमा जलधारा गरेमा (हरहर महादेव) वर्षा हुने विश्वास अहिलेसम्म उस्तै छ ।

अब म साहित्यकार भरत जङ्गमको अनुसन्धानात्मक एउटा लेखको कुरा गर्छु । बिस्केटजात्राको हलिपट भनेको नागनागिनी होइन, शिवध्वजा हो भन्ने उहाँको विवेचना तथ्यपरक छ । हलिपटका बारेमा अझै पनि विद्वद्‌वर्गमा भ्रम रहेको देखिन्छ । बिस्केटको पूर्व रूप 'विस्काः' हो । विस्काःको पनि पूर्व मूल रूप 'विषुवत' हो । सूर्य विषुवत रेखामा पर्ने दिनमा मनाइने जात्रा भएको हुनाले सोहीअनुरूप परवर्ती कालमा विषुवजात्रा, विश्वजात्रा, हुँदै विस्काः विस्क्यात, बिस्केट हुन पुगेको हो ।

सिद्धान्त ज्योतिषअनुसार सूर्यको भ्रमण मार्गलाई क्रान्तिवृत्त भनिन्छ । क्रान्तिवृत्त समतलमा १२ राशी २७ नक्षत्र रहन्छन् । नाडीवृत्त र क्रान्तिवृत्त २३.५ को कोण बनाई एक-अर्कोलाई दुई ठाउँमा काटेका हुन्छ । यो दुई विन्दुलाई सम्मात विन्दु (Equinox) भनिन्छ । यही सम्पात विन्दुबाट क्रान्तिवृत्तको उत्तरी गोल र दक्षिणी गोल छुट्टिने हुनाले यसलाई अयन-विन्दु भनिन्छ । अयनको अर्थ हो बाटो । उत्तरायणले उत्तरको बाटो र दक्षिणायनले दक्षिणको बाटो भन्ने बुझिन्छ । क्रनन्तिवृत्त बक्र भएकाले सूर्य ६ मास उत्तर र ६ मास दक्षिण उदय हुन्छ । यसैलाई उत्तरायण र दक्षिणायन भनिन्छ ।

भूमध्यरेखाले (Equator) उत्तर र दक्षिण गरी पृथ्वीलाई दुई भागमा विभाजित गरिदिएको छ । भूमध्यरेखाको धरातललाई अनन्त आकाशमा फैलाउँदै लैजाँदा कल्पित खगोल (Celestia Sphere) जहाँ पुगेर काट्छ, त्यसबाट बनेको वृत्तलाई नाडीवृत्त भनिन्छ । समयको मान यसै वृत्तबाट थाहा हुन्छ । सूर्य क्रान्तिवृत्तमा घुम्दै जब यस सम्पात विन्दुमा आइपुग्छ, त्यस बेला दिन र रात बराबर हुन्छ । यस दिनलाई विषुवत दिन (Equator Day) भनिन्छ । दिन बढ्ने रात घट्ने क्रममा छ भने त्यो सम्पात पूर्वको हुन्छ । यसलाई मेष विषुवत वसन्त सम्पात (Varnal Equorox) भनिन्छ । त्यस्तै दिन घट्ने रात बढ्ने क्रममा छ भने त्यो सम्पात पश्चिमको हुन्छ । यसलाई तुला विषुवत वा शरद सम्पात (Autummal Equinox) भन्दछन् । मेष सम्पात र तुला सम्पातमा सूर्यको प्रवेश हुनुलाई क्रमशः मेष सङ्क्रान्ति र तुला सङ्क्रान्ति भन्ने चलन छ । जब पृथ्वी तुला राशीमा प्रवेश हुन्छ, तब सूर्य मेष राशीमा देखिन्छ । यो दिन सूर्य क्रान्तिवृत्तमा घुम्दै जब यस सम्पात विन्दुमा आइपुग्छ, त्यस बेला दिन र रात बराबर हुन्छ । यस दिनलाई विषुवत दिन (Equator Day) भनिन्छ । विक्रम सम्वत् अनुसार यस दिन वैशाख १ गते पर्छ । यो दिनदेखि नयाँ वर्ष सुरु हुन्छ । यो समयमा मनाउने जात्रालाई बिस्केट भनिन्छ । विषुवत शब्द अपभ्रंश भई बिस्केट भएको हो । (पेज ४-५ : मल्लकालीन संस्कृति र ज्योतिष विज्ञान)

विक्रम सम्वत्को पहिलो महिना वैशाख सङ्क्रान्तिको दिन मनाइने सांस्कृतिक जात्राका देवता विश्वनाथ भैरव हुन् । प्रत्येक वर्षको चैत्र मसान्तमा विश्वनाथ भैरवको प्रतीक (लिङ्गो हात खोलेको) उठाउने र नयाँ वर्ष अर्थात् वैशाख १ गते ढाल्ने गर्छ । यस लिङ्गोमा फहराइने एक जोडी ध्वजालाई नागनागिनी भन्ने चलन आजसम्म जनमानसमा छ । साहित्यकार भरत जङ्गमको भनाइअनुसार बिस्केटजात्राको हलिपट भनेको नागनागिनी होइन, शिवध्वजा हो । सिद्धान्त ज्योतिषअनुसार राहु र केतुलाई नागनागिनी पनि भनिन्छ । त्यसैले हलिपटलाई नागनागिनी भनेको हुनुपर्छ । नाडीवृत्त र

क्रान्तिवृत्त (राहु र केतु) शब्द अपभ्रंश भई नागनागिनी भएको हुनुपर्छ । यसलाई विषुवत ध्वजा भनिन्छ, पछि गएर विश्वध्वजा नामले प्रसिद्ध भएको हो । धार्मिक दृष्टिकोणले यो ध्वजालाई भैरव र शक्तिको प्रतीक मानिन्छ ।

एक जोडी ध्वजा लिएर हात खोलेका लिङ्गो भन्नाले दिन र रात बराबर भन्ने बुझिन्छ । यस दिन सूर्य क्रान्तिवृत्तमा घुम्दै सम्पात विन्दुमा आइपुग्छ । यस दिनलाई विषुवत दिन (Equator Day) भनिन्छ । यस दिनदेखि दिन बढ्ने रात घट्ने क्रममा सुरु हुन्छ । यसलाई मेष विषुवत वसन्त सम्पात (Varnal Equorox) भनिन्छ ।

विक्रम सम्वत्अनुसार वैशाख १ गतेदेखि नयाँ वर्ष सुरु हुन्छ । नयाँ वर्ष मनाउने परम्परा प्रायः सबै देशहरूमा पाइन्छ । नेपालीहरू नयाँ वर्षको दिनलाई परम पवित्र मान्दछन् । नयाँ वर्ष हरेक वर्ष चैत्र मसान्तदेखि वैशाख १ गतेसम्म मनाइन्छ । नेपालमा राष्ट्रिय सम्वत्का रूपमा विक्रम सम्वत्लाई नै मान्यता छ । ज्योतिषशास्त्र र ग्रहहरूको ज्ञान यसै सम्वतका आधारमा पाइन्छ । हाम्रा चाडपर्व र शुभकार्यहरू विक्रम सम्वतमा नै आधारित छन् । विक्रम सम्वत्लाई सबैभन्दा प्राचीन र वैज्ञानिक मानिन्छ । प्रत्येक राष्ट्रले नयाँ वर्ष आआफ्नै रीति र संस्कृतिअनुसार मनाउने गर्छन् । प्राचीन युनानमा नयाँ वर्ष २१ जूनपछि पर्ने पूर्णिमामा मनाइन्थ्यो । रोमन सम्राट् जुलियस सिजरभन्दा पूर्व रोमन नव वर्ष १ मार्चमा मनाइन्थ्यो । इस्वी सन्को मूल रोमन सम्वत् हो । रोमन पञ्चाङ्गलाई मान्ने बेलायत, अमेरिका, क्यानडा आदि देशहरूमा ३१ डिसेम्बरको राति रङ्गीचङ्गी बत्ती बाली नाच्तै–गाउँदै रमाइलो गरी बाह्र बज्दा शुभकामना आदानप्रदान गरी बधाई दिई नव वर्ष मनाइन्छ । मित्रराष्ट्र चीन र इन्डोनेसियामा इस्वी सन् र आआफ्नै सम्वत् गरी दुईपटक नव वर्ष मनाइन्छ । नेपालमा पनि विक्रम सम्वत्अनुसार वैशाख १ गते र नेपाल सम्वत् गरी दुईपटक नयाँ वर्ष मनाइन्छ । नेपाल सम्वत्को नव वर्ष कार्तिक शुक्ल प्रतिपदाको दिन मनाइन्छ । नेपाल सम्वत् नेपालको मौलिक सम्वत् हो । यो सम्वत् चन्द्रगतिअनुसार चल्ने भएको हुनाले तिथि नै मुख्य यसको आधार हो । ज्योतिषशास्त्रअनुसार सूर्य र चन्द्रको दूरी १२ अंश भएपछि एक तिथि हुन्छ । हाम्रो सम्पूर्ण कार्य तिथिअनुसार चलेका छन् । चन्द्रगति अर्थात् तिथिको मूल आधार गणित हो । गणितकै आधारमा ऋतु परिवर्तन भइरहन्छ । ऋतु परिवर्तनको कारणबाट नै यहाँ जाडो महिना वर्षा महिनाले पालो फेरिरहन्छ । कसैले आशीष दिँदा 'चन्द्रमा दाहिने परोस्' भनिन्छ । कसैलाई सगुन दिँदा चन्द्रको प्रतीक दही दाहिने निधारमा टीका लगाइदिने चलन अझै जीवित छ । नेपालको मौलिक सम्वत् भनेको नेपाल सम्वत् हो । यसको वैज्ञानिक आधार र व्यावहारिक धरातल पनि अनन्त छ ।

नेपालमा नव वर्ष पर्व पश्चिमी मुलुकमा झैँ आमोदप्रमोदको वातावरणमा भन्दा तन्त्र र धार्मिक तथा ज्योतिषीय वातावरणमा मनाउने चलन बढी पाइन्छ । नयाँ वर्षको अवसरमा पर्ने भक्तपुरको बिस्केटजात्रा र बोडेको जिब्रो छेड्ने जात्रा विश्वप्रसिद्ध छ ।

भक्तपुरको बिस्केटजात्राबारेको किम्वदन्तीअनुसार लिच्छवि राजाकी एक मात्र छोरी थिइन् । राजाले आफ्नी छोरीको विवाह गर्न धेरै प्रयास गरे पनि सफल भएन । त्रेतायुगमा सीता र द्वापरयुगमा द्रौपदी विवाहका लागि जनक राजा र द्रुपदनरेशले पनि धेरै प्रयास गरेका थिए भने कुरा पुराणमा वर्णन गरेको पाइन्छ । लिच्छवि राजाले छोरी विवाह गर्ने व्यक्तिलाई राजगद्दी नै सुम्पने प्रस्ताव राखेका थिए । राजगद्दीको लोभमा विवाह गर्ने धेरैजना व्यक्तिले राजकुमारीसित पहिलो रातमै ज्यान गुमाउनुपरेको थियो, जसले गर्दा राजाले छोरीको शयनकक्षबाट हरेक बिहान लास उठाई मसानघाट पुऱ्याउने मलामी गुठीको समेत स्थापना गर्नुपरेको थियो । एक दिन एक राजकुमार हनुमन्ते खोला हुँदै जाँदा बृद्ध तान्त्रिकसँग भेट गरी सम्पूर्ण रहस्यमय कुरा थाहा पाई राजकुमारले विवाह प्रस्ताव राख्न राजदरबार गए । राजाले प्रस्ताव स्वीकार गरे । राजकुमारीसँग बसेका राजकुमार रातभरि जाग्राम बसी राजकुमारीको नाकबाट निस्केका नागनागिनीले राजकुमारलाई डस्न खोज्दा तरबारले दुई टुक्रा पारेपछि मृत्युबाट बचे । राजकुमारीसँग बिहे गर्न सफल भएको दिन र सर्पको अन्त्येष्टिको सम्झनामा बिस्केटजात्रा मनाउन थालिएको हो ।

टौमढीटोलको प्रसिद्ध भैरवको किम्वदन्तीअनुसार लिच्छविकालमा चलाएको प्रसिद्ध जात्रा हेर्न आएका काशीको भैरवलाई यहाँका प्रसिद्ध तान्त्रिकले चिनेपछि भैरवनाथलाई भक्तपुरमै स्थायी रूपमा राख्न खोजे । विश्वनाथ भैरवलाई सहकालका देवता मान्छन् । त्यसैले तत्कालीन तान्त्रिकले मन्त्रबलद्वारा समाउन खोज्दा भैरवले चाल पाई भाग्न खोज्दा शिरच्छेदन गर्न पुगेछन् । भैरवनाथको छिनिएको शिर भुइँमा खसेर गुडेर केही पर गएर अडियो । शिरविहीन विश्वनाथ काशी फर्कनुभयो भने यता भक्तपुरमा तान्त्रिक विधिपूर्वक उनको शिरलाई स्थापित गरियो ।

अन्तमा, आदरणीय साहित्यकार भरत जङ्गमले अनुसन्धानमूलक अति महत्त्वपूर्ण पुस्तक 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' प्रकाशमा ल्याउनुभएकोमा उहाँलाई धन्यवाद दिन चाहन्छु ।

●

डा. वीरेन्द्रप्रसाद कायस्थ ज्योतिषविज्ञ लेखक हुनुहुन्छ ।

# उन्नत एवं विशुद्ध सामाजिक आचरण
## – शिव अधिकारी

महापुरुषको आवश्यकता त्यतिखेर समाजले महसुस गर्छ, जति वेला समाज, देश र यो धर्तीमा गम्भीर सङ्कट उत्पन्न हुन्छ । यस्तो सङ्कट उत्पन्न भएको बेला धेरैखाले महापण्डितहरू देखापर्छन्, जसले आफूलाई अगुवा सावित गर्न अरूको सधैँ बदख्वाइँ गरिरहन्छन् र उनीहरू चर्चित पनि भइरहेका हुन्छन् । यो अवस्थामा सामाजिक क्षेत्रमा यसरी देखापरेका चाटुकारप्रति जनताको ध्यान केन्द्रित भएको हुन्छ । जनताले यस्ता मान्छेहरू नै समाजका सर्वेसर्वा हुन् र यिनीहरूले नै सबै समस्याको समाधान गर्न सक्छन् भन्ने सोचिरहेका मात्र नभई यस्तै मान्छेहरूको आशामा हराएका हुन्छन् । यस अवस्थामा भ्रष्टाचार निराकरण गरेर समाजलाई पवित्र बनाउन सङ्घर्षरत भरत जङ्गमजस्ता व्यक्तित्वले समेत ओझेल परिरहनुपरेको छ ।

अहिले सामाजिक रूपमा ठूलो योगदान दिन सफल र सामाजिक शुद्धीकरण र सुशासनका लागि सक्रिय नेतृत्व दिइरहेका व्यक्तित्वका बारेको चर्चामा समयको सदुपयोग गर्ने प्रयास गरिरहेको छु । वास्तवमा मजस्ता साधारण मान्छेका लागि यो फलामको च्युरासरहको अभ्यास बनिरहेको पनि छ । यद्यपि भरत जङ्गम मेरा समादरणीय महापुरुष हुनुहुन्छ । उहाँका प्रेरणादायी सामाजिक, धार्मिक र शासकीय प्रयासले समाजलाई मात्र नभएर देशकै शासन व्यवस्थालाई स्वच्छ राख्न महत्त्वपूर्ण खुराक बनेका छन् । यो उहाँको प्रयासलाई चिन्ने र उहाँको मार्गदर्शनको खोजी गर्ने तागत शासनमा बस्नेले बनाउन सकेको पाइँदैन । उहाँका बारेमा मलाई धेरै थाहा छैन, तर पनि उहाँ समाजको अतुलनीय प्रेरणादायी व्यक्तित्व हुनुहुन्छ । यसर्थ उहाँका बारेमा कुरा गर्दा केही ऐतिहासिक प्रसङ्ग र राजनीतिक घटनाक्रमलाई सम्झनु पनि सान्दर्भिक हुन्छ भन्ने मैले ठानेको छु ।

देश ऐतिहासिक चरणदेखि नै सङ्कटग्रस्त बन्दै गएको पाइन्छ । यद्यपि जुनसुकै समाजको शासन गरिरहेका शासकले आफ्नो आचरणलाई शुद्ध राख्नका लागि मन्दिरलाई नै आस्थाको घर बनाएका थिए । चाहे मानदेवको चाँगुनारायण भनौँ वा भूपतीन्द्र मल्लको ५५ झ्याले दरबार, यक्ष मल्लको दत्तात्रेय मन्दिर भनौँ वा प्रताप मल्लको हनुमानढोकामा रहेको हनुमानको स्थापना, यीलगायत यस्ता संरचनाहरू शासकहरूमा जागरुक धार्मिक

आस्थाका परिचायक हुन् । यस्ता संस्थाहरूको उदाहरणस्वरूप हनुमानढोका बनिरहेको र सोही नामले अहिले पनि हनुमानढोका भनेर प्रख्याति पाएको छ । पृथ्वीनारायण शाहको नेपालको एकीकरण, राणाकालको बेलायती शैलीका दरबार र भवनहरू जस्ता ऐतिहासिक स्मारक र पुरातात्त्विक संरचनाले आजका शासकलाई समाज अस्तव्यस्त बनाउनसमेत आफूले गरेका कठोरतम अपराधको पश्चात्ताप गर्नका लागि साक्षी बनिरहेका छन् ।

नेपालको शासकीय इतिहासमा राणाकालपछिको उतारचढाव र विकासका कार्यक्रम उल्लेखनीय रहेका छन् । प्रजातन्त्रको स्थापना र त्यसपछिका महापुरुषहरूको देशप्रतिको योगदान अपेक्षाकृत उल्लेखनीय छ कि छैन, थियो कि थिएन। हेर्न र खोजी गर्न बाँकी नै रहन्छ । यद्यपि महेन्द्रको शासनकालमा योजना तर्जुमा राष्ट्र बैङ्कको स्थापना, पञ्चायती शासनको प्रादुर्भाव, भूमिसुधार, पूर्व-पश्चिम राजमार्ग, कोदारी राजमार्ग, १४ अञ्चल ७५ जिल्लाको राजनीतिक शासकीय स्वरूपजस्ता कुरा सम्झन लायक छन् ।

त्यसपछिका राजा वीरेन्द्रको कार्यकालमा भएका साना किसान विकास कार्यक्रम र गरिबी निवारण, शान्तिक्षेत्र प्रस्ताव, बहुदल स्थापना जस्ता कुराको सम्झनाले राज्यसत्ताको परम्परागत शैलीले फड्को मारेकै देखिन्छ । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछिका शासकीय स्वरूपमा देखिएका खैलाबैलाका कारण मदन भण्डारी र जीवराज आश्रितको जघन्य हत्या र यस्तो हत्याको खोजी गर्न र अपराधीलाई दण्डित गर्न असफल सरकारका कारण सिर्जित माओवादी जनयुद्ध, महाकाली सन्धिजस्ता आपराधिक सन्धिको नमीठो तरङ्गमा अल्झिएका राजा वीरेन्द्रको सन् २००१ को चीन भ्रमणमा बुआओ सम्मेलनलाई सम्बोधनजस्ता पृष्ठभूमिमा घटेको दरबार हत्याकाण्ड आँखाअगाडिको जघन्य आपराधिक घटना देखापरेका हुन् । सायद वीरेन्द्रले पेरिस सम्मेलनमा गरिब राष्ट्रका तर्फबाट दिएको भाषणबाट तरङ्गित साम्राज्यवादी शक्ति तिलमिलाइरहेको बेला अझ प्रचण्डले वीरेन्द्रसँगको सहकार्यको प्रस्तावित चरणसम्मको गन्ध आएपछिको वीरेन्द्र वंशविनाशको दरबारिया हत्याकाण्ड हो । यसैअनुरूपको मदन भण्डारीको हत्या र दरबार हत्यासमेतको नाटकीय खोजी र प्रतिवेदनले हाम्रो समाजलाई जिस्क्याइरहेको अवस्था हो ।

टाउकाको मोल तोकिएका माओवादी नेता प्रचण्ड र उनका सहयात्रीहरूको साहसिक सङ्घर्षलाई नकारात्मक होइन, सकारात्मक ढङ्गले गम्भीरतापूर्वक लिनुबाट त्यस्ता घटना दोहोरिनबाट सदाका लागि रोक लगाउन सफल हुन सकिन्छ । स्वतन्त्र बौद्धिक दृष्टिकोणबाट हेर्ने हो भने

जनयुद्धको घटना स्वाभाविक थियो । किनभने यसको उत्पत्ति तत्कालीन अवस्थाको शासकीय चरित्रका कारण घटिरहेको, उच्च स्तरको नेता तथा व्यक्तिहरूको हत्या, सरकारकै आडभरोसामा मौलाइरहेको भ्रष्टाचार, देशमा स्थापित संस्थानहरूको बेचबिखन र प्राप्त सम्पत्तिको राजनीतिक दुरुपयोग, महाकालीजस्ता घोर आपत्तिजनक सन्धिजस्ता पृष्ठभूमिमा साधारण जनविद्रोहले धान्नै नसक्ने अपराधलाई चोटिलो प्रहार गर्न सुरु गरिएको माओवादी जनयुद्धलाई साहसिक विद्रोहका रूपमा लिनुपर्छ । यसरी घटेका गम्भीर घटनालाई निराकरण गर्न त्यस्ता घटनाको दीर्घकालीन समाधान खोज्नु आजका बौद्धिक समुदायको दायित्वभित्र पर्ने कुरा हुन् ।

सायद सकारात्मक अथवा नकारात्मक जे भए पनि आजको नेपालमा भएको राजनीतिक परिवर्तनको जस माओवादी जनयुद्ध र यसको नेतृत्वदायी भूमिकामा रहेका प्रचण्डलाई नै दिनुपर्ने हुन्छ । यद्यपि यसरी बनेको परिवर्तनको अवस्थामा भने गाडा चढेर अमेरिका जानुजत्तिकै कठिन हो गणतन्त्र भन्ने चटकी ओलीजस्ताले मोजमस्ती गर्ने अवसर बनेको छ । यति मात्र होइन, केपी ओलीजस्तै नालायकले प्रधानमन्त्रीको कुर्सीलाई मात्र होइन, देशको कानुन र संवैधानिक मर्यादासमेत नराखी यिनीहरूको गुटले गरिरहेको भ्रष्टाचारजन्य अनेकौं तिकडमले देशलाई जटिल अवस्थामा पुऱ्याएको छ ।

नेपालमा इमानदार व्यक्तिले सधैँ सास्ती भोग्नुपरिरहेको छ र त्यस्ताले राज्ययन्त्रमा कुनै स्थान पाउन सकेका छैनन् । यसको उदाहरण राणाकालको प्रखर विद्वत् व्यक्तित्व राजा जयपृथ्वीबहादुर सिंह बझाङको शासन गर्ने अवस्थामा पनि विद्रोही र जनपक्षीय थिए । त्यस्ता महापुरुषसमेतले देशमा बस्ने अवस्था नभएर भारतमा गएर आफ्नो जीवनको किनारा खोज्नुपरेको थियो । आजसम्मका राजनीतिक घटनाक्रम र इमानदारीको कसीमा प्रखर मल्लकालका भीम मल्ल हत्या, शाहकालका बहादुर शाह देशनिकाला, राणाकालका रणोद्दीप सिंह हत्या र देव शमशेर दुर्दशाका साथै पछिल्लो अवस्थामा शासन गर्ने भद्र र शालीन शासक वीरेन्द्रजस्ताको हत्या हुनु यो देशको दुर्दशाको परिचायक घटना भन्नुपर्छ । यस अवस्थामा जनस्तरवाट शासनको सुदृढीकरण र जनताका लागि अमनचैन एवं शान्तिपूर्ण सुव्यवस्थाको परिकल्पना विभिन्न कोणमा छचल्किएकै हो । यस्ता विशुद्ध विचारले देशको शासन व्यवस्थामा सुधार गर्ने अवस्था बन्नुको बदला त्यस्ता व्यक्तित्वले कठोर यातना भोग्नुपरेको यथार्थ हाम्रो सामु छरपस्ट छन् ।

आजको कोभिडको मारमा ओलीजस्ता घामट शासकले चलाइरहेको देशको अर्थव्यवस्थामा देखिएको भ्रष्टाचार र अत्याचारका विरुद्धमा उर्लिएको अवाजसँगै भरत जङ्गमको साहसिक प्रयासको सम्माननीय स्वरूपको यहाँ

चर्चा गर्नु सुखद कुरा हो । एक बिहान म भरत जङ्गमको भिडियो अभिव्यक्ति सुनिरहेको थिएँ । उहाँ भनिरहनुभएको थियो अब प्रचण्डजस्तालाई उठ्नै नसक्ने गरी ओलीले सुताइदिए । उहाँले भनेको ठीकै थियो । किनकि राजनीतिक स्तरमा प्रचण्ड सोभ्फासिधा मान्छे रहेछन् । उनी भन्ने गर्छन् मैले कति कुरा गल्ती गरेको छु, गल्तीबाट सिक्नुपर्छ । हुन पनि जनयुद्धमा हजारौं होनहार मारिए । उनी भनिरहेका छन् म त्यसको जिम्मेवारी छु । यद्यपि त्यो जनयुद्ध घोषित जनयुद्ध थियो । समयमै त्यस्ता विद्रोहीलाई बोलाएर तत्कालीन शासन चलाइरहेका गिरिजा, देउवा र ओलीले उनीहरूका माग पूरा गरेका भए त्यो हत्या हुन्थ्यो र ? यसो नगरेर उनीहरू हत्या दबाउने नाममा हतियार किन्न, हेलिकप्टर र यातायातका साधन प्रयोग गर्नमा भ्रष्टाचार गरेर यो युद्धको निरन्तरतामा आफू र आफ्ना मतियारहरू धनी बनाउनपट्टि लागे । यसर्थ म भन्ने गर्छु यो हत्याको जिम्मेवार तत्कालीन सरकार हो, प्रचण्ड होइन । अहिलेको अवस्था जटिल छ । यो अवस्थामा ओलीजस्ता घामटलाई उचाल्नु र मलजल गर्नु भनेको आफू पनि अपराधमा सामेल हुनु हो ।

भरत जङ्गमजस्ता आफ्नो युवा अवस्थादेखि भ्रष्टाचारमुक्त समाजको परिकल्पनामा रमाउने व्यक्तित्व विरलै पाइन्छ । उहाँ वि. सं. २००४ सालमा भक्तपुरमा जन्मेर सङ्घर्षमय युवा अवस्थाबाट खारिँदै २०२७ सालदेखि पत्रकारिता क्षेत्रमा प्रवेश गर्नुभएको हो । पत्रकारका रूपमा उहाँले विभिन्न राष्ट्रिय पत्रपत्रिकामा अगुवा लेखकको भूमिका निर्वाह गर्नुभएको कुराले सबैलाई प्रेरणा मिलिरहेको छ । मैले उहाँलाई चिनेको म स्वयं सेन्ट्रल जेलमा रहँदा ‘कालो सूर्य’ पढ्ने मौका लिएको अवस्थादेखि हो । २०३८ सालमा पढिएको ‘कालो सूर्य’ को आख्यान मलाई अहिले सम्भ्फना छैन, तापनि जेलजीवनमा यो पढ्दा म ज्यादै संवेदनशील भएको थिएँ । २०३६ सालमा प्रकाशित भएको त्यो पुस्तक त्यतिखेर मेरा लागि कष्टसाध्य जेलजीवन सहज बनाउन दर्विलो खुराक बनेको थियो । त्यसपछिका उहाँका कृति मैले पढ्ने मौका नपाए पनि उहाँका लेख र अभिव्यक्तिहरू पर्याप्त रूपमा पढ्ने र सुन्ने गरेको छु । यसमा पनि उहाँका भ्रष्टाचारविरोधी अभियानजस्ता कृतिहरूले सबैलाई व्युँभ्फाउने गरेको छ ।

समाजसेवाका क्षेत्रमा समेत उहाँको योगदान अतुलनीय देखिन्छ । वि. सं. २०२७ सालमै जङ्गम छात्रवृत्ति कोष स्थापना गरेर मजदुरी गरेर आफ्नो अध्ययन गर्न चाहनेलाई उज्यालो प्रदान गर्ने काम गर्नुभएको छ । त्यस्तै पशुपतिनाथको अव्यवस्था, मृगस्थलीमा क्रिस्चियनहरूको समाधिस्थल बनाउने काममा रोक लगाउनुका साथै धेरै मठमन्दिरहरूको जीर्णोद्धार र संरक्षण गर्नुले सामाजिक तथा धार्मिक क्षेत्रमा उहाँलाई चम्किलो बनाएको छ ।

उहाँले वि. सं. २०५५ देखि नै अदालतमा भ्रष्टाचार र अनियमितताको विरोधमा अपिल गर्नेजस्ता कामबाट सरकारलाई समेत सही परिचालनको बाटो फराकिलो बनाउन सहयोग गर्नुभएको हो, यद्यपि उहाँले पवित्रतापूर्वक गर्न खोजको सहयोगलाई सरकारको सकारात्मक दृष्टि नरहनुबाट उहाँ पटकपटक पीडित हुनुपरेको थियो । उहाँले पूर्वसभासदलाई पेन्सन दिने निर्णयका विरुद्ध, सांसद विकास कोषका विरुद्ध, अख्तियार दुरुपयोग अनुसन्धानका भ्रष्टाचारीलाई अदालती कारवाही गर्न लगाएको रोकका विरुद्ध, विशिष्ट राजनीतिक ओहदामा रहेका व्यक्तिलाई दिने सुविधाका विरुद्ध र संविधानसभाको अवधि थप गर्नुसमेत अवैध हो भन्दै दिएका रिट-निवेदनहरूले उहाँको यो साहसिक अभियान राज्यव्यवस्थाको कानुनसम्मत सञ्चालन गर्नका लागि शासकहरूले यी सबै प्रयासहरूलाई उत्तम सामग्रीका रूपमा लिनुपर्ने थियो, यद्यपि अहिलेको विध्वंसक अवस्था सिर्जना गरेर सम्पत्ति आर्जन गर्न तल्लीन सरकारमा रहेका राजनीतिक नेतृत्वले त्यस्तो पवित्र सुझावस्वरूप अदालतमा पुगेका रिटहरूलाई सत्तामा बस्नेहरूका विरुद्धको नजिर बनिरहेको महसुस गर्न पुग्नु देशमा भ्रष्टाचारको चरम अवस्था सिर्जना हुने आधारभूमि बनेको हो ।

यति मात्र नभएर डोलेश्वर महादेव मन्दिरलाई उत्तरी क्षेत्रको केदारनाथका रूपमा स्थापित एवं परिचित गराउने मात्र नभई पशुपति स्वयंसेवी सङ्घमा प्रमुख सल्लाहकारको भूमिकासमेत उहाँले निर्वाह गरिरहनुभएको छ । यसका साथै पशुपतिनाथ, अनन्तलिङ्गेश्वर महादेव, वागेश्वरी र सरस्वती मन्दिरजस्ता पवित्र धार्मिक स्थलको संरक्षण तथा जीर्णोद्धारमा उहाँको प्रमुख भूमिका रहनु सबैलाई प्रेरणाप्रद कार्य बनिरहेको पाइन्छ । आफ्नो जीवनको सक्रियता रहेदेखि नै समाजमा विद्यमान भ्रष्टाचारजन्य अपराधको निराकरण गर्न खेल्नुभएको भूमिका भने उहाँको अतुलनीय नै छ । यो अभियानले वास्तविक रूपमा सरकारले भनिरहेको तर गर्न नसकेको सुसाशन कायम गर्न सहज हुने थियो । सरकारले जे भनिरहेको हुन्छ र जे कार्यक्रममा लेखिरहेको हुन्छ, त्यो गर्दैन भन्ने कुरा अहिलेको सरकार सञ्चालन प्रक्रियाले स्पष्ट पारेको छ । यसर्थ अबका दिनमा खास गरेर देशको भ्रष्टाचार र अनियमितताविरोधी अभियानमा सबैलाई सङ्गठित गरेर गुन्डा संरक्षण गर्दै राज्यको स्रोत र साधनको दुरुपयोग गरिरहेको सरकारलाई चुनौती दिन उहाँको अभियान अझ सक्रिय रहनुपर्छ ।

सिङ्गो समाजलाई फराकिलो ढङ्गले अगाडि बढाएर नमुना गाउँको समग्र स्वरूप तयार गरेर समृद्ध देश निर्माणको रहरले उपलब्धिपूर्ण क्रियाशीलता सबैको रहोस् भन्ने सोचका साथ काम गरिरहेको मजस्तो

साधारण व्यक्तिले भरत जङ्गमका बारेमा केही भन्ने साहस गर्नुपर्दा म स्वयंलाई दर्विलो ऊर्जा मिलेको महसुस भएको छ । अहिलेको अवस्थामा भरत जङ्गमको सक्रियता अझ टड्कारो बन्दै गएको छ । बहुआयामिक व्यक्तित्वका धनी भरत जङ्गमबाट सिक्नुपर्ने कुरा धेरै छन् । यसर्थ अहिलेको शासकले उहाँको स्वच्छ चरित्र एवं सामाजिक योगदानको मात्र अनुसरण गरे मात्र पनि देशमा सुशासन कायम गर्न र देशको आर्थिक-सामाजिक रूपान्तरणमा योगदान पु¥याउन गारो पर्ने थिएन ।

अहिले देश चरम अप्ठ्यारो अवस्थामा छ । कोभिडको महामारीले जनता पीडित छन् । यो अकल्पनीय घटनालाई समेत मान्छेहरूले विश्वका सीमित बहुराष्ट्रिय तस्करहरूले नयाँ आय आर्जनको स्रोत बनाउन गरेको षड्यन्त्रका रूपमा पनि लिइएको छ । कोभिडको त्रास देखाएर सबै देशका सक्रिय जनशक्तिलाई निस्कृय राख्ने र आफूले रोगनिरोधक औषधिको खेती गरेर सामाजिक क्षेत्रलाई दोहन गर्न तल्लीन समाजविरोधीहरूको हर्कतको समेत घुलन भएको समस्यका रूपमा यसलाई लिन सकिन्छ । यसै चक्रव्यूहमा घसेटिएर यहाँको सरकारले यो घटनालाई जनताले खाई-नखाई तिरेको करको दुरुपयोगबाट मालामाल हुन उर्वर भूमि बनाइरहेको छ । यस अवस्थामा भरत जङ्गमको यो हीरक जयन्तीले देशलाई अग्रगति दिनका लागि भ्रष्टाचार निर्मूल समाज निर्माण गर्न सहज हुने आशा गर्नु स्वाभाविक हो ।

देशमा चरम भ्रष्टाचार छ । यस अवस्थामा भरत जङ्गमको २०४६ सालपछि बेचिएका संस्थानहरूको सम्पत्तिको खोजीका लागि कानुनी र सामाजिक उपचारतर्फ नेतृत्व गर्ने सक्रियता रहोस् । यति मात्र नभएर मदन भण्डारी, जीवराज आश्रित र राजा वीरेन्द्रको वंशनाश जस्तो दरबार हत्याकाण्डको खोजीको माग तीव्रतापूर्वक अगाडि बढाउन उहाँको ध्यान जान सकोस् । यसका साथै गणतन्त्रपछि संविधान र कानुनसमेत कब्जा गरेर चलाइएको मनपरीतन्त्रको विरोध गर्ने र यसका लागि देशका सबै दलका नेताहरूलाई भ्रष्टाचार र सुशासन स्थापित गर्न प्रशिक्षित गराउँदै इमानदार नेताले देशको शासन सञ्चालन गर्ने वातावरण बनाउन भरत जङ्गमले नेतृत्वदायी भूमिका निर्वाह गर्न सके संसारलाई नै उज्यालो दिने शान्तिक्षेत्र नेपाल बन्न सक्छ ।

अहिलेको कोभिडको आक्रामक अवस्थामा नेपाललाई जतिको अर्थिक विकासको सुवर्ण मौका अरू देशलाई विरलै होला । यसैले यहाँको कृषि व्यवसायीकरण, जडिबुटीको अनुसन्धान तथा प्रयोग, जलस्रोतको व्यावहारिक उपयोग, वनजङ्गल र जनावरको उचित व्यवस्थापनले देश समृद्ध हुन सक्छ । यो देश विश्वका युवाका लागि रोजगारीको प्रमुख गन्तव्य बन्न सक्छ । यति

मात्र नभएर विश्वका धनी मान्छेहरूको बृद्ध अवस्थामा आश्रयको स्थल पनि नेपाल नै हुन सक्छ । यसैले बुद्धभूमि नेपाललाई सङ्घीय संरचनामा बुद्धको प्रशिक्षणस्थल बनाएर सबैलाई अनुशासित बनाएपछिको अवस्थाले नेपाललाई विश्वशान्ति विश्वविद्यालयका रूपमा स्थापित गर्दै संसारलाई नै अध्ययन र अनुसन्धानको केन्द्र बनाउन सकिन्छ ।

छिमेकी देश भारत अस्तव्यस्त छ । त्यसको तुलनामा उत्तरतिर रहेको छिमेकी देशको सामाजिक व्यवस्थापन दरो देखिएको छ । अहिलेकै अवस्थामा भारत रहने हो भने यसको विखण्डनका लागि धेरै वर्ष पर्खनुपर्दैन । यति मात्र नभएर भारतमा अहिले कोभिडको मार चरम देखिएको छ । त्यहाँका जनताको आत्महत्या र सामाजिक विद्रोह गरिबीको उपज बनिरहेका छन् । फोहोर र गन्जागोले गरिबहरूको अवस्था नाजुक छ । यही कारण रोगको प्रकोप ज्यादा मात्रामा फैलिएको र अहिले नेपालमा आइपरेको समस्या भारतकै कारण हो भन्नुमा कुनै आपत्ति मानिरहनुपर्दैन । वातावरणीय सङ्कटले समेत भारत र दक्षिण एसियालाई प्रभावित गरिरहेको छ । यस अवस्थामा केही वर्षमा नेपालको भन्दा पनि भयानक भूकम्प र दैवी विनाशको सामना भारतले गर्नुपर्ने अवस्था पनि रहन्छ । त्यतिखेर भारतका मुख्य सहरहरूको लाखौँ मात्र नभएर करोडौँ हताहत हुने अवस्था नआओस् । कामना गरौँ भारत सधैँ समृद्ध रहोस् र नेपालको भूमि कब्जा गरेर दुःख दिनुभन्दा पनि सुगौली सन्धिपछिको भूमिसमेत फिर्ता गरेर भारतले विश्वको विशाल प्रजातान्त्रिक देशको संमानित अवस्था ग्रहण गरोस् भन्ने आशय हाम्रो रहनुपर्छ ।

यो विशिष्ट परिवेशमा हामीले मनाइरहेको महापुरुष भरत जङ्गमको हीरक जन्मजयन्ती राष्ट्रिय पर्व बनोस् । उहाँ अझ फराकिलो ताकत बनेर सधैँ अन्याय, अत्याचार र सामाजिक विकृतिविरुद्धको नेतृत्वदायी भूमिकामा रहने क्षमता अझ दर्विलो हुन सक्नुपर्छ । उहाँ उन्नत र विशुद्ध सामाजिक आचरणको खोजीमा जीवनभर सङ्घर्ष गरिरहनुभएको छ । उहाँको यो सङ्घर्ष सार्थक र उपलब्धिपूर्ण बनोस् । यस सुखद घडीमा भरत जङ्गमको सुस्वास्थ्य, दीर्घायु र उच्च सम्मानको कामनासहित आफ्नो भनाइ अन्त गर्ने अनुमति चाहन्छु । भनिएको छ –

अधमा धनमिच्छन्ति धनमानञ्च मध्यमा ।
उत्तमा मानमिच्छन्ति मानोहि महती धनम् ॥

अधम र मूर्खले धनको मात्र इच्छा राख्छ, मध्यम सोच भएकाले धन र मान दुवैको सन्तुलनमा काम गर्छ भने उत्तम महापुरुषले मान प्राप्त गर्ने प्रयासमा आफूलाई समर्पित गर्छ र मान नै सबैभन्दा ठूलो धन हो भन्ने

ठान्दछु । मलाई यस श्लोकको तेस्रो दर्जाको महापुरुष भरत जङ्गमलाई देखेको छु । उहाँप्रति शुभकामना ज्ञापन पनि गर्दछु ।

यहाँ काङ्ग्रेस, कम्युनिस्ट, राजावादी, पञ्च कोही होइन, शासनमा इमानदार मान्छेको खोजी हुनुपर्छ र त्यस्ता मान्छेलाई मौका दिनुपर्छ । यति मात्रले देश सम्पन्न हुन्छ र जनता सुखी र खुसी हुन्छन् । यो अभियानमा भरत जङ्गम सधैँ सफल हुनुहुनेसमेत आशा गरौँ ।

सारा तस्कर मात्रको ढलिमली यो देशमा भो किन
सोझा सौम्य स्वभावका जति कता हराउँदैछन् भन
यै माटोभरि खेल हुन्छ अहिले गुन्डाहरू मस्त छन्
केले यो दुःखमा पर्‍यो भुवन यो पीडा बढेको छ झन्
दोहोलो अब काढ्नुपर्छ दुनियाँ डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥१॥

भोका छन् अति कष्टमा दिनदिनै के गर्न सक्छन् बरा
रित्ता छन् घर-गोठ युवकविना बाँझा बनेका गरा
गाउँ नै चकमन्न छन् अब यहाँ युवा विदेशैतिर
बुढा बालक मात्र छन् ती दुःखमा यो नै छ हाम्रो पीर
दोहोलो अब काढ्नुपर्छ दुनियाँ डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥२॥

सरकार छैन छ मूर्खको कचहरी सोझाजति लुप्त छन्
फर्की सक्नु भएन गाउँघर ती उजाड देखिन्छ झन्
बाँझै छन् घरबारी खेत र गरा को गर्छ खेती पनि
खाँचो टार्नुछ अन्नपात पनि सब विदेशबाटै किनी
दोहोलो अब काढ्नुपर्छ दुनियाँ डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥३॥

नेता त्यो छ अति निरङ्कुश तिखो स्वभावको दुर्जन
के हुन्थ्यो सबलाई सुखसुविधा छ दुष्टको शासन
कालो लाग्दछ यो छ शासन सधैँ यसमा कोरोना थपी
मान्छे छन् अति कष्टमा दिनदिनै बस्छन् कसोरी खपी
दोहोलो अब काढ्नुपर्छ दुनियाँ डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥४॥

जस्तै दुष्ट सिकारी शासन गरोस् धर्ती भने स्वच्छ छ
यसमै भर्नुछ सिर्जना लहरले भन्ने कुरा स्पष्ट छ
यै जानीकन फर्क हे युवक हो विदेश बस्नु किन
खोस्रौँ खेत र बारी फूलफलले ल्याऊँ सुनौलो दिन

दोहोलो अब काढ्नुपर्छ दुनियाँ डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥ ५॥

मानौं स्वर्गसरि छ देश प्रकृति छन् कामधेनुसरि
यस्तो सुन्दरता बन्यो कुरूपझैं भो दुष्टको मनपरी
हे युवा अब दुष्ट मास्नुछ छिटै फर्केर आऊँ यही
के जानु र विदेश छोडी घरको त्यो दाल, ढिँडो, मही
दोहोलो अब काढ्नुपर्छ दुनियाँ डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥६॥

छन् छाँगाहरू भर्न स्वच्छ सुकिलो झर्ना लिई सङ्गीत
गङ्गाको मूल शिवको शिर भयो झर्छिन् हुँदै गर्वित
पानी अमृत हो र सिञ्चन हुँदा तङ्ग्रिन्छ यो जीवन
खोला कल्कल गर्छ धर्ती रसिलो पार्दै उज्यालो दिन
दोहोलो अब काढ्नुपर्छ दुनियाँ डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥७॥

हो यो देश सुशान्त धर्ती छ यसै हिमाल मुस्काउँछ
नाच्छन् छिर्बिर पङ्खमा मयुरले हो स्वर्ग जिस्क्याउँछ
डाँफेले फुल टिप्छु झैं फुरुफुरु गर्ने गुराँसे वन
साँच्चै यो अमरावती छ सहसा हर्ने सबैको मन
दोहोलो अब काढ्नुपर्छ दुनियाँ डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥८॥

एकै जूट सपूतको बल नभै यो दुष्ट फ्याँकिन्छ र
आँसु मात्र सहाय भो दुःख पीडा कैले पखालिन्छ र
दोहोलो अब काढ्नुपर्छ दुनिया डस्नेहरूको अब
भरत जङ्गमले नयाँ युग उनी ल्याउन् रमाउन् सब ॥९॥

●



शिव अधिकारी बाबाधाम, कोटेश्वर, काठमाडौँमा बसोवास गर्नुहुन्छ । उहाँ समाजसेवी तथा लेखक हुनुहुन्छ ।

# भ्रष्टाचारविरुद्धको अभियानमा ‘कारी सुरुज’
## – शिवनारायण ‘सिङ्गल’

भरत जङ्गम, उहाँको नाम नै पर्याप्त छ, विशेष छ । देश र समाजको बौद्धिक वृत्तमा यो नाम अन्य परिचयको मोहताज छैन । सदा सचेत, सबल र निर्भय स्वभावको व्यक्तित्व आफैँमा एक ऐना हो । त्यस ऐनामा एकपटक मात्र पनि चिहायो भने चलचित्रको जस्तै उनका अनेक आयामहरू क्रमैसँग स्वतः प्रस्टिन थाल्छ । भरत जङ्गम समाजका आदरणीय गण्यमान्य व्यक्तित्व मात्र नभई वरिष्ठ कानुनविद्, वरिष्ठ लेखक, साहित्यकार मात्रै पनि होइन, भ्रष्टाचारविरोधी अभियानका कुशल अभियन्ता पनि हुनुहुन्छ । यस्तो व्यक्तिका लागि ‘कालो सूर्य’ लेख्नु अस्वाभाविक होइन ।

देशको अवस्थासँग परिचित उहाँले वि. सं. २०३७ सालमै भ्रष्टाचारविरोधी अभियानका रूपमा ‘कालो सूर्य’ नामक उपन्यास लेखेर देशको व्यवस्थालाई खबरदारी गराउनुभएको हो । ‘कालो सूर्य’ उपन्यास अन्य चौध भाषामा अनुवाद भएर समुच्च देश, समाज तथा साहित्यिक फाँटमा कालजयी उपस्थिति दिइरहेको छ ।

उहाँसँग प्रत्यक्ष परिचय थिएन मेरो । कतै प्रत्यक्ष भेटघाट र देखादेख थिएन । तर ‘कालो सूर्य’ उपन्यासको हिन्दी अनुवाद ‘काला सूरज’ पढ्न पाएको थिएँ, जो आदरणीय विद्वान् डा. रामदयाल राकेशद्वारा हिन्दी अनुवाद भएको थियो । म स्वयम् पनि देशका हरेक पाटोमा व्याप्त कुरीति, कुप्रवृत्ति र घुसखोरी, भ्रष्टाचार मन नपराउने मान्छे भएकाले त्यो पुस्तक साह्रै मन परेको थियो ।

करिब २०६७-६८ सालतिर हुनुपर्छ, अचानक मेरो मोबाइलमा फोन आयो । ‘हेल्लो, नमस्कार’ भनेर रिसिभ गरेँ । उताबाट पनि आवाज आयो - ‘नमस्कार ! म भरत जङ्गम । तपाईं शिवनारायण हो ?’ ‘हो ।’ मैले भनेँ । ‘तपाईंसँग भेट्न मन लागेको छ, फुर्सद छ ?’ ‘फुर्सद नै छ हजुर, भन्नुहोस् न, कहाँ कहिले ?’ उताबाट जवाफ आयो - ‘म विराटनगरकै राधाकृष्ण मन्दिरमा एउटा मिटिङमा छु, आउनुस् न !’

‘हुन्छ’ भनेर फोन राखेँ र तत्काल तीनपैनी चोकको राधाकृष्ण मन्दिरतिर लागेँ । ‘कालो सूर्य’ का लेखक आदरणीय भरत जङ्गमसँग प्रत्यक्ष

भेटघाट हुने भयो भनेर खुसी हुँदै मन्दिर पुगेँ । बडो आत्मीयताका साथ भेटघाट भयो । मिटिङमा सँगै बस्यौँ । उहाँले खुसी व्यक्त गर्दै एउटा पुस्तक मलाई दिनुभयो । त्यो पुस्तक उहाँकै पुस्तक 'कालो सूर्य' थियो । साह्रै खुसी लाग्यो । त्यही मिटिङमा मित्र स्वयम्भू कार्कीको पनि उपस्थिति रहेकाले झन् खुसी लागेको थियो । किनभने भरत जङ्गमलाई स्वयम्भूजीले नै मेरो मोबाइल नम्बर दिनुभएको रहेछ क्यार ! भरत जङ्गमले पुस्तक दिँदै भन्नुभयो, 'पण्डितजी, तपाईंले मैथिली भाषामा अनुवाद गर्नुस्, प्रकाशनको व्यवस्था म गर्नेछु ।' म हच्कँे र अनमनस्क हुँदै भनेँ - 'हुन त हो सर, तर मैले सक्छु र ! अनुवाद गर्नु सजिलो काम होइन, फेरि म साहित्यको सानो विद्यार्थी मात्र हुँ ।' 'मलाई स्वयम्भूजीले भनिसक्नुभएको छ, तपाईं सक्नुहुन्छ, ढुक्क भएर अनुवाद थाल्नुस् । सक्दो चाँडो दिनुहोला ।' 'ठीक छ, प्रयास गर्छु सर' भन्दै छुटिएँ । म मेरो प्रेसतिर आएँ । उहाँ स्वयम्भूजीसँग लाग्नुभयो ।

त्यस बेला सानो प्रेस थियो मेरो । प्रेस सञ्चालन गरेर बसेको मान्छे । दुईजना स्टाफसँग म आफैँ मालिक आफैँ कामदार थिएँ । काम भ्याई-नभ्याई थियो । दिनभरि प्रेसमा काम गर्दा-गर्दा लखतरान परेर साँझमा घर पुग्दा थाकेर हत्तु हुन्थेँ । वास्तवमा त्यस बेला मेरो अवस्था कमजोर थियो । विराटनगरजस्तो सहरमा जे काममा पनि प्रतिस्पर्धा । त्यसमाथि अझ मलाई साहित्यतिर लगाव भएकाले बाक्लै कार्यक्रम भइरहन्थ्यो र म प्रायः हरेक कार्यक्रममा भाग लिन्थेँ । कविता सुनाउने राम्रै अवसर मिल्थ्यो । सबैले राम्रै माया गर्थे । कृष्णभूषण बलजस्ता कविताका पारखी व्यक्तित्वसँग राम्रै सान्निध्य थियो । पन्ध्र-पन्ध्र दिनमा हुने वाणी प्रकाशनको काव्यगोष्ठीमा नियमित उपस्थित हुन्थेँ । खास गरी त्यस कार्यक्रममा स्थापित वरिष्ठदेखि कनिष्ठसम्मका कविहरूले रचना वाचन गर्थे । मलाई कविता सुन्न-सुनाउन साह्रै मन पर्थ्यो र आफूलाई सिक्ने अवसर प्राप्त हुन्थ्यो । त्यसउसले मेरो समय नपुग हुन्थ्यो ।

अनुवाद गर्न पाएको जिम्मेवारीमा ढिलाइ भइरहेको थियो । तर पनि मैले थोरै-थोरै गरेर राति-राति अनुवाद गर्ने गर्थेँ । सकिनै लागेको थियो, एक दिन जङ्गम सरको फोन आयो । 'के छ ?' भनेर सोध्नुभयो । मैले 'ठीक छ' भन्दै 'अब अन्तिम शनिबार खण्ड बाँकी छ, चाँडै सकिन्छ' भनेर भनेँ । उहाँले भन्नुभयो - 'लु चाँडो गर्नुस्, अर्को व्यक्तिले पनि गर्दैछन् ।' मैले झसङ्ग भएर तुरुन्तै भनेँ – 'त्यसो भए के गर्नु सर ? छोडिदिऊँ कि पूरा गरूँ ?' उहाँले भन्नुभयो – 'होइन-होइन, तपाईं पूरा गर्नुस्, जसरी पनि प्रकाशन गराउँछु ।' 'हवस् सर' भन्दै फोन विच्छेद गरेँ । अब मैले झन् तदारुखताका साथ काम गर्न थालेँ । दुई-चार दिनमै सबै अनुवाद गरेर पाण्डुलिपि तयार पारेर

उहाँलाई जानकारी गराएँ । 'ल प्रेसमा दिनुस् र के-कति खर्च लाग्छ, मलाई भन्नुस्, रकम पठाइदिन्छु' भन्नुभयो । म आश्वस्त भएँ र प्रकाशनका लागि तयारीमा लागेँ ।

वाणी प्रकाशनलाई प्रकाशकका लागि अनुरोध गरेपछि उहाँहरू तयार हुनुभयो र ISBN का लागि त्रिभुवन विश्वविद्यालयमा आवेदन गरेपछि तीन-चार दिनमै आइपुग्यो । २०७१ सालमा पुस्तक प्रकाशन भयो । त्यस पुस्तकमा आदरणीय भाषाशास्त्री बालकृष्ण पोखरेलले छोटो शुभकामना लेखिदिनुभयो र कवि सुमन पोखरेलले प्रकाशकीय लेख्नुभयो । अनि विमोचनको बेलामा नेपाली र मैथिली साहित्यका अग्रज व्यक्ति राजेन्द्र विमलद्वारा विमोचन भयो । मलाई पुस्तक निक्लेकोमा साह्रै खुसी लागेको थियो । भरत जङ्गमले अनुवाद गर्ने जिम्मा दिएर वास्तवमा गुण लगाएको मैले ठानेको हुँ । अनुवादबापत पारिश्रमिक नपाउँदा पनि मलाई दुःख थिएन । पुस्तक निक्लेकोमा खुसी नै थिएँ । तर काम गरेपछि खेर जाँदो रहेनछ । उता भरत जङ्गम सरको पुस्तक थुप्रै भाषामा अनुवाद भएर ख्याति कमाइरहेको छ भने यता मलाई अनुवादकका रूपमा आनन्दानुभूति महसुस भइरहेको छ । किनभने कविबाट अनुवादकको पहिचान पनि प्राप्त भएको छ । यद्यपि पछिपछि केही अनुवादकहरूले पारिश्रमिकविना काम गरेकोमा घोचपेच पनि गरेकै हुन् तर मैले गम्भीर रूपमा कहिल्यै लिइनँ । किनभने 'कारी सुरुज' अनुवाद गर्न पाउनु नै ठूलो कुरा हो ।

पुस्तक (कारी सुरुज) प्रकाशन भएपछि थोरै पुस्तक भरत सरलाई काठमाडौँ पठाइदिएँ र केही प्रकाशकीय प्रति भनेर वाणी प्रकाशनलाई दिएँ । अरू घरमा थन्कियो । उपहारस्वरूप वितरण हुन थाल्यो । पुस्तकालयहरूमा दिइयो । जे होस्, यस पुस्तकका माध्यमले उपन्यासकार भरत जङ्गमसँग मलाई पनि उभ्याएको छ, मान दिएको छ ।

भनिन्छ समय सधैँ एकनासको हुँदैन सबैको । २०७६ सालमा जनकपुरमा रहेको विद्यापति पुरस्कार कोषले गोरखापत्रमा विज्ञापन निकाल्यो । सोहीअनुसार मैले पनि 'कारी सुरुज' पुस्तक र मैथिली भाषामा लेखिएको निवेदन, नागरिकता आदि कागजपत्र मेरा छोरा अशोकनारायणमार्फत पठाउँदा जनकपुरको कार्यालयमा निवेदन दर्ता भयो । केही दिनपछि 'कारी सुरुज' छनोटमा पऱ्यो भनेर बधाईसहित खबर पत्र आयो । २०७६ चैत्र ११ गतदेखि कोरोना महामारीका कारण लकडाउन लागेकाले समस्या उत्पन्न भएको थियो । तर पनि २०७७ असार २७ गते एउटा भव्य कार्यक्रममा प्रदेश दुईका प्रदेश प्रमुख माननीय तिलक परियारको हातबाट सम्मान पुरस्कार

प्राप्त भयो । वास्तवमा यो पुरस्कार पाउनुमा म आफूलाई अहोभाग्य ठानेको छु नै । अझ आदिमहाकवि कविकोकिल विद्यापतिको ठूलो आशीर्वाद रहेको अनुभूत गरेको छु । भरत जङ्गमले जिम्मेवारी नदिएको भए यस्तो सम्मान मिल्दैनथ्यो कि !

अतः भरत जङ्गमप्रति म सादर आभार व्यक्त गर्न चाहन्छु । उहाँको कीर्ति दिग्दिगन्तर फैलिरहोस् । सदा सुस्वास्थ्य एवम् दीर्घायुको कामना गर्दै उहाँको ७५ वर्षको हीरक जन्मोत्सवको अवसरमा हार्दिक अभिनन्दन गर्दछु ।

●



शिवनारायण 'सिङ्गल' पत्रकार, लेखक, अनुवादक तथा छापाखाना व्यवसायी हुनुहुन्छ । उहाँ विराटनगरमा बसोवास गर्नुहुन्छ ।

# भरत जङ्गम र मौन संवाद
## – श्यामराज ढुङ्गेल

'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिक काल) भन्ने खोजपूर्ण रोचक पुस्तक बजारमा आएको छ । उक्त पुस्तकले कति भ्रम सामना गऱ्यो वा कति भ्रमपूर्ण तथ्यहरूको निराकरण गऱ्यो भन्ने विषयमा यसै विषयसँग सम्बन्धित अनुसन्धाता र खोजकर्ता तथा इतिहासविद्हरूले निर्क्योल गर्ने विषय हो । म यस विषयको जिज्ञासुसम्म हुँ । पुस्तकमा उठाइएका खोजपूर्ण जानकारीहरू नेपाली समाजको सम्पत्तिका रूपमा रहनेछन् । सोच र खोजको कहिल्यै अन्त्य हुँदैन । तसर्थ यस पुस्तकमा उठाइएका विषयलाई खुला राख्नु नै उपयुक्त हुन्छ । पुस्तकका लेखक धन्यवादका पात्र हुनुहुन्छ ।

मध्यकालमा नेपालमण्डलकै राजधानी नगर भक्तपुर टौमढी टोलमा अवस्थित जङ्गममठ नेपालको शैवकेन्द्रका मठमध्ये एक मुख्य मठका रूपमा स्थापना भएको मानिन्छ । यस मठले लामो जीवन्त इतिहास बोकेको छ । मैले जान्दादेखि नै यस मठका महन्त गोविन्दहरि जङ्गम (कान्छा महन्त) हुनुहुन्थ्यो । मेरा पिताजी र कान्छा महन्तबीच राम्रो मित्रता रहेका कारण यस मठमा बाल्यकालदेखि नै मेरो चिनारी रहेको हो । भक्तपुर सहरमा हुने विभिन्न जात्रापर्वहरू हेर्न हामी भक्तपुर जाने गर्थ्यौं । त्यसपछि मठमा गएर कान्छा महन्तले प्रेमपूर्वक खुवाउने हलुवा, स्वारी जेरी र कडा खालको नमकिनको स्वाद विशेष खालको हुन्थ्यो । यो सम्झना ताजै छ । अझ विशेष गरी बिस्केट जात्राको बेलामा तिलौरी खानु भनी कान्छा महन्त बाले दिएको पाँच पैसे ढ्याकको मजा बेग्लै छ ।

कान्छा महन्तबाट सायद बिरामी भएर औषधि-उपचार गर्नका लागि बानेश्वर (सार्कीगाउँ) नजिकै रहेको आफ्नो घरमा बस्नुभएका बखत पिताजीसँग उहाँलाई भेट्न म पनि गएको थिएँ । २०३४ सालमा उहाँको परलोक भयो । उहाँसँगको अन्तिम भेट त्यही थियो । जङ्गम महन्तसँगको हामीहरूको आकर्षण टुट्यो ।

सरल, मृदुभाषी र हँसिलो मुहारका, शान्त स्वभावका धनी, जङ्गममठका मठाधीश गोविन्दहरि जङ्गम (कान्छा महन्त) का सुपुत्र भरत जङ्गमको जन्म २००४ सालमा भक्तपुर टौमढीटोल जङ्गममठमा भएको हो । भरत जङ्गम

बालककालदेखि नै चञ्चले, जुधारू र हठी स्वभावका भएका कारण टोलका साथीभाइहरूसँगको दिनैपिच्छे नयाँ-नयाँ विवाद लिएर आउने गरेकाले यो छोराको भविष्य कस्तो होला ? भनी मेरो पिताजीसमक्ष कान्छा महन्त बाले कुरा गरेको अलिअलि सम्झना आउँछ ।

धर्मसंस्कृति र परम्पराका साथै मूल्यमान्यताले भरिपूर्ण जङ्गम मठमा जन्मनु र हुर्कनुभएका भरत जङ्गममा पनि धर्म-संस्कृति र परम्पराप्रति भरिपूर्ण झुकाव र प्रभाव रहेको देखिन्छ । समयको कालचक्र सँगसँगै उहाँ एक जिज्ञासु युवाका रूपमा देखापर्नुभयो । त्यसैको फलस्वरूप २२-२३ वर्षको उमेरदेखि नै समाजका कुरीति र विकृतिहरू हटाउन आवाज उठाउने क्रियाकलापमा संलग्न हुँदै २०२७ सालमा भ्रष्टाचारविरुद्धको अभियानमा सक्रिय रहनुभएको पाइन्छ । भ्रष्टाचारविरुद्धको अभियानमा निरन्तर लागिपर्दै २०७३ सालमा आएर भ्रष्टाचारविरोधी शास्त्र (एन्टिकरप्टोलोजी) प्रकाशनमा ल्याउनुभयो । यसरी भ्रष्टाचारविरोधी अभियानमा निरन्तर सक्रिय रहने सशक्त अभियन्ताका रूपमा आफूलाई स्थापित गर्न सफल भएको देखिन्छ ।

भरत जङ्गम भ्रष्टाचारविरोधी अभियानका अभियन्ता मात्र नभएर पत्रकार र साहित्यकारका रूपमा समेत आफूलाई स्थापित गर्न सफल भएको देखिन्छ । भरत जङ्गमले कानुनी जगत्मा समेत संलग्न हुँदै जनसरोकारका विभिन्न विषयमा आवाज बुलन्द गर्दै आफैँ रिट-निवेदक भई मुद्दा गर्नुभयो । रिट-निवेदनमार्फत अदालतबाट महत्त्वपूर्ण फैसला गराई नजिरहरू स्थापित गराउनुभएको छ । हाल 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण ( प्राचीन, मध्य र आधुनिक काल) भन्ने खोजपूर्ण अनुसन्धानमूलक पुस्तक नेपाली समाजलाई दिनुभएको छ । यस पुस्तकमा उठाइएका र देखाइएका विषयवस्तु र तथ्यहरू इतिहास र पुरातत्त्व क्षेत्रका विज्ञ अध्येता र अनुसन्धाताका लागि महत्त्वपूर्ण सामग्रीका रूपमा रहने प्रस्ट छ । अनुसन्धान नियमित निरन्तर चलिरहने सशक्त विधा हो । सोच र खोजको कहिल्यै अन्त्य हुँदैन । तसर्थ यस पुस्तकलाई पनि समयले इन्साफ गर्ने नै छ ।

जङ्गम मठ तत्कालीन समयमा धर्म-संस्कृतिका ज्ञाता विज्ञहरूको बसोवासको थलोसमेत भएकाले विद्वान्हरूबाट हुने छलफल, प्रवचन, विचार-विमर्शबाट समाज लाभान्वित भएको कुरा बृद्धहरूबाट सुनिन्छ । यसै मठमा जन्मने र हुर्कने सौभाग्य पाएका भरत जङ्गम मठको धार्मिक वातावरणबाट अछुतो रहने कुरै भएन । धर्मसंस्कृति र परम्पराप्रतिको आस्था र विश्वास भरत जङ्गमको नसानसामा भरिएको देखिन्छ । यसै आस्था र विश्वासका कारण भगवान् पशुपतिनाथसँग मौन संवाद भएको कुरा उनले आफ्नो

पुस्तकमा उल्लेख गरेका छन् । उक्त मौन संवादबाट निकट भविष्यमा धर्म-संस्कृति र परम्परामाथि आक्रमण हुन सक्ने हुँदा सचेत रहनु भन्ने प्रेरणा मिलेको कुरा तत्कालै आफ्ना मित्रहरूलाई समेत जानकारी गराएको कुरा उल्लेख गरेका छन् । तत्कालीन कम्युनिस्ट सरकारबाट भगवान् पशुपतिनाथको परम्परादेखि चलिआएको पूजाविधि तोड्ने र भगवान्को गोप्य ढुकुटी फोड्ने कार्यक्रम ल्याएबाटै पुष्टि भएको छ । तत्कालीन कम्युनिस्ट सरकारको उक्त कार्यक्रम नागरिक समाजले विफल बनाई गलत कार्यक्रम फिर्ता लिन सरकार बाध्य भएको घटना हामीसमक्ष रहेको छ ।

धर्म-संस्कृति र परम्पराप्रति पूर्ण आस्था र विश्वास हुनेका लागि भगवान्बाट समय-समयमा प्रेरणा र दर्शनसमेत हुन्छ । यो सत्य हो । धर्मसंस्कृतिप्रति आस्था र विश्वास नहुनेका लागि यो एउटा कथा लाग्न सक्छ, लागिरहोस् ।

भनिन्छ व्यक्ति विचारमा स्वतन्त्र हुन सक्छ तर धर्मसंस्कृति र परम्परासँग अलग हुन सक्तैन । धर्मसंस्कृति र परम्पराका बारेमा जिज्ञासु कम्युनिस्ट नेता रूपचन्द्र विष्टले आफ्नो खोजको सिलसिलामा भारत उत्तर प्रदेशको हरिद्वारस्थित आश्रमहरूमा रहेर धर्मका बारेमा अध्ययन गर्नुभएछ । विभिन्न आश्रमहरूमा बसी गहिरो अध्ययनपश्चात् पूर्ण सन्तुष्ट भई नेपाल फर्केपछि आफ्ना अनुयायीहरूबीच सायद कार्ल मार्क्सले पूर्वीय दर्शन र धर्मका बारेमा अध्ययन गरेका भए धर्मलाई अफिम भन्ने थिएनन् भनी आफ्नो विचार व्यक्त गर्नुभएछ । यो कुरा मलाई विष्टका अनुयायी हालका सांसद रामनारायण बिडारीले भन्नुभएको हो । उक्त छलफल कुराकानीको समयमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो जीवनको अन्तिम क्षणमा 'आखिर श्रीकृष्ण रहेछ एक' भनी व्यक्त :गर्नुभएको भनाइसमेत सम्झेका थियौँ ।

समग्रमा भन्नुपर्दा भरत जङ्गम अनेक व्यक्तित्वका धनी एक व्यक्ति हुनुहुन्छ । सायद भरत जङ्गम कुनै एक विधामा मात्र सीमित हुनुभएको भए उक्त विधाको गरुङ्गो व्यक्तित्वका रूपमा स्थापित हुने कुरामा विमति छैन ।

●



श्याम ढुङ्गेल अधिवक्ता तथा प्राध्यापक हुनुहुन्छ ।

# त्यस बेलाको कुरो
## – डा. श्रीराम बास्कोटा

बानेश्वर महादेवस्थानमा म ४-५ वर्ष हुँदादेखि नै जान थालेको हुँ । हामी सानो हुँदा जाने मन्दिर, तीर्थस्थल जे भने पनि महादेवस्थान थियो । देशविदेशका मानिस तीर्थ गर्न पशुपति, गुह्येश्वरी, बुढानीलकण्ठ जाँदा हाम्रो यात्रा भने महादेवस्थान नै थियो । २००६-०७ सालतिर काठमाडौँमा सार्वजनिक सवारी साधन थिएन । घरमा आउने मोटर, जीप भएकाहरू केवल १०-१५ परिवार थिए राणाशासक र उनका परिवार । आम जनताको आतेजाते गर्ने माध्यम पैदल थियो । हिँड्न सक्ने युवायुवती चार नारायण, चार गणेश, दक्षिणका देवीका मन्दिरहरू घुम्थे । साना केटाकेटी आफ्ना र नजिकका मन्दिर र गुम्बामा रमाउन बाध्य थिए । शिवरात्री, नौरथाजस्ता ठूला चाडमा आमाबाहरू ठूला मन्दिर जाँदा हामी पनि सँगै जान खोज्दथ्यौँ अनि कुनै एकजना दिदी वा भाउजूले हामीलाई बानेश्वरको महादेवस्थान लैजानुहुन्थ्यो । उहाँका अघिपछि लागी हामी मन्दिर पुग्थ्यौँ ।

त्यस बेला महादेवस्थान परिसरमा हाल भएका दुई मन्दिरहरू ललितादेवी भनिने शिला जलशायी विष्णुको मूर्ति पोखरीको दक्षिण आडमा कुमार कामदेवका मूर्ति थिए । दुवै मन्दिरको दक्षिणढोकाअगाडि ठूलो होमकुण्ड थियो । परिसरको पश्चिमतर्फ पाटीजस्तो लाग्ने ठूलो घर थियो । सायद भट्ट पुजारीको निवासस्थान होला । मन्दिर प्रवेश गर्ने ठाउँको दुवैतिर साना पाटीहरू थिए । दक्षिणतर्फको पाटी अलि सफा र चौडा देखिन्थ्यो, जहाँ त्यस बेलाका भट्ट पुजारी प्रायजसो भक्तहरूसँग कुरा गरेर बसेका देखिन्थे । पूजाआजाको काम उनका छोराले सम्हालेका थिए ।

मन्दिरको पूर्व रहेको सानो सडकपारि दुईवटा ढुङ्गेधारा थिए, जसलाई पिनासे धारो भनिन्थ्यो । रुघा लागेर पिनास भएका मानिसले पूर्वपट्टिबाट बग्ने धाराको पानी नाकमा नस लिएमा पिनास निको हुने किंवदन्ती अझै छ । सुन्दरीजल मुहानको पानी काठमाडौँ जिल्लामा वितरण नहुन्जेलसम्म यी दुई धारा स्थानीय बासिन्दाको पकाउने, नुहाउने, कपडा धुने पानीका उपयुक्त स्रोत थिए । मन्दिर परिसरबाट चारैतिर हेर्दा उत्तरतर्फ सरदार फत्तेबहादुर पाण्डेको, पूर्वतर्फ लोकविक्रम राणा र दक्षिणतिर चौतरिया फत्तेजङ्ग शाहका ठूला भवनहरूबाहेक अरू फाटफुट पराल वा झिँगटीको छाना भएको घर, नर्कटघारी र खुला बारीहरू टाढाटाढासम्म देखिन्थे । एक घरबाट अर्को घर

जान बारीका बीचमा डिलहरू थिए । हिउँदमा बारीहरू उजाड देखिन्थे । वर्षामा भने कहीँ मकै त कतै थोरै ठाउँमा धान लगाइएको हुन्थ्यो ।

नेपालमा प्रजातन्त्र आएपछि गाउँगाउँमा विकासको लहर चल्न थाल्यो, त्रिभुवन ग्रामविकास समितिको स्थापना भयो । यो समितिले बानेश्वरवासीका लागि विद्यालय स्थापना गर्ने स्थान खोज्दा धेरै कारणले महादेवस्थान परिसरको खुला ठाउँ छनोट गरी स्कुल भवन निर्माण सुरु भयो । एसएलसी पास गरी त्रिचन्द्र कलेजमा आईएस्सी पढ्न १६ वर्ष मात्र पुगेको म पनि छानिएँ । यसरी महादेवस्थानसँग मेरो फेरि सम्बन्ध गाँसियो । स्कुल बिहान ६ बजेदेखि ८ बजेसम्म चल्थ्यो । कक्षा १ देखि ८ सम्मको योजना भए पनि विद्यार्थी र शिक्षक दुवैको कमीले ५ बजेसम्म मात्र चल्थ्यो । स्कुल सञ्चालक समितिका अध्यक्ष तीर्थराज अर्याल हुनुहुन्थ्यो । प्रअ हेम हमाल अध्ययन बिदामा जानुभएकाले कामु प्रअ ध्रुवराज शाही हुनुभयो । स्कुल सचिवको जिम्मा मलाई दिइयो । स्थापनाकालमा महादेवस्थान स्कुल भए पनि बानेश्वर स्कुल हुँदै पछि रत्नराज्यलक्ष्मी स्कुल नामकरण भयो । २०२१ साल वैशाख ११ गते उद्घाटन हुने भएपछि स्कुल दिउँसो चल्न थाल्यो ।

मैले सानामा देखेको र शिक्षक भएपछि देखेको महादेवस्थान परिसर र वरपर खासै फरक थिएन । पश्चिमतर्फ रहेको पाटी भत्काई स्कुल भवन बनाइएको थियो । पूर्वतर्फको मध्यरूखको छेउको पाटी जीर्ण भएको र उत्तरतर्फको हरिदासजीको आवास, महादेवस्थानबाट हेर्दा नाङ्गा देखिने बारी, खेतमा केही पक्की घर थपिएका बाहेक उल्लेखनीय विकास केही भएको थिएन । महादेवस्थान परिसरभित्र भने उन्नति हुँदै थियो । २०१९ साल जेठमा रात्रि स्कुलको पढाइ सुरु भयो । सोही वर्ष माघ श्रीपञ्चमीका दिन रत्न पुस्तकालयको स्थापनाका साथै चारपाते क्लब, खेलकुद समिति, कला समिति आदि धेरै संस्थाहरू युवाहरूबाट सञ्चालन सुरु गरियो । २०३० सालमा देशमा नयाँ शिक्षा योजना लागू भएपछि दुवै स्कुल गाभिई माध्यमिक विद्यालय बन्यो । रत्न पुस्तकालय आफ्नै भवनमा बहुआयामिक क्रियाकलापसाथ व्यवस्थित रूपमा सञ्चालित भइरहेको छ । अरू संस्थाहरू क्रमशः बन्द हुँदै गए ।

२०१८ सालदेखि २०१९ सालसम्म बिहान-साँझ गरी मैले ११ वर्ष स्कुलमा स्वयंसेवा गर्दाको समयमा भने महादेवस्थान परिसरमा धेरै परिवर्तन भए । पञ्चायत व्यवस्थाले बानेश्वरलाई दुई भाग बनायो । मैतीदेवीबाट एयरपोर्ट जाने सडकको चोकको दक्षिणतर्फ दुई पञ्चायत बने । बानेश्वर चोकबाट शङ्खमूल जाने सडकको पश्चिमतर्फ महादेवस्थान गाउँ पञ्चायत, सोही सडकको पूर्वतर्फ भीमसेनगोला गाउँ पञ्चायत राजनीतिक भागबन्डा

भए पनि दुवै पञ्चायतका बासिन्दाहरू आफूलाई बानेश्वरवासी भन्न रुचाउँथे र भावनात्मक रूपमा पनि एक थिए । दुवै पञ्चायतका केन्द्रविन्दु या जमघट हुने थलो महादेवस्थान परिसर नै थियो । स्कुलको आयोजनामा नाचगान र पुस्तकालयको आयोजनामा नियमितजसो भेला र साहित्यिक कार्यक्रमहरू भइरहन्थे, जसले गर्दा युवाहरूले आफ्नो प्रतिभा देखाउने मौका पाएका थिए ।

यस अवधिमा यहाँ विज्ञान कलेज खोल्न योजना बन्यो । माहुरी बहुमुखी सहकारी सञ्चालन भयो । युवाहरूको सक्रियतामा गोरेटा बाटाहरू मोटर चल्न सक्ने सडकमा परिवर्तन भए । स्कुलमा थप भवनहरू र पुस्तकालयको आफ्नै भवन बने, जसका लागि त्यस बेला सक्रिय स्थानीय युवाहरूको जोस र जाँगरको महत्त्वपूर्ण योगदान देखिन्छ । २०२९ सालपछि नोकरीका कारण म बानेश्वरबाट बाहिरै रहेँ । घर आउँदा महादेवको दर्शन र साथीभाइहरूसँगको भेट हुन्थ्यो । तर सक्रिय हुन सकिनँ । स्कुल सरकारी तौरतरिकाबाट चलेकाले संलग्नता भएन । पूर्वअध्यक्ष र आजीवन सदस्यको नाताले रत्न पुस्तकालयसँग भने केही नजिक थिएँ ।

२०५८ सालमा नोकरी छाडेपछि केही फुर्सद भयो । तर पुराना साथीहरूसँगको भेट पातलिएको थियो । केही साथी बानेश्वर छाडी अन्तै गएका थिए, कोही कहिल्यै नफर्कने गरी स्वर्गवास । यहाँ भएकाहरू पनि आ-आफ्ना परिवारसँग व्यस्त रहने हुँदा पहिलेको जस्तो नियमित भेट गर्न नसकिने क्रियाकलापहरू बढ्दै गए । समय क्रमशः बित्दै गयो । बानेश्वरवासीहरूले मन्दिरहरूको महत्त्व बुझ्दै गए र आफ्नो अस्तित्व देखाउन महादेवलाई पुकारा गर्न थाले । उहाँको नेत्र खुल्यो ।

महादेवस्थान संरक्षणको कार्यालय र त्यहाँ रहेका देवीदेवताका फोटाहरू तोडफोड भयो । स्कुलमा अल्लारे विद्यार्थी, युवा, शिक्षकहरूको समूह थियो, अर्कोतर्फ उमेर पाकेका केही समाजसेवी । ललितादेवी मन्दिरको दक्षिण पश्चिममा जस्ताको छानो भएको एकतले क्यान्टिन थियो । भूकम्पमा ढलेको थिएन । तर झूटो विवरण दिई त्यस ठाउँमा ललितादेवी र महादेवको दुवै मन्दिरहरूबाट चार फिट मात्र ठाउँ राखी ठूलो घर बनाउने डिजाइन गरिएछ । बानेश्वरका पुराना शिक्षाविद् भनाउँदा र अरू १-२ जनाबाट समर्थन लिई रातारात काम गर्न थालिएछ । महादेव संरक्षण समिति र रत्न पुस्तकालयबाट स्कुललाई त्यसो नगर्न अनुरोध गर्दा काम नरोकी तर्साउने र धम्क्याउने गर्न लागियो । वादविवाद बढ्दै जाँदा स्कुल भत्काउन लागे भनी प्रअले झूटो उजुर गरेपछि २ ट्रक प्रहरी आई हस्तक्षेप गरे । यो खबरले बानेश्वरवासी स्कुलसँग धेरै रुष्ट भएर हजारौँ युवा र बृद्धसमेत महादेवस्थान परिसरमा जम्मा भए । विनानक्सा भवन निर्माण गर्न लागेको बारे प्रकाश

आचार्यले महानगरपालिकामा र जग्गा सम्बन्धमा राजेन्द्र मराठाले अदालतमा मुद्दा दिनुभएको थियो । उपस्थित डीएसपीलाई विवरण जानकारी गराएपछि दुवैथरी मिली सल्लाहले काम गर्नु भनी फर्किए । महानगरपालिकाले नक्सा पास गरिदिएन । अदालतमा मुद्दा चलिरहेको थियो । उमेरका कारण हेडमिसको नोकरी सकियो । व्यवस्थापनमा बस्ने हेडमिसको प्रयास रह्यो । तर सबैको विरोधपछि स्कुलमा नयाँ व्यवस्थापन समिति गठन भएको छ, जसले पुस्तकालय र महादेवस्थान समितिसँगको समन्वय गरी काम गर्ने प्रयास गर्छु भनी प्रतिबद्धता गरेको छ । बानेश्वर महादेवस्थान परिसरमा छोटो समय लागेको कालो बादल फाटी अब उज्यालो हुन लागेको छ ।

अचेल महादेव दिनहुँ जलाभिषेक ललितादेवीमा हरेक शनिबार जलशायी नारायणमा हरेक एकादशीमा विष्णुसहस्रनाम पाठ र महादेवस्थान परिसरमा प्रत्येक महिनाको पहिलो सोमबार दिव्य आरती भइरहेका छन् । यी सबै भोलेनाथ महादेवस्थान परिसरमा प्रत्येक महिनाको पहिलो सोमबार दिव्य आरती भइरहेका छन् । यी सबै भोलेनाथ बाबाको इच्छा र प्रबन्धबाट भएका हुन् । वाणेश्वर महादेव, ललितादेवी, शेषशायी विष्णु र यहाँ स्थापित सबै देवीदेवताले सम्पूर्ण बानेश्वरवासी हिन्दू धर्मावलम्बी र सबै प्राणीको सधैँ भलो गर्ने र बानेश्वरवासीको प्रेम र सद्भाव अझ बढिरहोस्, यही शुभकामना छ ।

बानेश्वर महादेव मन्दिर र मन्दिर परिसरको विकास हुन्थ्यो कि हुँदैनथ्यो वा भविष्यमा कुन समयमा गएर हुन्थ्यो भन्ने कुरा यकिन साथ भन्न सक्तिनँ । तर मेरो जीवनकालमा भयो । देख्न, सुन्न र अनुभव गर्न पाएँ । यसको श्रेय बानेश्वरनिवासी सनातन धर्मसंस्कृतिका अनुयायी तथा हिन्दूधर्मका रक्षक मित्र भरत जङ्गमलाई जान्छ । किनभने हामी २०७१ सालतिर अन्योलमा परेको बेला उहाँ हामीसँग जोडिनुभयो र उहाँकै नीति निर्देशन मन्दिर धार्मिक काम हुन थाल्यो । दैनिक पञ्चामृत स्नान वा रुद्राभिषेक हुन थाल्यो । पछि श्रीको शक्ति पनि वृद्धि हुँदै गरेको हामीले अनुभव गऱ्यौँ । यस बानेश्वर मन्दिरको विकासका लागि उहाँको योगदान अतुलनीय छ । उहाँको हीरक महोत्सवका अवसरमा उहाँलाई हार्दिक मङ्गलमय शुभकामना दिन्छु ।

●



डा. श्रीराम बाँस्कोटा काठमाडौँको बानेश्वरवासी, त्यहाँको विद्यालय र पुस्तकालयसँग आबद्ध शिक्षासेवी, समाजसेवी तथा लेखक हुनुहुन्थ्यो ।

# मेरा गुरुको जय होस्
## – सानुराज गजुरेल

विशाल व्यक्तित्व बोकेका भरत जङ्गमका बारेमा लेख्न बस्ता उहाँको व्यक्तित्वको कुन पाटोबाट लेखनी सुरु गरूँ भन्ने अन्योलमा पर्छु । उहाँको यही २०७८ सालमा सम्पन्न हुन लागेको हीरक महोत्सव अर्थात् ७५ औं जन्मोत्सवका अवसरमा प्रकाशित हुन लागेको सम्मानग्रन्थमा मैले एक लेख लेख्नुपर्ने अनिवार्य सम्झेर कोर्न थालेको छु ।

२०५४ सालको कुरा हो, मैले कानुनमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भएपछि कामको खोजीमा कानुन व्यवसायीहरूको नजिक हुने कोसिस गरें । मेरा काका अधिवक्ता पुष्कर गजुरेलको ल फर्ममा जाने-आउने गरेको थिएँ । मैले कानुन पढे तापनि अड्डा-अदालतको कुनै जानकारी पाएको थिइनँ । पढ्नु एउटा कुरा हो, काम गर्नु अर्को जिम्मेवारी हो । अड्डा-अदालतमा काम गर्दा सबै कुरामा निपूण हुनुपर्ने पनि मैले जानकारी पाएको थिएँ । नम्र भावले कुरा गर्नुपर्ने, फाँटवालालाई सम्मानपूर्वक मर्यादामा राख्नुपर्ने र मौका-बेमौकामा रकमको लेनदेन गर्न सक्ने क्षमता पनि हुनुपर्ने । यी सबै बोझिला कुराले मलाई अड्डा-अदालत जान हिचकिचाहट भइरहेको थियो । मेरो कुनै स्रोत तयार भएको थिएन ।

एक दिन काका पुष्कर गजुरेलको ल च्याम्बरमा भरत जङ्गमसँग भेट भयो । काकाको साथीका रूपमा परिचय भएको हुँदा त्यस समयदेखि नै उहाँलाई अङ्कल भनी सम्बोधन गर्न थालें । अति फरासिलो, स्पष्टवक्ता, हँसिलो अनुहार र मित्रवत व्यवहार देखेर म छक्क परेँ यस्ता पनि मान्छे हुँदा रहेछन् भनेर । उहाँले केही क्षण मेरा बारेमा जान्न चाहेको हुँदा मैले पनि नढाँटीकन सरल बोलीले आफ्नो कुरा राखेँ । काम भए पनि नभए पनि उहाँको व्यवहारले मलाई खिचिसकेको थियो । यद्यपि उहाँको र मेरो उमेरमा तीस वर्षको अन्तर थियो । अर्थात् म भरखर बाइस पुगेर तेइस वर्षमा हिँड्दै थिएँ । उहाँले मलाई सोध्नुभयो – 'बाबु ! तिमी वारेस भएर काम गर्छौ ?'

जेसुकै भए पनि मलाई काम चाहिएको थियो । मैले तुरुन्त जवाफ दिएँ – 'हस् हुन्छ । म हजुरको काम गर्न तयार छु ।'

'त्यसो भए भोलि आऊ, बिहान एघार बजे तिमीलाई अदालत लिएर जान्छु ।'

म खुसी भएँ भरत जङ्गमसँग अदालत पस्न पाउने भएर । रातभर नै खुसीले गदगद भएँ । बिहान चाँडै उठेर स्नान आदि सकेर दस बजे नै ल च्याम्बरमा पुगेँ । एउटा वारेसनामा बनाउनु थियो । त्यो तयार गरेर म भरत जङ्गमको प्रतीक्षामा रहेँ । उहाँले दिएको निर्धारित समयमा उहाँ आइपुग्नुभयो । कागजात तयार भयो । वारेसनामामा दुवैको सहीछाप भयो । साक्षीसमेतको त्यो वारेसनामापत्रका साथ उहाँ र म सर्वोच्च अदालत गयौँ । सम्बन्धित फाँटमा पेस गरेपछि मुद्दाको फाइलमा म तारेखमा रहने गरी सहीछाप गरेँ । त्यो दिन कानुनी क्षेत्रमा मेरो पहिलो प्रवेश थियो । त्यो दिन म जीवनमा कहिल्यै भुल्दिनँ ।

यसरी भरत जङ्गमका सबै मुद्दामा मैले उहाँको प्रतिनिधित्व गर्ने मौका पाएँ । सुरुका दिनहरूमा उहाँले प्रतिफाइल प्रतिमहिना एक सय रुपियाँ दिनुहुन्थ्यो । सात-आठ फाइलको सात-आठसय प्राप्त गर्थें भने अरूको मुद्दामा भने दुई सय प्रतिफाइल लिन थालेँ । यसरी करिब दुई हजार रुपियाँ प्रतिमहिना कमाउन सुरु गरेँ ।

भरत जङ्गमको बाहेक अरूको मुद्दामा तारिख लिनुपर्दा फाँटवालालाई चियाचमेना दिनुपर्थ्यो जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतमा । भरत जङ्गमको मुद्दामा भने एक पैसा पनि अतिरिक्त खर्च लाग्दैनथ्यो । यति मात्र होइन, उहाँको नामका कारणले अदालतमा मेरो पनि त्यत्तिकै सम्मान हुन्थ्यो, जबकि अरू वकिलहरू आफैँले फाँटवालालाई घुस दिने गर्थे । यो सबै देखेर म आफैँमाथि गर्व गर्थें कि म भरत जङ्गमको वारिस हुँ ।

वर्ष बित्दै गयो । म पनि अनुभवी हुँदै गएँ । फाँटवालासँग बोल्न डराउने म न्यायाधीशको च्याम्बरमा तथ्य-सत्य कुरा बोल्न थालेँ । कानुनको पढाइ र कानुन व्यवसायीको काममा धेरै अन्तर रहेछ । जित्ने र हार्ने मुद्दाको पहिचान गर्न थालेँ । मुद्दालाई लम्ब्याउने र छोट्याउने विधिविधान पनि जान्दै गएँ । यसरी अड्डा-अदालत नै मेरो स्कुल भयो, सिक्ने थलो भयो, आफ्नो क्षमता बढाउने स्थान भयो र आर्थिक आर्जन गर्ने ठाउँ भयो । सुरुका दिनमा म मुस्किलले दुई हजार कमाउँथेँ भने आज मासिक पचास हजार कमाएन भने बाँच्न सकिन्न । आफू बाँच्न सक्ने रकम कमाउँछु भन्दा मलाई कुनै अप्ठेरो लाग्दैन ।

जीवनको चौथाइ शताब्दी अदालतको ढोका र न्यायाधीशको च्याम्बरमा पहुँच पुऱ्याएँ । अब बाँकी पनि अदालत र अन्य अड्डाहरूमा नै काम गर्नुपर्छ भन्नेमा म निश्चित छु ।

भरत जङ्गम नेपालको भ्रष्टाचारविरुद्धका आन्दोलकारी हुनुहुन्छ । उहाँले जीवनभर भ्रष्ट कर्म गर्नु हुँदैन भनेर शिक्षा दिनुभयो । म उहाँको कट्टर अनुयायी हुँ । भ्रष्टाचार गर्नु हुँदैन भन्नेमा म दृढ निश्चित छु । तर कहिलेकाहीँ घर नचल्दा विवश भएर केही अनुचित रकम पनि घरखर्चमा लगाउनुपर्ने रहेछ । त्यसै क्रममा 'घर चलाउन आर्थिक अभाव भयो भने पनि हातमा आएको रकमबाट विमुख हुनुपर्ने हो ?' भनेर उहाँलाई प्रश्न गर्दा उहाँले भन्नुभयो – 'पेट भोको राखेर सेवा गर भनेर मैले तिमीलाई भनेको छैन । जो आवश्यक छ, त्यो पूर्ति गर्नैपर्छ बाँच्नका लागि । आवश्यकताभन्दा बढी रकम सङ्कलन नगर्नु भनेको हुँ ।'

त्यो सुनेपछि मैले मनमनै भनेँ – भरत जङ्गम मानवीय व्यवहार र आवश्यकतालाई बुझ्ने मान्छे हुनुहुँदो रहेछ । उहाँ मेरो गुरुका रूपमा स्थापित हुनुभएको छ । समाएर अदालत प्रवेश गराउने भरत जङ्गम महान् व्यक्तित्वका धनी हुनुहुन्छ । उहाँ कसैलाई पनि अनुचित सल्लाह दिनुहुन्न । कानुनी सल्लाह दिँदा र मुद्दाको अध्ययन र लिखत गर्दा पनि कोही कुनैसँग शुल्क लिनुहुन्न । निःशुल्क कानुनी परामर्श दिने थलो हुँदा उहाँको बिजुलीबजार अफिसमा अन्यायमा पर्ने मान्छेहरूको घुइँचो लाग्छ । ती सबै मुद्दाहरूमा धेरैजसो मुद्दा मेरो जिम्मा लगाइदिनुहुन्छ । 'लौ, कमभन्दा कम पैसा लिएर काम सम्पन्न गरिदेऊ' भनेर मलाई सम्झाउनुहुन्छ । उहाँको आज्ञालाई शिरोधार्य गरी सकेसम्म कम पैसा खर्च गरेर काम सम्पन्न गर्ने गरेको छु ।

मेरा गुरुको जय होस् ! सुस्वास्थ्यका साथ दीर्घायु होस् भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दछु ।

●



सानुराज गजुरेल कोटेश्वर काठमाडौँमा बस्नुहुन्छ । उहाँ कानुन व्यवसायी अधिवक्ता हुनुहुन्छ ।

# कर्मयोगीसँग जम्काभेट
## – सानुराजा पुरी

मानिस आफैँले आफ्नो जन्म, मृत्यु, परिवार, रूपरङ्ग, महिला वा पुरुष स्वयम्ले छानेर जन्मन सक्तैन । यी कुराहरू चयन गर्ने खुबी र सुविधा हामीमा रहन्न ।

पुरातन सोचले गाँजेको समय र समाजमा आजभन्दा ७५ वर्षअगाडि जन्मनुभएका आदरणीय भरत जङ्गमसँगको जम्काभेट र त्यसपछि उहाँसँगका सहकार्यका आरोह-अवरोहलाई जस्ताको तस्तै स्मरणका पानाबाट साभार गर्ने जमर्को गरेको छु । यस स्मरणमा कहीँकतै नउघार्नुपर्ने विषय धेरै उघारिएको हुन सक्छ । सिलाउनुपर्ने विषय त्यत्तिकै छोडेको हुन सक्छ । आदरणीय दाजुसँगको सहकार्यमा भएको अनुभव गुलियो, नुनिलो, पिरो, अमिलो वा टर्रो कस्तो थियो, सोको मात्र स्मरण हो यो ।

श्यामवर्णका, हँसिला, जोसिला, मध्यम कदका, तेजिला र चम्किला आँखा भएका, निडर, साहसी, आत्मीय आदरभाव दर्साउने, पूर्वपरिचित जस्ता लाग्ने, बोली र व्यवहारमा समता भएका, सामान्य आकर्षक पहिरन भएका, सामाजिक अभियन्ता, क्रान्तिकारी छवि भएका व्यक्ति, कर्मयोगी श्रद्धेय दाजु भरत जङ्गमसँग मेरो जम्काभेट २०६३ सालमा भएको थियो । स्वाभिमानी, आत्मनिर्भर, भ्रष्टाचारविरुद्धका अभियन्ता, निर्भीक भरत जङ्गमले २०३६ सालमा 'कालो सूर्य' उपन्यास प्रकाशन गरेपछि चर्चामा आउनुभएको थियो । मैले पनि २०५०-५१ सालमा उहाँको उपन्यास अध्ययन गर्ने मौका पाएको थिएँ । उहाँले काम आवधिक हुन्छ, सृजना अमर हुन्छ भन्ने मूल ध्येयलाई केन्द्रविन्दुमा राखेर उपन्यास विधामा कलम चलाउनुभएको थियो ।

'कालो सूर्य' उपन्यासमा उल्लिखित भ्रष्ट राजनीति, कार्यालयका महत्त्वाकाङ्क्षी, पदलोलुप र लालची प्रशासक, व्यापारी नेताको दबदबामा देश र समाज जकडिएको अवस्था यो देशको दुर्भाग्य हो । यसले देशलाई माखेसाङ्लोमा पारेको छ, जसले गर्दा नेपाली समाजमा ग्रहण लागेको छ । नेपाली समाजको सत्य कथा अनि लेखकको सिद्धहस्त सङ्कलन, स्वाभिमान पत्रकारको डायरी 'कालो सूर्य' मानवीय जीवनका आरोह-अवरोहमा भएका अनेकन् भोगाइहरूको कथा हो । प्रेम र बिछोडका प्रसङ्ग, घात-प्रतिघात, विश्वास-अविश्वास, आश-त्रास, आशा-निराशाबीचको नेपाली समाजको

सत्य-तथ्य कथाको अतुलनीय दस्तावेज 'कालो सूर्य' को केही अंश मेरो पनि कथा हो, अनि केही अंश तपाईको पनि कथा हो । समग्रमा चार दशकअघि लेखिएको कथा आज पनि नेपाली समाजमा सान्दर्भिक र मार्मिक छ । त्यसैले आजसम्म १४ भाषामा अनुवाद भएको नेपाली उपन्यास अर्को छैन कि ?

समय पानीजस्तै बगिरहन्छ । थाहै नपाई बालक, युवा, बृद्ध हुने सृष्टिको नियमबाट हामी टाढा रहन सक्तैनौँ । 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः, सर्वे भद्राणि पश्यन्तु माकश्चित् दुःख भाग्भवेत्' अथवा सबै सुखी होउन्, सबै खुसी होउन् भन्ने पवित्र विचार राख्ने जङ्गम दाइले लेखनीको माध्यमबाट समाज परिवर्तन गर्न उपन्यास, निबन्ध, नियात्रा, कथा, गजल, कवितालगायतका साहित्यिक विधामा कलम चलाउँदै आएको चार दशकभन्दा बढी समय भएको छ । श्रीखण्डको बास्ना टाढैबाट प्रतीत हुन्छ, त्यसलाई घोटिरहनुपर्दैन । भरत जङ्गमलाई पत्रकार, वकिल, धार्मिक-सामाजिक अभियन्ता, कुशल लेखक, टेलिभिजन प्रस्तोता वा विश्लेषक, जुन वर्ग वा क्षेत्रका मानिसले जसरी पनि चिन्न सक्तछन् । यो जङ्गम दाइको ऊर्जाशील र बहुआयामिक व्यक्तित्व हो भन्ने मलाई लागेको छ ।

मानिसको जीवन सधैँ एकनासले सरल रेखामा हिँड्दैन । कतिपय अवस्थामा जीवनको गोरेटोमा मानिसले एक्लै यात्रा गर्नुपर्दो रहेछ । लेखेर व्यक्त गर्न पनि सहज नहोला, तर लेख्ने जमर्को र आँट गरेको छु । समाजमा विशेष महत्त्व राख्ने व्यक्तिको तुलनामा म एक सामान्य नागरिक । न कुनै सेलिब्रिटी, न टेलिभिजनको चर्चित पत्रकार । मात्र भरत जङ्गमको सान्निध्यमा टेलिभिजनको पर्दामा बामे सरेको सामान्य सञ्चारकर्मी मात्र थिए । यस आलेखमा टेलिभिजनको पर्दामा आफूलाई प्रस्तुत गर्दाका दिनलाई सजीव रूपमा सम्झने मौका श्रद्धेय दाजु भरत जङ्गमको ७५ औँ जन्मोत्सवको महत्त्वपूर्ण क्षणमा स्मरण गर्न पाउँदा मैले गौरवको महसुस गरेको छु ।

जीवनको यात्रामा पाइला दुखे र थाके भने पनि थकाइ नमारी गन्तव्यप्रति लक्षित रही अगाडि बढिरहने अठोट गर्दा लाखौँपटक पाइलाहरू दुख्ने र थाक्ने गर्दछन् । २०६४ सालमा पत्रकारिता क्षेत्रमा प्रवेश गर्दा सिधा स्तम्भलेखनबाट सुरु भएको सञ्चार कर्म आज टेलिभिजनको पर्दासम्म पुगेको छ । छापा पत्रिका, एफएम रेडियो, अनलाइन हुँदै टेलिभिजनमा कार्यक्रम प्रस्तोताका रूपमा आफूलाई प्रस्तुत हुन प्रेरणा दिने र पहिलो अन्तर्वार्ताको अतिथि भइदिने भरत जङ्गमप्रति कृतज्ञ छु । समयको कालखण्डमा समयलाई लम्बाइबाट भन्दा गहिराइबाट नाप्नुपर्ने हुँदो रहेछ । सीमित समयको सहकार्य र सान्निध्यमा कुनै विश्वविद्यालय वा पुस्तकबाट नपाउने ज्ञान भरत जङ्गमको साथबाट आफूले पाएकोमा म उहाँप्रति ऋणी छु ।

'कालो सूर्य' उपन्यास २०३६ सालमा प्रकाशित भए पनि मैले बीएल अध्ययनका क्रममा २०५१-५२ सालमा मात्रै अध्ययन गर्ने मौका पाएको थिएँ । उपन्यास हात पर्नासाथ चार दिनमा उपन्यास पढिसकेपछि लेखक भरत जङ्गमका बारेमा सुन्ने-बुझ्ने मौका पाउँदा कुनै कथा र फिल्मको तिलस्मी पात्रजस्तो लाग्ने, दरबारको जागिर खाएर त्यसै दरबारसँग पौंठेजोरी खोज्ने अचम्मको मानिस कस्तो हुनुहोला भन्ने जिज्ञासा थियो । भरत जङ्गमसँग जीवनको कुनै मोडमा टेलिभिजनमा आमने-सामने भएर कार्यक्रम प्रस्तुत गरिएला भन्ने मेरो कल्पनाबाहिरको थियो । जीवनका घुम्तीहरू अनौठा हुँदो रहेछन् ।

२०६३ सालमा मेरा काका शम्भुराज पुरीले भरत दाजुसँग मलाई भेट गराउनुभएको थियो । आदरणीय मेरा काका शम्भुराज पुरी र भरत जङ्गम दाइ अति मिल्ने साथी हुनुहुँदो रहेछ । त्यसपछि कहिलेकाहीँ फोनमा कुरा हुनेबाहेक भरत दाइसँग खास विषयमा कुरा हुँदैनथ्यो । मैत्री एफएम ९९.४ मेगाहर्जमा 'मन्थन' कार्यक्रम सञ्चालन गर्न थालेपछि २०६६ जेठ ९ गते भरत दाइको अन्तर्वार्ता लिने समय जुरेको थियो । त्यसपछि नेपालको समसामयिक राजनीति, भ्रष्टाचार आदि विषयमा दजनौंपटक रेडियो अन्तवार्ता गरियो । 'कालो सूर्य' उपन्यासदेखि टेलिभिजनामा भ्रष्टाचारविरुद्धको कार्यक्रमको नाम हुन पुगेको स्मरण आज पनि ताजा नै छ । २०७० साल माघ पहिलो हप्तामा फिल्म निर्देशक नारायण पुरी, हिमालय टेलिभिजनका Senior Camera Person गुञ्जनराज गिरी र मसमेतको मिटिङबाट हिमाल टेलिभिजनमा भ्रष्टाचारविरुद्धको कार्यक्रम 'बोधार्थ' नामबाट २०६९ माघ १५ गतेबाट सञ्चालन गरियो ।

करिब तीन महिना हिमालय टीभीबाट कार्यक्रम सञ्चालन भएपछि विविध कारणले कार्यक्रम बन्द भयो । त्यसपछि सगरमाथा टेलिभिजनमा 'कालो सूर्य' नामबाट कार्यक्रम सञ्चालन गर्ने निधो भयो । हाम्रो कार्यक्रमका निर्माता-निर्देशक खेमबहादुर गुरुङ हुनुहुन्थ्यो । हरेक विषयवस्तुका बारेमा हामी तीनजनाबीच छलफल गरी कार्यक्रम प्रसारण गर्न थालेपछि आर्थिक विषय गौण थियो । हामी तीनजना नै स्वयंसेवी रूपमै भ्रष्टाचारविरुद्धको राष्ट्रिय अभियानमा सहभागी भएका थियौँ । टेलिभिजनलाई तिर्नुपर्ने समयको पैसा भरत दाइले तिर्ने र अन्य सबै निःशुल्क थियो । रेडियोमा काम गरे पनि टीभी कार्यक्रम मेरा लागि नयाँ थियो । भरत जङ्गमजस्तो नाम चलेका भ्रष्टाचारविरुद्धका अभियन्ता, भ्रष्टाचारविरुद्ध राष्ट्रिय अभियानका संस्थापक अध्यक्ष सिद्धहस्त लेखक, वरिष्ठ अधिवक्ताको अन्तवार्ता लिनु चुनौतीपूर्ण विषय थियो । Live अन्तर्वार्तामा दर्शकको प्रश्न भरत जङ्गमको उत्तर अनि म

साँघुका रूपमा उभिएको कार्यक्रम प्रस्तोता कहीँकतै डगमगाइएला कि भनी डराउँथेँ । तर भरत दाइको हौसला, निर्माता-निर्देशक खेमबहादुर गुरुङको सिकाउने शैलीले म निडर भएर कार्यक्रम प्रस्तुत गरिरहेँ । यो क्रम २०७१ वैशाखदेखि २०७२ वैशाख ११ शुक्रबारसम्म सगरमाथा टेलिभिजनबाट प्रासरित भएको थियो ।

'कालो सूर्य' आफैँमा चर्चित नामको उपन्यास थियो । यही नामबाट शुक्रबार, शनिबार र आइतबार सगरमाथा टेलिभिजनबाट LIVE कार्यक्रम सुरु भयो । 'भ्रष्टाचारीको अन्त्य होस्, सदाचारीको जय होस्' भन्ने वाक्यबाट सुरु हुने कार्यक्रममा दर्शकको प्रश्न भरत जङ्गमको उत्तर, कहीँ-कहीँ कार्यक्रम प्रस्तोताको नाताले मेरा पनि प्रश्नले अन्तर्वार्ता ओजिलो थियो भने नेपाली टेलिभिजनमा फरक शैलीको स्वयम्सेवी कार्यक्रम थियो । कार्यक्रम सञ्चालक र भरत जङ्गम दुईजनाबीच फरक-फरक विषयमा हरेक कार्यक्रममा छलफल, बहस हुने र त्यसमा दर्शकहरूले प्रत्यक्ष फोनमार्फत जिज्ञासापूर्ण प्रश्न गर्ने कार्यक्रम टेलिभिजनका लागि र हाम्रा लागि पनि नयाँ प्रयोग थियो । एक व्यक्तिबीचको छलफल र विश्लेषणलाई दर्शकले रुचाउलान् वा नरुचाउलान् ? हामीमा ठूलो चुनौती थियो ।

कार्यक्रम प्रसारण भएको ३-४ शृङ्खलापछि ४५ मिनेटको कार्यक्रममा दर्शकको फोनलाई समय उपलब्ध गराउन हामीलाई हम्मेहम्मे परेको थियो । इलामदेखि डडेलधुरासम्मका दर्शक मात्र होइन, विदेशमा रहेका दर्शकले समेत हाम्रो कार्यक्रमलाई रुचिपूर्वक हेर्दै प्रश्न गर्ने गरेका थिए । विश्वविद्यालयदेखि शौचालयसम्म, गाउँदेखि सिंहदरबारसम्म, चियापसलदेखि पाँचतारे होटलसम्म, साना-ठूला सबै कार्यालयमा गाउँमा कुलो बनाउनेदेखि सडक बनाउने होस् वा सरकारी सवारी साधनदेखि हवाइजहाज खरिद गर्दासमेत भ्रष्टाचार भएको देशमा यत्रतत्रसर्वत्र भ्रष्टाचार रहेको तथ्य एकपछि अर्को गर्दै उजागर भएको थियो । मालपोत, यातायात, श्रम कार्यालय, भन्सार, स्थानीय निकायदेखि सरकार र संसद्सम्ममा हुने भ्रष्टाचार 'कालो सूर्य' कार्यक्रमले निरन्तर प्रसारण गरिरहेको थियो ।

'कालो सूर्य' मा सामाजिक सुधार व्यवहार ऐन २०३४ लाई कार्यान्वयन गर्ने प्रयोजनका लागि ५१ जनाभन्दा बढी जन्त जान नपाई भड्किलो भोजभतेर खान आयोजना गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रतिबन्ध लगाए पनि अख्तियारका प्रमुख लोकमानसिंह कार्की स्वयम् यस्ता भड्किला भोजभतेरमा सहभागी भएको आफ्नो छोरीको विवाह अख्तियारको कार्यालयबाट गराएको विषयमा टीभीबाट प्रसारण भएपछि, अख्तियार

निदाएको, ठूला भ्रष्ट व्यक्तिहरू मिलेमतोमा कार्यवाही नगरेको, ठूला माछालाई संरक्षण गरेको विषय, नेपाल पर्यटन बोर्डमा भएको भ्रष्टाचार प्रसारण भएपछि अख्तियार कार्यालयबाट भरत जङ्गमलाई पटकपटक फोनमार्फत धम्क्याउने काम भयो । भरत दाइ कानुनी राज्यमा वाक् स्वतन्त्रता छ, मेरो अभिव्यक्ति वा 'कालो सूर्य' कार्यक्रमले गलत गरेको छैन, हामीलाई आरोप लाउने काम नगर्नुस्, हामी अदालत जान्छौँ भनेपछि अख्तियारबाट फोन आउन बन्द भयो । अख्तियार प्रमुखलगायतले 'कालो सूर्य' कार्यक्रमको चर्चा गर्ने, हेर्ने, रेकर्डसमेत गर्ने गरेको खुलासा अख्तियारभित्र कार्यरत हाम्रा शुभचिन्तकले हामीलाई जानकारी गराएका थिए । भरत जङ्गम जल्दोबल्दो र भ्रष्टाचारविरुद्धका चर्चित अभियन्ता नभएको भए यस्तो हुँदैनथ्यो । पछि सगरमाथा टेलिभिजनबाट 'कालो सूर्य' कार्यक्रम बन्द हुन सक्ने जानकारी टीभीका अध्यक्ष निर्मल गुरुङले हामीलाई गराएका थिए ।

'कालो सूर्य' कार्यक्रम जति दर्शकको माझमा लोकप्रिय हुँदै थियो, हामीलाई पनि त्यति नै चुनौती थपिँदै गएको थियो । कार्यक्रममा जटिल गम्भीर मोड आएको थियो । कार्यक्रमका मियो भरत जङ्गम राजा ज्ञानेन्द्रको शाहीकालमा मध्यमाञ्चल विकास क्षेत्रको दौडाहा टोली प्रमुख हुँदा अधिकारको दुरुपयोग गरेर विभिन्न स्थानमा जग्गा कमिसन खाएको, विराटनगरमा गुठी जग्गा आफन्तको नाममा दर्ता गराएको विषयमा LIVE क्रममा दर्शकले प्रश्न राखेपछि कार्यक्रम सञ्चालकको नाताले यस विषयमा प्रकाश पारिदिन आग्रह गर्दा वा भ्रष्टाचारविरुद्धका अभियन्तालाई यस्तो अरोप लागेपछि सो विषयमा खण्डन गर्न आरोपका विषयमा प्रस्ट पार्न आग्रह गर्दा कार्यक्रम तातोपिरो र रापिलो भएको थियो । कार्यक्रम सकिएपछि तत्काल हाम्रो 'कालो सूर्य' टिमको बैठक बसी यस विषयमा जरोदेखि टुपोसम्म अनुसन्धान गर्दा भरत जङ्गम दाइलाई बदनाम गराउन आरोप मात्र लगाएको निष्कर्षमा हामी पुगेका थियौँ । उहाँको चरित्रहत्या गर्ने मनसायबाट आरोप लगाएको हुनाले अर्को कार्यक्रममा दमदार रूपमा यस विषयमा खण्डन शृङ्खलाका रूपमा कार्यक्रम प्रसारण गरिएको थियो ।

भरत जङ्गम दाइले माउन्टेन टेलिभिजनमा पनि 'व्यूहचक्र' कार्यक्रम पनि सञ्चालन गर्नुभएको थियो । राति आठ बजे LIVE हुने कार्यक्रममा पनि एक-दुईपटक अतिथि कार्यक्रम सञ्चालकका रूपमा कार्यक्रम सञ्चालन गरेका अनुभव मेरो मानसपटलमा ताजा छ । भ्रष्टाचारविरुद्धको राष्ट्रिय अभियानमा होस् वा अन्य कार्यक्रममा, भरत दाजुले मलाई सम्झने र मौका दिने गर्नुहुन्थ्यो, यसका लागि म सधैँ आभारी रहनेछु ।

काँधमा जिम्मेवारी, काममा इमानदारी र मस्तिष्कमा समझदारीको सधैँ हेक्का राख्ने जङ्गम दाजु सजिलै अरूको कुरामा विश्वास गर्ने हुँदा उहाँलाई धेरैले दोहन गरेका छन् । को आफ्नो को पराई, चिनेर व्यवहार गर्न सुझाउँछु । आफूलाई ठीक लागेपछि जे कुरामा जस्तो विषयमा पनि बहस गर्ने बानीले अलि अप्ठ्यारो पारेको महसुस हामीले धेरैपटक गरेका छौँ । जीवनका अनेक मोडमा भरत दाइसँग बिताएको क्षण अविस्मरणीय रहेको छ ।

भरत जङ्गम दाजुको ७५ औँ शुभ जन्मदिनको अवसरमा मङ्गलमय शुभकामना ।

●



सानुराजा पुरी अधिवक्ता तथा पत्रकार हुनुहुन्छ ।

# पुरानो सम्बन्ध
## – प्रा. सुरेशराज चालिसे

भरत जङ्गम मेरा पुराना मित्र हुनुहुन्छ । उहाँसँग हाम्रो परिवारको सम्बन्ध पनि पुरानो नै हो । मेरा पिताजी सुन्दरराज चालिसे र माताजी सुशीलादेवी चालिसे तथा भरतजीका पिताजी गोविन्दहरि जङ्गम साथी-साथी हुनुहुन्थ्यो । उहाँहरूका बीचमा सुमधुर सम्बन्ध थियो । त्यसै कारणले होला भरतजीको र मेरो सम्बन्ध पनि सधैँभरि सुमधुर रह्यो ।

धेरै वर्षअगाडि भरतजीले र मैले सँगसँगै काम गर्ने मौका पनि पाएका थियौँ । उहाँ काममा लगनशील, इमानदार र प्रतिबद्ध हुनुहुन्छ भन्ने कुरा मैले त्यति बेला नै थाहा पाएको थिएँ । आफूले गर्नुपर्ने भनी तोकेको र आँटेको काम जसरी भए पनि गरेरै छाड्ने उहाँको स्वभाव मैले देखेको थिएँ । हालसम्म पनि उहाँको त्यस्तो स्वभाव छँदैछ ।

मिलनसार, हँसमुख र फरासिलो स्वभावका भरतजी 'कालो सूर्य' उपन्यासका कारण बहुचर्चित हुनुभयो । पहिलो पुस्तकले नै उचाइ छोएका बिरलै मान्छेमध्ये उहाँ पनि पर्नुभयो । पछिल्लो कालमा 'भ्रष्टविरोधी शास्त्र' भनेर भ्रष्टाचारविरोधी विज्ञान नै दिनुभएको हुँदा उहाँलाई 'भ्रष्टाचारविरोधी विज्ञानका पिता' भन्न थालियो र त्रिभुवन विश्वविद्यालयले उहाँले प्रतिपादन गरेको विषयलाई स्नातकोत्तर तहको पाठ्यक्रममै समावेश गरेर अध्ययन, अध्यापन तथा अनुसन्धान गराउन थाल्यो । यो हाम्रा लागि खुसीको कुरो हो ।

भरतजीको ७५ औँ जन्मोत्सवलाई हीरक महोत्सवका रूपमा सम्मानग्रन्थको प्रकाशन, अभिवन्दनापत्र समर्पण र अन्य विविध कार्यक्रमहरू गरेर सम्पन्न गर्ने समाचारले मलाई हर्षित बनाएको छ । म भरतजीको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै उहाँको सक्रियता कहिल्यै नघटोस् भन्ने प्रार्थना गर्दछु ।

•



प्रा. सुरेशराज चालिसे शब्दयात्रा प्रकाशनद्वारा संस्थापित 'शब्दयात्रा विज्ञान-प्रविधि सम्मान' बाट सम्मानित वैज्ञानिक, प्राध्यापक, अनुसन्धाता तथा लेखक हुनुहुन्छ । सुन्दरराज चालिसे सुशीला चालिसे स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष उहाँ काठमाडौँको हाँडिगाउँमा बसोवास गर्नुहुन्छ ।

# त्रिगुणात्मक व्यक्तित्व
## – प्रा. सुवर्ण शाक्य

'जङ्गम' भनी सुन्दा उपनाम हो कि जस्तो लागेको थियो । हामी शाक्यहरूको विशेष सांस्कृतिक पूजामा एउटा कामनाको श्लोक रहेको छ संस्कृत भाषामा लेखिएको – 'ये जङ्गमास्ते तथैव स्थावराः ते सर्वसत्त्वाः सुखिनो भवन्तु ।'

यसबाट 'जङ्गम' शब्दको अर्थ लागेको थियो गतिशील, चलायमान्, हिँड्डुल गर्ने । त्यहाँ स्थावरको अर्थ आफ्नै स्थानमा एकरूपमा रहने गतिविहीन । यो श्लोकले भनेको छ - यस दुनियाँमा जति पनि चलायमान् जीवजन्तु र प्राणीहरू छन्, त्यसरी नै जति पनि एकै ठाउँमा रहिरहने पहाड, ढुङ्गा, रूखहरू छन्, ती सबैको भलो होस्, सुखी रहुन् ।

पछि मात्र थाहा भयो भरतजीको नाममा गाँसिएको 'जङ्गम' त थर पो रहेछ । नेपाल विश्वका विभिन्न ठाउँमा रहेका आर्य, मङ्गोल, द्रविड र ककेसियन जीन भएका जातिहरूको थलो हो । यो विभिन्न थर भएका जातजातिलाई अँगालेर रहेको राष्ट्र हो । यहाँ ठाउँठाउँबाट आएर बसेका जनजातिहरू भएकाले विभिन्न भाषाभाषी, विभिन्न सांस्कृतिक परम्परा र विभिन्न धर्मावलम्बीहरू रहेका छन् । यहाँ आजकालको विश्वमा प्रचलित प्रमुख धर्मका रूपमा मानिने इसाई, मुस्लिम, जैन, हिन्दू र बौद्ध धर्मावलम्बीहरू रहेका छन् । यी प्रचलित धर्मभन्दा पहिले यहाँ विशेषतया प्राचीन धर्मका रूपमा प्रकृतिपूजा एवं वैदिक कालका देवीदेवता र सम्बन्धित संस्कृतिभित्रका विविध आचार-व्यवहारहरू पाइन्थे ।

यहाँ बेलाबेलामा विभिन्न अवस्था र व्यवस्थाबाट विभिन्न थर र जातिका मानिसहरू आएर बस्ने गरेका छन् । यसै सिलसिलामा लिच्छविकालमा कर्णाटवंशी राजा सिम्रौनगढमा राज्य गर्दाको नान्यदेव कर्णाटकबाट आउँदा जङ्गमहरू पनि साथमा आएका हुन् भनी प्रमाण देखाइएको पाइन्छ । यसरी नै बाह्रौं शताब्दीतिर राजा हरिसिंहदेव मल्ल भक्तपुरमा आउँदा उनैका साथमा जङ्गमहरू राजगुरुका रूपमा भक्तपुरवासी हुन आएका हुन् भनिन्छ । यस्तै हामी शाक्यहरू पनि बुद्धकालीन यताउतिको समय-परिवेशमा काठमाडौं उपत्यकामा आएको प्रामाणिक विवरणहरू पाइन्छन् । यसरी यहाँ अनेक थर र जातिहरू रहिआएका देखिन्छन् ।

हाम्रा भरत जङ्गम ऐतिहासिक पुर्ख्यौली परम्परामा भक्तपुरवासीका रूपमा २००४ सालमा टौमढी टोलमा जन्मिई आजको नेपाली जनजीवनमा परिचित हुन पुग्नुभएको छ । उहाँ साथीभाइ र आफन्तका बीचमा मात्र परिचित हुन पुगेको नभई प्रायजसो सामाजिक व्यक्तित्वहरूका बीच विभिन्न क्षेत्रबाट सामाजिक क्षेत्रमा बहुचर्चित रूपमा परिचित हुन पुग्नुभएको छ । परिचितको क्रममा उल्लेख गरिँदा उमेरअनुसारको समयमै शिक्षा हासिल गरेर यत्नपूर्वक समाजका विभिन्न क्षेत्रमा संलग्न हुँदै, गहिरिँदै, अनुभव हासिल गर्दै परिचययोग्य किसिमले त्रिगुणात्मक स्वभावले निहित अर्थात् Three Dimention Charatered का रूपको व्यक्ति बन्न पुग्नुभएको छ । उहाँको बहुआयामिक व्यक्तित्वको कुरा तारिफ र बयान मात्र नभएर उदाहरणीय प्रस्तुतिहरू उहाँका कार्यक्षेत्रभित्र रहेको सबैका सामु विषयगत भएका छन् । जस्तै साहित्य, पत्रकारिता, धर्मसंस्कृति, इतिहास, पुरातत्त्व, अनुसन्धान, न्याय-कानुन, प्रशासन, राजनीति र समाजसेवा राष्ट्र र विश्वमा नै मूल्य स्थापित गर्न खोज्ने खालका रहेका छन् । उहाँको भ्रष्टाचारविरोधी विचारको विवरण त यत्रतत्र पाइराखेका छन् ।

उहाँको परिचयलाई सघाउने कृति 'कालो सूर्य' विशेष रूपमा रहन आएको छ । यो उपन्यास २०३६ सालमा प्रकाशित रहेको छ । समाजमा विशेष चासोको विषय भ्रष्टाचार, अन्याय र अत्याचारविरुद्धका घटनाहरूका विषयमा 'कालो सूर्य' को एउटा परिच्छेद न्याय क्षेत्रको विसङ्गतिको दस्तावेजझैँ रहेको छ । जङ्गमजी समाजमा घटेका घटनाहरूबाट प्रेरित भएर साहित्य सृजनातिर लागेको देखिन्छ । 'कालो सूर्य' ले छुट्टै प्रकारको विशेषता राखेको कुरा उल्लेखनीय रहे तापनि समाजसम्बन्धी विषयहरूसित डुबुल्की मार्न २०२५ सालमा नै उपन्यास तयार गर्नतिर लागेर 'कुलीन परिवार' को लेखन भइसकेको थियो । आफ्नो अनुभव र प्रयोगलाई विविधताबाट सजीवता दिन उहाँले उपन्यासलाई माध्यम बनाएको देखिन्छ । यो नै एउटा चेतना सञ्चारको नमुना रहेको छ । २०४१ साल पुग्दा 'व्यूहचक्र' को निर्माण भयो । सिलसिलाबद्ध अनुभूति प्रयोग गर्दै २०५० सालमा पुग्दा 'सेतो घाम' प्रकाशित गराउन पुग्नुभएको छ । चिन्तन, विचार र दृष्टिकोणलाई एकै ठाउँमा अभिलेखबद्ध गर्नुजस्तो कठिन प्रयोगकर्ताका रूपमा जङ्गमजी देखिन पुग्नुभएको छ ।

जहाँ जुन क्षेत्रमा जस्तो प्रकारले आफ्ना अभिव्यक्ति पोख्ने गरे तापनि गुणको व्याख्या र गुणीको कदर गर्ने गुणका पक्षपातीका रूपमा उहाँ देखिनुहुन्छ । उदारमना, कृतकृत्य, कृतज्ञका रूपमा देखिने भएर राष्ट्रसामु अनुकरणीय विवेकशीलताको उहाँको स्वभाव छर्लङ्गिएको पाइन्छ । आदर्शको

पक्षमा दाँज्दै जाँदा धर्मशास्त्रको अनुसरण गर्ने, त्यसप्रति आस्था, विश्वास र नीतिपालन कुलपुत्रका रूपमा रहेको उहाँको अभिव्यक्ति स्पष्टतया देखिन्छ ।

धर्मको पालना भनेको जीवनको रक्षा हो र जीवनरक्षा नै जन्मको सार हो । यस परिप्रेक्षमा लेखक भएर रहनु कुनै कुरामा आग्रह र पूर्वाग्रहरहित भई आफू रहेको ठाउँमा जनजीवन सुधार्नेतिर लाग्नु हो । यस प्रकारको भावना जङ्गमजीमा निहित रहेको पाइन्छ ।

साहित्यको रचनाकालले तत्तत् समयको गतिविधि एवं समाजको संरचनाको प्रतिनिधित्व गरेको हुन्छ । जङ्गमजीको साहित्य रचनाले समाजको दर्पण भनिने कुरालाई प्रत्यक्षीकृत गराएको छ । जङ्गमजी नेपालको प्रशासनिक संरचनालाई राम्ररी बुझेको व्यक्तिका रूपमा र क्रियाशीलताको नमुनाका रूपमा रहनुभएको छ । राष्ट्रको कुनै पनि क्षेत्रमा योग्य ठानी सुधार-विकासको अपेक्षा राखेर तदनुकूलका व्यक्तिलाई कामको जिम्मा लगाइएको हुन्छ । त्यस्तो अपेक्षित ठाउँमा हुने कुनै प्रकारको दुष्प्रवृत्तिको बोलवालालाई आफ्नो भित्री नजरले पहिल्याएर पोल खोलिदिने जस्तो निडर र निष्पक्ष गुणले युक्त भएर प्रशासनिक क्षेत्रभित्र पदाधिकारीहरूले दोहोरो अनपेक्षित सुविधा लिइरहेको जस्ता कुरालाई औँल्याई प्रशासनिक कर्तव्यबोध निभाएको कुरा जङ्गमजीको सेवाक्षेत्रभित्रको इमानदारी सुन्नमा आउँछ । देशमा नेतृत्व तहका व्यक्तिहरू सच्चा, इमानदार र राष्ट्रवादी नभएसम्म जस्तोसुकै राजनीतिक प्रणाली लागू गरे पनि अफाप सिद्ध हुन पुग्ने जस्ता कुरामा उहाँले शङ्ख फुकेझैँ बताउनुभएको छ, जुन कुरा आजका लागि समयसापेक्ष रूपमा जनसमक्ष यथार्थभूत छ भन्दा देशको व्यवस्थामा जनता र सरकार भनी कोट्याइरहनुपर्ने अवस्था रहँदैन होला ।

धर्मसंस्कृति र जीवनदर्शनबाट उहाँ टाढा रहेको देखिँदैन । शास्त्र र मानव संरचनामा उहाँको दृष्टि पुगेको छ । सुधार गर्नुपर्ने कुरामा उहाँले औँल्याउनुहुन्छ । धर्म, कर्म र व्यवसाय मानव जीवनको समुच्चा रूपमा आयु रहुन्जेल जीवनयापनका लागि दैवी होस्, प्राकृतिक होस् वा मानवीय होस्, आवश्यक रहने कुरा वास्तविक सृष्टि संरचनाको विषय हो । सृष्टिको भवसंसार चलाउन कुव्यवसाय र कुलतजस्ता विकृत आधारका मनस्थिति मानवमा लागिरहने एउटा स्वभाव हो । यसैको घेरामा रहेर नै विषसमानका कुराहरूलाई चटक्क छोड्न र छोडाउने नभई दुःखको भुमरीमा जाकिरहने भएको हुन्छ ।

दुनियामा धार्मिक, सामाजिक, प्रशासनिक आचारव्यवहार मानिसको भवचक्रको दुःख-अप्ठ्यारा निरूपण गर्ने सदाशयताले शिक्षादीक्षा, कानुन,

न्याय दुनियामा सृजित भइराखेको हुन्छ । यतातिर स्वार्थी वा कमजोर दिमागीहरू एकपक्षीय फाइदातिर लागी आफू र समाजलाई नै विकृत पारी असहज अवस्थामा जीवन बिताइरहेका हुन्छन् । फाइदा भनेकै आर्थिक फाइदालाई मान्ने प्रवृत्तिले व्यक्ति मात्र होइन, राज्य सञ्चालकहरूसमेत विषतुल्य जघन्य वस्तुलाई व्यापार र आर्थिक स्रोतको उद्योग-व्यवसाय मानी जनजीवन ध्वस्त पारेर पनि जनतालाई पालनपोषण गरेको मान्दछन् । यस्ता कटुसत्यका कटुव्यवहारलाई सिधै विरोधका रूपमा सुधारको अपेक्षा राख्तै मुख खोल्ने कलम चलाउने हुनु राष्ट्रसेवक युवा पुस्ताका लागि अनुकरणीय विषय हुन सक्छ । यी विषय यहाँ राष्ट्रिय आम्दानीका स्रोत मानिएका छन्, रक्सी, बियर, चुरोट कारखाना अनि जुवाघरलाई उद्योग-व्यवसायका रूपमा फस्टाउन दिइरहेको छ, बन्द गर्ने कुरा त परै रहोस् ।

समाज र देशका विकृतावस्थालाई खोतल्याएर आफ्ना कृतिहरू मात्र प्रकाशमा ल्याउने नभई दैनिक जीवन व्यवहारमै प्रत्यक्षीभूत भइरहेको दैनन्दिनी जीवन जङ्गमजीको देखिन्छ । व्यक्तिगत रूपमा सेवाभावमा लागेर विभिन्न संस्थाहरूका माध्यमद्वारा समाजमा आफ्नो सेवा उपलब्ध गराई आउनुभएको छ । उहाँका यावत् पारिवारिक, सामाजिक विविध क्रियाकलाप रहे तापनि ‘सन्तोषं परमं सुखम्’ को जीवनाधारमा आफूलाई अर्पेको कुरा आफैँले बताउनुभएको छ । भन्नुभएको छ - ‘जीवनयापनका लागि जति आवश्यक छ, त्यसभन्दा बढी कत्ति पनि खोजिएन’ ।

हुन पनि उहाँले अर्थसङ्कलनको हिसाबमा कहीँ कुनै व्यवसाय गरेको देखिन्न । ठूला उद्योगी र व्यापारीबाट टाढै रहेको पनि देखिन्छ । बकम्फुसे खुसामदी तारिफको चक्रमा नलागीकन भन्ने हो भने उहाँ चिन्तनशील, तार्किक र प्रामाणिक स्वरूप रहेको र आफूले लागेको क्षेत्रमा सशक्त उपस्थिति देखाउन सक्षम नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्वमा मानिन स्वतः प्रमाणित हुने गरी जीवनीलाई उतार्न सकिने रहनुभएको छ । भारत, चीन, अमेरिका र रुस आदि देशले अन्तर्राष्ट्रिय व्यक्तित्व बनाउन सघाएको कुरा हाम्रा लागि सुखद कुरा भएको छ । उहाँ साहित्यको उपन्यास विधामा त स्वतः अन्तर्राष्ट्रिय भएको कुरा हामीले उल्लेख नै गरिरहनुनपर्ने कुरा भएको छ ।

मानिसको जिन्दगानीमा स्वच्छ मनमा स्वस्थ शरीर रहेको हुन्छ । जिन्दगानीभित्रका समग्र वातावरण यसैमा घुलमिल भइरहेको हुन्छ । शारीरिक उमेर र अवस्थाअनुसार भरतजीको जीवनमा एउटा पर्व आइपुगेको छ । नेपाली परम्परामा जीवनको मध्यावस्था ७५ वर्षको आयुको सांस्कृतिक जीवन

गौरवमय पर्वमा रहेको हुन्छ । यो स्वसम्मान, पारिवारिक श्रद्धा, आस्था र सामाजिक कदरको पर्व हो । युग परिवर्तनका साथै जमाना बदलिँदै आएको छ । नेपालमा नेपालीहरूको आयुमा ६० वर्षको उमेरमा पुगेपछि जीवनको उत्तरार्द्ध सम्झिने व्यवहारबाट पार भई अहिले उहिलेको ४० वर्षे जोवनको सट्टा सत्तरी वर्षको जोवन बन्न पुगेको छ । ७५ वा ७८ वर्षको उप्रान्त मात्र यहाँको मानिसको जीवनको उत्तरार्द्ध मानिने भएको छ ।

भरतजी 'जङ्गम' थरसँगै साक्षात्कारका रूपमा चलायमान्, गतिशीलताबाट पूर्ण आयु आरोग्यका साथ निर्मल नदनदीका रूपमा जीवनयापनका दिनहरू सरल र स्वच्छ भई अग्रगमनमा लाग्नुहुनेछ भन्ने उत्कट अभिलाषाको कामना यो मध्यावस्थाको पर्वमा हार्दिकताका साथ पोख्तछु । उहाँको त्रिगुणात्मक व्यक्तित्वको विकास हुँदै जानेछ भन्ने विश्वास छ ।

●



प्रा. सुवर्ण शाक्य ॐबहाल, काठमाडौँमा बस्नुहुन्छ । उहाँ प्राध्यापक तथा कवि एवं सांस्कृतिक लेखहरू लेख्ने लेखक हुनुहुन्छ ।

# ठूलो योगदान

भरत जङ्गम बहुआयामिक व्यक्तित्वका साथै निडर र निष्पक्ष व्यक्ति हुनुहुन्छ । उहाँका धेरै कृतिमध्ये 'कालो सूर्य' पनि उदाहरणीय प्रस्तुति हो, जुन पुस्तक राजतन्त्रकालमा समाजमा भएका विकृति, विसङ्गति र भ्रष्टाचारका विरुद्ध लेखिएको चेतनामूलक ग्रन्थ थियो । उहाँको स्वभाव सुरुदेखि नै निडर, प्रस्ट र पारदर्शी भएका कारण उहाँले भ्रष्टाचारविरुद्ध धेरै काम गर्नुभएको छ ।

धार्मिक क्षेत्रमा उहाँको छुट्टै पहिचान छ । उहाँ भक्तपुरभित्र रहेका विभिन्न मठहरूको सञ्चालक र मठाधीश हुनुहुन्छ । डोलेश्वर महादेवलाई केदारनाथको शिरोभाग हो भन्ने घोषणा उहाँकै पहलमा भएको हो । भारतका पीठाधीश १०८ स्वामी महाराजलाई नेपालमा ल्याई विभिन्न पौराणिक आधार र धार्मिक ग्रन्थहरूका तथ्यगत प्रमाणबाट घोषणा गर्न लगाउने काम त्यति सजिलो र सर्व थिएन, जुन कार्यको श्रेय उहाँलाई जान्छ । उहाँकै पहलमा अनन्तलिङ्गेश्वर महादेव मन्दिरमा रुद्राभिषेक गरेर अखण्ड दीप प्रज्ज्वलन गराई नियमित दीप प्रज्ज्वलनको व्यवस्था मिलाउने र अनन्तलिङ्गेश्वर धामको मास्टर प्लान बनाउने कार्यमा पनि ठूलो योगदान छ । लोकपाल स्वामी अनन्तलिङ्गेश्वर महादेवलाई अझ प्रचारप्रसार गरेर महादेवको ख्यातिलाई टाढाटाढासम्म फैलाउने काममा पनि उहाँको योगदान छ ।

उहाँ धार्मिक, सामाजिक, भ्रष्टाचारविरुद्धका अभियन्ता र राजनीतिज्ञ हुनुहुन्छ । उहाँ पञ्चायत कालमा भक्तपुर जिल्लाबाट राष्ट्रिय पञ्चायतको सदस्यमा चुनाव लड्नुभएको थियो । भक्तपुर जिल्लामा उहाँको पारिवारिक गुठीका ठूला मठहरू थिए र छन् । अनन्तलिङ्गेश्वर क्षेत्रलाई वृन्दावनधाम र वृद्धाश्रम बनाउने भनेर उहाँलगायत त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रद्वारा अनन्तलिङ्गेश्वर महादेव मन्दिर परिसरमा धान्याचल महायज्ञ सप्ताह लगाएर करिब ७० लाख रुपियाँ सङ्कलन गरी मन्दिर परिसरमा विभिन्न काम अघि बढाई ८०० भन्दा बढी स्थानीयको हस्ताक्षरसमेत सङ्कलन गरिएकोमा हालसम्म वृन्दावनधाम बनाउने विषय वन तथा विभिन्न कारणले गर्दा सेलाएको हुँदा ज्यादै दु:ख लागेको छ । यस विषयमा भरत जङ्गमबाट पहलको ठूलो खाँचो महसुस भएको छ ।

•

(यो लेख इमेलबाट प्राप्त हुँदा लेखकको नाउँ, व्यक्तिगत विवरण र तस्बिर प्राप्त नभएकाले लेख मात्रै राखिएको छ ।)

# दोस्रो खण्ड

# भ्रष्टाचारविरोधी अभियान के नायक
## – दीपक गोस्वामी 'चिराग'

कुछ लोग थे जो वक्त के साँचे में ढल गए ।
कुछ लोग थे जो वक्त के साँचे बदल गए ॥

– अज्ञात

यह शेर नेपाल की आने वाली पीढ़ियाँ भ्रष्टाचारविरोधी अभियान के नायक भरत जङ्गम को याद में अक्सर पढ़ा करेंगे ।

बड़ा खुसी की विषय है, भ्रष्टाचारविरोधी शास्त्र के प्रवर्तक नेपाल के अन्ना हजारे, श्रीयुत भरत जङ्गम के ७५ वें जन्मदिवस को हीरक महोत्सव के रूप में मनाया जा रहा है । इस अवसर पर 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दनग्रन्थ का प्रकाशन भी किया जा रहा है । बहुमुखी प्रतिभा के धनी एवं लेखक, कवि, पत्रकार, हिन्दूवादी, भ्रष्टाचारविरोधी कार्यकर्ता के विषय में कुछ भी कहना सूर्य को दीपक दिखाना है । उनकी प्रतिभा का अनुमान इस बात से ही लग जाता है कि उनके लिखे उपन्यास 'द ब्लैक सन' का अनुवाद हिन्दी, उर्दू, कन्नड़, नेवारी, चाइनिज, रशियन, जापानी, असमी, मैथिली आदि भाषाओं में हुआ है ।

भ्रष्टाचार किसी देश में लगा वह दीमक है जो अन्दर ही अन्दर देशको खोखला कर देता है । देशके भ्रष्ट नेताओं द्वारा किया गया घोटाला ही भ्रष्टाचार नहीं है अपितु एक ग्वाले द्वारा दूध में पानी मिलाना भी भ्रष्टाचार का स्वरूप है । भ्रष्टाचाररूपी यह दानव समाजके हरेक क्षेत्रमें विराजमान है, मेरी यह रचना जो अलीगढ़ से प्रकाशित प्रतिष्ठित पत्रिका अभिनव प्रयास में सन् २०१३ में प्रकाशित हुई, आपको भ्रष्टाचाररूपी दशानन का भलिभाँती दर्शन करा देगी, जरा गौर फरमाइएगा –

आजके उच्चप्रतिष्ठित महामानवों द्वारा रचित एक आदर्श आचार
बदलते परिवेश में जीवन स्तर उठाने का एक कारगर औजार
या फिर किसी मजलूम को फँसाने का एक अत्याधुनिक हतियार
पाँच साल तक स्थिर सरकार चलने का एक मजबूत आधार
नेता, अभिनेता, कर्मी या महामण्डलेश्वर सभी का सर्वोत्तम व्यापार
शिक्षकों के लिए एक नयी शिक्षणविधि तो शोधकर्ताओं को एक नवाचार
सुरसाके मुख सा बढ़ता एक नयाँ अवतार जी हाँ ये है भ्रष्टाचार !

भ्रष्टाचार के सन्दर्भ में अपना यह शेर कहना मुझे अनुचित नहीं लगता –

इमानदार है वह जग में
जिसको मौका मिला नहीं ।

भ्रष्टाचार वर्तमान में उत्पन्न होने वाली समस्या नहीं है बल्कि यह रामायण काल से महाभारत काल हरेक युग में अल्प या अधिक मात्रा में मौजूद रहा है । कई दशकों से विश्वमें व्याप्त है । ब्रिटेन द्वारा विश्वके ९० प्रतिशत देशों को अपने अधीन कर लेना इस बातका सबूत है की व्यक्ति अपने हितके लिए देशकी मिट्टीका सौदा कर दिया करते थे । राजा अपना राज्य बचाने के लिए सही गलत में फर्क करना भूल जाते थे । राजा-महाराजाओं द्वारा अपनी सत्ता लोलुपता के लिए निर्दोष प्रजा एवं सेनाको युद्धकी आगमें झोंकना भी भ्रष्टाचार ही कहलाएगा । जैसा कि मैं पहले ही कह चुका हूँ कि आज भ्रष्टाचार सुरसा मख के समान गुणात्मक वृद्धि कर रहा है और जब पाप (भ्रष्टाचार) की अति हो जाती है तो ईश्वरका अवतार होता है, और अंत में पाप का अंत हो ही जाता है । नेपालकी पावन भूमि पर ऐसे ही अवतार का नाम श्री युत भरत जङ्गम हैं, जिन्हें नेपालका अनन्ना हजारे भी कहा जाता है, हालांकि अन्ना हजारे जी तो आज भ्रष्टाचार रूपी दशानन के सामने आत्मसमर्पण कर गुमनामी की जिन्दगी जी रहे हैं । शायद उन्हों ने हार मान ली है । पर नेपालका अन्ना यानी भरत जङ्गम हार मानने वालो में से नहीं है । वह तो आजका राणा प्रताप है, भ्रष्टाचार के समूल नाश किए बिना चैन से नहीं बैठेगा ।

●



दीपक गोस्वामी 'चिराग' भारतको उत्तरप्रदेश बहजोईमा बस्नुहुन्छ । उहाँ भारतीय लेखक तथा भ्रष्टाचारविरोधी अभियन्ता हुनुहुन्छ ।

# अन्तर्राष्ट्रिय जङ्गम सम्मेलनके मुख्यातिथि
## – प्रा. डा. रामनिवास जङ्गम

भारतवर्ष के हरियाणा प्रांत में कुरुक्षेत्र जिलेके पेहोवा कस्बे में 2-3 अप्रैल 2011 को २१ वीं शदीका प्रथम अन्तर्राष्ट्रिय जङ्गम समाज सम्मेलन आयोजित किया गया । यह आयोजन सरस्वती नदीके तट पर स्थित जङ्गम मठ में वीरशैव समाज अफ नर्थ इन्डिया तथा जङ्गम सभा हरियाणाके संयुक्त तत्वावधान में आयोजित किया गया । इस पूरे कार्यक्रमका आयोजन तथा निर्देशन स्वयं मेरे द्वारा किया गया । इस अन्तर्राष्ट्रिय समारोह की अध्यक्षता विजय जङ्गम (पुणे, महाराष्ट्र) द्वारा की गई । इस अवसर पर भारतके विभिन्न प्रांतों जैसे हरियाणा, पञ्जाब, हिमाञ्चल प्रदेश, जम्मू-कश्मीर, राजस्थान, मध्यप्रदेश, महाराष्ट्र, कर्णाटक तथा पड़ोसी देश नेपालके जङ्गम समाजके प्रतिनिधियों ने भाग लिया ।

इस अन्तर्राष्ट्रिय जङ्गम समाज सम्मेलन में नेपाल देशके प्रसिद्ध लेखक, कवि, पत्रकार, हिन्दू कार्यकर्ता व भ्रष्टाचारविरोधी कार्यकर्ता भरतमणि जङ्गम ने मुख्य अतिथिके रूपमें शिरकत की । भरत जङ्गमका भारतमें दिल्ली हवाई अड्डे पहुँचने पर दिल्ली प्रदेश अध्यक्ष सोमवीर जङ्गमके द्वारा औपचारिक स्वागत किया गया । इसके तुरंत बाद भरत जङ्गम को स्वागत काफिले के साथ समारोह स्थल (जङ्गम मठ पेहोवा) पर भव्य स्वागत के साथ लाया गया ।

इस अन्तर्राष्ट्रीय समारोह में सभी प्रांतों के प्रतिनिधियों हरियाणा से श्री केहरसिंह जङ्गम, राजस्थान से दीनदयाल जङ्गम, पञ्जाब से जङ्गम कीड़ा सरपंच, कर्णाटक से प्रकाश धारवाड़, महाराष्ट्र से विजय जङ्गम, दिल्ली से सोमवीर जङ्गम, हिमाचल प्रदेश से बलिराम जङ्गम तथा जम्मू-कश्मीर से आशुतोषकुमार जङ्गम के अतिरिक्त वीरशैव समाज अफ नर्थ इन्डिया के अध्यक्ष शिवचरण जङ्गम व उपाध्यक्ष आचार्य रामकुमार जङ्गम ने विचार व्यक्त किए । इस पूरे कार्यक्रम के आयोजक एवं वीरशैव समाज अफ नर्थ इंडिया के महानिदेशक डा. रामनिवास जङ्गम के द्वारा जङ्गम समाज में राष्ट्रिय एवं अंतर्राष्ट्रिय स्तर पर आपसी संबंधों को बढ़ाने व एकता स्थापित करने बारे विचार व्यक्त किए ।

समारोह में मुख्य अतिथि के रूप में संबोधित करते हुए भरतमणि जङ्गम ने कहा कि "आज दक्षिण भारत के जङ्गम सामाजिक प्रगति के प्रत्येक क्षेत्र में सबसे आगे हैं । लेकिन हरियाणा तथा उत्तर भारत में वास करने वाले जङ्गम समाज की हालत काफी नाजुक है । यदि जङ्गम समाज को अपनी पहचान कायम रखनी है तो सबसे पहले समाज को सङ्गठित कर जागृति पैदा करनी होगी । हमें अपने बच्चों को शिक्षित करने के साथ-साथ सामाजिक कार्यों में बढ़-चढ़कर भाग लेने के लिए प्रेरित करना होगा ।"

समारोह स्थल पर भरत जङ्गम ने जङ्गम समाज की लिङ्ग धारण परंपरा को निभाते हुए प्रताप जङ्गम, अदियाना, पानीपत को लिङ्ग धारण करवाकर गुरु शिष्य परम्परा को बढ़ावा देने के लिए प्रेरित किया ।

समारोह के अंत में भरतमणि जङ्गम की गौरवमयी उपस्थिति में ही जङ्गम सभा हरियाणा का त्रिवर्षीय चुनाव संम्पन्न करवाया गया तथा सर्वसम्मति से शिवचरण जङ्गम को हरियाणा का प्रदेशाध्यक्ष चुना गया । मुख्यातिथि भरतमणि जङ्गम ने नवनिर्वाचित अध्यक्ष का फूलमाला पहनाकर अभिवादन किया और साथ ही यह निर्देश भी दिया कि सरस्वती नदी के तट पर स्थित इस पवित्र जङ्गम मठ का जीर्णोद्धार कार्य श्रीमद्काशी जगद्गुरु डा. चंद्रशेखर शिवाचार्य महास्वामी जी के निर्देशानुसार सम्पन्न करवाएं । भरत जङ्गम की उपस्थिति ने इस समारोह को चार चांद लगा दिए । यह अन्तर्राष्ट्रिय जङ्गम समाज समारोह इतिहास के पन्नों में अपनी अमिट छाप छोड़ गया ।

●



प्रा. डा. रामनिवास जङ्गम राजकीय महिला महाविद्यालय, मडलौड़ा (पानीपत) हरियाणाका उपप्राचार्य हुनुहुन्छ ।

# Bharat Jangam: A name synonymous to anti-corruption
## - Devi Panthi

I am feeling proud to know that Bharat Jangam has uplifted the name of our nation by being recognized as the father of anti-corruption science. His efforts in the development of anti-corruption has established him as the first person to author a book on science of anti-corruption and at the same time made Tribhuvan University the first University in the world to formally establish an academic session on anti-corruption science. His campaign compelled Nepal government to think about burning corruption in government offices and non-government organizations.

Tribhuwan university, the oldest university in Nepal, paid respect to Bharat Jangam by incorporating his anti-corruption science in university as a curriculum. Bharat Jangam is also known for being a social worker, journalist, lawer and writer. His best selling book is 'Kalo Surya' (The Black Sun), which is translated in many languages including Hindi, Maithili, English, Chinese and many others. He has contributed in Nepali anti-corruption movement with many articles, books, pamphlets, posters and books on corruption. He is still active against corruption at the age of 75 too; this is praiseworthy.

Let me recite what we learn from Bharat Jangam about corruption, its main causes and remedies. Corruption is an act which emerges from lust or greed for money. Corruption is prevalent in each and every part of our society and country as a whole. It seems that corruption cannot be stopped or controlled in any way. But we must keep hope, it can only be curtailed if some one feels from within the heart to stop it. There are many methods of corruption, and the most common one is bribery.

Bribery means the tactic that is used for using favours or gifts for personal gain. The other is embezzlement which means withholding assets which can be further used for theft. Usually, there are one or more persons involved who are entrusted with these

assets, and it can also be called a financial fraud. The most important is ‘the Graft’ which means illegal use of a politician’s power for personal gain. This one is most commonly used by Drug lords or Narcotic Barons. Extortion means the claim of any assets, land or property illegally. Favouritism or Nepotism is also in full-fledged flow these days when only the favourite persons or direct relatives of those in power ascend into their potential. So many attemps were being done for stopping corruption, but it do exist everywhere.

As remedies, we can give a better salary to employees which should be equivalent to the amount of work that they put in. Secondly, we can decrease the workload and increase the number of workers. Thirdly, Strict Laws are needed for stopping this and the best way to compete; this is the way of putting guilty criminals to their End. The government can work to keep the inflation levels low in the country so they can work accordingly. Lastly, we are bound to conclude by saying 'Corruption cannot be ceased but it can be minimised.

Let me conclude by dedicating a Ghazal on Bharat Jangam - Ghazal.

Jangam is a great brain of Nepal
He is active running train of Nepal.

As the father of anti-corruption science
He is stopping the brain drain of Nepal.

He hates and exposes such peoples
who really do bribery in grain of Nepal.

He is so neat and clean in his character
He wiped the dirt and stain of Nepal.

Let us join our hands with Bharat Jangam
He has made an anti-corruption chain of Nepal .

●



देवी पन्थी त्रिभुवन विश्वविद्यालयका एसोसिएट प्रोफेसर तथा साहित्यकार हुनुहुन्छ । उहाँ विराटनगरमा बसोवास गर्नुहुन्छ ।

# Bharat Jangam, an Anti-corruption Social Activist in Nepal

## - Prof. Dr. Ghaman Singh Khadka

It is the universal truth that there is the end of each human being's physical body after he/she is born on this earth. In other words, he/she gets born on the earth by natural law and has to die someday by the same law whether he/she wants or not to be so. Nonetheless, the main purpose of his/her life to be born on this planet should be not just to live his life for a certain time, and to pass away. But, everyone's life purpose and existence should be to remain immoral even after the end of the existence of his/her physical body which he/she desperately looks for, indeed. If anyone makes the contributions through his/her, deeds, literature, writings, creations, etc. to the nation and his/her coming generations that can guide them ahead in the right path, it will certainly be an unceasing support to the upcoming human generations and human existence.

In fact, the people get born in this world and die someday, but it is the deeds and creations that they contribute to their society and nation which will never die, rather they live forever. We have seen the most people in the world get born, live and die, but only a few of them are able to keep their human existence alive even after their death. Anyone who works above his/her personal interest or self-interest to make a practical contribution to the development and transformation of society and human civilization can never and ever be forgotten by human society. If the society and the nation he/she belongs to, realizes his/her contribution as a considerable contribution, his/her contributions surely will remain young and eternal, and will be respected and remembered by the upcoming generations forever.

So, what the facts around us say is that anyone who lives a sacrificial life in his all life for the sake of human welfare, progress, and elevation will live for ages. If he/she contributes to the

transformation of society and the nation without selfish heart, he/she will never die.

Bharat Jangam is a great personality who has made some remarkable contributions to our society and the nation by working as a professional publisher, litterateur and journalist in Nepal, who has founded Anti-corruption Movement Nepal. He was born on 10 Marga 2004 B.S. At present, he has been residing at mid-Baneshower, Kathmandu Metropolitan City, the Kathmandu valley.

The conclusion of the concept he came up with throughout his young age, adulthood and the present age enabled him to imagine Nepal as a corruption-free country as his first agenda in his all life. The main aim of Anti-corruption Movement Nepal developed and undertaken by him was to make the Nepalese society a corruption-free society among all the Nepalese youths and the patriotic Nepalese people who love Nepal from the bottom of their heart; and his vision is that the Anti-corruption Movement Nepal which alone can lay the real foundation of modern development, social reformation, morality and justice in the country for the liberation of 3.5 crore (35 million) Nepalese people. What his inner feeling and heart makes us sense that corruption is the great enemy of every single Nepalese citizen; therefore, the Nepalese economy and social transformation can happen in the country only if the corruption is uprooted from the country, which will be eventually resulted in the establishment of ethical society. As a result, it is the goal of his life that there will be overall sustainable development in the country.

The correction made by him through the court by challenging the corruption committed by the government at different time periods as well as the decision of the government that could possibly cause more corruptions and the long-term economic burden on the country is assuredly a long-term positive aspect for the Nepalese society.

Under the Anti-corruption Movement Nepal, he has already conducted several seminars, trainings, etc. as a campaign in various parts of the country so as to educate and make the Nepalese youths, students as well as civil society well-aware of the negative effects of corruption upon them.

In fact, there are a number of mechanisms formed in Nepal to fight the corruption in the country, but truly, these mechanisms alone

cannot make Nepal as a corruption-free country. Therefore, it is essential to convert the corrupt age of Nepal into a good-governing age. In order do that, the determination he had to run anti-corruption studies in Master's degree at university level in the country was about to begin through his all efforts in the Trivuwan University since 2015 A.D. This study has begun as an academic course of corruption prevention and eradication.

It is also found that some universities across the world interested in this field are going to start the study of this course soon.

He has made himself known as a commander in chief of anti-corruption in Nepal. It is not only a challenging task to fight the terribly corrupt Nepalese society and government, but it is also a highly risky task to do so. Yet, he has dared to lay the foundation of corruption-free country for Nepal through his strong determination, envisagement and actions. The imaginer and the strongly determined leader of corruption-free campaign in Nepal, Bharat Jangam, has rapidly spreading the public awareness of corruption across the country and managing to do his research into corruption at the same time. Indeed, we all Nepalese people are immensely responsible for uprooting the corruption for our society and the entire country from our side.

With the strong determination and conviction that corruption can be uprooted only through the aggregate and individual willpower and efforts, the foundation of Anti-corruption Movement Nepal laid by him is crystal clear to the eyes of all Nepalese people. A hard and great fight is extremely required to fight and uproot the deep-rooted corruption from our country Nepal. Truly, there is no doubt at all that his guidance and vision will be the milestone to uproot the corruption from Nepal in the future.

Of course, corruption is the greatest enemy of not only Nepal, but also of every country around the world. So, no one can imagine a prosperous and developed society and country unless the corruption is uprooted from their society and nation. It is the only ethical society that can help us envisage an ideal society through a pure economic revolution.

Finally, we all would like to wish you good health and long-life to a great social activist for corruption-free movement in Nepal

on the occasion of his diamond jubilee. Similarly, we also eagerly expect and look forward to seeing many more great works through his Anti-corruption Movement Nepal in the days to come. The great work that he has begun above his self-interest has made a tremendous contribution to the Nepalese society; therefore, he greatly deserves respects and appreciations from all of us. Sooner or later, our nation has to honor him for what he has done to the Nepalese society and the entire country.

●



प्रा. डा. घमानसिंह खड्का काठमाडौँको बानेश्वर बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख तथा लेखक हुनुहुन्छ ।

# On the auspicious occasion of $75^{th}$ birthday of Bharat Mani Jangam

## - Dr. Guru Giri

I am humbled to write a few words about Bharat Jangam and appreciate the opportunity given to me.

Bharat Jangam that I have known is a multi talented, renowned novelist, journalist, anti-corporation activist. He is also equally involved in politics and hindu religion revival, new discovery and rebuilding of temples and maths in Nepal. His famous discovery was the Doleshor Mahadev which is claimed to be the head portion of the Kedarnath.

Thanks to Bharat Jangam, this discovery has led to the huge development of the surrounding area and the temple has been a popular destination for both Nepalis and hindusdevotees from India. This has led to development of religious tourism locally and internationally.

He is a news maker, many online media have flocked to his home even during the covid-19 to record his opinion on the contemporary national issues. He has been making news in the past too, example when he succeeded overturing the decision to change the priest in Pashupati temple.

I was fascinated when I read his novel Rato Gham, that depicts China historically and culturally. Having spent 14 years in China myself I was amazed how accurately he has painted the picture of China at the time of his writing.

I also wanted to quote from his Wikipedia the following as it appears. I felt this was very unique and interesting.

Bharat Jangam has been involved in anti-corruption movement since 1970 and in 2016 developed and registered the science of anticorruption called Anticorruptology. Anti-corruptology is the science to study the phenomenon of corruption and build evidence based knowledge to fight it.

With his constant lobbying, Tribhuwan University approved the Science and recognized it by making it a course of study in master's degree. With due recognition of his work and contribution to global society with Science of Anti-Corruption and being the first person to do so, he has been conferred with the title of, "Father of Anti-corruption Science."

I wish to congratulate Mr. Bharat Mani Jangam, on the auspicious occasion of his 75th birthday and wish him all the best.

●



डा. गुरु गिरी हाल क्यानडाको टोरन्टोमा बसोवास गर्नुहुन्छ । उहाँ लेखक पनि हुनुहुन्छ ।

# Bharat Jangam:
# An Institution of Anti-corruption
## - Kedar Khadka

Mr. Bharat Jangam is a well-known novelist and anti-corruption crusade in Nepal. His first novel Kaalo Surya (*Black Sun*) gained popularity among readers and translated in several languages from different countries.

Mr. Jangam has contributed in journalism and was an editor of the weekly Nepali Aawaz, contributed to restore democracy. Since more than two decades, he has been contributing in the anti-corruption sector and filed number of public interest litigations at the court which are well reflected in the Nepalese judiciary arena.

Similarly, Mr. Jangam has also promoted anti-corruption discourses through academic institutions and engaged college and university teachers, students andadvocated 'science of anti-corruption' considered as the descent innovation in the field of anti-corruption.

There are different school of thoughts and definition of corruption. There is no uniformity in anti-corruption definition. However, corruption in terms of the 'use of public office for private gain' has been widely used by the anti-corruption activists as well as anti-corruption authors and academician.

In the meantime, Mr. Jangam has also claimed that he has developed 'anti-corruptology' and has been gearing up this mission through Tribhuvan University course in master degree level course. This mission can be considered as a strong recognition of his tireless anticorruption activism in Nepal.

Mr. Jangam deserves special thanks for his great contribution in sensitizing larger audience at a point a time when the nation is struggling for much talked but rarely translated into action, a dream for Nepal, the zero tolerance against corruption.

Thus, we, highly appreciate the effort made by Mr. Jangam for his strong convection and dedication in fighting against corruption and establishment of good governance in Nepal.

Finally, on behalf of GoGo Foundation, we sincerely appreciate his great contribution and wish for his mission ahead.

●



केदार खड्का सञ्चारकर्मी तथा गोगो फाउन्डेसनका संस्थापक अध्यक्ष हुनुहुन्छ ।

# A role model indeed
## - Er. Roshan Manjushree Adhikari

First thing's first. My heartily congratulations to my *thulobuwa* Bharat Jangam for another milestone. I was so delighted to the news that another book on him -'*Kaljayi Byaktitwa Bharat Jangam: Part 2*' was going to get published.

Being very close to my father, Hari Manjushree, I refer to him as *thulobuwa* as far back as I can remember. When I was asked to prepare my thoughts for this book, I was not so sure what I would write. I knew him of course as a close guardian and well wisher of our family but I had not had the chance to dive deep into his other aspects of life. So, when I started reading about *thulobuwa* and his personal and social life, I got to know many things about him that both surprised and inspired me. I was really amazed how a single person can have so much multi-dimensional strengths and knows to handle each of them very well. His achievements and thoughts have truly motivated the inner student inside me and I hope to achieve a fraction of what he has throughout his lifetime.

*Thulobuwa* Bharat Jangam is a family man indeed and is a role model for his family. He has lived a very disciplined life throughout and carries himself as a very easy-going person. He seems to be always in a positive frame of mind. Early to bed and early to rise, he always has known the value of time and duty. With his ever-helping and positive nature, he is not only his family's but guardian to the whole *Jangams*. He always has carried his cool attitude and seems to be always the smartest person in the room.

Keeping himself updated to latest information and knowledge, even at this age, he can give today's youngsters a motivation to never stop the attitude of a lifetime student. He spends most of his time reading literature, research, politics to balance his multi-dimensional personality. The areas that he has contributed towards include journalism, history, science, administration, politics, justice, religion, anti-corruption and much more. Scanning throughout his

contributions towards our society, one can just wonder how can a person, without receiving funds from governmental, non government, foreign and local aid can turn ideas into reality.

Amongst his multiple work and research areas and societal contributions, the aspect that I would like to discuss here is regarding his working on anti-corruption. Though we can really list any of his works in any fields, I think the most important aspect to talk about him that also has inspired me the most is his work in anticorruption movement.

The word 'corruption' has many definitions and covers a wide area of societal and personal misdemeanors. However, the topic of anti-corruption movement we cover whenever we talk about him concerns itself with public corruption. The anti-corruption official website defines corrupt people as *civil servants or elected representatives of the people who distort the institutions in order to take illegal advantage, for themselves or their relatives*.

Not only Nepal, but many countries of the world face corruption as their biggest hurdle towards their development. According to World bank, each year over US$ 1 trillion is paid in bribes worldwide. The data also explicitly speaks about corruption allowing organized crime and terrorism to flourish, causing reduced investment and much more. The battle against corruption is of course not easy to deploy and requires and multi-faceted strategies bringing together all players including government and non government institutions, educational sectors, private sectors, the media and most importantly the common people.

Let's talk about how *Sanatan Dharma* has always been teaching about corruption. According to our scriptures, one becomes corrupt when he/she cannot control over his senses and becomes their slave. *Bhagvad Gita* has also been teaching us to always have control over our senses via our mind and intellect. When lust arises that cannot be fulfilled, there is always a path that ultimately leads to corruption. The temptation of power and desire is such that it drives down even the most intellect and clever ones to the dark path. Many such guidelines of universal human values can be seen all over Hindu scriptures.

Moreover, *Chanakya Niti* also discusses that lack of knowledge and skills, laziness, gluttony, over-indulgence, lustiness, anger, fear, greed, and misuse of knowledge, power and designation are the sources of corruption in the government employees.

Despite all these teachings by our culture and religion and the knowledge being passed over and over for generations, corruption has not stopped but seems to be increasing every passing year. Whom to blame for this? The government? The media? The common people? The changing time?

The truth is we cannot pinpoint simply one of these things as the main culprit. One of the reasons for the increase in this corruption could be the importance people have given over these years towards money and materialistic things. The more the world is going superficial and materialistic, the more the chance of increasing corruption. Nepali people of modern times despite blessed with such great source of knowledge, keep forgetting their main duty and what's important in life and seem to be focused on only what they can see around and assume that that's life. Our *dharma* has always focused on how one really needs to seek deep inside oneself to really achieve the true meaning of life.

The question may arise that despite all these canisters of knowledge we have been provided with, is the introduction of a new science in the form of anticorruptology necessary? Of course. The necessity of the anticorruptology science is absolute in the modern times. Many nations in the world face corruption as their main barrier towards development. Talking with regards to the context of Nepal, corruption rank has increased to 117 in 2020 from 113 in 2019. This corruption spike shows an urgence towards a potential solution and anticorruptology just might be it. Education being a base for any successful society, inclusion of anticorruptology in academics and research, booklets and course study can be a major step towards our fight towards corruption. As people tend to keep forgetting their true values and norms, a new science will definitely help them to guide about corruption and how it is possible to lead a corruption free life.

The social problem of corruption rots not only the financial sector but each and every sector of the society if not controlled.

Corruption acts a a hindrance to human and society's spirit and can act as a main source of downfall of oneself. Anticorruption is not just about pulling down people involved in corruption but also about establishing virtuous behavior in the society for corruption to not occur in the first place. Although now a relatively new concept in world academics, one cannot deny the relevance and importance of this science especially in the modern times.

*Thulobuwa Bharat Jangam*, the common Nepali man having multi-faceted vision and leadership quality has been involved in anti-corruption since 2043 BS. His contribution in the field of anti-corruption could certainly go down in the history of Nepal as a paramount step. He is not merely a writer but a great icon and leader in anticorruption journey of Nepal. His activities and initiatives regarding anticorruption in Nepal will surely act as a guideline for the next generation. His books like '*Kaalo Surya' (The Black Sun),* '*Rato Gham'* (*The Red Sun*), *'Bharastachar : Baichark Aandolan*' book also are worth mentioning here. The mere concept of Anticorruptology being established as a science itself and is now being taught to students in universities says a lot about what vision, hard work combined with perseverance can bring.

His journey towards anticorruption started as a journalist and a writer. He exposed several corruption cases in his writing and journalism career through media and books and continued doing so afterwards. His experience in the administrative sector also helped him a lot. Lack of any anticorruption activity and strategy in the country was leading the country to a strange void and he foresaw where this was going to lead.

The establishment of ‘Forum for Independent Thinking’ happened. Gradually, people who would understand his vision and mission increased in number. He pioneered the anticorruption activism and movement to a new height through his writings, speeches, websites and advocacy. Throughout the journey, many adversaries and obstacles came but his perseverance has and will always prevail. Some of the achievements worth mentioning here are: fighting against the decision made by the government regarding pension provision to the members of parliament and constituency development fund. Also, he has brought into light the issues of white paper of Dhamija Scam, RNAC Scam, reports of bid-bond cam in

several banks, report of parliamentary committee to investigate revenue leakage and so on. His work and ideas have inspired many students to work and research in the field of anticorruption trying to bring down the corruption status of Nepal. Let’s just hope that through them the movement will continue. Country's war against corruption will continue and we surely can help this cause to move forward by bringing forward the best version of ourselves for our own beloved nation, Nepal.

●



इ. रोशन मञ्जुश्री अधिकारी सफ्टवेयर इन्जिनियर तथा लेखक हुनुहुन्छ । उहाँ काभ्रेपलान्चोकको बनेपामा बसोवास गर्नुहुन्छ ।

# A Man With A Purpose
## - Roshan Thapa

There are very few people in the world with multiskilling ability. What if I introduce a person who was a successful entrepreneur in 80s and 90s, a well-known writer of different genres, a political analyst and a politician social worker, a certified practicing lawyer, Hindu Religion, culture and heritage preserve activist, and the list goes on. Above all, he is the founder and creator of "Science of Anticorruption" which has been accepted as Degree Program by Tribhuvan University of Nepal.

He is none other than Mr. Bharat Jangam.

I have seen him while I was growing. A person which impresses me much. During my school days, I have seen him as a very successful business person. He had a large scale garment industry in the 80s and 90s exporting high class garment apparels all over Europe and USA. We remember visiting his corporate office Pako New Road, and I was offered tea and snacks. I was just a school kid and Iwas respected and attended. I used to have lots of queries regarding his business and he never hesitated to explain even for school kids like us during the early 90s. I was impressed by entrepreneurship and scale of success he achieved during those periods. A very quiet and realistic person, who spoke and stood by what he achieved. A hard worker, who scaled to heights and even helped his relatives and family members to share success by involving them in his line of business.

Please allow me to brief about a situation that I encountered him in Manhattan, New York, during the peaks of his business career. He had business suite in the prime location at Manhattan. New York. As I was studying In Sydney, Australia, I decided to make a holiday trip to USA from Sydney, Australia. My first destination was New York. My late brother, Joshan Thapa, was also a resident of USA and he was my tour guide. That was 1999. I remember having a nice lunch at his Office in Manhattan and his son

Anup was also there, who was assisting his Dad as sales and marketing. All the samples of apparels were procured accordingly to different locations around USA. During my encounter in New York with Jangam, I could notice every bit of hard work to details regarding various aspect of sales and marketing and procurement. He used to work nearly 16 hours every day. What impressed me most was his teenage son, Anup working and helping his Dad at that age, where he was barely a teenager. Henceforth, every bit of effort is still reflected with the kind of portfolios Anup Jangam is currently involved in Nepal. Rolling Plans is one of the most successful Information Integrated HR Enterprise in Nepal right now.

After a brief orientation day of his business activities in USA, we all headed for a great road trip to East Coast of USA up to Nigeria Falls, Cananda.

If I start discussing Jangam, I can end up writing an encyclopedia on him. Most of the information regarding his profiles are all available online, so there is no point repeating information again and again.

As successful business person he was, so was he a world class writer as well. I remember his first book published was Kalo Surya, which took the world by storm in the field of literary during those days. So success was this particular book that it was translated into several languages. Few of his works that I can remember are Red Sun, Biuha Chakra, Pachas Prasang, Nepali Congress Ko Samanya Gyan, Bichar ra Dristikond, Bharatendu and the list still goes on. The most striking feature about him was his ability to multiskill. He was writing during his peak business ventures unlike others who are just basic writers. His ability manage time and research on his subject area makes outstanding person. I remember taking few of his English Translated books to Australia, where I completed my Bachelor's Degree on Tourism and MBA in Information System. I remember sharing his published books to my professors and they were just amazed by his ability to express the current context of Nepal in the form of Novels. So, every time I went to Australia, I remember carrying his books to Australia.

Moreover, when I think of Jangam, he weaves his success on several arenas, without a failure. There is a zeal of expression and

knowledge on whether he writes or speaks. There are sparks of clarity that come out of him with notions of abundance of research he does on what he speaks is just spontaneous response as he speaks is just remarkable. He has travelled extensively all around the world in his entire career and there is so much to learn from his travels which he expresses in his work.

In recent times, I see him as “One of the best Political Analyst "of Nepal as a freelancer. His insights and expression of current affairs in several fields is like watching a great movie that one would want to watch more. He speaks with evidence as references and pin points issues. His interviews with several genres of journalists is just a breeze to watch and there are lot of inspirations one can draw. Don’t believe me, just type Bharat Jangam Interviews on You Tube and watch them.

Out of his several works, the most inspiring one is the amount of research he did from the scratch to bring back the lost glories of Doleshwor Mahadev. He successfully proved that Doleshwor Mahadev linkage with Kedarnath Temple In India. This is accepted and proven. Henceforth, Doleshwor Mahadev is the head part of Kedarnath Temple in India. This achievement of Uncle Bharat is dictated on his endurance and passion to recall the glory of lost heritage and religious significance of Doleshwor Temple and what it Personifies to Hinduism. He has also contributed in extensive renovation of Doleshwor Temple. As of now, Doleshwor Temple located in Bhaktapur is a major religious pilgrimage site.

As good as a person is for society, so does he dictate his kindness for his family. He is a mentor here. His upbringing and his counseling have helped all his relatives to scale heights in the field of business. His son Anup Jangam, is a successful entrepreneur in the line of innovating business information technology all due to his blessings and counselling. His daughter in law, Nisha Jangam, often speaks about his greatness in dealing with issues and she has learnt a lot from him. His daughter Rakshya Jangam, is another successful person who now lives in Dallas, USA. Like they, success of good husband is dictated by the support of good wife, I cannot think of better person than his wife, Mrs. Indira Jangam. His success story is all shouldered upon by continuous support from her.

Above all, when I think of Jangam, I think of him as Anticorruption Activist as well. His years of research and studies in this field, has taken the studies of corruption all together from different perspective re- defining this subject area as “Science” and not social ethos. He has presented so many presentations, papers and articles in this arena. He is a innovator in the studies of Corruption in Nepal. His field campaigns are always amazing. His innovation spills over with Conceptual Thought Process in the field of Corruption studies to such heights that he has founded “Forum for Independent Thinking”. This was a National Campaign in all districts of Nepal.

He has innovated an Academic Course, “Science of Anticorruption” which is a part of Academic Faculty in Tribhuvan University of Nepal. This course is now offered as curriculum.

It's very hard to summarize the success story Bharat Jangam in few words like I said earlier. It’s a great pleasure that Jangam has given me this opportunity to say few words on his upcoming biography on the occasion of his Diamond Jubilee. On behalf of my entire family member, we wish for the continuous success of his endeavour.

●



रोशन थापा हाल अमेरिकामा बसोवास गर्नुहुन्छ ।

# A symbol of Karnataka Veerashiva heritage - Bharat Jangam in Nepal

## - Shobha HG

Jangamamath in Nepal, the Origin of Karnataka - Domestic Families of The Jangam family, who moved from Karnataka to Nepal as special guest of the King years ago, are still living in the tradition of pure heroism. Bharat Mani Jangam, the present patriarch of the Jangamath in Bhaktapur near Kathmandu, is one of the noted lawyers and writers, historian, cultural expert, jurist, proponent of the anti-corruption movement, and the instigator of neo-science anticorruptology.

Nepal is a country in South Asia. Located in the foothills of the Himalayas, Nepal is surrounded by lands. Tibet in the North and India in all other directions , Nepal is a pure Hindu religion Nation, where Karnataka's Veerashaiva proudly originated Jangamamath at Bhaktapur. The present Jangama Math in Nepal is said to have been a royal residence with King Nanadeva of Karnataka in the 7th century. Those who were princely until the 7th century, later changed. Today there are more than 100 families of Jangams in Nepal. The Jangams wears both linga and janivara. There are many temples inside the premise of Jangamamath where priests are appointed and conducted from the Jangama Monastery.

The Well-Known Kannada researcher, Late Dr. C. Chidanandamoorthy, who informed me about the Jangamathmath in Nepal said, "When they knew that I was going to Nepal in May 2012, he gave me the information but not the address, however it was so prominent that we could find it ourselves. Dr. Moorthy continued, “Kannada Priest Rawal Ganesh Bhat, the priest of Pashupatinath temple on whose place we had stayed for 8 days informed us about Jangamamath and then I went to Bhaktapur with my friend Mangalamba. It was unprecedented to be welcomed in the Nepali language by the Mathathish Rama Mani Jangam, the eldest son of the Jangam family. Then they treated us like their family for a long time. Heroism is a weighty spirituality, more than confidence. They treated

us like close relatives of theirs. Inside, there are old fossilized rock fossils and we could see the stone stupa, the smallest huts. The view of the Jangama Monastery, as it looks, reminds me of the glory of the past, a five-century-old building, the stairway of the wooden staircase, the images of the heroic religion, and the photos of previous generations. There were small rooms, the tomb of the king's son in the inner chamber, the little huts, the shrine of the Kannada inscription on the inside of the shrine of Sri Channawira Devi".

"The once magnificent monastery is in full ruin today. The history of the monastery was unfolded before us by Rama Mani Jangam. All his statements were recorded by our camera man. We got a phone from Bharat Jangam the next day with a cameraman on the local channel to make a documentary.

Bharat Jangam has made a numerous contribution to keep the relationship of Nepal and Karnataka. He has written the book The Black Sun, a novel written against corruption. It has been translated into Kannada. We remember Anna Hazare, who was then running the movement, sitting in an open jeep and going from village to village and campaigning against corruption. Bharat Mani Jangam is also not less than him and he is not only an advocate, but also a writer, a good orator, and a leader of the Nepal Hindu Volunteer Association. Jangammath has established the Pattanam and conducted many service activities. In the Jangam family in Nepal, pure Nepali is spoken. But they have always wanted to build that strong connection with Karnataka.

Jangamamath, in the reminder of fate, fell in a powerful earthquake in Nepal in April, 2015. The Jangamamath in Nepal is mostly in damaged state today. However the tradition of Jangams of Nepal still continues and are going strong. To rebuild a collapsed monastery, all must restore its glory. On behalf of Hindu culture, Bharat Jangam has set his footsteps at different points in time. He was in constant touch after a powerful earthquake in Nepal fell throughout Nepal. I was on a tour of the Kedar-Badar field in Uttarakhand. After its rebuilding, many of Karnataka's dignitaries and pontiffs talked about it. I was told every day to talk to everyone about it, even though many people were raising money. However, the original root was Karnataka, so they were hoping that they could help. Shri Bharat Jangam came to Bangalore with his wife in

November 2018. I met many people, visited the pontiff, and at the same time, I made a documentary about their hometown, a show for them, and showed it to all. A memorable event for them. I address him as kaku, as I have huge respect for him. May Baba Sri Kedarnath bestow all his blessings to Sri Bharat Jangamto get a healthy and prosperous life ahead.

●



शोभा एचजी भारतको बङ्गलोर कर्णाटकमा बसोवास गर्नुहुन्छ । उहाँ Sthree Jagruthi नामक मासिक पत्रिका सम्पादन गर्नुहुन्छ ।

# A Great Visionary

## - Dr. C. Somasekhara

Sri Bharath Jangam is a great visionary who is known for his commitment for social causes & he is basically a great campaigner of anti-corruption movement in Nepal. He is a great historian & he is an author of many books of great literary value. He was born in the year 1947 & his friends & admirers are celebrating 75th birth year in a very meaningfull way. He has served the society in various capacity for last 4 decades & he is a very popular person in the entire Nepal country. He started his carrier as a journalist & he is still very active in the field of journalism. He has contributed very valuable articles to various Nepalese dailies and various journals and also has worked as an Editor & Publisher of a weekly newspaper “Nepali Aawaj”. He is respected as a very Senior journalist of a great repute. He is a great novelist also & his popular novel ‘The Black Sun’ has gained universal recognition.

The book has been translated into several languages like English, Hindi, Urdu, Kannada, Japanese & Chinese etc., He is also an author of an anthology of short stories namely Nirbandha Bandhan. His various articles on anti-corruption movement have been published in various National & International journals & newspapers. He is basically known as great social activist & contributed a lot for promotion of education by awarding scholarship to hundreds of needy students. His role against the Government interference in the worship customs at Pashupathinath temple is historical. His efforts in stopping Government attempt to capture and control the treasure that belongs to the trust of Pahupathinath temple is highly appreciated by all the religious heads of the Nepal country. He has also succeeded in abandoning the Christian burial site near Pashupathinath temple area. His contribution in renovating temples & monasteries are remarkable. His contribution in preserving greenary & natural resources, protecting religious shrines in and outside Katmandu valley is commendable. He is a great fighter for public causes. He is known for his commitment to public welfare &

has contributed a lot for the development of religious shrines in Nepal. He has played a very vital role in reconstructing many temples which were destroyed partially are fully during the time of heavy floods in this area.

During his diamond jubilee celebrations a book “Immortal personality Bharath Jangam” was published & dedicated to him. He is a pioneer of anti- corruption campaign & his book ‘Anti-corruptology’ is recognized globally & has been accepted as a academic discipline in various universities.

When I was the working President of Akhila Bharateeya Sharana Sahitya Parishad Sri. Bharath Jangam has visited the office of Sharana Sahitya Parishad & delivered a very informative talk on challenges posed to Hindu temples during the time of big floods, which has devasted many temples in Nepal. He is an excellent speaker on any subject on the earth. He has been very helpful to all those who are Indians and particularly Kannadigas in all the legal issues. His contact with Senior bureaucrats in various departments in Nepal is most admirable. He has a lot of faith in the philosophy of various global philosophers. Sri Aravinda Maharshi says that “ The only work that spiritually purifies is that which is done without personal motives without desire for fame of public recognition of world greatness, without insistence of one’s own mental motives or vital lusts and demands or physical preferences, without vanity for the sake of the divine alone and at the command of the divine”.

Sri Bharath Jangamji’s personality is the reflection of the above message of Aravinda Maharshi. Sri Bharathji has no desire for fame. He never went after public recognition & awards. He has done all his service to please only the Devine. He is a strong believer of the message of Mahatma Gandhiji that is “The best way to find yourself is to loose yourself in service of others”.

Sri Bharath Jangamji though is 75 he is still very active & dynamic in the field of Social Service. Swami Vivekananda says that: “ Take up one Idea. Make that an idea of your life. Think of it. Dream of it. Leave on that idea. Let the brain, mussels, nerves every part of your body be full of that idea and just leave every other idea alone this is the way to success”. Sri Bharath Jangamji has followed this message of swami Vivekananda throughout his life. He has

never compromised with the ethical values that he has strongly believed.

I am very much inspired by his multifaceted personality. I thank Kumari Shobha, a veteran lady promoting the welfare of women folk in Karnataka in various capacity. We find in him a great Philosopher a Social Reformer, a great Nationalist, an Historian & Cultural specialist. On the occasion of his ,75th year celebration,I wish him all the best and I pray the Almighty to give him good health and peace of mind. I wish a very long happy and prosperous life.

●



डा. सी सोमशेखर भारतको कर्णाटक बोर्डर एरिया डेभलपमेन्ट अथोरिटीका अध्यक्ष तथा लेखक हुनुहुन्छ ।

# A Crusader for Protecting the Nepalese Civilization

## - Dr. Surendra Bhandari

### 1. A Brief Introduction

Mr. Jangam's an avant-garde with several personalities in the Nepalese society for his sublime influences in fighting corruption, building system, making opinions in driving society to a positive direction, authoring time honored literature, freelancing journalism and lawyering before the court for justice. He has persistently exposed and fought against corrupt system both during the panchayati autocratic regime and during the democratic regime after 1990, which has turned more corrupt than the panchayati regime.

His extraordinary literary works — Black Sun and Red Sun — have confidently uncovered how the corrupt rulers were exploiting the common people and dismantling the public expectation for good governance. His fight against corruption took a major turn when he brought public interest litigation (PIL) before the Supreme Court of Nepal and contributed in establishing landmark jurisprudence in controlling corruption. As a result, he has been recognized as a proponent of the 'science of anti-corruption' course at the university level recognized by Tribhuvan University.

Despite his immense contribution in the arena of anti-corruption movement in the country, this paper is limited to exploring his personality in protecting and promoting the Nepalese civilization, especially the Sanatan Dharma and the Guthi system. Specifically, this paper explores his personality and analyzes his contribution in reference to a case he brought before the Supreme Court of Nepal, i.e., Bharatmani Jangam v. the Prime Minister.[1] This case offers two important issues: first, the concept of secularism and the Constitution; second, the importance of Pashupathinath and its protection.

---

1. See Nepal Kanoon Patrika (NKP) 2073 DN 9733 Issue 12.

## 2. Secularism

Mr. Jangam's case established that when an act of government or a public body hurts to the faith and sentiment of a religious community, e.g., the Sanatan Hindu religious community, the Court recognizes such issue as a public interest litigation. Against the background of the Interim Constitution of Nepal that had declared Nepal as a Secular State,[2] Mr. Jangam had raised an important issue that whether a secular state retains power to regulate religious activities such as a method of worshipping, conducting religious rites and ceremonies, modality of offerings cash and chattels to the Lord Pashupatinath and management of the temple and its property. The Supreme Court underscored that '…since the Interim Constitution and the Constitution of Nepal have declared Nepal as a Secular Country, it required to analyze the conceptual aspects of a Secular Country…'. The Supreme Court laid down that, 'In fact, the meaning of a secular State does not imply that a State is composed of religious sects; instead, individuals are free to pursue, practice and protect a religion of their faith and the same is safeguarded by the Constitution and law.'[3]

This proposition seems, prima facie, impressive but lacks consistency to another decision of the Supreme Court, which states that '…where more than 80 percent people are Hindus and the culture and civilization is connected with Sanatan Hindu Dharma and life styles, a State cannot be indifferent in protecting such religion and culture."[4]

Mr. Jangam was raising the very important issue that Nepal in her whole history was never a secular State and had always played an important role in respecting Sanatan Dharma. Sanatan Dharma is not a religion but the culture and civilization of Nepal to which Nepal and the Nepalese society cannot be separated. Thus, when the State departs from its historical lineage it happens to sabotage its own civilization.

---

2. See Article 4(1) of the Interim Constitution of Nepal, 2007, which provides that 'Nepal is an independent, indivisible, sovereign, secular, inclusive and a completely democratic country.'
3. See Supra note 1, para. 5.
4. See Advocate Tulsi Simkhada v. Government of Nepal, NKP 2074, DN 9849, Issue 7.

If fact, the Nepalese society is composed of Hindus, Buddhas, Kirats, Jains, Prakriti Pujaks and other indigenous Dharmas with the awareness of Samkhya, Vedanta, Buddhism, Nyaya and Yoga philosophies. When this fact is ignored, truth is denied and the formation of Nepalese society will be repudiated. Consequently, our own identity will be misplaced. The Samkhya philosophy5 underscores that our existence is not merely physical but also composed of a conscious thought process. Dharma is the conscious thought process in shaping life styles, which reflects the Nepalese civilization. Any disavowal of this thought process contradicts to the way of life of the community without which the existence of the Nepalese State is improbable. Thus, the Supreme Court decision has erringly departed away from the truth by pledging to the faulty proposition.

Further the Supreme Court stated the meaning of secularism that, 'a State does not discriminate citizens on the grounds of religious faith. However, our constitutional apparatus does not invoke a separation between Dharma and governance; instead, the State has followed the principle of religious harmony, coordination and empathy to all religions. The State has not only given a duty to control and punish any act carried out in name of religious freedom that defies public health, challenges public etiquette or morality or dismantles public peaceor converses religion of any person but also a responsibility to standardize the regulation and protection of a religious site or a religious guthi. Therefore, it cannot be said that a secular State should be undiscerning to religious matters.'[6]

Though the Supreme Court adopted a quite subjective approach in defining secularism itlaid down a very stimulating principle that a secular state holds interest in managing and regulating religion. But, at the same time the Supreme Court also remarked that the writ petitioner had not entered the court with a clear concept of secularism. Moreover, the Supreme Court in name of clarifying the concept of secularism ventured intoit without any

---

5. See B. D. Basu (ed.), The Sacred Books of the Hindus: Samkhya Philosophy, Vol. XI, (The Panini Office, Allababad, 1915); see also Gerald James Larson, Classical Samkhya: An Interpretation of its History and Meaning (Jainendra Press, New Delhi, 1969).
6. See Supra note 1, para. 5.

reference to and analysis of authorities. Subjectivity though impressive lacks credibility.

Experts observe that secularism '…is not as well known a concept as capitalism or democracy or liberalism.'[7] In fact, the term 'secularism' first coined by Jacob Holyoake uses it to reject received wisdom and authoritarian politics and instead to examine all claims in the light of reason and science and with an eye to human progress.'[8] The concept of secularism explained by the Supreme Court of Nepal goes awry to the idea of Holyoake. Thus, instead of clarifying the concept of secularism the Supreme Court got mired into conceptual misperception.

In fact, secularism as a disconnect between State and religion is an idea of the western origin. Orientalism does not disconnect the relationship between religion and State. Yet, it makes a finest balance, i.e., harmony, respect, tolerance andnon-discrimination. Thus, the following principles laid down by the Supreme Court provide a seminal framework of orientalism, though, without discussing and analyzing the principles of orientalism.

- A State does not discriminate among citizens based on religious faith.
- A State has a duty to control and punish any act carried out in name of religious freedom that defies public health, challenges public etiquette or morality or dismantles public peace or converses religion of any person.
- It is a duty of a State to end corruption and mismanagement carried out in the name of religion.
- A State has a responsibility to standardize the regulation and protection of a religious site or a religious guthi.

Conversely, the Supreme Court without any analysis and evidence recognized Christian Guthis in Nepal. To the disappointment of Mr. Jangam, this pronouncement of the Supreme Court may disrupt the whole concept of Guthis. Mr. Jangam, one of the pioneers in protecting Guthishas contributed in protecting Guthis,

---

7. See Andrew Copson, Secularism: A Very Short Introduction, at 36 (Oxford University Press, 2019).
8. Ibid.

including his leading role in the last Guthi movement in Nepal. The concept of 'trust' under the common law and the concept of 'Guthi' under the Nepalese legal system have some cross cutting ranges but are not the same concepts. Mr. Jangam was trying to establish this fact but the Supreme Court missed the opportunity to analyze the similarities and distinctions between these concepts. Instead, it jumped on to an erroneous idea of Christian Guthi in Nepal.

### 3. Pashupatinath

The Supreme Court has dealt a number of cases in regard to the protection and management of Pashupatinath. The impugned Rule, i.e., Shree Pashupati Development Fund (Temple Rituals Management) Rules, 2068 B.S. was formed after the Supreme Court order for the formation of a powerful expert body composed of experts, academia, professors, lawyers, planners and Mul Bhatta, Bhandari, Biset and Rairakamion Sanatan Vaidik Hindu Dharma, Veds, Purans and Dharmashastras. The Body was formed under the chairmanship of former justice of the Supreme Court Shree Kedarnath Acharya and had submitted a provisional report. The process of the formation of a Commission or an Expert Body in PIL is a path setting mechanism, which was exercised on the issue of Pashupatinath as well.

The Rules had provided provisions on managing the offerings, gifts and donation both in cash and kind to Shree Pashupatinath and temples in the Pashupatinath periphery by opening a separate bank account and depositing such cash on the account. The Rules also provided to register the gifts, donation or offerings in kind so that it wouldn’t be misused or mismanaged. The Court assumed that such gifts, donations and offerings should be managed in a transparent way and controlling corruption or mismanagement by the rules is needed for the good cause. The Supreme Court ruled that building a system through legal mechanism in controlling misuse of the property of Pashupatinath and managing the property in a transparent way cannot be labelledas the unwanted intervention by the State. Such legal intervention also cannot be termed as the act of State in contravention to secularism. However, a secular state should not give special priority, facility and preference to any particular religion or religious community. Moreover, the Court rightly pointed out the

duty of a State to end corruption and mismanagement carried out in name of religion.

## 4. Conclusion

Mr. Jangam's efforts in protecting and preserving Lord Pashupatinath testifies his contribution to the protection and preservation of the Nepalese civilization. Lord Pashupatinath is one of the most revered and sacred places of Hindus. Despite many legends portraying the origin of Lord Pashupatinath, the origin of Lord Pashupatinath is unknown and indefinite. In a nutshell, Lord Pashupatinath symbolizes the Nepalese civilization along with Buddhist civilization and other faith systems. Mr. Jangam has established his multi-dimensional personality as one of the prominent figures in protecting and promoting the Nepalese civilization.

I feel proud to have this opportunity to write in brief about Mr. Jangam's contribution from a small vantage point of a case he brought before the Supreme Court of Nepal. He has filed and defended dozens of cases before the Supreme Court of Nepal against corruption, for system building and protecting Sanatan Dharma. I am hopeful that his judicial voyage will be honored and analyzed for the benefit of future generations. Despite his age (74 years), I have always found him a very active, bold and inspiring.

On many occasions, I have learned profusely from Mr. Jangam. His support to our anti-corruption movement and political transformation in the country is highly appreciable. I wish Mr. Jangam a splendid accomplishment in the future as well.

●



डा. सुरेन्द्र भण्डारी कानुनविद् तथा सामाजिक अभियन्ता हुनुहुन्छ ।

# Kappu Soorya
## - T. S. Dakshinamurthy

One day when I was on the way to kanakapura to attend `Lion’s Club’ programme I received a phone call from my friend. He congratulated me and said `Sir, kindly look in to to-day’s Vijaya Karnataka. Sunday special issue’. (Vijaya Karnataka is a leading Kananada daily News paper in karnataka).

`O.K. I will look in to it. But right now I am on the way to kanakapura to attend a programme. Any way you have seen the paper, what is so special in it. please tell me sir ’, I requested him.

`Sir, they have carried one chapter from `Kappu soorya’ which you have translated from english in the literary section of to day’s paper. And there is also an appreciation of your work.’ He said.

This is really a good news for me. I was very glad when I heard this news from Dr. R. Lakshiminarayana who supported me and guided me in translating this book. He is a Retd. Joint Director of collegiate Education,Govt of Karnatakaand professor and a Scholar In kannada.

Kalo Surya (`THE BLACK SUN’) is the First novel by Bharath Jangam published in 1979. It was first written in Nepali and then was translated into English, Hindi, Japanese and other languages of the world. I had an opportunity to translate this novel to kannada. First kannada version KAPPU SOORYA was published in the year 2009 by Chiranthana Prakashna Bengaluru. And then it was again reprinted by KUVEMPU BHASHA BHARATI PRADHIKARA in the year 2013. Govt of Karnataka Bengaluru.

Accidentally I took this translation work. And That was when I went to meet Dr. M. chidanandamurthy to invite him for a Programme of kannada and culture Department. It seems that he had just come from the tour of Katmandu, Nepal. He explained about Hindus and Hindu temples of Nepal. He told me, “As you are a person from culture department, please visit once pashupathinatha temple of Katmandu.” Then he gave me this book, and spoke much

about Bharath Jangam and asked me to translate that to kannada. Chidanandamurthy got me the permission to translate and publish this book from BharthJangam.

When Dr. M. Chidanandamurthy visited Nepal It appears that Bharth Jangam had become very close to him. I agreed to translate. But I was unable to complete the translation due to various reasons. I took nearly two years to complete these 160 pages. I translated from English version (Translated from Nepali to English by Saroj kumar Shakya). It was a thrilling experience to read and translate this book. This book narrates the unlawful activities of government and other agencies and also about the corrupt public system. It also tells about the black marketing, exploitation of the poor and also about the rampant illegal exporting of valuable antic idols to foreign countries. It describes how much the Life of a common man was horrible.

B. P. Koirala in his letter to the writer has rightly said that, "This novel is about the present day decline of values in every aspect of our national life. For a sensitive Nepalese citizen such a corrupt situation has become a cause of great agony. In your (Bharth Jagam) writing you have exposed such corrupt system, which is an admirable attempt. In daily life common people have to undergo great suffering resulting from this state of affairs."

I. K. Sharma in his Introduction to this book (page 13. The Black Sun) says, "In essence The Black Sun is an authentic microcosm of the contemporary Nepal. It has the silent thunder of a warrior, controlled rage of apriest, and the internal restrictions of an artist."

Dr. M. Chidananda murthy wanted me to arrange for a Book release function and Invite Bharathjangam to release this Book. But some how it did not materialize.

One day H. G. Shoba. Editor, STHREE JAGRUTHI (WOMAN Monthly Magazine) informed me that Bhart Jangam is coming to Bengaluru with his wife for a short stay. During his stay in Karnataka he will be visiting Mysore and suthuru Math. He will be in karanataka for a week. His accommodation is arranged in Shivaratreswara guest house, Jayanagara. During his stay in Bengaluru he will be meeting Dr. Chidanandamurthy, Go. ru. Cha.

and others. Particularly He wanted to meet you and he wants some more Books of `KAPPU SOORYA'.

It was a surprising news for me andI wasvery happy to meet him. As soon as he arrived at J. S. S. Institution I met him. We had our lunch in a hotel, then Straight away went to meet Dr. M. Chidanandamurthy. Dr. Chidanandamurthy and his wife gave him warm welcome. We had Tea. After that he Felicitated Jangam and his wife with Mysoru peta (Mysore turban) and Big Mallige haara (Jasmine garland ).

Mr. and Mrs. Jangam visited my house. I felicitated him and his wife. I gave him ten Books of `KAPPU SOORYA'. Our next vist was to Go. Ru. Cha. in Raja Rajeswari Nagar. We were there for nearly an hour. Then I droped them in JSS Guest House.

AKHILA BHARATA SHARANA SAHITHYA PARISHT on 22. 12. 2015 arranged a guest Lecture By Jangam. The subject was `NEPALA SAMSKRUTHIGE JANGAMA SAMUDAYADA KODUGE' (contribution to Nepaliesculture by Jangama community) Dr. M. Chidananadmurthy. Go. ru. cha. H. G. Shoba and others were on the stage. Bhart Jangam gave a beautiful lecture. He narrated the recent floods and it's effect. Nepal was a Hindu Nation. Now Hindus are becoming minorities. The Pashupathinath Temple is damaged by recent floods. Karnataka and Nepal are culturally very close. I in my speech appealed to the Government of Karnataka to donate towards the repair of the temple and towards the loss and so on. The function was concluded by the Presidential address By Dr. M. Chidanandamurthy.

I was asked to talk about the novel and the translation work. In my speech I cited one incident in which How an engineer, supervisor, contractor and a politician looted money without building a suspended bridge in a remote area in western Nepal. Every thing was done only on paper. Neither the Engineer nor supervisor visited the spot. The people's representative did some shuttling by plane to and fro from that district and Kathmandu. From the day of agreement of the contract for building the bridge till the sweeping away of the bridge by the flood of theriver, all legal documents had been perfectly prepared ready to be examined by any one concerned

leaving no space for any suspicion. So nobody could do any thing legally.

In the beginning they made an announcement in Radio Nepal that a Suspended Bridge will be constructed. After some time they said bridge had been completed and was ready for use by the people. Afterwards, the news paper of Kathmandu Published a news item about the bridge that the bridge was swept away by the swollen river. (ref: Kappu soorya, page 141)

When I finished my talk every one was laughing. And some one in the audience was murmuring. This is what is happening in BBMP (Bruhath Bengaluru Mahanagarapalika). With out doing any work some contractor will create bills with the help of some corporatersand loot money.

●



टीएस दक्षिणामूर्ति भारत कर्णाटक सरकारको कन्नड तथा संस्कृति विभागका निवृत्त सहनिर्देशक हुनुहुन्छ ।

# The father of Anticorruption Campaign of the World

## - Prof. Dr. Uttam K. Karmacharya

**Mr. Bharat Jangam as Perceived by others and myself**

Bharat Jangam is a well-known name with imitative fame. He has his footsteps in different sectors at different period of time. In a nutshell, he is a nationalist, thinktank, journalist, writer, literary figure, social activities, historian, cultural specialist and jurisprudent, campaigner of anti-corruption movement and instigator of neo-science Anticorruptology. Born on 2004 BS (1947 AD) in Bhaktapur, a historical city of Kathmandu valley, Mr. Jangam currently lives in New Baneshwor, Kathmandu.

With his persistence and dedication over the last 4 decades, he has achieved the following status:

**Senior Journalist**

He started his career in journalism in 2027 BS (1970 AD) and is still continuing to date. He started by writing article in papers and gradually covered all major Nepalese daily newspaper like Gorkhapatra, Kantipur, Nepal Samacharpatra, Himalaya Times, Lokpatra, Rajdhani and so on.

Similarly he has worked as an editor & publisher of a weekly newspaper 'Nepali Aawaj'. With these contributions in the long and illustrious field of journalism for such long he has gained the status of senior journalist.

**Literary Figure**

Mr. Jangam entered into literary world with his well-known novel ‘The Black Sun’ in 2036 BS (1979 AD) and gained an international recognition in the field of Literature within a short period of time. 'The Black Sun' has been translated into several languages like English, Hindi, Urdu, Kannad, Aasami, Bengali, Japanese, Chinese, Russian, Maithili, Bhojpuri, Doteli, Newari and

Sanskrit. He has published four novels namely 'The Black Sun', 'Byuhachakra', 'The Red Sun' and 'Khowpadesh'. Similarly 'Nirbandha Bandhan', an anthology of short stories and some books of poetry & songs have also been published. Likewise three anthologies of essays namely 'Thought and Perspective', 'Fifty Context', 'Movement against corruption' have also been published.

His prolific contribution in taking Nepali literature on international level has positioned him as prominentand senior literacy figure.

**Social Activist**

Having started social service from 2027 BS (1970 AD), Mr. Jangam established 'Jangam Scholorship' for needy and laborious students from which hundreds of students have been benefitted. He filed a case at Supreme Court in 2065 BS against the government interference in the worship custom at Pashupatinath and fought constantly to maintain the ancient culture and tradition. He stopped government’s attempt to capture control on the treasure that belongs to the trust of Pashupatinath temple. Furthermore, he succeeded to abandon the Christians attempt to make burial site at Mrigasthali within the Pashupati area.

It is also recognized as his effort to safeguard the natural resource and geenery of that holy land. Similarly Mr. Jangam has great contribution to build and renovate various temples, monastery, public and religious shrines in and outside Kathmandu valley.

**Jurisprudent**

He has been filing writ at Supreme Court about various matter of public interest since 2055 BS (1998 AD) and compelled the stake holders to make decision in favour of social welfare. Some major cases he field at the court for safe guarding the social justice are as follows:

1. Mr. Jangam filed writ in 2057 againstthe pension act for former members of parliament that was promulgated in 2052 B.S.and urged to end that privilege.
2. The Supreme Court had repealed parliament development fund in 2058 B.S. That case was also filed by Mr. Jangam. But since 2065 B.S. the members of parliament have been

spending budget from that fund illegally without any regulating act.

3. Similarly, Supreme Court declared to stop government officials from taking dual facility in 2058 B.S. It was also the case filed by Mr. Jangam.
4. Since the appealing right of commission for investigation of abuse of authority (CIAA) had been seized, the appealing right of CIAA was revived later by the writ filed by Bharat Jangam.
5. The ordinance concerning privilege to former VVIPS and VIPS (2069 B.S.) proposed by the government led by Dr. Baburam Bhattarai was repealed. It saved millions of revenue to the government from these unnecessary expenses.
6. The first constituent assembly extended its tenure unconstitutionally and was intending to extend it in again in 2069. But later the Supreme Court decleared the deadline of that constituent assembly up to 14th Jestha 2069. But the assembly failed to promulgate constitution during that time and was dissolved.

Bharat Jangam was involved to file writ in all above mentioned cases. Consequently billions of budget has been saved due to the court's decision for the writ.

## Guardianship of Temples

As a chief patron of Doleshwor Mahadev Temple (Upper part of Kedarnath Temple), chief advisor of Pashupatinath volunteer union, chief patron of Ananta Lingeshwor Mahadev Temple, Bageshwori and Saraswati Holy Land, Bharat Jangamhas contributed a lot for the development of religious shrines of Nepal.

## Civil Felicitation

Mr. Bharat Jangam'sDiamond Jubilee Ceremony Committee published 'Immortal Personality Bharat Jangam' in 2063 and organized a civil felicitation in his honour. Similarly, poetYagyabalkya composed an epic namely 'Bharatendu' in 2064 B.S making Mr. Jangam as the protagonist of that poetry.

Various episodes of the popular Television program 'The Black Sun' by Bharat Jangam can be watched in YouTube. That

Television program has proudly been accepted by government body, corporations and other organizations.

Dedicated to the anti-corruption campaign since 2027 B.S. (1970 AD), he has succeeded to gift the pioneer book on anticorruption science, 'Anticorruptology' to the world to take it forward. Anticorruptology is the science of anticorruption and the book 'Anticorruptology' is the first attempt in the discipline in world academics. With that book, it is hoped that anticorruptology would also be taught in all universities of the world. As this science was conceived by Mr. Jangam, he is also referred as father of anticorruption science.

We are very proud of Mr. Bharat Jangam . We wish to express our long-left and heart-felt congratulation and greetings to him for his outstanding intellectual expertise, balanced personality, friendlier- friendship and open to reasons any time.

●



प्रा. डा. उत्तमकृष्ण कर्माचार्य भक्तपुरमा बसोवास गर्नुहुन्छ । उहाँ शिक्षाविद्, शिक्षासेवी, लेखक तथा विभिन्न सङ्घसंस्थामा आबद्ध समाजसेवी हुनुहुन्छ ।

# Birthday Wishes
## - Vijaya V Bhat

Ms. Shobha introduced me to Mr. Bharat Jangam. I got acquainted with him through phone conversations, since I am in India, and he, in Nepal. Regardless, through the medium of the phone, I found in him a kindred spirit of mellow and caring nature, that soon forged between us, a close, familial bond. I wish I'd known him during my two Nepal travels in the past. As fate would have it, I had the privilege of meeting him through his book. Mr. Jangam's lineage is from the Carnatic Veerashaiva house of classical Indian music. When his ancestors migrated to Nepal, they carried Bharat with them in their hearts and kept alive the Bharatiya philosophy, ideals, culture and traditions. I wonder if Mr. Jangam's name itself plays a role in reminding him of his Indian roots.

As we know, Nepal's heritage is strongly influenced and shaped by Hinduism. The Jangam family embraced Nepal's culture over generations, striking a balanced blend of both worlds and advocating a combined legacy of rich values through their muths in Bhaktapur. I have always been amazed by Mr Jangam's multi-faceted persona. He is a famous lawyer, writer, historian, culture ambassador, anti-corruption crusader and a champion of the anti-corruptology school of thought. I both like and find resonance with his points of view on nationalism and course-correcting nations. This is why, when my friend Ms Shobha approached me on his behalf, I accepted the task of translating Mr. Jangam's book on anti-corruptology from Hindi to Kannada.

I am glad I did. For, as I immersed myself in the translation work, little by little, I learnt more about Mr. Jangam's progressive thinking. On his 75th birth year, I send my brother the choicest of birthday wishes from the bottom of my heart. I wish that he live a hundred years, carrying on his great work for the people. I pray that the pinnacle of success in the world be his.



●

श्रीमती विजया भी भाट भारत कर्णाटकको बङ्गलोरमा बस्ने लेखिका तथा 'भ्रष्टविरोधी शास्त्र' की कन्नड अनुवादिका हुनुहुन्छ ।

# About Bharat Jangam

## - Vijay Jangam

Shri Bharat Mani Jangam is a man who needs no introduction. He is well known in Nepal, India, Bangladesh, and many other countries. A soft spoken, but resolute and perseverant man, he has been the catalyst in many social improvements in Nepal. Some notable results of his crusade are the vacation of encroachers from the Holy Pashupatinath temple grounds, and inclusion of Anti Corruption as a Master's Degree course in Tribhuwan University, and eviction of encroachers from the grounds of the holy Pashupatinath Temple.

It is not for nothing that he is called the lawyer of Pashupatinath Temple. In some ways he can be compared to the venerable Shri Parasaran, the nonagenarian Indian lawyer, who presented the winning arguments in India's Supreme Court for the Ram Janmabhoomi temple in Ayodhya, India. Shri Bharat Jangam is the chief patron of the Doleshwar Mahadev temple, also known as the Upper Kedarnath temple. His religious inclination comes from his illustrious lineage. His ancestors were invited by the then King of Nepal about 700 years ago from Karnataka India. The King wanted the Jangams to educate the people in his kingdom and also. One of his ancestors, Shri Shripati Sharma was the chief priest of Shri Pashupatinath Temple before the tradition of appointing priests from Udipi, in India.

Shri Bharat Jangam's social service is not restricted to Nepal alone. On 2nd and 3rd April 2011, he was the Chief Guest at the International Jangams Meet at Pehowa in Haryana. His presence was responsible for rejuvenation of the Jangam community in Haryana, and a lot of Jangams returning to their ancestral religious practices. The local media too attended the meet, and they were also surprised to know about the Jangams. To provide some context on this, Veerashaiva Jangams are Ati Varnas - above the Chatur Varnas. They have 5 Peethas or seats with a specific religious and social purpose at Kashi, Kedar, Ujjaini, Srisailam, and Balehonnur, each

with a Jagadguru. All Jangams are born of Shiva, and hence, required to adhere to a life of devotion and righteousness.

The Jagadgurus provide spiritual, religious, and social guidance by touring different areas, and educating them in their maths. Jangams are found in all states of India, in varying numbers. Jangams are in large numbers in Karnataka, Andhra Pradesh, and Maharashtra. They are in regular touch with their respective peethas and Jagadgurus. The Jangams of other states like Haryana, Punjab, Rajasthan, MP, etc, have lost the link with their peethas and Jagadgurus. The International Jangams Meet at Pehowa, Haryana, was held in an ancient Jangam Math on the banks of the Saraswati River, with the purpose of re-establishing links of the local Jangams to their Jagadgurus. The meet was very fruitful, and the Jagadgurus of Kashi and Kedar have visited Pehowa five times after that. Many non-Jangam Hindus in Haryana have taken Deeksha rom Kashi Jagadguru after that. There is a lot of awareness in the Jangams of Haryana after that. Now, the Jangams of Rajasthan too have re-established links with the Jangam Jagadgurus. The Jangams of Haryana and Rajasthan have started regularly visiting the Jagadguru of Kashi. Some Jangams have again taken up their traditional duties of performing Pujas, Havans, and other religious ceremonies.

Shri Jangam continues to travel to Haryana and support the community. He also travels to cities like Bangalore and Delhi where he has a lot of admirers. Last but not the least, he is in regular touch with the Jagadgurus of Kedarnath, Kashi, and Shrishail for spiritual growth. It is a pleasure knowing Shri Bharat Jangam. I wish him good health and every success in life. Jai Shri Mahakal!

●



विजय जङ्गम भारत पूणेमा बसोवास गर्ने व्यवस्थापनसम्बन्धी परामर्शदाता तथा लेखक हुनुहुन्छ ।

# तेस्रो खण्ड

# शुभकामना
## – असफल गौतम

के भनूँ लेखक, कवि, स्रष्टा, साधक या पत्रकार
जति लेखूँ थोरै-थोरै हुने तिम्रो नामको समाचार

कालो सूर्य देखायौ अनि मच्चायौ हल्लाखल्ला
बढ्यौ भ्रष्ट, द्रव्यपिशाचलाई पारेर नाङ्गेझार

भाषा, संस्कार, संस्कृति, हिन्दूराष्ट्रका अनुयायी
पाता कस्न भ्रष्टलाई खाँदै खाएनौ कहिल्यै हार

कुशल चिन्तक, विचारक अनि सञ्चारका आँखा
तिमी भ्रष्टविरोधी आन्दोलनमा बन्यौ मौरी घार

भक्तपुरे जङ्गम पाउँदा बानेश्वर नै जगमगाउने
तिम्रो आदर्श बिर्सनेहरूको आपसमै छ मारामार

शान्तिभूमि, बुद्धभूमि, तपोभूमि राज्यको दुर्गति
अझै जाग, चलाऊ अनि कलमले नै लगाऊ पार

भरत ! तिमी जनम-जनम नामजस्तै उदाउँदै
विगत बिर्साएर सुशासन-समृद्धिका हल गोरु नार ।

•



असफल गौतम स्वतन्त्र पत्रकार सङ्घ कास्कीका अध्यक्ष हुनुहुन्छ ।

# शुभकामना
## – डा. कृष्णप्रसाद भट्टराई

सादर अर्पित हो, शुभकामना यो, भरत जङ्गममा
वाङ्मय दर्शनको, नवचेतनाको, अमर सङ्गममा ॥

देश सिँगार्न भनी, पसिना सजायो, अमर चित्र बनी
शुद्ध विचार दिँदै, दुनियाँ जगायो, असल मित्र बनी ॥
सादर अर्पित हो ... ...

दर्शन सुन्दर जो, जनवन्दना भो, समर सागर जो
धर्म सम्हाल्न भनी, दिनरात जुट्यो, कुशल जाँगर जो ॥
सादर अर्पित हो ... ...

संस्कृतिरक्षक भै, दिनरात जुट्यो, अथक जीवन जो
मानव जीवनकै, प्रिय पारखी भै, भरत जङ्गम भो ॥
सादर अर्पित हो ... ...

●



डा. कृष्णप्रसाद भट्टराई कवि हुनुहुन्छ । ओखलढुङ्गामा जन्मनुभएका उहाँ हाल काठमाडौँमा बसोवास गर्नुहुन्छ ।

# शुभकामना
## – डा. कृष्ण भण्डारी 'मुमुक्षु'

बढ्दो दुराचार विकार रोक्न
विश्वास घट्तो विधि-तत्त्व फेर्न
उठे युवा जोस लिएर आज
उनै हकी जङ्गम कर्म हाँक्न ॥ १॥

समाजको संस्कृति शुद्ध राख्न
स्वराष्ट्रको वैभव उच्च पार्न
हिमायती जीवन साख छर्न
उठे युवा जङ्गम स्वार्थ चिर्न ॥ २ ॥

विधानको लाज बचोस् भनेर
सोझा प्रजाको हक सम्झिएर
विरुद्ध बोल्छन् अधिकार खोस्न
उठून् सबै जङ्गमसाथ बढ्न ॥ ३ ॥

पसे विदेशी दरबारसम्म
सुझावदाता भइ भित्रसम्म
कुकर्मको चाल चली अनेकौं
मासे भनी जङ्गम बन्धु जागौँ ॥ ४ ॥

विकासवादी सपना सुनाई
गिजोल्दछन् शक्ति दिई दुहाइ
विदेश घुम्दै ढुकुटी सकाए
असह्य भो जङ्गम रन्थनाए ॥ ५ ॥

जता गयो मूल्य अकासिँदो छ
छली फटाको मन जोसिँदो छ
धिक्कार धिक्कार भनी पुगेन
उठे यिनै जङ्गम भ्रष्ट मास्न ॥ ६ ॥

न नीतिको गौरव गर्न पाए
न राष्ट्रको वैभव देख्न पाए
लुटे जसै राष्ट्रिय सम्पदा ती
असह्य भो जङ्गम जङ्गिए नि ॥ ७ ॥

हटोस् दुराचार र भ्रष्टवाद
हटून् विधर्मी यस राष्ट्रबाट
समृद्ध होस् राज्य समृद्ध हामी
छ कामना जङ्गम धन्य ध्यानी ॥ ८ ॥

●



डा. कृष्ण भण्डारी मुमुक्षु छन्दोबद्ध कविता लेख्ने कवि हुनुहुन्छ ।

# को हुन् भरत जङ्गम ?
## – डा. घनश्याम न्यौपाने परिश्रमी

(वाचन : चिरञ्जीवी सिग्देल)

यो संसार अनौठो छ छन् सज्जन नराधम ।
भ्रष्टाचारीहरूका हुन् वैरी भरत जङ्गम ॥१॥

जहाँ-जहाँ बनेका छन् घुसका स्थल उद्गम ।
बाल्दै राँको त्यहाँ पुग्ने गर्छन् भरत जङ्गम ॥२॥

मैले खोजेँ निकै चासो दिएरै व्यक्ति सक्षम ।
भेटेँ धेरैजनामाझ एक भरत जङ्गम ॥३॥

त्यागको भावना बोकी हिँड्ने हुन्छन् निकै कम ।
तिनैमध्ये अझै राम्रा लागे भरत जङ्गम ॥४॥

लिएरै साथमा हिँड्छन् सत्यका वाण वा बम ।
असत्यमाथि ताकेरै हान्छन् भरत जङ्गम ॥५॥

दिनलाई बनाउँछन् अधर्मीहरूले तम ।
त्यही नै लेख्तछन् 'कालो सूर्य' भरत जङ्गम ॥६॥

जहाँ अन्यायका हुन्छन् क्रियाकलाप हर्दम ।
न्यायका लागि कुर्लन्छन् त्यहाँ भरत जङ्गम ॥७॥

भ्रष्टाचारविरोधी हौ तिमीलाई नमोनमः ।
म प्रशंसा सधैँ तिम्रो गर्छु भरत जङ्गम ॥८॥

•



डा. घनश्याम न्यौपाने परिश्रमी गजलकार हुनुहुन्छ र त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुहुन्छ ।

# श्रद्धा-सम्मान
## – जीविका अश्रु

भरत जङ्गम अभियन्ता विरुद्ध भ्रष्टाचार
राम्रो काम गरे भन्दै आउँछन् समाचार ।

दमन-शोषण भोग्नेहरूका भगवान् उनी
नगर्नू, नसहनू भन्छन् उनी अत्याचार ।

मिलाउनुपर्छ काँधमा काँध हामीले पनि
निर्माण गर्नलाई केही फरक आचार ।

आँट, हिम्मत साथै केही गर्ने सोच राम्रो
कमजोर परी कहिल्यै बन्नु हुन्न लाचार ।

●



जीविका अश्रु सिक्किममा बसेर कविता, चारु, राग, विराग सिर्जना गर्नुहुन्छ । उहाँ भारत तथा नेपालका विभिन्न साहित्यिक सङ्घसंस्थाबाट सम्मानित तथा पुरस्कृत हुनुहुन्छ ।

# भरत जङ्गम
## – तिला लेकाली

सोझा-सिधा जनताका मित्र भरत जङ्गम
उदाएका कालो सूर्यभित्र भरत जङ्गम

ग्रहणझैँ भ्रष्टाचार मौलाएको यो देशमा
रावणबीच एक राम चित्र भरत जङ्गम

सबै विकृति-विसङ्गतिको घोर विरोध गर्ने
पत्रकार लेखक चरित्र भरत जङ्गम

आध्यात्मिक पाठशालाका सच्चा पुजारी यी
ढुङ्गामध्ये पवित्र शालिग्राम भरत जङ्गम

डाँफे मुनाल कोइली वा के भनौँ यिनलाई
गुराँसका सबै रङ्ग विचित्र भरत जङ्गम

●



तिला लेकाली कवयित्री तथा गजलकार हुनुहुन्छ । उहाँ बेलबारी, मोरङमा बसोवास गर्नुहुन्छ ।

# मेरा लागि भरत जङ्गम
## – पुष्पलता आचार्य

(वाचन : आरती विष्ट)

मेरा लागि भरत जङ्गम भनूँ कस्तो-कस्तो
भनूँ-भनूँ लाग्ने कुरा नभनेको जस्तो
बोल्न खोज्दा नबोलेरै जित्न खोजेजस्तो
हृदयले हृदयलाई मिच्न खोजेजस्तो

मेरा लागि भरत जङ्गम भनूँ कस्तो-कस्तो
लेख्नैपर्ने मीठो कथा नलेखेको जस्तो
हाँस्न मन लागी-लागी नहाँसेको जस्तो
भावना छ तर माया नगाँसेको जस्तो

मेरा लागि भरत जङ्गम भनूँ कस्तो-कस्तो
आँखाभरि पिरतीको मात लागेजस्तो
अक्षरमा खेल्दा-खेल्दा शब्द बनेजस्तो
ढुङ्गा खोज्दा देउता पो मिल्यो भनेजस्तो

मेरा लागि भरत जङ्गम भनूँ कस्तो-कस्तो
चिन्दाचिन्दै बिर्सिएको को हो को हो जस्तो
जता हेरे पनि उही देखिएको जस्तो
साहित्यमा पनि उही लेखिएको जस्तो

मेरा लागि भरत जङ्गम भनूँ कस्तो-कस्तो
आफैंभित्र कहाँ-कहाँ बास बसेजस्तो
म पनि पो भरत जङ्गम भएछु कि जस्तो
कता-कता थाहै नपाई गएछु कि जस्तो

•



पुष्पलता आचार्य साहित्यकार हुनुहुन्छ ।

# भरत जङ्गम जिन्दावाद !
## – प्रेम सन्जेल

(वाचन : प्रजापति तिमिल्सिना)

भन्सारको गाँस मीठो, होटलको बास मीठो
जाली काजको भत्ता मीठो, दूध दिनेको लात्ता मीठो
चाकडीको भाका मीठो, माहुरीको चाका मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥१॥
आयलको माइल मिठो, राजस्वको राज मीठो
प्रतिशत खान मीठो, मिनरल पानी मीठो
मसाजकी नानी मीठो, पासपोर्टको बुकै मीठो
म त राष्ट्रसेवक परेँ हजुर, ५७ वर्षे लक्का ठिटो ॥२॥
सरुवाको रीति मीठो, बजेटको मिति मीठो
गजेटको नीति मीठो, झोल चोक्टा अति मीठो
यातायातको लाइसेन्स मीठो, सडकको गिट्टी मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥३॥
छापामारी छानबिन मीठो, रक्सीको चाहिँ नशा मीठो
पुरस्कारको आशा मीठो, शिशमहलको भाषा मीठो
ठेकेदारको खाम मीठो, आफन्तको काम मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥४॥
मन्त्रीजीको थप्पड मीठो, हानिहाल्ने बानी मीठो
अलकत्राको लिटो मीठो, अफिसमा हिटर मीठो
लगबुकमा मिटर मीठो, टेबलमा गफ मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥५॥
पापाचारको खोटो मीठो, सदाचारको भोटो मीठो
भुँडीवाला फोटो मीठो, भ्रष्टाचारको रोटो मीठो
राष्ट्रसेवा भाषण मीठो, कमिसनको रासन मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥६॥
किर्ते भए बिल मीठो, लाहाछापको सिल मीठो
पर्ती भए जग्गा मीठो, कित्ता गायब नापी मीठो
देश चुसे पोको मीठो, डीभी चिट्ठाको डोको मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥७॥

वनभरिमा अग्राख मीठो,, पहिरनमा दामी मीठो
जागिरमा लोभ मीठो, सडकमा चोक मीठो
घुस दिनेको क्षोभ मीठो, हसुर्नेको रोब मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ बर्षे लक्का ठिटो ॥८॥
कमाउने धोको मीठो, अख्तियामा रो'को मीठो
जेल परे आँसु मीठो, बँदेलको मासु मीठो
कस्टडीको भोक मीठो, अदालतको तोक मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥९॥
फरार भए परदेश मीठो, अकुतको जफत मीठो
दाइजोको शान मीठो, जेल नपरे मान मीठो
बासमतीको खान मीठो, सधैँ विदेश जान मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥१०॥
कासमूको नम्बर मीठो, नाता परे बढुवा मीठो
खान पाए जेट मीठो, छिर्न पाए गेट मीठो
अफिसको सामान मीठो, सित्तै पाए मल मीठो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥११॥
दिनदिनैको भोज मीठो, बैङ्कैपिच्छे व्यालेन्स मीठो,
फेलर नेसन नारा मीठो, कालो कमाइ सारा मीठो,
भाग्यमानी रै'छ केटो, त्यसैले त के-के भेटो
म त राष्ट्रसेवक परेँ हजुर ५७ वर्षे लक्का ठिटो ॥१२॥

भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गम जिन्दावाद !
घुस्याहाको छाला काढौँ, किर्ते भरपाई फालौँ
पीए र पियनको तलब खाने घृणित काम बन्द गरौँ
भ्रष्टाचारीको अपुताली परोस्
पापीको कालो धन डुबोस्
भ्रष्टाचारी भड्खारोमा परोस्
जिउँदै भ्रष्टाचारीको शरीरमा स्याउँस्याउँती कीरा परोस्
मरेपछि पनि जनताको आँसुले बगाएर नरकमा झरोस् ।

भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गम जिन्दावाद !
भ्रष्टाचारीमा अख्तियार लागोस्, भ्रष्टाचारीको जेलको बास होस्
समाजले बहिष्कार गरोस्, भ्रष्टाचारीको कन्तबिजोक होस्
गरिबको आँसु लागोस्, दीनदुःखीको सराप लागोस्
जीवन सधैँ रात बनोस् ।

नेपालका राजनीतिक नेताहरू,
निजामती तथा अन्य सबै संस्थान,
सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेनाका जागिरे व्यक्तिले
आफू मरेपछि लास गाड्नुपरेमा छ फिट जमिन
र जलाउनुपरेमा दुई हजार रुपियाँको
दाउरा मात्र आर्यघाटमा चाहिन्छ ।
सोबाहेक अरू सबै सम्पत्तिको काम छैन
यो कुरा नबुझेकै कारणले भ्रष्टाचार भइरहेको छ
अन्य कालो कमाइले सन्तान बिगार्ने काम मात्र गर्छ
सबैलाई चेतना होस्
भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गम जिन्दावाद !

Long live Bharat Jangam !
There gold medalists are unemployed in Nepal.
But fake certificate holders are getting good job
even in teacher's post.
What a shameful recruitment system of Nepal.
We are hearing wonderful facts here in Nepal
at least one fake certificate case has filed a day
either related to the teacher
or government employee's fake certificate case.
How about the development of Nepal
in this fake situation ?

आफ्नै कार्यालयका पियनले
आफ्नै तलबले निजी कार किनेर
आफैँले हाँकेर अफिस आउँछन् भने
हाकिमले कति जनताको रगत चुसेको होला ?
यो देशमा कति भ्रष्टाचार भएको होला ?
हजार बार नेपालमा भ्रष्टाचार भयो भनेर
सधैँ डर मानेर फतफताउँदै हिँड्नुभन्दा
नेपालका सबै जनता, नेपाली राजनीतिज्ञ,
कर्मचारी, समाजसेवी सबैले मिलेर
भ्रष्टाचारीको र भ्रष्टाचारको निर्मूल गर्ने प्रतिज्ञा
एकैपटक गरे कसो होला ?
नेपाली जनताले नेपालका कर्मचारीहरूलाई
सम्बोधन गरेर टुक्काको निर्माण गरेपछि

आफू कर्मचारी हुँ भन्न लाज लागेको छ,
के गर्ने होला ?
नेपालीले रगत-पसिना खर्चेर तिरेको करबाट तलब दिएर
घुस्याहा, भुस्याहा, छुस्याहा, जँड्याहा र कप्ट्याहा
कर्मचारीहरूलाई पालेर बस्न बाध्य हुनुपरेको छ ।
घुस खाएर बनाएको ठूलो घर
तिम्रो आफ्नै जेल बन्न सक्छ भने किन बनाउनु ?
घुसका कारण जेल परेपछि
आफ्नै सन्तानले थुक्छन् भने किन खानु ?
बेकामे नेता, काला व्यापारी, घुस्याहा कर्मचारी र
तस्कर मात्र धनी भए भने
देशमा अर्को विनाश आउँछ भने किन निम्त्याउनु ?
आफ्नै कात्रो किन्ने गरी
देशको विकास निर्माणको रकम किन कमिसन बनाएर खानु ?
यसो गर्नेहरूसँग जवाफ छ ?
भ्रष्टाचारको कालो धन कहिले लिन्छ तेरो ज्यान ?
कहिले लिन्छ परिवारको ज्यान ? छ कि छैन तँलाई ज्ञान ?
कहिले लान्छ तेरो पुख्र्यौली धन ?
कहिले लान्छ तँलाई जेल ? कति गर्छस् देशलाई झेल ?
ठोक्लान् तँलाई हतकडी र नेल ? अति भयो तेरो खेल
देशको रगत चुसेर खाइस् भातसँग मुछेर
जनताको रगत चुसेर कसलाई ख्वाइस् मुछेर ?
जनताले मार्लान् लुछेर, बसिराख लुकेर
जनता तँलाई खोज्दैछन् ? दुलो-गौँडो ढुक्तैछन् ।
जनताको रगत र देशको रगतमा मुछेको
रातो टीका लगाएका नेता र कर्मचारीहरू मुर्दावाद !
भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गम जिन्दावाद !

●



प्रेम सन्जेल भ्रष्टाचारविरोधी अभियन्ता तथा पूर्वप्रशासक हुनुहुन्छ ।

# देश सुन्दर बनाउनुपर्छ
## – भवानीप्रसाद पोखरेल

भ्रष्टाचार अब सबै मिली तुरुन्त रोक्नुपर्छ
आलस्य, अल्छी सबैले त्याग्नुपर्छ
मेहनत र इमानदारी कायम गर्नुपर्छ
हामी सबै मिली देश सुन्दर बनाउनुपर्छ ।

भ्रष्टाचारको विरोधमा हामी लाग्नुपर्छ
सङ्घर्षको सागरमा हातेमालो गर्नुपर्छ
दुर्भाग्य र दुष्कर्म बढेको छ अहिले
भ्रष्टाचार नगरौँ है कसैले ।

भरत जङ्गमको बाटोमा लाग्नुछ अहिले
देशको समृद्धिका लागि भ्रष्टाचार रोक्नुपर्छ पहिले
सहकार्यबाट अघि बढ्दै जानुपर्छ अहिले
जङ्गमको भावना हामीले बुझ्नुपर्छ पहिले ।

भ्रष्टाचार रोकिए हाम्रो देश सम्पन्न हुन्छ
युवा शक्तिलाई स्वदेशमै रोजगार दिनुपर्छ
कृषि र उद्योगमा लगानी बढाउनुपर्छ
शिक्षा र चिकित्सामा कमिसन रहेछ ।

कमिसनको जालो तोड्दै जानुपर्छ
जागिरे श्रीमान्लाई भ्रष्टाचार गर्न उकास्ने पनि छन्
उसले यति कमायो, फलानोले स्कुटर किन्यो
चिलानोले सुन र घडेरी जोड्यो, तपाईले खोई ?

यस्तो भावना नरोकिएसम्म सुशासन हुँदैन
न्याय-निसाफ नहुँदा निगरानी बढाउनुपर्छ
आफ्ना कार्यकर्ताले गल्ती गरे ढाकछोप गर्ने
प्रतिपक्षीले गरे सहजै कारवाहीमा पर्ने ।

भ्रष्टाचारविरोधी अभियन्ता भरत जङ्गम
धेरै विधामा प्रख्यात रहेर बनेका एउटै सङ्गम
उनको हीरक महोत्सव सफल रहोस्
नेपाल पनि भ्रष्टाचारबाट मुक्त बनोस् ।

•



भवानीप्रसाद पोखरेल विराटनगरमा बसोवास गर्नुहुन्छ । उहाँले होमियोप्याथीसम्बन्धी पुस्तकका लेखक तथा सामाजिक कार्यकर्ता हुनुहुन्छ ।

# जङ्गम-सङ्गम
## – भुवनहरि सिग्देल

समयको मय पार लगाउने
विजयका जय घण्ट बजाउने
अतुलमा तुल बोक्तछ वामन
भरत हो तर होइन जङ्गम ॥१॥

लहरिँदै हरिँदै कुन अक्षमा
प्रकटिँदैं खटिँदै दृढ लक्ष्यमा
बिथलिँदै मथिँदै नहिँडी किन
रणनमा कुन बन्छ र जङ्गम ॥२॥

रस रसायन सापटमा लिने
स्तन चुसी उपकार नसम्भिने
ऋण लिने नदिने छ कृतघ्न जो
ढक-तराजु छ भिन्न कृतज्ञको ॥३॥

मनुज दैनिक आउनु-जानुको
गणितमा अभिलेख छ मानुको
उदरकै दरकार बताउन
भरत जङ्गम पर्दछ जन्मन ॥४॥

स्वर भिकी नभिकी पनि गाउलान्
सहृदयी कति जन्मिन आउलान्
छ तयार चिता पर घाटमा
तिलक लेपन के छ ललाटमा ॥५॥

समयले किन ढोल बजाउँछ
मनुजले किन भ्रष्ट बचाउँछ
जनसवाल छ चित्त दुखाउँछ
र इतिहास कलङ्क लगाउँछ ॥६॥

मनुज मानुषझैँ हुनुपर्दछ
चरित सभ्य सुसंस्कृत पार्दछ
मुलुक के सुनियोजित जागृति
निखिल धार्मिक भाव सुसंस्कृति ॥७॥

कवि सुसर्जक लेख विचारमा
छर अलग्ग प्रभाव कि चारमा
दिउलको जब उठ्तछ आँकुरा
ललित सार्थक धन्य वसुन्धरा ॥८॥

रथ छ इन्धन मात्र सकिन्छ कि
प्रगतिको गति लायक छैन कि
कुशल इन्जिन चालक छैन कि
कि छ विधान र दण्ड अपूर्ण कि ? ॥९॥

जब पुरोहित शास्त्र छुँदैन कि
कि जजमान दबेर सहन्छ कि
अफिस छन् डरका घरझैँ किन
किन निदाउन सक्छ र जङ्गम ? ॥१०॥

जब जरा अजरामर बन्दछन्
भरणपोषण शासक गर्दछन्
कवि कुलक्षण काग कराउँछन्
कपटले बदनाम गराउँछन् ॥११॥

नवनियुक्ति दिने क्षण आउँछ
उचित योग्य कहाँ पद पाउँछ
उपरको पद पाउँछ भ्रष्टले
भरत जङ्गम हेर्दछ कष्टले ॥१२॥

गति उही तर नाटक छन् नयाँ
मुलुक नायक चाटुक छन् नयाँ
चकित छन् जनता अलमल्लमा
किन भयो अवरोध समाजमा ॥१३॥

स्तन चुसेर पुगेन लुछ्यो घुँडो
रस घिचेर पुगेन निल्यो गुदो
दृढ भएर बस्यो कि परम्परा
भरत जङ्गमको स्वर बेसुरा ॥१४॥

नियम कानुन जो बनाउँछन्
चलनकै अनुकूल रचाउँछन्
पद विशेष छ भ्रष्ट घुसाउँछन्
भरत जङ्गम चित्त दुखाउँछन् ॥१५॥

मुलुकमा जलस्रोत छ बेचियो
खनिजको निधि लायक बेचियो
युग पलायनको स्थिति रञ्जन
कि रमिता कविता भन जङ्गम ॥१६॥

दसजना भरतेन्दु उदाउनु
विमतको मत एक बनाउनु
कलमको तरबार चलाउनु
कलुष भ्रष्ट ठिकान लगाउनु ॥१७॥

भरतजी अब घोट्नुछ बन्चरो
कलमको बिँड हाल्नुछ झन् दरो
रगतमा पसिना रङको मसी
उठ समाज कि उठ्छ घुँडा धसी ॥१८॥

नियतमा जड खोट खिया बस्यो
कति रगडनु फलाम चुरो खस्यो
तरर तेल झरेन पिना सुक्यो
म कविता किन लेख्नु भुजा दुख्यो ॥१९॥

भरतजी अझ लेख म पढ्दछु
विकृति हेर्दछु नाक रगड्दछु
थिलथिलो कति पार्नु हँ मानस
छ पिनास सुँघौं नस-मा-नस ॥२०॥

भरत जङ्गम भ्रष्ट निवारक
कि अझ हुन् कृति कर्मप्रचारक
सबल छन् करपाउ र मानस
नयन जागृत छन् भर पानस ॥२१॥

मुजुरले किन पङ्ख फिँजाउनु
अतुत सुन्दरता छ बताउनु ?
कवि समीक्षक सर्जक छन् अझै
कलम खर्च गरून् उनले मजै ॥२२॥

युग धुरो इतिहास घुमाउँछ
नजर बन्द गरे पनि च्याउँछ
भरत सक्रिय छौ किन हो धक
मनुज जीवित हो नमरेतक ॥२३॥

कति कुरा नभने पनि सुन्दछौं
नभनिँदा ध्वनि आशय बुझ्दछौं
कमल धाप परे पनि फुल्दछ
महक मारुत आउँछ छर्दछ ॥२४॥

गणित वर्ष गनोस् त्यसकै लिपि
युवक वृद्ध बनोस् उसकै स्थिति
समयले अभिलेख बनाउँछ
लय झिकी कवि कोकिल गाउँछ ॥२५॥

भरत जङ्गम सङ्गम रञ्जन
मुलुक जान्दछ सुन्दछ गुञ्जन
द्रुतविलम्बित सुन्दर गाउँछु
शुभ भलो उनको म चिताउँछु ॥२६॥



●

भुवनहरि सिग्देल महाकाव्यकार हुन् । छन्दोबद्ध कविता-काव्य विधामा उनको ठूलो योगदान छ । उनी काठमाडौँमा बसोवास गर्छन् ।

# को हुन् भरत जङ्गम ?
## – माधव वियोगी

(वाचन : चिरञ्जीवी सिग्देल)

व्यक्तित्व लोकका दिव्य स्रष्टा भरत जङ्गम ।
भावना, तन-सौन्दर्य शोभादायी मनोरम ।
जस्को निकटमा बस्ता ज्ञानधारा निरन्तर ।
गण्डकी नदझैँ बग्छ हेर्दा लाग्दछ सुन्दर ॥
(१)

वाणीको स्वच्छ माधुर्य सुनी रहूँ, सुनी रहूँ ।
बानीको सभ्यता तत्त्व सिकी रहूँ सिकी रहूँ ।
कस्तो अद्भुत हो शक्ति लाग्छ अतीव उत्तम ।
तिर्सनाका महाज्योति स्रष्टा भरत जङ्गम ॥
(२)

कर्मकर्तव्यको पाठ सिकाउँछन्, पढाउँछन् ।
सत्यको मार्गमा हिँड्न निर्देश नित्य गर्दछन् ।
आत्मिक सुखको यात्रा नियात्रा शान्ति सङ्गम ।
लोकमा पार्न तम्सेका स्रष्टा भरत जङ्गम ॥
(३)

प्रजातान्त्रिक संस्कार-संस्कृतिबाट शोभित ।
आधुनिक प्रभासाथ परम्परा प्रकाशित ।
छलछाम कतै छैन छैनन् विचारमा तम ।
आदर्शका खुलाकाश स्रष्टा भरत जङ्गम ॥
(४)

कति हो ज्ञानभण्डार बुझ्दा अचम्म लाग्दछ ।
स्फुर्तिफार्ति तथा शक्ति अदम्य, उच्चतान छ ।
अतुल्य शक्तिसम्पन्न लाग्छ भरत जङ्गम ।
सङ्गत गर्न पाएर खुसी अत्यन्त नै छु म ॥
(५)

आनन्द-नन्द, सानन्द बुझेर अर्थसारमा ।
त्यही बुझाइको पारा घसेर अङ्गअङ्गमा ।
फक्रेर हितकारित्व चल्छन् भरत जङ्गम ।
आसपास छिमेकीमा बनी नित्य समागम ॥
(६)

देश सम्पन्न पारेमा सम्पन्न बन्न सक्छु म ।
अनि सम्पूर्ण नेपाली उज्याला देख्न सक्छु म ।
उनको सोच-सोचाइ लाग्छ अति महत्त्वको ।
सोच उदात्त पार्दामा कम्जोर जन बन्छ को ??

(७)

शक्ति पारेर कौमार्य योजना बुन्दछन् उनी ।
श्रमका पसिनालाई आभा नै ठान्दछन् उनी ।
श्रमको दिव्य आभामा सभ्यता देख्तछन् उनी ।
त्यसैका छत्रछायामा जियाई जिउँछन् उनी ॥

(८)

उनी बोध छिटै गर्छन् तत्त्वको तथ्यसारको ।
उनी शोभा छिटै लिन्छन् सत्यको रङ्ग-भावको ।
उनी आदर्शको सार छिटै बुझ्छन्, बुझाउँछन् ।
चेतनाको प्रभा बोकी सिद्धान्त उजिल्याउँछन् ॥

(९)

चिन्ता चिन्तनको हुन्छ पवित्र व्यवहारको ।
भाषा भावुक शैलीमा पोख्छन् यै परिवेशको ।
निकोलाई सिको गर्छन् अहम् त्याग्छन् खुले कुनै ।
मार्ग सफा गरौं, पारौं भन्छन् दत्त उदात्त भै ॥

(१०)

सहन्नन् राज्य आतङ्क, गुन्डागर्दी, ठगीहरू ।
गर्छन् विरोध तत्काल सुनाउँछन् कथाहरू ।
यथार्थ उनका कथ्य वा कथा सब सुन्दछन् ।
हिंसाविरुद्धमा लाग्छन्, मर्न तयार बन्दछन् ॥

(११)

इमानदारितालाई हतियार बनाउने ।
हतियार त्यहीबाट नैतिकता बचाउने ।
उनी ठान्छन् कुनै बेला नैतिकता तुह्यो भने ।
सडेर कर्ममार्गैमा जिन्दगी छ गनाउने ॥

(१२)

नैतिकता बचाएर कर्तव्य गर्नुपर्दछ ।
सोझो, सज्जन पाराले जीवन चाल्नुपर्दछ ।
षडयन्त्र, छुल्याईले आफैँलाई जलाउँछ ।
भन्ने ज्ञान मिलेको छ उनीलाई खचाखच ॥

(१३)

धेरै छ आत्मविश्वास आत्मज्ञान अपार छ ।
सौन्दर्य चेतना दिव्य नित्यनित्य चिहाउँछ ।
उत्साह कत्ति कम्जोर देखिँदैन कदाचित ।
दैवी शक्ति मिलेको झैँ बनेको छ मुखाकृत ॥
(१४)
इमानदारिता नै हो आदर्श हुनुको स्तर ।
जिन्दगी बाँच्नु सम्पन्न सभ्यताको प्रभाकर ।
इमानदारिता दिन्छ प्राकृत्यमय शीतल ।
भन्ने बोध भएकैले छन् दिव्य उनका पल ॥
(१५)
व्यवहार भए चोखो मनपर्दो भइन्छ नै ।
असत्य बन्नुपर्दैन र हुन्न संशयी कुनै ।
संशय जब नासिन्छ प्रसन्न मन बन्दछ ।
यही सत्यार्थको बोध पनि जङ्गमभित्र छ ॥
(१६)
बाल्दछन् प्रेमको ज्योति मोती बन्न निरन्तर ।
खोल्दछन् चेतनाजन्य विचारका प्रभा-सर ।
देखिन्नन् निम्स्रो कत्ति वा दौर्बल्य, उदासिन ।
उनी पल्पल चाहन्छन् सुखशान्तिमयी मन ॥
(१७)
व्यक्तित्व बन्न शालीन चाहिन्छ मन स्वच्छता ।
अथवा जिन्दगीसार बुझ्नुपर्दछ सर्वदा ।
धर्मसापेक्ष आदर्श पालना गर्नुपर्दछ ।
यो तथ्य बुझ्नका निम्ति जङ्गम बुझ्नुपर्दछ ॥
(१८)
अर्ती, बुद्धि लिऊँ भन्दै जङ्गमका समीपमा ।
छन् धेरै आउनेजाने प्रातः, दिवा र साँझमा ।
सिक्तछन् ज्ञान ती केही भई प्रसन्न फिर्दछन् ।
उच्च श्रद्धा र सम्मान उनलाई टकार्दछन् ॥
(१९)
युवा, बालक, बृद्धा हुन् या हुन् रोगी, गरीब नै ।
निकटी हुन् कि टाढाका आफन्त वा पराइ नै ।
विनाभेद दयामाया गर्छन् भरत सङ्गम ।
यसैबाट बढेको हो उनको यो पराक्रम ॥
(२०)

भ्रष्टाचार महारोग नास्न यी प्रतिबद्ध छन् ।
नैतिक मूल्य जोगाई आफू चल्न तयार छन् ।
भ्रष्टले देश खाएको प्रस्ट भनाइ राख्तछन् ।
नेता नै हुन् महाभ्रष्ट निर्धक्कसाथ भन्दछन् ॥

(२१)

भ्रष्टाचारीहरूलाई बहिष्कार गरौँ यहाँ ।
बाटोघाटो, सभा, मेला, बजार, ठाउँठाउँमा ।
भन्दै नारा लगाउँछन् भाषण पनि गर्दछन् ।
राष्ट्रका भ्रष्ट हुन् को-को एकेक यी बताउँछन् ॥

(२२)

गरी भाषण थाक्तैनन् भ्रष्टाचारविरुद्धमा ।
भ्रष्ट मानिस तर्सन्छन् पर्दैनन् ती नजीकमा ।
नेताको दोहलो काढ्छन् कर्तुत सब खोल्दछन् ।
प्रजातान्त्रिक आस्थाको छाप, छाया उतार्दछन् ॥

(२३)

भन्दछन् - भ्रष्ट जोजो छन् लास हुन् जिउँदा सब ।
वा ती देशलुटाहा हुन् राष्ट्रघातक कौरव ।
देखे साइत पर्दैन यात्रा बन्छ विनाफल ।
जनता हे ! उठौँ सारा निकालौँ आँतको बल ॥

(२४)

भ्रष्टाचारविरोधीको समूह नै तयार छ ।
जङ्गम गुरुको सच्चा नेतृत्व परिपाक छ ।
छन् लाखौँ कार्यकर्ता जो मर्नलाई तयार छन् ।
न्यायपूर्ण समाजैको निर्माण गर्न व्यस्त छन् ॥

(२५)

आफैँमा पूर्ण भै काम गर्नुपर्छ निरन्तर ।
निजी स्वार्थ हुनै हुन्न राष्ट्रिय काममा तर ।
सबैलाई समातेर नेतृत्व दिनुपर्दछ ।
जङ्गमबाट हामीले यै तथ्य सिक्नुपर्दछ ॥

(२६)

सङ्कीर्णता समातेर गर्दैनन् काम जङ्गम ।
अरूलाई छकाएर बोल्दैनन् कत्ति जङ्गम ।
संशय उनमा हुन्न र हुन्न तर्क निम्सरो ।
बलियो, दरो बन्दो छ प्रतिभा रूखको जरो ॥

(२७)

अरूका लाग्दछन् आशा पूरा गर्न-गराउन ।
अरूका आस पुग्दामा यी थाल्दछन् रमाउन ।
आफूभन्दा अरू हेर्ने कमै हुन्छन् समाजमा ।
क्रान्तिकारी बनेका छन् जङ्गम परिवेशमा ॥
(२८)
हुन् यी भ्रष्टविरोधी जो विज्ञानका प्रवर्तक ।
समसामयिकै लाग्छन् यिनका तर्क सार्थक ।
जो विज्ञान बनेको छ विख्यात विश्व-मञ्चमा ।
तर यो राज्य बुझ्दैन उनको दिव्य कर्मणा ॥
(३०)
ती भ्रष्टाचारसम्बन्धी व्याख्या अनेक गर्दछन् ।
हिन्दू धार्मिक-सापेक्ष उच्च चिन्तन गर्दछन् ।
यिनी समाजशास्त्रीय व्याख्या गर्न रुचाउँछन् ।
जस्मा मानवशास्त्रीय तर्क, विचार पोख्तछन् ॥
(३१)
भ्रष्टाचारी, बलात्कारी, हत्यारा मार्नुपर्दछ ।
सोझासाजा हजारौँमा सुरक्षा, सुख मिल्दछ ।
सम्भवतः उनैबाट क्रान्तिकारी विचार यी ।
सर्वप्रथम बोलेझैँ लाग्छ तिथि भुलेछु कि ?
(३२)
जङ्गम शब्दको अर्थ चलायमान बुझ्छु म ।
चलायमान वैशिष्ट्य जङ्गमसाथ देख्छु म ।
चलायमान जो बन्छ आफ्ना लक्ष्य पुऱ्याउँछ ।
राष्ट्रको उच्च व्यक्तित्व बन्छ, राष्ट्र उठाउँछ ॥
(३३)
लाग्थ्यो यस्तो मलाई त जङ्गम उपनाम हो ।
जङ्गिने र खरो बोल्ने जसको मूल काम हो ।
स्थावर शब्दको उल्टो अर्थसार रहेनछ ।
मेरो दिमागमा ज्ञान थरबारे घुसेनछ ॥
(३४)
यायावर तथा यात्री भनेर पनि बुझ्छु म ।
त्यै तथ्यमा रहेका छन् साँच्चै भरत जङ्गम ।
आफ्नो विचारको यात्रा विश्वभर चलाउने ।
जङ्गम उच्च व्यक्तित्व लक्ष्य कैल्यै नबिर्सने ॥
(३५)

भएथ्यो जसको जन्म दो हजार् चार सालमा ।
गतेले दस मङ्सिर सुरम्य प्रातकालमा ।
तिथिले उनको जन्म कार्तिक शुक्ल द्वादशी ।
नक्षत्र अश्विनी मेष राशिको पुण्यता दशी ॥
(३६ )

न्वारन, राशिको नाम हो चूडामणि वास्तव ।
आफ्ना पिता र माताका सन्तोषजन्य वैभव ।
अन्न थन्क्याउने मैह्ना कामको बोझ बेसरी ।
यिनको जन्मले ल्यायो महामङ्गल सर्वरी ॥
(३७)

माता इन्द्रकुमारी हुन् गोविन्दहरि हुन् पिता ।
माता, पिता दुवै ज्ञानी मान्ने आचारसंहिता ।
कान्छा महन्त नामैले चिनिएका थिए पिता ।
आफ्ना कर्मविशे नित्य राख्ने प्रभावकारिता ॥
(३८)

जन्मेथे टौमढीटोल सुरम्य भक्तपुरमा ।
शोभायमानतालाई बोकेर निज काँधमा ।
सभ्यतारित, संस्कार उनेर आत्मखण्डमा ।
जन्मेको भान देखाए सुरम्य बाल्यकालमा ॥
(३९)

बाग्मती नद देखेर सिके जीवनको गति ।
आफ्नै प्रवाहका बारे बोले तरङ्ग यावति ।
अनेक क्षेत्रमा राख्ने योगदान मनोरम ।
हस्ती हुन् युगका एक योद्धा भरत जङ्गम ॥
(४०)

●



माधव वियोगी पोखरा, कास्कीमा बसोवास गर्नुहुन्छ । उहाँ महाकाव्यकार हुनुहुन्छ ।

# अभिनन्दन
## – रामनाथ अधिकारी सँगी

(वाचन : ईश्वरी रिजाल)

विशिष्ट प्रतिभाशाली हाम्रा भरत जङ्गम
यी हुन् नेपालका तारा, गर्छन् मीठो परिश्रम ॥
आफ्नै पौरखको स्वाद शुद्ध पवित्र निर्मल
गर्छन् प्रयोग हाँसेर, प्रशंसा गर्दछन् सब ॥

देशभक्त महास्रष्टा अन्यायका विरोधी हुन्
न्यायको पक्षमा लड्ने लोकमा यी प्रसिद्ध छन् ॥
साच्चै हो यिनको व्याख्या गर्नलाई कठिन छ
ठान्दछु यिनका निम्ति छैन केही असम्भव ॥

आफ्नो सुकार्यले गर्दा लोकप्रिय समाजमा
लोकमा यिनकै चर्चा हुने गर्छ जहाँतहाँ ॥
असाधारण व्यक्तित्व छ साधारण जीवन
दूरदर्शी महाज्ञानी ठान्दछन् विज्ञ सज्जन ॥

बटुलेर सँगालेका चारैतर्फ अनुभव ।
बहन्छन् काव्यधारामा अचम्म पर्दछन् सब ॥
विश्व नै घर हो एक भन्ने महान भावना
बोकेका व्यक्ति हुन् एक उच्च पवित्र कामना ॥

जन्मन्छन् बिरलै यस्ता लोकमा व्यक्ति वास्तव
नेपालमा परे देखा गर्छन् आदर नै सब ॥
भ्रष्टाचार बढ्यो धेरै, देश दल्दलमा फस्यो
शोसिए जनता देश नेतृत्वले भुँडी भऱ्यो ॥

सच्चा नेपाली आमाका पुत्रलाई पऱ्यो पिर
भ्रष्टविरुद्धका निम्ति सोच्न थाले निरन्तर ॥
अभियान चलाएर भ्रष्टाचार विरुद्धमा
फैलाउँदै गरे काम लोकमा जनचेतना ॥

उच्च आदर्श बोकेका मात्र यी एक व्यक्ति हुन्
अभियन्ता यी हुन् सच्चा, लोकका मनभित्र छन् ॥
भ्रष्टविरोधमा लागे, सत्ताइस सालदेखि नै
लेखनी यसमै दौड्यो सक्रिय भै सधैँ-सधैँ ॥

पवित्र भावनाधारी, हुन् यी कडा प्रशासक
ठान्दथे यिनका सामु गल्ती गर्न असम्भव ॥
शारदा लक्ष्मीका छोरा धर्मका दिव्य ज्योति हुन्
न्यायका पक्षमा लड्न सर्वत्र यिनी पुग्दछन् ॥

साहित्य क्षेत्रमा उच्च स्थान नै छ सुरक्षित
परिवेश रहोस् जस्तै सधैँ हुन्छन् प्रफुल्लित ॥
हरेक पक्षमा अग्र, समाजमा क्रियाशील
राग, द्वेष छँदै छैन, पवित्र मन निर्मल ॥

उच्च आन्दानका स्रष्टा, चम्किला भाग्यमानी यी
विश्वास कर्ममा राखी गरे भारी समुन्नति ॥
धर्म, संस्कृति, संस्कार, रक्षा गर्न खटी रहे
पन्छाई मार्गका काँडा सदा अघि बढी रहे ॥

धनी, ज्ञानी र विद्वान, भाग्यशाली यी हुन् तर
मिलनसार सबैसँग व्यवहार सकुशल ॥
देश-विदेशका विज्ञहरूले यिनका लिए
मानसम्मानका गुच्छा अमूल्य रचना दिए ॥

गोविन्दहरि हुन् बाबा, आमा इन्द्रकुमारी हुन्
जङ्गम खान्दानका नायक कुलका रत्न ज्योति छन् ॥
रेडियोमा गरे काम चौध वर्ष उमेरमा
कार्यक्रम चलाएर देखाए प्रतिभा त्यहाँ ॥

जसरी वनका काँडा तिखारिन्छन् त्यसै गरी
तिखारिँदै गए स्रष्टा, चल्यो चर्चा वरिपरि ॥
देश-विदेशका सारा, बटुलेका अनुभव
साहित्य क्षेत्रका एक हुन् यी वरिष्ठ साधक ॥

देखिन्छ उत्तिकै चासो यिनको राजनीतिमा
भ्रष्टविरोधका खम्बा भन्नुपर्दा यथार्थमा ॥
त्रिहत्तर वर्षमा ऐले दौडँदैछन् युवा बनी
अत्याचार गरी अन्त्य मात्र म मर्दछु भनी ॥

भ्रष्टाचारीहरूमाथि कडा प्रहार गर्दछन्
सेवामा देह अर्पेर ढुक्कले अघि बढ्दछन् ॥
जनता देशका निम्ति काम गर्ने भनीकन
निर्वाचित भई जाने देखिए जनदुस्मन ॥

आफ्नै स्वार्थतिरै लागे मौका यही भनीकन
धन आर्जनका लागि गरे काम धमाधम ॥
जङ्गिए भ्रष्टका निम्ति वीर भरत जङ्गम
सहयोगी बने धेरै राम्रो पक्ष भनीकन ॥

हुन् यी सपुत्र नेपाली आमाका पुत्र सेवक
लडेका छन् गरेका छन्, योगदान ऐतिहासिक ॥
साहित्य क्षेत्रमा उस्तै योगदान गरे ठूलो
कालजयी बने पुग्न लेख्छन् विद्वान यै कुरो ॥

अभियानसमेत हाँके भ्रष्टाचारविरुद्धको
सच्चा कर्म भएकाले समर्थन ठूलो थियो ॥
निःस्वार्थी चतुरा शूरा, स्पष्टवक्ता दया मन
फक्रेका देशका पुष्प सङ्घर्षमय जीवन ॥

कलमक्रान्तिका योद्धा, यिनको उपनाम हो
भ्रष्टको अखडा तोड्न प्रतिबद्ध हुनुभयो ॥
द्रव्यपिशाचको लक्ष्य लेखनीले अतालियो
सोझालाई चुसी डस्ने कालो सर्प पछारियो ॥

सारथि राष्ट्रका एक होनहार सपूत हुन्
पत्रकार प्रखर वक्ता, लोकमा जनप्रिय छन् ॥
प्रसिद्ध उपन्यासकार, साहित्य-साधनारत
हँसियो चेहरा चौडा छाती पुष्ट शरीर छ ॥

नमातेका सरल व्यक्ति, शिष्ट भद्र स्वभावका
गरने यिनको काम खोजमूल यथार्थता ॥
आफ्ना विचार उद्देश्य ल्याउने व्यवहारमा
अरूभन्दा बढी नै छन् राष्ट्रको योगदानमा ॥

यस्ता मूर्धन्यको नाम, सम्झने मनसा भयो
सम्मान गर्न छन् योग्य, कविले यै निधो गऱ्यो ॥
चन्द्र, सूर्य रहेसम्म, चम्क साहित्याकाशमा
दीर्घ जीवन सुस्वास्थ्य रहिरहोस् गाथमा ॥

गर्छु सम्मान स्रष्टाको शब्दका पुष्पहारले
आशीर्वाद यही मेरो, अभिनन्दन प्रेमले ॥

●



रामनाथ अधिकारी सँगी राष्ट्रिय धर्मसभा नेपालका केन्द्रीय सदस्य तथा महाकाव्यकार हुनुहुन्छ ।

# ज्योतिपुन्ज
## – ज्यो. पं. लोकहरि घिमिरे

दिनदशागते जन्ममार्ग महिना दुई हजार चार साल
शुभमुहूर्तको जन्म चूडामणि नाम उज्ज्वल
बस्ती जङ्गम टौमढीटोल जिल्ला भक्तपुर
थिए पुर्ख्यौली सम्पन्न बसाई का. जि. हाल बानेश्वर ।
ॐकार शब्दले शुभ ज्ञान हुँदो श्रीको दर्शन
धर्मावलम्बीलाई घचघच्याई अगुवा भई न्याय गुहार्न
यथास्थिति धर्म-संस्कार पूजा गर्न निर्देशन न्यायले
जे गर्नु थियो गऱ्यौ श्री आशुतोषको दिव्य दृष्टिले ।
भएका थियौ सच्चा व्यक्ति प्रशासक स्वरूपमा
भ्रष्ट खोज्दै अगुवापथमा ज्ञाता थियौ न्यायमा
भ्रष्टाचारीको विरोध गर्दै गरेका छौ सबको हित
अनेकौं कीर्ति फैलिँदै जाला हजुरको नाम भरत ।
कालजयी व्यक्तित्व अङ्कित नामले जङ्गम चमक
सानैदेखि उत्साह, उमङ्ग, उस्तै फुर्ति, रवाफ, तमक
कुशल अभियन्ता ‘कालो सूर्य’ वाला कर्मयोगी लेखन
मिलनसार, गर्दै जगेर्ना इतिहास खोज्न ।
भाषाशैली पुरातात्त्विक उत्थानमा अभिरुचिता
नाना काव्य र महाकाव्य रच्न मिल्ने अभियन्ता
वर्ष पचहत्तर उमेरमा युवासरि जोस-जाँगर
बोलीचाली चम्कँदो शरीर रचना लेखनमा अग्रसर ।
चम्किलो ताराझैँ ज्योति दियौ सपूत भई राष्ट्रमा
भरत जङ्गम कीर्ति फैलियोस् सम्झना देशदेशमा
भरत व्यक्तिको भरतेन्दु चिनाउँदो उही काव्यले
गोविन्दहरि सुपुत्रको हीरक जन्म मनाऊँ पवित्र दिलले ।

●



लोकहरि घिमिरे ज्योतिष हुनुहुन्छ ।

# मङ्गलवाणी
## – शारदाप्रसाद शर्मा

ॐकार रूपको सार अक्षय ब्रह्म अक्षर ।
त्यही अक्षरको दाना मिलाई सुमनोहर ॥
शब्दब्रह्म सुधारूप ग्रन्थ सम्पन्न गर्नुछ ।
आफ्ना कौशलले खोजी कीर्ति खिपेर भर्नुछ ॥१॥

शैवनायकको रक्षा गणनायकले गरून् ।
शारदामनको इच्छा गणनायक नै तुरून् ॥
वक्रतुण्डी महाकाय श्रीगणेश खुसी रहू ।
जे गरी हुन्छ यात्राको अन्त्यसम्म बसी रहू ॥२॥

नमः श्री विजया ! दुर्गा ! नमः श्री सिंहवाहिनी !
नमः श्री चण्डिकादेवी ! नमः श्री विन्ध्यवासिनी !
म को हुँ किन आ'को हुँ म जान्दिनँ कुनै कुरा ।
तथापि ज्ञान-बुद्धि द्यौ कर्म गर्न सकौँ पूरा ॥३॥

दुष्टता, भ्रष्टता नाशी धरा-धर्म फिजाउन ।
झगडा, रिस, उन्माद, अहङ्कार भगाउन ॥
कसैको साथ चाहन्छु यदि सक्छ्यौ तिमी भने ।
मलाई साथ द्यौ नित्य स्नेह, सद्भाव फैलिने ॥४॥

इच्छाशक्ति बढोस् मेरो काव्य पूर्ण गराउन ।
श्रद्धा युक्ति बढोस् मेरो सिर्जना लहराउन ॥
यथाशक्ति टिपूँ गाथा कीर्ति हाल बताउन ।
नयाँ राम्रा थपूँ कन्था, तालमाल मिलाउन ॥५॥

नयाँ वर्ष नयाँ हर्ष नयाँ जोस उमङ्ग होस् ।
नयाँ फूल फुलेजस्तै नयाँ सोच प्रकाश होस् ॥
नयाँ जीवन पाएझैँ खुसीले नाच्न पाइयोस् ।
नयाँ स्वाद र सन्तुष्टि मिलेझैँ बाँच्न पाइयोस् ॥६॥

वरेण्य प्रतिभाशाली, धर्म-संस्कृति रक्षक ।
नवीन रचना गर्ने कर्मका प्रतिपालक ॥
समाज हितका लागि जीवनाहुति गर्छ जो ।
उनै पुरुषको गाथा शारदा ! गर पूर्ण यो ॥७॥

उदाहरण छन् केही तिनमा एक भिन्न छन् ।
प्रकाशमय चिन्तामा उनका दिन बित्दछन् ॥
उनैप्रति खुलोस् वाणी वाग्वतीप्रति वन्दन ।
उनै भरतको कीर्ति शारदी अभिनन्दन ॥८॥

श्रीकण्ठ भक्त वंशस्थ श्री वीरशैवभास्कर ।
श्रीयन्त्र पदका भक्त कीर्तनीय शुभेच्छुक ॥
नयाँ दर्शनका वक्ता कृष्ण रक्त प्रभाकर ।
उनैको गुण लेख्नामा लागेको छ गुणाश्रित ॥९॥

गोविन्दहरिका छोरा, छोरा इन्द्रकुमारीका ।
बाबा पद्मा र रक्षाका, बाबा छोरा अनुपका ॥
व्यूहचक्र रची छाप्ने ज्ञाता भरत जङ्गम ।
उनी हुन् न्यायका ज्ञाता, धर्म-साहित्य सङ्गम ॥१०॥

अकट विकट टार्ने आँट आओस् मलाई ।
प्रकट हुन सकूँ यो काव्य सङ्क्षिप्त गाई ॥
सरस सलल बग्दै भाव गाम्भीर्य छाऊँ ।
सकल सफल पार्दै पाठमा भर्न पाऊँ ॥११॥

अगाध गाम्भीर्य अगाध शक्ति ।
अगाध ऐश्वर्य अगाध भक्ति ॥
अगाध आस्था र अगाध शान्ति ।
अपारको पार गराऊ भ्रान्ति ॥१२॥

आकाशगङ्गासरि सल्बलाओस् ।
आकाशवल्लीसरि चल्बलाओस् ॥
आकाशवाणीसरि फैलियोस् यो ।
आख्यायिकाको रूपमा बढोस् यो ॥१३॥

आदेय अन्वेषण गर्नलाई ।
आदर्श आध्यात्मिक यत्नलाई
आलस्य छोडी अपवित्र तोडी
आकर्ण पार्दै दिनरात दौडी ॥१४॥

इन्द्रत्व उत्कृष्ट गराउनाको ।
इच्छा लिई न्याय टिकाउनाको ॥
इस्पातझैँ दर्वटझैँ उदायौ ।
इन्द्रावतीको जलझैँ सुसायौ ॥१५॥

इखालुझैँ कर्म गरी गरामा ।
ईशानको शान बन्यौ धरामा ॥
ईर्षा गलामा रहँदा थपक्क ।
ईषद् सधैँ खुल्दछ क्या झपक्क ॥१६॥

उत्कृष्ट उत्पादक वाग्वतीको ।
उत्कृष्ट उत्पादक सद्मतीको ॥
उत्कृष्ट उत्पादक भीष्मकीको ।
उत्कृष्ट उत्पादक भास्करीको ॥१७॥

ऊर्जा बनी उत्कट बोझ बोकी ।
ऊर्जस्वी भै भ्रष्ट भरष्ट ठोकी ॥
ऊर्वर् दिमागी लहरा फिँजाई ।
उर्मी फिँजायौ ईश-देशलाई ॥१८॥

एक्का बनी पेस गरेर अर्जी ।
एक्का बनी नूतन शास्त्र सिर्जी ॥
एकै छ शत्रु यही भ्रष्टता भनी ।
एकै छ बाटो यही नास्नु हो भनी ॥१९॥

एक मार्ग लिई भ्रष्ट तत्त्वलाई ठटाउन ।
एकलव्य बनी भ्रष्ट भित्रबाटै हटाउन ॥
एउटै मार्ग ली भ्रष्टतन्त्र मुक्त बनाउन ।
एकत्व भावले लाग्यौ हाम्रो देश बचाउन ॥२०॥

ऐँजेरुझैँ पलाएका भ्रष्टताले उचालिई ।
ऐश-आरामले खाने जुकाजस्ता चुसी चुसी ॥
ऐलानी पनि मासेर आफ्नै पार्ने मुसाहरू ।
ऐनको बोलीमा गर्ज्यौ थर्थराए लुचाहरू ॥२१॥

ऋतव्रती बनी ज्ञानी ऋद्धिसिद्धि फिँजाऊ ।
ऋतुकरप्रिय जङ्गम ऋक्षझैँ फैली आऊ ॥२२॥

ॠ तिम्रो छ चौडा ॠ गर्ने छ आँट ।
ॠको नाश गर्ने ॠको रूप छाँट ॥२३॥

ऌझैँ उच्च तिम्रो ऌजस्तै छ सूत्र ।
ऌ भै उत्पतिको ऌझैँ छौ पवित्र ॥
ॡीका भक्त तिम्रो ॡीकै रूप देख्छु ।
ॡीको गर्भ साक्षात् ॡी नै हो कि ठान्छु ॥२४॥

ओत लागेर ठालुको ओकल्नु नपरेपछि ।
ओइरै गरी खाने ती ब्वाँसाका झुन्डको गति ॥
ओखती गरी आगोमा खरझैँ भस्म पार्नमा ।
ओजिलो सजिलो शस्त्र शास्त्रको पहिचानमा ॥२५॥

औकात हेर्दा अरबी छ ठाँट ।
औचित्य पुष्टि नहुने छ काँट ॥
औलाद हेर्दा बलका घमन्डी ।
औजार बोकी उही बन्छ मन्त्री ॥२६॥

अङ्कमाल गरी त्यस्ता चुत्थालाई चुल्याउँदै ।
अन्तरीय नलाएझैँ लज्जा, घृणा बढाउँदै ॥
अङ्कभार बढाएर सत्तास्वाद लिनेकन ।
अंशुमान बनी पोल्ने बन्यो भरत जङ्कम ॥२७॥

त्यस्ताको धनको स्रोत खोजी भाटो लगाउन ।
कुशासन छुटाएर सुशासन चलाउन ॥
मरीमाटी गरी भ्रष्ट भष्टाचार हटाउन ।
पोथी-पाथ बनाएर सुमार्ग पहिल्याउन ॥२८॥

जे गऱ्यौ धन्य छौ आफ्नो कीर्तिस्तम्भ ठड्याउन ।
भ्रष्टाचार हटाएर न्याय-धर्म अड्याउन ॥
अनुगामी बनून् न्याय-धर्म जिम्मा लिनेहरू ।
पश्चात्ताप गरून्, माझून् भ्रष्टले भ्रष्टका खरु ॥२९॥

अःका भक्त अःका प्यारा अःका रूप अःकाऽऽश्रय ।
असाध्य कामको साध्य अँगाल्ने धन्य साधक ॥३०॥

आग्रहायणमा जन्मी आचारभ्रष्टका प्रति ।
आत्मदेशीय भाषामा आचिन्त्य शास्त्र जो रची ॥
आत्मवञ्ची सबैको नै आँखा खोलेर जे गऱ्यौ ।
त्यो सबै योग्यताबाटै तिमी अमृत नै भयौ ॥३१॥

पौने शताब्दी भोगेका प्यारा भरत जङ्गम ।
न्याय-कानुनका ज्ञाता, धर्म-साहित्य सङ्गम ॥
भ्रष्टाचार हटोस्, तिम्रो शास्त्र-दर्शन चम्कियोस् ।
मान्छेको मनको मैलो फाल्ने सङ्कल्प पूर्ण होस् ॥३२॥

अतुलित बलशाली अक्षरान्वेषी मित्र ।
अगणित भलिभाँती ज्ञानको कोरी चित्र ॥
अकलुष जननेता पार्न जे-जे भरेथ्यौ ।
अलिअलि त्यही लेखें जे तिमीले गरेथ्यौ ॥३३॥

अब तल कवि लेख्छ भ्रष्ट आचार के हो ।
गतिविधि अरू कोर्छ प्रस्ट भैहाल्छ डोरो ॥
खटपट नभए यो पूर्ण होला अवश्य ।
तलवितल भएमा माफ पाऊँ क्षमस्व ॥३४॥

●



शारदाप्रसाद शर्मा शब्दयात्रा प्रकाशनका महाप्रबन्धक तथा वाङ्मयसेवी लेखक हुनुहुन्छ ।

# विशेष व्यक्तित्वको हीरक महोत्सव
## – श्रीधर पौडेल

(वाचन : मीना अधिकारी)

भरत जङ्गम नामक मानव मुलुकनिम्ति छ जीवित भन्छु म ।
मुलुकमा सुखशान्ति हवस् भनी दिन र रात बराबर देख्छु म ॥
॥ १ ॥
मुलुकको विधि कानुनमा छ के बुझिलियो जसबाट प्रवीणता ।
अभयसाथ फलाक्न मरीमिटी जुन सऱ्यो हुनमा सहकारिता ॥
॥ २ ॥
मुलुकमा विधि-शासन होस् भनी सतत जो कटिबद्ध हुने गऱ्यो ।
भरत जङ्गमबाट चिनिन्छ त्यो थरर पार्दछ व्यक्ति किटेर यो ॥
॥ ३ ॥
मुलुक भ्रष्ट, अनैतिक रोगले, नहुन लागिरह्यो भरजीवन ।
डर र त्रास कदापि लिएन जो मुलुकनिम्ति गऱ्यो जुन चिन्तन ॥
॥ ४ ॥
गरुँ विकास सबै जनता मिली, नगरुँ शोषण भन्दछ जङ्गम ।
प्रगति छैन, विनाश छ; के भयो हुनुपऱ्यो अब राष्ट्रिय चिन्तन ॥
॥ ५ ॥
मुलुकको दयनीय दशा भयो प्रकृति शोषणबाट वसुन्धरा ।
मुलुक भो अब जर्जर सर्वथा, गरिनुपर्दछ राष्ट्र हराभरा ॥
॥ ६ ॥
मुख नबाउ, पुऱ्याउ छ जे घर, धन उवाज गरी सव उद्यम ।
सुख र शान्ति समृद्धि छ हातमा, नलुट देश भने पनि जङ्गम ॥
॥ ७ ॥
कुन छ मानव आर्जित सम्पति, मरणसाथ सँगै लिन सक्षम ।
सब यहीँ जब त्यागनुपरेपछि, किन कमाउनु भ्रष्ट भई धन ॥
॥ ८ ॥
मुलुक हो जननी खुस राख्नुमा सपुत हुन्छ, परे सब गर्दछ
सपुत भ्रष्ट, अनैतिक क्यै गरी, हुँदिन, मर्नुपरे पनि मर्दछ ॥
॥ ९ ॥

सदनमा ढुकुटी धनले भरी, मुलुक नग्न गराउन अग्रणी ।
कुपुतको इतिहास कहाँ हुने, कुकुरकै अनुरूप हुने जुनी ॥
॥ १० ॥
कपुतले जिउँदै पनि मर्नु हो, मुलुकका प्रति दृष्टि दिँदैन जो ।
मुलुकका प्रति बन्दछ भार त्यो, जिउनुको कुन अर्थ त्यहाँ भयो ?
॥ ११ ॥
अति विशिष्ट सपूत अनूपमै भरत जङ्गम हो शुभनामको ।
मुलुकमा गनिने जनमध्यमा भरत जङ्गम हो स्वविवेकको ॥
॥ १२ ॥
वय बढी अहिले जसको यहाँ हिरक भो शुभ जन्ममहोत्सव ।
दिन शुभाशिषनिम्ति चिरायुको अघि सऱ्यौ पनि आज विशेषतः ॥
॥ १३ ॥
जिउनुपर्छ शतायु सुस्वस्थ भै, जुन छ जङ्गम देश प्रतिष्ठित ।
गलत भ्रष्ट अराजक तत्त्व त्यो, हुन उजागर गर्दछ निर्भय ॥
॥ १४ ॥
जुन समूह छ भ्रष्ट स्वदेशको, किटिकिटान गराउँछ जङ्गम ।
विधि मिचाइ कहीँ यदि देखियो जनसमक्ष पुऱ्याउँछ नाङ्गिन ॥
॥ १५ ॥
प्रबल हो मुटु श्री भरताख्यको, अभयसाथ सुनाउँछ विस्तृत ।
निगम होस् कि नियामक आश्रितै, प्रलय ल्याउँछ उत्कट जङ्गम ॥
॥ १६ ॥
जुन जहाँ पनि जान समर्थ छ, मन र पेट जहाँ पनि पुग्दछ ।
नियत आर्थिक लूट भयो जहाँ, सहज त्यो लिपिबद्ध गराउँछ ॥
॥ १७ ॥

●



श्रीधर पौडेल दाङमा बस्नुहुन्छ । उहाँ महाकाव्यकार हुनुहुन्छ ।

# गजल
## – सिर्जना खनाल

(वाचन : कविता नेपाल)

दुख्ता दुःखी भावनामा, बग्ने बनायौ भरत
सारा खुसी दिन्छु भन्दै, लड्ने बनायौ भरत

जँघारको खोज  गर्लान्, खोली तरेकाहरू
डुङ्गा बनी पार तार्दै, तर्ने बनायौ भरत

ईश्वरको आशीष तिमीमा, हरपल भएको सुनी
शङ्कर भोले नाम जप्तै, बाँच्ने बनायौ भरत

नेताको हर्कत छ कस्तो, तिम्रो अधरमा पढी
छलछाम झोस्ने अगेनो, खोज्ने बनायौ भरत

गर्छौं हजारौँ मनोबल, बढाउने साधना
र त सिर्जना दिव्यतामा, पर्ने बनायौ भरत

●

सिर्जना खनाल रूपन्देहीको भैरहवामा बस्नुहुन्छ । उहाँ गजलकार तथा कवयित्री हुनुहुन्छ ।

# जङ्गमो जयतात् सदा
## – प्रा. हरिप्रसाद अधिकारी

(वाचन : हरि मञ्जुश्री)

नेपालराष्ट्रसेवार्थं सर्वदैव दृढव्रतः ।
विद्वद्वृन्दैश्च सम्मान्यो जङ्गमो जयतात् सदा ॥१॥

सर्वविद्याधरो धीमान् कार्याकार्यविचक्षणः ।
न्यायामार्गाश्रितो वाग्मी जङ्गमो जयतात् सदा ॥२॥

भ्रष्टाचारविनाशार्थं युद्धमानो निरन्तरम् ।
तच्छास्त्रस्याप्यभूत्कर्ता भरताख्यो हि जङ्गमः ॥३॥

तच्छास्त्रस्य यशो नूनं वर्धतेऽद्य धरातले ।
विद्वरा मोदमापन्ना दृश्यन्ते तस्य कार्यतः ॥४॥

धर्मसंरक्षणे चास्य समुद्योगो मुदावहः ।
नेपाले दृश्यते सर्वैर्धार्मिकैः सर्वतः सुखम् ॥५॥

नैकेषां गूढशास्त्राणां प्रणेताः भरतः सुधीः ।
राजते विदुषां मध्ये नक्षत्राणां यथा शशी ॥६॥

नैकभाषासु निष्णातो नैकविद्याविशारदः ।
शोधकार्यरतैर्नैकैर्नायकत्वेन सञ्चितः ॥७॥

भरताख्यो बुधो नूनं शिवाराधनतत्परः ।
आशुतोषप्रसादेन काशते विज्ञसंसदि ॥८॥

विना शम्भकृपां मर्त्यो निर्मितो भूतपञ्चभिः ।
विद्यैश्वर्यं यशः शुभ्रं नैवाप्तुं क्षमते क्वचित् ॥९॥

पूर्वार्जितेन पुण्येन सत्कर्माचरणेन च ।
गुरूणां सन्निधानेन निर्मला जायते मतिः ॥१०॥

केचिज्जीवन्ति लोकेऽस्मिन् केवलं स्वार्थपूर्तये ।
महात्मानस्तु जीवन्ति सर्वलोकस्य सिद्धये ॥११॥

एतस्य विदुषः कार्यं विलोक्य विश्वतोषकम् ।
श्रद्धा समेषां लोकानां जायते नात्र संशयः ॥१२॥

पञ्चसप्ततिवर्षाणि पूरितान्यत्र कुर्वता ।
सर्वदा शुभकार्याणि भरतेन विपश्चिता ॥१३॥

वर्धापनेन तस्यात्र धीमद्भिः कोविदोत्तमैः ।
वाग्दव्याः सेवकाः सर्वे पूजिताः सत्पथानुगाः ॥१४॥

सहर्षणं कर्मपरायणानामुत्तेजनं सुप्तपराक्रमाणाम् ।
भूयादवश्यं ह्यभिनन्दनेन सम्प्रार्थये काशिपतिं गिरीशम् ॥१५॥

चन्द्रशेखरवर्याणां स्वामिनां कृपया यदा ।
अनुवादो मयाकारि सिद्धान्तस्य शिखामणेः ॥१६॥

तदानीमेव नेपालवास्तव्येन विपश्चिता ।
भरतेनाभवत्सङ्गो वाराणस्यां मुदावहः ॥१७॥

नैकानि ग्रन्थरत्नानि दत्तानि तेन सादरम् ।
तान्यधीत्य मया ज्ञातं भारतं ज्ञानवैभवम् ॥१८॥

तस्मात् कालात्समारभ्य सम्बन्धो वर्धते शुभः ।
नवोन्मेषकरो रम्यो ज्ञानचर्चाप्रवर्धकः ॥१९॥

राष्ट्रपुत्रस्य तस्यैव क्रियतेऽत्राभिनन्दनम् ।
नैपालकैः श्रेष्ठविद्भिः सम्भूय सर्वसौख्यदम् ॥२०॥

इति विज्ञाय मे चेतो मोदते गुणगौरवम् ।
मयापि वर्णितं किञ्चिद् विश्वेश्वरप्रसादतः ॥२१॥

काश्यां सकाशादुपवर्णितं मया ।
श्रीजङ्गमस्यात्र यशोऽति निर्मलम् ॥
तत्पाणिपद्मे विनिवेद्य सादरम् ।
कांक्षे स जीव्याद् शरदां शतं मुदा ॥२२॥



हरिप्रसादनामाहं हरिपादाप्तसन्मतिः ।
कामये भरतो विद्वान् भ्राजतां सञ्चरन् चिरम् ॥२३॥

•

प्रा. हरिप्रसाद अधिकारी सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीको तुलनात्मक धर्मदर्शन विभागका अध्यक्ष हुनुहुन्छ ।

# चौथो खण्ड

# प्रश्न हरि मञ्जुश्रीको उत्तर भरत जङ्गमको
## – हरि मञ्जुश्री

### पुर्ख्यौली इतिहास

*० तपाईंको थर 'जङ्गम' लेख्नेहरूको सङ्ख्या थोरै मात्र देखिन्छ । यो थर भएका व्यक्तिहरू साँच्चै नै थोरै छन् कि अन्य थरहरू लेखेकाले थोरै देखिएका हुन् ?*

–वास्तवमा थोरै परिवार मात्र छन् । अल्पसङ्ख्या भएका कारणले गर्दा केही जङ्गम-परिवारहरूले शर्मा, शर्मन्, रावल, लाओ र केसी थर पनि लेख्ने गरेका छन् ।

*० 'जङ्गम' थर कसरी बन्यो, यसको धार्मिक र सांस्कृतिक परिचय पनि छोटकरीमा बताइदिनोस् न !*

–हिन्दूधर्मको प्राचीनता हेर्ने हो भने शैवमतले नै नेतृत्व गरेको देखिन्छ । शैवमतमा पनि कट्टर शिवमार्गीलाई वीरशैव भनिन्छ । हो, त्यही वीरशैव मतका अनुयायीमा ब्राह्मणकोटिको वर्गलाई जङ्गम भनिन्छ । छोटकरीमा भन्नुपर्दा जङ्गमहरू शैवब्राह्मण हुन् । जङ्गमहरू वीरशैव लिङ्गायत सम्प्रदायअन्तर्गत पर्दछन् ।

*० तपाईंहरूका पुर्खाको उद्‌गमस्थल कहाँ हो ?*

–प्राचीन नेपालको लिच्छविकालमा नान्यदेवले सिमरौनगढ (मिथिला प्रदेश) मा राज्य सञ्चालन गर्दा राजगुरुका रूपमा जङ्गमहरू कर्णाटवंश (दक्षिण भारत) का राजा नान्यदेवसँग कर्णाटकबाट आएको प्रमाण देखिन्छ । त्यसै गरी बाह्रौं शताब्दीमा राजा हरिसिंहदेव मल्ल भक्तपुरमा आउँदा जङ्गमहरू राजगुरुका रूपमा साथै आएका हुन् । प्राप्त प्रमाणअनुसार हरिसिंहदेव मल्लका भाइ रुद्रदेव मल्लका पालादेखि भक्तपुरमा स्थायी रूपमा बसोवास गरेका हुन् । यो तथ्य भक्तपुरको जङ्गममठमा भएको शिलालेखले बताएको छ ।

*० भक्तपुरबाहेक अन्यत्र पनि जङ्गमहरू छन् ?*

–तत्कालीन भक्तपुर राज्यअन्तर्गत स्थापित शिवमन्दिरहरूमा जङ्गमहरूको नेतृत्व रहेका कारणले गर्दा हाल काभ्रेपलान्चोक जिल्ला अन्तर्गतका शिवालयहरू भालेश्वर, इन्द्रेश्वर (पनौती), गौखुरेश्वर (धुलिखेल),

धनेश्वर (बनेपा), भक्तपुर जिल्लाको अनन्तलिङ्गेश्वर (गुन्डू) र डोलेश्वर (सिपाडोल) मा जङ्गमहरूको बस्ती छ ।

*o जङ्गमहरूको विशिष्ट धार्मिक परिचय कसरी दिन सकिन्छ ?*

–जङ्गमहरू शैवमार्गी भएका कारणले आचरणमा कट्टर छन् । यज्ञोपवीतका साथमा शिवलिङ्गसमेत धारण गर्ने भएका हुँदा शिवोपासना र योग नित्यकर्मभित्र पर्छ । जङ्गमहरू पूर्णतः उच्चस्तरीय (ब्राह्मण) आचरणमा बसेका हुन्छन् ।

*o तपाईं ती सबै संस्कारहरूको पालना गर्नुहुन्छ त ?*

–प्रायः जङ्गमले पालना गर्नुपर्ने सबै कृत्यको मैले पनि पालना गरेको छु । धर्मको पालना भनेको जीवनरक्षा हो । मैले यही बुझेको छु र सकेसम्म धर्मशास्त्रको निर्देशनलाई अनुसरण गर्ने कोसिस गरेको छु ।

## घरपरिवार

*o तपाईंको जन्म कहिले कहाँ भएको थियो ?*

–मेरो जन्म विक्रम सम्वत् २००४ साल मङ्सिर १० गते तदनुसार सन् १९४७ नोभेम्बर २५ मङ्गलबारका दिन भक्तपुर जिल्लाको टौमढी टोलमा भएको हो ।

*o तपाईंका पिताका सन्तान तपाईंहरू को-को र कतिजना हुनुहुन्छ ?*

–मेरा पिता गोविन्दहरि जङ्गमका हामी छोरामा राम, भरत, दीपक र पुष्कर गरी चार दाजुभाइ छौँ भने छोरीहरूमा सावित्री, गायत्री, दुर्गा, सानीमैया, शान्ता र सविता गरी छ दिदीबहिनीहरू छन् ।

*o तपाईंले कहिले विवाह गर्नुभएको हो ? श्रीमतीको माइतीतर्फको परिचयसमेत दिनोस् न !*

–मेरो विवाह काठमाडौँ डिल्लीबजारनिवासी यज्ञबहादुर केसीकी जेठी छोरी इन्दिरासँग २०३२ साल असारमा भएको हो । सासूआमाको नाउँ अम्बिका केसी हो । उहाँहरूका छोरा भरत, गोपाल, राजेन्द्र र प्रदीप चारजना हुन् । उहाँहरूका अरू छोरी शान्ति, मन र वर्षा तीनवटी छन् ।

*o तपाईंको परिवारमा अहिले को-को हुनुहुन्छ ?*

–हामी श्रीमान्-श्रीमतीलगायत छोरी रक्षा र छोरा अनुप छन् । छोरी रक्षाको वैकुण्ठविक्रम थापासँग विवाह भयो । हाल उनीहरू अमेरिकाको टेक्सासमा बस्छन् । उनीहरूका दुई छोरा देवेनविक्रम थापा र देबिसविक्रम थापा छन् । छोरा अनुपको विवाह निशा केसीसँग भएको छ । उनीहरूका दुई

छोरा आरभ जङ्गम र निभेन जङ्गम छन् । अहिले हाम्रो घरमा हामी तीन पुस्ता बस्छौँ ।

*० भक्तपुरबाट सरेर काठमाडौँमा घर बनाउनुभएको कहिले हो ?*

–हाम्रो दुवैतर्फ पहिलेदेखि नै घर थियो । म २०१४ सालदेखि बानेश्वरको घरमा बस्न थालेको हुँ ।

## शिक्षा, वातावरण र प्रभाव

*० तपाईंको प्रारम्भिक अध्ययन कहाँ र कहिले सुरु भयो ?*

–मेरो अक्षरारम्भ २००८ सालको श्रीपञ्चमीको दिन पण्डित यदुनाथ शर्मा आचार्यले गराउनुभएको हो । प्राथमिक शिक्षा भक्तपुरको श्रीपद्म हाइस्कुलबाट प्राप्त गरेको हुँ ।

*० परिवारमा भएको शैक्षिक वातावरणले तपाईंमा कस्तो प्रभाव पाऱ्यो ?*

–त्यसताका नेपालमा भरखर प्रजातन्त्रको स्थापना भएको कारणले गर्दा शिक्षाको विकासमा सबै लागेजस्तै मेरा पिताजी पनि त्यसतर्फ अग्रसर हुनुहुन्थ्यो । पण्डित यदुनाथ शर्मा आचार्य र हेडमास्टर इन्द्रप्रसाद शर्माजस्ता उच्च शिक्षा हासिल गरेका शिक्षकहरू घरमा नै बिहान-बेलुका आई हामीलाई पढाउने काम गर्नुहुन्थ्यो । त्यसैले घरमा शैक्षिक वातावरण राम्रो भएको हुँदा ममा सकारात्मक प्रभाव पर्नु स्वाभाविकै थियो ।

*० माध्यमिक तहको शिक्षा कहिले र कहाँबाट उत्तीर्ण गर्नुभयो ?*

–माध्यमिक तहको परीक्षा २०२१ सालमा उत्तीर्ण गरेको हुँ । मैले चाबहिलस्थित पशुपति हाइस्कुल र रानीपोखरीस्थित तत्कालीन दरबार हाइस्कुलमा अध्ययन गर्ने मौका पाएको थिएँ ।

*० उच्चशिक्षा कहाँ अध्ययन गर्नुभयो ?*

–तत्कालीन नेसनल कलेजमा अध्ययन गरी त्रिभुवन विश्वविद्यालयबाट स्नातक गरेको हुँ ।

*० स्नातकसम्मको शिक्षा हासिल गर्दासम्ममा तपाईंले भोग्नुभएका शैक्षिक, सामाजिक र राजनीतिक वातावरणले तपाईंमा पारेको मुख्य प्रभाव के हो ?*

–नेपाली समाजमा जमेको चाकरी, चाप्लुसी र स्वार्थी प्रवृत्ति देखेर मभित्र एउटा डर पैदा भयो र त्यही डरले मलाई सतर्क बनायो, साथै यस

समाजमा रहेका कुप्रवृत्तिका विरुद्ध लड्ने एउटा अठोट मभित्र पैदा भयो । त्यही नै मभित्र पैदा भएको सचेतना हो ।

*० तपाईंको लक्ष्यको किटानचाहिँ कहिले भयो ?*

– कहिले किटान भयो भनेर तिथिमिति त भन्न सकिन्न, तर क्रमशः विकसित भएर उमेरले आधा शताब्दी पार गरिसकेपछि मात्र यसले पूर्ण स्वरूप पाएको हो भन्नु ठीक हुन्छ जस्तो मलाई लाग्छ ।

## पत्रकारिता

*० तपाईंले पत्रकारिता क्षेत्रमा हात हाल्नुको कारण के हो ?*

– मेरो मस्तिष्कमा जमेको विद्रोही भावलाई लेखनीको माध्यमबाट देशद्रोही आततायीसामु पुऱ्याउनु र सर्वसाधारण जनतालाई तिनका विरुद्ध खडा हुन सक्ने बनाउनु नै पत्रकारिता क्षेत्रमा मैले हात हाल्नुको प्रमुख कारण हो ।

*० पत्रकारिता कुन पत्रिकाबाट कहिलेदेखि सुरु गर्नुभयो ?*

– त्यस बखत 'दैनिक गोरखापत्र' र साप्ताहिक पत्रिकाहरू 'जागृति', 'मातृभूमि', 'चर्चा' र 'समीक्षा' जस्ता पत्रिकाहरू थिए । तिनै पत्रिकाहरूमा मैले २०२७-२८ सालदेखि लेख्न थालेको हुँ ।

*० तपाईं कुन-कुन पत्रिकाहरूमा आबद्ध हुनुभयो ?*

– साढे चार दशक लामो समयमा धेरै पत्रिकाहरूमा लेख्ने काम भयो । काठमाडौँबाट प्रकाशित हुने प्रायः सबैजसो पत्रिकाहरूमा मेरो प्रत्यक्ष वा परोक्ष सम्बन्ध रह्यो ।

*० गुठी संस्थानको मुखपत्र 'धर्मदर्शन' को सम्पादन गर्न कसरी पाउनुभयो ?*

– म पत्रकार भएका कारणले गर्दा २०२९ सालमा गुठी संस्थानका तत्कालीन अध्यक्ष नायब बडागुरुज्यू जुनानाथ पण्डितले बोलाएर 'धर्मदर्शन' को सम्पादन गर्ने कार्य मलाई सुम्पनुभएको थियो ।

*० 'नेपाली आवाज साप्ताहिक' मा चाहिँ कसरी आबद्ध हुनुभयो ?*

– २०४७ सालमा 'नेपाली आवाज प्रकाशन प्रा. लि.' दर्ता गरेर 'साप्ताहिक नेपाली आवाज' लाई त्यसअन्तर्गत सञ्चालन गरियो । त्यस प्रकाशनको बढी सेयर मसँग रहेको हुँदा प्रकाशकका रूपमा म नै प्रस्तुत भएको थिएँ ।

*० 'नेपाली आवाज साप्ताहिक' कुन कारणले बन्द भएको हो ?*

–आर्थिक कारणले गर्दा साप्ताहिक रूपमा 'नेपाली आवाज' बन्द भएको हो, तर 'भ्रष्टाचारविरुद्ध विशेषाङ्क' का रूपमा भने पछि पनि प्रकाशित भयो । त्यस बेला यो पत्रिका पुस्तकको आकारमा निस्कने गरेको थियो । तपाईंले नै त्यसको सम्पादन गर्नुभएको त हो नि !

*० पत्रिकाका प्रकाशकहरूले बेहोर्नुपर्ने समस्याहरू के-के देख्नुभयो ?*

– कुनै पनि उद्योग-व्यवसाय चलाउँदा समस्या आएजस्तै प्रकाशन कार्यमा पनि अनेक समस्याहरू आउँछन् । खास गरेर व्यावसायिक रूपमा पत्रकारिता फस्टाउन नसक्ता समस्याको मुकाबिला गर्नुपर्छ । त्यस्ता समस्याहरूको मैले पनि अनुभव गरेँ ।

*० पत्रिकामा प्रकाशित तपाईंका टिप्पणीहरू तपाईंको लक्ष्य र तपाईंमा परेको प्रभावसँग कतिसम्म नजिक छन् भन्ने लाग्छ ?*

–प्रकाशित टिप्पणीहरू मेरै विचारपुञ्ज भएका हुँदा मेरो उद्देश्य, लक्ष्य र प्रभावबाट बाहिर जाने त प्रश्नै उठ्तैन ।

*० तपाईंले पत्रकारिता गर्दाको पत्रकारिता क्षेत्र र अहिलेको पत्रकारिता क्षेत्रको तुलना कसरी गर्नुहुन्छ ?*

–त्यतिखेर पत्रकारिता गर्दा एउटा निश्चित मिसन पूरा गर्नका लागि त्यसै क्षेत्रमा समर्पित भएर लाग्नुपर्दथ्यो । पत्रकारिताबाट जीविकोपार्जनका लागि आर्जन हुन सक्तैनथ्यो । तर अहिले पत्रकारिता व्यावसायिक रूपमा फस्टाएको हुँदा पत्रकारिता पनि पेसामा परिवर्तन हुन पुगेको छ । पत्रकारिता क्षेत्रमा लाग्न खोज्ने प्रतिभाशाली व्यक्तिका लागि आज स्वर्णयुग सावित भएको छ ।

*० नेपालको पत्रकारिताले लिनुपर्ने लक्ष्य र निर्धारण गर्नुपर्ने मार्ग कुन हो ?*

–पत्रकारिता पेसामा संलग्न व्यक्तिहरूले आफूलाई सधैँ सामान्य अन्य नागरिकभन्दा बढी जिम्मेवारी बोकेको छु र समाजको उत्थान र पतनमा पूर्ण जवाफदेही हुनेछु भन्ने सोचेर जनता, मुलुक र राज्यव्यवस्थालाई सम्हाल्ने काम गर्नुपर्छ । एउटा सच्चा पत्रकार मुलुक र समाज विकासको मूल आधार हो भने राजनीतिज्ञका लागि पथप्रदर्शक पनि हो । त्यसैले कुनै पनि पत्रकारलाई कानुनद्वारा प्रदत्त अधिकार नभए पनि ऊ अधिकारसम्पन्न हुन्छ । किनभने समाजमा सही-सत्य सूचना सम्प्रेषण गर्ने गहनतम दायित्व उसले बोकेको हुन्छ । एक सच्चा पत्रकारले आफ्नो कलमलाई गलत प्रयोग गर्ने सोच कहिल्यै राख्नु हुँदैन । आफ्नो महत्त्वलाई समाजमा स्थापित गर्न उसले

सधैँ सकारात्मक दृष्टिकोणका साथ सत्यताको बाटो अवलम्बन गर्नुपर्छ । हुन त मुलुकको वर्तमान अवस्थालाई विचार गर्दा पीत पत्रकारिताले बाहुल्य जमाएको देखिन्छ, तर त्यस्तो पीत पत्रकारिताको प्रभाव क्षणिक मात्र रहन्छ । त्यसैले पत्रकारिताको स्थायीत्वका लागि पत्रकार सधैँ जनता, मुलुक र राज्यव्यवस्थाको उन्नतिका लागि समर्पित हुनुपर्छ ।

## साहित्य

*० तपाईंले कविता विधाबाट साहित्यिक रचनाको प्रकाशन सुरु गर्नुभयो जस्तो लाग्छ । पहिलो कविताको शीर्षक, त्यो कविता छापिएको समय र पत्रिकाको नाउँ सम्झना छ ?*

– पहिलो रचना कविता नै हो । त्यो रचना बानेश्वरको 'बालविकास पुस्तकालय' को हस्तलिखित पत्रिकामा २०१८ सालमा प्रकाशित भएको थियो । २०१५ सालमा 'बालविकास पुस्तकालय' खुल्यो र त्यसको अध्यक्ष मै थिएँ । पछि त्यो पुस्तकालय २०१९ सालमा 'भीमसेनगोला पुस्तकालय' मा परिवर्तन भयो । 'भीमसेनगोला पुस्तकालय' नै बानेश्वर क्षेत्रको पहिलो पुस्तकालय थियो ।

*० रेडियो नेपालको बाल कार्यक्रममा पनि तपाईंको सहभागिता थियो, होइन ?*

– रेडियो नेपालको 'बाल प्रोग्राम' मा २०१७-१८ सालमा मेरो सहभागिता थियो ।

*० सुरुमा कविता र गीत कुन बढी लेख्नुभयो ?*

– कविता र गीत दुवैमा मेरो कलम चलेको थियो । तर रेकर्डमा भने राख्ने काम भएन ।

*० उपन्यास नै लेख्ने सोचचाहिँ कसरी आयो ?*

– भ्रष्टाचार, अन्याय र अत्याचारका विरुद्ध पत्रकारितालाई माध्यम बनाई म अगाडि बढिरहेको थिएँ । त्यसैताकाका घटनाहरूलाई दस्तावेजमा कैद गर्न मन लाग्यो । त्यसैको उपज हो 'कालो सूर्य' । पत्रकारिताको प्रभाव निश्चित समयावधिभित्र समाप्त हुन्छ भने कथा र उपन्यास लामो तथा दूरगामी प्रभाव बटुल्न समर्थ हुन्छ भन्ने लागेर नै मैले उपन्यासको रचना गरेको हुँ । उदाहरणका लागि दैनिक पत्रिकामा प्रकाशित प्रायजसो सामग्रीको प्रभाव त्यसै दिन समाप्त हुन्छ । त्यस्तै, साप्ताहिक र पाक्षिक पत्रिकाको प्रभाव पनि त्यसको समयावधिसम्म मात्र रहन्छ । तर त्यही विषय साहित्यका

माध्यमद्वारा कथा र उपन्यासका रूपमा प्रस्तुत हुँदा वर्ष मात्र होइन, शताब्दी-शताब्दीसम्म त्यसले प्रभाव छाड्न समर्थ हुन्छ ।

*o 'कालो सूर्य' धेरै चर्चित र धेरै भाषामा अनूदित पनि भयो । तपाईंको लक्ष्यलाई त्यसले केही हदसम्म पूरा गरेको छ कि ?*

–निश्चय नै पूरा गरेको छ । एउटा लेखकले अन्य भाषाको पाठक पाउँदा आफ्नो कलम सार्थक भएको सम्झेझैँ मैले पनि सोचेभन्दा बढी पाएको छु ।

*o 'व्यूहचक्र' मा प्रस्तुत गर्नुभएको राजनीतिक अवस्थितिबाट तपाईंको राजनीतिक धारणा आकलन गर्न सकिन्छ कि ?*

–लेखक आग्रह र पूर्वाग्रहरहित भएर हिँड्नुपर्छ । त्यो धर्मलाई मैले पन्छाएको छैन । लेखक इमानदार, सत्यवादी र स्पष्ट दृष्टिकोणले भरिपूर्ण भएको हुनुपर्छ । त्यसबाट पनि म विचलित भएको छैन ।

*o 'रातो घाम' ले कम्युनिस्टहरूको प्रभाव रोक्न खोजेजस्तो छ । यो उपन्यास कत्तिको सफल भएजस्तो लाग्छ ?*

–मैले अघि पनि भनिसकेँ, साहित्यमा मेरो कुनै आग्रह हुँदैन । सबैलाई थाहा छ, साहित्यको रचनाकालले त्यस समय र समाजको पूर्ण प्रतिनिधित्व गरेको हुन्छ । हो, त्यही कुरा 'रातो घाम' मा पाठकहरूले पाउँछन्, अनुभव गर्न सक्छन् । त्यसमा कम्युनिस्ट प्रभाव रोक्न वा जोड्न सक्ने क्षमता छ भने त्यो साहित्य जीवन्त ठहर हुन्छ, अर्थात् त्यसलाई सफल मान्नुपर्छ ।

*o 'ख्वपदेश' उपन्यासचाहिँ किन लेख्नुभयो ?*

–आफ्नो जन्मजिल्ला भक्तपुरभित्रको इतिहास-पुरातत्त्व, शिक्षा-सभ्यता, नेवारी संस्कार-संस्कृति, प्रथा-प्रचलनलाई प्रस्तुत गर्नका लागि मैले 'ख्वपदेश' उपन्यास लेखेको हुँ ।

*o आफूले लेखेका उपन्यासहरू विभिन्न विदेशी भाषाहरूमा अनूदित भएर विश्वप्रसिद्धितर्फ लम्किरहेको पाउँदा उपन्यासकारका रूपमा कस्तो अनुभूति हुन्छ ?*

–एक प्रकारको न्यानो आनन्दको अनुभूति हृदयभरि फैलिएको छ । मेरो मस्तिष्कको उपजले मानवहृदयलाई छुन सकेकोमा र उनीहरूले मन पराइदिएकोमा विशेष खुसी लागेको छ ।

*o अब कुन विषयलाई लिएर उपन्यास लेख्तै हुनुहुन्छ ?*

–विषय धेरै छन् । समयले दियो भने नारी समस्याका बारेमा लेख्नेछु भन्ने विचार पहिले गरेको थिएँ । पछि लेख्न त नारी समस्याका बारेमा नै

लेखेँ, तर उपन्यासको सट्टा कथासङ्ग्रह लेखेँ । त्यसलाई मैले 'निर्बन्ध बन्धन' नाम दिएको छु ।

*० तपाईंका चारैवटा उपन्यास नेपाली उपन्यास साहित्यको परम्परागत स्वरूपभन्दा भिन्न रूपमा प्रस्तुत भएका छन् । यसको कारण के हो ?*

– सबैले परम्परागत वा शास्त्रीय आधारमा लेख्नुपर्छ भन्ने छैन । मैले 'कालो सूर्य' उपन्यासलाई प्रयोगका रूपमा प्रस्तुत गरेका थिएँ । उपन्यासको फाँटमा त्यो प्रयोग स्थापित भयो । यसरी समयको क्रमसँगसँगै हरेक चीज नवीन रूपमा प्रस्तुत हुँदा त्यसप्रतिको चाख र महत्त्व बढ्दै गएको हुन्छ ।

*० कवितासङ्ग्रह र गीतसङ्ग्रह पनि निस्किएका छन्, होइन ?*

– स-साना कविता र गीतहरू लेखेको थिएँ । तिनलाई पनि सङ्ग्रहका रूपमा प्रकाशित गराएको छु ।

*० कविता र गीतमा तपाईले उपन्यासमा जस्तै प्रेमलाई गौण र विचारलाई प्रमुख रूपमा प्रस्तुत गर्नुभएको छैन नि ?*

– हो । तर कविता र गीतमा प्रेम, प्रकृति र मनोवेग भरपुर मात्रामा पाउनुहुनेछ ।

*० साहित्यिक सिर्जना गर्नुको मूल ध्येय के हुनुपर्दछ ?*

– मनभित्र जमेका वा उर्लिएका मनोभाव शब्दद्वारा व्यक्त भएपछि मनभित्रका ती विचारहरू साहित्यमा रूपान्तरित हुन्छन् । यसैलाई साहित्यिक सिर्जना भनिन्छ । यसरी सिर्जित साहित्यले बढीभन्दा बढी पाठक वा श्रोता पाओस् र ती साहित्यानुरागीहरूको मन, बुद्धि र कर्ममा यसले प्रभाव जमाओस् भन्ने हुन्छ ।

*० त्यो ध्येयमा तपाईं आफूलाई कत्तिको सफल मान्नुहुन्छ ?*

– केही हदसम्म सफल नै मान्नुपर्दछ । सफलताको मापदण्ड समाजका बुद्धिजीवी, साहित्यानुरागी, पाठक र समालोचकहरूसँग हुन्छ । त्यसैले यो सफलताको आयतन र उचाइ मैले नाप्ने होइन ।

*० अचेलको साहित्यिक धारा कता गइरहेजस्तो लाग्छ ?*

– साहित्यले जुन गति पाउनुपर्ने हो, त्यो पाउन सकेको जस्तो मलाई लाग्दैन । साहित्यले समाजको सम्पन्नताको स्तर नाप्न सक्छ र त्यसले त्यस समय र परिस्थितिको प्रतिनिधित्व पनि गर्दछ । अहिले नेपाली समाज राजनीतिक छालसँग उर्लिएर अस्थिर भएको छ । यसले सही दिशा नलिँदासम्म र यसमा स्थिरता कायम नभएसम्म समाजोपयोगी उत्कृष्ट साहित्य रचना हुन सक्तैन । त्यसो भनेर रचना र सिर्जना शून्य छन् भन्न

खोजेको होइन । तर जुन धारमा यो बहनुपर्ने हो, जुन बाटो यसले प्रशस्त गर्नुपर्ने हो र जुन उचाइमा यसले गति बढाउनुपर्ने हो, त्योचाहिँ भएन जस्तो लागेको छ ।

*० साहित्यिक क्षेत्रमा देखापरेको गुटबन्दीप्रति तपाईंको धारणा के छ ?*

– गुटबन्दीको समयमा साहित्यिक क्षेत्रमा पनि गुटबन्दी हुँदा कुनै उल्कापात भएजस्तो लाग्दैन । एउटा कुराचाहिँ के स्पष्ट छ भने गुटबन्दीले प्रचार तथा मौका त पाउँछ, तर उत्कृष्टता तथा दीर्घ जीवन पाउन र दिलाउन सक्तैन ।

*० समालोचकले साहित्यप्रति न्याय गर्न सक्तैन भन्ने भनाइ कति ठीक हो ?*

– अध्ययनशील समालोचकबाट न्याय हुन्छ भन्ने मलाई विश्वास छ । नेपाली साहित्य जगत्मा केही समालोचक यस्ता पनि छन्, जसले साहित्यिक कृतिलाई भन्दा व्यक्तिलाई हेरेर समयअनुसार नकारात्मक वा सकारात्मक विवेचना गर्ने गर्छन् । त्यस्ता चिप्ला समालोचकबाट साहित्यप्रति न्याय नहुन पनि सक्छ ।

*० साहित्यिक संस्थाहरूका विषयमा तपाईंको धारणा के छ ?*

– साहित्यिक संस्था व्यक्तिको झोलामा हुनु हुँदैन । त्यसले देखिने कामहरू पनि गर्नुपर्छ । त्यसैले जनस्तरबाट खोलिएका साहित्यिक संस्थाहरू शब्दयात्रा प्रकाशन जस्ता हुनुपर्छ भन्ने मलाई लाग्छ । किनभने शब्दयात्रा प्रकाशनले पुस्तक प्रकाशन, पत्रिका प्रकाशन, रेडियो कार्यक्रम सञ्चालन, प्रवचन कार्यक्रम, स्तम्भ निर्माण, पुस्तकालय स्थापना, सरस्वतीको मन्दिर निर्माण, वाङ्मयसेवीहरूको सालिक स्थापना, पीडित वाङ्मयसेवीहरूलाई आर्थिक सहयोग, सम्मान समर्पण, पुरस्कार प्रदान, छात्रवृत्ति वितरण आदि धेरै कामहरू गरेको छ । साहित्यिक संस्थाहरूले यस्तै काम गर्नुपर्छ ।

## व्यवसाय

*० जीवन निर्वाहका क्रममा तपाईंले व्यावसायिकतालाई पनि लिनुभएको थियो । तपाईंले कहिलेदेखि व्यवसाय गर्न सुरु गर्नुभयो ?*

– जीवन निर्वाहका क्रममा व्यवसाय त गर्नु नै पर्छ, तर मैले एउटै किसिमको स्थायी व्यवसाय भने अपनाइनँ । विभिन्न समयमा विभिन्न व्यवसाय गरेँ ।

*० कुन-कुन व्यवसायहरू तपाईंले गर्नुभयो ?*

–समय र मौकाअनुसार खेती, उद्योग र व्यापार आदि गरेँ । जीवन यापनका लागि जति आवश्यक छ, त्यसभन्दा बढी खोज्दा पनि खोजिनँ ।

*o व्यवसायहरूबाट आर्थिक उपार्जन कत्तिको हुन्थ्यो ?*

–मैले गरेको व्यवसायमा म त्यति मात्र आर्थिक उपार्जन गर्थे, जसबाट सजिलैसित मेरा सीमित आवश्यकताहरूको परिपूर्ति हुन सकोस् । आर्थिक सम्पन्नताको उद्देश्य लिएर मात्र अथवा अर्थसङ्कलनको हिसाबमा मात्र मैले व्यवसाय गरेको छैन ।

*o व्यवसायी हुँदा तपाईंले नेपालका व्यवसायीहरू र व्यवसायहरूका बारेमा कस्तो धारणा बनाउनुभयो ?*

–व्यापार-व्यवसायमा केही समय लागे पनि मेरो सम्बन्ध व्यापारीहरूसँग हुन सकेन । ठूला उद्योगी र व्यापारीबाट म टाढा नै रहेँ । हाल नेपाली समाजमा ठूला भनाउँदा व्यापारी जो-जो देखापरेका छन्, ती सबैको आर्थिक अवस्था मेरोभन्दा कमजोर भएको र रहेको मैले देखेको छु । कसरी तिनीहरू अहिले ठूला उद्योगपति कहलिए ? तिनीहरूले कति झूट र धोकाको खेती गरे र सरकारी राजस्व कति छले ? यी कुरा मैले प्रत्यक्ष देखेको र अनुभव गरेको छु । त्यसैका आधारमा म भन्छु – नेपालका उद्योग र व्यापारमा संलग्न व्यक्तिहरू वा समूह व्यावसायिक नीतिभन्दा बाहिर गएर मौकाखोर हुन पुगेका छन् । स्पष्ट शब्दमा भन्नुपर्दा यिनीहरू व्यावसायिकभन्दा बढी कालाबजारिया हुन्, तस्कर हुन्, कमिसनखोर हुन् र भ्रष्टाचारीका पृष्ठपोषक हुन् । हुन त अहिलेको जस्तो अस्थिर अवस्थामा यस्तै नाफाखोरहरूको बोलवाला चल्छ, यो कुनै नौलो कुरा होइन ।

*o नेपालमा कलकारखाना, उद्योगधन्दा, व्यापार-व्यवसाय फस्टाउन नसक्नुका कारणहरू के-के रहेछन् ?*

–पहिलो हो नीतिगत रूपमा सञ्चालित हुने व्यावसायिक व्यक्तिहरूको अभाव, दोस्रो हो सरकारी नीतिनिर्माणमा अपरिपक्वता, र तेस्रो हो राजनीतिक दलका नेताहरूको आडमा तिनका भ्रातृ सङ्गठनहरूको उन्मत्तता । यी तीन कारणले गर्दा समाज र राष्ट्रहितका पक्षमा कलकारखाना, उद्योगधन्दा र व्यापार-व्यवसाय फस्टाउन सकेको छैन ।

*o उद्योगहरूको विकास गर्न देशमा कस्तो अवस्था सिर्जना हुनु आवश्यक छ ?*

–पारदर्शिताको सिद्धान्तमा आधारित सरकारी नीतिको तर्जुमा हुनुपर्‍यो र विदेशीलाई अङ्कुश लगाउने र स्वदेशीलाई प्रोत्साहित गर्ने वातावरणको सृजना हुनुपर्‍यो । दलीय स्वार्थका आडमा अनेकौँ कानुन बनेका छन् र भएका

कानुनलाई संशोधन गरी विदेशीलाई संरक्षण गर्ने काम भइरहेको छ । यसरी उद्योगधन्दा बढ्न सक्तैन । स्वदेशी श्रम, सीप र पुँजीको संरक्षण गर्ने बलियो कानुन नबनेसम्म र राजनीतिक दलहरू साँच्चैका राष्ट्रवादी बनेर इच्छाशक्ति नदेखाएसम्म उद्योगधन्दा र व्यापार फस्टाउन सक्तैन । यो कुरा बुझेर सत्तासीनहरूले प्रतिस्पर्धात्मक व्यवसाय सञ्चालन गर्ने-गराउने वातावरण बनाउनुपर्छ ।

## प्रशासन

*० प्रशासनिक संयन्त्रसँग तपाईको पहिलो चिनारी कहिले र कसरी भयो ?*

– हरेक व्यक्ति बालिग भएपछि मुलुकको प्रशासनसँग उसको प्रत्यक्ष सम्बन्ध स्थापित हुन्छ । नागरिकताको प्रमाणपत्र लिनेदेखि दैनिक जीवनका अनेक समस्याको समाधान मुलुकको प्रशासनिक संयन्त्रबाट नै समाधान गर्नुपर्छ । त्यस हिसाबले हेर्दा २०१७-१८ सालदेखि नै मुलुकको प्रशासनसँग चिनारी गर्ने अवसर प्राप्त भएको हो ।

*० पञ्चायतकालमा राजदरबारको जाँचबुझ केन्दमा रहँदा तपाईले के काम गर्नुभयो र प्रशासनको कस्तो स्वरूप देख्नुपर्‍यो ?*

– जाँचबुझ केन्द्र, राजदरबारमा मैले २०३७-३८ सालमा विशेष अधिकृतका रूपमा काम गर्ने मौका पाएको थिएँ । त्यस समयमा धेरै ठूला-ठूला आयोजनाहरू हेर्ने र जाँच्ने मौका पाएँ । हेटौडा सिमेन्ट कारखाना भरखर स्थापनाकालमा थियो भने कुलेखानी जलविद्युत आयोजना उद्घाटनको पर्खाइमा थियो । त्यस बखत पूर्व-पश्चिम राजमार्गका विभिन्न खण्डहरू बन्दै थिए । त्यस्तै, सुदूर पश्चिममा महाकाली सिँचाई आयोजना सुरु हुन लागेको थियो । यी विकास आयोजनाका अतिरिक्त केन्द्र र अञ्चलको सामान्य प्रशासनिक अवस्था चित्तबुझ्दो खालको थिएन, तर पनि वर्तमानको तुलनामा धेरै असल थियो ।

*० बहुदलकालमा तपाई 'दौडाहा' भनिने अनुगमन टोलीमा बागमती-नारायणी अञ्चलका संयोजक रहनुभयो । कहिलेदेखि कहिलेसम्म रहनुभयो ?*

– २०५९ साल माघ ११ गतेदेखि २०६० साल वैशाख मसान्तसम्म बागमती र नारायणी अञ्चलका लागि सार्वजनिक सेवा निरीक्षण तथा अनुगमन टोलीको संयोजन भई काम गर्ने मौका पाएको थिएँ । देखिँदा चार महिना भए पनि उपत्यकामा भएको धेरै बिदाका कारणले गर्दा जम्माजम्मी ७०-७१ दिन मात्र काम गर्ने मौका पाइएको थियो । यति छोटो अवधि थियो

कि कुनै ठोस कार्य गरेर देखाउन भने पाइएन । तैपनि त्यस बेलामा गरेका कामहरूको असर अहिलेसम्म पनि परिरहेकै छ ।

*० त्यो पद तपाईंलाई दिनुमा कुनै विशेष कारण थियो कि ?*

– विशेष कारण त केही देख्तिनँ । मैले नेपालको प्रशासनिक संयन्त्रलाई राम्ररी बुझेको छु भन्ने लागेर नै राज्यले मलाई त्यो जिम्मेवारी दिएको हुनुपर्छ ।

*० टोलीमा रहँदा तपाईले प्रशासनलाई कस्तो देख्नुभयो ?*

– पहिलेदेखि नै बिग्रेको प्रशासनिक संयन्त्रलाई मैले राम्ररी बुझेको थिएँ । यसको कमजोर पक्षसँग म परिचित भएकै कारणले मलाई यसको सुधारका बाटाहरू पहिल्याउन गाह्रो भएन । अत्यन्तै जीर्ण अवस्थामा पुगेको प्रशासनिक संयन्त्रलाई सुधार गर्न धेरै नै समय लाग्ने भए तापनि केही प्रारम्भिक सुधारका लागि केही महत्त्वपूर्ण नीतिहरू जारी गरेँ । राज्यव्यवस्था सञ्चालन गर्ने मियो राजनीति हो । राजनीति नै भाँडिएको अवस्थामा रहेको हुँदा प्रशासन लथालिङ्ग हुनु स्वाभाविकै थियो । त्यस बेला मुलुकका लागि स्थायी सरकारका रूपमा रहनुपर्ने कर्मचारीतन्त्रले चलाउने प्रशासनिक संयन्त्रको अवस्था अत्यन्त नाजुक र कमजोर थियो । अहिले पनि प्रशासन त्यस्तै छ ।

*० पञ्चायतकालको प्रशासन र बहुदलकालको प्रशासनमा के अन्तर रहेछ ?*

– पञ्चायत कालको प्रशासनमा स्वार्थी र व्यक्तिवादीहरू हावी थिए । बहुदल कालको प्रशासनिक क्षेत्र राजनीतिक रूपमा चिराचिरा परेर विभाजन भयो । त्यस कारणले एक समूह पञ्चायत कालमा बलियो थियो भने बहुदल कालमा अर्को समूहको बोलवाला चल्न थालेको थियो ।

*० हालको गणतान्त्रिक कालको प्रशासनको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?*

– अहिले पनि मनपर्दो र लथालिङ्ग चालमा मुलुकको प्रशासन चलेको छ । यसरी बिस्तारै प्रशासनिक क्षेत्रमा एउटा गैरजिम्मेवार समूह विकसित हुँदै गएको छ । यो मुलुकका लागि कल्याणकारी होइन । भविष्यमा कुन समूहको नाङ्गो नाच हेर्नुपर्ने हो, त्यो अनुमान गर्न सकिन्न ।

*० टोलीको संयोजक रहँदा प्रशासनिक सुधारका निम्ति के गर्नुभयो ?*

– त्यस बखत प्रशासनिक सुधारका लागि धेरै कार्यहरू गरिए । टोलीको संयोजकका नाताले निर्देशन दिने, नीति-नियम बनाउन उत्साहित गर्ने काम भयो । तत्कालीन श्री ५ को सरकारका मन्त्रालय र विभागहरूमा भएका अनुगमन र निरीक्षण शाखालाई क्रियाशील बनाउने काम भयो । मूल कुरा,

राष्ट्रसेवकले राष्ट्रिय पोसाक लगाउन अनिवार्य गराउने कोसिस गरियो । यसअन्तर्गत राजपत्र अनङ्कित कर्मचारीले अनिवार्य रूपमा टोपी लगाउनुपर्ने र राजपत्राङ्कित अधिकृतहरूले दौरासुरुवाल, कोट, टोपी, लगाएर मात्र कार्यालय आउनुपर्ने नीति बनाई लागू गरियो । साथै, कार्यालयको समयमा कार्यालयमा रुजु हाजिर रहने व्यवस्था पनि गरियो । त्यस समयमा कडाइका साथ ती निर्देशनहरू लागू भएका थिए । तर टोलीले दिएका नीति-निर्देशनहरू स्थायी रूपले चल्नुपर्नेमा पछि बिस्तारै-बिस्तारै भाँडिन थाले । अचेल त जेसुकै गरे पनि हुने भएको छ ।

*० टोलीमा बसेर गर्न चाहेका तर विभिन्न कारणहरूले गर्दा गर्न नसकेका कामहरू के-के थिए ?*

–छोटो समयको भए पनि हामीले धेरै कामहरू गर्ने जमर्को गरेका थियौँ । जस्तै, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूको शुल्क निर्धारण गराउने, म्यानपावर कम्पनीहरूले ठग्ने गरेका कार्यलाई नियन्त्रण गर्ने, उपत्यकाभित्र सञ्चालित इँटाभट्टाहरूलाई बन्द गराउँदै जाने, गुठीमा भएका ज्यादतीको अन्त गर्ने, सेवामूलक कार्यालयहरूमा बडापत्र प्रकाशित गरी तदनुसार सेवा उपलब्ध गराउने, साझा बस र ट्रली बस जस्ता सरकारी स्वामित्वमा सञ्चालित यातायातका सेवाहरू पुन: सञ्चालन गर्ने आदि धेरै कामहरू सुरु भएका थिए । तीमध्ये भएका र नभइसकेका सबै कार्य जनसमक्ष छँदैछन् ।

*० नेपालको प्रशासनिक संयन्त्रलाई सुधार गर्न सरकारबाट, प्रशासनभित्रैबाट र जनस्तरबाट के-कस्ता कदमहरू चाल्नुपर्ला ?*

–प्रशासनिक संयन्त्रलाई सशक्त र सेवामुखी बनाउनुपर्छ, अन्यथा राज्यव्यवस्था कमजोर हुन्छ । प्रशासन राज्यव्यवस्थाको मेरुदण्ड हो । यसको सही सञ्चालनका लागि नीति, नियम, कानुन बनाएर मात्र पुग्दैन, त्यसको समय-समयमा अनुगमन, निरीक्षण र मूल्याङ्कन पनि गर्नुपर्छ । यसभित्र दण्डहीन अवस्था रहनु हुँदैन । दोषीलाई दण्ड र कर्मनिष्ठलाई उचित पुरस्कारको व्यवस्था हुनुपर्छ । निश्चय नै यो काम सरकारी स्तरबाट हुनुपर्छ । जनस्तरबाट पनि यसको यथेष्ट सम्बोधन र समालोचना हुनुपर्छ । प्रशासनिक क्षेत्रभित्र पनि नीति-नियमअनुसार अनुशासन कायम गर्न सक्नुपर्छ । तब मात्र प्रशासनले प्रभावकारी रूपमा आफ्नो सेवा प्रदान गर्न सक्तछ । प्रशासनलाई हालकै अवस्थामा राख्नु हुँदैन ।

*० सरकारी बिदालाई व्यवस्थित गराउन तपाईंले धेरै कोसिस गर्नुभएको थियो, होइन ?*

–हो । तर स्वार्थी र कर्तव्यच्युत सरकारी पदाधिकारीको सन्जालले गर्दा मेरी मिसन अधुरै रहेको थियो । एक दिन त्यो समय आउँछ र मैले उठाएको सवाल सही ढङ्गबाट मूल्याङ्कन भई व्यवस्थित हुनेछ भन्नेमा म विश्वस्त थिएँ । पछि तत्कालीन श्री ५ को सरकारका कार्यालयहरू २०६२ साल वैशाख १ गतेदेखि र अदालतहरू साउन १ गतेदेखि आइतबार खुल्न थालेका थिए । विश्वका सबैजसो मुलुकका सरकारले बिदालाई कसरी व्यवस्थित गरेका छन् भने तिनमा नागरिकको सेवा, कर्मचारीको सुविधा र राज्यकोषको बचतलाई अत्यन्त सन्तुलित हिसाबले मिलाइएका हुन्छन् । संयुक्त राज्य अमेरिकादेखि युरोपका सबैजसो राज्यमा एक वर्षमा बढीमा ११० दिन मात्र बिदा हुन्छ, अर्थात् ती विकसित मुलुकहरूले ३६५ दिनमध्ये कमसेकम २५० दिन जनताको सेवाका लागि कार्यालय खुल्नुपर्छ भन्ने मान्यता राखेको देखिन्छ । तर हाम्रोजस्तो विकासोन्मुख मुलुकमा भने १४५ दिन बिदा दिने व्यवस्थाले गर्दा राज्यव्यवस्थाबाट जनताले जति सेवा प्राप्त गर्नुपर्ने हो, त्यति प्राप्त गर्न सकेका थिएनन् । यही असमान व्यवस्थालाई व्यवस्थित गर्नु मेरो लक्ष्य थियो । बिदाको मामलामा सरकारमा बस्ने उच्च पदाधिकारीहरूले अन्यायपूर्ण निर्णय गरेर काठमाडौँ उपत्यकामा आइतबार बिदा बस्ने गरेका थिए । त्यस बेला मुलुकमा केन्द्रीय सरकार र क्षेत्रीय सरकार नभई एउटै सरकार भएर पनि बिदाका लागि द्वैध नीति अवलम्बन गरिएका थिए । २०५६ साल भाद्रदेखि २०६१ साल चैत्रसम्म यसरी बिदा बस्ने व्यवस्था गरिएको थियो ।

## सामाजिक संलग्नता

*० तपाईं सामाजिक कार्यमा पनि सक्रिय हुनुहुन्छ । अहिले कुन-कुन संस्थाहरूसँग आबद्ध हुनुहुन्छ ?*

–हो, धेरै सामाजिक सङ्घ-संस्थाहरूसँग आबद्ध भएर काम गरेको छु । पाँच दशकभन्दा बढी समयदेखि सामाजिक कार्यमा कार्यरत भएको हुँदा म संलग्न भएर काम गरेका ती संस्थाहरूको लामो सूची तयार हुन्छ । एउटा सामाजिक कार्यकर्ताले आवश्यकताअनुसार त्यस्ता सामाजिक संस्थामा आबद्ध भएर काम गरेजस्तै मैले पनि विभिन्न संस्थाहरूका माध्यमद्वारा समाजमा आफ्नो सेवा उपलब्ध गराएको छ ।

*० 'जङ्गम प्रतिष्ठान' को अहिलेको गतिविधि कस्तो छ ?*

–अल्पसङ्ख्यामा रहेका जङ्गम-परिवारलाई एकै सूत्रमा बाँधी स्वधर्मको ज्ञान दिनु, जातीय पहिचान दिलाउनु र धर्मसंस्कृतिको निरन्तरता कायम

राख्नका लागि क्रियाशील रहनु 'जङ्गम प्रतिष्ठान' को मूल कार्य हो । यो प्रतिष्ठानले २०६० सालमा 'युगपुरुष गोविन्दहरि जङ्गम' नामक पुस्तक प्रकाशित गरी समाजसेवी गोविन्दहरि जङ्गमको जीवनचरित्र प्रकाशन गर्‍यो । जङ्गम सम्प्रदायका धर्मग्रन्थलाई नेपाली भाषामा अनुवाद गरी पुस्तकहरू प्रकाशित गर्ने कार्य पनि गरेको छ । साथै, शिवालय र देवालय, खास गरी शिवक्षेत्रको विकासका लागि यो प्रतिष्ठान जुटेको छ ।

*० तपाईले केही व्यक्तिलाई छात्रवृत्ति दिएर पढाएजस्तो लाग्छ । कतिजनालाई पठाउनुभयो ।*

–मैले २०४४ सालदेखि जङ्गम छात्रवृत्ति स्थापना गरेर भक्तपुर जिल्लामा बसोवास गर्ने आर्थिक रूपले कमजोर जेहेन्दार विद्यार्थीलाई छात्रावृत्ति दिँदै आएको थिएँ । त्यो छात्रवृत्ति दस वर्षसम्म जोडतोडका साथ चल्यो । त्यस अवधिमा जम्मा ३५ जना विद्यार्थीहरूले प्रवेशिका परीक्षा उत्तीर्ण गरे । हाल तिनीहरू उच्च शिक्षा हासिल गरी जिम्मेवार पदमा कार्यरत छन् । हाल छात्रवृत्तिमा मन्दी आएको छ ।

*० विद्यालय मन्दिर, धारा, यज्ञ आदिमा तपाईले खर्च गर्नुभएको सुनिन्छ । कहाँ-कहाँ के-के बनाइदिनुभयो ?*

–निर्माणकार्यमा मैले सक्तो योगदान दिने गरेको छु । देवालय, शिवालय, शिवालय र विद्यालय मेरा सहयोग क्षेत्र हुन् । मैले त सानो सहयोग उपलब्ध गराउने हो, अर्थात् सहयोगको भावनाको पुष्प मात्र मबाट अर्पित भएका हुन् । यी सहयोगहरू शारीरिक, मानसिक र आर्थिक रूपका स-साना सहयोगहरू हुन् ।

*० अहिलेका कैयौँ सामाजिक संस्थाहरू गैरसरकारी संस्थाका रूपमा विदेशबाट आर्थिक सहयोग लिएर चलेका छन् र उनीहरू त्यही रकमबाट भ्रष्टाचार पनि गर्छन् । नेपालभित्रका कैयौँ कुराहरू गोप्य रूपमा विदेशीलाई जानकारी पनि दिन्छन् भन्ने आरोप छ । यसका सम्बन्धमा तपाईंको दृष्टिकोण के छ ?*

–विदेशबाट आर्थिक सहयोग लिई सञ्चालित संस्थाहरूले प्रचलित कानुनको अधिनमा रही काम गरेका छैनन् । सेवामूलक सामाजिक संस्थालाई नियन्त्रण गर्ने कानुन छ । तर भएको कानुनलाई राज्यव्यवस्थाले कडाइका राथ लागू गर्न सकेको छैन । त्यसैले सामाजिक संस्थाहरूले गैरसरकारी संस्थाका नाउँमा आफूलाई उभ्याउने र डलरको खेती गरी मुलुक र जनताको इज्जत र अस्मितामा नै खेलवाड गर्ने गरिरहेका छन् । त्यस्ता छाडा संस्थाहरूले राज्यव्यवस्थाको सञ्चालनका लागि प्रचलनमा रहेको कानुनभन्दा

बाहिर गई आफ्ना क्रियाकलापहरूलाई बढाइरहेका छन् । साथै, आफूलाई गैरसरकारी संस्था भनाउन मन पराउने त्यस्ता सामाजिक संस्थाका सञ्चालकहरू नै भ्रष्टाचारका स्रोत सावित भएका छन् । विदेशी निकायसँग सम्बन्धन प्राप्त भएका वा विदेशी संस्थाबाट नगद अनुदान प्राप्त गरी मुलुकभित्र सेवाविकास गरेका तयस्ता संस्थाहरूलाई तुरुन्त कानुनको अधिनमा राखी सञ्चालन गराउनुपर्दछ । अन्यथा यसले आर्थिक अराजकता मात्र फैलाउने होइन, मुलुक र जनताको गरिमा र विश्वसनीयतामा समेत आँच पुऱ्याउनेछ भन्ने बलियो सम्भावना टड्कारो देखिएको छ । राज्यव्यवस्थाले त्यस्ता निरङ्कुश संस्थाहरूलाई कानुनको परिधिभित्र तुरुन्त बाँध्ने व्यवस्था गर्नुपर्छ ।

*० सरकार र विदेशीसँग कुनै सहयोग नलिई चलेका संस्थाहरू पनि छन् नि ?*

– त्यस्ता संस्थाहरू नभएका होइनन् । उदाहरणका लागि हाम्रो 'स्वतन्त्र विचार मञ्च' अथवा तपाईंले नै स्थापना गर्नुभएको 'शब्दयात्रा प्रकाशन' कुनै देशी वा विदेशी सङ्घ-संस्थाबाट आर्थिक अनुदान वा सहयोग नलिएर नै मुलुक र जनताको सेवामा क्रियाशील रहेका छन् । यस्ता संस्थाहरूको विकास हुँदा मुलुक र जनतालाई फाइदा पुग्छ ।

*० सामाजिक संस्थाको दायित्व के हुनुपर्छ र सामाजिक संस्थाहरूलाई कसरी नियन्त्रित पार्नुपर्छ ?*

– सामाजिक संस्थाको उद्देश्यको परिपूर्तिका क्रममा संस्था क्रियाशील रहँदा मुलुक, जनता र राज्यव्यवस्थालाई हानि-नोक्सानी पुग्नु हुँदैन । सामाजिक संस्था ऐन, २०३४ अन्तर्गत दर्ता हुने त्यस्ता गैरसरकारी संस्था भनाउँदा सामाजिक संस्थाको कानुनले निर्दिष्ट गरेको मूल दायित्व सेवा नै हो । त्यसैले सबै सामाजिक संस्थाहरू व्यापारमुखी भएका छन् । यी संस्थाहरू व्यापारमुखी हुनुमा विदेशी नै जिम्मेवार छन् । विकासशील मुलुकमा रहेका प्रतिभाहरूलाई आफूमुखी बनाएर अपाङ्ग बनाउने विकसित मुलुकको नीतिअन्तर्गत यस्ता संस्थाहरूमा अन्धाधुन्ध आर्थिक लगानी गर्ने गर्छन् र आशामुखीमा परिवर्तित गराइदिन्छन् । यस्ता विषयुक्त व्यवस्थालाई मुलुकले कानुनद्वारा तुरुन्त नियन्त्रणमा लिनुपर्छ ।

## मन्दिरहरूको पुनरुद्धार

*० तपाईंले आराध्यदेव पशुपतिनाथसँग सम्बन्धित काम पनि गर्नुभएको छ । त्यस बारेमा विस्तृत रूपबाट तपाईंकै मुखबाट सुन्न चाहन्छु ।*

– बाल्यकालदेखि नै पशुपतिनाथको लिङ्गको दर्शन पाएको म सात दशक पार गरिसकेँ । सबै समय सबै दर्शनका क्षणमा मभित्र एउटा आनन्दको अनुभूति हुन्छ । त्यही प्राप्तिका लागि मन त्यसतर्फ खिचिएको हुन्छ । साँझ, सबेर र दिन, समयको कुनै निश्चय हुँदैन, श्रीको दर्शनको अभिलाषा मेटिँदैन । श्रीबाट मैले सबैथोक पाएको छु, त्यसैले म धन्य छु ।

पशुपतिनाथको नित्य दर्शनार्थी समूहको म एक सदस्य हुँ । २०४२ सालदेखि अर्थात् करिब २३ वर्षदेखि बिहान ४ बजे पशुपति प्राङ्गणमा पुग्ने र पश्चिमी ढोका खुलेपछि दर्शन गर्ने गरियो । यो कार्य २०६५ सालको पौषसम्म कायम रह्यो । अनेक बाधा-व्यवधानका कारण नित्य दर्शन रोकिए पनि प्रत्येक सोमबार भने आजसम्म श्रीको दर्शन गर्दै आएको छु ।

२०६५ साल श्रावणको पहिलो हप्ताको एक दिन मन्दिरको प्रवेशको पहिलो ढोकाको मध्यभागमा बसेर मन्दिरको गजुरलाई आँखाको केन्द्र बनाई ॐ को उच्चारण गर्दै गर्दा अनायास श्रीबाट आज्ञा भयो – 'विपत पर्दैछ, तिमी सतर्क रहनू ।' म झस्किएँ र ॐ को उच्चारण बन्द गर्दै जिज्ञासा राखेँ – 'के विपत हुन सक्छ प्रभु ?' तुरुन्त जवाफ पाएँ – 'धर्म, संस्कृति र परम्परा टुट्ने अवस्था सृजना हुन सक्छ, चनाखो भएर हेर्दै जाऊ ।' प्रभुको आज्ञा पालन गर्ने निर्णय गर्दै मन्दिर परिक्रमा गरेँ र पश्चिमतर्फको ढोकाबाट श्रीको दर्शन गरेँ । तर्कविहीन मस्तिष्कले श्रीको आज्ञालाई शिरोधार्य गर्दै घर फर्किएँ ।

बिहानको गर्नुपर्ने घरको नित्यपूजा सम्पन्न गरेपछि धर्मक्षेत्रका केही व्यक्तिहरूलाई आजको घटना सुनाउने र सुझाव लिने मनसायका साथ सन्तशिरोमणि खेमराज केशवशरण, सनातन धर्म सेवा समितिका केन्द्रीय अध्यक्ष डा. हरिभक्त न्यौपाने र पण्डित कृष्णप्रसाद खनाललाई टेलिफोनबाट सम्पर्क गरी बिहान श्रीसँग भएको मौन संवादको घटना बताएँ । माथिका तीनजनामध्ये केशवशरण बढी जिज्ञासु हुनुभयो र अनेक प्रश्न राख्नुभयो । उहाँले प्रश्न गर्नुअगावै मेरो दिमागमा उत्तर तयार थिएन । तर उहाँको प्रश्नपछि मेरो मस्तिष्कमा जवाफ तयार भयो र मैले सोही कुरा उहाँलाई भनेँ – 'अहिलेको सरकार विधर्मी सरकार छ नेपालमा । त्यसले धर्मक्षेत्रलाई अतिक्रमण सुरु गर्छ । त्यो कार्यको सुरुको क्षेत्र पशुपतिक्षेत्र नै हुनेछ । पशुपतिनाथ अर्थात् श्रीको भण्डार फुटाउनेछन् । त्यहाँ भएका सम्पूर्ण हीरामोती, जवाहरात, सुनचाँदी र नीलमणिलगायत अनेक मणिमाणिक्य पनि लुट्नेछन् ।' 'यो कसरी सम्भव छ त ?' भन्ने केशवशरणको प्रश्नको जवाफमा भनेँ – 'विदेशी पुजारीलाई हटाएर नेपाली पुजारी भर्ना गर्न राष्ट्रिय

नारा दिँदै आफ्नो मान्छेलाई पुजारी भर्ना गर्ने र पुजारीद्वारा श्रीको सम्पत्ति संरक्षण गर्ने नाउँमा राज्यले हस्तक्षेप गर्ने-गराउने वातावरण बनाउने अनि श्रीको भण्डारको सम्पत्तिमा मनोमानी गर्ने ।' यति भन्दाभन्दै लुटाहा सत्ताधारीको भविष्यका सबै योजनालाई श्रीद्वारा मेरो मस्तिष्कमा एक-एक घटना स्पष्ट पारेको मैले महसुस गरेँ । यसपछि मलाई पशुपतिनाथ र पशुपति क्षेत्रमा हुन सक्ने सबै किसिमका सम्भावित दुर्घटनाहरूलाई कसरी मुकाविला गर्ने भन्ने योजना मिलाउन सजिलो भयो । तर कसरी हुन्छ, कुन समयमा हुन्छ, मैले कसरी प्रतिकार गर्नुपर्छ भन्ने कुरामा भने अनभिज्ञ थिएँ ।

२०६५ साल पौष १३ गते सबेरै ४ बजे म श्रीको दर्शन गर्दै पश्चिम ढोकामा प्रार्थना गर्दै थिएँ । मेरो पीठपछाडि पशुपतिनाथकै भण्डारीमध्येका मुख्य शिवशरण राजभण्डारी उभिइरहेका रहेछन् । मेरो प्रार्थना सम्पन्न भएपछि उनले मसँग केही कुरा गर्न चाहे । हामी पश्चिमतर्फको हनुमानको समीपको खुला चोकमा पुग्यौँ । 'बर्बाद भयो, नहुनुपर्ने कुरा भयो ।' एक्कासि दुःखित हुँदै उनले भने । 'के भयो त्यस्तो ?' भन्ने मेरो प्रश्नको उत्तरमा उनले सुनाए – 'मूल भट्ट महाबलेश्वरजीको राजिनामा स्वीकृत भयो । नेपाली भट्ट डा. विष्णुप्रसाद दाहाल श्रीको पुजारीका रूपमा नियुक्त भए' भन्दै आत्तिएर भने – 'अब के हुने हो भरतजी ? हिजो राति भएको घटना मैले तपाईंलाई सुनाएँ । अब के गर्ने, विचार गरौँ ।'

सुन्नुपर्ने कुरा सुनेँ – मेरो मनले भन्यो । शिवशरणजीलाई जवाफ दिएँ – 'म ७ बजे पश्चिम ढोकामा आइपुग्छु । तपाईंहरू पनि आउनुहोला' भनेर घर फर्किएँ । बाटोभरि योजनाको तरङ्गले चाँडै घर भित्र्यायो । बिहानको नित्यकर्म चाँडोचाँडो गर्दा पनि ७ झन्डै बज्न लागेको थियो । सर्वप्रथम कान्तिपुर टीभीका व्यवस्थापक तीर्थ कोइरालालाई फोन गरेँ र भनेँ – '७.३० देखि पशुपतिनाथको पश्चिम ढोकाबाहिर सरकारको निर्णयको विरोधस्वरूप धर्ना हुँदैछ, समाचार सङ्कलन गर्न प्रतिनिधि पठाइदिनुहोस् ।' यसै गरी ५ मिनेटभित्रमा नेपाल वन, इमेज च्यानल र एभी न्युज टीभीलगायत राससलाई पनि खबर गरेँ ।

म पुग्नुअगाडि नै कान्तिपुरको क्यामेरा पुगिसकेको रहेछ । म पुग्नेबित्तिकै केही मान्छे जम्मा भए । एकजना भण्डारीले श्रीको प्रसाद र माला लगाइदिए । म त्यस समूहको विशेष आकर्षक व्यक्ति बनेँ । जाडोको समय न्यानो लम्बकोटका साथमा कालो टोपीको पहिरनमा चन्दनको नेत्रको टीका लगाएको म पेटीको खाली ढुङ्गाको पेटीमा बसेँ । मेरो गलामा माला थपिँदै गए । मान्छेले पनि घेराबन्दी ठोके । त्यसै बखत कान्तिपुरको समाचार

सङ्कलक मेरो नजिक आएर विरोधको औचित्य र आवश्यकताका बारेमा जिज्ञासा राखे । विनाविश्राम १५ मिनेट विरोधको औचित्य र आवश्यकताको पुष्टि गरें । त्यति मात्र होइन, धर्मनिरपेक्ष नीति अपनाएको सरकारले हिन्दू मन्दिरमा यसरी हस्तक्षेप गर्नु गैरकानुनी हो र गैरसंवैधानिक हो भनेर सरकारको निर्णयको खुलेर विरोध जनाएँ ।

अन्य टीभीका क्यामेरा पनि हामीसँग नजिकिए र अनेक सरकारी नीतिको पक्ष र विपक्षमा प्रश्न गरे । प्रस्ट रूपमा आफ्नो विचार राख्ने मौका पाएँ । एक-दुई पत्रकारले त 'नेपाली पुजारी भएकोमा तपाईंहरूलाई केको आपत्ती ?' समेत भन्दै राष्ट्रियताको प्रश्न खडा गरे । मैले सङ्क्षेपमा भनें – 'धर्मक्षेत्रलाई राजनीतिक सीमाले कुण्ठित गर्न सक्तैन । भारतको काशीमा नेपाली पुजारी छन् । अमेरिका र युरोपका हिन्दू मन्दिरमा भारतीय र नेपाली पुजारी छन् । धर्म र संस्कृतिले स्वीकार गरेको परम्परालाई कसैले बेदखल गर्न मिल्दैन । जहाँ जुन रीतिस्थिति र परम्पराले स्वीकार गरेको प्रचलन छ, त्यो त्यहाँको संस्कृति हो, धर्म हो । यसलाई बदल्नु भनेको धर्मसंस्कृतिमाथिको हस्तक्षेप हो ।'

बिहान समाचारमा नै कान्तिपुरले प्रसारण गरेको हुँदा ९ बजेदेखि ११ बजेसम्म हजारौँको सङ्ख्यामा समर्थकहरू जुटिसकेका थिए । त्यस दिन अपराह्नसम्म कार्यक्रम सञ्चालन भइराख्यो । हरेक दिन बिहान ७ बजे कार्यक्रमलाई निरन्तरता दिने निर्णय लियौँ । यसै गरी १४ गते पनि धर्ना कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गरियो ।

पाँच महिनापहिले सल्लाह गरिएका सबैलाई १५ गतेको कार्यक्रममा उपस्थित हुन निम्तो दियौँ । केशवशरणजी दुई अनुयायीका साथ ७ बजे नै उपस्थित हुनुभयो । मेरै छेउमा बस्नुभएका केशवशरणले पशुपति भजन र नेपाल माताको वन्दना गायन गर्नुभयो । उपस्थित सबैले साथ दिए । त्यत्तिकैमा भारतका 'आज तक' र 'न्युज इन्डिया' टीभीका समाचार सङ्कलक आइपुगे । पहिले मेरो र त्यसपछि केशवशरणको विचार रेकर्ड गरे । करिब १५-१५ मिनेट हामीले हिन्दीमै बोल्यौँ । नेपाल र भारत दुवैतिरका सञ्चार-माध्यमले हाम्रो विरोध कार्यक्रमको खुलेर प्रचार गरे । १६ गते मुद्दा तयारी गर्ने काम भयो । म रिट निवेदक भएको एउटा रिट र भण्डारी समूहका तर्फबाट कृष्णमान भण्डारी भएको अर्को रिट निवेदन, दुइटा रिट १७ गते नै सर्वोच्च अदालतमा दायर भयो । त्यसै दिन ३ बजे सो रिटको सुनुवाइ भयो । पौष १७ गते नै बिहान नेपाली भट्टलाई मन्दिर प्रवेश गराउने सरकारी तयारीलाई हामीले बिथोल्ने कार्यक्रम गऱ्यौँ । नेपाली काङ्ग्रेसको ४ नं.

क्षेत्रका सांसद सुप्रभा घिमिरे र युवा नेता गगन थापालगायत धेरै राजनीतिक व्यक्तिहरूको उपस्थिति थियो । मैले भाषण गर्दागर्दै ममाथि भौतिक हस्तक्षेप भयो । कुटपिट चल्यो । प्रहरीले लाठी प्रहार गरे । त्यस्तै विरोधका बीच नवनियुक्त भट्टलाई मन्दिर प्रवेश गराउन मन्दिरमा लगियो । मन्दिरमा हामी र हाम्रो समूहले तालाबन्दी गरेर साँचो हाम्रो नियन्त्रणमा राखेका थियौँ ।

सर्वोच्च अदालतको एकल इजलासले सरकारी निर्णयका विरुद्धमा श्रीको पूजा यथास्थितिमा राख्नू, राख्न लगाउनू भन्ने अन्तरिम आदेश दियो । त्यही समय अर्थात् साँझ ४.३० बजे मन्त्री गोपाल किरातीको नेतृत्वमा चार ट्रक प्रहरीको घेरामा श्रीको मन्दिरमा लागेको भोटेताल्चा फुटाउने काम भयो । सरकारले अदालतको आदेशको अवज्ञा गरेको समाचार फैलिएपछि भारतीय टीभी ‘आज तक’ ले मेरो घरमा नै आएर विशेष अन्तर्वार्ता लियो । त्यो अन्तर्वार्तालाई प्रत्येक तीन-तीन घन्टामा प्रसारण गर्ने काम गर्न थाल्यो ‘आज तक’ ले । त्यस्तै अरू देशी-विदेशी टीभी र अनलाइनले पनि प्रचारप्रसार सुरु गरेपछि नेपालको त्यस समयको माओवादी सरकार कमजोर हुँदै गयो ।

पौष २३ गते अपराह्न नरनारायण बाबा नामका एक सन्तले मलाई भेट्न खबर गरे । मैले पशुपति क्षेत्रमा नै भेटौँ भनेपछि हामीबीच ४ बजे भेट भयो । उहाँले भन्नुभयो – ‘प्रधानमन्त्री पुष्पकमल दाहालले ५ बजे तपाईंसँग भेट गर्ने समय निश्चित गर्नुभएको छ । तपाईं र म दुवै पाँच बजे बालुवाटार पुग्ने गरेर जाऊँ ।’ उहाँ प्रसिद्ध सन्त हुनुहुन्थ्यो । म उहाँलाई सम्मान पनि गर्थें । तर उहाँको वचन पालन गर्नुपर्ने र सक्ने अवस्था मेरो थिएन । कारण उनै प्रचण्डलाई विपक्षी बनाई सर्वोच्चमा मुद्दा दायर गरेको छु, साथै उनले नै मन्दिरको ताल्चा फोडेर मनपर्दो गरिरहेका छन् भने म कसरी उनीसँग भेट गर्न सक्थेँ ! नरनारायण बाबाले मलाई अनेक किसिमबाट सम्झाउने कोसिस गर्नुभयो । सायद हुन सक्छ मलाई जसरी पनि भेट्टाइदिन्छु भनेर प्रचण्डलाई विश्वस्त बनाउनुभएको थियो होला । मुद्दा चलिरहेको अवस्थामा विपक्षी व्यक्तिसँग भेट्नु नीति र व्यवहार दुवैले वर्जित गरेको कुरालाई मैले अस्वीकार गर्ने स्थिति नै थिएन । त्यसैले उहाँ एक्लै बालुवाटार जानुभयो । साँझ ७ बजेको टेलिभिजन हेर्दै थिएँ । प्रधानमन्त्री पुष्पकमल दाहालले चलिरहेको संसद्मा पशुपतिसम्बन्धी लिएको सबै निर्णय फिर्ता लिए भनेको सुनेपछि मैले बोलेरै भनेँ – ‘श्री पशुपतिनाथको जय होस् !’

त्यसपछि मेरो कर्तव्य थियो श्रीको पूजा यथास्थितिमा गराउने । पौष २४ गते बिहान ८ बजे पशुपति क्षेत्र पुगी मूल भट्ट महाबलेश्वरलाई मन्दिरमा

जान तयारी हुन अनुरोध गरेँ । पौष १७ देखि २३ सम्म ७ दिन श्रीको पूजा रोकिएको थियो । यथासमय ८.३० बजे सबै भट्टजीहरूलाई मन्दिर प्रवेश गराई ७ दिन रोकिएको पूजा सञ्चालन हुने अवस्था सृजना गरेँ । त्यसै दिन क्षमापूजाको पनि आयोजना भयो ।

सन् १३६० मा भारत दिल्लीका सुल्तान गयाउद्दीन तुगलक र बङ्गालका समसुद्दीनले भारतमा भएका हिन्दू मन्दिरहरू नष्ट गर्दै हिँड्ने क्रममा बङ्गालबाट नेपाल प्रवेश गरी श्रीको लिङ्ग क्षतविक्षत गरी नष्ट गरेका थिए । तत्कालीन बनेपाका राजा जयरामसिंह वर्द्धनको अगुवाइमा श्रीपति आराध्य शर्मा (जङ्गमका पुर्खा) ले वर्तमानको लिङ्ग निर्माण गरी स्थापना गरेका र रोकिएको पूजा सञ्चालन गरेका थिए । त्यसै गरी ६४८ वर्षपछि जङ्गमकै सन्तानले श्रीको रोकिएको पूजा सञ्चालन गर्न पाउने मौका पायो । यो मप्रतिको पशुपतिनाथको कृपा हो ।

विधर्मी कम्युनिस्टहरूको योजनाअनुसार श्रीको मूल ढुकुटी खोल्ने योजना पछि सुरु भयो । मूल योजना त ढुकुटी खोली हजारौँ वर्षदेखि सङ्कलित सम्पत्ति हात पार्नु थियो । सो योजना माओवादीले तयार गरे पनि माधवकुमार नेपालको समयमा लागू गर्ने कोसिस भयो । मूल ढुकुटी खोल्न २७ सदस्य भएको उच्च स्तरको समिति गठन गरियो । ढुकुटीमा भएको सम्पत्तिलाई तीन ठाउँमा राख्ने पनि निर्णय भयो । दैनिक काममा प्रयोग हुने सामान पशुपति भण्डारमै राख्ने, पुरातत्त्वसँग सम्बन्धित वस्तु म्युजियममा राख्ने र गहकिला र मूल्यवान् सामान राष्ट्रबैङ्कमा दाखिला गर्ने । राष्ट्रबैङ्क सरकारी ढुकुटी हो, आवश्यकताअनुसार राज्यले चलाउन पाउने । राज्य विधर्मीको कब्जामा रहेको हुँदा श्रीको सम्पत्ति जे पनि हुन सक्ने ठहर गरेपछि म आफैँ रिट निवेदक भएर सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने काम भयो । यो निवेदनमा पनि नगर्नू-नगराउनू भन्ने अन्तरिम आदेश प्राप्त भयो । यसरी मूल ढुकुटी खोल्ने काम रोकियो ।

मृगस्थली क्षेत्रको करिब ९००० रोपनी जमिनमा क्रिस्चियनहरूको लास गाड्ने कार्य सुरु भयो । यिनीहरूको धर्मग्रन्थअनुसार ‘मृतक व्यक्ति एक दिन जीवित हुन्छ’ भनिन्छ । त्यसैले त्यो लासलाई सुरक्षित राख्नुपर्ने भएकाले एक लासले करिब १५० वर्गफुट ओगटेको हुन्छ । त्यहाँ सिमेन्टको स्ल्याब बनाई लासको बाकस छोपिएको हुन्छ । यसरी मृगस्थलीजस्तो हिन्दूहरूको पावन एवं पवित्र भूमि कालान्तरमा क्रिस्चियन ग्रेभयार्डमा परिणत हुने देखिसकेपछि त्यसका विरुद्ध पनि सर्वोच्च अदालतमा मुद्दा दायर गरेर मृगस्थलीलाई सुरक्षित गरियो ।

माथिका कार्य एकपछि अर्कोले सफलता प्राप्त गरेपछि 'पशुपतिनाथ बोल्दैनन्' भन्ने कहावत मिथ्या सावित भयो । त्यस बखत पशुपतिनाथ क्षेत्रका वरपर रहेका सबै सत्तलहरूमा माओवादीको योङ कम्युनिस्ट लिग अथवा वाईसीएलले डेरा जमाइसकेका थिए । तिनीहरूले वनकाली क्षेत्रलाई कवाज खेल्ने थलो बनाइसकेका थिए । पशुपति क्षेत्र सञ्चालन गर्ने मुख्य कार्यालय पशुपति क्षेत्र विकास कोषमा पनि सदस्य-सचिव, कोषाध्यक्ष, सदस्यलगायतका पदाधिकारीहरूमा पनि माओवादीका कार्यकर्ता भर्ती भइसकेका थिए । पशुपतिनाथ माओवादीको जन्जिरभित्र जकडिइसकेका थिए, त्यसबाट छुटकारा दिलाउन मुस्किल नै देखिन्थ्यो तर अति सरल ढङ्गबाट पशुपति क्षेत्रलाई माओवादीको कब्जाबाट उन्मुक्ति दिलाउने काम सम्पन्न भयो । त्यसपछिका दिनहरूमा पशुपति सेवक सङ्घ नामक भण्डारीहरूको सङ्गठन खोल्ने काम भयो । त्यस सङ्गठनले मलाई प्रमुख सल्लाहकारमा मनोनयन गऱ्यो । त्यसै गरी भट्टहरूले अभिभावकविहीन भएको महसुस गर्नुपरेन । जे परे पनि, जुनसुकै मुस्किल आइपरे पनि त्यहाँका रकमी पुजारीहरूले मबाट पूर्ण सहयोग पाए, जतिखेर सङ्कटको समय थियो । आजभोलि भने त्यहाँ कुनै नराम्रो अवस्था छैन । सबै तौरतरिका सरल ढङ्गबाट नै चलिरहेको छ ।

यी सबै कार्य पशुपतिनाथजीकै कृपा र अनुग्रहबाट मद्वारा पूरा गरिएका हुन् । म त एक अकिञ्चन पात्र हुँ, जसद्वारा कार्य सञ्चालन मात्र भएको हो । गर्ने-गराउने उनै आराध्यदेव पशुपतिनाथ हुन् ।

*o तपाईंले डोलेश्वर महादेव क्षेत्रको महिमालाई पनि त कहाँबाट कहाँ पुऱ्याइदिनुभयो ! होइन त ?*

– यसको पनि लामो घटना छ । २०५८ सालको हिउँदको कुरा हो । इतिहास, संस्कृति र धार्मिक क्षेत्रको अध्ययन र अनुसन्धानका क्रममा छोरा अनुप जङ्गमलाई मुभी क्यामेरा बोकाई भक्तपुर सिपाडोलस्थित डोलेश्वर महादेवस्थानमा पुगेँ । दिनभर बसेर सोधखोज, कुराकानी, भिडियो खिच्ने कार्य गरियो । मन्दिरको भित्र-बाहिर परिसर र क्षेत्रलाई क्यामेरामा कैद गरियो । तर घरमा आएर क्यामेरा खोल्न खोज्दा कुनै पनि तस्बिर नआएको देखेर छोरा र म दुवै जिल्ल पऱ्यौँ । मैले उसलाई दोष दिने र उसले क्यामेरालाई दोष दिने कार्य भयो । हाम्रो डोलेश्वर महादेव यात्रा असफल भयो । फेरि ३-४ महिनापछि स्टिल क्यामेरा लिएर गएँ । त्यो क्यामेरा पनि बिग्रेर फोटो नै आएन । अब मलाई झस्कायो । दुइटा क्यामेरा बिग्रियो, फोटो आएन ।

त्यतिखेर डा. पुरुषोत्तमलोचन श्रेष्ठसँग मेरो भेटघाट हुने र इतिहास, संस्कृति र पुरातत्त्वका बारेमा छलफल र कुराकानी हुने गर्थ्यो । मैले एक

दिन उनलाई प्रस्ताव राखेँ डोलेश्वर महादेवस्थान जाने । जाँदा उनलाई क्यामेरा बोक्नसमेत भनेँ । हामी निर्धारित समयमा श्रीको मन्दिरमा गयौँ । उनले आफ्नो क्यामेरामा २५-३० वटा फोटा खिचे । म उनको क्यामेराको फोटो हेर्न चाहन्थेँ । तर उनको क्यामेराबाट पनि फोटो आएन । त्यसपछि डोलेश्वर महादेवको रहस्यमय शक्ति देखी नतमस्तक भएँ, कसैलाई भनिनँ । तर मेरो मस्तिष्कमा भने ठूलो बोझ परेको अनुभव गरेँ, साथै जिम्मेवारीको पनि । त्यसताका म पशुपतिनाथको नित्य दर्शनार्थीमध्येको एक थिएँ ।

डोलेश्वर महादेवले मभित्र एउटा कौतूहलता जगाए, मनभरि जिज्ञासा भरिदिए अनि एउटा निश्चित सङ्कल्प गर्नुपर्ने वातावरण तयार गरिदिए । महादेवस्थानमा जाने-आउने कार्य जारी रह्यो । त्यहाँका जागरुक युवाहरूले विमलेश्वर महादेव विकास तथा संरक्षण समिति गठन गरेर क्रियाशील हुन थाले । बालहरि चालिसे, राजन थापा, बच्चुराम जङ्गम र सूर्य खाइतू जस्ता युवकहरू त्यस क्षेत्रको विकासमा लागि लागिपर्दा म पनि सहयोगीका रूपमा सहभागी हुँदै गएँ । उनीहरूले विमलेश्वर भनेकोमा मेरो मतभिन्नता थियो, जो उनीहरूले पनि बिस्तारै बुझ्दै गए । मन्दिरको प्रवेशद्वार अतिक्रमित भएको थियो । दक्षिणतर्फको पुरानो सत्तलकै जगमा सानो भवन निर्माण गर्न सहयोग जुटाउने काम पनि तिनै युवकहरूले गर्दै गए ।

२०५९ सालको हिउँदको महिना थियो । करिब ४ बजेतिर मन्दिर प्राङ्गणमा रहेको पारिजातको रूखको छेउमा उभिएर श्रीको लिङ्गलाई जिज्ञासापूर्वक नियालिरहेको थिएँ । श्रीको लिङ्गको करिब २०-२२ फिटको दूरीमा पूर्वाभिमुख भई उभिएर म लिङ्गको रहस्य बुझ्ने कोसिस गर्दै थिएँ । एकाएक हावाको झोक्कामा मेरो कानमा 'केदारनाथ...?' भन्ने आवाज प्रवेश गऱ्यो र मेरो ध्यान पनि एक्कासि स्वर्गवासी मेरी हजुरआमा हरिप्रिया जङ्गमको कोठामा झुन्ड्याइरहेको केदारनाथको फोटोमा केन्द्रित भयो । त्यो फोटो मैले २००८ सालदेखि २०१४ सालसम्म देखेकाले बालसुलभ मस्तिष्कमा कैद भएको थियो । करिब ५० वर्षको अन्तरालमा देखेको फोटो र श्रीको लिङ्ग सम्मिश्रित हुँदै गयो मेरो मस्तिष्कमा । कानमा गुन्जिएको केदारनाथको आवाजले मूर्त रूप लिँदै गयो । इतिहास सम्झेँ । पुराण सम्झेँ । चल्दै आएको संस्कृति सम्झेँ – 'केदारखण्डे नेपालक्षेत्रे ।' केही समयअघिको हावाको ध्वनिरूपी श्रीको आदेशले बनाएको अर्धचेतनाले छाड्यो । मन हल्का भयो, स्फूर्ति आयो । विगतका दुःख सबै बिर्सिएँ र त्यहाँ नजिकै रहेका मित्रहरूलाई बोलाएँ । बालहरि चालिसे, राजन थापा, बच्चुराम जङ्गम र सूर्य खाइतू मेरा अगाडि उपस्थित भए । तिनैका अगाडि मैले भनेँ – 'यी डोलेश्वर महादेव भारत उत्तराञ्चलका केदारनाथका शिरोभाग हुन् ।' सुनेर सबै अचम्ममा परे ।

केही साथीहरू यो सुनेर खुसी भए, केहीले प्रतिकार गरे । तर उनीहरूले मेरो भनाइलाई त्यति गम्भीरता प्रदान गरेनन् । मैले तत्काल महसुसगरेँ – यो कुरामा अल्झिनु वा विवाद गर्नु बेकार हो । यसको प्रमाण जुटाई निर्णय गर्ने-गराउने काम मेरो मात्र हो भन्ने सम्झी आफ्नो जिम्मामा आएको काम गर्ने निश्चय गर्दै घर फर्किएँ ।

सर्वप्रथम श्रीको मन्दिरमा दैनिक रुद्राभिषेक गर्ने कार्य प्रारम्भ गरियो । स्थायी रूपमा मन्दिर परिसरमा मान्छे बस्ने व्यवस्था गर्न सुरु भयो । चन्दा, मुठीदान र आजीवन सदस्य बनाउने कार्य पनि सुरु भयो । २०६१ सालको 'खोपृङ' नामक पत्रिकामा 'डोलेश्वर महादेव केदारनाथको शिरोभाग' भन्ने लेख प्रकाशित गरियो । त्यही लेखलाई सयौँ थान फोटोकपी गरेर वितरण गर्ने काम सुरु भयो । यसरी बिस्तारै प्रचारमा आउन थालेपछि २०५७ सालमा स्थापित समितिका लागि 'विमलेश्वर' नाम गौण हुँदै गयो र त्यसको स्थानमा डोलेश्वर महादेव रहन गयो अर्थात् समितिको नाउँबाटै विमलेश्वरलाई हटाउने कार्य भयो ।

डोलेश्वर महादेव केदारनाथको शिरोभाग हो भन्नेमा प्रचारप्रसार कार्यमा जुटियो । भारतबाट आएका धार्मिक व्यक्तिहरूलाई मन्दिरको यात्रा गराउने र लिङ्गको दर्शन गराउने कार्य जोडतोडका साथ अगाडि बढ्दै गयो । रुद्राभिषेक अटुट रूपमा सञ्चालन हुन थालेपछि दिन दुगुना रात चौगुनाको हिसाबले श्रीको प्रचार हुन थाल्यो । दर्शनार्थीहरूको सङ्ख्या बढ्दै गयो, साथै सार्वजनिक पूजा पनि बढ्दै गएको अनुभव भयो । सर्वप्रथम नेपाल टेलिभिजनबाट शारदा उपाध्यायले सञ्चालन गरेको धार्मिक कार्यक्रममा श्रीको कार्यक्रम प्रस्तुत भयो । यसै गरी अरू टेलिभिजन र एफएम रेडियोहरूमा पनि श्रीका बारेमा प्रचार सुरु भयो ।

२०६५ साल वैशाख महिनामा भारत काशीस्थित जङ्गमबाडी मठमा विशेष धार्मिक सभामा उपस्थित हुने मौका पाएँ । त्यस सभामा भाग लिन दिदी सावित्री जङ्गम थापा, म र मेरी श्रीमती इन्दिरा जङ्गम गएका थियौँ । त्रिदिवसीय कार्यक्रमको पहिलो दिन नै मैले बोल्ने मौका पाएँ । मैले बीस मिनेट बोल्ने मौका पाएकोमा १५ मिनेट डोलेश्वर महादेवका बारेमा बोलेँ । केदारनाथको शिरोभाग पशुपतिनाथ नभएर डोलेश्वर भएको सत्यलाई प्रमाणित गर्न पुराणका तथ्य, प्राचीन इतिहासका सत्य, साथै दुवै स्थानका लिङ्गको आकारप्रकार र रूपको वर्णन गरेँ । भारत उत्तराञ्चल केदारपीठका पीठाधीश श्री १००८ जगद्गुरु भीमाशङ्कर लिङ्ग शिवाचार्य महास्वामी पनि त्यस कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । उहाँका लागि पनि नौलो भयो मेरो

भनाइ । त्यसैले साँझ मलाई उहाँले भेट गर्न बोलाउनुभयो र डोलेश्वर महादेवका बारेमा विस्तृत जानकारी लिनुभयो । दोस्रो वर्ष नेपाल आउँदा डोलेश्वरको दर्शन गर्ने निर्णय लिनुभयो ।

२०६६ सालको श्रावण मास पूजाका लागि जगद्गुरु भीमाशङ्कर लिङ्ग महास्वामीजी काठमाडौँ आउनुभयो । पशुपति क्षेत्रको वनकाली धर्मशालामा श्रावणी पूजा सुरु गर्नुभयो । पूजा सुरु गरेपछि त्यो क्षेत्र छोड्न नहुने कारणले गर्दा उहाँ श्रीको दर्शनका लागि डोलेश्वर जान सक्नुभएन । तर हरेक दिन मसँग श्रीको चर्चा चल्दै गयो । महास्वामीजी डोलेश्वर नपुगे पनि केदारनाथको शिरोभाग डोलेश्वर नै हो भन्ने निर्णयमा पुग्नुभयो । उहाँको श्रावणी पूजा भाद्रको ५ गते सकिने र भाद्रको ७ गते बेङलोर फर्कने जहाजको टिकट कन्फर्म भएको हुँदा उहाँसँग भाद्र ६ गते मात्र एक दिन समय रह्यो । भाद्र ६ गतेका दिन घोषणा गर्ने निर्णय भएअनुसार श्रावण २५ गते सगरमाथा टेलिभिजन र एभिन्युज टेलिभिजनमा जगद्गुरुले बोल्ने कार्यक्रम तय गरी पशुपति वनकाली धर्मशालामा टेलिभिजन र अन्य पत्रकारलाई खबर गरियो ।

जगद्गुरु भीमाशङ्कर लिङ्ग महास्वामीलाई डोलेश्वर महादेवबाट केकस्तो प्रेरणा भयो, म भन्न सक्तिनँ । तर उहाँले वर्षौंदेखि देखेको, भोगेको र पूजासमेत गरेको जस्तो गरी मेरै सान्निध्यमा डोलेश्वर महादेवको वर्णन गर्नुभयो र 'केदारनाथजीको शिर पशुपतिनाथ नभई डोलेश्वर महादेव नै हो' भनेर किटानसाथ भन्नुभयो । उहाँले अनेक कोणबाट पुष्टि हुने गरी प्रमाण दिनुभयो । पत्रकार र श्रोताहरूका लागि नौलो तथ्य पत्ता लागेको मैले महसुस गरेँ । वर्षौंको मिहिनेत सफलीभूत हुने भएकोमा म आनन्दित भएँ । रेडियो, टेलिभिजन र पत्रिकाबाट प्रचार सुरु भयो । भारतीय पत्रिकाले पनि यो समाचार प्रकाशित गर्‍यो । श्रावणको २८ र २९ गते इमेज च्यानलबाट 'खबरभित्रको खबर' भन्ने कार्यक्रमले दुई दिन प्रसारण गरेपछि डोलेश्वर महादेव मन्दिरमा हजारौँको सङ्ख्यामा मान्छेहरू उपस्थित हुन थाले ।

यही मौकामा भक्तपुर नगरमा अनन्तप्रसाद धौभडेलको संयोजकत्वमा एउटा स्वागत समिति र स्थानीय मन्दिरमा मेरै संयोजनमा स्वागत समिति गठन गरेर मन्दिर परिसर सफासुग्घर गराई फूल आदिले सजाउने कार्य सुरु भयो । हामीसँग समय ज्यादै कम थियो, तापनि सबै क्षेत्रबाट सहयोग प्राप्त भयो । हामीले निर्धारित समय अर्थात् २०६६ साल भाद्र ६ गते तदनुसार ९ अगस्ट सन् २००९ का दिन बीसौँ हजार जनसमुदायको उपस्थितिमा 'डोलेश्वर महादेव उत्तराञ्चलस्थित केदारनाथको शिरोभाग हो' भनेर विधिवत

शिलापत्र अनावरण गरी केदारनाथजीका पीठाधीश जगद्गुरु भीमाशङ्कर लिङ्ग महास्वामीद्वारा घोषणा गर्ने-गराउने काम भयो ।

त्यसपछिका दिनहरूमा धेरै मान्छेहरू त्यस क्षेत्रको उन्नति र प्रगतिमा जुटे । उत्सव मिडियाका खेम गुरुङ र ॐकारध्वनिका मुकन्द शर्माबाट टेलिभिजन कार्यक्रमका लागि सहयोग जुट्यो । बिस्तारै सबै क्षेत्रको सहयोग जुट्तै गयो । मन्दिर परिसरभित्र मुस्किलले १२ आना जमिन थियो । तर हाल १६ रोपनीको क्षेत्रफलमा मन्दिरको गुरुयोजनाअनुसार निर्माण कार्य भइरहेको छ । अझ कति हुने हो, त्यो भन्न सकिने अवस्था छैन । यसरी देवशक्तिलाई आफ्नै जीवनमा देखेँ, भोगेँ र बुझेँ ।

डोलेश्वर महादेव मन्दिरको दक्षिणतर्फ रहेको १७६४ सालको शिलालेख भन्छ – त्यस बखत श्रीको ख्याति प्रशस्त थियो । तत्कालीन भक्तपुरका राजा भूपतीन्द्र मल्लले दैनिक भजन गर्ने र पूजन गर्ने गरिएको व्यहोरा शिलालेखमा उल्लेख भएको छ । करिब ३०० वर्ष छायामा पर्नुभएका डोलेश्वर महादेव यतिखेर फेरि विश्वप्रसिद्धि प्राप्त गर्न थाल्नुभएको मैले अनुभव गरेको छु । त्यहाँका साना वा ठूला आवश्यकता श्रीकै इच्छाअनुसार पूर्ण हुने गरेको छ ।

केदारनाथको शिर नै डोलेश्वर महादेव हुन् भन्ने घोषणापछि नाम चलेका हिन्दू धर्मका अनुयायीहरू धेरैले मलाई खुलेर विरोध गरे – केदारनाथको शिरोभाग पशुपतिनाथ हुनुपर्नेमा भरतजीले डोलेश्वर भनेर पशुपतिनाथको अपहेलना गर्नुभयो । डोलेश्वर महादेव कुनै हालतमा पनि केदारनाथको शिर हुनै सक्तैन भन्ने प्रचारले प्रमुखता पायो । मेरो विरोधमा आएका स्वरहरू टेलिभिजन कार्यक्रममा प्रसारण हुनेदेखि पत्रपत्रिकामा पनि प्रकाशित भए । भरत जङ्गमको त्यस क्षेत्रमा जग्गा छ, जग्गाको भाउ बढाएर बेच्न यसरी नचाहिने काम गरेका हुन् भन्नेजस्ता दुष्प्रचार गर्न पनि बाँकी राखेनन् । अझ पनि विरोध गर्नेहरूको विरोधी आवाज रोकिएको छैन । तर पशुपति क्षेत्रको अपहेलना भयो, अवमूल्यन भयो भन्ने भनाइको जवाफमा म भन्छु – डोलेश्वर महादेवको परिवर्तित नाउँ पशुपतिनाथबाट मलाई प्राप्त भएको प्रसाद हो । किनभने मैले डोलेश्वर महादेव क्षेत्रलाई भन्दा धेरै गुणा बढी पशुपतिनाथ क्षेत्रलाई सेवा पुऱ्याएको छु ।

*० भक्तपुर वागेश्वरी सरस्वतीस्थानका लागि पनि तपाईंको ठूलो योगदान छ भन्ने सुनिएको छ । त्यो के हो ?*

– भक्तपुर जिल्लाको पूर्व-उत्तर कोणमा रत्नागिरी पर्वत छ । त्यसलाई वागेश्वरी भनिन्छ । वागेश्वरी भनेकी सरस्वती हुन् । वागेश्वरीको मध्य

भागमा सरस्वतीस्थान छ । त्यसलाई भक्तपुर नगरका नेवारहरूले ‘लासापा सस्वद्यो’ भन्छन् । लासापा सस्वद्योलाई महामञ्जुश्री पनि भनिन्छ । त्यो सरस्वतीस्थानलाई हिन्दूहरूले सरस्वती र बौद्धमार्गीहरूले महामञ्जुश्रीका रूपमा सम्मान तथा पूजन गर्ने चलन चल्दै आएको छ । प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना मेला लाग्छ । त्यसैबीच पर्ने श्रीपञ्चमीका दिन विशेष मेला लाग्ने गरेको छ ।

उपत्यकाको विशेषता हो हिन्दू र बौद्ध मिश्रित धार्मिक क्षेत्रको विकास गर्नु । धेरै धार्मिक क्षेत्रहरू दुवै सम्प्रदायले स्वीकार गरेर शताब्दीयौँदेखि चल्दै आएका छन् । अतिबौद्धमार्गी र अतिहिन्दूमार्गी लिच्छविकालमा समन्वयात्मक रूपमा स्थापित भएका हुन् । त्यसैले नेपाल उपत्यकामा बौद्ध र हिन्दूदर्शनमा अतिवादको अन्त भएको हो । यसै क्रममा लासापा सस्वद्यो स्थापित भएको हो ।

त्यहाँको ढुङ्गाको ओडारबाट हावा सुसाउँदा ॐको ब्रह्मध्वनि निस्कन्छ । हिन्दूहरूले त्यसलाई सरस्वती भने, अनि बौद्धमार्गीले ल्हासाबाट मञ्जुश्री आएको मार्ग ठाने । त्यसैले हिन्दू र बौद्ध दुवै सम्प्रदायका लागि पवित्र स्थल बन्यो । २००४ सालमा त्यस ओडारलाई मध्यविन्दुमा राखेर मन्दिर निर्माण भयो । मन्दिर निर्माण गर्दा बौद्धमार्गीले गरेका कारण त्यहाँको पूजाआजाको जिम्मा पनि शाक्य जातिले पाए । मन्दिरको नाम भने सरस्वतीस्थान रह्यो । यस मन्दिरको माथिल्लो भाग थलीजस्तो छ । त्यस भागलाई थाकल माथ भनिन्छ । यो क्षेत्रलाई सरस्वतीस्थान, लासापा सस्वद्यो, थाकल माथ र वागेश्वरी भनिन्छ ।

२०६० सालमा त्यस क्षेत्रको अध्ययनका क्रममा सरस्वतीस्थान पुग्दा ओडारलाई छोपिने गरी मूर्ति राखिएको देखियो । २०१४ सालमा सरस्वतीको दर्शन गर्न जाँदा ओडारको दर्शन गरिएको थियो र त्यसै ओडारमा कान थापेर सुन्दा हावा सुसाएको आवाज गुन्जिएको थियो । तर मूर्ति राखिसकेपछि त्यो ओडारबाट आउने ध्वनि सुन्न सकिने अवस्थामा थिएन । सोधखोज गर्दा जानकारीमा आयो – काठमाडौँ ढोकाटोल बस्ने मुक्ति मानन्धरका बाजेले सो मञ्जुश्रीको मूर्ति बनाई २०२४ सालमा स्थापित गरेका रहेछन् । स्थानीय वासीहरू भने मञ्जुश्रीको मूर्ति नै सरस्वतीको मूर्ति भन्ने भ्रममा रहेछन् ।

भ्रमलाई हटाउनुपर्ने र सरस्वतीस्थानमा सरस्वतीको मूर्ति पनि राख्नुपर्ने मैले प्रस्ताव राखेपछि विवाद उत्पन्न भयो । शाक्य र वज्राचार्यहरूको समूहले जिल्ला प्रशासन कार्यालय भक्तपुरमा लिखित उजुरी नै दिए – भरत जङ्गमले मञ्जुश्रीको मूर्ति फ्याँक्ने र मन्दिरसमेत भत्काउने भएकाले कार्वाही गरिपाऊँ ।

वास्तवमा मैले त्यो भनेको थिइनँ । मैले भनेको थिएँ – मन्दिरभित्रको मुख्य स्थान ओडार भएको हुँदा त्यसलाई २०२४ सालअघिकै रूपमा कायम राखौँ । मन्दिर दायाँ-बायाँ ससाना मन्दिर बनाई मञ्जुश्री र सरस्वतीको मूर्ति स्थापना गरौँ । यसो गर्दा दुवै सम्प्रदायको धर्मको रक्षा हुने र परम्परादेखि रहेको ओडार पनि कायम रहने थियो । तर विवादले यति ठूलो रूप लिन खोज्यो कि एक सम्प्रदायको मान्छेलाई अर्को सम्प्रदायको मान्छेबाट भौतिक हमला हुनेजस्तो अवस्था सृजना भयो । यस्तो अवस्था ६ वर्ष कायम रह्यो ।

मञ्जुश्रीको मूर्ति करिब १८ इन्चको थियो । मेरो मनमा आयो सरस्वतीको मूर्ति कमसेकम ५४ इन्चको बनाउने र त्यही स्थानमा स्थापित गर्ने । मनमनै यो सङ्कल्प गरियो । तर गर्ने कसरी र कहिले ?

एक दिन अचानक मध्यरातमा निद्रा छुट्यो । सरस्वतीस्थानको समस्याले मनमस्तिष्क बिथोलियो । बिहानै उठेँ । रातमा बनेको योजना अनुसार बिहान ७ बजे भारत वाराणसीमा एक मित्रलाई फोन गरेर एक मूर्तिकारको सम्पर्क नम्बर लिएँ र फोन गरेँ । तयारी ५४ इन्चको सरस्वतीदेवीको कमल आसन बैठकी मूर्ति आवश्यक भयो । '१५-१६ वर्षकी युवतीको नाक, कान, हात, पाउको साइज भएको मूर्ति कहिलेसम्म बनाउन सकिन्छ ?' भन्ने मेरो प्रश्नको उत्तरमा मूर्तिकार भन्छन् – 'यो यति चाँडो सम्भव छैन । ५४ इन्चको मूर्ति तयार गर्न साठी-पैँसट्ठी इन्च लम्बाइ र त्यति नै चौडाइ भएको ढुङ्गाको आवश्यकता पर्छ । त्यो ढुङ्गा आठ क्विन्टलभन्दा कम हुँदैन । त्यसैले पहिले ढुङ्गा जुटाउँछु । त्यसपछि गर्न सक्ने कि नसक्ने, पछि खबर गर्छु ।' सुनेर होस नै गुम भयो । माता सरस्वतीलाई प्रार्थना गरेँ – किन यो असम्भव नै छ र ?

भोलिपल्ट बिहान फोन आयो बनारसबाट – 'भनेको जस्तो नभए पनि भनेकोभन्दा ८-९ इन्च सानो ढुङ्गा आफ्नै गोदामको कुनामा फेला पर्‍यो । बीचमा नसा नभएको साबुत ढुङ्गा भयो भने तपाईंले भनेजस्तो मूर्ति बनाउन सकिन्छ । तीनदेखि चार महिना लाग्छ र खर्च यति हजार रुपियाँ लाग्छ ।' मैले माता सरस्वतीलाई धन्यवाद दिँदै मूर्तिकारलाई भनेँ – 'बस्, तिमी आजैदेखि काम सुरु गर । पैसाको फिक्री नगर ।' उनले भने – 'जति चाँडो तपाईं एडभान्स रकम पठाउनुहुन्छ, म त्यसै दिनदेखि कालिगढ लगाउँछु ।' उनको मागअनुसारको रकम त्यसै दिन पुग्ने गरी व्यवस्था गरेँ र मूर्तिकारलाई काम गर्न हात फुकाइदिएँ ।

करिब ४५ दिनपछि मूर्तिकारले सूचना गरे – 'मूर्ति बन्यो । लिन आउनुहोस् । तीन महिना लाग्छ भनेको, मूर्ति डेढ महिनामै बन्यो ।' म

अचम्ममा परेँ । 'फोटो पठाउनुहोस्' भन्ने मेरो भनाइको उत्तरमा मूर्तिकारले भने – 'हेर्नैपर्दैन, आउनुहोस् लिन । कालिगढ नै खुसी भएका छन् आँखा खोलेपछि अनुपम मूर्तिको दर्शन पाएर । हामी सबै खुसी छौँ ।' मेरो आग्रह अनुसार उनले फोटो पठाए । मैले कल्पना गरेको भन्दा अति सुन्दर थियो ।

भारत बनारस यात्राको कार्यक्रम बनाएर श्रीमती इन्दिरा जङ्गमलाई साथमा लिएर गएँ । माता सरस्वतीको मूर्ति कारखानामा भएका अन्य सयकडौँ मूर्तिमा आकर्षक थियो । मूर्तिकारले यो भनेर देखाउनुपर्ने आवश्यकता नै थिएन । हामी मूर्तिको नजिक गएर माता सरस्वतीको दर्शन गऱ्यौँ । सोचेको भन्दा राम्रो तथा आकर्षक देख्यौँ – मानव जीवन कदको ।

मूर्तिलाई काठमाडौँ ल्याउन एउटा टाटा मोबाइल गाडी बन्दोवस्त गरियो । साना अरू ९ मूर्तिसमेत गाडीमा सुरक्षित ढङ्गले बाँधेर पठाइयो । साथै आफू रेल, जहाज हुँदै काठमाडौँ आयौँ । बनारसबाट गाडीमा राखिएको मूर्ति बानेश्वरस्थित जङ्गम निवासमा पुग्यो । फेरि चिन्ता बढ्यो – कसरी र कहिले सरस्वतीस्थानमा मूर्ति स्थापना गर्ने ?

गाउँमा राजनीतिक विवाद, धार्मिक मतको भिन्नता, अर्थको अभाव आदि अनेक समस्याले गर्दा मूर्ति गन्तव्यमा पुग्न सकेन । मेरो प्रयासले थकाइ मारेन । धेरै मिटिङ र जमघटपछि सरस्वतीस्थान विकास तथा संरक्षण समिति गठन भयो । त्यस समितिको नेतृत्वमा सप्ताह श्रीमद्भागवत महापुराण लगाइयो २०६८ सालमा । त्यो धार्मिक अनुष्ठानबाट करिब २८ लाख रुपियाँ आर्जन भयो । त्यसै कोषबाट पश्चिमतर्फ छुट्टै मन्दिर निर्माण भयो माता सरस्वतीका लागि ।

यो मूर्ति मेरो घरको बरन्डामा करिब २ वर्ष रह्यो । मूर्तिलाई हामीले माता सरस्वती जीवन्त रहेको महसुस गरेका हुँदा मूर्तिको छेउमा गई नमन गर्ने गरेका थियौँ । हामी र हाम्रो परिवारका सदस्यलाई व्यक्तिगत रूपमा कति लाभ भयो, म भन्न सक्तिनँ । मैले व्यक्तिगत अनुभव गरेको सत्यलाई भन्नु नै पर्छ । ती हुन् – १. कल्पना तिमिल्सिनाले बाह्र पास गरिन्, २. बुहारी निशा स्नातकोत्तर एमबीए उत्तीर्ण भइन्, ३. छोरा अनुप जङ्गमले एमफिल गऱ्यो, ४. मैले भ्रष्टविरोधी विज्ञान (एन्टिकरप्टोलोजी) लेखी विश्व प्राज्ञिक जगत्मा समाजशास्त्रको एक अङ्गका रूपमा स्थापित हुन सक्ने नयाँ विषयलाई परिचित गराउने मौका पाएँ ।

माता सरस्वतीको मन्दिरको गर्भगृहमा हामी हाम्रो परिवारका तर्फबाट कृतज्ञतास्वरूप अखण्डदीप प्रज्ज्वलित भएको छ । माता सरस्वतीका

भक्तहरूको सहयोगबाट सुन्दर प्राङ्गण तयार भएको छ । दिन-प्रतिदिन दर्शनार्थीको सङ्ख्या बढ्दो छ ।

संयोग हो वा माता सरस्वतीको इच्छा, म भन्न सक्तिनँ । रत्नागिरी पहाडमा पञ्चायत कालमा दुई गाउँ पञ्चायतको नाउँ थियो सुडाल सरस्वती गाउँ पञ्चायत र वागेश्वरी गाउँ पञ्चायत । दुवैको अर्थ सरस्वती हो । तर ती दुवै क्षेत्रमा सरस्वतीका मूर्ति भने थिएनन् । सरस्वतीस्थान भनिए पनि मञ्जुश्रीको नाउँबाट गुठी रहेको र पूजा पनि बौद्धमार्गी शाक्य जातका बाँडा थिए । त्यस क्षेत्रको सामाजिक अवस्थालाई हेर्ने हो भने पनि सनातनी हिन्दूहरूको बसोबास भएको देखिन्छ । स्थायी रूपमा कुनै बौद्धमार्गीको घरवास देखिँदैन, मात्र अस्थायी रूपमा बसोवास गर्ने पुजारीको बसोवास देखिन्छ । यसरी बौद्धमार्गीको बस्ती नभए पनि सरस्वतीस्थानलाई बौद्धमार्गीले कब्जा गरेको देखियो । यो किन र कसरी भयो ? सरस्वतीले किन स्थान पाइनन् ?

महामञ्जुश्रीलाई बुद्धसत्व प्राप्त गरेको बुद्धका रूपमा पुजिन्छ । काठमाडौँ उपत्यकामा जमेको पानी मञ्जुश्रीले चोभारको डाँडो काटेर पानी सुकाई बस्ती बसाएका हुन् भन्ने नेवार समुदायमा कथन छ । यसै सन्दर्भमा सनातनी हिन्दूहरूको अर्को कथन छ । त्यो हो नेपाल उपत्यकाको पहिलो शासक गोपालवंशका थिए । श्रीकृष्णले सुदर्शन चक्रद्वारा चोभारको डाँडोलाई काटेर उपत्यकाको पानी निकास गरेपछि गोपालवंशीलाई ल्याई बस्ती बसाले । यी दुवै कथन हुन्, मान्न वा नमान्न सकिन्छ । वास्तवमा नेपाल उपत्यकाको बस्ती विकास हजारौँ वर्ष पहिलेदेखिको हो, जहाँ सृष्टिको सुरुमा नै आदिज्योतिर्लिङ्गका रूपमा भगवान् पशुपतिको उत्पत्ति भयो । पशु वा प्राणीका पति वा मालिक प्राणी मात्रका पालक, संरक्षक पशुपतिलाई द्वापरयुगका कृष्ण वा कलियुगका बुद्धसँग जोड्न नै मिल्दैन ।

मञ्जुश्री बुद्धदर्शनका अनुयायी हुन् । विक्रमको पाँचौँ शताब्दीमा बुद्धधर्ममा आचार्य भएका मञ्जुश्रीको नाउँ मञ्जुघोष हो । मञ्जुश्रीले आचार्यत्व प्राप्त गरेपछि बुद्धधर्मको प्रचार भारतवर्षको उत्तरतर्फको जिम्मा पाए । त्यस्ता अरू चार आचार्यले पनि बुद्धधर्म र ज्ञानमा समर्पित भएपछि मञ्जुश्रीसमेत पञ्चबुद्धका रूपमा स्थापित भए । यसरी मञ्जुघोष मञ्जुश्री हुँदै महामञ्जुश्रीका रूपमा बुद्धधर्ममा देखिए । तर बुद्ध धर्मावलम्बीहरूका अलिखित तथा लिखित शास्त्रमा दसौँ हजार वर्ष पहिलेदेखि नै बुद्धधर्म यो विश्वमा थियो भनेर भन्ने गरिएको छ, जबकि द्वापरयुगको अन्त भएको दुई हजार वर्षपछि सिद्धार्थको जन्म भएको हो । यो बेग्लै अध्ययनको विषय हो ।

सरस्वतीस्थान जनजनको बोली भएको हुँदा यसको अतिक्रमणको समय लामो नरहेको अनुमान गर्न सकिन्छ । लिच्छविकालमा बुद्धविहार धेरै बने र बुद्धधर्मको प्रचार पनि नेपालमण्डलमा त्यही समयमा भएको हो भन्ने बुझ्न सकिन्छ । भारतलगायत अन्य देशमा चलेका बुद्धसंस्कृति र धर्म नेपालमण्डलमा स्थापित हुँदा सनातनी हिन्दूको संस्कृतिसँग मिल्दो अलग्गै किसिमको स्थापित भयो । यो पनि अलग्गै अध्ययनको विषय हो ।

करिब १५०० वर्षसम्म वागेश्वरी, सरस्वतीस्थान र लासापा सस्वद्यो भन्ने नाम बाँचेको हुँदा मूर्त रूपमै माता सरस्वतीले स्थापित हुन खोज्नुभएको रहेछ र बस्नुभयो । यो माता सरस्वतीकै इच्छाशक्तिको परिणाम हो ।

*० भक्तपुरकै अनन्तलिङ्गेश्वर महादेव क्षेत्रको विकासका विषयमा पनि केही भनिदिनोस् न !*

– अनन्तलिङ्गेश्वर क्षेत्रलाई कसरी विकास गर्न सकिन्छ भन्ने चिन्ता मभित्र स्थायी रूपमै रहेको थियो र आजसम्म पनि छ । २०५० सालमा उत्तरतर्फबाट उक्लने सिँढी पुनर्निर्माण गर्ने काम भयो । त्यस बखत स्थानीय युवाहरूको सहयोग र हातेमालोको परिणामस्वरूप करिब २५० खुड्किला भएको मन्दिर पुग्ने बाटो निर्माण भयो । २०६० सालमा अनन्तलिङ्गेश्वर महादेव प्रीति गरी भक्तपुर कटुन्जे सृजनानगरमा धान्याञ्चल महायज्ञ आयोजना गरियो । व्यासाचार्य किशोर गौतमको अगुवाइमा भएको अनुष्ठान सम्पन्न त भयो, तर मन्दिरलाई ठोस सहयोग पुग्न सकेन ।

यसैबीच डोलेश्वर महादेवको तीव्र रूपले विकास हुँदै थियो । २०६८ सालमा त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्र र डोलेश्वर महादेव विकास तथा संरक्षण समितिको संयुक्त आयोजनामा शिवपुराणको आयोजना गरियो । त्यस अनुष्ठानका व्यासाचार्य त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्रका प्रमुख संरक्षक दिवाकर भण्डारी हुनुहुन्थ्यो । त्यस अनुष्ठानमा 'नेपालमा वृन्दावन' निर्माण गर्ने स्थानको खोजी हुन थालेको जानकारी मैले पाएँ । अनुष्ठानको अन्तिम दिन त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्रलाई वृन्दावन निर्माण गर्ने अनन्तलिङ्गेश्वर क्षेत्रको ५ सय रोपनी वन क्षेत्र उपलब्ध गराउन सकिने जानकारी दिएँ । त्यसपछि अनन्तलिङ्गेश्वर क्षेत्र विकासका लागि 'त्रिनेत्र' को ध्यान आकर्षित भयो ।

त्रिनेत्र र डोलेश्वरका सम्बन्धित साथीहरूसमेत डोलेश्वरको प्रसादका रूपमा अनन्तलिङ्गेश्वरको वन प्राप्त भएको स्वीकार गर्दै यसतर्फ आकर्षित भयौँ । क्षेत्र विकासका लागि संस्था दर्ता गर्ने काम भयो । दैनिक रुद्राभिषेक

सहित पूजाको व्यवस्था गरियो । पूजामा कुनै कमी-कमजोरी नहोस् भनेर पुजारीहरूलाई थोरै भए पनि मासिक पारिश्रमिकको व्यवस्था गर्ने काम भयो । २०६९ साल श्रावणमा शिवपुराण लगाई केही अर्थ सङ्कलन गर्ने काम भयो । त्यस अनुष्ठानबाट प्राप्त रकम रु. १२ लाख अक्षयकोषमा राखी आएको ब्याजबाट दैनिक खर्च चलाउन थालियो ।

२०७० सालमा त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्र र अनन्तलिङ्गेश्वर संरक्षण तथा विकास समितिको संयुक्त आयोजनामा श्रीमद्भागवत महापुराण तथा धान्याञ्चल महायज्ञ पं. दिवाकर भण्डारीको नेतृत्वमा सम्पन्न भयो । त्यसबाट पनि आर्थिक लाभ भयो । मूल समितिका अध्यक्ष सालिकराम न्यौपाने र सचिवमा रामप्रसाद न्यौपाने हुनुहुन्थ्यो । उपाध्यक्ष देवीप्रसाद न्यौपानेलाई निर्माण तथा विकास कार्यको संयोजक बनाई अत्यावश्यक निर्माणको कार्य सुरु भयो । इन्जिनियर कुमार उप्रेतीको पूर्ण सहयोगमा गणेश मन्दिर निर्माण भयो । श्रीको मन्दिरको गर्भगृहमा अखण्डदीप प्रज्ज्वलन पनि कुमार उप्रेतीबाट भइरहेको छ । २०७२ साल वैशाखमा गएको महाभूकम्पले मन्दिर क्षतविक्षत भएपछि पुरातत्व विभागको सहयोगमा दुईतले छानायुक्त मन्दिर निर्माण भयो ।

प्राचीन कालमा यस्तै दुईतले छानायुक्त मन्दिर थियो । १९९० सालको भूकम्पले मन्दिर भत्केको हुँदा त्यस मन्दिरलाई गुम्बज शैलीबाट बनाइएको थियो । बयासी वर्षपछि गएको अर्को भूकम्पले गर्दा मन्दिर पूर्ववत् अवस्थामा खडा भयो । प्राचीन कालदेखि जङ्गम जातिले पूजा गरिआएको यस मन्दिरमा हाल नवराज जङ्गम मूल पुजारीका रूपमा कार्यरत छन् । मन्दिर विकास तथा संरक्षण समितिले मलाई संरक्षक स्वीकार गरेको हुँदा मेरो जिम्मेवारी बढेको छ ।

वृन्दावन निर्माणमा नेपाल सरकार वन विभागबाट केही अवरोध आएको हुँदा केही ढिलो र सुस्त भइरहेको छ । मन्दिरबाट र स्थानीय समुदायबाट ‘अनन्तलिङ्गवन’ लाई ‘वृन्दावन’ बनाई सर्वसम्मत स्वीकृति प्रदान भइसकेको छ । वास्तवमा त्यहाँ वृन्दावन निर्माण भएमा वनको सुरक्षा हुनुका साथै धार्मिक पर्यटकको आकर्षण बढाउन सकिने थियो । वन ऐनले मागेका केही कार्यहरूलाई अगाडि बढाउँदै वृन्दावन निर्माण गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु ।

त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्रका अध्यक्षका हैसियतले रेखा अर्यालले धेरै मिहिनेत गर्नुभएको छ । मैले पनि त्रिनेत्रको विशेष सल्लाहकारका हैसियतले उहाँको काममा पूर्ण सहयोग पुऱ्याएको छु । त्रिनेत्रको अध्यक्षको

कार्यकाल रेखाजीको नरहे पनि वृन्दावन निर्माणमा उहाँको सहयोगमा अपेक्षा गर्छु । मलाई विश्वास छ त्रिनेत्रले रेखा अर्याललाई यो अधुरो कार्य सुम्पेर सम्पन्न गर्न-गराउन मद्दत गर्नेछ ।

अनन्तलिङ्गेश्वर क्षेत्रको विकासमा म संलग्न भए तापनि अरू धार्मिक क्षेत्रको तुलनामा अपेक्षाकृत विकास हुन सकेको छैन । पूर्वाधार तयार भइसकेको र सहयोगी हातहरू जुटिसकेको अवस्था भएको हुँदा बिस्तारै विकासको कार्य अगाडि बढ्नेछ भन्नेमा म ढुक्क छु । म हृदयदेखि नै अनन्तलिङ्गेश्वर महादेवसँग प्रार्थना गर्छु कि आफ्नो क्षेत्रको विकासमा कृपादृष्टि पुगोस् ।

*० दक्षिण गोदावरीको शिखरेश्वर महादेवको पुनरुद्धार पनि तपाईंकै नेतृत्वमा भएजस्तो लाग्छ, होइन ?*

– यसको कुरा पनि भन्छु । काठमाडौं जिल्लाको फर्पिङस्थित साविक सतीदेवी गाविस हाल दक्षिणकाली नगरपालिका क्षेत्रमा दक्षिण गोदावरी छ । त्यहाँ बाह्र वर्षमा एक महिना स्नान गर्ने मेला लाग्छ । ललितपुर जिल्लामा रहेको गोदावरीमा र यहाँ एकैपटक मेला सुरु हुन्छ । ललितपुरको गोदावरी खुला स्थान, सयौं वर्षअगाडि बनेको कुण्ड, सत्तल र मेलाको समयमा पनि यथेष्ट पानी ल्याउने व्यवस्था र यातायातको सुविधा पुगेको हुँदा 'गोदावरी मेला' भन्नेबित्तिकै हाम्रो ध्यान ललितपुरको गोदावरीतर्फ खिचिन्छ । तर काठमाडौं जिल्लामा पनि गोदावरी मेला परापूर्व कालदेखि नै लाग्ने गरेको रहेछ । त्यसलाई दक्षिण गोदावरी भनिदो रहेछ । त्यो पवित्र स्थानमा पुगेपछि त्यसका बारेमा धेरै जानकारी भयो ।

२०७२ साल भदौको मेला लाग्नुपूर्व उत्सव मिडियाका प्रमुख खेम गुरुङले मलाई दक्षिण गोदावरी जानुपर्छ भनेर अनुरोध गर्नुभयो । उहाँलाई स्थानीय गौतम केसीले खबर गर्नुभएको रहेछ । धार्मिक थलो भएको र मेरा लागि 'दक्षिण गोदावरी' नौलो नाम लागेको हुँदा यात्रा गर्ने सहमति भयो । निश्चित गरेको समयमा मसमेत इन्दिरा जङ्गम र उत्सव मिडियाका खेम गुरुङसमेत उहाँको टिम दक्षिण गोदावरीमा पुग्यौं ।

१९६४ सालमा निर्माण भएको एसियाकै पहिलो जलविद्युत योजनाको जलाशयसम्म राम्रै बाटो थियो, त्यसपछिको करिब ३०० मिटर पनि ठिकठिकैको बाटो रहेछ । करिब २०० मिटर भने भीरको बाटो स्वतन्त्रपूर्वक हिँड्न नसकिने, ठाडो भिरालो पार गरेर तल नदीमा पुग्नुपर्ने रहेछ । भाद्र महिना, भिजेको माटो, हामीलाई गन्तव्यसम्म पुग्न मुस्किल भयो । ठाउँ खोच भए पनि रमाइलो रहेछ ।

मैले अनुमान गरेँ – यो स्थान कान्तिपुरका राजा प्रताप मल्लले दक्षिणकाली मन्दिर स्थापना तथा विकास गर्दा गोदावरी स्नान गर्न तोकिएको स्थान हो । विक्रमीय सत्रको पहिलो दशकमै माता दक्षिणकालीको महिमा बढेको र त्यस भेगमा यथेष्ट पानीका मूलहरू भएका कारणले गोदावरी स्थानको व्यवस्था भएको अनुमान गर्न सकिन्छ । भारतवर्षमा रहेको मूल गोदावरी दक्षिण भारतमा छ भने ससाना गोदावरी स्नान गर्ने ठाउँ भारतमा दर्जनौँ स्थानमा छन् । जो मूल गोदावरी पुग्न सक्तैनन्, तिनीहरूले आफ्नो पायक पर्ने स्थानमा स्नान गर्ने चलन छ । त्यसैअनुसार कान्तिपुरका राजा प्रताप मल्लले फर्पिङको दक्षिणकालीनजिकै स्नान गर्ने व्यवस्था मिलाए भने पछि राजा श्रीनिवास मल्लले पानी यथेष्ट पाइने स्थान फूलचोकीको उत्तर पाउमा स्नान गर्ने व्यवस्था मिलाए ।

ज्योतिषशास्त्रअनुसार सिंह राशीमा सूर्य र वृहस्पति पुगेको समयलाई सिंहस्थ योग भनिन्छ । सनातनी हिन्दूहरूले सिंहस्थ योगको समयमा जलाशयमा गई महिनाभरि स्नान गर्नुपर्ने भनिएको छ । त्यसैअनुसार गोदावरी मेला चल्न थालेको हो । यो मेला बाह्र वर्षमा एकपटक आउँछ । अब २०८४ सालमा गोदावरी मेला लाग्छ ।

२०७२ सालको मेलामा हामी जम्मा भएका र मेलाका बारेमा मेरा व्यक्तिगत केही विचार सो कार्यक्रमको भोलिपल्ट उत्सव मिडियाले हिमालय टीभीद्वारा रिपोर्ट प्रसारण गर्‍यो । यसबारेमा ललितपुर गोदावरीमा खैलाबैला चलेछ । सोको जानकारी मलाई आयो । स्नानका लागि मलाई पनि ललितपुरको गोदावरी जानु थियो, ३-४ दिनपछि गएँ । एउटा धार्मिक अनुष्ठान चल्दै गरेको स्थानमा मलाई बोलाइयो । गएर व्यासासनको नजिकै बसेँ । त्यहाँका पण्डितजीबाट मलाई लक्षित गर्दै कसैको नाम नलिई धर्मविरोधीहरूले दक्षिण गोदावरी चलाउन खोजे, यो हजारौँ वर्षदेखि चलिआएको गोदावरी मेलाको हुर्मत लिन खोजे, दक्षिण गोदावरी भन्नेहरू पाखण्डी हुन् भन्नेसम्मको निन्दनीय वचन सुन्नुपर्‍यो । त्यहाँ मैले बोल्नु र गर्नुपर्ने केही थिएन । त्यसैले चुपचाप सुनेँ र सहेर बसेँ । केही बेरपछि त्यहाँबाट अर्को अनुष्ठानमा गएर काठमाडौँको गोदावरी र ललितपुरको गोदावरीको सुरुवात एकै समयमा भएको यथार्थताको जानकारी दिएँ । वास्तवमा यो अनुसन्धानको विषय हो । अरू विज्ञहरूले पनि वास्तविकताको पहिचान गरेर जनसमक्ष ल्याउन म हार्दिक अनुरोध पनि गर्छु ।

दक्षिण गोदावरीमा त्यस क्षेत्रको विकास गर्न त्यही समयमा एक तदर्थ समिति बन्यो । अध्यक्ष केशवप्रसाद पौडेल, उपाध्यक्ष रामप्रसाद पौडेल र

सचिवमा बद्री कार्कीसमेत ९ सदस्यीय समिति बनेर त्यस क्षेत्रको विकासका लागि समर्पित हुनुभयो । केही दिनपछि मकहाँ रामप्रसादजी आएर 'त्यहाँ पहिले मूर्ति थियो । हाल केही पनि छैन । गौमाताको कुण्ड मात्र छ । त्यो पनि गौमाताको ढाडजस्तो देखिने शिला छ । कुनै मूर्ति स्थापना गर्न पाए हुन्थ्यो' भन्नुभयो । उत्तरमा मैले 'शिवलिङ्ग स्थापना गरौँ न त' भनेँ ।

मेरो घरमा रहेको शिवलिङ्गलाई सम्झेँ । नाम के राख्ने भन्ने पनि प्रश्न उठ्यो । एउटा कागजमा शिवलिङ्गको नाम लेखेँ दक्षिणकाली र शेषनारायणलाई सम्झेर । अनि रामप्रसादजीलाई दिँदै भनेँ – "तुरुन्त ब्यानर बनाउनुहोस्, एउटा खट पनि तयार गर्नुहोस् । फर्पिङ पोखरीबाट बाजागाजा सहित मेलास्थलमा लानुपर्छ । हामी भोलि बिहान ९ बजे आइपुग्छौँ शिवलिङ्ग लिएर ।"

दक्षिण भारतबाट स्वामी डा. विश्वासानन्द आउनुभएको थियो । उहाँलाई पनि सम्मिलित गराउने मनसायले खबर गरेँ । एकजना मित्र गायत्री परिवारका अध्यक्ष केशव मराठालाई पनि साथमा जानका लागि भनेँ । उत्सव मिडियाका खेम गुरुङसमेतलाई लिएर निश्चित समयमा फर्पिङ जलाशयमा पुग्यौँ । म अचम्ममा परेँ देखेर – 'शिखरेश्वर महादेवको जय' लेखिएको ब्यानर बोकेका युवतीहरू नेपाली परम्परागत बाजाका साथ दुईजनाले काँधमा राख्न मिल्ने सानो खट लिएर करिब एक सयजना भक्त गाउँलेहरू बसिरहेका रहेछन् । म अचम्ममा पर्नुको अर्थ थियो 'शिखरेश्वर महादेव' को नाउँ ब्यानरमा देखेर । मैले रामप्रसादजीलाई सोध्ने कुरा पनि भएन, किनभने मैले ब्यानर लेख्न भनेर दिएको कागजका आधारमा नै ब्यानर तयार भएको हो भन्नेमा म ढुक्क थिएँ । तैपनि मैले मनमनै भनेँ – शिखरेश्वर महादेव भन्ने नाउँ त मैले लेखेजस्तो लाग्दैन, कसरी यस्तो लेखियो होला ?

त्यसको पाँच वर्षपछि एउटा पुस्तक पढ्दै जाँदा मैले फर्पिङको प्राचीन नाउँ शिखरपुर रहेछ भन्ने थाहा पाएँ । अनि पो मैले थाहा पाएँ – शिखरेश्वर महादेवले नै मेरो कलमद्वारा आफ्नो नामकरण गर्नुभएको रहेछ, म त निमित्त मात्रै बनेको रहेछु । जे होस्, शिखरेश्वरको लिङ्ग स्थापित हुन बाजागाजासहित दक्षिण गोदावरी स्थलमा पुग्ने काम भयो । श्रीको प्राङ्गणमा प्राणप्रतिष्ठापनका लागि यज्ञ आयोजना गरिएको थियो ।

सबै भक्तहरू, समितिका पदाधिकारी र हामी गएका व्यक्तिहरूको उपस्थितिमा लिङ्ग स्थापित गरेर विधिवत अनुष्ठान पूर्ण गरियो । त्यसपछिका दिनहरूमा त्यस क्षेत्रको विकास सुरु भयो । हाल शिखरेश्वर महादेव, गौमाता र पवित्र गोदावरी नदीको दैनिक पूजा हुन्छ । भक्तजनको आवागमनका लागि

सिँढी तयार भएको र साथै नदीवारि र नदीपारि प्राङ्गण विस्तार हुने काम जारी छ ।

दायाँ-बायाँ दुवैतिर भीर भएको, खोचमा रहेको यो दक्षिण गोदावरी तीर्थ २०७२ सालसम्म केही थिएन । बाह्र वर्षमा एकपटक मात्र मेला लाग्ने भएकाले मेला समयमा बाटो मर्मत गरी मेला लाग्ने व्यवस्था थियो । तर अहिले मेला लाग्नु चार वर्षपूर्व नै सुगम बाटो निर्माण, प्राङ्गण परिसरमा भक्तजन जम्मा भएर धार्मिक अनुष्ठान सञ्चालन गर्न सक्ने व्यवस्था, नदीको तटबन्धन आदि निर्माणले दक्षिण गोदावरीको नयाँ परिचय कायम हुन आएको छ । त्यस क्षेत्रको विकास निर्माण र धार्मिक निर्णयको जिम्मा लिएको स्थानीय समितिले मलाई संरक्षकका रूपमा मनोनयन गरेको हुँदा त्यस क्षेत्रको विकासका लागि मेरो जिम्मेवारी बढेको छ ।

*० वागेश्वर महादेवको पुनर्निर्माणमा चाहिँ कसरी संलग्न हुनुभयो ?*

– भक्तपुर जिल्लाको साविक वागेश्वरी गाविस हाल चाँगुनारायण नगरपालिका वडा नं. ४ मा वागेश्वर महादेवस्थान छ । त्यस वागेश्वर महादेवस्थानलाई करिब ५० वर्षयता वाल्मीकेश्वर महादेव भन्न थालियो । यो भ्रम हिमवतखण्ड पढ्ने कुनै ब्राह्मणले वाल्मीकेश्वर महादेव हुन्, वागेश्वर महादेव होइनन् भनेपछि त्यस क्षेत्रका बसोवासीले वाल्मीकेश्वर महादेव भन्न थाले । स्थानीय स्कुलको नाउँ पनि वाल्मीकेश्वर राखे ।

यसरी नाउँ नै परिवर्तनको अवस्था रहेको समयमा पहिलोपटक २०५७ सालमा म पुगेँ । मन्दिर परिसरमा मूल मन्दिर वागेश्वर महादेवको रहे पनि मूल लिङ्ग हराएको हुँदा अन्य लिङ्ग राखी पूजा गरेको देखेँ । त्यहाँ भएको मन्दिरमा अर्धनारीश्वरको मूर्ति मन्दिरबाट झिकी सत्तलको पहिलो तलामा राखिएको थियो । उमामहेश्वरको मूर्ति दुई टुक्रा भई मन्दिरमा त्यसै राखिएको थियो । गणेशको मूर्तिको छत भत्केर बसेको थियो । मूल मन्दिरको पश्चिमतर्फ ढुङ्गा कुँदेर चार पाटा मिलाइएको राम्रो ढुङ्गाले चिनेको सानो पोखरी र त्यस पोखरीको उत्तरतर्फ टुटफुट भएको धारा, त्यसको दुवैतर्फ ढुङ्गाका सिंहको जोडी राखिएको देखेँ । पोखरीको ठीक पश्चिमतर्फ भत्केको एकनाले पाटी, उत्तरतर्फ एकतले सत्तल देखेँ । मन्दिरको परिसर जोडिएको केही अग्लो भाग कैलाश भनिने दुई-तीन रोपनी सम्म मिलेको स्थानको दक्षिणतर्फ त्रिवेणीघाट रहेछ । त्यो त्यस भेगको मूल मसान हो ।

मसान प्रयोग गर्ने गाउँलेलाई वागेश्वर महादेवले आकर्षण गर्न सकेको अवस्था देखिएन । मन्दिरको जग्गा मोहीद्वारा अतिक्रमित भएको, भूमिसुधार

लागी मोहीको हक कायम भएको र गुठी ऐन संशोधन भई मोहीको नाउँको गुठी जग्गा रैतानी भएको हुँदा पूजाआजा प्रायः बन्द अवस्थामा रहेको समयमा म पुनः २०६० सालमा पुगेँ र त्यहाँका बारेमा एक लेख लेखेर २०६१ सालमा 'खोपृङ' नामक पत्रिकामा प्रकाशित गर्ने काम गरेँ । त्यसपछि दुई-तीनपटक गएर त्यहाँका भद्रभलादमीहरू प्रेमप्रसाद काफ्ले, रामकृष्णलगायत नेपाल परिवारलाई मन्दिरको विकासका बारेमा केही गर्नुपर्ने बारेमा कुराकानी गरेँ । श्रीको पूजा सञ्चालन होस् भनेर अनुरोध गरेँ । मैले जोसक्ने सहयोग जुटाउँदै गएँ । स्थानीयवासी पनि अलि जागरुक भएपछि सप्ताह महायज्ञ लाग्यो । त्यसबाट उठेको रकमबाट घाटमा सत्तलको नवनिर्माण भयो भने मन्दिर क्षेत्रको पश्चिमतर्फको पाटीको जीर्णोद्धार भयो ।

वागेश्वर महादेव जान तीनतर्फबाट बाटो खुलेको छ । खरिपाटीको बाँसबारीबाट गुरुङ गाउँ हुँदै नेवार गाउँबाट उक्लेपछि पुगिन्छ । यो बाटो भक्तपुर कमलविनायकबाट करिब ५ किलोमिटरको छ । सबैभन्दा छोटो बाटो यही हो । अर्को खरिपाटीबाट पानीमुहान हुँदै मन्दिर पुग्ने । तेस्रो सुडाल जीतपुरको सिरानीबाट जाने । यो बाटो नै लास ल्याउने मुख्य बाटो हो । हाल यी तीनैतर्फका बाटा मोटर चल्ने कच्ची बाटाहरू हुन् ।

घाट क्षेत्र अति नै राम्रो र सुविधायुक्त छ । किनभने त्यस भेगको मूल मसान भएको हुँदा वार्षिक रूपमा नै घाट क्षेत्र जीर्णोद्धार र केही न केही नवनिर्माण गर्ने गरिएको छ । साना-ठूला गरी तीन सत्तल छन् । एउटा सत्तल त करिब एक सयजना बसी भजन-कीर्तन गर्न सकिने किसिमको ठुलै छ । त्यस स्थानमा वाल्मीकि ऋषिले तपस्या गरेको स्थान भनेर वाल्मीकेश्वरको लिङ्ग स्थापित गरिएको छ र एकजना भक्त प्रेमप्रसाद काफ्लेले वाल्मीकि ऋषिको मूर्ति पनि स्थापित गरेका छन् । यसबाट मूल वागेश्वर लिङ्गलाई वाल्मीकेश्वर भन्ने भ्रम निवारण भएको छ ।

वागेश्वर महादेवको साविक लिङ्ग नभएको अवस्थालाई धेरै समय पर्खने अवस्था रहेन । स्थानीयहरूको सहमति नपाई मन्दिरमा रहेको लिङ्ग परिवर्तन गर्न पनि सकिएन । यसबारेमा धेरैपटक वागेश्वर पुगेँ, कुनै ठोस निर्णय हुन सकेन । मैले केही मूर्ति र लिङ्गहरू भारत काशीबाट ल्याएर बानेश्वर जङ्गम निवासमा राखेको थिएँ । अलि जोड नगरी भएन भन्ने विचारले एक दिन स्थानीय साथीहरूलाई बानेश्वर आफ्नै निवासमा आउन अनुरोध गरेँ । त्यसअनुसार प्रेमप्रसाद काफ्ले, रामकृष्ण नेपाल र भक्त नायभा तीनजना आउनुभयो । सयौँ वर्षपहिले हाम्रा पुर्खाले स्थापित गरेका मूर्तिहरू हाम्रा अगाडि नै केही हराएका र केही तहसनहस भएका हुँदा हामीले हेरेर वा निच

मारेर बस्नु हुँदैन भनेर साथीहरूलाई जिम्मेवारीको बोध गराएँ । नेवार टोलको प्रतिनिधिका रूपमा भक्त नायभा आएका हुँदा निर्णय गर्न हामीलाई सजिलो भयो । मकहाँ ढुङ्गाका तीन थान ठूला र तीन थान साना गरी छ थान शिवलिङ्ग थिए । त्यसमध्ये एक थान ठूलो र एक थान सानो गरी दुई थान लिङ्ग छान्न लगाएँ । खुसी भएर शिवलिङ्ग दुई थान छाने । दुवै गर्दा करिब एक सय केजीभन्दा बढी भएकाले तुरुन्त लाने स्थितिमा थिएन । अर्धनारीश्वरको मूर्ति पनि हराएको हुँदा सो मूर्ति भक्त नायभाका तर्फबाट बनाउन जिम्मा पनि दिने काम भयो । साथै मैले उमामहेश्वरको जिम्मा लिएँ । यसरी चार स्थानमा मूर्ति राख्ने निर्णय भयो ।

प्राणप्रतिष्ठाको कार्य शास्त्रअनुसार तीन दिन लगाएर गर्नुपर्ने विधि भएको हुँदा प्रा. डा. देवमणि भट्टराईलाई आवश्यक सामग्री र ब्राह्मणको जिम्मा दिने काम भयो । ज्योतिषशास्त्रअनुसार सुलग्न ठहर गरी २०७४ साल वैशाख महिनाको २३ देखि २५ गतेसम्म प्राणप्रतिष्ठा कार्य सम्पन्न गरी मूल मन्दिरमा ठूलो लिङ्ग, अर्धनारीश्वर र उमामहेश्वर साविककै मन्दिरमा र सानो लिङ्ग पोखरीका बीचमा जलेश्वरका नाउँमा स्थापित गरियो र शिलापत्र पनि राखियो ।

त्यसपछिका दिनहरू श्रीको पूजा-अर्चना, नित्य-नैमित्य पूजा, वार्षिक मेला-जात्राको व्यवस्था गर्नका लागि धेरैपटक सरसल्लाह भयो । पूजाका लागि कृष्ण सापकोटाले जिम्मा लिनुभएको छ । पूजा जुन रूपमा हुनुपर्ने हो, त्यस किसिमबाट हुन सकेको छैन । दैनिक रुद्राभिषेक गर्ने लक्ष्य राखिएको थियो, त्यो पनि पूरा हुन सकेको छैन । पूजाको व्यवस्था सुचारु रूपमा चल्न नसकेकोमा चिन्तित छु ।

हाल आएर केही जागरुक युवाहरूले मन्दिर र मन्दिरको परिसरमा केही विकासका कार्य गर्न थालेका छन् । यस कार्यमा सक्रिय रूपमा लाग्नेमा भुवन काफ्ले, हरिशरण लामिछाने, श्याम श्रेष्ठ, केदार काफ्ले, भरत काफ्ले, दीनानाथ श्रेष्ठ, बाबुकाजी नायजू र श्यामकाजी नायजू आदि युवाहरूको नाउँ उल्लेख्य छ । अब त्यस क्षेत्रको विकास हुन्छ भन्नेमा म ढुक्क छु ।

*० बानेश्वर महादेव क्षेत्रका लागि तपाईंले गर्नुभएको प्रयासका बारेमा पनि केही बताइदिनोस् न !*

– काठमाडौँ महानगरपालिका वडा नं. १० मध्यबानेश्वरस्थित बानेश्वरमा रहेको महादेवस्थान प्राचीन मन्दिर हो । वाणेश्वर वा बानेश्वर भनिने यस मन्दिर परिसरको पूर्वतर्फ वाणगङ्गाको नाउँले ख्याति पाएको, पूर्व

र पश्चिम अभिमुख भएका दुई धारा छन् । यसको परिसरमा रत्नराज्य माध्यमिक विद्यालयका तीन ठूला भवन छन् भने रत्न पुस्तकालयको एक र पुजारीको बासस्थान भएको हुँदा मन्दिर परिसर पूरा घर-भवनहरूले घेरिएको छ । महादेवको मन्दिर दुईमध्ये प्राचीन बानेश्वर महादेवको एक र त्यसभन्दा सानो चित्रेश्वर महादेवको मन्दिर छ । दक्षिणतर्फ ललितादेवीको मन्दिर भने उत्तरतर्फ जलनारायणयुक्त पोखरी छ । विद्यालयका ठूला-ठूला भवनले घेरेको हुँदा महादेव मन्दिर भने सानो र होचो देखिन्छ ।

भक्तपुरबाट बानेश्वर बस्न थालेपछि २०१३-१४ सालदेखि मैले त्यस महादेवस्थानको दर्शन पाएको हुँ । मेरो बसोवास बानेश्वर भएपछि भीमसेनगोला क्षेत्रमा पर्ने भए पनि खेल्न र घुम्न महादेव परिसर बेलाबखत जाने गरिन्थ्यो । करिब चारैतर्फ सत्तल तथा जीर्ण अवस्थाका पाटी थिए । वाणगङ्गा क्षेत्र पूरा जङ्गल थियो । त्यहीँबाट खहरे सुरु हुन्थ्यो र त्यो खहरे उजाड जङ्गल हुँदै धोबीखोला पुग्थ्यो । केटाकेटीहरू गुलेली खेल्ने, बालुवामा घिस्रने ठाउँ थियो । त्यो खहरे पूरा छिचोल्न सकिने अवस्था थिएन । बाँझो जग्गा महादेवको क्षेत्र थियो ।

राजा महेन्द्रको समयमा हरेक गाउँ पञ्चायतलाई एउटा प्राथमिक स्कुल दिने क्रममा महादेवस्थान गाउँ पञ्चायतमा पनि स्कुल आयो । तत्कालीन प्रधानपञ्च फत्तेबहादुर पाण्डेले पश्चिमतर्फको पाटीमा महादेवस्थान प्रा. वि. सञ्चालन गराउनुभयो । २०२० सालमा रत्न पुस्तकालयको स्थापना पनि त्यही परिसरमा भयो । यो महादेवस्थान क्षेत्रको पूर्व-इतिहास हो ।

२०७१ साल माघ महिनाको कुरा हो । महादेवस्थान सम्बन्धमा कुरा गर्न डा. श्रीराम बाँस्कोटाले घरमा मिटिङ डाक्नुभएको छ, मुख्य तपाईंसँगै सल्लाह गर्नुपर्ने भएकाले आउनुहोला भनी राजेन्द्र मराठाले सूचना गर्नुभयो । निर्धारित समयमा पुगेँ । त्यहाँ राजेन्द्रजी, शङ्कर पौडेल, ऋषभ खनाल र प्रकाश आचार्य उपस्थित भइसक्नुभएको रहेछ । मेरो प्रतीक्षामा रहेका हुँदा विलम्ब नगरी कुराकानी सुरु भयो । विद्यालयले मन्दिर पूर्ण नियन्त्रणमा राखेको र दर्शनार्थीलाई पनि परीक्षा चलेको भनी बाहिर गेटबाटै प्रवेश निषेध गराउने काम बढ्दै गएको हुँदा हाम्रो आस्थामा आँच आयो भन्ने मुख्य विषय रहेछ । महादेव मन्दिरभित्र पस्न र देवताको दर्शन गर्न कठिन हुन थालेको हुँदा निराकरण खोजिएको रहेछ । उपस्थित सबैको विचार सुनेँ । श्रीरामजीले भन्नुभयो – "भरतजी ! तपाईंले पशुपतिलगायत धेरै मन्दिरको व्यवस्था तथा विकास गर्नुभएको छ । त्यसैले तपाईंको सहयोगको पूर्ण अपेक्षा राखेका छौँ ।"

यति सुनेपछि ममाथि आएको जिम्मेवारीको बोध गर्दै उहाँहरूको साथमा रहने वचन दिएँ । देवस्थलभित्र जानै रोक लाग्नु भनेको व्यक्तिको आस्थामाथि नै कुठाराघात हो भन्ने बुझेँ । यसलाई सहजीकरण गर्न र देवालयमा खुला आवतजावत गराउन केही प्रविधि अपनाउनुपर्ने आवश्यक ठानेँ । त्यसै वर्ष चैत्रमा राजेन्द्र मराठाको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता हुने काम सम्पन्न भयो । बिस्तारै संस्थालाई सक्रिय गराउँदै लाने काम भयो । हिजोसम्म महादेवस्थानको जिम्मेवारी कसैले नलिएको अवस्था थियो । अब संस्थाले जिम्मेवारी बोध गर्दै कागजी प्रमाण सङ्कलन गर्ने काम गर्न थाल्यौँ ।

२०२१ सालको नापीका बखत प्रमाण धुलिएको हामीले महसुस गर्‍यौँ । नापीका बखत पुजारीकी श्रीमतीको नाउँमा मोहियानी लेखिन गएछ । २०४४ सालको नापीमा भने चित्रेश्वर महादेव स्थापना गर्ने जयमानसिंह बस्नेतका सन्तानले निजी गुठी भनी दावी गरी कित्ता नं. ९० र ९१ लाई आफ्नो नाउँमा लालपुर्जा बनाउन समर्थ भइसकेका रहेछन् । पश्चिमतर्फ स्कुल भएको कित्ता नै बस्नेतको लालपुर्जा बनेपछि त्यो दुई कित्तालाई रु. ५० लाख तिरी स्कुलको नाउँमा ल्याउने काम भएको रहेछ । बाँकी कित्ता नं. १९२ भने कसैको नाउँमा गइनसकेको अवस्था रहेछ ।

जब मन्दिर क्षेत्रमा स्थानीय व्यक्तिहरूको सक्रियता सुरु भयो, विद्यालय व्यवस्थापन पक्ष र प्राचार्य मन्दिरको विरोधमा जान थाले । मन्दिरको ठीक अगाडि मन्दिरको परिसर मिचेर भवन बनाउन थालेपछि भने विद्यालय र मन्दिरका बीच ठूलो विवाद सुरु भयो । राष्ट्रिय भूकम्प प्राधिकरणअन्तर्गत बन्न लागेको भवन भए पनि मन्दिरको दक्षिणतर्फको ललितादेवी मन्दिर अतिक्रमित हुन लागेको देखेपछि मन्दिर, पुस्तकालय र वडा कार्यालयसमेत विद्यालयको विरुद्धमा देखियो । अन्ततः निर्माण कार्य रोकिने भयो । यो विद्यालयसँगको द्वन्द्व अन्त हुने स्थिति देखिएन ।

मन्दिरकै जग्गामा २०१८ सालमा पसेको प्राथमिक विद्यालय यतिखेर उच्चमाध्यमिक विद्यालय चल्न थाल्यो । शिशु कक्षादेखि १२ कक्षासम्म करिब २००० विद्यार्थी पठनपाठन गर्दछन् । त्यसै कारणले पनि विद्यालयको पक्षमा सरकारसमेत उभिएको छ । नबोल्ने महादेवका पक्षमा बोल्ने कोही भएनन् । बोल्नेको पनि स्वर सानो भयो । एक सय रोपनीभन्दा बढी जमिन भएको बानेश्वर महादेव क्षेत्र खुम्चिएर ३ रोपनीमा आएको छ । त्यसमा पनि विद्यालयको उत्तरतर्फको भवनले आधा जमिन ढाक्न पुगेको छ । विद्यालयले श्रीको जमिनमा भवन बनाएर सटर भाडामा दिई वार्षिक रु. १८ लाख

कमाउँछ भने मन्दिरलाई महिनाको ५ हजारका दरले जम्मा रु. ६० हजार दिँदै आएको रहेछ । यसरी ठाडै मन्दिर अतिक्रमण हुँदा मन्दिरका पक्षमा खुलेर बोल्ने मान्छे अति नै न्यून देखिए ।

श्रीको शक्तिवर्धन गर्ने एक मात्र उपायका रूपमा श्रीको पूजा-अर्चना विधिवत सञ्चालन गर्ने, प्रत्येक दिन पञ्चामृत स्नान गरी रुद्राभिषेक गर्ने, मासिक र वार्षिक पूजाका कार्यक्रमहरू उत्सवका रूपमा मनाउने निर्णय भयो । २०७५ साल असोज ७ गतेदेखि दैनिक रुद्राभिषेकसहितको पूजन सुरु भयो । प्रत्येक पहिलो सोमबार साँझ श्रीको आरती कार्यक्रम धुमधामका साथ गर्न थालियो । रुद्राभिषेक वा आरती वा अन्य पूजा गर्न चाहनेलाई न्यूनतम मूल्य तोकियो । त्यसबाट ब्राह्मण, पुजारी र अन्य सहयोगीलाई केही पारिश्रमिक दिन सक्ने अवस्था सृजना भयो । यसरी भक्तजनको सङ्ख्या बढ्दै गयो भने विद्यालय कित्तामा उभिएर मन्दिरलाई पेल्नेको सङ्ख्या घट्तै गयो ।

२०२१ सालका नापीदेखिकै जग्गाको अधिकार कमजोर भएको हुँदा यसको सुदृढीकरणको आवश्यकता महसुस भयो । राजेन्द्र मराठासँग रहेका कागजपत्रहरू प्राप्त गरिरहेकै समयमा अचानक एउटा फोन आयो मेरो अफिसमा । त्यो फोन थियो गुठी संस्थानका सहप्रशासक दीपकबहादुर पाण्डेको । 'के खोज्छस् कानो ? आँखो' भनेझैँ आवश्यक व्यक्ति पाएँ । मेरो अफिसको नजिकै हुनुहुँदो रहेछ । एकपटक मेरो अफिसमा पस्न अनुरोध गरेँ । नभन्दै १० मिनेटभित्र उहाँ आइपुग्नुभयो । भएका सबै कागजपत्र देखाउने काम भयो । उहाँले ठोकेर भन्नुभयो – "यो कागज-प्रमाणले बानेश्वर महादेवस्थान परिसरभित्रको कित्ता नं २९०, २९१ र २९२ तीनै कित्ता बानेश्वर महादेवस्थानको गुठी जग्गा ठहर्न सक्छ, यो राजगुठी हो । कित्ता नं. २९० र २९१ विद्यालयको नाउँमा लालपुर्जा बने पनि बदर हुन सक्छ ढिलो र चाँडो । कित्ता नं. २९२ कमे जग्गा ३-११-० भने चाँडै नै गुठी कायम गर्न सकिन्छ । गुठी संस्थानमा आउनुहोस् ।" त्यस बखत मेरो अफिसमा राजेन्द्र मराठा, प्रकाश आचार्य, शङ्कर पौडेल र वैकुण्ठप्रसाद गौतम पनि हुनुहुन्थ्यो । उहाँहरू महादेवस्थान संरक्षण समितिका पदाधिकारी हुनुहुन्थ्यो ।

मन्दिरसँग सम्बन्धित साथीहरूलाई गुठी संस्थानमा पठाउने काम गरियो । तत्कालै कित्ता नं. २९२ को ३-११-० जग्गा महादेवस्थान राजगुठी कायम भई लालपुर्जा बनाइदिन मालपोत कार्यालयमा पुग्यो । जग्गाविहीन बानेश्वर महादेवको नाउँमा लालपुर्जा बन्ने भएपछि मन्दिरतर्फका साथीहरू खुसी भए । विद्यालय स्थानान्तर गर्न सकिन्छ, तर मन्दिर सार्न मिल्दैन भन्ने नारालाई घनीभूत गर्ने कामले मन्दिरप्रति मान्छेको आस्था बढ्दै गयो ।

विद्यालयको व्यवस्थापन र शिक्षकबीच मनमुटाव सुरु भयो । तत्कालीन प्राचार्यले एकलौटी रूपमा चलाएको विद्यालयको हानि-नोक्सानीको पर्दाफास भयो । हेर्दाहेर्दै व्यवस्थापन समिति परिवर्तन भयो । प्राचार्य बदलिए । बिस्तारै विद्यालय र मन्दिरका बीच राम्रो सम्बन्ध स्थापित हुन लाग्यो । महादेवस्थान परिसरभित्र रहेको विद्यालय, पुस्तकालय र मन्दिर व्यवस्थापन समितिका व्यक्तिहरूमा सहयोगी भावना जागृत भयो । आधा शताब्दीदेखि चिसिएको व्यवहारमा न्यानोपन आउन लाग्यो । विद्यालयले त्यस क्षेत्रको आमदानी मन्दिर व्यवस्थापन समितिलाई कुनै पनि प्रतिशत दिएको छैन, तापनि हाल मन्दिरको आफ्नै आमदानीको रकम करिब २० लाख रुपियाँ अक्षयकोषमा बचत गरेको छ । विद्यालयले प्रयोग गरेको जमिनको आउने भाडामा ४० प्रतिशत मात्र दिए पनि वार्षिक दस लाख रुपियाँभन्दा बढी मन्दिरको कोषमा दाखिल हुन सक्छ ।

मन्दिर परिसरमा रहेको जलशयन नारायण अथवा बुढानीलकण्ठको मर्मत-सम्भार गरी पानीलाई कुण्डमा स्थायित्व दिनुपर्नेछ । ललितादेवीको अग्रभागमा रहेको ललितपुर, कान्तिपुर र भक्तपुर राज्यको प्रतीकका रूपमा स्थापना भएको कुण्डको खोजी गरी स्थापित गर्नुछ । तत्कालीन ललितपुर राज्यका राजा श्रीनिवास मल्लले आफूलाई नेपालेश्वर घोषित गरी ललितत्रिपुरासुन्दरीको स्थापना गरेका हुँदा सोको संरक्षण गर्न बाँकी छ । वाणगङ्गाको नाउँले विख्यात पूर्वतर्फका दुई धाराको पानीको मूल संरक्षण गरी धारालाई निरन्तर चल्न सक्ने अवस्था प्रदान गर्नुछ । मन्दिरको गर्भभागमा अखण्डदीप प्रज्ज्वलित त भयो, अब आवश्यकता छ मन्दिर परिसरमा स्थायी रूपमा अखण्ड धुनी सञ्चालन गर्नुपर्ने । यी सबै कार्य हुन्छन् र हुन सक्छन् भन्नेमा हामी विश्वस्त छौँ ।

बानेश्वर महादेवलाई मान्छेहरूले विभिन्न नाउँ दिन थाले । प्रायः लुप्त हुन थालेको महादेवलाई विभिन्न नाउँले चिन्नु स्वाभाविक पनि हो । बीस-तीस वर्षदेखि बानेश्वर क्षेत्रमा बसोवास गर्ने धेरै मान्छेलाई बानेश्वर भनेको महादेवको नाउँ त हो, तर कहाँ छ, त्यो धेरैलाई थाहा रहेनछ । मैले नै धेरैलाई प्रश्न गर्दा बानेश्वर महादेवको मन्दिर कहाँ छ भन्ने कुरा थाहा नभएको पाएँ । रत्नराज्य स्कुल थाहा रहेछ, तर बानेश्वर महादेवका बारेमा चाहिँ जानकारी रहेनछ । जानकार मान्छेले पनि यसलाई वाणेश्वर, मातेश्वर, चित्रेश्वर, एकादश रुद्र र रत्नराज्यको महादेव भन्ने गरेका हुँदा बानेश्वर महादेवको नाउँप्रति नै सङ्कट परेको देखियो । साविकमा बानेश्वर महादेवस्थान गाउँ पञ्चायत र भीमसेनगोला गाउँ पञ्चायतको क्षेत्र हाल काठमाडौँ महानगरपालिकाको वडा नं. १० र ३१ मा विभाजित यस क्षेत्रमा हाल करिब

३ लाख जनसङ्ख्याले ढाकेको छ । यस्तो विशाल क्षेत्रको क्षेत्रपालका रूपमा बसेका महादेवबारे यसै क्षेत्रमा बस्ने बसोवासीलाई थाहा-जानकारी नहुनु दुःखपूर्ण हो ।

यो बानेश्वर महादेवको एक नाउँ दिनुपर्ने आवश्यकता महसुस भई यसै बानेश्वर क्षेत्रमा जन्मनुभएका र यहीँ बसोवास गरिराख्नुभएका विद्वान् डा. जनार्दनप्रसाद लामिछानेको संयोजकत्वमा समिति गठन भई 'बानेश्वर महादेव' ठहर गरी प्रचारप्रसार हुन थालेको छ ।

आधा शताब्दीभन्दा बढी बानेश्वरमा बसोवास गरे पनि स्थानीय देवता र यस क्षेत्रकै क्षेत्रपालका रूपमा रहेका महादेवका निम्ति जीवनको उत्तरार्धमा भए पनि श्रीको कृपादृष्टि पाई केही गर्ने मौका पाएकोमा मैले आफूलाई धन्य सम्झेको छु ।

*० काभ्रेपलान्चोक जिल्लाको बनेपामा रहेको धनेश्वर महादेव मन्दिरमा पनि तपाईंको योगदान छ नि ! म पनि त्यसमा सम्मिलित भएकाले केही त मलाई पनि थाहा छ । तैपनि विस्तृत जानकारी तपाईंबाटै सुनौँ न !*

– हो । काभ्रेपलान्चोक जिल्लाको बनेपा क्षेत्रमा धनेश्वर महादेवको मन्दिर छ । यो महादेवलाई पूर्वको पशुपति भनिन्छ । यस मन्दिरमा दैनिक पूजा अविच्छिन्न रूपमा भइरहेको छ । हरेक महिनाको एकादशी, औँसी र पूर्णिमाका दिन विशेष पूजा हुन्छ भने श्रावण र माघ महिनामा यस क्षेत्रमा मेला लाग्छ । अझ बढी धान्यपूर्णिमा र पञ्चमीमा वार्षिक मेला लाग्छ । यी मेलाहरूमा सिन्धुपाल्चोक, रामेछाप, ओखलढुङ्गा, सिन्धुली र मकवानपुरदेखिका भक्तजनहरू आई दीप प्रज्ज्वलन गर्ने-गराउने गर्छन् । सुखसमृद्धि र सन्तानप्राप्तिका लागि धनेश्वर महादेवले ख्याति पाएको छ ।

शैवमतका ब्राह्मण, क्षत्री र नेवार जातिका अतिरिक्त तामाङ लामा जातिका पनि आराध्यदेव हुन् धनेश्वर महादेव । बनेपा, श्रीखण्डपुर, धुलिखेल र पनौतीमा बसोबास गर्ने नेवार जातिका लागि पनि क्षेत्रपालका रूपमा रहेका छन् । अझ बढी श्रीखण्डपुर र बनेपाका भक्तहरूले मन्दिर र मन्दिर परिसर विकासका लागि धेरै सहयोग जुटाएको देखिन्छ । जङ्गम जातिले पूजा गर्ने यो शैवस्थानमा रहेको लिङ्ग स्वयम्भूलिङ्ग हो । लिङ्गको बीच भागमा जलकुण्ड या गङ्गा नदीको मूल भएकाले पनि यो ज्योतिर्लिङ्ग अन्य शैवलिङ्गभन्दा फरक छ । यसैले यसको महत्त्व बढेको हो ।

२०१२-१३ सालदेखि आवतजावत भए पनि यस क्षेत्रको विकाससँग मैले व्यक्तिगत रूपमा जुट्ने सौभाग्य पाएको थिइनँ । बेलाबेलामा दर्शनका

लागि जाने काम त जारी नै थियो । सानातिना सल्लाह-सुझावबाहेक मैले केही दिन सकेको थिइनँ ।

२०६० सालको कुरा हो । एक दिन त्यहाँका युवाहरूको प्रतिनिधिका रूपमा सकुल थापा आउनुभयो । हाम्रा पुर्खाले त्यहाँ ढुङ्गेधारा बनाउनुभएको र त्यो धारामा धेरै वर्षदेखि पानी नआएको जानकारी पाएँ । उहाँहरूको भनाइ थियो – जीर्णोद्धार गरी पानी चलाइदिनुपर्‍यो । मलाई जानकारी थियो – हाम्रा पुर्खा डम्बरलिङ्ग देवरूले जलधारा निर्माण गरी स्थापित गरेका थिए । त्यस धाराको सफाइ गरी रुद्रीपूजन गर्न प्रत्येक वर्षको विवाहपञ्चमीका दिन भक्तपुर जङ्गम मठबाट एउटा समूह गई पूजा-अर्चना गर्ने र गाउँका सबैलाई बोलाई दहीच्युराको भोजनसमेत गराउने चलन थियो । बाल्यकालमा त्यस पूजा कार्यक्रममा म पनि धेरैपटक सम्मिलित भएको थिएँ ।

युवा साथीहरूको आग्रहअनुसार त्यहाँ गएर हेरेँ । वरपर छापिएका ढुङ्गा टुटेफुटेका, केही हराइसकेका, पानीविनाको जीर्ण धारा देखेर दुःखित भएँ । सक्तो सहयोग गर्ने वचन दिएँ र जीर्णोद्धारको थालनी गरेँ । स्थानीय युवाहरूलाई पनि सहयोग गर्न अनुरोध गरेँ । केही समयमा नै जीर्णोद्धार भयो र पानी चल्यो । धारा उद्घाटन डा. स्वामी प्रपन्नाचार्यका करकमलबाट सुसम्पन्न भयो । दिनभरि चलेको कार्यक्रममा स्थानीय व्यक्तिहरूको बाक्लो उपस्थिति थियो । यही सम्बन्धीको शिलापत्र पनि त्यहाँ राखिएको छ ।

धनेश्वर महादेव क्षेत्रमा मेरो आवतजावत बढ्दै गयो । युवाहरूले गरेको कार्यक्रममा मेरो प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग जुट्तै गयो । महिला समूहले एक मन्दिर निर्माण गरी श्रीकृष्णको मूर्ति स्थापना गर्ने कार्यमा मेरो पनि सहभागिता कायम रह्यो । यसरी म बिस्तारै जुट्तै गएँ, साना-ठूला समस्यामा सहभागी हुँदै गएँ । त्यहाँको श्रीकृष्णमन्दिरको शिलापत्रमा पनि मेरा विषयमा उल्लेख छ ।

२०७६ सालको कार्तिक महिनाको सुरुमै त्यहाँका पुजारी प्रह्लाद जङ्गमले फोनबाट सूचना गरे श्रीको लिङ्गको माथ भाग चोइटियो, अब के गर्ने भनेर । त्यसै दिन र भोलिपल्ट पनि अरू दुई-तीनजनाले फोन गरेर समाधानको बाटो खोजे । कुरा धेरै अगाडि बढिसकेको रहेछ । जिल्ला प्रशासन कार्यालय र प्रहरीमा उजुरी परिसकेको रहेछ । स्थानीय गुठी कार्यालय पनि अन्योलमा परेको रहेछ । पुरातत्वको हिसाबले कारवाही चलाउने या सार्वजनिक सम्पत्ति मासेको सम्बन्धमा पुजारीलाई कारवाही चलाउने भन्नेमा सरकारी स्तरमा मतैक्य नभएको अवस्थामा पुगेको बेला स्थानीय व्यक्तिहरू दुई पक्षमा विभाजित हुन पुगेका रहेछन् । एकतर्फका समूहको भनाइ

भवितव्य हो भन्ने रहेछ भने अर्काथरिको भनाइ नियोजित हो भन्ने रहेछ । मत विभाजन भएपछि प्रहरी कार्यालयलगायत सम्बन्धित कार्यालय अन्योलमा परेको अवस्थामा संयुक्त भेला बोलाउने निर्णय भएछ । सबैको भनाइमा मेरो उपस्थितिको माग भएछ । टेलिफोनबाट नै सबै कुरा सुनेँ । म के गर्न सक्छु, त्यो मलाई पनि यकिन थिएन ।

निर्धारित समयमा धनेश्वर महादेवको प्राङ्गणबाहिर पीपलको रूखमुनि खुला ठाउँमा करिब एक सय मान्छेहरू जम्मा भएका रहेछन् । जिल्ला प्रशासनका प्रतिनिधि, गुठी संस्थानका स्थानीय हाकिम, बनेपा प्रहरी वृत्तका प्रमुख, बनेपा नगरपालिका र पनौती नगरपालिकाका वडाअध्यक्षहरू, धनेश्वर महादेव विकास कोषका अध्यक्ष र महासचिव लगायतका पदाधिकारीहरू र पुजारी परिवारसमेत उपस्थित भएका थिए । माइकको प्रयोगले गर्दा सभा विशेष किसिमको देखिन्थ्यो । म र छोरा ज्योति जङ्गम सभामा उपस्थित हुँदा सभा सञ्चालित अवस्थामा नै थियो । मन्तव्य व्यक्त गर्ने क्रममा आरोप-प्रत्यारोप चलिरहेको हुँदा सभासँग स्वीकृति लिई श्रीको दर्शन गर्न मन्दिरमा गएँ । लिङ्गको माथि चोइटिएको भाग हेरेँ । चोइटिएको लिङ्गको टुक्रो एक पहेँलो वस्त्रले छोपेको थियो, त्यसको पनि दर्शन गरेँ । अन्योल मनस्थितिमै म सभामा उपस्थित भएँ ।

पुजारीको भनाइअनुसार श्रावणको महिनामा भीडबाट नरिवल फ्याँकिएको थियो, पछि हेर्दा लिङ्गको माथ भाग चोइटिएको देखेँ, तर डरले गर्दा कसैलाई नभनेको हो । असोजमा मात्र चोइटिएको खबर सार्वजनिक भएको हुँदा पुजारीको गल्ती हो भन्ने सबैको भनाइ रह्यो । सभामा पुजारीले थरथर काम्दै बयान दिए र भने – ‘म जेसुकै दण्डसजाय भोग्न तयार छु ।’

उनको भनाइले सभाको आक्रोश केही मत्थर भयो । मेरो मस्तिष्कमा पनि केही उपाय निस्कियो । मेरो निर्णायक वक्तव्य हुने आभास पाएपछि समाधानको उपाय बताएँ । सबैले मुखामुख गरे । होइन र हुन्न भन्न पनि कसैले सकेनन् । पुरातत्त्व विभाग र गुठी संस्थानलाई मैले नै जानकारी दिने निर्णय लिएँ । प्रहरी र स्थानीय प्रशासनका साथै नगरपालिकाका वडाअध्यक्षहरू त्यहीँ उपस्थित थिए । सबैको मत एकै भयो । धनेश्वर महादेवको पूरा कृपादृष्टि परेको मैले महसुस गरेँ ।

श्रीको क्षमापूजा गर्न प्रस्ताव गरेँ । विधिवत भव्य रूपमा गर्नुपर्ने भएकाले, एक लाखभन्दा बढी नै खर्च लाग्ने भएकाले दुवै नगरपालिकालाई सहयोग गर्न आग्रह भयो । दाताहरूबाट सहयोगको माग गर्ने, नपुग धनेश्वर महादेव क्षेत्र विकास कोषले व्यहोर्ने, चोइटिएको श्रीको सानो भागलाई

चाँदीको लिङ्ग आकारको बट्टा बनाएर चाँदीकै सिक्रीले मालाजस्तो पहिऱ्याउन मिल्ने गरी जङ्गम प्रतिष्ठानले तयार गर्ने निर्णय गरेँ । सधैँ र सबै दिन श्रीको साथमा रहेपछि यसमा कुनै दोष नरहने कुरालाई पनि उपस्थित सबैमा निवेदन गरेँ । सबैको मन्जुरीमा श्रीको क्षमापूजाको तिथि निर्धारण भयो । त्यसै दिन बसेको बैठकले मलाई धनेश्वर महादेव क्षेत्र विकास कोषको संरक्षकका रूपमा ग्रहण गर्ने प्रस्ताव पारित गऱ्यो । मप्रति आराध्यदेव धनेश्वर महादेवको कृपादृष्टि प्राप्त भएको मैले महसुस गरेँ ।

२०७६ साल कार्तिक महिनाको ३० गते सोमबार क्षमापूजाको आयोजना भयो । लघुरुद्री, लक्ष्यदीप प्रज्ज्वलन, हवन, जप र चण्डीपाठ लगायत आवश्यक धार्मिक कार्य गर्ने काम भयो । सो पवित्र अनुष्ठानमा भाग लिन डोलेश्वर महादेव, वागेश्वर महादेव, सरस्वतीस्थान वागेश्वरी, अनन्तलिङ्गेश्वर महादेव, भालेश्वर महादेव, इन्द्रेश्वर महादेव, कोटेश्वर महादेव र बानेश्वर महादेवबाट पनि श्रीका लागि पूजा लिएर त्यहाँको समितिका पदाधिकारीहरू पनि उपस्थित भएका थिए । जिल्लाका राजनीतिक पार्टीका व्यक्तिहरू र नगरपालिकाका प्रमुखहरूको पनि बाक्लो उपस्थिति थियो ।

यसरी श्रीको लिङ्ग टुक्रिनु र श्रीको विकासकार्यमा म जुट्न पुग्नु, यो संयोग हो वा श्रीको कृपा, मैले निर्णय लिन सकेको छैन । अब मेरो जीवनपर्यन्त श्रीको विकासका लागि समर्पित हुनेछु भन्ने प्रण गरेको छु ।

*० अब उग्रेश्वर महादेव मन्दिरको कुरा पनि सुन्न चाहन्छु ।*

– काभ्रेपलान्चोक जिल्ला मन्डन देउपुर नगरपालिका वडा नं. ११ जैसीथोकको फेदीमा केही वर्षअगाडि उग्रेश्वर महादेवको स्थापना भएको हो । स्थानीयवासी चिरञ्जीवी नाउँले चिनिने ध्रुवप्रसाद दाहालको अगुवाइमा सो महादेव मन्दिर २०७० सालको शिवरात्रिका दिन स्थापना भएको हो र स्थापनाकालदेखि आजसम्म उनले नै पूजा गर्दै आएका छन् । २०७५ साल मङ्सिरतिर म त्यस भेगमा पुगेको थिएँ । मन्दिरको खुला प्राङ्गण भए पनि मन्दिरको बनोट, पूर्व र पश्चिमतर्फ काठका कलात्मक ढोका जडिएको देखेँ । मन्दिर परिक्रमाका क्रममा नन्दीलाई ईशान कोणमा पूर्व फर्काई राखेको देखेँ । त्यो स्थानीय भक्तको अनभिज्ञता थियो । मन्दिरका पुजारीलाई मन्दिर खोल्न लगाई चतुर्मुख लिङ्गको दर्शन गरेँ । केही वर्षअघि २०६८ सालमा स्थानीय भक्तजनले भागवत लगाई उठेको रकमबाट मन्दिर निर्माण गरेको पनि जानकारी पाएँ । नामकरण कसरी भयो भन्ने मेरो जिज्ञासाको उत्तरमा चिरञ्जीवीले ‘यही स्थानमा महादेवको उपासना गरेँ, एक महिना उपवास

बसेँ, त्यसै बखत उग्रेश्वरको नाउँको आभास भयो, त्यसैको परिणामस्वरूप उग्रेश्वर महादेवको नामकरण भएको हो ' भने ।

२०७५ साल माघ महिनामा वडाअध्यक्ष माधव न्यौपानेको सक्रियतामा नन्दी अथवा बसाहालाई मन्दिरको पश्चिमतर्फ नन्दीको मुख पूर्वतर्फ फर्काई स्थापना गर्ने काम भयो । त्यसै दिन रुद्राभिषेक, हवन, जपका साथै क्षमापूजा गर्ने कार्य सम्पन्न भयो । गाउँभरिका ५०-६० जना महिलाको सहभागिता थियो । धार्मिक अनुष्ठानमा पुरुषभन्दा महिलाहरू नै जुट्ने गरेको देखेको छु, त्यहाँ पनि त्यही देखेँ ।

नदीको त्रिवेणीमा अवस्थित मन्दिर अति सुन्दर छ । भित्रपट्टि पशुपतिको सानो रूपको चतुर्मुखयुक्त पञ्चमुखी लिङ्ग स्थापित भएको छ । मन्दिरको स्थापनापछि जुन किसिमबाट पूजा सञ्चालन हुनुपर्ने हो, त्यस किसिमबाट भएको छैन । भक्तजनलाई आकर्षण गर्ने कार्य भगवान्कै हो । समय आएपछि त्यो पनि हुन सक्छ भन्ने विश्वास छ ।

मन्दिरको बाहिर प्राङ्गण बनिसकेको छैन । बसाहा नै ठीक ठाउँमा स्थापित नगरिएको अवस्था भएकाले मन्दिर प्राङ्गणमा आवश्यक त्रिशूल र घण्ट पनि थिएनन् । त्रिशूल र घण्ट चढाउने सङ्कल्प गरेपछि २०७६ सालको शिवरात्रिका दिन २७ फुट अग्लो त्रिशूल बनाई मन्दिरको उत्तरतर्फ त्रिशूल साथै पूर्वतर्फ घण्ट स्थापित गर्ने काम भयो । २७ फुटको अर्थ २७ नक्षत्रको प्रतीक हो भने त्रिशूल र घण्ट मन्दिरका गहना हुन् । सो स्थापना भएको दिन शिलापत्र पनि अनावरण भयो ।

*० शब्दयात्रा प्रकाशनका लागि मेरो आग्रहमा नीलकण्ठेश्वर परिसरमा शारदाको मूर्ति स्थापना गरिदिनुभएकोमा म त तपाईंप्रति धेरै नै आभारी छु ।*

– यसका विषयमा पनि मै बोलूँ ? बनेपा र धुलिखेलको बीच भागमा रहेको बनेपा नगरपालिका वडा नं. ६ को अक्षरधामसँगै नीलकण्ठेश्वर महादेवको जुन मन्दिर छ, त्यस मन्दिरको क्षेत्र मूल बाटोबाट करिब १०० फुट उचाइको रहेको करिब ७ रोपनीमा फैलिएको छ । यथेष्ट पानीको मुहान भएको यो धार्मिक क्षेत्रमा मूल देवताका रूपमा नीलकण्ठेश्वर नामको शिवालय छ । गणेश, हनुमान र देवीका मूर्तिहरू पनि स्थापित छन् । दक्षिणतर्फ यसै महादेवस्थानको स्वामित्वमा रहेको एउटा भवन छ । त्यस भवनमा शब्दयात्रा प्रकाशनको कार्यालय छ । त्यसको ठीक दक्षिणतर्फ दाता कृष्णमणि कुइँकेलले दिएको शब्दयात्रा प्रकाशनको नाउँमा दर्ता भएको पाँच आना जमिन छ । त्यसमा षडानन्द अधिकारी, देवीप्रसाद सापकोटा, नरबहादुर

भारती, कृष्णलाल अधिकारी र मेलवादेवी गुरुङका अर्धकदका सालिकहरू स्थापित भएका छन् । शब्दयात्रा प्रकाशनले 'पहिलो' व्यक्तिको मूर्ति स्थापना गर्ने अभियान सञ्चालन गरेको छ । त्यसभन्दा दक्षिण सभा भवन बनाउने तयारी गरिएको छ । प्रायः शब्दयात्रा प्रकाशनका अनुष्ठानहरू त्यही क्षेत्रमा हुने गरेका छन् । किनभने त्यहाँ शब्दयात्रा प्रकाशनको आफ्नै जमिन छ ।

शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्षका रूपमा तपाईंले नै एक दिन मेरो घरमा आएर भन्नुभयो – "त्यस क्षेत्रमा पुस्तकालय र माता शारदाको मूर्ति स्थापना गर्ने इच्छा छ । दाजु, हजुरले सहयोग गर्नुपर्‍यो ।" मैले तुरुन्तै सहमति जनाएँ । वास्तवमा शब्दयात्रा प्रकाशनको क्षेत्र अक्षरधाममा यी दुवै जरुरी थिए ।

मन्दिरहरूलाई सहयोग गर्ने हेतुले मैले केही मूर्तिहरू मेरो घर बानेश्वरमा राखेको थिएँ । मसँग एक ठूलो र एक सानो शारदादेवीका मूर्ति थिए । ठूलो मूर्तिलाई काभ्रेकै शारदाबतासे डाँडामा रहेको देवीस्थानमा चढाउने निर्णय गरिसकेको हुँदा सानो करिब २४ इन्च अग्लो मूर्ति तपाईंलाई देखाएँ । त्यो सानो मूर्ति नै स्वीकार्य भएपछि पुस्तकालयका लागि मेरी दिदी सावित्री जङ्गम थापासँग कुरा गरेँ । उहाँले आफूसँग भएका पुस्तक र काठको र्‍याक दिने निर्णय गर्नुभयो । नपुग दुई थान र्‍याक पनि बनाइदिन मन्जुरी जनाउनुभयो । २०७५ साल माघ महिनाको २७ गते आइतबारका दिन शब्दयात्रा प्रकाशनले भव्य कार्यक्रम आयोजना गरी शारदाको मूर्तिको स्थापना अनावरण मबाटै गरायो र पुस्तकालयको उद्घाटन सावित्री दिदीबाट गराउन सफल भयो । त्यस दिन धेरै साहित्यिक विद्वान्हरूको उपस्थितिका बीच यस क्षेत्रलाई साहित्यिक वाटिकाका रूपमा विकास गर्नुपर्ने प्रस्ताव राख्ने कार्य पनि सम्पन्न भयो । सरस्वतीको मूर्तिको मुनि शिलापत्र पनि राखिएको छ । पुस्तकालयमा पनि शिलालेख छ ।

## भ्रष्टाचारविरोधी आन्दोलन

*० भ्रष्टाचारविरोधी अनौपचारिक आन्दोलन त तपाईंले पत्रकारिता सुरु गर्दा नै गर्नुभयो, साहित्यमा पनि भ्रष्टाचारविरोधी चेतना दिनुभयो, प्रशासनिक क्षेत्रमा रहँदा पनि भ्रष्टाचारको विरोध नै गर्नुभयो । तर भ्रष्टाचारविरोधी चेतनामूलक अभियानको औपचारिक प्रारम्भचाहिँ कहिलेदेखि गर्नुभयो ?*

–भ्रष्टाचारविरोधी जनचेतना जगाउने कार्यक्रम २०४३ सालमा 'स्वतन्त्र विचार मञ्च' खोलेदेखि नै सञ्चालन गर्दै आएका हौँ । करिब दस वर्ष भ्रष्टाचारविरोधी अभियानमा जुटे तापनि भ्रष्टाचार घट्नुको सट्टा झन्-

झन् बढ्दै गएपछि २०५३ साल मार्ग ७ गतेदेखि भ्रष्टाचारविरोधी आन्दोलन नै सञ्चालन गरेर आजसम्म त्यसैमा क्रियाशील छौँ ।

*o भ्रष्टाचारको संस्थागत रूपमा विरोध गर्नका लागि 'स्वतन्त्र विचार मञ्च' खोल्नुभएको हो कि 'स्वतन्त्र विचार मञ्च' का माध्यमबाट भ्रष्टाचारको संस्थागत रूपमा विरोध गर्न सुरु गर्नुभएको हो ?*

–भ्रष्टाचारविरुद्ध अभियान नै सञ्चालन गर्न 'स्वतन्त्र विचार मञ्च' खोलिएको हो । संस्थागत रूपमा विरोध-कार्यक्रम सञ्चालन गर्दा बढीभन्दा बढी विचार मिल्ने व्यक्तिहरूको सहयोग मिल्दो रहेछ र कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन सक्ने रहेछ ।

*o त्यो मञ्चका तर्फबाट बाहेक व्यक्तिगत रूपमा चाहिँ भ्रष्टाचारको विरोध गर्ने तपाईका प्रक्रियाहरू के-के हुन् ?*

–पत्रपत्रिकामा लेख-टिप्पणी लेखेर, पत्रिका, रेडियो, यु-ट्युब र टेलिभिजनमा अन्तर्वार्ता दिएर, फेसबुकमा लेखेर, सभा-सम्मेलनमा विचार अभिव्यक्त गरेर, कार्यशाला-गोष्ठीहरूमा कार्यपत्र प्रस्तुत गरेर वा सहभागी भएर भ्रष्टाचारविरुद्धका क्रियाकलापलाई निरन्तरता दिँदै आएको छु ।

*o भ्रष्टाचारविरोधी अभियानमा लाग्ने खर्च कसरी जुटाउनुभएको छ ?*

- मैले अघि भनेका क्रियाकलापहरूका माध्यमद्वारा कार्यसञ्चालन गर्न कुनै शुल्क लाग्दैन, बरू त्यसबाट केही न केही लाभ हुन्छ । हो, मञ्चले कुनै कार्यक्रम गर्दा सभाकक्षको भाडा लाग्छ र अन्य प्रशासनिक खर्च हुन्छ । त्यो हामीले आफ्नै साथीभाइबाट जुटाउने गरेका छौँ ।

*o भ्रष्टाचारविरोधी अभियानमा कस-कसबाट कस्तो सहयोग र कस-कसबाट कस्तो असहयोग पाउनुभएको छ ?*

–भ्रष्टाचारविरोधी कार्यमा सहयोगभन्दा बढी असहयोग पाएका छौँ । केही विचार मिल्ने साथीहरूले सहयोग गरे पनि उल्लेखनीय रूपमा सहयोग पाएका छैनौँ । समाजका प्रबुद्ध व्यक्तिहरू लाभहानिका हिसाबले हिँड्ने गरेकाले पनि कार्यक्रमको गतिमा तीव्रता ल्याउन सकेका छैनौँ । तर पनि असहयोग छ भन्नचाहिँ मिल्दैन ।

*o आन्दोलन प्रभावकारी बनेजस्तो लाग्छ कि लाग्दैन ?*

–आन्दोलन त सोचेभन्दा बढी प्रभावकारी बनेको छ । यति छोटो अवधिमा यतिका उपलब्धि हासिल गरेका छौँ कि लाखौँ खर्च गर्ने अन्य संस्थाहरू आश्चर्यमा परेका छन् ।

*o आन्दोलनको स्वरूपमा परिवर्तन गर्नुपर्नेजस्तो लागेको छ कि ?*

–निश्चय पनि भ्रष्टाचारविरुद्धको क्रियाकलाप र त्यसको स्वरूप समयअनुसार परिवर्तन हुन्छ र हुनुपर्छ । भ्रष्टाचारविरोधी अभियानबाट आन्दोलनमा पुगेका हामीहरू प्रत्येक समय आन्दोलनको स्वरूप बदल्दै अगाडि बढेका छौँ । हिजो सडकबाट बोली चर्काउँदै र सडक तताउँदै बिस्तारै अदालतमा पस्यौँ भने आज भ्रष्टाचारविरुद्धको विज्ञान नै निर्माण गरी अध्ययन-अध्यापन गराउन सकिने लक्ष्य लिएर विश्वविद्यालयका कक्षाहरू चहार्न पुगेका छौँ ।

## भ्रष्टाचारविरोधी विज्ञान

*o भ्रष्टाचारको परिभाषा कसरी गर्नुहुन्छ ?*

- भ्रष्टाचारको परिभाषा छ र हुन्छ । तर बहुव्याख्या हुन सक्ने भएको हुँदा यस शब्दको निश्चित शब्दमा निश्चित अर्थ लगाउन कठिन छ । भ्रष्टाचार भन्ने शब्द नै भ्रष्ट र आचार दुई शब्दको संयोजनबाट बनेको हुनाले यसको परिभाषाले निश्चित विन्दु टेक्न सकेको थिएन । त्यसैले यसलाई वैज्ञानिक ढङ्गले पुनः परिभाषित गर्नुपरेको हो । भ्रष्टाचारविरुद्धको विज्ञानको विकासको प्रारम्भमा नै परिभाषित भएर यो उभिएको छ । अब भ्रष्टविरोधी शास्त्र आइसकेको हुनाले त्यसैका आधारमा हामी भ्रष्टाचार शब्दलाई अर्थ र व्याख्या दिन सक्छौँ ।

*o भ्रष्टाचारसम्बन्धी एउटा पुस्तक त तपाईंले पहिले नै प्रकाशित गरिसक्नुभएको थियो, होइन ?*

–हो, पुस्तक प्रकाशित भएको छ । तर एउटा होइन, दुईवटा । भिन्नाभिन्नै समय र विभिन्न विषयमा जनसमक्ष प्रस्तुत भइसकेका मेरा ६५ वटा लेख-विचारका रचनाहरूलाई एकत्रित गरी 'भ्रष्टाचार : वैचारिक आन्दोलत' नामक पुस्तक प्रकाशित भएको छ । त्यसपछि तपाईंले नै सम्पादन गरेर २०६२ सालमा प्रकाशन भएको 'भरत जङ्गम : विचार र दृष्टिकोण' पनि भ्रष्टाचारलाई नै मूल विषय बनाइएको पुस्तक हो ।

*o विकसित, अल्पविकसित र अविकसित मुलुकमा कसरी-कसरी भ्रष्टाचारहरू हने गर्दछन् ?*

–अल्पविकसित र अविकसित मुलुकलाई एउटै कक्षमा राखेर हेर्नु राम्रो होला । किनभने विश्वका मुलुकहरू अहिले दुई समूहमा विभाजित भएका छन् – एक विकसित, र अर्को विकासशील । विकसित मुलुकमा भन्दा विकासोन्मुख मुलुकमा ज्यादै भ्रष्टाचार हुने गरेको पाइएको छ । भ्रष्टाचार हुँदा त्यस मुलुकको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाले सीमा

निश्चित गरेको हुन्छ । राजनीतिक स्थिरता भएको विकासोन्मुख मुलुकमा कमभन्दा कम मात्र भ्रष्टाचार हुन्छ भने राजनीतिक रूपमा अस्थिर भएको मुलुकमा भ्रष्टाचारको सीमा निश्चित हुँदैन र त्यसले आफ्नो जाल सर्वत्र फिँजाएको हुन्छ ।

*० हाम्रोजस्तो अल्पविकसित मुलुकमा भ्रष्टाचारलाई नियन्त्रण गर्ने उपायहरू के-के हुन सक्छन् ?*

– विकासोन्मुख मुलुकमा भ्रष्टाचार-नियन्त्रण गर्नका लागि पहिले राजनीतिक स्थिरता कायम राख्न सक्नुपर्छ अनि भ्रष्टाचारविरुद्ध कडा कानुनको व्यवस्था हुनुपर्छ । यी दुवै उपाय लागू हुनबाट हाम्रो मुलुक वञ्चित भएको हुँदा यहाँ भ्रष्टाचारले झाङ्गिने मौका पाएको हो । यसलाई यसरी पनि भन्न सकिन्छ – राजनीतिक अस्थिरता र भ्रष्टाचार एक-अर्काका पूरक हुन् । त्यसैले यसको नियन्त्रणका लागि राज्यव्यवस्थाले विशेष योजना नै सञ्चालन गर्न सक्नुपर्छ । अन्यथा यसले नियन्त्रणको बाटो समाउन सक्तैन ।

*० तपाई 'भ्रष्टाचारविरुद्ध विज्ञान' को कुरा गर्नुहुन्छ । भ्रष्टाचारलाई विज्ञानका रूपमा कसरी परिभाषित गर्नुभएको छ ?*

– यसको पूर्ण परिभाषा त मेरो 'एन्टिकरप्टोलोजी' पुस्तकबाटै लिनु वेश हुन्छ । भ्रष्टाचारविरुद्धको विज्ञानको विकास गर्ने क्रममा म लागेको धेरै भयो । भ्रष्टाचारविरोधी विषयलाई विज्ञानमा सामेल गराई त्यसका बारेमा अध्ययन-अध्यापन गराउन सकिने भएकाले नै भ्रष्टाचारविरुद्धको विज्ञानका बारेमा मैले बहस गराउन थालेको थिएँ । विज्ञान त्यो हो जसले जुनसुकै विषयको पनि व्यवस्थित ढङ्गले अध्ययन-अध्यापन गराउन सक्छ । अर्थात् विषयको क्रमबद्ध अध्ययनद्वारा त्यसलाई परीक्षण, निरीक्षण र प्रमाणित गर्न सकियोस्, त्यही नै विज्ञान हो । भ्रष्टाचारविरोधी नौलो विषयलाई पनि परीक्षण, निरीक्षण र प्रमाणित गर्न सकिने भएकाले यो विज्ञानको सूत्रभित्र सजिलै पस्न सक्छ । त्यसैले भ्रष्टाचारविरोधी विज्ञानका रूपमा भ्रष्टविरोधी शास्त्र तयार भई विश्वमा पहिलोपटक नेपालका तर्फबाट प्रस्तु भएको हो ।

*० तपाईको 'भ्रष्टाचारविरुद्ध विज्ञान' सम्बन्धी पुस्तक कहिले प्रकाशित भएको हो ?*

– २०७३ सालमा भ्रष्टाचारविरोधी विज्ञानले पुस्तकको आकार पाएको हो । विज्ञानको अर्थ व्यवस्थित ज्ञान हो, अर्थात् ज्ञानको एक अङ्ग हो । यसमा व्यवस्थित हिसाबले परीक्षण र प्रयोग सामेल गराइएको हुन्छ । भ्रष्टाचारविरुद्धको विषय विज्ञानको सूत्रमा सजिलै पस्न सक्ने देखिएकाले बिस्तारै यसका अङ्ग-प्रत्यङ्गहरू परिभाषित हुँदै गएका हुन् र सिद्धान्तहरू

सूत्रपात हुँदै स्थापित हुँदै गएका हुन् । अब यसले आकार ग्रहण गरिसकेको छ र अब यसले विस्तृति पनि लिनेछ ।

*० 'भ्रष्टाचारविरुद्धको विज्ञान' त स्थापित भइ नै सक्यो । के अब यसले पूर्णता पनि पाइसकेकै हो ?*

– यो 'भ्रष्टाचारविरुद्धको विज्ञान' को उपयुक्त नाम यही नै हो कि अर्को कुनै नाम राख्न पनि मिल्छ भन्ने कुरा पछिको कुरा भए पनि भ्रष्टाचारविरोधी विज्ञान स्थापित त भइसकेकै छ र औपचारिक रूपमा अध्ययन-अध्यापनमा पनि आइसकेकै छ । मैले मात्र गरेर यो विज्ञान पूर्ण हुन सक्तैन । यसमा धेरै लेखक र विचारकहरूको सहभागिता भएपछि मात्र यो विषयले पूर्णता पाउन सक्छ । विज्ञानको सूत्रमा यसलाई जुटाउने काम मैले गरेँ र सिद्धान्तको सूत्रपात पनि हुन सक्यो । चुरो कुरा भेटिइसकेको हुँदा अब यसपछिका प्रक्रियाहरू सुरु हुन्छन् । अध्ययन-अध्यापनले गति लिन्छ । अनुसन्धानहरू हुन्छन् । अन्य कुराहरू थपिन्छन् । सूत्रहरूको व्याख्या हुन्छ । समपसापेक्ष र स्थानसापेक्ष कुराहरू थपिन्छन् । यस्तो कार्यमा अब विलम्ब हुँदैन ।

*० तपाईंलाई 'भ्रष्टविरोधी शास्त्रका प्रवर्तक' र 'भ्रष्टाचारविरोधी विज्ञानका पिता' भन्न थालिसकेका छन् । 'नवीन दर्शनका दार्शनिक' त मैले नै भनेको छु । यी विशेषणहरू सुन्दा तपाईंलाई कस्तो लाग्छ ?*

– खुसी त लाग्छ, तर यो खुसी हुनैपर्ने विषयचाहिँ होइन । मैले त आफ्नो कर्तव्य निर्वाह गरेको छु । मैले खुसी हुनका लागि त हाम्रो देशबाट भ्रष्टाचार निर्मूल भएर जनताले शिक्षा, स्वास्थ्य र न्याय निःशुल्क पाउनुपर्छ ।

*० तपाईंले प्रतिपादन गर्नुभएको दार्शनिक सिद्धान्तले विश्वविद्यालयबाट औपचारिक मान्यता पाइसकेको छ । अहिले पढाइ हुँदैछ, होइन त ?*

– हो । त्रिभुवन विश्वविद्यालयले भ्रष्टविरोधी शास्त्रलाई औपचारिक रूपमा मान्यता दिइसकेको छ । त्यो विषय स्नातकोत्तर तहमा अध्ययन-अध्यापन गराउनका लागि छुट्टै विभाग नै बनाइदिएको छ । यसरी भ्रष्टविरोधी शास्त्रको पाठ्यक्रम बनाएर पढाउने विश्वकै पहिलो विश्वविद्यालय हाम्रै देशको त्रिभुवन विश्वविद्यालय बन्न सकेको छ । यस वर्ष ५० जना विद्यार्थी भर्ना भएर पढ्न थालेका छन् । अब यस विषयले विश्वव्यापी रूप लिनेछ र भ्रष्टाचारविरोधी दक्ष जनशक्ति तयार भएर तल्लो तहसम्म यसको अध्ययन-अध्यापन गरिनेछ, शोधहरू गरिनेछन्, यी विषय पढेका विज्ञहरू सम्बन्धित संस्थाहरूको नेतृत्व गर्नेछन् र अन्ततः भ्रष्टाचार न्यूनीकरण गर्दै निमूल बनाउने दिशामा यसले धेरै हदसम्म योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त

छु । एक्काइसौँ शताब्दीमा नेपालका तर्फबाट विश्वका सम्पूर्ण देशलाई दिएको महत्त्वपूर्ण उपहार हो यो ।

## न्याय तथा कानुन

*o विभिन्न लेखका माध्यमले न्यायक्षेत्रका बारेमा तपाईले प्रकाश पार्दै आउनुभएकाले तपाईं यस क्षेत्रको मर्मज्ञ हुनुहुन्छ भन्ने जानकारी हुन्छ । 'कालो सूर्य' को एक परिच्छेदमा नै तपाईले न्यायक्षेत्रको विसङ्गतिका बारेमा वर्णन गर्नुभएको छ । के साँच्चै नै नेपाली जनताले न्याय पाउँदैनन् ?*

– हो ! जनताले राज्यव्यवस्थाद्वारा वास्तविक न्याय पाउनुपर्दथ्यो, तर त्यो न्याय पाउन सकेका छैनन् । वर्तमान नेपालमा व्यवस्थित अदालती व्यवस्था संयुक्त अधिराज्य ब्रिटेनबाट आयत गरिएको व्यवस्था हो । विश्वको विकसित मुलुक, त्यसमा पनि बेलायतको न्यायसम्पादन गर्ने व्यवस्था यहाँ आयात गरी लागू गर्न खोज्दा हाँसको चाल न कुखुराको चाल सावित भएको छ । जसले न्याय खोज्न अदालतमा जानुपरेको छ, तिनीहरूले भोगेका छन् न्यायक्षेत्रको पीडा ! त्यसैले यहाँ जनताले न्याय होइन, शारीरिक र मानसिक दु:ख पाउँछन् र आर्थिक रूपमा नोक्सानी पाएका हुन्छन् । अर्थात् न्याय माग्न जाँदा अन्याय-अत्याचारको घेराभित्र जकडिन पुग्छन् ।

*o त्यो न्यायव्यवस्था विकसित मुलुकमा सफल हुने तर यहाँ सफल नहुने कारण के हो त ?*

– त्यहाँका जनता शतप्रतिशत साक्षर छन्, तिनीहरूमा अधिकार र कर्तव्यको मनग्य ज्ञान छ, साथै आर्थिक रूपले पनि सबल छन् । तर यहाँका बहुसङ्ख्यक जनता निरक्षर छन् र उनीहरूमा राज्यले के-कति अधिकार उनीहरूलाई प्रदान गरेको छ भन्ने कुराको पटक्कै ज्ञान छैन । यति मात्र होइन, आर्थिक रूपले उनीहरू यति निर्बल तथा कमजोर छन् कि मानवोचित सहुलियतबाट समेत वञ्चित भएका छन् । यसरी रात र दिनजत्तिकै फरक रहेको समाजमा एउटै न्यायप्रणाली कसरी लागू हुन सक्छ ? त्यसैले हालको न्यायप्रणाली असफल भएको हो ।

*o त्यसो भए नेपालका अदालतले राम्ररी न्यायसम्पादन गर्न सकेका छैनन् त ?*

– अदालतले जुन किसिमले न्याय प्रदान गर्नुपर्ने हो, त्यो रूपमा न्याय प्रदान गर्न सकेका छैनन् । तपाई नेपालको कुनै पनि अदालतमा पस्नुहोस्, त्यहाँ भएको अव्यवस्थाले नै तपाईलाई जवाफ दिनेछ कि यो स्थान त्यो होइन, जुन पवित्र स्थानको तपाईले खोजी गर्न खोज्नुभएको छ । त्यसपछि

इजलासमा हेर्नुहोस्, तपाई त्यहाँ यस्तो दृश्य देख्नुहुनेछ मानौँ त्यहाँ एउटा नाटकको मञ्चन भइरहेको छ । न्याय माग्न जाने मान्छेले न्याय पाउँछ वा पाउँदैन, त्यो बेग्लै कुरा हो । तर समय यति लम्बिँदै जान्छ कि पछि न्याय नै पाएमा पनि त्यसले त्यो पीडितलाई राहत प्रदान गर्न सक्तैन । कारण एउटा मुद्दा अदालतमा पऱ्यो भने त्यसको अन्तिम निर्णय हुनेसम्म समय कुर्ने हो भने कमसेकम दस वर्ष पर्खनुपर्छ । होइन भने अर्को पुस्ताले मात्र त्यसको नतिजा सुन्न सक्छ । फेरि, कति पैसा खर्च हुन्छ भनेर नसोध्नुहोस् । यति पैसा खर्च हुन्छ कि उसको घरबार सकिन्छ । त्यस्तै ऊ आर्थिक रूपले मात्र कमजोर हुने होइन, उसको इज्जत-आबरु सबै नष्ट हुन पुग्छ । त्यसैले हालको नेपालको अदालतमा मुद्दा गरेर न्याय मिल्छ भन्न सकिँदैन । अर्थात् कानुनको सही बन्दोवस्त नभएका कारणले पक्ष वा विपक्षमध्ये कुनै पनि पक्षको हार या जीत भएमा त्यहाँ आश्चर्य मान्नुपर्ने छैन । यसको कारण के हो भने एक सय पचास वर्ष पुरानो हुकुमी शासनका प्रवर्तक श्री ३ महाराज जङ्गबहादुर राणाले बनाएको अदालती बन्दोवस्तको प्रयोग गरी बेलायतबाट आयात गरिएको न्यायप्रणालीअन्तर्गत वर्तमान नेपालका अदालतहरूमा न्यायसम्पादन हुन्छ । अब भन्नुहोस्, कसरी न्याय पाइन्छ ?

*o जनताले न्याय पाउन कस्तो न्यायव्यवस्थाको स्थापना गर्नुपर्ने महसुस गर्नुभएको छ त यहाँले ?*

–यो प्रश्नको जवाफ बडो लामो हुन सक्छ । किनभने मुलुकको न्यायव्यवस्थाको परिकल्पना गरेर त्यसका कमी-कमजोरीसमेतको व्याख्या गर्नुपर्छ । तर पनि सङ्क्षेपमा भन्नुपर्दा वर्तमानको न्यायप्रणालीलाई खारेज गरी देश, काल र समाजको बनोटलाई हेरेर छिटो-छरितो ढङ्गले न्यायसम्पादन हुने व्यवस्था लागू गर्नुपर्छ । होइन, यही प्रचलित न्यायव्यवस्थाअन्तर्गत नै वर्तमान न्यायालयको न्यायसम्पादन-व्यवस्थालाई मिलान गर्ने हो भने पुरानो अनावश्यक व्यवस्था खारेज गरी यही न्यायप्रणाली मिलाउन सकिने गरेर सही न्यायपद्धतिको विकास गर्नुपर्छ । न्यायालयको स्थापनामा अदालतको तह बढी भए पनि विवाद या केसअनुसार दुई वा तीन तहसम्ममा अन्तिम निर्णय हुने व्यवस्था हुनुपर्छ । त्यस्तै, अदालतको व्यवस्था गर्दा स्थानीय र पारिवारिक समस्या, व्यक्तिगत र कम्पनीको व्यवहार तथा लेनदेन, बैङ्किङ्ग कारोबार, साधारण देवानी, फौजदारी, राज्यविरुद्धको फौजदारी, सार्वजनिक हित र संवैधानिक तथा कानुनी प्रश्न आदि हेर्ने बेग्लाबेग्लै अदालतहरूको स्थापना हुनुपर्दछ । यहाँ त जिल्ला अदालतको न्यायाधीशले यी सबै क्षेत्रमा विज्ञ भई मुद्दाको निरूपण गर्नुपर्न बोझ लादिएको छ । जिल्ला अदालतदेखि पुनरावेदन अदालत र सर्वोच्च अदालतसम्मका न्यायाधीश पद धारण गर्ने व्यक्तिले मुद्दा

या केसको विषय बुझ्के पनि नबुझ्के पनि मुद्दा हेर्नुपर्छ र न्याय प्रदान गर्नुपर्छ । एउटा व्यक्ति सर्वज्ञ हुन सक्तैन भन्ने सत्यतालाई बुझ्केर यस्तो व्यवस्था तुरुन्त खारेज गरी न्याय दिने र दिलाउनेहरूलाई विषयगत ज्ञान र क्षेत्रका आधारमा वर्गीकरण गर्नुपर्छ । अर्थात् न्यायनिरूपण गर्ने व्यक्ति या न्यायाधीश त्यस विषयको विज्ञ हुनुपर्छ भन न्यायनिरूपण गर्न मद्दत गर्ने व्यक्ति या अधिवक्ता आफ्नो विषयमा व्यावसायिक रूपमा पूर्णतया पोख्त हुनुपर्छ । कुनै पनि विवाद निश्चित समयावधिमा टुङ्गो लाग्ने अनिवार्य कानुनी व्यवस्था हुनुपर्छ । त्यस्तै, न्यायनिरूपणमा संलग्न व्यक्तिहरूको पारिश्रमिक ऐनद्वारा नै तोकिने व्यवस्था हुनुपर्छ । स्थानीय तथा विज्ञ नागरिकको प्रत्येक न्यायनिरूपणमा बेन्चले अनिवार्य सहयोग लिनुपर्ने व्यवस्था हुनुपर्छ । न्याय दिने अधिकारीले दिएको निर्णय माथिल्लो अदालतले उल्टाएमा त्यसको अभिलेख राखी कारवाहीको व्यवस्था हुनुपर्छ । न्यायक्षेत्रमा भएको ढिलासुस्ती र भ्रष्टाचारको कारवाही गर्ने अधिकार न्यायक्षेत्रभन्दा बाहिरको संवैधानिक आयोगले पाउनुपर्छ । यस्ता धेरै सुधार गर्नु अनिवार्य भइसकेको छ ।

*० न्याय दिने र दिलाउने कुन पक्ष बढी दोषी देख्नुहुन्छ ?*

–न्याय दिने त दोषी छँदैछन् । किनभने न्यायाधीशहरूलाई विषयगत ज्ञानको कमी छ । न्यायाधीशमा एकपटक नियुक्ति पाएपछि चाकरी मात्र पुऱ्याउन सक्यो भने पनि ६५ वर्षको उमेरसम्म जागिर पाउने निश्चित भएको हुँदा अध्ययन र परिश्रम गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्याय दिलाउने पक्षमा एक राज्य छ र अर्को कानुन-व्यवसायी छ । राज्यको कानुनमा पूर्णता छैन । कारण, कुनै कानुन जङ्गबहादुर राणाको पालाको छ भने कुनै कानुन आधुनिक विश्वको आर्थिक उदारीकरणको कानुन यो मुलुकमा तर्जुमा भएका छन् । जसलाई जतिखेर जुन कानुन प्रयोग गर्दा बढी लाभ हुन्छ, त्यो कानुन प्रतिपादन हुन सक्ने अवस्था विद्यमान भएको हुँदा प्रचलित कानुन दोहोरो-तेहोरो अर्थ लाग्न सक्ने भएको छ । यसतर्फ राज्यले गम्भीर पहल नगरेको हुँदा न्यायनिरूपण गर्नुपर्ने कानुन नै कमजोर भएको छ र यसमा राज्यव्यवस्था दोषी देखिएको छ । त्यस्तै, अर्को पक्ष कानुन-व्यवसायी हुन् । तिनीहरू कानुनी राज्यको स्थापनाका लागि आवश्यक तत्त्व हुन् । यी कानुन व्यवसायीहरूले कानुनको ठीक किसिमबाट व्याख्या र अभ्यास गरिदिएका खण्डमा कानुनले सत्यताको मार्गनिर्देशन गर्छ । तर तिनीहरूमा ती गुणहरू विकसित हुन सकेका छैनन् । जसरी हुन्छ अर्थसङ्कलन गर्ने होडमा सम्मिलित ती कानुन व्यवसायीलाई नियन्त्रण गर्ने कानुनको अभाव भएको हुँदा मनपर्दो किसिमबाट व्यवसायहरू सञ्चालन गरिरहेका छन् । त्यसैले न्याय दिलाउनुपर्ने दुवै पक्ष जिम्मेवारीबाट विचलित भएका हुँदा दुवै पक्ष बराबर दोषी छन् ।

*० बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि बनेको २०४७ सालको संविधानले न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र शक्तिवान् बनाएको थियो भन्छन् । के स्वतन्त्र र शक्तिवान् न्यायालयले न्याय दिन सक्तैन ?*

–हो, न्यायालय स्वतन्त्र र शक्तिवान् भएकै कारणले स्वेच्छाचारी हुन पुगेको हो । नेपाल अधिराज्यको संविधान २०४७ ले न्यायक्षेत्रलाई यसरी स्वतन्त्र बनाएको थियो कि त्यहाँ कसैको पनि अङ्कुश लाग्न नसक्ने भयो । त्यस्तै संविधानले यति बलवान् बनायो कि न्यायालयले जेजस्तो निर्णय गरे पनि त्यसको विरोधमा कसैले बोल्न नसक्ने भयो । हुँदाहुँदा यतिसम्म भयो कि न्यायाधीश र न्यायालयलाई कुनै व्यक्ति वा पत्रिकाले आलोचना गऱ्यो भने अदालतले मानहानिमा मुद्दा चलाएर कारवाही गर्न थाल्यो, मानौँ न्यायाधीशहरू बेताज बादशाह हुन् र उनीहरूको हुकुम तामेली हुनैपर्छ । यसरी न्यायक्षेत्रले पाएको शक्ति र स्वतन्त्रताको दुरुपयोग हुन थाल्यो । न्यायाधीशहरूले भ्रष्टाचार गरेमा न्यायपरिषद्ले कारवाही गर्ने अधिकार कानुनले व्यवस्था गरेको भए पनि न्यायपरिषद्ले आजसम्म कुनै न्यायाधीशलाई कुनै किसिमको कारवाही गरेको छैन । त्यस्तै, संविधानको धारा ८७ (७) मा कार्यक्षमताको अभावमा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगर्ने न्यायाधीशलाई संसदद्वारा महाअभियोग लगाउन सक्ने व्यवस्था थियो । तर संविधान बनेको १३ वर्ष बितिसक्ता पनि कार्यविधि ऐन बन्न सकेको थिएन । त्यही कारणले संविधानको धारा ८७ (७) पूर्ण निस्क्रिय बनेको थियो । त्यसैले न्याय दिने पक्षमा होइन कि कसैले औँल्याउन र छुन नसक्ने स्थितिमा न्यायपालिका बलवान् भएकाले नै न्यायक्षेत्रमा कार्यरत व्यक्तिहरू सबै प्रकारले शक्तिवान् हुन पुगेका थिए ।

*० हालको अवस्थाचाहिँ कस्तो देख्नुहुन्छ ? लोकतान्त्रिक गणतन्त्रको संविधानले न्यायालयलाई कहाँ राखेको पाउनुहुन्छ ?*

– त्यति फरक छैन । जनताले कानुनी राजको महसुस गर्न पाएका छैनन् । म त न्यायालयमा राजनीति हावी भएको पो देखिरहेको छु ।

*० न्यायक्षेत्रमा महान्यायाधिवक्ताको भूमिका कस्तो रहनुपर्छ र महान्यायाधिवक्ता भएका व्यक्तिहरूको आचरण कस्तो हुनुपर्छ ?*

–मुलुकमा व्यवस्थित कानुनको परिपालन गर्ने-गराउने र राज्य र जनतालाई न्याय दिलाउने कार्यको जिम्मेवारी बोकेको महान्यायाधिवक्ताको स्थान राज्यव्यवस्थामा महत्त्वपूर्ण रहेको हुन्छ । नेपाल अधिराज्यको संविधान २०४७ को भाग १६ मा महान्यायाधिवक्ताको व्यवस्था भएको थियो र धारा ११० मा काम, कर्तव्य र अधिार तोकिएको थियो । महान्यायाधिवक्ताले

संविधान र कानुनको मर्मअनुरूप आचरणमा रही कार्य गरिदिएमा राज्य र जनता दुवै पक्षले न्याय पाउन सक्ने हुन्छन् र मुलुकमा असल शासन सञ्चालन भएको या हुन सक्ने सबै क्षेत्रले अनुभूत या महसुस गर्न सक्ने हुन्छन् । तर त्यस बेला महान्यायाधिवक्ताले त्यसअनुसारको आचरणमा रहेको या न्यायक्षेत्र प्रभावकारी बनाउन कुनै ठोस भूमिका निर्वाह गरेको देखिएन । उल्टै सरकारलाई कमजोर पार्नका लागि राज्यले आतङ्ककारी घोषित गरी कानुनद्वारा दोषी ठहराएर सजाय भोगेका व्यक्तिहरूलाई माफी दिन सिफारिस गर्ने, सरकार वादी भई चलाउने मुद्दाहरू चल्न नसक्ने भनी मुद्दा या केसलाई फिर्ता लिने, सरकारी मुद्दा कमजोर र निस्तेज पार्ने एवं दलीय आस्थामा झुकाव राखी प्रचलित कानुनको अवहेलना गर्ने आदिजस्ता कार्य गरेर कानुनी राज्यको उपहास गरेको देखियो । यति मात्र होइन, महान्यायाधिवक्ताको पद छाडेको भोलिपल्टदेखि सरकारले भ्रष्टाचारी भनी सावित गरेको अपराधीका पक्षमा बहस-पैरवी नै गर्दथे । अर्थात् अघिल्लो दिनसम्म सरकारी पक्षको वकालत गर्ने व्यक्ति पद छुटेको भोलिपल्टदेखि सरकारको विरोधमा खडा भएर पेसागत नैतिकतालाई लत्याउन पछि हट्तैनथे । यसरी न्यायक्षेत्रको उपल्लो तहमा पुगेका व्यक्तिहरूले नै नीति-विचलन गरेपछि तल्लो तहमा कार्यरत व्यक्तिहरू बिग्रिए भन्नु पनि व्यर्थ हो । त्यसैले न्यायक्षेत्रलाई सुधार गर्न कडाभन्दा कडा आचारसंहिताको निर्माण गर्नुपर्ने देखिन्छ । अहिले पनि महान्यायाधिवक्ताको भूमिका सन्तोषजनक देखिँदैन ।

० *हालको संविधानले तोकेको भूमिका महान्यायाधिवक्ताले इमानदारीपूर्वक पूरा गरेको र महान्यायाधिवक्ताको आचरण निर्मल रहेको,* दुवै तपाईंले *पाउनुभएन र ?*

– अहँ, मलाई त्यस्तो लाग्दैन, मैले पाइनँ । महान्यायाधिवक्ता त अहिले राजनीतिक दलका कार्यकर्ता जस्ता देखिन थालेका छन् । महान्यायाधिवक्ताको कार्यालय राजनीतिको प्रभावमा परिसकेको छ ।

## संविधान

० *२०७२ सालको संविधानप्रति तपाईंको सङ्क्षिप्त प्रतिक्रिया के हुन सक्छ ?*

– अहिलेको संविधानले मुलुक र जनताको सर्वतोमुखी हित गर्छ भन्ने कुरामा मेरो पटक्कै विश्वास छैन । अहिलेको व्यवस्था जनताको इच्छाअनुसार आएको होइन, विदेशीको चाहनाअनुसार जबर्जस्ती ल्याइएको हो भन्ने कुरामा म विश्वास गर्छु ।

*० संवैधानिक बहसमा पनि तपाईंको सहभागिता देखिन्छ । के संविधानविद् भनिएकाहरू संविधानको मर्म बुझ्दैनन् भन्ने ठान्नुहुन्छ ? अथवा आफ्नो स्वार्थअनुकूल हुने गरी संविधानको अपव्याख्या गर्छन् भन्ने सोच्नुहुन्छ तपाईं ?*

–नबुझ्ने होइनन्, राजनीतिकर्मी र कानुनका विद्यार्थीले संविधानको मर्म बुझेका छैनन् भनेर म भन्न सक्तिनँ । उनीहरूले यथेष्ट बुझेका छन् । परिस्थिति आफ्नो अनुकूल भएको बुझेर व्याख्या गरी सबैलाई बुझाउँछन् र प्रतिकूल अवस्थामा त्यही धाराको अपव्याख्या गरेर जनतालाई भ्रमित पारिदिन्छन् । २०५९ साल असोज १८ गतेको घटनालाई लिऊँ । प्रधानमन्त्रीको हैसियतले शेरबहादुर देउवाले संविधानको धारा १२७ प्रयोग गर्न राजालाई सिफारिस चढाए । सोही दिनदेखि त्यो १२७ धारा क्रियाशील भयो । त्यो १२७ धाराअन्तर्गत नयाँ मन्त्रिपरिषद् गठन हुन थाल्यो । त्यसपछि शेरबहादुर देउवा सोही धाराका विरुद्ध सडक-सङ्घर्षमा उत्रिए । धुमधाम विरोध-कार्यक्रम सञ्चालन भयो । मुलुकको प्रधानमन्त्री पदमा लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापा हुँदै समयचक्रले पुनः २०६१ साल जेठ २० गते सोही धारा १२७ अन्तर्गत शेरबहादुर देउवा प्रधानमन्त्री बने । अब त्यो धारा १२७ गिरिजाप्रसाद कोइरालाका लागि प्रतिगमन सावित भयो । त्यस्तै, संविधानको धारा ३५ को कार्यकारिणी अधिकारको पनि समूहगत रूपमा अपव्याख्या गरियो । यो बहुदलकालको कुरा हो । अहिले पनि संविधानको व्यवस्थालाई आफ्नो स्वार्थअनुकूल व्याख्या गर्ने गरिरहेकै छन् । सङ्क्षेपमा भन्नुपर्दा राजनीतिकर्मीहरूको त कुरै छोडौं, विज्ञहरूले पनि संविधानको व्याख्या गर्दा समयको मागअनुसार गर्ने गरेका छन् ।

*० तपाईंले उठाएका संवैधानिक र कानुनी प्रसङ्गहरूले अप्रिय स्थिति पनि ल्याएका छन् । विवादकै लागि त्यस्ता प्रसङ्गहरू उठाउनुभएको हो कि ?*

–ठीक भन्नुभयो । पार्टी खेमामा मेरा अदालती क्रियाकलापहरूलाई ठीक किसिमबाट हेरिएन, यद्यपि मैले मुलुक, राज्यव्यवस्था र जनताको हितका लागि सार्वजनिक सरोकारका धेरै प्रश्नहरूलाई कानुनको कसीमा रगड्ने कोसिस गरेँ । जनहितका कुरामा राजनीतिक पार्टीमा लामो समयदेखि संलग्न भएका व्यक्तिहरूलाई त्यति चासो हुँदो रहेनछ, जति सामूहिक र व्यक्तिगत स्वार्थपूर्तिमा उनीहरूको लगन रहन्छ । त्यसमा पनि मैले उठाएका अनेक कानुनी प्रश्नमा सांसद-पेन्सन र निर्वाचन क्षेत्र विकास कोषका कारणले त सबै पार्टी नेता तथा कार्यकर्ताहरू मसँग रुष्ट नै भए । मैले गरेका कार्यहरू कुनै विवाद उठाउन नभई मुलुक, राज्यव्यवस्था र जनताको

हितका लागि गरेका कार्यहरू हुन् । ती कार्यहरूप्रति कसैले जस या अपजस जेसुकै दिए पनि म स्वीकार गर्न तयार छु ।

*० दोहोरो सुविधा लिइरहेका उच्च ओहदाका पदाधिकारीका विरुद्ध पनि तपाईंले मुद्दा दायर गर्नुभएको थियो नि ?*

–हो । त्यस बेला न्यायाधीशहरू नै दोहोरो सुविधा प्राप्त गरिरहेका थिए । आफूले खाइपाइआएको सुविधाबाट को वञ्चित हुन खोज्छ ! त्यसैले दोहोरो सुविधा खान पाउने किसिमकै निर्णय भयो । मैले उठाएको कानुनी प्रश्नका आधारका सर्वोच्च अदालतबाट रिट जारी भएको भएको भए राज्यकोषमा वार्षिक करोडौँ रुपियाँको बचत हुन्थ्यो र मत्स्यन्यायको अन्त हुन्थ्यो । तर धेरै उच्च पदाधिकारीहरूले पटक्कै लाज नमानेर दोहोरो तलब-भत्ता र सुविधा लिइरहे । राज्यमाथि भएको अन्याय थियो त्यो ।

*० संविधान सभाबाट संविधान जारी भएन भनेर रिट-निवेदन दिने पनि तपाईं नै होइन ?*

–हो नि ! मैले रिट-निवेदन नदिएको भए संविधान सभाले संविधान नै नबनाई फेरि विघटन हुन्थ्यो, फेरि संविधान सभाको चुनाव हुन्थ्यो र मुलुक आर्थिक हिसाबले झन् दरिद्र हुन्थ्यो । मेरै रिट-निवेदनका कारणले गर्दा हाम्रो मुलुकले अहिलेको संविधान पाएको हो । नत्र राजनीतिक दलहरूले त मुलुकलाई अहिलेसम्म पनि बन्धक बनाएर राखिरहेका हुन सक्थे ।

## राजनीति

*० तीसको दशकमा तपाईंले साहित्यको रचना गरी नेपालको राजनीतिक वृत्तमा हलचल ल्याउनुभयो । पञ्चायती नीतिका विरुद्धमा लाग्ने प्रेरणा कहाँबाट प्राप्त भयो ?*

–म पञ्चायती नीतिका विरुद्ध लागेको होइन । त्यस बखतको राजनीतिक वातावरणले मलाई तत्कालीन राजनीतिक व्यवस्थाको विरोधमा कलम चलाउन बाध्य तुल्याएको हो । म खुलेर लागेँ । कलमका माध्यमले विरोध गर्ने रणनीति बनाएर कलम चलाउन थालेँ । अर्थात कलमक्रान्तिको क्रममा मैले साहित्यिक विधालाई पनि प्रयोग गरेर भ्रष्टाचार र विसङ्गतिका विरुद्ध अगाडि बढेँ । बन्दुकको मोहोरीबाट छुटेको गोलीले शरीरको अङ्गभङ्ग गर्छ, कुनै पनि व्यक्तिलाई शारीरिक रूपमा अपाङ्ग बनाएर शारीरिक परिवर्तन नै गराइदिन्छ । तर कलमको दुप्पोबाट कोरिएको शब्दले व्यक्तिको विचार, बोली र कार्यलाई रूपान्तरित गरेर नयाँ बाटोमा हिँडाउन सक्छ । त्यसैले भनिन्छ, कुनै पनि शक्तिशाली हतियारभन्दा सानो कलम बलियो हुन्छ ।

*० तपाईको कलमको वेग र शक्तिलाई तारिफ गर्दै विश्वेश्वरप्रसाद कोइरालाले 'तपाईको क्षेत्रबाट, तपाई उभिएको ठाउँबाट मलाई सघाउ पुऱ्याउन खोज्नुभएको छ' भनेर लेख्नुभएको रहेछ । अरू राजनीतिक व्यक्तिहरू पनि त तपाईको कलमबाट यसरी नै प्रभावित भएको हुनुपर्छ, होइन र ?*

–विश्वेश्वरप्रसाद कोइरालाको त्यो अभिव्यक्ति २०३९ साल कार्तिक १२ गते मेरो नाउँमा लेखेको पत्रमा आएको हो । यसरी कसैले लेखेर, कसैले भनेर र कसैले काम गरेर मैले राजनीतिक आकाशमा छोडेको साहित्यिक रचनाको मूल्याङ्कन गरे । कतिपय भूतपूर्व मन्त्रीहरू र सरकारी पदाधिकारीले कोठा-कोठा र सभा-सम्मेलनमा त्यस विषयलाई बहसमा ल्याएर विषयमा राम्ररी मन्थन गरे । यसरी समाजका विभिन्न क्षेत्रमा यसको पहुँच पुगेकाले नै होला, मुलुकका जिम्मेवार व्यक्तिहरू पनि प्रभावित भएका थिए ।

*० बहुदलको बहाली भएपछि तपाईलाई सर्वमान्य नेता गणेशमान सिंहले रसिद काटी नेपाली काङ्ग्रेसमा प्रवेश गराएको भन्छन्, के यो सत्य हो ? यसरी गणेशमान सिंहले कस-कसलाई नेपाली काङ्ग्रसको सदस्यता दिनुभएको थियो ? अनि किन तपाईले सदस्यता ग्रहण गर्नुभयो ?*

–मुलुकमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि नेपाली काङ्ग्रेस पार्टीलाई विशाल राजनीतिक दल बनाउने उद्देश्य राखेर गणेशमान सिंहले समाजका विभिन्न तप्काका महत्त्वपूर्ण व्यक्तिहरूलाई उहाँकै हातबाट पार्टीको सदस्यता प्रदान गर्ने निर्णय गर्नुभएको रहेछ । त्यसअन्तर्गत परशुनारायण चौधरी तथा उहाँको ग्रुपमा संलग्न व्यक्तिहरू, कुवेर शर्मा तथा उहाँसँग सम्बन्धित व्यक्तिहरू र मसमेत 'स्वतन्त्र विचार मञ्च' मा संलग्न व्यक्तिहरूलाई सदस्यता दिने निर्णय भयो । त्यसै सिलसिलामा मलाई गणेशमान सिंहले २०४७ साल वैशाख २६ गते नेपली काङ्ग्रेसको सदस्यता प्रदान गर्नुभयो । तर त्यसपछि अरू कसैलाई पनि उहाँले आफ्नो हस्ताक्षरमा सदस्यता दिनुभएन । नयाँ सदस्यता लिन चाहनेले आ-आफ्नो जिल्लामा गएर लिनुपर्ने भयो । त्यसैले मैले पाएको सदस्यता ऐतिहासिक बन्न पुग्यो । म त्यो रसिद गणेशमान सिंहको सङ्ग्रहालयमा हस्तान्तरण गर्दैछु । राजनीतिक रूपमा स्वतन्त्र वातावरण नभएसम्म एउटा लेखकले आफ्नो विचार र दृष्टिकोण स्पष्ट राख्न सक्तैन । म लेखक भएको हुँदा म लेखक भएर बाँच्न स्वतन्त्रताको आवश्यकता पर्छ । राजनीतिक स्वतन्त्र वातावरण पूर्ण प्रजातन्त्रमा मात्र सम्भव हुन्छ र त्यस्तो प्रजातन्त्र नेपाली काङ्ग्रेसजस्तो प्रजातान्त्रिक दलले मात्र बहाली गर्न सक्छ भन्ने विश्वास लिएर त्यस बेला म नेपाली काङ्ग्रेसको विचारसँग नजिक भएको हुँ ।

*० 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' पुस्तकले तपाईलाई नेपाली काङ्ग्रेसको व्यक्ति देखाउँछ, तर तपाईले गरेका संवैधानिक व्याख्याहरूले गर्दा तपाईलाई दरबारको निकटस्थ भन्नेहरू पनि छन् । वास्तविक कुरा के हो ?*

–नेपाली काङ्ग्रेसको सदस्यता ग्रहण गरेपछि पार्टीभित्र भएको स्वेच्छाचारिता र अव्यवस्थित दलीय व्यवस्थाले मलाई दिक्दार तुल्यायो । त्यसैको उपज हो 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' । राजनीतिक दलमा किन र केका लागि सम्मिलित भइन्छ भन्ने कुराको यथार्थ ज्ञानको अभावमा समूहमा भाँडभैलो हुन सक्छ भन्ने लागेर नै मैले त्यो पुस्तक लेख्नुपरेको हो । त्यो पुस्तक लेखेपछि म जिल्ला-जिल्लामा गएँ र कार्यकर्ताहरूलाई पार्टीमा कसरी संलग्न हुने र जनताप्रति कसरी जवाफदेही हुने भन्ने बारेमा जानकारी दिँदै तालिम-शिविरको सञ्चालन गरेँ । मैले धेरै व्यक्तिहरूलाई पार्टीमा प्रवेश पनि गराएँ । तर प्रतिफल शून्य भयो । कारण, पार्टीभित्र प्रायजसो क्रियाशील नेता तथा कार्यकर्ता स्वार्थी र अवसरवादी भएको पाएँ । पार्टी सञ्चालन गर्न पैसा चाहिने र पार्टीका नेता तथा कार्यकर्ता हुने व्यक्ति पनि पैसा र शक्तिका लागि मात्र पार्टीमा संलग्न हुने देखिएको हुँदा त्यसभित्र मैले आफूलाई लामो अवधिसम्म अड्याउन सकिनँ । त्यसैले केही टीकाटिप्पणी गरेँ । म पार्टीका मूल नेता गिरिजाप्रसाद कोइरालासमेतले भ्रष्टाचार गरेका काण्डहरूलाई सार्वजनिक गर्न थालेँ । त्यसपछि मलाई कसैकसैले दरबारनिकटस्थ भने । किनभने गिरिजाप्रसाद कोइरालाको विरोधमा उत्रनेबित्तिकै प्रजातन्त्रविरोधी भन्ने केही विद्वान् भनाउँदा उपबुज्रुकहरू पनि यो नपाली समाजमा नभएका होइनन् । त्यसैले मलाई लान्छना लाग्नु अस्वाभाविक थिएन । तर एउटा कुरा स्पष्ट छ – आजभन्दा अघिका क्रियाकलापहरूलाई हेर्ने हो भने नेपालको दरबारभन्दा राजनीतिक क्रियाकलापमा संलग्न व्यक्तिहरूबाट नै प्रजातन्त्र खतरामा परेको देखिन्छ । दरबारको निकटताको कुरा गर्ने हो भने बाहिर जनताका सामु गणतन्त्रको नारा दिएर भित्र राजाको विश्वासपात्र मन्त्री या प्रधानमन्त्री बनेका राजनीतिक दलका नेताहरूका क्रियाकलापलाई हेरौँ, जवाफ त्यही पाइन्छ । वास्तविकता के हो भने वर्तमान नेपालको राजनीतिकमा एकजना पनि सच्चा नेता देखिएनन् । यो नै यस मुलुकका लागि दुर्भाग्य सावित भएको छ ।

*० नेपाल र नेपालजस्ता अल्पविकसित मुलुकहरूका निम्ति कस्तो खालको राजनीतिक प्रणाली उपयुक्त हुन्छ भन्ने लाग्छ ?*

–नेतृत्व तहमा पुग्ने व्यक्ति सच्चा, इमानदार र राष्ट्रवादी नभएसम्म जस्तोसुकै राजनीतिक प्रणाली लागू गरे पनि अफाप हुन पुग्छ । अविकसित एवं अल्पविकसित मुलुकहरूमा राजनीतिक प्रणाली मूर्ख र बहुलाहरूले खेल्ने

जुवारीजस्तो भएको देखिएको छ । उदाहरणका लागि छिमेकी मुलुक भारतको विहार र उत्तर प्रदेशको राजनीतिक उत्तारचढावलाई हामी हेर्न सक्छौं । प्रजातान्त्रिक प्रणालीविना मुलुक र जनताको विकास हुन सक्तैन । राज्यव्यवस्थाका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका पूर्णतः एक-अर्काबाट स्वतन्त्र हुनुपर्छ र संसदीय निर्वाचन पूर्णतया वैज्ञानिक हुनुपर्छ । संसदीय निर्वाचनमा राजनीतिक दलले भाग लिए पनि जिल्ला, नगर र गाउँको भने राजनीतिक दलले भाग लिन नपाउने व्यवस्था भएको प्रजातान्त्रिक प्रणाली लागू गर्नुपर्छ । किनभने गाउँ, नगर र जिल्ला क्षेत्रले विकास खोजेको हुन्छ । राजनीतिक खिचोलाले विकासमा अवरोध पुऱ्याउन सक्छ ।

*० 'रातो घाम' उपन्यासमा तपाईले राजनीति भित्र्याउनुभएको छ । के कम्युनिस्ट राजनीति सर्वत्र अफाप नै हुन्छ ?*

– अफाप भन्नचाहिँ मिल्दैन । यो लामो अवधिसम्म चल्न सक्ने व्यवस्था नै होइन । कारण, अन्ततोगत्वा प्रजातान्त्रिक व्यवस्था मात्र सर्वस्वीकार्य राजनीतिक प्रणाली सावित भएको हामीले देखेका छौँ । जनताका लागि अनुशासन र मुलुकका लागि विकास कम्युनिस्ट राजनीतिले दिन सक्छ भन्ने कुरा हामीले रुस र चीनमा देखेका छौँ । तर एउटा निश्चित समयपछि मुलुक र जनता दुवै बिस्तारै प्रजातान्त्रिक बाटोमा हिँडेका वा हिँड्न लागेको पनि हामीले अनुभव गरेका छौँ ।

*० नेपालको वर्तमानकालीन राजनीतिक सङ्कटको समाधान हुने उपायहरू तपाईले के-के देख्नुभएको छ ?*

– अशिक्षा र गरिबीले सताएको यो मुलुकमा विदेशी भूमिमा सफल वा असफल भएको राजनीतिक सिद्धान्तको भूत सवार गराएका राजनीतिकर्मीहरूकै क्रियाकलापले जन्माएको यो राजनीतिक सङ्कटको समाधान मेलमिलापका साथ गर्नुपर्छ । विद्रोह गर्नेहरूलाई पनि राज्यव्यवस्थामा सहभागी गराउन सकेमा मात्र वर्तमान राजनीतिक सङ्कटको समाधान हुनेछ भन्ने लाग्छ । सबै राजनीतिक दल वा समूहहरू विनासर्त इमानदारीसाथ राष्ट्रिय मूल धारमा समावेश हुन नसकेसम्म यहाँको समस्या समाधान हुन सक्तैन ।

## अर्थ र बैङ्क

*० तपाईको प्रयासले राज्यकोषमा वार्षिक करोडौँ रुपियाँ बचत हुन गएको छ । यस्ता राज्यकोषका चुहावटहरू रोक्न तपाई अरू के-के गर्दै हुनुहुन्छ ?*

–हो, सांसद-पेन्सन र निर्वाचन क्षेत्र विकास कोष मात्र रोकिँदा पनि वार्षिक ३० करोडभन्दा बढी राज्यकोषको रकम बचत हुन गएको छ । यस्ता चुहावटहरू धेरै नै छन् । तिनको पूर्ण विवरण यहाँ दिएर साध्य पनि छैन । निचोडमा भन्नुपर्दा राजनीतिक दलका नेता तथा कार्यकर्ताले मुलुकको सम्पत्ति र राज्यकोषको रकमलाई मनपर्दो ढङ्गबाट लुटिरहेका छन् । त्यसको रोकथाम अत्यन्तै अनिवार्य भइसकेको छ ।

*० मुलुकमा आर्थिक सुधार ल्याउन निजीकरण र आर्थिक उदारीकरणको नीति ल्याउनु ठीक हो ?*

–कुनै पनि नीति आफैँमा बेठीक हुँदैन, तर त्यसको कार्यान्वयन पक्षले त्यसको ठहर गरी त्यसको सफल र असफल पक्षको यकिन गर्छ । निजीकरण र आर्थिक उदारीकरणको नीति ल्याएर राजनीतिक नेताहरूले राष्ट्रिय सम्पत्तिको हिनमिना गर्दै भ्रष्टाचार गर्ने मौका पाए । उदाहरणका लागि राज्यका तर्फबाट सञ्चालन हुँदै आएका कारखाना, कम्पनी र संस्थानहरू निजी क्षेत्रलाई हस्तान्तरण गर्ने प्रक्रियाअन्तर्गत कौडीको भाउमा मोती बेचेझैँ हरिसिद्धि इँटा-टायल कारखाना, भृकुटी कागज कारखाना र बाँसबारी छाला तथा जुत्ता कारखाना बेचेर राजनीतिक पार्टीका नेताहरूले कमिसन कुम्ल्याए । यसै गरी कृषि औजार कारखाना, चिया निगम, जुट मिल र अन्य धेरै कम्पनीहरू व्यापारीलाई पोस्नका लागि बिक्री गरियो । यो नीति केवल राष्ट्रिय सम्पत्ति बेचबिखन गर्न मात्र आएजस्तो भयो । आर्थिक सुधारका लागि यो राम्रो नीति भएर पनि मुलुक, जनता र राज्यकोषलाई यसले नराम्रोसँग नोक्सानी पुऱ्यायो । यसबाट राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले मात्र लाभ उठाए ।

*० आर्थिक उदारीकरणअन्तर्गत विदेशी लगानी भित्रिएन र ?*

–के भित्रियो भनूँ ! कम्पनीको स्थापनाका लागि उदार नीति लिइयो, तर परिणाममा समाजका सदस्यलाई भाँड्ने र कुबाटोमा लगाउने चुरोट कारखाना, रक्सी तथा बियर कारखाना र जुवाघर (क्यासिनो) जस्ता उद्योग-व्यवसायहरू स्थापित भए । नेपाल र नेपालीको उन्नति हुने र आर्थिक अवस्थामा सुधार गर्ने कुनै त्यस्तो ठोस कम्पनी आएको छैन ।

*० व्यापारिक क्षेत्रमा 'ग्रुप अफ इन्डस्ट्रिज' विकसित भएका छन् नि ?*

–छन् । बैङ्कलाई मार्ने नीति लिएर ग्रुफ अफ इन्डस्ट्रिज जन्मिएका छन् । दुगड र गोल्छा अर्गनाइजेसनदेखि चौधरी, खेतान, अमात्य र ज्योति ग्रुप सबैले देखावटी धन्दा सुरु गरेका छन् । भारतीय मूलका मारवाडी समूहका अनगन्ती कम्पनीहरू नाफाखोरी व्यापारमा संलग्न छन् । ठूला-ठूला होटलहरू

सबै बैङ्कको ऋणमा खुलेका छन् । व्यापारीहरू यति चलाख छन् कि कुनै पनि सञ्चालित उद्योग-व्यवसाय सप्रेमा व्यावसायिक व्यक्ति मोटाउने र व्यवसाय बिग्रेमा बैङ्क डुब्ने अवस्था सृजना गरेका छन् । त्यसैले यी नामधारी उद्योगीहरूले नेपालको अर्थव्यवस्था तहसनहस पार्न थालेका छन् ।

*o कस्तो खालको बैङ्क मार्ने नीति भन्न खोज्नुभएको ?*

–एकपछि अर्को कम्पनी खोल्दै जाने र बैङ्कद्वारा ऋण लिँदै जाने, अर्थात् अघिल्लो कम्पनीले तिर्नुपर्ने ब्याजसमेत पछिल्लो कम्पनीले त्यस बैङ्कद्वारा ऋण प्राप्त गरेपछि मात्र तिर्ने । हो, यस्तै नीति लिएर ग्रुप अफ इन्डस्ट्रिज तयार हुँदै गएको देखिएको छ । नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्कको मात्र पचासौँ अरब रुपियाँ यस्ता कम्पनीहरूमा लगानी भएको छ । २०५७ सालमा नेपाल राष्ट्र बैङ्कले केपीएमजीलाई प्रतिवेदन तयार पार्न लगाएको थियो । मैले अघि भनेका दुई बैङ्कको मात्र १३ अरब रुपियाँ खराब ऋण भएको कुरा त्यति बेलाको प्रतिवेदनमा प्रस्तुत भएको थियो । त्यो १३ अरब रुपियाँ खाने कम्पनीहरूका मालिक यहीँ नेपालमा ठूला उद्योगीका रूपमा परिचित छन् । भन्नुहोस्, यो बैङ्क मार्ने नीति नभए के हो त ? पेटभरि खान नपाउने नेपालीको जीवन उत्थान गर्न स्थापना भएका बैङ्कहरू नै खुला रूपमा लुटिएका छन् ।

*o यतिका बैङ्कहरू निजी क्षेत्रमा खुलेका देखिएका छन् । यस दृष्टिले हेर्दा आर्थिक सुधार भएको मान्नुपर्ने होइन र ?*

–सरकारी बैङ्क मारेर निजी बैङ्कहरू खुलेका छन् । कारवाही गर्ने काननको अभाव भएको यो मुलुकमा यस्तै बैङ्कमाफियाहरू फस्टाएका छन् । सरकारी स्वामित्वको बैङ्क मासिने र निजी क्षेत्रको बैङ्क सप्रने कार्य एकातर्फ भइरहेको छ भने अर्कातर्फ जनताको निक्षेप सङ्कलन गरेर खराब कर्जामा लगानी गरी बैङ्कलाई टाट घोषित गर्ने योजना विकास बैङ्कहरूले सुरु गरेका छन् । कलकारखाना, उद्योगधन्दा बढेमा र व्यापार फस्टाएमा मात्र मुलुकको आर्थिक सुधार हुन सक्छ । बैङ्कहरू खुल्नु र त्यस्ता खुलेका बैङ्कहरूमा तरलता बढ्नु भनेको आर्थिक विषमता बढ्ने सङ्केत हो ।

*o मुलुकको आर्थिक अवस्था सुधार गर्नका लागि कस्तो नीति अख्तियार गर्नुपर्छ भन्ने लाग्छ ?*

–मुलुकको अर्थतन्त्र अत्यन्तै बिग्रिएको अवस्थामा छ । मुलुकभरि यसरी आर्थिक आतङ्क फैलिएको छ कि केही समूह र व्यक्तिहरू आवश्यकताभन्दा बढी धन सङ्कलन कार्यमा व्यस्त छन् भने अधिकांश जनसमुदाय अभावग्रस्त हुँदै गएका छन् । यो आर्थिक आतङ्कको तुरुन्त

नियन्त्रण नभएमा मुलुकको सबै पक्ष र क्षेत्र क्षतिग्रस्त हुन पुग्नेछ । वर्तमान युगमा कुनै पनि मुलुकको उन्नति र अवनतिको मेरुदण्ड भनेको आर्थिक क्षेत्र हो । यो क्षेत्रको सुधार नभएसम्म अरू कुनै पनि क्षेत्रले निश्चित गति लिन सक्तैन । त्यसैले मुलुकको अर्थतन्त्रमा सुधार ल्याउनका लागि सर्वप्रथम भ्रष्टाचारमुक्त समाजको स्थापना गर्न कडा कानुनी व्यवस्था हुनुपर्छ । यसै गरी सर्वसाधारण र राज्यलाई आवश्यक सामग्री पूर्ण सरकारी नियन्त्रणमा सञ्चालित उद्योगबाट उत्पादन हुनुपर्छ भने अन्य उद्योग-व्यापार र वैदेशिक व्यापार आर्थिक उदारीकरणको नीतिअन्तर्गत पूर्ण प्रतिस्पर्धात्मक रूपमा सञ्चालन हुने वातावरणको सिर्जना गर्न सक्नुपर्दछ । मुलुकभरि बैङ्क, विकस बैङ्क, क्षेत्रीय बैङ्क, फाइनान्स कम्पनी, सहकारी संस्था र अन्य वित्तीय कम्पनीहरू च्याउ उम्रेसरि खोल्न दिने होइन कि उत्पादनमूलक उद्योगधन्दा र विदेशी वा स्वदेशी व्यापार बढाउन सक्ने कम्पनीहरू खोल्न र खोल्न सक्ने नीति निर्माण गर्न सक्नुपर्छ । अनि मात्र मुलुक र जनताको आर्थिक स्थितिमा बिस्तारै सुधार आउँछ ।

## इतिहास र पुरातत्त्व

*० इतिहास र पुरातत्त्वका सम्बन्धमा तपाईको चाख छ भन्ने कुरा बेला-बेलामा इतिहास र पुरातत्त्वसम्बन्धी प्रकाशित तपाईका लेखहरूबाट पहिल्यै जानकारी भएको कुरा हो । तपाई कुन कालका बारेमा बढी अनुसन्धानमा जुट्नुभएको छ किन ?*

–अभिलेख र प्रमाणका दृष्टिले अनुसन्धान गर्नुपर्दा हामी लिच्छवि कालभन्दा अगाडि बढ्न सक्तैनौं । ऐतिहासिक प्रमाणको दृष्टिकोणले हेर्नुपर्दा उपत्यकाको भक्तपुर जिल्लास्थित चाँगुनारायणमा रहेको मानदेवको शिलालेख नै पहिलो मानिएको छ । त्यो शिलालेखमा लिच्छवि राजा मानदेवका बारेमा कुनै कविले रचना गरेका काव्यात्मक विवरण कुँदिएका छन् । त्यसपछि लिच्छवि कालका राजाहरूले उपत्यकाबाहिर र भित्र भिन्नाभिन्नै किसिमका शिलालेखहरू कुँदेर छोडेका भेट्टाइएका छन् । ती शिलालेखको अध्ययन गर्दा लिच्छविकालीन धेरै कुराहरू प्रकाशमा आउन बाँकी रहेको देखिएको हुँदा म त्यस कालको अनुसन्धानमा जुटेको छु ।

*० के ज्यादै महत्त्वपूर्ण कुराहरू खुल्न बाँकी छन् ? तपाईले अनुसन्धानका क्रममा त्यस्तो के नयाँ कुरा भेट्नुभयो ?*

–नेपालको इतिहासमा गोपालवंशी र किरातवंशी राजाहरूले राज्य गरेको कुरा उल्लेख भए तापनि त्यसको पूर्ण विवरण पाउन र अनुसन्धानमा

जुट्न लिखित दस्तावेजहरूको खाँचो छ । प्राप्त भएका लिच्छविकालीन शिलालेखहरू र अन्य प्रमाणहरूका साथै मानदेवको चाँगुनारायण भएको अभिलेखले प्रमाण जुटाउन सुरु गरे पनि लिच्छविकालीन यथेष्ट विवरण अझसम्म पाइएको छैन । शिवदेव-अंशुवर्मा र अंशुवर्माको प्राप्त अभिलेखले त्यस कालका धेरै कुराहरूको व्याख्या गर्न सकिने अवस्था भए पनि महासामन्त महाराजधिराज कहलिएका अंशुवर्माले बनाएको सुन्दर तथा भव्य कैलाशकुट भवन कहाँ थियो र त्यस बखतको राजधानीको नाउँ के थियो भन्ने कुरा इतिहासविद्हरूले किटानसाथ भन्न सकेका छैनन् । साथै, अंशुवर्मा को थिए, कहाँबाट आए र त्यसपछिको शासन व्यवस्था कसरी हस्तान्तरण भयो भन्ने विवरण आदि पनि मौन रहेको छ । त्यसैले लिच्छविकालीन इतिहास र पुरातत्त्वको अन्वेषण र अनुसन्धान अझै हुनुपर्ने देखिन्छ ।

*० पुरातत्त्व विभागबाट प्रकाशित हुने 'प्राचीन' मा तपाईले लिच्छविकालीन राजा अंशुवर्माको राजधानी नगरको नाउँ 'हंसगृह द्रङ्ग' हो भनेर भन्नुभएको छ । त्यसमा इतिहासविद्हरूबाट कुनै प्रतिक्रिया आएजस्तो लाग्दैन । भक्तपुरस्थित चाँगुनारायणको प्राचीन नाउँ 'दोलाशिखर स्वामी' हो भनेर स्वदेशी तथा विदेशी इतिहासविद्हरूले भनेका छन् । तर तपाईका लेखहरूमा यो तथ्यलाई स्वीकारिएको छैन । 'दोलाशिखर स्वामी' अन्य देवता हुन् भने नेपालको प्राचीन इतिहासमा एउटा ठूलो भूकम्पको धक्का लाग्न सक्छ । यसबारे केही कुरा तपाईंले 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' पुस्तकमा लेख्नुभएको छ । यस विषयमा पाठकलाई विस्तृतमा बताइदिनुहोस् न !*

आजको मितिसम्म 'हंसगृह द्रङ्ग' अंशुवर्माको राजधानी होइन र त्यहाँ कैलाशकुट भवन पनि थिएन भनेर कुनै इतिहासविद् तथा इतिहास-अन्वेषकले प्रतिवाद गरेका छैनन् । महासामन्त अंशुवर्माको राजधानी हालको हाँडीगाउँ अर्थात् 'हंसगृह द्रङ्ग' हो र विश्वप्रसिद्ध कैलाशकुट भवन पनि त्यहीँ थियो भनेर २०५७ सालमा अनुसन्धानप्रधान पत्रिका 'रोलम्ब' र 'प्राचीन' मा मैले लेखेका लेख छापिएका थिए । म कुनै आधिकारिक इतिहासविद् वा कुनै इतिहास-अन्वेषक होइन । म त केवल इतिहासको विद्यार्थीसम्म हुँ । एक विद्यार्थीको हैसियतले अन्वेषण-अनुसन्धानको क्रममा पाइएका तथ्यलाई प्रकाश पार्नु मेरो कर्तव्य हो । लिच्छविकालीन इतिहासको विधिवत अन्वेषण र अनुसन्धान चन्द्र शमशेरको समयमा मात्र सुरु भएको हो । तत्कालीन जङ्गीलाठ भीम शमशेरको नियन्त्रणमा त्यस क्षेत्रको ठूलो भूभाग रहेको र पर्खालले समेत घेरिइसकेको हुँदा अन्वेषकहरूले त्यस क्षेत्रभित्र उत्खनन गर्न सकेनन् । एक इतिहासको विद्यार्थीको हैसियतले म के अनुमान गर्न सक्छु भने

सत्य शमशेर र मन शमशेरलगायतको स्वामित्वमा रहेको त्यो क्षेत्रलाई राम्ररी नियाल्ने हो भने पनि त्यहाँ विश्वप्रसिद्ध कैलाशकुट भवनका अवशेषहरू प्राप्त हुनेछन् । त्यसैले त्यो निर्दिष्ट क्षेत्र उत्खनन हुनुपर्छ । चाँगुनारायणको सन्दर्भमा पनि बिस्तारै प्रमाणहरू जुट्तैछन् । स्वदेशी तथा विदेशी इतिहासविद्हरूले चाँगुनारायणलाई 'दोलाशिखर स्वामी' भनेर किटानका साथ भन्ने गरेका छन् । वास्तवमा चाँगुनारायण वैष्णवदेवता हुन् भने दोलाशिखर स्वामी शैवदेवता हुन सक्छन् । किनभने नरेन्द्रदेवको अभिलेखमा अनन्तलिङ्गेश्वरलाई 'लोकपाल स्वामी' भनिएको छ । त्यस्तै, विष्णुदेवको चाँगुमा रहेको अभिलेखले 'दोलाशिखर' लाई अन्यत्रै इङ्गित गरेको छ । चाँगुमा रहेको अंशुवर्माको वनदुर्गको अर्को अभिलेखले पनि वनदुर्गको सिमाना निर्धारण गर्दा 'दोलाशिखर' लाई अन्यत्रै औँल्याएको छ । त्यसैले पाइएका र भएका प्रमाणका आधारमा अनुसन्धान गर्नुपर्दा चाँगुनारायण 'दोलाशिखर स्वामी' होइनन् भन्ने प्रमाण जुट्न आएको प्रतीत हुन्छ । किटानीका साथ भन्ने बेला आइसकेको छैन । हेरौँ, अनुसन्धानको विषय हो, नतिजा के निस्कन्छ ! तर एउटा कुरा पक्का के हो भने यसबाट लिच्छविकालीन इतिहासको अनुसन्धान अपूरो रहेको छ भन्ने प्रमाणित हुन आएको छ र पुनः अनुसन्धानका लागि बाटो खुलेको छ । यी कुराहरू मैले 'नेपालको इतिहासमा रहेको भ्रम तथा निराकरण' मा उल्लेख गरेर आफ्नो निष्कर्ष पनि दिइसकेको छु ।

*o त्यसो भए लिच्छविकालीन इतिहास विवादित छ ?*

–हो, राम्ररी टुङ्गो लागिसकेको छैन । १४-१५ सय वर्ष पुरानो इतिहासलाई जस्ताको तस्तै भन्न र व्याख्या गर्न त्यति सजिलो हुँदैन । इतिहास र पुरातत्व अनुसन्धानप्रधान विषय हुन् । यसमा ठोकुवा गरी निर्णय दिन कसैले पनि मिल्दैन र हुँदैन । त्यसैले यस्तो अनुसन्धानको क्रम चलिरहन्छ र बिस्तारै निर्णय हुँदै जान्छ ।

## भविष्यको लक्ष्य

*o तपाईको मनमा तपाईको कल्पना बनेर बस्ने नेपालको तस्बिर कस्तो छ ?*

– आफ्नो सभ्यता र संस्कृति भएको र प्राकृतिक वैभवले पूर्ण बनेको यो मुलुकमा जन्मेका प्रत्येक नागरिकले निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्योपचार र निःशुल्क न्याय पाउने व्यवस्था हुन सकोस् । साथै प्रत्येक नागरिकको मानवोचित जीवनयापन गर्न सक्ने स्तर प्राप्त हुन सकोस् । यस्तै सुन्दर, शान्त र विकसित नेपालको भोलिको तस्बिर मेरो छातीभरि फिँजिएको छ ।

*o त्यस्तो नेपालको निर्माण गर्न आफू मर्नुभन्दा पहिले के-के काम गरिसक्न पाए हुन्थ्यो भन्ने लागेको छ ?*

–भ्रष्टाचारविरुद्ध विज्ञानको नियमित अध्ययन-अध्यापन त्रिभुवन विश्वविद्यालयबाट सुरु गराउन सकियो । अब यसलाई अन्य विश्वविद्यालयमा पनि लैजान पाए हुन्थ्यो भन्ने लागेको छ । यो मुलुकजस्तै विश्वका अन्य अल्पविकसित मुलुकहरू पनि भ्रष्टाचारजस्तो महारोगले ग्रस्त भएका हुँदा यसको निदान नभएसम्म ती मुलुकको राजनीतिक र आर्थिक विकास रोकिने भएकाले त्यसको विकास अनिवार्य भइसकेको छ । चाँडोभन्दा चाँडो विश्वका विभिन्न विश्वविद्यालयहरूमा भ्रष्टाचारविरुद्ध पठनपाठन सुरु भई यो रोगका विरुद्ध एउटा सशक्त जमात तयार हुन सकोस् भन्ने लागेको छ ।

●

# अवशिष्ट खण्ड

# ‘ख्वपदेश’ उपन्यासमा विचरण गर्दा
## – डा. कान्ता भट्टराई

राष्ट्रप्रेमी साहित्यकार भरत जङ्गमद्वारा लिखित ‘ख्वपदेश’ उपन्यास जन्मभूमिको प्रेमबाट सुवासित प्रफुल्लित पुष्पका रूपमा रहेको छ ।

स्थले-स्थले मञ्जुलमन्दिराणि पदे-पदे प्राकृतवैभवानि ।
अनन्तवैशिष्ट्यसमन्वितानि मनोहरन्त्यत्र वृशिस्थितानि ॥

(नेपालभूमिमा ठाउँ-ठाउँमा राम्रा मन्दिरहरू र पाइला-पाइलामा प्राकृतिक सम्पदाहरू छन्, जो अनन्त विशेषताले युक्त छन् र दर्शन गर्दा तिनले मनलाई हरण गर्दछन् ।)

नेपाल धर्म-संस्कृतिले सुसम्पन्न राष्ट्र हो । संस्कृति हाम्रो पहिचान हो, गौरव हो । हाम्रो जीवन-पद्धतिलाई सामाजिक परम्परा र विविध चाडपर्वले जीवन्तता प्रदान गरिरहेका छन् । ख्वपदेशको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र परम्परागत मूल्य-मान्यतामा साहित्यकारको निजत्वको भावनाले प्रस्तुत उपन्यासको विशेषता आफ्नै किसिमको र लोभलाग्दो बन्न पुगेको छ ।

आज नेपाली समाज आफ्नो गौरवशाली पहिचानबाट विमुख बन्दै गइरहेको छ, आफ्नो मूल्य-मान्यताबाट टाढा हुँदै गएको छ । हरेक क्षेत्र राजनीतिले दूषित बन्दै गएको छ । हाम्रो धर्म वैज्ञानिक छ, सत्य-तथ्यमा आधारित छ, तर दिनानुदिन विदेशी संस्कृति र विदेशी मूल्य-मान्यतामा आधारित शिक्षाप्रणालीले उर्वर मानसिकतालाई मेसिन बनाइदिएको छ । त्यसैले हाम्रा प्राचीन-अर्वाचीन मठमन्दिर, पाटी-पौवा, जात्रापर्व, संस्कार आदि विलीन हुने अवस्थामा गुज्रिरहेका छन् । उर्वर मानसिकता भएको व्यक्ति ज्ञान र विवेकले कमजोर बन्दै गएको छ । बहुभाषी र बहुजाति भएको सुन्दर राष्ट्र नेपाल आज जाति, भाषा र धर्म, वर्ग आदिका नामले विभाजित हुन लागेको दुःखद अवस्था छ । अनेक जातिमा विभाजित समाज भए तापनि दया, माया, प्रेम र सद्भाव जस्ता मानवीय गुणले ओतप्रोत नेपाली समाज नेवा राज्य, तामसालिङ, थरूहट जस्ता अनन्त जातिमा विभाजनको सङ्घारमा रहेका छन् । नेपालमातालाई अनेक रूपबाट छिन्नभिन्न गरेर कुरूप बनाइँदैछ ।

आफ्नो गौरवशाली इतिहास बोकेको ख्वपदेशका सत्यतथ्य कुरा हरेक नेपालीले बुझ्नैपर्दछ । हाम्रा पुर्खाहरूमा राष्ट्रवाद छताछुल्ल थियो । उनीहरूको

गौरव सर्वत्र सुवासित थियो । आफ्नो राष्ट्रको प्रगतिका निम्ति आफूलाई समर्पित गर्ने उच्च मानसिकता उनीहरूमा थियो । अहिले पनि हाम्रा प्राचीन गौरवशाली सांस्कृतिक, धार्मिक, भौगोलिक र प्राकृतिक धरोहरको अवलोकन गर्न हजारौँ व्यक्तिहरू आइरहेका छन्, तर हाम्रै प्रतिभाशाली सन्ततिहरू विदेशतिर पलायन भइरहेका छन् । हाम्रा पुर्खाहरूको दूरदर्शी दृष्टिकोण र मिहिनेतले निर्माण गरेका चीजबीजहरू खण्डहर बन्दै गइरहेका छन् ।

एतद्देशप्रसूतस्य सकासादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथीव्यां सर्वमानवाः ॥

यसै पावन हिमालयको काखमा जन्मेका, अग्रगामी जीवन बिताएका ज्ञानी व्यक्तिहरूबाट पृथ्वीका सम्पूर्ण मानिसहरूले आफ्ना निम्ति उपयोगी शिक्षा प्राप्त गर्न सक्नुपर्दछ । पूर्वीय ज्ञान-विज्ञानको केन्द्रका रूपमा रहेको नेपालमा ज्ञानार्जन गर्न विदेशबाट प्रबुद्ध व्यक्तिहरू आउँथे, तर आज विडम्बना ! 'कौडीको मूल्यमा बिक्छ भिल्लका देशमा मणि' भनेझैँ आफ्नो गौरवशाली पहिचान गुम्न लागेकोमा साहित्यकार भरत जङ्गमले चिन्ता व्यक्त गरेका छन् । चिल्ला, चौला, बछला, तछला, दिल्ला, गुँला, ञला, कौला, कछला, थिँल्ला, पोहेला, सिल्ला जस्ता शीर्षकमा बाह्र महिनाको नामबाट बाह्र भागमा यस उपन्यासलाई विभाजन गरी विविध महत्वपूर्ण पर्वहरूलाई त्यसैमा समाहित गरिएको छ ।

'होलीपुन्हि' नववर्षको प्रारम्भबाट आफ्नो उपन्यासको श्रीगणेश गर्न पुगेका उपन्यासकार जङ्गमले यस दिनलाई सद्भाव कायम राख्ने र मेलमिलाप बढाउने पावन दिन भनेर यसको मुग्धकण्ठले प्रशंसा गरेका छन् । फागुपर्वमा नगरभरिका बालक, वृद्ध, युवायुवती संलग्न भई आपसी वैरभाव बिर्सिएर आनन्दित भएको देखाई चाडपर्वको महिमालाई उजागर गर्ने काम लेखकबाट भएको छ । पर्व, जात्रा आदिले समाजका हरेक व्यक्तिमा प्रेम र सद्भाव बढाउने भएकाले यस्ता कार्यहरूले निरन्तरता पाउनुपर्दछ । चाडपर्वबाट मानिसले आनन्द लिन सक्नुपर्दछ । तर यस्ता पर्वमा तडकभडकजस्ता विकृति बढेर मौलिकता हराउँदै गएकोमा साहित्यकार जङ्गम चिन्तित बनेका छन् ।

'ख्वपदेश' उपन्यासको विशेषतालाई यसरी देखाउने प्रयास गरिएको छ –

**प्रकृतिवाद :**

साहित्यकार जङ्गमको यस उपन्यासमा प्रकृतिको विशिष्ट चित्रण पाइन्छ । प्रकृतिलाई बिछट्ट प्रेम गर्ने उपन्यासकार जङ्गम ऋतुराज वसन्तको

पृथ्वीमा आगमन हुँदा चराचुरुङ्गीलगायत सम्पूर्ण मानवजातिलाई प्रफुल्लित बनाएको चर्चा गर्दछन् । प्रकृतिको मनमोहक दृश्यको वर्णनमा खप्पिस जङ्गमको प्रकृतिवर्णनको नमुना हो – "स-साना बादलका टुक्राले आकाशलाई छेक्न खोजे पनि चन्द्रमाको मन्द प्रकाशले आकाशगङ्गालाई निर्मलता प्रदान गरेको मैले टड्कारो देख्न सकेकी छु ।"

उपन्यासकार जङ्गमले प्रस्तुत उपन्यासमा प्रकृतिको बाह्य चित्रणका साथै आन्तरिक चित्रण पनि गरेका छन् । प्रकृतिको बाह्य चित्रणका सन्दर्भमा बादल, वर्षा आदिको वर्णन गरेका छन् भने आन्तरिक चित्रण गर्दा प्रेम, दया, करुणा, हर्ष आदिको गहिरो वर्णन गर्न पुग्दछन् ।

उपन्यासकार जङ्गम प्रकृतिको मानवीकरण गर्न पनि पटु छन् । यिनी मानिसको आन्तरिक सुखदु:खात्मक भावअनुसार प्रकृतिलाई मनोरम र भीषण देखाउन सक्षम देखिन्छन् । यसरी 'ख्वपदेश' उपन्यासमा प्रकृतिको विशिष्ट चित्रण पाइन्छ ।

**पौराणिक आख्यान :**

पौराणिक आख्यानको प्रस्तुतिमा उपन्यासकारको लेखनी सजग रहेको छ । हिरण्यकशिपुले नारायणभक्त प्रह्लादलाई मार्न बहिनी होलिकालाई प्रयोग गर्दा ऊ स्वयं जलेकी तर प्रह्लाद जीवितै भएको खुसियालीमा भगवान् विष्णुको स्तुति गर्दै महान् उत्सवका रूपमा होलीपर्व मनाइएको प्रसङ्गलाई पौराणिक आख्यानसँग सम्बन्धित रहेको देखाई 'जसले अर्काको कुभलो गर्दछ, ऊ स्वयं नाश हुन्छ' भन्ने वास्तविक सत्यको पनि उजागर गरिएको छ ।

काशीका भगवान् विश्वनाथलाई नेपालमा रहेको लिङ्गको दर्शन गर्ने इच्छा जागृत भएपछि उनी साधारण मानिसको भेषमा ख्वपदेशको भेलुखेलमा आएछन् । उनी साधारण मानिसभन्दा अग्ला कदका देखिएकाले सबै जात्रुहरूको दृष्टि मनुष्यरूपधारी भगवान् काशी विश्वनाथमाथि परेछ । यो कुरा तान्त्रिकले थाहा पाएपछि उनले तन्त्रविधिद्वारा ती अग्ला कदका व्यक्तिलाई बन्धनमा पारेछन् । काशी विश्वनाथले त्यो बन्धन छुटाउन नसकेपछि शिरको भाग छोडी शरीर मात्र लिएर काशी गएछन् । तान्त्रिकले भगवान् विश्वनाथको शिरलाई ख्वपदेशमा स्थापना गरेमा सुखशान्ति प्राप्त हुने धारणा राख्ता स्वयं विश्वनाथले 'म भैरवनाथका रूपमा रही यहाँका जनतालाई शान्तिसुरक्षा प्रदान गर्छु' भनेछन् ।

यस्ता पौराणिक आख्यानको प्रस्तुतिमा पनि साहित्यकार जङ्गमको लेखनी सक्रिय रहेको छ ।

## नारी पात्रको अहम् भूमिका :

'ख्वपदेश' उपन्यासकी नायिका चकना भाजुलालकी नातिनी र मङ्गलालकी छोरी हो । बाजे निरक्षर भए पनि अत्यन्त व्यावहारिक हुन्छन् । चकनाका बाले प्रवेशिकासम्म पढेपछि व्यावसायिक शिक्षा हासिल गरेर फर्निचर कारखाना सञ्चालन गरेका हुन्छन् । यो परिवार स्वावलम्बी रहेको छ । बाजे भाजुलाल कपडा किनेर नलगाउने, घरबुना कपडा नै लगाउने प्रकृतिका हुन्छन् । पुराना चालचलनलाई बुझ्न सकेमा जीवन सरल र आनन्ददायी हुन्छ भन्ने उच्च धारणा उनको रहेको छ ।

चकनाकी आमा समझदार छन् । पढेकी छैनन्, तर व्यवहारले खारिएकी छन् । छोरी चकना बाहुन शिवजुजुप्रति आकर्षित हुँदा आफूसमानको युवकसँग आकर्षित हुनु प्राकृतिक गुण ठानी आफ्नो उदार हृदयको परिचय दिन्छिन् । चकनादेवी सुवाल अनुशासित र मर्यादित जीवन जिउन चाहने उच्चशिक्षा हासिल गरेकी युवती हो । ऊ आफ्नो जन्मथलो ख्वपलाई असाध्यै माया गर्छे । आफ्नो जन्मथलोमा जातीय विभेदको कानुन बने तापनि लागू हुन नसकेकोमा ऊ दुःखित बन्छे । आफ्नो समाजमा जातअनुसारको काम र कामअनुसारको सामाजिक स्तर कायम भएकाले जातिपाती र छुवाछुतबाट दिक्क भएर 'देवी सुवाल' को साटो 'सिंह' राखेकी हुन्छे । यस्तो विभेदको मूल थलो नै ख्वप भएको धारणा उसको रहेको छ ।

आफ्नो जन्मथलो ख्वपदेशमा मनाइने हरेक जात्रापर्वलाई नजिकबाट नियालेकी चकना यस्ता जात्रा जसले चलाएको भए पनि त्यसले निरन्तरता पाउनुपर्दछ, कुनै अवरोधविना सहज रूपमा चल्न दिनुपर्छ, आर्थिक र सामाजिक भार कसैलाई पनि पर्न दिनु हुँदैन, हजारौँ वर्षदेखि चलिआएका रीतिस्थितिमा अवरोध पुऱ्याउने र परम्परा मास्न खोज्ने व्यक्तिकै सन्ततिले भविष्यमा दुःख झेल्नुपर्दछ, मिचाहा प्रवृत्ति समाजमा बढ्दै जानु भनेको असभ्यता र नीचता प्रदर्शित हुनु हो र असभ्य कार्यले मानिस पनि जङ्गली र स्वार्थीका रूपमा परिणत हुन्छ भन्ने उच्च विचार राख्छे । यसबाट उसमा आफ्नो संस्कृतिप्रति उच्च प्रेम छ भन्ने स्पष्ट हुन्छ ।

'आफ्नो भाषा आफ्नै भेष' भनेझैँ परम्परागत ज्यापूपहिरनलाई असाध्यै मन पराउने चकना त्यस पहिरनमा मात्र आफ्नो जातीय अस्तित्व बाँचेको ठान्छे । चकनाले लोग्नेमान्छेको हाकुतप्ली र स्वास्नीमान्छेको हाकुपटासीलाई ख्वपदेशको मौलिक पहिचानका रूपमा लिएकी छे । ऊ यो प्राकृतिक पहिचान मास्नु हुन्न र भविष्यमा मासिँदैन भन्नेमा विश्वस्त छे । यसरी परम्परागत वेशभूषालाई प्रयोग गर्न जोड दिने नारीका रूपमा चकना रहेकी छे ।

ख्वप नेवारसमुदायको बसोवास भएको थलो भए तापनि त्यसभित्र रहेका दर्जनौं जातीय धर्म-संस्कृतिका आधारमा विभाजित भएर आफूलाई 'ज्यापुनी' भनिएकाले उसलाई हीनताबोध हुन पुग्दछ । श्रेष्ठ, प्रधान र प्रधानाङ्गलाई 'बाज्या' भनेर मान्य शब्द उच्चारण गर्नुपर्दा उसलाई नमीठो अनुभूति हुन्छ । राजनीतिले सबै क्षेत्रलाई दूषित बनाएको छ । राजनीतिकर्मीले नै ज्यापूलाई अवमूल्यन गरेर 'किसान' बनाई स्वपहिचानबाट विमुख गराएकोमा नायिका चकना आक्रोशित बन्न पुगेकी छे । किसानी पेसा हो, जात होइन । कपटपूर्ण व्यवहारले ज्यापूजाति किसानजातिमा परिवर्तित हुन बाध्य भएको हो । जातीय विभाजनबाट व्यवसाय विभाजित हुन्छ । व्यवसायबाट आहारविहार र रहनसहनमा भिन्नता आउँछ । रहनसहनको भिन्नताले संस्कृतिमा नै ठूलो प्रहार हुन्छ । जातीय विभेदका कारणले उन्नति-प्रगतिमा बाधा सिर्जना भई सबैले दुःख पाउँछन् भन्ने उच्च धारणा चकनाको रहेको छ ।

चकना आधुनिक नारी भए पनि परम्परागत रीतिस्थिति जान्ने ज्यापुनी हो । सच्चा ज्यापुनीले मात्र समाजमा नारीप्रधानता कायम राख्न सक्छे । नेतृत्व-विकासका निम्ति निःसर्त सेवा र कर्तव्यप्रति जागरूकता चाहिन्छ । यी गुण नारीमा चाँडो विकसित हुन्छ । कर्तव्यनिष्ठ नारीले नै परिवार र समाजमा नायकत्व हासिल गर्न सक्छन् । नारी नै शक्तिकी प्रतीक हो भन्ने उच्च विचार उसको छ । मातापितालाई हृदयदेखि नै सम्मान गर्ने, बूढाबूढीको रेखदेख गर्ने, उनीहरूको भावनाको कदर गर्ने, स्वावलम्बी, भोजका परिकारहरू बनाउने कुशल नारी हो चकना ।

चकनाले एघार वर्षको उमेरदेखि नै सहपाठी शिवजुजुलाई मन पराएकी हुन्छे । निश्छल, निष्कपट र निर्मल माया दिएकी चकनालाई वासनात्मक प्रेम दिएर शिवजुजुले उसको जीवन बर्बाद गरिदिएको हुन्छ । शिवजुजुबाट गर्भाधान गरिएकी चकना बच्चालाई यस धर्तीमा ल्याउन चाहन्छे, तर शिवजुजु बाहुन भएकाले ज्यापुनी चकनालाई पत्नीका रूपमा स्वीकार्न तयार नभएकाले उसका अभिभावक गर्भपतन गराउन बाध्य हुन्छन् । नारीअस्मितामाथि खेलवाड हुँदा पनि चकना शिवजुजुप्रति कुनै द्वेषभाव राख्तिन । शिवजुजुले आफूलाई अपनाउन नसक्नुको मूल कारण नै पुरातन विचार र उच्च वर्गमा भएको अहम् भावना हो भन्ने उसको ठहर रहेको छ ।

चकना स्पष्टवादी नारी हो । आफ्नो अदूरदर्शिताका कारणबाट नै शिवजुजुको वासनात्मक प्रेममा फस्ता उसलाई अपराधबोध पनि हुन्छ । इतिहास र संस्कृतिको अध्ययनमा शिवजुजुले सहयोग गर्नुका साथै पढाइ

छोड्न लाग्दा उसैको आग्रहबाट इतिहासमा स्नातकोत्तर गरेकी हुन्छे । यसरी विद्यावारिधि गरेर ज्यापूजातिमै प्रथम महिला हुने प्रेरणा पनि चकनाले शिवजुजुबाट प्राप्त गरेकी हुन्छे । जातिपातीका हिसाबले शिवजुजुका परिवार कट्टर हुन्छन् । आफ्नै परिवारको घेराभित्र बसेर जीवन चलाउनुपर्दछ, त्यसैले सानो जाति र वर्गसँग सम्बन्ध स्थापित गर्नु हुँदैन भन्ने मान्यता शिवजुजुको परिवारको रहेको छ ।

चकनाले शिवजुजुलाई आफ्नो पहिलो प्रेम ठानेकी छे । सँगै स्नातक गरेका शिवजुजुलाई तन-मन अर्पण गरेकी चकनाले खुला रूपमा उसकी दोस्री पत्नीका रूपमा बस्न पनि आफू तयार भएको कुरा गर्दा समाजका सामु पत्नीको सम्मान पनि नदिने र चकना अर्काकी भएको पनि हेर्न नचाहने शिवजुजुको मनशाय बुझ्नेपछि आफ्नो जीवनयात्रामा बाधक नबन्न आग्रह गर्दछे ।

चकना बुद्धिमती नारी हो । आफूलाई तल्लो जातिकी छोरी भनेर विवाह नगरे पनि शिवजुजुप्रति उसको नकारात्मक विचार छैन । ऊ प्रतिष्ठित कुलको सदस्य भएकाले पितापुर्खादेखि गरिँदै आएका कार्यको जिम्मा लिएर पछिका पिँढीलाई सुम्पिनुपर्दछ । यस्तो कार्य गर्दा नै सुखशान्ति प्राप्त हुने र आनन्दमय जीवन बिताउन सकिने बताउँदै उसलाई पुर्ख्यौली कामलाई निरन्तरता दिन हौसला पनि प्रदान गर्दछे ।

शिवजुजुले आत्मनिर्णयको बाटो चकनालाई खोलिदिए पनि ऊ शिवजुजुलाई बिर्सन सक्तिन । ऊ शिवजुजुलाई उत्साह र उमङ्गको बीज, शान्ति र आनन्दको प्रतीक र विश्वसनीयताको धरोहर ठान्दछे । तर आफ्नो विश्वासमा कुठाराघात भएकाले ऊ पीडित पनि बन्दछे । यसरी स्वच्छ र शाश्वत प्रेममा घृणा, भरोसामा धोका र विश्वासमा आँच पाएपछि अब शिवजुजुलाई कहिल्यै पनि नभेट्ने प्रण पनि गर्दछे । शिवजुजु चाहँदैन चकना अर्काकी भएको हेर्न । यसरी प्रण गरे पनि उसको अन्तिम वचन नलिई अर्कालाई वचन दिन सक्तिन । शिवजुजु लाचारी व्यक्त गर्दै चकनासँग माफी माग्दछ – “बिर्सने कोसिस गर । म पनि त्यसै गर्छु ।”

यस्तै अर्को मित्र महेशप्रसाद जोशी ख्वपमा नै बसोवास गर्ने उच्च वर्गको छ । ऊ पनि ख्वपदेशका साना जाति र वर्गसँग देखिने किसिमको कुनै सम्बन्ध स्थापित गर्दैन र गर्नु हुँदैन भन्ने मान्यतामा बाँचेको छ । महेश पनि काँतर मनोबल भएको हुतिहारा पुरुषका रूपमा रहेको छ । यो पात्र पनि चकनाको जीवनसँग खेलवाड गर्न चाहन्छ, तर चकना संयमित रूपमा प्रस्तुत हुँदै महेशलाई साथीको व्यवहार गर्न आग्रह गर्दछे । समझदार चकना

आफूप्रति दुर्व्यवहार गर्ने महेशप्रति पनि नकारात्मक धारणा राख्तिन । यस्तो कार्यलाई ऊ समयकै दोष मान्छे ।

यसरी प्रतिष्ठित वर्गका व्यक्ति शिवजुजु र महेश दुवैले पुरुषत्वको घमण्ड गरे पनि उनीहरूले यस कुरालाई दीर्घकालीन बनाउन सक्तैनन् । नारीलाई मनोरञ्जनको साधन मात्र बनाउने लाछीपन उनीहरूमा रहेको छ । मानिस सबै एक जात हो, प्रेम जीवनको पवित्र बन्धन हो, यस्तै प्रेमबाट सुख, शान्ति र आनन्द प्राप्त हुन्छ भनेर आदर्शको कुरा गर्ने तर व्यवहारमा नउतार्ने ठूलो कमजोरी यी पात्रमा रहेको छ ।

मनस्यनत् वचस्यनत् कर्मण्यनत् दुरात्मनाम् ।

मन, वचन र कर्ममा एकरूपता हुनुपर्ने विचार चकनाको छ । चकनाकी आमा पनि उच्च शिक्षा हासिल गरेकी छोरीले आफूसुहाउँदो केटो रोज्न नसकेकोमा चिन्तित बनेकी हुन्छिन् । यस्तै आफ्नो अन्तर्व्यथा कसैले बुझ्न नसकेकोमा चकना स्वयं व्यवस्थित बन्दछे । ऊ आफ्नै जाति र समुदायको व्यक्तिसँग वैवाहिक सम्बन्ध गाँस्न चाहन्छे । उसलाई उच्च जातिका मित्रहरूसँग बिस्तारै घृणा जाग्न थाल्दछ । पढाइ र अध्ययनको स्तरमा विचार मिल्ने केटो आफ्नो जातिमा पाइने कुरामा ऊ आफैँ सशङ्कित बन्दछे । त्यस्तै आफ्नो विवादित चरित्रलाई स्वीकार कसैले गर्दछ भन्नेमा पनि ऊ चिन्तित हुन्छे । आफ्नै जातिमा कम्तीमा प्रवेशिका वा त्यसभन्दा माथिको आफूभन्दा दुई-तीन वर्ष जेठो युवकको चाहना उसको रहेको छ ।

एकै जाति, एकै धर्म, एकै संस्कृति र एउटै मान्यतासँग वैवाहिक सम्बन्ध गाँस्ता जीवन सुखमय बन्ने विचार चकनाको छ । अलग परम्परा र अलग संस्कृतिमा वैवाहिक सम्बन्ध कायम गर्दा जीवन दुर्घटित बन्न गएको ऊ स्वयंले देखेकी छे र भोगेकी छे ।

ययोरात्मसमं वित्तं जन्मैश्वर्याकृतिर्भव ।
तयोर्विवाहो मैत्री च नोत्तमाधमयोः क्वचित् ॥

'श्रीमद्भागवत' मा भगवान् श्रीकृष्ण धर्मपत्नी रुक्मिणीलाई भन्नुहुन्छ – "जसको धन, कुल, ऐश्वर्य, सौन्दर्य र आय आफ्नोसमान हुन्छ, उसैसँग विवाह र मित्रताको सम्बन्ध गाँस्नुपर्दछ । जो आफूभन्दा श्रेष्ठ या अधम हुन्छ, त्यस्तोसँग सम्बन्ध जोड्नु हुँदैन ।"

पतिपत्नीको एकाकार रूप नै पूर्ण जीवन भएकाले दुवैको स्तर एकसमान हुनु जरुरी छ । असमान तत्त्वको मिलन हुँदा त्यो मिलन द्वन्द्वमा परिणत भई जीवन दुर्घटित बन्न पुगेको चकनाले देखेकी छे ।

तिमिला चकनाकी फुपू हो । उसको पहिले कायस्थ र पछि प्रधान जातिमा प्रेमविवाह हुँदा लामो समयसम्म वैवाहिक जीवन टिक्न सक्तैन । परिवारले आफ्नै जातमा विवाह गरिदिएपछि मात्र उसको सुखी जीवनको सुरुवात हुन पुग्दछ ।

यसरी स्वजातिमा नै वैवाहिक सम्बन्ध कायम गर्दा जीवनरथ सुगम तरिकाले चल्ने कुरा प्रस्तुत उपन्यासमा देखाइएको छ । त्यस्तै चकनालाई अर्की नारी पात्र तरिमा पनि आफ्नै जाति र समुदायको केटो रोज्न आग्रह गर्छे । पढेलेखेको केटोले नारीको मनोभावना नबुझेर नोकरजस्तो व्यवहार गर्ने हुनाले आफूले उनीहरूबाट सेवा लिनका लागि र आनन्दमय स्वस्थ जीवन बिताउन अनपढ केटो खोज्ने सल्लाह दिन्छे ।

चकना ठान्छे – एउटी नारीको एउटै पति हुनुपर्दछ । त्यही पतिसँग नै विलय भइदिन सक्नुपर्दछ । अनि मात्र नारीले दैवी शक्ति प्राप्त गर्न सक्छे । जसरी राधा र कृष्ण भिन्न होइनन् । राधा नै कृष्ण हुन् । कृष्ण नै राधा हुन् । नारी र पुरुष एक-अर्काका पूरक हुन् । एक मात्र पनि कमजोर भए अपूर्ण र अधुरो बनिन्छ । एकाकारमा नै शक्तिवान् भइन्छ । भगवान् शिव स्वयं शक्तिको महत्ता बखान गर्दै भन्नुहुन्छ –

शक्तिंविना महेशानि सदाऽहं शवरूपकः ।
शक्तियुक्तो यदादेवी शिवोऽहं सर्वकामदः ॥

(हे देवी पार्वती ! शक्तिविना त म शवतुल्य हुन्छु । जब म शक्तिले युक्त हुन्छु, परोपकारी कार्य गर्न सक्षम बन्दछु ।)

भुइचालाई चकनाका परिवारले मन पराएका हुन्छन् । ऊ करिब तीस वर्षको, गोरो शरीरको र हृष्टपुष्ट भए पनि रहनसहन र अध्ययनको स्तर चकनाको भन्दा धेरै भिन्न छ, तर ऊ ज्यापूजातिको भएकाले ऊसँग विवाहको स्वीकृति दिन्छे । भुइचासँग वैवाहिक सम्बन्ध कायम गर्दा उसकी बहिनीको विवाह चकनाको भाइसँग हुन सक्ने र यस्तो विवाहबाट दुवै परिवारको इज्जत, सम्मान र मित्रता बढेर हामी एक हौँ भन्ने सद्भाव वृद्धि भई शक्तिवान् भइने कुराको जानकारी उसलाई आमाले गराएकी हुन्छिन् । रहनसहन र अध्ययनको स्तर फरक भए पनि समाज र परिवारको चाहना र बाध्यतालाई चकनाले बुझेकी हुन्छे । आधुनिक नाराले मात्र ज्यापूसमुदायमा परिवर्तन ल्याउन सकिँदैन, विचारमा परिवर्तन ल्याउनुपर्दछ भन्ने उच्च विचार चकनाको छ ।

परिवारका अग्रजलाई आदर गर्ने र स्वावलम्बी प्रवृत्तिको भएकाले चकनाले भुइचालाई मन पराएकी हुन्छे । त्यसै गरी भुइले आफूलाई अनपढ

भनी वास्तविक कुरा बताएकाले उसको बुद्धिमानीपूर्ण स्वच्छ छविबाट चकना प्रभावित बन्न पुग्दछे । उसलाई पढ्नु र पर्नु एकैजस्तो अनुभूति हुन्छ । पढेका मान्छे मूर्ख हुन सक्छन् तर परेका मान्छे पढेका मान्छेभन्दा बुद्धिमान् हुन सक्छन् । कोही किताबी ज्ञानमा कुशल, कोही व्यावहारिक ज्ञानमा । त्यसैले जीवनयापनका लागि पढ्नु र नपढ्नु त्यति महत्वपूर्ण होइन । जो स्पष्ट छ त्यो राम्रो हुन्छ, जो अस्पष्ट छ त्यो कपटी र नराम्रो हुन्छ भन्ने स्वच्छ विचार चकनाको छ ।

जीवनलाई नयाँ ढङ्गले प्रस्तुत गरेर आफ्नै स्वजातीय व्यवहारमा रमाउन चाहने चकना स्वजातिमै वैवाहिक सम्बन्ध गाँस्ता कल्याणकारी हुने ठान्छे । युवा अवस्थामा लिएको काँचो निर्णयले असफल नतिजा आफूले भोगेकी र अन्य साथीहरूको जीवन बर्बाद भएको देखेकीले अनपढ भए पनि स्वजातिकै भुइचासँगै विवाह गर्ने निर्णय ऊ गर्दछे ।

भुइचा सबैको प्रिय, मर्दापर्दा उसको उपस्थिति अनिवार्य हुनैपर्ने भएकाले ऊ टोलको नायकका रूपमा रहेको छ । उसलाई धेरै युवतीले चाहे पनि उसले चकनालाई नै चाहेको छ । भुइको प्रभावकारी व्यक्तित्व र सहयोगी भावनाले उसलाई जीवनसाथी बनाउँदा भविष्य सुखमय हुने कुरा चकनाले बुझेकी छे । सबैबाट भुइचाको प्रशंसा सुन्दा सोचेभन्दा बढी प्राप्त भएको चकनालाई लाग्दछ ।

चकनाको बाजेको जङ्कोमा भुइले ठूलो सहयोग पुऱ्याएको हुन्छ । उसले नै बाजेलाई चन्द्रदर्शन गराउन बोकेर लान्छ । पूर्णचन्द्रको स्वच्छ वातावरणमा आनन्दले डुबिरहेकी चकना अकस्मात् भुइचाको आगमनले हर्षित बन्दछे । दुवै एक-अर्काको अँगालोमा बाँधिन्छन् । चन्द्रमा र चाँदनी, चखेवा र चखेवीझैँ एक-अर्कालाई माया गर्ने र पवित्र प्रेमलाई स्वीकार गर्ने कार्यमा आबद्ध हुन्छन् । दुवैको सुमधुर मिलन हुन्छ ।

**जात्रापर्व र मठमन्दिरहरूको चिनारी :**

विविध जात्रापर्व र मठमन्दिरहरूको सूक्ष्म रूपले चिनारी गराउनु 'ख्वपदेश' उपन्यासको विशेषता हो । उपत्यकाको प्राचीन नगरी ख्वपमा हजारौँ वर्ष पुराना घर, चोक, डबली, मन्दिर, पोखरी, ढुङ्गेधारा, सत्तल, बगैँचा आदि रहेका छन् । नेपालको सांस्कृतिक सम्पदाको केन्द्रीय नगरी ख्वपदेशको विशेषता नै धारा र पोखरी हो । नःपुखु, च्यामासिंपुखु, नागपुखु, भिन्धोपुखु आदि यहाँका ठूला पोखरी हुन् । त्यस्तै कमलविनायकपोखरी र सिद्धपोखरीको पनि विशेष महत्त्व रहेको छ ।

बिस्केटजात्रा, भैरवनाथको रथयात्रा, भद्रकालीको रथयात्रा, खःमय व्याकेजु जात्रा, गाईजात्रा र लिङ्गोजात्राको सूक्ष्म वर्णन यहाँ गरिएको छ । काशीका भगवान् विश्वनाथ नै भैरवका रूपमा रही नगरमा शान्ति, सुरक्षा र आनन्द प्रदान गर्न यहाँ आउनुभएको खुसियालीमा भेलुखेल रथयात्राको प्रचलन भएको ऐतिहासिक सत्यतथ्यको उद्घाटन साहित्यकार जङ्गमबाट भएको छ । राष्ट्रमा आध्यात्मिक ज्योति फैलाउन यस्ता जात्राको महत्त्वपूर्ण भूमिका रहेको छ ।

कलाप्रेमी मल्लकालीन राजा भूपतीन्द्र मल्लले निर्माण गरेको रथमा कुनै फलामका नटबोल्टहरू नराखी विभिन्न जातका काठहरूकै प्रयोग गरेर स्वदेशी वस्तुको प्रयोगमा जोड दिएकाले यिनी कति राष्ट्रवादी व्यक्ति रहेछन् भन्ने स्पष्ट हुन्छ ।

आदिनाथ महाविहार, नारायण मन्दिर, वाकुपति नारायण, नवदुर्गा, महालक्ष्मी मन्दिर, दत्तात्रय मन्दिर, शैवमठ, भीमसेनमठ, चारधाम भनेर चिनिने रामेश्वरम्, बद्रीनारायण, कृष्णमन्दिर, केदारेश्वर मन्दिरको सूक्ष्म चिनारी गराउने काम उपन्यासकारबाट भएको छ । उनान्सय चोकको नामबाट चिनिने वसन्तपुर दरबार, अठार हात भएकी त्रिपुरासुन्दरी भगवती र माता तलेजू भवानीको विस्तृत वर्णन लेखकले गरेका छन् ।

ख्वपदेशका विभिन्न मन्दिरका कलात्मक झ्याल, ढोका, दलिन र मयुरझ्याल विश्वविख्यात छन् । यहाँका प्राचीन सम्पदाको महत्त्व र आकर्षण दिनानुदिन बढ्दो छ । मल्लिकार्जुन र अन्य शिवालय अतिक्रमणको चपेटामा परेको, फोहोरले पुरिन लागेको र मासिँदै गएको छ । पूर्वजका कीर्ति र धरोहरहरू नासिँदै गई लगानी र परिश्रम खेर गएकोमा उपन्यासकार जङ्गम चिन्तित बनेका छन् । यस्ता दुर्लभ मठमन्दिरमा नेपालीहरूको मौलिक पहिचान पाइन्छ । अहिलेको मिचाहा प्रवृत्ति, जो असभ्यताको द्योतक हो, बढ्दै गएमा पूर्वजको परिश्रम समाप्त भई इतिहास मेटिन्छ, यस्तो कार्य तीव्र गतिमा रोकिनुपर्दछ र सबैमा सजगताको भावना आउनुपर्दछ भनेर लेखकले जोड दिएका छन् ।

ख्वपदेश यन्त्राकारमा निर्माण भएकाले यहाँका देवालयहरू तान्त्रिक विधिअनुसार बनेका छन् । भौतिक सुरक्षाका लागि किल्लाका रूपमा प्रवेशद्वारको व्यवस्था भएको छ । तान्त्रिक विधिअनुसार निर्माण गर्दा जनता सुरक्षित हुने जनविश्वास छ । मल्लकालीन राष्ट्राध्यक्षको बुद्धिमत्तापूर्ण र दूरदर्शितापूर्ण कार्यले नै ख्वपनगर सुरक्षित, सुसंस्कृत, सभ्य र स्वर्गीय वैभवयुक्त भएकोमा उपन्यासकार जङ्गम हर्षित बन्न पुगेका छन् ।

देवालयमा कामवासनाका चित्रहरू प्रस्तुत गर्दा मन्दिरमा चट्याङ जस्तो दैवी प्रकोप छलिने हुँदा मन्दिर सुरक्षित हुने विश्वास जनमानसमा पाइन्छ । त्रिपुरासुन्दरीलाई केन्द्र बनाएर नगरका आठै कोणमा ब्रह्मायणी, माहेश्वरी, कुमारी, वैष्णवी, वाराही, इन्द्रायणी, महादेवी, महालक्ष्मी जस्ता अष्टमातृकाले सुरक्षा गरेकाले ख्वपदेश नगरमा दुःख, आपत्ती, दैवी प्रकोप नहुने जानकारी उपन्यासकारबाट भएको छ । त्यस्तै अष्टशक्ति भैरव, असिताङ्ग भैरव, कपाली भैरव, भीषण भैरव र संहार भैरवले ख्वपनगरलाई व्यवस्थित बनाएका छन् ।

**नेपाली संस्कृतिको पहिचान :**

नेपाली संस्कृतिको पहिचान गराउनु यस उपन्यासको विशेषता हो । संस्कृति राष्ट्रको प्राण हो । हाम्रो संस्कृति जीवन्त छ । वैदिक सनातनधर्म अत्यन्त उदार र परिष्कृत छ । हाम्रो वाङ्मय अथाह छ । हाम्रो प्रवृत्ति समन्वयवादी र सहिष्णु छ ।

ख्वपदेशमा जन्मी-हुर्की गरेका साहित्यकार जङ्गम त्यहाँको मौलिक संस्कृतिमा चुर्लुम्म डुबेर त्यसको महत्तालाई उजागर गर्न खप्पिस देखिन्छन् ।

नेवारी संस्कृति 'इही' (बेलविवाह) र 'गुफा' (सूर्यदर्शनकर्म) जस्ता कर्मले नारीका निम्ति सूर्यजस्तै पुरुष हुनुपर्ने र उसले सधैँ संरक्षण र सुरक्षा प्रदान गर्न सक्नुपर्दछ भन्ने मान्यतालाई यस संस्कृतिले देखाएको छ ।

'लसकुस' ले घर नारीको हो, घरकी मालिक्नी पनि नारी हो भनेर दुलहीलाई घरको साँचो सुम्पेर घरका निम्ति नारीको आवश्यकता टड्कारो रूपमा देखाई 'न गृहं गृहमित्याहु गृहिणी गृहमुच्यते' भन्ने मान्यतालाई देखाएको छ ।

'म्हपूजा' मा शरीर स्वयं देवता हो, शरीरभित्र आत्मा छ र आत्मा नै जीव हो, आत्माको पूजा नै शरीरपूजा हो, शरीरको पूजाबाट आत्मा र परमात्माको मिलन हुन्छ भनेर म्हपूजाको महत्वव दर्शाइएको छ ।

'जङ्को' जीवनको उत्तरार्द्धमा गरिने ठूलो उत्सव मानिन्छ । जङ्को जसको गरिन्छ, ऊ अत्यन्त भाग्यमानी ठानिन्छ । ७७, ८४, ९२, ९९ वर्षमा जङ्को गरिने प्रचलन यहाँ छ । यसलाई भीमरथारोहण र चन्द्रदर्शन समारोह पनि भनिन्छ । कल्याण र चिरायुका निम्ति नवग्रहको पूजा गरी यज्ञको प्रसादले जङ्को गरिएका व्यक्तिलाई रथमा राखी सम्पूर्ण परिवारका सदस्यले रथ तानेर यात्रा गराइन्छ ।

'योमह्रीपुन्ही' लाई धान्यपूर्णिमा पनि भनिन्छ । धानको भकारीमा पूजा गर्ने दिन अर्थात् धानको रासलाई धान्याचलका रूपमा अन्नदेवता सम्झी उत्सव मनाउँदै धानको पूजा गर्ने दिनका रूपमा यस पर्वलाई लिइन्छ ।

ख्वपदेशका यस्ता अनेकौँ वैभवयुक्त मौलिक संस्कृतिको पहिचान गराउनु लेखकको संस्कृतिप्रतिको उच्च प्रेम हो । ख्वपदेशको मौलिक परम्परा र गौरवशाली विशेषतालाई नयाँ पुस्तासम्म छर्न साहित्यकार जङ्गम अहिले पनि सक्रिय रूपमा लागि नै रहेका छन् ।

## नारीलाई पूर्ण स्वतन्त्रता :

ख्वपदेशमा विवाह गर्दा आफ्नो जात र समुदायभित्र अभिभावकको निर्णय र नारी-पुरुषको आफ्नै चाहनाअनुसार पनि अनुबन्धित हुने चलन छ । त्यस्तै नारीले भविष्यको निर्णय गर्न पाउने अधिकार सुरक्षित रहेको छ । पूर्ण नारीस्वतन्त्रता यस समाजमा छ । विवाहिता नारीले लोग्नेसँग बस्न मन लागेन भने अर्को लोग्ने खोजेर वर्तमानको लोग्नेलाई छोड्न सक्छे । यस्तो कार्य गर्न अभिभावकको सुझाव र कुनै लिखत-प्रमाण चाहिँदैन । त्यसैले यो समाजमा नारीस्वतन्त्रता सुरक्षित रहेको छ ।

बेलविवाह बाल्यावस्थामा नै हुने भएकाले लोग्नेको मृत्युपश्चात् नारीले विधवा बस्नुपर्ने चलन छैन, तर स्वेच्छाअनुसार ऊ वैधव्य जीवन बिताउन पनि सक्छे या अर्को केटो रोजेर विवाह गर्ने छुट पनि उसलाई हुन्छ । वैधव्य जीवन बिताउनेको इज्जत, मर्यादा र सम्मान समाजमा कायम हुन्छ, तर नबस्नेको पनि समाजमा त्यति घृणा हुँदैन ।

केटी रोज्नेभन्दा केटो रोज्ने प्रवृत्तिले प्राथमिकता पाएको यस समाजमा छोरी बुद्धिमती र नेतृत्व गर्ने क्षमताकी हुनुपर्ने धारणा रहेको छ । नारीको अग्रणी भूमिका भएकाले घरपरिवारमा नारीकै नायकत्व पाइन्छ । टोलको गुठीपूजामा, नवदुर्गा, तलेजू, द्योछेंहरूमा महिला नै 'नकीँ' हुने चलन भएकाले मातृप्रधान, शक्तिप्रधान मानिएको छ । नारी पृथ्वीस्वरूपा भएकीले सहनशीलताजस्ता उच्च मानवीय गुण नारीमा मात्र हुने धारणा यहाँ पाइन्छ ।

## समाजविकासमा ज्यापूसमुदायको ठूलो भूमिका :

ख्वपदेशमा ज्यापूकै बाहुल्य भए पनि अन्य जातिहरू पनि रहेका छन् । घरेलु उद्योग, खेतीपाती र कलाकौशलमा निपूणता यस समाजमा पाइन्छ । आफूलाई चाहिने आवश्यक सामग्री, कपडा, खाद्यान्न र घरायसी वस्तु आफैँ तयार गर्ने स्वावलम्बी प्रवृत्ति रहेको छ । पुरानो रीतिस्थिति र संस्कृतिलाई नै

वर्तमानमा पनि निरन्तरता यस समाजले प्रदान गरेको छ । नारी र पुरुष दुवै लगनशील, परिश्रमी र विविध सीपले युक्त छन् । हरेक काम सरल र व्यवस्थित किसिमले सम्पन्न गर्ने जिम्मेवार समुदाय भएकै कुरा 'ज्यापू' भएको अनुमान नायिका चकनाले गरेकी छे । पृथ्वीलाई पवित्रता प्रदान गर्ने वर्ग ज्यापू भएकाले उनीहरूलाई सम्मान गर्नुपर्ने धारणा चकनाको रहेको छ ।

आज राजनीतिले सबै क्षेत्रलाई दूषित बनाएको छ । राजनीतिकर्मीले नै सीमित स्वार्थका निम्ति 'ज्यापू' लाई अवमूल्यन गरेर 'किसान' बनाई वास्तविक स्वरूपको पहिचानबाट विमुख बनाएकोमा चकना आक्रोशित पनि भएकी छे । तानमा कपडा बनाउने, अरूको भर नपर्ने, आफ्नो आवश्यकता आफैँ पूरा गर्ने स्वाभिमानी जाति ज्यापू हो । त्यसैले समाजविकासमा ज्यापूसमुदायको ठूलो भूमिका छ ।

**आञ्चलिकता :**

जङ्गम स्थानीयताको दिग्दर्शन गर्ने साहित्यकार हुन् । प्रस्तुत उपन्यासमा मुख्यतः ख्वपदेशको स्थानीय रङ्ग र आञ्चलिकता मुखरित भएको छ । यस उपन्यासका माध्यमबाट जङ्गमले ख्वपदेशको रहनसहन, चालचलन, बोलीचाली, सामाजिक संस्कार, जीवनचेतना, कलाकौशल, जात्रापर्व, मठमन्दिर आदिको जीवन्त र सूक्ष्म रूपले चित्रण गरेका छन् । प्रस्तुत उपन्यास ज्यापूजीवनको सक्कली छवि हो ।

**साङ्गीतिकता :**

सुमधुर गीतको प्रयोगले 'ख्वपदेश' उपन्यासको गरिमा अरू बढेको छ । सरस र सरल भाषाशैलीमा लेखिएको प्रस्तुत उपन्यासमा कर्णप्रिय र हृदयस्पर्शी गीतले मधुरता थपेको छ –

योमह्री चाकु, उकी दुन्हे हाकु । व्युसा ल्यासे मव्युसा बूढीसुढी ।

(मन परेको रोटी गुलियो छ । त्यसभित्र कालो छ । रोटी दिने मान्छे तरुनी हुन्, नदिनेचाहिँ बूढी हुन् ।)

व्यङ्ग्यका माध्यमले फकाउँदै रोटी माग्ने संस्कृतिलाई पनि पस्कने कार्य साहित्यकार जङ्गमबाट भएको छ ।

**जीवनदर्शन :**

दुर्लभो मानुषो देहो जन्तुनां क्षणभङ्गुरः ।
तत्रापि दुर्लभंमन्ये वैकुण्ठप्रियदर्शनम् ॥

प्राणी मात्रमा सबैभन्दा दुर्लभ जन्म पाएपछि यसको सदुपयोग कसरी गर्ने भन्ने चिन्ता नै आजको मानिसका लागि अति महत्त्वपूर्ण छ । मानिसले जीवनको लक्ष्य थाहा पाएकै छैन । कुहिरोको काग बनेका छन् आजका मान्छे । यो छोटो जीवन जसरी चल्छ, चल्न दिनुपर्छ । धेरै ताप र अनावश्यक आकाङ्क्षारूपी मृगतृष्णाका पछाडि दगुरेर जीवन बर्बाद गर्नु हुँदैन । 'सत्यसाईचरितम्' महाकाव्यमा महाकवि भन्दछन् –

परिजन-तलना-भूयान सम्पद्विलासाः ।
सुखकरसदनादिप्रीतिभूतिप्रकाशाः ॥
भुवि पथि मृगतृष्णाः पूर्तिमायान्ति नैव ।
निरतिशयसुखेच्छा वस्तुतस्त्वन्तहीना ॥

(सेवक, पत्नी, जग्गाजमिन, सवारीसाधन र सम्पत्तिका रमझमहरू अनि सुखदायी महल आदि प्रेम र ऐश्वर्यका प्रकाशहरू संसारको यात्रामा मृगतृष्णासरह हुन्छन्, कदापि पूरा हुँदैनन् । वास्तवमा अतिशय सुखको चाहना अन्तहीन हुन्छ ।)

सबै कुराले परिपूर्ण कोही हुँदैन । पूर्ण त ईश्वर मात्र छ । मानिस भौतिक वस्तुले परिपूर्ण भए तापनि उसलाई कताकता अभावको महसुस भइ नै रहेको हुन्छ ।

पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

'सबैमा एउटा न एउटा कमजोरी अवश्य हुन्छ, जीवन यस्तै हो, स्वीकार्नुपर्छ' जस्तो उच्च दर्शन 'ख्वपदेश' उपन्यासमा पाइन्छ ।

**ऐतिहासिकता :**

ख्वपदेशको ऐतिहासिकतालाई सुबोध किसिमबाट देखाउनु साहित्यकार जङ्गमको विशेषता हो । मल्लकालीन राजाहरूले ख्वपदेशमा गरेका समाजसुधारका कार्यहरूबाट उनीहरूमा सेवामूलक भावना र प्रजाप्रेम उत्कृष्ट रूपमा रहेको स्पष्ट हुन्छ । पश्चिमी सिद्धान्तको सूत्र आउनुभन्दा धेरै अगाडि ख्वपदेशमा कानुनी राज्यको स्थापना भएको कुरा समाजसुधारक राजा स्थिति मल्लले तत्कालीन समयमा लागू गरेको लिखित नियमबाट स्पष्ट हुन्छ । त्यसैले यो समाज सभ्य र सुसंस्कृत भएको दृष्टिकोण लेखकको रहेको छ ।

संसारका केही साना-ठूला मुलुकमा लिखित विधान नभएको समयमा पनि यस नगरले ६०० वर्षअघि नै लिखित विधान पाउनु र जातअनुसारको

काम र कामअनुसारको सम्मान दिनु गरी समाजलाई व्यवस्थित गरेर विधिको शासन लागू गरेकाले तत्कालीन शासकको नेतृत्व गर्ने क्षमताको प्रशंसा साहित्यकार जङ्गमले गरेका छन् ।

पश्चिमी मुलुकहरूमा ५० वर्षअघि मात्र मानव-अधिकारको संरक्षण भएको थियो, तर वैदिक सभ्यताको मूल थलो नेपालमा 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया, सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग्भवेत्' जस्तो उच्च भावना छताछुल्ल थियो । सभ्यता र मानव-अधिकारका दृष्टिले पश्चिमी मुलुकभन्दा आफ्नो जन्मथलो ख्वपदेश अगाडि रहेकोमा साहित्यकार जङ्गम गर्वित बन्न पुग्दछन् ।

सहकारी व्यवस्था (गुठी व्यवस्था) विश्वका अन्य मुलुकमा चल्नुभन्दा धेरै वर्ष अर्थात् १००० वर्षअगाडि नै ख्वपदेशमा सञ्चालन भएको हो । त्यस्तै, सहकारी कार्यक्रमको सञ्चालन पनि विश्वबजारमा १०० वर्षअगाडि मात्र भएको पाइन्छ, तर ख्वपदेशमा हजारौँ वर्षपहिले नै प्रारम्भ भएबाट हाम्रा पुर्खाहरूले सेवा र परोपकारी कार्य गरेर मानव-जीवनलाई सार्थक बनाएकोमा लेखक उनीहरूप्रति नतमस्तक भएका छन् ।

मनुज-जनममेतद् दुर्लभं जन्ममध्ये ।
सकलभुवनचक्रे प्राप्तमीशप्रसादात् ॥
अशन-वसनमात्रं कार्यमेतस्य नास्ति ।
परमहितनिमित्तं योज्यतां सत्प्रयासैः ॥

(सबै जन्ममध्ये दुर्लभ मनुष्यजन्म सारा संसारचक्रमा ईश्वरको निगाहबाट प्राप्त भएको छ । खानु र लगाउनु मात्र यसको काम होइन । यसलाई परमकल्याण हुने कार्यमा यत्नपूर्वक लगाउनुपर्दछ ।)

आफू स्वयं निर्माणकार्यमा संलग्न भएर राजा भूपतीन्द्र मल्लले ख्वपदेशको धार्मिक, आर्थिक र सांस्कृतिक विकास गर्नुका साथै वास्तुकला, मूर्तिकला आदिको विकास गरेर ख्वपदेशलाई विश्वको अनुपम नगरीका रूपमा चिनारी गराएकाले साहित्यकार जङ्गम आस्थाका पुष्प समर्पित गर्दछन् ।

यस्तै, भूपतीन्द्र मल्ल अनेक भजनका रचयिता, कवि, सङ्गीतकार, धर्मका मर्मज्ञ, कलाका पारखी भएको कुरा उनैद्वारा निर्मित ङातापोलमा पाँच अङ्कको प्रयोगबाट स्पष्ट हुन्छ । यस मन्दिरमा पाँच गणेशलाई पाँच कुनामा राख्नु, पाँचतले पेटी बनाउनु, ती पेटीमा पाँच जोडीको सुरक्षास्तम्भ राख्नु, पाँच तला छाना बनाएर पाँचतले मन्दिरमा सिद्धिलक्ष्मीका साथ पाँच देवीका मूर्तिहरू वैज्ञानिक ढङ्गले वास्तुशास्त्रअनुसार स्थापना गरी पञ्चतत्वबाट जसरी

शरीर बन्दछ त्यसै गरी यस मन्दिरलाई राजा भूपतीन्द्र मल्लले जीवन्तता प्रदान गरेको ऐतिहासिक सत्यतथ्यको उद्घाटन उपन्यासकार जङ्गमले गरेका छन् । यस्ता महापुरुषहरूको दूरदर्शी कार्यले गर्दा नै ख्वपदेशको कला, साहित्य र संस्कृति संसारमा नै चिरपरिचित बन्न पुगेको छ ।

संगच्छध्वं संवदध्वं सं वो मनांसि जानताम् ।

यो वैदिक सनातन जीवन-पद्धतिको जीवन्त दिग्दर्शन ख्वपदेशमा छताछुल्ल पोखिएको छ । मिलेर काम गर्ने, मिलेर उद्योग गर्ने, मिलेर जीवन चलाउने आधुनिक सहकारी आन्दोलनको नारा यस नगरमा परापूर्वकालदेखि नै चलेको थियो । पश्चिमीहरू जङ्गली रूपमा नै रहेका बेला ख्वपका वासिन्दा सभ्य, विकसित र सुसंस्कृत भएकोमा साहित्यकार जङ्गम गर्वले प्रफुल्लित बन्दछन् ।

**आध्यात्मिक दृष्टिकोण :**

ख्वपदेशका विविध संस्कृति, मठमन्दिर र जात्रापर्वलाई नजिकबाट नियालेका साहित्यकार जङ्गमको मूल उद्देश्य नै भावी पिँढीलाई यहाँका कला, संस्कृति र मठमन्दिर आदिको सूक्ष्म चिनारी गराई आध्यात्मिक सन्देश प्रवाहित गर्नु हो ।

अध्यात्मशिक्षा यदि दीयते चेत्, शिक्षात्मलब्धिश्च भवेत् तदैव ।
नो चेद् वृथा काल-धन-श्रमाणं, व्ययेन निर्जीवन शिक्षणेन ॥

(आध्यात्मिक शिक्षा प्रदान गरे मात्र शिक्षाबाट आत्मलाभ होला । नत्र भने समय, सम्पत्ति र मिहिनेत खर्चेर निष्प्राण शिक्षा दिनुको कुनै अर्थ छैन ।)

नमस्कारः प्रियो भानुः जलधारा प्रियः शिवः ।

कति सुन्दर आध्यात्मिक दृष्टिकोण लेखकको रहेको छ । यसै उपन्यासबाट –

"पूजा भावसँग सम्बन्धित छ । सामग्री त केवल इच्छापूर्तिको कारण मात्र हो । थोरै वा धेरै सामग्रीले देवता बढी वा घटी खुसी हुने होइनन् । असल भावले एउटा लड्डू मात्र चढाए पनि फल त्यति नै मिल्छ जति सयौँ-हजारौँ लड्डू चढाउँदा मिल्छ ।"

भगवान् श्रीकृष्ण स्वयं 'गीता' मा भन्नुहुन्छ –

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतः मश्नामि प्रयतात्मनः ॥

**उपसंहार :**

भाषा, संस्कृति र राष्ट्रियताप्रति हुरुक्क हुने साहित्यकार जङ्गमको लेखनशैली सरल छ, कठिन छैन भन्ने कुरा यस कृतिको अध्ययनबाट प्रस्ट हुन्छ । कलाकृतिहरूको लेखन र वर्णनबाट राष्ट्रियताप्रति प्रगाढ आस्था प्रकट गरिएको छ । शब्दसौन्दर्यप्रति पनि लेखकको सचेतता यत्रतत्र झल्किएको छ ।

साहित्यकार तथा भाषाप्रेमी जङ्गम धन्य छन् । लेखकले भाषा, संस्कृति र नेपाल राष्ट्रप्रति दिएको योगदान अत्यन्त प्रशंसनीय छ । उनको लेखनशैली, सीप, विषयवस्तु र रचनाको उद्देश्य 'ख्वपदेश' उपन्यासको अध्ययनबाट छर्लङ्ग हुन्छ ।

ऐतिहासिक नगरी ख्वपदेशका मौलिक संस्कृति, सभ्यता, कलाकौशल, जात्रापर्व, मठमन्दिर आदिको विस्तृत तथा सूक्ष्म वर्णनबाट पाठकलाई साधारणीकरण गराउन लेखक सक्षम देखिएका छन् । आञ्चलिक उपन्यास भए पनि यस कृतिले लेखकको 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने मातृभूमिप्रतिको प्रेमलाई देखाउन यो कृति कोसेढुङ्गाका रूपमा रहेको छ ।

अस्थिरं जीवितं लोके अस्थिरं धनयौवनम् ।
अस्थिरं पुत्रदाराद्यं धर्मः कीर्तियशः स्थिरम् ॥

(संसारमा प्राणीको जीवन अस्थिर छ । उसका धन र यौवन पनि अस्थिर छन् तथा उसका पत्नी, पुत्र आदि अस्थिर छन् । तर उसको धर्म, कीर्ति र यश चिरस्थायी छन् ।)

कीर्तिर्यस्य स जीवति ।

काव्यको सिर्जनाबाट पाञ्चभौतिक शरीर नाश भए पनि कीर्तिशरीर कहिल्यै मर्दैन । साहित्यसाधना गर्ने व्यक्तिको नाम घर अथवा इष्टमित्रका बीचमा मात्र सीमित नभएर सर्वत्र व्यापक हुन्छ । कविले नचिनेका व्यक्ति धेरै हुन सक्छन्, तर कविलाई नचिन्ने ज्यादै कम हुन्छन् । वाल्मीकि, वेदव्यास, तुलसीदास, कालिदास, वर्डसवर्थ, मिल्टन, भानुभक्त, लेखनाथ, देवकोटा आदि साहित्यकारहरू जुनसुकै ठाउँमा जन्मिएका भए पनि तिनीहरूको नाम विश्वविख्यात छ ।

नेपाली साहित्यमा नवीन विषयवस्तु र नितान्त भिन्न शैलीमा उपन्यासको सिर्जना गरेर 'धर्मः कीर्तियशः स्थिरम्' भन्ने कुरालाई जीवन्त रूप लेखकले दिएका छन् । धार्मिक प्रवृत्तिका जङ्गमका 'कालो सूर्य', 'व्यूहचक्र' र 'रातो घाम' नामक उपन्यासहरू प्रकाशित भइसकेका छन् । नेपाली कला,

संस्कृति र साहित्यलाई विश्वमै चिनाउने सुकार्य साहित्यकार राष्ट्रप्रेमी भरत जङ्गमबाट भएको छ ।

त्यसैले पुण्यभूमि नेपाल कला, संस्कृति र प्राकृतिक सुन्दरतासँगै भरत जङ्गमजस्ता बहुप्रतिभाशाली साहित्यकारको खानी हो भन्नुमा अत्युक्ति नहोला । म साहित्यकार राष्ट्रप्रेमी भरत जङ्गमको भूरि-भूरि प्रशंसा गर्दछु ।

●



डा. कान्ता भट्टराई पूर्वमन्त्री हुनुहुन्छ । उहाँले 'भरत जङ्गमका उपन्यासमा पौरस्त्य नीतिचेतना' विषयमा शोधप्रबन्ध लेखी नेपाल संस्कृत विश्वविद्यालयबाट २०७८ सालमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ ।

# नेपाली इतिहासका भ्रमबारे भरत जङ्गमको पुस्तकभित्र एक जमर्को

## – खेमराज पोखरेल

**१. संयोग :**

एउटा सुसंयोग यस्तो भएको थियो कि अमेरिकास्थित स्रष्टा साँझ अमेरिकाले आयोजना गरेको कार्यक्रममा साहित्यकार हरि अधिकारीले सन्तनेता कृष्णप्रसाद भट्टराईको जीवनीलाई आधार बनाएर लेख्नुभएको ऐतिहासिक उपन्यास 'एक्लो नायक' पुस्तकका बारेमा मैले बोल्ने अवसर पाएको थिएँ । सो कार्यक्रमका अर्का वक्ता नेपाली काङ्ग्रेसका नेता देवेन्द्रलाल नेपालीले सो कार्यक्रममा बोलेको भिडिओ भरत जङ्गमलाई सुनाउनुभएछ र मेरो अहोभाग्य, उहाँले फोन गरेर उहाँको इतिहासपरक पुस्तक पढिदिन अनुरोध गर्नुभयो । त्यस दिनलाई मेरो जीवनकै एक महत्त्वपूर्ण दिन ठानेको छु मैले ।

एक समयमा म राजविराजको म. वि. व. क्याम्पसमा इतिहास मेजर लिएर बीए पढ्थेँ । नेपाली कक्षाका मेरा गुरु गङ्गाप्रसाद उप्रेतीले भरत जङ्गमद्वारा लिखित 'कालो सूर्य' पढ्न लगाउनुभएको थियो । पहिलोपल्ट मैले भरत जङ्गमको नाम एउटा सशक्त लेखकका रूपमा चिनेँ । पछि म आफैँ समयको अन्तरालमा त्रि. वि. का क्याम्पस चहार्दै पद्मकन्या बहुमुखी क्याम्पस बागबजारमा इतिहास प्राध्यापन गर्न आइपुगेँ । त्यो बेला शालीन व्यक्तित्वका धनी सङ्गीतविज्ञ दीपक जङ्गमसँग प्राध्यापकीय चिनजान र मित्रता बढ्यो । त्यही बेला थाहा पाएको थिएँ भरत जङ्गम मेरा मित्र दीपकका दाजु हुनुहुन्छ भनेर । यसो भए तापनि लेखक भरत जङ्गमसँग आजपर्यन्त मेरो भौतिक भेट भएको छैन ।

म उहाँको इतिहासपरक पुस्तक पढ्न आतुर भएँ । उहाँले नै पुस्तकको लिङ्क पठाइदिनुभयो । पुस्तकको नाम 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण (प्राचीन, मध्य र आधुनिक काल)' रहेछ । बनेपाको शब्दयात्रा प्रकाशनले २०७७ सालमा छापेको रहेछ ।

हुन त उहाँले मलाई यो पुस्तक पढिदिन भन्नुभएको थियो । तर पढेपछि खुराकले आकर्षण गऱ्यो, अवर्णनीय आनन्द आयो । केही लेखूँ-लेखूँ

लाग्यो र लेख्न कम्मर कसेको छु । मलाई मन पर्ने मान्छे भएकाले म लेखनीमा बायस भएको पनि हुन सक्छु । क्षमा गरिदिनुहोस् । यो आलेख, समीक्षा वा विवेचना केही पनि होइन, केवल पाठकीय निजी हेराइ मात्र हो ।

## २. लेखक परिचय :

खासमा मैले लेखक भरतमणि जङ्गमको परिचय गराइरहनुपर्दैन । नेपालका हरेक जागरुक मान्छेले उहाँको नाम सुनेकै हुनुपर्छ । काठमाडौँमा जन्मी-हुर्की, बढी-पढी देशको योग्य नागरिक बन्नुभएका भरत जङ्गमको बहुआयामिक व्यक्तित्व छ । उपन्यासकार, पत्रकारिता तथा धेरै पुस्तकका रचयिता मात्र होइन, सामाजिक विसङ्गति तथा भ्रष्टाचारका विरुद्ध आवाज उठाउने अभियन्ता हुनुहुन्छ । उहाँका पुस्तक धेरै भाषामा अनुवाद भएका छन् ।

साहित्यिक वृत्तमा 'कालो सूर्य' को नाम नसुन्ने सायद कोही होला । साइन्स अफ एन्टिकरप्सन सिद्धान्तगत रूपमा नै त्रि. वि. को करिकुलममा राख्न सफल हुनुभएका प्राज्ञ हुनुहुन्छ जङ्गम । उहाँको छवि एक इमानदार, राष्ट्रिय एकता तथा नैतिकतालाई सामाजिक आचारसंहिता बनाएर हिँड्ने प्रखर अभियन्ताका रूपमा छ । यस्ता व्यक्तित्वको कृतिमाथि लेख्नु चुनौती भए पनि सुक्षण र दुर्लभ क्षणचाहिँ हो ।

## ३. कलेवर :

पुस्तकको आवरणको अग्रभागमा एउटा शिलालेख छ । त्यसले नै सङ्केत गर्छ कि यो इतिहासपरक कृति हो । पश्चभागमा लेखकको छोटो परिचय र पुस्तकबाट केही महत्त्वपूर्ण कथनहरूका कटपिस छन् । पुस्तकभित्र सर्वप्रथम निकै वजनदार लेखकीय छ । लेखकीयपछि शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मन्जुश्रीको प्रकाशकीय रहेको छ, जसमा लेखक जङ्गमलाई वैदिक हिन्दू नीतिचेतनालाई विश्वमानव समाजमा पुनर्स्थापना गर्ने तथा नेपालका विविध क्षेत्रका विसङ्गतिलाई सुसङ्गत स्वरूप दिन अग्रसर भएका स्रष्टा ठानिएको छ । यसपछि पुस्तकभित्र समेटिएका आलेखहरूको विषयक्रम छ ।

## ४. प्रयोजन :

पुस्तक लेखनीका आलेखगर्भमा लेखक आफैँले आफ्नो लेखकीय भूमिकामा पुस्तकको प्रयोजन प्रस्ट पार्नुभएको छ । लेखक आफैँ भन्नुहुन्छ : नेपालको इतिहासका बारेमा जान्नुपर्दा लिखित वा अलिखित वंशावली, नेपाल माहात्म्यको विवरण र जनजनमा चलेको श्रुतिका रूपमा बाँचेका तथ्यलाई नै

पूर्व इतिहासका रूपमा स्वीकार गर्नुपर्ने अवस्था आएको छ । उदाहरणका लागि गोपाल राजवंशावलीलाई लिन सकिन्छ । गोपाल राजवंशावलीमा लेखिएका तथ्य र दिएका विवरणलाई अक्षरश: विश्वास गर्ने अवस्था छैन ।

लेखकले यही भनाइबाट आफ्नो लेखनीको प्रयोजन प्रस्ट पार्नुभएको छ । किनभने इतिहास एउटा सत्यतथ्य विगत भएकाले विज्ञान हो र विज्ञानमा नि:सन्देह प्रमाण चाहिन्छ । नेपालको प्राचीन इतिहासका बारेमा जान्ने स्रोत अभिलेख, वंशावली तथा माहात्म्यलाई लिनुपर्ने हुन्छ । समयको गर्तमा ती प्रमाण हराउने भएकाले र प्राचीन तथा मध्यकालीन नेपालको इतिहासका बारेमा अध्ययन गर्ने स्रोत पर्याप्त नभएको र भएका पनि प्रशस्तिका रूपमा रहेकाले तत्कालीन इतिहासको कैरन बताउन निकै गाह्रो काम हो । लगभग बाह्रौं शताब्दीमा लेखिएका वंशावली आदिले नेपालको प्राचीन कालको इतिहास बताइरहेको वर्तमान अवस्थामा इतिहासमा धेरै भ्रम, द्विविधा, अन्योल तथा अपूर्णता छन् । यही भ्रमका बीचमा बसेर इतिहासको सत्यतथ्य पत्ता लगाउनु र भ्रमहरू चिर्नु पुस्तकको अभिध्येय रहेको छ ।

## ५. इतिहास, ऐतिहासिक साहित्य तथा मिथक :

यो पुस्तकभित्र गवेषण गर्नुभन्दा पहिले इतिहास, ऐतिहासिक साहित्य तथा मिथकका बारेमा एकसरो बुझिराख्नु फाइदाजनक हुन्छ ।

इतिहास भनेको विगतको मानवीय जीवनमा घटेका घटनाको सत्यतथ्य अध्ययन हो । विगतका समयको घटनालाई सिलसिलेवार मिलाएर अर्को पुस्तालाई भनिने सत्यतथ्य कथा इतिहास हो । यस्तो इतिहास देशका बारेमा, कुनै खास समयका बारेमा, कुनै व्यक्तिका बारेमा वा खास समुदायका बारेमा पनि हुन सक्ने भयो । इतिहासलेखनको परम्परा युरोपमा जस्तै नेपाली हिस्टोरियोग्राफीमा पनि छ । नेपालको इतिहासलेखनको परम्परालाई मात्र हृदयङ्गम गर्ने हो भने नेपालको इतिहासको ज्ञान श्रुतिपरम्पराबाट अनुप्राणित भएको तथ्य पाइन्छ । श्रुतिपरम्पराबाट लेख्य परम्परामा आउँदा राजा-महाराजाका वंशानुगत अभिलेखीय प्रवृत्तिका आधारमा अघि बढेको पाइन्छ । त्यसपछि थ्यासफूले नेपालको इतिहासलाई जोगाउन निकै बल प्रदान गरेको छ । त्यसपछि ब्रिटिसले लेखेको इतिहासमा सूचना प्रवाह पद्धति अपनाइएको थियो । यसै गरी विवरण दिने, प्रशस्ति लेख्ने प्रवृत्तिबाट वैज्ञानिक अध्ययनका रूपमा अघि बढेको छ । विवरण दिने क्रममा व्याख्यात्मक प्रवृत्ति पनि मौलाएको थियो । तर वर्तमान कालमा इतिहासको व्याख्या वा नवप्रवृत्ति मनोविश्लेषणमुखी भएको छ । सत्यतथ्यभन्दा एक तह अगाडि बढेर घटनाको प्रभावका बारेमा पनि अध्ययन हुन थालेको छ । इतिहासलेखनमा दृष्टिकोण,

अविच्छिन्नता र परिवर्तन, कारण र परिणाम, प्रमाण, सहानुभूति, प्रभाव, महत्त्व आदिलाई ख्याल गरिनुपर्ने दृष्टिकोण छ ।

स्वाभाविक रूपबाट भन्नुपर्दा नेपाल प्राचीन कालदेखि नै सभ्यता तथा ज्ञानको केन्द्र थियो । काठमाडौँ, खस, डोय, जनकपुर, बराहक्षेत्र, आदि प्राचीन तथा मध्यकालीन ज्ञानका खानी स्थान थिए । वर्तमान कालमा इतिहासले वर्तमानलाई आफ्नो भूतकालमा हेर्दछ । आधुनिक युगमा मान्छेका पुर्खाहरू कस्ता-कस्ता सङ्घर्षका दिन बिताएर यो दिन आएको हो भन्ने कुराको व्याख्या इतिहासले गर्दछ । यसो भएकाले इतिहास भनेको बितेका घटनाको सत्यतथ्य बताउने विज्ञान हो । प्रस्तुतिमा कलाको दर्बिलो पनले इतिहास पठनीय बन्छ ।

ऐतिहासिक साहित्य भन्नु इतिहास होइन । ऐतिहासिक साहित्य विशुद्ध कला हो । यद्यपि त्यसको कथावस्तुले इतिहासको विषय बोकेको हुन्छ । तर त्यो आफैँमा इतिहास भने होइन । मिथक भन्नाले समयको प्रारम्भमा घटेका घटनाहरू श्रुतिपरम्परामा त आएका हुन्छन्, जनश्रुतिमा त आएका हुन्छन्, तर तिनीहरूको यथोचित वैज्ञानिक प्रमाण हुन्न, त्यस्ता घटना मिथक हुन् । मिथक पनि पुरापुर इतिहास होइन । यसो भएकाले इतिहास लेखनकार्य निकै गाह्रो हुन्छ । किनकि खास इतिहास अन्तर्राष्ट्रवादी हुन्छ । कुनै पनि खाले आग्रह वा पूर्वाग्रह भएर लेखिने विगतको घटना इतिहास बन्न सक्तैन । इतिहासलेखकले आफ्ना सबैखाले आग्रहलाई तिलाञ्जली दिएर मात्र खास इतिहास लेख्न सक्छन् ।

नेपालको सन्दर्भमा इतिहासको गौरवको अध्ययन गर्ने सवालमा धेरै भ्रमहरू छन् । खासमा राम्रोसँग इतिहास लेख्ने माहोल नै बन्न सकेको छैन । यसका लागि प्रमुख ३ कुरा जिम्मेवार छन् । पहिलो कुरा नेपालको सरकारको आर्थिक हैसियत र चेत प्राचीन तथा मध्यकालीन भ्रमपूर्ण इतिहासको अध्ययन गराउने खालको छैन । अर्कोतर्फ इतिहास विषय आफैँमा वैश्य विषय होइन । यसलाई सरकारी प्रयत्न र भरथेग धेरै चाहिन्छ । अर्को कुरा, नेपालका इतिहासकार भनेका मूलतः विश्वविद्यालयमा पढाउने प्राध्यापक हुन् । तीमध्ये केही छोडेर वेतनजीवी र जागिर खाने मनोविज्ञानबाट गुज्रेका छन् । फेरि राजनीतिको फेरो नसमाई स्व-उन्नति नहुने नेपालको परिवेशमा इतिहासको खास अनुसन्धाता पाउनु पनि गाह्रो विषय बनेको छ ।

माथि उल्लिखित तमाम कारणहरूले गर्दा नेपालको इतिहास राम्रोसँग लेखिएको छैन, लेखिएको पनि पूर्ण छैन । आग्रह वा प्रमाणको अभावका कारणले इतिहासभित्र धेरै-धेरै भ्रमहरू लेखिएका छन् । सत्यतथ्यलाई

उल्टोपाल्टो पारेर लेखिएको छ । यसै कुरालाई हृदयङ्गम गरी लेखक भरतमणि जङ्गमले नेपालको इतिहासमा लेखिएका केही भ्रम तथा उल्टोपाल्टोलाई सुल्ट्याउने प्रयत्नस्वरूप यो कृति लेख्नुभएको छ ।

**६. पुस्तकभित्रका खुराक :**

निःसन्देह पुस्तकले नेपालको लेखिएको इतिहासभित्रका केही भ्रमलाई उजागर पार्ने प्रयत्न गरेको छ । नेपालको इतिहासमा यति धेरै भ्रम तथा द्विविधाहरू छन् कि तिनलाई एकै पुस्तकबाट चिर्न सम्भव छैन । त्यसकारण लेखक भरतमणि जङ्गमले केही खास विषय उठान गरेर भ्रमको नालीबेली केलाउनुभएको छ र नयाँ मान्यता स्थापना गर्न खोज्नुभएको छ । तीमध्ये केही निम्न छन् :

नेवार सम्प्रदायका कुलदेवता भनेर मान्दै आएका भीमसेनलाई जनमानस महाभारतका भीमसेन भनेर ठान्दछन् । पुस्तकहरूमा पनि सोही कुरा उल्लेख भएको पाइन्छ । तर लेखकले नेवार सम्प्रदायका कुलदेवता महाभारतका पाँचपाण्डवमध्येका भीमसेन होइनन् भन्ने कुरा पुष्टि गर्नुभएको छ । दोलखाको भीमेश्वर मूर्तिको प्रसङ्ग उठाएर यसका अनेकौं प्रचलन, पूजा-परम्परा तथा भीमेश्वरको अन्तर्य केलाइएको छ । नेवारी भाषामा 'भिँ' को अर्थ असल वा शुभ र 'द्यो' को अर्थ देवता भएकाले तिब्बतसँगको व्यापारका क्रममा भीमेश्वरको पूजा-अर्चना गर्न थालिएको बताउनुभएको छ । त्यसकारण नेवारको कुलदेवता भीमसेन नभएर भिँद्यो भएको कुरा प्रस्ट पारिएको छ ।

यसै गरी नेपाली अभिलेख व्याख्याताका पुस्तक तथा नेपालको इतिहासमा चाँगुनारायणको पुरानो नाम दोलाशिखर स्वामी भनिँदै आएको छ । तर लेखकले यो आलेखमा चाँगुनारायणको पुरानो नाम दोलाशिखर स्वामी होइन भनी तर्क राख्नुभएको छ । प्रमाणका रूपमा विभिन्न अभिलेखलाई लिइएको छ, प्रचलन तथा परम्परालाई लिइएको छ । स्वामी शब्दलाई शैव परम्पराका आधारमा हेरिएको छ ।

अर्को विषयवस्तु अंशुवर्माको राजधानीका बारेमा रहेको भ्रम पनि छ । यही विषयवस्तुमा कुरा उठाएर अंशुवर्माको राजधानी सहर हंसगृह द्रङ कहाँ थियो ? भनी प्रश्न गरिएको छ, याने राजा अंशुवर्माको राजधानीमा रहेको कैलासकुट भवन कहाँ थियो भन्ने बारेमा अन्योल भएका बखत हाँडीगाउँ क्षेत्रलाई विभिन्न अभिलेख तथा प्रमाणको आधारमा प्रमाणित गरिएको छ । विभिन्न द्रङहरूको चर्चा गरेर हंसगृह द्रङको चर्चा गर्दा बराहजात्रालगायत

अनेकौँ जात्राको चर्चा पनि भएको छ । गोयुद्धको चर्चा प्रमुख रूपमा उजागर गरिएको छ ।

यसै क्रममा लिच्छविकालको प्रसिद्ध मन्दिर अनन्तलिङ्गेश्वर कहाँ थियो भन्ने अन्योल भएका बखत विभिन्न प्रमाणका आधारमा भक्तपुरको गुन्डूमा रहेको तथ्य प्रमाणित गरिएको छ । यसबाहेक इतिहासमा त्यो बेला अत्यन्त चर्चित र लिच्छविकालका अभिलेखमा शक्तिशाली मानिएका लोकपाल स्वामीलाई वैष्णव भनिएको छ । यो कुराका बारेमा पुस्तकमा उनलाई शैव हुन् भन्ने कुरा प्रस्ट पारिएको छ । किनभने अहिलेसम्म पनि अनन्तलिङ्गेश्वर शिवालयका पुजारी वीरशैव मतका जङ्गमहरू हुन् र सो मन्दिर भक्तपुर टौमढी टोलस्थित जङ्गम मठबाट सञ्चालित छ भन्ने प्रमाण पेस गरिएको छ ।

नेपालको धार्मिक इतिहासमा प्रारम्भदेखि नै पशुपतिलाई भारतको केदारनाथको शिर भनेर पुजिँदै आएको छ । इतिहास पनि यसैअनुसार लेखिएको छ । तर पुस्तकमा सयौँ वर्षदेखि पशुपतिनाथ नै केदारनाथको शिर हो भन्ने विश्वास एवं कथनलाई मिथ्या सावित गर्दै डोलेश्वर महादेव नै केदारनाथको शिर भाग हो भन्ने प्रमाणित गरिएको छ । यसै कारणले वि. सं. २०६० सालमा डोलेश्वर महादेव नै केदारनाथको शिर मानिएको र घोषित भएको छ ।

हाल चाँगुनारायण नगरपालिका क्षेत्रमा पर्ने वागेश्वर महादेवलाई लेखकले भरपुर समय खर्चेर नेपालको इतिहासमा परिचय गराउनुभएको छ । यसै सिलसिलामा भक्तपुरमा वि. सं. अनुसारको हरेक नयाँ वर्षमा मनाइने बिस्केट जात्राको बिस्केटको लिङ्गोमा फहराइने ध्वजाको परिचय गराइएको छ । सो ध्वजालाई स्थानीय जनबोलीमा हलिपट भनिन्छ । यो लिङ्गोको माथिल्लो भागमा बाँधेर लप्काउने ४८ तथा अर्को ४५ फिट आकारको एक जोडी ध्वजा हावामा सलबलाउँदा नागनागिनीकै रूपमा हेर्ने र मान्ने चलन चलेको छ, जुन यथार्थमा त्यो हलिपट नागनागिनी होइन भन्नुहुन्छ लेखक । लिङ्गोमा फहराउने यो ध्वजा शिवध्वजा हो भनी प्रमाणित गरिएको छ ।

लेखकको ध्यान भक्तपुरको बोलाछें टोलस्थित तालोदम्फोका बारेमा पनि पुगेको छ । तालोदम्फोको निर्माण विशेष वास्तुशास्त्रअनुसार नगरको स्थायित्वको सन्तुलन मिलाउनका लागि भएको देखिन्छ भन्ने मान्यता लेखको रहेको छ । साथै वर्षामा पानीको मापन गर्ने र आषाढ महिनाभरिमा पनि पानी नपरे वर्षा गराउनका लागि विशेष पूजाको विधि यही स्थानबाट सुरु हुने हुँदा यो स्थानको आध्यात्मिक तथा वैज्ञानिक महत्त्व रहेको कुरा प्रस्ट पारिएको छ ।

भक्तपुर जिल्लाको पूर्व-उत्तर कोणमा रत्नागिरि पर्वत छ, जसलाई वागेश्वरी भनिन्छ । वागेश्वरीलाई सरस्वती मानिएको छ । वागेश्वरीको मध्यभागमा सरस्वतीस्थान छ, जसलाई भक्तपुर नगरका नेवारहरूले 'लासापा सस्वद्यो' भन्छन् । यो वागेश्वरीको परिचय पुस्तकमा गराइएको छ । परिचय गराउने क्रममा काभ्रेपलान्चोक जिल्ला बनेपा नगरको दक्षिणतर्फ रहेको धनेश्वर डाँडामा धनेश्वर महादेवको मन्दिरलाई पनि लिइएको छ । धनेश्वर महादेवको स्थापना, निर्माण, विकास तथा जीर्णोद्धार कहिले, कुन समयमा र कसको पालामा भयो भन्ने इतिहास खोज्दा केही प्राप्त हुन सकेको छैन । चर्चा गर्ने सन्दर्भमा काभ्रे जिल्लाको बनेपा र धुलिखेलको बीच भागमा रहेको नीलकण्ठेश्वर परिसरमा शब्दयात्रा प्रकाशनद्वारा निर्मित शारदा मन्दिरमा रहेको मूर्तिको पनि परिचय गराउनुभएको छ ।

नेपालको धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिकालाई लेखकले मजाले अभिव्यक्त गर्नुभएको छ । लेखककै कुरा उद्धरणमा लिने हो भने नेपालमण्डल क्षेत्र नेवार जातिको बस्तीको बाहुल्य भएको क्षेत्र हो । यस क्षेत्रका आदिवासी नेवारीभाषी नै हुन् । बाहिरबाट जोसुकै जाति वा धर्म-सम्प्रदायका व्यक्ति वा समुदाय प्रवेश गरी बसोवास गरे पनि ती व्यक्ति वा समुदाय पनि नेवारी भाषाका अनुयायी भएको यथार्थ पस्किनुभएको छ । राजा रुद्रदेव मल्लका पालामा बनेको रावल मठ (जङ्गम मठ) लाई राजा विश्व मल्लका पालामा मर्मत र जीर्णोद्धारसमेत गरी शिवप्रीति गरी जग्गासमेत राखेको कुरा अभिलेखमा उल्लेख भएको छ । पछि राजा रणजीत मल्लले समेत जग्गा थप गरेको र पूजाकार्यविधिसमेत लेखिएको व्यहोरा पनि यस शिलालेखमा उल्लेख भएको छ । मध्यकालमा नेपालमण्डलकै राजधानी नगर भक्तपुरमा स्थापित यो जङ्गम मठ नेपालकै मुख्य शैव केन्द्र (मठका रूपमा) बनेको मानिन्छ । तत्कालीन शासकहरू पनि शिवमार्गी भएकाले यो मठको राजकीय विशेष मान्यता र लोकप्रियता बढेको कुरा यो मठमा रहेका हालसम्मका शिलापत्र, स्वर्णपत्र आदि अभिलेखबाट जानिन्छ ।

माथिको यो अभिव्यक्तिबाट नेपालको धार्मिक र सांस्कृतिक विकासमा जङ्गम मठ तथा जातिको भूमिका प्रस्ट हुन्छ ।

यो पुस्तकमा पशुपतिनाथमा भएको पुजारी परिवर्तनको असफल घटनाका बारेमा विहङ्गम दृष्टि पुऱ्याइएको छ । लेखककै शब्दमा श्री पशुपतिनाथको नित्य दर्शनार्थी समूहको म एक सदस्य हुँ । वि. सं. २०४२ सालदेखि अर्थात् करिब २३ वर्षदेखि बिहान ४ बजे पशुपति प्राङ्गणमा पुग्ने र पश्चिमी ढोका खुलेपछि दर्शन गर्ने गरियो । यो कार्य वि. सं. २०६५ सालको पौषसम्म कायम रह्यो ।

यसरी पशुपतिमा पुजारी परिवर्तन गर्न खोजिएको घटनाको चस्मदिद साक्षी भएर सो घटनाका बारेमा प्रस्ट पारिएको छ ।

## ७. कृतिको सुन्दर पक्ष :

कृतिभित्र ज्यादै धेरै सुन्दर पक्षहरूलाई समेटिएको छ । नेपालको इतिहासको अध्ययन गर्ने प्रयोजनका साथमा लेखिएको यो कृतिमा धेरै खजाना छ । खजाना माने ऐतिहासिक ज्ञानको भण्डार छ । पुस्तकभित्र धार्मिक, सांस्कृतिक जनश्रुतिका सामलहरू अटेसमटेस छन् । लेखक आफू नेवारी भाषा तथा सभ्यताका बारेमा पहिलो ज्ञान राख्ने भएकाले कृतिको प्रक्षेपण सुन्दर बनेको छ । कृतिमा शिलालेख, अभिलेख, ताम्रपत्र, सुवर्णपत्र किंवदन्तीका प्रमाणका रूपमा प्रयोग भएका छन् । महाभारत तथा पुराणहरू, भीमसेन स्तोत्र, अभिलेखका ग्रन्थ तथा इतिहासका पुस्तकको पनि सहारा लिइएको छ ।

यो पुस्तकमा नेपालको इतिहासका बारेमा रहेका केही भ्रम चिर्ने प्रयत्न मात्र छैन, इतिहासका निर्मम गर्तमा हराएका विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलहरूको चिनारी पनि छ । पुस्तकभित्र लेखक जङ्गमको सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक मोह मात्र होइन, तिनको व्याख्या-विश्लेषणमा लगाव र दृढता देखिन्छ, कौशल देखिन्छ ।

लेखको अन्यमा सन्दर्भ-सामग्रीसमेत उल्लेख हुनु सत्यताको प्रतीक हो । कुनै विषयवस्तुको चित्रण गर्दै जाँदा इतिहासको पुस्तक तथा प्रमाणको अभाव भयो भने लेखकले विषयलाई विश्वासिलो बनाउन मन्दिरक्षेत्र, मन्दिरको निर्माणकार्य, पूजाव्यवस्था र तिनको परम्परा, पाइएका शिलालेख, हिमवत्‌खण्ड, जग्गाको कुनै लिखत प्रमाण, यसको धार्मिक तथा पौराणिक कथन, लोकबोलीमा बाँचेको कथन र .परम्परादेखि चलिआएको रीतिस्थिति आदिलाई सहारा लिएको देखिन्छ । यसबाट पुष्टि हुन्छ लेखकले आफ्नो कृतिलाई प्रामाणिक बनाउन गरेको प्रयत्न स्तुत्य छ । खासमा यो कृतिको सुन्दर पक्ष भनेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक ज्ञानको भण्डारण हो । मेरा विचारमा यो पुस्तकको सामग्रीले नेपालको इतिहासका केही भ्रमको निराकरण, भक्तपुरका केही अभिलेखको विवेचन तथा नेपालको धार्मिक तथा सांस्कृतिक विकासमा जङ्गम परिवारको भूमिका (इतिहास र अनुभूति) नामका तीनवटा घच्चीका पुस्तक तयार हुने देखिन्छ ।

## ८. सुधाराग्रह :

वास्तवमा कुनै पनि कृति भन्नु त्यो ज्ञानको जेनिथ होइन । कुनै ज्ञान प्रक्षेपण जेनिथ बन्न पनि सक्तैन । यसो भएकाले यो कृतिमा धेरै पक्षमा

सुधाराग्रह गर्न सकिन्छ । धेरै सुधार त पुस्तकको भौतिक पक्षमा रहेको छ । पुस्तकको भौतिक स्वरूप (सेटिङ) मा तालमेल मिलेको छैन । पुस्तकको शीर्षकले पुस्तकभित्रका सबै पाठलाई समेट्न पनि सक्तैन । विषयसूचीमा भएको पेज नम्बर भित्र आलेखमा छैन (पुस्तकमा छ – सं.) । डोलेश्वर महादेव, सरस्वतीस्थान वागेश्वरी, अनन्तलिङ्गेश्वर महादेव, बानेश्वर महादेव, धनेश्वर महादेव जस्ता विषयहरूको व्याख्या दोहोरिएको छ । विषयसूचीको १४ नम्बरमा रहेको सम्बन्धित चित्रावली पुस्तकमा छैन (पुस्तकमा छ – सं.) । एउटा पाठको अन्त्यपछि अर्कै पृष्ठबाट अर्को पाठ सुरु गर्नुपर्ने प्रचलनलाई यो पुस्तकमा अनुसरण गरिएको छैन (पुस्तकमा अनुसरण गरिएको छ – सं.) । सायद यो सेटिङ गर्ने तथा प्रकाशकको नजरअन्दाज पनि हुन सक्छ । (तर पुस्तकमा यस्तो देखिँदैन – सं.) ।

वास्तवमा यो पुस्तकलाई पूर्ण इतिहासको पुस्तक भन्न पनि सकिन्न । कुनै-कुनै पाठ इतिहाससँग सम्बन्धित भए पनि केही पाठमा लेखकका अनुभूति र अनुभव छन्, लेखकका निजी विचार छन् । त्यस्ता प्रसङ्गहरू ऐतिहासिक विषयवस्तु भए पनि इतिहास हुन गाह्रो हुन्छ । पुस्तकभित्र भृकुटीलाई अंशुवर्माकी छोरी भनेर पुरानो व्याख्या लेखिएको छ । तर भृकुटी अंशुवर्माकी छोरी होइनन् भन्ने कुरा प्रमाणित भइसकेको छ । यसरी पुस्तकलाई भौतिक कलेवरमा पनि सुन्दर बनाउन पाएको भए सुनमाथि सुगन्ध थपिने थियो ।

## ९. बिसाउनी :

निर्भीक लेखक भरतमणि जङ्गम मेरा मन पर्ने लेखक हुनुहुन्छ । उहाँको विचारमा प्रस्टता मलाई ज्यादै मन पर्छ । अब रह्यो यो पुस्तकको सारका बारेमा । प्रस्टाप्रस्टी भन्नुपर्दा यो पुस्तकको पूर्ण विवेचन गर्ने गुणग्राहिता ममा नहुन पनि सक्छ । त्यसैले मनको एउटा लहड लेखेको छु । यही क्रममा भन्छु यो पुस्तकको सामग्री कति व्यापक छ भने आम पाठकले छिचोल्न निकै कठिन छ । पाठकका लागि मात्र होइन, मजस्ता इतिहासका विद्यार्थीलाई पनि यो पुस्तक छिमल्न निकै गाह्रो छ । यसका लागि धेरै ठूलो अध्ययन र समर्पण चाहिन्छ । मलाई यस पुस्तकमा उल्लेख भएका असङ्ख्य कुराहरूमध्ये चाँगुनारायणका कुरा, अनन्तलिङ्गेश्वरका कुरा, डोलेश्वर महादेवका कुरा तथा पशुपतिमा पुजारी परिवर्तनका घटना आदि असाध्य मन परेका छन् । पशुपतिको पुजारी परिवर्तनको घटनाले आम पाठकलाई पनि मजाले पठनीय खुराक दिनेछ । लेखक भरत जङ्गमको नेपाली इतिहास लेखनमा निकै ठूलो भूमिका देखाउँछ यो कृतिले । मजाको कुरा त के भने भक्तपुरमा पुस्तौँपुस्ता

बसेका रैथाने जङ्गमको खलक भएका हुनाले उपत्यकाको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक तथा जनश्रुतिका बारेमा लेखकलाई प्रथम तहको ज्ञान छ । त्यसैले उहाँका निजी विचार तथा दृष्टिकोणले पनि नेपालको खास गरी उपत्यकाको सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक मनोविज्ञानमाथि दर्बिलो विचार राख्तछन् ।

अब अन्त्यमा छु । मलाई मन पर्ने व्यक्तिको कृतिमाथि लेख्नु मेरै लागि पनि फलामको च्युरा चपाउनुजस्तै थियो । मुख्य कुरा त मलाई यो कृति पढ्न लायक ठानिदिनुभयो । यत्तिमै म पुलकित भएको छु ।

●



खेमराज पोखरेल हाल अमेरिकाको सानमार्कोसमा हुनुहुन्छ । उहाँ पद्मकन्या क्याम्पसका इतिहास विषय पढाउने प्राध्यापक हुनुहुन्छ ।

# भरत बाबु भरत जङ्गम
## – तेजेश्वरबाबु ग्वङ्ः

जब मनको धोको पुग्छ, तब मान्छे आनन्दित हुन्छ । यसमा प्रत्यक्ष अनुभूति छ मेरो । २०७१ माघे श्रीपञ्चमी सरस्वती दर्शनको अवसर । सरस्वती आराधना १९९७ श्रीपञ्चमी दिन मनैदेखि मनाएँ । त्यो झझल्काले मलाई जीवित बनाएको छ । अनुप्राणित छु । सदाबहार । सरस्वती त नवजीवनको वसन्त रहेछ । नवउन्मेषभरिको बहार बन्दो रहेछ । चेतनको द्वार उघार्ने अवसर पहिलो आरम्भ । भक्तपुरे बैस-बन्धुहरू बेलाबेलामा सरस्वती कुञ्जको बयान गर्थे । म कान थापिरहेको हुन्छु । यसपालि पनि थाप्दै गरेँ कान खुलस्त पारेर ।

सरस्वतीस्थान भक्तपुरको पूर्वी सिमानामा पर्दो रहेछ । पूर्वमा नगरकोट, उत्तरमा वागेश्वरी नगर बस्ती । अहिले सरस्वती स्थान सुँडाल बस्तीमा पर्छ । सुँडालको शिरविन्दुजस्तै रहेको सरस्वतीस्थान अत्यन्त रौनक र रोमाञ्चक छ । रौनक छ किनकि यो पहाडको टुप्पोमा छ । टुप्पो आफैँ रौनक छ किनकि त्यहाँ अजङ्ग काला ढुङ्गाको शृङ्खला छ । रोमाञ्चक छ त्यहाँ चढ्न । उक्लन सहज छैन । असहज र कठिन बन्नु रोमाञ्चक हुँदो रैछ । रोमाञ्चक परिवेश जीवन, यौवन पनि बन्दो रैछ । यौवनभरिको जीवन चाहिँदो रैछ त्यस्ता उत्कर्षपूर्ण अभियान भर्न ।

असीवर्षे तन्नेरीपन भिरेर श्री मञ्जुश्री नगरपालिका शिरस्थान पुगेँ । भरत जङ्गमका ४० उमेरमा अधबैँसे बा. अ. ३४६८ नम्बरको रातो कार बबुरो तेजेश्वरबाबु ग्वङ्ःको आधी उमेर बैँसको । सायद आधबैँसे कार बेकार बने । बबुराले बाबुको बोझ बोक्न असमर्थता जनाए । उक्लँदा-उक्लँदै तातिएछ इन्जिन । तातिएपछि जिन पानी हाल्नुपर्दो रैछ रेडिएटर ठन्डा पार्न । गाडीबाट निस्कनु पनि, ठ्याक्कै एकजना बन्धु मोटरबाइकमा आइपुगे । ‘ए भाइ, ए भाइ’ भन्नासाथ बाइक रोकियो । भाइले अनुरोधको विरोध गरेनन् । लाग्यो उनी संविधान सभासद् थिएनन् । विनाबहस उनले बाइकमा बसाले । ‘भाइ ! म त असीवर्षे तन्नेरी । ल्हासापाः सरस्वती बनाम मञ्जुश्री स्थान पुगेका छौ कि ?’ प्रश्न गरेँ । भाइसाहेब सौम्य रहेछन् । सुस्तरी सुविस्तासाथ ल्हासापा सरस्वती/मञ्जुश्री मन्दिरको फेदी पुऱ्याइदिए ।

सधन्यवाद ओर्ली ल्हासापाः सरस्वती / श्री मञ्जुश्रीतिर लाग्ने सुरले कसैसित जानकारी मागेँ । बयसठ्ठीवर्षे तन्नेरीले असीवर्षे युवकलाई बाटो देखाउँदै सिँढीका पिँढी चढाए । रुक्तै-थाक्तै ल्हासापाः सरस्वतीस्थान पुगे युवक । विहङ्गम दृश्य सुन्दर । हेरिरहूँ लाग्दो । एउटा प्राकृत गुफा सम्हालेर प्रवेश गर्न सकिने । ओडार गुफा । निरन्तर हावाको सुसेली सुन्न पाइने सरर सुकुमार पवन प्रवाह । ओडारे गुफाको मुखैमा श्री मञ्जुश्री मूर्ति स्थापित पाएँ । मनमनै जपेँ - मञ्जुश्री दर्शन आनन्द । मञ्जुश्री चोभार गल्छी छेड्न गरेको तरबार उजागर थियो दायाँ हातमा । मञ्जुश्री त बौद्ध दर्शनका निकै ख्यातिप्राप्त विद्वान् । लाग्यो, मञ्जु-सुमधुर वाणी बोलीवचनका वर्चश्ववान् पुरुष । शालीन वाणीका विधाता । विधाता भन्नु श्री र ऐश्वर्यको खानी । सायद त्यो ओडारे गुफा – गुफे ओडार दिलदार आश्रम बनाइयो मञ्जुश्री धाम ।

जीवन टुङ्गिन्न । मनोरम ऐश्वर्य - मञ्जुश्री । जीवन-दर्शन यति मनोरम लाग्छ । शब्द र वाक्यमा व्याख्या पर्याप्त रहन्न । मनोरमको व्याख्या मनैभरि हुन्छ । त्यसको आख्यान प्रत्येक मनमनका क्षण बन्छ । यसको क्षण सधैँ एक समान रहन्न । मेरो क्षण मेरै क्षणअनुसार सुकुमार बन्छ । तन्नेरिन्छ मध्य वयस्किन्छ, असीवर्षे उटपट्याङ्गिन्छ । यस्तै-यस्तै ।

ल्हासापाः सरस्वती र मञ्जुश्री दुई जीवन-दर्शनका दुई दृष्टि भन्न रुचाएँ । सुन्दासुन्दै दुई दर्शनका व्याख्यान । ल्हासापाः शब्द नेपाल भाषाको हो, ल्हासा - तिब्बत - संदे - सन्देश । सं - लामा-भोटे आदि । पा - पाखो - पर्वत । ल्हासा पर्वत - ल्हासावाः । सुनेँ कि त्यो गुफा राहूका द्वार । द्वार प्रवेश र निष्काशन हुने गरिने मुहान, ल्हासापाः शब्दैले भोट प्रवेश जनाउने । पा - पर्वतसूचक छ । सम्भवतः त्यो हावाको सुसेली आवाज सररर... सुइय... । ल्हासास्थित अरू कुनै ल्हासाका गुफादेखि अन्तरकुन्तर बहँदै यहाँसम्म आउँदा हुन् सायद ! विमर्शयोग्य छ । भौगर्भिक यी सन्दर्भहरू खोजपूर्ण र योग्य छन् नै । नेपाल - तिब्बत र तिब्बत - नेपाल सम्बन्धका सूत्रमध्ये केही गहकिलो आधार ।

स्थानीय सज्जन-हृदयहरू भन्दै थिए तिनै गुफाका अन्तरङ्गबाट तातो पानीको मुहान बग्छ । यत्रो मुस्ले धारो । उ.. त्यो ढुङ्गेधारा हो । एकाबिहानै नुहाउँदा न्यानो लाग्ने त्यो तातो पानी जीवनदायी छ । यो अनवरत बग्छ । हामी सुँडालवासी लाभान्वित मात्र होइन, गौरवान्वित पनि छौँ । प्रकृतिको वरदान अपरम्पार छ । गुफा देख्ता अनेक तरङ्गले तरङ्गित भएँ । गुफाको सिरान त झनै रोमाञ्चक मानेँ । तन्नेरी नातिनातिना पुस्ता उमेरको उमङ्गमा

तरङ्गित भएर उफ्रँदै उक्लिरहेका देख्ता बितेको बैंसका पाना पल्टाएँ । मञ्जुश्रीको मूर्ति दर्शन गर्दागर्दै मन बहलिनु एक प्राप्ति लाग्यो । अनेक थरीका अनेक अत्कण्ठा सुन्दा कहालिँदो मन कहकिँदो पिरोलीले पोतिन पुगिँदो अनुभूति पाएँ । मनमनै गन्न थालेँ कि नेपाल त अँगालोको धनी मुलुक । अहिले अँगालो आफैँ यो अमूर्त भँगालोमा भताभुङ्ग परिरहेझैँ छ ।

मनमनै गुन्न थालेँ । यहाँ पञ्चबुद्धलाई कोही पञ्चपाण्डव ठान्दछन्, मान्दछन् । कसले देखे ? कसले सुने । तर मैले पनि सुनेको मात्र हो ल्हासापा ससद्यो निराकार मूर्ति अर्थात् प्वाल मात्र । तर यतिखेर मञ्जुश्री मूर्तिले खाल छोपिएको छ । भाइ भरत जङ्गमले मलाई त्यही निराकार र साकार मूर्ति दर्शन गराउन आग्रह गरी लगेका हुन् कि ? म यसै भन्न सक्तिनँ ।

सङ्क्रान्तिको उपलक्ष्यमा पञ्चबुद्धका भव्य मूर्तिभित्र बौद्ध, हिन्दू समता भावले प्रगाढ अभ्यर्थना गर्छन् । भावधाराको सङ्लो पानी कति सङ्लो कति चोखो ! आश्चर्यचकित बनेछु । मनको सङ्लो धारणाभन्दा अरू पवित्रता खोजेर पनि पाइन्न कतै । मञ्जुश्री दर्शन आनन्दे भन्न मन पराएँ । मनमनै भनेँ, प्रकृतिको वरदानस्वरूप बनेको त्यो प्राकृतिक गुफा । त्यहाँ प्रवेश र निस्कने स्वतन्त्र आवागमन सबैको शाश्वत अधिकार र हक । प्रकृतिलाई प्राकृत रूपमा अविचलित राख्ने साझा नेपाली कर्तव्य सबै धर्मको पनि सर्वोपरि धर्म धारणा हो । यिनै चेष्टाका धारणा छरेर तत्काल छातीमा हात हालेर आफैँलाई सुमसुम्याएँ । अलिकति यो सुमसुम्याइ अरूलाई अर्पण गर्न चाहेँ ।

त्यो प्राकृत गह्वर-गुफाका मुखैमा मञ्जुश्रीको सिङ्गमरमरे प्रतिमा २०२५ सालमा प्रतिष्ठापन गरिएको रहेछ । स्वप्नदर्शनका अनुभूतिहरू प्रतिष्ठापक परिवारका अभिव्यक्ति सुन्न पाएँ । मनका इच्छाशक्तिलाई व्यक्त गर्ने पारम्परिक अभिव्यक्ति कला यस्तै छन् हाम्रा । चित्त बुझाएँ मैले मेरो देशीय समाज संस्कारको स्वाद चाखेर । मनलाई चित्तले बुझाएँ त्यहाँको निर्मित मन्दिर परिवेश दर्शन गरेर । स्थानीय जनता जनार्दनले सद्भावकहरूको सहमति बटुलेर सरस्वती मन्दिर पनि निर्माण गरिसकेका रहेछन् भरत जङ्गमको अगुवाइमा । संदाशेय पूर्ण यथार्थ बनेको छ यो मञ्जुश्री दर्शन आनन्दे भन्न लाग्छु - यस्तै अनुभूतिका आडभरोसा बटुलेर यहाँ ।

सरस्वतीस्थान केही दशकसम्म वागीश्वरी गाउँबस्तीअन्तर्गत रहेको जान्न पाइयो । सरस्वतीकै कारण गाउँबस्तीको नामै वागीश्वरी गाउँ रहेको रहेछ । अहिले वागीश्वरी र सुँडाल फरक-फरक बस्ती बनिसकिएको यथार्थ छ । यस विभक्त परिवेशलाई समायोजन गर्न नयाँ पहल सुरु भएको रहेछ र

सरस्वतीको मूर्ति स्थापनार्थ नयाँ नेपाली परम्परागत सीप-शैलीमा इँटाको सुन्दर मन्दिर निर्मित छ । साथसाथै ल्हासापाः सरस्वतीको सार्थक नामअनुरूप सिङ्गमरमरकै चार फिट अग्लो वीणा, पुस्तक र रुद्राक्ष माला धारण गरिएकी सुन्दर, आकर्षक प्रतिभा तयार गरी सप्ताह र नवाह पुराण भइसकेको । सप्ताह - नवाह पुराण परिसरमा सुन्दर सरस्वती प्रतिमा पनि देख्दै थाहा पाएँ । सप्ताह - नवाहबाट सङ्कलित कोषद्वारा सरस्वती-सदन-मन्दिर निर्माण र सम्भार हुने गरिने अन्तर योजना रहेछ । आस्थाजनक सामाजिक अभियानले जनसहभागिता जुट्दो रहेछ ।

भरत जङ्गमको पहलमा मूर्ति बनेकोमा प्रतिमा स्थानीय सांस्कृतिक सम्पदामा परिणत हुने सहभागितापूर्ण कार्य लक्षण जुरेछ ।

अब अलिकति मञ्जुश्री र सरस्वती धारणका विवेचना गर्नु वाञ्छनीय लाग्न थाल्छ । चिन्तनको सन्दर्भ चेष्टामा अडिएको हुँदो रैछ । चिन्तन आस्थाको । चेष्टा पक्षधरको । मञ्जुश्री भोत - चिनियाँ पक्षधर चिन्तन र चेष्टाको सरस्वती हिन्दू धर्म र स्थान पक्षधर चिन्तन चेष्टाको । मञ्जुश्री शब्द संस्कृत । सरस्वती पनि उस्तै । दुवै संस्कृत शब्द भएर दुवै शब्दको सामञ्जस्य भावधारा सञ्चार गर्छन् । सरस ± वती Ö सरस्वती । मञ्जु + श्री = मञ्जुश्री । दुवै रसवान् अर्थवाचक शब्द । भोट चीनबाट बौद्ध धर्म नेपाल प्रवेश नगरी नेपालबाट भोट चीन प्रवेश गरेको विश्वजनित जानकारी तथ्य रहेको छ ।

सरस्वती हिमगङ्गा भारतबाट नेपाल प्रवेश नभई नेपालबाट भारत प्रवेश गरेको भूवातावरणीय प्रत्यक्षीकरणका शाश्वत सत्य यिनै आँखादेखि साक्षीको आधारमा भन्न मन पराएँ - नेपाल त भारत-चीनको मिलनस्थल मैत्रीभूमि (त्यसैले हुन सक्छ राजा वीरेन्द्रले एकपटक भनेथे - दायाँ पाखुरीले भारत र बायाँ पाखुरीले महाचीन अँगाल्ने देश रहेको छ नेपाल ।

सोच्तासोच्तै भन्न मन पराएँ – फेरि मञ्जुश्री प्रतिमा संस्थापक त ढोकाटोल, काठमाडौँका स्वर्गीय अक्षनारायण मानन्धर महानुभाव रहेछन् ।

भरत जङ्गमजीलाई म बाल्यकालदेखि नै चिन्दछु । बाल्यकालदेखि उहाँलाई मात्र चिनेको होइन, उहाँको पिताश्री गोविन्दहरि जङ्गमलाई पनि समाजसेवीका रूपमा म मनग्ये चिन्दछु । उहाँले भैरवामृत औषधालय, भक्तपुरमा शैक्षिक उन्नतिका लागि अथक प्रयास गर्नुभएको थियो । त्यस्ता समाजसेवी पिताका पुत्र भरत जङ्गम पिताको वर्चस्वभन्दा अगाडि सबै राष्ट्रको र विश्वकै निमित्त फलदायी बोटविरुवा वन्नुभएको छ । उहाँले भ्रष्टाचारविरोधी आन्दोलनमा पहिलो अग्रगण्य पाइला चाल्नुभएको छ ।

ठाउँमा गएर उहाँले भ्रष्टाचारविरोधी अभियानको चेतना उजागर गर्दै रहनुभएको छ । यो बेलामा आएर उहाँको यी पाइलाहरूले मात्र नेपालमा होइन, अन्तर्राष्ट्रिय जगत्मा पनि वर्चश्वशाली देन भएको छ । यस्ता भधरत जङ्गम चाल्नुभएको महायज्ञलाई मानसिक चिन्तन र प्रज्ञापन यो कलमको माध्यमबाट अभिनन्दन अर्पण गर्ने अवसर पाउँदा स्वनामधन्य बनेको छु ।

(पूर्वप्रकाशित लेखका आधारमा ज्योति जङ्गमबाट सङ्क्षेपीकृत)

●



तेजेश्वरबाबु ग्वङ्ग: प्रशासन सेवामा लामो समयसम्म कार्यरत निबन्धकार हुनुहुन्छ । खौमाटोल भक्तपुरमा जन्मनुभएका उहाँले सांस्कृतिक नेतृत्वशास्त्र विषयमा अमेरिकाबाट स्नातकोत्तर गर्नुभएको छ ।

# वाम चस्माले निष्कपट सक्रियता नियाल्दा

## – नरेन्द्रजङ्ग पिटर

भरत जङ्गमबारे व्यक्तिकेन्द्रित लेखाइ मलाई फलामको चिउरा चपाउनुझैँ भएको छ । त्यो पनि बाँचेर जिँउदो मान्छेको जीवनकृतिका अनेकौँ पाटापक्ष पल्टाउनु चुनौती हो । मान्छेभित्र अनेकौँ मान्छे हुन्छन् । द्रष्टाले कसलाई महत्त्व दिन्छ, उसका आग्रह र मान्यतामा कुन विषयले छुन्छ, त्यसै नजरबाट लेखकीय हैसियतअनुसार व्यक्तित्वको महत्त्व र मूल्याङ्कन गर्छन् । सामाजिक सक्रियतावादी जङ्गमको सक्रियतामा विविधता छ । त्यसैले उहाँ व्यक्ति नभई व्यक्तित्व हुनुहुन्छ । लेखक र व्यक्तित्वबीच जीवन र जगत्प्रति भिन्न सोच एवं सक्रियता, विश्वास, मूल्य, मान्यता, धारणा र अपिल गर्ने शैली नै फरक भएपछि लेखनीको औचित्य, आधार, सन्देश र दायित्वको साङ्गोपाङ्ग के र कसरी मिलाउने ! अत्यन्तै कठिन हुन्छ ।

समस्याबाट लेखक गुज्रिन्छ भने किन व्यक्तिकेन्द्रित लेख्छ ? जब लेखनीको केन्द्रमा व्यक्ति व्यक्ति नभई कहलिएको व्यक्तित्व हुन्छ, तब लेखनी या प्रशंसाको पुल बाँधिएर गुलाम बन्छ, भजन बन्ने गर्छ या आग्रहले सताइएर निन्दाशास्त्रमा फेरिन्छ । दुवै अवस्था प्राज्ञिक कर्ममा पर्दैनन् । झारपात उम्रिएको मस्तिष्कले ठम्याउन पनि सक्तैन ।

अब रह्यो समालोचना । जुन विधामा व्यक्तिको व्यक्तित्व बनेको हुन्छ, समाजले चिन्छ, त्यसबारे लेखकको ज्ञान, सूचना, अभ्यास र मर्म पहिल्याउने हैसियत हुँदैन भने तब समालोचनामा पनि कलम चोप्नुको अर्थ रहँदैन । तब लेख अज्ञानताको पर्चा मात्रै बन्छ । जुन लेखले पाठकलाई सन्देश दिन सक्तैन, व्यक्तित्वको यथोचित शल्यक्रिया गर्न सक्तैन, अवचेतन मनलाई घन ठोक्न सक्तैन, त्यस्तो लेखाइ व्यक्तिलाई दिलखुस पार्ने जयकार प्रशस्ति मात्रै हुन्छ, बन्छ । मान्छे आलोचना होइन, भजन गाएपछि सातपत्रेबाट खितखिताउँछन् । तर शुभचिन्तक र पाठक सहमतिमा हिम्मत र विमतिमा विवेक प्रयोग गरोस् भन्ने अपेक्षा राख्छन् । व्यक्तित्वका दुस्मन र विरोधीहरू भने पात्रलाई नाङ्गेझार पारोस् भन्ने कामना गर्छन् ।

जिन्दगीको उत्तरार्धमा गुज्रिरहेका भरत जङ्गमले पनि सांसारिक जीवनकर्ममा व्यक्तित्व बन्दै जाँदा सबैखाले मित्र, विमित्र र शुभचिन्तक जन्माउनुभयो । उनीहरूले आआफ्नै चस्मा, आग्रह र क्षमताबाट नियालिरहेका,

धारणा बनाइरहेका र व्यवहार गरिरहेका हुन्छन् । लेखकका पनि सीमा, समस्या, सीमितता र पक्षधारिता हुन्छ । लेख्नु पनि छ, ती सबै अवस्था र आरोपबाट पनि मुक्त हुनुछ, तब के गर्ने ! म चार दशकदेखि जङ्गममाला अध्येता भए पनि उहाँबारे गम्भीर समीक्षा लेखन मेरो क्षेत्राधिकारमा पर्दैन ।

तर पनि म जङ्गममार्फत पाठक र समाजसँग लेखद्वारा संवाद भने गर्दैछु । किन मान्छे आफ्नो फोटो बारम्बार हेर्न चाहन्छ ? किन मान्छे आफ्नो चर्चा सुन्न चाहन्छ ? किन प्रशंसामा खुसी हुन्छ र आलोचनामा दुःखी ? किन शक्तिशालीहरू रागदरबारीले घेरिइरहन चाहन्छन् ? सार्वजनिक क्षेत्रका मान्छे ताली र लालीमा रमाउँदा गाली खान किन तयार हुँदैनन् ? किन विद्वान्लाई शासकहरू रुचाउँदैनन् ? विद्वान् र दीक्षित राजा बनाउन हिँडेको प्लेटोले किन दासमन्डीमा बेचिनुपर्छ ? किन राजतन्त्रवादी निकोलाई माइकाभेली राजतन्त्रबाटै कैद पारिन्छन् ? किन एन्टिनियो ग्राम्स्कीको दिमागले २० वर्ष काम गर्न नदिऊँ भनेर जेलमा सडाइन्छ ?

मैले सशरीर नभेटेका भरत जङ्गमलाई पहिलोपटक विश्वका सबभन्दा धेरै अनुवादित नेपाली भाषामा लेखिएको कृति 'कालो सूर्य' मा भेटेँ । त्यस बेला हाम्रो समाजमा इन्टिलेक्चुअल लेभलको कमजोरी चुप-संस्कृति तोडिँदै थियो । युवाहरूमा जोखिम लिँदा आनन्द आउने समय थियो । अहिले उहाँका साहित्यकार, इतिहासकार, संस्कृतिविद्, भ्रष्टाचारविरोधी सक्रियतावादी, पत्रकार, राजतन्त्रवादी राजनीतिक नेता, वरिष्ठ कानुनविद् विभिन्न परिचय छन् । भिन्नाभिन्नै क्षेत्रमा कोसेढुङ्गा गाड्नु पनि भएको छ । ती सबै विषयको गम्भीर पाठक भए पनि सबैमा सहमति म जनाउन सक्तिनँ । तर बोल्ने, गर्ने, हुने र देखिने भिन्नाभिन्नै चरित्रको ठूले संस्कृतिमा उहाँको भूमिकालाई म निःसङ्कोच भन्न सक्छु – निष्कपट सक्रियतावादी ।

●



नरेन्द्रजङ्ग पिटर पत्रकार तथा लेखक हुनुहुन्छ ।

# भरत जङ्गमको छोटो चिनारी

भरत जङ्गमको नाउँ भरतमणि जङ्गम हो । साहित्यिक नाउँ भरत जङ्गम हो । उनले विभिन्न विधामा कलम चलाएका छन् । उनी नेपाली साहित्यका चर्चित व्यक्ति पर्दछन् । उनी साहित्यबाहेक अन्य क्षेत्रमा पनि क्रियाशील रहेका देखिन्छन् । उनी व्यक्ति एक प्रतिभा अनेकका क्रममा प्रस्तुत भएका देखिन्छन् । उनको जन्म नेपाल उपत्यकाको ऐतिहासिक तथा प्राचीन सहर भक्तपुरको टौमढी टोलमा २००४ साल मङ्सिर १० गते पिता गोविन्दहरि जङ्गम र माता इन्द्रकुमारी जङ्गमका पाँच सन्तानमध्ये ज्येष्ठ सन्तानका रूपमा भएको हो । न्वारनको नाम चूडामणि जङ्गम भए पनि उनलाई भरतमणि जङ्गम नामले चिन्छन् भने साहित्य क्षेत्रमा भरत जङ्गम नामले प्रख्यात छन् ।

भरत जङ्गमको अक्षरारम्भ आफ्नै घरमा भएको हो । शिक्षित र सम्पन्न परिवारमा जन्मिएका उनले २००८ सालको श्रीपञ्चमीको दिनदेखि श्रीपद्म हाइस्कुलका अध्यापक पं. यदुनाथ शर्मा आचार्यद्वारा अक्षरारम्भ गरेका हुन् भने अङ्ग्रेजी शिक्षाको प्रारम्भ सोही हाइस्कुलका प्रधानाध्यापक इन्द्रप्रसाद शर्माबाट भएको हो । यी दुवै शिक्षक बिहान २ घन्टा आएर पढाउने गर्दथे । उनको विद्यालयीय शिक्षा भक्तपुरको विद्यार्थी निकेतनबाट प्रारम्भ भएको हो । उनले २००९ सालमा भर्ना भएर प्राथमिक शिक्षा लिएका हुन् । उनले काठमाडौँ, त्यसपछि पद्म हाइस्कुल भक्तपुरमा कक्षा ५ मा भर्ना भएर ९ कक्षासम्म अध्ययन गरी र १० कक्षाको अध्ययनका लागि काठमाडौँ दरबार हाइस्कुलमा भर्ना भए । उनले त्यहाँबाट २०२१ सालमा तृतीय श्रेणीमा प्रवेशिका उत्तीर्ण गरे । उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गत तत्कालीन नेसनल कलेज (हाल शङ्करदेव क्याम्पस) मा कला विषयमा भर्ना भई उनले २०२४ सालमा आईए र २०२६ सालमा बीए उत्तीर्ण गरे ।

भरत जङ्गमको सानै उमेरमा आफ्नै निवासमा परम्पराअनुसार व्रतबन्ध भयो । उनको विवाह २८ वर्षमा २०३२ सालमा काठमाडौँ डिल्लीबजार निवासी यज्ञबहादुर केसी र अम्बिका केसीकी ज्येष्ठ सुपुत्री इन्दिरा केसीसँग भयो । पद्मकन्या कलेजबाट बीए अध्ययन गरेकी इन्दिरासँग उनले दाम्पत्य जीवन सुखमय ढङ्गमा व्यतीत गरेका छन् । उनीहरूका एक छोरी र एक छोरा छन् । दुवैको विवाह भइसकेको छ । उनी काठमाडौँको नयाँ बानेश्वरमा श्रीमती, अनुपमणि, बुहारी निशा र दुई नातिसँग जीवन बिताइरहेका छन् । 'जङ्गम निवास' मा बसोबास गरिरहेका उनी जीवनबाट सन्तुष्ट छन् ।

बाबुबाजेको समयदेखि नै भरत जङ्गमको आर्थिक अवस्था राम्रै रहेको छ । उनको नयाँ बानेश्वरमा रहेको घरजग्गा २०१४ सालमा लिएको हो । उक्त स्थानमा तीनतले पक्की घरका सबै तल्ला आफ्नै परिवारले प्रयोग गरेको देखिन्छ । उनले आजसम्म कुनै किसिमको विपन्नता झेल्नुपरेको छैन । उनको रुचि खेल, भ्रमण, राजनीति, साहित्य, सङ्गीत, भजन-कीर्तन र अध्ययन-चिन्तनमा रहेको छ । अध्ययन, लेखन, चिन्तनमा उनको बढी झुकाव छ । काव्य बढी मन पर्ने भए पनि लेखनमा उनी उपन्यास विधातिर अग्रसर देखिन्छन् र रुचि पनि त्यसमा बढी भएको पाइन्छ । उनी सर्ट-पाइन्ट, दौरा-सुरुवाल र टोपी लगाउन मन पराउने, शरीरमा सुहाउँदो सफा पहिरनमा सजिसजाउ हुने, दिनहुँ दारीजुँगा काट्ने गर्दछन् । शाकाहारी भोजन गर्न मन पराउने उनको खानामा दाल, भात, दही, दूध, तर्कारी, रोटी, चिया पर्दछन् । उनले चुरोट, बिँडी, खैनी लिने गरेको देखिँदैन ।

भरत जङ्गम शारीरिक रूपमा मझौला कदका देखिन्छन् भने ५ फिट ६ इन्च अग्लो लगभग ७५ केजी वजन भएका उनी खाइलाग्दो शरीर भएका, ओजमय एवं प्रभावशाली व्यक्तित्वका धनी छन् । चिल्लो र हँसिलो अनुहार, मोटो गम्म परेको शरीर, तेजस्वी आँखा र गहुँगोरो रङ्गले चमक र आकर्षण थपेको छ । व्यवहारमा सरलता र आडम्बरहीनताले गर्दा हरेक उमेर र वर्गका मानिससँग उनको राम्रो सम्बन्ध छ । उनी आफ्नो घरमा प्रवेश गरेको मान्छेको कल्याण होस् भन्ने चाहना राख्छन् । उनी सबै वर्ग र उमेरका मानिससँग उचित एवं सम्मानजनक व्यवहार गर्दछन् । उनी सकेसम्म सबैलाई सहयोग गर्न तत्पर रहन्छन् । उनी सधैँ आफूलाई सत्मार्गमा प्रवृत्त गराउन चाहन्छन् । असत मार्ग अपनाउँदा कहिल्यै भगवान्ले क्षमा गर्दैनन् भन्ने उनको मान्यता छ । धर्मसंस्कृतिपट्टि उनी निरन्तर लागिरहन्छन् । जनमानसमा घुलमिल हुने, रेडियो सुन्ने, टेलिभिजन हेर्न मन पराउने उनी समाज, घरपरिवार, छिमेकमा कसैले मर्यादा उल्लङ्घन गरेमा सम्वेदनशील देखिन्छन् र अनुकूल समयमा सम्झाउने गर्दछन् । उनी राजनीतिक क्षेत्रमा प्रजातान्त्रिक लोकतन्त्रबाट प्रभावित र व्यक्तिगत जीवनमा हिन्दूधर्ममा आधारित आध्यात्मिक दर्शनबाट प्रभावित छन् ।

भरत जङ्गमले विभिन्न साहित्यिक, राजनीतिक, सामाजिक, आध्यात्मिक सङ्घसंस्थाहरूमा संलग्न भएर विभिन्न कार्यहरू गरेका छन् । विभिन्न सङ्घसंस्थाहरूमा उनको संलग्नता छ । उनी २०१५ सालदेखि शैक्षिक-सामाजिक क्षेत्रमा संलग्न भएका हुन् । उनी भ्रष्टाचारविरोधी अभियन्ता हुन् ।

भरत जङ्गमले विभिन्न देशको भ्रमण गरेको देखिन्छ । उनले भारत, चीन, पाकिस्तान, तिब्बत, कोरिया, जापान, भुटान, ताइवान, इन्डोनेसिया,

श्रीलङ्का, थाइल्यान्ड, हङकङ, भियतनाम, सिङ्गापुर, मलेसिया, अरब, संयुक्त अरब इमिरेटस, इरान, कुवेत, टर्की, युक्रेन, रुस, बेलारुस, स्विटजरल्यान्ड, ग्रीस, चेकोस्लोभाकिया, जर्मनी, इटाली, अस्ट्रिया, फ्रान्स, पोल्यान्ड, बेल्जियम, बेलायत, स्पेन, नेदरल्यान्ड, न्युजिल्यान्ड, अस्ट्रेलिया, मेक्सिको, क्यानडा, अमेरिका आदि भ्रमण गरिसकेका छन् । व्यापारका सिलसिलामा उनले भारत, चीन, रुस, युक्रेन, संयुक्त राज्य अमेरिकामा भने पटकपटक निकै लामो समयसम्म अस्थायी रूपमा बसोबास गरेको देखिन्छ ।

भरत जङ्गमको पहिलो उपन्यास 'कालो सूर्य' ले साहित्यको फाँटमा उनलाई स्थापित गराएको देखिन्छ । यो उपन्यास दि ब्ल्याक सन, काला सूरज, हाइ थयाङगचार्ने सोन्स, कुराजी ताइयो, कालो सुरज, कालो खुरज, काला सुरज, कालाको कारि सुरज, हाकुम्ह सर्द्य, कप्पु सुय, कालो सुर्ज्य गरी विश्वका १४ भाषामा अनूदित हुनुले उनको विश्वव्यापी सम्मान भएको देखिन्छ । उनलाई वरिष्ठ उपन्यासकारको सम्मान पनि प्रदान गरेको देखिन्छ ।

भरत जङ्गम साहित्यमा स्रष्टा व्यक्तित्व हुन् । नेपाली साहित्यका विविध विधामा कलम चलाएर उनले नेपाली साहित्यलाई धनी बनाउन सहयोग पुऱ्याएका छन् । नेपाली साहित्यमा उनको कलम सर्वप्रथम गद्यतर्फ उन्मुख भएको थियो, तर त्यसले कृतिको रूप प्राप्त गर्न सकेन । केही मात्र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएर देखापरे । उनका केही कविताहरू हस्तलिखित रूपमा मात्र फेला परेका छन् । तर गद्य विधामा उनको गहकिलो कलम चलेको छ र अहिलेसम्म उनले चार उपन्यास, दुई प्रबन्धसङ्ग्रह, गीत तथा मुक्तकसङ्ग्रह, कवितासङ्गह प्रकाशित गरे । २०१८ सालदेखि साहित्य-सृजनाको थालनी गरेर २०३६ सालदेखि साहित्यकारका रूपमा देखापरेका उनी केही वर्षमै वरिष्ठ साहित्यकारका रूपमा चिनिन पुगेका हुन् ।

भरत जङ्गम पत्रकारितामा संलग्न थिए । पत्रकारिता कार्य रहँदा उनले आफ्नो समाजमा घटेका विभिन्न प्रकारका बेथिति, भ्रष्टाचार, शोषण र कर्मचारीहरूको लापर्वाही देखेका थिए । तिनै घटना र कार्यबाट प्रभावित भएर उनी साहित्य-सिर्जनातर्फ प्रेरित भएका हुन् । समाचारपत्रहरूमा मात्र समाजमा भएका भ्रष्टाचारलाई देखाउँदा उति प्रभावशाली नहुने र क्षणस्थायी हुने भएकाले त्यसलाई साहित्यिक कृतिका रूपमा औँल्याउँदा बढी प्रभावशाली र चिरस्थायी हुने देखेर उनी साहित्य-सिर्जनातर्फ प्रेरित भएका हुन् । नेपाली साहित्यको उपासना गर्ने क्रममा जङ्गम सिर्जनातिर केन्द्रित भएका पाइन्छन् । समाजमा प्रतिदिन घटेका घटना, समाजमा आएका चुनौती र समस्यालाई प्रत्यक्ष भोगेसरि अभिव्यक्ति दिन उनी सफल छन् ।

२०३६ सालमा 'कालो सूर्य' उपन्यास लेखेर आधुनिक नेपाली उपन्यासका क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका भरत जङ्गमको साहित्यिक यात्रा कविता-लेखनबाट सुरु भएको भए तापनि प्रकाशनमा उपन्यास पहिलो हो । उनले अहिलेसम्म सामाजिक पृष्ठभूमिमा अडिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका विभिन्न किसिमका बेथिति, विसङ्गति, भ्रष्टाचार, अनाचार, दुराचार आदिलाई विषयवस्तु बनाई सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण गरेर उपन्यास तयार पारेका छन् । उनको 'कालो सूर्य' (२०३६), 'व्यूहचक्र' (२०४१), 'रातो घाम' (२०५०) र 'ख्वपदेश' (२०६६) चार उपन्यासहरू प्रकाशित भएका छन् । 'कालो सूर्य' र 'व्यूहचक्र' मा तत्कालीन समयमा नेपालमा मौलाउँदै आएका पापाचार, दुराचार, नातावाद, अन्याय, अत्याचार, व्यक्तिगत स्वार्थ, भ्रष्टाचारजस्ता सामाजिक विकृतिको उद्घाटन गरिएको पाइन्छ । 'रातो घाम' कम्युनिस्ट चरित्रको र 'ख्वपदेश' उपन्यास नेवार जातिको संस्कृति र इतिहासको दस्तावेजमा आधारित उपन्यास हो । उनका 'निर्बन्ध बन्धन' कथासङ्ग्रह तथा 'भ्रष्टाचार वैचारिक आन्दोलन' र 'नेपालको इतिहासमा रहेका भ्रम तथा निराकरण' लेखसङ्ग्रह पनि छन् ।

भरत जङ्गमको कवितासङ्ग्रह 'छचल्किएका लहरहरू' मा समाज सुधारको चाहना भेटिन्छ । उनका कविता अन्त्यानुप्रास र अन्तरअनुप्रासको निर्वाह भएको हुनाले लयात्मक छन् । देशप्रेम, मानवतावादी दृष्टिकोण, नैतिक सन्देश, भ्रष्टाचार निर्मूल भएको राज्य, आदर्श शिक्षाको मोह, वीरहरूको भावना तथा युगीन परिवेशमा देखापरेका विकृति-विसङ्गतिको चित्रण उनका कवितामा भेटिन्छ । प्रतीक र बिम्बको प्रयोग उनका विशेषता हुन् । उनको गीतसङ्ग्रह 'छचल्किएको रहर' २०६५ सालमा प्रकाशित छ । गीत तथा मुक्तकको यस सङ्ग्रहमा प्रेमवासनामुक्त अत्यन्त हृदयस्पर्शी गीतहरू छन् । केही गीतले सङ्गीत पाएका छन् भने धेरै गीतहरू सङ्गीतभित्र पस्न सक्षम देखिन्छन् । मुक्तक पनि चोटिला र शिक्षाप्रद छन् ।

भरत जङ्गमको २०४९ सालमा 'पचास प्रसङ्ग' प्रबन्धसङ्ग्रह प्रकाशित भएको छ । उनको पहिलो निबन्ध 'नेपाल र नेपाली' शीर्षकमा 'चौतारी' पत्रिकामा अमेरिकाबाट प्रकाशित भएको थियो । उनले २०३१ सालमा गुठी संस्थानद्वारा प्रकाशित 'धर्मदर्शन' अनुसन्धानप्रधान त्रैमासिक पत्रिकाको सम्पादन गरेका थिए । उनले २०४७ देखि २०५० सालसम्म समाचारमूलक साप्ताहिक 'नेपाली आवाज' पत्रिकाको पनि सम्पादन गरेका छन् । उनले भक्तपुरका विभिन्न स्कुलहरूमा आर्थिक रूपले कमजोर तथा जेहनदार छात्रछात्रालाई छात्रावृत्तिको व्यवस्था गरिदिएका छन्, जसबाट धेरै विद्यार्थीले उच्च शिक्षा हासिल गरेका छन् । उनले २०३७-३८ सालतिर राजदरबारको

जाँचबुझ केन्द्रमा विशेष अधिकृतका रूपमा सेवा गरेका थिए । उनी २०४३ सालमा साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड सञ्चालक बने । २०५९ साल माघदेखि २०६० वैशाखसम्म बागमती तथा नारायणी अञ्चलको दौडाहा टोलीका अध्यक्ष भए । त्यस समयमा राष्ट्रिय पोसाक दौरा, सुरुवाल र टोपीको ठूलो प्रचार भई राष्ट्रियताको नारा घन्किएको थियो ।

भरत जङ्गमले ठेक्कापट्टाबाट व्यवसाय सुरु गरी पछि आयात-निर्यातको व्यवसाय गर्न थाले । उनी विभिन्न धार्मिक सङ्घ-संस्थामा सक्रिय देखिन्छन् । २०६३ सालको नेपालको अन्तरिम संविधानमा नेपाललाई धर्मनिरपेक्ष घोषित गरेपछि हिन्दुत्वको संरक्षण र सम्वर्द्धनमा लागिपरेका छन् । उनको मातृभाषा नेपाली हो । उनलाई नेवारी, हिन्दी र अङ्ग्रेजी भाषाको पनि ज्ञान छ । उनी प्रजातन्त्रवादी राजनीतिक विचारधारा भएका व्यक्ति हुन् । उनले २०५२ सालमा 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' पुस्तक लेखेका छन् । २०२७ सालदेखि गोरखापत्र दैनिक तथा जागृति, मातृभूमि, चर्चा र समीक्षा पत्रिकाहरूमा लेखरचना प्रकाशित गर्दै पत्रकारिता पेसा आरम्भ गरेका भरत जङ्गमले पाठकदेखि लिएर स्तम्भकार, सम्पादक र प्रकाशनसम्मको अनुभव, जिम्मेवारी र दायित्वबोध गरेका छन् ।

२०२७ सालदेखि भरत जङ्गम भ्रष्टाचारविरोधी कार्यमा क्रियाशील छन् । भ्रष्टाचारविरुद्धको राष्ट्रिय अभियान सञ्चालन गरी नेपालका सबै जिल्लामा पुगेका उनले सांसदले पेन्सन खाने कानुनी प्रावधानको अन्त, पदाधिकारीले सरकारको पक्षबाट दोहोरो सुविधा लिन नहुने व्यवस्था, निर्वाचन क्षेत्र विकासकोष खर्चमा कटौती, गुठी जग्गाको व्यवस्था र भूतपूर्व पदाधिकारीले लिएको सुविधा कटौती गराए । उनले २०७३ सालमा भ्रष्टाचारविरोधी शास्त्र अर्थात् भ्रष्टाचारविरुद्धको विज्ञान विश्वप्राज्ञिक समाजमा प्रस्तुत गरे ।

भरत जङ्गम मोती महोत्सव र हीरक महोत्सव जनस्तरबाट सार्वजनिक रूपमा मनाएर अभिनन्दन ग्रहण गर्ने, जीवनकालमा आफ्ना विषयमा लेखिएका तीनवटा महाकाव्य पढ्न पाउने र पूर्वमन्त्रीबाट विद्यावारिधिका लागि गरिएको शोधका प्रमुख पात्र बन्ने एक मात्र नेपाली हुन् ।

•

# Bharat Jangam and Anti-Corruption Mission

**- Pancha Kumari Manandhar**

The name Bharat Jangam was very familiar name to me since 1990's. But it became a kind of a imprint in my mind. In the past, I was a regular viewer of the program 'Kalo Surya' which used to be aired in one of the Nepalese television channel every week.

In that regular weekly aired program, he was the presenter of the 'Kalo Surya' synonym to corruption in his words. Although he is also known by the people as journalist, novelist, social activist, political analyst and senior advocate. But to me he is the person who really dared to raise the issue of corruption in Nepal.

As we all know, Corruption is the cancer of the society. In Nepal corruption affected every citizens life. In simple terms people in public / government offices misuse the powers and position for their personal benefits in my definition it is corruption.

This will have long range effects on the country breaking all the rules and regulations. Eventually it will take away the benefits and the opportunities to the common citizens which will push people to poverty. This is because of exploitation of money and resources with the effect of the denial of minimum basic services (Health services and other social services) to the country people. This is present situation of Nepal.

As we all knew, presently newly published Transparency International report, Nepal's position is at highly corrupted country lists. In this report it was mentioned people in high offices with power and positions at top level are involved

corruption issues and identified as they were misusing their powers and positions and taking personal benefits. Of course I do not want to go into detail in this report but all Nepalese are ashamed of this situation prevailing in our country Nepal. We are the citizens of lawless ness country. The constitution of Nepal has given us rights to speak against the dishonest people and leaders who are occupying high positions with full powers but we are helpless we cannot remove them from offices on the charges of corruption that is why corruption level is in higher trend. I guess this is because of lack of awareness and education and the poverty among common people. They are bound to sell their votes with money at the time of election of political leaders and officials. This is the malpractice in our system. Thus, the same dishonest people come to the power again and again just like 'Old wine in new bottle' so called new faces will be the same corrupt people coming back again with the power of money. There is hue and cry in the country. We have been hearing this problem of corruption issues exist in other countries as well in the world like; China, Japan, India, America etc. The level of corruption and the money and resources involved are different in volume and same thing punishment differs according to the law of the land.

Here I am not trying to empty the lists of the corruption issues and the ways to halt or curve down.

Talking about the corruption I wanted to highlight the person so called Anti-corruption activist Bharat Jangam and his mission of anti-corruption. Bharat Jangam tried to raise the curtain of the existing corruption in the country and raise the voice of the corruption and deal with the problems. He tried very hard to bring awareness among people by his different dedicated activities like: talk shows in television, interviews through different medias. He is the daring personality and brave to speak out on the issues of corruption and different scandals of the nation. He tried to expose dishonest corrupted people in the public offices and recommended concerned

agencies to bring in the court for appropriate actions. I myself am really inspired by his dedication towards anti-corruption missions.

He is taking this anti-corruption mission not only in Nepal, I came to know, in 2017-2018 he was able to voice this issue in the academic world of the different countries and was able to be identified himself as the 'Creator' of the anti-corruption movement. Not only that even he has coined the word 'Anti-corruptology – the science of anti-corruption' first time in the history of corruption.

The proof of this in the library of congress in New York in USA. This is a pride for Nepal, Bharat Jangam brought for us. We all should feel proud of his contribution.

Here in Nepal, at Tribhuvan University he was successful to start the anti-corruption academic courses for the students and scholars of master and PhD level. I guess the course started around 2014. I hope this will help to educate our students and future stars and to curve down ailing corruption problems in the country. This will help country to go ahead with development. About his mission on anti-corruption, I may go on adding lists of his contributions and dedications but I still need to mention in addition to what I wrote above, he was also known as the novelist. In past, he wrote the novel with the title 'Black Sun' was translated in many different languages of different countries of the world. The novel was well taken by people as eye-opener on corruption issues creating awareness.

Besides these, to list few other significant activities he has contributed as a senior advocate during 2001-2002, he had advocated many cases in the court and succeeded to get verdict and the stay orders. He has been successful to stop the pension to be given to the Ex-parliamentarians and politicians who hold the government positions once in their lives. This was the bill passed in the parliament and about to deliver pensions. He stopped this pension scheme totally in the country. By this

action the country's huge amount of the budget (several millions of rupees every year to be paid) was saved. This is his big contribution to the country which one should not forget and undermine his action as the good citizen of Nepal.

In conclusion, I can go on and on but I want to stop here appreciating all his efforts. I want to add a sentence here as a person I know, his very warm and friendly attitude person, I have to express my gratitude and thank for the opportunity by the concerned agency for letting me to express my views about this great multi-disciplinary personality Bharat Jangam. I pray to god for his healthy, successful and prosperous life in future, and may god be with him to be successful with the flying colours in the world on his ever ending anti-corruption mission.

●



Pancha Kumari Manandhar is an Economist, Health planner and Lawyer.

# Dedicated to a True Anti-Corruption Activists

## - Dr. Rabin Acharya

One fine early office hour, I received a call from an unknown caller. I was bit reluctant to answer it; however, I thought there may be something important or urgent either for caller or receiver or for both of them.

Hesitantly, I picked-up the call, the caller's voice was not familiar to me. Nevertheless he introduced himself in such a manner that I felt as if the person is known to me for ages. The person on the other side of the mobile communication was none-other-than Bharat Jangam.

Though we had not met each other before, nonetheless through common friends and well-wisher were to some extent connected by our common values. He congratulated me as well as requested to commit for something novel and great. It was the development a Masters Level Course in Governance and Anti-Corruption for the Tribhuvan University. In fact, academic program planned to launch was the world's first such program being offered.

It was only a few months ago, I was nominated by the University to contribute to develop the program as a member of course committee. Still, on offer to collaboration and friendship a 'renowned and well reputed long serving activist of Anticorruption' was an incentive for me to expedite the process.

With enthusiasm to contribute for a cause, I fixed a first meeting with him for the very next date. On the first face-to-face meeting with his insightful and very humble down-to-earth approach, I passionately decided to collaborate for Anti-

Corruption movement in an individual capacity. Undoubtedly, his way of giving me space created an atmosphere of high mutual respectand joint commitment towards i.e. Anti-Corruption. As our motives toward initiative towards establishment of governance and anticorruption studies, research and discourses synthesised nicely, we began to be motivated from the moment.

During the process of developing program and curriculum for various Universities, we worked very closely. I could feel him entering into a persona of a servant leader and me as a technocrat in the process of connecting puzzles of Concept, Philosophy, Principles, Practices of Governance and Anti-Corruption. We had lot of functional and positive conflicts, which was triggered due to generation difference, however our motives were constructive. I could also feel the sense of humility in him, which is found in the level five level leadership.

We together with other team members drafted and designed courses for all most all Nepalese Universities, with very intention to launch the course at the earliest and produce required skill manpower to address issues of corruption. Our very motive then, now always has been will remain a ‘Well Governed Nepal’ and every individual putting national interest at above personal.

In the process of crafting the course, I was always accompanied by my old time well-wisher and senior Bal Bahadur Bhandari. Bhandari and I went door to door of various subject matter researchers, academicians, practitioner, activists, and enthusiast to accumulate information regarding various subjects in developing the courses. We very closely worked together, in such a manner feeling it is an urgent and significant mission, this was well webbed by the motivator, dear Bharat Jangam.

With excellent rapport, common enemy to combat for the, poor governance and corruption, we developed an excellent bond among ourselves. We can always trust, to defeat common enemy poor governance and corruption. In all odd and difficult situations, Bharat Jangam stood and inspire us, reminding, 'it is our duty as a good citizen to contribute for novel cause'. We are working together for a common cause and would see our bond for a long time.

Happy Birthday dear Bharat Jangam, we have worked together for many more years. Wish you an excellent health, tons and tons of happiness.

●



Dr. Rabin Acharya is an Specialist of Anti-corruption Studies.

# भरत जङ्गमका विषयमा नीलकण्ठ भट्टराईद्वारा लिखित 'भरतांशु' महाकाव्यको प्रथम आवरण



# 'भरतांशु' महाकाव्य
## क्यूआर कोड स्क्यान गरेर पनि सुन्न सकिन्छ

| | | | |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ५ | ६ | ७ | ८ |
| ९ | १० | ११ | १२ |
| १३ | १४ | १५ | १६ |
| १७ | १८ | १९ | २० |

## भरत जङ्गमका विषयमा मनिराज जोशीद्वारा लिखित 'भरत' महाकाव्यको प्रथम आवरण



# 'भरत' महाकाव्य
## क्यूआर कोड स्क्यान गरेर पनि सुन्न सकिन्छ

१ २ ३

४ ५ ६

७ ८ ९

१० ११ १२

१३ १४ १५

## ---------- यस ग्रन्थका सम्पादक हरि मञ्जुश्रीको अक्षरचित्र

- नाम : हरि मञ्जुश्री
- जन्म : २०१६ साल असोज ५ गते गढीगाउँ, दिङ्ला, भोजपुर
- बसोवास : अक्षरधाम, गौतममार्ग, बनेपा – ७, काभ्रे
- सेवा : लेखन-सम्पादन र भाषिक शुद्धीकरण
- कार्यस्थल : शब्दयात्रा प्रकाशन, बनेपा, काभ्रे र काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे
- विधा : कविता, आख्यान, निबन्ध, अनुसन्धान, जीवनी, सम्पादन र नेपाली भाषा
- प्रकाशित कृतिहरू : मौलिक ३२, सम्पादित ९९, अनूदित १ गरी कूल १३२
- सम्पादित पत्रपत्रिकाहरू : विशेषाङ्क २, स्मारिका तथा मुखपत्र १०, साहित्यिक पत्रिका ५, साप्ताहिक पत्रिका २ र मासिक पत्रिका ६ गरी कूल २५ वटा
- साधना : ६ पुस्तासम्मले पुस्तक लेखेको अधिकारी परिवार । पहिलोपटक शैक्षिक संस्था खोली त्यसलाई जग्गा दान गरेको वंश । २०४० सालदेखि लेखन, सम्पादन, प्रकाशन, कार्यक्रम सञ्चालन आदिमा संलग्न । करिब १५०० फुटकर रचनाहरू प्रकाशित । करिब २०० पुस्तकमा प्रकाशकीय र करिब १५० पुस्तकमा मन्तव्य लेखेको । टेलिचलचित्र 'मास्टरजीको सपना' को कथाकार । तीनवटा रेडियो नाटक प्रसारित । धेरैपटक नेपाली भाषाशिविरको सञ्चालन गरी प्रशिक्षण दिएको । पूर्णकालीन अक्षरसेवी ।
- उपाधि तथा मोती महोत्सव : 'साहित्यकार तथा भाषासेवी हरि मञ्जुश्री मोती महोत्सव समारोह समिति' ले सार्वजनिक रूपमा ६० औं वर्षलाई मोती महोत्सव मनाएको । त्यस बखत 'शब्दसारथि' उपाधि, त्यसको प्रमाणपत्र र प्रतीकचिह्न तथा ६ फिट अग्लो ताम्रपत्र प्रदान गरिएको । त्यसै समारोहमा ६० संस्थाले सम्मानपत्र र काभ्रेपलान्चोक जिल्लावासी ३ सयजनाले हस्ताक्षर गरी छुट्टै अभिनन्दनपत्र प्रदान गरेका । 'शब्दकलाका नायक' नामक ६५० पृष्ठको हरि मञ्जुश्री सम्मानग्रन्थ त्यसै दिन सार्वजनिक भएको ।
- पुरस्कार तथा सम्मान : पुरस्कारतर्फ – (१) बद्रीविक्रम स्तृति पुरस्कार (२) गोपाल पाँडे असीम पुरस्कार, (३) सिद्धिराज विद्याकुमारी डेबकुमारी शैक्षिक पुरस्कार, (४) सीता राणा प्रतिभा पुरस्कार, (५) ज्योति उत्कृष्ट स्रष्टा पुरस्कार, (६) मुक्तिमार्ग दर्शन पुरस्कार, (७) जवाहर ग्रन्थसम्पादन पुरस्कार, (८) भूपालमानसिंह कार्की युवा साहित्य पुरस्कार, (९) भानु कविता-उत्सव पुरस्कार । सम्मानतर्फ – (१) राष्ट्रिय स्वाभिमान जागरण सम्मान, (२) कुलचन्द्र कोइराला समाजसेवा सम्मान, (३) सिम्पल सम्मान, (४) निष्कलङ्केश्वर सम्मान, (५) साहित्य सञ्जाल सम्मान, (६) ॐकारसम्मान, (७) राष्ट्रिय व्यक्तित्व सम्मान, (८) रोसी राष्ट्रिय सम्मान, (९) साजामञ्च सम्मान, (१०) मध्यमार्ग साधना सम्मान, (११) सुनकोसी साहित्य सृजना-सम्मान, (१२) स्वतन्त्र विचार मञ्च सम्मान, (१३) कुलचन्द्र सम्मान, (१४) प्राकृतिक स्वास्थ्य सम्मान
- हरि मञ्जुश्री बारेको प्रकाशन : (१) शब्दकलाका नायक, (२) नानीबाबुको शल्यक्रिया, (३) श्रीमतीको मूल्याङ्कनमा हरि मञ्जुश्री, (४) मञ्जुश्री मन्थन, (५) अक्षरसेवी अक्षर, (६) मनमनका मञ्जुश्री, (७) मञ्जुश्री, (८) 'जनमत' र 'मध्यदीप' पत्रिकामा विशेषाङ्क
- त्रि. वि. ले स्नातकोत्तर तहका विद्यार्थीबाट गराएका शोधपत्रहरू : १२ वटा
- विशेष : (१) नेपालमै पहिलोपटक एकल पुस्तक प्रदर्शनी गरेको, (२) शब्दयात्रा प्रकाशनको संस्थापक अध्यक्ष ।